शाहकालीन कला र वास्तुकला

डा. जगदीशचन्द्र रेग्मी

शाहकालीन कला र वास्तुकला

डा० जगदीशचन्द्र रेग्मी

शाहकालीन कला र वास्तुकला

(ई० १५५९-१९७४)

[संस्कृतिका अन्य पक्षहरूको विश्लेषणसहित]

साझा प्रकाशन

प्रकाशक: साझा प्रकाशन, काठमाडौ

प्रथम संस्करण : २०३३ ११०० प्रति

द्वितीय संस्करण: २०५० ११०० प्रति
मूल्य: रु० १७६:-
मुद्रक: आवर्त प्रेस, कालीमाटी, काठमाडौं ।

प्रकाशकीय

परस्परको सम्पर्क, संसर्ग र प्रभावमा अन्तरावलम्बित संस्कृति कालान्तरमा समाजको विशिष्ट चिह्नारी भई राष्ट्रमा समाहित हुन्छ । सांस्कृतिक निरवच्छिन्नतामा प्रवाहित र समन्वयमा आबद्ध नेपाली समाज सभ्यताको दृष्टान्त नै हो । नेपाली कला, वास्तुकला यसै परम्पराका सृजनात्मक अभिव्यक्ति हुन् जो राष्ट्रिय गौरव र कीर्ति भएर जीवित छन् । तर नेपाली कला, इतिहास र संस्कृतिको अध्ययन–अनुसन्धान, यिनीहरूको विवेचना–विश्लेषण तथा इतिहास लेख्ने काम भने उतिसारो हुनसकेन । जे जति लेखिए प्रायः, विदेशी विद्वान्हरूबाट मात्र । सात साल अघि नेपाली विद्वान्हरूलाई यस्ता ऐतिहासिक सामग्रीहरूको अध्ययन गर्ने अवसर तथा सुविधा प्राप्त नभएकोले नेपालीहरूबाट तत्सम्बन्धी अध्ययन, खोजी र इतिहास लेख्ने काम सम्भव भएन । फलस्वरूप नेपाली इतिहास, कला, संस्कृति आदिको सही रूप जनसमक्ष प्रकाशनमा आउन सकेन । हामी त्यसबाट परिचित हुन पाएनौं ।

हाल यस फाँटमा देखिएको अभिरुचि प्रशंसनीय छ । पहिलेका ती बन्देजहरू र असुविधाहरू नरहेकाले व्यक्तिगत रूपमै पनि नेपाली विद्वान्हरू यस काममा अग्रसर हुन सकिरहेका छन् । यस दिशातर्फ प्रोत्साहित गर्ने र कार्यरत संस्थाहरू छन् । यत्रतत्र छरिएका अथवा भूमिसात् ऐतिहासिक सामग्रीहरू र पुरातात्त्विक महत्त्वका वस्तुहरू प्रकाशमा आइरहेका छन्, संकलित भइरहेका छन् । यसबाट इतिहास, संस्कृति, कला, साहित्यमा नयाँ-नयाँ

तथ्य फेलापरेर राष्ट्रिय जन-जीवनको आधार अझ फराकिलो हुनसक्छ नभन्न सक्तैनौं ।

प्रस्तुत ग्रन्थ नेपाली कला, वास्तुकलाको शुरुदेखिको क्रमिक विकासको इतिहास होइन । नेपालको लिच्छविकालदेखि प्रयोग हुँदै आएको कला, वास्तुकलाको ऐतिहासिक पृष्ठभूमिमा शाहकालीन कलाका उपलब्धि र तिनका गतिविधिहरूको मात्र तुलनात्मक विवेचना हो । तसर्थ यो सन् १५५९ देखि सन् १९७५ सम्मको कालावधिको इतिहास हो–गोरखामा शाह-राज्य स्थापना भएदेखिको गतिविधिहरूको तुलनात्मक अध्ययन । यसको काल-क्रम अन्तर्गत पर्ने पुरातात्त्विक अन्वेषणका विवरण तथा कतिपय महत्त्वपूर्ण ऐतिहासिक सामग्रीहरू पनि समावेश भइदिनाले सम्बद्ध विषयका विद्यार्थी र खोजीनीति गर्नेहरूलाई समेत उपयोगी हुनेछ भन्ने ठानेका छौं ।

कला-चर्चा व्यापक अर्थमा मनुष्यको सुरुचि र सुसंस्कारको इतिहास पनि हुने हुँदा यहाँ पनि कलाको सन्दर्भमा संस्कृतिका अरू फाँटको समष्टिगत विमर्श भएको छ । अतः मात्र कलाको इतिहास नभनी यसलाई संस्कृतिको फाँटमा त्यस समयसम्मको प्रयासको एक सुसंगठित स्वरूप भन्नुपर्छ ।

डा० जगदीशचन्द्र रेग्मी इतिहासकारमात्र होइनन्, कला अन्वेषक पनि हुन्, पुरातत्त्वविद् पनि र भाषा-साहित्यका मर्मज्ञ पनि–यसरी विविध विषयका ज्ञाता विद्वान्बाट लेखिएको संस्कृतिका महत्तम वस्तुको ग्रन्थ निश्चय नै गहकिलो र आधिकारिक हुन्छ भन्ने विश्वास लिएका छौं । अतः **शाहकालीन कला र वास्तुकला**का लेखकलाई धन्यवाद दिँदै यो क्रम कायम नै रहनेछ भन्ने आशा गर्नु अन्यथा नहोला ।

वैशाख २०३३ **– साझा प्रकाशन**

भूमिका

अण्डै चार वर्ष जति अघि प्रस्तुत पुस्तकको लेखन- योजना बन्यो अचम्मसित । सामग्रीहरूको संग्रह बिस्तारै-बिस्तारै हुँदै थियो तर कम्मर कसिएको भने थिएन । गत एकतीस सालका ५–६ महीनामा कम्मर कस्न पुगियो र लेखियो । आज बत्तीस सालको माघ महीनामा यसको प्रकाशनको निधो लागेको छ । उक्त चार वर्षको अवधिमध्ये अघिल्ला तीन वर्ष मान्छे चिन्दैमा बित्न गएछन् । किताब तयार भैसकेपछि पनि प्रकाशनको कुरामा रमाइला तर मामुली बरु हास्यजनक केही घटना घटे जुन हास्यरसको आस्वादनबाट पाठकहरूलाई वञ्चितै गराउँछु । अब त टुङ्गो लागेको छ यसको प्रकाशनको । यो किताब छाप्ने निधो गरेर **साझा प्रकाशन**ले मलाई, किताबलाई वा अरू कसलाई गुन लगायो भन्ने कुराको जवाफ मसँग छैन । जुन रूपमा भए पनि **साझा**को यो हिम्मत तारीफलायक छ ।

यस पुस्तकमा पाठकहरू काठमाण्डू उपत्यका र त्यसका नजीकैका भेकको सम्बद्ध युगका पुरातात्त्विक अन्वेषण (Exploration)को छोटकरी रपोट पाउनेछन् । पूर्व र पश्चिम नेपालका प्रकाशित सामग्रीको संग्रह पनि यसमा भएको छ । तर सबभन्दा उल्लेखनीय विषय छ काठमाण्डू–उपत्यका भेकको अन्वेषण-क्रम ।

पाठकका मनमा इतिहास विषयका पुस्तक लेख्नेहरू दिन र रातभरि मानदेव र अंशुवर्मा वा अरू इतिहासप्रसिद्ध महात्माहरूकै नाम जपिरहन्छन् भन्ने लागिरहेको हुन सक्दछ । हुन पनि तन, मन र धन (खल्तीमा भए) नदिईकन कुनै विषयको ज्ञान अवश्यै पनि हुन सक्दैन । तर सर्वोपरि देश र मानवता नै हुने गर्छन् सामाजिक शास्त्रका जरामा ।

उपत्यकाभरिको पुरातात्त्विक अन्वेषणको कार्य त बडो सुविधा-साथ सम्पन्न भयो होला भन्ने सोधाइ पाठकको मनमा पर्न आउला। व्यावहारिक रूपमा चाहिं 'कि कलम छ कि मान्छे' को स्थितिमा काम गर्नेको लागि यही उपत्यका नै बृहत् संसार भएर आयो अनि आपनो 'क्षमता' सीमित । तर, घुमियो गल्ली-गल्ली, कुनाकाप्चा र रछानका रास-रासमा ।

सबभन्दा पहिले कान्तिपुरकै कुरा थालौं । यस पुरमा सिम्भूको रमाइलो थलो, बालाजुको रंगीन परिवेश, पचलीको मिश्रित वातावरण, थापाथलीको उराठलाग्दो स्थिति सम्मिलित छन् । यस पुरका भित्री इलाकामा टोलै-टोलका अवस्थिति र तिनको पौराणिकपन र त्यसमा सम्मिलित किंवा संश्लिष्ट रहस्यात्मकताको वातावरणमा विभिन्न युगका पुरातात्त्विक अवशेषको साक्षात्कार गर्न पाइयो । खास गरी त्यहाँका पुराना-नयाँ वासिन्दा–शिलालेखहरूसँग परिचय गरियो । इतिहासका नायक-नायिका, उपनायक-उपनायिका, (विदूषक र खलनायक) आदिको प्रथम परिचय यसरी गरियो । यस पुरको भ्रमणको कार्यक्रममा त्यतैका वासिन्दा बुढाबुढी, केटाकेटी र तरुनाहरूसँग उपयुक्त खालको 'अन्तर्वार्ता' लिंदै र दिंदै सामग्री संकलन गरियो ।

भक्तपुर भेगमा शहरी र त्यसका छेउ-छेउका इलाकामा निकै घुमियो यद्यपि ती सबैको सन्निवेश यस पुस्तकमा हुन नसक्नु आसर्जेको कुरो त हैन । तर यो शहरको रहस्यात्मक शान्तिको परिप्रेक्ष्यमा बरु पुराना मन्दिर र मूर्तिहरू निकै वाचाल रहेका छन् । यहाँ मन्त्र र तन्त्रको भीड छ र प्रत्येक गृहस्थीको घर प्राचीनताको अँध्यारोमा दिउँसै पनि ध्यानावस्थित झैं देखिन्छ ।

उपत्यकाको तेस्रो उल्लेखनीय शहर पाटनको आपनै पनमा नौलोपन छ । तर त्यसको तीर्थयात्रा गर्दा, वा भनौं अरू ठाउँका यात्रामा पनि कहिलेकाहीं म निगुर्नै थिइनँ । अर्थात् म एकजना अर्को व्यक्तित्वको पछिलागिरहेको हुन्थें । उहाँ हुनुहुन्छ–विनोदकुमार देवकोटा । अरू अरू तीर्थयात्रामा 'एक्ला बृहस्पति झुट्टा' भने झैं म मै थिएँ अर्थात् कसैले 'तँ मूर्ति चोर होस्' भनेर आरोप लगाए पनि बरु म रीसले चुर्मुनिएर अक्क-न-बक्क हुन्थें । यद्यपि यस्तो घटना कहिल्यै परेको थिएन । लगनखेलदेखि धाई-धाईकन पुगिएको हरिसिद्धिमा बरु हास्यास्पद स्थिति आइपुगेको थियो । कहाँ त म हरिसिद्धिमा

लामा-लामा जामा लगाएका र चुल्ठो पालेका, 'तान्त्रिक' ज्यापूहरू छ्याप्छ्याप्ती नै होलान् भनेर उत्साहसाथ दगुरेको थिएँ त्यहाँ त झन् त्यस्तो योटै व्यक्ति पनि देखिएन । बरु आफ्नै इलाकातिर त्यस्ता एक-दुई जना रहस्यमय व्यक्तिहरूको दर्शन त बराबर नै हुने गर्दथ्यो । म हरिसिद्धि एक्लै गएकोमा बरु विनोदकुमारले केही आश्चर्यमिश्रित उद्‌गार प्रकट गर्नुभयो । जसरी भए पनि केटाकेटीको अवस्थादेखि हरिसिद्धि जाने धोको त्यसरी पुऱ्याइयो ।

उपत्यकाका 'शहर'हरूमा पाटनको क्रम दोस्रो राखिन्छ । भाद्गाउँको जस्तो सुषुप्त र रहस्यात्मक शान्ति र कान्तिपुरको जस्तो मान्छेको भीडभाडबाट यो वेग्लिएको त अवश्यै छ । तर सांस्कृतिक क्रममा यो पाटन शहर वा पूरा पाटन इलाका नै पहिलो थान्कोमा बस्दछ भन्नुपर्दछ । जता हेर उतै मन्दिर । जता हेर उतै चैत्य र चींअहा । जता हेर उतै पाटी, पौवा र सत्तल अनि देउदेउताका मूर्ति । 'इतिहास'को यति भीडभाड अन्त कतै होला जस्तो लागेन । यसको भौगोलिक अवस्थिति नै महत्त्वपूर्ण छ । यस्तै यस्तै कारणहरूले इतिहासले यसलाई 'ललितपुरी' वा 'ललितापुरी'को नामकरण गरिदिएको । यहाँका वासिन्दामा निकै जागरूकता र क्रियाशीलता देखिनु आनन्ददायी सन्दर्भ पनि हो । खास गरी यसै इलाकामा पर्ने लुभू (लूँ भू, स्वर्णभूमि वा स्वर्णछत्रपुर) संस्कृतिको सानतिनो केन्द्र पनि हो र उद्योगी, उद्यमीहरूको पनि । लुगा बुन्ने तानको तान र आलापले आगन्तुकको मधुर स्वागत यो सुवर्णभूमिले गर्ने गरेको छ । अर्थात् यस 'शहर'को प्रत्येक घरमै भनेजसो तान रहेजस्तो लाग्यो । जहाँ तान छैन त्यहाँ चामल कुट्ने यन्त्रको बिमबिगी देखियो । विनोदकुमार र म त्यो दिन रमायौं र त्यो दिनको यात्रालाई सफलताको पहिलो श्रेणीमा दर्ता गरी सन्तुष्ट भयौं ।

उपत्यकाका 'शहर'हरूको क्रममा चौथो ठाउँ ओगट्ने 'मध्यपुर' वा 'ठीमी' खास गरी मिहिनेती मानिसहरूको 'देश' (मध्यदेश) हो । सागपातको खेतीमा यस ठाउँलाई उछिन्ने ठाउँ अन्त कतै पनि विरलै होला र कुमालेको त यो केन्द्रै हो । यहाँका कुमाले माटाका भाँडालाई सुनको भाँडाकुँडाको झैं जतन गरी पूर्व १ नम्बर र पश्चिम १ नम्बरका पर्वतीय क्षेत्रसम्म र अरू ठाउँहरूसम्म पुग्दछन् । माटोको भाँडाको र मानिसको र उसको मिहिनेतको मोलको तुलना गर्ने हामी भएन छौं । ठिमीका अरू धेरै

मन्दिरहरूमध्ये बालकुमारी मन्दिरको जस्ति झकिझकाउ देखियो त्यो उल्लेखनीय नै छ।

यता पनि राताम्मे उता पनि राताम्मे जता हेर्‍यो उतै राताम्मे। यो रमिता हो नगदेशको। ठिमीनेरै यो 'देश' छ। पाठकलाई लाग्ला यो केको राताम्मे हो ? यो खुर्सानीको राताम्मे हो, किसानहरूले सुकेको खुर्सानीको गल्ली-गल्लीमा प्रदर्शिनी रचाएको।

फर्पिङको सौन्दर्यको बयान गरिसाद्धे छैन क्यारे। एक त प्राकृतिक सौन्दर्य त्यसमाथि संस्कृतिको पुरानो केन्द्र हुनाले त्यसको मूल्यांकन गर्ने क्षमता न विनोदकुमारमा थियो न मैमा। झण्डै-झण्डै पूरा फर्पिङ, 'शहर' घुमेर लस्त भई 'शहर'को बीचमा आइपुग्दा फूलपातीको बाजा-गाजाले हाम्रो स्वागत गरेथ्यो गोधूलिको बेलामा। यताउताका पहेंलपुर तोरी बारीमा सूर्य-नारायण सुवर्णवृष्टि पनि गरिरहेका थिए झन् त्यतिमाथि।

भ्रमणका ती स्वर्णिम दिन पनि आर्को किसिममा अवसादपूर्ण थिए। हामी यसै गरी आफ्नो पूरा देश घुम्न समर्थ छैनौं, तीर्थयात्रा गर्न समर्थ छैनौं। आफूले आफूलाई चिन्न नसक्ने यो परस्पर विरोधी विवशतामा हामी दुवै मौन थियौं। बनेपा र धुलिखेलको यात्रा झन् अविस्मरणीय बनेका छन् र त्यताका केही पुरातात्त्विक सामग्री अनौठा र महत्त्वपूर्ण छन्। गोकर्ण भेकको यात्रा पनि उत्तिकै उल्लेखनीय भन्नुपर्दछ। गोकर्णको यात्रा चार पल्टसम्म गरियो, अर्थात् त्यहाँको कला र वास्तुकलाको छोटकरी विवरण लेख्न। अन्तिम पल्ट त हाम्रो साथमा श्री अमरप्रसाद जोशी पनि हुनुहुन्थ्यो पुस्तकमा उदाहरण दिनाकोलागि फोटो खिच्न क्यामेराले सजधज भई। त्यो दिनको उत्साह भिन्नै थियो हामीमा। बनेपामा थापिएको श्री ५ त्रिभुवनको सालिकको फोटो पनि श्रीजोशीले नै हामीलाई उपलब्ध गराउनु भएको हो नत्र क्रान्तिकारी राजाको यो उल्लेखनीय सालिकको छवि चित्र प्रस्तुत गर्ने अवसरबाट हामी वञ्चित हुने थियौं। सिम्भू, पचली, मच्छेन्द्र वहाल र मृगस्थलीमा पनि श्री जोशीले हाम्रो साथ दिनुभयो। जङ्गबहादुरले थापेको मृगस्थलीको विश्वरूप-मूर्तिको चाहिं फोटो लिन नहुने निर्णय सुनियो र थकथकी लागेर आयो। पशुपतिभित्रको त कुरै भएन।

यो पुस्तकलाई यौटा निश्चित रूप दिइसकेपछि पनि हाम्रो भ्रमणको कार्यक्रम यथावसर चल्यो। अघि र हालका 'यात्रा' हरूमा सबभन्दा

उल्लेख्य कुरा त सम्बन्धित क्षेत्रका वासिन्दाहरूको मानसिक स्तरको सरसरी मूल्यांकन पनि भएकोमा छ । मानवताको यो वर्गको जीवन-पद्धति सारै रमाइलो लाग्यो । विद्वान् महोदयहरूको भनाइमा तपाईं, म हामी र ती मानिसहरू 'आधुनिक', 'अणु युग' वा 'कम्प्यूटर युग' मा बाँचिरहेका छौं । बडो रमाइलो प्रश्न छ–हामी कुन युगमा बाँचिरहेका छौं ?

अकस्मात् कुनै दिन हामी मूल सडकमा आफ्नै 'गाइजात्रा' गरिरहेका हुन्छौं, आफ्नो सांस्कृतिक विवशता व्यक्त गरिरहेका हुन्छौं । 'क्यामेरा' हरूको लागि 'पोज' दिइरहेका हुन्छौं र साथै रमाइरहेका पनि हुन्छौं र रमिताको सृष्टि गरिरहेका हुन्छौं । मानौं हामी दारिद्र्यको ताण्डव-लास्य नृत्य गरिरहेका छौं ।

दारिद्र्य र धार्मिकताको बडो घनिष्ठ सम्बन्ध हुन्छ क्या रे । काठमाण्डू र नेपालमा हरेक दिन भनेजस्तो धार्मिकताको प्रदर्शन गरिने जात्रा र सात्रा हुन्छन् अनि हिन्दूहरूको सर्वोत्कृष्ट देवस्थल पशुपति, गुह्येश्वरी, चार नारायण र मुक्तिनाथ यहीं छन् । हिन्दूको जत्तिको विशाल धार्मिक साहित्य अरू कसैको छैन रे ।

हालसालै योटा नामी अन्ताराष्ट्रिय पत्रिकाले योटा विशिष्ट आर्थिक रपोट छापेको थियो जसमा सारा संसारलाई तीन हैन पांच आर्थिक वर्गमा विभाजित गरी गरीबीको क्रम-सूची प्रस्तुत गरिएको थियो । हामी छक्क नपरौं हाम्रो 'सुन्दर, शान्त, विशाल' नेपाल पाँचौं र अन्तिम वर्गको लगतमा परेको छ र त्यसमा उसका साथी एशियाकै केही र अफ्रिकाका केही गरी जम्मा ५ मात्र 'देश' छन् । त्यही पत्रिकामा पनि हाम्रो आम्दानी-जति देखाइएको छ त्यति पनि ३० प्रतिशत जति बढाई प्रस्तुत गरिएजस्तो लाग्यो ।

ऐतिहासिक क्रममा कविशिरोमणि लेखनाथको मूल्यांकन गर्न मन लाग्यो एक दिन । उहाँको अत्यल्प चर्चित 'लक्ष्मीपूजा' हात लाग्यो । त्यस नाटकमा एक ठाउँमा उहाँले सन्देश दिनुभएको रहेछ—

घोट कसीमा लेख बहीमा
प्रेम लम्बरी सुन हो ।

सूक्तिले मन अस्थिर र चञ्चल गरायो । घुम्दा घुम्दा पुगेंछु पूर्णेश्वर पाकशाला । शालाभरि र वरिपरि कंकालहरू पल्टिरहेका रहेछन् लम्बरी

सुनका लाप्साका लाप्साको गन्ती रहेनछ तर बहीको भने ठेगान रहेनछ। कारिन्दाले नै छुट्टी लिएको रहेछ।

पूर्णेश्वर पाकशाला पूर्णेश्वरमै मात्र छैन; अरू ठाउँहरूमा पनि छन्, जतातते छन्, यता पनि छन् र उता पनि। कस-कसको बही तयार पार्ने ?

पुरातात्त्विक अन्वेषण-कर्त्तालाई यौटा गाउँको वासिन्दाले-'यौटा धारा बक्साइपाऊँ" भनेर हात जोडेको 'अन्यायमा परें, न्याय पाऊँ।' भनेर बिन्ति गरेको र यस्तै-यस्तै गुनासाहरूको साक्षात्कार बडो सुलभ अवसर भन्नुपर्ला। जसले ती ती र अरूहरूको पनि संस्कृति र सभ्यताको परिप्रेक्ष्यमा मनोविश्लेषण गर्नैपर्ने कर लागेर आउँछ। करले पिरोल्छ।

समृद्धिमा भन्दा दारिद्र्यमा बढी सञ्जीवनी शक्ति हुन्छ क्यारे किनभने सम्भवतः त्यही यथार्थ हो। त्यस्तै यथार्थमा हामी मन्दिर र मूर्ति, कला र वास्तुकला, चित्रकला, साहित्य र नाचगानको प्रयोग भइरहेको देख्दछौं, वेहोर्दछौं।

X X X

कला-समीक्षाको इतिहास लामो रहिआएको छ। तर कला-समीक्षाको पाश्चात्य र प्राच्य शैलीमा निकै अन्तर छ, देखिन्छ। प्राच्य दृष्टिमा कला समाजको अङ्ग हो यो कुरो पाश्चात्य सभ्यताले पनि मानेको छ। तर अन्तर यहाँनिर आइपुगेर स्पष्ट हुन्छ पाश्चात्य परम्परामा समाजको आफ्नो अलग्गै अस्तित्व मानिन्छ भने प्राच्य र खास गरी आर्य-हिन्दू परम्परामा समाज 'धर्म'को अङ्ग हो। जुन 'धर्म'ले सारा संसारलाई धारण गरेको छ, सुरक्षित गरेको छ। 'धर्म' कानून पनि हो, परम्परा पनि र यो हो अविनाशी पनि।[1] यही 'धर्म' को व्याख्या र पुनर्व्याख्या वेददेखि लिएर ब्राह्मण, उपनिषद्, धर्मसूत्र, स्मृति, पुराणहरू लगायत काव्य र महाकाव्य-

---

[1] तैत्तिरीय आरण्यक, १०-६३ मा यसबारे लेखिएको छः—धर्मो विश्वस्य जगतः प्रतिष्ठा। लोके धर्मिष्ठं प्रजा उपसर्पन्ति। धर्मेण पापमपनुदन्ति। धर्मे सर्वं प्रतिष्ठितं। तस्माद्धर्मं परमं वदन्ति।

यही भनाइलाई महाभारतमा अर्कै शब्दमा तल सारिएबमोजिम व्यक्त गरिएको छः—

धारणाद् धर्ममित्याहुः धर्मेण विधृताः प्रजाः।
यः स्याद् धारणसंयुक्तः स धर्म इति निश्चयः॥

हरूसम्ममा गरिएको छ । तन्त्रको विशाल साहित्यको सारांश यही 'धर्म' हो ।

यही 'धर्म'को स्थापना र पुनःस्थापनाको आवश्यकतासँग सम्बद्ध भएर 'अवतार'को सिद्धान्त आधारित भएको छ । यही विशाल रूपको 'धर्म'को अङ्ग मानव-व्यवहार हो जो संस्कृति हो र सभ्यता हो ।

मानिसका आवश्यक आवश्यकता वा जीवनी सम्बन्धी काम कुरा पनि 'धर्म' अन्तर्गत पर्दछन् । 'इष्ट' र 'पूर्त' कर्महरू भने 'धर्म' अन्तर्गत संस्कृति र सभ्यतामा पर्न आउँछन् ।

शास्त्रीय अर्थमा अग्निहोत्र, तप, सत्यता, वेदहरूको ज्ञान, अतिथि-सत्कार र वैश्वदेव इष्ट अन्तर्गत पर्न आउँछन् । तलाउ, कुवा, पोखरी, देवल, बगैंचा बनाउनु (सामाजिक उद्देश्य गरेर) र अन्नदान चाहिं पूर्त किसिमका कर्म भनिन्छन् ।[1]

उक्त सन्दर्भबाट देवल बनाउने थाप्ने कामको परिचय पाइन्छ । देवल कस्तो कस्तो विधिले बनाउनुपर्दछ भन्ने ग्रन्थहरू पाइन्छन् । देवलभित्र पूजा गरिने मूर्ति कस्तो केको बनाउनुपर्दछ भन्ने ग्रन्थहरू पाइन्छन् । कुन देवताको कुन रूपको मूर्ति थापे शत्रु जितिन्छ, शत्रु सुकेर मर्छ धन-सम्पत्ति र सन्तान पाइन्छ आदि विस्तृत व्याख्या पनि भेटिन्छन् ।

अकालमा मारिएका रणबहादुर शाहको मुक्तिको उद्देश्य गरी महारानी ललितत्रिपुरसुन्दरीले भव्य त्रिपुरेश्वर मन्दिर थापिन् । भीमसेन थापाले वागमतीमा पुल बनाए, माथबरसिंह थापाले रणमुक्तेश्वर थापे । आफना जेठाबा भीमसेन थापाको मुक्तिको लागि माथबरले भीममुक्तेश्वर थापे ।

भनाइको तात्पर्य हामीकहाँ मन्दिर बनाइन्छ देवताको मूर्ति थाप्न । मूर्ति थापिन्छ कुनै उद्देश्यले । मूर्ति थापेपछि त्यसको दैनिक पूजाको व्यवस्था गरिन्छ । मूर्ति प्रतिष्ठित गरिएको तिथिमा हरेक वर्ष 'वर्षबन्धन' पूजा

---

[1] अत्रिसंहितामा यसबारे लेखिएको छः—

अग्निहोत्रं तपः सत्यं वेदानामुपलंभनम् ।
आतिथ्यं वैश्वदेवश्च इष्टमित्यभिधीयते ।।
वापीकूपतडागादि देवतायतनानि च ।।
अन्नप्रदानमारामः पूर्तमित्यभिधीयते ।।

(वा कारणपूजा) गरिन्छ । कारणपूजा गर्दा प्रायः गरी यात्रा पनि गरिन्छ । यसरी मन्दिर, मूर्ति र यात्राको सन्दर्भ आउँछ ।

अब हामी विचार गरौं कलासमीक्षाको कुरा । आज हामी कलासमीक्षालाई ज्यादै सीमित रूपले उठाउँछौं । वास्तुशास्त्र, देवप्रतिमाशास्त्र, धार्मिक साहित्य र कर्मकाण्डका विस्तृत ग्रन्थहरूको तुलनात्मक अध्ययन नगरी कलासमीक्षा पूरा हुन सक्दैन भन्ने देखिन्छ । यद्यपि कुनै मन्दिर र मूर्तिले आफैंले मात्र पनि सबै कुरा झल्काइरहेको हुन सक्दछ तर यही मात्र पर्याप्त हुँदैन ।

यो सन्दर्भमा नेपालको मात्र हैन भारतको पनि कला र वास्तुकलाको समीक्षा गर्ने जुन प्रद्धति प्रचलित देखिन्छ, त्यसलाई एकाङ्गी भन्न सकिने देखिन्छ । यसको यौटै कारण हो यस काममा सर्वप्रथम पाश्चात्यहरूले नै थालेका थिए । उनीहरूको शैलीलाई कायम गरिएको छ ।

जैन धर्मसम्बन्धी कलाको स्थिति नेपालमा छैन । नत्र भारत र नेपालको कला परम्परा एकै स्रोतबाट प्रचलित भएका हुन् भन्ने स्पष्ट छ । स्रोत यौटै भए पनि ती दुईको ऐतिहासिक क्रममा निकै अन्तर छ । यसैले नेपाली कलाको इतिहास स्वतन्त्र रूपको छ भन्नु अतिशयोक्ति नहोला ।

तर हाम्रा अग्रज कलासमीक्षकहरूले राम्रै काम गर्ने प्रयत्न गरेका भए पनि उनीहरूले राम्रो पृष्ठभूमि बनाइदिन सकेनन् । समकालीन कलासमीक्षकहरू यसरी अन्योलमा परेर भौंतारिएको कारण पनि यही देखिन्छ ।

ऐतिहासिक सन्दर्भमा कलाको समीक्षा गर्ने यौटा मुख्य विषय छ । अनधिकारीहरूबाट त्यसमा बराबर हमला भैरहने हुँदा उक्त मुख्य विषय नै विकृत रूपमा समाजको अगाडि, संसारको अगाडि प्रस्तुत हुन आएको छ । अनेपालीबाट त्यसो हुनु त आसर्जको कुरा थिएन तर नेपालीबाट त्यो परम्परा कायम गरिनु, गर्ने प्रयत्न गर्नु स्पृहणीय कुरो मान्न सकिएन । यसको यौटै कारण हुन सक्दछ, ''महाशय, शुद्ध अज्ञान ।'' अज्ञान मात्रैले पनि अर्थ्याउन सकेन, हस्तक्षेप शब्दको पनि प्रयोग गरे बेस होला ।

हालसम्म नेपाली कला-परम्पराको समीक्षाबारे केही बडा रंगीन पुस्तकहरू निक्लेका छन् । तिनमा मल्लकालसम्म मात्रको विचार भएको छ त्यसपछिको गतिविधिबारे तिनमा शून्यता छ । जुन कालसम्मको अध्ययन

पनि प्रस्तुत गरिएको छ तिनमा उपर्युक्त प्रभाव त छँदैछन् ती बाहेक तिथिमितिमा भयानक भयानक अशुद्धि परेको देखिन्छ । मितिसमेतका मूर्तिहरूमा २–४ वर्षको अशुद्धि पर्नु तिनमा मामुली कुरा हो । जहाँ मिति छैनन् त्यहाँ २–४ शय वर्षको अन्तर जतातत्तै देखिन आएको छ । यौटै मितिमा अशुद्धि परे पनि, यौटा बिना माटोको जोड गरी बनाउन थालिएको 'घर' झैं ग्वाराम्म लड्छ भने, पूरा पुस्तकको के निष्कर्ष निस्किन सक्ला ? के त्यस्ता पुस्तकलाई 'महावाक्यहरूको महासमूह' भन्नु ठीक नपर्ला ?

नेपाली कलाको नाम लिने बित्तिकै प्रत्येक नेपालीका आँखामा आफ्ना गौरवशाली कला-इतिहासको आत्मविश्वास उर्लेर आएको देखिन्छ । अरनिकोलाई राष्ट्रिय विभूतिमा राखिएको छ । भाषण, उपभाषण र लघुभाषणमा यस विषयमा कुरा उठ्दछ तर आधुनिक युगले दिएका केही स्वच्छ विचारको उपेक्षा यस विषयमा अरू अरू विषयहरूमा जस्तै सर्वोपरिरूपेण विराजमान भएको छ । हाम्रा सपूर्ण उपलब्धिहरूको यो यौटा उदाहरण हो ।

जनतालाई यस्तै अन्योलमा भौंतारिन नदिने हो भने उपयुक्त क्षेत्रबाट यस विषयमा आवश्यक कारबाई गरिनु अनुकूल हुनेछ ।

X X X

यस सन्दर्भमा आफ्ना सहयोगी व्यक्तित्वहरूलाई धन्यवादका दुई शब्द पनि व्यक्त गर्न पाउनु मेरो अग्राधिकार (Privilege) हो । किनभने, कतिले कति किसिमबाट लेखन आदि कार्यमा मद्दत गरिरहेका छन् त्यसको लेखा गर्नु लेखकको लागि वाञ्छनीय छ तर पुस्तकको सीमित क्षेत्र हेरी अनुपयुक्त पनि हुनेछ । तैपनि धन्यवादार्ह व्यक्तिहरूमा दाजु श्री दिनेशचन्द्र रेग्मीको उपयुक्त आभार व्यक्त गर्दछु । ज्येष्ठ भ्रातृपुत्र श्रीयुक्त उमेशचन्द्र रेग्मीलाई पनि त्यस्तै गरी धन्यवाद व्यक्त गर्दछु । उहाँहरूको सद्भावना यस लेखकमाथि कायम रहोस् भन्ने कामना गर्दछु । विद्वज्जन र सुहृत् प्रत्येक पाठकमा शुभकामना र सद्भावना पनि व्यक्त गर्दै अलमिति ।

बैशाख १० गते, २०३३ **–जगदीशचन्द्र रेग्मी**

पुनश्च

यो पुस्तक छापिएको १७ वर्ष भएछ र अहिले साझा प्रकाशनले यसको दोस्रो संस्करण गर्ने तरखर गरेको छ । मेरो लागि यो कति खुशीको कुरो हो भनिरहनु परोइन । खास गरी **साझा प्रकाशन**ले यो पुस्तक छापेको मात्रै हैन यसलाई **'साझा प्रकाशन'** ले पुरस्कृत पनि गरेको थियो ।

जुन शैलीवाट यो पुस्तक लेखिएको थियो त्यही शैली कायम गरी यसलाई अत्याधुनिक संस्करण पार्न अहिले सम्भव भएन किनभने त्यसको लागि धेरै व्यवस्थाको दरकार पर्दछ । व्यक्तिगत प्रयासबाट मात्र त्यस्तो सम्भव नहुनु स्वाभाविक हो । मर्मज्ञ पाठकहरूबाट यो तथ्य अवश्य पनि लुक्ने छैन, मेरा हर प्रयासहरूलाई स्वीकार गरिदिई मेरो हौसला बढाइदिने सहृदय पाठकहरूमा आपनो विनम्रता व्यक्त गर्दछु । यस पुस्तकको दोस्रो संस्करण छाप्न उत्साह देखाउने **साझा प्रकाशन**मा आभार व्यक्त गर्दै,

भवदीय

मङ्सीर २०५०

जगदीशचन्द्र रेग्मी

विषयानुक्रम

शाहकालीन कला र वास्तुकला — पृष्ठ संख्या

राजनीतिक पृष्ठभूमि–गोर्खाराज्य — २–२४

आर्थिक आधारशिला — २५–४९

सांस्कृतिक पृष्ठभूमि-गोर्खा राज्यको कला र वास्तुकला-धार्मिक स्थिति-नेपाली धर्मको इतिहास ।

वास्तुकला — ५०–७९

वास्तुकला-जयमन्दिर-मानमन्दिर-कीर्तिमन्दिर-पशुपतिको सदावर्त घर र स्वास्थ्य निवास-नागदरबार-धरहरा-थापाथली दरबार-थापाथलीको 'चारबुर्जा'-नारायणहिटीको राजकीयदरबार-वीरशमशेरको लाल दरवार-सिंह दरवार-अरू प्रख्यात दरबारहरू-नयाँ नारायणहिटी राज दरबार-सामाजिक घर-सर्कारिया अड्डाखाना-अस्पताल र स्वास्थ्य केन्द्रहरू-शिक्षालय, पुस्तकालय र संग्रहालय-उद्योग भवन-साम्प्रदायिक वास्तुकला ।

१· पुराना मन्दिरहरूको जीर्णोद्धार — ८०–९६

स्वयम्भू-स्तूप-पशुपति मन्दिर-गुह्येश्वरी-कुम्भेश्वर-न्यातपो-भीमसेन मन्दिर, भदगाउँ-बज्रयोगिनी मन्दिर, साँखू-चाँगुनारायण-तलेजु मन्दिर, कान्तिपुर-दिगुतलेजु मन्दिर,

ललितपुर-नक्साल भगवती-गोकर्णेश्वर-मत्स्येन्द्रनाथ, पाटन-जैसीदेवल, कान्तिपुर, सिम्भू नन्दिकेश्वर, कान्तिपुर-सल्ल्यानकोट देवी-रैथाने गुम्बा, सिन्धुपाल्चोक-रोल्वालिङ गुम्बा, रोल्वालिङ

कान्तिपुर तर्फ ९६-९८
ललितपुर तर्फ ९८-९८
भक्तपुर तर्फ ९९-१०१

२. पुराना मन्दिरमा नयाँ धार्मिक वस्तुहरूको थप १०१-१५१
भैरवी, नुवाकोट-भाटभटेनी-पशुपति-नरदेवी-गुह्येश्वरी मैतिदेवी-अशोक चैत्य, लगनटोल-मीननाथ मन्दिर, पाटन-मच्छेन्द्रनाथ, पाटन-दत्तात्रेय मन्दिर, भदगाउँ-तिलमाधव मन्दिर, भदगाउँ-जयवागेश्वरी, देउपाटन-इटंबहाल, काठमाडौं-टंकेश्वर, काठमाडौं-इन्द्राणी-कंकेश्वरी-रक्त-काली, टेंगल, काठेसिम्भू-सल्ल्यानकोट देवी-मनकामना-मच्छेन्द्र बहाल-महांकाल मन्दिर-वंशगोपाल मन्दिर-अशोक विनायक—

३. पुराना मन्दिरहरूको सौन्दर्यमा वृद्धि १५२-१५३
४. पुराना मन्दिरहरूको समृद्धिको वृद्धि १५४-१६०
पशुपति-चाँगुनारायण-कीलेश्वर-नरदेवी-मनकामना—

५. पुराना मन्दिरहरूको सुव्यवस्था १६०-१७६
धर्म सम्बन्धी वास्तुकला-धर्मसम्बन्धी उपयोगी वास्तुकला—

१. साम्प्रदायिक वास्तुकला १७६-१७७
१. हिन्दू मन्दिर, २. बौद्ध मन्दिर, ३. अन्य धार्मिक मन्दिर, ४. मन्दिरका शैलीहरूको तुलनात्मक अध्ययन १७७-१७८

१. हिन्दू मन्दिर क. ठूला मन्दिर १७८-२९३
१. शिवालय, २. राममुक्तेश्वर, ३. जय मुक्तेश्वर, ४. रामेश्वर, ५. सूर्य, उमा महेश्वर आदिको मन्दिर. ६. राम मन्दिर, ७. अर्द्धनारीश्वर मन्दिर, ८. बाणेश्वर महादेव, ९. श्वेत भैरव, १०. जगन्नाथ, ११. ठूलो घण्टा,

१२. अमरनारायण, १३. शिव मन्दिर, १४. लक्ष्मीश्वर, १५. राधा वल्लभेश्वर, १६. त्रिपुरेश्वर, १७–२१. जयेश्वर महादेव र अरू ४ मन्दिर, २२. भीमभक्तेश्वर महादेव, २३ रणमुक्तेश्वर, २४ सत्येश्वर महादेव, २५. देवी मन्दिर, २६ भीममुक्तेश्वर, २७. रणमुक्तेश्वर २८. साम्राज्येश्वर, २९. जगनन्द प्रकाशेश्वर, ३०-३१ मालिकेश्वर, कपिलेश्वर, ३२.बाणेश्वर, ३३-३५. जयभक्तेश्वर, इन्द्रेश्वर, जगदीश्वर, ३६. राममन्दिर, ३७. वंवीर-विकटेश्वर, ३८. हेमभक्तेश्वर मन्दिर, ३९. शिव मन्दिर ४०. रक्षगदाधर मन्दिर, ४१. धीरभक्तेश्वर, ४२. रामभक्तेश्वर, ४३. जंगेश्वर, ४४. जगतनारायण, ४५. सुरकान्तेश्वर बाणलिंग मन्दिर, ४६. शिवमेहेरवाल भक्तेश्वर, ४७. बाणेश्वर महादेव. ४८-५३. शिव मन्दिर, ५४-५७. दीरभक्तेश्वर, चन्द्रभक्तेश्वर र नन्द भक्तेश्वर, ५८. विश्वरूप, ५९. पाञ्चायन मन्दिर, ६०-६४ पञ्चदेवल, ६५. रामचन्द्र मन्दिर, ६६. सत्यनारायण, ६७. धीरनारायण, ६८. जीतजङ्गप्रकाशेश्वर महादेव मन्दिर, ६९. ललित मुक्तेश्वर, ७०. शैलयोगिनीको मन्दिर, ७१-७४. सनर्कसिहेश्वर आदि ४ मन्दिर, ७५-७७. शिव मन्दिर, ७८. ताराप्रकाशेश्वर महादेव मन्दिर, ७९. गोपाल मन्दिर ८०-८१. वीरमाया भक्तेश्वर मन्दिर, ८२. वीरभद्रप्रकाशेश्वर मन्दिर, ८३. रुद्रमानेश्वर, ८४. वीरनारायण, ८५-८८. हर्ष कुमारेश्वर आदि ४ मन्दिर, ८९. राधाकृष्ण मन्दिर, ९०. जानकी मन्दिर, ९१-९२. यक्षनन्देश्वर र तार्क्ष-भक्तेश्वर मन्दिर, ९३. राममन्दिर, ९४. लक्ष्मीनारायण मन्दिर, ९५. धीरधाम, ९६. प्रकाशमुक्तेश्वर मन्दिर, ९७. भुवनभक्तेश्वर मन्दिर, ९८-१००. सावित्री मुक्तेश्वर, तुलाभक्तेश्वर र डम्बर भक्तेश्वर मन्दिर, १०१. भीमसेन मन्दिर, १०२. शिवालय, १०३. राधाकृष्ण मन्दिर ।

ख. साना मन्दिरहरू ग. शैलीगत अध्ययन ।

बौद्ध मन्दिर २९३–३०७

अ. बौद्ध विहार आ. लामा गुम्बा, काँगित गोन्पा (गुम्बा) इ. बौद्ध चैत्य १. इँटले बनेका चैत्य २. इँट र चून-सुर्कीले बनेका चैत्य ३. ढुङ्गाले बनेका–क. शिवलिंगाकार चैत्य ख. छत्रावलि शैलीका चैत्य ग. कमल पत्राकार चैत्य घ. कमलासन प्रकारका चैत्य ङ. मन्दिराकार चैत्य च. 'चोर्टेन' खालका चैत्य ४. इँट, चून-सुर्की र ढुंगा सबै मिली बनेका मिस्कट शैलीका चैत्य ५. सिमन्टीका चैत्य ई. बौद्ध मन्दिर–१. मञ्जुश्रीको मन्दिर २. मञ्जुश्रीको मन्दिर ३. सरस्वतीको मन्दिर ४. बुद्ध मन्दिर ५. अमिताभ बुद्धको मन्दिर ६. बुद्ध मन्दिर ७. लोकेश्वर मन्दिर ८. अमोघपाशको मन्दिर ९. विश्वमैत्री महाविहारको मन्दिर उ.—बौद्ध मन्दिरहरूको शैलीगत अध्ययन ।

३. अन्य धार्मिक मन्दिर ३०७–३१०

क. बोन्पो सम्बन्धी मन्दिर ख. इस्लामी मन्दिर [मस्जिद] ग. क्रिश्चियन मन्दिर ।

४. मन्दिरका शैलीहरूको तुलनात्मक अध्ययन ३१०–३१२

मूर्तिकला र कला ३१२–३१४

शाहकालीन मूर्तिकला र कला ३१५–३५९

योजना–क. धार्मिक मूर्तिकला–१. ढुङ्गाका मूर्ति आ. अलंकार इ. धार्मिक वस्तु ई. मूर्तिका जीर्णोद्धार उ. शैलीगत अध्ययन **२. धातुका मूर्ति**–अ. मूर्ति आ. अलंकार इ. शैलीगत अध्ययन **३. काठका मूर्ति**–अ. मूर्ति आ. अलंकार इ. शैलीगत अध्ययन **४. मृत्तिका कला**

ख. धार्मिक सामाजिक मूर्तिकला–अ. सालिक आ. शैलीगत अध्ययन ३५९–३६६

ग. आलंकारिक मूर्तिकला–कला : अ. विवरण ३६६–३९८

घ. **सामाजिक धार्मिक कला :** अ. चित्र आ. पौवा इ. अरू चित्र : १. व्यक्ति चित्र २. प्राकृतिक चित्र ३. भित्तिचित्र फूलबुट्टाका चित्र (ख) देवी-देवताका चित्र ४. साहित्य-संग सम्बद्ध भएर बनेका चित्र ई. शैलीगत अध्ययन ३६८-३७६

ङ. धार्मिक सामाजिक-साहित्यिक कला : अ. शिलालेख : १. शिलापत्र-लेख २. स्तम्भ-लेख ३. मूर्ति र सालिक लेख ४. मन्दिर चैत्यमै लेखिएको लेख ५. शिलापट्टिका लेख आ. धातुलेख : १. तामा, सुन, पित्तल र फलामका लेख २. धातुका मूर्ति र धार्मिक वस्तुका लेख ३. घण्टाका लेख इ. काष्ठ लेख : १. काष्ठपत्र लेख २. काष्ठ मूर्तिकलाका लेख ई. पत्र लेख : १. प्रशासनिक, सामाजिक र दान-धर्म सम्बन्धी पत्र लेख २. साहित्यिक र धार्मिक ग्रन्थ-लेख उ. शैलीगत अध्ययन : १. लिपि र सम्बन्धित कला २. क. **भाषा** : १. संस्कृत भाषाका अभिलेख २. नेपाली भाषाका अभिलेख ३. संस्कृत र नेपाली अभिलेख ४. नेवारी अभिलेख ५. संस्कृत र नेवारी अभिलेख ६. अन्य किसिमका भाषाका अभिलेख **ख. जाति र भाषाको सम्बन्ध र राष्ट्रभाषा** ३. कवि, लेखक र लिपिकार वर्ग ४. साहित्यिक वक्तव्य क. देवी-देवताका स्तुति र धर्म सम्बन्धी ख. व्यक्तिगत वर्णन १. राजकीय २. भार्दारी ३. साधारण भक्त-रैती ग. कलात्मक वर्णन घ. प्रशासनिक-राजनीतिक र सामाजिक सन्दर्भ ङ. राष्ट्रियताको झलक च. कलात्मक र साहित्यिक आध्यात्मवाद ४. तुलनात्मक अध्ययन ३७६-४८२

निष्कर्ष : संस्कृतिको निर्माताका व्यक्तित्व ४८२-४८७

कलाकार सामाजिक वर्गहरू

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह ४८८-४९५
२. श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव ४९६-४९७
३. महारानी राजेन्द्र लक्ष्मी ४९७-४९९
४. बहादुर शाह ४९९-५०४

५. श्री ५ महाराजाधिराज रणबहादुर शाहदेव ५०५-५०६
६. श्री ५ महाराजाधिराज गीर्वाणयुद्ध वीरविक्रम शाहदेव ५०६-५०६
७. श्री ५ महाराजाधिराज राजेन्द्र वीरविक्रम शाहदेव ५०७-५०९
८. सर्दार अमरसिंह थापा ५०९-५११
९. भीमसेन थापा ५११-५१७
१०. माथवरसिंह थापा ५१७-५१७
११. श्री ३ जङ्गबहादुर राणा ५१८-५१९
१२. श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव ५१९-५२०
१३. श्री ५ महेन्द्र वीरविक्रम शाहदेव ५२१-५२२
१४. ……? ५२५-५३२

परिशिष्ट (क) ५२५-५३२
" (ख) ५३३-५४८
" (ग) ५४९-५६५

चित्रहरू १-

□

शाहकालीन कला र वास्तुकला

शाहकालीन कला र वास्तुकला

नेपाली इतिहासको पानामा शाह राजाहरूको यौटा मुख्य देन छ त्यो हो विथितिसँग टुक्रिएको यौटा पुरानो र गौरवशाली 'नेपाल' राज्यलाई फेरि उही राजनीतिक गौरव फिर्ता ल्याइदिनु । यो काम उनीहरूले सैनिक र धनको वलले मात्रै फत्ते गरेका होइनन् । यो काममा उनीहरूको सुसंस्कृत नीति नै प्रभावशाली रहेको स्पष्ट देखिन्छ । यसै कारणले गोर्खा जस्तो सानो राज्यका राजा श्री ५ पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाका धनी मल्ल राजा र मकवानपुर तथा पूर्वका विजयपुर र चौदण्डीका सेन राजाहरूलाई नेपालको राजनीतिक क्षेत्रबाट उठिबास लगाउन सकेका थिए । साथसाथै उनले भारतमा अस्तायमान मुसलमानी शासक र उदीयमान अंग्रेज शक्तिलाई समेत नेपालमा हस्तक्षेप गर्न नदिन सफल सैनिक अभियानको सफल नेतृत्व गरेका थिए । इतिहासको सवभन्दा अप्ठ्यारो सन्धिकाल–अठारौं शताब्दीको अन्त्य भारतवर्षको लागि यौटा भयानक युग थियो जुन बेला पृथ्वीनारायण शाहले यसरी सफलतापूर्वक नेपाललाई अंग्रेजको साम्राज्यमा पर्न नदिने सफल काम गरेका थिए । यस कामको प्रत्यक्ष प्रभाव नेपालीको स्वतन्त्र अस्तित्वमा मात्रै हैन स्वतन्त्र संस्कृतिको सुरक्षा र विकासमा समेत परेको कुरो झन् स्पष्ट हुन्छ । यही पृष्ठभूमिमा हामीले आफ्नो अध्ययनको विषय 'शाहकालीन कला र वास्तुकला'को अध्ययन गर्नुपर्दछ । तर, हाम्रो मुख्य विषयबारे छलफल गर्न थाल्नुअघि ईस्वीको अठारौं शताब्दीमा पृथ्वीनारायण शाहले नेपालको राजनीतिक र सांस्कृतिक अस्तित्वको संरक्षण गर्ने जुन काम झण्डै झण्डै पूरा गरेका थिए तिनको लामो पृष्ठभूमिको अध्ययन नगरी मूल विषयको अध्ययन अपूरो हुने कुरा स्पष्ट छ । यसकारण हामी नेपालको राजनीतिक र सांस्कृतिक पृष्ठभूमिको छोटकरी अध्ययन प्रस्तुत गर्दछौं ।

राजनीतिक पृष्ठभूमि

भौगोलिक कारणहरूले गर्दा कुनामा परेको 'नेपाल' कहलिने क्षेत्र आदिकालदेखि अलग्ग रहिआएको देखिन्छ जहाँ क्रमश: छिमेकी भेकका बासिन्दाहरूले बेला-बेलामा बसाइँ सर्दै आएर यौटा आफ्नै किसिमको राजनीतिक र सांस्कृतिक स्वरूपको निर्माण गरेका थिए। पहिलेका कुरा अलि अन्योलमै परे पनि ईस्वी संवत्को पहिलो शताब्दीमा यहाँ 'लिच्छवि' जस्ता सभ्य र सुसंस्कृत शासकहरूले झण्डै अहिलेकै जत्रो 'नेपाल' राज्यको शासन चलाउन थालेको थाहा पाइन्छ। यो लिच्छवि वंशले ईस्वीको आठौं शताब्दीको आधा आधीसम्म झण्डै एकटंकारले राम्ररी शासन चलाई नेपाली सभ्यता र संस्कृतिको राम्रो जग बसालेका थिए भन्ने कुराका ऐतिहासिक प्रमाण थुप्रै पाइन्छन्। यी लिच्छविहरूको शासनकालमा उनीहरूको राजधानी भेक काठमाडौं उपत्यकामा त सभ्यता र संस्कृतिको निकै उन्नति भएको थियो र कला वास्तुकलामा त उनीहरूको ठूलो देन मानिन्छ। भोटमा पनि यो संस्कृतिले निकै प्रभाव पारेको थियो अर्थात् तत्कालीन नेपाल आफैंमा मात्र सीमित नभई अन्तराष्ट्रिय रूपमा पनि प्रख्यात भैसकेको थियो। तर, ईस्वीको आठौं शताब्दीपछि लिच्छविहरूको नेपाल राज्य काठमाडौं उपत्यकामा केन्द्रित हुन थाली एघाह्रौं शताब्दीको हाराहारीपछि टुक्रिन समेत थालेको बुझिन्छ जसको परिणामस्वरूप बाह्रौं शताब्दीको हाराहारीतिर पश्चिमी भेक जुम्ला आदिमा आर्कै राज्य खडा हुन गएको देखिन्छ तर पूर्वी भेकमा भने के कस्तो परिस्थिति थियो प्रमाणका अभावमा केही निर्णय गर्न अप्ठेरो पर्न आएको छ। यसरी ईस्वीको वाह्रौं शताब्दीतिर 'नेपाल' मा सभ्यता र संस्कृतिका दुई प्रमुख केन्द्र काठमाडौं उपत्यका र जुम्ला भेक रहेका देखिन्छन्। जुम्ला भेकको निकै ठूलो राज्यका संस्थापक 'खस' वंशका नागराज थिए। यिनको राज्य दक्षिणमा दाङ, पश्चिममा कुमाउँ, उत्तरमा भोटको गुगे प्रदेश र पूर्वमा गोर्खातिरसम्म फैलिएको देखिन्छ। काठमाडौं उपत्यकाभै पनि ईस्वी १२०० मा 'मल्ल' थर भएका एक जना अरिमल्लले 'देव' खलकका ठाउँमा राजकाज चलाउन थालेको देखिन्छ अर्थात् राजकाजका स्वरूपमा परिवर्तन। तैपनि इस्वी १३८० मा स्थितिमल्ल त्यहाँका राजा नहुञ्जेल 'मल्ल' र 'देव' खलकका राजाहरू केही केही फरकमा आलोपालो गरेर राजकाज गर्दै थिए। स्थितिमल्ल र उनका सन्तानहरूले चाहिं ईस्वी

१७६८–६९ सम्म काठमाडौं उपत्यका भेकको राजकाज चलाइरहे । स्थितिमल्लका पनाति रायमल्ल रत्नमल्लहरूको पालामा यो राज्य पनि तीन राज्यमा (कान्तिपुर, ललितपुर र भक्तपुर) बाँडियो र मूल राज्यको राजनीतिक प्रभाव-क्षेत्र पनि केही कम हुन गयो ।

उता पश्चिममा ईस्वीको बाह्रौं शताव्दीको हाराहारीदेखि थापिएको खस राज्यमा नागराजदेखि अभयमल्लसम्म जम्मा १४ पुस्ताले निकै चकचकीसाथ ईस्वी १३७६ को हाराहारीसम्म राजकाज चलाएका थिए अनि उता पनि राज्य टुक्रियो । आफ्नो चकचकीका बेलामा यस खस वंशका केही राजाहरूले काठमाडौं उपत्यकासम्म पनि सैनिक अभियान गरेका थिए तर अब स्वयं यो राज्य टुक्रिएपछि साना साना राज्य खडा हुन गए । यसै बेला बाहिरबाट केही राजवंशीहरू यता भेकमा पसे र अलिपछि त यौटा यौटा भेक ओगट्दै सानातिना राज्य नै थापेर बस्न थाले । यसरी ईस्वीको सोह्रौं शताव्दीसम्म 'बाइस र चौबीस' राज्य पश्चिमी भेकमा बनिसकेका देखिन्छन् । तिनमध्ये लम्जुङ एउटा राज्य थियो जसका शासक शाह वंशका थिए । यसै ताका 'बाइस-चौबीस' मध्येका सेनवंशी राजाहरूले माझ नेपालको दक्षिणी भेकमा मकवानपुर र पूर्वमा विजयपुर तथा चौदण्डी राज्य बनाएर शासन गर्न थालिसकेका थिए । लम्जुङमा राजा यशोब्रह्म शाहले राज्य गरिरहँदा उनका एक जना छोरा द्रव्यशाहले ईस्वी संवत्को १५५९ यौं वर्ष गोर्खामा यौटा राज्य खडा गरे र राजकाज चलाउन थाले । हाम्रो अध्ययनको मुख्य विषय गोर्खाको शाहवंशसँगै सम्बन्धित हुनाले यस विषयको अध्ययन तल प्रस्तुत गरिन्छ ।

गोर्खा राज्य

सानो लम्जुङ राज्यका राजाका छोरा द्रव्यशाहले त्यसरी यौटा राज्यको स्थापना गर्ने घटना आफैंमा यौटा अचम्म लाग्दो छ । यस घटनाबारे गोर्खा-राज वंशावलीमा जुन नाटकीय रूप प्रस्तुत गरिएको छ त्यो निश्चित नभए तापनि के अन्दाजी गर्न सकिन्छ भने त्यो घटना ठूलो सैनिक अभियान-साथ भएको देखिंदैन । बुद्धिमान् र परम उत्साही व्यक्तिबाटै त्यस्तो अपझंट्-सँग त्यत्रो ठूलो काम हुनु सम्भव देखिन्छ । यति मात्रै ह्वैन यस घटनाले यौटा अर्को कुरोतिर पनि औंल्याएको छ– त्यो हो ईस्वीको सोह्रौं शताव्दीको आधा-आधीतिरको पश्चिमी नेपाल (का केही भागको) फितलो परिस्थिति ।

जे होस्, नेपालभित्र यौटा अर्को सानो राज्य थपियो । तर नेपालको इतिहासमा यो निकै महत्त्वपूर्ण घटना हो किनभने यही घटनासित यौटा सुनौला भविष्य पनि लुकेर रहेको थियो । प्रत्येक महत्त्वपूर्ण काम गर्ने महत्त्वशाली व्यक्तिहरूलाई जति र जस्ता किसिमका आपत्ति आइपर्दछन् त्यस्तै आपत्तिहरू यस राज्यका शासकहरूलाई लगातार दुई सय वर्ष (२२२ वर्ष) सम्म, अर्थात् ईस्वी १५५९ देखि ईस्वी १७८१ सम्म आइपरिरह्यो । यस्तो आपत्ति अरुहरूबाट ह्वैन स्वयं द्रव्यशाहको पुख्यौंली घर (राज्य) लम्जुङबाट नै गरिइन्थ्यो । यसको मुख्य कारण भाइ-भाइमा ईवीनै देखिन्छ । द्रव्यशाहका दाइ नरहरिशाह लम्जुङ राज्यका हकवाला हुनाले उनी भाइ द्रव्यशाहले 'कमाएको' राज्य पनि मूल राज्यमै मिसिनुपर्दछ र त्यसको हक पनि मेरै हुन्छ भन्नेमा थिए तर आफ्नो पौरखले कमाएको राज्य कसले कसलाई दिन चाहन्थ्यो ? यही कुरामा गोर्खा राज्यको सीमानामा लम्जुङेहरू बराबर आक्रमण गरिरहन्थे र त्यसको प्रतिरोध गर्न गोर्खालीहरूलाई सधैंनै भनेजस्तो तम्तयारी भएर बसिरहनुपर्दथ्यो ।[1] यो स्थितिले गर्दा गोर्खालीहरू अरूभन्दा साहसिला सैनिक हुन गए र एकताको भावना तथा राजभक्तिसमेत तिनमा बढी हुन गएको थियो । यस्तै परिस्थितिले गर्दा गोर्खाका राजा र भारदारहरूलाई राजनीतिक कुरामा बढी कूटनीतिक पनि पारेको कुरा त्यस राज्यको इतिहासबाट थाहा पाइन्छ ।

राज्यको स्थापना गरेपछि नै आफ्ना दाजुको त्यस्तो हस्तक्षेप गर्ने नीति हुँदा हुँदै पनि द्रव्यशाहले आफ्नो राज्यको सीमानाका सुरक्षाका लागि लमजुङ राज्य अन्तर्गत पर्ने (?) दुई कोट (किल्ला) सिह्लानचोक र अजीरगढमा अधिकार गरिछोडेका थिए । यसपछि गोर्खा राज्यमा केही स्थायित्व पनि आएको देखिन्छ । उनका छोरा पूर्णशाह र नाति छत्रशाहको पालासम्म त यो राज्यको केही बढी गहिरो जरो बस्नगएको र यसपछिका गोर्खाली शासकले सांस्कृतिक र राजनीतिक क्षेत्रमा पनि महत्त्वाकांक्षा बढाउन थालेको देखिन्छ । यी शासक हुन्– रामशाह ।

छत्रशाह अपुताली नै स्वर्ग भएकाले उनीपछि उनका भाइ रामशाहले गोर्खा राज्यको सिंहासन पाए (ईस्वी १६०९ तिर ?) माथि

---

१. यस कुराको एउटा उदाहरण द्रव्यशाहका नाति छत्रशाहको पालामा गोर्खा (दरबारमा ?) मा बनाउन लगाई राखिएका दुईटा ठूलठूला नगरा हुन् ।

औंल्याइएझैं रामशाहको पालामा गोर्खा राज्यले राजनीतिक र सांस्कृतिक कुरामा निकै उपलब्धि प्राप्त गरेको थियो । राजनीतिक कुरामा रामशाहले गोरखा राज्यको विस्तार, छिमेकी राज्यहरूसँग भएका झगडामा विजय र अलि टाढाका केही राज्यसँग मित्रता गरेको थाहा पाइएको छ । मित्रता गरिएका राज्यमा पश्चिममा रहेको मलैवम् (पर्वत) राज्य र काठमाडौं उपत्यकाको ललितपुर राज्य हुन् । सांस्कृतिक कुरामा चाहिं ऐन-कानून जारी गर्नु (रामशाहको स्थिति), ललितपुर राज्यसँग मित्रता गरी त्यहाँवाट वाणिज्य व्यापार गर्ने नेवारहरूलाई गोर्खामा वोलाई वन्द-वेपार वढाउनु र दुईटा मन्दिर वनाउने कुरालाई लिन सकिन्छ । वंशावलीमा रामशाहले 'आफ्ना सीसौदिया वंशी पुर्खाहरूको प्रशस्तिको खोजको लागि' आफ्ना केही मानिसलाई भारततर्फ पठाएका थिए भनी लेखिएको छ ।

माथि बयानिएका केही कुराको स्थायी महत्त्व रहेको देखिन्छ । रामशाहले बनाएका 'स्थिति'[1] यति अपूर्व कुरो थियो कि पश्चिमका अरू स-साना राजाहरूले समेत त्यसलाई आफ्ना राज्यमा चलाउन थाले भनि वंशावलीमा लेखिएको छ र बुद्धिका कुरामा रामशाहको प्रभाव समेत ती राजाहरूले स्वीकार गरेको कुरा उक्त वंशावलीमा टिपिएको छ । त्यस वेलाको अन्योलको स्थितिमा यो कुरा सत्य हो भन्ने पनि देखिएको छ । आर्को कुरा, सांस्कृतिक रूपले महत्त्वपूर्ण राज्य ललितपुरसँग मित्रता गरेकोमा सांस्कृतिक आदानको वाटो मात्रै ह्वैन काठमाडौं उपत्यकाको राजनीतिक परिस्थिति वुझ्न पनि मद्दत गरेको थियो । यसलाई पनि पछिका राजनीतिक घटनाहरूको पूर्वरूप मान्नुपर्दछ किनभने यसपछिका गोर्खाका शाह राजाहरूले क्रमशः काठमाडौं उपत्यकाको राजनीतिक दाउपेचमा हात हाल्न थालेको देखिन्छ । रामशाहका छोरा 'डम्बर शाहको बल भएको हात्तीलाई नष्ट पारेको' बयान[2]

यिनमध्ये एउटामा छत्रशाहको नामसाथ ईस्वी १६०९ को मितिको अभिलेख रहेको छ (हेर्नू-गोरखाको ऐतिहासिक सामग्री, पृ० १४) । यी नगराको उपयोग आपत्तिका बेलामा रैतीहरूलाई सामिल गराउन प्रयोग गरिन्थ्यो भन्ने अन्दाज गरिएको छ ।

[1] यसै स्थितिले गर्दा 'न्याय हराया गोर्खा जानु' भन्ने चलनै चलेको हो ।

[2] यो कुरा लेखिनु अघि नै त्यस शिलालेखमा पाटनका राजा सिद्धिनर्सिंह मल्लका किल्लाहरू जिते भनी प्रतापमल्लले लेखाएका छन् ।

कान्तिपुरका राजा प्रतापमल्लको एउटा शिलालेखमा गरिएको छ । यस घटनाको व्याख्या सूर्यविक्रम ज्ञवालीले यस किसिमबाट गर्नु भएको छ 'किरोंगको रक्षाका निम्ति सिद्धिनरसिंह मल्लले आफ्ना मित्र गोर्खाका राजा रामशाहका छोरा डम्बर शाहलाई गुहार्नु स्वाभाविक छ । गोर्खाको सेनालाई पहाडमा प्रतापमल्लको सेनाले हराएका कुराको पनि यसै शिलालेखमा वर्णन छ' ।[1] यस घटनाबाट गोर्खा र पाटनको कति घनिष्ठ मितेरी रहेको थियो भन्ने स्पष्ट बुझिन्छ । डम्बरशाहपछि आर्का प्रतापी राजा पृथ्वीपतिशाह हुनुअघि भएका कृष्णशाह र रुद्रशाहको पालामा खास महत्त्वपूर्ण घटना भएको कुनै ऐतिहासिक प्रमाण पाइएको छैन ।

ई० १६६९ को वर्षमा सिहासनमा बसेपछि पृथ्वीपति शाहले आफ्नो राज्यलाई धेरै किसिमबाट अघि बढाई काठमाडौं उपत्यकासँग ज्यादै हिमचिम बढाएको थाहापाइन्छ । यिनका पालाका ऐतिहासिक घटनाहरूमध्ये सबभन्दा पहिलो हो ई० १६७८ मा कान्तिपुरका राजा नृपेन्द्रमल्लसँग मीत लगाउनु । एउटा 'ठ्यासफु'मा यस घटनाको विवरण दिदा 'ललितपुरका र भक्तपुरका समेत भारदारहरूको समक्ष मीत लाइयो' भनी लेखिएकोले[2] यसको निकै महत्त्व मानिएको थियो भन्ने देखिन्छ । यसपछि त पृथ्वीपतिशाहको पालाभरि अनेक कुरामा उपत्यकाका मल्ल राजहरूसँग एकमतो भएको देखिन्छ । माथि उल्लेख गरिएको 'ठ्यासफु' मा ई० १६८३ को मिति दिई ? ले 'आक्रमण गरेकोले कान्तिपुर, ललितपुर, भक्तपुर, गोरखा र लमजुङका राजाहरू मिली मकवानपुरमा लडाई गर्न गए' भनी टिपिएको छ ।[3] यो अभियान जुन उद्देश्यले[4] गरिएको थियो त्यो सफल भएको पनि बुझिएको छ ।[5]

ई० १६८६ सम्म पृथ्वीपति शाहको कान्तिपुर र भक्तपुर राज्यसँग मित्रता रहिरहेकै देखिन्छ किनभने उक्त मितिको एउटा ठ्यासफुमा राजा पार्थिवेन्द्र मल्ल र भक्तपुरका राजा जितामित्र मल्लले मोहन चोकमा पृथ्वीपति

---

[1] नेपाल उपत्यकाको मध्यकालीन इतिहास पृ. १४९ ।

[2] पूर्णिमा, ३. पृ. ७३ ।

[3] ऐजन, पृ. ७६ ।

[4] मुसलमानी आक्रमण ?

[5] पूर्णिमा, ३. पृ. ७६ ।

शाहसँग भेट गरे भनी लेखिएको छ । पाटन चाहिं यस अवसरमा नबोलाइएकोले एकलो परेको कुरा पनि त्यसमा लेखिएको छ ।[१] तर ई० १७०२ मा आएर कान्तिपुरलाई छुट्टचाई गोर्खा, ललितपुर, भक्तपुर, मकवानपुर र उपाध्या यी श्री ५ देशका राजाहरूले 'एकानि मित्र एकानि शत्रु' गरी सन्धि गरिएको थियो । यो घटना तामापत्रमा टिपिएको छ । यो टिपोटमा यो सन्धिको शर्त 'ललितपुरले भक्तपुरको सल्लाहा नलिईकन कान्तिपुरसँग गुहार मान्यो भने चालीस हजार रूपियाँ भक्तपुर, गोर्खा, मकवानपुर र उपाध्या यी चार देशका राजाहरूले ललितपुरलाई अँठचाई लिनू' भन्ने थियो ।[२]

पृथ्वीपति शाहको पालामा भएको आर्को महत्त्वपूर्ण घटना आन्तरिक सैनिक स्थितिबारे भएको थियो । यसमा एउटा घटना त लम्जुङसँग सीमानाबारे तकरार र आर्को चाहिं तोप बनाउनेमा छ । हाल गोर्खा दरबारमै रहेको यो तोपमै लेखिएको अभिलेख अनुसार पृथ्वीपति शाहको पालामा ई० १७१४ को वर्ष राजपुत्र चन्द्ररूपशाहले यो तोप बनाउन लगाएका थिए ।[३] यस घटनालाई गोर्खाको सैनिक प्रगतिको भावी परिप्रेक्ष्यमा ठूलो महत्त्व दिनुपर्दछ ।

पृथ्वीपति शाह जीवित छँदै उनका युवराज वीरभद्र शाह परलोक भएका हुनाले केही कचिंगल अवश्य उठेको थियो तर गद्दीका हकवाला वीरभद्र शाहका छोरा नरभूपाल शाह नै गोर्खाका भावी राजा हुने भन्ने निश्चय भएपछि त्यस्तो कचिंगल पनि साम्मे हुन गएको थियो ।

बाजे पृथ्वीपति शाहको ई० १७१६ मा स्वर्गवास भएपछि नरभूपाल शाह सिंहासनमा बसे । वंशावलीमा यिनलाई शुरूदेखिनै अत्यन्त विजिगीषु भएको बयान गरिएको छ र उनको पालामा यस्तै घटना पनि भएको देखिएको छ । नरभूपाल शाहको पहिलो सैनिक जमर्को कान्तिपुर र ललितपुरका राजासँग मिली भक्तपुरलाई मिच्ने कार्यक्रमसँग सम्बन्धित रहेको देखिन्छ । ठिमी बालकुमारी मन्दिरमा रहेको ई० १७३१ को तामापत्रमा रणजित् मल्लले 'कान्तिपुर, ललितपुर र गोर्खाका राजाले ओभू कब्जा गरी सोमलिङ्गकोटमा ठाना हालेर बसेको बेलामा ती तीनै राजाको ठाना हटाएर

---

[१] पूर्णिमा, ३. पृ. ७७ ।

[२] ऐजन

[३] गोर्खाका ऐतिहासिक सामग्री, पृ. १६ ।

त्यही दिन ओभू फिर्ता गराएको भन्ने कुरा लेखाएका छन् ।[1] यद्यपि यो कार्यक्रम असफल भएको उक्त उद्धरणबाट स्पष्ट हुन्छ तैपनि यसबाट नरभूपाल शाहको नीति त स्पष्टै हुन्छ । जस्तो 'ओभू' को घटना असफल भयो त्यस्तै ई० १७३७ मा कान्तिपुर अन्तर्गत पर्ने नुवाकोटमाथि विजय गर्न गरिएको हमला पनि असफल भएको कुरा वंशावलीको विवरणबाट थाहा पाइन्छ जसको परिणामस्वरूप नरभूपाल शाहको मन असन्तुलित हुन गयो भन्ने भनाइ छ । यसबाट गोर्खा राज्यमा केही असन्तुलन आए पनि योग्य भारदारहरूको आडमा यो राज्यको स्थितिमा केही परिवर्तन आएन तर परिवर्तनको चिरप्रतीक्षा त छँदै थियो र त्यो आयो पनि विस्तार-विस्तारै, नरभूपालशाहकै छोरा पृथ्वीनारायण शाहको जन्मसाथै (ई० १७२२) ।[2] पिताको स्वर्गवास भएपछि यिनी गोर्खाको सिंहासनमा पनि बसे–२० वर्षको उमेरमा । पिता-पुर्खाको राज्य बढाउने अभिलाषाले त उनलाई सानै उमेरदेखि प्रभावित पारेकै थियो । यसैले उनले आफ्नो जीवनको बाँकी ३२ वर्ष यसै काममा लगाए । पृथ्वीनारायण शाहले विजयको श्रीगणेश आफू राजा भएको आर्कै वर्ष आफ्नो २२ वर्षको उमेरमा नुवाकोटको विजय गरेर गरे अनि त उनको हौसला पनि बढ्न गयो । उनी दिलोज्यानले काठमाडौं–उपत्यका जिती छाड्ने विचारमा लागे । २५ वर्षको अथक परिश्रमपछि उनको यो उद्देश्य सफलीभूत भयो । तर यो बीचको २५ वर्षको अवधिको इतिहास ज्यादै रोचक छ राजनीतिक इतिहासको दृष्टिकोणले । यही अवधिभित्र उनले मकवानपुरमा विजय गरे, त्यहाँ आफूलाई उठीबास लगाउन आएको मुसलमान फौज र उपत्यकाका मल्ल राज्यको गुहारको निम्ति आएको अग्रेज फौजलाई पनि परास्त गरेका थिए । ई० १७६९ मा उपत्यकाका तीनै राज्य जितिसकेपछि ई० १७७५ मा आफ्नो इहलीलाको अन्त्य नहुञ्जेल उनले आफ्नो राज्यलाई पूर्वमा सिक्किमसम्म पुऱ्याइसकेका

---

[1] पूर्णिमा, ४. पृ० ५९–६० यसैमा ओभूको घटनाबारे अरू सूचना पनि हेर्नू ।

[2] पृथ्वीनारायण शाह अधिको गोर्खा राज्यको माथि बयानिएका कुरा त्यति प्रख्यात नभएका हुनाले यहाँ अलि लामो विवरणसाथ प्रस्तुत गरिएको हो । पृथ्वीनारायण शाहबारेका ऐतिहासिक घटनाहरू प्रख्यात भैसकेका हुनाले त्यसबारे यहाँ छोटकरी विवरण मात्रै दिइएको हो ।

थिए । यसरी पृथ्वीनारायण शाहले सानो राज्य गोर्खालाई यति ठूलो पारी भताभुंग भैसकेको पुरानो नेपाल राज्यको पुनरुद्धार गर्ने मुख्य-मुख्य काम गरिसिध्याएपछि उनका उत्तराधिकारीहरूले पनि यस कामलाई आखिर पूरा गरिछोडेका थिए ।

पृथ्वीनारायण शाहको स्वर्गवासपछि उनका दुई छोरामध्ये जेठा प्रतापसिंह शाह राजा भए तर उनले तीन वर्ष जति मात्रै शासन गर्न पाए किनभने उनको स्वर्गवास भरिलो जवानीमै ई० १७७८ मा भयो । त्यस वेला उनका छोरा रणवहादुर शाह दुई वर्ष ६ महिनाका बालक थिए । सिंहासनमा उनै वसे तर संरक्षकको रूपमा पहिले उनकै आमा राजेन्द्रलक्ष्मी र पछि काकाबहादुर शाहले राजकाजको काम ढपक्क ढाकेका थिए । यसै वेला पश्चिमतिर सैनिक अभियान थालियो र कुमाउँसम्म विजय हासिल गरियो । अर्थात्–अब गोर्खा राज्य वा काँचुली फेरेको नेपाल–राज्य पूर्वमा सिक्किम-देखि पश्चिममा गढवालसम्म फैलियो । यस राज्यको राजधानीचाहिं पृथ्वीनारायणले कान्तिपुरमै सारेका हुनाले यहीं रहिरह्यो ।

पृथ्वीनारायण शाहकै जीवितावस्थाको अन्त्यतिरदेखि शाहवंशमा केही फूट पनि आउन थालिसकेको थियो । दाजु पृथ्वीनारायणको विजय–यात्रामा उनका चारै भाइ महोद्दामकीर्त्ति शाह, दलमर्दन शाह, दलजित् शाह र शूरप्रताप शाहले धेरै मिहिनेत गरेका थिए र उपत्यका जितेपछि अघिका एक-एक मल्ल राज्य र अरू कुनै राज्य पाउने उनीहरूले आशा गरेकोमा त्यत्रो मिहिनेत गरी बनाएको राज्यलाई फेरि टुक्रिन नदिन पृथ्वीले उनीहरूको इच्छा पूरा हुन नदिनु एकदम ठीक थियो । तैपनि स्वार्थका यस्तै कुराले गर्दा त्यस्तो टम्म मिलेको राजखलक यसरी फुट्नाले नेपाली राजनीतिको इतिहासमा नराम्रो असर पर्न गयो । प्रतापसिंह र उनका भाइ बहादुर शाहमा पनि कहिल्यै राम्रो र विश्वासिलो सम्बन्ध रहेन । प्रतापसिंहपछि पनि राज्यको संरक्षिका भएकी उनकी रानी राजेन्द्रलक्ष्मी र बहादुर शाहको राम्रो सम्बन्ध हुन सकेन । यस परिस्थितिले गर्दा नेपालको स्थितिमा निकै नै अन्तर आएको अन्दाज गर्न सकिन्छ किनभने पृथ्वीको स्वर्गवासपछि पनि प्रतापसिंह र बहादुर शाहमा मेल भएको भए भारदारहरू पनि यता र उताको गूटमा नबाँडिई वीर र बुद्धिमान्‌हरूको यौटा बलियो संगठन हुन्थ्यो र बेलैमा राज्य-विस्तार गर्ने काम पनि निकै अगाडि बढिसक्ने थियो ।

अनि, त्यस्तो स्थितिमा नेपाल निकै वलियो भैसक्ने थियो र भारतमा शक्ति बढाउँदै गएका अंग्रेजहरूलाई निकै अँठ्याउन अप्ठेरो पर्ने थिएन । तर आपसमा वेमेल रणवहादुर र बहादुर शाह–काका भतीजा-को पालामा झन् बढ्यो जसको परिणामअनुसार पछिल्लाको नराम्रोसित पतन हुन गयो । परिणामस्वरूप आएको अनुशासनहीनताको वातावरणले भारदारहरूलाई पनि गाँज्न थाल्यो र यसको दिगो प्रभाव आन्तरिक मामिलामा मात्र हैन राज्यविस्तारको कार्यक्रममा पनि पर्न गयो । तत्कालीन परिस्थितिको यो रूप भए पनि केही भारदार पश्चिममा काश्मीरसम्म राज्य बढाउने उद्योगमा लागिरहेकै थिए ।

त्यस्तो हानथापको आन्तरिक राजनीतिमा हुर्केका रणबहादुर शाहले आफ्ना काका बहादुर शाहलाई पन्छाई राजकाज गर्न थालेपछि परिस्थिति झन् चम्किन गयो । उनका केही व्यक्तिगत कारणले गर्दा रणवहादुर शाहले २३ वर्षको उमेरमा आफ्नी प्रियतमा रानीवाट जन्मेका करीब १॥ वर्षका गीर्वाण युद्धविक्रम शाहलाई गद्दीमा राखी आफू स्वामी भए । भारदारहरू झन्-झन् गूटवन्दीमा लागेका र आफ्नी प्रियतमा रानी (कान्तवती) को मृत्यु भएकोले पनि रणवहादुरको मानसिक र राजनीतिक स्थिति बिग्रिन गयो । यसपछि उनी र उनका आफ्नै भारदारमा युद्धसम्मको स्थिति आइपुग्यो । तर भारदारहरूको अगाडि केही सीप नलागी रणबहादुर आफ्नी जेठी महारानी राजेश्वरी देवी, सर्दार भीमसेन थापा र दलभंजन पाँडेहरूलाई साथ लिई काशीमा गई वस्न थाले (ई० १८००) । उनकी माहिली महारानी सुवर्ण प्रभादेवीले गीर्वाण युद्धको संरक्षिका वनी मूलकाजी कीर्तिमान सिंह बस्नेत र काजी दामोदर पाँडेको सहयोगबाट राजकाज चलाउन थालिन् ।

गीर्वाणलाई सिहासनमा राख्दा रणवहादुर शाहको उद्देश्य आफ्नू मुख्तियार वा संरक्षक वनी शासन चलाउने थियो तर भारदारहरूबाट यस कुरामा स्पष्ट सहमति नजनिएकोले उनीलाई नेपाल छोडी अंग्रेजहरूको राज्यभित्र पर्ने काशीमा गई आश्रय लिनुपऱ्यो । यसरी अंग्रेजको राज्यमा वस्दा अंग्रेजहरूले रणवहादुरको समस्यावाट आफ्नो फाइदा गर्ने तरीका खोज्न थालेका थिए । अंग्रेजहरूले केही शर्तमा रणवहादुरको पक्षको समर्थन गर्ने प्रस्ताव राखेका थिए तर त्यसमा सहमति हुन नसकेकोले नेपालका आर्का

दल–महारानी सुवर्णप्रभा र काजी दामोदर पाँडेहरूले यस परिस्थितिलाई आफ्नो पक्षमा पारी ई० १८०१ मा ईष्ट इण्डिया कम्पनीसँग दोस्रो सन्धि गरे । ईष्ट इण्डिया कम्पनीसँग भएको पहिलो सन्धि बहादुर शाहको पालामा ई० १७९२ मा भएको थियो जो चाँडैनै अनेक कारणहरूले गर्दा सेलाउन गएको थियो, हाल गरिएको सन्धिअनुसार रणबहादुर शाहलाई नेपालका भारदारहरूको फाइदाका लागि बनारसमै राखिराख्ने र नेपालतर्फबाट उनलाई भत्ताको व्यवस्था गर्ने कुरा स्वीकार गरिएको थियो ।

पृथ्वीनारायणको सेखपछि नेपालको राजनीतिमा जुन अनुशासनहीनताको वातावरण आएको थियो त्यसमा गूटबन्दीका मुख्य कारणले कहिले यो गूटको भारदार मारिन्थ्यो र कहिले आर्को । बहादुर शाहले उस बेलाका एक जना काजी सर्वजीत रानालाई कटाएका थिए । अहिले पनि मूलकाजी कीर्तिमान सिह बस्नेतको गुप्त रूपले हत्या भयो । ठूलो काटमारको वातावरण त अझ पछिका लागि बाँकी नै रहेको थियो ।

उता काशीमा रणबहादुर अंग्रेजहरूको कैद जस्तैमा बसिरहेका थिए तर उनी त्यहाँबाट फुत्की आफ्नै राजधानी गई राजकाज आफैं चलाउन चाहन्थे । यसको लागि उनी नेपालका अरू भारदारहरूलाई (मुख्य विरोधी दामोदर पाँडे बाहेक) बराबर चिठी लेखी आफ्नो पक्षमा पारी अनुकूल वातावरण तयार पारिरहेका थिए । यसरी चिठी पठाइनेहरूमा प्रतापसिंहका भित्रिनीपट्टिका छोरा अर्थात् भाइ शेरबहादुर पनि थिए । तर यसैबीच के कारण परेर हो (कसैले झगडा पनि मानेका छन्) रणबहादुरकी जेठी रानी राजराजेश्वरीदेवी आफ्ना पतिलाई काशीमै छोडी नेपालतिर लागिन् । नेपालका त्यस बेलाका समर्थ पक्षले उनलाई बाटैमा रोकी नजरबन्द गराउने प्रयत्न गरे तर सफल भएनन् । आखिर सुवर्णप्रभालाई हटाई राजेश्वरीले आफैं संरक्षिका बनी राजकाज चलाउन थालिन् । केही हत्या पनि भयो । यसपछि यी रानीले ईष्ट इण्डिया कम्पनीका राजदूतलाई नेपाल छोड्न लगाइन् र फलस्वरूप अंग्रेजसँग गरिएको दोस्रो सन्धि, ई० १८०४ मा भंग भयो । राजराजेश्वरीले यसरी परिस्थिति बनाए पनि रणबहादुर शाहका खास विरोधी दामोदर पाँडेलाई कज्याइँबाट हटाइनन् वा हटाउन सकिनन् जसले गर्दा रणबहादुरलाई नेपाल आउने यौटा छेकाबार त बाँकी नै रह्यो । उता अंग्रेजसँग गरिएको सन्धि खतम भएपछि उनीहरूले रणबहादुरमाथि

पनि खास नियन्त्रण गरेनन् । अब नेपाल पस्ने उपयुक्त वातावरण भयो भन्ने ठानेर रणवहादुर आफ्ना दलवल (सर्दार भीमसेन थापा, पण्डित रङ्गनाथ पौडेल, काजी दलभंजन पाँडे र प्राणशाह) सहित नेपालतिर लागे । काजी दामोदर पाँडे पनि यसै लत्रिने मानिस थिएनन् र उनी फौजसमेत लिई रणवहादुरलाई कैद गर्न भनी थानकोट पुगे । राजभक्त फौजले दामोदर पाँडेको आशयमुताबिक काम नगरी रणबहादुरलाई स्वागत गरे र उल्टो दामोदरलाई नै समाते । आखिर रणबहादुरले यिनको हत्या गराए । रानी राजराजेश्वरी निर्वासित भई हेल्मूमा बस्न गइन् । अब भीमसेन थापाको सहयोगबाट रणबहादुर मुख्तियार भई राजकाज गर्न थाले । अब दामोदर पाँडेको ठाउँमा भीमसेन थापा प्रधानमन्त्री सरह हुन पुगे । तर यति मिहिनेत गरी पाएको शक्तिको उपभोग रणबहादुरले गर्न पाएनन् किनभने उनलाई आफ्नै सौतिना भाइ शेरबहादुरले काटी दिए । यो घटना ई० १८०५ मा त्यस बेला भयो जब रणबहादुर आफ्ना भारदारहरूसँग राजकाजका विषयमा पुर्पच्छे गर्न थालेका थिए । आक्रमणकारी शेरबहादुरले पनि आफ्नो ज्यान जोगाउन पाएनन् किनभने घटनास्थलमै वालनरसिंह कुंवरले उनलाई काटिदिएका थिए । यो घटनाको षड्यन्त्रमा मिलीमतो गरेको आरोपमा भीमसेन थापाले चौतरिया विदुर शाही, काजी नरसिंह, काजी त्रिभुवन र पाल्पाका राजा (जो काठमाडौंमा नजरबन्द थिए) पृथ्वीपालसेनलाई मार्न लगाए । शेरवहादुरका वालक सन्तानहरू पनि मारिए ।

अब फेरिएको परिस्थितिमा रणबहादुर काशीबाट आएपछि विहे गरिएकी रानी ललितत्रिपुरसुन्दरी वालक गीर्वाणकी संरक्षिका वनिन् र भीमसेन थापा शक्तिशाली प्रधानमन्त्री । यसै बेला पश्चिममा सैनिक अभियान पनि वढाइयो । अमरसिंह थापा पश्चिममा कुमाउँबाट विजय गर्दै गर्दै गढवालदेखि सतलज नदीको पूर्वपट्टिको किनारासम्म पुगे । सतजलपारिपट्टि रहेको किल्ला काँगडा जित्ने दाउमा उनी लागेका थिए तर अनेक कारणहरूले गर्दा सफल हुन सकेनन् । उता अंग्रेजहरू नेपालको राज्यविस्तारको क्रमलाई शंकालु आँखाले हेरिरहेका थिए र तराईपट्टिको सीमानामा ऊसँग नेपालको झगडा पनि चलिरहेको थियो जसको निहुँले गर्दा ई० १८१५–१६ को युद्ध भयो । यसमा अनेक कारणले गर्दा नेपालले हार्नुपर्‍यो र ‘सुगौली सन्धि’ गर्नुपर्‍यो, अर्थात् आफूले कत्रो मिहेनेत गरी जितेका क्षेत्र छोडी खुम्चिएर र आफ्ना सवै महत्त्वाकाङ्क्षालाई तिलाञ्जलि दिएर बस्नुपर्‍यो । सन्धिअनुसार

अंग्रेजका राजदूत नेपाल राजधानीमा आएर बस्न थाले । यसरी राजदूतावास खोलिदा आफ्नो आन्तरिक मामिलामा हस्तक्षेप हुन्छ भनेर धेरैसम्म यस्तो परिस्थितिलाई रोकिराख्ने प्रयत्न नेपालबाट भएको थियो तर आखिर यो स्थिति पनि आइपुग्यो । यसरी प्रत्यक्षत: भीमसेन थापाको नीति असफल सिद्ध भयो । यो सन्धि भएको धेरै पछिसम्म पनि अंग्रेजहरूलाई हराउनुपर्छ र सबैले मिलेर अंग्रेजहरूलाई भारतबाटै उठिबास लगाउनुपर्छ भन्ने धारणा रहिरह्यो जो कहिल्यै चरितार्थ नभएको स्पष्ट छ ।

आफ्नो राज्यको त्यत्रो ठूलो भाग हरिएपछि पनि भीमसेन थापाले प्रधानमन्त्रीको पद छोड्नु पर्ने स्थिति आएन, बरु दिनदिनै उनको शक्ति बढ्दै गयो । खास गरी सानै उमेरका गीर्वाणको पालामा र ई० १८१६ मा उनको कलिलै उमेरमा स्वर्गवास भएपछि सिंहासनमा बसेका उनका तीन वर्षका छोरा राजेन्द्रवीरविक्रम शाहको पालामा पनि । ई० १८३२ मा आफ्नो मृत्यु नहुञ्जेल ललितत्रिपुरसुन्दरी पनि आफ्ना नातिकी पनि संरक्षिकाको रूपमा रहिरहिन् ।

ई० १८१६ को युद्धबादनै भीमसेन थापाले देशको आर्थिक स्थिति सुधारी बलियो फौजको संगठन गर्ने र अंग्रेजहरूको विरुद्ध अभियान गर्ने योजनामा भारतका अनेक राज्यहरूसित सम्पर्क राख्न थालेका थिए । तर एक त माथि ठाउँ-ठाउँमा भनिएझैं भारदारहरूमा मेल थिएन र अंग्रेजहरू पनि त्यत्तिकै बसिरहेका थिएनन् झन् अब त नेपाल राजधानीमै उनीहरू आइपुगिसकेका थिए जहाँबाट भारदारहरूको फूटबाट फाइदा उकास्ने काममा लिप्त भइरहेका थिए । भीमसेन थापाका विरोधी पाँडेहरू अवसरको ताकमा त छँदै थिए । यस्तैमा राजेन्द्रवीरविक्रम शाह पनि राजकाज गर्न सक्ने उमेरमा आइपुगिसकेका थिए र भीमसेन थापाको त्यो चकचकी देखिसहनसक्नु उनको लागि आर्कै कुरा थियो । त्यहाँमाथि पनि उनलाई उनकी दुई रानी साम्राज्यलक्ष्मी र राज्यलक्ष्मीले भीमसेन थापाको विरुद्ध उचाल्न थालिसकेका थिए । भीमसेन थापाका विरोधी पाँडे खलकका रणजंग पाँडे राजा र महारानीहरूका प्रियपात्र हुन पुगेका थिए । उनीहरूले षड्यन्त्र गरी ई० १८३८ मा 'जर्नेल' भीभसेन थापाको सैनिक अधिकार पहिले खोसे र अलि दिनपछि उनलाई नेल र हतकडीसहित बन्दी गरियो । साथै भीमसेन थापाको पक्षका महत्त्वपूर्ण व्यक्तिहरू पनि समातिए र उनीहरूको पनि सर्वस्व गरियो ।

यो सब जेठी महारानी साम्राज्यलक्ष्मीका ६ महीनाका छोरा 'कान्छा युवराज' देवेन्द्रविक्रम शाहलाई एक जना वैद्यको हातबाट ओखतीको निहुँमा बिख खुवाएर मारेको आरोपमा भएको थियो। केही महीनापछि भीमसेन थापाहरू आरोपमुक्त गरिए र कैदबाट छोडिए, सर्वस्व पनि फिर्ता भयो। यति खेर भीमसेन थापाको ठाउँमा रंगनाथ, दलमंजन पाँडे र रणजंग पाँडे मन्त्री भएका थिए। यसपछि फेरि यो 'मन्त्रिमण्डल' फेरिई चौतरिया पुष्कर शाह र काजी रणजंग पाँडे मात्रको मन्त्रित्व भयो। यसपालि यो गूटले भीमसेन थापामाथि पुरानै बिख-मुद्दा पल्टायो र भीमसेन थापा फेरि थुनामा परे। अब यो विकट स्थितिबाट उम्किने अरू कुनै बाटो नदेखी भीससेन थापाले आत्महत्या गरी इहलीला समाप्त गरे (ई० १८३९)।

भीमसेन थापाको पतनपछि अन्दाजी आठ वर्षको अवधिभित्र राजनीति र कूटनीतिका यति किसिमका घटना भए तिनको गणना गरेर साध्य छैन भने पनि हुन्छ। पुराना अनुभवी र राज्यका हितैषी प्रधानमन्त्री भीमसेन थापाको पतन गराउनामा जेठी महारानी र रणजङ्गको मुख्य हात थियो। रणजङ्गले त आफ्ना बाबु दामोदर पाँडेको हत्याको वदला लिए। अब महारानीको वास्तविक इच्छा राजेन्द्रलाई सिंहासनबाट पदच्युत गराई उनको ठाउँमा आफ्ना छोरा सुरेन्द्रविक्रम शाहलाई गद्दीमा राख्ने थियो। राजेन्द्रपछि गद्दीका हकवाला सुरेन्द्र नै भए पनि उनलाई कान्छी महारानीको डर थियो कि कहीं उनी आफ्ना छोरालाई गद्दीका हकवाला नवनाऊन्। रणबहादुर शाहको पालामा यस्तो पनि भएकोले उनी हडबडाएको हुनुपर्दछ। भीमसेन थापापछि राजकाजको बागडोर एक किसिमले यिनैको हातमा परेको थियो र यिनका सहयोगी थिए रणजङ्ग। यस्तो अन्योलको बेलामा पनि अंग्रेजहरूसँग युद्ध गरेर पहिले गुमेका आफ्ना क्षेत्र उकास्ने उद्देश्यले सबैलाई पिरिरहेकै थियो। राज्यको ढुकुटी रित्तोप्राय: हुँदा फौजलाई दिने तलब धेरैसम्म रोकिंदा र 'नयाँ प्रशासन' ले फौजको तलब पनि घटाउने भन्ने कुरा चल्दा फौजले एक किसिमको विद्रोह गर्‍यो। (ई० १८४०) तर राजेन्द्रले हस्तक्षेप गरी फौजलाई सम्झाई बुझाई तलब नघटाएका हुँदा यो विद्रोह शान्त पनि भयो। ई० १८४० कै वर्ष तराईको सीमानामा अंग्रेजसँग खटपट भयो, अनि मन्त्रिमण्डलमा परिवर्तन भयो जसमा जेठी महारानीका समर्थक रणजङ्गले ठाउँ पाएनन्। फत्तेजङ्ग चौतरियाको प्रधानमन्त्रित्वमा यो मन्त्रिमण्डलमा रङ्गनाथ, कृष्णराम, फत्तेजङ्ग चौतरिया, गुरुप्रसाद शाह

चौतरिया, दलभञ्जन पाँडे र अभिमान राना राखिएका थिए । जेठी महारानीले रणजङ्ग पाँडे हटाइएकामा राजेन्द्रसँग विद्रोह प्रकट गरिन् अनि केही नलाग्दा काशीवास गर्न जान्छु भनी उनी तराईतिर लागिन्, उनको पछिपछि राजेन्द्र लागे र उनीलाई फर्काएर ल्याए । उनले फेरि आफ्ना छोरा सुरेन्द्रलाई गद्दीमा राख्ने ढिपी गर्न लागिन् र यसपल्ट पनि 'काशीवास' को निहुँ गरी तराईतिर लागिन् । राजेन्द्र पनि उनलाई फुल्याएर फर्काउन पछिलागे तर हेटौंडामा यी महारानीको स्वर्गवास भैदियो (ई० १८४१) । अब उनको ठाउँ कान्छी महारानी राज्यलक्ष्मीले लिइन् । (ई० १८४३) । उनले पनि आफ्नै जेठा छोरा रणेन्द्रविक्रमलाई गद्दीमा राख्ने ढिपी लिन थालिन् र यो काममा सहायताको लागि ई० १८३८ देखिनै मुग्लानिएका माथबरसिह थापालाई बोलाइन् । माथबर नेपाल आए र उनको स्वागत महाराजा र महारानीले गरे र प्रधानमन्त्री हुन आग्रह पनि गरे । आफ्ना काका भीमसेन थापा र पूरा थापा खलकलाई अघि गरिएको बेइज्जतीको साटो जितापत्र पाएमा प्रधानमन्त्रीको पद सम्हाल्ने माथबरले शर्त राखेकाले यसै गरियो । भारदारहरूको सभामा उक्त पुरानो (विखमुद्दाको) अभियोगलाई झुट्टा सावित गरियो र त्यो मुद्दा तयार पार्ने पाँडे खलकका करबीर पाँडे र कुलराज पाँडेलाई ज्यान सजाय दिइयो र मृत्युशय्यामा रहेको रणजङ्गको बेइज्जती गरियो, जसपछि उनको मृत्यु भयो । अरू पनि केही मानिस काटिए, कतिका नाक काटिए अनि ४० जनाको सर्वस्व हरण भई देशबाट निकालिए, यत्रो काण्ड गराएपछि ई० १८४३ मा राजेन्द्रले माथबरलाई प्रधानमन्त्री र जर्नेल बनाए । जुन उत्साह लिएर माथबरले काम थालेका थिए त्यस अनुसारको परिस्थिति थिएन । कान्छी महारानीले त माथबरलाई आफ्ना छोरा रणेन्द्रलाई गद्दी दिलाउने कामको मद्दतको लागि पो बोलाएकी थिइन् । तर माथबरले त्यो काममा समर्थन गरेनन् । उता स्वयं सुरेन्द्र पनि बाबुलाई गद्दी छोड्न कर गर्न थाले र त्यसो नभएकोमा उनी 'कहिल्यै नफर्कने' भनी केही मानिस साथ लिई तराईतिर हिंडे (ई० १८४४) । उनीलाई फुल्याउन माथबर र राजेन्द्र पनि पछि लागेर हेटौंडा पुगे । त्यहाँ बाबु-छोरामा केही चर्काचर्की पनि पऱ्यो र राजेन्द्रले केही सीप नलागी आफूले गद्दी नछोडे पनि राजकाजमा छोरालाई सबैजसो अधिकार सुम्पेको घोषणा गरे । यस काण्डमा १५–१६ जना मारिए पनि । सुरेन्द्रलाई यति अधिकार दिलाउनमा माथबरको जोड भएकोले अब राजेन्द्र

र राज्यलक्ष्मी माथबरका विरोधी हुन पुगे । सुरेन्द्रले त्यति अधिकार पाएपछि माथवरको शक्ति जसरी बढ्यो त्यसरीनै पुराना भारदारहरू राजधानी छोडी ज्यान बचाउन मदेसतिर लाग्न थाले । यसैबीच माथवरले आफ्नो सुरक्षाको लागि तीन कम्पनी फौज पनि खडा गरेका थिए तर उनको विरुद्ध षड्यन्त्र यहाँसम्म पुग्यो कि ई० १८४५ मा (१७ मे) राती राजदरबारमा बोलाई एक्कासी गोली हानी उनको हत्या गरियो ।

माथबरको हत्यापछि राजेन्द्रको शक्ति पनि बढ्यो र उनले आफ्नो सुरक्षाको लागि आफ्नो पक्षका फत्तेजंग चौतरियालाई मदेशबाट बोलाई प्रधानमन्त्री थापे । मन्त्री सरहका काम गर्नेहरूमा गगनसिंह, अभिमान राना, दल भञ्जन पाँडे र जंगबहादुर थिए । यिनीहरूले बिभिन्न विभागका काम सँभाले, जंगबहादुरले चाहिं तीन फौजको तैनाथी पाए । तर यी सबैमध्ये महारानीका प्रियपात्र गगनसिंहको भने ठूलो प्रभाव थियो । यो स्थितिमा जङ्गबहादुर मात्र यस्ता व्यक्ति थिए जसले तत्कालीन परिस्थितिको आँत फेला पारिसकेका थिए । यसै बीच (१४ सेप्टेम्बर १८४६ ई०) आफ्नै घरमा गगनसिंहको हत्या भयो र परिणामस्वरूप प्रख्यात 'कोतपर्व' भयो र जङ्गबहादुरले महारानीबाट प्रधानमन्त्री र प्रधान सेनापतिका पद पाए । यस कुराले राजेन्द्रको स्थिति विकट हुन गयो । अनि भयो 'भण्डारखालपर्व' जसको मुख्य कारण महारानी जङ्गबहादुरसँग असन्तुष्ट हुनु थियो । कोतपर्व सिद्धिएपछि महारानीले रणेन्द्रलाई सिंहासनमा राख्ने कामका मुख्य बाधाका रूपमा रहेका सुरेन्द्र र उनका भाइ उपेन्द्रलाई गुप्त रूपले हत्या गरिदिन चिठी लेखेकी थिइन्, जसको टेरपुच्छर जङ्गबहादुरले लगाएनन् र उल्टो राजकुमारहरूको हत्याको योजना गरेको आरोपमा महारानीलाई कैद गरी सजायँ समेत गर्नुपर्ने छ भनी जवाफ पठाएका थिए । आफूले त्यसरी पत्याएर पहिलेदेखि काखी च्यापेको मानिसबाट यस्तो ठाडो जवाफ आएकोमा महारानीको स्थिति झन् बिग्रियो र अब जङ्गबहादुरकै हत्या गराउने षड्यन्त्र गर्न थालिन् । तर यो षड्यन्त्रको पोल खुलेकोले षड्यन्त्रकारीहरूलाई नै जङ्गबहादुरले मिच्न पाए । यसरी २३ जना जतिको हत्या गरिसकेपछि भारदारी सभामा निर्णय गरेअनुसार अनेक गम्भीर षड्यन्त्र गरेकोले उनलाई काशीवास गर्न जान भनिएको थियो । अब परिस्थिति पल्टिएकोले दुई छोरा समेत महारानी र राजेन्द्र काशीतिर लागे । राजाको अनुपस्थितिमा सुरेन्द्र 'मुख्तियार' बने ।

काशी पुगेर पनि राजेन्द्रले राजशक्ति लिने र जङ्गबहादुरलाई शक्तिबाट हटाउने आखिरी प्रयत्नको योजनामा लागे। उनको यस काममा पहिले बेलाबेलामा भागी भारत पुगेका पुराना भारदारले पनि मद्दत गरेका थिए। योजनाअनुसार राजेन्द्र काशीबाट सुगौली आइपुगे (२५ मार्च १८४७ ई०) र स्पष्टतः यहींबाट उनले आफ्ना सल्लाहकारहरूको मतोद्वारा जङ्गबहादुरको हत्या गर्न पठाएका दुई जना मानिस काठमाडौंमा पक्रिए। यिनीहरूको साथमा जङ्गबहादुरको हत्या गर्ने कुराको उल्लेख परेका राजेन्द्रका सही-छाप समेत परेका चिठीपत्र पनि हुँदा जङ्गबहादुरले आफूले खोजेको निहुँ पनि पाए र भारदारहरूको समर्थनबाट राजेन्द्रलाई राज्यच्युत गरिएको घोषणा गरी १२ मे १८४७ ई० को दिन सुरेन्द्रलाई सिंहासनमा राखे। यस बेला सुरेन्द्र १८ वर्षका थिए। उता आफ्ना केही समर्थकहरूसाथ राजेन्द्रले तराईको सीमानामा ‘सैनिक’ कारबाई गर्न थाले जसलाई इतिहासमा ‘अलौपर्व’ भनिन्छ। तर यो काम पनि सफल नभएकोले राजेन्द्र पक्रिए र राजधानी ल्याई उनीलाई नजरबन्द गरी राखियो। यसरी उनी सदाको लागि नजरबन्दमा परे।

ई० १८४७ मा राजेन्द्रलाई राज्यच्युत गराएर सुरेन्द्रको राज्याभिषेक गरिएपछि नेपाली इतिहासको १०३ वर्षसम्मको युग अर्कै किसिमले चल्न थाल्छ अर्थात् जसलाई ‘राणाकाल’ भनिन्छ। ई० १८७७ मा मृत्यु नहुञ्जेल जंगबहादुरको जीवनमा धेरै किसिमका घटना पनि भए–खास गरी उनको हत्याको सततः प्रयत्न। तैपनि उनले सधैं नै सचेत भई योग्यतापूर्वक राजकाज चलाए। उनको जीवनका प्रमुख घटनाहरू हुन् ई० १८५० मा यूरोप यात्रा, ई० १८५७ मा भारतको ‘सिपाही विद्रोह’ मा अंग्रेजहरूको सक्रिय सहायता, ई० १८५५ मा भोटसँग युद्ध र सफलता, इ० १८५६ मा ‘श्री ३ महाराज’ को पद-प्राप्ति–जसको उपभोग उनका सन्तानहरूले पनि गर्न पाउने भए। ई० १८६० मा अंग्रेजहरूबाट ‘नयाँ मुलुक’ को क्षेत्र फिर्ता पाउनु यौटा ऐतिहासिक घटना मान्नुपर्दछ किनभने त्यो क्षेत्र ई० १८१६ सुगौली सन्धिअनुसार नेपालले छोड्नुपरेको थियो। जङ्गबहादुरको जीवनकालमा भारतमा अंग्रेजका विरोधीहरू पनि थुप्रै शरणार्थी भई नेपालमा आएका थिए र तिनलाई अंग्रेजहरूको विरुद्ध केही षड्यन्त्र नगर्ने शर्तमा नेपालमा सम्मानसाथ उनले बस्न दिए र गाँस र बासको परिबन्द पनि मिलाइदिए। उनैले नयाँ ऐन–कानून पनि जारी गरे।

ई० १८४७ मा जंग प्रधानमन्त्री भएदेखि नेपालको आन्तरिक राजनीतिमा निकै स्थिरता आयो तर उनको तुलनामा गद्दीनशीन राजा र राजपरिवारको शासकीय महत्त्व नहुनाले त्यसमा स्थायी असन्तोष रहिरह्यो र आफ्नो शक्तिको पुनरुद्धारका असफल प्रयत्न ई० १९५० सम्म विभिन्न रूपमा अनवरत चलिरह्यो । यो वाहेक जङ्गको आफ्नै कुटुम्बमा पनि कहिल्यै मेल हुन सकेन यसको मुख्य कारण थियो– उनका आफ्ना सन्तान र भाइ तथा उनका सन्तानको दुईटा वर्ग खडा हुनु । आफूले पाएको 'श्री ३ महाराज' को पुस्तैनी अधिकार जङ्गले पहिले भाइहरूमा र पछि आफ्ना सन्तानमा र पछि फेरि भाइहरूका सन्तानमा पालैपालोसित रहने गरी रोल मिलाएर गएका थिए तर दुवै उत्साही राणावर्ग उसले उसलाई उछिन्न चाहन्थ्यो । यसले गर्दा पनि राणावर्गमा केही हत्याकाण्ड भएका थिए ।

राणाका दुई वर्गमा–जंगका ११ जना सन्तान–जगत्‌जङ्ग, जीतजङ्ग, पद्मजङ्ग, बबरजङ्ग, रणवीरजङ्ग, युद्धजङ्ग, डम्बरजङ्ग, ललितजङ्ग, रणजङ्ग, हर्षजङ्ग र वीरजङ्ग थिए; जङ्गका भाइहरूमा–बमबहादुर, बदरीनरसिंह, कृष्णबहादुर, रणोद्दीप, जगत्‌शम्शेर र धीरशम्शेर गरी छः जना र सौतिनेपट्टिका भक्तवीर थिए । यो दोस्रो वर्गमा पनि कान्छा धीरशम्शेरका १७ जना सन्तानको ठूलो डफ्फा–वीर शम्शेर, खड्ग, रण, देव, चन्द्र, भीम, फत्ते, ललित, जीत, जुद्ध, डम्बर, पूर्ण, यदु, खम्व, दुर्गा, शेर र हर्ष गरी–थियो । संख्याको दृष्टिले यो वर्ग बलियो पनि थियो । हुन पनि जङ्गपछिको राजनीतिमा यो डफ्फाले नै विशेष प्रभाव बनायो ।

जंगबहादुरको मृत्युपछि उनका ठाहिला भाइ रणोद्दीप प्रधानमन्त्री बने । यसको केही महीनापछि नै युवराज त्रैलोक्यवीरविक्रमको अकस्मात् मृत्यु भयो । राणाहरूको हातबाट राजसत्ता फेरि फर्काउने योजनामा उनी लागेका थिए र यस काममा अरू पुराना भारदारहरूको पनि सहयोग थियो तर उनको मृत्युले त्यो योजना स्थगित जस्तै भयो । ई० १८८१ मा सुरेन्द्रको पनि स्वर्गवास भयो र उनका ५ वर्षका नाति पृथ्वीवीरविक्रम सिंहासनमा राखिए । यसै साल पूर्व महाराजाधिराज राजेन्द्रको पनि ६९ वर्षको उमेरमा स्वर्गवास भयो ।

राणवर्गमा बढिरहेको फूट र षड्यन्त्रको फलस्वरूप ई० १८८५ मा धीरशम्शेरका जेठा छोरा वीरशम्शेरको नेतृत्वमा प्रधानमन्त्री रणोद्दीपको

हत्या भयो र यसै काण्डमा जंगका सन्तानहरूमा जगत्‌जंग, उनका जेठा छोराहरू मारिए अरू भाइहरू ज्यान जोगाई भारततिर लागे। वीरशम्शेर प्रधानमन्त्री भए। जंगका सन्तानहरूको सर्वस्व गरियो। वीर शम्शेरको विरुद्ध उनकै सहयोगी भाइहरूमा पनि पछि फूट आयो, उनीहरूले असफल षड्यन्त्र गरे र आखिर त्यसका नेता खड्गशम्शेर पाल्पा धपिए जहाँबाट पछि उनी भारत गई बस्न लागे। भारततिर लागेका जंगका छोराहरूमध्ये रणवीर जंगले ई० १८८८ मा नेपाल तराईमा निकै ठूलो विद्रोह गरेका थिए तर वीरशम्शेरले यस दलका ५३ जना जतिलाई सखाप पारी यसलाई साम्मे पारे। १६–१७ वर्ष शासन गरेपछि ई० १९०१ मा यिनको मृत्यु भयो अनि प्रधानमन्त्री देवशम्शेर भए। यिनी ज्यादै सोझा हुँदा यिनलाई आफ्नै भाई चन्द्रशम्शेरले ३ महिनाभित्रै जबर्दस्तीसँग पदच्युत गरे र उनको ठाउँमा आफैं प्रधानमन्त्री भए। जंगबहादुरदेखि अंग्रेजहरूको भक्ति गर्ने चलन आइरहेकोमा चन्द्रशम्शेरको विशेषता अझ त्यसमा वृद्धि गराउनुमा रहेको छ तैपनि यिनको पालामा अंग्रेजसँग यस्तो सन्धि भयो जसमा नेपालको स्वतन्त्र सत्ता र अस्तित्व स्वीकार गरिएको छ (ई० १९२३)। यसै बेला पृथ्वीवीरविक्रमका जेठा युवराज श्री ५ त्रिभुवनको ३० जून १९०६ ई० मा जन्म भयो।

जंगबहादुरले अंग्रेजहरूसित घनिष्ठ सम्वन्ध राख्ने गरेकोमा चन्द्रशम्शेरले यस कुरामा निकै ध्यान पनि दिएका थिए, ई० १९०३ मा अंग्रेजले तिव्वतमाथि गरेको सैनिक अभियानको सक्रिय समर्थन, ई० १९०६ मा भारतका अंग्रेज सेनापति लर्ड किचनरको नेपालमा स्वागत, ई० १९०७ मा चन्द्रद्वारा कलकत्तामा लर्ड मिन्टोसित भेट र ई० १९०८ मा गरिएको बेलाइत यात्रा यस सन्दर्भमा उल्लेखनीय घटना हुन्। ई० १९११ मा बेलाइतका नयाँ सम्राट् जर्ज पाँचौं 'दिल्लीदरवार'को अवसरमा भारत आएको बेला उनलाई चन्द्रले निम्त्याउँदा ठोरीमा शिकार खेल्न आएका थिए।

ई० १९११ मै ११ डिसेम्वरको दिन पृथ्वीवीरविक्रमको स्वर्गवास भयो र सिंहासनमा ५ वर्षका त्रिभुवन राखिए तर राज्याभिषेकचाहिं दुई वर्षपछि ई० १९१३ मा गरियो। यसै बेला यूरोपमा (प्रथम) विश्वयुद्ध भएको थियो जसमा अंग्रेज पक्षको सहायतका लागि चन्द्रले निकै नेपाली सिपाही पनि पठाएका थिए। ई० १९१९ मा चन्द्रले पञ्जावबाट दुईटा डोला

झिकाई त्रिभुवनको विवाह गरिदिए। यसै वर्ष नेपालको पहिलो कलेज 'त्रिचन्द्र कलेज' को स्थापना भयो। ई० १९२० मा सती प्रथा रोक्ने आदेश भयो अनि ई० १९२४ देखि दासप्रथा हटाउने प्रबन्ध मिलाउन थालियो र एक वर्ष जतिमा यो गरिसिध्याइयो पनि। ई० १९२९ मा चन्द्रशम्शेरको मृत्यु भयो अनि उनका भाइ भीमशम्शेर प्रधानमन्त्री बने। ई० १९२१ मा त्रिभुवनका जेठा युवराज महेन्द्रको जन्म भयो।

भीम शम्शेरको समयदेखि नेपालमा पनि भारतमा अंग्रेजहरूबाट स्वतन्त्रता प्राप्तिको निम्ति गर्न थालिएको आन्दोलनबाट प्रेरित भई यहाँको 'राणा सरकार' को विरोधमा विस्तारै बिस्तारै बिस्तारै भावना बढ्न थालेको थियो जो क्रमशः बढ्दै बढ्दै आउन थाल्यो। यो भावना खास गरी भीमशम्शेरपछि हुने प्रधानमन्त्री जुद्धशम्शेरको पालामा निकै अघि बढ्यो। ई० १९३३ मा भीमशम्शेरको अकस्मात् मृत्युपछि जुद्ध उक्त पदमा पुगेका थिए। ई० १९३४ मा नेपालमा ठूलो भूकम्प आयो जसले गर्दा जन-धन र प्राचीन स्मारकहरूको निकै नोक्सानी भयो।

जुद्धशम्शेरको प्रधानमन्त्रित्वको कालमा केही अघिदेखि देखिन थालेको राणा परिवारको फूट अझ स्पष्ट भयो। चन्द्रशम्शेरले राणा वर्गलाई 'ए, बी, सी' वर्गमा बाँडेर प्रधानमन्त्रीको नयाँ रोल बाँधेका थिए। भीमशम्शेरले आफ्नो पालामा 'सी' वर्गका राणाहरूलाई पनि 'रोल' मा पारेका थिए तर जुद्धले दवावमा परेर त्यस्ता 'रोल–वाला' हरूको वर्गलाई ई० १९३४ मा राजधानीवाट टाढा-टाढा 'बडाहाकिम' बनाएर पठाएर एक किसिमले पन्छाए। यस काण्डले धेरै राणाहरूलाई केही पछि गएर 'जन आन्दोलन'मा समेत सक्रिय भाग लिन लगायो र राणा-शासनको पतनलाई अझ नगिच्याया। यसै ताका यूरोपमा आर्को ठूलो युद्ध हुन थालेको थियो जसमा अघिल्लो युद्धमा चन्द्रलेझैं जुद्धले नेपाली सिपाही निकै पठाई अंग्रेजहरूको सहयोग गरेका थिए।

जन चेतनाको लहर नेपालमा र खास गरी उपत्यकामा जसरी बढ्दै गैरहेको थियो त्यसै गरी राणाशासकहरू त्यसलाई अनेक किसिमवाट दबाउन पनि लागिरहेका थिए। यस्ता काममा लाग्ने अनेकन् उत्साही व्यक्तिहरूलाई आर्थिक, लामो कैद र अरू किसिमका सजाय दिइन्थ्यो, यस्तैमा

ई० १९३७ मा केही उत्साही युवकहरूले गुप्त रूपले 'नेपाल प्रजा परिषद्' नाउँ गरी यौटा राजनीतिक संगठन खोलेका थिए। यसको उद्देश्य राणा शासन हटाई नेपालमा प्रजातन्त्रको स्थापना गर्ने थियो। आफ्नो स्थितिमा उकुस-मुकुस भएका श्री ५ त्रिभुवनले यस संगठनप्रति निकै रुचि लिएका थिए र परोक्ष रूपमा समर्थन पनि गरेका थिए। तर पछि यस संगठन बारे राणाहरूले थाहापाएपछि सम्वन्धितहरू मध्ये शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द्र र गंगालाललाई ज्यान सजायँ दिइयो र अरू मानिसहरूलाई जरीमाना, सर्वस्व, लामो अवधिको कैद र आजीवन कारावाससम्मको सजायँ गरिएको थियो।

जुद्धशम्शेरले ई० १९४६ मा आफ्नै 'राजीखुशी' ले 'वानप्रस्थी' वन्ने घोषणा गरी आफूपछिका 'रोलवाला' पद्म-शम्शेरलाई 'श्री ३ महाराज' को श्रीपेच लगाइदिई कालीगण्डकीको किनारामा गई वस्न थाले। नयाँ प्रधानमन्त्री 'नरम' विचारका भएकाले उनले नेपालको इतिहासमा शासकको मुखबाट, कहिल्यै ननिस्केको 'म राष्ट्रको नोकर हूँ' शव्द निकाले र त्यसै अनुसारका योजनाहरू बनाउन थालेका थिए। यस उद्देश्यअनुसार भारतबाट झिकाइएका तीन जना विशेषज्ञहरूको सल्लाहाअनुसार बनाइएको 'वैधानिक कानून' लागू गर्ने पद्मशम्शेरले घोषणा गरेका थिए (ई० १९४८)। उता 'जन आन्दोलन'को पक्षमा पनि भारतको 'राष्ट्रिय कांग्रेस पार्टी' को उदाहरणमा त्यहाँ पढ्न बसेका नेपाली युवकहरूले ई० १९४६ मा 'नेपाली राष्ट्रिय कांग्रेसको'को स्थापना गरेका थिए। त्यसै वर्ष युवराजाधिराज महेन्द्रका प्रथम पुत्र वीरेन्द्र वीरविक्रम शाहदेवको जन्म भयो।

पद्मशम्शेर जस्ता उदारवादीलाई आफ्ना उत्तराधिकारीहरूको कडा दवाबमा टिक्न मुश्किल पऱ्यो र उनले ई० १९४८ मा त्यागपत्र दिन पऱ्यो। यसपछि 'रोलवाला' मोहनशम्शेर प्रधानमन्त्री हुन पुगे। पद्मशम्शेरले लागू गर्न खोजेका 'वैधानिक कानून' को अव कुनै वास्ता गरिएन। तर मोहनशम्शेरले ई० १९४७ देखि भारत स्वतन्त्र भएको परिप्रेक्ष्यमा आफ्नो स्थिति बलियो पार्न पनि यूरोप, अमेरिका र एशियाका अनेक राज्यहरूसँग कूटनीतिक सम्वन्ध स्थापित गर्ने काम थालेका थिए, उता 'नेपाली कांग्रेस' पनि निकै गतिशील हुँदै थियो र सशस्त्र क्रान्ति नगरी प्रजातन्त्र आउने सम्भावना नदेखी त्यसै गर्न थालिसकेको थियो।

उता पृष्ठभूमिमा रहेका श्री ५ त्रिभुवन पनि छटपटिइरहेकै थिए र अवसर खोजी ६ नोभेम्बर ई० १९५० को दिन सपरिवार भारतीय राजदूतावासमा शरण लिन पुगे र ४ दिनपछि भारतकै हवाइजहाजद्वारा दिल्ली पुऱ्याइएका थिए। मोहनशम्शेरले त्रिभुवनलाई राजदूतावासबाटै फकाउने-फुल्याउने चेष्टा व्यर्थ भएकोले उनले त्रिभुवनलाई राज्यच्युत गरिएको घोषणा गरी उनकै ३ वर्षको माहिला नाति ज्ञानेन्द्र वीरविक्रम शाहलाई ८ नोभेम्बर ई० १९५० को दिन राज्याभिषेक गरिदिए। भारत सरकारले भने त्रिभुवनलाईनै वैधानिक महाराजाधिराज मानेकाले र सोझो दवाब उतैबाट परिरहेको अनि यसै बेला नेपाली कांग्रेसले पनि नेपालका धेरै भागमा सशस्त्र क्रान्ति पनि गरेकोले मोहनशम्शेरले त्रिभुवनसँग सम्झौता गर्नैपऱ्यो। सम्झौता भएपछि श्री ५ त्रिभुवन १५ फेब्रुअरी ई० १९५१ मा नेपाल फर्के र १८ फेब्रुअरीको दिन नयाँ मन्त्रिमण्डल पनि बनाइयो जसमा मोहनशम्शेर नै प्रधानमन्त्री थापिए। यस मन्त्रिमण्डलमा नेपाली कांग्रेस तर्फवाट पनि ५ जना राखिएका थिए। केही पछि मन्त्रिमण्डलको पुनर्गठन गर्नु पर्ने स्थिति आइपऱ्यो र पहिलेका एकजना मन्त्री ववरशम्शेर झिकिए। यसै वर्ष तेस्रो पल्ट मन्त्रिमण्डलको पुनर्गठन गर्दा मोहनशम्शेरको ठाउँमा नेपाली कांग्रेसका मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भए। यसरी अब नेपालको शासनमा राणहरूको एकतन्त्री शासनको समाप्ति र प्रजातन्त्रको उदय भयो।

ई० १९५१ देखि आज (ई० १९९३) सम्मका परिवर्तन र उपलव्धि त हाम्रै सामुन्ने छ र हामीले देखेका र सुनेका पनि छौं। उक्त मितिदेखि ई० १९५५ सम्म श्री ५ त्रिभुवनको निर्देशमा तत्कालीन परिस्थिति अनुरूप जनतावाटै मनोनीत मानिसहरूवाट प्रशासनका काम चल्न थाल्यो र नयाँ विधानहरूको रचना गरियो। युगौंदेखि चली आएका धेरै खालका वन्देजहरू हटाइए र स्वच्छन्द वातावरणको सिर्जना गरियो। ई० १९५५ मा श्री ५ त्रिभुवनको स्वर्गवास भएपछि उहाँकै जेठा युवराज श्री ५ महेन्द्रको राज्यारोहण भयो।

२००७ सालदेखि चलिरहेको राजनीतिक अस्थिरताको वातावरण २०१६ सालको आमचुनावले साम्मे गर्ने उद्देश्य सबैले राखेका थिए। यो आमचुनावको परिणामस्वरूप,नेपाली कांग्रेस पार्टीले संसदीय स्थानहरूमा

बहुमत ल्याएकोले सोही पार्टीका बी. पी. कोइरालाको प्रधानमन्त्रित्वमा मन्त्रिमण्डल गठित भई नेपालको इतिहासमा वास्तविक प्रजातन्त्रको युगको समारम्भ भएको देखिन्छ ।

तर, २०१६ को आमचुनावपछि संसदको गठन र नेपाली कांग्रेसले राज्यसञ्चालनको सूत्र हातमा लिन थालेदेखि २०१७ साल पुस १ गतेको दिन श्री ५ महेन्द्रले संसदीय व्यवस्था भग गर्ने र बी. पी. कोइरालाको मन्त्रीमण्डल जबर्दस्ती भंग गरी उहाँ कोइराला लगायत आफ्नो सिद्धान्तमा अडान लिने बहुदलवादी अधिकांश राजनेताहरूलाई झ्यालखानामा आराम गर्न पठाइदिनु भयो । यो घटनाको मूल कारण रहस्यमयनै छ तर यसलाई श्री ५ महेन्द्र र बी. पी. कोइरालाबीच व्यक्तित्वको टक्कर भएको रूपमा पनि हेर्ने गरिन्छ ।

२०१७ साल पुस १ गतेदेखि श्री ५ महेन्द्रले शुरुमा आफ्नै नेतृत्वमा र पछि मन्त्रीमण्डल बनाई राजनीतिक गतिविधि सञ्चालित गरी पछि 'निर्दलीय पञ्चायती व्यवस्था'को राजनीतिक पद्धति र संसद (राष्ट्रिय पञ्चायत)को गठन गराइयो । यस्तै किसिमले नेपालको राजनीति संचालित हुँदै जाँदा २०२८ मा श्री ५ महेन्द्रको स्वर्गवास भएपछि श्री ५ वीरेन्द्रको राज्यारोहण भयो ।

२०२८ सालपछि भएका मुख्य घटनामा त्यस समय प्रतिबन्धित भएका नेपाली कांग्रेसका बी. पी. कोइराला आदि नेताहरूको दवाबका कारण 'बहुदलीय' र 'निर्दलीय' राजनीतिक व्यवस्था बीच जनमत संग्रह २०३६ मा गराइयो । निर्दलीयले जितेको घोषणा गरियो र यसको फलस्वरूप पंचायती व्यवस्था झन् बलियो भई अनियन्त्रित जस्तो हुन गएको थियो र यस्तै कारणहरूले यो पंचायती व्यवस्था पनि दिनदिनै क्रमशः कमजोर र खोक्रो हुँदै जाँदा बहुदलवादीहरू अलि अलि गरी सक्रिय हुँदै जान थाले । यस्तै क्रममा २०४६ चैत महीनामा जन-आन्दोलन चर्केर पंचायत व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था आरम्भ भएको राजकीय घोषणा गरियो । यो घटनापछि नेपाली कांग्रेस पार्टीका अध्यक्ष श्री कृष्णप्रसाद भट्टराईको प्रधानमन्त्रित्वमा कम्यूनिष्ट आदिका प्रतिनिधिसमेत सम्मिलित अन्तरिम मन्त्रिमण्डल गठन भयो । यसले २०४७ कार्त्तिक (२३ गते) नयाँ संविधान निर्माण र लागू गर्ने र २०४८ वैशाखमा आमचुनाव पनि सम्पन्न गरायो ।

यो चुनावमा नेपाली कांग्रेसले संसद्का बहुसंख्यक आसन (सीट)हरूमा विजय पायो । यसको फलस्वरूप २०४८ जेठदेखि श्री गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा मन्त्रीमण्डल गठित भई राज्यसंचालन भइरहेको छ । (२०५० कार्त्तिक) साल सालदेखि अहिले २०५० सम्मको अवधिमा राजनीतिक क्षेत्रमा धेरै किसिमका राजनीतिक प्रयोग र परिवर्तन भएका छन् जसले सांस्कृतिक क्षेत्रमा ठूलो प्रभाव परेको छ ।

आर्थिक आधारशिला

ईस्वीपूर्वका केही शताव्दी अघिदेखि नै यौटा स्वतन्त्र राष्ट्रको रूपमा रहिआएको नेपालको स्पष्ट आर्थिक स्वरूप पनि रही आएको थाहा पाइन्छ । कृषि, पशुपालन, व्यावसायिक कार्यहरू आदि प्रारम्भिक आर्थिक अवस्था पार गरी नेपालले ईस्वीपूर्व चौथो शताव्दीतिरै आन्तरिक वाणिज्य-व्यापारमा गतिविधि वढाई अन्ताराष्ट्रिय व्यापारको क्षेत्रमा समेत पाइलो हाल्न थालिसकेको थाहापाइन्छ । त्यसै पृष्ठभूमिमा नेपाल-राज्यका विभिन्न अञ्चलका केन्द्रहरूमा र खास गरी काठमाडौं उपत्यकामा शहरीकरणको स्थिति ईस्वीका प्रारम्भिक शताव्दीहरूमा स्पष्ट भैसकेको देखिन्छ । यसैले हामी भव्य मन्दिरका सन्दर्भ र भव्य मूर्तिहरूका उदाहरण नै पाउँछौं जुन ग्रामीण स्थितिको सभ्यतामा उपलव्ध हुनु असम्भव छ । लिच्छविकाललाई 'सुवर्णयुग' भन्नुपरेको यसैले हो । मध्यकालतिर त शहरीकरणको प्रक्रिया झन् वढेको देखिन्छ । जव काठमाडौं उपत्यकाभित्रै अघिदेखिका प्रमुख तीन ठूला शहरवाहेक सानातिना अरु केही शहरहरू पनि जग्मगाउन थालेका थिए । पश्चिममा पनि खसमल्ल राजाहरूको भव्य राजधानी जग्मगाई रहेको थियो । यसरी भव्य शहरहरूको निर्माणको प्रारम्भिक आधार कृषि क्षेत्रमा सफलता, आन्तरिक वाणिज्य-व्यापारको उन्नत प्रगति र अन्ताराष्ट्रिय व्यापारको उन्नत स्थिति आदि थिए । त्यो भन्दा पनि राजनीतिक स्थिरता र सामाजिक शान्तिको स्थिति हो । यही पृष्ठभूमिमा मध्यकालीन नेपालको जाज्वल्यमान् सभ्यता र संस्कृति अडेको र वढेको थियो र साहित्य, कला, र वास्तुकलामा प्रचुर प्रगति भएको थियो ।

उत्तरमध्यकालतिर नेपालको राजनीतिक स्वरूपमा स्थानीयकरणको तीव्र प्रक्रिया शुरू हुँदा सांस्कृतिक क्षेत्रमा पनि आञ्चलिक बिभाजन

हुन गएको र यसले गर्दा सभ्यता र संस्कृतिलाई टेवा दिने राजनीतिक सुझबूझ र क्षत्रियोचित वीरता एकातिर र कलाकारका समूह एकातिर, राजनीतिक क्षमता एकातिर र विद्वत्ताको वातावरण एकातिर पर्न जाँदा आर्थिक विकासको गति छिन्नभिन्न हुन पुगेको देखिन्छ। तैपनि अनेक कारणहरूले गर्दा काठमाडौं उपत्यकामा सांस्कृतिक गतिविधि, अवसर र स्थिति अनुकूल चलिरहेकै देखिन्छ। तिब्बतसँगको घनिष्ठ व्यापारिक र अरू आर्थिक सम्बन्धले गर्दा यो भेक वैभवशाली पनि थियो। यस्तै अनेक कारणहरूले गर्दा पृथ्वीनारायणशाहले यस भेकमा आँखा लगाएका थिए र धेरै मिहिनेतपछि यो काममा उनीले सफलता पनि पाएका थिए। अर्थात् पृथ्वीनारायण शाहको महत्त्वाकाङ्क्षा आफ्नो राज्यको आर्थिक समृद्धि र आर्थिक स्वतन्त्रता नै थियो जसको लागि राज्यको बनावट पनि त्यस्तै हुनु आवश्यक थियो। विदेश-व्यापारको कारणले मल्ल राजाहरूले वैभव प्राप्ति गरेको उदाहरणले पृथ्वीनारायण शाहलाई तीव्र रूपले प्रेरित गर्दा उनले तिब्बतसँग आर्थिक क्षेत्रमा घनिष्ठता स्थापित गर्न धेरै प्रयत्न गरेका थिए जुन काममा सफलता उनका उत्तराधिकारी प्रतापसिंह शाहदेवको पालामा प्राप्त भएको थियो।

उता राज्यविस्तारको क्रम बढ्दै जाँदा राजकीय रूपमा बाहुनहरूलाई जग्गा बिर्ता दिने, व्यक्तिगत उपयोगको लागि जग्गा बकस दिने र धार्मिक संस्था (मन्दिर र धर्मशाला) हरूलाई स्थायी आम्दानीको लागि जग्गाको गुठी राख्ने र राख्न दिने चलन वेगसाथ चल्न थालेको देखिन्छ। यस कुराका अनेक स्पष्ट उदाहरणहरूको चर्चा यस ग्रन्थमा ठाउँ-ठाउँमा गरिएकै छ।[१]

नेपाली इतिहासका अरू जुगको तुलनामा राज्यको भूमिव्यवस्था, राज्यका आम्दानीका अन्यान्य स्रोत र जनताका जिविका सम्बन्धी कुरामा क्रमशः विकास गर्दै ल्याइएको देखिन्छ। प्रशासन व्यवस्थालाई सुदृढ र प्रभावशाली समेत पारी उक्त स्थितिलाई सुदृढ र प्रभावशाली समेत पारी

---

१. हाल राजगुठी (राजपरिवारबाट राखिएको गुठी)जग्गा मात्रै ७७००० विघा छ भन्ने थाहा पाइएको छ (हेर्नुहोस्–रामप्रसाद श्रेष्ठ–संस्थागत परिवर्तन र भूमिसुधार, गोरखापत्र – बिहीवार असोज १० गते २०३१)।

उक्त स्थितिलाई बलियो पार्ने कामसमेत यो युगमा हुँदा त्यसको प्रभाव राम्रो परेको देखिन्छ ।

यसो त पृथ्वीनारायण शाहकै पालादेखि नेपालको आर्थिक स्वरूपमा प्रशस्त परिवर्तन हुन थालेको देखिन्छ तर खास गरी प्रतापसिंहको शासनकालदेखि रणबहादुर शाह र गीर्वाणयुद्धको शासनकालको बीचमा यो कुरा अझ स्पष्ट रूपबाट परिलक्षित हुन्छ । उक्त अवधि (ई० १७६०–१८१६) मा क्रमशः राज्यविस्तार हुँदै नेपालले यौटा विशाल क्षेत्र ओगट्दछ र त्यसभित्र तराईका वहुमूल्य क्षेत्र पनि सम्मिलित हुन गए । ई० १८१६ को सुगौलीसन्धिपछि पनि नेपालको स्थिति हेरी तराईका केही क्षेत्र कायमै भएकामा नेपालको आर्थिक स्थिति उपयुक्त हुन गएको हो ।

आर्थिक प्रशासनको कुरामा पनि पृथ्वीनारायण शाह सचेष्ट थिए । प्रतापसिंहको पालामा भूमिको वर्गीकरण गरी जिन्सी (धान आदि उब्जनी) को सट्टा पैसै पोता (कर) लिने सुविधाजनक व्यवस्था गरियो । रणबहादुर शाहको पालामा त एक किसिमले 'विर्ता उन्मूलन' (६२ हरण) नै गरियो र आर्थिक प्रशासनमा पनि प्रशस्त काम गरिएको थियो । उक्त शासनकालमा वहादुर शाहले मुख्तियारको रूपमा यौटा महत्त्वपूर्ण काम गरेका थिए त्यो हो रजवन्धकी जग्गा निखन्नु । झण्डै यक्षमल्लको सेखपछिदेखि नेपाल उपत्यका र सम्भवतः अरूअरू क्षेत्रमा पनि स्वयं राजाद्वारा नगद रुपियाँको आफ्नो खाँचो टार्न धनी-मानी प्रजालाई जग्गा धितो दिई रुपियाँ लिने गरिन्थ्यो । स्वयं पृथ्वीनारायण शाहले यस रीतिले आफ्नो खाँचो पूरा गर्ने गरेका थिए । यस कामले गर्दा राज्यको आम्दानीमा नराम्रो प्रभाव पर्ने गर्दथ्यो किनभने त्यसरी बन्धकी राखिने जग्गाको मालिकले कुनै किसिमको कर तिर्नु पर्दैनथ्यो । बहादुर शाहले त्यस्ता जग्गा निखनी यस समस्याको उचित समाधान निकालेका थिए । राज्यभरिका कृषियोग्य (वा अरू-जंगल आदि पनि ?) जग्गाको नापी पनि गराएका थिए । यिनै कारणहरूले गर्दा शाहकालमा ई० १७९५ तिर राज्यको ढुकुटी निकै भरी हुन थालेको थियो, नत्र त्यसअघि सरकारको आर्थिक स्थिति सन्तोषजनक थिएन यद्यपि ई० १७५० तिरको गोर्खा राज्य र ई० १७७० कै वा ई० १७७८ को गोर्खा राज्यको आयस्ताको स्थितिमा निक्कै परिवर्तन भैसकेको थियो ।

गोर्खा राज्यको क्रमशः आर्थिक स्थिति बलियो हुँदै गएको कुरा तत्तत्कालमा गरिएका निर्माण र दानका कामहरूबाट पनि स्पष्ट हुन्छ ।

नुवाकोट जस्तो महत्त्वपूर्ण व्यापारिक केन्द्रको विजय गरेपछि पृथ्वीनाराय शाहले त्यहीं ई० १७६२ मा साततले दरबार र ई० १७६९ मा काठमाडौं विशाल वसन्तपुर दरबार बनाएका थिए । उनको स्वर्गवासपछि लग भार्दारहरूले बडा-बडा महल बनाउन थालेको देखिन्छ । ई० १७७६ मा काज सरूपसिह कार्कीले चिकँमुगलमा यौटा 'महल' बनाए; त्यसै वर्ष काज अभिमान सिंह बस्नेतले केलटोलमा 'मानमन्दिर' बनाए र ई० १७९३ म नारायणहिटी भेकमा 'कीर्तिमन्दिर' बन्यो । साथै दानधर्म र मन्दिर थाप चलन पनि साथसाथै चल्न थाल्यो जसको क्रम अलिल पछि बढ्दै-बढ्दै गएक कुराका उदाहरण यस ग्रन्थका पानाहरूमा यथास्थान गरिएकै छ ।

यद्यपि परिस्थितिलाई सराहनीय किसिमबाट सम्हालिएको हुँ तैपनि ई० १८०६ देखि ई० १८१६ सम्मको र ई० १८१६ देखि ई० १८३ सम्मका दुई अवधिलाई हामी आर्थिक रूपले सम्पन्न युग भन्न सक्दछौं । उक्त ३१ वर्षको अवधि भीमसेन थापाको प्रधानमन्त्रित्वको युग हो र तिनले नेपालको आर्थिक स्थिति बलियो गराएको थाहा पाइन्छ । ई० १८०६ देखि ई० १८१६ सम्म त नेपाल राज्य टिस्टादेखि सतलजसम्म विस्तृत भएको थियो र राज्यको आम्दानी पनि त्यस्तै थियो तर एक त त्यसैको प्रभाव र अर्को चाहिं आन्तरिक वाणिज्य-व्यापारमा वृद्धि हुँदा राज्य घटे पनि ई० १८१६–३७ को अवधिमा पनि नेपालको आर्थिक स्थितिमा खास परिवर्तन आएन । राज्य घटेर पनि राज्यको आम्दानीमा खास परिवर्तन भएन भनेर भन्ने कारण हो विजित क्षेत्रहरूमा आर्थिक प्रशासन व्यवस्था कहिल्यै राम्रो नहुनु र त्यसमाथि सैनिक खर्च थपिनु । यस कुराको यौटा स्पष्ट प्रमाण त यही छ कि ई० १८१६ को ठूलो हारपछिनै त्रिपुरेश्वरको भव्य मन्दिर बनेको थियो ।[१]

---

[१] तर ई० १८१६ अघिको गौरवको प्रभाव साहित्यिक रचनाहरूमा परेको देखिन्छ । त्यस युगमा संस्कृत र केही अंशमा नेपाली साहित्यको पनि स्वरनै भिन्न छ । ई० १८११ को वाग्वती स्तम्भलेखको ओजपूर्ण संस्कृत पद्यहरू र त्यसैको नेपाली भाषाको गद्यको रूप निकै परिष्कृत र गौरवपूर्ण ध्वनिले विभूषित छ । तैपनि साहित्यकारले आफ्नो वातावरण र परिस्थितिलाई एक किसिमले लुकाउने क्षमता पनि पाएका हुन्छन् जुन ई० १८१६ को लगत्तै पछिका रचनाहरूमा देखिन्छ । अपवादका रूपमा

ई० १८१६ देखि ई० १८३७ सम्मको युगलाई हामी शाहकालको सबभन्दा शान्तिपूर्ण युग भन्न सक्दछौं । यस युगमा सैनिकीकरण र शहरीकरणको यौटा उच्च स्थिति पुगेको देखिन्छ जसको चर्चा तत्कालीन कवि लेखकले गरेका पनि छन् । तत्कालीन सैनिक स्थितिको बयान यदुनाथ पोख्रेलले एक श्लोकमा यसरी व्यक्त गरेका छन्:–

नेपाल्महाँ कम्पु तयार् भयाको
डिल्ली तखत्मा त खबर् गयाको ।
लख्नौ नवाफ्को थरहर् पऱ्याको
चारै दिशा बन्दुक बम् भऱ्याको ।।[1]

सुन्दरानन्द बाँडाले ई० १८३१ मा लेखी सिध्याएको 'त्रिरत्न-सौन्दर्य गाथा'मा पनि तत्कालीन सैनिक मुख्यालय 'छौनी' को बयान यसरी गरिएको छ:–

"छौनी नाम राज्यका विष्णुमती पश्चिमका जगाको वर्णन गरिन्छ. कस्तो छौनी छन् भन्या अतिमनोहर बस्ति चित्र विचित्र रंगायाका सीसमहल रंग-महल प्रासाद देवालय अति उच्चा कोत आदि देवताहरूले पनि वास गरियाका औ सेता कमल राता कमल नीलकमल इन्द्रकमल कल्हार आदि जलपुष्प स्थलपुष्प पल्हायाका गुल्म लता लहरा पातहरूले शोभायमान भयाका उप-वनमा नाना रंग बिरंगका माछा कछुवाले षेलायाका जलले भरियाका वापी कूप तलाउ पनालिका धारा पानीले सुभिक्षस्थल भयाका औ हस्तिशाला अश्वशाला शिल्पशाला पण्यशाला दोकाम गैह्रले विशाल भयाका बुधजनले वर्णन गर्न लायक भयाका छौनी जौना दिन जमाइसकियो उसै दिनदेखि मेघ गर्ज्या जस्तो मत्त हातीका पुष्ट स्वरकन सुनि कैलास पर्वतले पनि लाज मानि रह्यो ।"[2]

एक दुई उजूरीमा त्यत्रो भूभाग गुमाउनु परेको तथ्यको संक्षिप्त चर्चा गरिएको पाइन्छ नत्र त्यो अवसादपूर्ण घटनाबारे कुनै कवि–साहित्यकारले एक श्लोकसम्म रचेको नपाइनु आश्चर्यको कुरो हो । तत्कालीन सरकारको नीतिले पनि यस्तो स्थिति उब्जाएको हुन सक्दछ ।

[1] बुइँगल पृ० २१ ।

[2] त्रिरत्न–सौन्दर्य–गाथा, पृ २३४.

ई० १८३१ ताक नेपाल राजधानीको आर्थिक–सामाजिक स्थितिस्वरूप कस्तो थियो भन्ने कुरा सुन्दरानन्द बाँडाले ‘त्रिरत्न-सौन्दर्य-गाथा’मा वर्णन गरेका छन् जसमा शहरीकरणको व्यस्तताको स्थिति स्पष्ट हुन्छ:–

“नेपाल भूमण्डलबिषे कांतिपुर राजधानीको संक्षिप्त वर्णन गरिन्छ । आसमुद्रांत पृथ्वीको पालक भयाका कतिनौ राजवर्ग भूमिविषे थिया तापनि इनिहरूले मान्य गर्न्या राजवर्गका नायक श्री ५ मन्महाराजाधिराजा राजराजेन्द्र विक्रम साहदेव जो छन्. तन्का बल्दो प्रतापका अग्निज्वालाले द्रारिद्र्य भस्म भैकन दुनिजा धनाढ्य भै पोषत हुँदा घरहि पुण्य कर्मकन गर्दा तेस् पुण्यका प्रभावले देश २ प्रति मनोरम घर उपवन नानादेवताका देवालय आदि चित्र विचित्रका महल आदि कोटहरूले शोभित देश भयाका कांतिपुर राजधानीकन देषीन् र इन्द्रका नगरी अमरावतीले वहुत लज्जाकन मानि आकाशदेषिन् वर्ल्हिकन कान्तिपुर राजधानीमा शरण आइन् ।”[१]

“अमरावतीस्वरूप कान्तिपुरमा चित्र-विचित्र रंग वर्णका महल्महा बुद्धिमान् ज्ञानिजन पंडितहरूले बन्दिजनहरुले गायाका गीतका शब्दले र स्तोत्रपाठ गर्‍याका मङ्गल ध्वनिले हृदय मनोहर भयाका घरभित्रका उपवन वगैंचाले निर्मल जलले भरिपूर्ण भयाका वापिका भया. ससाना पोषरी भया. फलफूल फल्याका नानाप्रकारका वृक्षले महाहृदय भयाका वगैंचाका पोषरीमा वापीमा जल जन्तु गोधा भया. मत्स्य भया. उद्र भया. कूर्म भया. इत्यादि जन्तु षेल्नाले चञ्चल छहरा पर्‍याका जल तरंगले रक्त नील श्वेत माछाका वर्णले कमलका फुल फुलन्याका वापीका पोषरीहरूले आकाशगंगा हो कि भन्न्या वगैंचाले नंदन उद्यान हो कि भन्न्या शंका पर्‍याका एस्ता कान्तिपुरी अमरावती हो कि भनि पर्‍याका छन् ।।”[२]

“जौना कांतिपुर राजधानीमा रंभादि अप्सरारूप भयाका मेघमल्लार आदि रागकन जान्न्या नटी भटीका समुदायले बजायाका मृदङ्ग सितार गितार वीणाका सुस्वर ध्वनिका शब्दले गवैया लोकका गान स्वर्गका दिव्यांगनाहरू आई पुग्ला भन्ना जस्ता हाहा हूहू गरि कोमल करतालले तरल भन्नु गलामा लायाका रत्नको माला हल्लाईकन अथवा सर्षारका डर लाग्दा

---

[१] ऐजन, पृ० २०८.

[२] ऐजन, पृ. २०८.

जस्तो चञ्चल गरि श्री ५ महाराजा महारानीको यश कीर्तन गर्‍याका गीतकन सुनेर यूपविषे बस्याका श्री हनूमानजी महाखुसि संग नाचता भया. एस्ता श्री हनूमान ढोकाको जयजयकार रहोस् ।।"[1]

"फेर कांतिपुर राजधानीमा कुबेरसमान दौलत भयाका धनी महाजनका दौकान लायाका गल्लिले टाडाबाट पर्‍याका भया पनि श्रीकाशी-सहरका बरोबरै दौलत् हुनु ईषलेझैं गरि लोक बाकला हुनाले दुनिआको हिड्नु डुलनुकन बाटा पनि चाडैं नमिल्न्या भयाका विशेष अक्षौहिणी समान कंपुका सिपाही कंपनि कबाज षेलन जाना आउना बषत छिचोलनु बाटातुटा पनि नपाउन्या श्री कालिकादेवीले शोभित भयाका काशीदेश झैं गरी श्वेतकाली ङतदेवीले शोभा पायाका ङतटोलमा विशेष गरि काशीबाट आउन्या ब्राह्मण वैद्यहरू भट्टहरू मिश्रहरू गंगापुत्रहरू जोरुसमेत भै आईकन वास गर्‍याका हुनाले साक्षात काशी सहर जस्ता भयाका ।।''[2]

''फेर श्री अन्नपूर्णदेवीले श्रीकाशीसहरझैं शोभायमान भयाका असन्नामा बजार थियो. सो वजार यज्ञराजा कुबेरका अलकानाम राजधानी हो की भन्या शंका पर्‍याका कुबेरका समान दौलत पायाका हजारौं धनि महाजनको बजार अन्नको दोकाम पानको दोकाम औषधीको दोकाम नाना-फलफूलको दोकाम चोष्य वस्तु भोज्य वस्तु लेघ्य वस्तु भक्ष्य वस्तु खाद्य वस्तु पेय वस्तु आदि भयाका नानातरहका रस रसायनका दोकामले र हिङ जिरो आदि किनारा (किराना वस्तुका) दोकामले पनि विराजमान भयाका भवानीका तारादेवीका मठ महल आदि चुन लायाका ढोका धर्मशाला सत्तरले विशेष मनोहर थिया ।।[3]

''नेपालभूमण्डल विषेका कांतिपुरनामा राजधानी सहरको वर्णन गरिन्छ. कस्ता सहर भन्या श्रीपदले युक्त भै अति शोभायमान भयाका वैरि राजाहरूले मनले पनि तर्कना गरि जितिनशक्न्या भयाका महाभाग्यरूपी रत्नका समुदायले अमरावतीसँग ईर्ष्या लायाका ठाउँ-ठाउँमा चित्र विचित्रका रंगविरंग सिसमहल रंगमहल इत्यादि पोषत हुनाले अनेक देव देवीहरू सुवर्णमय तन्का मन्दिरले पनि वहुतै झ्याइ दियाका लक्षण बुद्धि सिद्धि

---

१. त्रिरत्न–सौन्दर्य–गाथा, पृ २०८–२०९.

२. ऐजन, पृ. २०९.

३. ऐजन, पृ. २०९.

सुभिक्षले र सवलकार्य्यसिद्धि हुनाले ऐश्वर्य बढाउन्या भयाका साधु सज्जनका सौजन्यसमुदायले मनोरम भयाका रत्न सुवर्णादिका कल्याणधनले पूर्ण भयाका ।।"[१]

"एस् नगरीबिषे श्री ५ मन्महाराजाधिराजा श्री राजराजेन्द्रविक्रम साह महाराजाका सुधर्मासभा १ वीरसभा १ कामसभा १ धर्मराजी सभा १ विज्ञहरूका शास्त्रार्थसभा १ एति ५ पाँच सभामा मन्त्रिशिरोमणि श्री जनरल काजी भीमसेन थापाबाट शास्त्रमर्यादा नीतिनिशाप पूर्वक सदा सर्वदा चर्चा गर्नुहुँदा वहुतै गुलजार भयाका ।।"[२]

"जौन श्री ५ मन्महाराजा राजराजेन्द्रविक्रम शाहबाट रजाइ गर्नुहुँदा जस्ता प्रकारले सुमेरु पर्वतमा भीति भन्नु भएको नाम किंचित् रहदैन. तस्तै गरि मुलुकभरमा भयको लेश पनि रहेनछ. संपूर्ण दुनिया निराकुल भै स्वस्थ चित्तपूर्वक वास गरिरह्या. वावु आमाले पनि छोरा छोरिमाथिको सत्कृपा छोडेनन्. यस्ता संपूर्ण शुभ लक्षणकन देषि बडा वडा मुनिजनहरू पनि गंगा यमुना प्रयाग गैह्र तीर्थयात्रा गर्न छोडि नेपालमा वसि साक्षात् नारायणका अंश भयाका श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम शाह देवको नित्य दर्शन गरि मोक्ष पाउनाको कांछाले श्रीत्रिपुरेश्वर महादेवले उल्लास भयाका क्षेत्रविषे झुल्ली रह्याछन्. ठाउँ ठाउँमा सदावर्त औ पुण्यक्षेत्र हुनाले घरहि अतिथि अभ्यागतको संमान गर्नाले धर्मध्वजी भन्नु आफ्ना पेटका निमित्त भेष धार्या योगिहरू पनि असंख्यात पचित भैरह्याछन्".[३]

"तहापछि जनरल भीमसेन थापा मंत्री पायाका श्रीमन्महाराजाधिराज राजराजेन्द्रविक्रम शाह देवले पृथ्वीमण्डलको पालना गर्दा दुनियाले घर घर पिछे महाउत्साह गऱ्या. चारै वर्णका प्रजाले आफ्ना आफ्ना वर्णका ढेरै जना वटोलीकन एवं मया श्रुतं भन्याका गाथाकन ठाउँ ठाउँमा गाउँदछन्. बौद्धका स्थानमहाँ ये धर्मा भन्याका गाथा श्लोकको पाठ गर्दछन्. प्रातः कालविषे टोल टोलमाहाँ महाहर्षसित मार्कण्डेय उवाच गैह्र आदि गरिकन नानापुस्तकहरूकन चौवाटामां पनि पढ्दछन् निर्द्वन्दसित चित्तस्थिर

---

[१] त्रिरत्न–सौन्दर्य–गाथा, पृ. २१०.

[२] ऐजन.

[३] ऐजन. पृ. २१३.

गरेर माला जप्तछन्. देश देशका दुनियाले योग्य अनुसार वित्त शिल्पमाफिक दान धर्म गर्नामा तत्पर भै महाराजाको शुभाशिष दि ठाउँ ठाउँमा अनेक प्रकारका भजन गर्दछन्. महाषुसि छन्."[1]

शहरीकरणको यो प्रक्रिया क्रमशः बढ्दै गई आज कान्तिपुर र यसका वरिपरिका क्षेत्रमा घना बस्ती भैसकेको छ । 'राणाकाल' मा दरबारहरू बनाउने गरिएकोले यो कान्तिपुर शहरको स्तर पनि निकै बढेको छ । नेपालका अरू भागमा पनि ई० १९५० यतादेखि के पूर्व (विराटनगर, जनकपुर आदि), के पश्चिम (पाल्पा, सुर्खेत, पोखरा आदि) र के दक्षिण वीरगञ्ज, हेटौंडा, चितौन र भरतपुर आदि) सर्वत्र उल्लेखनीय स्वरूपका शहरहरू वनिसकेका छन् । यातायातको र औद्योगीकरणको प्रगतिको साथै यिनको द्रुततर प्रगति हुँदै जाने देखिन्छ ।

विदेश व्यापार र औद्योगीकरणको सन्दर्भमा अघिल्लोको त लामो इतिहास छँदै छ । ई० १९५१ पछि त यस क्षेत्रमा आशातीत उपलब्धि प्राप्त गरिएको हो तर यस क्षेत्रमा नेपालको भौगोलिक अवस्थानले गर्दा धेरै समस्या पनि आइपरिरहन्छन् । नेपालको मुख्य आर्जन कृषि हुँदा त्यसैको सन्दर्भमा कुटीर उद्योगहरू चली आएका हुन् यद्यपि धातु आदिका काम गर्ने अल्लि ठूला उद्योगहरू यहाँ अघिदेखि नभएका ह्वैनन् । तर आधुनिक अर्थमा भन्न सकिने उद्योगहरूको स्थापना ई० १९३६ तिर भएको देखिन्छ जब श्री ३ महाराज जुद्धशम्शेर जंगवहादुर राणाको प्रयत्नवाट उद्योग परिषद्को गठन भई त्यस अन्तर्गत नेपाल बैंक लिमिटेड, विराटनगर जूट मिल्स, मोरङ कटन मिल्स, नेपाल केमिकल्स र वीरगञ्ज कटन मिल्स आदि खोलिएका थिए ।[2]

नेपालमा आर्थिक असमानताको उत्पत्ति सम्भवतः शाहकालकै देन हो । यद्यपि 'आर्थिक असमानता' शीर्षक अल्लि भ्रमोत्पादक छ किनभने प्रत्येक देश वा समाजमा त्यसको स्थिति अनिवार्य रूपले रहेको हुन्छ र यो आरोपवाट कुनै देश र कुनै युग मुक्त हुन सक्दैन । तैपनि ज्यादा आर्थिक असमानतातिर हामीले औंल्याउन खोजेका हौं । अर्को कुरा त के भने यो

---

१. त्रिरत्न–सौन्दर्य–गाथा, पृ. २५३.

२. श्री ३ जुद्धको टुंडिखेलको सालिकको अभिलेख, अभिलेख संग्रह, भाग–८. पृ. ३१.

आर्थिक रूप नेपालमा ई० १८०५ सम्म हामीले औंल्याउन खोजे जस्तो रूपमा नरहेको देखिन्छ । वास्तविक कुरा त कै हो भने समाजका व्यक्तिहरू राजनीतिक-प्रशासनिक रूपबाट ठूलठूला ओहदामा पुगेपछि धनीमानी हुन्छन् र त्यस्तो ओहदामा समाजका सबैलाई आफ-आफ्नो योग्यताअनुसार पुग्ने परिस्थति र वातावरण छ भने झण्डै झण्डै एकैनासबाट समाजका समूहहरूमा समृद्धि बढ्दै गएको देखिन्छ । यदि त्यसो भएन भने त्यसको उल्टो स्थिति हुने स्पष्ट छ । त्यस्तो वातावरण बन्द गर्ने पहिला नेपाली भीमसेन थापा हुन् जस्तो लाग्दछ । ई० १८४६ पछि ई० १९५१ सम्म राणा प्रधानमन्त्रीहरूले यही काम गरेका थिए । यस नीतिको परिणाम त स्पष्ट रूपमा सांस्कृतिक गतिविधिमा पर्दछ र नेपालको तत्कालीन स्थितिमा परेको देखिन्छ । यस तथ्यको स्पष्ट विश्लेषण त यहाँ गरिरहनु सम्भव छैन तर नेपाली संस्कृतिको प्रवाहलाई आफ्नो त्यस्तो नीतिले पहिले भीमसेन थापाले केही रोके र पछि त्यसै कामलाई राणा प्रशासकहरूले राम्रैसँग रोके ।[1] यसैले हामी आजको स्थितिमा पारम्परिक कलात्मक गतिविधि ओज र प्रभावविहीन स्थितिमा पुगेको देखदछौं । उक्त अवधिका जति कलात्मक उदाहरणहरूको उल्लेख हामीले ठाउँ-ठाउँमा गरेका छौं ती, यस तथ्यको आधारमा हेर्दा अपवादका रूपमा मात्र देखापर्दछन् । वातावरण साँच्चै उपयुक्त भएको भए शाहकालले अझ राम्ररी देन दिन सक्ने परिस्थिति थियो र भविष्यमा दिने आशा गर्न सकिन्छ ।

राजनीतिक क्षेत्रमा एकै परिवारको हात रहेको हुँदा ई० १८४६ देखि असन्तोषको जुन व्यापक वातावरण बन्न थाल्यो त्यसले आर्थिक क्षेत्रलाई त ढपक्कै ढाकिदियो र परिणामस्वरूप आर्थिक असन्तोषको तीव्र

---

१. भीमसेन थापाले जत्तिसुकै शक्ति बढाएको भए पनि उनले राजपरिवारको शक्ति र प्रभावमा कमी गरेका थिएनन् । यसैले राजपरिवारबाट हुने सांस्कृतिक कार्यहरू बन्द भएनन् । तर राणाप्रशासकहरूले त्यसको उल्टो गरेकोले १०४ वर्षको लामो अवधिसम्म राजपरिवारतर्फबाट सांस्कृतिक कार्य गर्ने उपयुक्त परिस्थिति नआएको देखिन्छ । यद्यपि यस कुराका केही अपवाद भेटिन्छन् तर मुख्य रूपमा त्यही कारणले गर्दा पनि सांस्कृतिक गतिबिधिको क्षेत्रमा यौटा ठूलो व्यवधान आएको देखिन्छ ।

वातावरण तयार भयो । यस कारणका परिणाम पनि नराम्रा हुन गए । ई० १९५१ देखि समाजमा आर्थिक र राजनीतिक एकाधिकार समाप्त गर्न बिर्ता उन्मूलन, जमीन्दारी उन्मूलन, राजा-रजौटा उन्मूलन, झारा-बेठ बेगारको उन्मूलन गरी भूमिसुधार जस्तो कार्यक्रमसमेत चलाई सरकारले युग सुहाउँदो काम गरी वातावरणलाई सकेसम्म स्वच्छ पार्ने प्रयत्न गरिआएको छ । यसको तात्कालिक प्रभाव जनजागरणको रूपमा भएको छ जसलाई यथोचित बाटो लगाउन सके निकट भविष्यमा अरू-अरू क्षेत्रमा झैं सांस्कृतिक गतिविधिको स्तर बढ्ने र व्यापक हुने आशा तथा विश्वास गर्न सकिन्छ ।

यौटा भूपरिवेष्ठित देशको रूपमा नेपालको आर्थिक प्रगतिको यौटा खास स्थिति रही आएको छ । यो यथार्थले लिच्छविकालदेखि आज सम्मको सांस्कृतिक गतिविधिमा स्पष्ट प्रभाव पारेको छ । यस यथार्थको हल केही मात्रामा विदेश सम्वन्ध राम्रो गरी दिन सकिन्छ । तैपनि अन्ताराष्ट्रिय राजनीतिको क्षेत्र यति विशाल र व्यापक छ कि त्यसतर्फ अग्रसर हुन धेरै कुराको आवश्यकता पर्न आउँछ । ई० १९५१ पछि नेपालले असंलग्न परराष्ट्र नीति लिई यस समस्याको समाधानको बाटोमा गोडा लम्काएको छ जुन नेपालजस्तो देशको लागि यथार्थ तथ्य हो । यही नीतिमा लागेर नेपालले आजसम्म ससारका ठूला-साना ६७ राष्ट्रहरूसँग दौत्य सम्वन्ध कायम गरेको छ जसले गर्दा अन्ताराष्ट्रिय क्षेत्रमा उसको महत्त्व दिनदिनै बढ्दै गैरहेको महत्त्वपूर्ण तथ्य स्पष्ट छ ।

सांस्कृतिक पृष्ठभूमि

माथिका पृष्ठहरूमा नेपालको राजनीतिक इतिहासको जुन संक्षिप्त मूल्याङ्कन गरिएको छ त्यसवाट ईस्वीको प्रथम शताब्दीदेखि अन्दाजी आठौं शताब्दीसम्म नेपाल सांस्कृतिक दृष्टिले निकै माथि पुगिसकेको थाहा पाउँछौं । त्यस बेलाको समाज निकै उन्नत थियो र आर्थिक र सांस्कृतिक कुरामा यसको महत्त्व अरू कुनै देशभन्दा कम थिएन । साहित्य, कला र वास्तुकलाका कुरामा त्यस बेला गरिएको उन्नतिका साक्षी आजसम्म पनि भेटिन्छन् । आठौं शताब्दीपछि आउन थालेको राजनीतिक विश्रृङ्खलताले गर्दा पछिका केही युगसम्म त सांस्कृतिक कुरामा खास प्रभाव पारेको देखिदैन तर स्तरमा भने केही न्यूनता आउन थालेको भने अन्दाजी गर्न अवश्य सकिन्छ ।

खास गरी देशमा राजनीतिले क्षेत्रीय रूप लिन लागेपछि संस्कृतिका मूल केन्द्र एकातिर र पाखा-क्षेत्र एकातिर पर्न गई पहिलेको सन्तुलन कायम हुन नसकेको देखिन्छ । यही कारणले काठमाडौं उपत्यकाले कला र वास्तुकलाका जति उदाहरण प्रस्तुत गरेको देखिन्छ त्यति नेपालका अरू भेकले गर्न सकेको नदेखिएको हो जति जति 'मध्यकाल' अगाडि बढ्दछ उति-उति यो कुरो स्पष्ट हुँदै आउँछ। यसको एउटा स्पष्ट उदाहरण गोर्खा नै देखिन्छ। 'लिच्छविकाल'मा यहाँ सभ्य समाजको बस्ती रहेको कुरा यहाँ पाइएका शिलालेखले वताएका छन् तर ई० १६०६ तिरका त्यहाँका शासक रामशाहलाई नयाँ 'ऐन कानून' बनाई लागू गर्नपर्ने स्थिति आइपुग्छ र कला र वास्तुकलाका कामका निम्ति तथा वाणिज्य-व्यापारका काम गर्ने मानिसहरूलाई बाहिरबाट बोलाएर ल्याउनुपर्ने स्थिति आइपुग्छ । यसै वेला काठमाडौं उपत्यकामा भने कला र वास्तुकलाको क्रम राम्ररी नै चलिरहेको देखिन्छ। पहिलेदेखिको राजधानी-क्षेत्र भएकोले यसो भएको भन्ने कुरा स्पष्ट हुन्छ ।

नेपालको सांस्कृतिक कुरामा आर्को विशेषता पनि देखिन्छ– त्यो के भने यहाँ अनवरत रूपले नयाँ नयाँ जात र वर्गका मानिसहरू आउँदै गरेका छन् र सांस्कृतिक परिवर्तनमा यथेष्ट योगदान गरेका छन्। काठमाडौं उपत्यकामा पनि लिच्छवि, उनका उत्तराधिकारी 'देव' वंश, अघिल्ला र पछिल्ला मल्लले आफ्-आफ्ना शासनकालमा सांस्कृतिक कुरामा मौलिक परिवर्तन कहिल्यै गरेनन् र यसैले प्रत्येक पछिल्लो युगको अघिल्लो युगसँग उत्तिकै वलियो नाता रहेको देखिन्छ, यद्यपि समयको क्रममा भने परिवर्तन हुनु त अपरिहार्य नै कुरा हो र परिवर्तन भनेको नेपाली सन्दर्भमा यही रूपमा देखिन आउँछ। पृथ्वीनारायण शाहको विजयपछि पनि यही कुरो भएको देखिन आउँछ ।

यस सन्दर्भमा आर्को विचारणीय कुरा हो– कला र वास्तुकलाको देशको आर्थिक स्थितिसँग सम्बन्ध । त्यस्ता कलाकारको वर्गको आफ्नो सीप आफ्नो लागि पेशा हो, उस बेलाका भक्तको लागि 'धर्म' हो र कला-समीक्षकको लागि 'कला' हो। अर्थात् यस्ता कलाका निर्माता स्वयं त आफ्नो जीविकाको लागि त्यस्तो काम गर्दछन् त्यही काम अरूको लागि भिन्नै रूपमा आउँछन् । तैपनि यस्ता कला-रचनाको लागि योटा लामो आर्थिक र राजनीतिक सम्बन्ध पनि जोड्नु आवश्यक हुन्छ किनभने यस्ता कलाका काम

गराउन जुनसुकै युगमा पनि मामुली खर्चले कहिल्यै सकिंदैन र त्यस्तो समृद्धि थोरै मानिसमा त जहिले पनि भई नै रहन्छ, तैपनि कलाका धेरै उदाहरण पाइएका युगमा अधिक आर्थिक समृद्धि भएको अन्दाजी राम्रै गरी गर्न सकिन्छ । यस्तो एकमात्र युग 'लिच्छविकाल' रहेको देखिन्छ । जनसंख्याको वृद्धि धेरै नभइसकेका र कृषि, पशुपालन, आन्तरिक र वाह्य वाणिज्य-व्यापारमा राम्रो प्रगति भएकोले त्यस युगमा मानिसहरू देउ-देउताका मूर्ति-मन्दिर थाप्ने काममा निकै तत्पर रहेका देखिन्छन् । मूर्ति कुंद्ने कलाकार वर्ग पनि संगठन बनाई काम गर्न थालेका र सरकारद्वारा समेत त्यसप्रति मानभाउको भावना राखिएकोले त्यतिखेरका कलाकार-वर्गको स्थिति निकै राम्रो रहेको देखिन्छ । यस्तै पृष्ठभूमिमा कैलासकूटभवन जस्तो विशाल र राम्रो दरबार, बुढानीलकण्ठ जस्तो विशाल र राम्रो मूर्ति, र वेगिन्ती किसिमका अरू मूर्ति बन्न सकेको स्पष्ट हुन्छ । तर यो वातावरण धेरथोर राजनीतिक स्थिरताको वातावरणमा सम्भव थियो र त्यो 'लिच्छविकाल' मा थियो । 'लिच्छविकाल' पछि वनेका मूर्तिहरूको पृष्ठभूमि निकै फेरिए पनि अघिल्लो युगका अवशेष मात्र हुन्, नवीन उपलब्धि एक किसिमले होइन भन्ने अर्थ्याउनुपर्ने स्थिति हाम्रो सामुन्ने आउँछ ।

'लिच्छविकाल' पछि राजनीतिक मात्रै ह्वैन सामाजिक स्थितिमा पनि परिवर्तन भएको बुझिन्छ । सामाजिक स्थितिमा खास गरी पेशाको राम्रो स्थिति र वर्गीकरण नहुनु त्यस वेलाको खास समस्या रहेको देखिन्छ (जसलाई अंशुवर्मन्को पालामा 'धर्म सङ्कर' भनिन्थ्यो) र यसैले ई० १३८२ मा स्थिति मल्लले राजकाज सम्हालेपछि पेशाहरूको स्पष्ट वर्गीकरण गरेका थिए भनी वंशावलीहरूमा बयान गरिएको पाइन्छ । त्यस्तो वर्गीकरणमा कलाकारका विभिन्न वर्ग पनि परेका थिए र त्यस घटनापछि कला सम्बन्धी काममा फेरि उन्नति हुन थालेको र 'मल्लकला' को राम्रो स्तर बन्न गएको देखिन्छ । तर यो 'मल्लकला' तत्कालीन राजनीतिक वातावरणमा 'लिच्छविकाल' मा जस्तो व्यापक र शास्त्रीय स्तरको हुन सकेन । यही क्रममा पृथ्वीनारायणद्वारा 'मल्लकला' को केन्द्र काठमाडौं उपत्यकामा विजय गरी त्यहीं राजधानी बनाएपछि कला सम्बन्धी वातावरणमा पनि निकै परिवर्तन हुन गएको पनि स्पष्ट छ । 'मल्लकला' पनि पछिका मल्ल राजाहरूका विभाजित र कलहप्रिय स-साना राज्यहरूको स्थितिमा निकै निम्न स्तरमा पुगिसकेको थियो र त्यसै वेला त्यसै पृष्ठभूमिमा 'शाहकाल' पनि शुरू

भएकोले पहिलेदेखि चलिआएको कलाको परम्परामा पनि नयाँ परिवर्तन हुन थालेको थाहा पाइन्छ । यहाँ विचार गर्नुपर्ने आर्को कुरा पनि छ पृथ्वीनारायणले आफ्नो विजयसाथ कलाका सबै अंग नभए पनि वास्तुकलाका केही आफ्नै आदर्श पनि लिएर आएका थिए जो यौटा रूपमा पछिसम्म जीवित रहेको देखिन्छ । अब हामी तलका हरपहरूमा हाम्रो मुख्य विषयको व्याख्याको लागि 'गोर्खा' राज्यको कला-परम्पराको केही चर्चा गर्दछौं ।

गोर्खा राज्यको कला र वास्तुकला

पृथ्वीनारायणद्वारा काठमाडौं उपत्यकाको विजय गर्नु अघिको उनको राज्य 'गोर्खा' थियो, भने उक्त विजयपछि त्यही 'गोर्खा' राज्य 'नेपाल' राज्यमा फेरिएको भनी हामीले यहाँ सुविधाको लागि उल्लेख गरेका छौं ।

गोर्खामा शाहवंशले ई० १५५९ मा राज्य खडा गरेको थियो। त्यसअघि त्यहाँ 'खँड्का' हरूको जातीय किसिमको शासन थियो भन्ने भनाइ छ, अर्थात् त्यतिखेर त्यो भेक एक किसिमको सभ्यता र संस्कृतिविहीन क्षेत्र जस्तो थियो । ई० ७२५ तिरका त्यहीं रहेका 'लिच्छविकाल'का शिलालेखले बताएको त्यस भेकको सामाजिक र सांस्कृतिक परम्परा[१] त्यतिखेरसम्म नासिई सकेको बुझिन्छ । अर्थात् त्यस भेकको लागि 'लिच्छविकाल' सँग सम्बन्ध

---

[१] गोर्खामा लिच्छविकालका दुईटा शिलालेख र एउटा हरगौरी फलक देखिएका छन् । उक्त दुई शिलालेखमध्ये पहिलो शिवदेव (द्वितीय)का ई० ६९८ को हो (धनवज्र, लिच्छविकालका अभिलेख, पृ. ५२३, ५२४) र आर्को तिनै राजाका छोरा जयदेव (द्वितीय) को मिति खिइएको अभिलेख हो (ऐजन, पृ. ५७८) । पहिलो अभिलेखमा 'वज्र भैरव' को मन्दिरको पूजा-आजाको बन्दोबस्त बाँधिएको छ । दोस्रोमा चाहिं त्यहाँका बासिन्दाहरूको उल्लेख परेको छ(जनपदलोकान्) र त्यहाँ त्यतिखेर धेरै मन्दिर थिए भन्ने भावको पनि उल्लेख(सर्वदेवान्) परेको छ । त्यहाँ रहेको हरगौरी मूर्ति फलकको चित्र गोरखाको ऐतिहासिक सामग्रीमा प्रकाशित छ । यसपछिका कुनै ऐतिहासिक साछी त्यहाँ रहेका छैनन् जुनले ८३४ वर्षको बीचमा सम्बन्ध देखाउन सकोस् । लिच्छविकालपछि ई० १६०९ को अभिलेख त्यहाँबाट भेटिएको छ ।

जोर्ने कुनै पनि सांस्कृतिक तत्व जीवित थिएन र थियो भने पहिलेका ढुङ्गाका अवशेष मात्र । यस भनाइको अर्थ हो ई० १५५९ पछि यहाँ फेरि संस्कृतिको जग नयाँ किसिमले हाल्न थालियो र यस कामका लागि नजीकैका क्षेत्रसँग सम्बन्ध पनि जोर्नुपर्‍यो ।

गोर्खा राज्यको इतिहासमा सांस्कृतिक कुरामा सर्वप्रथम रामशाहले रुचि लिन थालेको देखिन्छ । उनका दुईटा शिलालेख गोर्खामै रहेका दुईटा मन्दिरमा टाँसिई रहेका छन् । यी दुईमध्ये एउटाचाहिं पोखरीथोकमा 'मुरलीधर नारायण' मन्दिरका ढोकामा लेखिएको छ जसमा ई० १६१४ (शक संवत् १५३६) को मिति दिइएको छ ।[१] यो मन्दिर काठमाडौं उपत्यकामा लोकप्रिय देखिएको 'पगोडा' शैलीमा बनेको छ[२] । अनि अर्को अभिलेखचाहिं पोखरीथोकमै रहेको 'रामेश्वर' मन्दिरको ढोकामाथि लेखिएको छ । यसमा ई० १६३६ (शक संवत् १५५८)को मिति दिइएको छ ।[३] यो मन्दिर 'राजपूत' शैलीमा गुम्वज आकारको बनेको छ ।[४] दुवै मन्दिरलाई अभिलेखमा 'मठ' भनिएको छ ।[५] यसरी हेर्दा रामशाहले बनाउन लगाएका दुईटा मन्दिरमध्ये मितिले जेठो 'मुरलीधर नारायण' मन्दिरको काठमाडौं उपत्यकाको 'पगोडा' शैलीमा बनेको हुनुमा महत्त्व छ । वंशावलीमा रामशाहले ललितपुरका राजा सिद्धिनरसिंहमल्लसँग मित्रता गरी त्यहाँका बेपारीहरूलाई बोलाएको भन्ने जुन बयान पाइन्छ त्यसको सम्बन्ध यस मन्दिरको शैलीसँग रहेको हुनु धेरै सम्भव छ । हुन त गोर्खा राज्यमै गोर्खा भन्दा अलि दक्षिणतर्फ रहेको मनकामनाको मन्दिर पनि यसै 'पगोडा' शैलीमा

---

१. गोरखाको ऐतिहासिक सामग्री, पृ. १४.

२. ऐजन, पृ. ५.

३. ऐजन, पृ. १५.

४. ऐजन, पृ. ५.

५. क. नृपरामो मानदः सज्जनानां
मठमधिकविधिज्ञो दिक्षु विक्षिप्तकीर्ति-
र्गणपतिप्रभृतीनां देवतानामकार्षीत् ।।

ख. १. विदध्रे नृपराममठं कुतुकात्
२. चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं
श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ।।

बनेको छ तर यसको निर्माण कहिले भएको हो भन्ने निश्चय गर्न गाहारो छ र यहाँ रहेको सबभन्दा पुरानो अभिलेख पृथ्वीनारायण शाहको हो (ई० १७६४) ।[१]

यसरी हेर्दा गोर्खा राज्यमा पहिले त काठमाडौं भेकको मन्दिर-शैलीले पहिलो ठाउँ पाएको देखिन्छ र त्यसको २२ वर्षपछि मात्र शाह राजाहरूले लोकप्रिय पारेको आधुनिक 'राजपूत' शैलीले त्यहाँ प्रवेश पाएको देखिन्छ । अब यो 'राजपूत' शैली कहिले र कसरी त्यहाँ आइपुग्यो भन्ने महत्त्वपूर्ण सोधाइ पनि उठ्दछ जसको स्पष्ट जवाफ दिन गाहारो छ । यस्तो शैलीको मन्दिर यो भन्दा अघि नेपालमा कतै पनि बनेको देखिएको छैन। प्रत्यक्षत: यो शैलीको प्रवेश रामशाहको पालामा भएको देखिन्छ । वंशावली-मा पनि रामशाहले आफ्नो सीसौदिया कुलको प्रशस्तिको खोज गर्न आफ्ना केही मानिस भारततिर पठाएको भन्ने कुरा परेको छ जसको सम्बन्ध यो 'राजपूत' शैलीको प्रवेशसँग हुनु सम्भव छ । यसको निर्माण गर्न केही कलाकार पनि उतैबाट बोलाएको हुनु पनि सम्भव छ । पृथ्वीनारायणद्वारा उपत्यकाको विजयपछि यो शैलीका मन्दिर प्रशस्त बने र त्यसका अनेक थरी रूप पनि देखिएको हुँदा यस घटनाको ऐतिहासिक सांस्कृतिक महत्त्व रहेको देखिन्छ । माथि हामीले औंल्याउन खोजे झैं यो शैलीको प्रवेश गोर्खा वंशको राजकीय गौरवसँग सम्बन्धित भएर भयो । हुन पनि 'पगोडा' शैलीको तुलनामा यो 'राजपूत' शैली आकार-प्रकार र स्वरूपमा 'राजकीय' किसिमको देखिन्छ पनि किनभने यसमा 'राजकीय दर्बार' को प्रभाव देखिन्छ । पागोडा शैली त्यसको तुलनामा बढी कलात्मक भए पनि त्यसमा 'राजकीय' भाव त्यतिबिधि देखिंदैन । यसैले होला उपत्यकामा यो शैली शासक राजवंश र तिनका भारदारहरूमा निकै लोकप्रिय भएको ।

'मुरलीधर नारायण' मन्दिरमा पगोडा शैली देखिनाले उपत्यका-को वास्तु शैलीको प्रभाव गोर्खामा रामशाहको पालामा पर्न थालेको कुराको

---

[१] पगोडाशैलीको पश्चिमी भेकमा बिस्तार भएको इतिहास अस्पष्ट छ । सुदूर पश्चिममा रहेको मुक्तिनाथको, जुन मन्दिरको चित्र प्रकाशित भएको छ त्यसमा यो पनि पगोडा शैलीमै बनेको देखिन्छ तर यसको निर्माणकाल बताउने कुनै ऐतिहासिक प्रमाण नपाइनाले यसबारे त्यसै भन्न सकिने देखिंदैन ।

माथि चर्चा गरिसकिएको छ । यस सम्बन्धी अझ महत्त्वको अर्को कुरो छ– त्यो हो गोर्खा दरबारको शैली र कलात्मकता । हाल यो जुन रूपमा रहेको छ त्यसबाट यसको निर्माणमा उपत्यकाको 'मल्ल दर्बार' शैलीको प्रयोग गरिएको स्पष्ट देखिन्छ । यसमा जुन किसिमसँग काष्ठकलाको प्रयोग भएको छ (चित्र संख्या-१ र २) त्यसबाट उपत्यकाको मल्लकालीन काष्ठकलाको प्रशस्त प्रभाव परेको देखिन्छ । यसको निर्माणमा उपत्यकाबाट झिकाइएका कलाकारहरुको सीप स्पष्टसँग देख्न सकिन्छ । यस दरबारको निर्माण-काल जान्ने कुनै ऐतिहासिक प्रमाण आजसम्म भेटिएको छैन तर रामशाहको पालामा यो बनेको हो कि भन्न सकिएला जस्तो लाग्दछ ।[1]

माथिको विवरणबाट रामशाहको पालासम्म गोर्खामा दुई किसिमको वास्तुशैली चलेको देखिन्छ– एउटा नेपालकै पुरानो परम्परासँग सम्बन्धित र अर्को विदेशबाट ल्याई 'स्थानीयकरण' गरिएको ।

रामशाहपछिका गोर्खाका राजाहरूमा पृथ्वीपति शाहको निकै महत्त्व छ । यिनको शासनकालमा कला र वास्तुकला सम्बन्धी केही काम भएको प्रमाण पाइन्छ । यिनकी एक जना रानीले ई० १६७९ मा एउटा पौवा बनाउन लगाएको थाहा पाइएको छ ।[2] यस पौवाको स्वरूप र महत्त्वबारे केही जान्न सकिएन । ई० १६८० मा पृथ्वीपतिले आफ्ना पुर्खा रामशाहले बनाएको रामेश्वर मन्दिरसामु ढुंगाको खाँबोमाथि आफ्नो धातुको सालिक थाप्न लगाएका थिए ।[3] उनको यो सालिक पनि काठमाडौंतिरकै कलाकारले बनाएको अन्दाजी गरिएको छ । पृथ्वीपतिले काठमाडौंका मल्लराजाहरूसँग घनिष्ठ सम्बन्ध राखेकाले पनि यो कुरो स्पष्ट हुन्छ । यिनै राजाले थापेको हनुमान्को मूर्ति पनि गोर्खामा देखिन्छ जो 'आकर्षक'[4] छ । पृथ्वीपतिकै छोरा चन्द्ररूपशाहले यौटा घर (मंदिर) बनाउन लगाएको कुरा लेखिएको

---

[1] यो दरबारको भित्तामा कतैतिर सं० १८२७ लेखिएको देखिनाले यसको जीर्णोद्धार बराबर गरिने र अन्तिमपल्ट त्यस मितिमा गरिएको मान्न सकिएला जस्तो लाग्दछ ।

[2] गोर्खाको ऐतिहासिक सामग्री, पृ० १७ ।

[3] ऐजन, पृ. १८ ।

[4] ऐजन, पृ. ६ ।

ई० १७१२ को मितिको शिलालेख गोर्खामा रहेको छ ।[1] पृथ्वीपतिका आव छोरा उद्योतशाहले बनाउन लगाएको उभिएको कलापूर्ण गणेशको मूर्ति (र मन्दिर पनि ?) ई० १७२२ मा बनाउन लगाएका थिए । उक्त मूर्तिको पादपीठमा लेखिएको अभिलेखअनुसार यो मूर्तिको नाम 'श्रीसत्यरूपेश्वरसिद्धिविनायक' थियो ।[3] गोर्खामा अरू पनि शाहकालीन अवशेष छन् जुनको कलात्मक महत्त्व अड्कलन सकिन्छ । यस्तोमा रामशाहले बनाउन लगाएका मन्दिरसँगै रहेको 'वुच्चेमठ' को अवशेषलाई लिन सकिन्छ जहाँ मन्दिरका अवशेष 'ढुंगे लट्टाहरूमा सुन्दर बुट्टाहरू कुंदिएको' देखिन्छ । यस्ता बुट्टाहरूमा गोर्खाको कलात्मक मौलिकताको केही झल्का देख पाइन्छ ।

गोर्खा राज्यले नेपाल राज्यमा परिणत हुनुअघिको यौटा महत्त्वपूर्ण घटना हो पृथ्वीनारायणद्वारा नुवाकोट दर्वारको निर्माण । ई० १७४ मा कान्तिपुर अन्तर्गत पर्ने नुवाकोटको विजय गरेको १९ वर्षपछि पृथ्वीनारायणले यो साततले विशाल 'दर्वार' को निर्माण गरेका थिए जसला त्यहींको अभिलेखमा 'असल किल्ला' (दुर्गरत्न) (किल्मारूपको दर्वार) भनिएको छ । विचित्र खालको यो दर्वार (चित्र संख्या–३) तलका चा तला किल्ला जस्तै सादा किसिमको बनेका र त्यसमाथिका दुईतला अ बाहिरतिर निस्केका छन् । यी दुईतलामा हरेकमा 'पगोडा' खालाका ढल्केक झिगटीका छाना छाइएका र चारैतिर काठका झ्याल राखिएका छन् । सबभन्दा माथिचाहिं 'पगोडा' किसिमको छाना भएको सानो वुर्जा बनेको छ । यस दरवारको रचनाशैलीमा र खास गरी काष्ठकलाको सादा उपयोगमा पनि मल्लकलाको छाप देखिन्छ, तैपनि यसलाई धेरै अशमा मौलिक भन्नुपर्दछ । यति विवरणबाट गोर्खा भेकमै पनि शाह राजाहरूले कलात्मक गतिविधि राम्रै सित चलाएको कुरा प्रमाणित हुन्छ ।

---

१. ऐजन, पृ., १९ ।

२. ऐजन, पृ. २० ।

३. यो 'सत्यरूपेश्वर सिद्धि विनायक' नाममा दुईटा मन्दिरको नाउँसँग जोरिएजस्तो गरिएको छ तर कुरा स्पष्ट छैन ।

४. ऐजन, पृ० ५ र चित्रफलक ।

५. त्रिरत्न सौन्दर्यगाथाको परिशिष्ट, पृ. २६८,

यति विवरणपछि हामी के देख्दछौं भने गोर्खाको राज्य यौटा स्वतन्त्र राज्य भए पनि यसको कला र वास्तुकलाको इतिहास त्यतिविधि रोचक हुन सकेको देखिदैन । त्यहाँका शासकहरूले सैनिक काममा ज्यादा लाग्नुपरेको परिप्रेक्ष्यमा पनि जति तत्सम्बन्धी काम भएका देखिन्छन् तिनबाट यहाँका शासकहरू शुद्ध सैनिक मात्र नभई कलाप्रिय पनि रहेको कुरा स्पष्ट पारेका छन् । स्वयं पृथ्वीनारायण एक वीर सैनिक र सेनापति थिए जसले आफ्नो ५३ वर्षको जीवनलाई अक्षरक्षः युद्धक्षेत्रमा बिताएका थिए तर अवसर पाउने वित्तिकै उनमा रहेको सांस्कृतिक भावना जागिहाल्यो ।

माथि हामीले अर्थ्याउन खोजे झैं पृथ्वीनारायण शाहको खास देन नेपालको राजनीतिक एकीकरणमा छ र त्यसको फलस्वरूप नेपालभित्रका भिन्न-भिन्न स्थानीय संस्कृतिको र खास गरी काठमाडौं उपत्यकामा रहिआएको पुरानो संस्कृतिको सुरक्षा र अनेक रूपमा त्यसलाई बढ्ने अवसर दिनुमा पनि रहेको छ । आफ्नो जीवनको चिरप्रतीक्षित उद्देश्य संस्कृतिको यो केन्द्रस्थल जित्ने उनको धोको पूरा भएपछि उनले आफूलाई पनि यहींका वासिन्दा वनाए र यहींका वातावरणमा रँगिए । यसैले ई० १७६८–६९ मा पूरा उपत्यकाको विजय भएपछि नेपालमा र खास गरी राजधानी भेकमा शाह राजाहरूको शासनकालमा कला र वास्तुकलाको के स्थिति रह्यो र विकास वा ह्रास के भयो भन्ने कुराको विवेचन यहाँ गर्न लागिएको छ ।

धार्मिक स्थिति

नेपालले धर्म र विभिन्न सम्प्रदायहरूको आफ्नै किसिमले विकास गरिआएको छ । यहाँका प्रमुख धर्म भारतमा जस्तै शैव, वैष्णव, शाक्त र बौद्ध हुन् तर यिनको स्थानीय विकास भारतमा भएजस्तै गरी नभई आफ्नै किसिमसँग भएको देखिन्छ । शैव, वैष्णव र शाक्त धर्म त धेरै पहिलेदेखि आजसम्म भिन्नाभिन्नै र समन्वित (पांचायन पद्धतिको रूपमा) रूपमा पनि राजकीय धर्मको रूपमा मानिइआएका हुन् तर यस भनाइको अर्थ बौद्ध धर्मले राजाहरूमा प्रभाव पारेको थिएन भन्नु होइन, यसले पनि आफ्नो किसिमबाट राजकीय आश्रय प्राप्त गरेको थियो र छ तर 'नास्तिक र वेदविरुद्ध' बौद्ध धर्मले ह्वैन आस्तिक किसिमको बौद्ध धर्मले । यहाँ आस्तिक भन्ने शब्दको शास्त्रीय अर्थमा (वेदमा विश्वास गर्नेलाई 'आस्तिक' भनिन्छ) प्रयोग गरिएको ह्वैन बरु महायानमा स्वीकार गरेझैं बहुदेववाद, लोक-

परलोकमा विश्वास आदिको कारणले बन्न गएको 'आस्तिक' बौद्ध धर्म ज्यादा विकास गरेको र त्यसलाई राजकीय समर्थन दिई नै रहिएको छ वास्तवमा बौद्ध धर्ममा राजकीय धर्ममा हुने सम्पूर्णता पनि देखिदैन र सूर्य चन्द्रबाट जन्मेका शास्त्रीय क्षत्रियहरू पछि विकसित बौद्धधर्मलाई त्य शास्त्रीय मान्नै सक्दैनथे जसको समर्थन उनका पुर्खाले गरेकै थिएनन् । त कला र वास्तुकलासँग घनिष्ठ रूपले सम्वद्ध भएर विभिन्न धर्म र सम्प्रदाय हरूको जुन इतिहास नेपालमा बनिआएको छ त्यो मानवताको नेपाली क्षेत्रमा बसोवास गर्ने मनुष्य समाजको अविस्मरणीय देन हो जसको मूल्याङ्कन गर्न बाँकी नै छ ।

हाम्रो प्रस्तुत लेखको सन्दर्भ वास्तवमा सोझै ई० १५५९ देखि र अझ खास गरी भन्ने हो भने ई० १७६८ को हाराहारीदेखि थालिन्छ किनभने अघिल्लो मिति शाहवंशद्वारा गोर्खा राज्यको संस्थापनाको ऐतिहासिक घटना जनाउँछ र पछिल्लोले 'नेपाल' राज्यको परिवर्तित रूपको आर्को युगको थालनी । तर ई. पू. १५०० तिर नेपाली इतिहास र संस्कृति थालिएको मान्ने हो भने ई० १५५९ भन्दा ३ हजार वर्ष जति अघिदेखिको पृष्ठभूमिलाई नकोटयाई प्रस्तुत सन्दर्भको छोटकरी व्याख्या पनि अस्पष्ट नै हुन जान्छ । अब यहाँ हामी नेपालको धार्मिक इतिहासको स्वरूपलाई तलको तालिकामा स्पष्ट पार्ने प्रयत्न गर्ने छौं ।

नेपाली धर्मको इतिहास

आर्यधर्मका विभिन्न रूप र जुग



आर्येतर धर्म

१. बोन्पो
२. किरात धर्म
३. अरू अज्ञात
४. अरू अज्ञात

उक्त तालिकामा प्रस्तुत गरिएका विभिन्न शीर्षक र उपशीर्षकहरूको विस्तृत व्याख्या नगरी स्थिति स्पष्टिने देखिंदैन तर हाम्रो प्रस्तुत सन्दर्भको सोझेरी काट्दा आस्तिक अन्तर्गत जुन पहिलो ठाउँ साम्प्रदायिक धर्मलाई लिइएको छ, त्यसले शैव, पाशुपत, वैष्णव, शाक्त र सौर इत्यादिलाई ओगटेको छ र यो युग वास्तवमा ईस्वीको अन्दाजी ११ रौं शताब्दीसम्म चलेको मान्न सकिन्छ । अनि त्यसपछि ती साम्प्रदायिक धर्महरू स्पष्ट रूपमा पाञ्चायन धर्ममा आएर स्थिर हुन्छ जो आजसम्म कायमै छ, तर साम्प्रदायिक धर्महरूले झण्डै त्यसै वेलातिरदेखि तान्त्रिक रूप लिन थाले र तिनको यौटा समूहात्मक धर्म पनि विकसित भै आएको छ । यो पनि धेरथोर जीवित छ भन्न सकिन्छ । अनि वेदान्तीको ठाउँ आउँछ जो उत्तर वैदिक धर्मको क्रमागत रूप हो जसलाई सामान्य जनतामा भक्ति र दर्शनको एक समूहात्मक रूपमा आजसम्म मानिआइएकै छ । तालिकाका अरू कुरा स्पष्टै छन् ।

माथि भनिसकिए झैं मध्यकालैदेखि 'पाञ्चायन'को जुन परम्परा चल्यो त्यो अघिल्लो युगमा साम्प्रदायिक रूपमा रहेको शैव, वैष्णव, शाक्त, सौर र गाणपत्यलाई सामञ्जस्य गरी क्रमैले शिव, विष्णु, देवी, सूर्य र गणेशको समूहात्मक पूजा गर्न थालियो । यही धर्म हिन्दू गृहस्थहरूमा लोकप्रिय रहिआएको छ र मन्दिरहरूमा पनि यी पाँचौं देवताका मूर्ति थापिएका हुन्छन् तर मन्दिर थाप्ने व्यक्तिको खास भक्ति अनुसार ती पाँच देवतामध्ये एकलाई मुख्य स्थान दिई अरू चारलाई गौण स्थान दिई मूर्ति थाप्ने परम्पर देखिएको छ । जस्तो ललितत्रिपुरसुन्दरीले थापेको त्रिपुरेश्वर मन्दिर । यसमा शिवजीलाई मुख्य स्थान दिइएको छ र अरूलाई गौण । शाहकालमा शिवजीका यस्ता ठूला र साना असंख्य मन्दिर बनेका छन् । तर शिवपछि विष्णु र देवीका पनि मन्दिर यस कालमा निकै बनेका देखिन्छन् तर गणेश र सूर्यका मन्दिरचाहिं बनेकै देखिंदैनन् ।

बौद्ध अन्तर्गत वज्रयान र लामायान सम्बन्धी मन्दिरहरू पनि यस कालमा बेगिन्ती नै बनेका देखिन्छन् ढुङ्गा र ईंटका चैत्य र त्यस्तै मन्दिरैका रूपमा । यस अन्तर्गत विहारहरूचाहिं शाहकालमा मौलिक रूपले थापिएको निश्चित प्रमाण भेटिएको छैन । तर लामायान सम्बन्धी गुम्बाहरू काठमाडौं उपत्यकाभित्र र बाहिर पूर्व र पश्चिमतिर धेरै थापिएका छन् । यसबारे निश्चित कुराचाहिं सम्बन्धित विषयको खास खोजबीन गरेपछि मात्रै थाहा पाउन सकिएला भन्ने विश्वास गर्न सकिन्छ ।

ईस्वी संवत्को सत्रौं-अठारौं-उन्नाईसौं र यो हालको बीसौं शताब्दीमा नेपालमा प्रचलित र लोकप्रिय भैरहेका र भैआएका ३६ 'सम्प्रदाय' हरुको यौटा नामावली पाइएको छ[1]; जसलाई यहाँ यस सन्दर्भमा उद्धृत गर्नु अनुपयुक्त नहोला:–

१. जैमिनी
२. वाममार्गी
३. शैव
४. शाक्त
५. वैष्णव
६. गोकुलीय गोसाईं
७. पौराणिक
८. बीजमार्गी
९. चौलियामार्गी
१०. दादूराम
११. दरीया
१२. नीय
१३. नानक
१४. चक्रांकित
१५. उदासी
१६. तातम
१७. प्रणामी (तारतुंवी)
१८. अजंवरी
१९. तौथली
२०. रामानन्दी
२१. शिवनारायणी
२२. श्रवणी
२३. सांवरी
२४. जोसमनी
२५. विन्दुवैष्णव
२६. श्रीवैष्णव
२७. गोरखनाथी
२८. सरभंगी (अघोरी)
२९. कापालिक
३०. कौल
३१. कुशलनाथी
३२. वज्रयानी, सहजयानी
३३. पारष (ख) पन्थी (कवीर)
३४. चैतन्यमार्गी
३५. लस्करी
३६. दशनामी

उद्धृत तालिकामा टिपिएका ३६ 'सम्प्रदाय' 'सन्तमत' खालका 'धर्म' हुन् जुनलाई एक किसिमले 'वेदान्ती' भन्न सकिन्छ। जोसमनी बाहेक अरू सबै भारतमै स्थापित सन्त-सम्प्रदाय हुन् र तिनको नेपालमा प्रवेश र लोकप्रियताको इतिहास त्यतिविधि स्पष्ट छैन, तर त्यसको खोजबीन गरिएमा यौटा रोचक सामाजिक इतिहास तयार हुने देखिन्छ। किनभने यस किसिमका केही सुलभ सन्दर्भले यसै तथ्यतिर औंल्याएका छन्। उदाहरणको लागि

---

[1] जनकलाल शर्मा, जोसमनी सन्त-परम्परा र साहित्य, राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२० पृ. ५२५ (परिशिष्ट १७)।

श्री ५ महाराजाधिराज रणबहादुर शाह सं० १८५७ देखि १८६० सम्म काशीमा वसी नेपाल फर्केर आउँदा उनीसँग 'नानक' सम्प्रदायका जोगीहरू आएका र तिनलाई उनी राजाले यहाँ बसोबासको वन्दोवस्त गरिदिएको सन्दर्भ बाँडा सुन्दरानन्दले यसरी लेखेका छन्:–

"श्रीस्वामिज्यूवाट ·· ·· साथमा आयाका काशीवासि ···· चरणमा झुण्डिआउन्याहरूकन नानकनामा योगिहरूकन टुकुचांगणका समीपमा उपजा जगामा वास दीकन वृत्ता घर षेत दिया. अद्यापि वस्ती भया. षेतिपाति वृत्ता जागिर घर षेत बक्सि कन सुखसंग वसाल्दा भया ।।"[1]

यसै गरी ई० १८७४ तिर (सं० १९३१) जङ्गबहादुरले कालमोचनमा सत्यनारायणको मन्दिर बनाई त्यहाँ अनेक सम्प्रदायका सन्त-महन्तका अखाडा थापी तिनको लागि प्रशस्त गुठी जग्गा राखिदिएको बयान एक थरी वंशावलीमा यसरी पाइन्छः—

"फकीर उदासी महन्तहरूको मठ समेत बनाई सदावर्त हण्डीलाई गुठीलाई धेरै खेत राखी दिए ।। यस (कालमोचन) घाटमा उदासीको अखढा १ दशनामिको अखडा १ वैरागीको अखडा १ जम्मा ३ अखडामा वस्ने महन्त हरू उदासि वैरागी दशनामि फकीर र फकडाहरूलाई रोज भण्डारके शिवरात्रीमा आउने जतिलाई समेत भण्डाराके प्रसस्त गुठि राखी दिएकोले यस घाटमा शिवरात्रो ४।५ दिन अघि ६।८ दिन पछि परदेशी फकीरहरूको ठूलो महातमा आई वस्छ ठूलो भण्डारा हुन्छ ।"[2]

उपर्युक्त खालका 'सन्तमत'हरू वेदान्ती र भक्तिमार्गी किसिमका हुनाले यिनको नेपालमा कला र वास्तुकलाको विकासमा खास देन भएको देखिंदैन– केही सादा र वैरागी किसिमका अखाडा र मठहरू बाहेक। तिनका पूजास्थलमा पनि भारतवाट आयातित वा यहीं खास ध्याउन्न नदिई भारततिरकै आदर्शमा निर्मित रङ्ग न ढंगका मूर्तिमात्रै प्रायः देखिन्छन् ।

ईस्वीको चौधौं र सत्रौं शताब्दीतिरदेखि नेपालमा दुईटा विचित्रका 'धर्म' वा 'सम्प्रदाय' सँग सम्पर्क वढ्न थालेको थियो, ती हुन्– क्रिश्चियनटी

---

१. त्रिरत्नसौन्दर्यगाथा, सं० धनवज्र वज्राचार्य, नेपाल सांस्कृतिक परिषद् काठमाडौं २०१९ पृ० १८७ ।

२. देवमाला वंशावली, पृ. ८०.

र इस्लाम । यी दुईमध्ये पछिल्लो (इस्लाम) ले भारतमा जस्तो चकचकी नेपालमा मचाउन पाएको ह्वैन तैपनि ई० १३५० को वर्ष त्यस धर्मका अनुयायी बंगालका सुल्तान शम्सुद्दीनले नेपाल उपत्यकामा आक्रमण गरी धुन्धान अत्याचार मचाएको घटनालाई नेपालको इस्लामसँगको पहिलो सम्पर्क हो कि भन्ने देखिन आएको छ । त्यसपछि आजसम्मको इतिहासमा इस्लामका अनुयायीहरू बन्द-बेपार, कारीगरी र अरू सीपका काम गर्ने गरी पहिले त अस्थायी रूपले र पछि हुँदै जाँदा विस्तारै-बिस्तारै स्थायी रूपले नै खास 'नेपाल भेकका वासिन्दा' हुँदै गएका देखिन्छन् । तराईका क्षेत्रमा चाहिं यिनीहरू भारतबाटै बेला-मौकामा बसाईं सर्दै आएका हुन् र उनीहरूले बिस्तारै-विस्तारै पहाडी क्षेत्रमा पनि धेरै अघिदेखि बसोबास गर्न थालेका हुन् । काठमाडौं उपत्यकामा त तिनको केही राम्रा र गहकिला मस्जिद (मन्दिर) छन् जुन नेपाली इतिहास र संस्कृतिको परिप्रेक्ष्यमा धार्मिक वास्तुकलाका नौला र गहकिला उदाहरणको रूपमा छन् । तराई क्षेत्रमा पनि यस्ता मस्जिद प्रशस्त होलान्, तिनको विशेष अध्ययन हुनु पनि अति आवश्यक भएको छ ।

क्रिश्चियन्टीको प्रसार गर्न भनी ईस्वीको सत्रौं शताब्दीमै यूरोपवाट भोट हुँदै केही पादरीहरू नेपाल उपत्यकामा पसेका थिए भन्ने कुराका साछी भेटिइसकेका छन् । त्यसपछि आउने पादरीहरूको आर्को दललाई नेपाल-उपत्यकाका तत्कालीन मल्ल शासकहरूले घर जग्गा दान गरी 'चर्च' समेत बनाउने अनुमति दिइसकेका थिए । यस्ता पादरीहरूको उद्देश्य धार्मिकै मात्र नभई राजनीतिक समेत भएको हुँदा तिनलाई श्री ५ पृथ्वीनारायण शाहले ई० १७६९ तिर देशनिकाला गरिदिनुपरेको थियो । तर ई० १९५० मा नेपालमा प्रजातन्त्रको युग थालिएपछि यो धर्मले नेपालमा प्रत्यक्ष र परोक्ष दुवै रूपमा निकै प्रभाव पारे पनि नेपालभित्र उनीहरूको शास्त्रीय किसिमका मन्दिर (चर्च) नेपालमा बन्न पाए वा पाएनन् थाहा पाउन सकिएको छैन । तर यहाँ यौटा कुराको उल्लेख गर्नु अति आवश्यक छ ई० १७९२ देखि नेपाल र भारतका अंग्रेज शासकका बीच जुन राजनीतिक सम्बन्ध थालिएको थियो त्यसले गर्दा नेपालमा राजनीतिक ढोकाबाट क्रिश्चियन संस्कृतिले विस्तारै विस्तारै प्रवेश पाउने बाटो पाउन थालिसकेको देखिन्छ । ई० १८१६ को सुगौली सन्धिपछि नेपालले प्रत्यक्षतः आफना सैनिक उच्च आकांक्षाहरू त्याग्नुपरेको थियो तर तत्कालीन प्रधानमन्त्री जर्नेल

भीमसेन थापाले आफ्नै नीतिबाट अंग्रेजहरूलाई पराजित गर्ने जुन दाउ खेलिराखेका थिए त्यस सन्दर्भमा उनले अंग्रेजहरूका संस्कृति (क्रिश्चियन कल्चर) को खास चियो-चेवा गर्न थालेको थाहा पाइन्छ । स्वयं भीमसेन थापाले क्रिश्चियन[1] खालको वास्तुकलालाई प्रश्रय दिन पुगेका थिए र आचार-व्यवहारमा पनि उनी त्यतैतिर लागेका थिए भन्ने कुराका लागि थुप्रै साछी पैल्याउन सकिने देखिन्छ । पछि जङ्गबहादुरको ई० १८४६ मा उदय भएदेखि त नेपाली समाजका उच्च वर्गका शिक्षा, रुचि, आचार-व्यवहार, कला र वास्तुकलाका आदर्श आदि यावत् कुरा क्रिश्चियनपट्टिनै जम्दै गई निकै बाक्लिइसकेको छ । राजनीतिक विजय र राजकाज नगरेरै पनि अंग्रेजहरूले नेपाललाई जसरी प्रभाव पारेको देखिन्छ त्यस्तो आर्को उदाहरण संसारमा अन्यत्र छैन भने पनि अत्युक्ति नहोला भन्ने हामीलाई लाग्दछ ।

हालको अन्तारािष्ट्रय युगमा नेपालीहरूको सम्बन्ध-सम्पर्क अरू-अरू धर्मका अनुयायीहरूसँग पनि बढ्न थालेको छ र शिक्षाको प्रसारले गर्दा नेपालीहरूका धारणा र विश्वासमा अनेकौं धर्म र दर्शनका तथ्यहरूले नजानिँदो किसिमबाट निकै प्रभाव पारेको देखिन्छ ।

---

[1] यहाँ छोटकरीमा लेख्दा यो नाम लेखिएको हो । यसका पनि प्रादेशिक र जातीय रूपहरू थुप्रै भएका छन् । नेपालको सन्दर्भमा प्रस्तुत कुराको विस्तृत अध्ययन निकै चाखिलो हुने कुरा स्पष्ट छ ।

वास्तुकला

ई० १५५९ मा द्रव्यशाहले गोर्खा-राज्यको स्थापना गरेपछिनै राज्यका राजाहरूले राज्यविस्तार गर्ने जुन उद्देश्य राखेका थिए त्यो वास्तव १८४ वर्षपछि पृथ्वीनारायण शाहको पालामा मात्र ई० १७४४ को सफल हुने लक्षण देखिन थालेको थियो जव उनले कान्तिपुर राज्य अन्त पर्ने नुवाकोटको विजय गरेका थिए । त्यस घटनाको २४ वर्षपछि काठमा उपत्यकाभित्रको कीर्तिपुर सहरको विजय भयो । (ई० १७६७) कीर्तिपुरमा विजय भएको आर्को वर्ष कान्तिपुरको विजय भयो (ई० १७६८ तर नुवाकोट विजयपछि कान्तिपुर जित्नुअघिको २५ वर्षको अवधिभरि प उपत्यकानगिचैका क्षेत्र विजय गरी त्यहाँका बासिन्दाहरूलाई जुन किसिम व्यवहार गरिएको थियो त्यसवाट अविजित क्षेत्रका बासिन्दाहरूलाई प पृथ्वीनारायणको चरित्र र नीतिसमेत बुझ्ने राम्रो अवसर प्राप्त भैसके थियो । उपत्यकाका तीनै मल्ल राज्यसंग पृथ्वीनारायणको र उन पुर्खाहरूको घनिष्ठ सम्वन्ध रहिआएको थियो । भक्तपुरका राजा रणजित् मल पृथ्वीका मीतबाबा थिए जय प्रकाशमल्ल उनका मीत थिए । पाटनक मन्त्रीहरूले त उनलाई एकपल्ट राज्य गर्न बोलाइसकेका थिए र त्यस वेल (ई० १७६४) उनले आफ्ना भाई दलमर्द्दन शाहलाई आफ्ना प्रतिनिधिक रूपमा पठाएका थिए । दलमर्द्दन पाटनमा २ वर्ष जति (ई० १७६६ सम्म) राजा भएर बसेका पनि थिए । यसरी हेर्दा विजेता र विजित दुवै एक किसिमले चिरपरिचित थिए । यही कारणले कान्तिपुरको विजयको घटना त्यहाँका बासिन्दाका लागि राजवंशपरिवर्तनको घटनाको रूपमा मात्र आएको थियो भन्ने देखिन्छ । त्यहाँका राजा आफैंले पनि खास प्रतिरोध नगरी पाटनतिर भागेका र सैनिक कार्वाईको खास स्थिति न आएकोले यो विजय शान्तिपूर्वकनै सम्पन्न भयो । यतिसम्म शान्ति कि भागेका राजाले थालेको

कुमारी जात्रा विजेता राजाले शान्तिपूर्वक सम्पन्न गरे । यसरी उपत्यकाको मुख्य मानिएको राज्य सजिलैसँग जितियो । यसको एक महीना जतिमा पाटन जितियो र १६ महीनापछि (ई० १७६९) भक्तपुर । पाटन र भक्तपुरमा भने सैनिक कार्वाई गर्नु पर्ने स्थिति आएको थियो । तर, माथि भनिए झैं त्यहाँका जनताहरूको स्थितिमा खास परिवर्तन भएन । यही बीचमा उता कान्तिपुरमा नेवार कलाकारहरू पृथ्वीनारायणकै निर्देशनमा यौटा भव्य दर्बार वनाउन लागिरहेका थिए– वसन्तपुर दर्बार । यसरी पृथ्वीले विजेता र विजितको भावना बिर्साउने यौटा कलाकेन्द्रको निर्माण गराउन लगाई यौटा अर्को इतिहासको क्रमको श्रीगणेश गरिसकेका थिए भन्ने कुरा स्पष्ट बुझिन्छ ।

वास्तुकला

शाहकालीन वास्तुकलाको इतिहासबारे विचार गर्दा हामीले यस विषयको विस्तृत क्षेत्र हेरी यसलाई मुख्य दुई उपशीर्षक अन्तर्गत बुझ्नु सुविधाजनक हुने छ:–

उपयोगी वास्तुकला र
धर्म सम्बन्धी वास्तुकला ।

तल यी दुवैको क्रमश: विचार प्रस्तुत गरिन्छ ।

उपयोगी वास्तुकला

शाहकालमा उपयोगी वास्तुकलाको क्षेत्रमा आवश्यकता अनुरूप निर्माण कार्य भएको देखिन्छ । यसै क्षेत्रमा अनवरत रूपले नयाँ नयाँ शैलीको प्रयोग पनि भैरहेको देखिन्छ र यसका उदाहरण जतातत्तै भेटिन्छन् । यहाँ हामी केही महत्त्वपूर्ण वास्तुहरू बारे विचार गर्ने छौं ।

वसन्तपुर दरवार

कान्तिपुरको विजयपछि पृथ्वीनारायण शाहले आफ्नो राजधानी पनि यहीं थापे । पहिलेका राजाका पुराना दरवार त थिए तर उनलाई आफू बस्नको लागि यौटा दरवार बनाउनु आवश्यक भएको थियो । उनको भित्री उद्देश्य त शहरको बीचमा दरवार बनाई बस्ने रहेको देखिन्न । उनी दहचोक जस्तो खुला र पहाडी क्षेत्रमा आफ्नो दरबार बनाई वरिपरि आफ्ना

भार्दारहरूलाई घर बनाउन लगाई बस्ने सुरमा थिए[१]; तर राजनी
कारणले उनको यो उद्देश्य पूरा नभएको र कान्तिपुरमै पुरानो राजदरवा
जोडेर यौटा दरवार बनाई बस्ने सुरमा लागे । उक्त दरवारमै थापिएका
शिलालेखअनुसार यो दरवार ई० १७६९ मै चैत-वैशाख महीनामा बनिसके
देखदा[२] कान्तिपुर जितिएको केही दिनपछि नै बनाउन थालिएको र
भदगाउँको विजय हुनुअघिनै बनिसकेको देखिन्छ । महीनाको गन्ती गरी
यो दरवार ८–९ महीनाको छोटो अवधिभित्रै बनिसकेको देखिन्छ ।[३]

---

१. पृथ्वीनारायणको दिव्यउपदेशमा यस विषयमा यस्तो लेखिएको देखिन्
यो तिन सहर भन्याको चिस्व ढुंगो रहेछ. षेलपाल मात्रै ठुलो
कुपको पानि षान्या छेउ बुधि पनी हुदैन. षेलषाल मात्रै रहेछ,
मनसुवा ता दहचोकमा दरवार बनाउला र चारै दिसा थर घरको
प्रोहित भैयाद भारदार मिर उमराउको घर बनाई छुट्टा दरवार बना
र ई तिन सहरमा ता दरबारबाट स्वष सयल्लाई मात्रै जाला भ
यस्तो अविलाष थीयो ।।

२. यो दर्बारसँग सम्बन्धित दुईटा शिलालेख छन् । एउटा त्यस दरवा
दक्षिण ढोकामा छ जसमा वैशाख शुक्ल पञ्चमी शक संवत् १६
(सं० १८२६, ई० १७६९) को मिति लेखिएको छ (त्रिरत्न सौ
गाथाको परिशिष्ट, पृ० २६९ । अर्को शिलालेखचाहिं त्यस दरवा
उत्तरपट्टिको ढोकामा रहेको छ र त्यसमा पहिलो अभिलेखकै संवत्
तर 'चैत्र शुक्ल पञ्चमी' मिति लेखिएको छ (ऐजन, पृ० २७
यसरी महीनाको फरक देखिन्छ ।

३. कान्तिपुरको विजय सं० १८२५ (ई० १७६८) को भदौ (१ गते
को दिन भएको थियो र उक्त अभिलेखहरूमा सं० १८२६ चैत र वैशा
का मिति दिइएको छ । यसरी गन्ती गर्दा सं० १८२५ का बाँकी
महीनाभित्रै बनाइसकी सं० १८२६ को पहिलो महीना वैशाखमा
एउटा अभिलेख थापिएको देखिन्छ । आर्को अभिलेखचाहिं चैत महीन
हुँदा पहिलो अभिलेखको झण्डै एक वर्षपछिको देखिन्छ । यसरी हेर्ने
भने उक्त दरवार दुई पटक गरी बनाई पूरा गरिएको मान्नु पर्ने स्थि
आउँछ र यसको निर्माण-अवधिलाई पनि बढाई २० महीना जति स
दिनुपर्ने हुन आउँछ । उक्त वैशाख महीनाको अभिलेखमाचाहिं 'फा

यस दरबारबारे आफ्नो तर्फबाट वर्णन गर्नु अघि पृथ्वीनारायणले नै यसलाई कुन रूपले बनाएका र हेरेका थिए भनी बुझ्नु ठीक देखिन्छ किनभने यससँग सम्बन्धित दुवै अभिलेखमा यस दरबारको छोटकरी बयान पनि गरिएको छ । पहिलो अभिलेखमा 'किसिम किसिमका झ्यालले सिंगारिएको यो **विलास मन्दिर** (पृथ्वीले) हर्षपूर्वक बनाउनुभयो' भनी लेखिएको छ[1] । दोस्रो अभिलेखमा चाहिं 'राजारूपी हात्तीमा सिंह जस्ता भएका उहाँ महाराजले किसिम किसिमका झ्याल भएको धेरै तला भएको सुन्दरीहरूको दृढ मान तोडिदिने **वसन्त दर्बार** बनाउनु भयो' भनी लेखिएको छ[2] । यसरी उस वेला यो दरबार 'विलासमन्दिर' र 'वसन्तदर्बार' दुवै नामले कहलिएको बुझिन्छ[3] ।

उत्सव गरी यो बनाउनुभयो' भन्ने वाक्य परेकोले यसको निर्माण (सं. १८२५–ई० १७६८) फागुन महीनामा थालिएको भन्ने भान पनि पर्न आउँछ ।

[1] अभिलेखको मूल संस्कृत श्लोक हो:—

विचित्रजालमण्डितं **विलाशमन्दिरं** मुदा
विधाय मन्मथोत्सवं व्यधात्महीशकेशरी ।। अनि अभिलेखका अन्त्यमा यसैलाई सामान्य 'गृह' मात्रै भनिएको छ (गृहमिदं स्थिरो भवतु)– त्रिरत्न सौन्दर्यगाथाको परिशिष्ट, पृ. २६६.

[2] अभिलेखको मूल संस्कृत श्लोक हो:—

तेन भूपकरिसिंहवरेण निर्म्मितं किल **वसश्तसुहर्म्म्यम्** । चित्रजालबहुभूमविशेषं सुन्दरीसुदृढमाननिरासम् ।। (ऐजन, पृ. २७१) । अघिल्लो अभिलेखमा लेखिएको नाउँले नकहलिई दोस्रो अभिलेखको 'वसन्त' बाट यो दरबार कहलिएको देखिन्छ । अभिलेखमा 'वसन्त' मात्रै लेखिए पनि बोलाउने नाम चाहिं उसै वेलादेखि 'वसन्तपुर' रहेको हुनु सम्भव देखिन्छ ।

[3] दक्षिण र उत्तरपट्टि रहेका र मिति भिन्न परेका (यो अभिलेखका सम्पादकले यी मितिबारे शंका भए जस्तो गरेका छन्) दुई अभिलेखका दरबारको नाउँ पनि भिन्नै लेखिएकाले यी दुई भागको निर्माण भिन्नाभिन्नै गरी गरिएको पनि अन्दाजी गर्न सकिन्छ । यहाँ विचारणीय अर्को

ई० १८३२ तिर लेखिएको 'त्रिरत्नसौन्दर्यगाथा' मा बाँडा सुन्दरानन्दले यस दरबारबारे केही विचारणीय कुराहरूको चर्चा गरेका छन् जुनबाट पृथ्वीको कलात्मक चरित्रबारे पनि केही कुरा जान्न सकिन्छ। त्यसमा पृथ्वीनारायण र उनले बनाएको दरबारबारे तल सारिएबमोजिम लेखिएको छः—

> वसन्तपुरनामकावसथमाज्ञपद् भूपतिः
> स्वयं स्थपतिनायको विविधचित्रशिल्पद्यांमी
> न तत्सदृगभूद्धरातल अशेषशिल्पादिविद्
> द्विजं स हरिवंशकं विमलशिल्पबुद्ध्यन्वतम् ।।

कांतिपुर राजधानीमा विराजमान हुँदा अन्तःपुरीको चमत्कार शोभा बढाउना र यश कीर्ति राषनानिमित्त वसन्तपुरमा कोट बनाउना निमित्त शुद्ध बुद्धि हितचित्त भयाका हरिवंशनामा ब्राह्मणलाई हुकूम गर्दा भया ति राजा आफु पनि नाना तह्रका विचित्र शिल्पविद्यामा अभ्यास गर्न्या भयाका ति राजा समान एस नेपालभरमा शिल्प विद्याकन जान्या कर्मी न भूतो न भविष्यति ।।

> शिल्पं शिक्षयति स्म शिल्पविदसौ नेपालजान् पुंगवान्
> पाषाणस्फटिकास्थिदन्तिरदनायस्कान्तमृत्स्नादिकम् ।
> वास्तूकृत्य भुवस्तलं शुभदिने श्री पृथ्विनारायणो
> ....

ति राजाले नेपालका नानावर्ण जातिका मस्त मस्त पुरुषकन शिल्पविद्या सिकाउँदा भया. ढुङ्गाको फटिकको हस्तिदन्त भयो सिसा भयो चित्र विचित्र रँग भयो वर्ण वर्णको वज्रलेप भयो. इसिपात आदि भयाका लोहाको कामकन लोहारलाई सिकाउँदा भया. एस्ता २ काममा सिपालु भयाका कालिगर कर्मिहरूकन बटोली वसंतपुरीनामा जगह बनाउनाकन भूमि-परीक्षा गराई

कुरा कै छ भने पहिलो अभिलेख (वैशाखको) अलि हडबडीमा थापिएको देखिन्छ तर दोस्रोचाहिं विस्तारसाथ पृथ्वीको वंशावलीसमेत राखी लेखिएको छ। पहिलोमा पाँच श्लोक र दोस्रोमा नौ श्लोक लेखिएका छन्। यसैले दोस्रो अभिलेखमा उल्लेख भएको 'वसन्त' बाट यो दरबार कहलिएको देखिन्छ। बाबुराम आचार्यले भने यस दर्बारको नाम 'कैलास दरबार' लेख्नु भएको छ (नेपालको संक्षिप्त वृत्तान्त, पृ. ७०)।

वास्तु नागकन पूजा गरि वास्तु वसाली ।[1]

सुन्दरानन्दको उक्त भनाइबाट त पृथ्वीले ठूलो उत्साहसाथ आफ्नै निर्देशनमा यो दरबार बनाउन लगाएको र यस काममा आफूले जानेका अनेक थरीका शिल्प-विद्याको समेत नयाँ प्रयोग गर्न लगाएको कुरा बुझिन्छ । यस कामका खास, तालुकेदार हरिवंश नाउँका ब्राह्मण थिए भन्ने पनि उक्त भनाइबाट थाहा पाइन्छ । तर यी हरिवंश कहाँका थिए भन्ने कुराको सुइँको लाग्न सकिएको छैन ।

यस दर्बारको निर्माण शैली र कलात्मक स्वरूपको विषयमा विचार गर्दा पहिलो कुरो हाम्रो सामु आउँछ यसको निर्णय-स्थल । यसको निर्माण मल्ल राजाहरूको हनूमान् ढोका दर्बारको लङसितै जोरिएर तीनतिर गरी गरिएको छ अर्थात् दक्षिण, पूर्व र उत्तरबाट पुरानो दर्बारलाई यो वसन्तपुर दरबारले घेरेको छ । यस दरबारमा चार वटा बुर्जा छन् जुनको नाउँ र ऊँचाइ एउटा पुरानो कागतअनुसार—'वसन्तपुर कैलास उच्चा हात ७२, वायव्यपट्टिका 'वङ्गला' उच्चाहात ४६, ईशानपट्टिको लक्ष्मीविलास बुर्जा ५०।१६, आग्नेयपट्टिको विलासमन्दिर बुर्जा ५१।६' छ ।[2] यसरी उँचाइको दृष्टिले 'वसन्तपुर कैलास' बुर्जाको महत्त्व देखिन्छ । यो पाखोमा बुर्जासमेत गरी नौ तला भएको छ । राजकीय मुख्य वासस्थल यसैलाई बनाइएको हो कि भन्ने देखिन्छ । यहाँ आर्को कुरा पनि देखिन्छ, त्यो के भने प्रत्येक बुर्जाको शैली (र उँचाइमा पनि) पनि भिन्नाभिन्नै हुनु । लक्ष्मी-विलास बुर्जालाई छोडी तीनै बुर्जा पगोडा शैलीकै विविध रूपमा झिगटीका छाना हाली बनेका छन् । लक्ष्मीविलास बुर्जामा चाहिं 'राजपूत' शैलीको छाना हालिएको छ र यो धातुको छ । यसको पनि आफ्नै विशेषता देखिन्छ (हेर्नु-चित्र संख्या–४, ५ र ६) ।

कलाको दृष्टिबाट यस दरबारको सम्पूर्ण रूप छर्लङ्ग गर्न यो सानो अध्ययनमा सम्भवछैन किनभने यसको तल जगदेखि माथि कलशसम्म जति कलात्मक विविधता देखिन्छ त्यसको बयान गरेर साध्य छैन भने हुन्छ । यसमा प्रयोग भएका सयौं झ्याल र सयौं टुंडालमा काष्ठकलाका यति विविध रूप देखिन्छन् जुनले यस दरबारलाई अलौकिक रूप प्रदान गर्न खोजेका छन् ।

---

[1] त्रिरत्न सौन्दर्य गाथा, पृ० १३५–१३७,

[2] त्रिरत्नसौन्दर्य गाथा, पृ० १३६ (पादटिप्पणी) ।

देवी-देवता, हात-हतियार भिरेका सिपाहीहरू, थरी-थरीका बेलबुट्टा, काम कलामा लीन स्त्री-पुरुषहरू र यस्तै विविध रूप यहाँ देखिन्छ (हेर्नु-चित्र संख्या–७) । आजभन्दा दुई शताब्दी र पन्ध्र वर्षअघिको यो कलाकेन्द्रको यही रूप छ ।

अब मल्ल राजाका दरवारसँग यसको तुलना गरी हेरौं । काठ र ईंटको प्रयोगको दृष्टिले भन्ने हो भने मल्लदरबार र यसमा खास फरक देखिंदैन तर प्रयोगको विधि र शैलीमा ती दुवैमा निकै भिन्नता पनि देखिन्छ ।[1] तर मल्ल दरबारमा, खास गरी भक्तपुरकोमा जुन धातुको प्रयोग (खास गरी ढोकामा) भएको देखिन्छ त्यसको यहाँ वसन्तपुरमा अभाव छ । क्षेत्र, उँचाइ, काष्ठकलाको प्रचुर प्रयोग, धेरै बुर्जाको प्रयोग र तिनको विविध रूपमा पनि वसन्तपुर दरबारको जुन विशेषता छ त्यसलाई मल्लदरबारहरूले छुन सकेका छैनन् । विशालतामा पनि मल्लदरवारहरूको तुलना यससँग गर्न सकिंदैन । तर खास महत्त्वको कुरा त कैमा देखिन्छ भने मल्लदरवारहरू एक किसिमले 'पूजा गृह' र 'मन्दिरहरूको समूह' को रूपमा छन् भने वसन्तपुर धेरथोर अधार्मिक स्वरूपको छ । यही कुरामा पृथ्वीनारायण र

---

[1] यस सन्दर्भमा वाबुराम आचार्यको निम्न भनाइ छः– पृथ्वीनारायण शाहको समयको वास्तुकलामा राजपूत शैली पाइन्छ । मुगल शैली राजपूतशैलीमा ज्यादा अन्तर छैन । मल्लकालका वास्तुकलामा मुगलशैलीमा मुसलमानीपन र राजपूतशैलीमा हिन्दूपन पाइन्छ । प्रतापमल्लले निर्माण गरेको हनुमान्ढोकाको दरवारमा मुगलशैली झल्कन्थ्यो । जंगबहादुरको पालामा यस दरबारमा चुनको प्लाष्टर लगाइएकोले पुरानो कला छोपिएको छ । पृथ्वीनारायण शाहले बनाएका वसन्तपुरको राजदरवारमा राजपूतकला अझै देखिंदैछ । पाटन र भादगाउँका मल्लराजाहरूले बनाएका दरबारमा पनि प्लाष्टर गरिएको हुनाले मुगलशैली छोपिन गएको छ । तर जयप्रकाशमल्लको निम्ति सबभन्दा पछि बनेको (पाटनको) राजदरबारमा प्लाष्टर नगरिएको हुनाले मुगलकला अहिलेसम्म देखिंदैछ ।– **नेपालको संक्षिप्त वृत्तान्त पृ० १३८** तर यहाँ 'मुगलशैली' र 'राजपूत शैली' को बारेमा अलि अतिशयोक्ति हुन आएको छ । मल्ल र वसन्तपुरदरवारको विस्तृत अध्ययन गरेपछि सत्य कुरो हाम्रो सामु आउने छ ।

मल्ल राजाहरूको चरित्रमा खास भिन्नता देखिन्छ । पृथ्वी पुजारी किसिमका राजा नभई कूटनैतिक किसिमका व्यक्ति थिए यसैले उनको राज्यको सम्पूर्ण प्रशासनको केन्द्र राजदरबारलाई पूजाकोठाको रूप दिन नचाहेको स्पष्ट देखिन्छ ।

यस दरवारलाई राजपूत शैलीसँग जोड्ने कुरा त्यति स्पष्ट छैन जस्तो मल्ल दर्बारहरूलाई मुगल शैलीसँग जोड्ने प्रयत्न गरिन्छ । राजकीय कारबारमा जति राजपूत र मुगल प्रभाव परेको मान्न सकिन्छ त्यति तत्कालीन कला र वास्तुकलामा मान्न सकिंदैन । यौटा छाना राजपूत शैलीको भयो भन्दैमा त्यसले सम्पूर्ण रचनामा देखिने आफ्नो पनलाई नामेट पार्न कसै पनि सक्दैन । हाम्रो भनाइ यो हो कि यसमा तत्कालीन काठमाडौंको कलात्मक वातावरणमा पृथ्वीनारायणको आफ्नै शैली छ जसको विस्तृत व्याख्या एक एक तथ्य केलाई हेरेपछि स्पष्ट हुने छ । उनका हरेक गतिविधिमा जुन विशेषता देखिन्छ त्यसको स्पष्ट छाप यहाँ देखिन्छ । यस विषयमा यहाँ तोक्नु पर्ने अर्को महत्त्वपूर्ण कुरा पनि छ– त्यो के भने पृथ्वीनारायणलाई उनका राजनीतिक कामहरूको पृष्ठभूमिमा जुन कठोर व्यक्तिका रूपमा देखाउने प्रयत्न गरिन्छ तिनको पनि यस्तो सांस्कृतिक कार्य हुन सक्दो रहेछ भन्ने हो । उनको यस काममा उपत्यकाका कलाकारहरूले जुन उत्साहसाथ सहयोग गरेका थिए त्यो पनि यस सन्दर्भमा स्मरणीय छ । सुन्दरानन्दको भनाइअनुसार त त्यस सन्दर्भमा यी कलाकारहरूले पृथ्वीबाट नयाँ-नयाँ सीप पनि सिकी आफ्नो गुण र स्तर पनि बढाउने अवसर पाएका थिए ।

वसन्तपुर दरवार वनेपछि पृथ्वीनारायण शाहले शासन गरेका ६ वर्षभित्र उपयोगी वास्तुहरू के कति वने भनी बुझ्ने ऐतिहासिक प्रमाण हामीसँग छैनन् । दहचोकमा आफ्नो छुट्टै दरबार बनाई वरिपरि आफ्ना भाइ-भारदार, गुरुपुरोहितहरूलाई घर बनाउन लगाउने उनको पहिलो योजनाको साटो सहरभित्रै आफ्नो दरबार बनेपछि उनका आश्रयमा पालिएकाहरूको फेरिएको राजधानीमा वासबारे के गरियो केही थाहा पाइएको छैन । ई० १७७५ मा पृथ्वीको स्वर्गवास भएको केही महीनापछिदेखिनै उनका र उनका छोरा राजा प्रतापसिंह शाहका भारदारहरूमध्ये केहीले आफ्-आफ्ना 'मन्दिर' बनाएर ठाँटसँग बस्न थालेका कुराका केही ऐतिहासिक प्रमाण पाइएका छन् । त्यसको यहाँ चर्चा गरिन्छ ।

जयमन्दिर

प्रतापसिंह शाहको शासनकाल थालेको केही महीनापछिनै दरवा खडा गर्ने पहिला भारदार काजी स्वरूपसिंह कार्की देखिएका छन् । यिनक शक संवत् १६९८ (ई० १७७६) को कात्तिक महीनाको मिति भए यौटा शिलालेख 'काठमाडौं चिकँमुगलटोलमा अटकनारायणको मन्दिरभन्द अलि पर गएपछि पुराना छाँटका घर भएको ठाउँ आउँछ त्यहाँ बायाँप छेँडोबाट भित्र पसेपछि एउटा चोक आउँछ; त्यस चोकको उत्तरपट्टि लङ्मा भित्तामा' पाइएको छ ।[1] यसमा ती काजीले[2] आफ्नो लागि 'जयमन्दि बनाउन लगाएको उल्लेख गरिएकोछ । पृथ्वीले बनाउन लगाएको वसन्तपु दरबारलाई 'विलास मन्दिर' भने झैं यसलाई पनि 'मन्दिर' भनिएकोले य पनि भव्य नै बनेको अनुमान हुन्छ तर अभिलेखको ठाउँ वरिपरि रहेक घरहरूको अध्ययन गरेमा यस 'मन्दिर' को वास्तुशैली आदि कुराहरू जा सकिने सम्भावना छ ।

मानमन्दिर

स्वरूपसिंहको उक्त अभिलेखको मितिभन्दा दुई महीनापछि पूसम एक जना अर्को भारदारले यौटा 'मन्दिर' बनाएको कुराको उल्लेख भए शिलालेख पाइएको छ । यी भारदार गोर्खाका पुरानो वस्नेत खलक अभिमान सिंह हुन् । यिनी पृथ्वीनारायणका नामी सेनापति शिवराम सि वस्नेतका साहिंला छोरा हुन् । पृथ्वीको समयमा यिनले पूर्व किरात दे जितेका थिए । शिलालेखमा यिनलाई मन्त्री भनिएको छ । शक संवत् १६९ (ई० १७७६) को पूस महीनाको मिति लेखिएको यो अभिलेखम 'तिलङ्गाहरूको पङ्क्तिले घेरिएको, धेरै मान र धनले सम्पन्न भएको य भवन अति राम्रो छ' (परितः सुभटालिकृतावरण बहुमाननिकेतनमाप्तध

---

[1] अभिलेख संग्रह, भाग–१२. पृ. ७.

[2] स्वरूपसिंह कार्की पुरानिया भारदार होइनन । पृथ्वीले पूर्व चौदण्ड इलाकाको विजय गर्नुअघि त्यसै भेकबाट यिनी पृथ्वीनारायणको सेवाम आएका हुन् । निक्कै चाँडो यिनी 'काजी' (मन्त्री) पदमा पुग्न सकेक देखिन्छन् ।

भवनं प्रतिभाति मनोरमणम्) भनी वयान गरिएको छ ।[1] केलटोलमा 'तिलंगाघर' भनी आज पनि प्रख्यात भै खडा रहेको यो घरको सडकपट्टिको भित्तामा अभिलेखमा भनिए झैं सिपाहीहरूको लामो लहरको चित्र कोरिएको छ र यही विशेषताले यसको नामकरण गरेको देखिन्छ । यो घर त्यति विशाल त देखिंदैन तैपनि भारदारको लायकको केही भव्यता वाहिरपट्टिवाट देखिन्छ ।

कीर्तिमन्दिर

मानमन्दिरका निर्माता अभिमानसिंहका कान्छा भाइ मन्त्री धौकलसिंह बस्नेतले पनि नारायणहिटीको भेकमा आफ्नो लागि 'कीर्तिमन्दिर' वनाएका थिए । यो कुरा नारायणहिटीको नारायण मन्दिरमा रहेको शिलालेखबाट थाहा पाइन्छ शक संवत् १७१५ (ई० १७९३) को मिति लेखिएको उक्त शिलालेखमा 'नरपति श्री ५ रणबहादुर साहबाट प्राप्त गरेर आफ्नु पूर्ण अधिकार भयेको यस ठाउँमा ती धौकलसिंहले शुभफल जन्माउने सबैले कामना गरिएको सुन्दर घर बनाए । छोरा नाति कुल धर्मपत्नी

---

[1] संस्कृत सन्देश, ५ पृ० ४. यो अभिलेखमा शुरूका ५ श्लोक संस्कृतमा र ७ श्लोक (दोहा) हिन्दीमा लेखिएको छ । यस घरको निर्माण सम्बन्धी एउटा संवत् १८३२ (ई० १७७६) को मितिको प्रतापसिंहको पत्रबारे थाहा पाइएको छ जसमा लेखिएको छ.– आगे अभिमानसिंहके अघि हाम्रो काठमाडौं प्रवेश हुँदँदेपि आफु बस्याको केलटोलको भाजुदेव व्राह्मणको घर सहरबाटोदेखि पश्चिम सिंजु कसाल दानकसालका घरदेखि उत्तर भीमदेव मुकुन्दहरिको घर सुइकारननोदेपि पूर्व बुढा दलमर्द्दन साहको घर मिश्रज्यूको वारी भाजुदेउ उदासको चारकिला साँधभित्रको घर जगा पा ५१ जवा १ हात १ चोक पाताल पा २९ जवा २ हात २ विता १ वारी पा ३२ जवा १ हात २२ पुनः महासंगालवारी पूर्व वेषासि महानको घर पश्चिम मुगल बाटो दक्षिण बेहोराको वारी उत्तर सिठी महानको घर एतिभित्र वारी पा ३४ जवा २ हात २६ सिगलको वारीसमेत एति घर वारी सुना बिर्ता गरी वक्स्यौं ।–**त्रिरत्न सौन्दर्यगाथा पृ० ६९.** यो उद्धरणबाट अभिमान सिंह बस्नेतलाई प्रतापसिंहले घर जग्गा दिएको थाहा पाइन्छ । तर 'मानमन्दिर' वनाएकै महीनाको मिति यस चिठीमा देखिन्छ जसको ठीक अर्थ स्पष्ट हुँदैन ।

सत्कर्म र हरिका करुणाले यसमा कीर्ति हुने छ भनी ठानी धौकलसिंहले यसलाई कीर्तिमन्दिर भने' भनी लेखिएको छ[1] ।

रणबहादुर शाहको पालामा बनेको यो 'कीर्ति-मन्दिर' नारायणहिटीमा कतातिर बनेको हो र अहिले यो कुन रूपमा छ केही भन्न सकिएको छैन[2] । पुरातात्विक सर्वेक्षण नगरी शिलालेख र अरू किसिमका आधार लिई तत्कालीन घरहरूबारे राम्ररी विचार गर्नु अप्ठेरो छ र यसैले अब हामी तत्कालीन इतिहासमा उल्लेख हुने यौटा घरको चर्चा गर्दछौं जसको निर्माण रणबहादुर शाहले गरेका थिए ।

पशुपतिको सदावर्त घर र स्वास्थ्य निवास

बाबुराम आचार्यले रणबहादुर शाहले बनाउन लगाएका दुईटा घरहरूको चर्चा गर्नु भएको जुन देवपाटन पशुपतिमा बनेका थिए । एउटा चाहिं सदावर्त र आर्को स्वास्थ्य निवास । आपनी रानी कान्तवतमी बिरामी भएको बेला रणबहादुरले दान पुण्यका काम गर्दा 'देवपाटनमा आउने तीर्थ यात्रीहरूलाई एउटा सदावर्तको ठूलो खाँचो छ बहादुर शाहले स्थापना गरेको सदावर्त सानो छ, यसबाट तीर्थयात्रीहरूको खाँचो पूरा भएको छैन भनेर विन्ति चढाउँदा ··· तुरुन्तै भादगाउँको अवल जग्गा खरीद गरी गुठी राखी (अहिलेसम्म खडा रहेको) ठूलो सदावर्त घरसमेत खडा गरेका थिए ।[3] आपनी रानी कान्तवतीको निम्ति औषधी गर्नको निम्ति स्वास्थ्य

भाजुदेव ब्राह्मणको घरलाई नै 'मानमन्दिर' नाउँ राखी अभिमानसिंह वस्नेतले बसोवास गर्न थालेको हो कि ?

[1] स्वस्वत्वोत्पत्ति पूर्व नृपति रणबहादुरलब्धे स्थलेस्मिन्
रम्यं हर्म्यं सुकाम्यं शुभफलजनकं धौकलोसौ व्यधत्त ।
पुत्रपौत्रकुलतोपि कलत्रात् कर्मतोपि च हरेः करुणातः
कीर्तिरत्र भवितेति विचिन्त्य कीर्तिमन्दिरमिदं न्यगदत्सः ।।

संस्कृत सन्देश, ५. पृ० ८. यस अभिलेखमा पनि थालनीका १० श्लोक संस्कृतमा र पछिका १५ श्लोक (दोहा) हिन्दीमा लेखिएका छन् । यसका रचनाकार वाणीविलास पाँडे थिए भनेर त्यसैमा लेखिएको छ ।

[2] यो नारायणहिटी राजदरवार भित्र गाभिएको हो कि भन्ने अन्दाजी गरिएको छ ।

[3] नेपालको संक्षिप्त वृत्तान्त, पृ. १०५.

निवास जंगलमा हुनुपर्ने भएकोले र मिलह्म वैद्यले आफ्नो (देवपाटनमा रहेको) घर अगाडिको स्थान रोजदा रणवहादुरले त्यहाँ एक घर निर्माण गराए'।[1] उक्त घरहरूको बारेमा स्व० श्री वावुरामको भनाइ छ 'राजपूत-कलामा रणवहादुरशाहको समयमा वनेको अन्तिम घर देवपाटनको ठूलो सदावर्त घर हो। त्यहीं उनकी महारानी कान्तवतीको स्वास्थ्यनिवास पनि वनेको थियो। त्यो निवास पनि राजपूतकलामै वनेको थियो।'[2]

बागदरबार

ई० १८०६ मा रणवहादुर शाहको हत्याद्वारा स्वर्गवास भएपछि उनकी विधवा रानी ललितत्रिपुरसुन्दरीले गीर्वाणकी मुख्तियार भई भीमसेन थापालाई प्रधानमन्त्री पारी राजकाज चलाउँदा पछिल्लाको प्रशस्त शक्ति बढ्यो। रणवहादुर शाहको सेवामा अघिदेखि रहेकाले भीमसेन थापाले दामोदरपाँडेको हत्यापछिनै प्रधानमन्त्रीकै जत्तो अधिकार त पाइसकेका थिए तर उनको स्वर्गवासपछि उनको शक्तिमा प्रशस्त वृद्धि हुन गयो। उनले ३१ वर्षसम्म 'प्रधानमन्त्री'–र 'जर्नेल' को रूपमा राजकाज चलाउँदा उपयोगी र धार्मिक वास्तुकलाका धेरै उदाहरण थापेका थिए। काठमाडौं उपत्यकामा शाह-शासनकाल थालिएपछि पहिलोपल्ट वास्तुकलाको क्षेत्रमा यतिविधि काम भएको थाहा पाइन्छ।

अघिका भारदारहरूले आफ्-आफ्नो 'दर्बार' वनाउन लगाएका केही उदाहरणको चर्चा माथि गरिसकिएकै छ तर भीमसेन थापाले चाहिं आफ्नो लागि वास्तवमै दरवार बनाउन लगाएका थिए आफ्नो वास्तविक शासनकालको ६ वर्ष जति पछि ई० १८१२ (सं० १८६८) तिर। उक्त मितिको महाराजाधिराज गीर्वाणको लालमोहर प्रकाशित भएको छ जसमा भीमसेन थापालाई 'घर बनाउनलाई' लगन भेकका २८ घर प्रशस्त जग्गा (जसको विस्तृत विवरण लालमोहरमा दिइएको छ) किनी रैकर तुल्याई दिएको बयान लेखिएको छ।[3] 'बाग दर्बार' को रूपमा कहलिने यो दर्बारको

---

[1] ऐजन.

[2] ऐजन, पृ. १३८.

[3] जनरल भीमसेन थापा र तत्कालीन नेपाल, पृ. २६४–८. शहरको बीचमा भनेजस्तै यो दर्बार बनाउँदा २८ ओटा घर भत्काएको घटनावाट भीमसेन थापाको शासन कस्तो थियो भन्ने बुझिन्छ। नेपालमा सम्भवतः यस्तो घटना भीमसेन थापाकै पालामा पहिलोपल्ट भएको अन्दाजी गरिएको छ।

विशेषता नामैले प्रकट गरे झैं ठूलो बगैंचासाथ बनेको थियो र अहिले पनि यसको पूर्वरूपका केही भग्नावशेष देखिंदैछन् । बागदरबारचाहिं थोत्रिएको हालतमै भए पनि खडै छ । आफ्नो जमानामा यो प्रशासनको केन्द्रस्थल थियो र धेरै किसिमका सीप खर्च गरी बनेको थियो । भीमसेन थापाका स्तुतिगायक सुन्दरानन्द बाँडाले यस दरबारको बयान गरेर लेखेका छन्:–

चित्रै चित्र बडा महल् बनिगयो श्री विश्वकर्मा पनि
चित्रैदेषि त चित्तविभ्रम भयो धन्यै छ जन्रल् भन्यो ।
दिक्पाल्हेरु दशै पनी खुसि भया दीदा भया जश् अधिक्
श्री जन्रैल खसम् प्रभू विजयते नेपाल भूमण्डले ।।

नेपालमा अपूर्व डबलसंग बनायाका कीर्तिकन कहंछु चित्रै चित्र बडा महल बनिगयो ऐटको चित्रमा काठको चित्र काठको चित्रमा पनि सुधालेपको चित्र सुधालेपको चित्रमाथि पनि रंगको चित्र रंगको चित्रमाथि पनि दर्पणको चित्र दर्पणमाथि पनि सुनहरिको चित्र एसै प्रकारका चित्रले ठूला ठूला घर बनिसक्यो. ति देषेर श्रीविश्वकर्माको पनि चित्तभ्रम भयो. भ्रम भयेर आफु बस्याका जग्गहको ठेगान पाउनुसक्येन र स्वर्ग हो कि मर्त्य हो भन्न लाग्या. सावास जनरल काजी धन्य छन्. मेरा मन पनि भुलाई दिन्या रह्याछन्. यसै प्रकारले दिशा दिशाका दश दिक्पालले पनि चित्त खुसि भएर अधिक् जश दिन्या भयाछन् एस्ता प्रकारले जनरलनामा काजी प्रभु ऐश्वर्य युक्त भैकन जयजयकारले बस्याका छन् ।[१]

वास्तुशैलीको दृष्टिले भन्दा यो बागदरबारको ऐतिहासिक महत्त्व नेपालमा यूरोपेली शैलीमा बन्ने घरहरूमा पहिलो हुनुमा छ । यसका चार बुर्जामा अलि अलि नेपालीपन अवश्य देखिन्छ तर यसमा नेपाली किसिमका झिंगटीको सट्टा टाएलको प्रयोग भएको छ । यहाँका दरबारहरूमा बगैंचा लगाउने चलन त थियो तर यस दरबारमा बघैंचा खूब मिहिनेतसाथ बनाइएको देखिन्छ । दरबारभित्र पनि थरी-थरीका कलात्मकताको विशेषता पनि थियो । भीमसेन थापाले आफूलाई मात्रै होइन आफ्ना सिपाहीहरूलाई पनि नयाँ शैलीका छाउनी घर बनाई 'पगरीका दर्जा अनुसार र आफ्ना मनमुवाफिक घरमा रगबिरंग चित्रकार गरी सीसाको झ्याल ऐना गैह्र लगाई

---

[१] त्रिरत्नसौन्दर्यगाथा, पृ. २५६. सुन्दरानन्दले बगैंचाको पनि विस्तृत बयान गरेका छन् (ऐजन, पृ. २५७–८) ।

झाड तस्वीर ताँसि वन्या नवन्याको घर तवेला वनाउन्या काम' गर्न लगाएका थिए।[1] यसैले स्व. बाबुराम आचार्यले भन्नुभएको छ 'भीमसेन थापाको पालादेखि यूरोपियन वास्तुकलाको प्रचार बढ्दै आएको हुनाले रणबहादुर शाहको साथसाथै राजपूतकला पनि खतम भएको देखिन्छ।'[2]

बास्तवमा यूरोपीय शैलीको अनुकरण गर्ने फेशन चलेको हो र यसको प्रचलन भीमसेन थापाले आफ्नो गौरव बढाउनको लागि गरेको देखिन्छ र यसको बीँडो धान्नेहरूमा पछि राणाहरू एक्का भए।

भीमसेन थापाका नामले प्रख्यात भएका अरू यस्ता उदाहरण धरहरा र सुन्धारा हुन्।

धरहरा

धरहरा सम्बन्धी पहिलो ऐतिहासिक प्रमाण ई० १८२४ को पाइन्छ। हाल राष्ट्रिय संग्रहालयमा रहेको उक्त मितिको शिलालेख "स्वस्ति शीशाके १७४६ सम्वत् १८८१ साल श्रावण कृष्ण सप्तम्यां तिथौ रेवतिनक्षत्र शुक्रमयोग रविवासरे श्रीजनरल भीमसेन थापाले वनायाको धरहरा शुभम्" लेखिएको छ।[3] यस प्रमाणबाट यसको निर्माण ई० १८२४ मा भएको देखिन्छ। यो मितिमा वनेको धरहरा भीमसेन थापाले आफ्नो वागदरवारनेर बनाएको चाहिं हो जस्तो लाग्दछ जुन ई० १८३३ को महाभूकम्पमा धाराशायी भएको थियो र जसको जीर्णोद्धार फेरि भएको देखिंदैन। हाल रहेको धरहरा चाहिं ई० १८२५ मा महारानी ललितत्रिपुर सुन्दरीको नाममा वनाइएको देखिन्छ जसको प्रमाण त्यहीं पाइएको छ र जसमा लेखिएको छ "स्वस्ति श्री सम्वत् १८८२ साल मिति चैत्र सुदि १२ रोज ४ वैशाख महिनाका दिन ९ जादां श्रीमन्महाराजाधिराजपट्टराज्ञी श्री श्री श्रीमल्ललित त्रिपुरसुन्दरीदेवीले यो धरहरा वनाउनु भै तयार गरी गजुर चढाउनु भयाको हो॥[4] २५० फीट जति अग्लो यो धरहरा ई० १८५६ मा बज्रपरी भत्किँदा ई० १८६९ मा यसको जीर्णोद्धार गरिएको थियो भन्ने थाहा

---

१. ऐजन, पृ. ७१ पादटिप्पणीमा उद्धृत सं. १८८२ को रूक्काबाट।

२. नेपालको संक्षिप्त वृत्तान्त, पृ. १३८.

३. अभिलेख संग्रह, १२. पृ. १७.

४. इतिहास प्रकाश, १. पृ० ८६.

पाइन्छ ।[1] ई० १९३३ को महाभूकम्पमा यो फेरि भत्किँदा ई० १९३५ म
श्री ३ महाराज जुद्धशम्शेर राणाबाट यसको जीर्णोद्धार गराइएको प्रमाण
अभिलेखमा यसरी लेखिएको छ "सम्वत् १८८२ साल चैत्र सुदि १२ रोज
मा श्री श्री श्री मल्ललितत्रिपुरसुन्दरीदेवीबाट बनाई बक्सेको यो धरहर
विक्रम संवत् १९९० माघ २ गते (माघ कृष्ण ३०) सोमवारको भिषण
भूकम्पले भत्की बिग्री २ तलासम्म पुरानो बाकी भएकोमा अरू तला उठाइ
बनाई श्री ३ महाराज जुद्धशम्शेर जङ्गबहादूर राणाबाट विक्रम संवत् १९९
सालमा जीर्णोद्धार गरिबक्सिएको ।"[2] (चित्र संख्या–८) ।

सुन्धारा चाहिँ ई० १८३८ मा बनेको देखिन्छ । सुन्धारा
डुंडमास्तिर रहेको सुवर्णपद्मा यसको निर्माणबारे लेखिएको छ "स्वस्ति
श्रीसम्वत् १८८५ साल मिति फाल्गुण वदि ७ रोज ५ का दिन श्री ५ महारानी
ललितत्रिपुरसुन्दरीदेवीले यो धारो बनाई श्रीकृष्णार्पण गर्नु भयो ।"[3] नेपालको
पुरानो हिटि शैलीमा बनेको यो धारो नेपालमा सबभन्दा विशाल हिटी होला
जस्तो लाग्दछ ।

भीमसेन थापापछिका अर्का निर्माता हुन् जंगबहादुर । यिनले
आफू प्रधानमन्त्री र श्री ३ महाराज भएपछि जुन राजनीतिक वातावरण
तयार पारेका थिए त्यसमा धेरै 'दर्बारहरू' को निर्माण भयो पहिलो दरबार
त उनले आफैंले बनाए– उही भीमसेन थापाकै आदर्शमा विदेशी शैलीको
अनुकरणमा ।

थापाथली दरबार

जङ्गबहादुरले आफू र आफ्ना सन्तानहरूको लागि थापाथली
भेकमा धेरै 'दर्बार' बनाउन लगाएका थिए । भीमसेन थापाले जस्तो घरहरू
किनेर तिनलाई भत्काई जङ्गबहादुरले आफ्ना दरबार बनाएका हुँनन् ब
उनले त्यहाँ रहेको थुम्को खार्न लगाई उक्त दर्बारहरू बनाउन लगाएका थि
भन्ने थाहापाइन्छ, आफ्नो स्तर बढेपछि जंगले आफ्ना थुप्रै छोरा र भाइहरू
निम्ति दरबारहरूको निर्माण गराउनु पर्दा तिनको पालामा दरबारहरूको

---

१. Daniel wright History of Nepal, Third Indian Ed
Calcutta, 1956. P. 8.

२. इतिहास प्रकाश, १. पृ. ८६; अभिलेख संग्रह, ८. पृ. ८–९.

३. इतिहास प्रकाश, १. पृ. ८६.

वाढी आएझैं लाग्दछ । उनका जेठा छोरा जगत्जङ्गले पनि मनोहरामा गजबको दरबार वनाउन लगाएको थाहापाइन्छ । तर यी सबै दरबार भीमसेन थापाले देखाएको बाटोमा लागी विदेशी शैलीमै बनेका देखिन्छन् ।[1] यस्ता दरबारहरूले उतिखेरका शासकका परम इष्ट अंग्रेजहरूलाई प्रभावित पार्नु र राजधानीलाई निकै प्रभावशाली बनाउन केही योगदान गरेको कुरा स्पष्टै छ ।

थापाथलीको 'चारबुर्जा'

विदेशी शैलीको लोकप्रियता बढी रहेको बेलामा ई० १८४९ मा थापाथलीमै एउटा आर्के शैलीको भव्य घर (दर्बार ?) पनि बनेको थियो । नेपालमा शरण पर्न आएकी पंजावकी रानी चाँदकुंवरलाई जङ्गबहादुरले आश्रय दिएका थिए । ती रानीले जंगबाट ३० हजार रूपियाँ लिई थापाथलीमै 'चारबुर्जा दर्बार' वनाउन लगाई वस्न लागेकी थिइन् । त्यो दर्बार 'पंजाबी' वास्तुशैलीमा बनेको थियो भनिन्छ ।

नारायणहिटीको राजकीय दरबार

ई० १८८१ सम्म श्री ५ महाराजाधिराजको निवासस्थान हनुमानढोकामै रहिरहेको थियो । जंगबहादुरको समयमा त्यहाँ केही थप भएको अन्दाजी गरिन्छ तर प्रधानमन्त्री र उनका सारा सन्तानले नयाँ नयाँ दरबार खडा गरी बस्न लागे तर श्री ५ को लागि पुरानो स्थल नै रहिरह्यो । भीमसेन थापा जस्ता राजभक्तले पनि यतापट्टि खास ध्यान नदिएको देखिन्छ यद्यपि उनले हनुमानढोका दरबारको केही जीर्णोद्धार आदि गराएको अन्दाजी गरिन्छ । जंगवहादुरको मृत्युपछि 'श्री ३ महाराज' रणोद्दीपले बरु यस कुरामा ध्यान दिई श्री ५ पृथ्वीवीरविक्रम शाहदेवको निवासको निम्ति 'देशबाट नमूना तस्वीर झिकाई बडो मिहिनेतसाथ' नारायणहिटी दरबार वनाउन लगाएका थिए । श्री ५ पृथ्वीको उमेर सानै हुँदा उहाँको सुरक्षाको निम्ति रणोद्दीप आफू पनि त्यसै दरबारमा बस्दथे भनिन्छ । यो दर्बार पनि विदेशी शैलीमै बनेको छ ।

---

१. डी. राइटद्वारा लिखित 'नेपालको इतिहास' मा थापाथलीका यी दरबारहरूको भव्यता, सफाई र सजिसजाउको निकै तारीफ गरेका छन् । उक्त पुस्तकको पहिलो संस्करण ई० १८७७ मा क्याम्ब्रिजबाट प्रकाशित भएको छ । उक्त तारीफको लागि हेर्नू—हिष्ट्री अफ नेपाल, तृतीय संस्करण, कलकत्ता (सन्) १९६६, पृ. ९.

वीरशम्सेरको लालदरबार

ई० १८८५ मा रणोद्दीपको हत्या गरी 'श्री ३' भएका वीरशम्शे आफ्नो लागि नारायणहिटीको राजदरबारनजीकै पारी 'लालदर्बार' निर्माण गराई त्यहीं आफ्नो निवास बनाएका थिए । यो दरबार जुन ठा बनेको छ त्यो धेरै पुरानो बस्ती भएको क्षेत्र हो र त्यहाँ स्थानीय बासि हरूको ठूलो बस्ती थियो भनी भनिन्छ । त्यहाँबाट त्यस्ता बासिन्दा उठ्टीवास लगाई वीरशम्शेरले आफ्नो दरबारको लागि भीमसेन थाप नीति लिएको स्पष्ट देखिन्छ । यहीं 'सुरशम्शेरको दर्बार' पनि थियो जस धेरै तारीफ पनि सुनिएको छ, तर त्यो सं० १९८९ सालमा आगलागी परी भस्म भएको थाहा पाइन्छ । घण्टाघरको स्थापना पनि यिनले गरे थिए जो उनको प्रसिद्ध र स्थायी स्मारक रहिआएको छ ।

सिंहदरबार

विदेशी शैलीमा बनेका नेपाल राजधानीका सबै दरबारमध्ये चलेको सिंहदरबार हो । यसका निर्माता चन्द्रशम्शेर हुन् । 'पानिढिकी मो टक्सारलाई बुढानीलकण्ठबाट थापाथली दरबारमा लगी राखेको पानी राजकुलो मैदान गरी' चन्द्रशम्शेरले आफू बस्नको लागि यो दर्बार बनाए थिए । फ्रान्सको वर्सेलिस (Versailles) को दरबारको अनुकरणमा दरबार ई० १९०५ मा बनेको थियो । यसमा ९ चोक र १४०० कोठा छ आफ्नो लागि बनाएको भए तापनि चन्द्रशम्शेरले यसलाई पछि हुने 'श्री हरूलाई बस्न दिने पारी यसमा लागेको खर्च (३ करोड ?) राजकोश लिई आफ्नै ढुकुटीमा दाखिल गरेका थिए । नब्बे सालको भूकम्पपछि जु शम्शेरले यसको केही जीर्णोद्धार गरी झण्डा समाउने सुनको सिंह र ढोकाको दुईतिर सुनको गजूरसमेत थपेका थिए ।

ई० १९५० पछि यसलाई 'सचिवालय' बनाइएको थियो ई० १९७३ मा यसमा अचानक आगलागी भई ठीकसँग उपयोग हुन नस स्थितिमा पुगेको छ । तैपनि यसको सरकारी उपयोग भैरहेको छ ।

विदेशी शैलीमा बनेको भएर पनि यौटा भव्य वास्तुको रूप सिंहदरबारको आफ्नै ऐतिहासिक महत्त्व छ (हेर्नू, चित्र संख्या–९,) ख गरी यसका 'बैठक' हरूका भव्य सजावटहरू (हेर्नू चित्र संख्या–१०) ।

अरू प्रख्यात दरबारहरू

राणाकुलका 'श्री ३' हुन्जेल प्रशासनको यस्तो क्रम मिलाइएको थियो कि 'रोलवाला' राणा वर्गको पनि प्रशासनिक स्तर हुःथ्यो । यसैले एक जना 'श्री ३' भएको बेला उनीपछिका रोलवाला स्तरका कम से कम ४ जनाको प्रशासनमा निकै महत्त्व हुन्थ्यो । यसैले उनीहरूको स्तर अनुसारका दरबार पनि बन्दथे । फेरि श्री ३ हुनेले आफ्ना सन्तानहरूको लागि पनि दरबार बनाइदिई तिनको बन्दोबस्त पनि गरिदिने गर्दथे । यस्तो बन्दोबस्त गर्नेहरूमा चन्द्रशम्शेरको नाउँ मुख्य गनिन्छ किनभने उनले आफ्ना सन्तानका दर्बार बनाउनको लागि ७ करोड रुपियाँ जति खर्च गरेका थिए । जुन रूपमा भए पनि श्री ३ चन्द्रलाई निर्माता नै भन्नुपर्दछ । यसरी बनेका दर्बारहरूमा केही प्रख्यात श्री ३ मोहन शम्शेरको महराजगंज दर्बार, बबरशम्शेरको बबरमहल, कृष्ण शम्शेरको शीतलनिवास आदिको आफ्नो महत्त्व छ । यी वाहेक शम्शेर खलकका अरू दरबार पनि काठमाडौं उपत्यकामा खास गरी कान्तिपुर क्षेत्रमा केन्द्रित भएका छन् । प्रत्येक दर्बारको वास्तु आदर्श विदेशी भए पनि तिनमा रूपमा विभिन्नता देखिन्छ ।

यहाँ विचार गर्नुपर्ने आर्को कुरा छ कि राजधानी क्षेत्र हुँदा यस्ता दरबार कान्तिपुर क्षेत्रमै केन्द्रित हुन गएका छन् । पाटन भेकमा शहर वाहिर मदन शम्शेर, हरिहरशम्शेर आदिका केही 'भवन' रहेका छन् तर भक्तपुर भेकमा भने शून्य देखिन्छ । उपत्यकावाहिरको पनि यही कुरा छ । काठमाडौं भेकमै पनि यस्ता दरबारका क्षेत्र-नारायणहिटीका वरिपरि टंगाल भेक (जहाँ भीम शम्शेरको टंगाल दर्बार, एकराजशम्शेरको दर्बार, सत्यशम्शेरको दर्बार, बसन्त शम्शेरको दरबार आदि छन्), महाराजगंज भेक, थापाथली भेक आदि हुन् । काठमाडौं उपत्यकाभित्र कतैतिर बनेकामा वीरशम्शेरले बनाएको गोदावरीको 'हीरापुर दर्बार' र नगरकोटको बंगालामात्रै देखिएका छन् । बाहिर वनेकामा चाहिं जुद्धशम्शेरद्वारा निर्मित अर्गली दरबार हो जो गण्डकीका किनारामा बनेको छ । राणादर्बारहरूको स्तरमा चाहिं उनीहरूको स्तर (ए, बी र सी) अनुसारनै ठूला र साना र जंगी पर्खालले घेरिएका विस्तृत 'क्याम्पा' आदिको स्थिति रहेको देखिन्छ ।

शासनमा संलग्न राणा परिवार बाहेक केही साहेबज्यू–चौतरियाका 'दर्बार' हरूको पनि गणना गर्न सकिन्छ । कमल पोखरी र वसन्तपुरमा यस्ता

केही 'दर्बार'हरू देखिन्छन् । तत्कालीन प्रशासनमा अलि तलको ठाउँ पा हरूमा थापा र बस्नेत हुन् । खास गरी थापाहरू जङ्गबहादुरका माम हुँदा उनीहरूको केही महत्त्व थियो । पछि पनि यी 'जङ्गथापा' हरूको म रहेकोले यिनीहरूमध्येले पनि उपत्यकामा खास गरी कान्तिपुर भेकमा मझ खालका भए पनि 'दर्बार'हरू बनाउन पाएका थिए । शैलीमा भने यि 'दर्बार' पनि राणाकै आदर्शमा बनेका देखिन्छन् । यस क्षेत्रमा बस्नेतहरू खास उपलब्धि भएजस्तो बुझिंदैन ।

राणाखलकमा जङ्गका आफना सन्तानले '४२ सालको पर्वपछि उद्विवासै लाग्नुपर्‍यो र उनका भाईहरूमा पनि धीरशम्शेरकै १७ भाइ छे र तिनका सन्तानले मात्रै त्यति उपलब्धि गर्न सकेका हुन् । जङ्गका अ भाइका सन्तानहरूमा केही 'विक्रम राणा' खलकको पनि केही सामाजि स्थिति रहेको देखिन्छ तर तिनले पनि केही 'बंगला' वाहेक 'दर्बार' बना सकेको देखिंदैन । प्रशासनको स्थितिवाट फाइदा उठाउन सक्नेहरूमा जङ् बहादुरको सहयोगी हुन पुगेका बाहुन खलकका पाँडेहरू हुन् जसले 'राजगु को पद पाएका थिए । यस उपलब्धिवाट यी पाँडेहरूले पनि 'भव्य प्रासा वनाउन सकेका थिए । पहिले त यस्ता 'प्रासाद' नेपाली शैलीमै बने देखिन्छ तर पछि 'दर्बार' शैलीमा । यसरी उच्च वर्गमा वास्तुकलाको चलेको देखिन्छ ।

नयाँ नारायणहिटी राजदरबार

नारायणहिटी राजदर्बारको क्याम्पाभित्र दक्षिणतर्फ हालसा ई० १९७० मा बनी तयार भएको राजदर्बारको चर्चा नगरे आधुनि नेपालको उपयोगी वास्तुकलाको अध्ययन अपूरो हुने छ । आधुनिक सीप शैलीको प्रयोग गरेर पनि कसरी नेपालीपन सुरक्षित गर्न सकिन्छ भ कुराको यो दरबार यौटा ज्वलन्त उदाहरण हो । धेरै खुड्किलामा विभाजि अग्लो जगती (Plinth)–मा निर्मित यो दरबार सर्सर्ती हेर्दा निकै भव देखिन्छ खास गरी खण्ड-खण्डमा विभक्त १५० फीट अग्लो र चेप्टो 'शिखर जसमा दुई तहका 'पगोडा' शैलीका छाना र सवभन्दा माथि गजूर ।

---

१. यो दर्बार फेब्रुअरी १९७० मा भएको महाराजाधिराज वीरेन्द्र वीरविक्र शाहदेवको शुभ-विवाहको उपलक्ष्यमा वनाई सिध्याइएको कुरा–Naryan

यही शिखर यस दर्बारको प्राण हो जसले यस वास्तुलाई भव्य स्वरूप प्रदान गरेको छ । यसका अरू विशेषतामध्ये खुड्किलामा ढुंगाको प्रयाग, भित्तामा सिमेन्टीको साटो ल्यूनको प्रयोग र मूल ढोका (दक्षिणी) र छानामा धातुको प्रयोगमा देखिन्छ । वास्तवमा सिमेन्टीको प्रयोग नहुनाले पनि यसमा सुरुचि आएको छ किनभने सिमेन्टीको प्रयोगले कुनै पनि घरलाई आँखाले खोजे जति भव्यता प्रदान गर्न सक्दैन । वास्तवमा भन्ने हो भने यो दर्बार यसका निर्माता श्री ५ महेन्दको कलाप्रिय व्यक्तित्वको स्थायी परिचायक हो (चित्र संख्या–११) ।

सामाजिक घर

तत्कालीन समाजको उच्च वर्गमा झैं तथाकथित मध्यवर्गमा, प्रचलित वास्तुकला थोरै परिवर्तनसाथ मल्लकालीन 'पगोडा' शैली नै रहेको देखिन्छ । यस्तो मध्यमवर्गमा सर्कारी कर्मचारी, चाकडीवाल र 'दर्बार' हरूका विभिन्न किसिमका सेवक र बेपारीहरूलाई लिन सकिन्छ । यस वर्गमा प्रचलित 'पगोडा' शैलीका उपयोगी वास्तुकलामा पनि वर्गभेदले केही परिवर्तन देखिन्छ । दुवैमा झिगटीको छाना लाउने, काठकै धेरै प्रयोग, पाको ईंट र बार्दली कौसीको[1] प्रयोगमा समानता देखिन्छ र स्तरअनुसार भित्र कोठा र मटान आदिमा तेलिया ईंटको प्रयोगमा समानता देखिन्छ तर नेवारहरूमा काष्ठकलाको सुरुचिपूर्ण प्रयोग भइनै रहेको देखिन्छ खास गरी वाहिरपट्टिका झ्यालढोकाहरूमा जसको अभाव अरूमा स्पष्ट देखिन्छ । वास्तवमा सामाजिक घरहरूमै नेपालीपन जीवित रहेको देखिन्छ । ई० १९५० पछि यस्ता सामाजिक घरहरूमा आधुनिक शैलीले प्रभाव पार्न थालेको छ तर पुराना वस्तीहरू (पाटन, भदगाउँ र अरू साना क्षेत्र ठिमी आदि)मा

---

hity Royal Palace—Home of the king of Nepal, Published by H. M. G. Ministry of Communications Dept, of Information, 2nd ed. Feb. 1975. P. 5. मा टिपिएको छ । यस पुस्तकमा यस दरबारका विभिन्न अंगका चित्रहरू पनि प्रस्तुत गरिएका छन् ।

[1] भारतका सामाजिक र सरकारी दुवै वास्तुमा कौसीको प्रयोग भएको देखिदैन । नेपालमा चीनबाट कौसीको चलन आएको भनिन्छ ।

यो चलन लुप्त भैसकेको छैन । आधुनिक शैलीका सामाजिक घरमा 'सिमन्टि संस्कृति'को प्रभावहीन शैली बहुप्रचलित भएको देखिन्छ ।

निम्न र कृषक वर्गमा पनि पारम्परिक वास्तुशैली चलेकै देखिन्छ सहरिया निम्न वर्गका घरमा 'पगोडा' शैलीमै झिंगटी वा परालले छाउन चलन चलेको र पछि जस्ताको प्रयोग पनि भई आएको छ । पहाडी भेकमा चाहिं खर, पराल, स्याउलाको अधिकांश प्रयोग र अलि समृद्ध किसानहरूले झिंगटी, जस्ता वा टायलको प्रयोग गरेको पाइन्छ । गारोमा चाहिं कतै कांचो ईंट, कतै मुछेको माटो र कतै माटाका डल्ला (चपरी), दर्सन ढुंगा र कतै पाको ईंटको पनि प्रयोग भएको पाइन्छ । छानामा कहिले कतै पाप्रा परेका दर्सन ढुंगालाई आकार मिलाई काटी झिंगटी वा टायल जस्तो गरी प्रयोग गरेको पनि हुन्छ । उत्तरी भेकका पहाडी क्षेत्रमा ढुंगाकै छानोको प्रयोग पनि हुन्छ र घरको आकार चाहिं गोलो हुन्छ । यस्ता घरमा साना झ्याल, झ्यालको कम संख्या आदिको विशेषता हुन्छ । साधारण शैलीमा पनि यिनमा स्वाभाविक रमणीयता भने देखिन्छ । यिनको वास्तु योजना साधारण चौकोर हुन्छ र पहिलो तलामा सामुन्नेपट्टि पाली हाली तल मूल ढोकाको दाहिने-देब्रे माटा-ढुंगाको लामो पेटी हाली ओतमा बस्न हुने पारिन्छ। अनि त्योमाथि एक तला बनाई त्यसमा अगाडिपट्टि एक–दुई वा तीन साना वा मझौला झ्याल हालिन्छ र त्यसमाथि प्रायः खरको चारैतिर ढल्केको छाना हालिन्छ । घरको रंग-रोगन चाहिं रातोमाटो, कमेरो, कालो माटो र पहेंलो माटोले पोती काम चलाइन्छ । ठाउँ-गुनाको यस स्वरूपमा र तलामा साधारण परिवर्तन पनि हुन सक्दछ ।

मदेस भेकमा त्यहाँको गरम जलवायु र आर्थिक स्थिति अनुसार झिंगटी जस्तै 'खपरैल' का सामुन्नेपट्टि मात्रै भिरालो परेका छाना, माटो थोपरेर पारेका भित्ता र प्रायः एकै तला र कतैकतै दुईतलाका पनि हुन्छन्। अलि धनीहरूका चारैतिर त्यस्तै घर र बीचमा चोक पारिएको पनि हुन्छ। त्यस भेकका सदरहरूमा मुन्डा छाना भएका र कलाविहीन पक्की घरहरू पनि बन्छन् । नेपालका अरू भेकका सदरहरूमाझैं यता पनि सिमन्टीका घर धेरै देखि बन्दै आएका छन् ।

सर्कारिया अड्डाखाना

सर्कारिया अड्डाखाना बस्ने घरहरूको नेपाली इतिहास अलि अस्पष्ट देखिन्छ किनभने प्राचीनकालका अड्डाघरहरूबारे खास कुरो थाहा

पाइँदैन । त्यतिखेर जहाँ शासक बस्दथ्यो त्यहीं अड्डाखाना पनि हुन्थ्यो । स्थानीय शासनमा खास गरी पंचायतकै स्थान हुने हुनाले र तिनको लागि बेग्लै घर बनाउने चलन चलेको थाहानपाइएकोले यसो भन्नुपरेको हो । जति सर्कारी कर्मचारी वा भारदार हुन्थे तिनको घरमै सभा जस्तै गरी कामकाज चलाइन्थ्यो । मल्लकालमा प्रशासनका कामै थोरै थिए र जति हुन्थे ती पनि की त राजदर्बारमा कि त मन्त्रीहरूकहाँ उनकै घरमा गरिन्थे । स्थानीय काम त त्यहींका 'प्रमाण'हरूले आफ्नै घरमा चलाउँथे भन्ने अन्दाजी गरिएको छ । पश्चिम र पूर्व भेकमा पनि प्रशासन तन्त्र त्यति विकसित अवस्थामा नहुँदा त्यहाँ त झन् अड्डाखानाको अभाव हुने नै भयो । केही मात्रामा 'मूलकोट'लाई तत्कालीन प्रशासन व्यवस्थाको केन्द्र मान्न सकिन्छ तर तिनको पनि स्पष्ट विवरण सुलभ छैन । वास्तवमा भनौं भने पृथ्वीनारायणशाहद्वारा उपत्यका विजयपछि बिस्तारै-बिस्तारै प्रशासन तन्त्रको विकास हुँदै जान लागेको देखिन्छ तैपनि त्यतिखेरको स्थिति स्पष्ट छैन । पृथ्वीनारायण शाहताका सर्कारी प्रशासनमा तल लेखिएका १३ थरीका प्रशासनिक कर्मचारी थिए वा तिनको पूर्वरूप बनिसकेको थाहापाइन्छ[1]–

पदको नाउँ	विभाग
१. चौतारा–	प्रधानमन्त्री
२. काजी	मन्त्री, तथा सेनापति
३. सर्दार	ऐजन
४. खरीदार	परराष्ट्रविभागका अधिकारी
५. कपरदार	राजाका लुगा गहना र भान्साको रेखदेख गर्ने
६. खजाञ्ची	खजानाका अध्यक्ष
७. टक्सारी	टक्सारका हाकिम
८. धर्माधिकार	प्रधानन्यायाधीश
९. विचारी	न्यायाधीश
१०. डिट्ठा	पुलीसविभाग, असूल तहसील र बही बुझ्ने

---

[1] पूर्णिमा, २ पृ. ६७–६८.

११. जेठाबूढा	गोह्रो साह्रो पर्दा सल्ला दिने र सर्कारी आज्ञ जिल्ला-जिल्लामा पठाउ
१२. सुब्बा	जिल्लाको बडाहाकिम
१३. उमरा	बाहिरिया किल्लाका रक्ष

माथि प्रस्तुतमध्ये १ देखि ३ सम्मकाको कुनै खास अड्डाखान नभएको, चौथो खरीदारको 'जैसीकोठा' रहेको, ५ को राजदर्बार, छैटौं सातौं अड्डाखाना रहेको, ८ र ९ को पनि अड्डाघर रहेको, १० को पनि अड्ड रहेको र बाँकी ३ को पनि सम्बन्ध कि त राजदर्बार, कि आफ्नै वासस्थल कि किल्लानै प्रशासनका केन्द्र रहेको अन्दाजी गरिएको छ। यो स्थिति रणबहादुर शाहको पालासम्म रहेको र भीमसेन थापाको पालामा एक किसिमको सैनिक शासन हुँदा तिनको महत्त्व नाममात्रको रहेको र पछि राणाकालमा पनि थोर-धेर त्यस्तै स्थिति रहेको देखिन्छ। तैपनि अड्डाघरहरू राणाकालमा विभिन्न रूपमा ठाउँ-ठाउँमा बनेका देखिन्छन्। हाल रहेका पुराना-पुराना अड्डाघरहरू अड्डाघरनै भनेर बनेका हुन् कि अरू उद्देश्यको लागि बनेका घरमा अड्डा राखिएका हुन् यो पनि स्पष्ट भन्न सकिंदैन। कति अड्डाहरू मन्दिरवा सत्तलमा राखिएका छन् कति पुरानो राजदर्बार हनुमान् ढोकामा,[1] कति नयाँ बनेजस्ता छन् जस्तो डिल्ली बजारको चारखाल अड्डा। दरबार शैलीमै बनेको यो अड्डाघर निकै विशाल छ र यहाँ विभिन्न विभागहरू रहेका छन्। विशालतावाहेक यसको केही विशेषता छैन।

मौलिक बनेका अड्डाघरहरूमध्ये सैनिक कार्यालयहरू आधुनिक नेपालका पहिला खालका अड्डाघर हुन् जस्तो लाग्दछ। यस्ता अड्डाघर पृथ्वीनारायणका पालामा थिए होलान् तर स्पष्ट रूपले शातचाहिं भीमसेन थापाका पालाका देखिन आउँछन्। तिनले ई० १८११–१२ मा पल्टनका बन्दुक नाल निसान राख्न 'कोतघर' र 'सीसामहल' भन्ने 'बैठक' बनाएको थाहापाइन्छ। यो 'कोत' त हनुमान्‌ढोकाको उत्तरपट्टि रहेको 'कोतपर्व' को

---

[1] प्रान्तीय शासनमा पनि पुराना दर्बार रहेका ठाउँमा पुरानै दर्बारभरि वा एक खण्डलाई अड्डाको रूपमा प्रयोग गरिने गरेको देखिन्छ। भक्तपुर, ललितपुर र नुवाकोटमा रहेको पुराना दर्बारमा सर्कारिया कार्यालय रहेका छन्। पश्चिम भेकमा पनि यस्तै भएको छ।

प्रख्यात स्थान भैगयो र 'सीसामहल' हनुमान् ढोकाभित्र नासलचोकको उत्तरी लङ्मा वनेको थियो । यो कोत विदेशी शैलीमै वनेको देखिन्छ– अर्थात् चूनको प्लाष्टर लगाएको सेतो घर । सीसमहलचाहिं नाम अनुसारको 'महल' जस्तै रमणीय रहेको बुझिन्छ जसको ९० सालको भूकम्पमा भत्किँदा जुद्धशम्शेरले पुनरुद्धार गरेका थिए भनिन्छ । पछि माथवर र जङ्गवहादुरको पालामा पनि यस्ता सैनिक कार्यालयहरू वनेकै हुनन् तर ती कुन्-कुन् हुन् र कहाँ-कहाँ कुन-कुन रूपमा छन् विचार गर्न वाँकीनै छ ।[1]

जङ्गवहादुर र उनीपछिका धेरै प्रधानमन्त्रीले थरी-थरीका प्रशासनिक सुधार गरेका थिए र यसरी थपिन आएका सर्कारी कामका लागि पनि नयाँ भवनहरू वनेका थिए । तर '७ साल'पछि मात्र विधिविधान समेत प्रशासन चल्न थालेपछि मात्र वास्तविक सर्कारिया घरहरू वन्न थालेका थिए । तैपनि सिंहदर्वारको सर्कारीकरण भएकोले धेरैजसो अड्डाखाना त्यहींनै रहिआएका हुन् । पछि, सर्कारीकरण गरिएका राणा दरवारहरूमा पनि अड्डाखाना रहन लागेका छन् । त्यतिले नपुगी हाल कतिपय विभागहरूको लागि नयाँ भवनहरू वनाउने प्रस्ताव छ र तिनमा नेपालीपन हुनुपर्ने कुराको जोड पनि दिइएको छ । हालसालै जस्तो वनेका सर्कारी भवनहरूमा वास्तुशिल्पको दृष्टिले महत्त्वपूर्ण भवनहरूमा राजकीय प्रज्ञा-प्रतिष्ठान भवन र राष्ट्रिय सभा–गृह हुन् । अघिल्लोको निर्माणमा स्व. श्री ५ महेन्द्रबाट आफ्नै कोशवाट एक करोडको खर्च भएको भनिन्छ । रमणीयतामा सभागृहको नेपालमा मौलाउन थालेको आधुनिक रूप र त्यसमा रमणीयता र भव्यतासमेत थपिएको देखिन्छ । अर्धसर्कारी भवनहरूमा आर. एन. ए. सी. को टुँडिखेलको पश्चिमी भागमा स्थित भवनको आफ्नै महत्त्व छ जसमा मूल ढोकामा नेपाली संस्कृतिको रूप झल्काउन खोजिएको छ । आधुनिक नेपालका यी राम्रा उपलब्धि हुन् । अड्डाखाना भनेर अघि जुन प्रकाशन, कला र अरू सुविधाहीन वातावरणको कल्पना गरिन्थ्यो त्यसको निराकरण क्रमशः हुँदै गैरहेको देखिन्छ ।

---

[1] हामीले माथि एक ठाउँमा औंल्याएजस्तै जङ्गवहादुरले पन्जाबको रानी चाँदकौरले थापाथलीमा आफूलाई वस्न वनाएको चार बुर्जा घर आफू फर्किंदा एक जना बाहुनलाई दान दिंदा तिनसँग त्यो घर किनी त्यहाँ तोपखानाको अड्डा कायम गरेका थिए ।

सर्कारिया भवनहरूमा हामीले जोड्नुपर्ने अरू उपशीर्षक हुन्:–

१. झ्याल्खाना र ठानाहरू

२. अस्पताल र साना स्वास्थ्य केन्द्र

३. शिक्षालय, पुस्तकालय र संग्रहालय

४. उद्योग-भवन

माथि चर्चिएमध्ये पहिलोलाई छोडिन्छ किनभने तिनको निर्मा उद्देश्यनै अर्कै किसिमको हुने भएकोले तिनको महत्त्व निर्माणको बेल विभिन्न किसिमका कर्मीहरूले काम पाउनुमा मात्र देखिन्छ। अपरा निम्ति सुधार गर्ने उद्देश्य हाल आउन थालेको देखिन्छ र भावी झ्यालखान निश्चयनै सुधारकेन्द्रका रूपमा सामाजिकताको अझ नजिक आइपुग्ने अ गर्न सकिन्छ र तिनको कलात्मक महत्त्वको साथसाथ सामाजिक महत्त्वको उपयुक्त बयान गर्नुपर्ने स्थिति आउने छ ।

अस्पताल र स्वास्थ्य केन्द्रहरू

अस्पताल र स्वास्थ्य केन्द्रहरू स्थायी निवासका निम्ति घरहरूमा जस्तो कलात्मकता त अवश्यनै खोजिदैन तर सन्दर्भ परेको बेला तिनको वास्तुशिल्पको चर्चा त अवश्यनै गरिन्छ। फेरि, यस्ता भवनह आनो भिन्नै महत्त्वतिर ध्यान नदिए पनि समय-समयका सर्कारह सामाजिक नीति स्पष्ट पार्ने तथ्यका रूपमा तिनको उल्लेख जरूरी जान्छ। प्राचीनकालमा नेपालमा 'आरोग्यशाला' हरूको अस्तित्व रहे देखिन्छ तर क्रमशः मध्यकाल आउँदा त्यस्ता शालाको स्थानमा व्यक्ति आरोग्यव्यवसायी आउन थालेको देखिन्छ। यस्ता व्यवसायीहरूमा शास्त्री किसिमका आयुर्वेदका अनुयायी 'वैद्य' र धामी झाँक्री, तान्त्रिक, ज्योतिपी गुभाजुहरू हुन्थे। यस्तैमा रणबहादुर शाहको पालामा हकीमहरूको प प्रवेश भएको देखिन्छ। अनि जङ्गबहादुरको पालादेखि एलोपेथीको प्रवे भएको बुझिएको छ। यही एलोपेथीको सम्बन्ध नेपालमा अस्पतालभवनहरू विकाससँग रहेको छ, र यसको निश्चित रूप वीरशम्शेरद्वारा 'वीरअस्पताल' को स्थापना भएपछि बन्न गयो। उक्त अस्पतालको पुरानो भवन विशालता झण्डै-झण्डै दर्बारजत्तै छ र शैली पनि धेरथोर राणादर्बार जस्तै छ। च शम्शेरको पालामा यसको विकास भयो र साथ-साथ मिलिटरी अस्पता भवनको स्थापना पनि। चन्द्रले नै राजधानीबाहिरका क्षेत्रमा 'डिस्पेन्सरी

भवनहरूको स्थापना गरे र टोखाको स्वास्थ्य-निवास पनि । भक्तपुरमा पनि चन्द्रले अस्पताल-भवन वनाइदिएका थिए । ७ सालपछि आजसम्म वीर अस्पतालको विकास (जसमा पुरानो भवन भत्काई आर्को भवन खडा गरियो) महाराजगंजमा 'कान्ति अस्पताल' र नेपालभरि जताततै ठूला-साना अस्पताल भवनहरू वनेका छन् । साधारणतया यस्ता अस्पताल भवन कलात्मकता भन्दा उपयोगिताको दृष्टिले वन्ने हुँदा तिनको रमणीयता र भव्यतामा खास ध्यान गएको देखिएको छैन ।

शिक्षालय, पुस्तकालय र संग्रहालय

नेपाललाई शिक्षाको पुरानो र नामी केन्द्र भनिन्छ । प्राचीनकालमा यहाँ भिन्नै शिक्षालयहरू वन्दथे भन्ने देखिएको छ । त्यतिखेर शिक्षाका केन्द्र मठमन्दिर र बौद्धविहार पनि हुन्थे र तिनमाथि सर्कारको तर्फवाट पनि शिक्षालय खोलिएका हुन्थे तर समयको परिवर्तनसाथ शिक्षा-व्यवस्थामा सर्कारले ध्यान दिन छोड्दा उक्त मठ-मन्दिर र वौद्धविहारहरूमा 'साम्प्रदायिक' खालका शिक्षा दिइन थालियो र घर-घरमा गुरुकहाँ गई पढ्ने आर्को चलन पनि चल्न थाल्यो । शिक्षाको महत्त्व पनि कम हुन थाल्यो । यो त भयो 'संस्कृत परिपाटी'को शिक्षा । व्यावसायिक शिक्षाचाहिँ व्यावसायिक वर्गहरूमा पारिवारिक रूपमा चल्दथ्यो अर्थात् जात अनुसारको काम । '७ साल अधिसम्म यो रूप रहिरहेको देखिन्छ तर 'राणाशासन' शुरु भएदेखि 'अंग्रेजी' किसिमको शिक्षा दिन थालिएपछि यसमा पनि परिवर्तन हुन थालेको देखिन्छ । वास्तवमा शिक्षाको सर्कारीकरण 'राणा-काल' मै भएको देखिन्छ किनभने त्यसै कालमा सर्कारको तरफवाट शिक्षालय खोल्ने, अध्यापकहरूको नियुक्ति र तिनलाई 'निजामती' कर्मचारी-सरह मान्ने चलन चल्न लागेको हो ।

पूर्व राणाकाल (चन्द्रशम्शेर अधिसम्म)मा पनि शिक्षाको सामाजीकरण भएको देखिदैन किनभने त्यतिखेरसम्म कि त वाहुनहरूमात्रै कि त उच्चवर्गका लागि मात्रै शिक्षालयमा भर्ना हुन पाउने नियम रहेको थियो ।

अंग्रेजहरूसँग घनिष्ठ सम्वन्ध गर्ने जङ्गवहादुरले अंग्रेजी शिक्षाको सीमित प्रवेश नेपालमा गराएको वुझिएको छ । उनको थापाथली दर्वारमै राणाखलकका र सम्भवतः अरू आफन्तहरूलाई पनि अंग्रेजी पढाउने काम

चलेको र पढाउने 'माष्टर' चाहिं कुनै भारतीय सज्जन रहेको देखि उनको पालासम्म शिक्षालय थापिएको आजसम्म थाहापाइएको छैन। उनका कान्छा भाइ धीरशम्शेरले संवत् १९३४ सालमा तत्कालीन 'श्री रणोद्दीपसँग बक्साई अंग्रेजी पढाउने 'दर्बार हाईस्कूल' र संस्कृत पढा 'रानीपोखरी पाठशाला' तथा पाठशालाको स्थापना गरेका थिए। जङ् एक छोरा जीतजङ्गले पशुपति राजराजेश्वरी-घाटमा एउटा (संस्कृत पाठशाला खोलेको थाहापाइएको छ, सम्भवतः यो संवत् १९३१ जङ्गबहादुर जीवित छँदै खोलिएको थियो तर '४२ सालको पर्वपछि यो भएको थियो। वीरशम्शेरको पालामा शिक्षाको क्षेत्रमा 'वीर पुस्तकाल को स्थापना गरियो जसमा उहिलेदेखि दर्बारहरूमा संगृहित हुन आए पुराना पाण्डुलिपिहरूको संग्रह गरियो। आधुनिक अर्थमा यो पुस्तका नभै 'पुस्तक संग्रहालय'को रूपको रहेको छ भन्ने स्पष्ट छ र यो वी बनाएकै घण्टाघरनेरको सानो घरमा राखिएको थियो। अर्थात् यसको ला भिन्नै भवन बनेको देखिंदैन। लिच्छवि, मल्ल, बाईसी र चौबीसी, विजयपु चौदण्डी र गोर्खाका शाह राजाहरूका राजकीय पुस्तकहरूको संग्रह पुस्तकालयमा भएको कुरो पनि देख्दा यस पुस्तकालयको लामो इतिह रहेको देखिन्छ। तर विद्वान्हरूको भनाई अनुसार वीरपुस्तकालयको पृथ्वीनारायण शाहको उपत्यका-विजय भएपछि नै बनिसकेको थियो। जे पनि नेपालमा शिक्षाको क्षेत्रमा वीरपुस्तकालयको आफ्नै किसिमको रहेको देखिन्छ र पृथ्वीनारायण शाहदेखि आजसम्म यसको रूप जसरी फे आएको छ त्यसैको इतिहासको खोजीनीति गर्ने हो भने संसारमा नाम चले यस पुस्तकालयको शिक्षा र ज्ञानको क्षेत्रमा भएका देनहरूको स्पष्ट चि प्रस्तुत हुने छ।

पूर्व धनकुटाबाट पाइएको यौटा महत्त्वपूर्ण शिलालेखको सन्दर्भमा चर्चा गर्नु उपयुक्त देखिन्छ। श्री ३ जङ्गबहादुरको पालाको १८५७ (सं० १९१४) को यो शिलालेखअनुसार राजमन्त्री-जर्नेल खड् बहादुर कुंवर राणाजीको आज्ञाअनुसार राजराज थापा र टीकादत्त बाहुनले धनकुटामा यौटा पुस्तकालय भवन (शास्त्रनिधानगेह) बना लगाएको थाहापाइन्छ।[1] यस सन्दर्भबाट जङ्गबहादुरको प्रधानमन्त्रित्व

---

[1] पुरातत्वपत्र संग्रह भाग–२ पृ० ४६.

उनैका भाइ पर्ने खड्गबहादुरले राजधानीवाहिरको एक भेकमा पुस्तकालयको स्थापना गरेको महत्त्वपूर्ण कुरो जान्न पाइन्छ । यस्तो काम उतिखेरै नेपालका अरू अरू क्षेत्रहरूमा पनि ठाउँ-ठाउँमा भएका थिए वा थिएनन् केही भन्न सकिँदैन तर जङ्गवहादुर वितेको निकै पछि झन्-झन् आधुनिक युगतिर लम्कँदा राणा प्रधानमन्त्रीहरूले पुस्तकालय खोल्ने काममा अनेक थरी तगारा लगाएका कुरा निकै चाख लाग्दा देखिन्छन् । देवशम्शेरले आफ्नो ४ मैनाको शासनकालमा पनि 'नेपाल टोलटालमा र पाहाडमा पाठशालाहरू' खोल्ने अवसर पाएका थिए जसलाई चन्द्रशम्शेरले वन्द गर्न लगाएका थिए र आफैंले अरू शिक्षालय स्थापित गरेका थिए ।

चन्द्रशम्शेरले पाटन र भदगाउँमा अंग्रेजी 'स्कूल खोलेका थिए र ई० १९१९ (सं० १९७६) मा 'त्रिचन्द्र कलेज' । नेपालको पहिलो 'महाविद्यालय' को रूपमा यसको जति ऐतिहासिक महत्त्व छ उतिनै वास्तुशिल्पको दृष्टिले पनि । शैली विदेशी भए पनि यसको रूप मनोहारी देखिन्छ । यससँगै सम्वन्धित 'सरस्वती सदन' कहिले वनेको हो ठम्याउन सकिएन तर यो पनि' ७ साल अघिनै वनिसकेको देखिन्छ र यस 'सदन' मा वास्तुशिल्पको केही मौलिक रूप पनि देखिन्छ । गुम्बज र खुला कौसीको प्रयोगमा यसको खास विशेषता देखिन्छ । जुद्धशम्शेर शिक्षा-नीतिमा एक पाइला अघिसरे र उनले 'हाम्रा इस्कूलको मेट्रीक्यूलेसन परीक्षा हाम्रै स्वतन्त्र राज्यमा हामीले नै वन्दोवस्त (गर्ने) प्रथा चलाई हाम्रा देशमा विश्वविद्यालयको जग पनि' वसालेका थिए । उनैले 'सैनिक विभागको सुधारका निमित्त मिलिटरी स्कूलको उच्च प्रवन्ध' पनि गरेका थिए ।

जुद्धशम्शेरकै पालामा शिक्षा सम्वन्धी अर्को महत्त्वपूर्ण भवन वनेको थियो 'जुद्धजातीय कलाशाला' अर्थात् संग्रहालय ।[1] ई० १९४४ (सं० २०००) मा जुद्धले 'स्वदेश र परदेशवाट जयमाला प्राप्त गर्न सक्ने साँच्चिका कलाकारहरू पैदा गर्न मेरा प्यारा स्वदेशी भाईहरूलाई प्रोत्साहन दिने' उद्देश्य[2] राखी यसको स्थापना गरेका थिए । संग्रहालय दुईटा घरमा राखिएको छ । एउटा घर पूर्वपट्टि र अर्को पश्चिमपट्टि । पश्चिमपट्टिको

---

[1] कसै कसैले यो संग्रहालय प्रधानमन्त्री भीमसेन थापाले खडा गरेको कुरातिर पनि औंल्याएका छन् ।

[2] संग्रहालयको जुद्धको तामापत्र, अभिलेख संग्रह, भाग–८. पृ. २८.

घर निकै विशाल र भव्य छ तर पूर्वपट्टिको चाहिं अलि सानै भए प विचित्रको शैलीमा बनेको छ र निकै राम्रा बन्न गएको छ ।

'७ सालपछि शिक्षाको सामाजीकरणको साथसाथै शिक्षालयह पनि धमाधम बन्न थाले । तर स्कूल र हाईस्कूलहरू प्रायजसो पुराना सत्तल वा पुराना अरू किसिमका ऐतिहासिक भवनहरूमा पनि राखिने गरेको छ ठाउँ-ठाउँमा नयाँ-नयाँ भवनहरू पनि बनेका छन् तर तिनलाई टहरो खाल नीरस भवन भनेमा अतिशयोक्ति हुँदैन । तर '१७ सालपछि यस उद्देश्यक लागि थुप्रै भवनहरू नेपालभरि जतातत बनेका छन् । त्रिचन्द्र कलेजमा दु नयाँ भवन थपिनु, अमृत साइन्स कलेजको स्थापना, त्रिभुवन विश्वविद्यालय मा थुप्रै भवनहरूको निर्माण, पद्मकन्याकलेजको विशाल भवनको निर्माण अरू पनि बेगिन्ती शिक्षालयहरूको निर्माण भैसकेको छ र प्रस्तावित प होलान् । साथै 'राष्ट्रिय अभिलेखालय' भवनको स्थापना पनि यस सन्दर्भमा उल्लेखनीय छ । उल्लिखित मध्ये धेरैजसोमा नेपालीपन ल्याउन निकै मिहिनेत गरिएको देखिन्छ । बाहिरबाट यो रूप देखिए पनि तिनको भित्री रूप त्यति भव्य देखिंदैन ।

उद्योग भवन

मानिसको जीवनचर्यासँग 'उद्योग'को जति सम्बन्ध छ त्यस दृष्टिबाट हेर्दा नेपालमा प्राचीनकालदेखिकै थरी-थरीका उद्योगहरू चलिआएको बुझिन्छ । तर, उद्योगको स्वरूपअनुसारका भवनहरू कस्ता हुन्थे वा आफ्नै घरको छिडीमा वा नजिकै टहरो बनाई काम चलाइन्थ्यो भन्ने कुरामा धेरै कुरा निस्किन्छन् । हामीले ओगटेको युगमा भने 'उद्योग' का नाउँमा सामान्य 'कुटीर' उद्योग बाहेक नभएको र त्यस कारणले 'औद्योगीकरण' बाट आउने प्रभावहरूमध्ये विशाल भवनहरूको निर्माण भएको हुनु सम्भव देखिंदैन । वर पृथ्वीनारायण शाहकै पालादेखि सैनिक सम्बन्धी उद्योगको केही विकास हुन थालेको भने देखिन्छ र संगठित रूपमा सर्कारद्वारा सञ्चालित हुने उद्योगहरूमा यसकै स्थान आजसम्म महत्त्वपूर्ण रहिआएको देखिन्छ । भीमसेन थापाको पालामा यस उद्योगको खास उन्नति भएको देखिन्छ र यस्ता कारखाना भवनहरू बनेको पनि थाहापाइन्छ । पछिसम्म पनि यस्ता कारखानाको स्थापना भएको देखिन्छ । जुद्धशम्शेरले 'फौजी खरखजाना बनाउने कारखाना खडा गरेको' थाहापाइन्छ । यस्तो उद्योग सीमित उद्देश्यको

लागि भएको हुँदा राष्ट्रिय अर्थतन्त्रमा खास प्रभाव पारेको नदेखिनु स्वाभाविक कुरा हो । यति हो कि यस उद्योगले गर्दा देशको लागि जरूरी सैनिक उपयोगमा आउने केही अत्यावश्यक सरसामानको लागि अर्काको मुख ताक्नु नपर्ने स्थिति ल्याएको छ ।

आधुनिक अर्थमा उद्योगको स्थापना वास्तवमा जुद्धशम्शेरको पालामा भएको हो । उनले 'उद्योग परिषद्' को स्थापना गरेपछि त्यस अन्तर्गत 'जूट मिल, नेपाल बैंक, मोरंग हाइड्रो एलेक्ट्रिक, सलाई, साबुनका कारखाना खुले' ।[1] साथै 'नेपाली कपडा र घरेलु इलम प्रचार अड्डा' पनि खडा हुन गए ।[2] उक्त जूट-मिल विराटनगरमा चलिरहेकै छ, नेपाल बैंकको पनि काठमाडौंमा मुख्य कार्यालय छ र अरूमध्ये सलाईको कारखाना चलिरहेकै छ । उक्त मध्ये हामीले सजिलैसित देख्न सकिने जुद्ध सडकको नेपाल बैंकको विशाल भवन हो जसका शाखाहरू नेपालभरि जताततै खडा छन् । घरेलु इलम प्रचार अड्डाले निकै विकास गरिसकेको छ र यसका कार्यशालामध्ये एक त्रिपुरेश्वरमा यौटा लामो टहरोजस्तो तर नेपाली किसिमको छाना भएको घरमा छ ।

हाल '१७ सालपछि नेपालको औद्योगीकरणको क्षेत्रमा प्रशस्त उन्नति भएको छ भन्नुपर्दछ किनभने जनकपुर चुरोट कारखाना, हरिसिद्धिको ईंट टायल कारखाना, बाँसबारीको छालाजुत्ता कारखाना, पाटन बालाजु र हेटौंडा आदिका औद्योगिक क्षेत्र आदिको स्थापना र विकास भई उत्पादन भइरहेको छ । तिनका सम्बन्धित भवनहरूको निर्माणमा प्रशस्त खर्च गरिएको छ र त्यसअनुसार तिनको पनि आफ्नो क्षेत्रबाट नेपालको समष्टि रूपमा वास्तुशिल्प र शैलीको विकासमा योगदान रहेको कुरा स्पष्ट छ । यस्ता उद्योगहरू माथि चर्चिए बाहेक अरू पनि छन् जुनको माथि उल्लेख गरिएको छैन र हाल बन्न लागेका र प्रस्तावित पनि थुप्रै छन् तर यहाँ लाक्षणिक रूपमा मात्र केही उद्योगहरूको उल्लेख गरिएको हो ।

जब उद्योग भवनहरूको चर्चा गरिन्छ तब हामीले दुई लोकप्रिय 'उद्योग' लाई पनि छोड्नु हुँदैन । यी दुई उद्योग हुन्–होटेल र सिनेमा भवन । यीमध्ये होटेल 'उद्योग' त नेपालको लागि ज्यादै नयाँ कुरो हो जसको विकास हालसालै मात्र हुन थालेको हो । 'पर्यटन उद्योग' को विकासको साथसाथै होटेलहरूको उद्योग पनि क्रमशः फष्टाउँदै आएको छ र यसको थालनी खास गरी '७ सालपछि र अझ स्पष्ट भनौं भने '१७ सालपछि भएको हो ।

साम्प्रदायिक वास्तुकला

यो शीर्षक अन्तर्गत हामी शाहकालमा बनेका देव मन्दिरहरूको चर्चा गर्दछौं । यस युगमा बनेका देव मन्दिरहरूमा कलात्मक शैलीमा के-के

---

[1] नयाँ सडकको जुद्धशम्शेरको सालिकको अभिलेख, अभिलेख संग्रह, भाग–८. पृ. १०.

[2] ऐजन.

उपलब्धि प्राप्त भयो भन्ने कुरा हाम्रो अध्ययनको मुख्य विषय हो। 'शाहकाल'को इतिहास जुन ढङ्गबाट शुरु हुन्छ त्यसअनुसार हामीले यस यु बनेका नयाँ मन्दिरहरूको अध्ययन मात्रै गरेर त यस युगमा प्राप्त कला उपलब्धिको आधा चित्रमात्र स्पष्ट हुन्छ। यसैले हामीले नयाँ मन्दिरह बयान गर्नुअघि तल लेखिएका विषयहरूबारे विचार गर्नु आव देखिन्छः—

१. पुराना मन्दिरहरूको जीर्णोद्धार
२. पुराना मन्दिरमा नयाँ धार्मिक वस्तुहरूको थप
३. पुराना मन्दिरहरूको सौन्दर्यमा वृद्धि
४. पुराना मन्दिरहरूको समृद्धिको वृद्धि
५. पुराना मन्दिरहरूको सुव्यवस्था।

१. पुराना मन्दिरहरूको जीर्णोद्धार

आस्तिक सनातनी हिन्दूहरूको धार्मिक विश्वासमा धार्मि उपलब्धिको निम्ति नयाँ मन्दिरनै थाप्नुपर्दछ भन्ने भावना हुँदैन। शास्त्रह मा र लोक धारणामा पनि अरूका कीर्तिको सुरक्षा गर्ने कामलाई अ धार्मिक महत्त्व दिइएको देखिन्छ। यसैले सनातनी हिन्दूहरूका निम्ति अरू कीर्तिको पुनरुद्धार गर्ने काम मौलिक काम गरे जत्तिकै सन्तोष लाग्दछ। भावना र शास्त्रीय तथा लोकधारणाका आदर्शले गर्दा आर्थिक सम्पन्न नभएका व्यक्तिहरू पनि जीर्णोद्धार कार्य गरी मौलिक मन्दिर नबनाए प समाजमा मौलिक मन्दिर बनाएजत्तिकै सामाजिक आदर-सम्मान पाउ गर्दछन्। पुराना मन्दिरहरूको जीर्णोद्धार गर्ने काम प्राचीन कालदेखिनै यौट सामाजिक दायित्व मानिन्थ्यो र सम्बन्धित अभिलेखहरूमा यस्तो निर्देश प दिइने गरिन्थ्यो। यस्तो यौटा सन्दर्भ ई० १३६२ को पाइन्छ। पाट कुम्भेश्वर मन्दिरको जीर्णोद्धार गरी त्यसको सम्झनाको लागि लेखाइए उक्त मितिको शिलालेखमा भनिएको छ 'जसले महेश्वरको वा विष्णु मन्दिर बनाए त्यसमा बिग्रेका-खसेका काठ, ढुंगा वा ईंट जसले स्थापन गर्दछ त्यस्तैको दिन प्रतिदिन सुख हुन्छ र धनी पनि तिनै हुन्छन् र ति अन्त्यमा शिवपुरी पुग्दछन् र त्यहाँ सधैंभरि सुखी भैरहन्छन्।'[१]

---

[१] येनाकारि महेश्वरस्य भवनं विष्णोस्तथान्यस्य वा।
तस्मिन् काष्ठशिलेष्टकं निपतितं कुर्वन्ति ये स्थापनम्॥
तेषामेव सुखं भवत्यनुदिनं भूत्वा धनाढ्य नराः।
तेऽन्ते यान्ति पुरीं शिवस्य नगरीं मोदन्ति तस्मिन् सदा॥
डिल्लीरमण रेग्मी, मेडीभल नेपाल, भाग–३ पृ. ३५

पृथ्वीनारायण शाहले ई० १७४३ मा 'देवताका घर' मल्ल राज्यको क्षेत्रमा पर्ने संस्कृतिको सानो बाहिरी केन्द्र नुवाकोटको विजय गरेपछि आजसम्मको २३१ वर्षको लामो अवधिभित्र खास गरी यो नेपाल उपत्यकामा र नेपालभरि पनि पुराना मन्दिरहरूको जीर्णोद्धार गरिएका कामको क्रमिक विवरण प्रस्तुत गर्नु खास अप्ठेरो छ । अहिलेसम्म हाम्रा इतिहासकारहरूले ऐतिहासिक सामग्रीहरूको अध्ययन र प्रकाशनमा खास ध्यान 'लिच्छविकाल' लाई र धेरथोर मल्लकाललाई दिई आएका छन् । शाहकालका शिलालेख-अभिलेखहरूको अध्ययन र प्रकाशन सीमित मात्रामा भएको छ र त्यो पनि खास गरी प्रशासनिक सन्दर्भका मात्र । अड्डाखानाहरूमा पनि मन्दिरहरू सम्बन्धी प्रशस्त अप्रकाशित सामग्री रहेका छन् र तिनको अध्ययन गरेपछि मात्रै हामीले शाहकालमा मन्दिरहरूको जीर्णोद्धार र तिनमा नयाँ गुठीको व्यवस्था गरेको बारेको राम्रो विवरण प्रस्तुत गर्न सक्ने स्थितिमा पुग्ने छौं । तैपनि प्रकाशित सामग्रीहरूमध्येबाट थाहापाइने सन्दर्भहरूको छोटकरी अध्ययन यहाँ गरिन्छ । यसका लागि हामीले उपत्यका र नजीकै बाहिरका केही प्रख्यात मन्दिरहरू छानी उदाहरण प्रस्तुत गरेका छौं ।

स्वयम्भू स्तूप

स्वयम्भु स्तूपको जीर्णोद्धार सम्बन्धी यौटा कार्यमा उपत्यका विजय नगर्दै पृथ्वीनारायण शाहले सहयोग गरेको घटनालाई लिई हामीले मन्दिरहरूका जीर्णोद्धार सम्बन्धी कामको विवरण दिन थालेका छौं । ई० १७६४ को वर्ष एकजना लामाले सिम्भू स्तूपको जीर्णोद्धार गर्दा धेरै राजाहरूले सहायता गरेकोमा पृथ्वीनारायण शाहले त्यस स्तूपमा बीचमा ठड्याउनुपर्ने लामो काठ तानेर ल्याइपुऱ्याइदिन लाउने काम गरेका थिए ।[1] ई० १८३४

---

[1] ग्वरखाया राजा श्री श्री पृथ्वीनारायण एअोंसि ननानं सालाओ विय घक सत्य धर्म विल (गोर्खाका राजा श्री श्री पृथ्वीनारायणले एअोंसि (यूप=वीचमा ठड्याउने लामो काठ) चाँडैनै तानेर ल्याइपुऱ्याइदिन लाउने छु भनी वचन दिनुभयो)स्यामर्पा लामाको स्वयस्भूको शिलालेख, इतिहास संशोधन संख्या-६२ पृ. ८ । पृथ्वीनारायणले यो कामको जिम्मा भीमसेन थापाका तीन पुस्तामाथि भएका वीरभद्र थापालाई दिएको देखिन्छ । थापा वंशावलीमा तिनको विषयमा यस्तो लेखिएको छ 'बिरभद्र थापा तन्ले नेपाल हान्दा श्री सिभुनाथको मुढो आफु अषतियार भै जितपुरसंम पुऱ्याया: ।।—इतिहास प्रकाश, १. पृ. १२० ।

(सं० १८९०) को महाभूकम्पमा यो स्तूपको के हाल भयो थाहा पाइं
पछि जङ्गबहादुरको समयमा यसको जीर्णोद्धारको निमित्त(सं० १८६२ म
चीनबाट[1] तीन जना 'कारीगर' झिकाइएको कुरो थाहापाइन्छ । ई० १
को ठूलो भूकम्पमा स्तूपको केही हानि नभएको तर दायाँ-बायाँ रहेका
अलि अलि बिग्रेको हुँदा बनेको थियो । सम्भवतः यो काम जुद्धशम्शे
गराएको हुनुपर्दछ । मुख्य स्तूपमा रंगरोगन गर्ने सामयिक काम बाहेक य
जीर्णोद्धार गर्नुपर्ने स्थिति त आएको छैन[2] तर ओरिपरि रहेका 'धर्मशा
हरूमा सुधारको काम हाल बराबर भैरहेकै देखिन्छ ।

पशुपति मन्दिर

शाहकालअघि ई० १६९७ मा भूपालेन्द्रमल्लले पशुपति मन्दि
जीर्णोद्धार गरेकाले यो मन्दिर पूर्व शाहकालमा राम्रो स्थितिमा र
देखिन्छ । पछि सं० १९८०–८२ मा चन्द्रशम्शेरले 'पशुपतिनाथको मन्दिर
जमीनमा कंपनी जस्तो आफ्नो मूर्ति भएको टक बनाई सेतो ढुंगाको मा
टाँसी छापिदिए । मन्दिरभित्र गाह्रोमा सेतो टायलले छाइदिए । यिनैले अ
नृपेन्द्रमल्लबाट बनाई गएका मन्दिरको छाना पुरानु भै ठाउँ-ठाउँमा जीर्ण
बिग्रेको हुँदा सं० १९८२ सालमा अति असल सुनको मोलम्बा पाताले २ त
छाना जम्मै छाई सर्वाङ्ग मन्दिरमा रंग रोगन चित्रकारी गरी त्यसमा
ठाउँ-ठाउँमा चन्द्रप्रकाश बिजुली बत्तीसमेत राखिएकोले अति रमणीय कैला
भूमि भैरहेछ' ।[3] ई० १९३४ को भूईंचालोमा यो मन्दिर केही नभए
थाहापाइएको छ ।

श्री ५ महेन्द्रको पालामा नेपालमा देव मन्दिरहरूको जीर्णो
कार्य प्रशस्त भएको सन्दर्भमा पशुपतिनाथको पनि जीर्णोद्धार र परिष्क
गरिएको थियो । सं० २०१६ मा यस 'मन्दिरका अङ्ग प्रत्यङ्गको पुनरु
जीर्णोद्धार आदि गर्नु पर्ने कुरा श्री ५ नेपाल नरेश महाराजाधिराज महे

---

[1] भोटबाट ?

[2] सं० २०१६ मा यहाँ केही सुधार-कार्य गरिएको थियो भन्ने सपरि
सुधार कार्य विवरण (सचित्र, उपत्यकाञ्चल नेपाल पृ. ७६
खुलाइएको छ ।

[3] देवमाला वंशावली, पृ. १३

वीरविक्रम शाहदेवका समक्ष उपस्थित गराउँदा सो संस्कार उद्धार-कार्य आवश्यक मानीबक्सेकाले शुभाज्ञा पाएर तदनुसार…राजकोशबाट प्राप्त अर्थको सदुपयोगले यस मन्दिरको चूडाग्रभागदेखि अधो भाग पर्यन्तका समस्त अङ्ग प्रत्यङ्गको सुधार परिष्कारहरू गरी मन्दिरसम्बन्धी समस्त अवयवमा देखिएको मालिन्य एव असौन्दर्य हटाई समस्त काष्ठकलाका अनुपम प्रतीक काष्ठावयवमा बिग्रेको सच्याई चिरस्थायी सुन्दर तत् तत् स्थानमा उपयुक्त तत् तत् रङ्गहरूले प्रकाशोज्ज्वलताभरी मन्दिरका वरिपरि प्राङ्गण-सम्म यथासम्भव संकीर्णता हटाई विशालता र सुन्दरता झल्काउँदै, प्राचीन कालका अमर कलाकौशलका कृतिहरूको सुरक्षा गर्दै, मन्दिर-भित्तिका तत्-तत् वस्तुहरूमा पुनर्जीवन भर्दै, मन्दिर पूर्वभागका मुक्तिमण्डपीय बाटो भरशक फराकिलो पारी गणेश, महादेव, पाञ्चायन इन्द्रेश्वरका मन्दिरहरू आदि र उत्तर तथा दक्षिण भागका वासुकि उन्मत्तभैरव आदिका मन्दिरहरूको पनि परिष्कार गरी नवीनताको रूप दिलाउँदै प्राङ्गणाग्रभागका नन्दीका प्रतीक दुवै वसाहहरूमा प्रकाशोज्ज्वलता ल्याई परिवर्तनयोग्य शिला हटाउँदै प्रवेश-स्थल मूलद्वार आधुनिक रूपमा विशाल समुन्नत स्वरूपमा सजाई यो समस्त निर्माण कार्य सम्पन्न गरिएको छ । यस्तै आर्यघाटतर्फ ओर्लने ठाउँको द्वार पनि पहिलेभन्दा विशाल गराइयो । नन्दीको पछाडिको पश्चिमद्वार पनि विशाल र अत्युच्च पारी गोपुर जस्तो पारिएको छ । चलाउन हुने सम्मका यताउति बाटो छेकी रहेकालाई छेउछाउमा सुव्यवस्थित रूपमा राखी मन्दिरको प्राङ्गणभाग धेरै भक्तहरूलाई घुम्न भजन पूजन आराधना गर्न सुविधा हुने गरी हुनसकेसम्म फराकिलो पनि पारिएको थियो ।[1] सं० २०२४ तिर पनि 'गुठी जीर्णोद्धार तथा निर्माण समिति' द्वारा यस मन्दिको सुधार जीर्णोद्धार गरिएको थियो । (प्राचीन नेपाल, अंक–२. 'टिप्पणी र समाचार' ।)

गुह्येश्वरी

शाहकालमा गुह्येश्वरी मन्दिरको जीर्णोद्धार पहिलोपल्ट जंगबहादुरले गरेका थिए भन्ने थाहापाइएको छ । हाम्रो स्रोतअनुसार सं० १९२३ मा जङ्गबहादुरले 'गुह्येश्वरीमा अघिका चौघडा पर्खाल भत्काई नयाँ ठूलो

---

[1] सपरिचय सुधार कार्य विवरण (सचित्र)—उपत्यकाञ्चल नेपाल, काठमाडौं २०१७, पृ. ५.

गजको ढुंगाको पर्खाल बनाई भित्र खण्डका थानमा कुण्डभैरव आदि सु
पाताले छापीकन ठूला नौरत्न जडाउ गर' चढाएका थिए ।[1] सं० १९६५
पनि चन्द्रशम्शेरले यहाँ जीर्णोद्धार कार्य गरेको थाहापाइन्छ । उनले '
पितलका पाताले भूमि छाई राखेका जीर्ण हुँदा स० १९६५ मा बेला
टाइल झिकाई भित्ता मुनि जम्मै छाई शोभायमान गरी फेरी अष्ट
यन्त्राकार कलश भैरवसमेत जीर्ण हुँदा सुन धेरै थपी जीर्णोद्धार' गरे
थिए ।[2] '९० सालको भुईंचालोमा मुख्य मन्दिरमा केही नभएको तर सा
चाहिं भत्केकोमा जुद्धशम्शेरले जीर्णोद्धार गरेका थिए भन्ने थाहापाइन्छ
सं० २०११ मा भैरवलाई छोप्ने सुनको पाता चोरिंदा श्री ५ महेन्द्रबाट फे
पूर्वरूपकै सुनको पाता चढाइयो जसमा संस्मरण-लेख पनि लेखिएको छ
सं० २०१६ मा श्री ५ महेन्द्रकै निर्देशन अनुसार यहाँ विभिन्न रूप
जीर्णोद्धार कार्य सम्पन्न गरिएको थियो ।[5]

कुम्भेश्वर

मल्लकालमा सम्भवत: अन्तिम पल्ट ई० १६६७ मा पाटन
राजा योगनरेन्द्रमल्लले यस मन्दिरको जीर्णोद्धार आदि गराएका थिए
ई० १८०१ तिर रणबहादुर शाहले यस मन्दिरको केही अपमान गरे
प्रायश्चित स्वरूप होला उनका सुवर्णप्रभा महारानीतर्फका छोरा रणोद्यत शा
र समरशेरशाहले ई० १८४० तिर यस मन्दिरको केही रूपमा जीर्णोद्धा
गरेको अन्दाजी गरिएको छ ।[6] ई० १९३० मा भीमशम्शेरले 'विग्रिरहे
देवालय सच्याई सो देवालयमा रङ्गरोगन भराई अत्यन्त मनोहर सुन्दर स्था

१: भाषा वंशावलि, प्राचीन नेपाल, अंक–६. पृ. २५. हेर्नू–यस्तै विवरण
लागि, देवमाला वंशावली, पृ. १६.

२. देवमाला वंशावली, पृ. १६.

३. ऐजन.

४. सपरिचय सुधार कार्य विवरण (सचित्र), उपत्यकाञ्चल नेपाल
पृ. १२.

५. ऐजन, पृ. १२.

६. मितिमा अशुद्धिसहित माथि टिप्पणी—१ संख्यामा चर्चित पुस्तकमा
यस कुराको उल्लेख मन्दिरमा रहेको घण्टामा भएको छ भनी लेखिए
छ (ऐजन, पृ. १७०) ।

तुल्याई दिएका थिए।[1] ई० १९३४ को भुईंचालोमा यो मन्दिर '५ तले जम्मै भत्की' जुद्धशम्शेरले 'जगदेखि नयाँ श्रीजना गरी प्रतिष्ठा समेत' गरी दिएका थिए।[2]

सं० २०१६ मा चारैतिर मन्दिर देवलहरूको जीर्णोद्धार भएको बेलामा यस मन्दिरको जीर्णोद्धार गर्ने काम आवश्यक नदेखिएकोले केही गरिएको थिएन भन्ने थाहापाइएको छ।[3] तर केही पछि(सं० २०२० तिर ?) श्री ५ महेन्द्रको निर्देशनमा यस मन्दिरको जीर्णोद्धारको काम निकै राम्ररी भएको थियो भन्ने त्यहाँ रहेको शिलालेखबाट थाहापाइन्छ।[4] अक्टोबर १९६७ (असोज २०२४) को श्री ५ को सरकार शिक्षा मन्त्रालय पुरातत्त्व

---

१. देवमाला वंशावली, पृ. ३२.

२. ऐजन, पृ. ३२ सं० १९३३ मा।

३. पादटिप्पणी–१ मा चर्चित पुस्तक, पृ. १७१।

४. कुम्भेश्वर मन्दिरको पश्चिमी ढोका अगाडिको साँढेमुन्तिर रहेको २ हात जति अग्लो एक हात र एक वित्ता जति चौडा शिलालेख छ। शिरमा वीचमा श्री पेच र दुईतिर सूर्य-चन्द्रका चित्र भएको यो शिलामा निम्न बमोजिम सारिएको अभिलेख लेखिएको छः–

स्वस्ति श्रीगिरिराज चक्रचूणामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमालापरम नेपाल प्रतापभाष्कर ओजस्वि-राजन्य परमगौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद परमोज्ज्वल कीर्तिमय नेपालश्रीपद परमोज्ज्वल नेपालतारा परमपवित्र ॐ रामपट्ट ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम-सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु परमाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्री मन्महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव सदासमरविजयिनाम्

१. श्री जयस्थितिमल्लका राज्यकालमा दानपति जयभीमद्वारा २. स्वभार्या अनन्तलक्ष्मीको दिवंगत स्मृतिमा नेपाल सम्वत् ५१२ ३. (वि. सं. १४४८) मा निर्माण गराइएको यो प्राचीन कलापूर्ण कुम्भेश्वर ४. मन्दिर कराल कालको प्रवल बेगले नष्ट भ्रष्ट भइ भग्नावस्थामा ५. परिणत भएकोमा धर्मपथमा दृढ श्रद्धापूर्व संस्कृतिको संरक्षण ६ मा प्रगाढ आदर तथा लोककल्याणको अटल भावना राखी बक्सने ७ निर्दलीय प्रजातान्त्रिक पंचायत व्यवस्थाका प्रवर्तक तथा नेपाली

विभागको 'प्राचीन नेपाल' पत्रिकामा उक्त विभागका निर्देशक श्री र जंग थापाले भूमिकामा 'पुरातत्त्व (विभागका) निर्देशकको अध्यक्षता गठित 'गुठी जीर्णोद्धार तथा निर्माण समिति'द्वारा जीर्णोद्धार गरिए मन्दिरहरूको सूचीमा कुम्भेश्वरको पनि नाम दिनुभएको छ ।[1] उ शिलालेखमा बताइएकै जीर्णोद्धार कार्यलाई यो भनाइले फेरि उल्ले गरेको हो कि फेरि जीर्णोद्धार गरिएको हो भन्ने कुरा चाहिं स्पष्ट सकेको छैन ।

न्यातपो

ई० १७०४ मा भक्तपुरका राजा भूपतीन्द्रमल्लले बनाएको य मन्दिर कलाका साथै मजबूतीको लागि पनि प्रख्यात रहिआएको हो । यसम लागेका १०८ टुंडाल नेपाली काष्ठकलाका अनुपम उदाहरणका रूपमा छन् बनेको २३० वर्षपछि ई० १९३४ को ठूलो भूकम्पमा यसको माथिल्लो तलामात्र भत्केको संस्मरण पाइन्छ ।[2] उतिखेर जुद्धशम्शेरलेनै जीर्णोद्धा गराउन लगाएको अड्कल काट्न सकिन्छ किनभने यसको जीर्णोद्धार व्यक्तिग हिसाबबाट हुनु असम्भवै छ । सं० २०१६ मा चारैतिरका मन्दिरहरूको सुधारकार्य हुँदा यसको सुधार गर्नुपर्ने आवश्यकता नदेखिएकोले होला त्यसो गरिएको थिएन तर सं० २०१९ मा यसका जीर्णोद्धार श्री ५ महेन्द्रबाट गराइएको देखिन्छ । यस मन्दिरको तल्लो पेटीमा रहेको शिलालेखमा लेखिए

---

८. संस्कृतिका महान् संरक्षक कलामर्मज्ञ धर्मप्राण ९. श्री ५ महेन्द्र वीरविक्रम शाहदेवबाट यस्तो महत्त्वपूर्ण ऐतिहासिक देवस्थल १०. को पुरातात्विक परिकार तथा जीर्णोद्धार गराउने सदिच्छा गरि– ११. बक्सी गुठी संस्थानलाई हुकुम बक्से बमोजिम संस्थान मार्फत १२. पुरातात्त्विक विधि अनुसार कुम्भेश्वर मन्दिरको पुनरुद्धार तथा १३. जीर्णो द्धार गर्ने काम सुसम्पन्न भयो (।) । मिति नराखिएको यो शिलालेख यहाँ इतिहास प्रेमीहरूको रुचिको लागि आधुनिक कालको शिलालेखको यौटा उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

[1] प्राचीन नेपाल अङ्क–१. पृ. ख.

[2] देवमाला वंशावली, पृ. ७२. ई० १८३४ को भुईंचालोमा यसको कै स्थिति थियो भन्ने थाहापाइँदैन ।

अनुसार श्री ५ बाट रू० ६३१६६।६० निकासा भई यसको जीर्णोद्धार गरिएको कुरा थाहापाइन्छ ।[1]

भीमसेन मन्दिर, भदगाउँ

भक्तपुरका राजा जगज्योतिर्मल्लको पालामा ई० १६५५ मा वरसिंह भारो र 'व' सिंह भारोले मिली बनाएको भनिएको यो मन्दिर[2] सम्बन्धी खास विवरण केही पाइएको छैन। अक्टोबर १९६७ (असोज २०२४) मा श्री ५ को सरकार शिक्षा मन्त्रालय पुरातत्व विभागका निर्देशकका अध्यक्षतामा गठित 'गुटी जीर्णोद्धार तथा निर्माण समिति'द्वारा यो मन्दिरको जीर्णोद्धार भएको थियो ।[3]

---

[1] पेटीमा एकातिर नेपालीमा र अर्कातिर अंग्रेजीमा ठूल्ठूला अक्षरले अभिलेख लेखिएका छन् । नेपाली अभिलेखचाहिं तल सारिएबमोजिमको छः–

> श्री सिद्धिलक्ष्मीदेवी राज भयको प्रसिद्ध भक्तपुर श्री ५ तले मन्दीर श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट ने० रू० ६३१६६।६० निकासा भयको भवन विभागद्वारा जिर्णोद्धार गराई वक्सेको सम्वत् २०१६ साल वैशाख ७ गते रोज ५ शुभ्भ ।

(जस्ताको तस्तै सारिएको)

[2] राइट, पृ. १३०.

[3] प्राचीन नेपाल, अंक–१. पृ. ख. मन्दिरको मुन्तिर पाटीमा भित्तामा रहेको संगमर्मरको अभिलेखमा पनि सम्भवतः यही जीर्णोद्धार-कार्यको उल्लेख भएको छ । उक्त अभिलेख तलसारिएबमोजिम छः–

> भक्तपुरस्थित मल्लकालीन यो प्राचीन भीमसेन मन्दिर प्राकृतिक प्रकोपले गर्दा विकृत भई भग्नप्रायः भएकोमा श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवका सुशासनमा मौसूफ सरकारका असीम सत्प्रेरणा प्राप्त भई हुकूम बक्से बमोजिम गुठी जीर्णोद्धार तथा निर्माण समिति मार्फत पुरातात्विक सिद्धान्त अनुरूप संरक्षण तथा जीर्णोद्धार गर्ने काम सुसम्पन्न भयो इति वि. सं. २०२४····· गते रोज शुभम् ।

बज्रयोगिनी मन्दिर, साँखु

बज्रयोगिनीको मन्दिर सबभन्दा पहिले कहिले बनेको हो थाहा पाइँदैन । ई० १६५५ मा कान्तिपुरका राजा प्रतापमल्लले मन्दिर बनाई केही जग्गा गुठी राखेको कुरा त्यही रहेका उनका दुई शिलालेखमा लेखिएको छ ।[1] मल्लकालमै अलि पछि (उक्त घटनाको १५७ वर्षपछि) कान्तिपुरकै राजा भास्करमल्ल र उनकी आमा भुवनलक्ष्मीले प्रतापमल्लले बनाएको 'गन्धकूट' शैलीको मन्दिरलाई भत्काई 'पगोडा' शैलीको ३ तले मन्दिर बनाएका थिए (ई० १७१२) ।[2] यसरी शैली फेरी बनाएको २०३ वर्षपछि ई० १९१५ मा 'अकस्मात् यात्रा गर्न देवीका घरमनी छेडीमा बालिराखेको अखण्ड धुनिबाट आगो बढी आई सल्की सो देवी चैत्ये बसुंधरा सिंहिनी व्याघ्रिनी घरको पीठमा १ चुकुल सुधा बाकि नभै जम्मै जली मैदान भै भस्म भैगयो र श्री ३ महाराज चन्द्रशम्शेर जङ्गबहादुर राणाबाट ७२ सालको यात्रालाई अर्को मूर्ति तयार गरी बनाई जीवन्यास प्राणप्रतिष्ठा गराई स्थान पनि दरबारी काईदाले गुमोज फलामको सतरी लगाई मजबुत तवरले बनाई बक्सेका हुन् ।। सो आग लागि हुँदा छेडीमा भएको फलामको कढाइ र टाउको आगोले छुएन भस्म भएन यस्तो अद्भूत भयो ।। १९९० साल माघ बदी ३० रोज २ का दिन भुकम्पले केहि भएन ।।'[3]

चाँगुनारायण

उत्तर मल्लकालमा ई० १६९४ (नेपाल संवत् ८१४) मा एकपल्ट कान्तिपुरका राजा भूपालेन्द्रमल्ल र उनकी आमा ऋद्धिलक्ष्मीले चाँगुनारायण मन्दिरको जीर्णोद्धार विधिवत् गरेको प्रमाण त्यहीं पाइन्छ ।[4] यसको १० वर्षपछि ई० १७०४ (नेपाल संवत् ८२४) मा भूपालेन्द्रमल्लले रानी भुवनलक्ष्मी सहित भै फेरि मन्दिर बनाएको आर्को अभिलेख त्यहीं रहेको छ ।[5] ई० १९३४ को भुइँचालो अघि रणोद्दीप सिंहले 'चौधरा सतल

---

१. अभिलेख संग्रह, भाग–३ पृ. ११–१४.

२. पूर्णिमा, १६. पृ. ३७८–७९.

३. देवमाला वंशावलि, पृ. १८.

४. संस्कृत, सन्देश, ६, पृ. ३४–३७.

५. ऐजन, पृ. ३८.

बनाएका' थिए ।[१] भुइँचालामध्ये अघिल्लो (ई० १८३४) मा यसको के स्थिति भयो थाहापाइएको छैन, पछिल्लोमा चाहिं 'चोघेरा मतल जम्मै भत्की बिग्रिएकामा'[२] जुद्धशम्शेरलेनै बनाइदिएको देखिन्छ । सं० २०१६ मा यसको केही सुधारकार्य भएको थियो ।[३]

तलेजु मन्दिर, कान्तिपुर

कान्तिपुरका राजा महेन्द्रमल्लले यस मन्दिरको निर्माण ई० १५४८ तिर गराएको भनिन्छ । पछिका अरू मल्ल राजाहरूले यसमा केही सुधार आदि गरेको हुनुपर्दछ । ई० १९३४ को भुइँचालोमा यसको माथिल्लो तला भत्केकोमा ई० १९४० तिर जुद्धशम्शेरले जीर्णोद्धार गराएका थिए भन्ने देखिन्छ ।[४]

दिगुतलेजु मन्दिर, ललितपुर

ई० १५८४ तिर शिवसिंह मल्लले यो मन्दिर बनाएका थिए भनिन्छ । पछिका यहाँका मल्ल राजाहरूले पनि यसको सुधार आदि कार्य गराएका थिए । ई० १९३४ को भुइँचालोमा यो मन्दिर खत्तम भएकोले ई० १९३९ तिर जुद्धशम्शेरले 'देवल जगदेखी नयाँ सिर्जना गरी बनाई प्रतिष्ठा गरिदिया । सो दिनमा ललितपुर सहरमा टोलटोलपिच्छे एक-एक ढोका बनाई दुनियादारले सिंदुर जात्रा गरी दरबारमा लगे सो दिनको रातको ९ बजे जुवासमेत फुकाई दिएको थियो ।'[५]

नक्साल भगवती

यो मन्दिरमा रहेको भगवतीको मूर्ति 'लिच्छविकाल'को मानिएको छ तर यसको प्राचीन मन्दिरको बारेमा खास महत्त्वपूर्ण ऐतिहासिक सामग्री पाइएको छैन । एकैपल्ट तल झरेर ई० १७८२ को यौटा शिलालेख यहाँ पाइन्छ जसमा यस मन्दिरको जीर्णोद्धार गरिएको कुराको प्रामाणिक साक्ष्य

---

१. देवमाला वंशावली, पृ. २३.

२. ऐजन.

३. सपरिचय सुधार कार्यविवरण, उपत्यकाञ्चल नेपाल, पृ. २१३.

४. देवमाला वंशावलि, पृ. ५४.

५. ऐजन, पृ. ५५ ।

रहेको छ । उक्त शिलालेखअनुसार रणवहादुर शाहका टक्सारी भीमवर्मा (खवास) ले सं० १८३९ (ई० १७८२) मा पूजा-आजा गरी राम्ररी यस मन्दिरको जीर्णोद्धार गरेका थिए ।[1] यसरी जीर्णोद्धार गर्दा यो मन्दिर ईंटले वनाइएको थियो र यस निर्माण कामको 'चिताइ' गर्ने मानिस प्रेमगिरि गुसाइँ थिए भन्ने त्यसै अभिलेखवाट जानिन्छ ।[2]

---

१. यो शिलालेख पूर्व शाहकालको हुनाले उद्धरणीय हुँदा यसको केही अंश यहाँ अनुवाद सहित सारिन्छः–

श्रीमच्छ्रीरणबाह (बा) दुराण्यनृपतेः सन्मुद्रिकोत्पाद (द) कः
स्वेष्टेशीपरितुष्टये समकरोद् देवालयोद्यापनम् ।।
श्रीमद्राजेन्द्रलक्ष्मीचरणपरिचरो राजभारासमर्थो
भीमोऽकारयदंविक (का) [स] दनकं रम्यञ्च जीर्णोद्धृतम् ।
देवब्राह्मणपूजनं च हुतभुक्संस्थापन चाध्वरं
कृत्वा सम्यगुदीरितं वहुविधां दत्वा शुभां दक्षिणाम् ।।

× × ×

काश्यपगोत्रेण भीमवर्म्मणा श्री श्री श्री स्वेष्टदेवताप्रीतिपूर्व्वक यथा-शास्त्रोक्तफलप्राप्तिकामनय श्री श्री श्री महिषमर्द्दिनी भगवतीदेव्या इष्टकादिरचितदेवालयं निर्म्मायाष्मिन्दिने प्रतिष्ठापितम् ।

अनुवाद– श्री ५ रणवहादुर शाहका टक्सारका अध्यक्षले इष्टदेवी खुशी हुनुहोस् भनी यस देवलको प्रतिष्ठा गरे । श्री राजेन्द्रलक्ष्मीका पाउका भक्त राजभारसमर्थ भीमले भगवतीको मन्दिर राम्ररी जीर्णोद्धार गरे। उनले देवता र ब्राह्मणको पूजा गरी अग्निस्थापना गरेर यज्ञ गरी राम्ररी दक्षिणा दिई विधिवमोजिम यो काम गरे ।

X X X

काश्यपगोत्रमा जन्मेका भीमवर्माले श्री इष्टदेवीलाई प्रसन्न पारी शास्त्रमा बताएवमोजिमको फल पाउने इच्छाले महिषमर्दिनी भगवती-देवीको यो मन्दिर ईंटहरूले वनाएर प्रतिष्ठा गरे ।— पूर्णिमा–२१ पृ. ५०–५१ ।

२. यो सन्दर्भ दिदा माथि दिइएकै कारणले उक्त अभिलेखको संपूर्ण नेपाली भाग यहाँ सारिन्छ;–

उक्त जीर्णोद्धार कार्यको १५२ वर्षपछि ई० १९३४ मा गएको भुइँचालोमा ' ···बनाई राखेको ३ तला देवल थिए १९९० साल माघ वदि ३० रोज २ मा ठूलो भूकम्प हुँदा माथिल्लो १ तला गजुर समेत छाना र तल्लो तलाका पश्चिमपट्टिको भत्की गयो ।' र 'पछि १९९५ सालमा श्री ३ महाराज जुद्धशमशेर जङ्गवहादुर राणाबाट' वनाई दिएका हुन् ।[1] पछि पनि यसको सुधार आदि कार्य भएको देखिन्छ ।[2]

गोकर्णेश्वर

ई० १५८५ तिर केही सुधार गरिएको यो गोकर्णेश्वर मन्दिरमा एकपल्ट ई० १८३१ तिर केही सुधार कार्य गरिएको विवरण पाइन्छ । उक्त पछिल्लो मितिमा रणवहादुर शाहकी कान्छा महारानी ललितत्रिपुरसुन्दरीदेवीले यस 'मन्दिरका देवालयमा तीन छप्परका छानामा माथिल्ला छाना सुनको बनाइदिएकी' थिइन् ।[3] १९३४ को भुइँचालोमा यो मन्दिरको केही भएको थिइन । श्री ५ महेन्द्रको निर्देशनमा सं० २०१६ सालमा (ई० १९५९) सरकारबाट 'प्राप्त भएको आर्थिक सहायताद्वारा ······ मन्दिरको तल्लो माथिल्लो छाना फेर्नु टूट-फूट भएका स्थान सज्नु स-साना मन्दिर जगैदेखि जीर्णोद्धार गर्नु इत्यादि काम' यस मन्दिरमा भएको थियो ।[4]

मत्स्येन्द्रनाथ, पाटन

ई० १९३४ मा 'ठूलो भूकम्प भै देवल जम्मै भत्की देवता समेत छोपी पूर्न गएको १०।१५ दिनपछि पल्टनले खोजी वल्ल पायो केही प्राण

अथ देशभाषा ।। स्वस्ति श्री ५ रणवहादुर्साहवहादुरजङ्गदेवमहाराजाधिराजका राज्योद्योत हुदामहा भीम टक्सारिले नंसार गाउँका श्री श्री श्री भगवतीदेवीका देवल जीर्णोद्धार गरि देवालय बनाइकन प्रतिष्ठा गऱ्या ।। विक्रम संवत् १८३९ ज्येष्ठ शुदि दशहरा १० वृहस्पतिवारका दिन शुभम् ।। यो देवालय बनाउँदामा चिताइ गर्ऱ्या श्री प्रेमगिर्रि गुसांइ श्री नेपाल संवत् ९०२ शुभं—ऐजन, पृ. ५१

[1] देवमाला वंशावलि, पृ. ८७.

[2] सुधार कार्य विवरण, पृ. ३४.

[3] भाषा वंशावलि, प्राचीन नेपाल, ६. पृ. १९.

[4] सुधार कार्य विवरण, पृ. २९.

प्रतिष्ठा गरी जीवन्यास थप्नु पर्ने भयो। विक्रम संवत १९९५ सा (ई० १९३८) मा श्री ३ महाराज जुद्धशम्शेरबाट' देवल बनाइदिएक थिए ।[1] ई० १९६८ तिर यसको जीर्णोद्धार सर्कारको तर्फबाट भएक थियो ।[2]

जैसीदेवल, कान्तिपुर

ई० १६८८ मा बनेको मान मन्दिरको जीर्णोद्धार श्री ३ महारा देवशम्शेरले ई० १९०१ मा गरेका थिए। यस बेला यस मन्दिरमा मू शिवलिंग समेत नरहेकोले श्री ३ देवले उक्त जीर्णोद्धार कार्य ग 'देवजागेश्वर' नाम राखी शिवलिंगसमेत थापेका थिए ।[3]

शान्तिपुर, सिम्भू

'सं० १९९० साल माघ वदि ३० रोज २ का दिन ठूलो भूकम् हुँदा शान्तिपुरको छाना छाना भत्की बिग्री गयो वि. सं. १९९५ सालम शान्तिपुर वरीपरी बस्ने वज्राचार्यहरूलाई ज्याला दी बनाउन लगाए श्री महाराज जुद्धशम्शेर जंगबहादुर राणाबाट ।।'[4] यो टिपोटबाट शान्तिपु ई० १९३४ मा भत्की ई० १९३८ मा यसको जीर्णोद्धार भएको बुझिन्छ ।

नन्दिकेश्वर, कान्तिपुर

नक्साल स्थित नन्दिकेश्वर, बहाल नामले प्रख्यात यो मन्दि ई० १८०१ मा रणबहादुर शाहादुर शाहकी माहिली महारानी सुवर्णप्रभाले बनाएकी थिइन् र यो सम्भवत: नेपाली शैलीमा बनेको थियो। तर ई० १९३४ को भुइँचालोमा 'जम्मै मन्दिर भत्की बिग्री 'मैदान' भएकोमा जु शम्शेरले ई० १९३४ मा तला नउठाई देवालय र चौघरा सतल बनाई दिएका थिए ।[5] हाल यो मन्दिर 'गुम्बज' शैलीको रूपमा छ ।

---

१. देवमाला वंशावलि, पृ. २९.
२. प्राचीन नेपाल, संख्या—२. टिप्पणी र समाचार, पृ. क.
३. सं० १९५८ आषाढ शुदी १ सोमवार सं० ७ को गोरखापत्रको समाचा अनुसार ।
४. देवमाला वंशावलि, पृ. १००.
५. ऐनन, पृ. ८७.

सल्यानकोट देवी

गोर्खाका शाह राजाहरूले र पृथ्वीनारायणले खास मानिएकी देवीको रूपमा सल्ल्यानकोटकी देवीको नाम आउँछ, पृथ्वीनारायण अघिदेखि यो मन्दिर रहेको देखिन्छ । यहाँ रहेको यौटा शिलालेख अनुसार ई० १७६५ मा पृथ्वीनारायणको आज्ञाले यसको जीर्णोद्धार वा सुधार गरेको देखिन्छ ।[१] पछि महाराजाधिराज राजेन्द्रविक्रम शाहको पालामा ई० १८४५ मा यस मन्दिरको फेरि जीर्णोद्धार गरिएको देखिन्छ ।[२]

रैथाने गुम्बा, सिन्धुपाल्चोक

यौटा समाचारअनुसार 'दुर्गम क्षेत्र' एवं स्थानीय विकास विभागको 'दुर्गम क्षेत्र विकास शाखा'द्वारा रू० २९,६२५ को लागतमा शुरु गरिएको सिन्धुपाल्चोक जिल्लाको रैथाने गुम्बाको मर्मत कार्य हालै समाप्तप्राय भएको छ ।[३]

रोल्वालिङ गुम्बा, रोल्वालिङ

आर्को प्रकाशित समाचारअनुसार 'दुर्गम क्षेत्र एवं स्थानीय विकास विभागको दुर्गम क्षेत्र विकास शाखा'द्वारा रु. १२,१६०।– को लागतमा गतवर्ष दोलखा जिल्लाको रोल्वालिङ हिमालको फेदीमा रहेको रोल्वालिङ गुम्बाको मर्मत कार्य थालिएकोमा त्यो काम हाल ५० प्रतिशत पूरा भएको छ ।[४]

माथि हामीले शाहकालमा जीर्णोद्धार गरिएका मन्दिरहरूमध्ये केहीको विवरण प्रस्तुत गरेका छौं । वास्तवमा मन्दिरहरूको सुधार र जीर्णोद्धारका क्रम मन्दिर थापिएको भोलिपल्टैदेखि शुरु हुन्छ भनेमा

---

१. सल्ह्यानकोट देवल बनायाको श्री ५ नृप पृथ्वीनारायणसाहा श्रीणरिन्द्रलक्षीमी माहारानी समये कृति—इतिहास प्रकाश, १. पृ. ३८.

२. हिजो श्रीमाईको मन्दिर भत्कदा विग्रदा श्री श्री ३ माहाराज राजेन्द्रविक्रमसाहाका समयमा बक्साई ··· बनायाको कोट········ ऐजन, पृ. ३८.

३. गोरखापत्र, शुक्रवार भदौ २८ गते २०३० साल, पृ. ३.

४. ऐजन.

अतिशयोक्ति हुने छैन । यदि किरातकालमै मन्दिर बनेका भए ती मन्दिरको सुधार र जीर्णोद्धारका काम त्यसै युगदेखि थालियो भन्नुपर्छ । लिच्छविकालमा त निश्चयनै मन्दिरहरू बने अनि यस कालका सर्कार र जनतालाई आफ्नो युगमा बनेका बाहेक किरातकालका मन्दिरहरूको सम्भार र सुरक्षा गर्ने जिम्मेदारी पर्न आयो । मध्य र मल्लकालमा त यो काम झन् बढ्न आयो । अब शाहकालमा त किरात, लिच्छवि, मध्य र मल्ल तथा स्वयं शाहकालमा गरी झण्डै २५०० वर्षको अवधिमा बनेका मन्दिरहरूको सम्भार र जीर्णोद्धार गर्ने अभिभारा आइलागेको छ । यस दृष्टिले हेर्दा हामीले माथि प्रस्तुत विवरणमा उपलक्षणको लागि मात्र केही मन्दिरहरूको विवरण प्रस्तुत गरेका हौं । तिनमा लिच्छवि, मध्य र मल्लकालमा बनेका मन्दिरहरू पारिएका छन् ।

नेपालमा प्राचीन स्मारकहरूको सुरक्षा र जीर्णोद्धारको इतिहास मन्दिरकलाको इतिहासझैं २५ शताब्दी पुरानो मान्न सकिन्छ । धार्मिक आधारमा प्राचीन स्मारकहरूको सुरक्षा र जीर्णोद्धारको काम पहिले हुन्थ्यो तर यदि त्यस्तो नियमित रूपले हुन्थ्यो भने आज किन कैलासकूट भवन छैन ? मानगृह किन नामशेष भएको अनि ऐतिहासिक अभिलेखहरूमा चर्चिएका बेगिन्ती मन्दिरहरू आज किन देखिंदैनन् ? भुइँचालोले नास्यो होला, एकपल्टको मुसलमानी आक्रमणले भूमिसात् वा अग्निसात गरायो होला तर तिनको जीर्णोद्धार गर्दै गरिएन के ? पशुपति र सिम्भू आदि प्रख्यात देवस्थलको जीर्णोद्धार त गरियो तर अरू महत्त्वपूर्ण मन्दिरहरूको वास्ता नगरिएको प्रत्यक्षनै रहेको मान्न अप्ठेरो पर्दैन ।

इतिहास र संस्कृतिको विश्लेषणात्मक र वैज्ञानिक अध्ययनको काम थालिएपछि यसको प्रभाव प्राचीन स्मारकहरूको सुरक्षा र जीर्णोद्धारका कुरातिर खास ध्यान जान थालेको हो । अन्ताराष्ट्रिय रूपमा नेपाली संस्कृति र खास गरी कला तथा वास्तुकलाको तारीफ हुन थालेपछि प्राचीन स्मारकहरूको सुरक्षाप्रति नेपालीहरूको ध्यान जान थालेको तथ्यको एकपल्ट पुनर्विचार गर्नुपर्ने देखिन्छ । नेपाली शिल्पको तारीफ गर्ने काम अंग्रेजहरूले गर्न थालेका हैनन् । इस्वीको सातौं शताब्दीमै चिनिया यात्री ह्वेन्सांगले नेपाली शिल्पको तारीफ लेखी चीन/पुऱ्याएका थिए । यसै शताब्दीमा चिनियाँ राजदूत वांगले कैलासकूटभवन र तत्कालीन मन्दिर र घरहरूको मुक्तकण्ठले

तारीफ गरी आफ्नो पुस्तकमा स्थान दिइसकेका थिए । यसै वेलातिर भोटसँग सांस्कृतिक सम्पर्क बढ्दा नेपाली शिल्पको तारीफ मात्रै होइन नेपाली कलाकृतिसमेत आफ्नो देशमा झिकाउन थालिसकेका थिए । भोटमा यो क्रम त हिजैसम्म पनि चलेकै थियो । स्वयं नेपालीहरूलाई आफ्नो देशको शिल्पका कुरामा गर्व रहेकै हुनुपर्दछ तै पनि प्राचीन कलाकृति र स्मारकहरूको जीर्णोद्धार धार्मिक मात्र होइन यथार्थवादी दृष्टिकोणले पनि गर्ने काम वास्तवमा ई० १९५०–५१ देखि शुरु भएको मान्नुपर्ने स्थिति आएको छ । यद्यपि ई० १९३३ को महाभूकम्पमा ध्वस्त हुन गएका अनेकन् मन्दिरहरूको जीर्णोद्धार गर्ने कार्य तत्कालीन प्रधानमन्त्री श्री ३ महाराज जुद्धशम्शेर राणाले गराएका थिए ।[1] तर त्यस बेलामा मन्दिरहरूको जीर्णोद्धार गर्दा वैज्ञानिक दृष्टि कति राखिएको थियो भन्ने प्रश्न हामीमा उठ्दछ किनभने पुराना मन्दिरहरूको जीर्णोद्धार गर्दा धेरै किसिमका परिवन्द मिलाउनुपर्ने हुन आउँछ । हाल पनि मन्दिर र पुराना वास्तुहरूको जीर्णोद्धार गर्दा त्यस्तै वैज्ञानिक दृष्टि राखिएको देखिंदैन । यसैले जीर्णोद्धारको काम अत्यन्त जटिल कुरा हो र यसतर्फ विशेष ध्यान दिइएन भने इतिहासका साक्षीहरूलाई नष्टभ्रष्ट गर्ने आरोप हामीलाई नै आइलाग्नु सम्भव छ । उक्त समयमा नेपालमा प्रजातन्त्रको उदयपछि प्रत्येक आवश्यक सर्कारिया विभागहरूको स्थापना हुँदा शिक्षामन्त्रालय अन्तर्गत 'पुरातत्त्व विभाग' पनि स्थापित गरियो अनि केहीपछिदेखि प्राचीन स्मारकहरूको सुरक्षा सम्बन्धी ऐन कानून पनि बन्न थाले । अनि ई० १९५८–५९ देखि मन्दिरहरूको जीर्णोद्धार र सिंगार पटार गर्ने काम शुरु हुन थाल्यो ।

ई० १९५६ तिर श्री ५ महेन्द्रको राज्याभिषेक ताक नेपालमा सर्वप्रथम ठूलो संख्यामा विदेशी अतिथिहरू आएको बखत यहाँको कला र वास्तुकलाको महत्त्व पहिलेदेखि घुइरो-घुइरो सुनेर उनीहरूले यस्ता ठाउँहरूको दर्शन-भ्रमण पनि गरेको हुनुपर्दछ र त्यसको प्रमाण त्यस्ता कला र वास्तुकलाको संरक्षण र जीर्णोद्धार पट्टि सर्कारको खास ध्यान गएको देखिन्छ । यस्तै कारणहरूले गर्दा श्री ५ महेन्द्रबाट विभिन्न किसिमका जीर्णोद्धार कार्यको लागि 'काठमाडौंके १००००० भक्तपुरके ५०००० ललितपुरके ५००००

---

[1] श्री ३ जुद्धको टुंडिखेलमा रहेको सालिकको अभिलेख, अभिलेख संग्रह १२ प. ३२

समेत जम्मा मोरू, २००००० श्री ५ महाराजाधिराजबाट नपुग थप हुने गरी प्राथमिक बक्स भएको हुँदा' उक्त कार्य ई० १९५८–५९ (सं. २०१६) मा सम्पन्न भएको बुझिन्छ ।[१] यस कामको विस्तृत विवरण सं. २०१७ मा सचित्र प्रकाशित भएको थियो ।[२]

उक्त जीर्णोद्धार कार्य नेपालमा पहिलोपल्ट ठूलो योजनानुसार गरिएको देवस्थल आदिको सुधार र जीर्णोद्धारको काम हुनाले त्यसको कम ऐतिहासिक महत्त्व छैन । यस कारणले उक्त जीर्णोद्धार कार्यको प्रकाशित विवरणबाट त्यतिखेर कान्तिपुर भक्तपुर र ललितपुर क्षेत्रमा कत्ति देवस्थलहरूको जीर्णोद्धार भएको रहेछ भन्ने जान्नका लागि तिनको नामावलि तल सारिन्छ ।[३]

कान्तिपुर तर्फ

जिर्णोद्धार वा सुधार भएका मन्दिरको नाम

१. पशुपतिनाथ
२. गुह्येश्वरी
३. वनकाली मन्दिर
४. गोरखानाथ
५. चन्द्रविनायक
६. कुमारीगालको मन्दिर
७. गोकर्णेश्वर
८. ज्ञानेश्वर
९. भैरव (ज्ञानेश्वर स्थित—आनन्दभैरव)
१०. गोमा गणेश
११. नक्शाल भगवती
१२. मनमैजु

---

[१] सुधार कार्य विवरण, उपक्रम

[२] सम्पादक–सोमनाथ शर्म्मा, सपरिचय सुधारकार्य विवरण (सचित्र) उपत्यकाञ्चल नेपाल, २०१७ वैक्रमाब्द, काठमाडौं, नेपाल ।

[३] उक्त जीर्णोद्धार कार्य देवस्थल मात्र ह्वैन देवस्थलका वरिपरि रहेका पाटी, धारा, कुवा आदिको समेत जीर्णोद्धार गरिएको कुरा उक्त पुस्तकका विवरणबाट बुझिन्छ । यहाँ हामीले मन्दिर मात्रको सूची लिएर प्रस्तुत गरेका छौं ।

१३. मैतीदेवी
१४. नीलसरस्वती
१५. भाटभटेनी
१६. अशोक विनायक
१७. कृष्णमन्दिर, प्यूखा
१८. काष्टमण्डप
१९. गणेश मन्दिर, यटखा
२०. गणेश, पकनाजोल
२१. गणेश कमलाक्षि
२२. गणेश, त्रिपुरेश्वर
२३. गणेश, चिकँअट
२४. कुमारीस्थान, रानीपोखरी
२५. भद्रकाली, लुमडी
२६. महाकाल, टुंडीखेल
२७. संकटा
२८. भुलभुल माईस्थान
२९. लोकेश्वर, दुगंवहिल
३०. अन्नपूर्णा, असन
३१. उग्रतारा, असन
३२. लुचुलुभु अजीमा
३३. सेतो मत्स्येन्द्रनाथ
३४. काठेसिम्भू
३५. नरदेवी
३६. कुमारीघर
३७. भीमसेन स्थान
३८. टंकेश्वर
३९. लगनको मन्दिर
४०. नारायण, लगन
४१. शोभा भगवती
४२. सिम्भू
४३. इचंगुनारायण

४४. बुढानीलकण्ठ
४५. गरुडनारायण, हनुमानढोका
४६. नारायण, नारायणहिटी
४७. भद्रकाली, गणेश, सरस्वती, टुप्याक
४८. कोटेश्वर
४९. ज्वालामाई मन्दिर
५०. जैसीदेवल

ललितपुर तर्फ

जीर्णोद्धार वा सुधार भएका मन्दिरको नाम

१. भृंगारेश्वर, सुनागुठी
२. बज्रवाराही, चापागाउँ
३. टीकाभैरव
४. गणेश, लेले
५. पशुपति, लेले
६ विशंखुनारायण, सौगल
७. कार्यविनायक
८. दक्षिणकाली
९. शिखरनारायण
१०. गणेशमन्दिर, शंखमूल
११. बगलामुखी, शंखमूल
१२. हनुमान्, शंखमूल
१३. नारायण, नुगल
१४. कृष्णमन्दिर, स्वथ
१५. कृष्णमन्दिर, नुगल
१६. चतुर्नारायण
१७. नारायण, कोबाहाल
१८. नारायण
१९. सिद्धिलक्ष्मी, गावहाल
२०. बौद्धमन्दिर, गावहाल
२१. अग्निशाला, मंगलवजार
२२. वालकुमारी

भक्तपुर तर्फ

जीर्णोद्धार वा सुधार भएका मन्दिरको नाम

१. सूर्यविनायक
२. तुलजाभवानी
३. भैरव
४. माहेश्वरी
५. सुशील भैरव
६. चाँगुनारायण

यसरी त्यतिखेर मोटामोटी ७८ मन्दिरहरूको सुधार तथा जीर्णोद्धार आदि कार्य भएको देखिन्छ। उक्त काम श्री ५ महेन्द्रवाट 'उपत्यकाञ्चल तात्कालिक सुधार समिति'द्वारा गरिएको थियो। उक्त समितिमा तीन शहरका मेजिष्ट्रेट, डी० आई० जी० पी० (मध्यमाञ्चल), पब्लिक वर्क्सका डाइरेक्टर, तीनै शहरका नगरपालिकाका प्रधान अफिसरहरू र श्री ५ गुठी वन्दोवस्तका अधिकारीहरूले काम गर्नु भएको कुरा प्रकाशित विवरणवाट बुझिन्छ।

अलि पछि पुरातत्त्व विभाग सक्रिय हुन थालेपछि यतातिर क्रमिक रूपले ध्यान दिन थालिएको र उक्त विभागको सहयोगवाट 'गुठी जीर्णोद्धार निर्माण-समिति'ले ई. १९६७–६८ सम्म थुप्रै मन्दिरहरूको सुधार र जीर्णोद्धार आदि कार्य गरेको छ। प्रकाशित विवरणअनुसार उक्त आयोजना अन्तर्गत तल नाउँ टिपिएका मन्दिरहरूको जीर्णोद्धारको काम सम्पन्न गरिएको थियो[1]:–

१. चोभार गणेश
२. कुम्भेश्वर
३. खोखना रुद्रायणी
४. भीमसेन

---

[1] प्राचीन नेपाल (पुरातत्त्व विभागको मुखपत्र), अंक–१ (अक्टोबर १९६७, असोज २०२४)मा 'टिप्पणी र समाचार' मा प्रकाशित विवरण अनुसार।

५. मूलचोक
६. मत्स्येन्द्रनाथ
७. काष्ठमण्डप
८. कीर्तिपुर बाघभैरव
९. बूढानीलकण्ठ
१०. पशुपति क्षेत्र
११. भक्तपुर भीमसेनस्थान
१२. तलेजु
१३. देगुतले ललितपुर
१४. कृष्णमन्दिर, ललितपुर गाबहाल
१५. चण्डेश्वरी
१६. दशैंघर, हनुमानढोका[1]
१७. इष्टदेवताको मन्दिर, हनुमान्ढोका
१८. नघलटोलको विहार (कान्तिपुर)
१९. पशुपति
२०. प्रस्तरको महादेव मन्दिर, वानेश्वर
२१. भीमसेन, पाटन
२२. तलेजु, पाटन
२३. देगुतलेजु, पाटन
२४. सोठनारायण, पाटन
२५. कृष्णमन्दिर, सोठटोल पाटन
२६. ईंटद्वारा निर्मित विष्णु मन्दिर, सुन्धारा पाटन
२७. मत्स्येन्द्रनाथ, पाटन
२८. पशुपति, भदगाउँ
२९. भद्रकाली, भदगाउँ
३०. वाराही, भदगाउँ
३१. मजादेग, भदगाउँ
३२. भैरवी, पश्चिम १ नम्बर नुवाकोट

---

[1] प्राचीन नेपाल अंक–२ (जनवरी १९६८, माघ २०२४) मा टिप्प
र समाचारअनुसार (संख्या १६ देखि ३२ सम्म) ।

प्रकाशित विवरण अनुसार १९६८ मा तल लेखिएको अरू नौ मन्दिरहरूको जीर्णोद्धार गर्ने आयोजना गरिएको[1] र उक्त काम सम्पन्न भैसकेको बुझिन्छः–

१. राम मन्दिर, पशुपति क्षेत्र
२. नानकमठ, काठमाडौं
३. सरस्वतीको सत्तल, स्वयम्भू
४. अष्टकोणमन्दिर, हनुमान् ढोका
५. उमामहेश्वर, महापाल ललिततुर
६. गणेशमन्दिर, मंगलवजार ललितपुर
७. मत्स्येन्द्रनाथ, सुन्धारा ललितपुर
८. नवदुर्गा, ठेचो
९. दत्तात्रेय, भक्तपुर

उक्त मितिपछि पनि मन्दिरहरूको जीर्णोद्धार गर्ने काम जारीनै रहेको छ । हाल महाराजाधिराज वीरेन्द्र वीरविक्रमशाहदेवको २०३१ माघ महिनामा भएको राज्याभिषेकोत्सवको लागि तीनै शहरहरूमा महत्त्वपूर्ण देवस्थल र अरू महत्त्वपूर्ण स्मारकहरूको पनि जीर्णोद्धार गर्ने काम जोडतोडका साथ आयोजित भयो । इतिहासले दिएको यो अभिभारालाई सम्वन्धित विभागहरूले तत्परताका साथ पूरा गर्न प्रयत्नशील छन् । यस काममा गुठी संस्थानले मात्र हालै ३५ लाख रुपियाँ खर्च गरी अनेकन् मन्दिर, पाटी-पौवा र धर्मशालाहरूको जीर्णोद्धार-कार्य गरेको छ ।[2]

२. पुराना मन्दिरमा नयाँ धार्मिक वस्तुहरूको थप

पुराना र प्रख्यात मन्दिरहरूमा ती मन्दिरमा स्थापित देवता-अनुसार मन्दिरभित्र-वाहिर अनेक किसिमका धार्मिक वस्तु चढाउने चलन नेपालमा धेरै पहिलेदेखि चलिरहेको देखिन्छ । तर आज हाम्रा अगाडि रहेका कतिपय प्रख्यात मन्दिरहरूमा यस्ता धार्मिक सामग्रीका जति भीड देखिन्छ त्यति मल्लकालमा थिएन भन्ने कुरा स्पष्ट छ । धार्मिक कार्यक्रममा खास भाग लिने मानिसहरू सर्दारिया भारदार वर्गवाट आउँछन् । मल्लकालमा

---

[1] प्राचीन नेपाल, अंक–२, टिप्पणी र समाचार अनुसार ।

[2] जनवरी २४: १९७५ को गोरखापत्रमा प्रकाशित समाचार अनुसार ।

पनि भारदारहरूको ठूलो र विस्तृत वर्ग थियो तर राज्य सानै हुँदा ती भारदारहरूको आर्थिक स्थिति पनि त्यै किसिमको रहेको हुनु स्वाभाविक छ। तर शाहकालमा बनेको भारदारी वर्ग मल्लकालकाभन्दा निश्चय नै धनी बन्न गएको थियो अनि यसको प्रभाव तत्कालीन धार्मिक गतिविधिमा पर्नु र त्यसको परिणामस्वरूप मन्दिरहरूमा प्रशस्त वस्तुहरू थपिन जान थालेको कुरा स्पष्ट थाहापाइन्छ। पहिलेका भारदार खलक र समाजमा उच्च स्थान पाएका व्यक्तिहरूले पनि परिवर्तित परिस्थितिमा पहिले मल्लकालमाझै धार्मिक गतिविधिमा भाग लिइरहेकै देखिन्छ। सबै किसिमका रैती-प्रजाहरूले पनि यो काममा धेर-थोर देन दिइरहेकै देखिन्छ। महाराजाधिराज, प्रधानमन्त्री र मन्त्री (काजी) अनि पछि श्री ३ हरूले यो काम खास रूपले धानिरहेको कुरा त राम्ररी नै देखिन्छ। यस विषयको विवरण तल छोटकरी रूपमा प्रस्तुत गरिन्छ। यस विषयको व्याख्याको लागि हामीले केही मन्दिरहरू मात्र छानेका छौं।

भैरवी, नुवाकोट

पश्चिम १ नम्बर नुवाकोटमा भैरवीको मन्दिर प्रख्यात छ। मल्लकालमा यो मन्दिर रहेको देखिन्छ ई. १७४३ मा पृथ्वीनारायण शाहले नुवाकोट जितेपछि यहाँको प्रसिद्ध ती देवीको राम्रो मान गरेको हुनुपर्दछ तर उनले यहाँ केही चढाएको वा बन्दोबस्त गरेको कुनै प्रमाण पाइएको छैन।[1] शाहकालमा यहाँ पहिलोपल्ट पृथ्वीनारायणका माहिला भाइ महोद्दामकीर्ति-शाहले सं. १८२५ (ई. १७६८) मा यौटा घण्टा चढाएको देखिन्छ।[2]

---

१. पुरातत्त्व पत्र संग्रह, भाग–३, २०२० काठमाडौं, पृ. ४ मा 'भैरव'को रूपमा यो मन्दिर चर्चिएको छ। त्यसमा पृथ्वीले 'भैरवथानमा पनि ताम्रपत्राभिलेख राखेका छन्' भनिएको छ तर त्यसलाई त्यस पुस्तकमा प्रकाशित गरिएको छैन न त अरू ठाउँमा नै प्रकाशित भएको थाहा पाइएको छ। उक्त पुस्तकका सम्पादकलाई यस विषयमा भ्रम पो परेको हो कि ?

२. पुरतत्त्व पत्र संग्रह भाग—३. पृ. ११ मा सर्वप्रथम प्रकाशित भएको यो लेख प्राचीन नेपाल संख्या—१० पृ. ३७ मा पनि प्रकाशित भएको छ।

यो घण्टामा संस्कृतमा दुई लामा श्लोकमा महोद्दामका तीन पुस्ता (वीरभद्र, नरभूपाल र उनका छोरा पृथ्वी र उनका आफू भाइ) को बयान छोटकरीमा गरी 'शत्रुनाश गर्ने भैरवीलाई खुशी पार्ना निमित्त घण्टा चढाएको' बयान गरिएको छ । यति खेर पृथ्वीनारायण कान्तिपुर जित्ने उद्योगमा लागिरहेका थिए र केही दिनपछि नै यो काम सफल पनि भएको थियो ।

रणवहादुर शाहको वाल्यावस्थामा वहादुर शाहले राजकाज चलाउँदा भोट र चीनसित युद्ध परेको थियो । यो युद्ध नुवाकोटकै आसपास-सम्म आइपुगेको थियो र वहादुर शाहले यस क्षेत्रकी प्रख्यात यी देवी भैरवीलाई भाकल गरेका थिए ।[1] पछि ई. १७९२ मा चीनसँग सन्धि गरेपछि 'नेपालको विध्वंश पार्ने विचार लिएर आएको चीनको वादशाहले आफ्नै ठूलो फौजको विध्वंश पारेको देखेर कुलेलाम ठोक्यो (समायांत चीनाधिपोपि नेपाल ध्वंसनोद्यन्मतिरतिवहलान्ध्वंसितान्स्वान्विलोक्य)' भन्ने सुवर्णपत्र लेखाई मन्दिरमा टाँस्न लगाएका थिए ।[2] आफ्नो भाकल अनुसार वहादुर शाहले भैरवीको मन्दिरको छाना र ढोका सुनको पाताले मोरिदिएका र अरू सामग्री समेत अर्पण गरेका थिए भन्ने त्यही सुवर्णपत्रमा बयानिएको छ ।[3] ई. १८०० र १८०१ (सं. १८५७ र ५८) मा यहाँ दुइटा घण्टा भारदार-हरूले चढाएका थिए । ई. १८०० मा काजी त्रिभुवनकी पत्नी देवकन्याले 'सामानसहित' घण्टा चढाएकी थिइन् ।[4] ई. १८०१ मा चाहिं काजी दामोदर पाँडेले 'श्री भैरवी प्रीतिका निमित्त राम्रो आवाज आउने घण्टा' चढाएका थिए ।

---

१. उपत्यका भेकमा पनि ठाउँ-ठाउँमा पुरश्चरण इत्यादि गरिएको थियो ।

२. इतिहास प्रकाश, १ पृ. ३६–३७ ।

३. हेम्नैतद्घटितं छदी रणवहादुरेण भूमीभृता भावाद्भैरवि भव्यभाविनि-वहादूरेण पुण्यात्मना प्रीत्यै तेर्पितमस्तु सोपकरणं मातः कपाटं च किं भैरव्यै देवदेव्यै पटलमभिनवं श्रीबहादुरसाहेन याते चीनचक्रेररमपि मनसोद्दिष्टमेतन्न्यवेदि ।

ऐजन, पृ. ३६–३७ ।

४. प्राचीन नेपाल, १० पृ. ४१ ।

५. प्राचीन नेपाल, १० पृ. ४२ ।

ई. १८१४ मा अंग्रेजहरूसँग युद्ध जोरिने बेलामा भीमसेन थापाले 'युद्धमा जीत गराइदिने भैरवी'लाई खुशी पार्न तिनको मन्दिरको छत बनाएका थिए भन्ने छतमै लेखिएको उक्त मिति (सं. १८७१) को अभिलेखबाट थाहापाइन्छ ।[१] ई. १८८८ (सं. १९४५) मा खगेन्द्रदिव्येश्वरी नामकी एक जना महिलाले यहाँ घण्टा चढाएकी थिइन् ।[२]

भाटभटेनी

मल्लकालमा यो मन्दिर थियो भन्ने अन्दाजी त सहजै गर्न सकिन्छ तर यसको स्पष्ट सन्दर्भ त्यस कालका आजसम्म प्रकाशित सामग्रीहरूमा भेट्न सकिएको छैन ।[३] यहाँ शाहकालमा ई. १८४१ (सं. १८९८) मा वसैले छाना सम्बन्धी केही काम थपी झल्लरी समेत चढाएकोमा त्यसैमा ठूलठूला अक्षरले संस्मरण लेख लेखिएको देखिन्छ । यो लेख माथिल्लो झल्लरीमा छ ।[४] यसपछि ई. १८५० (नेपाल संवत् ९७०) को अभिलेख यहाँ देखिन्छ जसमा मन्दिरमा कुनै भक्तले केही चढाई त्यसको संस्मरणमा लेखाएको छ । त्यही मितिमा आर्को भक्तले पनि यहाँ घण्टा चढाएको देखिन्छ ।

ई. १९०२ मा श्री ३ आकासन्नमायनी देविमाता'लाई पित्तलको झण्डा चढाइएको थियो । मिति र देवीको नाम मन्दिरको ढोकाको दाहिनेतिर

---

१. ऐजन, १३ पृ. ३९ ।

२. ऐजन, पृ. ४३ ।

३. यो मन्दिरमा 'देवी देवताको' झुण्डिएको स्थिति अचम्मको छ र यसको, अस्पष्ट भनौं वा स्पष्ट भनौं सन्दर्भ यक्ष वा विद्याधरको पूजासँग रहेको अन्दाजी गर्न सकिन्छ । नेपाल उपत्यकाभरि र बाहिरबाट पनि आफ्ना सन्तान केटाकेटीहरूको स्वास्थ्यको लागि यहाँ पूजा गर्नेहरूको भीड प्रतिदिनं जस्तो आज पनि झुम्मिन्छ । यो बहेक पक्षाघातका रोगीहरूको पनि यो मन्दिर आशाको केन्द्र रहेको बुझिन्छ । यी धारणा वास्तवमा यक्षिणी-पूजासँग सम्बन्धित देखिन्छ । यस रूपमा यो मन्दिर निकै पुरानो हो भन्ने हामीलाई लाग्नु स्वाभाविक छ ।

४. सुब्बा कुलानन्दझाका छोरा हीरालालझाले भाटभटेनीमा सुनौला छाना हालेको उल्लेख वंशावलीमा पाइन्छ (राइट, हिष्ट्रि अफ नेपाल, पृ. १८४) । यो अभिलेख तिनैको हुनुपर्दछ ।

रहेको झण्डामा लेखिएको छ । यहीं देखिएको अर्को अभिलेखबाट पद्मबहादुर नाउँका कुनै सज्जनका छोराहरूले मन्दिरमा धातुको झल्लर चढाएका थिए भन्ने देखिन्छ । यहाँ चाहिं 'महामाया' भनी देवतालाई सम्बोधन गरिएको छ । ई० १९६० मा श्री ५ महेन्द्रबाट यस मन्दिरको तल्लो तलाको छानामा पित्तलको छाना चढाई मन्दिरमा रंगरोगन समेत गराइएको कुरा त्यहीं रहेको अभिलेखबाट थाहापाइन्छ ।

पशुपति

प्राचीन कालदेखि नेपालीहरूले मुख्य देवताका रूपमा पशुपतिलाई मानिआएको हुँदा राजा, भारदार, ठूलाठालू, वेपारी र समाजका अरू वर्गले यस मन्दिरमा निरन्तर दान गर्ने गरिरहेको थाहापाइन्छ । यसैले यस मन्दिरका आँगनमै र वरिपरि पनि मुख्य देवताकै भक्ति गर्न विभिन्न वस्तु र स-साना मन्दिर पनि निरन्तर थापिएका देखिन्छन् । यहाँ थापिएका मन्दिरहरूमा लिच्छवि, मध्य र मल्लकालका बाहेक शाहकालका पनि थुप्रै देखिन्छन् । यहाँ हामी ती मन्दिरहरूको चर्चा गर्दैनौं तर पशुपतिलाई नै चढाइएका शाहकालका विभिन्न वस्तुहरूको चर्चा गर्दछौं ।

पशुपतिमा शाहकालमा रणबहादुर शाहको पालादेखि मात्र धार्मिक वस्तु चढाई राखन लगाएका अभिलेखहरू भेटिन्छन् । तिनको विवरण तल लेखिए बमोजिम छ:—

१. रणबहादुर शाहले पशुपतिमा चाँदीको जलहरी चढाए ।[1]

२. रणबहादुर शाहले पशुपतिको कवचको जीर्णोद्धार गरे ।[2]

३. राजपुरोहित शक्तिवल्लभ भट्टाचार्यले घण्ट चढाए (सं. १८४९– ई. १७९२)[3]

४. 'रणबहादुर शाहले पुत्रलाई गीर्वाणयुद्ध नाम राखी अठान्ह महीनाका बालखकन राज्याभिषेक गरी आफूले गादी छोडी पूर्णानन्द स्वामी कहलाई कान्तिपुर राजधानी छाडी देवपाटनमा बस्न गई ६ प्रकारका बगैंचा बनाई पशुपतिनाथकन चढाया । बगैंचा बनाउदा वेलामा प्रजाहरूका घर ३२ उजाड भया र प्रजाहरूकन चित्त बुझाया ।[4]

---

[1] वंशावली, प्राचीन नेपाल–६ पृ. १६. (ई. १७७ र मा ?) ।

[2] वंशावलि, प्राचीन नेपाल–६. पृ. १६.

[3] इतिहास प्रकाश, अंक–३. भाग–३. पृ. ४५०.

[4] वंशावलि, प्राचीन नेपाल–६. पृ. १७.

५. गीर्वाणयुद्ध शाहले 'शिवरात्रिका दिन व्रत गरी पशुपतिनाथका दक्षि दर्वाजा गै देवपाटनका सर्व रकम संकल्प गरी पशुपतिनाथला चढाया ।'[१]

ई. १८०६ (सं. १८६३) मा कपर्दार भोटुपाँडेले छोरा बलभञ्जन पाँडे, गरुडध्वज पाँडे र गजदल पाँडेसमेत भई पशुपतिको दक्षिणद्वारको धर्मशिला अघिका तावाका पाता बिग्रदा तस पातालाई थामी नया वनाई श्रीपशुपति प्रिति गरि' चढाएका थिए । धर्मशिलामै यो लेख लेखिएको छ—संस्कृत सन्देश, ४. पृ. २७–२८.

६ रणबहादुर शाहको कान्छी महारानी ललितत्रिपुरसुन्दरीले पशुपति लाई प्रीति गरी चाँदीको चँदुवा चढाइन् ।[२]

७. 'श्री संवत् १८६८ मा पशुपतिनाथ प्रीति गरी सुनसमेत चाँदीले दक्षिणतिर ढोका आदि बनाउना निमित्त राधावल्लभ अर्ज्यालले ६ हजार रुपैया संकल्प' गरे अनुसार 'प्रद्युम्न पण्डित सर्दार वखतसिह वस्न्यात शिवनारायण अचार्ज इ ३ जना गुरुभक्तहरूले यस कर्ममा नियुक्त भएर त्यस संकल्प हालेका द्रव्यले ढोका आदि भने अनुसार वनाए । संवत् १८७० साके १७३५ माघशुक्ल तिथि बुधवारमा यो सबै कुरा ती ३ जनाले चढाए' । (ई. १८१३)।[३] यो काममा ५७०० तोला चाँदी खर्च गरिएको थियो ।[४]

८. 'श्री पशुपतिनाथ प्रीति गरी श्रीमहाराजा रणबहादुर शाहका पुत्री श्रीमहाराजा गीर्वाणयुद्ध विक्रमशाहका ज्येष्ठ भगिनी मैया साहेब

---

१. वंशावलि, प्राचीन नेपाल–६. पृ. १८.

२. पशुपतिनाथका भित्रि दक्षिणद्वारमाथि चँदुवाको चाँदीको अभिलेखः— श्री सम्वत १८६६ ··श्रीपशुपतिप्रिती श्रीस्वामि रणबहादुर शाहका नाउमा आफ्ना पुत्र श्रीमहाराजा गीर्वाणयुद्धविक्रमशाहलाई काषमा राखि श्रीमहारानी लालितत्रिपुरसुन्दरी देवीले चर्‍हायाको चान्दी चन्दोवाको चान्दी मोहरिया तौल ४६६८।६। नील दाना १ के मोल रुपैया ११० सुन तोला ६।५ समेत चह्रायाको मार्फत कपर्दार भोटु पाँडे –इतिहास प्रकाश, अंक–२. भाग–३. पृ. ३१६.

३. इतिहास प्रकाश. अंक–२. भाग–३. पृ. ३१७.

४. ऐजन, अभिलेखको पुछारमा टिपिएको ।

विलासवती देवीले चाँदीको तोरण कोटाल समेत ढोका चढायाको हो ।' (ई. १८१४)[1] यो काममा 'चाँदि तोला ७१३७।५। ठहर मूर्तिमा जलप सारनाके सुन तोला ११।७' खर्च गरिएको थियो ।[2]

९. ई. १८१४ मै बूढा अमरसिंह थापाले 'चाँदीको ढोका र तोरण बनाएर गौरीसमेत सदाशिव पशुपतिनाथ प्रीति गरी ' चढाए' का थिए ।[3] 'अमरसिंहले चढाएको उक्त 'अधोमुख अर्धचन्द्राकार तोरणमा त्यसै गरी लेखिएको यस लेखको माझमा शिवपार्वती आदिका सुनौला मूर्ति छन् । अनि ढोकाका दुवैतिर बाजी कज्यानी छोरा नातिहरू गरी २५ मूर्ति छन् । अमरसिंह थापा त्रिपुण्ड, रुद्राक्षमाला, भोटो र धोती मात्र, लगाएर बसेर रुद्रक्षमाला लिएर जप गरिरहेका अवस्थामा छन् ।[4]

१०. पशुपति मन्दिरको दक्षिण बाहिरी ढोकाको चाँदीको लेखिएको ई. १८१८ (सं. १८७५) को लेख अनुसार भीमसेन थापाले 'आफ्नो अभीष्टसिद्धिका लागि श्रीपशुपतिनाथलाई चढाएको देवलका ढोकाको शोभा बढाउने नेपालखण्ड भरिका यात्रामा प्रसिद्ध ६४ चौसट्ठि लिङ्गहरूले भूषित चाँदीका पाता जडेको ढोका नित्य

---

[1] ऐजन, पृ. ३१३. अभिलेख अनुसार ।

[2] ऐजन.

[3] पशुपतिनाथ भित्री उत्तर ढोकाको तोरणमा लेखिएको अभिलेख–इतिहास प्रकाश, २–३. पृ. ३१४–१५.

[4] ऐजन, पृ. ३१६. यहाँ बनेका २५ मूर्ति नाम पनि लेखमा लेखिएको छः– १. अमरसिंह, उनका ४ पत्नी–१. धर्मावती २. रुद्रावती ३. धर्मदेवी ४. लालवती । उनका १० छोरा–१. रणध्वजथापा २. रणभीमसिंह थापा ३. रणजोरसिंह थापा ४. भक्तवीर थापा ५. रामदास थापा ६. नरसिंह थापा ७. अर्जुन थापा ८. भूपालसिंह थापा ९. शूरवीरसिंह थापा १०. जगद्वीरसिंह थापा । अमरसिंहका १०. नाति— १. रिपुमर्दनसिंह थापा २. गम्भीरसिंह थापा ३. बदलसिंह थापा ४. मातबरसिंह थापा. ५. गर्जसिंह थापा ६. रणसिंह थापा ७. सुदर्शनसिंह थापा ८. उजिरसिंह थापा ९. रणदीपसिंह थापा १०. रणगञ्जसिंह थापा ।

नैमित्तिक दर्शन मेला उत्सवमा यात्रीहरूलाई आवत जावत गर्ने सुविधा गरेर पशुपतिनाथका सेवामा नियुक्त गरिएका पूजारी भण्डारी आदि सेवकहरूको लोकयात्राको निर्वाह गर्दै चिरकालसम्म श्रीपशुपतिनाथका प्रीतिका निम्ति होओस् ।'[१] एकथरीको भाषा-वंशावलिमा भीमसेन थापाले दुइपल्ट पशुपतिमा ढोका चढाएको बयान गरिएको छ । उक्त स्रोतको भनाई अनुसार वि. सं. १८७७

---

[१] श्रीमद्गिरिराजराजमहाराजगोरक्षराजेन्द्रमन्त्रिप्रवर श्रीभीमसेननामधेयेन स्वाभीष्टसिद्धयर्थं समर्पितं प्रसादद्वारशोभासमुचितं नेपालखण्डयात्राप्रथितचतुः षष्टिलिङ्गभूषितरौप्यपत्रजडितकपाटं गतागतयादिसौकर्येण सेवोपयुक्तलोकयात्रां निर्वाहयच्चिरं श्रीपशुपतिप्रीतये भूयात्—इतिहास प्रकाश २।३ पृ. ३१८–२०. यो लेखिएको मुन्तिर ६४ शिवलिङ्ग-चित्रका पादपीठहरूमा ६४ शिवलिङ्गहरूको नाम यस प्रकार लेखिएको छः—

१. श्री कुलेश्वर २. श्री भीमेश्वर ३. श्री काफेश्वर ४. श्री कश्यपेश्वर ५. श्री फटिकेश्वर ६. श्री नारायणेश्वर ७. श्री ज्योतिर्लिङ्गेश्वर ८. श्री रत्नचूडेश्वर ९. श्री वागीश्वर १०. श्री किलेश्वर ११. श्री वंडश्वर १२. श्री धनेश्वर १३. श्री विकटेश्वर १४. श्री इन्द्रेश्वर १५. श्री भालेश्वर १६. श्री गुप्तेनेश्वर १७. श्री तिलेश्वर १८. श्री चंपकेश्वर १९. श्री रामेश्व २०. कालेश्वर २१. श्री नृत्येश्वर २२. श्री उद्दालेश्वर २३. श्री गोपालेश्वर २४. श्री चंपेश्वर २५. श्री उन्मत्तेश्वर २६. श्री नन्दिकेश्वर २७. श्री गोखुरेश्वर २८. श्री पंदुकेश्वर २९. श्री कूटेश्वर ३०. श्री असितेश्वर ३१. श्री भैरवेश्वर ३२. श्री वह्लीश्वर ३३. श्री स्कन्देश्वर ३४. श्री शतरुद्रेश्वर ३५. श्री काकेश्वर ३६. श्री मणिचूडेश्वर ३७. श्री योगेश्वर ३८. श्री वाल्मीकेश्वर ३९. श्री मंगलेश्वर ४०. श्री विमलेश्वर ४१. श्री अनन्तेश्वर ४२. श्री विश्वरूपेश्वर ४३. श्री सोमलिंगेश्वर ४४. श्री गोभराटेश्वर ४५. श्री भृंगीश्वर ४६. श्री त्रिलिंगेश्वर ४७ श्री कुपितेश्वर ४८. श्री शवेश्वर ४९. श्री गोलोकेश्वर ५०. श्री चन्दनभराटेश्वर ५१. श्री यक्षेश्वर ५२. श्री चँडिकेश्वर ५३. श्री धर्मेश्वर ५४. श्री गोकर्णेश्वर ५५. श्री कोटीश्वर ५६. श्री वाणेश्वर ५७. श्री ज्ञानेश्वर ५८. श्री पर्वतेश्वर ५९. श्री जलेश्व ६०. श्री गुह्येश्वर ६१. श्री किरातेश्वर ६२. श्री भस्मेश्वर ६३. श्री भुवनेश्वर ६४. श्री रुद्रगारेश्वर ।

(ई. १८२०) मा जर्नेल भीमसेनले पशुपति मन्दिरको दक्षिण तर्फको ढोकामा सुन र चाँदीका ढोका चढाएका थिए। त्यसै स्रोतमा– फेरि भीमसेनले राजा बक्साई मन्दिरका भित्री ४ ढोकामा ४ झोटा र बाहिरी ढोकामा चार दिशामा ४ चाँदीका ढोका चढाएका थिए।[१] मिति समेत गरिएको पहिलो विवरणमा अभिलेखनमा लेखिएको भन्दा २ वर्षको फरक छ। यो मितिको गडबडी नै हो भन्ने लाग्दछ। अर्कोबारे केही भन्न सकिएको छैन।

११. भीमसेन थापाका भाइ कर्नेल रणवीरसिंह थापाले ई. १८१८ (शक संवत् १७४०) मा आफ्ना दाइले पशुपतिमा चढाएका चाँदीका ढोकाका दुवैतिर दुई सुनौला सेरींका चढाएर 'श्रीपशुपतिको खुशीको लागि यो दक्षिण ढोका चढाएँ' भनी त्यहाँ लेख पनि लेखाएका थिए।[२]

१२. राजेन्द्रवीरविक्रमशाहले पशुपतिनाथको हरेक मुहारमा छाता चढाए।[३]

१३. ई. १८२७ (सं. १८८४) मा राजेन्द्रवीरविक्रमशाहले श्री ३ पशुपतिनाथका वीग्याको घन्ट र चान्चुन् कासाको भाँडा र देवलमा टास्याको तावाको भाँडामा थपी जीर्ण उद्धार गरेको ३०४ धार्नीको घण्टा चढाएका थिए।[४]

१४. ई. १८३२ (सं. १८८६) मा 'श्रीपशुपति प्रीति निमित्त श्री ५ महाराज रणबहादुर साहका कनिष्ट धर्मपत्नी श्री ५ पट्टराज्ञी ललितत्रिपुरसुन्दरीदेवीले' ३०० धार्नीको धातुको घण्टा चढाएकी थिइन्।[५]

---

[१] राइट, हिष्ट्री अफ नेपाल, पृ. १८१।

[२] इतिहास प्रकाश, २–३ पृ ४५१ (पशुपतिनाथ मन्दिरको दक्षिणतर्फको ३ ढोकामध्ये दायाँ बायाँ बाहिरी कनकद्वारका एकै भाकाका २ अभिलेख)।

[३] राइट, पृ. १८२, प्राचीन नेपाल, ६ पृ. २०।

[४] पशुपति मन्दिरको दक्षिणी ढोकाको दक्षिणपट्टिको घण्टाको अभिलेख— इतिहास प्रकाश, २–३ पृ. ३२०।

[५] पशुपति मन्दिरको दक्षिणपट्टिको ढोकामा बायाँपट्टि रहेको घण्टाको लेख— इतिहास प्रकाश, २–३ पृ. ४५०।

१५. ई. १८३४ (सं. १८९१) मा सुब्बा कुलानन्द झाले पशुपति मन्दिरका बाहिरी तीन ढोकामा चाँदीका पाता बनाई चढाएका थिए ।[1] पछि ई. १८४० (सं. १८९७) मा पशुपतिमा सदावर्त-धर्मशाला बनाएको अवसरमा पहिले बनाएका ढोकाहरूको सँसंभारका निमित्त पाले र वर्ष वर्ष दिन त्यसको होमपूजाको लागि पनि गुठीको बन्दोबस्त ती कुलानन्दझाले गरेको कुरा त्यस मितिमा लेखिएको पशुपतिमा राखिएको शिलालेखमा बयानिएको छ ।[2] आफूले बनाएको कीर्त्तिको सँसम्भारको यति राम्रो व्यवस्था

---

[1] यस कामको संस्मरण अभिलेख पशुपति मन्दिरको पश्चिमी बाहिरी ढोकाको चाँदीको तोरणमा, उत्तरपट्टिको ढोकाको बाहिरपट्टिको चाँदीको तोरणमा र पूर्वपट्टिको ढोकाको बाहिरपट्टिको चाँदीको तोरणमा गरी ३ मा एकै भाकाका गरी लेखिएको छ 'स्वस्ति श्री सम्वत् १८९१ साल मिति माघ सुदि १० रोज १ का दिन श्री श्री श्री पशुपति प्रीति गरि श्रीसुब्बा कुलानन्दझाले यो चाँदीको ध्वका चढाऔं' ।।–इतिहास प्रकाश, २–३. पृ. ४५१–५२.

[2] यो अभिलेखमा संस्कृत भागमा:–

> पतेः पशूनामिह मन्दिरस्य द्वारत्रयं राजतपट्टचित्रम्
> निर्माय चन्द्रग्रहनागभूमिर्मिते १८९१ वराब्दे नृपविक्रमस्य
> न्यवेदयन्माघसिते दशम्यां ब्रह्मान्वितायां स महेश्वराय ।।

लेखी नेपाली भागमा 'श्री संवत् १८९१ साल माघ शुक्ल १० रोज १ का दिन काठमाडौं इन्द्रचोक किलागल टोल बस्न्या श्रीसुब्बा कुलानन्दझा पत्नी विद्यालक्ष्मी गुह्यलक्ष्मी सहित जेष्ट पुत्र श्रीसुब्बा हिरालालझा तत्पत्नी सत्यभामा माहिला पुत्र श्रीपृथ्वीलालझा तत्पत्नी श्याममाया साहिला पुत्र श्रीभैंरवलालझा कान्छापुत्र श्रीभैंयालालझा पौत्र श्रीसत्यलालझा तथा मणिलालझा पौत्री श्रीमाहेन्द्रलक्ष्मी सहितका मनमा धर्मवुद्धि भै श्रीपशुपति प्रीति गरि चाँदीका ढोका चढाऔं' लेखी 'चाँदीका ढोकाका सँसंभारका निमित्त र वर्षवंधन होमपूजा' को 'गुठी' को पनि बन्दोबस्त गरिएको कुरा लेखिएको छ । सदावर्त्त आदिका नियमहरू लेख्दा त्यस शिलालेखमा 'चादिका ढोकाको र नया सतल् समेतको होमपूजाके' भनी लामो नियम लेखिएको छ । साथै पछि

झरूले गरेको स्पष्ट देखिंदैन । यसैले होला वंशावलिहरुमा पनि यस घटनाको बयान लेखिएको देखिन्छ ।[1]

कुलानन्दझाले चढाएका ढोका अत्यन्त कलात्मक पनि छ–'पूर्वदिशा मूल ढोकामाथि चाँदीको तोरणमा हाँस वाहन भएका चार मुख व्रह्माजीको चित्र उत्कीर्ण गरिएको छ । दक्षिण दिशा मूल ढोकामाथि चाँदीको तोरणमा मान्छे वाहन भएका कुबेर अनि पाँच टाउका र दश हात भएको शिवको मूर्ति वनेको छ । पश्चिम दिशामा मूल ढोकामाथि चाँदीको तोरणमा चार टाउका र चार हात भएका गरुडमा चढेका विष्णुको मूर्ति वनेको छ । उत्तर दिशा मूल ढोकामाथि चाँदीको तोरणमा साँढेमा चढेका, पाँच टाउका भएका र चार हात भएका शिवको मूर्ति वनेको छ ।'

१६. राजेन्द्र वीरविक्रम शाहकी रानीले ई. १८३८ (सं. १८९५)मा पशुपति मन्दिरमा तामाको छाना चढाइन् ।[2]

१७. (ई. १८५४ मा) जङ्गवहादुरले 'पशुपतिनाथका देवालयका सींढीमा पीतलको ढलौटे ईंट बनाई छापिदिया । चारैं दर्वाजाका अगाडि ठूलाठूला ढलवटका ४ पानस बनाई वत्ती वाल्न्या

'चादीका ढोकामा आठौ प्रहर चौकी वस्न्या चौकीदार जना–के वर्ष १ के वालीषर्च वापत रुपैंञा–४००' र हिउद्या पाषी गोटा १६' पनि लेखिएको छ–संस्कृत सन्देश, अंक–३. पृ. १७–२५. उक्त भनाइमा 'चाँदीका ढोकामा चौकी बस्ने चौकीदार' को संख्या त दिइएको छैन तर उस वेलामा त्यस कामलाई ४०० रुपियाँ दिने नियम लेखिएको देख्दा घटीमा पनि ४ जना यो काममा लगाइन्थे भन्ने लाग्दछ । हिउँदे पाखीको संख्या पनि १६ देखिएकोले त्यस्ता मानिस चारै जना हुने दाताले बनाएको नियम थियो कि जस्तो लाग्दछ ।

[1] 'महावीर कुलदीप भयाका स. कुलानन्दझाले राजा वक्साई पशुपतिकन पश्चिम उत्तर दखिन वाहिर खंडमा नवसंख्या चाँदीका दर्वाजा बनाइदियाको सं. १८९१ साल माघ सुदी १० रोजमा लोकमा धन्य कहलाया'–प्राचीन नेपाल–६. पृ. २१; राइट, पृ. १८४ मा पनि सं. १८९१ मा कुलचन्द्र (?) झाले पशुपति मन्दिरमा तीनतिर चाँदीका ढोका बनाए' भनी लेखिएको छ ।

[2] राइट, पृ. १८४ ।

गुठीसमेत राख्याको अझतक छँदै छ ।'[१] वंशावलिको यो भना
अनुसार पशुपतिमा चढाएका ढलोटका ईंट त आज त्य
देखिदैनन् पानस चाहिं त्यहाँ मन्दिरका ४ कुनामा अहिले प
राम्रो अवस्थामा छन् । तिनमा सं. १९११ का विस्तृत ले
पादपीठमा लेखिएको छ ।

१८. रणोद्दीपसिंह राणाले पशुपतिका देवालयको बाहिर खण्ड
कलकत्ताबाट झिकाएको सेतो ढुङ्गा टाँसिदिए (ई. १८७९) ।[२]

१९. जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गले ई. १८७९ (सं. १९३
मा पशुपति मन्दिरसामु आँगनमा सुनको ठूलो भयानक वसा
थापे ।[३]

२०. ई. १८९६ (सं. १९५३) मा वाचस्पतिका दुई छोरा पण्डि
जयदेव पन्त र दिव्यदेव पन्तले पशुपतिको भित्री दक्षिण ढोका
कोटालको जीर्णोद्धार ३८० तोला चाँदीले गरे ।[४]

२१. ई. १९२३ (सं. १९८०) मा चन्द्रशम्शेरले पशुपतिनाथ
मन्दिरभित्र जमीनमा कंपनी जस्तो आफ्नू मूर्ति भएको टक बना
सेतो ढुङ्गाको माझमा टाँसी छापिदिए मन्दिरभित्र गारोमा सेत
टायलले छाइदिए ।[५]

२२. ई. १९२९ (सं. १९८६) मा डिठ्ठा श्रीकृष्णले पशुपतिनाथको
भित्री उत्तर ढोका कोटालको चाँदी तोला ३८१।६ ले जीर्णोद्धार
गरे ।[६]

२३. पशुपति मन्दिरबाट ६४ लिंग जाने ढोकामा अघि ई. १६७
(नेपाल संवत् ७९७) मा चौतारा देवीदासले सुनौला धातुका
पाता मोरेकोमा ई. १९५८ (संवत् २०१५) मा महाराजाधिराज

---

[१] वंशावलि, प्राचीन नेपाल, ६ पृ. २५ ।

[२] वंशावलि, ऐजन, पृ २७, देवमाल वंशावलि पृ १३ ।

[३] मण्डपमै टाँसिएको शिलालेख अनुसार; प्राचीन नेपाल, ६ पृ. २६; देवमाला वंशावलि पृ. १३ ।

[४] त्यसैमा लेखिएको लेख, इतिहास प्रकाश २–३ पृ ३१४ ।

[५] देवमाला वंशावलि पृ. १३ ।

[६] त्यसैमा लेखिएको लेख, इतिहास प्रकाश, २–३ पृ. ३१४ ।

महेन्द्रवीरविक्रम शाहदेवबाट जीर्णोद्धार भएको थियो । यस जीर्णोद्धार कार्यको संस्मरण स्वरूप अभिलेख त्यसै ढोकाको दाहिने खापामा लेखिएको छ । (सो लेख यस प्रकारको छः– २०१५ साल फाल्गुण मैन्हामा श्री ५ महाराजाधिराज महेन्द्र-वीरविक्रमशाहदेवबाट जीर्णोद्धार गरिबक्सेको) ।

यसरी लेखसहितका चढाइएका वस्तु आदिको विवरण बन्दछ । यहाँ शाहकालमा सालिक थाप्ने चलन पनि रहेको देखिन्छ । यस्ता सालिक र सम्बन्धित केही लेख पनि देखिएका छन् । यिनको विवरण तल दिइन्छ ।

१. ई० १८०६ (सं० १८६३ वैशाख शुक्ल गुरुवार षष्टीको दिन) स्वर्ग भएका रणबहादुर शाहका साथ उनकी महारानी राजराजेश्वरी-समेत सती गएको सम्झनामा[1] कपर्दार भोटु पाँडेले त्यसै वर्ष आश्विन सुदी १३ रोजमा सालिक बनाई चढाएका थिए ।[2]

पशुपति मन्दिरको पश्चिमतर्फको गोपुरको भित्र दाहिने तर्फ कुनामा शिलालेखहरू लहरै टाँसेर राखेको मध्येमा यौटा विशाल शिलालेख पनि छ जसमा सं० १८६४ (ई० १८०७) को मिति लेखिएको छ । यो शिलालेख उनै भोटु पाँडेले महारानी राजराजेश्वरी सती गएपछि उनको पतिसहितको सालिक थापेर सकल्प गरी गुठी राखेको बयान गरिएको छ ।[3]

२. उनै भोटु पाँडेले ई. १८१६ (सं. १८७३) मा पनि शाह राजखलकका सबैजसो महाराज महारानीका सालिकको सानो मन्दिर जस्तै

---

[1] सालिकमुन्तिर लेखिएको संस्कृत श्लोकः—

वर्षे वन्हिरसैर्गजेन्द्र धरणीसंख्यामिते माधवे
मासे देवगुरौ षडाननतिथौ पक्षे सिते सत्वरम् ।
साध्वी शंभुसरित्तटे रणवहादूरेण भर्त्रा समं
त्यक्त्वा देहमगाद्‌गिरीशपदवीं श्रीराजराजेश्वरी ।।

— सस्कृत सन्देश ६ पृ. १८ ।

[2] उक्त अभिलेखको नेपाल भागः—सम्वत् १८६३ साल आसिन सुदि १३ रोजमा यो सालीक श्रीकपर्दार भोटु पाँढेले बनाई चऱ्याहाको हो— ऐजन.

[3] शिलालेख अप्रकाशित हुँदा अरू स्पष्ट विवरण दिन सकिएन ।

पशुपतिनाथको दक्षिण ढोकासामु वनाएका थिए[1]—जो अहिलेसम्म छँदै छ। सालिकका मुन्तिर लेखिएका नाम हुन्:– श्री ५ महाराजा पृथ्वीनारायण साहदेव, श्रीमहारानी नरेन्द्रलक्ष्मीदेवी, श्री ५ महाराजा प्रतापसिंह साहदेव श्रीमहारानी राजेन्द्रलक्ष्मीदेवी, श्री ५ महाराजा गीर्वाणयुद्ध विक्रमसाहदेव श्रीमहारानी सिद्धिलक्ष्मीदेवी श्रीमहारानी गोरक्षराज्यलक्ष्मीदेवी, श्रीसाहेव वहादुर साह श्री मँञा श्रीलक्ष्मीदेवी श्री मँञा माधवप्रियादेवी । यो 'मन्दिर'-को दाहिनेतिर भिन्नै 'मन्दिर' मा रणवहादुर साह र राजराजेश्वरीका सालिक छन् ।

३. ई १८४० (सं. १८९७)मा प्रख्यात दानी सुव्वा कुलानन्द झाको स्वर्गवास भएपछि उनका छोरा सुव्वा हीरालालझाले ई. १८४३ (सं. १९००) मा 'वावाज्यू श्री कैलासपुरिमा वास हवस् भन्ने कामनाले श्रीसुव्वा कुलानन्दझा श्रीमहतारि विद्यालक्ष्मीदेवीका नाउमा' सुनको सालिक बनाई पशुपतिमा चढाएका थिए ।[2] हाल यस्ता सालिकहरू पशुपति मन्दिरको दक्षिणपट्टि रहेको धर्मशालाको पेटीमा लहरै राखिएका छन् । यिनमध्ये यौटा जोगीको जस्तो र अरू नौ वटा गृहस्थका छन् । यहाँ दुई जोडी धातुका मूर्ति सालिक छन् । अरू ढुंगाका बनेका छन् । कलात्मकता यिनमा देखिन्छ। यी सप्पै शाहकालीन रचनानै हुन् भन्न सकिने देखिँदैन । यीमध्ये कुनै कुलानन्दको हुन सक्दछ ।

४. स्व. श्री महेन्द्रको सुनको सालिक–पशुपति मन्दिरको दक्षिण ढोकासामु भोटु पाँडेले थापेको 'सालिक मन्दिर' को नजीकै पूर्वपट्टि सिमेन्टीको चौकोर मण्डपमाथि कम्लो रंगले रंगाइएको मोटो गोलो खम्बा। कमलशीर्ष छ । खम्बाको घाँटी नागले वेरेको छ । कमलशीर्ष चाहिँ ४ तहमा कमलका पातैपात बनेका छन् । त्यसमाथि सुनको सिंहासनमाथि राजकीय पोशाकमा श्रीपेचसहित हात जोडी घुंडा मारी बसेको अवस्थामा श्री ५ महेन्द्रको निकै ठूलो सालिक थापिएको छ ।[3] शिरमाथि सुनकै नागका पाँच

---

[1] ··· येति जानाको सालीक श्रीपशुपतिमा कपर्दार भोटुपाँडेले आफ्ना षुसीले राख्यौं संस्कृत सन्देश, ४ पृ. २७ ।

[2] सालिकमा लेखिएको लेख, संस्कृत सन्देश, पृ. २८–२९ ।

[3] अभिलेखमा यो सालिक थापिएको मिति दिइएको छैन तर सं. २०१६ मा यो थापिएको हो भन्ने अन्दाजी गरिएको छ ।

फणाले छाता ओढाएको छ । खम्वा र सालिकको अनुपात लयात्मक देखिन्छ । यस खम्बाको उत्तरपट्टिको भागमा राम्रो अक्षरमा अभिलेख पनि लेखिएको छ । यो अभिलेखमा थालनीमा प्रौढ संस्कृतमा लेखिएको १ श्लोक अनि राजकीय प्रशस्ति लेखिएको छ । त्यसपछि 'म० वी० वि० शाह' रचित नेपाली भाषामा पशुपतिको स्तुति–श्लोक लेखिएका छन् ।[1]

पशुपतिमा कुनै अरू राजाले आफ्नो सालिक आफैंले राखेको श्री ५ महेन्द्रको बाहेक अरूको देखिएको छैन । प्रशस्ति, राजाले लेखेका पशुपतिको स्तुति आदि त प्रतापमल्ल, पार्थिवेन्द्रमल्लहरू र धेरै अघिका जयदेव राजाका पनि शिलालेख यहाँ पाइन्छन् । तर तिनका सालिक यहाँ थापिएको बयान पनि पाइँदैनन्, न त सालिक नै । यसरी हिजोआजै थापिएको भएर पनि श्री ५ महेन्द्रको यस सालिकको महत्त्व छ । श्री ५ महेन्द्रको स्वर्गवास भएपछि त झन् यसको ऐतिहासिक महत्त्व बढेको छ ।

पशुपति सम्बन्धी शाहकालीन कुराहरूको अध्ययन गर्न अझ धेरै अप्रकाशित ऐतिहासिक सामग्रीहरू गुठी संस्थान र पशुपतिकै तहविल अड्डामा पनि रहेका हुनुपर्दछ । त्यहाँ हाल देखिने माथि बयानिसकेका बाहेक अप्रकाशित शिलालेखहरू पनि थुप्रै छन् तिनमध्ये ७–८ ओटा चाहिं अनेक व्यक्तिहरूले पूजा-सदावर्त आदिको बन्दोबस्त गरी त्यसका लागि गुठी राखेको संस्मरणमा लेखिएका देखिन्छन् तिनको बयान तल उपयुक्त स्थानमा गरिने छ । यी बाहेक १० लेख मन्दिरको पश्चिम गोपुरनजीकै थापिएका विभिन्न किसिमका ढुङ्गाका खाँबामा लेखिएका छन् तिनको छोटकरी विवरण यस प्रकारको छः–

पश्चिम ढोकाबाट आँगनमा पस्दा देब्रे तर्फको ठूलो डबलीमा पूर्वपट्टिको विनारैनेर १४ ओटा खाँबा लहरै उत्तर दक्षिण गरी गाडिएका छन् । तिनमध्ये दक्षिणदेखि लहरै पाँच ओटा अलि पुराना राम्रा र भिन्नै ढुङ्गाका (गुलाफीपन लिएको खैरो-खैरो) बनेका छन् । तिनमा केही

---

[1] यहाँको संस्कृत श्लोकः–

पृथ्वीनारायणेस्मिन् प्रथयति पृथिवीं रामसाहे क्षितिज्ञे
भक्त्यासक्तो मयज्ञे त्रिभुवनपितरि प्रेमपात्रं कवीनाम् ।
विद्वान् राजा महेन्द्रः पशुपतिशरणो राष्ट्रभृद्धन्दधानः
पूर्वोदात्तेतिहासं स्मरति जनमतश्चैकतायाः प्रतीकम् ।

लेखिएको पनि देखिंदैन । यी शाहकालमा बनेका हुन् वा होइनन् भन्न सकिंदैन । ती पछिकामा लेख छन् । तिनको छोटकरी बयान तल लेखिए-बमोजिम छ ।

छैटौं खाँबो–जङ्गबहादुरकी छोरी श्री ५ बडामहारानीले ई. १९०३ (शक सं. १८२५, सं. १९६०) मा सुवर्णतुलादान गरी त्यसको सम्झनामा लेख लेखाई ठड्याइएको । खम्बा १ बित्ता ४ अंगुल जति मोटो छ। अभिलेख भएपट्टिको भाग चिल्लो पारिएको छ अरू भाग चाहिं मिहीन पारिएको छैन । अभिलेख ४४ हरफमा लेखिएको छ । अक्षर ठूल्ठूला छन् र भाषा नेपाली छ । खाँबोको टाउको चुच्चे पारिएको छ ।

सातौं–ई. १८९० (सं. १९४७) मा महाराजाधिराज पृथ्वीवीरविक्रम शाहबाट ग्रहणको दिनमा सुवर्णतुलादान गरी थापेको ढुंगाको खाँबो । अभिलेख भएपट्टिको भाग मात्र चिल्लो पारिएको छ अरू भाग मिहिन्याइएको छैन । शिर चुच्चे छ । २३ हरपमा नेपालीमा ठूल्ठूला अक्षरमा लेख लेखिएको छ ।

आठौं–ई. १८९० (सं. १९४७) मा वीर शम्शेरले सुवर्णतुलादान गरी थापेको ।

नवौं–१ हात १ बित्ता मोटो र राम्ररी चित्रित खम्बा । उत्तरपट्टिको पाखामा ठूल्ठूला अक्षरमा नेपालीमा लेखिएको लेख । त्यही लेख पश्चिमपट्टिको पाखामा फलाममा अक्षर उभारी खम्बामा प्वाल पारी टाँसिएको छ । लेख अनुसार ई. १९०४ (शक सं. १८२६, सं. १९६१) मा चन्द्रशम्शेरले सुवर्ण तुलादान गरी राख्न लगाएको बुझिन्छ ।

दसौं–ई. १९०९ (शाके १८३१, सं. १९६६) मा चन्द्रशम्शेरले फेरि तुलादान गरी राखेको भन्ने लेखिएको । नवौं खम्बाकै स्वरूपको यो पनि छ ।

एघारौं–ई. १९३८ (सं. १९९५) मा चन्द्रशम्शेरकी रानीले केही धर्मकर्म गरी थापेको । यो खम्बा पनि चन्द्रशम्शेरले थापेजस्तै रूपको छ ।

बाह्रौं–ई. १९३२ (सं १९८९) मा भीमशम्शेरले थापेको। चन्द्रले थापेजस्तो राम्रो छैन । खम्बामै लेख लेखिएको छ र त्यसैलाई धातुमा समेत ढाल्न लगाई अर्को पाखामा जोडिएको छ तर स्पष्ट छैन ।

तेऱ्हौं–ई १९४४ (सं. २००१) मा जुद्ध शम्शेरले सुवर्णतुलादान गरी थापेको, खम्बा राम्ररी चिल्लो पारिएको छ। खम्बाको शीर्षमा सादा रूपमा कमलपत्र बनेको छ । यसमा धातुको लेख जोडिएको छैन ।

चौधौं–ई. १९४६ (सं. २००३) मा जुद्धशम्शेरकी रानी पद्मकुमारीले पशुपति भुवनेश्वरमा सुवर्णतुलादान गरी थापेको । खम्बा राम्ररी चिल्ल्याइएको छ र ढुंगा पनि राम्रो खालको छ ।

यसरी हामी पशुपतिमा शाहकालमा प्रशस्त धार्मिक वस्तुहरू चढाइएका देख्दछौं जसले गर्दा यस मन्दिरको मल्लकालीन रूप र वातावरण बिस्तारै–बिस्तारै फेरिएको देख्दछौं ।

नरदेवी

श्वेतकालीको रूपमा नरदेवी मन्दिरको नेपाली धार्मिक समाजमा निकै महत्त्व मानिएको छ । यहाँ मल्लकालीन पनि शिलालेख रहेको थाहा छैन तर वंशावलिहरूमा 'ङटेश्वरी' को रूपमा यी देवीको केही बयान पाइन्छ र तिनको सम्बन्ध पुराना-पुराना राजाहरूसँग जोरिएको देखिन्छ । पूर्व शाहकालमा ई. १८०२ (सं. १८५९) मा एक जना नामी भारदार भोटु पाँडेले यस मन्दिरमा केही पूजा भाँडा र पूजाको निमित्त स्थायी बन्दोवस्त गर्न केही जग्गाको गुठी पनि राखिदिएको प्रमाण पाइएको छ । उक्त प्रमाण अनुसार अघि चीनसँग धैवुङमा युद्ध पर्दा भोटुपाँडे सन्धि गर्न गै काम फत्ते गरी घर फर्केपछि 'चाँदीको थलिया १ चाँदीको चन्दन षोरि १ चाँदीको झारि १ चाँदीको नैवेद पात्र १ सुरापात्र १ यति पुजाको भाडा थान ५ को तोला १६० मासा ९' 'श्रीङटेश्वरी' लाई चढाएका थिए । साथै उनले देवीको नित्यपूजाको निम्ति सात रोपनी जग्गा पनि गुठी राखी चढाएका थिए भन्ने उक्त लेखवाट थाहापाइन्छ ।[१] पशुपतिमा सदावर्त-धर्मशाला राखने नामी दाता सुब्बा कुलानन्दझाका छोरा सुब्बा हीरालालझाले (ई. १८४३ तिर ? यस मन्दिरमा सुनौला छाना चढाएको उल्लेख एकथरी वंशावलिमा भेटिन्छ ।[२] ई. १९३४ को भुइँचालोमा यो मन्दिर केही नभएको 'तर घरहरू भत्केकोमा ई. १९३८ मा जुद्धशम्शेरले बनाइदिएका थिए' भन्ने थाहापाइएको छ ।[३]

---

१. इतिहास प्रकाश–१ पृ. १३१–१३२ ।

२. राइट, पृ. १८४ ।

३. देवमाला वंशावली, पृ. ६४ ।

गुह्येश्वरी

पृथ्वीनारायण शाहले नेपाल लिएपछि यहाँका मुख्य दुई दे पशुपति र गुह्येश्वरीको केही बन्दोवस्त गरिदिएको वयान वंशावलि पाइन्छ । त्यसमा गुह्येश्वरीमा उनले कसाहीहरूलाई सुसारेको काम दिएको कुरा लेखिएको छ ।[1] उनले सम्भवतः यहाँ केही गुठी पनि राखिदि हुनुपर्दछ । उनका छोरा महाराजाधिराज प्रतापसिंह शाह तान्त्रिक मार्ग लागेकाले उनले गुह्येश्वरी र तलेजुलाई इष्टदेवता सरह मान गर्दथे । उ आफ्ना टकमा गुह्येश्वरीको नाम पनि राख्न लगाएका थिए तर उनले केही चढाएको कुराको कुनै प्रमाण प्रकाशित भएका छैनन् । महाराजाधिर रणवहादुर शाहको पालामा यस मन्दिरको केही व्यवस्था हुन थाले देखिन्छ । एकथरी टिपोट अनुसार ई. १७७८ तिर रणवहादुरले अरू मन्दिरमा झैं यस मन्दिरमा पनि 'गुजराती वावा राखी महापूजा सदा अनेक गुठी' राखिदिएका थिए ।[2] रणवहादुर शाहले यो दान कहिले गरे हुन् भन्न अप्ठेरो छ । सम्भवतः यो दानको घटनाअघिनै बूढा अमरसिंह थ (रंजैसिंहका नाति, भीमसिंहका छोरा)ले वहादुरशाहको मुख्तियारीकाल रणबहादुर शाहको पालामा गुह्यकालीको प्रीति गरी तामोमा सुनौला पा भएको 'गृह' चढाएको कुरा गुह्येश्वरीकै आँगनमा रहेको अभिलेख थाहापाइन्छ ।[3] अमरसिंह थापाले यो दान ई. १७८५ र ई. १७९४ वीचमा गरेको अन्दाजी गरिएको छ ।[4] यस अभिलेखमा संस्कृतमा तीन श

---

[1] प्राचीन नेपाल–६ पृ. १५ ।

[2] प्राचीन नेपाल, पृ. ६. १७. हेर्नु चित्रसंख्या–१२ (१).

[3] विद्ववृन्दस्तुतश्रीलसितरणवहादूरसाहो नृपेन्द्रो
यत्रास्ते प्राप्तवांस्तत्प्रतिनिधिपदवीं श्रीवहादूरसाहः ।
× × ×
आत्रेये गोत्रवर्ये समुदितवपुषा ख्यातशौर्यस्य भूमौ
रंजैसिहस्य नप्त्रा धिकलिमतिमता भीमसिंहात्मजेन ।
भार्यापुत्रान्वितश्रीविलसदमरसिंहेन थापोपनाम्ना
प्रीत्यर्थ गुह्यकाल्याः कनकमयगृहं ताम्रागर्भं न्यवेदि ॥
—सस्कृत सन्देश १०. पृ. ३४-

[4] यो अभिलेखमा श्लोकमा मिति दिंदा 'तत्रेलाचन्द्रशैलोदधिजनि रौद्रवर्षे तपस्ये' लेखिएकोमा ठीक अर्थ्याउन नमिलदा यति अ काट्नु परेको हो ।

लेखिसकेपछि अमरसिंह थापा आफैंले लेखेको हिन्दी भाषाको एक पद्य पनि लेखिएको छ जसमा अमरसिंहले 'कामाक्षादेवी' को रूपमा गुह्येश्वरीको स्तुति गरेका छन् ।[1]

ई. १८२३ (सं १८८०) मा रणवहादुरकी कान्छा महारानी ललितत्रिपुरसुन्दरीदेवीले ढुङ्गाको खाँवोमाथि सुनौलो सिंहमूर्ति गुह्येश्वरीलाई चढाएकी थिइन् । यो खाँवोमा[2] लेखिएको अभिलेखमा 'महाराजाधिराज प्रतापसिंहका पट्टरानी श्रीराजेन्द्रलक्ष्मीदेवीले श्रीगुह्येश्वरी प्रीतिको लागि तिनको नगीचमा देवीको वाहन सुनौलो सिंहमूर्ति[3] थाप्ने संकल्प गरेकोमा तिनको वुहारी महाराजाधिराज रणवहादुर शाहदेवकी पट्टरानी ललितत्रिपुरसुन्दरीदेवीले आफ्ना नाति महाराजाधिराज राजेन्द्रविक्रम शाहदेवको सम्मतिले उक्त धर्म पूरा गर्न · मितिमा विधिविधान गरी (सिंहमूर्ति) थापिन् । धेरै कालसम्म यो गुह्येश्वरीको प्रीतिको लागि भइरहोस्' भन्ने भाव छ ।[4] यो खाँवो मोटो र चिल्लो छ । खाँवाका चार कुनामा नागका दुई जोल्टिएका जीउ बनाई माथि घाँटीमा पुगेर नागका टाउका र फूलवुट्टाहरू समेत वनेका छन् । शीर्षमा चाहिं 'हजारपाते' कमलको फूल छ र त्यसमाथि अगाडिको यौटा खुट्टा उजाएको सिंहको सुनको चम्किलो पालिस लगाएको राम्रो मोटो मूर्ति छ । त्रिपुरेश्वर मन्दिरमा ई. १८३७ मा[5] राजेन्द्रवीरविक्रम

---

१. श्रीकामाक्षादेवी करुणा करै महिमा अपार जगत्र कि जननी जलदि लव धरै
दास अमर धर्मा कछु जानत नाहि उमाके चरण परै ।।

२. अभिलेख संग्रह, १२ पृ. १६–१७ मा यो अभिलेख प्रकाशित भएको छ ।

३. यही घटनालाई वंशावलिहरूमा 'राजेन्द्रवीरविक्रमले गुह्येश्वरीमा सुनको सिंह चढाए' भनी लेखिएको छ (राइट, पृ. ८२, प्राचीन नेपाल, ६, पृ २०) ।

४. श्रीगिरिराजचक्रचूडामणिमरीचिनीराजितपादारविन्दश्रीसिंहप्रतापशाहदेवपट्टराज्ञ्या श्री राजेन्द्रलक्ष्मीदेव्या श्रीगुह्येश्वरीप्रीतये तत्सन्निधौ स्थापनाय संकल्पिता हेमसमुज्ज्वला देवीवाहनसिंहमूर्तिस्तद्धर्मपरिपूरणाय तत्स्नुषया श्रीमद्रणवहादूरशाहदेवपट्टराज्ञ्या श्रीमल्ललितत्रिपुरसुन्दरीदेव्या स्वपौत्र श्रीमद्राजेन्दविक्रमशाहदेवसंमत्या····, वैक्रमशके १८८०·····यथोक्तसाङ्गविधानेन प्रतिष्ठापिता चिरं गुह्येश्वरींप्रीतये भूयादिति ।

५. अभिलेख संग्रह, १२. पृ. १६. चित्रसंख्या–१२ (२).

शाहले आफ्नी सौतेनी बज्यै ललितत्रिपुरसुन्दरीदेवीको सुनको सालिक थाप्न बनाएको ढुंगाको खाँबोसँग यो खाँबो उस्तै मिल्दछ। महाराजाधिराज सुरेन्द्रको शासन कालमा उनका भाइ उपेन्द्रविक्रमले पनि ढुंगाको खाँबोमाथि आफ्नो सुनको सालिक यहाँ थाप्न लगाएका छन्। यो खाँबो मोटो र तलदेखि नै चित्रित छ– अष्टकोणात्मक र पाटा-घाँटीमा फूलबुट्टा अनि शीर्षमा ‘हजारपाते कमल’। कमलको आसनमाथि सुनौलो सिंहासनमाथि टोप लगाएको र हात जोडेको उपेन्द्रविक्रमको राम्रो सुनौलो सालिक थापिएको छ। शिरलाई नागको फणाले छाता ओढाएको छ।

जंगबहादुरको प्रधानमन्त्रित्वकालमा र पछि विभिन्न व्यक्तिहरूले विभिन्न मितिमा यहाँ चढाएको कुराहरूको विवरण तल लेखिएबमोजिमको छः–

१. गुह्येश्वरी मन्दिरको उत्तरतर्फ सबभन्दा पूर्वतर्फ रहेको खाँबो त्यसैमा लेखिएको लेख अनुसार[1] ई. १८५० (सं. १९०७)मा जंगबहादुरका भाइ बमबहादुरले खड्गसहित १ जोडा सुनौला सिंह मूर्ति गुह्येश्वरीलाई चढाएका थिए। यो खाँबो ढुंगाकै कछुवाको जीउमाथि गाडिएको छ। खाँबो चिल्लो पारिएको छ र चित्रित पनि छ। खाँबोका चार कुनामा नागका जोल्टिएका जीउको चित्र बनाइएको छ माथिसम्म।

२. जंगबहादुरले ई. १८५४–५५ (सं. १९२१–२२) मा ‘गुह्येश्वरीका अष्टदल पद्माकारमा र भैरवसमेत सुनका पाताले छाई दिए र नवरत्न जडाउको सुनको कलश चाँदीका पूजाभाँडाहरू प्रीति गरी’ चढाएका थिए।[2]

३. ई. १८५४–५५ तिरै ‘राजवैद्य चक्रपाणिले सुनका ४ नाग बनाई कुण्डमा ४ कुनामा राखी सुनको लम्बा पाताले मोरी शोभायमान गरी’ चढाई दिएका थिए।[3]

---

[1] यो खाँबोमा दक्षिणपाखामा ८–८ हरपका ठूल्ठूला अक्षरमा सबभन्दा पहिलें अंग्रेजी, अनि बंगाली, उर्दू, भोटे, नेवारी र नेपालीमा अभिलेख लेखिएका छन्।

[2] देवमाला वंशावलि, पृ. १६.

[3] ऐजन.

४. माथि १ मा बयानिएको खम्बाको पश्चिमपट्टि धातुको सिंह भएको मोटो खम्बा । यसमा नेपाली लेख पनि लेखिएको छ तर कालो बाक्लो रंगले पोतिएको हुँदा पढ्न सकिएन ।

५. ४ को खम्बाको छेउमै दण्डपाणि वैद्यले चढाएको त्रिशूल राखिएको खाँबो । यसमा अभिलेख पनि छ तर कालो पोतिएकोले मिहिनेत साथ पढ्नुपर्ने ।

६. गुह्येश्वरीको मूल ढोकाका दुईतर्फ अग्लो खाँबोमाथि लामो चामरको दण्ड जस्तो लिएका दुई आइमाई सुसारेका धातुका साना राम्रा मूर्ति । ती मूर्तिका पादपीठमा लेखिएका लेखअनुसार ई. १८७९ (सं. १९३६) मा कसैले यी मूर्ति देवीलाई चढाएका थिए ।

७. श्री ५ कान्छा बलिअहद महारानीले गुह्येश्वरी मन्दिरका चारतिर 'चाँदीका शेरका पानस' चढाएकी थिइन् ।[1]

८. ई. १९०८ (सं. १९६५) मा 'अघि पित्तलका पाताले भूमी छाई राखेका जीर्ण हुँदा सं. १९६५ सालमा श्री ३ महाराज चन्द्रशम्शेर जङ्गबहादुर राणाबाट बेलाइती टाइल झिकाई भित्तामुनि जम्मै छाई शोभायमान गरी बक्सियो र फेरि अष्टदल यन्त्राकार कलश भैरवसमेत जीर्ण हुँदा सुन धेरै थपी जीर्णोद्धार गरी बक्सिएको' थियो ।[2]

९. गुह्येश्वरीको मूल ढोकाको दुईतिर रहेका धातुले मोरिएका खम्बामा ठूलठूला अक्षरमा लेखिएका लेख अनुसार ई. १८९१ (सं. १९४७) मा बंगलटोल कान्तिपुरका साहु राजेन्द्र, तिनकी पत्नी मैथकु, छोरा हरिनसिंह, उनकी पत्नी लानिवा, तिनका छोरा रामदास, तिनकी पत्नी मोतिलानि, अनि पञ्चकृष्णदास, कृष्णभक्त, भक्त बद्रिदास, पितृ रामदास आदिले संकल्प गरे अनुसार गुह्येश्वरीका पश्चिमपट्टिका 'बदामि' थान्, मूलढोकाका ढलोटका सुनले उजिल्याइएका २ झ्याल र आसा समेत गरी– छोरा कृष्णभक्तले चढाएको कुरा थाहापाइन्छ ।

१०. ई. १९३४ मा भत्कैका पाटीहरूको जीर्णोद्धार जुद्धशम्शेरले गराइदिए ।[3]

---

[1] प्राचीन नेपाल, ६, पृ. २५.

[2] देवमाला वंशावलि, पृ. १६.

[3] देवमाला वंशावली, पृ. १६,

११. ई. १९५४ मा (सं. २०११) 'देवी' मन्दिर भित अष्टदल पद्माकार यन्त्रमा र भैरवमा परिवेष्टित सुवर्णपत्र र देवीको नि पूजाका सुन चाँदीका पात्रहरू चोरिएकोमा श्री ५ महेन्द्रबाट पूर्ववत् चढाइयो ।[१]

१२ श्री ५ महेन्द्र-रत्न सालिक ई. १९५९ (सं. २०१६) थापिएको भन्ने लेख भएको ढुंगाको खाँबोमाथि नागका फणाले छ ओढाइएका श्री ५ महेन्द्र र बडामहारानी रत्नराज्यलक्ष्मीदेवीको हात जो उभिएका साना आकारका सुनौला सालिक । खाँबोको घाँटीदेखि कमलशी त्यसमाथि रहेको आसन पनि सुनौला जलप लगाएका धातुका पाताले रम पारी मोरिएको छ । खाँबोको मुन्तिरको आधा भागलाई सेतो सिमन् चौकोर पारी बनाइएको वेदिकामा गाडिएको छ । योमाथि भागको ख चारपाटे मोटो छ ।

गुह्येश्वरीमा थापिने राजकीय सालिकहरूमा पहिलो हुनाले श्री महेन्द्र र बडामहारानी श्री ५ रत्नराज्यलक्ष्मीदेवीका सालिकको ऐतिहा महत्त्व रहेको कुरा स्पष्ट छ (चित्र संख्या–१२,४.)

मैतिदेवी

हिजोआज निकै प्रसिद्ध रहेको मन्दिर मैतिदेवीको त्यति प्रा ऐतिहासिकता रहेको देखिदैन । वंशावलिहरूमा यिनलाई 'सत्ययुग' दे यहाँ रहेकी भनेर बढाई गरे पनि खास ऐतिहासिक युगमा प्रतापमल 'नित्यार्चन गुठी' राखेको बयान गरिन्छ (ई. १६४४–१६७४) तर राजाको शिलालेख आदि यहाँ भेटिंदैन । यहाँको पहिलो अभिलेख ई. १७ को हो[२] जसमा भास्कर मल्ल राजाको पालामा थकाली प्रज्ञाधर आ मन्दिरको (?) जीर्णोद्धार गरेको उल्लेख परेको छ ।[३] शाहकालका त

---

[१] त्यहीं लेखिएको लेख अनुसार

[२] शंकरमान राजवंशी, कान्तिपुर शिलालेख सूची, श्री ५ को सर शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग, सं. २०२७ काठमाण्डू, पृ. १४६

[३] मैतीदेवी, कुमारीपीठ र पञ्चकुमारीको रूपमा यहाँ देवीको मा गरिन्छ र यिनको खास रूप केही छैन, खालि तोरण थापी त्यहाँ देवी कल्पना गरी पूजा गर्ने गरिन्छ । मूल मूर्ति भएको भए त्यसको कला आधारमा शिलालेख आदि नभेटिए पनि यति पुरानो भनी अन्दाजी सकिने थियो ।

प्रशस्तै अभिलेख भेटिन्छन् जसले गर्दा यो 'पुरानो पीठ' को मानिता फेरि चम्किन थालेको देखिन्छ ।

१. यहाँ पाइएको पहिलो शाहकालीन अभिलेख शिलालेख-रूपमा छ र झट्टा हेर्दा मल्लकालीन कुनै शिलालेख हो कि भन्ने भ्रात पर्ने खालको छ। हुन पनि यो शिलालेख पृथ्वीनारायणद्वारा कान्तिपुरको विजय गरेको नौ वर्षपछिको हो अर्थात् ई. १७७७ (नेपाल संवत् ८९७) को । निकै ठूलो यो शिलालेखमा २४ हरपमा 'मागलदेश' (मालीगाउँ ?) का मानिसहरूले 'पंचसमूचय' गरी धेरै मानिसहरूवाट नगद र जिन्सी चन्दा संकलन गरी "श्री उपाध्या भाजु शक्तिवल्लभ"[1] को पौरोहित्य नेतृत्वमा मन्दिरको निर्माण (जीर्णोद्धार ?) र 'इनाय पूजा' गरिएको कुराको बयान गरिएको छ ।[2]

२. मैतीदेवीको मन्दिर सामुन्ने बीचमा खम्वाहरू छन् तिनको दाहिने देब्रे गरी सुनको पालिस लगाएका धातुका (ढलोट) साना चैत्य थापिएका छन्– सानो ढुंगाको पादपीठमा । तीमध्ये पश्चिमतर्फको चाहिं थापिएको मिति ई. १८८८ (नेपाल संवत् १००८) त्यसैको एक पाटामा लेखिएको छ । ज्यादै सानो आकारमा नीलो वस्तु (धातु) ले बनेको हुँदा अति राम्रो हुन गएको छ ।

३. मन्दिरभित्र मुख्य देवस्थलमाथि चढाइएको चाँदीको तोरण ई. १८९२ (सं. १९४९) मा तत्कालीन प्रधानमन्त्री भीमशम्शेरले चढाएको भनी त्यसैमा लेख लेखिएको । त्यस लेखमा चढाइएको तोरणमा लागेको 'चाँदीको कंपनि तोल तोला ४६०।३' भनेर पनि लेखिएको छ ।

४. मन्दिरको मूल ढोकाको सामुन्ने रहेका तीन खम्वामध्ये वीचकोमा मास्तिर पुच्छर उठाएको धातुको राम्रो मुजुर । खम्बामा लेखिएको

---

[1] समय मिल्न खोज्ने 'जयरत्नाकरनाटक' का रचयिता शक्तिवल्लभनै यी हुन् कि ?

[2] यस अवसरमा उठाइएको चन्दाको रकमको विस्तृत नामावलिले नै यो अभिलेख भरिएको हुँदा तत्कालीन आर्थिक र सामाजिक परिस्थतिको पनि दृष्टिले यो अभिलेखको महत्त्व देखिन्छ । नगद उठेको चन्दामा १२ मोहोरदेखि ३ 'शूका' सम्म दान दिने दाताहरूको नाम यहाँ लेखिएको छ र 'दं' को रूपमा 'दाम' को पनि उल्लेख भएको छ ।

अभिलेख अनुसार सं. १९६९ (ई. १९१२) सालमा पाटन वलखु टोलका बासिन्दा रामकृष्ण कार्जीत (कारंजीत ?) र उनका परिवारले मिलेर 'श्रीमईती पंचकुमारी' लाई यो 'धातुको मुजुर ढुंगाको षंबा' चढाएका थिए ।[1]

५. मन्दिरको मूल ढोकाको दुईतिर ढुंगाका मण्डपमाथि थापिएका ढलोटका निक्कै ठूला र राम्रा सिंह । पूर्व तर्फको सिंहको छातीमै अक्षर उभारी लेखिएको लेख अनुसार सं. १९७१ (ई. १९१४) मा 'श्री इमैता-देवि पंचकुमारी' लाई 'दील्लीवजार'का निवासी पंचनारान् र उनकी पत्नीम्वतिमाया आदिले यी सिंह चढाएका थिए ।[2]

६. उनै पंचनारानले सं. १९७४ (ई. १९१७) मा सुनका २ ध्वजा चढाई आफूले पहिले चढाएका सिंहको समेत उल्लेख गरी राख्न लगाएको मन्दिरको पेटीमा उत्तरतर्फ सिंहको पछाडि राख्न लगाएको शिलालेख ।[3]

७. प्रधानमन्त्री चन्द्रशम्शेरले 'छानामा सुन छाई' देवीलाई चढाएको विवरण पाइन्छ ।[4] यस मन्दिरको 'सुनको छाना' का चारै किनार-

---

[1] श्री मईती पंचकुमारी
सम्वत १९६९ साल मिती आषाद सुदि २ रोज ५ मा पातनु वलषु टोल वसने रामकृष्ण कार्जीत ईसत्री भ्यानी थकु छोरा रामगोपालका ईसत्री आसामायाहरूको धर्मचीत उत्पती भयेर (श्री मईती पंचकुमारी) लाई धातुको मुजुर धुंगाको षंबा व प्रतीगरि चधायाको सुभं । (जस्ताको तस्तो सारिएको)

[2] सम्वत् १९७१ साल आषाद सुदी १५ मा श्री ३ मैतादेवि पंचकुमारी प्रिति ग X दील्लीवजार वस्न्य मानंधर पंचनारान् तसे भार्य्या म्वोतिमाया: स······दिनारान् प्रभीतीले चढाएको सिंघ २ शुभम् ।

[3] यस अभिलेखमा राजाको नाउँ चर्चिदा 'श्रीमत् महाराजधिराज नरनारायन चक्रचुदामुनि श्री ५ त्रिभुवनविरविक्रम-साहादेवस्य राज्ये बिख्यी लेखी सतजीव धर्मात्मा' पञ्चनारान् मानन्धर आदिले 'श्री ३' देवीको 'अग्रस ६ चाषेल लोहन सिया । लुंसियागु ध्वजा २ श्री ।।··धलवत सिंघ २ वहया प्रताप १ लुंसियागु प्रताप १ श्री । प्रातप्रीतियंन ।' इत्यादि चढाएको कुरा लेखिएको छ ।

[4] देवमाला वंशावलि, पृ. १०१.

किनारमा ठूलठूला सुनौला अक्षरको अभिलेख पनि लेखिएको छ जसमा चन्द्रशम्शेर र उनका केही छोराको नाम देखिन्छ। अप्ठेरोमा लेख भएकोले राम्ररी सबै पढ्न सकिएन । छानामै चारै किनारामा स्थिर प्रत्येक दिशापट्टि १०–१० गरी ४० ओटा ढलोटका साना र चार कुनामा अलि ठूला गरी जम्मा ४४ ओटा राम्रा 'भैरवमुख' बनेका छन् ।

८. ढोका सामु पूर्वतर्फको सं. १९८३ (ई. १९२६) मा चढाइएको घण्टा ।

९. मन्दिरको ढोकासामु रहेका खम्बामध्ये तेस्रो सं. १९८३ (ई. १९२६) मा ढलोटको सिंह राखी 'श्री ३ मैती पंचकुमारी' लाई चढाइएको ।

१०. मन्दिरको संघारै सामु ढुंगाको पातलो 'ओछचान' मा लामो झांक्रो फिजारी लमतन्न उत्तानो परी सुतेको 'वेताल' लाई सुनौलो पालिस गरिएको पित्तले पाताले मोरेको छ । यसैमा लेखिएको लेख अनुसार सं. १९९३ (ई. १९३६) मा दिल्लीबजारका वासिन्दा हरीश्रेष्टकी दुई पत्नी पूर्णमाया र हरीमायाले देवीलाई प्रीति गरी 'वेताल्' चढाएका थिए ।[1]

११. मैतीदेवी मन्दिरको बाहिर पेटीमै चार कुनामा ढुंगाकै साना-साना मण्डप बनाई तिनमाथि अगाडिका दुई खुट्टा उजाई मुख बाई भयंकर रूपले झम्टिन लागेका जस्ता धातुका राम्रा 'सिंह' थापिएका छन् । तिनमा सबैमा मण्डपको सामुन्नेपट्टिको भागमा बीचमा एकै भाकाका अभिलेख लेखाइएका छन् । लेख अनुसार[2] सं. १९९६ (ई. १९३९) मा डिल्ली

---

[1] लेखः– दिल्लीबजार बस्ने हरीश्रेष्ठ प्रथमें तत्भार्या पूर्णमाया द्वितीय भार्या हरीमायास्मेत जना ३ का नाउँबाट विक्रम सम्वत् १९३३ साल आश्वी २९ गते रोज ४ का दिन प्रीती गरेको पीतले वेताल् ।

[2] लेख उद्धरणीय हुँदा तल जस्ताको तस्तै सारिएको छः–

(चन्द्र) श्रीः (सूर्य)

श्री आदि पिथेश्वराय नमः श्रीपंचकुमारी नमः श्रीमहालक्ष्मि नमः सुभ सम्वत् १९९६ साल फागुण २७ गते रोज १ मा श्री आदि पिथश्वर श्रीमेति अजिमा पंचकुमारी श्रीमाहालक्ष्मी श्री ५ माहाराज त्रिभुवनविर

बजारका निवासी रामनारायण मानन्धर, उनकी पत्नी वेतिमाया र तिनका तीन जना छोरीले समेत मैं 'श्रीपंचकुमारी' लाई 'सिंह सादुर औलावत अजरांपुरुष ई ४ जना ईसान् ईसान्‌म चढाएका थिए ।[1]

१२. डिल्लीबजारका बासिन्दा सुबेदार मानबहादुर श्रेष्ठले सपरिवार भई मन्दिरको सामु 'सिलाखम्बा र ढलौटे सिंह' ई. १९४२ मा चढाएका थिए[2] यो खाँबोमा दक्षिणपट्टिको पाखामा ६ हरपको लेख र त्यस मुन्तिर ५ जनाका सालिकका अर्धचित्र तीन ओटा खोपामा गरी बनेका छन् ।

विक्रम साहादेव ज्येष्ठ सतजिव दिल्लीबजार टोल् बस्ने रामनारां मानधर तस्या भार्या वेतिमाया १ प्रथमपुत्रि दिल्ली माया १ दुतियपुत्रि लक्ष्मी १ त्रितियायुत्री सानेसमेत् ५ जनाको धर्मचित्त उत्पति भयाको हुनाले श्रीपंचकुमारी सिंह सादुर औलावत् अजरांपुरुष ई ४ जना ईसान् ईसान्‌मा चह्ल्याञ्या येस्मा लोभ पाप गरी कसैंले लियो भन्य पंचमहापाप लाग्छ शुम्भ् । (लेख मुन्तिर ५ जनाको अर्धचित्र सालिक हात जोरेर बसेका) ।

[1] साधारणतया 'पखेटावाल सिंह' को रूपमा कहिने धातुका यी सिंहलाई यहाँ केही रूपमा फरक-फरक पारी क. सिंह ख. शार्दूल ग. ऐरावत घ. अजरांपुरुष भनिएको छ । सिंहकै जीउमा समेत यी नाम ढालिएकाले यस विषयको गम्भीर अध्ययनको बाटो खुलेको छ । जस्तो पूर्वोत्तर-कुनामा रहेको सिंहको छातीमा 'अईलावत्' (ऐरावत् ?), पश्चिमोत्तरकोमा 'साहादूर' (शार्दूल) दक्षिणपश्चिम कुनाकोमा 'अजरामरण' र दक्षिण-पूर्वकोमा 'सिघे' लेखिएको छ ।

[2] **लेखः-** श्री नेपाली सम्वत् १०६२ जेष्ठ शुदिमा यस सिलाखम्बा र सो माथी ढलवटे सिंह जदान गरी श्रीपञ्चकुमारि मैतीदेविमा दिल्लीबजार बस्ने सुवेदार मानबाहादुर श्रेष्ठ भार्या सुकुली जेष्ट पुत्र कृष्णबहादुर दुतीयपुत्र लोकबहादुर सहित भै पृती गरी चढायो सम्वत् १९९९ साल जष्ट गते रोज (।) यिनै मानबहादुरले अरू दुइटा साना सिलाखम्ब र ढलोटका सिंह यहाँ चढाएका छन् । तिनमा मानबहादुर र तिनकी पत्नीको सालिकका अर्धचित्र र नाम मात्र लेखिएका छन्, कहिले चढाएको हो लेखिएको छैन ।

१३. मैतीदेवीको ढोकाको सामुन्ने रहेका खम्बाका दाहिने र देब्रेमा ढुंगाका साना वेदिका बनाई तिनमाथि ढलौटका दुई राम्रा र साना सिंह थापिएका छन् । यिनमध्ये पश्चिमतर्फकोमा वेदिकामा लेखिएको अभिलेखमा ई. १९४९ (नेपाल संवत् १०६९) मा तलाछीटोलका बासिन्दा न्हुछेरत्नले पत्नी कृष्णमायासहित, पिता भाजुरत्न मानन्धर, आमा अष्टमाया, भाई वेषारत्न आदिले मिली 'धलवतको सिंह १ जोर' मन्दिरमा चढाएको भनी लेखिएको छ । धातुमा बनेका साना सिंहका उदाहरणमा यी सिंहमूर्ति ज्यादै राम्रा देखिन्छन् । तिनको जीउमा रौंका गुजुल्टा देखाउन गोल-गोल स-साना बुट्टाले भरिएको बनाइएको छ जो अस्वाभाविक किसिमको लागे पनि मनोहारी भएको छ ।

१४. माथि २ मा बयानिएको झैं सुनौलो पालिस लाएको ढलौटे सानो पूर्वतर्फको चैत्य ई. १९६४ (संवत् २०२१) मा स्वर्गवासी आमा सानुमायाको नाममा उनका छोरा लक्ष्मीज्योति वज्राचार्यले अरू तीन जना समेत भै चढाएका थिए । यस चैत्यको पूर्वपट्टिको पाटामा ७ हरफमा धातुमै लेखिएको लेखबाट उक्त कुरा थाहापाइन्छ । ढलौटमा चैत्यकलाको सानो रूपको रमणीयता यसमा देखिएको छ ।

यस मन्दिरको भित्र र वाहिर ५० वर्षभित्रमा बनाई चढाइएका माथि बयानिएबाहेकका अरू कलाकृतिहरू पनि प्रशस्त देखिन्छन् । मन्दिरभित्रपट्टि धातुका विभिन्न आकार प्रकारका अरू सिंह, विभिन्न वेश-भूषामा भक्तहरूका विभिन्न आकार-प्रकारका ढलौटका सालिकहरू निकै छन् । तिनमा धेरैजसोमा लेख पनि लेखिएको देखिन्छ तर अप्ठेरोमा पर्दा वा त्यस्ता लेख पोतिएका हुँदा विना खास मिहिनेत पढ्न र उतार लिन सकिंदैन । मन्दिरको ढोकाको राम्रो धातुको तोरणमा पनि हालसालैको लेख देखिन्छ । मन्दिरको पश्चिमतर्फ मूल सडकको पूर्वतर्फ ४ ओटा बौद्ध चैत्य पनि छन् । सडकको पश्चिमतर्फ सरस्वतीको सानो मन्दिरनेर अर्को सानो सिमन्टी लगाएको मन्दिर पनि छ जसमा सरस्वती आदिका हिजोआजै बनेका ढुंगाका मूर्ति थापिएका छन् र त्यहाँ पनि ढुंगाको यौटा चैत्य रहेको छ जो हालसालै बनाई थपिएको हो ।

यसरी यौटा 'पुरानो पीठ' संग सम्बन्धित भएर नेपाली कला र वास्तुकलाको आधुनिक रूपका निकै भेद स्पष्ट हुन आएको छ ।

'अशोकचैत्य' लगनखेल

पाटन लगनखेलमा रहेको 'अशोक चैत्य' को पूर्वपट्टिको भाग
चैत्यकै 'गर्भ' सँग जोरी लहरै दक्षिण-उत्तर साना-साना 'मन्दिर' बनाइए
छन् । कलाको दृष्टिले ती सबै मल्लकालको अन्तिम चरणदेखि आजस
बनेका देखिन्छन् । यहाँ दक्षिणतर्फ रहेको 'वैरोचन' बुद्धको मूर्तिको मुनि
रहेको नेवारी लिपिको अभिलेखमा नेपाल संवत् ९५४ (ई. १८३४)
मिति लेखिएको देखिन्छ । लेखमा 'वैरोचन' मूर्तिको प्रतिष्ठा गरेको च
गरेको पनि छ, मूर्ति जीर्ण अवस्थामा छ तर त्यसको राम्रो तेजोमण्डल नि
प्रभावशाली देखिन्छ । अभिलेख त्यति स्पष्ट नहुँदा पहिलेकै मूर्तिको फे
प्रतिष्ठा गरिएको हो कि नयाँ बनाई प्रतिष्ठा गरिएको हो भन्न सकिदैन ।
अभिलेखको उक्त भनाइलाई आर्कै रूपमा लिने हो भने यो मूर्ति शाहकाली
हुन आउँछ । यसपछि बीचको अलि ठूलो 'मन्दिर' छोडी उत्तरतर्फ रहे
देब्रेदेखि पहिलो बौद्धमूर्तिमा 'तोरण' चढाएको मिति त्यहीं लेखिएको जी
लेखअनुसार महाराजाधिराज सुरेन्द्रविक्रम शाहको पालामा भनी लेखिए
छ । यी मन्दिरहरूको सामुन्ने पूर्वपट्टि यौटा ढुंगाको 'धर्मधातु' पनि रहे
छ जसमा चारतिर लोकेश्वरका ४ उभिएका मूर्ति बनेका छन् । यस
लेखिएको लेखअनुसार यो ई. १८८१ (नेपाल संवत् १००१)
बनेको देखिन्छ । यसैको पूर्वपट्टि आधुनिककालीन चैत्य (चीबहा) प
रहेको छ ।

यहाँ दक्षिणदेखि उत्तरतर्फ लहरै रहेका 'मन्दिर' हरूमध्ये पहि
बौद्ध मूर्तिमा ई. १९२७ (नेपाल संवत् १०४७) मा 'श्री ५ महाराजा
धिराज त्रिभुवनवीरविक्रम शाह' को पालामा मूर्तिलाई तोरण चढाएको भ
लेख तोरणकै माथिल्लो भागमा रहेको ढुंगाले बनेको सानो छानामा लेखिए
छ । यिनै दाता भक्तले यसैसँग रहेका अरू तीन मूर्तिहरूमा पनि नयाँ तोर
चढाएका हुन् कि भन्ने तिनसँग सम्बन्धित रहेका अभिलेखका प्रकृति
आधारमा अड्कल गर्न सकिन्छ ।

मीननाथ मन्दिर, पाटन

पाटनको प्रसिद्ध मीननाथ मन्दिरलाई वंशावलिहरूमा अंशुवर्मन
पालामा बनेको भनिएको छ । केही पछिदेखि मीननाथको रथजात्रा

चलन चलेको कुरा पनि त्यसै स्रोतमा बयानिएको छ । मल्लकालमा पनि यो मन्दिरको महत्त्व रहिरहेकै देखिन्छ ।

शाहकालमा यस प्रसिद्ध मन्दिरमा निकै धार्मिक वस्तुहरू चढाइएको देखिन्छ तर तिनमध्ये मन्दिरभित्र रहेका सामग्रीहरूको अध्ययन गर्नु त असम्भवै छ किनभने त्यहाँ पुजारीबाहेक अरूले पस्नै हुँदैन, मन्दिर बाहिर रहेका केही धार्मिक वस्तुहरूको छोटकरी विवरण यहाँ प्रस्तुत गरिन्छ ।

ऐतिहासिक क्रम अनुसार हामीले सबभन्दा पहिले मीननाथको यात्रा गरिने रथमा जंगबहादुरका जेठा छोरा जगत्‌जंगले सुनको मोलम्बा भएको छाना चढाएको कुराको उल्लेख गर्नुपर्दछ । हाम्रो स्रोतअनुसार 'मीननाथ यात्रा गर्ने रथमा मान्द्रोले छोपने गरी आएकोमा' जगत्‌जंगले 'सुनको मोलम्बा छाना राखिदिएका थिए ।'[१] यो दानको मिति खुट्ट्याउन सकिएको छैन । यसपछि हामी मन्दिरकै वरिपरिरहेका वस्तुहरूलाई लिन्छौं । मन्दिरको गर्भगृहबाहिर पेटीमा दाहिनेतर्फ रहेको घण्टा झुण्ड्याउने ढुंगाको चौकोस अत्यन्त कलात्मक हुँदा मिहीन दृष्टिले परख गर्ने मानिसहरूको मन खिच्दछ । भाग्यले यसमा अभिलेख पनि रहेकोले यसको रचनाकाल जान्ने निश्चित साधन पनि पाइएको छ ।[१] यो अभिलेख घंटा झुण्ड्याउने अग्लो ढुंगाको चौकोशमा मास्तिर निदालमा लेखिएको छ । नेपाल संवत् ९९९ (ई. १८७९) को मिति परेको यो अभिलेखमा 'पश्चिमाभिमुख श्रीधर्म्मराजजटाधारी लोकेश्वर' (मीननाथको लोकप्रिय नाम) प्रीति गरी जोनबहालमा चिभाननीका शिल्पकार कृष्णवीर भारो र परिवारले मिली

---

[१] ई. १८७९ मा नेवारी लिपिमा लेखिएको हुनाले र अरू अनेक कारणहरूले गर्दा यो अभिलेख उद्धरणीय हुँदा यहाँ सारिएको छः– श्रेयोऽस्तु ।। सम्वत् ९९९ फागुणशुक्लम ।। अष्टम्यान्तिथौ ।। रोहिणीनक्षत्रे ।। विष्कंभयोगे ।। शनैश्चरवार थ्वकुन्हु वालार्चनसंस्कारित ज्येष्टवर्णमहाविहार विराजित पश्चीमाभिमुख श्रीधर्म्मराजजताधारि लोकेश्वर प्रीतीन जोनवाहाल चिभाननी या सिल्पकाल कृष्णावीर भालोस भार्य्या थकूंमणि पुत्र व्यपाराज पुत्री सिद्धिलक्ष्मि धनलक्ष्मि थ्वते समूहनं धर्मचित्त उत्पत्तिजुयाओ लोहया घंण्ठया थाम नेदार लोहया सराजामजुको दून्ता जुल थ्वते धर्म्मन गृहे सकलपरिवारया दूर्गतिमोचन ।

घंटा झुण्ड्याउने ढुंगाको निदाल र थाम चढाएको कुरा लेखिएको छ। यो 'निदाल र थाम' कलापूर्ण बेलबुट्टा, पशु र देवीदेवताका चित्र बनाई ढकमक्क पारिएको हुँदा र त्यसको राम्रो स्तर पनि देख्ता यसलाई हामी नेपाली कलाका राम्रा उदाहरणहरूमा सामिल गर्न सक्दछौं। यसैले यसको कलात्मक पक्षको अध्ययन हामी उपयुक्त स्थानमा गर्नेछौं।

यसपछि अरू महत्त्वपूर्ण कलाकृतिबारे त्यहीं मन्दिरमा चर्चा गरिएको थियो। यी कलाकृति हुन् मीननाथ मन्दिरको ढोकाको खुड्किलाका दुइतिर रहेका धातुका राम्रा सिंह र तिनमाथि विराजित देवताका धातुक मनोहारी २ मूर्ति। यी कलाकृतिमा पनि अभिलेख रहेकोले हामीलाई यिनको कालनिर्धारण गर्न सजिलो पर्न आएको छ। अभिलेख उत्तरतर्फको सिंहको पादपीठमा शुरु भई दक्षिणतर्फकोमा टुंग्याइएको छ र त्यसमा उत्तरतर्फको 'ॐ नमः श्रीजटाधारीलोकेश्वराय' भनी मगलाचरण गरी लोकनाथका स्तुतिश्लोकहरू लेखी नेपाल संवत् १०२४ को मिति दिइएको छ। अभिलेखका अरू भनाइअनुसार 'नेपालमण्डलाधिपति महाराजाधिराज श्री ५ पृथ्वीवीरविक्रम शाहदेव' को पालामा सुवर्णविदारका निवासी शाक्यवंशी श्री राजमान सिंहजुले 'श्री ३ जटाधारीलोकेश्वर' को सुप्रीति गरी 'अष्टमीव्रतसंपूर्ण' गरेको उपलक्ष्यमा 'देवालयको द्वारपार्श्व' मा 'धातुर्निमित दुईटा सिंह मूर्ति सिंहवालोकेश्वरसहित' चढाएका थिए। बीसौं शताब्दीको पहिलै चरणमा थापिएका यी दुई सिंहवाहन सिंहनादलोकेश्वरका धातुका मूर्तिको ऐतिहासिक महत्त्व रहेको छ। यसको कलात्मक र ऐतिहासिक महत्त्वबारे पछि यथास्थानमा बयानिने छ।

उक्त मूर्तिहरूले मन्दिरलाई सजाइएपछिको अर्को महत्त्वपूर्ण घटनाको विवरण त्यस मन्दिरको पश्चिमपट्टिको सत्तलमा भित्तामा टाँसिएको यौटा शिलालेखमा सुरक्षित गरिएको देखिन्छ। एक वित्ता लमाई र चौडाई भएको उक्त शिलालेखमा नेपाली भाषामा लेखिएका ११ हरफमा यस मन्दिरको ढोका (बाहिरी ढोका) जीर्ण भएको, बाहालभित्र चोकमा घाँस उम्री फोहोर भएकोले ढोका नयाँ गरी बनाई बाहालभित्र (चोकमा) ढुंगा र तेलिया ईंटले छापी सुधारकार्य गरिएको कुरा लेखिएको छ। अभिलेखमा–यस सुधार–कार्यपछि ढुंगाको धर्मधातु पनि बनाई यहाँ थापेको र बाहालमा झाडूबढारू गर्ने कामलाई १ रोपनी खेत पनि गुठी राखिएको कुरा लेखिएको

छ । यति काम गर्ने मानिसहरू सहर पाटन दौबाहाल टोल बस्ने जितगोविन्द, हरिगोविन्द अमात्य, कीर्तिगोविन्द र पूर्णगोविन्द अमात्य थिए ।[1] यति काम, अभिलेखअनुसार सं. १९६५ (ई. १९०८) मा गरिएको थियो ।

ई. १९१० (सं. १९६७) मा यहाँ ढुंगाको 'धर्मधातु' चढाइएको देखिन्छ जसमा उक्त मिति भएको अभिलेख लेखिएको छ । यसपछि ई. १९२१ (नेपाल संवत् १०३३) मा मूल ढोकामा 'यमराजसेवक' का ढुंगाका दुईटा ठूलै मूर्ति राखिएका थिए । त्यस्तै 'यर्मकिकर' का ढुंगाका दुई ठूल्ठूला मूर्ति ई. १९२४ (नेपाल संवत् १०४४) मा 'श्री ३ जटाधारीलोकेश्वर' को प्रीति गरी 'देवालयमा प्रतिष्ठापित' गरिएका छन् । यी दुई मूर्ति मन्दिरको पेटीनेरै खुड्किलाका दुईतिर रहेका छन् र तिनको पादपीठमा उक्त मितिसहित सानो अभिलेख पनि लेखिएको छ । ई. १९३५ (नेपाल संवत् १०५५) र ई. १९४८ (नेपाल सवत् १०६८) मा पनि यहाँ ढुंगाको सानो चैत्य र धर्मधातु थापिएका थिए जुनमा उक्त मितिसमेत अभिलेख लेखिएका छन् । यिनको कलात्मक विवरण बारे उपयुक्त स्थानमा विचार गरिने छ ।

मच्छेन्द्रनाथ, पाटन

पाटनको रातो मच्छेन्द्रनाथको प्रख्यात मन्दिरलाई नरेन्द्रदेव राजाले थापेको भनी पुरानो भएको कुरा वंशावलिहरूमा बयान गरिएको छ । मध्य र मल्लकालमा यस मन्दिरको निकै मानिता रहेको बुझिन्छ । शाहकालमा पनि यसको उत्तिकै महत्त्व रहिरहेकै छ । यसैले यहाँ शाहकालमा पनि

---

[1] यो अभिलेख तल बमोजिमको छः—
श्री गणेशाय नम श्रीमीननाथाय नम श्री जताधारिलोकेश्वराय नम श्री टंगलवाहालको ढोका जीर्ण भयाको र वाहाल भित्र घास उम्री फोहर भयेको हुनाले सहर पाटन दौवाहाल टोल बस्ने जितगोविंद अमाते पुत्र कीर्तिगोविंद पुर्नगोविंद अमाते समुह भै वाहालभित्र ढुंगाले र तेलिया ईतले छापि ढोका नया बनाई सिलामग श्रीधर्मधातु बनाई सम्वत् १९६५ साल फागुण सुदि ८ रोजका दिन प्रतिष्ठा गरि गुठी कटुं षेत रोपनी १ राषिदीना मोहि लुछेननी बस्ने कुलवीर तेसैसग धान मुरि १ पै रू।३३ कूत बुझी ती धान मु १ वाहाल भित्र झारू बढारू गर्नेलाई वालि दीनु घ्युषानी रू।३३ थपाजुले बुझी ली पोता तीर्नु ॥

भक्तहरूले निकै वस्तु चढाई आएको देखिन्छ । तर यहाँ यो कालमा चढाइ सबै वस्तुहरूको नामावलि दिनको लागि त्यहाँ रहेका सप्पै अभिलेखह अध्ययन गर्नु जरूरी छ । यहाँ केहीको मात्र विवरण प्रस्तुत गरिन्छ ।

मन्दिरको दक्षिणपट्टि रहेको ठूलो चैत्यमा रहेको अभिलेखअनुसा त्यसको जीर्णोद्धार ई. १८७९ (नेपाल संवत् ९९९) मा गरिएको देखिन्छ त्यसपछि ई. १८८३ (संवत् १९४०) मा जङ्गबहादुरका छोरा पद्मजंग मन्दिरको सामुन्नेपट्टि (उत्तर) ९ ओटा ढुंगाका मझौला खम्बा खडा ग तिनमा धातुले बनेका १. हात्ति २. घोडा ३. माछा ४. मुजुर ५. ग ६. नाग ७. साँढे ८. सिंह ९. विष्णु, गणेश, भगवती, सूर्य र शि वाहनसाथ थापिएका छन् ।[1]

ई. १९२१ (नेपाल संवत् १०४१) मा पनि यो मन्दिरको दक्षिणपट्टि रहेको ठूलो चैत्यमा केही जीर्णोद्धार भएको कुरो त्यसैमा रहेको उक्त मितिको अस्पष्ट शिलालेखले बताएको छ । यही चैत्यको दक्षिणपट्टि रहेको विहारको ढोकामा अलंकृत धातुका पाताले मोरी ई. १९३० मा (नेपाल संवत् १०५०) कसैले चढाएको देखिन्छ ।

दत्तात्रेय मन्दिर, भदगाउँ

ई. १८५२ (सं. १९०९) मा कुनै महन्तले मन्दिरमा सुनौलो ढोका र गजूर आदि चढाएको र मन्दिरसामु ढुंगाको खम्बा खडा गरी त्यसमाथि गरुडको धातुको मूर्ति थापी देवतालाई चढाएका थिए । यही खम्बामा पूर्वपट्टिको पाटामा लेखिएको लामो अभिलेखबाट उक्त विवरण थाहापाइन्छ । यो खम्बा निकै मोटो र अग्लो छ । ढुंगाको अग्लो मण्डप बनाई त्यसमाथि ढुंगाकै ठूलो कछुवा राखी त्यसमा खम्बा राखिएको छ ।

---

[1] यसै मूर्ति भएको भागमुन्तिर सं. १९४० मा जंगका छोरा पद्मजंगले चढाएको भनी लेख लेखिएको छ । यति उति थापेको बयान यहाँ नपरे पनि खम्बा र मूर्ति एकै शैलीमा बनेका देखदा नौ वटै खम्बा र तिनमाथि रहेको मूर्ति पद्मजंगलेनै थापेको स्पष्ट हुन्छ । यिनै खम्बासँगै अर्कै किसिमका ढुंगामा बनेका तीन ओटा अलि मोटा तर होचा खम्बा खाली रहेका छन् । यी चाहिं बेग्लै समयमा चढाइएका देखिन्छन् । यिनमा लेख छैन ।

यस मन्दिरको गर्भगृहको वाहिरी भित्तामा दुईटा आधुनिककालीन शिलालेख टाँसेर राखिएका छन् । तिनमध्ये एउटा बुझ्न नसकिने अवस्थामा छ र आर्को पनि झण्डै त्यस्तै अवस्थामा छ तर यो चाहिँ ई. १८८० (नेपाल संवत् १०००) मा कुनै भक्तले मन्दिरलाई गुठी चढाई लेखाई राखेको देखिन्छ ।

मन्दिरको पेटीमुन्तिर दुईतिर गरी ढुंगाका दुईटा खम्बा थापी तिनमाथि सुनौला शंख र चक्र, गदा र पद्म राखी देउतालाई चढाइएको छ । खम्बामा सं. २००८ को (ई. १९५१) अभिलेख लेखिएको छ ।

तिलमाधव मन्दिर, भदगाउँ

मध्यकालमा निकै प्रख्यात भैसकेको भदगाउँको तिलमाधवको मन्दिरको धार्मिक र कलात्मक महत्त्व निकै रहेको छ । शाहकालमा यहाँ धेरै वस्तुको थप भएको त देखिँदैन तर थप भएका १–२ वस्तुहरूको पनि आफ्नै महत्त्व रहेको देखिन्छ ।

ई. १९५१ (सं. २००८) मा दुईटा काम भएको देखिन्छ । पहिलो त अघि एक जना भक्तले गरेको संकल्प पूरा गरिएको र आर्को नयाँ संकल्प पूरा गरिएको ।

पहिलो संकल्प थियो सं. १९९० (ई. १९३४) को । भक्तपुर तेखाचोटोलका निवासी साहु साम्बकुमार प्रधानांगले सं. १९९० सालमा आर्यघाटमा अन्त्य अवस्थामा अर्पण गरेबमोजिम उनका नातेदारहरूले सं. २००८ मा सुनले मोलम्बा गरेको शंख चक्र गदा पद्म ढुंगाको खम्बामाथि जडान गरी चढाएका थिए ।[1] दुईटा खम्बा खडा गरी एउटामा चक्र र त्यस

१ः अभिलेख यस प्रकारको छः–

श्री सम्वत् १९९० साल ·· दिन नेपाल श्री पशुपतिनाथका सन्निधान आर्य्यातीर्थमा भक्तपुर तेखाचोटोल वस्ने साहु साम्वकुमार प्रधानांगले अन्त्यावस्थामा अर्पन गरी गए बमोजिम आज नीजका धर्मपत्नी विष्णुदेवी सुन्दरीदेवी निजका भाई तारणीकुमारका छोरा आद्याभक्त भतिजा श्यामकृष्ण समेत सपरिवार सहित् भै श्री ३ तीलमाधवनारायण भट्टारक प्रीति गरी सुन्ले मोलम्बा गरेका शंख चक्र गदा पद्म धुंगाको खम्वमाथि जढान्गरि चडाञ्यू इति सम्वत् २००८ साल ·· अक्षयतृतीया । यो अभिलेख शंख र पद्म रहेको खम्बामा लेखिएको छ ।

माथि सानो गदा र आर्कोमा ठूलो शंख र त्यसमाथि सानो पद्म
गरिएका छन् ।

ई. १९५१ (सं. २००८) मै तिलमाधव मन्दिरको ढो
धातुका पाताले मोर्ने काम आर्का भक्तले गरेका थिए । यो काम
सम्झनाको अभिलेख मन्दिरको कार्निसमा धातुकै पातामा ठूल्ठूला अ
लेखिएको छ, यसरी मन्दिरलाई चढाइएको धातुका पातामा देवी-दे
पशु-पक्षी र फूलबुट्टाहरूको अंकन अति राम्ररी गरिएको छ । धातुका पा
ढोकाका दुई पाखामा मन्दिरका दुवैतिरका भित्ताका केही भाग पनि छोपि
छन् र तिनमा मुन्तिरको भागमा दक्षिणतर्फ १ हात जति चौकोर वर्ग क्षे
वामन अवतारका दृश्य र उत्तरतर्फ नृसिंह अवतारको दृश्यको अंकन
राम्ररी भएको छ ।

जयवागेश्वरी देउपाटन

यस मन्दिरमा धार्मिक वस्तुहरूको अभावै छ भने हुन्छ र छन्
सामुन्नेपट्टि दुई ओटा शाहकालीन खम्बा । दुईमध्ये एउटा निकै अग्लो
छ जसमाथि धातुले बनेको अगाडिको यौटा खुट्टा उजाएको राम्रो सिंह
यस खम्बामा लेखिएको अभिलेखअनुसार 'कौलिक' भीमसिंह भन्ने कुनै
सं. १९८६ (ई. १९२७) मा सपत्नीक भई यो थापेको कुरा लेखिएको
यसै खम्बानेर आर्को खम्बा छ जो बीचबाट भाँचिएको हुँदा फलामले
ठीक पारिएको छ । यसमा अभिलेख छैन तर शैली हेर्दा यो पनि
बयानिएको पहिलो खम्बाकै समकालिक जस्तो देखिन्छ । यसमा माथि ध
बनेको मुजुर जडान गरिएको छ । पहिलो खम्बा कमलशीर्ष छ र दो
चाहिं शीर्षमा तालका गोल बुट्टाका दुई तह बनेका छन् । दुवै खम्बा रा
ताछी चिप्ल्याइएका छैनन् ।

इटंबहाल, काठमाडौं

इटंबहालमा मल्लकालीन वस्तुहरू निकै छन् र तत्कालीन
शिलालेख पनि रहेका छन् । यहाँ रहेका शाहकालका ४ वस्तुहरूको वि
प्रस्तुत गरिन्छ ।

मितिको हिसाबले शाहकालको पहिलो धार्मिक वस्तु शाक्यमि
धातुका दुई मूर्ति हुन्– विहारको ढोकाका बाहिरपट्टि दाहिने–देब्रे

थापिएका । देब्रेतर्फको मूर्तिको पादपीठमा लेखिएको लेख अनुसार यिनको रचना र दानको मिति नेपाल संवत् १०३६ (ई. १९१६) हो । दुवै मूर्तिको यही रचना र दान मिति हो । यी मूर्ति १।। हात जति अग्ला छन् र कमलासनमा चीवर लगाई यौटा हातमा बीचमा चैत्यको आकृति भएको पंखा र आर्को हातमा खाली पात्र (भिक्षापात्र) लिएका, खौरेका टाउका भएका र उभिएका छन् । घाँटीमा माला र लामा कान छन् । मूर्तिको वरिपरि तेजोमण्डल जस्तोको ठाउँमा धातुकै फूल बुट्टा बनेका छन् । फूल बुट्टाहरू समेत भिक्षुका मूर्तिलाई बलियो पार्न पछाडिपट्टिबाट काठ लगाइएको छ ।

यस बहालको भित्तामा पूर्वतर्फ फर्काएर नेपाल संवत् १०४५ (ई १९२५) को मिति भएको यौटा शिलालेख जोडिएको छ । आठ हरप लेख भएको यस शिलापत्रमा तीन जना भक्त भक्तिनीले विहारमा केही दान गरी त्यसको सम्झनाको लागि यो लेख लेखाई थाप्न लगाएको देखिन्छ । कलाको दृष्टिले यो शिलापत्र आफैं पनि राम्रो छ । यसको शिरानको भागमा बीचमा खोपामा अक्षोभ्य बुद्धको सानो मूर्तिको अर्धचित्र बनाएको छ । यसको मुन्तिरको भागमा भक्त भक्तिनीका तीन जनाका सालिकका अर्धचित्र उत्कीर्ण गरिएको छ ।

ई. १९२८ (नेपाल संवत् १०४८) मा यस विहारको ढोकाको बाहिर दाहिनेपट्टि घण्टा र त्यसलाई झुण्ड्याउने ढुंगाको चौकोस बनाई थापिएको देखिन्छ । त्यस चौकोसमै लेखिएको लेखमा 'श्री ३ अक्षोभ्यलाई चढाइयो' भनी नेवारीमा लेखिएको छ । यो चौकोसको निदालमाथि ढुंगाकै वज्र बनेको छ र त्यसमुनि निदालमा खोपामा बुद्ध (अक्षोभ्य ?) को मूर्ति दुईतिरका खम्बामा साना खोपामा त्यो चढाउने भक्त-भक्तिनीका सालिकका अर्धचित्र बनेको छ । यहींनेर विहारको ढोकाको सामुन्ने दाहिने-देब्रे गरी धातुका दुईटा राम्रा सिंहका मूर्ति थापिएका छन् । यिनको पादपीठमा लेखिएको लेखअनुसार 'श्री महाराजाधिराज त्रिभुवनविक्रमस्य विजयराज्य' मा ई. १९३३ (नेपाल संवत् १०५३) मा चढाइएको थाहापाइन्छ ।

टंकेश्वर, काठमाडौं

शाहकालमा यस मन्दिरमा ५ पटक केही महत्त्वपूर्ण धार्मिक कार्य गरिएको थाहापाइन्छ जसको विवरण त्यहाँका तत्-तत्कालीन अभिलेखहरूमा सुरक्षित रहेको छ ।

मन्दिरको पश्चिमपट्टिको पाटीमा पूर्वपट्टि फर्काएर दुईटा शिलाले टाँसेर राखिएका छन् । तिनमध्ये पहिलो ई. १७८३ (नेपाल संवत् ९०३) को हो । यो सानो शिलापत्रमा सिरानमा सूर्य, चन्द्र र त्रिशूलका चित्र वनेका छन् र मुन्तिर चाहिं आठ जना भक्त भक्तिनीका सालिकका अर्धचित्र। अभिलेखको विवरण अनुसार उक्त मितिमा भक्तहरूले मिलेर सत्तल(सतर पा बनाएका थिए । आर्को शिलालेखमा ई. १८०९ (नेपाल संवत् ९२९) को मिति लेखिएको छ र त्यसमा भोजन आदिको लागि केही जग्गा दान गरी गुठीको वन्दोबस्त गरिएको विवरण खुलाइएको छ । यस शिलापत्रमा मुन्तिरको भागमा ९ जना भक्तका सालिकका अर्धचित्र वनेका छन् । यही पाटीको दक्षिणतर्फको भागमा भित्तामा बनेका ४ खोपामा शिव-पार्वतीहरूका साना र प्रत्यक्षतः (त्यहाँ गृहस्थहरूको बसोबास हुनाले राम्ररी हेर्न सकिएन) राम्रा ढुंगाका मूर्ति रहेका छन्– उक्त अभिलेखकै मितिमा यिनको रचना पनि भएको कुरा सजिलैसँग अड्कलन सकिन्छ ।

यहाँका अरू दुई अभिलेख घण्टामा लेखिएका छन् र तिनको सूचना अनुसार यहाँ रहेका अघिका दुईटा घण्टा हराएकोमा 'श्री ५ सर्कारतर्फ गुठी लगत जाँच अड्डावाट सट्टा भर्ना गरी' हाल रहेका घण्टा चढाइएका थिए। यिनमा मिति दिंदा '७६ सालमा' भनिएकोले सं. १९७६ (ई. १९१९) मा यी घण्टा सरकारतर्फबाट चढाइएका रहेछन् भन्ने वुझिन्छ ।

टकेश्वर मन्दिरमा सं. २००० (ई. १९४३) मा एक जना भक्तले तामाको पाताले वनेको बसाहा चढाएका थिए । मन्दिरको नजीकै पश्चिमतर्फ सिमन्टीको मण्डपमाथि बसेको उक्त ठूलै साँढेको मूर्ति नौलो किसिमको देखिन्छ । कलात्मकताको नाममा यसको घाँटीमा वनाइएका साना-साना घण्टीको माला मात्रै देखिन्छ । यसको तामाकै पीठमा लेखिएको लेख अनुसार 'श्रीकुलदेवता टंकेश्वर महादेवताका अनुग्रहबाट वैद्यराज विमत् वहादुर र पत्नी हरिमायाले' यो साँढे उक्त मितिमा चढाएका थिए ।

यस मन्दिरमा हाल देखिएका वस्तुहरूमध्ये सबभन्दा राम्रो र उल्लेखनीय वस्तु ढुंगाको यौटा सानो सालिक हो । मन्दिरको पश्चिमी ढोका अगाडि माथि वयानिएको साढेको मण्डपै मुन्तिर रहेको यो सालिक आइमाईको हो । यो मूर्ति यौटा सानो ढुंगाको खम्वामा रहेको छ र दुवै एउटै ढुंगामा वनेका हुन् । खम्वा भुईंमा कति गाडिएको छ त भन्नै नसकिने

भयो तर भुईंमाथि खम्बा र सालिक गरी अग्लाई १ हात ५ अंगुले जतिको छ। खम्वामा पूर्वपट्टिको पाटामा ८ अंगुल जति भागमा अभिलेख लेखिएको छ। यो अभिलेखअनुसार कान्तिपुर ओमवहालकी बासिन्दा रत्नमाया श्रेष्टले आफ्नी आमा ललितपुर छायेबहालका बासिन्दा रत्नमानकी धर्मपत्नी चिनिया देवीको सालिक (शिलामूर्ति) बनाउन लगाई मन्दिरमा राखेकी थिइन्। अभिलेखमा यो काम पूरा गरेको मिति सं. २०२८ (ई. १९७१) को दिइएको छ। मितिको हिसाबले आजभन्दा ४ वर्ष जति अघि बनेको यस मूर्तिको कलात्मक स्वरूप र महत्ववारे तल यथास्थानमा विचार गरिने छ।

इन्द्राणी

विष्णुमतीको वारीपट्टि रहेको इन्द्राणीको प्रख्यात मन्दिरमा शाहकालीन ५ अभिलेखहरू देखिन्छन्। यी मध्ये सबभन्दा पहिलो यौटा निकै ठूलो शिलालेख हो। मन्दिरको ढोकाको बाहिरपट्टि पूर्वतर्फको पेटीमा रहेको यो शिलालेख ३ हात जति अग्लो र २ हात जति चौडा छ। नेपाल संवत् ९०२ (ई. १७८२) को मितिको यस अभिलेखमा २८ हरपमा आधा जति संस्कृत र आधामा नेवारी भाषामा विवरण लेखिएको छ। शुरूमा पाँच श्लोकमा इन्द्राणीको स्तुति गरी छैटौंमा 'राजेन्द्रलक्ष्मीका छोरा रणबहादुर शाह' को तारीफ गरेपछि मुक्तिमाधव भन्ने एक जना सज्जनले सपत्नीक भई मन्दिरको जीर्णोद्धार विधिविधानसाथ गरेको बयान गरिएको छ।[1] यसपछि भौगोलिक विवरण दिएपछि नेवारी भागमा 'किलाग्ल तोल' (किलागल टोल) का मुक्तिमाधवले पुरानो भएको 'लूती इन्द्राणी' को मन्दिरको जीर्णोद्धार गरेको[2]

---

१. तस्मिन्नेपालिकेब्दे द्विनभनवयुते मासि वै फाल्गुणाख्ये
पक्षे शुक्लतिथौभे मृगशिरशमने प्रीतियोगेऽन्हिका×
×× हिसंहमेचूडाकलशकरयुते देवसद्माभिरामं
विप्रैः संस्थापयित्वा जपबनिहवनैः कारयित्वा विधानैः

२. थ्व कून्हू किलाग्ल तोल खिललयीतासाल न्हुच्छेत्रा मुक्तिमाधव चिकिधिथकूं निह्म स्त्री पुरुषन श्री लूति इन्द्राणीपीठया देओल सेङाओ जीर्णजुयाओ चोङगु जीर्णउधारयाङाओ थ्व देओल दयाका प्रतिष्ठा याङा दिन जुलो ।।

र वर्ष वर्ष दिन देवीको पूजा र जात्राको बन्दोवस्त गर्न २०० मोहोर गुठि राखिएको बयान गरिएको छ । अभिलेखको पुछारमा मन्दिरको हेर गर्न नियुक्त भएका ४ जना मानिसको नाउँ पनि लेखिएको छ ।

मन्दिरभित्र इन्द्राणीको मूर्तिमाथि धातुका पाताका तीन प छाना र त्यसमाथि साना ३ कलश र नागका धातुकै फणाहरू बनेका छ उक्त छानाका झल्लरीमा दोस्रो तलाकोमा 'ॐ मनिपद्मे हूँ' र 'सं. १०० लेख देखिन्छ । अरूमा चढाउने भक्तका नाम आदि लेखिएका छन् । मिति देखिएकोले त्यो छाना ई. १८८७ मा चढाइएको हो भन्ने देखिन्छ ।

मन्दिरको बाहिरपट्टि पश्चिमतर्फको पेटीमा माथि बयानिए शिलालेखजत्तै शिलालेख रहेको छ । उक्त शिलालेखको १०८ वर्षपछि ई. १८९०[1] को यो अभिलेखमा मन्दिरको केही सुधार गरी[2] 'सुवर्णचूडाम (गजूर) चढाएको बयान गरिएको छ ।[3] यस काममा दाता अधि भक्तपुरका मल्ल राजाका मन्त्री (राजवंशी सचिव) सहश्रारामका सन्त कान्तिपुर तंलाछिटोल खाबहाल निवासी महंतराम र उनका ३ छो

---

[1] यो शिलालेखमा पहिले सं. १९३२ (ई. १८७५) लेखिएको छ र प फेरि सं. १९४७ (ई. १८९०) लेखिएको छ ।

[2] यस अभिलेखमा मन्दिरको सौन्दर्यको बयान यसरी गरिएको छः–

हे मानवा श्रृणुत संप्रति सावधाना
नैतादृशोथ भवनं क्वचिदप्यमस्ति
आगच्छ चात्र मिलिता स्वजनैश्च साधं
रक्षन्तु देहमनिशं भुजगेन दृष्टम् ।। (छैठौं हरप छैठौं श्लोक)

[3] संस्कृत भागमा कुरो अलि अस्पष्ट छ :—

सच्छेत्रे छत्रदेशे वुधजनप्रणिते देवराजस्य पत्न्या
प्रीत्यर्थं निर्मितेयं विधुजनविमुदे मंदिरे स्थापितेयम् ।।

नेवारी भागमा कुरो अलि स्पष्ट भएको छः—

श्री श्री श्री इश्वरीया अनाध्य देवालय सुवर्णचूदामणिया प्रतिष्ठा X X
कुन्हु श्री
श्री श्री इन्द्रायणि इश्वरिया लुया मुकण प्रतिष्ठा जुल

भवानिनारायण, शिवसुन्दर र जोगमान भनी अभिलेखमा लेखिएको छ ।[1]

यो मन्दिरको मूल ढोकाको सामुन्ने (उत्तरतर्फ) आँगनमा दुईटा ढुंगाका खाँबा ठड्याइएका छन् । यिनमध्ये पूर्वतर्फकोमा नेपाल संवत् १०१५ (ई० १८९५) को लेख लेखिएको छ । यसमाथि धातुको सानै सिंह जडान गरिएको छ । पश्चिमतर्फको खाँबोमा दक्षिणपट्टिको पाटामा ११ हरपको अभिलेख लेखिएको छ । लेखमुन्तिर खोपामा मानिसको हात जोरेको सालिकको अर्धचित्र छ र त्यसमुन्तिर 'सिंहविर्' नाम लेखिएको छ । अभिलेखअनुसार नेपाल संवत् १०२० (ई. १९००) मा भाई नरसिंहले दाजु सिंहवीरको नाउँमा 'लोहखंब' र त्यसमाथि 'सुनको मयूर' स्थापित गरेका थिए । यी दुवै खाँबा चिप्लाइएका छैनन् अनि माथि जडान गरी चढाइएका मुजुर र सिंहमध्ये सिंहचाहिँमा 'सुनौला' रंग अलि चम्किँदै छ तर मुजुरचाहिँ नीलो भैसकेको छ । यो मन्दिरभित्र पूर्व र पश्चिम भागमा बनेका दक्षिण–उत्तरमा भित्तामै जोडिएका साना पेटीमा लहरै दुईतिर गरी ५–५ ओटा ढुंगाका साना-साना देवीकै आधुनिक-कालीन भन्न सकिने मूर्तिहरू पनि थापिएका छन् तर तिनमा कुनै लेख देखिंदैन ।

कंकेश्वरी

कान्तिपुर शहरको पश्चिमी किनारमा विष्णुमतीको वारिपट्टि किनारामा रहेको कंकेश्वरीको प्रख्यात मन्दिरको अवस्थिति उत्तरमल्लकालमा थियो भन्ने कुराका प्रमाण त्यस वेलाका यहाँ रहेका केही अभिलेख र मूर्तिहरू हुन् । तर यो मन्दिर अलिलि झकिझकाउ हुन थालेको शाहकालमै हो भन्ने कुरा

---

[1] यस अभिलेखको विशेषता मल्ल राजाका भारदारको वंशावलि प्रस्तुत गर्नुमा छ । मल्लकालका सहश्राराम सँग पुस्ता जोड्ने कुरा यहाँ अस्पष्ट भए पनि उनका सन्तान भनी महंतरामको नाउँ लेखी तिनका ३ छोराको नाउँ लेखी पछि फेरि सहश्राराम र उनका पत्नी तथा सन्तानहरूको लामो सूची दिइएको छ । सूचीमा नाम दिनुबाहेक अरू केही कामको विवरण नदिएको हुँदा यो वंशावलि मात्रै बनेको छ । यहाँ मल्ल राजाहरूमा 'मानवगोत्र माद्यंदिनिसाषात्रिप्रवर हनुमन्धोज श्रीनागमल्लराजाया कुलस उत्पन्नजुवहा श्री नेपाल सम्वत् ७७८ सालन श्री ३ नरेशमल्ल राजा व श्री ३ जगत्प्रकाशमल्लराजा' को उल्लेख परेको छ ।

त्यहाँ रहेका यसकालका अनेक वस्तुहरूले प्रमाणित गरेका छन् । यहाँ रहे विभिन्न रूपका १२ शाहकालीन अभिलेखहरूको विवरण यहाँ प्रस गरिन्छ ।

१. यहाँ देखिएको सबभन्दा पुरानो शाहकालीन अभिलेख शिल लेखको रूपमा छ र यो उक्त मन्दिरको उत्तरपट्टिको पाटीमा भित्तामा टाँ राखिएको २० हरप लामो लेख छ । तत्कालीन अभिलेख-कलाको रा उदाहरण यो शिलालेखमा रणबहादुर साहको पालामा 'यंटाखाटोर' धंजुभारो र उनको परिवारले मिली 'श्री ३ कहगेश्वरी चामुण्डा' को प्री गरी घाट र धर्मशाला (फले) बनाई चढाएको[1] कुरा लेखिएको छ । नेपा संवत् ९०१ (ई. १७८१) को मिति भएको यो शिलालेखमा ती भक्तह लक्ष्मीनारायण र उमामहेश्वरका मूर्ति पनि थापेको चर्चा गरिएको छ शिलालेख रहेकै पाटीमा भित्तामा दुईतिरा खोपामा ती मूर्ति देखिन्छन् यी मूर्तिको कलात्मक स्वरूपबारे तल यथास्थानमा विचार गरिने छ ।

२. कंकेश्वरी मन्दिरको पूर्वोत्तर कुनामा आँगनमै सानो आ खुला मन्दिरमा थापिएको निकै ठूलो मञ्जुश्रीको मूर्ति । पादपीठमा लेखिए लेख अनुसार नेपाल संवत् ९५७ (ई. १८३७) मा यो मूर्ति थापिए थियो । यो मूर्तिको कलात्मक अध्ययन तल यथास्थानमा गरिने छ ।

३. यस मन्दिरमा शाहकालमा चढाइएको सबभन्दा राम्रो महत्त्वपूर्ण कलाकृति ढोकाको मास्तिर रहेको ठूलो धातुको पाताले बने अति राम्रो तोरण हो । यो तोरण 'राजेन्द्र विक्रम साह' को पालामा नेपा संवत् ९६१ (ई. १८४१) मा चढाइएको भन्ने अभिलेख तोरणकै मुन्ति ढोकाको निदालको मुन्तिरपट्टिको भागमा मोरिएको धातुको पातामा लेखिए विस्तृत लेखबाट थाहापाइन्छ । यो तोरणमा बीचमा मुख्य स्थान वि चामुण्डाको अति राम्रो 'कंकालमूर्ति' बनाइएको छ । यसको कलात्म विवरण पछि प्रस्तुत गरिने छ ।

४. मन्दिरको ढोकासामुन्ने (उत्तरपट्टि) आँगनमा १ हात व मोटो र निकै अग्लो ढुंगाको खाँबो छ । यसको दक्षिणपट्टिको पाखा

---

[1] क—घट्टं जनाश्रयं कृत्वा संप्रदत्तम्—
ख—छ्व घात दयका छ्व चपालसहित फले सूद्धा दयका ।

लेखिएको ४८ हरफको नेवारी लिपिको लामो अभिलेख छ । अभिलेखअनुसार नेपाल संवत् ९६४ (ई. १८४४) मा 'राजेन्द्रविक्रम सुरेन्द्रविक्रम, णरेन्द्रविक्रम रणेन्द्रविक्रम यिणन्द्रविक्रम साहदेव' को पालामा यो खम्बा थापी धातुको सिंहमूर्ति जडान गरी चढाइएको विवरण लेखिएको छ ।[1] यो खम्वा कमलशीर्ष छ र घाँटीमा साना खप्परको माला बन्नुमा यसको मौलिकता देखिन्छ ।

५. मन्दिरको ढोकाको दाहिनेपट्टि (पूर्वतर्फ) पेटीमा रहेको घण्टा त्यसँमा लेखिएको लेख अनुसार अघि महारानी सुवर्ण-प्रभाले चढाएको घण्टा फुटेकोमा उपेन्द्रविक्रम शाहले सं. १९०७ (ई. १८५०) मा अघिको घण्टामा थप गरी बनाई चढाएका थिए ।[2]

६. मन्दिरभित्र मूल पूजास्थलमाथि[3] रहेको नागको फणा र जिउ भएको ठूलो तोरणमा नेपाल संवत् ९८० (ई. १८६०) को अभिलेख छ । यसबाट यो रमणीय तोरण उक्त मितिमा कुनै भक्तले चढाएको देखिन्छ ।

७. मन्दिरको ढोकामा दाहिने देब्रे रहेका भीमकाय धातुका सिंहका धातुकै पादपीठमा लेखिएको लेखमा नेपाल संवत् १०१७(ई. १८९७) मा कुनै भक्तले चढाएको विवरण लेखिएको छ ।

८. मन्दिरको ढोकाको पश्चिमतर्फ पेटीमा ढुंगाको चौकोसमा झुण्ड्याइएको घण्टामा नेपाल संवत् १०१९ (ई. १८९९) को अभिलेख लेखिएको छ । ढुंगाको चौकोसमाथि निदालमा उत्तरतर्फको पाटामा बीचमा

---

[1] यस अभिलेखका नायक दानपति बौद्ध धर्मावलम्बी देखिन्छन् । अभिलेखमा संकलपमा 'अद्य श्रीमत् श्री ३ शाक्यसिहतथागतस्य वुद्धक्षेत्र' भनी अरू भौगोलिक विवरण दिइएको छ । 'वृद्धक्षेत्र' को उल्लेख भएको यो नौलो शिलालेख हो । अनि हिन्दू र बौद्ध दुवै मार्गीहरूले कंकेश्वरीको मानिता गर्दछन् भन्ने कुराको लिखित प्रमाणको रूपमा पनि यस शिलालेखको महत्त्व देखिन्छ ।

[2] लेख–अघि श्रीमहारानी सोवर्णप्रभा देवीबाट चह्राई राष्याको श्रीकंकेश्वरीका घंट फुट्दा श्रीमाहिला साहेवज्यू उपेन्द्रविक्रम साहदेवबाट अघीका घण्टमा थपी बनाई १९०७ सालमाघ सुदि ५ रोजका दिन चन्ह्रायाको घंट हो कसैले लोभ गर्‍या महापातक होला शुम्भ ।।

[3] यहाँ पूजास्थलमा कुनै मूर्ति रहेको छैन ।

सानो खोपामा चामुण्डाको 'कंकालमूर्ति' को अर्धचित्र बनाइएको छ । थाम मास्तिर दुईतिर खोपामा गणेश र आर्को कुनै देवमूर्तिका अर्धचित्र प बनाइएका छन् ।

९. मन्दिरको पूर्वतर्फको आँगनमा दक्षिणपट्टि रहेको १ हात वर्ग मोटो निकै अग्लो खंबा त्यसैमा लेखिएको अभिलेख अनुसार सं. १९५ (ई. १९००) मा चढाइएको देखिन्छ । यस खम्बामाथि सिंहको धातुमूर्ति रहेको छ । अभिलेखमुन्तिर ६ जनाको सालिकका अर्धचित्र पनि बनेका छन् ।

१०. कंकेश्वरी मन्दिरको पश्चिमपट्टिको वाहिरी भित्तामा जोडी पेटीमा टाँसिएको २ हात जति अग्लो र १ हात १ बित्ता जति चौडा शिलापत्रमा १४ हरफको लेखमा 'त्रिभुवनवीर विक्रमसाहदेव' को पालामा सं १९७ (ई. १९१६) मा भक्तहरूले मिली मन्दिरका चारै कुनामा ढुंगाका सिंहमूर्ति थापी चढाएको विवरण लेखिएको छ । शिलापत्रको सिरानमा बीचमा निकै ठूलो अर्धचित्रमा चामुण्डाको वसेको 'कंकालमूर्ति' बनेको छ । मुन्तिरको भागमा चाहिं ४ दम्पतिका ८ सालिकका अर्धचित्र वनेका छन् । चढाइएका ढुंगाका सिंह ४ कुनामा उफ्रिन (झम्टिन) लागेको अवस्थामा छन् साधारणतया राम्रै छन् ।

११. पूर्वतर्फको आँगनमा रहेको मुडी हात जति वर्ग मोटो ढुंगाको खम्बा त्यसैमा लेखिएको लेख अनुसार 'त्रिभुवन वीरविक्रमसाहदेव'को पालामा नेपाल संवत् १०४१ (सं. १९७८, ई. १९२१) मा चढाइएको देखिन्छ । यस खम्बामाथि धातुको सिंहमूर्ति जडान गरी थापिएको छ ।

१२. यस मन्दिरको पूर्व र दक्षिणपट्टिका काठका अलंकृत तोरण पनि आधुनिक कालमै वनाई चढाइएका देखिन्छन् तर दक्षिणतर्फ रहेकोमा मात्र पादपीठमा अभि– (काष्ठ) लेख छ । यसैले यो बनाई चढाएको निश्चित तिथिमिति थाहापाइन्छ । यसमा लेखिएको लेख अनुसार काठको यो अलंकृत तोरण सं. २००८ (ई. १९५१) मा बनाई चढाएको कुरा थाहा पाइन्छ ।

१३. मन्दिरभित्रपट्टि पूर्व र पश्चिमतर्फ धातुका पुरुष र आइमाईका १–१ निकै अग्ला र राम्रा सालिक उभिएको अवस्थामा छन् । शैलीको दृष्टिले यी दुवै मूर्ति दम्पतिको हो भन्ने देखिन्छ र निर्माणकाल आधुनिकै हो भन्ने पनि अन्दाजी गरिएको छ ।

यसरी यस मन्दिरमा शाहकालमा प्रशस्त वस्तुहरू चढाई निकै झकिझकाउ पारिएको देखिन्छ। यहाँ मन्दिर ओरिपरी शाहकालमै धेरै 'धर्मधातु चैत्य' पनि बनाई थापिएका छन् र तिनमध्ये अधिकांशमा आधुनिककालीन अभिलेख पनि लेखिएको छ। तिनको साधारण विवरण बौद्ध मन्दिरहरूको सन्दर्भमा लिइने छ।

रक्तकाली, टँगल

शाहकालमा यो मन्दिरलाई दुईपल्ट महत्त्वपूर्ण वस्तु चढाएको देखिन्छ। पहिलो हो सुनको जलप लगाइएको धातुको छाना र आर्को मन्दिरको बाहिरी भित्तामा धातुका पाताले टम्म मोरिदिने काम। दोस्रो घटनाको सम्बन्धित लेख मितिसहित लेखिएको त्यहीं रहेको छ। पहिलो घटना सम्बन्धी लेख पनि छानाको झल्लरीमै लेखिएको छ तर अप्ठेरोमा पर्दा त्यसलाई नागरी लिपिको लेख भनी निश्चित गर्नुबाहेक दानपति र मिति चाहिं ठम्याउन सकिएन। जे भए पनि सुनको जलप लगाएका धातुका पाताले छाना मोरिदिने उक्त काम सं. ९० साल कै हाराहारी भएको देखिन्छ। धातुका छाना चढाउने कुरा त धेरै मन्दिरहरूमा देखिएकै कुरो हो तर मन्दिरको भित्तालाई समेत धातुका पाताले मोरी रमणीय पार्ने काम चाहिं यसै मन्दिरमा मात्र देखिएको छ। यस रमणीय कार्यका दानपति मन्दिरको कार्निसमा लेखिएको ठूल्ठूलो अक्षरको लामो लेखले 'धर्माधिकार हेरम्बराज पण्डित' हुन् भन्ने देखिन्छ। अनि यति गराइएको मिति पनि त्यसैमा लेखिए अनुसार सं. १९९३ (ई. १९३६) हो भन्ने पनि बुझिएको छ।[1] यसरी

---

[1] यो अभिलेख यस प्रकारको छः—

श्री ६ गुरुराज धर्माधिकार विजयराज पण्डितस्य प्रपौत्रेण श्री ६ गुरुराज धर्माधिकार नगेन्द्रराजपण्डितस्य पौत्रेण श्री ६ गुरुराज लोकराज पण्डितस्य ज्येष्ठपुत्रेण श्री ६ गुरुराज धर्माधिकार हेरम्बराजपण्डितेन श्रीरक्तकालीप्रीतये समर्पितमिदं विक्रम संवत् १९९३ माघपूर्णिमायाम् (।)

(श्री ६ राजगुरु धर्माधिकार विजयराजपण्डितका पनाति, श्री ६ राजगुरु धर्माधिकार नगेन्द्रराजपण्डितका नाति, श्री ६ राजगुरु लोकराज पण्डितका जेठा छोरा श्री ६ राजगुरु धर्माधिकार हेरम्बराजपण्डितले श्रीरक्तकाली प्रीति गरी चढाएको यो विक्रम संवत् १९९३ माघपूर्णिमामा (।)

मोरिएको भित्तामा धातुका पातामा ईंटवा डोभ पनि बनाई ठाउँ-ठाउँ राम्रा राम्रा फूलबुट्टा पनि रचाई यस कार्यलाई अझ मनोहारी बनाइए छ ।

काठेसिम्भू

कान्तिपुर शहरको बीचैमा रहेजस्तो काठेसिम्भूको प्रख्यात चैत बौद्धकलाको संग्रहालयको रूपमा विद्यमान रहेको छ । यहाँ मूल चैत्य वरिपरि गरी प्राचीनकालदेखि शाहकालका झण्डै आजसम्मका विभि किसिमका कलाकृति यहाँ देखिन्छन् । ई. १७६८ देखि आजसम्मका २ वर्षका बीचमा यहाँ थापिएका सबै वस्तुहरूको सूची निकै लामो हुन जा देखिन्छ तर यहाँ हामीले केही शिलालेखका विवरण मात्र प्रस्तुत गरी सा चित्रको रूप देखाउने प्रयत्न गरेका छौं ।

१. अभिलेखयुक्त कलाकृतिहरूमा शाहकालीन वस्तु यस चैत्यक पश्चिमोत्तर कुनामा रहेको हारतीको मन्दिरमा उत्तरपट्टि भित्तामा टाँसिए तोरण देखिन्छ । काठको अति राम्ररी बनेको यो तोरणमा नेपाल संव ९८९ (ई. १८६९) को मिति लेखिएको छ । यसबाट यो काष्ठकला राम्रो उदाहरण उक्त मितिमा बनाई हारती देवीलाई कुनै भक्तले चढाए देखिन्छ ।

२. काठेसिम्भूको चैत्यको पश्चिमपट्टि दक्षिण र उत्तरबाट चढ् दुईटा सीँढी छन् तिनैको बीचमा दुईतिर शिलालेख थापिएका छन् । ती दुईमध्ये दक्षिणतर्फको अग्लो शिलापत्र कलाको दृष्टिले पनि उत्तममध्येमा पर् आउने ठहर्छ । ४३ हरपको विस्तृत लेखमा महाराजाधिराज सुरेन्द्रविक्रम शाहको पालामा महारत्न भन्ने भक्तको नेतृत्वमा निकै मानिसहरूले यो चैत्यको जीर्णोद्धार गरेको वयान लेखिएको छ । यसमा जीर्णोद्धारका अनेक घटना वयान गर्दा नेपाल संवत् ९८८ को पनि उल्लेख गरिएको छ तर यसैमा फेरि नेपाल संवत् ९९२ (ई. १८७२) को पनि उल्लेख भएकोले जीर्णोद्धा त्यसै मितिमा सम्पूर्ण भएको देखिन आएको छ । यस शिलापत्रको कलात्मक विवरण उपयुक्त ठाउँमा गरिने छ ।

३. उक्त चैत्यको पश्चिमतर्फ आँगनमा गोटो, अग्लो र निके चिल्लो यौटा ढुंगाको खाँबो ठडिएर रहेको छ । यसको शीर्षभागमा ढलौटक मूर्ति–ढलौटकै फूलपाती र बेलबुट्टाले सजिसजाउ भई रहेको छ । यस खम्बाको

पूर्वतर्फको पाटामा बीचमा २३ हरपमा लेखिएको अभिलेख अनुसार नेपाल संवत् १०१० (ई. १८९०) मा 'मनिरत्न' भन्ने भक्तले खम्बा ठड्याई 'श्री ३ वज्रसत्वको मूर्ति प्रतिष्ठा' गरेको थाहापाइन्छ। यस खम्बाको मुन्तिरको भागमा पूर्वपट्टिकै पाखामा १ बित्ता जति अग्लो र त्यतिनै चौडा सानो खोपामा तिनै भक्तको राम्रो सालिक वनेको छ र त्यसमुन्तिर 'मनिरत्न' लेखिएको छ। यो खम्बा १ बित्ता जति अग्लो ढुगाले बनेको सानो चौकोर मण्डपमा उभिएको छ। यो मण्डपमा चार कुनामा सिंह राखी यसलाई सिंहासनको रूप पनि दिई यो सम्पूर्ण कलाकृतिलाई निकै भव्य पारेको छ।

४. उक्त चैत्यको पूर्वतर्फ आँगनमा लामो अग्लो सेतो सिमन्टीले वनेको खम्बा रहेको छ जसको शीर्षभागमा चारैतिर खुला भएको यौटा 'खोपा' जस्तोमा एक जना भक्तको कम्मरमाथिको हात जोडेर रहेको मुडुल्ले सालिक थापिएको छ। यसको पश्चिमपट्टिको पाटामा सालिकमुन्तिरै संगमर्मरको चौकोर टुक्रामा लेख लेखाई टाँसिएको देखिन्छ। यसमा सर्वज्ञरत्न भन्ने सज्जनले नेपाल संवत् १०८२ (ई. १९६२) मा आफ्ना दाजुको यो सालिक थापेको कुरा बुझिन्छ।

५. माथि संख्या २ मा वयान गरिएको शिलापत्र रहेकै ठाउँनेर उत्तरपट्टि आर्को उत्रै शिलापत्र रहेको छ – अर्थात् यी दुवै शिलापत्र ४ हात जति अग्ला छन्। कला पनि दुवैको हूबहू मिल्ने छाँटको छ तर पुछारको भागमा भने यो चाहिं शिलापत्रको आर्कै कलात्मक महत्त्व देखिन्छ। ४४ हरपको लामो लेखमा यसमा 'श्री शान्तिघट वज धातु चैत्य' लाई नमस्कार गरी अरू केही भक्तिश्लोक समेत लेखी 'महाराजाधिराज त्रिभुवनवीर विक्रम साहदेव' को राज्यमा असनका हर्षरत्न तुलाधरले यो चैत्यको जीर्णोद्धार गरेको घटनाको बयान गरिएको छ। यसमा पनि जीर्णोद्धारका अनेक घटनाहरूको उल्लेख भएको छ र कर्मीहरूको परिचय पनि दिइएको छ तर यसमा अन्तिम रूपमा मितिको उल्लेख गर्दा नेपाल संवत् १०८७ (ई १९६७) दिइएको छ। मिति पछिको दिएको कारण जीर्णोद्धारको काम निकै लम्मिएको देखिन्छ। ७ वर्ष जति अघिको यो शिलापत्रको कला हेरीरहूँ लाग्ने छ र यसैले यसको कलात्मक विवरण पछि उपयुक्त स्थानमा फेरि गरिने छ। अनि यहाँ शाहकालमै चढाइएका चैत्यको विवरण पनि पछि प्रस्तुत गरिने छ।

सल्ल्यानकोट देवी

माथि हामीले यस मन्दिरको दुईपल्ट जीर्णोद्धार गरिएको घटनाको चर्चा गरिसकेका छौं। यहाँ हामी यस 'मन्दिर' मा गुठीको बन्दोबस्त मिलाइएको र केही धार्मिक वस्तु चढाएका कुराको विवरण प्रस्तुत गर्दछौं।

१. ई. १८०३ मा द्वारे विस्राम रानाले महाराजाधिराजमा विन्ति पारी वक्साई देवीलाई नगरा, तुरही र थाली चढाएका थिए।[१]

२. ई. १८०६ मा महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहले देवीलाई नगरा चढाई त्यो वजाउने दमाइलाई गुठीसमेत राखिदिएका थिए।[२]

३. मन्दिरमा अघिदेखि रहेका खेत ४।२२ को थमौती ई. १८१३ मा महाराजाधिराज गीर्वाणयुद्धले गरिदिएका थिए।[३]

४. ई. १८२३ मा महाराजाधिराज राजेन्द्रविक्रम शाहले यस मन्दिरका पुजारी (प्रोहित, पुरोहित) को खान्गी जग्गा खोलाले खाएकोमा सट्टा भर्ना जग्गाको वन्दोवस्त गरिदिएका थिए।[४]

मनकामना

ई. १७६३ मा महाराजाधिराज पृथ्वीनारायण शाहले यस मन्दिरमा जग्गा गुठी राखिदिएको कुराको उल्लेख माथिनै भैसकेको छ। पछि यस मन्दिरमा ध्वज, सुनौला ढोका, घण्टा र आसा चढाइएका केही अभिलेख देखिएका छन्। यहाँ तिनको विवरण प्रस्तुत गरिन्छ।

१. ई. १७९९ मा महारानी सुवर्णप्रभा (सोमप्रभा) ले 'श्री श्री श्री मनकामना महालक्ष्मी प्रीति गरी' ७२ तोला ४ मासाको आसा चढाएकी थिइन्।[५]

---

१. इतिहास प्रकाश, १. पृ. ३९.

२. ऐजन.

३. ऐजन. पृ. ३८.

४. ऐजन, पृ. ३८.

५. इतिहास प्रकाश, १. पृ. ४८।

२. ई. १८०२ मा संग्रामशूर रानाले मनकामनाको मन्दिरमा 'सुनले बनाएको द्वार' (सुवर्णनिर्मितं द्वारं स्थापितं देवताग्रतः) बनाएका थिए ।[1]

३. ई. १८०२ मै शूरवीर रानाले पनि मनकामनाको मन्दिरमा सुनले बनाएको द्वार बनाएका थिए ।[2]

४. ई. १८१२ मा महाराजाधिराज गीर्वाणयुद्धले मनकामनामा घण्टा चढाएका थिए ।[3]

५. ई. १८३४ मा काजी रणजंगपाँडेले उक्त मन्दिरमा घण्टा चढाए ।[4]

६. ई. १८१२ मा महाराजाधिराज गीर्वाणयुद्धले चढाएको घण्टा फुटेकोले मन्दिरका पुजारीले जीर्णोद्धार गरी बनाए ।[5]

७. ई. १८१२ मा महाराजाधिराज गीर्वाणयुद्धले यहाँ चढाएको आर्को घण्टा फुटेकोले पुजारीले जीर्णोद्धार गरी बनाए ।[6]

८. ई. १९३६ मा धर्मराज श्रेष्ठले परिवारसहित भै मन्दिरमा धातुका ध्वज चढाए ।[7]

मच्छेन्द्रबहाल

नेपाल उपत्यकाभरि मात्र हुँन सम्पूर्ण नेपालभरि र अझ भनौं भने संसारभरिनै कलाको केन्द्रको रूपमा कान्तिपुरस्थित मच्छेन्द्रबहालको मन्दिरको दाँजो लाग्ने आर्को केन्द्र छैन भन्दा नेपालमै भएका कतिपय मन्दिरहरूका सम्बन्धमा अतिव्याप्ति पर्न जाने भए पनि आफ्नो रूपमा यसलाई बेजोड भन्न सकिन्छ । झण्डै लिच्छविकालदेखिको यो मन्दिरमा हाल प्रत्यक्षत: देखिने कलाकृतिहरूमा मल्लकालका केही र शाहकालका थुप्रै सामान देखिन्छन् । मन्दिरको निकै फराकिलो चोकमा चारैतिर थापिएका

---

[1] ऐजन । १ पृ. ४८ ।
[2] ऐजन ।
[3] ऐजन ।
[4] ऐजन ।
[5] ऐजन ।
[6] ऐजन ।
[7] ऐजन ।

चैत्यहरूलाई छोडी अरू शाहकालीन अप्रतिम धार्मिक कलाकृतिहरूमध्ये अभिलेख समेत भएका जम्मा ८ को विवरण यहाँ प्रस्तुत गरिएको छ।[1]

१. मच्छेन्द्रनाथको मुख्य ढोका (पूर्वको) मा धातुका चित्र-विचित्र पारिएका पाताले मोरिएको र सम्भवतः मुख्य तोरणै पनि ई. १७८५ (नेपाल संवत् ९०५) कुनै भक्तले चढाएको देखिन्छ। किनभने ढोकाका धातुले मोरिएका दुईतिरका खम्बामा मुन्तिर विस्तृत लेख लेखिएको छ र त्यसमा उक्त (ने. सं. ९०५) मिति लेखिएको छ। यसको चित्र र कलात्मक विवरण तल गरिने छ।

२. मच्छेन्द्रनाथको दक्षिणपट्टिको बन्द ढोकामा खापामा धातुको पाताले मोरिएको, त्यसैमा लेखिएको निकै विस्तृत अभिलेखले ई. १८५५ (नेपाल संवत् ९७५) मा हो भन्ने देखिन्छ। यो ढोकाका दुई खापामा हरेकमा ३–३ गरी जम्मा ६ वटा भैरवका तान्त्रिक रूपका मझौला आकार (१ हात जति अग्ला) का मूर्ति छन्। नरमुण्डमालाधारी, ३ (देखिने) टाउका सबैमा भए पनि तिनका आयुधहरूमा भिन्नता देखिन्छ। कलाको दृष्टिले अति राम्रा यी ६ मूर्ति र धातुका पातामा बनेका अरू कलात्मक रूपहरू 'अत्युत्तम' ठहराएमा आपत्ति ठहर्दैन, यसको विश्लेषण भने पछि गरिने छ।

३. उक्त मन्दिरको सामुन्ने पूर्वपट्टि रहेको ढुंगाको खाँबो यसैमा लेखिएको अभिलेख अनुसार ई. १८५५ (नेपाल संवत् ९७५) मै चढाइएको देखिन्छ। यो खाँबोको पश्चिमपट्टिको पाखामा रहेको उक्त लेख ३५ हरपको छ र त्यसमा थालनीका १०॥ हरप जतिमा स्तुतिश्लोक (संस्कृतमा) लेखी, मितिको उल्लेख गरेपछि 'महाराजाधिराज श्री ५ सुरेन्द्र विक्रम साहदेव' को पालामा (पर्यायस) बज्राचार्य समन्तभद्रले सपरिवार भई ढुंगाको खाँबोमाथि सिंहबाद लोकेश्वरको 'सुवर्णलेपित मूर्ति' थापेको विवरण दिइएको छ। यस खम्बामा मुन्तिर खोपामा समन्तभद्रको राम्रो सालिक पनि बनेको छ। सालिक लामाको जस्तो खण्डे कानेटोपी जस्तो लगाएको र लामो जामा जस्तो लुगा लगाई दुवै घुंडा मारी हात जोरेर बसेको अवस्थामा बनेको छ। यो खम्बा पहेंल्चो खैरो ढुंगाको बनेको छ र शीर्षमा कमल बनेको छ। यसलाई निकै राम्ररी चिल्लो पारी राम्रो पनि पारिएको छ।

---

[1] खाँबामाथि जडान गरिएका मूर्तिकै पछिल्तिरको भागमा पादपीठमा पनि यही मिति फेरि लेखिएको छ।

४. मच्छेन्द्र वहालको मूलढोकासामुन्नेनै पूर्वतर्फ नागवेली बुट्टेदार यौटा ढुंगाको खाँवो रहेको छ जसमाथि ४ हात भएको धातुको अति राम्री वौद्ध मूर्ति थापिएको देखिन्छ । ४ हातमध्ये दुईटाले हात जोडी नमस्कार गरेको छ । यसको अभिलेख जीर्ण हुँदा र ध्यान विचिन्नको (त्यहाँका पुजारीको भनाईमा षडक्षरी-लोकेश्वर) ढुंगाकै कछुवामाथि थापिएको नागवेली परेको यो खाँबोको कलात्मक स्वरूपको अरू उदाहरण कम्तीनै देखिन्छ । यस खाँबोको मुन्तिर भागमा सानो खोपामा भक्तको सालिक पनि बनेको छ र यसै मुन्तिर खाँबोको गोल भागमा पश्चिमपट्टिको सामुन्ने भागमा (कछुवाभन्दा माथि देखिने भागमा) केही अभिलेख लेखिएजस्तो देखिन्छ । अभिलेख ज्यादै जीर्ण छ र त्यसमाथि माटो पनि थोपरिएको हुँदा यस खाँबोको निर्माण र दान मिति निश्चित गर्न अप्ठेरै छ, तर अभिलेखको एक भागमा ध्यानसित हेर्दा ‘संवत् ९ X X’ जस्तो देखेकोले यसलाई ‘नेपाल सवत् ९९९’ (ई. १८७९) तिर राखी विचार गरिएको छ ।

५. यस मन्दिरको ढोका सामुन्ने पूर्वतर्फ नजीकै ठडिएका दुई वटा ढुंगाका खाँबामा ‘महाराजाधिराज श्री ५ पृथ्वी वीरविक्रम साहदेवया राज्ये’ भनी ई. १९११ (शक संवत् १८३२, विक्रम संवत् १९६७ र नेपाल संवत् १०३१) को मिति लेखिएको छ । अभिलेखमा शुरुमा लोकनाथलाई नमस्कार गरिएकोले ती खाँबामाथि लोकनाथकै ढलौटे मूर्ति थापिएको देखिन्छन् । यी दुवै ढलौटे मूर्ति पनि राम्रा बनेका छन् ।

६. उक्त मन्दिरको पूर्वतर्फको ढुंगाको खाँबोमा ई. १९२५ (नेपाल संवत् १०४५) को मिति भएको अभिलेख लेखिएको छ । अभिलेखमा लोकनाथलाई नमस्कार गरिएको हुँदा खाँबोमाथि जडान गरिएको राम्रो धातुको मूर्ति पनि लोकनाथकै हो भन्ने बुझिएको छ । यो खाँबो चिल्लो पारिएको छैन तर माथि कमलशीर्ष बनाई त्यसमुन्तिरका चारै पाटामा अलि तलसम्म कलश र फूलपाती बनाई नौलो खालको बनाइएको छ ।

७. मच्छेन्द्रनाथ मन्दिरको पूर्वोत्तर कुनातर्फ रहेका दुई खाँबामध्ये उत्तरबाट दक्षिणतर्फ दोस्रो–मोटो र निकै चिल्लो पारिएको छ । असमा लेखिएको ३६ हरपको लामो अभिलेख लेखिएको छ जसमा ‘आर्य्यावलो-कितेश्वर’ लाई नमस्कार गरेपछि ‘…श्रीमन्माहाराधिराज श्री श्री श्री त्रिभुवन चिरविक्रम साहदेव …‘राज्ये’ लेखी ई. १९३६ (नेपाल संवत् १०५६)

सद्धर्मव्रत गरी भक्तले ई. १६३८ (नेपाल संवत् १०५८) मा खाँबो राखी त्यसमाथि ढलौटे सिंह चढाएको विवरण लेखिएको छ । यस खाँबोमाथि जडान गरी चढाएको ढलौटे सिंह राम्रो बनेको छ ।

८. ७ तौंआ बयान गरिएको खाँबोको नजीकै उत्तरतर्फ रहेको खाँबो र त्यसमाथि जडान गरिएको ताराको ढलौटे मूर्ति त्यसैमा लेखिएको अभिलेखमा टिपिए अनुसार ई. १९४१ (संवत् १९९८) मा चढाइएको देखिन्छ । यस खाँबोको पश्चिमपट्टिको पाखामा लेखिएको २२ हरपको अभिलेख अनुसार उक्त (ई० १९४१) मितिमा ‘श्री ५ सरकार त्रीभुवन वीक्रम साहादेव’ को राज्यकालमा ‘कुलमां मानकुमारीको छोरी कौसल धोबी’-ले ‘सुनको मुलम्बा गरी श्री तारादेवीको मुरती धुंगाको षम्बामा थापना’ गरेकी थिइन् भन्ने बुझिन्छ । यसैमा उक्त तारादेवीको ‘नित्यपूजा’ छ विचाल-पूजा’ आदिको लागि केही जग्गाको गुठी राखेको र गुठियार समेत बन्दोबस्त गरेका कुरा लेखिएको छ । अभिलेख लेखिएको भागमाथि दुई तह गरी ३ जना (लोग्नेमान्छे, स्वास्नीमान्छे र सानो बालक) र त्यसमाथि दुईटा खोपामा १–१ दम्पतिका, अनि खाँबोको दक्षिण कोखामा खोपामा २ जना आइमाईका गरी जम्मा ९ जना सालिकका राम्रा अर्धचित्र पनि बनेका छन् ।

महांकाल मन्दिर

कान्तिपुर शहरको पूर्वी किनारामा टुंडीखेलको पश्चिमी किनारामा रहेको महांकालको मन्दिरमा पनि शाहकालमा धेरै धार्मिक वस्तु थपिएको र सुधारकार्य आदि गरिएको देखिन्छ ।

यस मन्दिरमा पाइएको पुराना लेखमध्ये यौटा मन्दिरको पश्चिमोत्तर कुनामा झुण्ड्याइएको घण्टामा लेखिएको छ । लेख अनुसार ई. १८४९ (संवत् १९०६) मा काजी कुलमान सिंह बस्नेतले यो घण्टा चढाएको देखिन्छ । मन्दिरकै मूल ढोकाका सामुन्ने दायाँ-बायाँ गरी थापिएका ढलोटले बनेका दुई सिंह तिनैमा लेखिएको लेख अनुसार ई. १८९७ (संवत् १९५४) मा चढाइएका देखिन्छन् । अनि, मन्दिरको मूल ढोकाकै दायाँ बायाँ गरी थापिएका पित्तलका झण्डा पनि तिनैमध्ये उत्तरतर्फको चाहिंमा लेखिएको लेख अनुसार ई. १९०१ (संवत् १९५८) मा ‘जज्’ महावीरसिंह गढतौला क्षत्रीले चढाएको देखिन्छ ।

ई. १९१३ (संवत् १९७०) मा तत्कालीन श्री ३ महाराज चन्द्रशम्शेरले यस मन्दिरको सम्पूर्ण (लेखको वाक्य–मन्दिर चौघरा सतल् चोक पेटीसमेत मर्मत् गरि जीर्णोद्धार गरी बक्सेको) जीर्णोद्धार गरेको थाहा पाइन्छ । यस कुराको संस्मरण मन्दिरको दक्षिणतर्फको सत्तलको पश्चिमी भागको भित्तामा टाँसिएको उक्त मिति लेखिएको संगमर्मरको सानो पट्टिका लेखमा गरिएको छ । त्यसपछि ई. १९६१ (संवत् २०१८) मा स्व. श्री ५ महेन्द्रबाट यस मन्दिरको 'सर्वं पुनर्निर्माणको, साथै मन्दिरको टायल फेरि पित्तल पाता लगाई रंगरोगन' गराइएको कुरा त्यहीं मन्दिरको ढोकामुनि रहेको संगमर्मरको लेखबाट ज्ञात हुन्छ ।[1]

वंशगोपाल मन्दिर

ई. १६८० मा पाटनमा बनेको वंशगोपाल मन्दिरको जीर्णोद्धार ई. १९४४ (संवत् २००१) मा तत्कालीन श्री ३ महाराज जुद्धशम्शेरले गराएको बुझिन्छ । यो मन्दिरको दोस्रो तलाको बार्दलीको बाहिरी भित्तामा सिमन्टीमा ठूलठूला अक्षरले यो संस्मरण (सं. २००२ श्री ३ महाराज जुद्ध प्रभु० जीर्ण उधार) लेखिएको छ ।

अशोक विनायक

काठमाडौंमा रहेको अशोक विनायकको प्रख्यात तर सानो मन्दिरमा महारानी ललितत्रिपुरसुन्दरीले यौटा घण्टा चढाएको देखिन्छ । महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवले पनि यस मन्दिरमा सुनको जलप लगाएको धातुको पाताले मोरिदिएको थाहापाइन्छ । यसमा पछि थपिएका अरू अनेक वस्तुहरूमध्ये ई. १९६२ मा मन्दिरसामु पेटीमा थापिएको मूसोको ढलौटे मूर्ति हो जसको पादपीठमा त्यसलाई थाप्ने कुलरत्न, शिवरत्न र हीरानानीका नाम लेखिएका छन् ।

माथिका विवरणबाट यस युगमा पुराना मन्दिरहरूमा कति नयाँ धार्मिक वस्तुहरू थापिएका हुन् भन्ने कुराको एकसरो रूपरेखा स्पष्ट हुन्छ जतबाट यस युगमा प्राचीन स्मारकहरू प्रति सम्मान गर्ने भावना रहेको कुरा पनि स्पष्ट हुन्छ ।

---

[1] १. यो सम्पूर्ण लेख —महेन्द्र—स्मृति—ग्रन्थ—संपादक सत्यमोहन जोशी, नेपाल राजकीय प्रज्ञा—प्रतिष्ठान २०२९: पृ. ४२५–४२७ मा छापिएको छ ।

३. पुराना मन्दिरहरूको सौन्दर्यमा वृद्धि

यस खण्डमा अध्ययन र विचार गरिने विषयको सोझै सम्बन्ध धेरथोर माथि १ र २ मा बयानिएका कुराहरूसँग रहेको कुरा स्पष्ट छ। पुराना मन्दिरहरूको जीर्णोद्धार र तिनमा नयाँ धार्मिक वस्तुहरूको थप हुन जानाले निश्चयनै ती मन्दिरहरूको सौन्दर्य र प्रभावमा वृद्धि हुन गएको कुरा स्पष्ट हुन आउँछ। हुन त मल्लकालमा वा अघि पगोडा शैलीका मन्दिरका छानामा धातुका पाताले मोर्ने चलन थियो कि थिएन किटेर भन्न गाहारै छ तैपनि यस कुराको चलन त्यतिखेर उति चलेजस्तो लाग्दैन। यस्ता मन्दिरमा झिगटीका छाना भएकामा पनि आफ्नै किसिमको सौन्दर्य त हुन्छ तर तिनमा भन्दा धातुका छाना भएका मन्दिरहरूको जुन रूप हुन्छ त्यसको तुलनै हुन सक्दैन। यस दृष्टिबाट हेर्ने हो भने शाहकालमा धेरै मन्दिरहरूमा धातुका पाताले छाना छाउने र कतिमा तिनमा सुनका जलपसमेत लगाइएका विवरण प्राप्त भएकाले यस कालका अघिको भन्दा मन्दिरहरूको सौन्दर्यमा बढोत्तरी हुन आएको कुरा स्पष्ट हुन्छ। पशुपतिकै उदाहरण लिऊँ। चन्द्रशम्शेरले सुनको पालिस लगाएका धातुका पाताले पशुपति मन्दिरका दुवै छाना छाएपछि त्यसको सौन्दर्यमा परिवर्तन आएको थियो त्यसको अनुभव त्यस सन्धिकालका मानिसहरूले मात्रै अनुभव गर्न सकेका होलान्। यस्तै भाटभटेनी, मैतीदेवी र अरू मन्दिरहरूको सम्बन्धमा पनि भन्न सकिन्छ।

पृथ्वीनारायण शाहसँगको युद्धमा कान्तिपुरका राजा जयप्रकाशमल्लले युद्ध चलाउन खर्चले छट्पटी पर्दा मन्दिरका सुवर्ण-कलशहरूतिर पनि आँखा गाडेका थिए भन्ने निश्चित प्रमाण पाइएको छ। यसरी आफ्नो विजय भएमा सट्टा भर्ना गर्ने भाकामा जयप्रकाशमल्लले आफ्नो राज्यभरिका कति मन्दिरका सम्पत्तिमा हात हालेका थिए तिनको सम्पूर्ण विवरण त पाइँदैन[1]

---

१. भाषा वंशावलिमा यस सम्बन्धमा तल सारिएका तीन सन्दर्भको उल्लेख पाइन्छ:—

(क) जयप्रकाशमल्लले ललितपुरका विष्णुमल्लले चढाई राखेका पशुपतिनाथका भण्डारभित्रका धन लिई खर्च गरे। प्राचीन नेपाल, ६ पृ. १४.

(ख) जयप्रकाशले ठाउँ-ठाउँका देवालय श्री.को जलहरी झिकी खर्च गराया।— प्राचीन नेपाल, ६. पृ. १४.

तर कान्तिपुरका दुईटा उदाहरण भने टिपिएका छन् । उक्त टिपोट अनुसार जयप्रकाशमल्लले कान्तिपुरको सेतो मच्छेन्द्रनाथको गजूर र महाबौद्धको चैत्यको धातुको शिरोभाग (उष्णीष) लिएको र तिनको प्रतिस्थापना पछि ई. १७७६ र ई. १७९२ मा जनताद्वारा गरिएको थियो । उक्त नेवारी टिपोटको अनुवादको उद्धरण यहाँ प्रस्तुत गरिन्छ—

> शुभ सम्वत् ८९९ आषाढ शुक्ल तृतीयाका दिन केलटोल जमलगण्ठिका श्री ३ आर्यावलोकितेश्वर (सेतो मच्छेन्द्रनाथ) को पहिलेको गजूर श्री २ जयप्रकाश मल्ल राजाले लिएका हुनाले खाली भइरहेको थियो । (अहिले) केलटोलका सबै जना मिली ·· गजूर चढाइयो ।[1]
>
> शुभ सम्वत् ९१२ वैशाख शुक्ल त्रयोदशी शुक्रवारका दिन श्री ३ महाबुद्ध-चैत्यका अघिको उष्णीष गोर्खालीले देशलाई घेरा हाल्दा श्री २ जयप्रकाश मल्ल राजाले लिएकाले नभइरहेकोमा यस साल श्री ३ रणबहादुरको शासनकालमा महाबौद्ध टोलका सबै जना मिली सल्लाह गरी ·· चढाइयो ।[2]

(ग) फेरि पुगेन भनी जयप्रकाशमल्लले देवपाटनका मूल महाथंजुले मति दिया र श्रीपशुपतिका ठाउँ-ठाउँ भण्डारभित्रका धन देवालयका गजूर झिकी खर्च गरी मेरो फत्ते भो-भने यी देवताका द्रव्य गुठी राखुंला भनी लगी परी आयाको खातिर मानी खर्च गराया ।—प्राचीन नेपाल, ६. पृ. १४.

१. शुभ सम्वत् ८९९ आखाढ शुच्ल तृतीया कुन्हु केलतोल जमलगण्ठिया श्री ३ आर्यावलोकितेश्वरया न्हापायागु गजुलि श्री २ जयप्रकाशमल्ल जुजुन कायाओ मदयाओ चोनगु केलत्वालकटक समुचय जुयाओ··गजुलि छाल ।।—त्रिरत्नसौन्दर्य गाथा, पृ. १२८–१२९ का पादटिप्पणीमा उद्धृत ।

२. शुभ सम्वत् ९१२ वैशाख शुक्ल त्रयोदशी शुक्रवार कुन्हु श्री ३ महाबुद्ध चैत्यया न्हापायागु उष्णकर श्री २ जयप्रकाश मल्ल जुजुन गोर्खान देश घिरे याङा तप्रो बेलस थ्व उष्णीकर मदसे चोनगु थ्व सम्वत्स श्री ३ रणबहादुर साह्या पर्य्यायस महाबुद्धया तोलयापनि सकले जानाओ साहुतिनं छाय । — ऐजन ।

४. पुराना मन्दिरहरूको समृद्धिको वृद्धि

माथि हामीले ३ शीर्षकहरूमा पुराना मन्दिरहरूको शाहकालमा गरिएका अनेक किसिमका कार्यबारे विचार गरिसकेका छौं। तिनमा बयान गरिएका तथ्यहरूको सम्बन्ध पनि यस शीर्षकमा बयान गरिने विषयसंग रहेको कुरा स्पष्ट छ। नेपाली इतिहासको सबभन्दा आधुनिक युग हुँदा र यस युगमा पनि धार्मिकतामा कुनै किसिमको कमी नआएकोले पुराना मन्दिरहरूमा धेरै किसिमबाट समृद्धिको वृद्धि भएको हुनु स्वाभाविक कुरो देखिन आउँछ। तैपनि यस कुराको विवरण प्रस्तुत गर्नु हाम्रो अध्ययनको लागि आवश्यक भएको छ।

शाहकालमा मन्दिरहरूको समृद्धिको वृद्धि भयो भन्ने कुरालाई यहाँ तुलनात्मक रूपले स्पष्ट पनि गर्नुपर्दछ किनभने यस कालमा प्राचीन र (मल्लकाल ह्वँन) मा जस्तो मन्दिरहरूमा 'कोष' चढाउने चलन[१] चलेन। तर शाहकालमा मन्दिरहरूमा गुठी र पूजा भाँडाहरू चढाई एक किसिमबाट समृद्धिको वृद्धि गरिएको देखिनाले तिनको विशेष बयान गर्नु परेको हो। उपलब्ध ऐतिहासिक अभिलेखहरूको आधारमा यहाँ त्यस्ता केही मन्दिरहरूको विवरण प्रस्तुत गरिएको छ।

पशुपति

प्राचीन कालदेखि निकै मानिता पाई आएको यो मन्दिरमा प्राचीन र मध्यकालका राजाले चढाएका सम्पत्तिहरू ई. १३५० मा सुल्तान शम्सुद्दीनले आक्रमण गरेको वेलामा लुटेर लगेपछि फेरि यहाँ धेरथोर धन जम्मा हुन लागेको देखिन्छ। मल्लकालभरि जम्मा भएका धन जयप्रकाशमल्लले लिए भन्ने विवरण पाइन्छ, यद्यपि यस कुराको निश्चित ऐतिहासिक प्रमाण भने पाइएको छैन। यो त नगद धन-सम्पत्तिको कुरो भयो। यस मन्दिरको जग्गा आदिको पहिलेदेखिको के स्थिति थियो भन्ने कुराको राम्ररी खोजबीन नगरी केही भन्न सकिदैन। यहाँ हामी केही ऐतिहासिक सन्दर्भ, प्रकाशित र अप्रकाशित अभिलेखका आधारमा यस मन्दिरमा राखिएका गुठीको विवरण प्रस्तुत गर्दछौं।

---

१. शिलालेखहरूमा त होइन गोपालवंशावलिमा प्राचीन र मध्यकालका अनेक राजाहरूले 'कोष' चढाएको छोटकरी रिपोट पाइन्छ जस्तो:—

(क) भास्करदेव—अनेक कोषमानीयः श्रीपशुपति भट्टारकाय काञ्चनानि सम्प्रदत्ता—गोपाल वंशावलि, पत्र २० (क)

(ख) नरेन्द्रदेव—तेन च श्रीपशुपति भटारकाय अनेकरत्न विचित्रकोष··· प्रढोवितं—गोपाल वंशावलि, पत्र २१ (ख)

(ग) गुणकामदेव—तेन श्रीपशुपति भटारकाय · एकादशकोष संप्रदत्तं–गोपाल वंशावलि, पत्र २३ (ख)

(घ) जयशीहमल्लदेव—श्रीपशुपति भट्टारकाय ·· पुनः अनेकार्थरत्न घटित चतुर्क्कण्ठाकोषजात्राकृतं सम्प्रदत कृतं ।।—गोपालवंशावलि पत्र–२६ (क)

(ङ) सम्वत् ४६८ श्री श्री देवलदेवीवां श्रीपशुपति भटारकस्य कोप प्रढोकितं ।। सम्वत् ४६९ वेशाषी ·· राजा जयराजदेवेन श्रीपशुपति भटारकस्य कोष प्रढोक्ति ।।—गोपालवंशावलि, पत्र २८ (ख)

(च) पशुपतिको कोषः—स ४३२ कोन्हु ग्वलया सर्ब्ब भण्डार कोस एकवीस गोपाल वंशावलि, पत्र ४३ (क)

(छ) सं. ४०१ वेशाषवदि ९ ग्वल्वंस कोष दुन्ता ··गोपाल वंशावलि, पत्र ६० (क)

यसरी गोपालवंशावलिमा पशुपतिमा मात्र 'कोप' सम्पत्ति चढाएको बयान पाइन्छ । अरू मन्दिरहरूमा पनि यस्ता 'कोष' चढाएको हुनुपर्दछ । यस्तै 'कोष' हरूले धनी भएको हुँदा ई. १३५० मा शम्सुद्दीनले पशुपतिमा लूटपीट गरी मूर्तिलाई 'त्रिखंडी' गरेको देखिन्छ ।

१. पृथ्वीनारायण शाहले पशुपतिमा विना पञ्चामृतको पूजा हुन्छ भन्ने थाहापाई पञ्चामृत समेत पूजाको गुठी राखिदिए ।[1]

२. सरदार रामकृष्ण कुंवरले पशुपतिदेखि गुह्येश्वरीसम्म जाने वाटोमा ढुंगाले छापी २६३ रोपनी खेत गुठी राखे ।[2]

३. रणबहादुर शाहले पशुपतिमा हर पूर्णिमाको दिन महास्नान गर्दा त्रिकाल गुज्राती बाजा बजाउने गरी कुस्लेहरूलाई खेत सेवा विर्ता दिई धेरै गुठी राखे ।[3]

---

[1] प्राचीन नेपाल, ६. पृ. १४; देवमाला वंशावलि, पृ. १६.

[2] देवमाला वंशावलि, पृ. १६.

[3] प्राचीन नेपाल, ६. पृ. १७; देवमाला वंशावलि, पृ. १६.

४. रणबहादुर शाहले ६ प्रकारका बगैंचा बनाई पशुपतिला चढाए ।[1]

५. गीर्वाणयुद्धविक्रम शाहले देउपाटन शहर पशुपतिलाई चढाए ।

६. ई. १८०७ (सं. १८६४) मा कपर्दार भोटुपाँडेले रणबहादुर शाहको स्वर्गवास हुँदा उनकी महारानी राजराजेश्वरी सती गएकामा दिवंगत राजा-रानीका सालिक पशुपतिमा थापी संकल्प गरी गुठी राखेका थिए। पशुपति मन्दिरको पश्चिमी बाहिरको ढोकानेर (दक्षिण पश्चिम कुनामा) टाँसिराखेका शिलालेखहरूमध्ये यौटा निकै ठूलो शिलालेखमा यस कुराको विवरण लेखाई राखिएको छ ।[3]

७. उक्त ठाउँमै रहेको सं. १८७८ (ई. १८२१) को शिलालेखमा गुठी राखिएको विवरण लेखिएको छ ।[4]

८. काश्यपगोत्री रणसूर पंडितकी पत्नीहरूले सती जाँदा पशुपति र इचंगुनारायणमा पूजाको लागि केही गुठी राखेका थिए । यस विषयको शिलालेख पशुपतिमा उक्त ठाउँमै राखिएको छ । यस शिलालेखमा शक संवत् १७४४ (ई. १८२२) को मिति लेखिएको छ ।[5]

९. सं. १८८१ (ई. १८२४) मा केही गुठी राखी थाप्न लगाएको शिलालेख पशुपतिमा त्यही ठाउँमा रहेको छ ।[6]

१०. ई. १८४० (सं. १८९७) सुब्बा कुलानन्दझाले पशुपति प्रीति गरी पशुपतिमा सदावर्त र धर्मशाला थापी त्यसको लागि प्रशस्त खेत गुठी राखी त्यस सम्बन्धी विस्तृत विवरण लेखिएको शिलालेख पनि पशुपतिमा थापेका थिए ।[7]

११. ई. १८४६ (शक संवत् १७६८, सं. १९०३) मा कुनै भक्तले गुठी राखी पशुपतिमा शिलालेख राखेका थिए ।[8]

---

१. प्राचीन नेपाल, ६. पृ. १७.

२. देवमाला वंशावलि, पृ. १६.

३. अप्रकाशित अभिलेख ।

४. ऐजन

५. ऐजन

६. ऐजन

७. संस्कृत सन्देश, ३. पृ. १७–२५.

८. अप्रकाशित अभिलेख

१२. ई. १८५४ (सं. १९११) मा जंगबहादुरले पशुपति मन्दिरका चार कुनामा ढलोटका ठूलठूला पानस चढाई तिनमा बत्ती बाल्ने बन्दोबस्तका लागि गुठिसमेत राखेका थिए ।[१]

१३. पृथ्वीबहादुर पाँडे र वेनीबहादुर पाँडे दुई भाईका नाउँमा रत्नकुमारी पँडेनी र राजकुमारी पँडेनीले छोरा सम्सेर बहादुर समेत भै गुठी राखेको सं. १९२८ (ई. १८७१) को शिलालेख पशुपतिमा रहेको छ ।[२]

१४. नेपाल संवत् १०२५ (ई. १९०५) को मिति भएको एक शिलालेख पशुपतिमै रहेको छ जसमा गुठी सम्बन्धी विवरण लेखिएको छ ।[३]

स्वदेश र विदेशका भक्तहरूले दिनदिनै र पर्व-पर्वमा चढाएको नगद धनबाट पनि पशुपतिको 'धन-संग्रह' हुने स्रोत छ । ई. १९२४–२५ मा प्रधानमन्त्री चन्द्रशम्शेरले ५१७८२ जना करियाको अमलेख गर्दा पशुपतिको गुठीबाट ३६७००० रुपियाँ पशुपतिको गुठीबाट झिकेका थिए । पशुपतिको ढुकुटीबाट आएको पैसाले स्वतन्त्रता पाएका मानिसहरू 'शिवभक्त' कहलिन थाले ।[४] हाल यातायातका सुविधाहरू प्रशस्त बढेकाले पशुपति मन्दिरको यस किसिमको आर्थिक स्रोत पनि निकै गहकिलो रूपमा रहेको हुनुपर्दछ । गुठी चढाउने पुरानो चलन सम्भवतः उहिल्यै टुंगिसकेको भए पनि यो रूपमा यस मन्दिरको समृद्धि दिनदिनै बढिरहेको हुनुपर्दछ ।[५] सम्भवतः यत्तिको सम्पत्ति (नगद र गुठी समेत) भएको अरू मन्दिर नेपालमा छैन जस्तो लाग्दछ ।[६]

---

[१] यी पानसका मुन्तिरका भागमा अभिलेख पनि लेखिएको छ जुन अप्रकाशित छ ।

[२] अप्रकाशित अभिलेख ।

[३] ऐजन ।

[४] बालचन्द्र शर्मा, नेपालको ऐतिहासिक रूपरेखा, पृ. ३५४ ।

[५] सम्भवतः यस्तै आम्दानीको आधारमा 'गुठी संस्थान'' ले अरू जीर्ण मन्दिरहरूको पनि जीर्णोद्धार गर्ने खर्च चलाइरहेको छ ।

[६] नेपाल मदेसतिर प्रशस्त गुठी भएका महन्त्याईंहरू छन् भन्ने सुनिन्छ र यस्ता केही अभिलेखहरू पनि प्रकाशित भएका छन् (पुरातत्व पत्र संग्रह भाग–२ आदि) । जनकपुरको जानकी मन्दिरको पनि धेरै गुठी छ भन्ने सुनिन्छ तर यस्ता विषयबारे खास खोजबीन नभएकोले निर्क्योल गरी हाल्न अलि अप्ठेरो छ ।

चाँगुनारायण

नेपालका प्रख्यात मन्दिरमध्ये चाँगुनारायणको पनि नाउँ आउँछ। प्राचीन, मध्य र मल्लकालका धेरै राजाहरूले यस मन्दिरमा अनेक किसिमका दान-धर्म गरेको प्रमाण पाइन्छ । शाहकालमा भने यहाँ जग्गा गुठी र पूजा भाँडाहरू चढाइएका कुराका केही प्रमाण पाइन्छन् । महाराजाधिराज प्रताप सिंह शाहले यस मन्दिरका पुराना केही पूजासामानमा अरू आफूले थपी यौटा चाँदीको थाली सं. १८३१ मा चढाएका थिए ।[1] यसपछि महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको नाउँको तामापत्र चाँगुनारायणमा पाइन्छ जसमा उनले आफ्नी आमाले चाँगुनारायणमा प्रतिवर्ष 'महापूजा' गराउने संकल्प गरे अनुसार ५३० मुरी खेत संकल्प गरी चढाई त्यसको बन्दोबस्त गराएको विवरण लेखिएको छ ।[2] यस तामापत्रमा शक संवत् १७२१ (ई. १७९९) को मिति दिइएको छ ।

कीलेश्वर

चाँगुनारायणको आँगनमा रहेको कीलेश्वरको मन्दिरमा ई. १७८० (शक संवत् १७०२, संवत् १८३७ र नेपाल संवत् ९००) मा भारद्वाज गोत्रका धनराज खँड्कासुबेडीका जेठा छोरा रामाजित् खँड्काले पत्नी महालक्ष्मीसमेत भै ताम्रपात्र र जलहरी चढाएका थिए ।[3]

---

१. श्री चाँगुनारायणका पुरानु गहना जो तुलसीपत्रहरू किचि श्रीप्रतापसिंह शाहदेवका प्रसादमा बनायाको थाली—थालीमै लेखिएको लेख, मोहन प्रसाद खनाल, अभिलेख संकलन, पृ. ७६. यो थाली ५४ तोलाको छ भन्ने पनि त्यसैमा लेखिएको छ ।

२. श्रीमन्मात्रा चाँगुप्रीयते प्रतिवर्ष मार्गशीर्षशुक्लद्वादश्यां दानपत्रस्य यथालिपिसामग्रीभिरन्यूनाभिर्महापूजां कारयितु चाँगुग्राम भूभागान्तर्गतत्रिशोत्तरपञ्चशत ५३० मूरिपरिमितक्षेत्रं कुशोदकं संकल्प्य समर्पितमस्ति ·· इत्यादि—संस्कृत सन्देश, २ वर्ष ४, ५, ६. अंक पृ. ३०–३१.

३. श्री श्री श्री कीलेश्वरसदाशिवप्रीयते ताम्रपात्र जलहरि शिवप्रीति गरि चढाव्यू भारद्वाज गोत्रोत्पन्न धनराज षड्का सुवेडिका ज्येष्ठ पुत्र रामाजित् षड्का महालक्ष्मीदेवीवामाङ्गि सहित शिवलोकप्राप्तिकामनार्थं सर्वोपद्रशान्त्यर्थं कायिकवाचिकमानसिकपापक्षयार्थं पुनर्जन्मनिवारणार्थं शिवार्पणमस्तु···।। संस्कृत सन्देश, ६. पृ. ३८–३९.

नरदेवी

माथि २ शीर्षक अन्तर्गत (पुराना मन्दिरहरूमा नयाँ धार्मिक वस्तुहरूको थप) मा हामीले भोटुपाँडेले ई. १७९२ (सं. १८४९) मा नरदेवीलाई केही पूजाभाँडा र पूजाको लागि ७ रोपनी खेतको गुठी चढाएको विवरण प्रस्तुत गरेका छौं ।[1] यस मन्दिरमा अरू गुठी थप भएको प्रमाण प्रकाशित भएको छैन ।

मनकामना

पश्चिममा गोर्खाभन्दा दक्षिणपट्टि रहेको मनकामनाको प्रसिद्ध मन्दिरमा ई. १७६३ (शक संवत् १६८५ सवत् १८२०) मा मनकामना र त्यसैनेर रहेका वक्रेश्वर महादेव र सिद्धको पूजाको लागि ५० रोपनी खेतको गुठी राखिदिएका थिए । यो विषयको तामापत्र मनकामनाको मन्दिरमै टाँसी राखिएको छ ।[2] एक जना इतिहासकारको भनाइअनुसार[3] यो तामापत्र गर्नुभन्दा ७ महिना जति अघि मकवानपुरका राजा दिग्बन्धनसेन हरिहरपुरबाट भागेका हुनाले उनलाई पृथ्वीनारायण शाहले पक्रन सकेका थिएनन् । उनलाई नपक्रेसम्म पृथ्वीलाई त्यस कुरामा चिन्ता छँदै थियो । उसमाथि

---

१. यो अभिलेख इतिहासप्रकाश, १ पृ. १३१–३२ मा प्रकाशित भएको छ । उक्त सन्दर्भ ग्रन्थमा अस्पष्ट रूपमा 'भोटुपाँडेको दानपत्र' भनी शीर्षक दिइएको र लेख भागमा मिति संवत् १८५९ लेखिएको छ । वास्तवमा यो नरदेवीमा रहेको भोटुपाँडेको शिलालेखको प्रतिलिपि हो र त्यहीं गएर हेर्दा संवत् १८५९ हैन १८४९ भन्ने स्पष्ट थाहापाइएको छ । यसरी चीनसँग 'घा' गर्न गई सफल भएपछि यो काम गरिएको कुरा पनि मिल्दछ ।

२. श्रीशाके १६८५ वैशाख शुदि १५ रोज ४ स्वास्ति श्रीगिरराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवले वक्रांका शेराको वह्याखण्डको मुरि २०० लगापातशुद्धा षेत् श्रीमनकामना श्रीवक्रेश्वर महादेव श्रीसिद्धकन गूठ चह्रायां।—इतिहास प्रकाश, १ पृ. ४८. पूर्णिमा, १७. पृ. १७.

३. देवीप्रसाद भण्डारी, पूर्णिमा, पृ. १८.

लगत्तै बङ्गालका नबाब मीरकासिमको ठूलो फौज आई गोरखालीहरूले विजय गरेको मकवानपुरमा अकस्मात् आक्रमण गर्‍यो । ... त्यस बेला मनकामना, वकेश्वर सिद्धपीठ आदिलाई "यो नवाबको फौजलाई दमन गरी हटाउन सकें र मकवानपुर आदि प्रदेशमा आफ्नो अधिकार स्थिर गराउन सकें भने म नित्य पूजा र प्रत्येक पर्वमा बलि चढाउनाका निमित्त गूठ चढाउनेछु" भन्ने भाकल पृथ्वीनारायण शाहले गरेका हुनन् भन्ने कुरा झल्कन्छ ।

उक्त विवरणमा केही मात्र मन्दिरहरूको उदाहरण प्रस्तुत गरी पुराना मन्दिरहरूको समृद्धिको वृद्धिको तथ्यतिर औंल्याइएको छ । वास्तवमा यौटा शक्तिशाली र विशाल राज्यको रूपमा शाहकालीन नेपालका विभिन्न युगहरूमा आफ्ना सांस्कृतिक सम्पत्तिको मानिता गरेको कुराको यो यौटा तथ्य रूपमा रहेको छ ।

५. पुराना मन्दिरहरूको सुव्यवस्था

माथि चर्चिएका चारै विषयहरूले एक किसिमबाट पुराना मन्दिरहरूको सुव्यवस्था सम्बन्धी केही स्पष्ट तथ्यहरू प्रस्तुत गरिसकेका छन् । ई. १७६८ देखि वेला-वेलामा मन्दिरहरूको सुव्यवस्थाबारे के-कै नीति लिइयो भन्ने कुरानै यस्तो महत्त्वपूर्ण विषय हो जसको व्याख्या र स्पष्टीकरणको लागि यौटा स्वतन्त्र ग्रन्थनै लेखिनुपर्ने देखिन्छ । तैपनि यस्ता केही सन्दर्भहरूको चर्चा यहाँ गर्नै पर्ने देखिन्छ । ई. १७९८ मा महाराजाधिराज रणबहादुर शाहले आफ्ना छोराको लागि सिंहासन छोड्दा राज्य-सञ्चालनको लागि तामापत्रमा लेखाई राखिएको निर्देशनमा एक ठाउँमा सर्कारिया मन्दिरहरूमा 'भत्क्या विग्र्या चूह्याको हेरि विचार गरि सालवसाल टालटुल गर्दै रहनु ... ' भनी लेखिएको छ ।[1] साथै राज्यभरिका मन्दिर पाटी आदिका सम्बन्धमा पनि यसमा "नेपालभरिका देवल धर्मसाला पाटिका गुठ गुठियार कायम छर्दैमा गुठको आमदानि गुठियारले षाइ जग्गा विगर्‍याको जो छन् सो पोजी हेरी ठहराई गुठियारले षायाको भया कायल मकायल गरी षायाको वालीको दोवर लीइ जगा बनाउन लाउनु आज देखि उप्रांत साल वसाल गुठका आमदानिले गर्न्या काज नगर्‍या तेरा हातबाट गुठ षोसियेला भनि

---

[1] श्री ५ रणबहादुर शाह – चित्तरञ्जन नेपाली पृ. १३०.

चेताइ दिनु" भनी लेखिएको छ ।[१] यो निर्देशन प्रसारित गरिएको करीव आठ वर्षपछि ई. ८०६ मा रणबहादुर शाहले आफू मुख्तियार भएको वेलामा गरेको 'बन्दोबस्त' मा पनि मन्दिरहरू सम्वन्धी त्यस्तै निम्न सन्दर्भ परेका छन्ः–

> "१३ सवाल. देऊताको पुजा देऊताको गहना षजाना मास्न्यालाई काएल गरि षायाको फिर्ता गराई हाम्रा हजूर बिती गरि देऊताको षजानामा दाषिल गरिदिनु. मास्न्यालाई डंड गर्नु,"[२]
>
> "१६ सवाल. पाटी पौवा देवल साँघु हाम्रा विनाहुकुमले भदकाई आफ्ना काजमा लाऊन्यालाई काएल मुकाएल गरि काएल हुन्यालाई डंड गर्नु."[३]

'गुठी अड्डा'का विभिन्न स्तरको संगठन शाहकालमा कहिलेदेखि भएको हो निश्चित रूपले भन्न सकिएको छैन तर तिनको स्थिति निकै अघिदेखि रहेको अन्दाजी गरिएको छ । हाल नेपाल सरकारले 'गुठी संस्थान' नै स्थापना गरी यस सम्वन्धमा निकै प्रभावशाली योजना बनाएको छ । उक्त संस्थानले मन्दिरहरूका समस्यालाई व्यवस्थित पार्दै आएको कुरा प्रकाशित समाचारहरू र सूचनाहरूवाट पनि स्पष्ट हुन्छ ।

धर्मसम्बन्धी वास्तुकला

उपयोगी वास्तुकलामा झैं धर्मसम्वन्धी वास्तुकलाको क्षेत्रमा पनि नेपालको मौलिक उपलब्धि रहेको देखिन्छ । हामीले ओगटेको अवधिभन्दा झण्डै १७–१८ शताब्दी अघिदेखि नेपालमा धर्मसम्वन्धी वास्तुकलाको विकास हुन थालेको थाहापाइएको छ र जति जति समय बित्दै गयो उति उति यस क्षेत्रमा नेपालको मौलिक रूप झन्–झन् बन्दै आएको देखिन्छ । हाम्रो मुख्य धर्म मिल्ने देश भारतसँगको तुलनामा नेपालमा धार्मिक क्षेत्रमा नयाँ–नयाँ प्रयोग भई आएझैं त्यससम्वन्धी वास्तुकलामा पनि नयाँ–नयाँ प्रयोग भई आएका कुराका लागि हाम्रो इतिहास नै साछी बसेको छ । जहाँ भारतमा ईस्वीको आठौं शताब्दीदेखि 'मूर्तिभञ्जक' मुसलमानहरूको प्रवेश

---

[१] श्री ५ रणबहादुर शाह–चित्तरञ्जन नेपाली पृ. १३०,

[२] पूर्णिमा, २४ पृ. २४१,

[३] ऐजन,

आक्रमणकारीको रूपमा हुन थाल्यो र क्रमशः तिनको राज्य र पछि १५ औं शताव्दीमा त साम्राज्य नै खडा हुन गयो र त्यहाँका हिन्दूहरूको दर्पदलन मात्रै हैन संस्कृति र परम्परको पनि भयानक विनाश हुन थालेको थियो। एकपल्ट (ई. १३७०) हामी कहाँ त्यस्ता 'मूर्ति भञ्जक' हरूको 'सात दिने' आक्रमणमा त हाम्रा पुराना 'महानगर' ('विशालनगर') हरू झण्डै खरानी भए र हाम्रा प्रमुख तीर्थस्थल भताभुंग पारिए जसको परिणामस्वरूप आज हामीलाई आफ्नो संस्कृति र सभ्यताको जोर्नी खुस्केको झैं लाग्दछ र जुन कुराको उठान गर्दा पनि त्यो 'सातदिने' म्यादलाई नधानी वैठान गर्न अप्ठेरो पर्न आउँछ । तर त्यो घटनामा पनि यहाँका वासिन्दाले आफूलाई संगठित पार्न किल्लामा पसी पछि आक्रमणकारीलाई लखारेको हुँदा ज्यादा जनको नोक्सानी नपरेको र परम्परानुयायी कलाकारवर्गको नाश हुन नपाएको वुझिन्छ । त्यसै वेला (ई. १३५४ देखि) स्थितिमल्लले राजनीतिक संगठन गर्न थालेपछि फेरि सांस्कृतिक अभ्युदय हुन थाल्यो र निर्माणका काम हुँदै जान थाले । मुसल्मानहरूले भत्काएर गएका पशुपति, सिम्भू र पाटन पिम वहालका स्तूपको जीर्णोद्धार गरियो, विधर्मीले छोई अपवित्र पार्दा 'जीवन्यास' संस्कार बिग्रेका प्रख्यात मूर्तिका ठाउँमा अरू मूर्ति वनाई थापियो । यसरी तह मिल्दै आयो । यसपछिका ४ शताव्दीको अवधि (१३५४ देखि ई. १७६८ सम्म जम्मा ४१४ वर्ष) सम्म कला र वास्तुकलाको प्रशस्त विकास भएको तर त्यसको आखिरी सय वर्ष जतिको अवधिभरि मध्य नेपालको उत्तरी भेकका तीन मल्ल राज्यहरूको राजनीतिक स्थिति त्यति राम्रो नभएको र आखिरी २५ वर्ष जति त राम्रै अन्योलको स्थिति आएको थियो । मुख्य राज्य कान्तिपुरमा त्यहाँका राजा जयप्रकाशमल्ललाई आन्तरिक कलहमा चुर्लुम्म डुब्न पर्नु, भक्तपुरका राजा रणजित्मल्ललाई आफ्नै ७ जना मठ्याहा छोराहरूले उठाएका झ्याउलाहरूमा अलमलिन पर्नु र पाटनमा त शुरू देखिनै स्थिति राम्रो छँदै थिएन । त्यस राज्यका पहिला राजा सिद्धनरसिंहले ई. १६१८ मा बाह्र वर्षको उमेरमा राजा भई(र ई. १६२० मा कान्तिपुरका आफ्ना दाजु लक्ष्मीनरसिंहसँग सन्धि गरी उनी स्वतन्त्र भए) ३५ वर्षको उमेरमा ई १६४१ मा विद्रोही खालका छोरा श्रीनिवासलाई खुशी पार्न राज्य छोडेका थिए । श्रीनिवासलाई पनि उस्तै छोरा योगनरेन्द्रमल्ल आइलागे र उनले पनि १६८५ मा राज्य छोडे । योगनरेन्द्रको मृत्यु ई. १७०५ मा विखद्वारा भयो तर उनका आफ्ना सन्तान उत्तराधिकारी नहुँदा त्यसै वेलादेखि

पाटनमा सिंहासनकै लागि विभिन्न गुटमा कलह चल्न थाल्यो र अलिपछिदेखि मन्त्रीहरूको पेच शुरु हुन थाल्यो । ६३ वर्षसम्म यो स्थिति भएपछि पृथ्वीले ई. १७६८ मा कान्तिपुर साथै पाटनको पनि विजय गर्न सकेका थिए । राजनीतिको यो स्थिति रहँदा कलाको उन्नति भन्ने कुरा बिस्तारै कम हुन थालेको देखिन्छ । कान्तिपुरमा त यस्तोसम्म स्थिति आइपुगेको थियो कि स्वयं राजा जयप्रकाश आफ्ना मानिसद्वारा मन्दिरका सम्पत्ति 'चोर्न' लगाई त्यसको उपयोग सैनिक काममा गर्नु पर्ने स्थितिमा पुगेका थिए– निर्माणका कामको त कुरै छोडौं । यस्तो स्थितिमा समाजका विभिन्न वर्गले निर्माणका काम थोरै मात्रामा भए पनि चलाएकै थिए र कलाकारवर्ग कुनै न कुनै रूपमा जीवित थियो । यही स्थितिमा राजनीतिक परिवर्तन हुन्छ र आर्को युग शुरू हुन्छ । यसपछि नेपाली कलाले पनि आर्कै परिवेशमा आफ्नो स्वरूप देखाउने मौका पाइरहन्छ— जो आजसम्म चलिरहेकै छ । यति व्याख्या गर्नाको तात्पर्य नेपाली कलाको खास केन्द्र उपत्यकामा अठारौं शताब्दीको अन्तिम तेस्रो पाउतिर कलात्मक गतिविधिको लागि उपयुक्त वातावरण थिएन भन्नु हो र राजनीतिक परिवर्तनपछि यस क्षेत्रमा फेरि काम चल्न लागेको हो भन्ने भनाइ हो । यो काम कुन रूपमा चल्न लाग्यो भन्ने कुराको व्याख्या र उदाहरण तलका हरपहरूमा गरिन्छ ।

धर्मसम्वन्धीं वास्तुकलाको अध्ययन सुविधाको लागि हामीले तल टिपिए वमोजिमका उपशीर्षक अन्तर्गत गर्नुपर्दछः—

१ धर्म सम्बन्धी उपयोगी वास्तुकला
२. साम्प्रदायिक वास्तुकला
   क. हिन्दू
   ख. बौद्ध
   ग. अन्य

धर्मसम्बन्धी उपयोगी वास्तुकला

'धर्मसम्वन्धी उपयोगी वास्तुकला' भन्ने शीर्षक थप्नु परेको मुख्य कारण हो नेपालमा 'सनातन' कालदेखि चलिआएको सत्तल, पाटी-पौवा, धर्मशाला, सदावर्त र फलैंचा जस्ता धार्मिक उद्देश्यले सामाजिक उपयोगको लागि थापिने गरेको वास्तुको अध्ययनलाई पनि यस सन्दर्भमा समावेश गर्नु ।

नेपाली धर्मको यो सामाजिक रूप यति महत्त्वपूर्ण छ कि यसलाई यौटा भिन्न 'संस्था' भने हुन्छ जसको माध्यमबाट नेपालीहरूको सामाजिकता उच्च विकासको स्थितिमा पुगेको स्पष्ट देखिन्छ । यो इतिहासको पानाको कुरा मात्रै ह्वैन वर्तमान स्थितिको पनि कुरा हो । अझ आर्को महत्त्वपूर्ण कुरा त के छ भने शाहकालमा त यो संस्थाको अरू कुनै युगहरूमा भन्दा धेरै विकास भएको देखिन्छ । साथै वास्तुकलाको दृष्टिबाट पनि यसको यौटा मौलिक रूप पनि बन्न खोजेको र त्यतिमात्रै ह्वैन कलात्मकतामा पनि यसको हीन रूप नभएकोले कला र वास्तुकला दुवै क्षेत्रमा यसको आफ्नै किसिमको देन रहिआएको छ ।

हामीले माथि पाटी, धर्मशाला आदिको अस्तित्व नेपालमा धेरै पुरानो हो भने पनि वास्तवमा यस भनाइलाई प्रमाणसहित व्याख्या गर्न सकिएको छैन । 'लिच्छविकाल'का आजसम्म प्रकाशित १९० जति अभिलेखहरूमा एकपल्ट पनि त्यस्तो 'धर्मशाला' वा पाटी-सत्तल आदिको उल्लेख भएको पाइँदैन । त्यस युगमा बरु बाटा-बाटामा पानीको व्यवस्था गर्न टुटेधारा आदिको बन्दोबस्त गरिने गरेको देखिन्छ तर हामीले खोजेको सन्दर्भचाहिं त्यस्ता स्रोतमा भेटिएन । तैपनि यस्ता 'आश्रयस्थल'हरू त्यतिखेर आर्कै कुनै रूपमा रहेको हुन सक्ने सम्भावना भने सुरक्षित राखिएको छ ।

ऐतिहासिक साक्षी-अभिलेखहरू धेरै पाइने माझ नेपालको उपत्यकामै हामीले यस विषयको खास खोजीनीती गरेका छौं । यस कारणले प्राचीन कालका अभिलेखहरूमा त्यस्ता 'धर्मशाला' र पाटी आदिको उल्लेख नभएको कुरा चर्चेका हौं । तर मल्लकालमा भने यो संस्था सीमित रूपमा चलेको प्रमाण पाइन्छ । ई. १५०९ (नेपाल संवत् ६२९) को मितिको 'मिम्नामि बहाल' काठमाण्डूको तामापत्रमा शाक्यभिक्षु उजोने राजपाल आदिले बौद्ध देवताहरूले लागि पूजाआजा गर्न राखेको गुठीको सन्दर्भमा अलि अस्पष्ट रूपमा 'धर्मशाला' को उल्लेख परेको छ ।[1] सन्दर्भबाट केही जग्गा धर्मशालाको नाममा पनि गुठी राखिएजस्तो बुझिन्छ । यस किसिमको यो पहिलो सन्दर्भ देखिन आएको छ । यसपछि ई. १६३१ (नेपाल संवत् ७५१) को आर्को सन्दर्भ भेटिन्छ जस अनुसार भक्तपुरका राजा जगज्ज्योतिर्मल्लले 'सतर'

---

[1] डिल्ली रमण रेग्मी, मेडीभल नेपाल, भाग–३. पृ. १०३.

बनाएको देखिन्छ ।[1] ई. १६४४ (नेपाल संवत् ७६४) को शिलालेख पाटनमा पाइन्छ जसमा त्यहाँका थुप्रै मानिसहरूले यौटा 'फल्य' को जीर्णोद्धार गरेको कुरा विस्तृत रूपले चर्चिएको छ ।[2] ई. १६७० (नेपाल संवत् ७९०) को रानीपोखरीको प्रतापमल्लको अभिलेखमा पनि 'सदावर्त्ति गुठीको षेत (खेत)' को रूपमा सदावर्तको उल्लेख परेको छ ।[3] पाटनको बडेफलमा रहेका ई. १६८३ (नेपाल संवत् ८०३) को अभिलेखमा 'वादेफले' बनाएको कुरा लेखिएको छ ।[4]

माथिको विवरणबाट धर्मशाला, सतर, फल्य-फले, र सदावर्तको अस्तित्व मल्लकालमा रहेको देखिन्छ । साँखुमा ई. १५५९ मा पनि 'सतल बनेको थाहापाइएको छ ।[5] यतिबाट मल्लकालमा 'धर्म सम्वन्धी उपयोगी वास्तुकला' अन्तर्गत पर्ने धर्मशाला, सतर-सतल[6]

---

१. शाक्य र वैद्य, मेडीभल नेपाल, पृ. १०३.

२. ऐजन, पृ. ११४.

३. डिल्लीरमण रेग्मी, मेडिभल नेपाल, भाग–४. पृ. १४१.

४. शाक्य र वैद्य, मेडीभल नेपाल, पृ. १६०

५. शंकरमान राजवंशी, भक्तपुर शिलालेख सूची पृ. ११.

६. एकपल्ट स्व. श्री बाबुराम आचार्यले पृथ्वीनारायण शाहले नुवाकोटमा बनाएको 'साततले' दरबारको नाउँ (साततले) बाट नेपाली भाषाको 'सत्तल' शब्द बनेको भनी कता हो लेख्नु भएको थियो । माथि चर्चिएका सतर-सतल शब्दबाटै 'सत्तल' शब्द बनेको कुरो स्पष्ट हुन आएको छ । 'सतर' र 'सतल' शब्दमध्ये पनि सतर शब्द मूल र सत्तल शब्द त्यसको बोलीचालीको रूप हो भन्ने देखिन्छ किनभने सतर शब्द वास्तवमा संस्कृतको 'सत्र' शब्दको स्थानीयकरण भएको रूप हो । ई. १४६८ (नेपाल संवत् ५८८) को यौटा अभिलेखमा 'सत्रशाला' को उल्लेख परेको छ (डिल्लीरमण रेग्मी, मेडिभल नेपाल, भाग–३. पृ. ८०–८२, शंकरमान राजवंशी, भक्तपुर शिलालेख सूची, पृ. ८)। उक्त अभिलेखमा राजा यक्षमल्लले आपना मरेका छोरा जयराजमल्लदेवको नाउँमा सुनको विष्णुमूर्ति थापी मन्दिर बनाई त्यहीं 'षड्दर्शन पढेका (बाहुन) हरू सत्तल, अग्निशाला, कूवा, असल भान्साघर र टुटेधारा' (षड्दर्शन-जनावाससत्रशाला अग्निशाला सद्कूपमंदिरसूपशालाजलधेनुसहप्रनालीजल

पल्य-फले[1] र सदावर्त जस्ता सामाजिक उपयोगका निम्ति बनेका एक किसिमका घरहरूको स्थिति बुझिन्छ । यस्तै वास्तुका निम्ति ई. १७११ को अभिलेखमा 'पाति' (पाटी) शब्दको पनि प्रयोग भएको छ ।[2] यस्ता विवरण अरू पनि पाइन्छन् ।[3]

वास्तुकलाको दृष्टिले धर्मशाला, सतल, फले र सदावर्तमा के फरक हुन्थ्यो र तिनको सामाजिक सेवाको के के रूप रहेको थियो तत्कालीन सन्दर्भबाट कुरो त्यति स्पष्ट भएको छैन । अन्दाजी गर्दा धर्मशाला र सदावर्त वास्तुको दृष्टिले निकै ठूला तला परेका घरलाई भनिन्थ्यो भन्ने लाग्दछ। तर धर्मशालामा वस्नेहरूले 'संस्था' को तरफबाट गाँस पाउँदैन थिए जस्तो लाग्दछ तर सदावर्तमा चाहिं गाँसको बन्दोबस्त संस्थाकै तरफबाट हुन्थ्यो कि जस्तो लाग्छ । सत्तलचाहिं एक तलासम्म भएको सानितनो घर र पाटीचाहिं छाना भएको खुला दलानको रूपमा हुन्थ्यो जस्तो लाग्दछ । सम्भवतः फले पनि यही अर्थमा मिलन आउँछ । यस्तामा दाता-निर्माताको तर्फबाट केही बन्दोवस्त हुँदैनथ्यो यद्यपि यस्तामा पनि काठका फलेकले भुईं छोपिएको हुन्थ्यो जसमा यात्री वा गरीबगुरुबाहरूलाई बस्न असुविधा नहोस् । अभिलेखका सन्दर्भअनुसार यस्ता प्रायः सबै 'शाला' मा वा नजीकै पानीका धारा-इनारको वन्दोवस्त गरिएको हुन्थ्यो ।

प्रवाहयित्वा—पूर्णिमा, ६. पृ. १४) बनाएको कुरा लेखिएको छ। खालि विद्वान् बाहुनहरूको उपयोगको लागि मात्र बनेको देखिंदा यसलाई माथि उपयुक्त ठाउँमा नराखिएको हो । त्यस अभिलेखको नेवारी भागमा 'सतले नायक' को उल्लेख परेको हुँदा 'सत्र' को सतज रूप बनेको देखिन्छ ।

[1] नेवारीको 'फले' को नेपालीमा फलैंचा बनेको देखिन्छ । फलेको सट्टा नेवारीमा फलेज्या शब्दको पनि प्रयोग भएको देखिन्छ । यस सन्दर्भमा 'सिफले' ठाउँको नाउँ विचारणीय छ । यहाँ काठको 'फले' रहेकोले यो नाउँ रहेको देखिन्छ ।

[2] भक्तपुर अभिलेख सूची, पृ. २९. मूलमा पाति मण्डप फले दयकं लेखिएको छ ।

[3] भक्तपुर शिलालेख सूचीमा ६० पृष्ठसम्म यस्ता सन्दर्भ निकै आएका छन् ।

उक्त सन्दर्भहरूबाट उक्त किसिमका 'शाला'हरूको मल्लकालमा अस्तित्व देखे पनि तत्कालीन राजाहरूको तर्फबाट खास ध्यान दिएको कुनै प्रमाण नभेट्टाउनु र तत्सम्बन्धी नियमहरू पनि अभिलेखहरूमा नदेखिनाले तिनको स्थिति आफ्नै खालको देखिन्छ । यहाँ शाहकालीन सन्दर्भहरूको खास विचार गर्नुअघि तुलनाको लागि यति औंल्याउनु आवश्यक देखिन्छ कि शाह राजाहरू आफैं र उनका भारदार र अलि ठूला-ठालूले थापेका 'शाला'हरूमा बन्दोबस्तको निम्ति निकै ध्यान दिन्थे भन्ने थाहापाइन्छ । अनि अर्को महत्त्वको कुरा त के छ भने यस युगमा जति पनि मन्दिर थापिएका देखिन्छन् तिनको साथै 'धर्मशाला' 'सत्तल' 'पाटी' र 'सदावर्त' प्रायः आवश्यक अंगकै रूपमा बनाइएका र सञ्चालित भएका हुन्थे । यस कालमा पहिलेका किसिमका शालामाथि ठूल्ठूला 'शाला' पनि धेरै बनेका देखिएका छन् । जसरी भए पनि अहिलेको नेपालमा गृहस्थका घर, भवन र महल तथा मन्दिरका भीडमा मल्ल र शाहकालमा थापिएका यस्ता 'शाला'हरूको संख्या कम्ती छैन । अनि मल्लकालमा जहाँ 'पगोडा' शैलीमै यस्ता 'वास्तु' बन्दथे भने शाहकालमा आएर यसको वास्तुशैलीमा पनि विविधता आएको देखिन्छ । 'सत्तल' 'पाटी' आदि भनेर हेलाँ गरी यिनको निर्माणमा कलाको उपयुक्त प्रयोगमा पनि कतै कोताही गरिएको देखिदैन ।

साधारण किसिमका पाटी-पौवा बनाउने चलन पहाडहरूमा पनि रहेको देखिन्छ । ई. १६७६ मा गोर्खामा पृथ्वीपति शाहकी रानी रत्नावतीले यौटा पौवा बनाएको कुरो थाहापाइएको छ । त्यसको हाल के रूप छ बुझ्न पाइएको छैन । त्यस सम्बन्धी अभिलेखमा त्यसको खास वन्दोबस्त गरेको नलेखिएकोले यो मामूली किसिमकै रहेको देखिन्छ । वास्तवमा पृथ्वीले पूर्वतिर बढ्न थालेपछि त्यताको संस्कृतिको यो एक पक्षले बिस्तारै बिस्तारै गोर्खालीहरूमा पनि प्रभाव पार्न थालेको देखिन्छ । यस्तै क्रममा ई. १७६७ मा पृथ्वीनारायण शाहले पूर्व १ नम्बर काभ्रेपलाञ्चोक इलाकाको भमरकोटको महादेव मन्दिरको गुठीलाई थमौती गर्दा 'सदावर्त गर्नु पुजा गर्न्यालाई दिनु देवलपटि बिग्रदा बनाउनु' भनी नियम पनि लेखाएका थिए ।[1] पुरानो संस्कृतिको सुरक्षा गर्ने पृथ्वीनारायण र उनका सन्तानहरूले नीति लिएका थिए र त्यसअनुसार यस्ता थमौती जतातत गरिएको थाहापाइन्छ ।

---

[1] मोहन प्रसाद खनाल, अभिलेख संकलन, पृ. ७५-७६

नयाँ बनेका यस्ता पाटी पौवालाई गुठी राख्न जग्गा दिने पनि गरेका थिए ।[1] यस युगमा भारदार[2] र प्रजा रैतीहरूले पनि ठाउँ-ठाउँमा यस्ता पाटी-धर्मशाला बनाई सम्झनाका लागि शिलालेखहरू लेखाएर राखेका भेटिएका छन् ।[3]

धर्मशाला, सदावर्त र यस्तै अरू वास्तुशैलमा खास परिवर्तन प्रतापसिहशाहपछि हुन थालेको देखिन्छ । पशुपतिमा बहादुरशाह र रणबहादुर शाहले बनाएका सदावर्त घरहरू 'राजपूत' शैलीमा बनेका छन् र तिनको विशालता पनि रहेको देखिन्छ । सो थापिएका वेलाका केही अभिलेख थाहा पाइएको छैन यसैले यिनको व्यवस्था कुन किसिमको बाँधिएको थियो भन्ने बुझ्न सकिएको छैन । तर राजा र राजपरिवारले थापेको हुँदा यिनवाट ठूलै रूपमा सामाजिक सेवा पुग्दथ्यो भन्ने अन्दाजी सजिलैसित गर्न सकिन्छ ।

नेपाल उपत्यकामा मन्दिर थाप्ने पहिला शाह राजा (महाराजकुमार) वहादुर शाह देखिएका छन् तर तिनको तत्सम्बन्धी कुनै अभिलेख नभेटिएकोले मन्दिरसाथै धर्मशाला-पाटी पनि बनेका थिए वा थिएनन् केही भन्न सकिएको छैन । रणवहादुर शाहले आफैले थापेको मन्दिर (जगन्नाथ) मा पनि धर्मशालापाटी आदिको स्थिति रहेको नरहेको कुरा अस्पष्ट छ । तर, रणबहादुर शाह जीवित छँदै उनका छोरा गीर्वाणयुद्ध वीर विक्रमशाहको पालामा माहिली बडा महारानी सुवर्णप्रभाले सं. १८५८ मै नन्दिकेश्वर मन्दिरको निर्माण गरेकी थिइन्[4] जसमा पछि सं. १८६५ मा राम्रो बन्दोबस्त गरिएको थियो ।[5] आफूले बनाएको मन्दिरमा राम्रो बन्दोबस्त गर्ने रणवहादुरशाहकी उनी माहिली रानी सुवर्णप्रभाको पहिलो ठाउँ रहेको छ । मन्दिर बनाएको सम्झनाको लागि लेखाई राखिएको शिलालेखमा मन्दिरका चारैतिर आश्रय नभएकाको लागि ठूलो धर्मशाला बनाई त्यसमा 'दीन, अनाथ, अन्धा, खोरण्डा, बहिरा, भोकाएका अतिथि-अभ्यागतको लागि

---

१. इतिहास प्रकाश–१ पृ. ३७. भक्तपुर शिलालेख सूची, पृ. ६५.
२. अभिलेख संग्रह, भाग–१२. पृ. ८.
३. भक्तपुर शिलालेख सूची, पृ. ६१–१३१.
४. अभिलेख संग्रह, भाग–१२. पृ. ७.
५. ऐजन, पृ. ८–१२.

'अन्नसत्र' पनि राखिएको बयान गरिएको छ ।[1] अभिलेखमा सदावर्तका नियम र धर्मशाला र पाटी भत्के-बिग्रेमा बनाउन पनि बन्दोबस्त गरिएको कुरा लेखिएको छ । यिनै महारानीले पश्चिममा मुक्तिनाथमा पनि धर्मशाला र सत्र पनि बनाएको कुरा त्यसै शिलालेखमा लेखिएको छ ।[2]

संवत् १८६८ (ई. १८१०) को वर्ष महाराजाधिराज गीर्वाणयुद्धकी कान्छी आमा महारानी ललितत्रिपुरसुन्दरीले तत्कालीन 'प्रधानमन्त्री' भीमसेन थापाको प्रवन्धमा यौटा ठूलो काम गरेकी थिइन् । उक्त काम हो हालको थापाथलीबाट पाटनतिर जाने पुलको निर्माण । यो पुल बनाएको सम्झनामा लेखिएको स्तम्भ-लेख अनुसार यो काम उनी महारानीले अकालमा परी स्वर्गीय भएका आफ्ना पति महाराजाधिराज रणबहादुर शाहको मुक्तिको कामना गरी गरेकी थिइन् ।[3] पुलसाथै धर्मशाला र ग्रामहरू पनि थापिएको कुरो उक्त अभिलेखको नेपाली भागको यो भनाइबाट बुझिन्छः–

> भीमसेन थापा काजीसित सल्लाहा गरी श्रीललितत्रिपुरसुन्दरीदेवी नाम भयाका श्रीस्वामी रणवहादुर शाहका कांछा महारानीले कीर्ति र श्रीस्वामीज्यूको उद्धार हवस् भन्ना निमित्त यो वाग्वतीको पूल वनाउनाकन इच्छा गरी हुकुम वक्सनुभयो. वाहादेषी सकल राज्यको भार पायाका प्रभुका भक्त भयाका बडा बुद्धिमान् भीमसेन थापा काजीले एस काममा वहुत चित्त लगाई लक्ष्मीनारायण डिट्ठा मुख्य गरी लोकनाथ पांडे सुब्बा जयद्रथ सुबेदार दलवार—पिहुवर लामा सुब्वा प्रभृति अनेक मनुष्यकन लगाई शाके १७३२ सम्वत् १८६७ सालका मार्गशीर्ष महीनाका शुक्लपक्षका एकादशी तिथि रेवती नक्षत्र सिद्धियोग वणिक्करण वृहस्पतिवार

---

१. यस्या देवालयस्याभित उपरचिता धर्मशाला विशाला वासायानाश्रायाणां
विलसति नितरामन्नसत्रं-च यत्र ।
दीनानाथान्धखञ्जातिथिवधिरबुभुक्षातुराभ्यादि प्रीत्यै केनात्र वर्ण्या
नृपवरमहिला श्रीसुवर्णप्रभेयम् ॥
ऐजन, पृ. ९–१०.

२. यस्या अस्ति च मुक्तिनाथसविधे श्री धर्मशाला परा यस्या यात्रिकलो-
कसन्नतिमुदे भात्यत्र सत्रं सदा ।
ऐजन, पृ. ९.

३. निजपतिपरधामप्राप्तये संस्कृतोऽयम्—संस्कृत सन्देश, ७. पृ. ८.

मकरलग्नमा शिलान्यासपूर्वक एक वर्षमा तेह्रशय त्रिपन्न हातको यो
सुवर्णसिंहध्वज भयाका कीर्तिस्तम्भले शोभायमान भयाका वारी
धर्मशाला ग्रामहेरू भयाको सिद्ध गरी महाराजा महारानीकन मं
गराया वाहादेषी १८६८ सालका चैत्र'' छँदामा यज्ञ दान पुण्य गरी
श्रीगीर्वाणयुद्धविक्रम शाह महाराजाधिराजले सँग भई श्री ललितत्रि
सुन्दरी महारानीले श्री जगदीश्वरप्रीतिपूर्वक श्रीस्वामीज्यूका उद्
निमत्त वारीपारी धर्मशाला गुठी खेतले सँग भयाको यस् पुलको उत्
गर्नुभयो ।[१]

सुन्दरानन्द बाँडाले पनि आफ्नो ग्रन्थ 'त्रिरत्नसौन्दर्य गाथा'
यो घटनाको निकै बयान गरेका छन् । उनको भनाइले त्यस 'धर्मशाल
क्षेत्रको स्थिति अझ राम्ररी बुझ्न सकिन्छ ।[२] उनले लेखेका छन्:—

गीर्वाणयुद्धाधिपदत्तपूजं श्रीस्वामिगञ्जं रमणीयकुञ्जम् ।
तीरप्रतीरे सरितां वरायाः प्रक्षिप्तगुल्मद्रुमभूरिबीजम् ।।

फेर नदीविषे श्रेष्ठ भयाका वाग्मतीका वारिपारिका तीरभूमिमा धर्म
शाला सत्रागार मण्डप आदि मनोरम कुञ्जगृह बनाउदा श्री ५ गीर्वा
युद्धविक्रम शाह महाराजबाट सत्कारपूर्वक दातव्य सदावर्तिका गुठी
राख्याका श्रीस्वामिगंजनामा जो जगाह थियो. नानाप्रकारका वृक्षको
लहरा पात फलफूलका बिरुवा लायाका हुनाले चमत्कारका मनोहर
बगैंचाले अति राम्रो स्थल जमायो. गुठि भन्याका एस्तै हुन्छ……

जनाश्रयैश्चारुतरैः सुरम्यं बालाबलावृद्धजनैकगम्यम् ।
विशालवातायनशालहर्म्यं वितर्दिनिर्यूहविसृष्टनीडम् ।।

वाल भया केटाकेटीहरू, अवला भया वुढी स्वास्नीहरू, वृद्ध भया
८०/९० वर्षका बुढाहरू, इनहरूले पनि रात–बिरात हिंड्नु डुलनु
सजिलो भयाका बाटामापाटी फलैंचाले बसनु लायक भयाका घरमा
ठूला साना झ्याल वनायाका हुनाले शीतल बतास लाग्याका विशाल

---

१. त्रिरत्न सौन्दर्यगाथा, पृ. २९८ (परिशिष्ट)

२ पहिले उनले त्यहाँ थापिएको सिंहको ३ संस्कृत श्लोकमा बयान गरी तिनको नेपाली रूप पनि दिएका छन्—ऐजन, पृ. १९६–१९७, श्लोक १९२ को आधा र १९३, १९४ र १९५ ।

घरका दलिङका घोपामा गरि चराचरीले गुण् पारि राण्याका एस्ता प्रकारका विशाल घर पनि बन्यो …।

कपोतपालीपरिणद्धगोपानसीविचित्रीकृतपुत्तलीकम् ।
प्रवासिभिर्लब्धसदावृतीकं स्थेयात्तदाभूमिकमव्यलीकम् ।।

फेर परेवाहरूलाई बास दिनाकन झुण्डाइदियाका पिंजरा झुण्डाइराण्याको गोपानसी भन्नु मुसिमनिका बांगा काठमा चित्र विचित्र मूर्तिकन कर्मिले बनायाका पुतली टाकि राण्याका पुतलीमहल्ले मनोरम भयाका फेर अतीत अभ्यागत प्रभृति दान जनकन सदावर्ति सिधा चलायाका हुनाले दुनिञाले पनि संतोष पायाका श्रीस्वामीगंजनामा जगाहले सहित भयाका पुलकन …।

× × ×

एसै प्रकारसँग महल मण्डप धर्मशाला सत्रागार नाना फल फूलका वारि भयाका बगैंचा सेतुबंध पुलकन चारैतरफ बनाउदा भयाका नृपमण्डलीका अधिपति श्री ५ मद्गीर्वाणयुद्धविक्रम साह महाराजा जो छन् …।।[1]

माथि चर्चिसकिएको स्तम्भलेखमा भीमसेन थापाले 'विष्णुमतीको पूल वारीपारीको धर्मशाला घाट' बनाएको कुरा पनि लेखिएको छ ।[2] सुन्दरानन्द बाँडाले पनि आफ्नो ग्रन्थ 'त्रिरत्नसौन्दर्यगाथा'मा एकपल्ट भीमसेन थापाले धर्मशाला बनाएको चर्चा गरेका छन् ।[3]

ललितत्रिपुरसुन्दरी र भीमसेन थापाले वाग्मतीको पुल बनाएको ९ वर्षपछि फेरि धर्मशाला आदि बनाएका थिए तर त्यो भन्दा अघिनै सं. १८६९ मा रणबहादुर साहकी पत्नी 'श्रीसाहिला नानीसाहेब' लक्ष्मीदेवीले पचलीमा 'लक्ष्मीश्वर' मन्दिर बनाउँदा मन्दिरको चारैतिर धर्मशाला पनि बनाएकी थिइन् ।[4] तर लक्ष्मीदेवीको हैसियत अलि कम भएर होला उनले आफ्ना सौता महारानीहरू सुवर्णप्रभा र ललितत्रिपुरसुन्दरीलेझैं 'सदावर्त'को वस्तोबस्त गर्न नसकेको देखिन्छ । तैपनि उनले आफ्नो गच्छेअनुसार राम्रो

---

१. त्रिरत्नसौन्दर्यगाथा, पृ. १९७–१९८.

२. ऐजन, पृ. २९७. (परिशिष्ट ।) ।

३. ऐजन, पृ. १९५.

४. अभिलेख संग्रह, भाग–१२. पृ. १३. हेर्नू–पूर्णिमा, ६. पृ. ५८.

'धर्मशाला' बनाएकी थिइन् जो आजसम्म पनि आश्रय नभएकाहरूको आश्रयस्थल रहिरहेकै छ ।

ललितत्रिपुरसुन्दरीले 'त्रिपुरेश्वर' मन्दिर बनाउँदा गीर्वाणको स्वर्गवास भएको झण्डै पाँच वर्ष बितिसकेको थियो र सिंहासनमा बालक राजेन्द्रवीरविक्रम शाह थिए । पहिले पुल बनाउँदाझैं यसपाली पनि उनी रानीले आफ्ना पतिको मुक्तिको लागि भनी यो मन्दिर बनाउन लगाएकी थिइन् ।[1] वास्तुशैलीको दृष्टिले र अरू कुराले यस मन्दिरको के महत्त्व छ भन्ने कुरा त पछि यथास्थानमा वर्णन गरिने छ तर मन्दिर अनुसार यहाँ पनि 'धर्मशाला' ठूलो रूपमा बनाइएको देखिन्छ । त्यहाँ रहेको अभिलेखअनुसार यो 'धर्मशाला' किसिम किसिमका परदेशी मानिसको ठूलो उपकार गर्न सक्ने, सडक चोक राम्रा कोठा झ्यालहरू भएको, चिल्लो भुइँ भएको यो धर्मशालाले नाना देशबाट आएका बाटामा थाकेका केही नलिएका मानिसहरूलाई सधैं भोजन वास दिने कामले मनमाफिक खुशी पारोस् ।[2] भनिएको छ । अभिलेखमा सदावर्त आदिको वयान गरिएको नभए पनि उद्धृत भनाईबाट यहाँ त्यस्तो प्रबन्ध थियो भन्ने स्पष्ट देखिन्छ । तत्कालीन शासकका स्तुतिगायक सुन्दरानन्द बाँडाले यो मन्दिरबारे के टिपेका छन् एकपल्ट हेरिहेरौं । उनी लेख्छन्:—

> उपस्कर भन्नु डेरा गरी बस्न्याहरूलाई चाहिन्या आगो पानी चुल्हो अध्यान् दियो कुचो जातो नाङ्ला ढेकी मुसल पान्या पिन्या वस्तु सरोजाम सदावर्त्त समेत घियं दाउरा हांडिसमेत पोषत गरि गुठि दातव्य संकल्प गरि साक्षात् भगवती जगदंबा श्रीमल्ललितत्रिपुरसुन्दरी देवी जो छन् श्रीमत् त्रिपुरेश्वर शिवजीकन अर्पण गर्दि भईन् ।[3]

× × ×

---

१. त्रिरत्न सौन्दर्यगाथा, पृ. ३०३–५. (परिशिष्ट) ।

२. शालेयं विविधप्रवासिमनुजप्राज्योपकारक्षमा
रथ्याचत्वररम्यकोष्ठविलसद्वातायना श्लक्षणभूः ।।
नानादेशसमागतान्पथि परिश्रान्तानसङ्ग्राहिणो
नित्यं भोजनवासदानविधिना कामानुगन्तोषयेत् ।।
ऐजन, पृ. ३०४ (श्लोक–१०) ।

३. त्रिरत्नसौन्दर्यगाथा, पृ. २०२.

जौन शिवालयविषेका सदावर्तमा पुग्याका गरीप प्रजा योगी गैह्रले सदावर्त्त गुठको भोजन गर्न्या सराजाम पाई जीवनवृत्ति गरि अतिथि जनको चित्त सन्तोषले श्री ५ महाराजाका दुनिञाको समेत जय मनाई वसीरह्याछन् ।।

वृद्धास्तपपोभिर्वयसा च वृद्धा ज्ञानेन वृद्धा न्यवसंश्च हृष्टाः ।
यत्रोपवासव्रतिनश्च धन्यास्तत्त्वैपुरं स्थैर्यमियाञ्च सत्रम् ।।

स्वस्ति श्रीस्वामिरूपि त्रिपुरेश्वरको अर्पण गरि बनायाका देवल चौघरा भयाका सत्तलमा बहुत हर्षपूर्वक वास गरिरह्याका वृद्ध तपस्वीहरू भया. वयसको बुढा भया. ज्ञानले जेठा भया. पण्डितहरू भया. शिवव्रत लिन्या निर्जला वस्न्याहरू भया. उपवास गर्न्याहरु भया. भजन गर्न्याहरू भया. नित्य २ सदावर्तमा धन दौलत् मेवामिष्टान्न गैह्र दिनाले धनि भयाका जोगिहरूले पनि ई शिवालय सत्तल सदावर्तसमेत स्थिरता भैरहोस् भनि आशीर्वाद दि जय मनाउँदा भयो ।।[1]

ई. १८२२ मा 'श्रीजनरल' भीमसेन थापाले आफ्नो दरबारको क्याम्पाभित्रै पारी बनाएको भीमभक्तेश्वर महादेवको मन्दिरमा हाल सत्तल-धर्मशाला केही रहेको देखिंदैन तर त्यसको अभिलेखमा भने नित्य 'सदावर्त' राखिएको कुरा लेखिएको छ ।[2] भीमसेन थापाका भाइ रणवीर थापाले पनि 'सदावर्त' थापेको उल्लेख पाइन्छ तर यो कहाँ बनेको थियो भन्ने छुट्ट्याउन सकिएको छैन ।

सं. १८९७ मा काठमाडौं इन्द्रचोक किलागलका निवासी सुब्बा कुलानन्दझा र उनको परिवारले पशुपतिमा 'अन्नशाला' वा 'सदावर्त निमित्त धर्मशाला' बनाएका थिए ।[3] यहाँ रोजिन्दा ५० जना मानिसलाई सदावर्त

---

[1] ऐजन, पृ. २०६.

[2] संस्कृत सन्देश, ५. पृ. १४–१६.

[3] असावसाधारणमेकमेव शम्भोर्विभोस्तोषकरं समीक्ष्य
धर्मकलाधन्नमयं प्रदानं क्षुत्पीडितेभ्योऽनुदिनं जनेभ्यः ।।
विधाय शालामतुलामदीनः शतार्द्धदीनेषु भवद्भिरन्नं
सोपस्करं नित्यमिह प्रदेयमित्वन्वशात्तत्र नियुक्तभृत्यान् ।।
अस्य नित्यान्नदानस्य निरवच्छिन्नतार्थिना
कुलानन्देन विदुषा निम्नगामातृका मही ।।
रोपणीभिर्गजेभर्षि ७८८ समिताभिर्मितार्पिता
मध्येदेशे चतुर्ग्रामी चोत्कृष्टा शिवतुष्टये ।। संस्कृत सन्देश ३. पृ. १९.

बाँड्ने बन्दोबस्त गरी गुठी राखिएको थियो । अरू पर्वमा १०८ र विशेष पर्वमा ५०० जनासम्मलाई ४ दिनसम्म सदावर्त बाँड्ने बन्दोबस्त पनि यहाँ गरिएको थियो । यो काममा ‘श्री ५ महाराज श्री श्री राजेन्द्रविक्रमसाहले ‘तेरा सोचीत्तसंग गुठी राख्नु भनी हजूरका हृदयमा धर्मको करुणा उत्पती भै ६६ सालमा वाहूलीबाट लालमोहोर गरी बक्स्या बमोजींका आफना सुनावीर्ता ढडा बमोजीं ज्मा षेत रोपनी ७८८’ जग्गा राखिएको थियो ।[१] राजेन्द्रले आर्यघाटमा धर्मशाला थापेको वा जीर्णोद्धार गरेको पनि उल्लेख पाइन्छ ।

ई. १८३७ (सं. १८९४) मा माथबरसिंह थापाले काठमाडौंमा धरहरापछाडि गणबहालमा भगवतीको मन्दिर थापेका थिए जसमा पछि ई. १८४४ मा उनले राजाबाट जग्गा पाई त्यसमा गुठी राखिदिएका थिए तर यो कुरो लेखिएको शिलालेखमा मन्दिरसाथ सत्तल-धर्मशाला थापेको कुरा परेको छैन ।[२] मन्दिरनेरै निकै ठूलो सत्तल रहेको देखिन्छ । त्यो निश्चयनै माथबरले मन्दिरसाथै बनाएको हुनुपर्दछ भन्ने लाग्दछ । माथबरले बनाएका अरू दुई मन्दिरमा पनि सत्तल छन् । यसै ताको गगनसिंहले पनि कोटेश्वरमा धर्मशाला बनाएको थाहापाइन्छ । वशावलिमा यहाँ धर्मशाला रहेको कुरा लेखिएको छ— (प्राचीन नेपाल–६. पृ. १९)

सं. १८९८ मा पनि यौटा ठूलो सदावर्त थापिएको प्रमाण पाइन्छ। पचलीघाटमा रहेको उक्त मितिको शिलालेखमा[३] ‘पृथ्वीनारायणका छोरा वहादुरका छोरा मन्त्री सरदार शत्रुभञ्जनले शिवमन्दिर बनाई प्रत्येक महीना संक्रान्तिका दिन १०० जना मानिसलाई भोजन गराउन सदावर्त राखी त्यसको लागि गुठीको पनि बन्दोवस्त गरिएको कुरा लेखिएको छ ।[४] अभिलेखमा जुन

---

[१] ऐजन, पृ. २४.

[२] पूर्णिमा, २२. पृ. १३३–१३४.

[३] अभिलेख संग्रह, भाग–१२. पृ. १९–२०.

[४] मासि प्रतिसंक्रमदिने शतजनातीताभ्यागतेभ्यो भोजनकारयितुं च यथा यथानाम क्षेत्र अर्धपादाधिकत्रिशरोपनिका क्षेत्राः संप्रदत्ता ।। अभिलेखमा ‘वाग्मत्यग्रे शिलाघट्टं शिवलिङ्गं कृत्वा’ भनिएकोले मूल शिवमन्दिरसंगै धर्मशाला वा पाटी पनि बनेको थियो कि भन्ने देखिन्छ । अभिलेख पनि पाटीमै भित्तामा टाँसी राखिएको छ ।

रूपमा यी दाताको परिचय दिइएको छ त्यस अनुसार यिनी प्रख्यात वहादुर शाहका छोरा (एकमात्र) देखिन्छन् ।

जङ्गवहादुरको उदयपछि मन्दिर थाप्ने जुन बाढी आएको देखिन्छ त्यसैसाथ सत्तल-धर्मशाला पनि थुप्रै बनेका देखिन्छन् । यस कालमा बनेका मन्दिरका शिलालेख-अभिलेखहरू प्रकाशित नभएकाले तिनको बन्दोबस्त आदिबारे केही बुझ्न सकिँदैन तर मन्दिरका ओरिपरि देखिने ठूल्ठूला सत्तलहरूले हाम्रो सन्दर्भलाई प्रशस्त धनी बनाएको कुरा स्पष्ट हुन्छ । उदाहरणको निम्ति जङ्गवहादुरले थापेका मृगस्थलीको विश्वरूप र कालमोचनको सत्यनारायण; उनकी रानीले कालमोचनमै थापेको गोपाल मन्दिर, जीतजङ्गले थापेको राजराजेश्वरीघाटको शिव मन्दिर र जगत्शम्शेरले शंखमूल पाटनमा थापेको विष्णु मन्दिरकै कुरा लिउँ । ती सबै मन्दिरमा र खास गरी जङ्ग र उनका भाइ जगत्शम्शेरले थापेका मन्दिर ओरिपरि विशाल धर्मशाला बनेका छन् । यसै कालमा बनेको पशुपति-पञ्चदेवल ओरिपरि पनि विशाल धर्मशाला बनेको छ । यस युगमा बनेका सबैजसो मन्दिर 'पगोडा' शैलीमा बनेका छैनन् तर तिनका धर्मशाला भने 'पगोडा' शैलीमै बनेका छन् ।

शैलीको दृष्टिले 'धर्मशाला' 'सत्तल' 'पाटी' 'पौवा' 'फलैंचा' (फलं) र 'सदावर्त' लाई केही वर्गमा बाँड्नुपर्ने देखिन्छ । यद्यपि कुरो स्पष्ट पार्न अलि अप्ठेरै छ तैपनि धर्मशाला, सत्तल र सदावर्त पर्यायवाचीको रूपमा बोलीचालीमा प्रयोग गरिन्छ र तिनलाई मन्दिरहरूसँगै गाँसिएको स्थितिमा लिनुपर्दछ । साधारणतया तिनको स्वरूप ठूलै हुन्छ । बाटा-बाटा वा गल्ली-गल्लीमा साना मन्दिरसँगसँगै जस्तो र कहिलेकाहीं अलग्गै पनि रहेकालाई 'पाटी' 'पौवा' र फलैंचा शब्दको प्रयोग गरिन्छ । साधारणतया यस्ता 'शाला'हरू एकनाले हुन्छन् र एकतलाभन्दा वढीका कमै देखिन्छन् । यी सबै खालका शालामा र गृहस्थ बस्ने घरमा खास फरक चाहिं अघिल्लोमा प्रायः गरी तल्लो तलामा खुला दलान बनेको हुन्छ । झ्यालको प्रयोगमा पनि तिनमा फरकै रहेको देखिन्छ । तिनको माथिल्ला तला भएका खण्डमा तिनमा यौटा वा दुईटामात्रै झ्याल र आँखीझ्याल प्रायः बनेका देखिन्छन् । यस शैलीका 'शाला' मा दलान खुला राख्ने चलन कति उदाहरणमा झन् विस्तृत भई एकातिर मात्रै भित्ता र तीनतिर खुला छोडिएको पनि देखिन्छ ।

यति मात्रै हैन कति उदाहरण त यस्ता पनि छन् जुनमा छाना मात्रै हुन्छ र तल डबली बनेको हुन्छ । यस किसिमका उदाहरणमध्ये काठमाडौंको उत्तरी भेकमा रहेको प्रख्यात 'सोह्र खुट्टे पाटी' हो । यस्तै अर्को उदाहरण बालाज्यूमा पार्कदेखि अलि माथि मूल सडकको छेउमा पश्चिमतिर रहेको छ। यस किसिममध्ये रानीपोखरीको दक्षिणतर्फ रहेको यौटा पाटीको सम्झना आउँछ । यौटा अग्लो डबलीमाथि ओरिपरि काठका खम्बा रहेको र खम्बा माथि पाटा-पाटा परेको झिंगटीको पाटे छाना रहेको यो पाटी 'पगोडा' शैलीका पाटीमध्ये निकै राम्रो थियो । निर्माताको नाम (राजेन्द्रवीरविक्रम ?) थाहा नभएको यो पाटी सडक सिगार्ने क्रममा भत्काई सकिएको छ ।[1] यस्ता बेगन्ती पाटी-पौवा र सत्तल खत्तम पारिए वा जीर्णोद्धार नगर्दा आफैं नासिइसकेका छन् । जीर्णोद्धार भएका पनि कम छैनन् । गुठी संस्थानद्वारा टाउँ-ठाउँमा जीर्णोद्धार गरिएका 'सत्तल'हरूमा थापाथलीको वागमती पुलको पारिपट्टि काँचुली फेरेको सत्तल निकै मनोहारी रूपमा रहेको देखिन्छ ।

कलाको दृष्टिले यस्ता सत्तल' र 'धर्मशाला' र 'पाटी-पौवा' मा राजधानी भेकमा रहेकाहरूमा चिल्ला र राता रंगका ईंट देखिने गरी बनेका र झिंगटीका विभिन्न शैलीका छाना भएका घरहरूको स्वरूप निकै राम्रो हुन्छ । तिनमा प्रयोग भएका खाँवा झ्याल-आँखीझ्याल र टुंडालहरूमा काष्टकलाको चित्र-विचित्र रूप देखिन्छ । मन्दिरहरूमाझैं कतै कतै टुंडालमा स्त्री-पुरुषका काम-कला-सम्बन्धी दृश्यहरू पनि यस्ता घरमा प्रयोग गरिएको देखिन्छ । भित्र भित्तामा चाहिं कतै कतै देव-देवताका मूर्तिहरू खोपामा राख्ने गरेको पनि देखिन्छ । यसरी यस्ता घरहरूको कलात्मक महत्व पनि मन्दिरहरूभन्दा कम रहेको देखिदैन ।

१. साम्प्रदायिक वास्तुकला

साम्प्रदायिक वास्तुकला शीर्षकमुनि माथि हामीले ५ उपशीर्षकहरूमा पुराना मन्दिरहरूमा यस कालमा गरिएका अनेक किसिमका

---

[1] संजोगले रामजी उपाध्यायको–नेपालको इतिहासमा ४४ सौं चित्रमा यो पाटीको चित्रसम्म जीवित रहेको छ । प्राचीन नेपाल, ६ पृ. १९ मा राजेन्द्रविक्रमशाहको बयान गर्दा 'यी राजाले टुंडीखेलमा लामपाटी बनाइदिया' भनी लेखिएको माथिकै हो कि अर्को हो किट्न सकिएन ।

कामहरूबारे विचार गरिसकेका छौं । त्यस विवरणबाट यस कालमा प्राचीन मन्दिरहरूको स्थिति र तिनप्रति राजकीय र सामाजिक दृष्टिकोणबारे केही विवरण प्रस्तुत गरिसकेका छौं । यसपछि हामी शाहकालमा विभिन्न युगमा वनेका मन्दिरहरूवारे तल विचार गर्ने छौं ।

साम्प्रदायिक वास्तुकला भनेर हामीले हिन्दू र बौद्ध तथा अरू किसिमका धर्म (इस्लाम, क्रिश्चियन) हरूलाई मोटामोटी रूपले लिएका छौं । हिन्दू धर्ममा पनि अनेक सम्प्रदाय त छन् तर तिनको स्वतन्त्र अस्तित्व नेपालमा धेरै पहिलेदेखिनै नरहेको र तिनका मन्दिरमा त झन् त्यस्तो साम्प्रदायिक भेद गर्नुपर्ने शैलीगत भेदभाव नदेखिँदा हिन्दू अन्तर्गत ती सबैलाई एउटैमा गाभी यहाँ विचार गरिएको छ । नेपालमा हिन्दू भन्नाले बौद्धमार्गीहरूलाई पनि सजिलैसँग लिन सकिन्छ तर तिनका धार्मिक वास्तुकलाका स्वरूपमा केही भेद रहेको देखिनाले यसरी भेद गर्नु गर्नुपरेको हो। यहाँ साम्प्रदायिक वास्तुकला अन्तर्गत मन्दिरहरूको विषयमा तीन मुख्य शीर्षक मुनि विचार गरिने छः—

१. हिन्दू मन्दिर

- क. ठूला मन्दिरहरू
- ख. साना मन्दिरहरू
- ग. शैलीगत अध्ययन

२. बौद्ध मन्दिर

- अ. बौद्धविहार
- आ. लामाका गुम्वा
- इ. बौद्ध चैत्य
- ई. वौद्ध मन्दिर
- उ. शैलीगत अध्ययन

३. अन्य धार्मिक मन्दिर

- क. बोन्पो सम्वन्धी मन्दिर
- ख. इस्लामी मन्दिर (मस्जिद)
- ग. क्रिश्चियन मन्दिर (चर्च)
- घ. सिख मन्दिर

४. मन्दिरका शैलीहरूको तुलनात्मक अध्ययन

उक्त तीन उपशीर्षक अन्तर्गत तल हामी शाहकालमै बनेका मन्दिरहरूको विषयमा अलि विस्तृत अध्ययन प्रस्तुत गर्दछौं। ठूला मन्दिरकै सन्दर्भमा पनि हामीले अनेक अभिलेख-प्रमाण पाइएका सानो आकारका र ऐतिहासिक महत्त्वका सन्दर्भ पर्ने मन्दिरहरूको पनि अध्ययन गर्नु जरूरी भएकोले यहाँ विवेचनाको सुविधाको लागि मात्र ठूला र साना मन्दिर भनी चर्चेका हौं जसको व्याख्या उपयुक्त ठाउँमा फेरि गरिने छ।

१. हिन्दू मन्दिर

क. ठूला मन्दिरहरू

१. शिवालय

ऐतिहासिक क्रमको हिसाबले आधुनिक नेपाल राज्यका संस्थापक पृथ्वीनारायण शाहले थापेको मन्दिरको उल्लेख गर्नु आवश्यक भएको छ। शक्तिवल्लभले 'जयरत्नाकरनाटक' मा एक जना जोगीको सल्लाहाअनुसार पृथ्वीनारायण शाहले सन्तान पाउने इच्छाले 'धर्मद्रवानदी (दरौंदी) को तीरमा इच्छा पूरा गरिदिने शिवलिङ्ग स्थापना गरी सपत्नीक पृथ्वीनारायण शाहले शिवलिङ्गको आराधना गर्नुभयो' भनी लेखिएको छ।[1] पृथ्वीले शिवलिंग मात्रै थापेका हुन् कि त्यसमा मन्दिर पनि थापेका थिए भन्ने कुराको निर्क्योल दरौंदीमा नै गै निरीक्षण गरेपछि मात्र हुने देखिन्छ। साथै यसको स्थापना कहिले गरिएको हो भन्ने कुरा पनि स्पष्ट छैन। तैपनि उक्त सन्दर्भ-अनुसार पृथ्वीले छोरा प्रतापसिंह पाउनुअघि सं. १८०३ तिरै उक्त शिवालय थापेको अन्दाजी गर्न सकिन्छ। माथि भनिएका कारणहरूले गर्दा यसको महत्त्वबारे केही विचार गर्न सकिएको छैन।

२. राममुक्तेश्वर ३. जयमुक्तेश्वर

पृथ्वीनारायण शाहका एक जना भारदार (जेठाबुढ़ा र सर्दार) रामकृष्ण कुंवरले सेकुवाडाँडामा राममुक्तेश्वर र जयमुक्तेश्वर दुईटा शिवालय

---

[1] तदुक्तं तथ्यं मत्वा धर्मद्रावानदीतीरेऽभीष्टदं शिवलिङ्गं संस्थाप्य सप्तत्नीको राजा शिदलिङ्गमाराधायभास। — जयरत्नाकरनाटक, पृ. १५२. अनुवाद, पृ. २४२. अरू कुनै वंशावलिहरूमा यो घटनाको चर्चासम्म पनि गरिएको छैन।

बनाएको उल्लेख पाइन्छ ।[1] यी दुई मन्दिर रामकृष्ण कुंवरले पृथ्वीकै जीवितावस्थामा थापेका हुन् वा होइन भन्ने निश्चित भन्न सकिदैन । यिनैले पृथ्वीको पालामा पशुपति-गुह्येश्वरीको बाटो बनाएका थिए ।[2] यी शिवालय-को कलात्मक स्वरूप आदिबारे केही भन्न सकिएको छैन । रामकृष्ण कुंवर जंगबहादुरका बराजु (बालनरसिंह, रणजित् कुंवर र रामकृष्ण कुंवर) हुन् ।[3] यी दुवै मन्दिर सम्भवतः ई. १७७० तिर बनेका हुन् ।

४. रामेश्वर

महाराजाधिराज पृथ्वीनारायण शाहको जीवनकालमा उनका एक जना भारदार रामकृष्ण कुंवरले थापेको भनी प्रख्यात रामेश्वर मन्दिरको ऐतिहासिक महत्त्व मान्नुपर्ने देखिन्छ ।

यो मन्दिर थापिएको भन्ने जान्ने हाम्रो मुख्य स्रोत 'भाषा वंशावलि' नै हो । त्यसमा यस विषयमा तल सारिएको कुरा लेखिएको छः—

> श्रीशाके १६९२ मार्गशुदि ४ का दिन रामकृष्ण कुंवरले श्रीमहाराज बक्साई श्रीपशुपतिदेखि श्रीगुह्येश्वरीका स्थानसम्म पत्थरले चिनी बाटो बनाई सिध्याई मृगस्थलीका वन भित्रमा श्रीरामेश्वर महादेव स्थापना गरी राजाबाट आफूलाई बक्स्याका ढाल तरवारमा थापी लियाका रणजित् मल्लका छोरा अवधूतसिंहको सर्वत्र घर बारी खेत २६३ रोपनी १८२७ साल माघशुदि ५ रोज २ का दिन तामापत्र गरी श्रीपशुपति प्रीति गरी सदावर्त गुठी राखी चढाया ।[4]

---

१. जुद्धशम्शेरको थापाथली पाश्वायनको शिलालेख, अभिलेख, संग्रह, भाग–८. पृ. २४.

२. ऐजन.

३. ऐजन.

४. देवीप्रसाद भण्डारी आदि (संपा०)—श्री ५ पृथ्वीनारायण शाहको उपदेश, पृ. ९१२. भाषावंशावली, पृ. २०० भनी ऐ. शि. बाबुराम आचार्यले यही भनाइलाई उद्धृत गर्नुभएको छ—श्री ५ बड़ामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग–४. पृ. ८०५ तर त्यसमा '१८२७' सालको सट्टा '१८३७' साल परेको छ जो अशुद्ध हो भन्ने देखिन्छ, तर बाबुरामज्यूले त्यतापट्टि ध्यान नदिई 'हुन ता श्री ५

यौटा आर्को स्रोतमा यस सन्दर्भमा आर्को भनाइ पनि पाइएको छ जो तल सारिएबमोजिम छः—

> स्वस्ति शाके १६९४ सालको चैत्रशुक्ल दशमीका दिनमा श्री श्री जीज्युबाज्या रामकृष्ण कुंवर जयकृष्ण कुंवर यी दुइ भाइबाट श्री ६ गुह्यकालीदेखि श्री ६ पशुपतिसम्म पत्थर छापी बाटो बनाया त्यहाँ उप्रान्त श्री ६ मृगस्थलीका नजीकमा श्री ६ रामजयकृष्णेश्वर नाउं गऱ्याका पत्थरका शिवलिंग स्थापना पनि गऱ्या. श्री ६ मृगस्थली देवताहरूका पूजा गर्नानिमित्त श्री ६ पशुपतिका नजीकमा ब्राह्मण आदि गरेका प्राणी जो छन्. तिनलाई प्रतिदिन अन्न दान दिनानिमित्त बाटो सत्तल आदि गरेका कृतिको रक्षा गर्नानिमित्त भादगाउँल्या राजा रणजित्मल्लका भित्रिनीपट्टिका छोरा अवधूतसिहको घर पचास रोपनी वारी दुई शय बीस रोपनी खेत श्री ५ पृथ्वीनारायण शाहका हजुरमा ६ हजार सात शय रुपैयाँ चढाई वक्साई गुठ राख्या[1].

वंशावलि र यो भनाइमा धेरै कुरामा फरक परेको देखिन्छ। वंशावलिमा गुठी राखिएको खेत पृथ्वीनारायणबाट रामकृष्णले 'बक्सीस' पाएजस्तो देखिन्छ। तर यो उद्धरणमा पैसाको साटो राजाबाट जग्गा लिएको

पृथ्वीनारायण शाहको देहान्त भएको ६ वर्षपछि उनका नाति श्री ५ रणबहादुर शाहका राज्यकालमा रामेश्वरको स्थापना भएको र तांबापत्र भएको कुरा वंशावलीका लेखबाट देखिन्छ। सो घरजग्गा श्री ५ पृथ्वीनारायण शाहलेनै दिएको अनुमान गरिएको छ।' भनी लेख्नुभएको छ (ऐजन)। यसरी आनका तान पर्दा 'रामेश्वर' मन्दिरको थापनामा १० वर्षको फरक र शासकका २ पुस्ताको फरक पर्न आएको छ। वंशावलीको उहाँले उद्धृत गरेको वाक्यखण्डमा पनि पृथ्वीनारायणकै समयमा त्यो मन्दिर सम्बन्धी सबै काम भइसकेको कुराको ध्वनि त स्पष्टै सुनिन्छ।

[1] 'प्रशिद्ध वीर बलभद्र कुंवरका पनाति श्रीरेवत बहादुर कुंवरले पशुपतिमा रहेको हाम्रो शिलापत्रको नक़ल भनी दिनुभएको कागत'—श्री ५ पृथ्वीनारायण शाहको उपदेश. पृ. ९१३ पादटिप्पणी।

भन्ने देखाइएको छ ।[1] मन्दिरकै नाउँमा पनि ती दुवैमा फरक छ–वंशावलिमा 'रामेश्वर' भनिएको छ भने यसमा 'रामजयकृष्णेश्वर' भनिएको छ । वंशावलिमा यस मन्दिरका निर्माता एक्लै रामकृष्ण देखापरेका छन् भने उक्त उद्धरणमा उनका साथ उनका भाइ जयकृष्ण कुंवर पनि जोडिएका छन् र दुई जनाले मिलेर बनाएको हुँदा दुवै जनाका नाम मिलाई ईश्वर थपी 'रामजयकृष्णेश्वर नाम यहाँ दिइएको छ । तर उक्त उद्धरण वंशावलि जत्तिको भरपर्दो नदेखिनाले र पछिको पनि हुनाले मन्दिरको नाम 'रामेश्वर' नै ठीक देखिन्छ । पछिका केही ऐतिहासिक प्रमाणमा पनि रामकृष्णले 'रामेश्वर' थापना गरेको कुरा लेखिएको देख्दा यस मन्दिरको उपयुक्त नाम यही रहेको

---

१. श्री बाबुराम आचार्यले यस सन्दर्भमा रामकृष्ण कुंवरले जग्गा राजाबाट बक्सीस पाएको कुरा यसरी लेख्नु भएको छः—काठमाडौं अधिकार भएपछि श्री ५ पृथ्वीनारायण शाहका एक प्रमुख सेनापति सरदार रामकृष्ण कुंवरले त्यो कार्य मरम्मत गरिदिंदा श्री ५ पृथ्वी प्रसन्न भएका थिए । तर, लगत्तै रामकृष्ण कुंवर किरांत दखल गर्न खटिएका र त्यस काममा उनी सफल पनि भएका हुनाले श्री ५ पृथ्वीनारायण शाहले अरू सेनापतिहरूलाई भन्दा यिनलाई विशेष शिरोपाउ दिएका थिए । तैपनि श्री ५ पृथ्वीनारायण शाह यिनको धेरै कदर गर्न चाहन्थे । धन वा ठूलो बिर्ता दिएमा यिनी नबिग्रे पनि यिनका सन्तानहरू विलासी बनी पथभ्रष्ट होलान् भन्ने शंका लिएर 'एक पन्थ दोकाज' गरी उनलाई बागी भई वाराणसीमा रहेका अवधूतसिंहका सर्वस्वमा आएको भक्तपुरको घर र बिर्ता जति सबै गुठी राख्न भनी सौंपिदिए । गुठीमा रहेका धनमा लोभानी पापानी होला भन्ने रत्तिभर पनि शंका थिएन । घरका बहालबाट र जग्गाका तिराबाट शिवरात्रिमा आउने विदेशी यात्रीहरूलाई सिधा दिने नियम पनि भएकोले यस कार्यबाट श्री ५ पृथ्वीनारायण शाह र रामकृष्ण कुंवर समेत दुवै आनन्दित भएका थिए—श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग—४. २०२६ काठमाडौं. पृ. ८००.

देखिएको छ ।[1]

शाहकालमा बनेका महत्त्वपूर्ण मन्दिरहरूसम्बन्धी शिलालेख-अभिलेख नपाउँदा तिनको अध्ययनमा ठूलो समस्या आइपरेको छ । यही कुरा रामेश्वरको सम्बन्धमा पनि छ । माथि उद्धृत वक्तव्यहरूमा यो मन्दिर मृगस्थलीमा जंगलमा बनेको भनिएको छ तर मृगस्थली त मृगस्थली कतातिर ? कुन ठाउँमा ? यस युगको बारेमा ठेली किताब निस्केका छन् तर सांस्कृतिक महत्त्वको यो कुराबारे केही लेखिएको देखिंदैन ।[2] स्व. श्री बाबुराम आचार्यज्यूले[3] यस मन्दिरबारे यसरी लेख्नुभएको छः–

> ''एक सय वर्षपछि श्री ५ सुरेन्द्रको राज्यकालको अन्त्यतिर पल्टनियाँ जवान लगाई फराकिला पत्थरका सिंढी बनाई वर्तमान समयको बाटो तयार गराएको देखिन्छ । यस समयमा रामकृष्ण कुंवरले बनाएको शिवलिङ्गसहितको रामेश्वरको मन्दिर र सदावर्त बाँड्नाका निमित्त

---

१. पशुपति राजेश्वरीमन्दिरको जितजङ्गको सं. १९३१ को शिलालेखमा लेखिएको छः—

य: सेतुं रुचिरं पुर: पशुपतेरार्याख्यतीर्थेऽतनो–
द्रामेशं च मृगस्थले निहितवान् पूजान्नदानादिभि: ।
मार्गं चाश्ममयं ततान सरित: यावच्च गुह्येश्वरी–
मन्या वा बहुश: कृताश्च सुधिया वीरेण धर्मक्रिया: ।।

(उहाँ रामकृष्ण) ले पशुपतिनाथको अगाडि आर्यघाटमा राम्रो पुल बनाउनुभयो । मृगस्थलीमा गूठीसहित रामेश्वर स्थापना गर्नुभयो । आर्यघाटदेखि गुह्येश्वरीसम्म ढुङ्गा छापेको बाटो बनाउनुभयो । बुद्धिमान् वीर रामकृष्णले अरू पनि धेरै धर्मकर्महरू गर्नुभयो ।) — श्री ५ पृथ्वीनारायण शाहको जीवनी, पृ. ९१३–१४ मा पादटिप्पणीमा उद्धृत ।

२. संशोधन मण्डलका सदस्यहरूले सम्पादन गरेका–श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ४ भाग, स्व. श्रीबाबुराम आचार्यद्वारा लिखित–श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका ४ भाग र अरू पुस्तकहरू पनि ।

३. श्री बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग-४ पृ. ८०५–६.

बनाएको सत्तल पछि थोत्रिएका हुनाले रामकृष्ण कुंवरका सन्तानहरूले थोत्रा मन्दिर र सत्तलमा जान उचित नसम्झँदा जङ्गबहादुर राणाले बनाएका विश्वरूपको मन्दिरका सत्तलबाट सदावर्त बाँड्ने नियम गराई रणोद्दीपसिंह राणाले आफूले बनाएका नयाँ मूलबाटोको बगलैमा नयाँ रामेश्वरको सिंगमर्मरको लिंग र सिंगमर्मरकै छरितो मन्दिर पनि बनाइदिए। रामकृष्ण कुंवरले बनाएको पुरानो मन्दिर र सत्तल समेत पाताल भई रामेश्वरको पुरानो लिंग गुम बनेर बेपत्ता भएको छ।"

मृगस्थलीमा मूलबाटो पूर्वपट्टि रहेको संगमर्मरले बनेको सानो मन्दिरलाई रामेश्वर भनी मानिन्छ। बाबुरामज्यूको भनाइअनुसार रणोद्दीप सिंहले यस मन्दिरलाई यो रूप दिएका हुन् भनी मान्नुभएको छ। आफ्नो मूल रूपमा नरहेको र आकारमा ज्यादै सानो भएर पनि यसको विशेष वर्णन गर्नुपर्ने देखिँदैन।

५. सूर्य, उमामहेश्वर आदिको मन्दिर

कान्तिपुरबाट भक्तपुर जाने मूलबाटोमा कोटेश्वरको प्रख्यात मन्दिर रहेको छ। यस मन्दिरको पूर्वपट्टिको लङमा पर्खालमै जोरिएर साना मझौला खालका ईंटले बनेका २ ओटा मन्दिर अलिकति फरक परेर रहेका छन्। यिनका शिखर प्लाष्टरमा घण्टाकृति स्वरूपको बनेको छ। उक्त साना २ मन्दिरमध्ये दक्षिणपट्टिको बाहिरी भित्तामा राखिएको २। हात जति लामो शिलालेखमा नेपाल संवत् ९०२ (९०८ ?) को मिति भएको विवरण लेखिएको छ। त्यस विवरणमा ललितपट्टनमा वंबाहारका निवासी गोविन्दसिंह भारोले 'श्री ३ कोटीश्वर' को प्रीतिको लागि मन्दिर बनाई सूर्य, उमामहेश्वर, गुह्येश्वरी, कीर्तिमुख, गणेश, महाकाल र सरस्वतीका मूर्ति थापेको र अनन्त-भारो भन्नेले हिटी र पाटी बनाएको कुरा अर्थ्याइएको छ।

ई. १७८२ मा बनेका भन्ने थाहापाइएका यी दुई मन्दिर आकृतिमा सानै भए पनि तिनमा थापिएका मूर्तिहरूको दृष्टिले तिनको ऐतिहासिक महत्त्व रहेको देखिन्छ। यी मूर्तिहरूको कलात्मक विवरण तल यथास्थान प्रस्तुत गरिने छ।

६. राम मन्दिर

सरदार अमरसिंह थापाले ई. १७८२ (शक संवत् १७०४, संवत् १८३९) मा जनकपुरमा 'श्री सीता रामचन्द्र लक्ष्मनजीका मन्दिर' बनाएको

सम्झनामा राखिएको शिलालेख प्रकाशित भएको छ ।[१] यो मन्दिर कत्रो छ र कुन शैलीमा बनेको छ भन्ने कुराको विवरण यहाँ प्रस्तुत गर्न सकिएको छैन। शाहकालमा बनेका मन्दिरहरूको क्रमिक इतिहासमा यो मन्दिर बनाएको घटना र स्थानको पनि महत्त्व हुनाले यसको उल्लेख मात्र भए पनि गरिएको हो । पूर्व शाहकालमा सुदूर पूर्व नेपाल तराईमा तत्कालीन प्रख्यात भारदारले[२] बनाएको यस मन्दिरको निकै ऐतिहासिक महत्त्व रहेको देखिन्छ ।[३]

---

१. भूभृद्वृ-दशिरोमणे रणबहादुरस्य सेवापरः धर्म्मज्ञोऽभरसिंहको व्यरचयन्सोतापते मन्दिरम् ।। श्री मन्महाराजाधिराज श्रीमहाराजे रणवहादुरशाहजङ्देववा सेवक आत्रेय गोत्रोत्पल भीमसेन थापात्मज सरदार श्री अम्वरसिंह थापाले श्री (सीता)(रा) मचन्द्र लक्ष्मनजीका मन्दीर वनबाया ।'' मंदिर वनावदाको रूपमा ' –शंकरमान राजवंशी, पुरातत्त्व पत्र संग्रह, भाग–३. पृ. १२.

२. यी अमरसिंह थापा यसै नामका भीमसेनथापाका बावु चाहिं होइनन्। यिनी अर्कै अमरसिंह थापा हुन् । यिनी भीमसेन थापाका बाबु अमरसिंह थापा भन्दा जेठा थिए । यस मन्दिरका निर्माता किल्ला काँगडाका प्रख्यात योद्धा-सेनापति अमरसिंह थापा ई. १८१६ को अंग्रेजसंगको युद्ध सकिएपछि आफ्नू वातावरण निराशाजनक पाएर शान्ति लिन गोसाईंकुण्डमा गएको वेला कठयाङ्गिएर स्वर्गीय भएका थिए ।

३. इतिहास शिरोमणि स्व. बाबुराम आचार्यले यौटा महत्त्वपूर्ण टिप्पणी लेख्नुभएको छ जसले यस मन्दिरको घुमाउरो किसिमबाट ठूलो देन रहेको देखिन्छ । उहाँको भनाइ (नेपालको संक्षिप्त वृत्तान्त खण्ड—१ पृ. १३८) यस प्रकारको छः—

> "अमरसिंहले जनकपुरको राम मन्दिरमा झिंगटीको छाना लगाएका थिए । अंग्रेजहरूसितको युद्धपछि सीमानाको निर्णय गर्दा भोग जाँचेर सिमानाको निर्णय गर्न दुवै पक्ष राजी भए । नेपाली शासन कडा भएकोले नेपालको भोगमा आइसकेका मौजाहरूका बासिन्दाहरूले रसिद लुकाएर अंग्रेजपट्टि लागिदिदा सीमानाका मौजाहरू घटी सर्लाहीतर्फ चुरेको डाँडानिर नेपालको सिमाना आइपुग्यो । तर जनकपुरको मन्दिरको छानामा झिंगटी जडिएकोले नेपालको भोग निश्चित भई महोत्तरी जिल्लाका चुरेदेखि निकै दक्षिणपट्टिको तलहट्टी नेपालपट्टि आएको छ । यसरी आफ्नो नेपालीपनले देश बचायो ।"

७. अर्द्धनारीश्वर मन्दिर

सुन्दरानन्द बाँडाले 'त्रिरत्नसौन्दर्यगाथा' मा राजकुमार बहादुर शाहले बनाएको मन्दिरको बयान यस किसिमले गरेका छन्:—

श्रीमत्सिंहप्रतापात्मजरणबहादुरसाहाज्ञया
श्रीपृथ्वीनारायणस्यात्मजरणबहादुयुराजेन बाहादुरेण ।
मूर्त्तीकृत्यार्द्धनारीश्वरमुपरि गवाक्षे विचित्रेष्टकाभिः
काष्ठैः श्रीखण्डजातैर्ग्रहणसहितं दीर्गपीठं न्यधायि ।।८४।।

जौना श्री ५ सिंहप्रताप महाराजाका आत्मज श्रीरणबहादूरबाट हुकुम् पाएर श्री ५ पृथ्वीनारायणका द्वितीय आत्मज श्री बाहादुर साहले अर्द्धनारीश्वर मूर्ति झ्यालमा राखेर श्रीखण्डकाष्टले विचित्र ऐटले शोभायमान भयाका अष्टमातृका सहित नवग्रहका पीठकन ठूला घण्टासमेत पीठ बनाउँदा भया । ८४।।[1]

यसरी बयानिएको यो मन्दिर काठमाडौं गद्दी-बैठकको पश्चिमपट्टि सडकपारीको डबलीमाथि रहेको छ । उक्त उद्धृत सन्दर्भमा भनेझैं हाल यहाँ कुनै घण्टा छैन र अरू सम्बन्धित अभिलेख पनि यहाँ रहेको देखिदैन । यसको निर्माण-कालचाहिं बहादुर शाहको मुख्तियारी काल ई. १७८५–१७९४ को भएको छ ।

ऐतिहासिक र सांस्कृतिक दुवै दृष्टिबाट यो मन्दिरका जति किसिमका विशेषता देखिन्छन् तिनको विस्तृत अध्ययन त हाल गर्न सकिएको छैन तर यसको मोटामोटी विवरण यहाँ प्रस्तुत गरिन्छ ।

यस मन्दिरको बयान गर्न थाल्दा सबभन्दा पहिले यसको योजना र बाहिरी स्वरूपको विवरण प्रस्तुत गर्दछौं ।[2]

यो मन्दिर काठमाडौंनेर गद्दीबैठकको पश्चिमोत्तर कुनामा भित्तापट्टि दक्षिणाभिमुख भई बनेको छ । जुन डबलीमाथि फेरि भार्को जगती थपी यो मन्दिर बनेको छ त्यो डबली पनि यसैको निर्माणको लागि बनेको हो कि पहिलेदेखि रहेको डबलीमाथि यो मन्दिरमाथि यो मन्दिर बनेको हो भन्ने कुरा हामी त्यसै भन्न सक्दैनौं, तर जे भए पनि यो योजनाले मन्दिरलाई

---

१. त्रिरत्नसौन्दर्य गाथा, पृ १४६-७
२. यस मन्दिरको सामुन्नेको भागको चित्र हेर्नुहोस्–चित्र संख्या–१३

सडकको सतहभन्दा निकै अग्लो देखाएको छ । यो डबलीमाथि ईंटले बनेको र तीन अग्ला पेटीमा विभक्त जगतीमाथि उत्तरतर्फ कुनामा मूल मन्दिर बनेको छ, अर्थात् अनेक अरू मन्दिरहरू जस्तै यो मन्दिरका चारैतिर जगती-को स्वरूप नभई पूर्व, पश्चिम र दक्षिणतर्फ मात्र जगती बनी उत्तरतर्फ कुनामा मन्दिर बनेको छ र त्यतापट्टि मन्दिरको गर्भ गृहको पछाडिपट्टिको भागको एक पेटी मात्र बनी त्यसै छोडिएको छ–अनि यसकै पछाडिपट्टि ठूलो पर्खाल रहेको छ । मन्दिर दक्षिणाभिमुख छ र मन्दिरमा पुग्न यतैपट्टिबाट पेटीमा बीचमा पारी आठ चौडा ढुङ्गाका खुड्किला राखिएका छन् । यस सीँढीको शुरुमै तल दाहिने देब्रे गरी ढुङ्गाका दुईटा विशाल सिंहका बसेका मूर्ति थापिएका छन् । ढुङ्गाका धेरै टुक्रा मिलाई यी सिंहका मूर्ति बनेका छन् । यिनका टाउका र घाँटीमा सिंहका याल देखाउन ढुंगैमा गोल-गोल रौंका गुच्छा निकै राम्ररी बनेका छन् ।

यो मन्दिर चाहिं तल्लो एक तला पूर्व-पश्चिम लमाईमा लाम्चो बनेको छ र यसमाथि यौटा आर्को तला थपी त्यसमाथि पगोडा किसिमको एकतले झिंगटीको घोप्टे छानाले चारैतिरबाट मन्दिरलाई छोपेको छ। तल्लो तलामा दक्षिणपट्टि मूल ढोका छ र त्यसका दाहिनेदेब्रे गरी २-२ ओटा अरू बन्द ढोका बनेका छन् । अर्थात् दक्षिणपट्टि पूरा लमाईभरि भनेजस्तो ५ ढोका बनेका छन् । यी सबै ढोकामा सप्पै काम काठले पु-याइएको छ र तिनमा काष्ठकलाका यति विविधरूपको चित्रांकन गरिएको छ कि प्रत्येक टुक्राको बयान गर्नै पर्ने लाग्दछ । यहाँ खास महत्त्वपूर्ण कुरा चाहिं मूल ढोकाका दुईतिर चौकोसमा काठकै ग्राहमाथि उभिएकी गंगा र कछुवामाथि उभिएकी यमुनाका अग्ला मूर्ति थापिएका छन् । नेपालका मन्दिरहरूमा गंगा र यमुनाका मूर्ति थाप्ने चलन त कतै कतै देखिन सकिएला तर स्पष्टसंग थाहापाएको चाहिं यही मन्दिर होला जस्तो लाग्दछ । उक्त पाँच अत्यन्त राम्ररी अलंकृत काठका ५ ढोकाका मास्तिर मझौला आकारका काठकै तोरण पनि थापिएका छन् जुनमा देवीदेवता आदिका मूर्ति राम्ररी बनेका छन् ।

यो मन्दिरको दोस्रो तलामा पनि सामुन्ने दक्षिणपट्टि पनि तलको तलामा जस्तै काष्ठकलाको उत्तिकै राम्रो प्रयोग गरिएको छ । यहाँचाहिं पूर्व–पश्चिम गरी लहरै ७ ओटा ठूला साना र विविध रूपका काठका झ्याल

बनेका छन् जुनमा पनि माथि भनिसकिएजस्तै काष्ठकलाका मनोरम उदाहरणहरू प्रस्तुत गरिएका छन् । बीचको झ्यालमा चाहिं शिव र पार्वतीका काठका अग्ला मूर्ति झ्यालबाट तलतिर हेरिरहेको स्थितिमा थापिएको छ । यो पनि यौटा नौलो प्रयोग हो भन्ने कुरा स्पष्ट छ ।

यस मन्दिरको बाहिरी भागको शब्द–चित्र प्रस्तुत गर्दा हामी अब यसको पछाडिपट्टिको स्थिति हेरौं । मन्दिरको उत्तरतर्फको यो भागमा पहिलो खण्ड (गर्भगृहको ठीक पछाडि) को भित्तामा केही पनि बनाइएको छैन– अर्थात् ईंटले बनेको भित्तामात्र छ तर यतैपट्टिको दोस्रो तलामा चाहिं काठका घोप्टे आँखीझ्यालको मात्र प्रयोग गरिएको छ र यहाँ पनि खण्ड–खण्डका बीचमा काष्ठकलाको प्रचुर प्रयोग त गरिएकै छ ।

अब हामी यस मन्दिरको पहिलो तलाका पूर्व र पश्चिमपट्टिका भागतिर जाऔं जहाँ हामी आफूलाई छक्क पार्ने कलाकृतिहरू पाउने छौं । यहाँ दुवैतिर भित्ताको बीच भागमा काठका अलंकृत चौकोसभित्र ढुंगाको चौकोस र त्यसभित्र ढुंगाकै बनेका अत्यन्त अलंकृत तीन निकै ठूला आँखीझ्याल बनेका छन् । यी आँखीझ्यालमा चौकोसमा दाहिने–देब्रेमा १–१ र बीचमा झ्यालवा बीचमा १–१ गरी जम्मा ४ ओटा ढुंगाका अलि मोटा तर छोटा चिल्ला खम्बा बनेका छन् । यी चौकोसमा तलचाहिं अलि चौडा ढुंगाका फलेक प्रयुक्त भएका छन् जुनमा लुगाका निकै विस्तृत चित्र बनाइएका छन्– सम्भवत; गृहस्थ रूपमा महादेवले लुगा सुकाएको देखाउने कलाकारको यो अनौठो प्रयोग हो जसको कल्पनाका चित्रात्मक उदाहरण अरू मन्दिरमा देखिदैन । बुट्टादार किनारा र लुगाको तह स्पष्ट देखाउन यहाँ हाम्रा कलाकार सफल भएका छन् ।

यी झ्यालमा प्रयोग गरिएका ढुंगाका खाँबामा मुन्तिरको भागमा जुन मूर्तिहरूको रचना गरिएको छ तिनको वास्तविक कलात्मक महत्त्व बताउने उपयुक्त शब्दावलि खोजन गाहारै छ किनभने यी ढुंगाका मूर्ति आकृतिमा अल्लि सानै भए पनि यति राम्ररी रचिएका छन् जुनको उस्तै अर्को उदाहरण औंल्याउन सकिएको छैन । यहाँ पहिले त यति कुरा भनिहाल्नु ठीक हुने छ कि पूर्व र पश्चिमपट्टि झ्यालमा गरी यस्ता जम्मा ढुंगाका आठ मूर्ति बनेका छन् । पश्चिमपट्टिको झ्यालमा चाहिं बनेका यस्ता चार लोग्ने मान्छेका मूर्तिले जामा, लामो बाहुले लबेदा (कुर्ता) र मुकुट

जस्ती लगाई कसैले सितार, कसैले खड्ग र पाश, कसैले नाग, कसैले र दण्ड लिएका छन् । र यिनीहरू हँसिला अवस्थामा बनेका छन् । पू पट्टिको झ्यालमा पनि त्यस्तै किसिमका लुगा लगाएका र हँसिला ४ आइमा हरू कुकुरको घाँटीमा बाँधिएको डोरी हातमा लिएर घुम्न हिँडेको अवस्थामा बनेका छन् । ईस्वीको अठारौं शताब्दीका अन्त्यतिर बनेका आठ मूर्तिहरूको कलात्मक विविधता छ र तिनमा लय र भावको सालीनता स्पष्टिएको छ त्यो खास महत्त्वपूर्ण छ । पश्चिमपट्टिका उक्त मूर्तिलाई धार्मिक किसिमका 'गण' माने पनि पूर्वतर्फकोमा त यी सामाजिक रहेका छन् । कुकुर लिएका आइमाईहरूलाई हामी सामाजि स्वरूपमै सकार्न सक्दछौं ।[1]

यो मन्दिरको कार्निसमा तीनैतिर (पूर्व, पश्चिम र दक्षिण लहरै जुन काष्ठकलाका अरू राम्रा उदाहरण प्रस्तुत गरिएका छन् तिन खास उल्लेखनीय चाहिं थरीथरीका हातहतियार भिरेका काठका सिपाही साना-साना मूर्ति (पुतली)हरूको प्रयोग गर्नुमा देखिन्छ ।

पहिलो तलमा भित्रपट्टि झट्ट हेर्दा गृहस्थकै घरजस्तो देखि किनभने यहाँ अरू मन्दिरहरूमा जस्तो बीचमै पूजास्थल पेटी बनाई पू पश्चिम लहरै ठूलठूला खोपामा देवीका विभिन्न ध्यानका ढुङ्गाका नौ मू थापिएका छन् जुनलाई सुन्दरानन्द बाँडाले 'अष्टमातृका' भनी उल्लेख गरे छन् । वास्तवमा यी देवीका ९ मूर्ति केहीलाई छोडी विचित्र ध्यानका छन् तिनको नाम खुट्टयाउन असजिलै परेको छ । यी मूर्तिहरूको विवरण कलात्मक महत्त्वबारे पछि विचार गरिने छ ।

हामीले माथि उल्लेख गरिसकेझैं यो मन्दिर बडामहाराजाधिरा पृथ्वीनारायण शाहदेवका कान्छा छोरा बहादुर शाहले ई. १७८५ र ई १७९४ को बीचमा आफू रणबहादुर शाहका मुख्तियार छँदा बनाउ लगाएका थिए । शाह राज-परिवारबाट बनेको यो मन्दिर नेपाली पगोड

---

[1] सम्भवतः यी मूर्ति बनाउने प्रेरणा तत्कालीन वातावरणले दिएक हुनुपर्दछ । रणबहादुर शाह जातजातका पशु-पक्षीहरूका खास प्रेमी हुनाले उनले दरबारमा कुकुर पाल्ने गरेको कारणबाट त्यसै बेला बनेको यो मन्दिरमा यस्तो अवस्थामा यी मूर्ति बनाएको बुझ्न सकिन्छ ।

शैलीमै बनेको हुँदा यसको ऐतिहासिक र सांस्कृतिक दुवै किसिमको महत्त्व देखिन्छ । काष्ठकला र प्रस्तर कलाको पनि यो मन्दिरमा जुन सुरुचिपूर्ण किसिमले प्रयोग भएको छ त्यसले त यस मन्दिरलाई नेपाली कलाको २५०० वर्ष जति लामो अवधिको इतिहासमा पनि यौटा महत्त्वपूर्ण ठाउँ ओगट्न सक्ने बनाइदिएको देखिन्छ । यही महत्त्व हामी यस मन्दिरको धार्मिक पक्षमा पनि भन्न सक्दछौं । दुई तलाको मन्दिरमा तल नौ देवी र मास्तिर विचित्र तर आकर्षक (झ्यालबाट हेरिरहेको) अवस्थाका शिव र पार्वतीका श्रीखण्ड काठका मूर्ति थाप्ने योजना पनि नेपाली मन्दिरको इतिहासमा यौटा सराहनीय र मौलिक प्रयोगको रूपमा स्पष्टिन्छ । शिव-पार्वतीका काठका मूर्ति बनाई पूजास्थलमा थापना गर्ने कुरोमा पनि त्यस्तै मौलिक विचार गरिएको देखिन्छ ।

यो मन्दिर बनेको वेलाको राजनीतिक परिस्थितिको केही झल्को पनि यहाँ देखिन आएको छ । आफ्नो मुख्तियारी कालमा बहादुर शाहको योजनाअनुसार नेपाली वीर सेनापतिहरूले नेपालको सीमाना पश्चिममा गढवालसम्म पुऱ्याएका थिए । अर्थात् बहादुर शाहले पूर्व टिष्टादेखि पश्चिम-मा गंगा-यमुनासम्मको क्षेत्रमा हुकुम चलाएका थिए । त्यसै कालमा यो मन्दिर बनेको हुँदा हामीले माथि बयानिसकेझैं यस मन्दिरको मुख्य ढोकाका दाहिने-देब्रे गरी गंगा र यमुनाका मूर्ति थापिएको देखिन्छ । कार्निसमा फौज राख्नु पनि तत्कालीन सैनिक मनोभावनाको परिचायक देखिन्छ । यसरी फौजी भावना पृथ्वीनारायण शाहको वसन्तपुर दरबारमा र उनका भारदारले पछि प्रतापसिंहको पालामा बनाएको 'तिलंगा भवन'मा पनि देखिन्छ ।

बहादुर शाहले बनाएको यो मन्दिर आकृतिमा त्यति ठूलो छैन जति शाहकालमा पछि बनेका मन्दिर छन् तर कलात्मकतामा यसको तुलना अरू कुनैसँग हुन सक्दैन । यति यौटा उदाहरणले पनि नेपालको राजनीतिक स्थापनाको त्यो युगमा महत्त्वपूर्ण भूमिका खेल्ने बहादुर शाहको कलात्मक र धार्मिक अभिव्यक्तिको रमणीयतालाई चिरस्थायी पारिदिएको छ ।[१]

---

१. हनुमानढोका जस्तो केन्द्र स्थलमा बनेको हुनाले र यसको कलात्मक महत्त्वले गर्दा पनि श्री ५ को सरकारको ध्यान यसमा निकै पुगेको देखिन्छ । हाल यहाँ सरकारको तर्फबाट श्री ५ महाराजाधिराज वीरेन्द्र-विक्रमशाहदेवको राज्याभिषेकोत्सवको तयारीमा जीर्णोद्धार कार्य भैरहेको

८. बाणेश्वर महादेव

कान्तिपुर शहरको अलिकति बाहिर पूर्वतर्फ तीनधारा भनी प्रख्यात ठाउँ छ जहाँ यौटा मझौला सानो आकारको ढुंगैढुंगाले बनेको मन्दिर रहेको छ । यहाँ रहेको शिलालेखअनुसार यो मन्दिरको नाउँ वाणेश्वर राखिएको बुझिन्छ । जस्तो उक्त विशाल शिलालेखको शिरानमै "श्री ३ वान्येश्वरमहादेव" र अभिलेखको मंगलाचरणमा र थालनीमा पनि नाम लेखिएको छ । अनि मन्दिरको स्थापनाबारे अभिलेखमा भनिएको छः—

वेदेन्द्वङ्कमिते सुशोभिततरे नेपालसंम्वत्सरे
ज्येष्ठे मासि शिते शरे शशिदिने श्रीकान्तिपुर्य्यन्तिके ।।
कासारोदकपानमन्दिरशिलावर्द्धाध्वसंभूषित–
प्रासादम्बिनिमायमन्दिरवरश्रीशंकरप्रीतये ।।२।।

उक्त अभिलेखको माथिल्लो भागमा संस्कृतमै यस मन्दिरका निर्माताका बारेमा पनि यसरी लेखिएको छः—

गोर्पाभूपतिपादभक्तक्षभडी धर्मादिवर्गप्रिय–
जायापुत्रदुहितृनप्तृसहित श्रीलक्ष्मिनारायणे–
नात्मोद्धारणकामया परमया श्रीविष्णुमूर्त्त्यन्वितो
भक्तानामभिपालकोतिसुभगो वाणेश्वरः स्थापितः ।।

अर्थात् यो मन्दिर सर्कारिया अधिकारी लक्ष्मीनारायण भन्ने व्यक्तिले सपरिवार भई थापेका हुन् भन्ने देखिन्छ । उक्त अभिलेखको नेपाली भागमा[1] यस सम्बन्धी कुरा निकै स्पष्टसँग बुझिन्छ यसैले त्यो भाग तल सारिन्छः—

> "संम्वत् १८५० साल ज्येष्ठ सुदि ५ मा ङटटोल घरका दिट्ठा लक्ष्मीनारायणले श्री ३ वान्येश्वर माहादेव ष्ठापना गरि सम्वत् १८५२ साल ज्येष्ठ वदि ८ मा श्री ३ वान्येश्वरमहादेवका देवलमा गजूर राषि ३ धारा घर सतल पाति वारि समेत राषि प्रतिष्ठा गऱ्याका दिन ।। ।।

छ । यहाँ उक्त काममा लागेका ठेकेदारको भनाइ-अनुसार अहिलेसमेतको जीर्णोद्धार कार्यमा यस मन्दिरमा झण्डै १ लाख (?) रुपियाँ खर्च गरिसकिएको कुरा थाहापाउन सकिएको छ ।

[1] यहाँ 'अव देशधाषा' भनी नेपाली भागको थालनी गरिएको छ ।

> संवत् १८५४ सालअाषाढ शुदि ३ मा पोषरि र वाटो वनाई पोषरिका प्रतिष्ठा गऱ्याका दिन ।। येसै दिनमा भादगाउका षेत षेति सात ७ र देही रोपनी ३५ राषिदिया र यस षेतका वालिकुत चावल मुरि २१० । गहु मुरि ३३।१० घिउषानीका रुपैया ५५—। यस वालि र घिउषानीका रुपैयाले श्री ३ वान्येश्वरमहादेवका नित्यपूजा र सदावर्त्त वाजा वर्षवन्धन होम गराउन र जिर्नउद्धार गर्नलाई येति षेत संकल्प गरि गयाका वावा लक्ष्मीनारायण स्वर्गि भयापछि सम्वत् १८८४ साल भाद्रवदि ६ प्र ७ मा छेमडेल कालीदासले नारांहिटी जान्या वाटोदेषी धुंगाले वाटो छापि त्रिकुन पोषरिमा ईटले चिह्नि धाराका अगादि मण्डप वनाई वावा लक्ष्मीनारायणका नामले प्रतिमा वनाई श्री ३ वान्येश्यरका अगारि राषि ष्ठापना गरिदि वावाले राषिगयाका षेतका आमदानीले गर्न्या तपसील नहुदा तपसील राषि सिलापत्र गरि गुठिहार राषिदिन्यू .... ”

माथिको भनाइबाट यो मन्दिर ई. १७९३ (सं. १८५०: मा बनेको देखिन्छ । अनि यसका निर्माता चाहिँ रणबहादुर शाहका छेमडिल डिट्ठा लक्ष्मीनारायण देखिन्छन् । यी डिट्ठाले आकृतिमा सानै मन्दिर बनाए पनि पूरा विधि पुऱ्याएर बनाएको कुरो अभिलेखको उद्धृत भनाइबाट बुझिन्छ । जसअनुसार ई. १७९३ मा त मन्दिर थापिएको, ई. १७९५ मा देवलमा गजूर हालेको र मन्दिर नजिकै ३ धारा,[1] सत्तल-पाटीको निर्माण र बारी राखिएको र ई. १७९६ मा मन्दिरनजिकै पोखरी र वाटो बनाई खेत र पाखो गरी जम्मा ४२ रोपनी जग्गाको गुठी राखिएको बुझिन्छ । उक्त गुठी राखिएको जग्गाको आम्दानीवाट बाजा-गाजासहित बाणेश्वरमहादेवको नित्यपूजा आदि गर्ने र सदावर्त्त समेत चलाउने योजना दाता लक्ष्मीनारायणको रहेको देखिन्छ । उक्त अन्तिम काम गरिएको ३१ वर्षपछि लक्ष्मीनारायणका छोरा ‘कालीदास’ले ई. १८२७ मा नारायणहिटी जाने बाटोदेखि मन्दिरसम्म ढुंगाले छोपी बाटो बनाएको र अघि बनेको पोखरीमा ईंटले छापेको र मन्दिरनजीकै मण्डप बनाई आफ्ना बाबु र पछि आमाको पनि सालिक थापेको थिए । मन्दिर सम्बन्धी कामको बन्दोबस्तको सन्दर्भको चाहिं ‘कालीदास’ले गुठी जग्गाको आम्दातीवाट खर्च गर्ने कुराको तपसील आदि

---

१. यसरी बनेको ३ धाराबाट यो टोलको नाउं आजसम्म ‘तीनधारा’ प्रख्यात रहिआएको देखिन्छ ।

लेखाई शिलालेख थापी गुठियारसमेत जमाएका थिए ।[१]

शैलीको दृष्टिले यो मन्दिरको ऐतिहासिक महत्त्व मान्नुपर्ने देखिन्छ । पेटीदेखि लिएर गजूरसम्म ढुंगैढुंगाले बनेको हुँदा हामीले यसो भनेका हौं । यस किसिमको आर्को मन्दिरको उदाहरण दुर्लभै होला जस्तो लाग्दछ । यसको खास विशेषता यसको छानाको रचनामा रहेको छ जसले काठ र ईंटले बन्ने पगोडा शैलीको मन्दिरमा प्रयोग गरिने घोप्टे छानाको नक्कल गरेको छ (हेर्नु चित्र संख्या—१२ क) ।

मन्दिर कलाकृतिहरूले त्यतिविधि नसिंगारिएको भएर पनि हामीले माथि भनिसकेझैं यसको शैलीगत महत्त्व छँदै छ । नेपाली पगोडा शैलीको परिवर्तित भेदको एउटा उदाहरणको रूपमा यस मन्दिरलाई अघिसार्न सकिन्छ । मन्दिरको गर्भगृहमा कमल-पत्राकार पीठमाथि राम्ररी चिल्ल्याइएको मझौला शिवलिंग थापिएको छ र भित्तामा अरू देवताका ढुंगाका मूर्तिहरू पनि थापिएका छन् । मन्दिरको पूर्वतर्फ छत्रचण्डेश्वरको राम्रो र सानो मूर्ति यौटा वेदिकामाथि थापिएको छ । यस मन्दिरसँग सम्वन्धित सानो सत्तल जीर्ण अवस्थामा पश्चिमतर्फ रहेको छ, पोखरीको अत्तो-पत्तो छैन, तीनधारा सुकिसकेका छन् । सालिकहरू र शिलालेख, जुन महत्त्वपूर्ण कलाकृति पनि हुन् लक्ष्मीनारायणका छोरा 'कालीदास'का महत्त्वपूर्ण देनका रूपमा रहेका छन् । यिनको विवरण तल यथास्थान प्रस्तुत गरिने छ ।

यस मन्दिरको आर्को महत्त्व यसको निर्माण-स्थल पनि हो । कान्तिपुरको यस भेकमा मन्दिरहरू छैनन् र यसैले यस्तो ठाउँमा बन्न पुगेको यस मन्दिरको आर्को किसिमको महत्त्व पनि देखिएको छ ।

९. श्वेतभैरव

हनुमान ढोकामा श्वेतभैरवको प्रख्यात मुख सानो मन्दिर जस्तोमा थापिएको देखिन्छ । राजालेनै थापेको हुँदा यस मन्दिर' का निकै विवरण पाइन्छन् । सुन्दरानन्द बाँडाले 'त्रिरत्नसौन्दर्यगाथा' मा यसबारे यसरी लेखेका छन्:—

---

[१] यसरी दाताको मन हुँदाहुँदै पनि मन्दिर सम्वन्धी व्यवस्था हुन ५ वर्ष लाग्नु दाताको जीवितावस्थाभरि मन्दिरसम्बन्धी कार्यक्रमको निश्चित रूपरेखा बन्न नसक्नुमा राजनीतिको तत्कालीन परिस्थितिको हात रहेको देखिन्छ ।

मज्जामेदोवसान्त्रीसरुधिरतरसाहारिणीनां विमोक्षप्राप्त्यै योगाधिरूढं शरभमुखमहाभैरवं नातिघोरम् ।

श्रीमत्सिहप्रतापात्मजरणबहादूरसाहक्षितीशः स्वाराट्तुष्ट्यै स्म मीमांसति कनकभरं सीधुमांसादिगृध्नुम् ।।

फेर श्री ५ सिंहप्रताप साहका पुत्ररत्न श्रीरणवहादूर साहबाट स्वाराट्तुष्ट्यै भन्नु इंद्रयात्राको शोभा बढाउनानिमित्त मत्स्य मांस मदिरा मुद्रा मैथुन मकार पंचका आलो रगत षान्या भयंकर रूप पनि नहुन्या सौम्य रूप पनि नहुन्या एस्ता मध्यम रूपका सुवर्णका शरभमुखनामा भैरवकन निर्माण गर्दा भया. आपना अमल् विषेका मज्जा मेद वासो रगत आंद्रा मासु इत्यादि षान्या प्राणीका जीउमा दुःख दिन्या डाकिनी शाकिनी भूतिनी पिशाचीहरूका मुक्ति गर्नानिमित्त योगमूर्ति भयाका शरभमुख भैरव स्थापित गर्दा भया ।। ८६ ।।[1]

यस मूर्तिको 'गलानेर स्वर्णपट्टमा कुंदिएको अभिलेखवाट' सं. १८५२ (ई. १७९५) मा रणवहादुर शाहले यसको स्थापना गरेको थाहापाइन्छ ।[2] तत्कालीन एक टिपोटमा यसको निर्माणको वेलाको खर्चका हिसाब पनि भेटिनाले यसवारे अरू कुरा पनि थाहापाउने औसर हामीलाई हात लागेको छ । ई. १७९५ कै यौटा सर्कारिया टिपोटमा 'षर्च' शीर्षकमा 'ठूलो भैरव ढालदा सुन किनाकन कपर्दार भोट पाडेले लैगयाको महिंद्रमलि रुपैया चार हजार डेढ रुपैया' भन्ने लेखिएको छ ।[3] यस टिपोट कागतका संपादकले आंफू बिरामी भएको वेलामा रणवहादुर शाहले यो मूर्ति थापेको कुरा लेखेका छन् ।[4] यस मूर्तिबारे विचार गर्नुअघि अरू केही सन्दर्भहरूको उद्धरण यहाँ प्रस्तुत गरिन्छ ।

---

[1] त्रिरत्नसौन्दर्यगाथा, पृ. १४७–१४८.

[2] यो अभिलेख यस प्रकारको छः— स्वस्ति श्री संवत् १८५२ साल भाद्रशुक्लपक्षे द्वादश्यां तिथौ शुक्रवारे धनिष्ठानक्षत्रे धृतियोगे एतस्मिन् दिने भैरवमूर्तिनिर्माणपूर्वकं प्रतिष्ठा विहिता श्रीरणबहादुरभट्टारकैरिति शाके १७१७ शुमन् (i)—ऐजनमा पादटिप्पणीमा उद्धृत ।

[3] ऐजनमा पादटिप्पणीमा उद्धृत । हेर्नू—पूर्णिमा, १८. पृ. १२९.

[4] वि. सं. १८५२ को एउटा ऐतिहासिक कागत—शंकरमान राजवंशी पूर्णिमा, १८. पृ. १२१–१३२.

एकथरी वंशावलिमा यस मूर्तिबारे लेखिएको छ 'रणबहादु शाहले अनेक तन्त्र विचार गरी दर्बारमा अघि अघि कालभैरव आदि थापना गरिराख्याका थामी आफूले पनि ठूलो भैरवको मूर्ति बनाई बसाया। गुठी राखी इन्द्रजात्राभरमा खोलन्या रीत गरी चलाया'।[1] अर्कोथरी वंशावलीम श्री ५ महाराजाधिराज रणबहादुर शाहाबाट सकै सम्बत् १७१६ सालम ठूलो परिश्रम गरी सुनको मोलम्बा गरी टाउका मात्रको भैरवमूर्ति बनाई तन्त्रोक्त विधिले बौद्धमतबाट प्रतिष्ठा गरी पर्व पुजा नित्य पुजालाई गुठ राखिदिएका हुन्। वि. सं. ९० साल माघ बदी ३०।२ का दिन ठूलो भूकम हुदा केहि भएन।[2]

हनूमान्ढोका दर्बारको पश्चिमपट्टिको लङमा देगुतलेकै मुन्तिर पश्चिमतर्फ निकै अग्लो पेटी भएको उत्तर फर्केको निकै अग्लो एकतले सान मन्दिरमा उक्त श्वेत ('शरभमुखनामा') भैरवको निकै विशाल धातुक मुखमूर्ति थापिएको छ। (यस पुस्तकको जिल्लामा प्रकाशित चित्र र यसक सानो चित्र हेर्नू) जसमा थुप्रै सुन र कीमती 'पत्थर'हरूको पनि प्रयो गरिएको छ। मल्लकालीन आदर्शमा बनेको यस मूर्तिको कलात्मक तुलन पछि गरिने छ। यहाँ हामी यो विशाल मूर्ति थाप्न बनाइएका सानो मन्दिरक कलात्मक रूपको केही परिचय प्रस्तुत गर्दछौं।

आजभन्दा १७९ वर्ष अघि (ई. १७९५) मा महाराजाधिराज रणबहादुर शाहको आज्ञाले बनाइएको यो मन्दिर' मन्दिरै बनाउने उद्देश्य बनाइएको नभई उक्त ठूलो भैरवको 'मूर्ति'लाई सुरक्षित पार्ने उपयोगको लागि मात्र बनेको हुँदा यो ज्यादै सादा किसिमको बनेको छ। अग्लो पेटी (मण्डल) यस मन्दिरको योजना हो अनि यसलाई एकपाखे (अघिल्तिर मात्रै)छाना छोपिएको छ। अघि त यो छाना झिगटीको (वा धातुको पाता ?) बनेको हुँदो हो तर आज यो टिनको छ जसलाई हाल झिगटीले छोपिएको छ। यो छाना मुन्तिर उत्तर-पश्चिम गरी लहरै १।। हात जति अग्ला ४ ओटा काठका टुडाल राखिएका छन् जुनमा भैरव आदि देवताका साना उभिएका मूर्ति बनेका छन्। मूर्तिका मास्तिर फूल-पातीका चिच बनेका छन्। मूर्ति समेत यी टुंडाल रंगी-चंगी पारिएका छन्। छानामुन्तिर साना साना धातुका जिब्रे घण्टा (किंकिणी) पनि लहरै झुण्ड्याइएका छन्।

---

१. प्राचीन नेपाल, ६, पृ. १७.

२. देवमाला वंशावली, पृ. ७८,

भैरव मूर्तिका दुईतिर (दाहिने-देब्रे) ढुंगाका बनेका दुईटा सिंहका साना मूर्ति थापिएका छन् र यस्तै सिंहका दुई मूर्ति पेटीको मुन्तिर भागमा दुईतिर पनि राखिएका छन् जुन निकै ठूला छन्, तर तिनका अग्रभाग मात्र देखाइएको छ । यी दुई सिंहको बीचमा (पेटीमुन्तिरै अग्रभागमा) ढुंगाको ठूलो फलेक पनि टाँसिएको छ ।— (संघारको रूपमा) जसमा वीचमा खोपा जस्तो ठूलो घेराको वीचमा युद्ध गर्ने लुगा र मुकुट पहिरेको हातमा ढाल र उजाएको हातमा खड्ग लिएको आवेगयुक्त मूर्ति पनि वनाइएको छ जो निकै प्रभावशाली लाग्दछ ।

यो सानो मन्दिरमा काष्ठकलाको रमणीय प्रयोग पनि भएको छ । मूर्तिका दुईतिर दाहिने-देब्रे र माथि गरी ढोकाका भित्तामा जोरी जुन काठको 'चौकोस' को प्रयोग गरिएको छ त्यसमा फूल-पाती र अनेक थरीका वेलबुट्टा बनेका छन्—र तिनलाई रंगीन बनाउने चलन उहिल्यैदेखि चलिरहेको देखिन्छ । यो चौकोसको दाहिने-देब्रेका ल्यून लगाएका भित्तामा मास्तिर साना दुईटा काठका झ्याल छन् र तिनको मुन्तिर दुईटा अलि ठूला काठका झ्याल बनेका छन् । यसरी बनेका चारै झ्यालमा काष्ठकलाको सुरुचिपूर्ण प्रयोग भएको छ । यसरी यो सानो मन्दिरमा विविध रूपमा काष्ठकलाको प्रयोग गरिएको छ ।

शाहकालअघि मल्ल कालमा पनि मुखरूपका यस्तै भैरव-मूर्ति वनाउने चलन रहेको कुरा इन्द्रजात्रामा हनुमान्ढोकाका वरिपरि निकै ठूलो क्षेत्र (टोलहरू) मा देखाइने गरेका त्यस्ता काठ र धातुका मूर्तिलाई यौटै मन्दिरमा स्थायी रूपले थाप्ने विचार रणबहादुर शाहलेनै गरेको देखिन्छ । यसैले यस मूर्तिलाई थाप्न भनी बनेको यो मन्दिर योजनामा मौलिक रूपको बनेको देखिन्छ र यसको आर्को उस्तै उदाहरण सम्भवतः कतै देखिंदैन ।

१०. जगन्नाथ

कान्तिपुर शहरवाट त्रिपुरेश्वर जाने मूल सडकमा सानो टुंडिखेलको पारिपट्टि अग्लो ढिस्काजस्तोमा यौटा राजपूत शैलीको निकै अग्लो मन्दिर रहेको छ । यो मन्दिर 'जगन्नाथ' को नाउँले प्रख्यात छ । धेरैलाई यो मन्दिर कसले वनाएको हो थाह न होला तर बुढापाकाहरू यसलाई महाराजाधिराज रणवहादुर शाहले बनाएको हो भन्ने गर्दछन् । यस मन्दिरमा हाल कुनै घण्टा पनि छैन (जसको लेख पढेर कुरो ठम्म्याउन सकियोस्) र कुनै शिलालेख

पनि छैन । यसैले यो मन्दिर कसले बनाएको हो भन्ने कुरा बीलोचालीबाट थाहा पाएर पनि हामीले यस मन्दिरको विवरणको लागि पुराना सन्दर्भहरूको खोजीनीती गर्नु परेको छ । एकथरी भाषावंशावलिमा यसबारे तल सारिएको विवरण प्रस्तुत गरिएको छः—

> (महाराजाधिराज रणबहादुर शाहले) भर मुलुकका रैतीहरू झारा गरी टुंडीखेलका जगन्नाथका देवालय अद्वितीय बनाई सिद्ध भैगयाको ऊँचो पुग्दैन भनी फेरि यिनै देवालय बढाई बनायाका असम्भव हुनाले सिद्ध गर्न नसकी जगन्नाथमा आगम राख्न बनाई ल. पु. गा. बहाल विर्ज रा (जा) नन्दोपाध्यालाई पुजारी गराई जगन्नाथका पुजारी पनि यिनैलाई गरुँला भनी नाम गराई राखिदिया । यी आगमदेवता ललितपुरका पुलचोकका पूर्वपट्टिका कटामा राख्याका अझतक छंदैछन् ।[1]

यद्यपि वंशावलिको यो भनाइ अस्पष्ट छ तर रणबहादुरले जनताद्वारा झारा (ज्याला नदिई काममा लगाउने) गराई यो मन्दिर बनाउन लगाएका हुन् भन्ने कुराचाहिं यसबाट स्पष्टै हुन्छ । साथै आफ्नो विशेष स्वभाव अनुसार उनले यो मन्दिरलाई सकेसम्म अग्लो र ठूलो बनाउन खोजेको कुरा पनि उक्त उद्धृत विवरणबाट थाहापाइन्छ । तर 'आगम' राख्न बनाएको भनी लेखिएको कुराको राम्ररी खोजतलास गर्न[2] हाम्रो परम्पराले दिएन—किनभने कुनै समालोचकनै किन नहोस् नेपालका अधिकांश मन्दिरहरूमा भित्र पसी चारैतिर अध्ययन गर्न दिइँदैन र अधिकांश मन्दिर प्रायः सधैंको लागि ताल्चा मारी राखिएका हुन्छन् त्यस्ता ताल्चाका साँचोका मालिक कहाँ लुकेर बसेका हुन्छन् पत्तै पाउन सकिंदैन ।

---

१. प्राचीन नेपाल, ६. पृ. १६. रणबहादुरले थापेका श्वेतभैरव, ठूलो घण्टा आदिको बयान गर्ने सुन्दरानन्द बाँडाले त्रिरत्नसौन्दर्यगाथामा जगन्नाथ मन्दिरको बयान किन गरेनन् भन्ने यौटा अचम्मको सोधाइ हाम्रो मनमा उठ्दछ ।

२. यस मन्दिरमा भैरवीचक्रको निर्माण गर्न लगाएको कुरा 'श्री ५ रणबहादुर शाह'का रचयिता चित्तरञ्जन नेपालीले पृ. २६ मा यस्तो लेखनुभएको छः—तर रणबहादुर शाहको प्रत्येक कार्यको सूक्ष्म अध्ययन गरेमा यसमा केवल पागलपन वा अन्य कामवासना थिएन भन्ने स्पष्ट संकेत हुन आउँछ । उनले संवत् १८५३ साल फागुनमा काठमाडौंको

विचित्र परिस्थितिमा हुर्केका रणबहादुरले आफू १९ वर्षको भएपछि ई. १७९४ (संवत् १८५१) को वर्ष आफ्ना काकालाई मुख्तियारीका कामबाट पन्छाई राजकाज गर्न थालेको २ वर्षपछि (अर्थात् २१ वर्षको उमेरमा) ई. १७९६ मा[1] यो मन्दिर बनाउँदा यसलाई नेपालको सबभन्दा ठूलो मन्दिरको रूप दिने उनको आकाङ्क्षा रहेको जुन कुरा वंशावलिमा लेखिएको छ त्यो असम्भव पनि देखिदैंन । किनभने यो मन्दिर आफ्नो मौलिक रूपमा १२५ हात अग्लो थियो भन्ने थाहापाइन्छ[2] र यति अग्लो मन्दिर नेपालभरिमा कतै पनि रहेको हामीलाई थाहाछैंन ।[3] हाल यो मन्दिर जुन रूपमा छ त्यो त्यति अग्लो नदेखिनाको कारण सं. १८९० को भूकम्पमा यो भत्किनु हो । यस कुराको विशेष चर्चा तल गरिन्छ ।

वंशावलिहरूमा ई. १८३४ (संवत् १८९०) को ठूलो भैंचालोमा 'जगन्नाथ' को मन्दिर भत्केको उल्लेख पाइन्छ ।[4] निकै अग्लो हुनाको कारणले पनि यो भत्किन गएको देखिन्छ र यसपछि यसको जीर्णोद्धार गर्दा होच्याइएको

दक्षिणछेउमा 'जगन्नाथ' को एउटा मन्दिर बनाउन लगाई भैरवीचक्रको निर्माण गर्नलगाए । यस मन्दिरको निर्माण गरी जगन्नाथपुरीको इलाकामा जस्तै उनले यहाँ पनि जाति विभेदको प्रचलनलाई हटाउन खोजेका थिए । हुन पनि जगन्नाथको मन्दिर खडा गराई भैरवीचक्रको निर्माण गराउन खोज्नु "प्रवृत्ते भैरवी चक्रे सर्वे वर्णा द्विजातय." भन्ने भैरवीचक्रको सूत्र हुनुबाट यो सत्य थिएन भन्न गाह्रो हुन्छ ।

[1] कुन आधारमा हो चित्तरञ्जन नेपालीले संवत् १८५३ मा यो मन्दिर बनेको हो भनी लेखनुभएको छ– श्री ५ रणबहादुर शाह, काठमाण्डू २०२०, पृ. २६. यसै सन्दर्भलाई आधार मानी यो मन्दिरको उक्त निर्माणकाल सकारिएको छ ।

[2] ई. १८२९ (संवत् १८८७) को यौटा कागतमा जगन्नाथ मन्दिरको यो उँचाई टिपिएको छ । यो कागत लेखक कै Temples of Kathmandu, Kath. 1970 P. 40 मा छापिएको छ ।

[3] माथि पादटिप्पणी १ मा चर्चिएकै कागतमा कान्तिपुर, भक्तपुर र ललितपुरका प्रख्यात मन्दिरहरूको अग्लाइको जुन विवरण दिइएको छ त्यसैको आधारमा यो तुलनात्मक निर्णय लेखिएको हो ।

[4] प्राषीन नेपाल, ६. पृ. २०; राइट, हिष्ट्री आफ नेपाल, पृ. १८३.

हुनुपर्दछ । यो मन्दिर बनेको ३८ वर्षपछि यसरी प्राकृतिक कारणले भत्किएको हुँदा मौलिक रूपमा यो मन्दिर कुन शैलीको थियो भन्ने यौटा ठूलै प्रश्न आइलाग्छ । हाल यो मन्दिर 'राजपूत' शैलीमा देखिन्छ । गर्भगृहको हाल देखिने तला 'राजपूत' शैलीकै देखिने हुँदा र यो भाग उक्त भैंचालोमा खतम नभएको अड्कल गर्दा मौलिक रूपमा यो मन्दिर 'राजपूत' शैलीमै बनेको अन्दाजी गर्न सकिन्छ । जीर्ण मन्दिरको उद्धार गर्दा शैलीनै फेरिदिने चलन त्यतिबिधि नेपालमा नचलेको कुराको विचार गरी यसो भनिएको हो । फेरि विचार गर्नुपर्ने अर्को कुरा यो पनि छ कि यसको जीर्णोद्धार गर्दा भीमसेन थापा नेपालका शक्तिशाली 'जर्नेल र प्रधानमन्त्रीका रूपमा थिए र महारानी ललितत्रिपुरसुन्दरी पनि त्यतिन्जेलसम्म बाँचिरहेकै थिइन् । उनीहरूले अवश्यै पनि रणवहादुर शाहको कृतिमा मौलिक हस्तक्षेपनै गर्ने साहस अवश्यै गरेका हुओइनन्, यद्यपि उनीहरूले यसलाई होच्याउन त होच्याइछाडे ।

हुन त हामी १७९ वर्ष अघिको सांस्कृतिक भूगोल बारे केही भन्न सक्दैनौं तर यो जगन्नाथ मन्दिर वास्तवमै अप्ठेरो ठाउँमा थापिएको देखिन्छ । शहरवाहिरपट्टि यो मन्दिर थाप्नाले यसको यथोचित महत्त्व हुन नगएको देखिन्छ । विद्वान्हरूले यसै मन्दिर थापेको घटनाको आधारमा रणवहादुरलाई वडा क्रान्तिकारी व्यक्तित्वका मालिकका रूपमा प्रस्तुत गरेका छन् तर यसलाई शहर वाहिर बनाउन लगाउनुमा यसका निर्माताको खास के उद्देश्य रहेको थियो भन्ने कुरा यसै भन्न सकिंदैन । नेपालको सबभन्दा ठूलो मन्दिर बनाएको सम्झनामा यौटा शिलालेखसम्म राखिएको नदेखदा हामीलाई यसका निर्माताको वास्तविक मनःस्थिति बुझ्न गाह्रै छ ।[1]

आज हामी यस मन्दिरको जुन विवरण प्रस्तुत गर्दछौं त्यसलाई ई. १७९६ र ई. १८३४ को 'संयुक्त निर्माण' को उदाहरणको रूपमा लिनुपर्ने देखिन्छ ।[2]

---

[1] गुठी संस्थान वा यस्तै अड्डाखानामा यस मन्दिरसम्वन्धी कि त तामापत्र नै वा कागतपत्र अवश्य हुनुपर्दछ जुनको अध्ययन गरेपछि धेरै कुरा जान्न सकिने अन्दाजी गर्न सकिन्छ ।

[2] ई. १९३४ (संवत् १९९०) को महाभूकम्पमा यस मन्दिरको के हाल थियो । केही विवरण नपाइएकोले केही भन्न सकिएको छैन ।

यो मन्दिर ईंटले बनेको निकै अग्लो ४ पेटीमा विभाजित जगतीमाथि बनेको छ र यस योजनाले गर्दा मन्दिर निकै प्रभावशाली भएको छ। जगतीमाथि चौकोर गर्भगृह छ जसमा तलबाट पुग्न पूर्वतर्फको पेटीमा बीचमा ढुंगाको लामो सींढी बनेको छ। यतैपट्टि (पूर्वपट्टि) मन्दिर फर्केको छ। गर्भगृहको चारैतिर खुला चौडा प्रदक्षिणापथ बनेको छ जसको किनारकिनारमा चारैतिर ४.४ र चार कुनामा ४ गरी जम्मा २० ओटा ढुंगाका निकै चिल्ला र मोटा तर अत्यन्त सादा खाँबा राखिएका छन्। यी २० खाँबाले यो प्रदक्षिणापथलाई छोप्न बनेको घोप्टे छानालाई टेवा दिइरहेका छन्। यो छाना हाल टिनको छ,[1] अघि केको बनेको थियो, वा अर्कै योजनाको थियो केही भन्न सकिएको छैन। धेरै सम्भावना त यसमा झिंगटीको प्रयोग भएको हुनुमा छ, र यदि वास्तवमा यसमा झिंगटीकै प्रयोग भएको भए 'राजपूत' शैलीको मन्दिरमा यौटा नौलो प्रयोग गरिएको कुरा स्पष्ट बुझिन्छ। यही नौलो प्रयोगको अर्को रूप गर्भगृहका चारैतिर ढुंगाका खाँबाको प्रयोग गर्नुमा पनि देखिन्छ।

यस मन्दिरको गर्भगृहका चारै दिशामा काठका ४ ढोका बनेका छन् जुनमा चौकोसमा काष्ठकलाको अति सादा प्रयोग भएको छ। यी चारै ढोकाका संघारमा चाहिं ढुंगाको प्रयोग गरिएको छ। गर्भगृहभित्र बीचमा जस्तै ढुंगाको अग्लो र लाम्चो पेटीमाथि ढुंगाकै तीन अग्ला-अग्ला मूर्ति पूर्वपट्टि फर्काएर थापिएका छन्। यिनको कलात्मक विवरण पछि यथास्थानमा गरिने छ। उक्त ढुंगाको पेटीमा अघिल्तिरपट्टि दाहिने र देब्रेपट्टि गरी सिंहका अग्रभाग बनाइएका छन् जुनको समानता रणबहादुरले नै बनाएको श्वेतभैरवको पेटीमा मुन्तिर दुईतिर गरी बनेका सिंहका आकृतिसँग रहेको देखिन्छ।

माथि भनिसकिएझैं गर्भगृहको तलामाथि चारैतिर मुन्तिर घोप्टेको छाना छ अनि यसमाथि चौकोर १ तला बनेको छ र त्यसमाथि गोलो गुम्बज बनेको छ। गुम्बजमाथि कलश र गजूर थापिएका छन्। यसरी प्लाष्टरले बनेको 'राजपूत' शैलीको यो मन्दिर बनेको छ।

यस मन्दिरमा भित्र गर्भगृहमा बीचमा ढुंगाको निकै अग्लो र दक्षिण-उत्तर लामिएको वेदिकामाथि लहरै तीन ओटा ढुंगाका मूर्ति थापिएका

---

[1] ई. १९३४ को भूकम्पपछि यसमा टिन हालिएको पनि हुनसक्दछ।

छन् । दुईतिर बलराम र कृष्ण र बीचमा अलि सानो सुभद्राको मूर्ति गरी यहाँ जम्मा ३ ओटा निकै राम्रा र चिल्ला मूर्ति थापिएका देखिन्छन् ।

११. ठूलो घण्टा

हनूमान् ढोकामा सडकपारि पश्चिमपट्टि अग्लो ठाउँमा ठूलो घण्टा रहेको छ । यस घण्टालाई पनि छाना हाली मन्दिर जस्तो स्वरूप दिइएकोले यसलाई पनि हामीले मन्दिरको गणनामा लिनुपरेको हो ।

पहिलो कुरा त यस घण्टाको परिचय दिने अभिलेख यसैमा लेखिएको छ । यसमा संस्कृत भाषामा रचिएका पाँच श्लोक लेखिएका छन् । तिनमध्ये पहिलोमा देवी भगवती पार्वतीको स्तुति गरिएको छ, दोस्रोमा श्लोकैमा मिति, तेस्रो र चौथोमा रणबहादुर र उनका ३ महारानीहरू (राजराजेश्वरी, सुवर्णप्रभा र कान्तवती) को बयान अनि पाँचौंमा[1] जगज्जननी श्रीदुर्गाका पाउका भक्त, गुणी, धर्मात्मा ती महाराजले पृथ्वीतलको अद्भुत निर्माण भएको, गर्जदो बादलको जस्तो आवाज गर्ने राम्रोसँग बनाइएको यो घण्टा देवीलाई चढाउनु भयो । यो घण्टा धेरै कालसम्म देवीलाई प्रसन्न पारी रहिरहोस्' भनी लेखिएको छ ।[2] अभिलेखमा यो घण्टा थापिएको मिति शक संवत् १७१९ (सं. १९५३, ई. १७९७) लेखिएको छ ।[3]

सुन्दरानन्द बाँडाले यस घण्टाको बयान 'त्रिरत्नसौन्दर्यगाथा' मा[4] यसरी बयान गरेका छन्:—

घण्टां दिव्यधुनीतरंगधवलां कैलाशकूटोपमां
भूतप्रेतपिशाचडाकभयद ध्यानैकदिव्यध्वनिन् ।
सूताद्यष्टक धातुभिर्विघटितामिष्टेश्वरीप्रीतये
श्रीमर्त्सिहप्रतापजो रणवहादुरोऽर्पयद् भूपतिः ।।८५।।

---

१. तेनोर्व्वीरमणेन विश्वजननीश्रीपादपद्मोल्लस-
ल्स्वच्छान्तःकरणालिना गुणगंणागारेण पुण्यात्मना ।
भूलोकाद् भुतनिर्म्मितिः पृथुरियं गर्ज्जत्पयोदध्वनिः
श्रीदेव्यै चिरमर्प्पिता सुघटिता घण्टास्तु तत्प्रीतये ।।

२. इतिहास प्रकाश–१. पृ. मा सर्वप्रथम प्रकाशित यो अभिलेख 'त्रिरत्न सौन्दर्यगाथा'–पृ २८१–८२ मा अनुवाद सहित छापिएको छ ।

३. ऐजन.

४, ऐजन, पृ. १४७.

यस्ता प्रकारका श्री ५ रणबहादुर साहदेववाट श्रीइष्टदेवता प्रीति गरि ठुलो घण्टा अर्पण गर्दा भया. कस्तो घण्टा भन्या आकाशगंगाका तरंग जस्तो समेत तेज भयाको कैलास पर्वतका शिखरसमान ठुलो भयाको गति नपाई मर्‍याका जन्तु वायु भयाकालाई भूत भन्नु भैरव भैरवीले आसन गर्‍याकालाई प्रेत भन्नु मसानमा बसी अभक्ष्य भक्ष्य सबै थोक षान्यालाई पिशाच भन्नु पाक्यालाई डाक भन्नु एस्ता २ अत्युग्र भयंकर भूत प्रेत पिशाच डाकडाकिनीकन त्रास दिन्या सोरले दिव्य ध्वनि भयाको पारो आदि अष्ट धातुले पूर्ण गरि धार्‍याको ।।८५।।

१२. अमरनारायण

पश्चिमी नेपालमा पाल्पामा ई. १८०६ मा यौटा मन्दिर बनेको ऐतिहासिक साक्ष्य हामीले देख्न पाएका छौं। यो हो 'अमरनारायण'। यस मन्दिर सम्बन्धी यौटा तामापत्र प्रकाशित भएको छ[1] जसमा काजी अमरसिंह थापाले ई. १८०६ (शक् संवत् १७२८) मा 'श्री अमरनारायण'को मन्दिर बनाई सिध्याइएको चर्चा गरिएको छ र साथै यो अभिलेखमा तत्कालीन महाराजाधिराज रणबहादुर शाह र तिनका पुर्खा (प्रतापसिंह पृथ्वीनारायण र नरभूपाल) को तारीफ लेखी स्वयं अमरसिंह थापाको छोट्करी वंशावलि पनि लेखिएको छ । त्यसमा अमरसिंह थापाका भीमसेन थापा आदि छोराहरुको पनि नामावलि दिइएको छ । यी अमरसिंह थापा कुमाउँ-गढवाल भेकका प्रख्यात सेनापति अमरसिंह थापा होइनन्, भीमसेन थापाका बाबु चाहिं हुन् । यो मन्दिर बनाउँदा यिनी पाल्पा भेकका प्रशासकका रूपमा थिए र त्यसैले त्यति टाढा उनी मन्दिर बनाउन पुगेका देखिन्छन् । आफ्नै नाममा जोडी नारायणको मन्दिर बनाएको हुँदा त्यसको नाम पनि अमरनारायण राखिएको कुरा स्पष्ट छ । यसका लागि केही जगाको गुठी पनि राखिएको कुरा उक्त तामापत्रबाट जानिन्छ ।

यस मन्दिरबारे प्रकाशित तामापत्रको उल्लेख बाहेक यसको शैली र कलात्मक महत्त्वबारे केही भन्न नसक्नु लेखकको महत्त्वपूर्ण कमजोरी हो जसको लागि पाठकहरूबाट क्षमाप्रार्थना गर्नु मात्र यौटा उम्किने बाटो रहेको छ ।

---

[1] योगी नरहरिनाथ (सं.), इतिहास प्रकाशमा सन्धिपत्र संग्रह, भाग–१ पृ. ५५१.

१३. शिव मन्दिर

कान्तिपुर शहर उत्तरी सीमानामा पकनाजोल टोलमा मूल सडकको लगत्तै पश्चिमतर्फ सानो बगैंचाको बीचमा यो पाञ्चायन मन्दिर रहेको छ । ईंट र ढुंगाले बनेका २ पातला पेटीमाथि ईंटैईंटले बनेको यो मन्दिर एकतले छ र आकारमा निकै सानो छ जसको चारपाटे छाना झिंगटीको छ । मन्दिरभित्र कमलासनमाथि बनेको शिवलिंग थापिएको छ ।

शैली र आकारको दृष्टिले यस मन्दिरको कुनै खास महत्त्व देखिंदैन । तर यसै मन्दिरको दक्षिणपट्टि यौटा सानो 'घर' भित्र जुन मनुष्याकार सालिक थापिएको छ त्यसको कलात्मक महत्त्व छ । फेरि यहाँ मन्दिरको निर्माण र व्यवस्था सम्बन्धी दुईटा विस्तृत शिलालेखले पनि यसको महत्त्व निकै बढाएको छ ।

यहाँ प्राप्त उक्त शिलालेखहरूमध्ये यौटाबाट थाहा भएअनुसार यो शिवमन्दिर कपर्दार भोटु पाँडेले सं. १८६४ (ई. १८०६) मा स्थापना गरेका हुन् भन्ने थाहापाइन्छ । त्यसै स्रोतअनुसार यसको पूजा-आजा र सदावर्त्त चलाउन भनी उनै दाताले जम्मा छ रोपनी जग्गाको गुठी पनि राखेको कुरा ज्ञात हुन्छ । आर्को शिलालेखचाहिं राजकीय लालमोहोरको नक्कलको रूपमा छ जसमा महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको भाकामा कपर्दार भोटुपाँडेले 'आफ्नु बाबुवराज्यूका नाउका पकनाजोलमा धर्म्मसाला बनायाको सदावर्त्त राषना निमित्य' यौटा मौजाको बन्दोवस्त गरिएको कुरा लेखिएको छ। यसमा सं. १८६२ (ई. १८०५) को गिति लेखिएको छ । सं. १८६४ को चर्चिसकिएको शिलालेखमा यौटा आर्को महत्त्वपूर्ण सन्दर्भको पनि उल्लेख गरिएको छ यसमा सं. १८५५ (ई. १७९८) मै पनि भोटुपाँडेका तीन छोरा वलभंजन पाँडे, गरुडध्वज पाँडे र गजदल पाँडे समेतले मन्दिरनजिकै गाईलाई बर्सेनी २–मुरी गहुँ र ४ माना नुन खुवाउने गर्ने कामको लागि ४ रोपनी जग्गा र यौटा गौचर समेत राखेको कुरा चर्चिएको छ । यसरी यौटा सानो आकारको भएर पनि यो मन्दिरको सामाजिक–सांस्कृतिक महत्त्व रहेको कुरो स्पष्ट छ ।

यसै मन्दिरको सेरेफेरोमै दक्षिण-पश्चिम कुनातर्फ गुम्बजाकार प्लाष्टर गरिएको यौटा एकतले सानो मन्दिर पनि छ जसमा शिवजीकै प्रतिष्ठापना गरिएको छ । यो पनि बताइएको मन्दिरकै समकालीनै देखिन्छ

तर अभिलेखिक प्रमाणको अभावमा यसको खास परिचय प्रस्तुत गर्न सम्भव भएन ।[1]

१४. लक्ष्मीश्वर

ई. १८१२ मा यौटा महत्त्वपूर्ण मन्दिर पचली घाटमा बनेको थियो जसको निर्माता लक्ष्मीदेवी थिइन् जसको नाउँमा मन्दिरको नाम पनि 'लक्ष्मीश्वर' रहन गएको थियो। यस मन्दिरमा मन्दिर-निर्माणकाल र त्यसको अरू विवरण लेखिएको शिलालेख रहेकोले यसको अध्ययन गर्न हामीलाई निकै सजिलो परेको छ ।

उक्त शिलालेख १ हात १२ अंगुल लम्बा र १ हात ६ अंगुल चौडा छ र त्यसमा जम्मा ४२ हरप लेखिएको छ । यसमध्ये थालनीका १२ हरपमा संस्कृतमा ८ श्लोक लेखी त्यसपछिको बाँकी भाग 'भाषा' (नेपाली) मा लेखिएको छ । संस्कृत भागमा यस मन्दिरकी निर्माता लक्ष्मीदेवीको 'माइती' र 'घर' दुवैको परिचय दिइएको छ। यो परिचयअनुसार यिनी लक्ष्मदेवी गणेशदत्त भन्ने नाम गरेका (भारतका) पटनाका निवासीकी छोरी थिइन् (श्लोक– २) र उनी 'भाग्यले राजा रणबहादुरकी प्यारी' हुनपुगेकी थिइन् ।[2] यस अभिलेखको नेपाली भागमा यिनैलाई 'श्रीसाहिला नानीसाहेब' भनिएको छ ।[3] यिनी रणकी विवाहिता पत्नी नहुँदा नानीसाहेब' भनिएको देखिन्छ ।[4] यिनै नानीसाहेबले रणबहादुर शाहको स्वर्गवास भएको ६ वर्षपछि यो लक्ष्मीश्वर-मन्दिर थापेकी थिइन् ।

अभिलेखमा मन्दिर थापिएको छोटकरी बयान संस्कृत भागमा ५ श्लोकमा गरिएको छ जसको अनुवाद[5] यहाँ उद्धृत गरिन्छः—

---

[1] यी दुई मन्दिर रहेको यो गहिरो 'कोठेवारी'को दक्षिणतर्फको भित्तामा नालमा दडो अप्ठेरो स्थितिमा यौटा शिलालेख रहेको छ। सं. १९२० (ई. १८६३) को मिति रहेको यस शिलालेखमा कुनै पाँडे थरका व्यक्ति ('राजकुमारी श्री सम्शेरवाहादुर पाँडे क्षेत्री' ?) ले केही जग्गा खेत गुठ राखी सदावर्त्तको बन्दोबस्त गरेको झझल्को लाग्यो। शिलालेखको सम्बन्ध यसै मन्दिरसँग पो छ कि ?

[2] अभिलेख संग्रह, १२ पृ. १३; पूर्णिमा, ६ पृ. ५६

[3] ऐजन

[4] हेर्नू—पूर्णिमा, ६ पृ. ५६ को पादटिप्पणी ।

[5] ऐजन, पृ. ५८–५६

विक्रम संवत् १८६९ फाल्गुन शुक्ल अष्टमी बुधवार मृगशि नक्षत्र आयुष्मान् योग ववकरण भएको दिन उहाँ लक्ष्मीदेवीले देवता ब्राह्मणहरूलाई खुशी पारेर परमेश्वरलाई अत्यन्त प्रसन्न पार्न लक्ष्मीश्वर महादेवको स्थापना गरी पूजा गर्नुभयो ।।

विक्रम संवत् १८७० कार्तिक शुक्ल एकादशी बीहीवार पूर्वभाद्र नक्षत्र व्याघातयोग वणिक् करण भएको दिन महादेवको मन्दिरको वरीपरी धर्मशाला बनाउनाको लागि लक्ष्मीदेवीले चारै दिशामा जग खन्न लाउनु भयो ।। विक्रम संवत् मङ्सीर महीनाको कृष्ण पक्ष द्वितीया बुधवार रोहिणी नक्षत्र शिव योग गर करण भएको दिन श्रीपाश्चायनको पूजा भजन गर्ने विचारले स्थापना गर्न बाँकी रहेका अरू देवताहरूको स्थापनाको लागि लक्ष्मीदेवीले शिलान्यास गर्नुभयो ।।

जवसम्म पृथिवी रहिरहन्छिन्, दिउँसो सूर्य उदाइरहन्छन्, राती चन्द्रमा उदाइरहन्छन्, जवसम्म रामचन्द्रको कथा चलिरहन्छ, तबसम्म नानीसाहेब लक्ष्मीदेवीले बनाउन लाएको वाणीविलास (कवि) ले स्तुति गरिएको कीर्ति (मन्दिर) रहिरहोस् ।।

यी देवताको नित्य नैमित्तिक पूजाको लागि राखिएको जग्माको कूतबाट आउने धान अनुसारको खर्च भाषामा लेखी देखाइन्छ ।।

अभिलेखको नेपाली भागको थालनीमा:–

स्वस्ति श्री सम्वत् १८६९ साल फाल्गुण शुक्लाष्टमी बुधवारका दिन श्री साहिला नानीसाहेव लक्ष्मीदेवीले वाग्वतीका तीरमा स्थापना गर्‍याका लक्ष्मीश्वरका नित्य नैमित्तिक पूजा र देवालय चौघरा घाटका संभार मर्मत गर्नाकन लुभुका अंबल विसिडोल षेतमध्ये षेत २/६० ठिमिका अंबल सरस्वतीषेलमध्ये पाषो षेत १/४० जम्मा षेत ४/० संकल्प गरी गुठि चऱ्हाञा.

भनी लेखिएको छ । यस भनाइवाट यस मन्दिरलाई लक्ष्मीदेवीले जम्मा १०० रोपनी जग्गाको गुठी राखिएको देखिन्छ ।[१] त्यति जग्गा तिनले महाराजाधिराज गीर्वाणबाट पाएको अन्दाजी गरिएको छ ।[२] यति जग्गाको आम्दानी

---

[१] पूर्णिमा, ६ पृ. ५९ पादटिप्पणी ।

[२] माथि उद्धृत गरेको भागपछि 'सर्कारबाट बक्स्याका तावापत्रमा लेषिया बमोजिम' भन्ने वाक्य परेको हुनाले यो अर्थ गरिएको हो ।

बाट मन्दिरको पूजा-आजाको बन्दोबस्त बाँधिएको कुरा अभिलेखमा धगाडि बयानिएको छ । त्यसअनुसार यस काममा पूजारी १, गुठियार १, झारुबढारे, १, मन्दिरको टहलुवा १, माली १, चौधराको सुसारे २, नित्य नैमित्तिक पूजा आरत्तीमा बाजा बजाउने कुस्ले ७, नगरा बजाउने दमाईं १, गरी जम्मा १५ जनालाई खान्कीको बन्दोबस्त गरिएको देखिन्छ ।

मन्दिरमा वर्षदिनभरि गर्नुपर्ने कामको विवरण अभिलेखमा यसरी दिइएको छ:—

> गुठियारले वर्ष दिनको नित्य नैमित्तिक पूजा गैरह फाल्गुण शुक्लाष्टमीका दिन वर्षबन्धन शिवरात्रिका प्रहर चार्का पूजा ४ भोलीपल्ट फकीरफुकरा षुवाउनु. वैसाष ज्येष्ठ दुई महीनामा जलधारा चन्हाउनु. भरिचौमासा रुद्रि दिनप्रति आवर्त एक एक गर्नु. भरिकार्त्तिक महीना दीपदान वर्षप्रति देवालय चौघरामा चुन लगाउनालाई चाहिन्या (स) राजाम गैह्र समयमा षरीद गरी तावापत्रमा लेख्यामाफीक कत्ती नघटाइ लाउनु. साल पुग्यापछि गुठीयारले षेतको बालीको आमदानी खर्च बुझी बाकी रह्याको भला मानिस् साक्षी राखी बहिमा लेषी जगेरा राषनु. जगेरामध्ये देवालय चौघरा घाट प्रपाल भत्क्या चुह्यामा बनाउनु. दैवाधि पऱ्याका समयमा गुठि चलाउनु. लेख्याबमोजीममा घटाई लोभमा पस्या पंच महापातक लाग्ला.

यसरी लक्ष्मीदेवीले लक्ष्मीश्वर मन्दिर थापी त्यसको राम्रो बन्दोबस्त गरिदिएको देखिन्छ ।

यो मन्दिरको कलात्मक स्वरूप खास महत्त्वपूर्ण छ किनभने यो पगोडा शैलीमा मुख्य लेपले तेलिया ईंट र काठले बनेको छ र मन्दिरको आकृति मझौला हुनाले पनि निकै राम्रो देखिन्छ । तीन पेटीमा विभाजित अग्लो ढुंगाको जगतीमाथि यो मन्दिर बनेको छ । यसको गर्भगृह (पहिलो खण्ड) मा चार दिशामा चार ओटा ढोका बनेका छन् र मुख्य ढोकाचाहिं दक्षिणपट्टिको बनेको छ । यस गर्भगृहको चारैतिर प्रदक्षिणापथमा किनार किनारमा माथिको छाना थेग्ने चार दिशामा ५–५ ओटा काठका अलंकृत खाँबा बनेका छन् । गर्भगृहमाथि झिंगटीका पगोडा शैलीका तीन छाना बनेका छन् । तलदेखिको पहिलो छाना र गर्भगृहको बीचको भागलाई पशुपतिको मन्दिरमाझैं काठका जालीले छोपिएको छ र बीच-बीचमा अलंकृत

टुंडालको पनि प्रयोग गरिएको छ । यी टुंडालहरूमा काष्ठकलाका अति राम्रा उदाहरण बनेका छन् जुनमा कामकला सम्बन्धी मूर्ति पनि सामेल छन्। यसमा काष्ठकलाका अति राम्रा उदाहरण त गर्भगृहका चारै ढोकामा खापामा र ढोकाका चौकोसमा र त्यसका दुईतिर पनि। चारै ढोकाका चौकोसका दाहिने–देब्रे गरी वाहनसाथ बसेका शिवजी र महिषासुरमर्दिनी भगवतीका मूर्ति-चित्र अति राम्रा बनेका छन् । फूलपाती र अरू किसिमका बेलबुट्टा र आकृतिहरू पनि यहाँ बनेका छन् । उन्नाईसौँ शताब्दीको थालनीको शाहकालीन काष्ठकलाको अप्रतिम र विविध उदाहरणको रूपमा यहाँ बनेको काष्ठकलाको विस्तृत अध्ययन गर्ने आवश्यकता यसले देखाएको छ ।

काठ र ईंटको मन्दिर भए पनि यस मन्दिरमा प्रस्तर कलाका केही उदाहरण भेटिन्छन् । यसको जगतीको तेस्रो खण्डमा भित्तामा पखेटावाल र सादा सिंहका ढुंगाका कलात्मक मुख बनाई टाँसेर राखिएका छन् । मन्दिर उक्लने सिंढीमा पनि शुरुमै चिल्ला खुड्किला बनेका छन् र तिनको अग्रभागमा दुईतिर सिंहका मुख पनि बनेका छन् । यहाँ रहेका प्रस्तरकलाका अरु उदाहरणमा पश्चिमपट्टि वेदिकामा थापिएको साँढे, दक्षिण ढोकामुन्तिर पेटीमै पश्चिमाभिमुख कीर्तिमुख भैरव र तिनको सानो ढुंगाको दुई तले मन्दिर र पूर्वोत्तर कुनामा रहेको चण्डेश्वरका मूर्ति हुन् । कीर्तिमुख त राम्रै बनेको छ तर चण्डेश्वरचाहिं त्यति राम्रो बन्न सकेको छैन ।

यो मन्दिरको ठीकैको आँगनमा चारैतिर धर्मशाला बनेका छन् जुनमा झ्यालमा र ढोकाहरूमा पनि काष्ठकलाका राम्रा उदाहरण प्रस्तुत गरिएका छन् ।

यसरी लक्ष्मीश्वर मन्दिर उन्नाईसौं शताब्दीको थालनीमा बनेको 'पगौडा' को रूपमा यौटा मूल्यवान् उदाहरण ठहरिन्छ ।

१५. राधावल्लभेश्वर

गोर्खा पोखरीथोकमा ई. १८१२ (संवत् १८६९, शक संवत् १७३४) मा शाहवंशका राजपुरोहित राधावल्लभ शर्मा अर्जेलले 'राधावल्लभेश्वर' महादेवको मन्दिर थापेको प्रमाणस्वरूप अभिलेख प्रकाशित

भएको छ ।[1] यसको स्वरूप र कलात्मक महत्त्ववारे हाल केही लेख्न सकिएन ।

१६. त्रिपुरेश्वर

शाहकालमा बनेका मन्दिरहरूमा सर्वश्रेष्ठ मन्दिर त्रिपुरेश्वरको धेरै किसिमबाट महत्त्व रहेको छ । यस मन्दिरको निर्माणपछि त्यसको सम्झनामा लेखाउन लगाई राखिएको विस्तृत शिलालेख पनि त्यहीं पाइएकोले र अरू सन्दर्भहरू समेत भेटिएकोले यस मन्दिरको सांगोपांग वयान प्रस्तुत गर्न पाउनु समालोचकको लागि बडो रमाइलो कुरा हुन आउँछ ।

यस मन्दिरको विस्तृत वयान गर्नु अघि केही साहित्यिक सन्दर्भहरूको विवरण उद्धृत गरी हेरिहाल्नु उचित छ । यो मन्दिर बनाएको साक्षात् देख्ने सुन्दरानन्द बाँडाले[2] यसको वयान निम्न रूपमा प्रस्तुत गरेका छन् :—

> धन्या श्रीशुभवर्णपुष्कलतया स्वर्गावतीर्णा शची
> देवीव त्रिपुरेश्वरी वसुमती देवी वरीवर्ति सा ।
> सेयं श्रीत्रिपुरेश्वरं रणवहादूरप्रकृत्याऽऽरभत्
> तीर्थे पुण्यतमे सनिष्कुटमहाप्रासादसत्रालयम् ।। २०७ ।।

> यतीश्वर श्रीरणवहादुर स्वामिज्यूका कृतज्ञता भै हित गऱ्याका फलले जाज्वल्यमान सौभाग्य तेज बढ्याका पूर्ण लक्षणले शची देवीरूप भयाका श्री ५ मतपरमश्रीमल्ललितत्रिपुरसुन्दरी जगन्माता महारानीबाट निर्गुणानन्द स्वामिज्यूका प्रकृतिसरूपले शिवस्थापना गरि देवालय चौधरा निःकुट भन्नु घरभित्रका बगैंचा गैह्र कीर्तिकन कालमोचन तीर्थ टुकुचासंगममा श्रद्धापूर्वक आरम्भ गर्दी भईन् ।। २०७ ।।

---

१. गोरखाको ऐतिहासिक सामग्री, पृ. २८ हुन त घण्टाको यो अभिलेखमा मन्दिर बनाएको कुराको उल्लेख गरिएको छैन । हाल यो मन्दिरको नाउँ 'राधावल्लभेश्वर' कहलिएको देख्दा र घण्टाको लेखमा राधावल्लभको नाउँ देख्दा आफ्नो नाउँमा यी राजपुरोहितले यो मन्दिर थापेको कुरा स्पष्ट बुझिन्छ ।

२. त्रिरत्नसौन्दर्यगाथा, पृ. २०१-२

हाहाहूहुपुरोगमाश्च वसवः काष्ठाधिपाश्चेष्टदा
विश्वेदेवपुरोगमाश्च तुषिता आभास्वराः सानिलाः ।
सर्वे दस्रपुरोगमाश्च सह तैः श्रीविश्वकर्माऽचिरा-
च्छ्रीमत्स्वाम्युपवेशनार्थमगमत् प्रासादसंसिद्धये ।। २०८ ।।

श्रीकाशी विश्वेश्वरका सायुज्य मुक्ति पाउनाले शिवमय भयाका श्री ५ मत् रणबहादुर साह परमनिर्गुणानन्द स्वामीरूपी श्री ५ त्रिपुरेश्वरका देवालय बनाउँदा श्रीशिवज्यू सन्तोष गर्नानिमित्त मनुष्यको भेष गरि स्वर्ग भुवनका मंगलोत्साह गर्न्या हाहा हूहू प्रभृति दिव्यगायन भया. फेर विद्याधर भया. ध्रुव भया. सोम आप अनिल अनल प्रत्यूष प्रभास नाउ भयाका अष्ट वसु भया. देवराज इन्द्र प्रमुख अष्ट दिक्पाल भया. विश्वेदेवता तुषिता देवता आभास्वरा देवता अनिलनाम भयाका वायुदेवता दस्र नाम देवता स्वर्गवैद्य भया इत्यादि देवतावर्गले पनि गुहार दिदा विश्वकर्मा देवकर्मिले सहजैमा तत्काल बहुत सुन्दर गरि शिवालय चौरघासमेत बगैंचा सिद्धयाउँदा भया ।। २०८ ।।

एवं श्रीत्रिपुरेश्वरी भगवती निर्मापयित्वादराद्
देवागारमुपस्करेण सहितं घण्टात्रिशूलातिभिः
तीर्थं कालविमोचनाभिधमधि प्रप्यार्पयच्छूलिने
ख्यातोऽस्तु त्रिपुरेश्वरोऽयमवनौ दुर्भिक्षकष्टादिहा ।। २०९ ।।

यस्ता प्रकारसंग श्रद्धा राषि त्रिपुरेश्वरनामा शिवालय देवालय सिद्ध गरी सुवर्णका छानाले शोभा दियाको सुवर्णचूडामणि घण्टाका गजुरी हाली ठाउ २ मा घण्टिका माला गैह्र झंडाइ दिक् दिशामा गणदेवता गैह्र स्थापना गरि जगा २ मा ठुला घण्टा त्रिशूल गैह्र चन्हाई रुद्राक्षमाला सर्वतोभद्र वितान लगाई घरभित्रको निष्कुट उद्यान उपवनसमेत साङ्गोपाङ्ग सिद्धयाई उपस्कार भन्नु डेरा गरी बस्न्याहरूलाई चाहिन्या आगो पानी चुल्हो अध्यान् दियो कुचो जातो नाङ्ला ढेकी मुसल षान्या पिन्या वस्तु सरोजामा सदावर्त्तसमेतं घिय दाउरा हांडिसमेत् पोषत गरि गुठि दातव्य संकल्प गरि साक्ष्यात् भगवती जगदंबा श्रीमल्ललितत्रिपुरसुन्दरी देवी जो छन् श्रीमत्त्रिपुरेश्वर शिवजीकन अर्पण गर्द भईन् । एस्ता प्रकारका त्रिपुरेश्वर जाग्रत भैकन संसारका दुर्भिक्ष अनिकाल आदि संकष्ट हरण गर्न्या भै श्रीत्रिपुरेश्वरको कीर्ति शिखर

भैरहोस् ।। २०९ ।।[1]

× × ×

तर्थं विनीयार्थिंजनोऽभ्युपात्तसत्रालयो यत्र सुलब्धवृत्तः
ददौ सदाशीर्वचनं च राज्ञे तत्त्रैपुरं सत्रमियाच्च स्थैर्यम् ।। २१८ ।।

एस्ता प्रकारले श्रद्धापूर्वक आरम्भ गरिकन देव दानव यज्ञ गन्धर्व अष्टदिक्पाल स्ववैद्य गैह्र मर्त्य पातालवासिहरूका रूप गरि महाहर्षका हाहा हूहू शब्दले अल्लोल कल्लोल कोलाहल शब्द गरी विश्वकर्माले चाडै गरि सिद्धयायाका चौघरासमेत देवालय जो छन् जहाँसम्म पृथ्वी आप तेज वायु आकाश एति पञ्चभूत यावत्काल चलदछन्. ताहासम्म तावत्काल लोपकर्ता नहोस्. जौन शिवालयविषेका सदावर्तमा पुग्याका गरीप प्रजा योगी गैह्रले सदावर्त गुठको भोजन गर्न्या सराजाम पाई जीवनवृत्ति गरि अतिथि जनको चित्त सन्तोषले श्री ५ महाराजाका दुनिआको समेत जय मनाई बसीरह्या छन् ।। २१८ ।।[2]

अनि, यस मन्दिर र यसका निर्माताको तारीफ गर्दै सुन्दरानन्द फेरि लेख्दछन्:—

तिलोत्तमोर्वशी सुकेशिनी च मञ्जुघोषया
धृताचिका च मेनिका सरम्भया सहाप्सराः ।
दिवानिशं च गीयते यशस्तदीयमत्भुतं
नटी भटी सुरूपिणी स्वहस्तदत्ततालिका ।। २२० ।।

तनै श्री ५ महाराजाको र श्री महारानीको एस् प्रकारका वृत्तान्तकन स्वर्ग भुवन सुधर्मा देवसभामा बस्याका इंद्रले हजारन् दृष्टिले हेर्दामा देख्या र आपना अन्तःपुरीका तिलोत्तमा उर्वशी सुकेशी मञ्जुघोषा घृताची मेनका रम्भा गैह्र अप्सराहरू चाडै गरि पठाएर नटुवा भटुवा पतरियाका सरूपले गाउनानिमित्त करताल दि पठायाका छन्. रातबिरात श्री राजा रानी त्रिपुरेश्वरसमेत जनरल भीमसेन थापाको पनि यश

---

१. यसपछि २१०, ११, १२, १३, १४, १५, १६, १७ श्लोक र तिनको नेपाली अर्थसमेतमा त्रिपुरेश्वरको महारानी (ऐजन, पृ. २०३–५) ललितत्रिपुरसुन्दरीले भजन गरेको भनी स्तुति लेखिएको छ ।

२. यसपछि त्रिपुरेश्वरको सत्तलको बयान गरिएको छ (ऐजन, पृ. २०६) ।

कीर्तन गऱ्याछन् ।। २२० ।।[1]

यसरी, यो मन्दिरको निर्माण भएको आफ्नै आँखाले देख्ने सुन्दरानन्द बाँडाले तारीफ गरिएको यो मन्दिरको वास्तवमै ऐतिहासिक महत्त्व देखिन्छ ।[2] वंशावलिमा पनि त्रिपुरसुन्दरीले 'वागमतीका किनारमा त्रिपुरेश्वर नाम राखी शिवस्थापना गरी देवालय घाट' बनाएको कुरा चर्चिएको छ ।[3] अलि पछि लेखिएको आर्को वंशावलिमा पनि यस मन्दिरको केही परिचय दिइएको छ ।[4]

---

[1] ऐजन, पृ. २०६–७. यसपछि श्लोक २३१ र त्यसको नेपाली अनुवादमा पनि त्रिपुरेश्वरको बयान सम्बन्धी अलिकति सन्दर्भ आएको छ (ऐजन, पृ० २१३) ।

[2] यिनले फेरि २६१ यौं श्लोकमा त्रिपुरेश्वरमा हुने पूजाको बयानमा आधा भाग खर्च गरेका छन्:—

स्मृत्वा क्षीराब्धिशैत्यं त्रिपुरशिवमहास्नानतोयौंछमिश्रं
वाग्मत्यम्भः पवित्रं प्लवितुमिव हठात्तुण्डिरवेलाद् द्रवन्ति ।।

" रंग रंगका घोडाहरू " उफ्रि उफ्रि दगुरि दाहशांति गर्ना निमित्त क्षीरसमुद्रका जलमा डुबनुपाया शरीर ठण्डा हुँदो हो भन्या मनसुवा राषी हिड्दा श्रीत्रिपुरेश्वर महादेवका पञ्चामृत सुगंध श्रीखण्ड कस्तुरी कुंकुम केशरी आदि गऱ्याका सुगन्ध आदिले महास्नान गरायाका जलधाराले मिश्रित भयाका पवित्र श्रीवाग्मतीजलकन देषि तसैमा डुबी शरीर शीतल गराउन्या हो भन्या मनमा श्रद्धा लि टुंडीषेलविषे दगुर्छन् ।। २६१ ।। (ऐजन, पृ. २२६) ।

[3] प्राचीन नेपाल, ६. पृ. १६.

[4] श्री ५ महाराजाधिराज रणबहादुर साह स्वर्ग भएपछि श्री वडामहारानी ललीत त्रिपुरसुन्दरीदेवीबाट आफ्ना स्वामी र आफुसमेत उद्धार हुना खातीर विक्रम सम्बत सालमा चौघरा सतल बनाई सुन्दर तीन तला देवल बनाई तिन्नै तलामा सुनले छाई ठूलो देवालय बनाई श्रीं श्री त्रिपुरेश्वर नाउँ प्रख्यात गरी दिए यसैसाथ कालमोचनघाट र ठूलोकाय हनुमान स्मेत स्थापना गरी दिएका हुन्—देवमाला वंशावलि, पृ. ७६.

अब हामी यस मन्दिरको निर्माणकै संज्ञनामा लेखाई राखिएको भनाइपट्टि लागौं । मन्दिरको पश्चिमपट्टिको आँगनमा नजीकै ईंटको मण्डप बनाई ढुंगाले बनेको साँढे थापिएको पछाडिपट्टि ढुंगाको कछुवामाथि ढुंगाकै कमलशीर्ष दुई मान्छे जति अग्लो खाँबो ठड्याइएको छ । यस खाँबोमाथि सुनको जलप लगाएको ढलौटे साँढे जडिएको छ । यसै खाँबोको दक्षिणपाटामा विस्तृत अभिलेख लेखिएको छ । यो अभिलेखमा संस्कृतमा निकै ठूलो गद्यभाग बाहेक ११ श्लोक पनि लेखिएका छन् । थालनीमा गद्य र पद्यमा गरी पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मको शाहवंशावलि प्रस्तुत गरिएको छ । अनि मन्दिरसम्बन्धी बयान गरिएको छ । संस्कृतमा गरिएको मन्दिर-निर्माण सम्बन्धी बयानको नेपाली अनुवाद तहाँ उद्धृत गरिएको छः–

> महाराजाधिराज श्रीराजेन्द्रविक्रम शाहदेवले राज्य गरिरहनुभएको बेलामा आफ्ना स्वामीको मोक्ष होस् भनी मिहिनेत गर्न लागेको श्रीरणबहादुर शाहदेवकी महारानी श्रीललितत्रिपुरसुन्दरी देवीले वेदविद्यामा सिपालु अनेक विद्वान्‌हरूको मण्डलीसँग सोधपूछ गर्दा शिवलिङ्ग आदि देवताको प्रतिष्ठा गर्नु नै ठूलो धर्म हो भन्ने निश्चय भएको हुँदा आफ्ना नाति (राजेन्द्रविक्रम शाह) बाट अनुमति लिई त्यो काममा चाहिने सामग्री जुटाउन सक्ने मुख्य मन्त्री भीमसेन थापा-लाई त्यो काममा खटाई त्यस काममा सबै विधान पूरा गर्न खटिनुभएका श्रीगुरुज्यू आदि ब्राह्मणहरूले विक्रम संवत् १८७४ असार महीनाको शुक्ल पक्ष नवमी सोमवारका दिन विधिपूर्वक शिलाधिवासनविधि (जगमा ढुङ्गाको संस्कार गर्ने काम) सिध्याएर त्यही साल भदौ महीनाको कृष्ण पक्ष नवमी शुक्रवारका दिन शिलान्यास गरी विक्रम संवत् १८७५ वैशाख महीनाको कृष्णपक्ष तृतीया बीहीबारका दिन शिवलिङ्ग आदि देवताको प्रतिष्ठा गर्नुभयो ।[१]

---

१. श्रीमन्महाराजाधिराज श्रीराजेन्द्रविक्रमशाहदेवे मेदिनीम्पालयति श्रीमद्रण बहादूर शाहदेवपट्टराज्ञ्या श्रीमल्ललितत्रिपुरसुन्दरीदेव्या स्वभर्त्तु रपवर्ग-साधनप्रयासासक्तया वेदविद्यानिपुणनानाविद्वन्मण्डलीप्रार्थनासञ्चारित-विचारनिश्चित धर्मप्रधान-शिवलिङ्गादिदेवप्रतिष्ठादिकर्मतया स्वपौत्रा-नुमत्या तत्कार्यनिर्वाहानुगुणसामग्रीसम्पादनक्षमम्भीमसेनं मन्त्रिवरं तत्साधने नियोज्य साङ्गतत्कर्मविधाननियुक्ताः श्रीगुर्वादिब्राह्मणा

यसपछि उक्त अभिलेखमा मन्दिरमा देवता-स्थापनको योजना, देवालयको प्रतिष्ठा गरिएको दिनको व्यस्त कार्यक्रमको काव्यात्मक वया यसरी प्रस्तुत गरिएको छ—

> माझमा श्रीत्रिपुरेश्वर महादेवको दक्षिणपट्टि ढोकामा भैरवको त्यसपछि दायाँ क्रमले ईशान कुनादेखि विष्णु सूर्य गणेश देवीको त्यसपछि दाया क्रमले दक्षिणदिशादेखि महाकाल नन्दी भृङ्गी र गणेशको स्थापना भयो । त्यसभन्दा बाहिरको घेरामा आपना आपना दिशामा क्रमैले इन् अग्नि यम निऋति वरुण वायु कुबेर ईशान ब्रह्मा शेषनागको स्थापना भयो । इशानपट्टि बाँकी रहेको बलि (नैवेद्यविशेष)पाउने चण्डेश्वरको स्थापना भयो । पश्चिमपट्टि बसाहाको स्थापना भयो । यसरी मण्डलभित्र यी देवताहरूको स्थापना भयो ।[1]

वेदसप्तगजेन्दु सम्मिते १८७४ वैक्रमशके शुचिशुक्लनवम्यां सोमान्विताया शिलाधिवासनकर्म यथाविधि सम्पाद्य तस्मिन्नेव शके भाद्रकृष्णनवम्यां शुक्रे शिलाप्रवेशम्विधाय बाणस्वरनागभूमिते १८७५ शके माघवासित-तृतीयायां गुरौ शिवलिङ्गादिदेवप्रतिष्ठाकर्म समाचरन् ।।—यो अभिले सर्वप्रथम भगवानलाल इन्द्रजीद्वारा प्रकाशित भई 'त्रिरत्नसौन्दर्यगाथा, पृ. ३०३–३०५, र ३०५–३०७ मा नेपाली अनुवाद समेत प्रकाशित भएको छ । माथि उद्धृत नेपाली अनुवाद केही शब्दका फेरफारसाथ यसैबाट सारिएको हो । इतिहास संशोधनको प्रमाणप्रयेय पृ. २१०-१३ मा पनि यस अभिलेखको केही अंश अनुवादसमेत फेरि प्रकाशित भएको छ ।

[1] मध्ये श्रीत्रिपुरेश्वरो यमदिशि द्वारे स्थितो भैरवो
ज्ञेयाः शङ्करभागतो हरिरविद्वैमातुराम्बास्ततः ।
दक्षादिक्रमकोणगा अथ महाकालश्च नन्दी तथा
भृङ्गी श्रीगणपश्च दक्षिणदिशो दक्षक्रमाद्दिग्गताः ।।
तद्वाह्ये स्वदिशि स्थिताः सुरपतिर्वन्हिर्यमो निर्ऋतिः
पाशा वायुकुबेररुद्रविधयो नागाधिपेताः क्रमात्
ईशाने बलिशेष भागभिमतश्चण्डेश्वरः पश्चिमे
विख्यातो वृषभश्च मण्डलगता देवा इमे सम्मताः ।।

गुरुज्यू श्रीरङ्गनाथले केराको पात फलफूलहरूले सिगारिएको, राम्रो ढोका र चँदुवा बनाइएको छेउछेउमा रङ्गी बिरङ्गी ध्वजा पताकाले सुहाएको ठूलो मण्डपभित्र नौवटा कुण्ड बनाई विधिविधान जान्ने ब्राह्मणहरूद्वारा विधिपूर्वक यो आश्चर्य लाग्दो काम सिध्याउनुभयो ।[1] त्यस दिन दोष हटाउने धर्मकार्यको घोषणाले गर्दा देवताहरू सन्तुष्ट भए, देश विदेशबाट आएका अनेक विद्वान्हरूको मान मर्यादा गरियो तथा तिनीहरूलाई दान दिइयो, नानाथरी मङ्गल दिने धार्मिक पदार्थहरू बटुलिए, नाच गान बजान भए, यसरी त्यो दिन बयान गर्न नसकिने, दुनियालाई आनन्द दिने भयो । त्यसपछि त्यही साल मङ्सीर महीनाको कृष्णपक्षको बुधबारका दिन देवालयको प्रतिष्ठा गरियो ।[2]

मन्दिरको स्वरूपको बयान गर्दै अभिलेखमा फेरि भनिएको छ:— त्यस मन्दिरमा चारैतिर चार ढोका बनाइएका छन्, चढ्न सजिलो हुने गरी सिंढी बनाइएको छ, पछिल्तिर राम्रो सुनको ध्वजा र त्रिशूल राखिएका छन्, टाढैबाट झल्झल् देखिने सुनका गजूर र छाना बनाइएका छन् । यस मन्दिरले त्यहाँ बस्नेहरूको इच्छा पूरा गरी तिनीहरूलाई प्रसन्न पारोस् ।[3]

---

१. रम्भापत्रफलप्रसूनललिते सत्तोरणाच्छादने
नानावर्णपताककेतनलसत्प्रान्ते महामण्डपे
कुण्डानान्नवकं विधाय विधिवद्विप्रैर्विधानक्षमैः
कर्माश्चर्यकरं समापयदिदं श्रीरङ्गनाथो गुरुः ।।

२. दोषोन्मीषवृषप्रघोषदिविषत्सन्तोषपोषक्षमः
संयातातुलतीर्थभूतपरिषत्सत्कारकल्पद्रुमः ।
नानामङ्गलदिव्यवस्तुनिभृतस्तौर्यत्रिकोल्लासितो
हृद्यः कोपि स वासरस्समभवल्लोकप्रमोदोज्वलः ।। ५ ।।
ततः तस्मिन्नेव शके मार्गकृष्णपञ्चम्यां बुधे देवालयप्रतिष्ठामकुर्वत् ।

३. दिग्भागान्तरसन्निवेशितचतुर्द्वारः सुखारोहणः
पश्चाद्रम्यसुवर्णकेतनतलन्यस्तस्त्रिशूलोत्तरः ।
सौवर्णोज्वलकुम्भपत्रपटलप्रोभ्द्रासिताशामुखः
प्रासादो दिशतामभीप्सितसदावासप्रसक्ता मुदः ।

मन्दिरको प्रतिष्ठा गरिसकिएपछि बाग्मतीमा ओर्लिने घाट, बगैंचा, घण्टा र धर्मशालाको प्रतिष्ठा गरेको बयान गर्दै अभिलेखमा फेरि लेखिएको छः—

> अनि विक्रम संवत् १८७७ जेठ महीनाको कृष्णपक्ष दशमी आइतवारका दिन श्रीवाग्वतीमा ओर्लिने सिंढी, बगैंचा, घण्टा, धर्मशालाको प्रतिष्ठा गर्ने काम सिद्धचाइयो । टम्म मिलेका किसिम किसिमका ढुङ्गाले राम्ररी बनाइएको, हनूमान् राखिएका हुनाले विघ्न नष्ट भएको, दिनका दिन गर्नुपर्ने विधान गर्न लागेका मानिसहरू आफूखुशीसंग बसिएका, स्नान गर्न ध्यान गर्न असल भएको, चून लगाएको हुनाले छेउछउ सेतो भएको, रमाइलो यो घाट धेरै कालसम्म सुहाइरहोस् । अनेका ठाउँमा हुने फलहरूको भारले नुहेका रूखहरू राम्ररी लाइएको, बीचमा शालको रुख भएको, बास्ना आउने फूलहरूले सुहाएका लहराले बाटो राम्रो पारिएको यो बगैंचा सधैं इच्छा पूर्ण पारी रहिरहोस् । राम्रो आवाजले कानलाई आनन्द दिने, पूजा गर्दा बजाइने घण्टा देवताको प्रसादलाई अपवित्र ठाउँमा पनि पुऱ्याउँदै सबै गर्नुपर्ने विधि पूरा पार्दै रहिरहोस् ।[1]

---

[1] ततः पातालोकवसुवसुमतायुते १८७७ शके ज्येष्ठकृष्णदशम्यां रवौ श्रीवाग्मतीजलावतारसोपानारामघण्टाधर्मशालाप्रतिष्ठाकर्मसमापयन् ।
सोपानालिरियं विदग्धरचनासुश्लिष्टचित्रोत्पला
रम्या वायुसुताधिवासविहतप्रोद्दामदिघ्नावलिः ।
सम्पाद्याह्निकसक्तलोकविहितस्वेच्छावकाशस्थला
स्नानध्यानहिता सुधाधवलिता प्रान्ता चिरं राजताम् ।। ७ ।।
नानादेशप्रभवसुफलव्रातभारातिनम्र-
वृक्षश्रेणीनियमखचितः शालसङ्गुप्तमध्यः ।
आरामोयं सुरभिसुमनोराजिसम्राजमान-
नानावीरुल्ललितसरणिः पूर्णकाम सदास्ताम् ।। ८ ।।
घण्टा सुनादकृतकर्णसुखातिधारा
पूजाविधानविहितध्वनिमादधाना ।
देवप्रसादपरिपूरितहीनभागा
सर्वोपचारपरिचारकतां विधेयात् ।। ९ ।।

यतिविधि बयान गरिसकेपछि यस अभिलेखका लेखक कविले एक श्लोकमा धर्मशालाको बयान गरी[१] यस मन्दिरको महत्त्व एक वाक्यमा फेरि लेखी, अन्त्यमा एक श्लोकमा मन्दिरको सुरक्षाको चेतावनी लेखी[२] लेखलाई टुङ्गयाएका छन् । मन्दिरको महत्त्वबारे भनिएको वाक्यचाहिं हो 'अङ्ग उपाङ्ग समेत पूर्ण गरिएको यो कृति धेर कालसम्म श्रीमहादेव आदि देवतालाई प्रसन्न पारी रहिरहोस्' ।[३]

यहाँ रहेका अरू दुई अभिलेखहरूको पनि चर्चा गर्नु आवश्यक देखिन्छ । यौटा अभिलेख त मन्दिरको दक्षिणतर्फको तेस्रा खण्डको पेटी

---

१. शालेयं विविधप्रवासिमनुजप्राज्योपकारक्षमा
रथ्याचत्त्वररम्यकोष्टविलसद्वातायना श्लक्ष्णभूः ।
नानादेशसमागतान्पथि परिश्रान्तानसङ्ग्राहिणो
नित्यं भोजनवासदानविधिना कामानुगन्तोषयेत् ।। १० ।।

किसिम किसिमका परदेशी मानिसको ठूलो उपकार गर्न सक्ने, सडक चोक राम्रा कोठा झ्यालहरू भएको, चिल्लो भुईं भएको यो धर्मशालाले नाना देशबाट आएका बाटामा थाकेका केही नलिएका मानिसहरूलाई सधैं भोजन वास दिने कामले मनमाफिक खुशी पारोस् ।

२. धर्मोऽयङ्कुलसन्ततिप्रचयदो लोकद्वयानन्दन-
स्तद्रोधे निरयादिदुःखजनका दोषाः परङ्कीर्तिताः ।
ज्ञात्वेत्थं नृपमन्त्रिविप्रमनुजैरेतस्य संरक्षणे
नालस्य श्रयणीयमित्यभिहितं रक्ष्यं श्रुतेः शासनम् ।। ११ ।। शुभम्भूयात् ।

धर्म भनेको कुल र सन्तानको उन्नति गराउने, इहलोक परलोकमा आनन्द दिने हुन्छ । यसलाई बिगार्‍यो भने नरक पर्नु आदि ठूलठूला दोष हुन्छन् भनी लेखिएको छ । यो थाहा पाएर राजा मन्त्री ब्राह्मण र अरू मानिसले यसको रक्षा गर्नामा अल्सी गर्नु हुँदैन । वेदको वचनको पालना गर्नुपर्छ ।। कल्याण होस् ।

३. तदिदं साङ्गोपाङ्गङ्कर्मसम्पूर्तिम्प्रापितं यजमानसङ्कल्पसिद्धिं सम्पादयदतिचिरं श्रीशिवादिदेवप्रीतये भूयात् ।।

(जगती) मा रहेको घण्टा हो ।[१] यसैमा लेखिएको विस्तृत लेखमा 'महाराजाधिराज रणबहादुर शाहदेवकी धर्मपत्नी श्री महारानी ललितत्रिपुरसुन्दरीदेवीले आफ्ना पौत्ररत्न महाराजाधिराज श्रीमद्राजेन्द्रविक्रमशाहदेवका अनुमतिले आफ्ना पतिको मोक्षका लागि थापिएका (त्रिपुरेश्वर आदि) को नित्य र नैमित्तिक पूजा आदिमा बजाउन राम्रो स्वरले आनन्द दिने देवतालाई चढाइएको घण्टा धेरै समयसम्म श्रीशिवजीको प्रीतिको लागि' होओस् भनिएको छ ।[२] यसमा सं. १८७५ को मिति दिइएको छ ।[३]

हामीले चर्चिन खोजेको आर्को अभिलेख सं. १८९४ को[४] हो । यो अभिलेख मन्दिरको सामुन्ने दक्षिणपट्टि आँगनमा रहेको ढुंगाको ठूलो खाँबोमा पश्चिम पाटामा लेखिएको छ । यस खाँबोमाथि महारानी ललितत्रिपुरसुन्दरीको सुनौलो सालिक रहेको छ । अभिलेखको भनाइअनुसार महाराजाधिराज राजेन्द्रविक्रमशाहदेवले यो सालिक (प्रतिकृति) थापेका थिए ।[५]

---

१. यो घण्टाको 'जीर्णोद्धार' गरिएको कुरा–सुधार कार्य विवरण, पृ. ७३ मा लेखी चित्रसमेत प्रस्तुत गरिएको छ । घण्टाको उत्तरतर्फ मन्दिरको पेटीको भित्तामा सिमन्टीमा '२०१५।२६।१ मा' भनी लेखिएको पनि यसै घटनाको मिति दिइएको भने अन्दाजी गरिएको छ ।

२. ···महाराजाधिराज श्रीमद्रणबहादुरशाहदेवधर्मपत्न्या श्रीमल्ललितत्रिपुरसुन्दरीदेव्या स्वपौत्ररत्नमहाराजाधिराज श्रीमद्राजेन्द्रविक्रमशाहदेवानुमत्या स्वपत्यऽपवर्गार्थ संस्थापितदेवनित्यनैमित्तिकपूजनादिविधिविहितवादनकर्मसिद्धये समर्पिता सुस्वरप्रमोदितदेवनिवहा घंटा चिरं श्रीशिवप्रीतये भूयात् शुभम्—अभिलेख संग्रह, १२ पृ. १६.

३. यसमा शब्दमा यसरी 'श्री बाण (५) मुनि (७) वसु (८) वसुंधरा (१) प्रमितवैक्रमशके···' मिति दिइएको छ ।

४. यसमा पनि शब्दमा यसरी 'श्रीमद्वेदा (४) ङ्क (९) नाग (८) भू(१) परिमिते वैक्रमशके' मिति दिइएको छ ।

५. श्रीमन्महाराजाधिराज · श्री श्री श्री श्रीरणबहादुरशाहकनिष्टपट्टराज्ञ्याः श्रीललितत्रिपुरसुन्दरीदेव्याः प्रतिकृतिः श्रीमन्महाराजाधिराज श्री श्री राजेन्द्रविक्रमशाहदेववरेण तत्पौत्रेण स्थापिता चिरं यथाविहितफलदात्री भवतुतराम् ।।— अभिलेख संग्रह, १२ पृ. १६.

सं. १८८८ (ई. १८३१) मा उनी महारानीको स्वर्गवास भएपछि यो सालिक थापिएको देखिन्छ ।

अब हामी यस मन्दिरको निर्माणअवधिबारे तलको तालिकामा विचार गर्दछौं:—

☐ ई. १८१७ (सं. १८७४) मा असार सोमवारको दिन मन्दिरको जग हालियो ।

☐ ई. १८१७ भदौ शुक्रवारको दिन शिलान्यास गरियो ।

☐ ई. १८१८ वैशाख बीहिबारको दिन शिवलिंग आदि देवताको प्रतिष्ठा गरियो ।

☐ ई. १८१८ (सं. १८७५) मङ्सीर बीहीवारको दिन ठूलो घण्टा चढाइयो ।

☐ ई. १८२० (सं. १८७७) जेठ आइतवारको दिन बाग्मतीमा ओर्लने सिंढी, बगैंचा, घण्टा, धर्मशालाको प्रतिष्ठाको काम सिद्धियो ।

☐ ई. १८२२ (सं. १८७९) फागुन महिनाको साइतमा मन्दिरको 'माझको छानामा तामाको छाना बनाई पातामा राग लाई नागोल गोगल कुंधाल कुंपा चरा दिगपताक घ्मुतल' आदिमा रू. १२५३४ चान्चुन्को सुनले 'जलप सारी' चढाइयो[1] ।

---

[1] कला र वास्तुकलाको समीक्षा गर्नेहरूलाई त्यस्ता वस्तुको निर्माणसम्बन्धी व्यावहारिक विवरण पाउनु बडो खुशी लाग्ने हुन्छ। यस मन्दिरको माझको छानामा सुनौला धातुका पाताले मोरिएको र त्यसमा लागेको खर्चको विवरण समेत अन्त प्रकाशित भैसकेको छ (इतिहास संशोधनको प्रमाण प्रमेय, पृ. २१२–१३, त्रिरत्नसौन्दर्यगाथा, पृ. २०२ पादटिप्पणी) तर यस पुस्तकका पाठकको सुविधाको लागि त्यो विवरण यहाँ पनि उद्धृत गरिन्छ:—

सम्वत्—१८७९—साल

श्रीवडामहारानीबाट श्रीत्रिपुरेश्वर महादेवका देवालयको माझको छानामा तावाको छाना बनाई पातामा राग लाई नागोल गोगल कुंधाल कुंपा चरा दिगपताक घ्मतल गैह्रमा सुनले जलप सारि चन्हाउनुभयाको सायेतको मिति फागुन सुदी ५ रोज १

☐ ई. १८३७ (सं. १८९४)मा महाराजाधिराज राजेन्द्रवि
शाहबाट आफ्नी कान्छी बज्यै ललितत्रिपुरसुन्दरीको सुन
सालिक ढुंगाको खाँबोमाथि स्थापित गरियो ।

यसरी यो मन्दिर ई. १८१७ देखि ई. १८२२ सम्म गरी 'सागोपा बनाइसकिएको र ई. १८३७ मा यसलाई अन्तिम रूपले 'सांगोपांग' पारिए बुझिन्छ । यतिका वर्ष लगाएर बनाइएको यो मन्दिरको कलात्मक स्वरूप विवेचना तल गरिन्छ ।

यो मन्दिर यसको (माथि चर्चिसकिएको) अभिलेखमा भनि 'सांगोपांग' बनेको हो । यसको 'सांगोपांग' (सम्पूर्ण रूपको) रूपको दुई भाग गरी हामीले विचार गर्नुपर्दछ । पहिलो त हो मूल शिवलिङ्ग साथ साथ अरू १८ देवताका मूर्ति पनि थापी तिनलाई पनि सानसानै पनि मन्दिर बनाउनु । अर्थात् त्रिपुरेश्वरको मन्दिर यौटा मन्दिर मात्र १९ मन्दिरको समूह हो ।[1] तर मुख्य रूपले यहाँ ५ देवता थापिएका छ

वासीलवाकि

ज्मा नगदी रू. …… ……… … … १५६

असामी – मोहर पैसा ज्मा
तोसाषानाको—१२९९९ ३००० १५९९९
षर्च ·:··· ··· ·· ··· ······ १५५०३ ।। ≡ ।।

सुनमोल – १२५३४ ।। ० ।।।[१]
कालिगढको ज्याला—०—२८८६ = ।।।[२]
फुटकर खर्च –०—२४ ।।। = ।।
कालिगढको सिधाको ज्याला—०—५८–२[२]

टिप्पन:—उक्त विवरणमा 'कालिगढको ज्याला' र 'कालिगढको सिधा ज्याला' शीर्षक देखिनाले यस मन्दिरको यो काममा चा 'झारा' लगाइएको देखिदैंन । खास मन्दिर बनाउँदा गरिएको थियो यसै भन्न सकिदैंन ।

१. त्रिपुरेश्वरलाई हिजाज बोलचालमा 'पूर्णेश्वर' भन्ने चलन चलेको प देखिन्छ । यो मन्दिरलाई यो नाम दिनाको कारण पनि यसको सम्पूर्ण प्रति लोकभावना व्यक्त भएको देखिन्छ ।

मुख्य त्रिपुरेश्वर अनि यसै मन्दिरको अन्तिम दुई जगतीमा पारी चार कुनामा साना पगोडा मन्दिर बनाई विष्णु, सूर्य, गणेश र देवीका मूर्ति थापिएका छन् । स्मार्त सनातनीहरूको सिद्धान्तअनुसार यी पाँचको (शिव, बिष्णु, देवी, गणेश र सूर्य) पूजाआजा गर्नु गृहस्थको लागि आवश्यक मानिन्छ । यसरी मुख्य रूपमा त्रिपुरेश्वर मन्दिर 'पांचायतन' स्मार्त सम्प्रदायअनुसार बनेको हो । अनि नेपाली परम्परा अनुसार मन्दिरको दक्षिण मुख्य ढोकामुन्तिर सीँढीनेरै देब्रेपट्टि (पूर्वतर्फ) कृत्तिमुख भैरवको मूर्ति[१] पनि थापी त्यसमाथि सानो 'मन्दिर' पनि बनाइएको छ । यसरी यौटै जगतीमा जम्मा ६ देवताको स्थापना गरिएको देखिन्छ ।

अनि आँगनमा चाहिं चारैतिर गरी फेरि गणेश, अनि महाकाल, नन्दी, भृंगी, इन्द्र, अग्नि, यमराज, निऋति, वरुण, वायु, कुबेर, ब्रह्मा, शेषनाग र चण्डेश्वरका मूर्ति साना प्लाष्टरका मन्दिरमा थापिएका छन् । यसरी १६ देवताको मन्दिरको समूह[२] त्रिपुरेश्वरमन्दिरको आँगनमा अवस्थित छ ।[३] यी मूर्तिहरूको कलात्मक महत्त्वबारे पछि यथास्थानमा बयान गरिने छ ।

यस मन्दिरको 'सांगोपांग' स्वरूपको आर्को पक्ष मन्दिरसाथै वागमतीको किनारमा घाट बनाई 'तीर्थ' को रूप दिनु, अनि मन्दिरको पूजाको लागि फलफूलको नियमित बन्दोबस्तको लागि बगैंचा बनाउनु र मन्दिरलाई सामाजिक रूप दिन चारैतिर विस्तृत धर्मशालासमेत थाप्नु र त्यसमा 'सदावर्त' को समेत बन्दोबस्त गर्नु । यसरी 'सांगोपांग' मन्दिर शाहकालमा मात्र बनेका देखिन्छन्—लिच्छवि, मध्य र मल्लकालमा यस्ता मन्दिर बनेको कुनै प्रमाण हामीले पाएका छैनौं । यसैले यो मन्दिरको धार्मिक र ऐतिहासिक दुवै महत्त्व रहेको कुरा स्पष्ट छ (चित्र संख्या—१४, १५) ।

---

[१] अभिलेखमा यस मूर्तिलाई 'भैरव' मात्र भनिएको छ ।

[२] अभिलेखमा लेखिएको यी १६ मन्दिरहरूको विवरण हामीले माथिनै उद्धृत गरिसकेका छौं ।

[३] मन्दिरमा यी मन्दिरहरूको स्थिति स्पष्ट पार्न पछाडि परिशिष्टमा यौटा योजना (Plan) को खाका चित्र प्रस्तुत गरेका छौं ।

यो मन्दिर सम्पूर्ण रूपले 'तेलिया' चिल्लो रातो र कतैको बुट्टादार ईंटले बनेको छ। विशाल चौकोर (Square) जगती (Plinth) मा यो मन्दिर बनेको छ। जगती चार पेटीमा विभाजित छ र तल्लोभन्द माथिल्लो सानो सानो हुँदै गएको छ अनि सबभन्दा माथि मन्दिरको गर्भगृह (Sanctum) बनेको छ। मन्दिरको बाहिरी भित्ता र मूल देवताको कोठाको बीचमा केही फराकिलै 'प्रदक्षिणापथ' (Path of circumambulation) बनेको छ। यो गर्भगृह रहेको मन्दिरको पहिलो तलामा भित्री र बाहिर गरी जम्मा ८ ढोका छन्। मूल पूजा कोठाकै चारतिर चार ओटा अनि बाहिरी भित्तामा चारै दिशामा ४ गरी बनेका यी आठ ढोकामा प्रयुक्त भएको काष्ठकला नै यस मन्दिरको मुख्य कलात्मक ढुकुटी हो भने हुन्छ। आर्को कुरा के भने बाहिरी ढोका पनि झण्डै झण्डै यस गर्भगृहको लमाइ र चौडाइ जतिनै ढाकी मुख्य एक एक ओटा र त्यसका दायाँ-बायाँ १–१ गरी हरेक दिशामा ३–३ ओटा ढोका बनेका छन्। यसरी यस मन्दिरको पहिलो खण्ड (तला) मा १६ ढोका बनेका छन् र मन्दिरलाई आवश्यक उज्यालोको यथोचित व्यवस्था गरिएको देखिन्छ। भित्री चार ढोकामा त खालि चौकोसमा काष्ठकला देखिन्छ तर बाहिरपट्टिका १२ ढोका, तिनका २४ खापा विस्तृत चौकोसहरूमा काष्ठकलाका विविध भव्य रूपको दर्शन पाइन्छ। यहाँ विभिन्न रूप र आकारमा मानिस देवी-देवता, शिवलिङ्ग, नेपाली झण्डा लिएका सिपाहीहरू, फूलपातीका प्रशस्त चित्र र आइमाईका नाचिरहेका मूर्तिहरू बनेका छन्। खप्परको मालैका लहर-लहर यहाँ धेरै ठाउँमा बनेका छन्। देवताहरूमध्ये अनेक नाचिरहेका पनि छन्। अर्थात् यहाँ सृष्टिका स्थावर जंगम (पशुपक्षी, फूलपाती, लोग्नेमानिस, स्वास्नीमानिस) जति बाहेक देवीदेवता, गण आदिको अंकन गरी भगवान् त्रिपुरेश्वर (शिव) को महत्त्वको विस्तृत कलात्मक व्याख्या प्रस्तुत गरिएको छ। यहाँ आर्को महत्त्वपूर्ण कुरा के छ भने यहीं चारै दिशामा बौद्ध चैत्यको चित्र पनि बनाइएको छ। मूलतः यो ईंट र काठको मन्दिर भए पनि यहाँ ढुंगाको प्रयोग पनि विविध रूपमा भएको छ। गर्भगृहको बाहिरी पेटीमा ढुंगाका बनेका पखेटावाल राम्रा सिंहका अग्रभाग ४ दिशामा ४–४ गरी (जम्मा १६) बनाई राखिएका छन्।

यस मन्दिरको गर्भगृह (पहिलो खण्ड) माथि ती तला क्रमशः सानो हुँदै गएका छन् र तीन पगोडा शैलीका घोप्टे छाना बनेका छन्।

माथिल्ला र छानामा तामाको पाताले मोरी सुनको जलप लगाई चम्काइएको छ र तल्लोचाहिं झिगटीकै बनेको छ । यसरी छानामा मन्दिरको घामपानीबाट सुरक्षाको साथसाथ विविधता पनि देखिनु महत्त्वको कुरा हो । माझको छानामा धातुले मोरेको भन्ने घटनाको लिखित प्रमाणको चर्चा माथिनै गरियो तर सबभन्दा माथिल्लो छानामा धातुका पाता कहिले लगाइयो भन्ने कुरा जान्न सकिएको छैन तर ती दुवै छानाका चारैतिरका धातुकै झल्लरीमा ठूलठूला अक्षरमा अभिलेख लेखिएको छ—त्यो पढ्न पाए यस प्रश्नको जवाफ पाउन सकिने कुरा स्पष्ट छ ।

गर्भगृहमाथिका तलामा पनि काष्ठकलाको प्रयोग गर्ने ठाउँ तिनका झ्यालमा रहेको छ । दोस्रो तलामा बीचमा यौटा झ्याल र त्यसका दुईतिर दुईटा आँखीझ्याल हरेक दिशामा बनेका छन्—अर्थात् जम्मा १२ । यसमाथिका २ तलामा चारैतिर चार दिशामा साना १–१ झ्याल बनेका छन् ।

यस मन्दिरको काष्ठकलाको आर्को ढुकुटी यसका छानालाई अड्याउन प्रयोग गरिएका काठका टुंडालहरूमा रहेको छ । तलबाट पहिलो सबभन्दा ठूलो छाना अड्याउन हरेक दिशापट्टि ६–६ गरी जम्मा २४ र चार कुनामा १–१ गरी जम्मा २८ ओटा टुंडालको प्रयोग गरिएको छ । दोस्रो छानामा हरेक दिशामा ४–४ गरी १६ र चार कुनामा १–१ गरी जम्मा २० र तेस्रो छानामा हरेक दिशामा २–२ गरी ८ र चार कुनाका ४ गरी जम्मा १२ टुंडालहरू रहेका छन् । यसरी यो मुख्य मन्दिरमा जम्मा ६० ओटा काठका टुंडालहरू राखिएका छन् । यी टुंडालमा सबभन्दा माथि फूल-पाती, अनि ठूलठूला देवीदेवताका मूर्ति अनि सबभन्दा मुन्तिरका भागमा विविध मूर्ति-चित्र बनाइएका छन् जुनमा नेपाली मन्दिरका टुंडालमा प्रयोग गरिने कामकलालीन पुरुष-स्त्रीहरूका मूर्ति समाविष्ट छन् । यी सबै टुंडालमा यथास्थान रङ लगाई चित्रित गरी ज्यादै भव्य र आकर्षक बनाइएको छ । रङको प्रयोग माथिका काष्ठचित्रहरूमा गरिएको भएर ती अलि सुरक्षित अवस्थामा छन् । गर्भ गृहका ढोकामा बनेका काष्ठकलामा रङको प्रयोग नगर्नाले कलात्मक विविधता त अवश्य आएको छ तर ती पछिल्लाको सुरक्षा भने भएन र ती निकै जीर्ण अवस्थामा पुगेका छन् । माथिल्लो छानामाथि ४ ओटा अनि साना र यौटा ठूलो गरी ५ ओटा सुनका गजूर (कलश) र

सुनैको त्रिशूल पनि थापिएका छन् । यसरी यस भव्य मन्दिरको लागि उपयुक्त प्रभावशाली झल्झलाकार गजूर चढाई मन्दिरको गौरव पनि उत्तिकै रहन गएको छ । यी सबै छानाका किनार किनारमा साना साना धातुका जिब्रे घण्टा पनि लहरै राखिएका छन् । माथिल्ला २ धातुका छानामा चार कुनामा धातुले बनेका उड्न लागेका चरा पनि राखी मन्दिरको स्वरूपलाई प्राकृतिक स्वरूप पनि प्रदान गरिएको छ (चित्र संख्या–१६) ।

यो मन्दिरको योजना निक्कै प्रभावशाली पार्नमा मन्दिरको जगतीमा तलदेखि पहिलो र दोस्रो पेटीका बीचमा पारी थापिएका चार कुनाका चार पगोडा मन्दिरहरूको ठूलो हात रहेको देखिन्छ । गर्भगृह र त्यसमाथि २ तला झिंगटीका पगोडा छाना भएका यी चार कुनाका ४ मन्दिर आफ्नो सानै रूपमा प्रशंसनीय छन् । यिनमा पनि मन्दिरको सम्पूर्णता रहेको छ—गजूर, काष्ठकलासमेतका टुंडाल, अनि एकातिर मात्रै बनेका ढोका, माथि नै भनिसकिएको छ कि यी ४ मन्दिरमा देवी, भगवती, गणेश, सूर्य र विष्णुका मूर्ति थापिएका छन् । मन्दिरमा गर्भगृहमा पुग्न ढुंगाका १६ खुड्किला सीढी दक्षिणतर्फबाट माथि पुगेका छन् ।

काष्ठकलाको अरू प्रयोग यस मन्दिरको आँगनको चारैतिर बनेका धर्मशालाका झ्याल, ढोका र तिनका कार्निसमा भएको छ जसको रमणीयताको बयान गरिसाद्धै छैन ।

'मन्दिर' शैलीको विविध प्रयोगचाहिं यहाँ आँगनमा थापिएका १४ 'मन्दिर' हरूमा भएको देखिन्छ । यी 'मन्दिर'हरू विभिन्न आकारका छन् तर प्रकारमा भने तिनको समानता रहेको छ । ईंटले बनेको सानो गोल, चौकोर वेदिकामाथि आधा भागमा प्लाष्टरले छोपी छाना जस्तो बनेको र त्यसैमा भित्ता-देवताका मूर्ति थापिएका छन् अनि तिनको सामुन्नेपट्टिको भागमा ढुङ्गाको सानो फलेक ओछ्याइएको हुन्छ । यस्ता प्लाष्टरका छानामा पनि विविधता ल्याई तिनमा पनि केही कलातमकता जोडी यी एकमान्छे जति अग्ला 'मन्दिर' हरू बनेका छन् ।

१७–२१ जयेश्वर महादेव र अरू ४ मन्दिर

पाटन शंखमूल घाटमा अलि पूर्वतर्फ यौटा विचित्र शैलीको सानो मन्दिर रहेको छ । मन्दिरको कलात्मक बयान गर्नुअघि यसका निर्माताको

नाम र निर्माण काल आदि बुझिहालौं जो त्यहीं रहेको विस्तृत शिलालेखबाट ज्ञात हुन्छ । यो अभिलेख मन्दिरको दक्षिणतर्फ रहेको मन्दिरका निर्माताको ठूलो सालिक रहेको मोटो खम्बाका चारै पाटामा लेखी राखिएको छ ।

उक्त खम्बाको पश्चिम पाटामा शक संवत् १७५५ संवत् १८९२ माघ-शुदि ५ देखि हरेक आगामी वर्षदेखि श्रीनर्मदेश्वर, श्रीलक्ष्मीनारायणको प्रीति संकल्प गरी १५ रोपनी जग्गा राखिएको कुरा लेखिएको छ र साथै अरू विस्तृत विवरण पनि लेखिएको छ ।

खम्बाको दक्षिणपाटामा चाहिं 'लालमोहर तावापात्रको नकल्' भन्ने शीर्षक मुनि शक संवत् १६६७ सं. १८०२ माघ शुदि ११ देखि वर्ष वर्षभरि श्री बलेश्वर आदि **जम्मा ५ देवलामा** प्रीति संकल्प गरी ६५ रोपनी जग्गाको विर्ता गुठी संकल्प गरिएको कुरा विस्तृत रूपले लेखिएको छ ।

अनि खम्बाको उत्तर पाटामा पनि 'लालमोहर तावापत्रको नकल्' भन्ने शीर्षकमुन्तिर सं. १८७९ सालमा श्री ५ सर्कारवाट श्री जयेश्वर महादेव-का गुठ राषन निमित्य वक्स्याको षेत मुरि ७६ 'को चर्चा गरी' स्वस्ति श्री इश्वर प्रिति संकल्प गरि सदावर्त्त राष्दाको पेत संवत् १८७७ सालमा भादगाउँ रोपनी २ × (?) ·····इति संवत् १९००' लेखिएको छ ।

यस्तै खम्बाको पूर्वपाटामा पनि अभिलेख लेखिएको छ । यसमा चाहिं निर्माताको पारिवारिक परिचयहरू पनि दिइएको छ यसैले यो भागका केही हरप यहाँ उल्लेखनीय छन् । यस भागमा सिरानमा 'स्वस्ति श्रीमन्महागणपतिर्जयति' भन्ने मंगलाचरणपछि संस्कृतमा तल सारिएका कुरा लेखिएका छन्:–

हस्त्यश्ववस्वनि १८७९ संमितवैक्रमे
श्रीराजराजेन्द्रविक्रममहीपवरस्य राज्ये ।।
शीताद्रिसान्निहितउत्तरतीर्थराजे
नेपालमण्डलविराजितशङ्खमूले ।। १ ।।

थापाऽऽख्याताऽऽत्रेयगोत्रः श्रीमानमरसिंहकः ।।
युद्धवीरो मन्त्रिवरः शौर्यादिगुणभूषितः ।। २ ।।

आसीत्तद्धर्मपत्नी श्रीधर्मादेवीति विश्रुता ।।
यस्यां समभवत् पुत्राः शूरा धर्मपरायणाः ।। ३ ।।

तेषु ज्येष्ठो गुणैः श्रेष्ठ आसीत् श्रीमान् रणध्वजः ।।
धर्मार्थकाममोक्षेषु परिनिष्ठितमानसः ।। ४ ।।

रुक्मिण्यां धर्मपत्न्यां यः सुतं श्रीरिपुमर्दनम् ।।
वदल्सिंहं मातवरं जनयामास च क्रमात् ।। ५ ।।

शिवप्रीत्यै धर्मशालां निर्मायाथ यथाविधि ।।
कृत्वा शिवस्थापनं च तत्समीपेऽश्मनास्तथा (?) ।। ६ ।।
विधाय शिल्पिभिर्मर्तिं लोक शालिसंज्ञिताम् ।।
स्तम्भे संस्थापयामास शिवसायुज्यसिद्धये ।। ७ ।।
अनेन कर्मणा साम्वः सुप्रीतोस्तु सदाशिवः ।।

यस भागको मुन्तिर सं. १८८० मा किनिएका खेत र तिनका अरू विवरण लेखिएका छन् ।

उद्धृत विवरणबाट ई. १८२० देखि ई. १८४५ (सं. १८७७ देखि सं १९०२) सम्मको २५ वर्षको अवधिभित्र गरिएका विभिन्न धार्मिक कार्यका लेखाजोखाको केही रूपरेखाको झझल्को पाइन्छ । सवभन्दा पहिले त हामी त्यस्ता महादानी धर्मात्मा व्यक्तिको परिचय पाऔं जसले मनफुकाएर यत्रो धार्मिक कार्य गरी आफूलाई इतिहासमा अमर पारेको थियो ।

खम्बाको पूर्वपाटामा लेखिएको लेख भनी माथि हामीले ७ संस्कृत श्लोक जति उद्धृत गरेका छौं त्यसैमा दाताको परिचय लेखिएको छ । त्यस अनुसार आत्रेय गोत्रका अमरसिंह थापाका धर्मादेवीपट्टिका जेठा छोरा रणध्वजको नाम आउँछ । यहाँ रणध्वजका रुक्मिणी नाउँ गरेकी पत्नीपट्टिबाट जन्मेका जेठा रिपुमर्दन, माहिला बदल्सिंह र कान्छा मातवरका नाउँ पनि लेखिएका छन् । यसरी यो परिवार किल्ला-काँगडाका वीर सेनापति वूढा अमरसिंह थापाका जेठा छोरा रणध्वज र उनका तीन छोराले यहाँ विस्तृत धार्मिक आयोजन गरेको बुझिन्छ । साथै उक्त उद्धृत भागमा सातौं श्लोकमा रणध्वजको सालिक थापेको बयान पनि गरिएको छ ।

सालिक रहेको खम्वाका चारै पाटामा लेखिएका माथि उद्धृत सारांशबाट रणध्वज थापाले—१. नर्मदेश्वर २. लक्ष्मीनारायण ३. वलेश्वर ४. जयेश्वर र ५. (रिपुमर्दनेश्वर) (माथि दक्षिणपाटाको अभिलेखको उद्धृत अंशमा 'जम्मा ५ देवलमा' भनिएको छ)—५ मन्दिर वनाएको र

तिनको पूजाआजाको राम्रो बन्दोबस्तको लागि ९५ रोपनी (मात्रै) जग्गाको गुठी राखिदिएको देखिन्छ । स्थानीय मानिसहरूले पनि जयेश्वर महादेवको दक्षिणतर्फ आँगनमा ढुंगाको खम्बामाथि रहेको रणध्वजको सालिक देखाई यिनले यहाँ ५ ओटा मन्दिर थापेका थिए भन्ने गरेका छन् । हुन पनि जयेश्वरनजीकै अरू सानातिना मन्दिर पनि जीर्णशीर्ण अवस्थामा रहेका छन् तिनैमध्ये ४ ओटा रणध्वजका अरू कृति हुन सक्दछन् । तर निश्चित रूपले थाहापाइएको जयेश्वर मन्दिरको मात्र यहाँ सामान्य परिचय प्रस्तुत गरिन्छ ।

यो मन्दिर ईंट र ढुंगाले बनेको अग्लो पेट्टीमाथि एकतले बनेको छ । छाना यौटै छ पगोडा शैलीको जसमा झिगटीले छाइएको छ । यसको छाना अडचाउन प्रयोग गरिएको चारैतिरका जम्मा २० टुंडालमा देवी-देवताका मूर्ति र कतै कतै कामकला सम्बन्धी चित्र पनि बनेका छन् । मन्दिरभित्र शिवलिंग थापिएको छ । मन्दिरबाहिर दक्षिणपूर्व कुनामा छत्रचण्डेश्वरको राम्रो मूर्ति पनि थापिएको छ ।

काष्ठकलाका राम्रा उदाहरण त हामी मन्दिरका २० टुंडालमा देखदछौं भनी माथि चर्चिसकेका छौं । मन्दिरको दक्षिणतर्फ रहेको सत्तलमा पनि काष्ठकलाको सुरुचिपूर्ण प्रयोग भएको देखिन्छ । यहाँ सत्तलमा रहेको शिलालेख अनुसार ई. १८२१ (शक संवत् १७४३) मा रणध्वजले यो सत्तल बनाएको देखिन्छ । यसै सत्तलको बाहिरी भित्तामा सानो र राम्रो ढुंगाको विष्णुको मत्स्यावतार मूर्ति पनि थापिएको छ ।

२२. भीमभक्तेश्वर महादेव

कान्तिपुरमा धरहरादेखि अलिकति दक्षिणतर्फ अलिकति खुला टाउँमा दुईटा 'राजपूत' वा 'दरवारिया' शैलीका दुई मन्दिर सँगै रहेका छन् तिनमध्ये दक्षिणतर्फको मन्दिरको नाउँ भीमभक्तेश्वर महादेव राखिएको देखिन्छ । हाल यो आफ्नो पूर्वरूपमै खडा छ भन्न सकिंदैन जस्तो लाग्दछ कतै के के भत्किएजस्तो र फुङ्ङ परेको स्थितिमा रहेको छ । राजपूत शैलीका अरू मन्दिरहरूमा झैं यसमा पनि त्यस्तै रूप देखिन्छ तर यो अझ सादा र सानै योजनाको बनेको देखिन्छ । यसको खास विशेषताचाहिं अग्लो पेटी बनाएको हुनुमा देखिन्छ ।

यो मन्दिरको परिचय दिने शिलालेख सुन्धाराको दक्षिणतर्फ धर्मशालामा रहेको छ । प्रधानमन्त्री र जर्नेल भीमसेन थापाले लेखाएको शिलालेखमा तिनले ई. १८२२ (संवत् १८७९, शक सवत् १७४४) भीमभक्तेश्वर महादेवको मन्दिर विधि-विधान पुऱ्याई थापेको कुरा पाइन्छ । उक्त शिलालेखको संस्कृत भागमा मन्दिर थापेको बयान गरिए दुई श्लोकमध्ये पछिल्लोचाहिं यहाँ तल उद्धृत गरिन्छ:—

> दिव्यं मन्दिरमाकलय्य दिधिवच्छ्री भीमभक्तेश्वरं
> संस्थाप्याभरणैः समं सकुसुमा वाटी सरःशोभिता ।।
> द्वौ ग्रामावथ साधिकानि च नव क्षेत्राणि संतुष्टये
> शंभोस्तस्य समर्पितानि च यथालेख विधातुं क्रियाम् ।।[1]

उक्त श्लोकबाट भीमसेन थापाले भीमभक्तेश्वरको यो मन्दि बनाई देवताका गर-गहना बनाई चढाई त्यसलाई बगैंचा र तलाउसमेत चढा त्यसको पूजाआजाको बन्दोबस्तको लागि २ गाउँ र थुप्रै जग्गा (९।३२) समेत गुठी राखिदिएको कुरा थाहापाइन्छ । उक्त शिलालेखको नेपाली भागमा 'जोगी सन्यासि फकिरलाई नित्य सदावर्त' र 'पूजा गुठियार जम्मा २५ मुख गुठियार १ लेषन्या १ सदावर्त्तका टहलुवा २ देवताका टहलुवा २ पूजाहारि ब्राह्मण १ देवताका टहलुआ ब्राह्मण १ देवताका नित्य भोग पकाउन्या ब्राह्म १ भजन्या ७ बाजा बजाउन्या कुसल्या ७ वढान्यां कुसल्या १ मोहिनायेक १ गुठिराष्याका जम्मा षेत ९।३२' लेखिएको छ । उक्त विवरणबाट २५ जना सेवकका फौजले सेविएको यो निकै धनी मन्दिरमा उहिले बाजागाजासाथ विधिवत् पूजा आजा गरिन्थ्यो र त्यसमा नित्य दिनदिनै सदावर्तसमेत बाँडिन्थ्यो भन्ने महत्त्वपूर्ण कुरा थाहापाइन्छ ।

२३. रणभुवनेश्वर

महाराजाधिराज रणबहादुर शाहका महारानी सुवर्णप्रभा तर्फका छोरा रणोद्यत शाहले पश्चिम १ नम्बर नुवाकोटमा देवीघाटको पारिपट्टि 'रणभुवनेश्वर' नाम गरी यौटा शिवमन्दिर थापेको देखिन्छ । यो मन्दिरमा उनले ई. १८२५ (शक संवत् १७४७, संवत् १८८२) मा आफ्नी पत्नी भुवनकुमारी समेत भै यौटा घण्टा चढाएका थिए ।[2] मन्दिर बनाएको अह

---

[1] संस्कृत सन्देश, ५. पृ. १४,

[2] त्यस घण्टामा लेखिएको लेख–प्राचीन नेपाल, १३ पृ. ३९–४० अनुसार।

विवरण नपाईंदा घण्टा चढाइएकै उक्त मितिलाई मन्दिर–निर्माणको मिति ठह्र्‍याउनुपर्ने देखिएको छ । यो मन्दिर ठूलो सानो के छ र कुन शैलीमा बनेको छ भन्ने विवरण प्रस्तुत गर्न सकिएको छैन ।

स्वामी महाराज रणबहादुर शाहकी कान्छी महारानी ललितत्रिपुरसुन्दरीले रीडीमा 'सत्येश्वर महादेव' को मन्दिर बनाउन लगाएकी थिइन् भन्ने एक जना इतिहासकारले लेखेका छन् ।[1] उक्त स्थलमै गई खोजीनीती हाल गर्न नसकिएको हुँदा यो भनाईको सत्यासत्यको छयान गर्न सकिएन ।

२४. देवी मन्दिर

भीमसेन थापा शक्तिमा छँदै उनका भतिजा माथवरसिंह थापाले ई. १८३७ (सं. १८९४) मा काठमाडौंमा धरहरापछाडि भगवतीको यौटा सानो मन्दिर बनाएका थिए । यो मन्दिर सम्बन्धी यौटा शिलालेख पनि रहेको छ जसद्वारा उक्त मन्दिरको निर्माण सम्बन्धी विवरण थाहापाउन सकिन्छ । यो शिलालेख चाहिं मन्दिर थापिएको ७ वर्षपछि ई. १८४३ (सं. १९०१) मा गुठी राखी थापिएको हो ।

यो शिलालेखको विवरणअनुसार माथवरसिंह थापाले १८३७ मा गनबाहाल पंचपोखरीमा भगवतीको मन्दिर थापेका थिए ।[2] त्यसको ७ वर्षपछि इ. १८४३ मा आफू नेपालमा प्रधानमन्त्री बनेपछि त्यसमा सुनको

---

[1] ढुण्डिराज भण्डारी, नेपालको ऐतिहासिक विवेचना, पृ. २३६. उहाँ इतिहासकारले ललितत्रिपुरसुन्दरीका धार्मिक कार्य इतिहासप्रकाश १ पृ. ६१ मा वर्णित छ भनी लेखनुभएकोमा उक्त पुस्तकको तोकिएको पृष्ठमा त्यस्तो शीर्षक वा विषयवस्तु सम्बन्धी कुनै कुरा भेटिंदैन ।

[2] क··मातवर्सिहनामा । तेन १८९४ शाकके आषाडे मासि सिते दले भगवती संस्थापिता मुनितिथौ ।। पूर्णिमा, २२ २०२६ पृ. १३३ हरद ३–४ ।

ख. स्वस्ति श्रीशालिवाहनशाके १७५९ श्रीविक्रमादित्यसम्वत् १८९४ साल आषाडका दिन २१ जादा आषाड शुक्ल सप्तमी ७ सोमवारका दिन सहर कांतिपूर गनवाहाल् स्वस्थान पंचपोषरिमा श्रीप्राईम्-मिनिष्टर यान्ऐण्ड कम्यांडर ईन चिफ् जेनरल मातवर्सिह थापा कलाबहादुरबाट अघि ९४ सालमा स्थापना गरिरह्याका श्रीभगवतीलाई······ऐजन, पृ. १३३–३५ हरप ११–१५ ।

कलश[1] र 'आभूषण सम्पूर्ण बनाई'[2] श्री ५ राजेन्द्रवीरविक्रम शाहदेवबाट देउदेउतालाई गुठी चढाउन भनी पाएका १० खेत जग्गा (२५० रोपनी) मध्ये ३ खेत (७५ रोपनी) जग्गा देवीको यस मन्दिरलाई 'गुठि संकल गरी' उनले चढाएका थिए ।[3]

हाल यो मन्दिरको जुन स्वरूप देखिन्छ त्यसलाई अत्यन्तै साधार हुनाको कारणलेनै गर्दा यथोचित ऐतिहासिक महत्त्व दिनुपर्ने देखिन्छ । सबभन्दा पहिले हामी यसको विवरण प्रस्तुत गर्दछौं अनि यसको शैलीगत तुलनात्मक अध्ययन ।

काठमाण्डूमा धरहराको पश्चिमतर्फ नजीकै सानो गल्लीभित्र केही फराकिलै चौरको बीचमा यो मन्दिर बनेको छ । पश्चिमाभिमुख यो मन्दिर एक हात जति अग्लो यौटा आठकुने (Octagonal) पेटीमाथि एक तलाको आठै कुने ईंटको बनेको छ । अघि त यसमा प्लाष्टर लगाई सेताम्मे पारिएको देखिन्छ जसका केही अवशेष यसको मुख्य ढोकापट्टिको पाखामा मात्र देखिन्छ जहाँ दुईतिर विदेशी (ग्रीक) खालका दुईटा डोला खाँबा प्लाष्टरमै बनेका छन् । हाल उक्त प्लाष्टरको सट्टा पेटीमा र मन्दिरको अलि मुन्तिरका भागमा सिमन्टी लगाई थामपुर गरिएको देखिन्छ ।

यसका आठ पाखामध्ये ४ मा त ढोका बनेका छन् अत्यन्त सादा अर्थात् चौकोसहरू र खापाहरू सादा काठ र काठका फलेक मात्र छन् यद्यपि मुख्य ढोकामा चाहिं आँखी-आँखी परेको खापाको प्रयोग गरिएको छ । बाँकी अरू ४ पाखामा चाहिं ढोकाका बाहिरी आकृति मात्र (अर्थात् False doors) बनेका छन् ।

---

१. भूयस्तच्छक ऐकखग्रहधारा १९०१ व्दैः संतिते कार्तिके शौक्ले दौर्गतिथि ९ विचित्रकलशं चाराप्य सकाश्चनम् । अभिलेखका हरप ७–८–९ ।

२. सालिवाहन श्रीशाके १७६६ श्रीविक्रमादित्यसम्वत् १९०१ साल मिति मार्ग वदि ९ रोज ४ का दिन आभूष सम्पूर्ण बनाई । अभिलेखका १५–१६–१७ हरप ।

३. ··· नित्य नैमित्यक् पर्वपर्वका पूजानिमित्त्य श्री ५ सर्कारवाट सम्वत् १९०१ साल मिति मार्ग वदी ९ रोज ४ का दिन मलाई बक्स्याका षेत १० श्रीदेवदेवतालाई संकल्प गरी गुठि चन्हा भनि वक्स्याका षेतमध्ये षेत ३ गुठि संकल्प गरी चन्हाञ्यु ।

मन्दिरको मुख्य (अर्थात् पश्चिमतर्फको) ढोकापट्टिको पाखामा माथि बताइसकिएझैं प्लाष्टरको प्रयोग गरिएको छ र यत्तिलेनै पनि मन्दिरलाई केही कलात्मकता दिन खोजिएको छ। यहाँ ढोकामास्तिर प्लाष्टरकै तोरण जस्तो बनाई त्यसमा केही बेलबुट्टा हाली अलि मुन्तिर प्लाष्टरमै 'श्री भगवतिसरन' लेखिएको छ। ढोकाको सामु दाहिने र देब्रे गरी ढुंगाका चिल्ला दुईटा सानासाना सिह पनि थापिएका छन्। मन्दिरभित्र पूजाकोठा (Sanctum) बनाई त्यसैमा देवीको ढुंगाको मूर्ति थापिएको छ। यस पूजाकोठाको वाहिरपट्टि चाहिं भित्री प्रदक्षिणापथ वनाइएको छ।

पेटी र मन्दिरझैं यस मन्दिरको छाना पनि आठपाखे छ—पगोडा शैलीमा, माथि बीचमा चुच्चो परी आठ पाखा अलि मोटिँदै तल्तिर मुन्टिएका। अनि यहाँ टायलको प्रयोग गरिएको छ। छानाको माथि टुप्पामा प्लाष्टरको केही बेलबुट्टाले अलंकृत आठ कुने प्लाष्टरकै थ्याप्चे ठचौको मात्र वनाई त्यसमाथि माथिनै चर्चिसकिएको यस मन्दिरको निर्माण सम्बन्धी शिलालेखमा वताइएको सुनको कलश पछि चढाएको देखिन्छ। हाल त्यो सुनको कलश बेपत्ता भई त्यसको आधार ठचौकोचाहिं खाली रहेको देखिन्छ।

यहाँ यस मन्दिरको वास्तुशैलीबारे अलिकति चर्चा गरिहेरौं। यो मन्दिर ज्यादै सादा र सानो भएर पनि केही रूपमा महत्त्वपूर्ण देखिन आएको छ। पछि आफू प्रधानमन्त्री भएपछि ई. १८४३ मा टेकुनेर भीममुक्तेश्वर बनाउँदा त्यसैनेर घाटमा र वारीमा जुन साना मन्दिर बनेका छन्[1] ती यसै मन्दिरकै अनुकृति देखिन्छन्। यसरी एकै मौलिक किसिमको यो शैलीको ३ उदाहरण पाइनुमा तिनका निर्माता एकै हुनु भए पनि तिनको शैलीको लाघव र कुनै न कुनै रूपमा रहेको रमणीयता पनि मुख्य कारण देखिन आउँछ। यस शैलीमा अरू कसैले मन्दिर बनाएको देखिएको छैन।

अब यो देवीको मन्दिरको सामुन्नेतर्फ रहेको सत्तलबारे विचार गरौं। मन्दिर स्वयं त्यति सानो भए पनि यो सत्तल विशाल बनेको छ र ३ तलाको छ। तल्लो तलाको सामुन्नेपट्टि पूर्वपट्टिको भागमा काठका ६ खाँबा राखी निकै लाम्चो दलान बनाइएको छ जसको भित्री भित्तामा माथि

---

१. तल यथास्थानमा तिनको वर्णन प्रस्तुत गरिएको छ।

चर्चिसकिएको शिलालेख टाँसिएको छ । यो सत्तल नेपाली शैलीको गृहस्थी घर जस्तै छ र झिंगटीले छाना बनाइएको छ । तलाहरूमा काठका केही झ्याल र आँखीझ्यालहरू बनेका छन् । तेस्रो तलाको पूर्वपट्टिको पाखामा सामुन्नेको घोप्टे छाना अडयाउन प्रयोग गरिएका टुंडालमा मात्र काष्ठकलाको प्रयोग गरिएको छ जसमा देवीदेवता र छेगाराहरूका लाम्चा मूर्ति बनेका छन् । विशिष्ट कलात्मकताको नाउँमा यस मन्दिरसँग सम्बन्धित यो सत्तलको देन यत्ति हो ।

२५. भीममुक्तेश्वर

ई. १८०६ देखि ई. १८३७ सम्म प्रधानमन्त्री र जर्नेल भएर नेपाल राज्यको हालिमुहाली चलाउने भीमसेन थापाको इतिहाससँग यस मन्दिरको सम्बन्ध छ । ई. १८३८ मा आफ्ना विरोधीहरूको भयानक षड्यन्त्रमा परी भीमसेन थापाले आत्मघात गरी मर्नुपरेको थियो। तर, यसको बदला लिने मानिस-भीमसेन थापाकै भाइ नयनसिंह थापाका छोरा माथवरसिंह थापा त्यतिखेर भारतमा थिए । भीमसेन थापाको पतनपछि नेपालमा आइलागेको राजनीतिक अस्थिरताको परिस्थितिमा महाराजाधिराज राजेन्द्रविक्रम शाहको स्वीकृतिबाट उनकी कान्छी महारानीको बोलावट भई माथवरसिंह थापा नेपाल पसे र ई. १८४३ मा प्रधानमन्त्री भए र आफ्ना जेठा काकामाथि लागेको 'विखमुद्दा' का आरोपको फेरि पुर्पच्छे गराई सफाई पाई आफ्ना विरोधीहरूलाई सखाप पारी 'बाप बैरी' साधे । यसै वेलामा अपहत्त गरी मरेका आफ्ना जेठा काका भीमसेन थापाको मुक्तिको लागि भनी 'भीममुक्तेश्वर' शिवमन्दिर माथवरसिंहले बनाएका थिए ।[1]

भीममुक्तेश्वरको मन्दिर काठमाडौंमा त्रिपुरेश्वर र टेकुको बीचमा विष्णुमतीको पश्चिमी किनारामा त्रिपुरेश्वरबाट टेकु जाने मूल सडकको दक्षिणतर्फ खेतको बीच जस्तोमा रहेको छ । यस मन्दिरमा दुईटा अभिलेख पनि रहेकाले यसबारे निश्चित कुरा जान्न हामीलाई निश्चित प्रमाण प्राप्त

---

१. थापा वंशावलिमा पनि माथवरसिंह थापाको बयान गर्दा 'आफ्ना जेठा बाबालाई श्रीटंकेश्वर मनि विष्णुमति पारि राष्याका ठाउँमा पनि श्रीभीममुक्तेश्वर स्थापना गऱ्या' भनी लेखिएको छ—इतिहास प्रकाश, १ पृ. १२० ।

भएको छ । मन्दिर थापेकै बेलामा चढाइएको मन्दिरको दक्षिणपट्टि बरण्डामा ढुंगाको चौकोसमा झुण्डिएको सानो घण्टामा लामो अभिलेख लेखिएको छ । यसमा संस्कृतमा अभिलेख लेखिएको छ तर अक्षर ज्यादै साना हुनाले र ठाउँठाउँमा फुटेका पनि हुनाले राम्ररी पढ्न सकिंदैन तर त्यसमा ई. १८४३ (शक संवत् १७६५, संवत् १९००) मा माथबरसिंह थापाले जेठा काका भीमसेन थापा र आफ्ना बाबु नैनसिंह थापाको नाउँमा यो मन्दिर बनाएको कुरा लेखिएको बुझिन्छ ।

यस मन्दिरको पश्चिमपट्टि रहेको सत्तलको पूर्वपट्टिको भित्तामा पूर्वाभिमुख पारी ३ हात जति अग्लो र २ हात जति चौडा शिलापत्र टाँसिराखिएको छ । कलाको दृष्टिले यो शिलापत्र अति राम्रो छ जसको बयान पछि गरिने छ । यो शिलापत्रमा सिरानमा 'श्रीभीममुक्तेश्वर महादेव'[1] अनि श्री ५ सरकार' लेखिई शुरुमा पाँच हरपसम्म सस्कृत श्लोकमा थापाहरूको बयान गरी पाँचौं हरपकै आधादेखि नेपालीमा लेखिएको लेखमा:—

> स्वस्ति श्री सालीवाहन शाके १७६५ श्रीविक्रमादित्य सम्वत् १९०० साल ज्येष्ठ सुदि १४ आदित्येवार श्रीप्राइममिनिष्टर यान् कम्याण्डर इनचीफ जनरल माथवरसिंह थापा कलाबहादुरले सहर कान्तिपुर विष्णुमति षृसि इटामा श्रीभीममुक्तेश्वर देव स्थापना गरि देवालय आभूषण सम्पूर्ण वनाइ देवताका नित्य नैमित्येक पर्व पर्वका पूजा जोगी सन्न्यासी फकिरके नित्य सदावर्तलाई गुठि औ पुजाहारि टहलुवा सदावर्तका गुठि औं पुजाहारि टहलुवा सदावर्तका भडान्या भडेल् गुठियार साजविहान् भजन गर्न्या वाजा बजाउन्या झाडु गर्न्या वगैचाको चिताइदार नाइक्या व्यैके षानगी षर्चको तजवीज गरि श्री ५ सरकारबाट तावापत्र गरिबक्स्याको तपसिल बमजिमका षेत … ।

लेखिएकोबाट दिधिविधानसाथ यो मन्दिर वनाई बन्दोवस्त गरिएको देखिन्छ । साथै यो अभिलेखमा मन्दिर वनाउने मूल उद्देश्यअनुसार

---

१. यहाँ 'श्रीभीम भक्तेश्वर महादेव' लेखिएको छ । वास्तवमा यहाँ 'श्रीभीममुक्तेश्वर' हुनुपर्ने देखिन्छ यसैले माथि यही रूप लेखिएको छ । यो अभिलेखको संस्कृत भागमा पनि 'श्रीभीमसेनमुक्तये' भनी लेखिएको छ ।

‘कम्याण्डर इनचीफ जनरल भीमसेन थापाको सराध्येमा पूजा’ गर्ने नियम पनि लेचिएको छ । यो अभिलेखकै विवरणअनुसार माथवरसिंहकी आमा रणकुमारीदेवीले ई. १८५३ (संवत् १९१०) मा लेखाउन लगाई राखेकी हुन् स्वयं माथवरले ह्वैन । अर्थात् यो अभिलेख माथवरको हत्या(ई १८४५) भैसकेपछि र जंगबहादुरको उदय भैसकेपछि राखिएको देखिन्छ ।

यो मन्दिर ‘राजपूत शैली’ मा बनेको छ र खास ठूलो पनि छैन सानो पनि छैन मझौला आकारको छ तर योजनामा यो अरू शाहकालीन ‘राजपूतशैली’ का मन्दिरभन्दा राम्रो बनेको छ । रातो तेलिया ईंट बाहिर देखिने गरी एक मान्छे जति अग्लो चौकोर जगतीमाथि यो मन्दिर बनेको छ । मन्दिर दक्षिणपट्टि फर्केको छ र यतैपट्टि जगतीकै अगाडिपट्टि अलिकति अरू पेटी बनाई पूर्व र पश्चिमतर्फबाट मन्दिरमा जान ११–११ ढुङ्गाका खुड्किला भएका ढुंगाका २ भऱ्याङनै राखिएको छ । २ भऱ्याङको बीचमा जगतीजत्तिकै अग्लो २ हात जति अरू बाहिर निस्केको ईंटको आँट जस्तो बनेको छ । जगतीको माथिल्लो भागमा चारैतिर किनारामा प्लाष्टरकै बुट्टेदार प्वाल-प्वाल परेको १।। हात जति अग्लो आँट बनाई यस भागलाई राम्रो पारिएको छ । यसरी बनेको वरण्डा जस्तोको माथि बीचमा मन्दिर बनेको छ—प्लाष्टरको । दक्षिणपट्टि मुख्य द्वार हुनाले यतापट्टि मन्दिरको ढोकाको सामुन्ने भऱ्याङ ओर्लने ठाउँनेर पूर्वतर्फ पश्चिमाभिमुख पारी बनेको प्लाष्टरकै सानो ‘मन्दिर’ मा कृत्तिमुख भैरवको ज्यादै राम्रो मूर्ति थापिएको छ । यसैको सामुन्नेपट्टि बीचको ओर्लने आर्को (पश्चिमतर्फको) भऱ्याङनेर ४ हात जति अग्लो मन्दिरमा पनि अघि कुनै मूर्ति थापिएको हुनुपर्दछ जो आज हराइसकेको देखिन्छ ।

वरण्डाको प्रयोग यस मन्दिरको नौलो विशेषता हो । वास्तवमा यसलाई खुला प्रदक्षिणापथ पनि मान्न सकिन्छ यस प्रदक्षिणापथमा चार कुनामा साना प्लाष्टरकै बनेका देवल पनि छन् । घण्टाकृति शिखर भएका यी ४ मन्दिरमा एकातिर मात्रै गोलो ढोका बनेका छन् । यिनमध्ये दक्षिण पूर्वको कुनामा सूर्य, दक्षिणपश्चिम कुनामा गणेश, उत्तरपश्चिम कुनामा देवी भगवती र उत्तर पूर्व कुनामा विष्णुका मूर्ति थापिएका छन् । कलात्मकतामा यी चारै मूर्तिको आफ्नै विशेषता छ जसको चर्चा पछि गरिने छ ।

यस मन्दिरको गर्भगृहमा चारैतिर ढुंगाको चौकोस भएको र खापाचाहिं काठको भएका ढोका बनेका छन् । यी ढोकामाथि ढुंगाको बनेको राम्रो र स्पष्ट तोरण रहेका छन् । ढुंगाको ढोकाका चौकोस–चौकोसका दुईतिरका मूलमा खोपाजस्तामा ढुंगाका सिंहका अग्रभाग चारैतिरका ढोकामा बनेका छन् । चौकोसमा दुईतिरका ढुंगाका खम्वामा मुन्तिर कलश, अनि बेलबुट्टा पनि भएको स्तम्भ अनि त्यसमाथि कमलशीर्ष बनेको छ । यी सप्पै राम्ररी चिप्लो र चिल्लो पारिएका छन् र तत्कालीन ‘लोहकला’ को सीप स्पष्ट देखाउँछन् । ढोकाका काठका खापामा मुन्तिर कलश अनि वाहनसहित उभिएका शिव एकातिर र अर्कोतिर विष्णुका ठूला मूर्ति बनेका छन् । यी खापा हाल निकै जीर्ण भएका छन् । खापाका सिरान भागमा फूल-पातीका चित्र बनेका छन् ।

चारै ढोकाका ढुंगाका चौकोसको अर्को भागमा दुईतिर मूलमा खोपा बनाई तिनमा २–२ ओटा गरी यस मन्दिरमा जम्मा ८ ओटा साना राम्रा ढुंगाका मूर्ति पनि थापिएका छन् । दक्षिणढोकामा दक्षिण-पूर्वको खोपामा दाह्री-जुङ्गा र जटा पालेको यौटा आकृति खुट्टा कैंची पारी घुंडामा पेटीले बाँधी घुडैनेर लट्ठी लिई बनेको राम्रो मूर्ति छ, दक्षिणपश्चिममा भैरव; पश्चिमी ढोकामा एकातिर वरुण(?)र युद्धको पोशाकमा भीमसेन; उत्तर ढोकामा दुईतिरमध्ये एकातिर राम्रो किरीट–मुकुट लगाएकी दुवै हात अभय मुद्रामा उभिएकी देवी र उस्तै देवी; अनि पूर्व ढोकामा एकातिर ४ हात भएका कुनै देव र ४ हात भएका उभिएका गणेशका राम्रा साना मूर्ति थापिएका छन् ।

यस मन्दिरको गर्भगृह र शिखरको स्वरूप निकै राम्रो छ प्लाष्टरले भित्ता छोपिएको चौकोर गर्भगृहमा चारैतिर चार ओटा ठूलठूलै ढोका बनेका छन् । मुख्य ढोकाका दुईतिर ग्रीक खालको चौडा खम्बा (Pilaster) प्लाष्टरमा बनेको छ अनि बन्द ढोका । यी बन्द ढोकाका दुईतिर ग्रीक खालकै गोल खम्बा बनेका छन्—सबै प्लाष्टरमै ।

गर्भगृहमाथि चार कुनामा गोलो शिखर भएका साना-साना मन्दिर फेरि बनेका छन्—हाल तिनको कलश चाहिं हराएको छ । यसैमा मूल गर्भगृहको सोझै माथि तलको भन्दा अलि सानो चौकोर तला बनेको छ । यसका चार दिशामा चारैतिर ढुंगाका आँखी झ्याल बनेका छन् जसमा दुईटा

अलंकृत ढुंगाको खाँवामाथि अर्धवर्तुलाकार प्लाष्टरको सानो छाना बने छ—जसले गर्दा मन्दिरलाई सौन्दर्य र प्रभाव प्राप्त भएको छ। सम्भवतः यसैमा राजस्थानी मन्दिर शैलीको केही प्रभाव देखिन्छ। यस तलाका चा कुनामा तलका तलामा प्रयोग गरिए जस्तै २–२ ओटा ग्रीक शैलीका खम्बा सामुन्नेका भाग देखिन्छन्—आँखीझ्यालका दुईतिर। कार्निस धेरै खण्ड निकै अलंकृत भई विभाजित भएको छ। अनि यो भन्दा माथिल्लो तला ४ कुनामा फूलदान जस्तो आकारमा प्लाष्टरका ‘मन्दिर’ वनेका छन् जुन साना-साना गजूर पनि रहेका छन् धातुका। यस तलामा तलको तलाको सो माथि अष्टकोणात्मक घाँटीमाथि अण्डाकार प्लाष्टरको शिखर अनि त्यसमा घंटाकृति सानो शिखर छ। यसमाथि पनि घण्टाकृतिनै गजूर रहेको जसलाई धातुकै छाता ओढाइएको छ। यसरी यस मन्दिरको स्वरू बनेको छ।

मन्दिरको माथि भनिसकिएको जगतीमै पश्चिमपट्टि जोडेर यौ वेदिका बनाई त्यसमाथि ढुंगाले बनेको निकै चिल्लो साँढेको मूर्ति थापिए छ। अनि यसको आँगनमा उत्तर पूर्व कुनामा सानो वेदिकामा चण्डेश्वर मझौला, राम्रो र चिल्लो मूर्ति थापिएको छ। अनि उत्तरतर्फ सानो वेदि माथि ढुंगाको खाँबो गाडी त्यसमा बाँधेर तामाले मोरेको त्रिशूल र बन्च राखिएका छन्। यसै वेदिकामा यौटा सानो र अति राम्रो देवीको मूर्ति रहेको छ।

भीममुक्तेश्वरसाथै बनेका शिव र विष्णु मन्दिर

मूल सडकबाट विष्णुमतीको किनार भई भीममुक्तेश्वरको मन्दिर तिर लाग्दा उक्त मन्दिरको बाहिरी ढोकैनेर घाटनेर यौटा विचित्रको मन्दि रहेको छ। यो ईंटले बनेको आठ पाटे (अष्टकोणात्मक) मन्दिर हो जस झिंगटीको पगोडा किसिमको छाना पनि गर्भगृह झैं आठपाटे नै छ। गर्भगृह आठ पाटामा हरेक पाटामा अंग्रेजीअक्षरको उल्टो यू (Ω) किसिमका मेहराबदार ढोका बनेका छन्। यसरी यो मन्दिर धेरैजसो खुला रूपमा बनेको देखिन्छ। अनि यस मन्दिरको बीचमा शेषशायी विष्णुको ढुंगाको मूर्ति (बुढानीलकण्ठ) थापिएको छ।

विचार गर्दा यो मन्दिर पनि भीममुक्तेश्वरकै साथमा माथवर सिंहले बनाएको हुनुपर्दछ भन्ने लाग्दछ। यसको कारणचाहिं भीमसेन थापाले

अपहत्त गरेपछि उनी 'घाट' मा कति दिनसम्म पडिरहेका थिए भन्ने भनाइ छ र त्यो घाट यही हुनुपर्दछ र यसै ठाउँमा उनको मृत्यु पनि भएकोले माथवरले यो ठाउँमा विष्णुको मूर्ति थापेको देखिन्छ ।

यही शैलीको अर्को मन्दिर भीममुक्तेश्वरकै दक्षिणी ढोकाभन्दा अलिकति पर बारीमा पनि रहेको छ जसमा शिवलिंग थापिएको छ । यी दुवै मन्दिरमा कलात्मक समानता देख्दा अघिल्लाको वारेमा अड्कल काटेझैं यस मन्दिर रहेको ठाउँमा भीमसेन थापाले कैदी जीवन बिताएको र सेरिएको हो भन्ने अन्दाजी गरिएको छ । कारण जे सुकै भए पनि नौला किसिमका यी दुई मन्दिरको वास्तुकलात्मक महत्त्व रहेको देखिन्छ । शाहकालमा बनेका मन्दिरहरूको निर्माण शैलीको विविधतामा यिनले अर्को उदाहरण थपिदिएका छन् ।

२७. रणमुक्तेश्वर

शाहकालमा बनेका महत्त्वपूर्ण मन्दिरहरूमा कान्तिपुर पोखल्डचाङ्गू (जुद्धसडकदेखि अलि दक्षिणपट्टि) मा रहेको रणमुक्तेश्वर मन्दिर पनि हो । यस मन्दिरमा कुनै किसिमको अभिलेख नपाइएको हुँदा यसको निर्माण कसवाट भएको हो भन्ने हामीलाई जान्ने कुनै निश्चित प्रमाण प्राप्त भएको छैन तर थापावंशावलिमा माथबर सिंह थापाले 'श्री ५ स्वामिप्रभु स्वर्ग हुनुभयाको पोपलडचाङमा पनि सिवलिंग स्थापना गर्‍या' भनी लेखिएको देख्दा[1] र मन्दिरको नामै पनि त्यस्तै रहेकोले यो मन्दिर माथवरसिंह थापाले नै वनाएको[2] बुझ्न सकिने कुरा स्पष्ट छ । यो कुरा मानेपछि हामीले यहाँ

---

[1] इतिहास प्रकाश, १. २०१२—काठमाण्डू पृ. १२०.

[2] देवमाला वंशावलिमा यस मन्दिरको छोटकरी टिप्पणी लेख्दा यो मन्दिर भीमसेन थापाले सं. १८८४ मा रणबहादुर शाहको नाममा बनाएको भन्ने कुरा यसरी टिपिएको छः—

श्री ५ महाराजधिराज रणबहादुरसाहा स्वर्ग हुनु भएपछि सोही रणवहादुर साह स्वर्गवास प्राप्ती हवस् भन्ना खातीर क. ईनचीफ जनरल भीमसेन थापाले विक्रम सम्वत् १८८४ सालमा चोघरा सतल र अनौठा देशी काईदाको सुन्दर देवालय वनाई प्रतिष्ठा कर्म पुर्ण गरी वाललिङ्ग स्थापना गरी रणमुक्तेश्वर भनी नाउ प्रख्यात गरी धेरै खेत गुठि राखी दिए वि. सं. १९९० साल माघ २ गते सोमवार औंसीका दिन ठूलो भुकम्प हुदा केही भएन ॥ — देवमाला वंशावलि, पृ. ७९.

आर्को कुराको पनि विचार गर्नुपर्छ कि यिनै माथबरले आपना जेठा बा भीमसेन थापाले अपहत्त गरी मरेको ठाउँमा 'भीममुक्तेश्वर' को मन्दि बनाएझैं महाराजाधिराज रणबहादुर शाहको हत्या भएको ठाउँमा रणमुक्तेश्वर मन्दिर बनाएको अन्दाजी सजिलैसँग गर्न सकिन्छ। त्यसै मन्दिर बनाएको मिति पनि भीममुक्तेश्वर बनाएकै वेलातिर मिल्न आउनु- पर्दछ। अर्थात् दरबारबाट बोलाहट गएकोले भारतबाट फर्की प्रधानमन्त्री भै थापा खलकको बिखमुद्दा उल्टाई पुर्पच्छे गराई सफाई पाएपछि संवत् १९०० र सं. १९०२ (ई. १८४३ र १८४५) को बीचमा यी दुवै मन्दिर बनेका देखिन्छन्। आफू प्रधानमन्त्री भएकै वर्ष ई. १८४३ मै भीममुक्तेश्वर मन्दिर माथबरले बनाएको देख्दा त्यसै वेलातिर रणमुक्तेश्वरको मन्दिर पनि बन्न गएको अन्दाजी गर्न सकिन्छ। तर पहिले कुनचाहिं बनेको होला भन्ने कुराको निधो गर्न सकिंदैन।

यहाँ विचार गर्नुपर्ने आर्को कुरा पनि छ, त्यो के त भने महाराजाधिराज रणबहादुर शाहको हत्याद्वारा स्वर्गवास ई. १८०६ मै भइसकेको थियो र उनको मुक्तिको लागि पुल र त्रिपुरेश्वर मन्दिर थापिसकिएका थिए तर उक्त घटनाको ३७ वर्ष जतिपछि उनैको मुक्तिको लागि भनी माथवरले अर्को मन्दिर बनाउनुमा के कारण हुन सक्दछ भन्ने यौटा प्रश्न राम्रैसंग उठ्न सक्दछ। माथवर भीमसेन थापाका एक जना भाइ नयनसिंह थापाका छोरा थिए। भीमसेन थापालाई मामुली पदवाट प्रधानमन्त्री (काजी) जस्तो पदमा पुऱ्याउने रणबहादुर शाहनै थिए। रणबहादुरको ई. १८०६ मा हत्याद्वारा स्वर्गवास र गीर्वाणको उमेर सानो हुँदा त्यस परिस्थितिवाट भीमसेन थापाले आफ्नो शक्ति प्रशस्त बढाउन पाएका थिए र उनले आफ्नो पिता काजी अमरसिंह थापा र आफ्ना सबै भाइहरूलाई महत्त्वपूर्ण-महत्त्वपूर्ण पदहरूमा नियुक्त गरी थापा खलकको खास उन्नति गराएका थिए। यस रूपमा थापा खलक रणबहादुर शाहप्रति निकै आभार मान्ने स्थितिमा थियो भन्ने देखिन्छ। रणवहादुर शाहको स्वर्गवासको वेला (ई. १८०६) मा स्वयं माथबर सिंह थापा जन्मेका भए पनि ज्यादै सानो उमेरका रहेका हुन सक्दछन्। तैपनि आफ्नो कुललाई अगाडि ल्याइदिने व्यक्तिका रूपमा माथबरले रणबहादुर शाहलाई निकै मानेको देखिन्छ। एकै वर्ष जन्मेका रणबहादुर र भीमसेन थापा दुवैको अकालमै मृत्यु भएको र अरू उक्त

कारणहरू पनि थपिंदा आफू प्रधानमन्त्री भएपछि माथबरले राजनीतिक महत्त्वको दृष्टिले पनि यो मन्दिर थापेको देखिन आउँछ ।

यी मन्दिरको योजना र शैली 'राजपूत' खालको छ । ईंटले बनेको जगती तीन पेटीमा बाँडिएको छ र चौकोर छ । जगतीको तेस्रो पेटीमाथि चौकोर गर्भगृह बनेको छ । यसमाथि यस्तै तर अलिक सानो आर्को तला बनाई यसमाथि गोल गुम्वज अनि घण्टाको आकारको शिखर छ र यसमाथि सुनौलो कलश र गजूर थापिएको छ । यहाँ कलशका चारैतिर धातुले बनेका फणा उजाएका चार नाग पनि राखिएका छन् र साथै यहाँ त्रिशूल पनि देखिन्छ । कलशमाथि फेरि धातुले बनेको खण्ड-खण्ड परेको 'झल्लरी' छातासमेत चढाइएको देखिन्छ ।

यस मन्दिरको गर्भगृहको चार दिशामा चार ढोका बनेका छन् । यहाँ हरेक ढोकामा ढुंगाले बनेका तोरण लागेका छन् तर ढोका भने काठैले बनेका छन् । यी ढोकाका दुईतिर ग्रीक खालका चौपाटे खम्वाका अग्रभाग बनेका छन् । र हरेक दिशापट्टि २–२ ओटा बन्द ढोका (False door) पनि बनेका छन् । गर्भगृहमाथिको तलामा दोस्रो तलाको खण्डका चार कुनामा चौकोर खालका १–१ तले साना-साना १–१ मन्दिर बनेका छन् जुनमा पनि सानो गुम्वज र कलशको समेत प्रयोग गरिएको छ । यिनमा पाटामा खोपा बनेका छन् । (चित्र १७)

यो दोस्रो तलाको खण्डको चारै दिशामा बीच-बीचमा आँखीझ्याल बनाई त्यसका दुईतिर अलिकति सामुन्नेपट्टि दाहिने-देब्रे गरी दुईटा ढुंगाका खम्बा खडा भई माथि सानो उपशिखरको अग्रभागलाई टेवा दिइएको छ । यसमा पनि चारैतिर सुनौला कलश थापिएका छन् । यो खण्डको माथि बीचमा त अष्टकोणात्मक घाँटी भएको अर्धगोलाकार गुम्वज बनेको छ । यसमा घाँटी भागमा प्लाष्टरमै रेखांकन र केही बेलबुट्टा चारैतिर बनेको छ । यो दोस्रो खण्डमा सिरानमा चार कुनामा प्लाष्टरले बनेका ४ डोला साना मन्दिर फेरि बनेका छन् र तिनमा पनि सान्साना सुनौला कलश थपिएका देखिन्छन् । यसरी यो मन्दिरको स्वरूप बनेको छ । गर्भगृहमा भित्र 'वाणलिंग' थापिएको छ आपनो शैलीमा यो मन्दिर निकै सुरुचिपूर्ण देखिन्छ ।

यस मन्दिरको अलि कोप्चे परेको सानै चोकमा तत्कालीन प्रस्तर मूर्तिकलाका निकै उदाहरण रहेका छन् । आँगनमा पश्चिमतर्फ केही अग्लो वेदिकामाथि ढुंगाको ठूलै साँढेको मूर्ति थापिएको छ मन्दिरपट्टि फर्काएर। उत्तरपट्टि चाहिं सानो वेदिकामाथि गाडिएको ढुङ्गाको खाँबोमा ठूलो डमरुसहित फलामको त्रिशूल बाँधी राखिएको छ ।

यहाँ आँगनभरि प्लाष्टरकै बनेका आधा खुला मन्दिर बनाई तिनमा त्रिपुरेश्वरको मन्दिरमा झैं विभिन्न देवताका ढुङ्गाका राम्रा १४ मूर्तिहरू थापिएका छन् । सीपमा यी १४ मूर्तिहरूमध्ये धेरैजसोमा त्रिपुरेश्वर मन्दिरको आँगनमा थापिएका मूर्तिसँग मिल्दा-जुल्दा देखिन्छन् । यी मूर्तिहरूको कलात्मक बयान पछि यथास्थानमा गरिने छ ।

यस मन्दिरको आँगनका चारैतिर सत्तल पनि बनेका छन् र तिनमा काष्ठकलाको राम्रो प्रयोग पनि गरिएको छ तर हाल पश्चिमतर्फको सत्तलचाहिं पूरै भत्की उदाङ्गो परेको छ ।

२८. साम्राज्येश्वर

शाहकालमा जसरी अन्ताराष्ट्रिय सम्बन्ध बढ्दै गयो त्यसरी नै नेपाली कला र वास्तुकलाको विदेश यात्रा पनि शुरु भएको देखिन्छ । अघि अघि नेपाली कला र वास्तुकलाको तारीफ विदेशमा पुग्दथ्यो तर भोटतिर त नेपाली कलाकार र कलाकृतिकै यात्रा प्रशस्त हुने गर्दथ्यो । तर भारतपट्टि नेपाली कला र वास्तुकलालाई उतिखेर कुन दृष्टिले मूल्यांकन गरिन्थ्यो भन्ने कुराका सन्दर्भहरूको अभाव छ । उतैबाट नेपाली सीपले आफ्नो स्रोत फेला पारेको हुनाले उतापट्टिका मानिसहरूको यस सन्दर्भमा कुन किसिमको दृष्टि रहन्थ्यो भन्ने कुरा निकै चाखलाग्दो छ । यस विषयमा त हामीले छुट्टै अध्ययन गर्नुपर्ने छ तर यहाँ हामी आफ्नो सन्दर्भमा यति भन्न सक्दछौं कि ईस्वीको उन्नाईसौं शताब्दीको आधाआधीतिर शाहकालमा मुख्य रूपमा धार्मिक उद्देश्यको लागि नेपाली पगोडा शैलीको यौटा मन्दिर काशीमा ललिताघाटमा बनाउन लगाइएको देखिन्छ ।

काशीमा नेपाली मन्दिरको रूपमा प्रख्यात यो मन्दिरबारे हालसम्म कुनै निश्चित कुरो थाहापाउन सकिएको थिएन तर भर्खरै जस्तो यौटा

लालमोहरको नक्कल भेटिएको छ[1] जसले यस मन्दिरको राम्रो परिचय प्रस्तुत गरिदिएको छ । यो कागतमा सं. १९०२ को मिति लेखिएको छ तर यसमा सं. १९०१ को शीर्षकमा राजगुरु रङ्गनाथ पंडित मार्फत 'श्रीकाशीमा श्री साम्राज्येश्वर स्थापना हुँदा' भनी '४४४०।।।' को खर्चको हिसाब टिपिएको छ। कागतको यो भनाइबाट महाराजाधिराज राजेन्द्रले यो मन्रिर थाप्न लगाएको देखिन्छ ।[2] मन्दिरको नाउँमा 'साम्राज्य' जोड्नाको कारणचाहिं श्री ५ राजेन्द्रकी जेठी महारानीकै उही (साम्राज्यलक्ष्मी) नाम रहेकोले हो भन्ने बुझिन्छ । संवत् १८९८ मा यी महारानीको स्वर्गवास भएको थियो र यिनैको नाउँले राजेन्द्रले यो मन्दिर त्यहाँ बनाउन लगाएको देखिन्छ । यति कुरावाट काशीमा रहेको नेपाली मन्दिरको नाउँले प्रख्यात मन्दिर महाराजाधिराज राजेन्द्रबाट आफ्ना जेठा महारानी साम्राज्यलक्ष्मी (श्री ५ सुरेन्द्रकी मुमा) को नाउँमा बनाउन लगाएको कुरा स्पष्ट हुन्छ (हेर्नु चित्र संख्या—१८, १९) ।

यो साम्राज्येश्वर मन्दिर काशीमा गंगाको उत्तर तटमा अलिकति मास्तिर बनेको छ । मन्दिर स्वयं पूरापूर नेपाली परम्पराअनुसारै बनेको छ तेलिया ईंट र काठले । पगोडा शैलीका २ छाना छन् । मन्दिरका यी छाना अडयाउन जति काठका टुंडाल राखिएका छन् तिनमा मुख्य भागमा बेलबुट्टा र देवीदेवताका मूर्ति बनेका छन् तर तिनका मुन्तिरका भागमा नेपालका मन्दिरमाझैं कामकलालीन पुरुष र स्त्रीका चित्र बनाइएका छन् जुन कुरा यस रूपमा सम्पूर्ण भारतको लागि यौटा नौलो कुरा हो । यस कारणले पनि काशीमा त्यहाँका वासिन्दा र बाहिरबाट आउने विदेशी पर्यटकहरूको मुख्य आकर्षणको केन्द्रको रूपमा यस मन्दिरको ख्याति रहिआएको छ ।

---

[1] प्रा. मुकुन्दराज अर्यालले कृपा गरी यो लालमोहोरको उहिल्यै गरिएको नक्कल मलाई दिनु भएको हो ।

[2] ढुण्डिराज भण्डारीले नेपालको ऐतिहासिक विवेचना, पृ. २३९ मा 'ललितत्रिपुरसुन्दरीले बनारसमा रणबहादुरको नाउँमा काशीमा ललिता-घाट र नेपाली मन्दिर बनाइन्' भनी लेख्नुभएको छ । यो भनाइको के आधार छ भन्ने कुरामा घाटको नाउँमा 'ललिता' जोडिएकोले मात्रै यस्तो मानिएको हो कि अरू केही ऐतिहासिक तथ्यको आधार छ उक्त पुस्तकमा उल्लिखित भएको छैन ।

काशीजस्तो तीर्थमा राजेन्द्रले मन्दिर बनाउनु त्यति आश्चर्य लाग्ने कुरा होइन जति त्यो मन्दिरलाई आफ्नो राज्यबाहिर पनि आफ्नैपनको कलामा प्रस्तुत गर्नुमा छ । आफ्नै–देशमा बरु उनले राजपूत शैलीमा मन्दिर बनाउन लगाएका थिए भन्ने कुरा पशुपति पञ्चदेवलले बताएको छ तर विदेशमा चाहिं खास नेपाली पगोडा शैलीमा मन्दिर बनाउने उनको योजनाले कला र वास्तुकलाको इतिहासवा समीक्षकहरूलाई निकै छक्क पारेको छ । राजनीतिको क्षेत्रमा चारैतिरबाट असफल हुन पुगेका राजेन्द्रको कलाको क्षेत्रमा बरु ठूलो देन रहेको कुरा यस उदाहरणबाट स्पष्ट भएको छ ।

शाह राजाहरूको काशीसँग सम्बन्ध ज्यादै पुरानो समयदेखि रहिआएको हो । रामशाहले एकपल्ट काशीको यात्रा गरेको कुरा इतिहासकारहरूले अन्दाजी गरेका छन् । पृथ्वीनारायणले पनि एकपल्ट त्यहाँको यात्रा गरेका थिए भन्ने थाहापाइन्छ । रणबहादुर शाह त केही वर्ष काशीमै बस्न पुगेका थिए । अनि राजेन्द्र पनि केही समयको लागि आफ्नी महारानी साम्राज्यलक्ष्मीसाथ काशीमै बसेका थिए र यस कारणबाटै यो मन्दिर त्यहाँ बन्न गएको देखिन्छ ।

सम्पूर्ण भारतवर्षको संस्कृतिको प्रतिनिधित्व गर्ने काशी जस्तो ठाउँमा भारतका अनेक ‘देशी’ राजा-रजौटाहरूले अनेकन् मन्दिरहरू बनाएका छन्, ती आकृति र वैभवमा यो भन्दा ठूला पनि छन् तर यसले पाए जति महत्त्व अरूले पाएको देखिँदैन । नेपालमा विकसित तेलिया ईंट र बलियो झिगटी बनाउने सीप, अनुपम काष्ठकला आदिले सजिएको हुँदा र मन्दिरको पगोडा शैली पनि भारतको लागि एकदम नौलो हुँदा त्यस भेकमा यस मन्दिरको सामाजिक सन्दर्भ निकै राम्ररी स्पष्ट भएको छ । त्यस्तो नेपाली किसिमको झिगटी भारतमा नबन्ने हुँदा त्यहाँका वासिन्दाले यसलाई त्यही विशेषतावाट कहलाउन थाली ठूलै क्षेत्रमा फैलिएको उक्त मन्दिरको वरिपरिको टोललाई समेत ‘नेपाली खपरा’ को नाउँ दिइआएका छन् ।

कामकलाका चित्रहरू सजिएका हुँदा यो मन्दिरमा जान स्थानीय वासिन्दाहरू अलि संकोच गर्छन् जस्तो लाग्छ तर पर्यटनको विकास हुँदै आउँदाको सन्दर्भमा काशी पुग्ने मानिसहरू-खास गरी यूरोप, अमेरिका र एशियाका यात्रुहरूको भ्रमणको कार्यक्रममा यो मन्दिर अवश्य शामिल गरिएको देखिन्छ । यसबाट भिन्नै भौगोलिक, राजनीतिक र सांस्कृतिक

परिस्थितिमा यो मन्दिरले नेपाली कलाको नाउँ चलाई आएको कुरा स्पष्ट देखिन्छ । यसैले यसलाई सांस्कृतिक राजदूत' को पदवी दिए हुने देखिन्छ ।

यहाँ हाम्रो मुख्य समस्या आइपर्छ यो मन्दिर बनाउँदा सामग्रीहरूको प्रबन्ध कसरी गरियो भन्ने, के ईंट र झिंगटी र तयार पारिएका काठहरू नेपालबाटै पुऱ्याइएका थिए ? अथवा त्यस्ता सामग्रीहरूको निर्माणका लागि नेपाली कलाकारहरूलाई पठाई स्थानीय साधनकै उपयोग गरिएको थियो ? यसको जबाफ दिनु सजिलो छैन[1] तर कलाकार त नेपालबाट काशी पुगेकै थिए भन्ने कुरा त स्पष्टै छ । जे होस् १३० वर्ष (ई. १८४४ देखि) देखि यो मन्दिरले विदेशमा नेपाली सीपको इतिहासलाई बताउँदै आएको छ र सांस्कृतिक रूपमा आफ्नो थलोमा यसले यौटा उपनिवेश (Colony) नै खडा गरिदिएको छ ।

२९. जंगनन्दप्रकाशेश्वर

काठमाडौं थापाथलीमा हाल राष्ट्रबैंक रहेको सिंहभवनको पूर्वपट्टि पर्ने टोलमा कुनेसोमा 'राजपूत' शैलीमा निर्मित यौटा केही ठूलै मन्दिर रहेको छ । शैलीमा यो मन्दिर जंगबहादुरले कालमोचनघाटमा बनाएको मन्दिरकै अनुकृतिमा तर अलि सानो बनेको छ । यो मन्दिर पनि यहीं मन्दिरमा रहेको घण्टामा लेखिएको लेख[2] अनुसार ई. १८४५ (शक संवत् १७६७) मा जंगबहादुरले बनाएको थाहापाइन्छ जसमा ई. १८४६ (शक संवत् १७६८ मा घण्टा चढाएका थिए ।

नेपालमा लोकप्रिय हुन आएको 'राजपूत' वा 'दर्बारिया' शैलीमा निर्मित मन्दिरहरूमा मझौला ठूलो हुनाले यस मन्दिरको आफ्नै किसिमको

---

[1] ढुण्डिराज भण्डारीले नेपालको ऐतिहासिक विवेचना, पृ. २३९ मा 'जनश्रुति अनुसार ईंट, चून, काठ, झिंगटी र कलाकार नेपालबाटै लगेको' कुरा चर्चिनु भएको छ । के उक्त सबै चीजबीज नेपालबाटै (नेपालमध्ये पनि कुन ठाउँबाट ?) लग्न सम्भव देखिएला ?

[2] लेख चाहिं यस किसिमको छः—
स्वस्तिश्रीदगरसगिरिभूप्रमितेशालीवाहननृपे कुवरकुलमणिना सचिवोत्तमेन जंगबहादुरसंज्ञकेन मया स्थापितस्य जंगनन्दप्रकाशेश्वरप्रीतये गजरसगिरिभूप्रमिते शाके घंटा अर्पिता ।

महत्त्व छ । यसको आर्को महत्त्वचाहिं जंगबहादुरले बनाएकामध्ये प्रारम्भिक हुनामा पनि देखिन्छ । वास्तवमा यो मन्दिर जंगबहादुरले आफ्नो दर्बारनजीक पारेर बनाएको देखिन्छ । यस मन्दिरको सानो चौकोर आँगनको चारैतिर २ तले सत्तल पनि बनेका छन् जुनमा काष्ठकलाको विविध रूप पनि देखिन्छन् ।

३०-३१. मालिकेश्वर, कपिलेश्वर

मृगस्थलीमा रहेको ई. १८५३ को अभिलेखमा "श्री ५ सर्कारका वजिर श्रीकाजि रणजित् पाडे श्री कज्यानि चन्द्रप्रभा देवी इ २ का पुत्र श्री काजि दलकेश पाडे श्री कज्यानि मालिकादेवीले आफ्ना ३ छोरा श्री कपतान् भक्तकेशर पाडे श्री कपतान् बलबहादूर पाडे (आदि) इ तीन् छोराले सहितभै म मालिका देदीले मृगस्थलीमा स्थापना गऱ्याका मालिकेश्वर" लेखिएको छ । अभिलेखको आर्को भागमा यो मन्दिर ई. १८४६ मा थापेको कुरा लेखिएको छ । अभिलेखको मुख्य भागमा नचर्चिएको भए पनि सिरानमा मालिकेश्वरसाथै कपिलेश्वर पनि लेखिएकोले उनै मालिका देवी वा उनको परिवारका कसैले यो नामको आर्को मन्दिर पनि सम्भवतः मृगस्थलीमै थापेको हुनुपर्ने देखिन्छ । अभिलेखमा लेखिए अनुसार उक्त मन्दिरमा गुठी राख्न मालिकादेवीले महाराजाधिराजवाट जग्गा बकस पाएकी थिइन् । यो वा यी दुई मन्दिर अभिलेख रहेकै ठाउँवरिपरि रहेका मझौला आकारका घण्टाकृति शिखरका ढुंगे मन्दिरहरूमध्येकै हुनुपर्ने देखिन्छ ।

३२. बाणेश्वर

मृगस्थलीमा रहेको ई. १८४६ को मितिको विस्तृत र आकर्षक रूप भएको शिलालेखमा बालनरसिंह कुंवरकी पत्नी रक्षाकुमारीले बाणेश्वरको मन्दिर मृगस्थलीमा थापेको बयान लेखिएको छ । यो मन्दिरको लागि र पशुपति आदिका पूजा-आजा र शिवरात्रि जस्ता पर्वमा सदावर्त चलाउन र विशेष पूजा-आजा गर्न भनी रक्षाकुमारीले निकै जग्गाको गुठीसमेत राखेको तथ्य उक्त अभिलेखमा लेखिएको छ । अभिलेखमा उक्त कर्मकाण्डहरूको तपसील आदि यौटा विशाल शिलालेख पर्याप्त नभै आर्को अलि सानो शिलालेखमा समेत लेखी अट्याइएको छ । जङ्गबहादुर राणा जस्ता ७ भाई छोराकी आमाको जल्दो-बल्दो र परम धार्मिक व्यक्तित्व देखाउने उक्त कार्य

इतिहासको पानामा यौटा उदाहरणीय विषयको रूपमा रहन गएको देखिन्छ। यो बाणेश्वर मन्दिर पनि अभिलेख रहेकै ठाउँनेर रहेका मन्दिरहरूमध्ये एक होला भन्ने अन्दाजी गर्नुपर्ने खण्ड परेको छ।

३३-३५. जयभक्तेश्वर, इन्द्रेश्वर, जगदीश्वर

मृगस्थलीमा पाटीमा रहेको विशाल शिलालेखमा जर्नेल जय बहादुर कुंवर राणा र उनकी मुमा भएर मृगस्थलीमा जयभक्तेश्वर र इन्द्रेश्वरको मन्दिर ई. १८४७ तिर थापेको कुरा चर्चिएको छ। त्यसै अभिलेखमा लेखिएअनुसार जयबहादुरले आफ्नी मुमासमेत भएर गोकर्णमा पनि जगदीश्वरको मन्दिर थापेको चर्चा गरिएको छ। उक्त अभिलेखमा उक्त मन्दिरहरूको लागि केही जग्गाको गुठी राखिएको र त्यसको आम्दानीबाट गर्नुपर्ने खर्चको लामो तपसील समेत लेखिएको छ।

मृगस्थलीमा बनाइएका भनिएका जयभक्तेश्वर र इन्द्रेश्वरका मन्दिर अभिलेख रहेकै ठाउँको वरिपरिका अनेक मन्दिरहरूमध्ये हुनुपर्दछ जुन घण्टाकृति स्वरूपका मझौला आकारका छन्। गोकर्णमा थापिएको भनिएको जगदीश्वर मन्दिरबारे खोजतलाश हुनुपर्दछ।

३६. राममन्दिर

कान्तिपुर जैशीदेबल टोलमा जैशीदेवलको अलिकति उत्तरपट्टि मूल सडकको पश्चिम लङ्गमा यौटा सानो चोकमा अलि सानै आकारको निकै रंगीचंगी मन्दिर रहेको छ। यसको शिखर प्लाष्टरले घण्टाकृति बनेको छ। तर एकतले गर्भगृहचाहिं ईंट-ईंटले बनेको छ। पूर्व फर्किएको यो मन्दिरको गर्भगृहमा अरू तीनतर्फ भित्ता भई पूर्वतर्फको पाखामा काठका तीन ढोकाले भरिएको छ। यहाँ हरेक ढोकामाथि मनोहर रूपले रँगाइएका तीन तोरण बनेका छन्। शिखर र गर्भगृहको सन्धिभागमा काठको आँखीझ्यालले छोपी त्यसैमा बीच-बीचमा काठका अलङ्कृत टुंडाल पनि हालिएका छन्। चारैतिर हालिएका यस्ता टुंडाल संख्यामा २० छन् र तिनमा देव-देवताका मूर्ति खोपिएका छन्। टुंडालका मन्तिरको भागमा कामकला सम्बन्धी चित्रांकन पनि गरिएको छ। यसरी यो मन्दिरमा आधुनिक कालमा लोकप्रिय भएको घण्टाकृति शिखरकै प्रयोग गरेर पनि त्यसलाई आर्कै र रमणीय रूपमा प्रस्तुत गर्नु यसको खास विशेषता रहेको देखिन्छ।

यस मन्दिरमा रहेको घण्टामा सं. १९०६ (ई. १८४९) को मिति लेखिएको छ र सम्भवत: यसै वर्ष यो मन्दिर बनेको हो भन्न सकिन्छ। मन्दिरकै पश्चिमको बाहिरी भित्तामा टाँसिएर रहेको विस्तृत शिलालेखमा सं. १९२१ (ई. १८६४) को मितिको उल्लेख गरी जुन भाका लेखिएको छ त्यो मन्दिरबारे पछि गरिएको व्यवस्था हुन सक्छ । उक्त अभिलेखमा जैशीदेवल निवासी डिट्ठा धर्मसिंहले 'राम, सीता, लक्ष्मण, भरत, शत्रुघ्न, हनूमान् र रामेश्वर' को मूर्ति थापेको कुरा लेखिएको छ । साथै ती धर्मात्मा डिट्ठाले मन्दिरको लागि केही जग्गाको गुठीसमेत राखिदिएको कुरासमेत त्यसमा लेखिएको छ । मन्दिरको उत्तरपट्टि वेदिकामा रहेको शिवलिंगलाई रामेश्वर भनिएको हुनुपर्दछ ।

३७. बंबीरविकटेश्वर

कान्तिपुर शहरको दक्षिणपट्टि पचलीघाटनेर रहेको यो बंबीरविकटेश्वर नाउँले कहलिएको मन्दिर अप्रतिम शैलीमा बनेको विशाल रूपको छ ।

चार तहमा विभाजित अग्लो पेटीमा बनेको यो मन्दिर पूर्व पश्चिम लमिएको छ र यो लामो अग्लो पेटीमाथि कुम जोरेर ३ एकै शैलीमा बनेका मन्दिर उभिएका छन् । गर्भगृह र शिखर पनि तीनै ओटा छन्। गर्भगृहमाथि लामो झिंगटीको छाना छ र त्यसमाथि ईंटले बनेका तीन शिखर छ चेप्टो आकारका । उपशिखरमा र शिखरमा कलश थापिएका छन् । मुख्य शिखरहरूमा चारै दिशामा राम्रा ढुङ्गाका देवमूर्ति थापिएका छन् ।

मन्दिरको आँगनमा चार कुनामा शिव, गणेश, देवी र विष्णुका साना मन्दिर पनि थापिएका छन् ।

यस मन्दिरको खास विशेषता नौलो किसिमको शैलीको प्रयोग गर्नुमा छ । मन्दिर ईंटै-ईंट र काठले बनेको छ र विशाल छ। मन्दिरको पेटीमा बाहिरपट्टि देखिने भागमा बेलबुट्टा भरिएका चिल्ला ईंटको प्रयोग गरिएको छ । मन्दिरको आँगनलाई चारैतिरबाट घेरी विशाल-विशाल ३ तले सत्तल बनेका छन् जुनमा काष्ठकलाको राम्रो उदाहरण देखिन्छ। त्यसमा कामकला सम्बन्धी चित्रांकन पनि शामिल छ ।

यस मन्दिरका निर्माताको परिचयको लागि मन्दिरको दक्षिणी पेटीमा रहेका २ ठूला घण्टामध्ये पूर्वतर्फकोमा लेखिएको लेखलाई अघिसार्न सकिन्छ जसमा लेखिएको छः

> "स्वस्ति श्री सम्वत् १९०७ साल मिति असाढ सुदि १५ रोज ४ मा श्री श्री श्री वम्वीरविकटेश्वर प्रिति गरि श्रीमद्राजकुमारकुमारात्मज श्रीकम्यानुडर ईन् चीफ जनरल वम्वहादुर कुंवर राणाजीबाट चढायाको घंटः ।। यस घंटमा जसले लोभानि पापानि गर्ला तसलाई पंचमहापातक् शिवको कुदृष्टि लागला शुभम् ।।"

उक्त लेखवाट जङ्गबहादुरका भाइ वमबहादुरले ई. १८५० मा मन्दिरमा यो घण्टा चढाएको बुझिन्छ । मन्दिर निर्माण सम्वन्धी अर्को विस्तृत शिलालेख नपाइएको हुँदा यही लेखले पनि यस मन्दिरको निर्माणकाल मात्र भने पनि अन्दाजी गर्न सकिने देखिन्छ । अर्थात् ई. १८५० मा वमबहादुरले यो मन्दिर थापेको देखिन्छ । स्थानीय जनश्रुतिमा यो भनिएको सुनिन्छ कि जङ्गबहादुरले वेलाइत गएको वेलामा आफू कार्यकारी प्रधानमन्त्री हुँदा ६ महीनाको अवधिभित्रै यो मन्दिर बनाई सिध्याएका थिए । घण्टाको उक्त लेखमा जुन मिति लेखिएको छ त्यो यस्तो जनश्रुतिको समर्थक देखिन्छ । यस्तै हडबडीमा बनाएकोले होला यौटा विस्तृत शिलालेख पनि थाप्न नभ्याइएको ।

यस मन्दिरको आँगनभित्र वमबहादुरका सन्तानहरूले वेला-वेलामा गरी ई. १९५० सम्म सानातिना अरू मन्दिरहरू थपेको कुरा यहाँ पाइने अरू लेखले र ती साना मन्दिरहरूले पनि प्रमाणित गरेका छन् ।

३८. हेमभक्तेश्वर मन्दिर

गोकर्णको प्रख्यात मन्दिरको पूर्वपट्टि घाटको सीढीमा पडिरहेको २ हात जति अग्लो शिलालेखमा ई. १८५० (शकसंवत् १७७२ संवत् १९०७) मा जम्दार हेमकर्न थापा गोदारले 'गोकर्णेश्वरको पूर्व दिशामा विराजमान भयाका श्रीहेमभक्तेश्वर महादेव × × × नारायण शिव'लाई 'अक्षतागुठी' भनी ७ मुरि चामल आउने खेतको गुठी राखिदिएको कुरा बयानिएको छ । गुठी राखने व्यक्तिकै नाउँमा मन्दिरको नाउँ पनि राखिएको देख्दा हेमभक्तेश्वर महादेवको 'मन्दिर' हेमकर्ण थापाले नै थापेको कुरा बुझ्न सकिन्छ ।

उक्त उद्धृत शिलालेख आफ्नो पूर्व स्थितिमा नरहेको देख्दा शिलालेखले मन्दिरको स्थिति दिँदादिँदै पनि यो हेमभक्तेश्वर महादेवको मन्दिर कुनचाहिं हो ठम्याउन सकिएन । त्यति भए पनि यो शिलालेखले एकजना भक्तको देनको सन्दर्भ सुरक्षित गरेको कुराको महत्त्व रहेको छ ।

३९. शिवमन्दिर

पशुपति मन्दिरको दक्षिणतर्फ ६४ लिंगमुन्तिर तर्फ लहरै ढुंगै-ढुंगाले बनेका घण्टाकृति स्वरूपका केही मन्दिर रहेका छन् । तिनमध्ये सबभन्दा पश्चिमतर्फको चाहिं यहाँ हामीले चर्चिन खोजेका हौं । यसमा रहेको घण्टामा लेखिएको लेखअनुसार भक्तवीर भन्ने[1] व्यक्तिको आमा शान्तकुमारी राणाले यो मन्दिर ई. १८५१ (शक संवत् १७७३) मा थापेको कुरो थाहापाइन्छ ।

ढुंगाका मझौला आकारका घण्टाकृति स्वरूपका मन्दिर बनाउने जुन खास चलन शाहकालमा चलेको देखिन्छ तिनमध्ये पुरानोको क्रममा यस मन्दिरको गणना गर्नुपर्ने देखिन्छ । यसको निर्माणको मिति समेत पाउन सकिएको छ र जस अनुसार यस किसिमका मन्दिर बनाउने चलन ई. १८५१ तिर लोकप्रिय भैसकेको देखिन्छ ।

४०. रक्षगदाधर मन्दिर

गोकर्णको प्रख्यात मन्दिरको पूर्व-उत्तर घाटमा पगोडाको एकतले छाना हालेको खुला मण्डपजस्तो एकतले मन्दिरको नाम रक्षगदाधर राखिएको देखिन्छ । मन्दिरभन्दा अलिकति मास्तिर रहेको यौटा सत्तलको तलितरको भित्तामा टाँसिएको यौटा विस्तृत शिलालेखमा जंगबहादुर राणाकी आमा रक्षाकुमारीले ई. १८५४ (शकसंवत् १७७६ संवत् १९११)मा 'रक्षगदाधर' को मन्दिर थापी त्यसको बन्दोबस्तको लागि १०० रोपनी जग्गाको गुठीसमेत राखिदिएका कुराहरू लेखिएका छन् ।

मण्डपजस्तो गरी बनेको यो मन्दिरमा पश्चिमतर्फमात्र भित्ता बनेको छ नत्र अरू तीनतिर काठका आँखी बनेका ठूल्ठूला बार लगाइएका छन् । पश्चिमतर्फ बनेको भित्ताको भित्रपट्टिनै धातुको पूजास्थल बनेको छ

---

[1] यी भक्तवीर प्रधानमन्त्री जंगबहादुर राणाका सौतिने दाजुनै हुन् कि भन्ने लाग्दछ ।

जहाँ ताँबोमा सुन घसी झलमल्ल पारिएको छ । यहाँ विष्णुको कालो ढुंगा (शालिग्राम ?) को मूर्ति थापिएको छ ।

अघि बनाउँदा यसको पगोडा छाना झिंगटीले छाएको हुनुपर्छ तर हिजाज यहाँ टिन देखिन्छ । यसमा छानामुन्तिर सानै आकारका भए पनि काठका अलंकृत टुंडालको प्रयोग पनि गरिएको छ जुन संख्यामा २८ छन् ।

४१. धीरभक्तेश्वर

जर्नेल धीरशम्शेर जङ्गबहादुर राणाको मृगस्थलीको ई. १८६८ को अभिलेखमा उनले मृगस्थलीमा धीरभक्तेश्वरको मन्दिर ई. १८५४ मा बनाई थापेको कुरा लेखिएको छ । यो अभिलेख रहेकै ठाउँनेर मझौला आकारको ढुंगाले बनेको घण्टाकृति स्वरूपको मन्दिर धीरभक्तेश्वर हुनुपर्दछ । उक्त अभिलेखमा यस मन्दिरको पूजा-आजा आदिको खर्चको लागि केही जग्गाको गुठी राखिएको कुराको पनि चर्चा गरिएको छ ।

४२. रामभक्तेश्वर

पशुपति मन्दिरको आगनदेखि दक्षिणपश्चिमपट्टि 'चौसट्ठी लिंग'को दक्षिणपश्चिम कुनातर्फ ढुंगाको यौटा मझौला खालको राम्रो मन्दिर रहेको छ । यो मन्दिरको पश्चिमपट्टिको पेटीमा ढुंगाको चौकोसमा झुण्ड्याइएको घंटामा ई. १८५४ (शक संवत् १७७६) मा रणोद्दीपले आफूले थापेको रामभक्तेश्वर मन्दिरलाई यो घंटा चढाएको कुरा संस्कृतमा लेखिएको छ ।

यो मन्दिर ढुंगाको चौकोर जगतीमाथि बनेको छ । गर्भगृह पनि चौकोर छ र त्यसमाथि ढुंगाकै साना दुई छाना अनि कमलपत्राकार १ छाना बनाई त्यसमाथि ढुंगाकै घण्टाकृति शिखर बनाई त्यसमाथि ढुंगाकै गोलो कलश थापिएको छ र त्यसमाथि सुनौलो गजूर थापिएको देखिन्छ । यस मन्दिरको निर्माणमा प्रयोग गरिएका ढुंगा निकै मिहिनेत गरी चिल्लै पारिएको छ र निकै कलात्मक पनि देखिन्छ । यस मन्दिरको खास महत्त्वचाहिं मझौला खालको निकै राम्रो वास्तुस्वरूपको उदाहरण प्रस्तुत गर्नामा रहेको देखिन्छ जसको अनुकरण यसैनिर बनाइएको जगत्शम्शेरको मन्दिरमा, अनि मृगस्थलीमा भीमशम्शेरले बनाएको राममन्दिरको पछाडि पूर्वतर्फ लहरै बनेका तीन मन्दिरमा पनि गरिएको छ । यी पछिल्ला तीन मन्दिर स्थानीय भनाइको आधारमा भीमशम्शेर, हिरण्यशम्शेर र महाबीरशम्शेर (यिनको मन्दिरमा घंटामा लेख पनि छ) ले बनाएका थिए ।

रणोद्दीपले बनाएको यो मन्दिरको कलात्मक विशेपता यसको घण्टा झुण्ड्याउने ढुंगाको चौकोसमा देखिन्छ जसमा फूलपाती र नागहरूका उत्कृष्ट चित्रांकन बाहेक विष्णुका ११ अवतारका मूर्तिका अर्ध चित्र, गणेश र कार्तिकेयका मूर्ति बनेका छन् । यति राम्रो र सुग्घरी कलाको ढुकुटी यो चौकोसको कलात्मक विशेषता र यसको तुलनात्मक अध्ययन पछि प्रस्तुत गरिने छ ।

४३. जंगेश्वर

पशुपति मन्दिरको आँगनदेखि बाहिर दक्षिण-पश्चिमपट्टि रहेको 'चौसट्ठी लिंग' स्थानदेखि पश्चिमतर्फ यौटा मझौला खालको ढुङ्गाको मन्दिर रहेको छ । यो मन्दिर रणोद्दीपले बनाएको रामभक्तेश्वरभन्दा अलिकति उत्तरतर्फ रहेको छ । यो मन्दिरको पेटीमा दक्षिणतर्फ ढुङ्गाको चौकोसमा झुण्ड्याइएको घण्टामा लेखिएको लेखमा संस्कृत श्लोकमा सानो वंशावलि दिई जगत्‌शम्शेरको नाउँ लेखी 'जङ्गेश्वरको प्रीति'को लागि घण्टा चढाएको कुरा लेखिएको छ । यस लेखमा मिति पनि श्लोकैमा लेखिएको छ तर अलि अस्पष्ट हुँदा मिति तोक्न सकिएको छैन (सं. १९१९ ?)[1]

यो मन्दिर बनेको मिति स्पष्ट नहुँदा यसको वास्तुशैलीको क्रम मिलाउन अप्ठेरो परेको छ । तैपनि जगत्‌शम्शेरले ई. १८५५ मा शंखमूल पाटनमा जगत् नारायण मन्दिर थापेको देखदा र त्यस मितिको त्यहाँ रहेको अभिलेखमा उनले अरू ठाउँमा पनि मन्दिर बनाएको चर्चा गरिएको हुँदा त्यसलाई पशुपतिमा रहेको यही मन्दिरको सन्दर्भको रूपमा लिंदा यो मन्दिर ई. १८५४–५५ तिर बनेको अन्दाजी गर्न सकिने देखिन्छ । ई. १८५४ मा रणोद्दीपले त्यहीं (पशुपति चौसट्ठी लिंग नजीकै) थापेको मन्दिर र जगत् शम्शेरले यहाँ थापेको मन्दिरमा शैलीगत समानता रहेको छ । क्रमको हिसाबले रणोद्दीपले बनाएको मन्दिरको शैलीको अनुकरण गरी जगत् शम्शेरले यो मन्दिर बनाएको अन्दाजी गरिएको छ । तर यिनले बनाएको यो 'जङ्गेश्वर' मन्दिर रणोद्दीपले बनाएजस्तो शालीन किसिमको हुन सकेको छैन । तर रणोद्दीपले बनाएको मन्दिरमा घंटा झुण्ड्याउने ढुङ्गाको चौकोसमा जुन

---

[1] यसमा संवत् दिंदा 'संवन्तन्दघराङकभूपरिमिते श्रीविक्रमेहार्पयात्' लेखिएको छ । यसको ठीक अर्थ गर्न सकिएको छैन ।

कलात्मकता देखिन्छ त्यस्तै जंगेश्वरमा पनि देखिन्छ। यसको कलात्मक स्वरूपको बयान पछि गरिने छ।

४४. जगत् नारायण

ईस्वीको उन्नाईसौं शताब्दीको आधाआधीतिर नेपालमा यौटा गजबको मन्दिर बनेको थियो जो समकालीन अरु मन्दिरहरुभन्दा धेरै कुरामा विशिष्ट खालको योजनाअनुसार बनेको थियो। यो मन्दिर पाटन शंखमूलमा रहेको जगत् नारायण मन्दिर हो। यस मन्दिरको स्थापनाको संस्मरणमा राखिएको त्यहींको शिलालेखअनुसार यो मन्दिर ई. १८५५ मा (संवत् १९१२) बनिसकेको देखिन्छ। अनि यस मन्दिरका निर्माता जङ्गबहादुरका एक जना भाइ जगत्शम्शेर थिए, जस्तो कि मन्दिरको नामको अघिल्लो भागबाट पनि थाहापाइन्छ।

कलात्मक प्रयोग र मन्दिरको शैलीको कारणबाट यो मन्दिरको ऐतिहासिक महत्त्व मान्नुपर्ने देखिन्छ। जहाँ जङ्गबहादुरले 'राजपूत' शैलीका मन्दिर जतातत्तै थापी छयाप्-छयाप्ती पारेका थिए भने उनैका भाई जगत्-शम्शेरले यो भिन्नै शैलीको मन्दिर बनाई आफ्नो मौलिक सुरुचिपूर्ण व्यक्तित्वको परिचय दिएका छन्। यो मन्दिर शैलीको दृष्टिले नारायण हिटीमा रहेको प्रख्यात नारायणमन्दिर जस्तै छ र यस्तै शैलीका अरू पुराना मन्दिर मध्ये मृगस्थलीमा रहेको गोरखनाथ मन्दिर र बुङ्गमतीको मत्स्येन्द्रनाथ मन्दिर हुन्, तर फरक यति छ कि जगत्नारायण मन्दिर त्यति मोटो नभई अलि पातलो छ। वास्तवमा यो शैलीको मन्दिरलाई नेपाली भनाइमा 'गन्धकूट' भनिन्छ। (यस शैलीका दुई मल्लकालीन मन्दिर सिम्भूमा छन्, जुनको निर्माण प्रतापमल्लले गरेका थिए, तर त्यसैमा शिखर भागमा मुन्तिर चार दिशामा बाहिरपट्टि चार ओटा भिन्नै शैलीका चार साना शिखर थपी त्यसलाई आर्को प्रभावशाली रूप दिन थालिएको थियो। यही नेपाली शैलीलाई सकारी जगत्शम्शेरले नारायणको यो मन्दिर बनाएको देखिन्छ। (चित्र २०)

मन्दिरको निकै ठूलो आकृतिलाई सुहाउने गरी तेलिया ईंटले बनेको जगतीमाथि यो मन्दिर बनेको छ र यो पूर्वाभिमुख छ—यतैपट्टि यस मन्दिरको गर्भगृहको मुख्य ढोका र ढुंगाका सीँढी बनेका छन्। देवता थापिएको पूजा कोठा—गर्भगृह (पहिलो तला) को चारै दिशामा ढोका

बनेका छन् र तिनमा काष्ठकलाको सुरुचिपूर्ण प्रयोग भएको छ । तर पूर्वपट्टिको ढोकाका खापामा काष्ठचित्रांकनमाथि धातुका पाताले मोरिएको छ र जसमा फूल-पातीहरूका अलंकरणसाथ दुईटा वैष्णव गणका राम्रा मूर्तिचित्र बनेका छन् । अरू तीन ढोकाका खापा र चौकोसहरूमा काष्ठकलाको विशुद्ध रूप हेर्न पाइन्छ ।

यो मन्दिरको गर्भगृहका बाहिरपट्टि प्रदक्षिणापथ बनेको छैन अर्थात् चारै दिशामा ढुंगाका खाँबा प्रयोग गरी जुन बरण्डा जस्ता बनेका छन् तिनमा यौटाबाट अार्कोमा जाने बाटो बनाइएको छैन । वास्तवमा यी चारै बरण्डाको निर्माण माथि शिखरमा जोडिएर बनेका साना शिखरका अंगका रूपमा भएको देखिन्छ । यी साना शिखरमा सुनौला कलश पनि चढाइएका छन् र तिनको बीच भागमा साना खोपा जस्तो बनाई चारैतिर विष्णुका ढुंगाका राम्रा मूर्ति पनि थापिएका छन् । यस रूपमा यो नारायणका पाँच मन्दिरहरूको समूहको रूपमा देखिन्छ । यद्यपि माथि थापिएका वैष्णव मूर्तिहरूको राम्ररी अध्ययन गर्न सकिएको छैन ।(तिनको अप्ठ्यारो स्थितिले गर्दा) तर यसरी विष्णुका पाँच 'मन्दिर' थाप्नुमा ई. १५६६ (नेपाल संवत् ६८६) मा पाटनका 'राजा' पुरन्दरसिंहले मंगलबजारमा थापेको मन्दिरले खास प्रेरणा दिएको देखिन्छ । यो मन्दिरमा 'चतुर्व्यूहात्मकं विष्णु' (वासुदेव, सङ्कर्षण, प्रद्युम्न, अनिरुद्ध अनि नारायण) का मूर्ति थापिएका थिए ।[1] हुन त यो वैष्णवधर्मको सर्वमान्य मान्यता पनि हो ।

यो मन्दिर तेलिया ईंटले बनेको छ र जगतीमा प्रयुक्त भएका यस्ता ईंटमा बेलबुट्टा पनि बनेका छन् र तिनले ईंटमा कला प्रस्तुत गर्ने सीपको राम्रो उदाहरण प्रस्तुत गरेका छन् । गर्भगृहका बाहिरी भित्ताका भागमा तेलिया ईंटलाई छोपिएको छैन र यस रूपले मन्दिरलाई निकै प्रभावशाली पारेको छ तर सम्पूर्ण शिखरभरिनै यो रूप थान्दा प्रभाव अलि कम होला भन्ने उद्देश्यले हो कि शिखरमा चाहिं रातो 'प्लाष्टर'ले ईंट छोपिएको छ ।

यस मन्दिरको आँगनमा तीनतिर सत्तल बनेका छन् । जुनमा ठाउँ-ठाउँमा काष्ठकलाको राम्रो प्रयोग भएको छ ।

---

[1] हेर्नु—यो मन्दिरको अभिलेख–संस्कृत सन्देश, ८. पृ. १–३ मा हेर्नुहोस् ।

विशाल विशाल प्रस्तर मूर्तिकला र खम्बाका उदाहरणका लागि पनि यो मन्दिर प्रख्यात रहेको छ । मन्दिर उक्लने सीँढीका दुईतिर २–२ गरी सिंह र सिंहजस्तै आर्वो पशुको ढुंगाका ठूलठूला अति राम्रा मूर्ति थापिएका छन् । यसभन्दा सामु पूर्वतर्फ उत्तर-दक्षिण गरी भिन्ना-भिन्नै वेदिकामा ढुंगाका गणेश, गरुड र हनूमान्का विशाल तर राम्रा मूर्ति थापिएका छन् । अनि यिनको पछाडिपट्टि ढुंगाको कछुवामाथि ढुंगाको निकै मोटो र निकै अग्लो खम्बामाथि पक्षीरूप गरुडको हात जोडेको धातुको निकै ठूलो र अति राम्रो मूर्ति थापिएको छ । यस खम्बाका बीच भागमा चारै पाटामा ठूलठूला अक्षरमा विस्तृत अभिलेख लेखिएको छ जसमा जगत्शम्शेर आदि राणाहरूको तारीफ गरिएजस्तो लाग्दछ (बडो अप्ठेरो स्थितिमा अभिलेख लेखिएको हुँदा राम्ररी पढ्न सकिएन) ।

४५. सुरेशकान्तेश्वर बाणलिंग मन्दिर

पशुपतिमा भस्मेश्वरको चोक भन्दा भित्र दक्षिणपट्टि तेस्रो चोकमा यौटा केही ठूलै मन्दिर रहेको छ । यो मन्दिरको खास महत्त्व गर्भगृहमा रातो ईंट देखिने गरी प्रयोग गर्नु र शिखरचाहिं 'राजपूत' शैलीको गुम्बजाकार बनाउनुमा छ ।

मन्दिरमा रहेको घण्टामा लेखिएअनुसार यो घण्ठा 'श्रीसुरेशकान्तेश्वर वानलिंग पृतीं गरीं श्रीराजकुमारी अमरकान्तेश्वरीले श्रीकपतान जुद्धमानसिं राजभण्डारी मार्फत' चढाएको देखिन्छ । यो लेखमा सं. १९१३ को मिति लेखिएको छ । अर्थात् यो मन्दिर पनि ई. १८५६ मा बनेको देखिन्छ । यो मन्दिर राजपरिवारका एक जना सदस्यले थापेको देखिन्छ ।

४६. शिवमेहेरवालभक्तेश्वर

गोकर्णको प्रख्यात गोकर्णेश्वर मन्दिर वरिपरि शाहकालमा बनेका केही साना-साना मन्दिर देखिन्छन् । ती मध्ये एउटा 'शिवमेहेरवालभक्तेश्वर' नामको शिवमन्दिर शाहकालमा बनेको देखिन्छ । गोकर्णेश्वर मन्दिरको उत्तरतर्फ पेटी जस्तोमा उत्तानो पारी पल्टाइएको ३।। हात जति लामो र १।। हात जति चौडा शिलालेखमा शक संवत् १७७८ (ई. १८५६) मा 'शिवजीको पूजा मात्र सार हो भन्या ज्ञान हुँदा श्रीमेजर-कप्तान् मेहर्मान सिं राजभंडारिले 'वाग्मतीको निकटमा श्रीशिवमेहेरवालभक्तेश्वर' को स्थापना

गरी नित्यपूजा आदिको लागि ३८ खेत जग्गा गुठी राखेको र पूजा-आजा आदिको लामो विधिविधानका कुरा पनि लेखिएको छ । मन्दिरको नाउँमा अघिल्लो भाग मेहरमानको र पछिल्लो भागचाहिं उनकी पत्नी बालकुमारीको नाउँ देखिन्छ । यिनी बालकुमारीको नाउँ पनि उक्त शिलालेखमा चर्चिएको छ ।

४७. बाणेश्वर महादेव

पशुपतिमा भस्मेश्वर रहेको चोकभन्दा अलिकति भित्रपट्टि रहेको आर्को अलि ठूलै चोकमा बीचमा मिश्रित शैलीमा बनेको निकै ठूलो २ तले मन्दिर रहेको छ । यस मन्दिरको पश्चिमतर्फको सत्तलमा रहेको शिलालेखमा प्राण वर्मा (शाह) की पत्नी चौतार्नी दीपकुमारीदेवीले सं. १९१६ मा यो मन्दिर बनाएको कुरा लेखिएको छ । यो मन्दिरमा ११ बाणलिंग थापेको र मन्दिरमा गुठी राख्न भनी दीपकुमारीले कृष्णबहादुर राणा मार्फत 'श्री ३ महाराज' (अर्थात् जङ्गबहादुर) कहाँ बिन्ती पारी त्यसको पनि केही बन्दोबस्त गरिएको कुरा त्यसै शिलालेखमा लेखिएको छ । अर्थात् यो मन्दिर ई. १८५९ मै थापिएको बुझिन्छ ।

यो मन्दिरको निर्माण शैली विचित्रको देखिन्छ किनभने यसको गर्भगृहको तला रातो ईंट देखिने गरी बनेको छ र माथि कार्निससम्म ईंटकै प्रयोग भएको छ । यसमाथि 'राजपूत' शैलीको गुम्बजाकार शिखर बनेको छ प्लाष्टरमा । माथि चाहिं सुनको पालिस लगाएको गजूर छ । यस मन्दिरका चारै ढोकामा ढुङ्गाले बनेका मोटा मोटा तोरणका प्रयोग गरिएको छ। 'राजपूत' शैलीको यो यौटा महत्त्वपूर्ण उदाहरण हो ।

४८–५३. ६ शिव मन्दिर

पशुपतिमा भस्मेश्वरको नाउँले कहलिएको पुरानो शिवलिंग रहेकै सानो चोकमा 'राजपूत' शैलीका अलि साना आकारका केही मन्दिर रहेका छन् । तीमध्ये पश्चिमपट्टि पिठ्यूँ फर्काएर कुम जोरेर बनेका ३ मन्दिर छन् । बीचको चाहिं अलि अग्लो र दुईतिरका अलि सानो आकारका बनेका छन् । यी तीनै मन्दिरमा बाणलिंगको स्थापना गरिएको छ ।

तीन गर्भगृहको संयुक्त यो मन्दिर यसको अलिकति सामुन्नेपट्टि रहेको घण्टामा लेखिएको लेखअनुसार सं. १९१६ मा कर्णेल डिल्लीसिंह

बस्नेतले थापेको बुझिन्छ । अर्थात् यो मन्दिर ई. १८५९ मा बनेको देखिन्छ ।

उक्त मन्दिरको दक्षिणपट्टि पनि यस्तै 'राजपूत' शैलीका वा प्लाष्टरले बनेका उत्तर फर्केका ३ मन्दिर पनि रहेका छन् जुनलाई कर्णेल डिल्लीसिंह बस्नेतले बनाएको मन्दिरको समकालीन मान्न सकिने देखिन्छ । यी छ ओटै मन्दिरमा मूल ढोकामा ढुंगाका नेपाली शैलीका मोटा-मोटा तोरणको उपयोग गरिएको छ । यी तोरणको स्वरूपचाहिं दुवैतिर आधारमा सिंह, त्यसमाथि पूर्णकलश अनि साधारण अलंकृत खम्बाको चित्रण र त्यसमाथि कमलको बुट्टा बनाई त्यसमाथि मुख बाएको ग्राहा बनाई त्यसमाथि फेरि फूलबुट्टा बनाई माथि बीचमा सिंहको मुख बनेको छ । सिंहको मुखमाथि ढुंगाकै ४ तले झल्लरी छाता बनाइएको छ। यस रूपमा यी छः वटै मन्दिरमा प्रस्तरकलाको निकै राम्रा उदाहरण पनि चढाइएको देखिन्छ ।

५४–५७. दीरभक्तेश्वर, चन्द्रभक्तेश्वर, इन्द्रभक्तेश्वर र नन्दभक्तेश्वर

जर्नेल धीरशम्शेर जंगबहादुर राणाको मृगस्थलीको ई. १८६८ को अभिलेखमा धीरशम्शेरले थापेको धीरभक्तेश्वर बाहेक दीरभक्तेश्वर, चन्द्रभक्तेश्वर, इन्द्रभक्तेश्वर र नन्दभक्तेश्वरका ४ मन्दिर पनि ई. १८६५ मा थापिएको चर्चा गरिएको छ । अभिलेखको तपसीलको भागमा ती मन्दिरको खर्चको तपसील पनि लेखिएको छ । उक्त चार मन्दिर जर्नेल धीरशम्शेरका ४ रानी दीरकुमारी, चन्द्रकुमारी, इन्द्रकुमारी र नन्दकुमारीले आफ्-आफ्नो नाउँमा मृगस्थलीमै थापेका थिए । यी रानीहरूको बयान पनि उक्त अभिलेखमा संस्कृत श्लोकहरूमा गरिएको छ। यी मन्दिर पनि अभिलेख रहेकै वरिपरि रहेका हुन् भन्ने देखिन्छ ।

५८. विश्वरूप

पशुपति मृगस्थलीमा अलि पूर्वतिर जंगलको बीचमा बनेको विश्वरूप मन्दिर 'राजपूत' कहिने शैलीको नेपालमा बनेको सबभन्दा विशाल मन्दिर देखिन्छ । पश्चिमाभिमुख यस मन्दिरको पश्चिम ढोकासामु रहेका तीन ठूला घण्टामध्ये दुईटामा अभिलेख लेखिएको छ । ती दुवै घण्टामा ई. १८६७ को मिति (संवत् १९२४) लेखिएको छ । यौटा घण्टाको अभिलेख फुटेको छ र आर्कोमा जंगबहादुरले 'श्रीकामकामेश्वरी प्रीति गरी' चढाएको

भन्ने लेख लेखिएको देखिन्छ । बोलाउने नाम विश्वरूप भए पनि यो मन्दिरको न्वारान्को नाउँ उक्त लेखमा देखिए अनुसार कामकामेश्वरी रहेको देखिन्छ ।[1] यो मन्दिर बनाएको सम्झनामा कुनै विस्तृत अभिलेख राखिएको नदेखिंदा निर्माताको वास्तविक धारणा र यसको बन्दोवस्त आदिको विवरण प्रस्तुत गर्न नसक्नु यौटा खल्लो लाग्ने कुरा हो, खास मरी यत्रो विशाल मन्दिरको सन्दर्भमा कुनै विस्तृत शिलालेख नलेखाउनु यौटा महत्त्वपूर्ण अभाव हो ।

'राजपूत' कहिने शैलीको नेपालमा बनेका मन्दिरहरूमा सवभन्दा विशाल मन्दिर यही देखिन्छ । मोटाइ र अग्लाइ, विस्तृत आँगन र त्यसलाई घेरेर बनाइएका धर्मशाला पनि अरू कुनै नेपाली मन्दिरहरूभन्दा निकै ठूला देखिन्छन् ।

यो मन्दिरको योजना साधारण छ । तीन पेटीमा विभाजित ढुंगाको केही अग्लै जगतीमाथि चौकोर निर्मित विशाल गर्भगृह छ । यो गर्भगृहको तला भित्रपट्टि सामान्य तलाभन्दा दोब्बर छ र पनि यसलाई बाहिरपट्टिवाट बीचमा कार्निस बनाई दुई तलाजस्तो बनेको देखाउन खोजिएको छ । गर्भ गृहमा चारैतिर चार ठूलठूला ढोका छन् । यस्ता चार ढोका २ तिर गरी चारै दिशामा जम्मा ८ आँखीझ्याल छन् । यी झ्याल ढोकाहरूमा काष्ठकलाको साधारण प्रयोग गरिएको छ । मन्दिरको मूलढोका पश्चिमतर्फ बनेको छ जसको सामु पेटीमा ३ ठूलठूला घण्टा झुण्डचाइएका छन् ।

गर्भगृहमाथि गर्भगृहजस्तै अलि सानो १ तला बनेको छ जसमा चारै दिशामा तीन खण्डमा विभाजित काठका झ्याल बनेका छन् जुनमा काठले बनेका आँखीझ्याल हालिएका छन् । यहाँ पनि काष्ठकलाको सामान्य

---

[1] यौटा वंशावलिमा 'विश्वरूप' को बयान गरी यसरी लेखिएको छः— श्री ३ महाराज जंगबहादुर राणाबाट धेरै तन्त्र बटुली ठूलो परिश्रम गरी ध्यान मिलाई नेपालभर कहीं नभएको मूर्ति दुनिया उद्धार होस् आफू पनि ईश्वरका चरणारविन्दमा भक्ति वृद्धि भै आफू र स्ववंश समेत उद्धार होस् भनी ईच्छाले विक्रम सम्वत १९२० सालमा कोटिहोम गरी प्रतिष्ठा कर्म पुऱ्याई अंगावरण सहित गरी स्थापना गरिदिएका हुन् यी परमेश्वरीमा तंत्रोक्त विधिले नित्य पूजा हुन्छ ····· ।—देवमाला वंशावलि, पृ. ७८–७९ ।

प्रयोग गरिएको छ । यस तलाका मास्तिर चार कुनामा साना कलशसमेतका देवल बनेका छन् । यसै तलामा पनि मूल झ्यालका दुईतिर २–२ गरी आँखीझ्याल बनेका छन् । जंगबहादुरलेनै बनाएका सत्यनारायण मन्दिरको तुलनामा यस मन्दिरमा धेरै झ्यालहरूको प्रयोगमा फरक देखिन्छ । यस तलामाथि ठूलो गोल गुम्बज छ र यसमाथि राम्रो र अग्लो खण्डे कलश थापिएको छ ।

गर्भगृहमा चाहिं भित्रपट्टि पूर्वतर्फको भित्तामा जोडी पश्चिम फर्काई झण्डै यस तलाको अग्लाइ जत्तिकै अग्लो र तलाको चौडाई जत्तिकै चौडा विशाल मूर्ति थापिएको छ । नेपालभरि मात्र हैन संसारमा पनि ढलोटको यत्रो विशाल मूर्ति शायदै कहीं होला । यस मूर्तिको कलात्मक आदि विशेषतावारे पछि विचार गरिने छ ।

यस मन्दिरको आँगनमा चार कुनामा चारवटा घण्टाकृति शिखर भएका साना-साना मन्दिर पनि थापिएका छन् । यी चार मन्दिरमा ढलोटका १. विष्णु २. राम, सीता र हनूमान् ३. शिव र ४. कृष्णका अति राम्रा मूर्ति थापिएका छन् । यिनका कलात्मक महत्त्वबारे खास विवरण त तल प्रस्तुत गरिने छ तर यहाँ यति कुरा भनिहाल्नु अति आवश्यक छ कि यस मन्दिरमा माथिको विवरणबाट ढलोटका मूर्तिहरूको सानतिनो दुर्लभ संग्रहालय छ भने हुने देखिन्छ (यहाँका सत्तलमा सिपाहीहरूको पालो राखिएको (?) देखदा यति भनिहाल्ने हिम्मत गरिएको हो । अनि आर्को खास महत्त्वपूर्ण कुरा त के भने यी ढलोटका मूर्तिहरूको निर्माणमा अनौठो र नौलो किसिमको नेपालीपन देखिन्छ जसलाई 'श्री ३ महाराज' जंगबहादुरको नेपाली कला-परम्पराप्रति यौटा महत्त्वपूर्ण देनको रूपमा लिन सकिन्छ ।

मूल मन्दिरमा झ्यालढोकाहरू जुन उराठलाग्दो किसिमबाट काष्ठ-कलाको प्रयोग भएको छ त्यसको साटो यसको आँगनलाई चारैतिरबाट घेरी बनाइएको दुईतले धर्मशालामा भने नेपाली काष्ठकलाको परम्परा धानिएको छ ।

५९. पाङ्चायन मन्दिर

काठमाडौं थापाथलीमा वाग्मतीको उत्तर किनारमा पुलको पूर्वोत्तर कुनामा घाटैनेर यौटा लामो चोकमा 'पाञ्चायन' मन्दिर रहेको छ ।

यो पाश्वायन मन्दिरको लामो दलानमा पूर्व कुनामा यौटा शिलालेख रहेको छ जङ्गबहादुरको । यसमा संस्कृत श्लोकै श्लोकमा जङ्गबहादुरको बयान गरिएको छ तर यसमा मिति लेखिएजस्तो लागेन । यो मन्दिरमा उपलब्ध अरू ऐतिहासिक प्रमाण जङ्गबहादुरको सेखपछिका देख्दा यो मन्दिर जङ्गबहादुरलेनै थापेको हो भन्ने अन्दाजी यसै शिलालेखको आधारमा गर्न सकिन्छ । यसरी यो शिलालेखको मितिको हाल वास्ता नराखे पनि यसको निर्माणको अन्तिम मिति ई. १८७७ राख्न सकिन्छ । यसपछि यहाँ रहेका घण्टाहरूमा देखिने लेखहरूमध्ये पहिलो रणोद्दीप राणाको देखिन्छ जसमा स. १९३८ (ई. १८८१) मा उनले 'इष्टदेवता' को प्रीति गरी यो घण्टा चढाएको कुरा लेखिएको छ । यहाँ रहेको अर्को घण्टामा चाहिं:—

> ''स्वस्ति श्रीसम्वत् १९३९ साल मिति वैसाष शुदी ३ रोज ५ मा श्रीपूर्व तर्फका कम्यांडिङ जनरल जितजङ्ग बहादुर राणाका श्रीमाहिला रानी मुङ्गकुमारीवाट श्रीपाश्वायन प्रीति गरि चढायाका धार्नि २६ ऽ को घण्ट १ शुभ्मभ ।''

लेखिएको छ । अर्थात् जङ्गबहादुरका एक जना छोरा जितजङ्गकी माहिली रानीले ई. १८८२ मा यो घण्टा चढाएको देखिन्छ ।

स्थानीय भनाइअनुसार जङ्गबहादुरका कुलकुटुम्बको इष्टदेवता र कुल-देवताको मन्दिर हो यो जहाँ आज पनि राणाहरू तिनको पूजा-आजाको लागि आउने गर्दछन् । रणोद्दीपको चर्चिसकिएको घण्टाको लेखमा त 'इष्ट-देवता' भनी चर्चिएकै पनि देखिन्छ ।

यो मन्दिरको निर्माण-योजना ज्यादै साधारण देखिन्छ । यौटा निकै लामो र चौडा क्षेत्रलाई तीनतिरबाट एकतले टहरोले घेरी उत्तरतर्फ लहरै लामो टहरो—जस्तो बनेको छ जो ५ साना-साना पूजा कोठामा विभाजित छ र दक्षिण फर्केको छ । ती ५ कोठामध्ये 'इष्टदेवता' र 'कुल-देवता' का दुई कोठा राम्रै सित बन्द गरिएका छन् अरू बाँकी ३ मा गणेश, भीमसेन, भैरव, देवी, सूर्य, कृष्ण, हनूमान, शिवलिंग र नृसिंहका मूर्ति थापिएका छन् । देवी र कृष्णका मूर्ति धातुका छन् र अरूचाहिं काला-काला ढुंगाका बनेका छन् । कलात्मकतामा यी सबै मूर्ति साधारणै किसिमका छन् । यी पूजाकोठाको दक्षिणतर्फ पूर्व-पश्चिम लमिएको लामो सेतो दलान छ ।

यस तलामाथि प्लाष्टरको छाना बनाई त्यसमाथि प्लाष्टरकै गुम्बजाकार ५ शिखर बनेका छन् ।

व्यक्तिगत उपयोगको लागि बनेको हुँदा यस मन्दिरको कलात्मकता-पट्टि खास ध्यान नदिइएको हुनसक्छ । तैपनि 'दर्बारिया' खालका मन्दिरहरूको निर्माण शैलीमा यसले यौटा नौलो रूप प्रस्तुत गरेको कुरा त स्पष्टै छ ।

६०–६४· पञ्चदेवल

पशुपतिको मन्दिरदेखि दक्षिणपट्टि चारैतिरबाट अग्ला अग्ला सत्तलले घेरिएको पञ्चदेवलको मन्दिर रहेको छ । योजना र वास्तुयोजनाको दृष्टिले यो मन्दिर निकै भव्य छ तर यसको स्थापना र व्यवस्था आदिको स्मारक शिलालेख-अभिलेख नदेखिएको हुँदा यसबारे विस्तृत कुरा थाहापाउन अलि अप्ठेरो परेको छ । तैपनि हाम्रा भाग्यले यहाँ रहेका पाँचै देवलमा अभिलेख लेखिएका घण्टा रहेकाले तिनका निर्माताको बारेमा छोटकरी कुरा थाहापाइन्छ ।

पञ्चदेवल नामबाटै पनि यो मन्दिर पांच मन्दिरहरूको समूह हो भन्ने बुझिन्छ । हुन पनि विशाल चोकमा बीचमा विशाल जगतीमाथि एकै शैलीका पाँच मन्दिर रहेका छन् । बीचको चाहिं आकारमा अरूभन्दा ठूलो छ तर अरू चार एकैनासका छन् ।

यी पांच देवल ४ अग्ला खुड्किलामा विभाजित निकै अग्लो र फराकिलो जगती (Plinth) माथि बनेका छन् । यो जगतीको उत्तर र दक्षिणतर्फ बीच बीच भागमा १०–१० ढुंगाका सीँढी बनाई तलमाथि गर्ने सजिलो बाटो बनाइएको छ । अब यी पांच मन्दिरहरूका घण्टाका अभिलेखमा के लेखिएको छ हेरौं ।

१. उत्तरपूर्वको कुनामा रहेको मन्दिरको पेटीमा ढुंगाको चौकोस-मा झुण्डचाइएको ठूलो घण्टामा लेखिएको छः—

मात्रर्थे स्थापितायाद्याद्यक्ष्यङ्केन्दुमिते शके ।
त्रैलोक्यविक्रमो घण्टम्महेशाय समर्पये ।। १ ।।

उक्त श्लोकमा पहिलो पाउमा जसरी शकसंवत्को उल्लेख गरिएको छ त्यो स्पष्ट छैन तर तल्लो हरपमा त्रैलोक्यविक्रमको नाम देखिनाले महाराजाधिराज सुरेन्द्रका छोरा युवराज त्रैलोक्यविक्रमले आफ्नी आमाको

नाउँमा यो मन्दिर बनाई यो घण्टा चढाएको कुरा भने स्पष्ट बुझिन्छ। इ. १८४७ मा जन्मेका त्रैलोक्य विक्रम ३१ वर्षको उमेरमा ई. १८७८ मा स्वर्गीय भएका थिए, यसैले यो मन्दिर ई. १८६० र ७० को बीचतिर बनेका अन्दाजी गर्न सकिन्छ ।

२. दक्षिणपूर्वको कुनामा रहेको मन्दिरको उत्तरपेटीमा रहेको घण्टामा तल सारिएबमोजिमको लेख लेखिएको छ:—

स्वस्थापितायेशायाब्दे नगाक्ष्यङ्कान्दुसम्मिते ।
राजेन्द्रविक्रमो घण्टां सुनिस्वाना समर्पये ।। १ ।।

अभिलेखो यो भनाइबाट राजेन्द्रविक्रम शाहले मन्दिर बनाई संवत् १९२७ (नग ७, अक्षि २, अङ्क ९, इन्दु १) (ई. १८७०) मा घण्टा चढाएको देखिन्छ । ई. १८१४ मा जन्मेका राजेन्द्र यो मन्दिर बनाउँदा सिंहासनच्युत भई नजरबन्द अवस्थामा रहेका थिए र त्यस्तै अवस्थामा ६७ वर्षको उमेरमा ई. १८८१ मा स्वर्गवासी भएका थिए । उक्त अभिलेखमा देखिएको मिति उनको स्वर्गवासभन्दा १० वर्ष अघिको देखिन्छ । घण्टा चढाएको मितिनै मन्दिर थापेको मितिको रूपमा पनि मान्नुपर्ने अन्दाज गर्न सकिन्छ ।

३. दक्षिणपश्चिम कुनामा रहेको मन्दिरको पूर्व पेटीमा रहेको घण्टामा लेखिएको अभिलेख तल सारिएबमोजिमको छ:—

श्रीविक्रमीय शरदि प्रमिते नगाक्षि—
नन्देन्दुभिः शिवमिहाद्य निवेदयामी
संस्थाप्य भक्तिविनता सु(र)राज्यलक्ष्मी—
श्चारुस्वरो सुरुचिरां निरवद्यघण्टाम् ।।

अभिलेखको यो भनाइबाट 'सुरराज्यलक्ष्मी' ले संवत् १९२८ (ई. १७८१) मा मन्दिर बनाई भक्तिसाथ राम्रो स्वर भएको घण्टा चढाएको बुझिन्छ । यहाँ यिनी सुरराज्यलक्ष्मीको खास परिचय दिइएको छैन तर यिनी महाराजाधिराज सुरेन्द्रकी माहिली बडामहारानी हुन् भन्ने अरू स्रोतबाट थाहापाइन्छ ।[1]

---

[1] आचार्य, बाबुराम, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका पछाड़ि जोडिएको 'गोर्खाराजवंशको वंशवृक्ष' बाट ।

४. उत्तरपश्चिमको कुनामा रहेको मन्दिरको दक्षिण पेटीमा रहेको घण्टामा लेखिएको अभिलेख तल सारिएबमोजिमको छ :

संवन्नगाक्षिनवचन्द्रमिते शिवस्य
लिङ्गम्प्रतिष्टिततरं विधिवद्विधाय ।।
घण्टामिमाम्भगवतोपि च देवराज्य-
लक्ष्मीः प्रमोदविधये विनिवेदयामी ।। १ ।।

'देवराज्यलक्ष्मी' ले विधिवत् शिवलिंग थापी भगवान्लाई घण्टा चढाएको विवरण उक्त लेखवाट बुझिन्छ । यहाँ पनि संवत् १९२७(ई. १८७०) को मिति दिइएको देखिन्छ । 'सुरराज्यलक्ष्मी' को अभिलेखमा झैं यहाँ पनि 'देवराज्यलक्ष्मी' को परिचय दिइएको छैन तर यिनी महाराजाधिराज सुरेन्द्रकी साहिंली बडामहारानी हुन् भन्ने थाहापाइन्छ ।[1]

५. बीचको मन्दिरको दक्षिण पेटीमा रहेको घण्टामा तल सारेबमोजिमको अभिलेख लेखिएको छः—

प्रतिष्ठायान्दिनेत्राङ्क भूमिते वैक्रमे शके
सुरेन्द्रविक्रमः शम्भुन्तस्मै घण्टान्निवेदये ।। १ ।।

यस अभिलेखमा महाराजाधिराज सुरेन्द्रले मन्दिरको प्रतिष्ठा गरी घण्टा चढाइएको कुरा छोटकरीमा बताइएको छ । यसमा पनि मिति लेखिएको स्पष्ट छैन तर यो मन्दिर संवत् १९२७ (ई. १८७०) मैं थापिए जस्तै लाग्दछ ।

यसरी यो पंचदेवलका पाँच मन्दिरको निर्माण राजेन्द्र, सुरेन्द र त्रैलोक्यका तीन पुस्ता र सुरेन्द्रका २ महारानीका नामबाट बनेका देखिन्छन् । सुरेन्द्रका जेठी महारानी त्रैलोक्यराज्यलक्ष्मीका[2] नाउँमा उनका छोरा युवराज त्रैलोक्यद्वारा मन्दिर बनाइएको बुझिन्छ । केही अभिलेखमा मिति स्पष्ट देखिए पनि व्यावहारिक रूपमा यी पाँचै मन्दिर संवत् १९२७(ई. १८७०) मै बनेका देखिन्छन् । योटै योजनामा योटै शैलीमा बनेका हुनाले पनि यो कुरो स्पष्ट हुन्छ ।

---

१. आचार्य, बाबुराम–श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनीका पछाडि जोडिएको 'गोर्खाराजवंशको वंशवृक्ष' वाट ।
२. ऐजन ।

यो पंचदेवलको योजनाबारे माथि विचार गरिसकिएको छ। शैलीको दृष्टिबाट यी पाँचै देवल 'राजपूत' शैलीमा बनेका छन् र जस्तो माथि बयानिसकिएको छ कि बीचको चाहिं अरू चारभन्दा निक्कै ठूलो छ। माथि हामीले यो मन्दिर महाराजाधिराज सुरेन्द्रको नाउँमा बनेको भनी भनिसकेका छौं। सिंहासनासीन महाराजाधिराजको नाउँमा बनेको हुनाले अरूभन्दा यो चाहिं ठूलो बन्नु स्वाभाविक पनि छ। यीटै योजनामा विशाल जगतीमाथि पाँच-पाँच मन्दिर बन्नु यसको खास विशेषता हो र यसको निर्माण महाराजाधिराजका तीन पुस्ताले गर्नुमा चाहिं यसको ऐतिहासिक महत्त्व छ। यसको आर्को विशेषताचाहिं मन्दिरको आँगनको चारैतिर विशाल धर्मशाला बन्नुमा पनि जसको सामाजिक सम्बन्ध त स्पष्टै छ। तर, यत्रो निर्माण गरेर पनि यसको संस्मरणमा शिलालेख नराखिनु यसको ठूलो अभाव हो जसको व्याख्या तत्कालीन राजनीतिक परिस्थितिले नै गरेको बुझिन्छ।

उक्त पाँचै मन्दिरमा बाणलिंग थापिएका देखिन्छन् तर तिनको पूजाआजाको राम्रो व्यवस्था हाल नदेखता र अभिलेख नभएको थितिमा यसको गुठीको व्यवस्था स्थापनाको समयमै गरिएको थियो वा थिएन केही भन्न सक्ने स्थितिमा हामी छैनौं।

पंचदेवलको आर्को ऐतिहासिक महत्त्व यस कुरामा पनि देखिन्छ कि सं. २०२८ साल अघिका शाहवंशी महाराजाधिराजहरूबाट थापिने मन्दिरहरूमा यो सबभन्दा अन्तिम र सबभन्दा ठूलो योजनाको रहेको देखिन्छ। युवराजाधिराज त्रैलोक्यको असामयिक स्वर्गवास भएपछि उनका नाबालिग छोरा पृथ्वीवीरविक्रम, अनि पृथ्वीपछि त्रिभुवन पनि नाबालिग अवस्थामै सिंहासनासीन हुँदा तत्कालीन राणा-प्रधानमन्त्रीहरूको राजनीतिक महत्वको स्थितिमा उक्त तीन महाराजाधिराजहरूबाट मन्दिर वनाउने परिस्थिति पनि पाएका हैनन्। श्री ५ महेन्द्रबाट नयाँ मन्दिर वनाउने साटो पुरानै मन्दिरहरूको सुव्यवस्था प्रति ध्यान गएको थियो जुन नीतिको परिपालना महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट भइरहेको छ। यसमा समयको माग पनि यौटा तथ्यको रूपमा हाम्रो सामुन्ने आउँछ कि ७ सालपछिको युग आर्थिक विकासतर्फ ध्यान केन्द्रित भएको युग हो र यसैले मन्दिरै मन्दिरको देशमा अरू मन्दिर थप्नु भन्दा पुरानैको स्थिति सम्हालनतिर ध्यान जानु यौटा स्वाभाविक अभिव्यक्ति हो।

६५. रामचन्द्र मन्दिर

काठमाण्डूमा बत्तीसपुतलीमा सडकदेखि दक्षिणपट्टि रहेको सानो थुंकोमा यौटा निकै ठूलो 'दरबारिया' खालको मन्दिर रहेको छ। मन्दिरको पूर्व पेटीमा ढुंगाको सानो अर्को पेटी थपी ढुंगाकै सादा चौकोसमा झुण्ड्याइएको बेलबुट्टाले भरिभराउ भएको घण्टाको किनारामा लेखिएको लेखले यस मन्दिरको परिचय सुरक्षित गरेको छ। त्यसमा लेखिएको छः—

।। श्री ।। शाके अक्षिनवादिचन्द्रमिलिते पुण्येतिरम्ये शुभे
देशे नेमुनिपालिते सुमतिना श्रीरामसंप्रीतये ।।
घन्टासुस्वरसंयुता सनर्कसिहेनातिरम्या शुभा
तेनेयं रचिता स्थिरा चिरतरं श्री रामपादार्पिता ।। १ ।।
मानयन्तु सुधियः स्वरामिमां
नश्यन्तु पथिजः श्रमापदाम् ।।
भावयन्तु यशसा स्थिरायतां
मोदयन्तु विवुधाश्चिरायताम् ।। × ।। × ।। × ।।

यस लेखमा अस्पष्ट मिति दिई (शायद अशुद्ध रचना छ) सनर्कसिह भन्ने व्यक्तिले रामलाई घण्टा चढाएको कुरा लेखिएको छ। मन्दिरकै आँगनमा उत्तरपट्टि ३ विस्तृत शिलालेख पनि रहेकाले मन्दिरको परिचय पाउन हामीलाई सजिलो परेको छ। यौटा शिलालेखमा यस मन्दिरको स्थापनाको मिति र व्यवस्था बाँधिएको कुरा लेखिएको छ। जसमा मन्दिर निर्माणबारे लेखिएको छः—

> "स्वस्ति श्री शालीवाहनीय शाके १७९३ श्रीविक्रमादित्य संम्वत् १९२८ वैशाखशुक्ल सप्तमीका दिन कौशिकगोत्रस्य कौशिकदेवराज विश्वामित्र त्रिप्रवरस्य शनक्सींहनामध्येयस्य मम सकलपरिवारसहितस्य श्रुतिस्मृति पुराणोक्त फलप्राप्त्यर्थं सकलपापक्षयपूर्वक अर्थ धर्म काम मोक्ष वैकुण्ठलोक परमपद प्राप्ति भै मुक्ति हुँ भन्या कामना गरि काठमाडौंका अम्बल्मध्ये देउपाटन् बत्तिसपुतलि थुम्कामा श्रीरामचन्द्र श्रीसिता श्रीलक्ष्मण श्रीभरथ श्रीसत्तुघ्न श्रीहनुमान् श्रीपाश्वायण सहित् संयुक्त गरी स्थापना गर्‍यां।"[१]

---

[१] यो अभिलेखको अपूरो अंश श्रीनयराज पन्तले रूपरेखा, १५७ नौं अंकका ३६–३७ पृष्ठमा प्रकाशित गर्नु भएको छ।

उक्त उद्धरणबाट यो रामचन्द्रको मन्दिर सनकसिंह भन्ने व्यक्तिले थापेको थाहापाइन्छ र यसको स्थापना ई. १८७१ मा गरिएको हो भन्ने पनि बुझिन्छ । यो मन्दिरमा 'रामपरिवार' का छ देवता र पाञ्चायनसमेतको स्थापना गरिएको कुरा त्यसै सन्दर्भबाट बुझिन्छ । अभिलेखमा अलि पछि गएर 'हामि कम्यांडर कर्णेल शनक्सींह टण्डन लाहुरी क्षत्री' भनिएको हुंदा यी दाता ठूलै पदाधिकारी देखिन्छन् । आर्को सन्दर्भबाट[1] ई. १८३९ मा जङ्गबहादुरले यिनै सनकसिंहकी बहिनीसग बिहे गरेको कुरा थाहापाइनाले यो मन्दिर र यसको आँगनमा पछि थपिएका अरू मन्दिरहरूको व्यवस्थाको लागि यिनै दाताले जम्मा ३७३ ।।३ रोपनी जग्गासमेत[2] गुठी राखिदिएको कुरा पनि थाहापाइन्छ । यसरी आफ्नो पद र मर्यादाको अनुकूल सनकसिंहले मन्दिरको राम्रो गुठी बाँधिदिएको देखिन्छ ।

यस मन्दिरको शैलीगत स्वरूपचाहिं खास 'राजपूत' वा 'दरवारिया' देखिन्छ तैपनि यो अत्यन्त विचित्र खालको छ । योजना र शैलीमा यसको जस्तो आर्को उदाहरण अरू कतै होला जस्तो लाग्दैन ।

ईंट र ढुंगाले बनेको १। हात जति अग्लो पूर्व पश्चिम अलि लमिएको पेटीमाथि यो मन्दिर बनेको छ । गर्भगृहको वाहिरपट्टि चारैतिर मन्दिरभित्रै प्रदक्षिणापथ वा दलान बनेको छ जो निकै चौडा छ । उत्तर-दक्षिणका दलानमा ६–६ ओटा काठका खाँबा राखिएका छन् तर उत्तर-पट्टिकोमा खाँबाको लहरैमा काठका अलंकृत बार (जंगला) पनि राखिएको छ जो २ हात जति अग्लो छ । पश्चिमपट्टि दलान त बनेकै छ र पूर्वमा जस्तै ४ खाँबा पनि छन् तर यतापट्टि गर्भगृहको ढोका बनेको छैन । प्लाष्टरका बन्द ढोका (False doors) बनेका छन् । गर्भगृहका तीनतिरका ढोकामा प्रयोग गरिएका चौकोसका गोल खाँबामा केही सादा बुट्टाबाहेक अरू प्रभावशाली काष्ठकला छैन ।

गर्भगृहका चारै दिशामा दलान बनेको कुरा त माथि लेखिसकिएकै छ र प्रत्येक कोणमा गरी ४ कुनामा त भित्तानै बनेको छ जो मन्दिरको मूल योजनाको अंग हो । यस्ता चार कुनाका वाहिरी भित्तामा

---

[1] पद्मजंगको 'लाइफ अफ जङ्गबहादुर', पृ. २०.

[2] यसमध्ये ४६ रोपनी खेत सनकसिंहले सरकारबाट पाएको कुरा शिलालेखमै लेखिएको छ ।

ठूल्ठूला बन्द ढोका (False door) १–१ बनेका छन् । यिनैमाथि कार्निस बनेको छ माथिल्लो तलासँग जोरिने गरी । यसपछिको तलामा चार कुनामा बुर्जा जस्तो बनेको छ जसमा प्लाष्टरको पाटा पारेको र माथि अलि लाम्चो शिखर बनेको छ त्यसैमाथि साना-साना घण्टाकृति शिखर र त्यसमाथि कलश थापिएका छन् । यही तलामा मूल गर्भगृहको सोझैमाथि गुम्बजाकार लाम्चो शिखर छ तर शिखर थालिने भागदेखि बुर्जासम्मको भागमा खुला कौसी बनाएको छ । यो मूल शिखर पनि तीन ओटा बनेका छन् जुनमा १–१ ओटा सुनौला गजूर थापिएका छन् । चर्चिएको माथिको कौसीमा हिजाज जस्ताको छाना हाली गृहस्थहरूले आवासगृह बनाई निवास गरिरहेका छन् ।

माथि वयानिसकिएको गर्भगृहबाहिरको बन्द प्रदक्षिणापथमा बुर्जामुन्तिर पर्ने चार कुनामा देवताका मूर्तिहरू थापिएका छन् साना-साना पूजास्थल बनाईकन । तिनमा:—

१. पूर्वोत्तर कुनामा शिव
२. दक्षिणपूर्व कुनामा गणेश
३. दक्षिणपश्चिम कुनामा सूर्य

४. पश्चिमोत्तर कुनामा भगवतीका मूर्ति थपिएका छन् । यिनैलाई उद्धृत शिलालेखमा 'पाञ्चायन' भनिएको हुनुपर्दछ जसमध्ये एक विष्णु त मन्दिरमा रामचन्द्रको अवतारको रूपमा थापिएको छँदै छ ।

भित्र गर्भगृहमा चाहिँ पश्चिमपट्टिको भित्तामा जोडेर गर्भगृहको चौडाईभरिनै लामिएर बनेको अग्लो चौडा वेदिकामाथि लहरै कालो ढुंगामा बनेका राम आदिका ५ मूर्ति थापिएका छन् । ती मूर्तिका वरिपरि र मास्तिर धातुका बनेका लतागुल्म र नागका जीउ र फणा बनेका छन् जुन सुनौला बनेका छन् र हालसम्म पनि झल्झल झल्किरहेकै छन् ।

मन्दिरको पूर्वपट्टि ढुंगाका ६ सीढी बनेका छन् र सीढीकै सामुन्नेपट्टि आँगनमा तीन तले वेदिका बनाई त्यसमाथि ढुंगाको जलहरीमा हनूमान्को अग्लो ढुंगाको मूर्ति थापिएको छ । यसलाई धातुका झल्लरी छाता पनि ओढाइएको छ ।

मन्दिरको चारैतिर आँगनलाई ठाउँ छोडी २–२ तले सत्तल बनेका छन् । यिनमा प्लाष्टरको पनि केही प्रयोग गरिएको छ । हाल उत्तरपट्टिको

सत्तल खत्तम भैसकेको छ र बाँकी रहेका अरू पनि जीर्ण अवस्थामा रहेका छन् । यी सत्तलका अङ्गका रूपमा प्रयोग गरिएका काठहरूमा कलाको केही रूप पनि देखिन्छ ।

बयानिएका सत्तलकै लङ्मा चारैतिर गरी प्लाण्टरकै बनेका 'गुम्बजाकार' साना-साना खालका १० ओटा मन्दिर पनि बनेका छन् जुनमध्ये ९ मा शिवलिंग र यौटामा विष्णुको मूर्ति थापिएका छन् । यिनमा नाम र निर्माणकालबारे भिन्नै शीर्षक अन्तर्गत विचार गरिने छ ।

यसरी उन्नाईसौं शताब्दीका एक प्रख्यात व्यक्ति सनकसिहको सांस्कृतिक देनको पत्तो लाग्दछ जसमा आफ्नै सम्पत्तिको धेरै भाग (३२७।।३ रोपनी) र सरकारबाट समेत पाएको योगदान (४६ रोपनी) बाट ३७३ रोपनी जग्गाको समेत गुठी राखिएको देखिन्छ । यसरी हेर्दा सम्पन्न देखिने यो मन्दिर हिजाज एकलासमा परेकोले पनि होला बिरानो र फुङ्ङ उडेको स्थितिमा रहेको देखिन्छ ।

६६. सत्यनारायण

काठमाडौं शहरको दक्षिणपट्टि बाग्मतीको उत्तर किनारामा कालमोचन घाटमा रहेको यो मन्दिरले केही वंशावलिहरूमा पनि प्रतिनिधित्व पाएको छ । यसको आफ्नो तर्फबाट विवरण प्रस्तुत गर्नुअघि त्यस्ता विवरण यहाँ उद्धृत गरिन्छ ।

> एकथरी वंशावलिमा यसको विवरण तल सारिएबमोजिम लेखिएको छ–
>
> श्री ३ महाराज जङ्गबहादुर राणाबाट विक्रम सम्वत् १९३१ सालमा कालमोचन देखी माथि पूर्वतिर अति लामो घाट र चौघरा सतल ठूलो देशि काइदाको देवालय बनाई ओं श्री सत्यनारायण लक्ष्मी सरस्वती समेत प्रतिष्ठा स्थापना गरी मन्दिरको माथि ४ कुनामा सुनले मोलम्वा गरी सिहहरू ४ र मन्दिरका पूर्वपट्टि ठूलो लामो सिलाको खम्वा गरी सोही खम्वामा आफूले गरेको किमतको बयान सबै लेखी सुन्को मोलम्वा आफ्नु मूर्ति खम्बा माथि स्थापना गरी फकीर उदासी महन्तहरूको मठ समेत वनाई सदावर्त हण्डीलाई गुठीलाई धेरै खेत राखी दिए।। यस घाटमा उदासीको अखडा १ दशनामीको अखडा १ वैरागीको अखडा १ जम्मा ३ अखडामा बस्ने महन्तहरू उदासी वैरागी दशनामि फकीर र फक्कडाहरूलाई रोज भण्डार के शिवरात्रीमा आउने जतिलाई समेत

भण्डाराके प्रसस्त गुठि राखी दिएकोले यस घाटमा शिवरात्री ४।५ दिन अघि ६।८ दिनपछि परदेशी फकीरहरूको ठूलो माहात्मा आई बस्छ ठूलो भण्डारा हुन्छ ।।[1]

यसै गरी आर्कोमा लेखिएको छ :—

> (जंगले) फेरि कालमोचनमा पनि ठूला देवालय बनाई धातुका श्रीलक्ष्मी नारायणको मूर्ति स्थापना, घाट चौघडा बनाई अघि टुंडीखेलमा राख्याका सिंहहरू ४ रै आपना सालिकसमेत ल्याई देवालयका चारै कुनामा राखी आपना सालिक अघिल्तिर खम्बामा राखिदिया ।[2]

वंसावलिहरूमा यसरी बयानिएको यो मन्दिरमा पूर्वतर्फको माथि पेटीमा रहेको घण्टामा लेखिएको अभिलेखअनुसार 'संवत् १९३१ साल' मा 'कालमोचन घाटमा' जङ्गबहादुरले 'श्रीविष्णु' को स्थापना गरेको थाहापाइन्छ ।[3] अर्थात् जङ्गबहादुरले यो मन्दिर ई. १८७४ मा बनाएको थाहापाइन्छ । मन्दिरको सामुन्ने पूर्वपट्टि गरुडको पछाडि जङ्गबहादुरको सालिक रहेको ढुंगाको खाँबोमा पनि लामो अभिलेख (सं. १९३१ कै) त छ तर त्यसमा उनको आफ्नै राजनीतिक कार्यहरूको बयान गरिएको छ, मन्दिरको बारेमा केही पनि लेखिएको देखिंदैन ।

यो विशाल मन्दिर (हेर्नू चित्र संख्या २१, २२) 'राजपूत' शैली अथवा वंशावलिको माथि उद्धृत भनाइअनुसार 'देशी काइदा' को बनेको छ । यो मन्दिरको शैली र योजनामा जङ्गबहादुरले नै ७ वर्ष अघि (सं. १९२४) बनाएको विश्वरूप मन्दिरसँग धेरै समानता देखिन्छ तैपनि यसमा केही अरू विशेषता थपिन गएका पनि छन् जुनले यसलाई निकै भव्य रूपमा प्रस्तुत गरेका छन् ।

यो मन्दिरको योजना नै विशाल छ (योजनाको मोटामोटी रूपरेखाको निम्ति हेर्नुस् (चित्र २१) यौटा फराकिलो चौकोर चोकमा

---

[1] देवमाला वंशावलि, पृ. ८०.

[2] प्राचीन नेपाल, ६. पृ. २६.

[3] एक जना इतिहासकारले यस मन्दिरको नाम 'जंगहिरण्य हेमनारायण' लेखेका छन् । (ढुण्डिराज भण्डारी, नेपालको ऐतिहासिक विवेचना, पृ. २८४) ।

बीचमा यो विशाल मन्दिर खडा छ । मन्दिर ढुंगाको बनेको अग्लो चौको जगतीमाथि बनेको छ । यो जगती तीन अग्ला पेटीमा विभाजित छ र तेस्रो जगतीमाथिबाट मन्दिरको खास जग शुरु हुन्छ । तल चोकबाट माथि मन्दिरसम्म पुग्न जगतीको बीचबाट पूर्वतर्फ ढुङ्गाका १५ खुड्किलाको सीढी बनाइएको छ ।

यहाँ सबभन्दा पहिले हामी जगतीको सबभन्दा मुन्तिरको पेटीदेखि विचार गर्दै जाऔं । यो पेटीमा मन्दिरको चारै दिशामा साना ढुङ्गाका चौकोर गर्भगृह, ढुङ्गाकै सानो छाना र ढुंगाकै गोल र मास्तिर अलि चुच्चो परेका एक्कैनासका साना 'मन्दिर' पनि थापिएका छन् । हरेक दिशामा अलिकति फरकमा २–२ ओटा र हरेक कुनामा गरी यहाँ पेटीमा यस्ता 'मन्दिर' जम्मा १२ ओटा बनेका छन् । यिनको मुख भित्तापट्टि अर्थात् मूल मन्दिरपट्टि फर्केको छ र यिनमा विविध किसिमका साना र राम्रा ढुङ्गाका मूर्ति थापिएका छन् । हाल यिनमा अघि थापिएका अधिकांश मूर्ति 'हराइसकेका' छन् तर केहीमा भने अझ देखिदैछन् तर ती पनि भाँचिएका र बिग्रिएको अवस्थामा छन् । यौटा-दुईटालाई छोडी यी मूर्ति केका हुन् भन्न अप्ठेरै पर्दछ—अर्थात् यी मौलिक किसिमका छन् । साना मन्दिरहरूको यो योजना नेपाली धार्मिक वास्तुकलाको इतिहासमा यौटा नौलो प्रयोग हो र यसले गर्दा मन्दिरलाई निकै प्रभावशाली बनाइदिएको छ ।

बीचको पेटीमा केही थापिएको छैन । सबभन्दा माथि पेटीमा गर्भगृहको बाहिर देब्रेपट्टि ढुंगाको राम्ररी चिप्ल्याइएको र विविध किसिमका अलंकरण चित्रले सुसज्जित चौकोसमा यौटा ठूलो घण्टा झुण्ड्याइएको छ । यसमा सवत् १९३१ को मितिको संस्कृत र नेपालीको लामो अभिलेख पनि लेखिएको छ जो त्यसै अभिलेखअनुसार ३११ धार्नी र १ पाउ गह्रुंगो छ र 'लफ्टन् कर्णेल प्रभूरामविष्ट' मार्फत बनाइएको थियो भन्ने थाहापाइन्छ ।

घण्टाको अभिलेखमा 'विष्णु' भनिएको तर बोलीचालीमा सत्यनारायणको नामले कहलिने यो मन्दिर रणबहादुर शाहले बनाएको जगन्नाथ, भीमसेन थापाले बनाएको भीमभक्तेश्वर र माथबरले बनाएका भीममुक्तेश्वर र रणमुक्तेश्वर र आफैं जंगबहादुरले बनाएको विश्वरूप जस्तै 'राजपूत', 'गुम्बज' वा 'देशी काइदा' मै बनेको 'प्लास्टर' ले छोपेर बनाएको मन्दिर हो । 'राजपूत' भने पनि यहाँ जति मन्दिर, यस शैलीमा शाहकालमा बने,

तिनमा एकरूपता नभई अनेक कुरामा विविधता पनि देखिन्छ। त्यस्तै विविधतामा यस मन्दिरको खास विशेषता रहेको देखिन्छ। यसको गर्भगृहको अग्लो तलामा चारैतिर एकैनासको योजना गरिएको छ। अग्लो र फराकिलो काठको चौकोस र खापा भएका ढोका, ढोकाका दाहिने र देब्रे गरी तल २ र माथि २ गरी ४ आँखी झ्याल र ढोकाको सोझैमाथि १ समेत गरी यस खण्डमा जम्मा ५ ओटा काठका आँखी-झ्याल बनेका छन्। यसरी यो खण्डमा चारैतिर गरी ४ ढोका र २० आँखीझ्याल छन्। ढोकामा काठको चौकोसमा काष्ठकलाको सादा प्रयोग गरिएको छ तर खापामा भने विष्णु र लक्ष्मीका अग्ला मूर्ति विविध चित्रांकनका साथ बनेका छन् जुनले यस विशाल 'देशी काइदा' को अनौठो वातावरणमा कलात्मकता थपिदिने काम गरेका छन्।

गर्भगृहको यो तलामाखि ठूलो र चौडा कार्निस बनाइएको छ। यसैमाथि तल्लो खण्डको भन्दा सानो एक चौकोर तला बीचमा बनेको छ। यो खण्डमा चारैपट्टि बीचमा भित्तामा योटा सानो 'पोर्च' जस्तो जोडिएको छ जसका अघिल्तिर दुईटा ढुगाका खम्बाले माथिको यसैको सानो शिखरलाई अडचाएका छन्। यसमा उक्त दुई खम्बाका बीचमा प्लाष्टरकै सानो आँट पनि बनाइएको छ। यसको पनि सानो कार्निस र त्यसमाथि प्लाष्टरकै गोलो घाँटीमाथि गुम्बज छ र त्यसमाथि सानो धातुको क़लश छ।

तल्लो तलाभन्दा यो माथिल्लो तला सानो बन्दा माथिल्लो खण्डमा चारैतिर जति भाग खाली देखिन्छ त्यसको उपयोग यहाँ बडो राम्ररी गरिएको छ। यहाँ चारै कुना-कुनामा ढलोटका अजङ्का र भयानक सिंहका अति राम्रा मूर्ति झम्टिन लागेको वा हाम्फाल्न लागेको अवस्थामा अगाडिपट्टिका दुई खुट्टा उजाएको स्थितिमा राखिएका छन्। प्लाष्टरले सेताम्मे पारिएको मन्दिरको पृष्ठभूमिमा सुनौला ढलोटका यी सिंहका मूर्तिहरूको उपस्थितिले मन्दिरको प्रभावमा ज्यादै वृद्धि ल्याइदिएको छ। यसै योजनाले गर्दा मन्दिरलाई 'राजकीय' प्रभाव पनि प्राप्त भएको हामीलाई अनुभव भएर आउँछ।

यो दोस्रो खण्डमा बीचको 'पोर्च' को दुईतिर 'बन्द ढोका' (False door) का २ अग्ला आकृति पनि बनेका छन्। यसमाथि तल्लो तलाकै जस्तो 'कार्निस' बनेको छ। यसमाथि बीचमा गोलो घाँटी भएको

गुम्वज बनाइएको छ—जसमाथि प्लाष्टरकै घण्टाकृति जस्तो सानो शिखर छ र त्यसमाथि सुनौला कलश थापिएका छन् जसबाट मुन्तिर झरी फेरि टाउको उजाएका धातुका नागका ४ फणा चारैतिर बनेका छन् । यो गुम्वज र तल्लो खण्डको चौकोर सिरानको अन्तरबाट कुनामा जति ठाउँ खाली हुन आएको छ त्यसमा चारै कुनामा प्लाष्टरकै साना गोल आकृतिका ४ 'मन्दिर' थापिएका छन् जुनमा मूल मन्दिरकै गुम्बजको अनुकृतिका साना गुम्बज हाली साना कलशसमेत थापिएका छन् यसरी यो मन्दिरको स्वरुप रहेको छ ।

जङ्गबहादुरले बनाएका अरू मन्दिरहरूमा झैं यस मन्दिरको विशाल आँगनमा पनि अरू साना मन्दिर बनेका छन् । आँगनमा मूल मन्दिरको चार कुनामा पारी चार मन्दिर प्लाष्टरकै बनाइएका छन् । सानै भए पनि यिनको योजना बडो राम्रो भएकोले एक किसिमले भन्ने हो भने मूल विशाल मन्दिरभन्दा यी ४ मन्दिरको कलात्मकता तारीफलायक देखिन्छ । यिनको खास विशेषता ढुंगाको अष्टकोणात्मक जगती बन्नुमा छ र गर्भगृह पनि अष्टकोणात्मकै छ । यसरी 'अष्टकोणात्मक' बनेको प्लाष्टको गर्भगृहमा हरेक कोणमा अलंकृत गोला ग्रीक खालका खम्बा–बन्दढोका (False door) र बीचमा ढुङ्गाका आँखीझ्याल बनेका छन् । यसको सिरानमा अलंकृत कार्निस र त्यसमाथि अष्टकोणात्मक रूपकै ग्रीवा बनेको छ त्यसमाथि झण्डै झण्डै अष्टकोणात्मक हुन खोजेको कमलको नफुकेको फूलको आकारको गुम्बजको शिखर बनेको छ । यहाँ ग्रीवामा ठाउँ सानो भए पनि त्यसलाई रमणीय पार्न साना प्लाष्टरकै गोल खम्बा लहरै चारैतिर बनेका छन् । गुम्बज जस्तो शिखरमा मुन्तिर किनारामा चाहिं प्लाष्टरमै तालपत्र जस्तो अलंकृत पातहरू लहरै बनाई त्यसमाथि कलशनेरैसम्म अलख-अलख जस्तो बनाई यो शिखरलाई अति रमणीय पारिएको छ । यस किसिमका यी चार मन्दिर पूर्वतर्फ फर्केका छन्–अर्थात् यतैतिर साना ढोका बनेका छन् । यी मन्दिरभित्र हाल काला ढुंगाका निकै अग्ला र चौडा सिंहासन बनेका छन् जहाँका १ मूर्ति पनि आफना ठाउँमा छैनन् अर्थात् चोरिइसकेका छन् । तर यी मन्दिरका ढोकासामुपट्टि आँगनमा ढुंगाका साना खाँबामाथि ढुंगाकै निकै राम्रा गरुडका मझौला हात जोडेका मूर्ति थापिएका देख्दा यी चारै मन्दिरमा 'विष्णु' वा उनका विविध रूपका मूर्ति अघि थापिएका थिए भन्ने अन्दाजी चाहिं गर्न सकिन्छ । तर ती मूर्ति ढलोटका

थिए वा ढुंगाका थिए केही भन्न गाहारै छ ।[1] यी ४ साना मन्दिरको आर्को विशेषताचाहिं ढोकामा चिप्लो पारिएको खैरो–खैरो ढुंगाका तोरण राख्नुमा छ । जुनमा तल दुईतिर ढोकाका संघारनेर १–१ राम्रा मूर्ति बनाउनुमा छ ।

आँगनमा यति ४ मन्दिरबाहेक मुख्य मन्दिरका उत्तर र दक्षिणपट्टि १–१ गरी गर्भगृह तेलिया ईंटका बनेका साना चौकोर २ मन्दिर फेरि बनेका छन् । उत्तरपट्टिको मन्दिर शिवको हो जसको सामुपट्टि सानो साँढे पनि थापिएको छ । अनि दक्षिणपट्टिको यस्तै मन्दिरमा गर्भगृहमा भित्तातिर बनेको ढुंगाको पेटीमाथि शिवलिंग र देवीको ढुंगाको सानो मूर्ति पनि रहेका छन् । यी दुवै मन्दिरमा चौकोर गर्भगृहमाथि प्लाष्टरको गुम्बज शिखर छ र त्यसमाथि घण्टाको जस्तो आकृति परेको सानो आर्को शिखर थपी त्यसमाथि कलश थापिएको छ ।

मन्दिरको सामु पूर्वपट्टि आँगनमा ढुंगाको केही अग्लो चौकोर वेदिकामाथि गरुडको विशाल ढलोटको अति राम्रो हात जोडिरहेको मूर्ति मन्दिरपट्टि (पश्चिमपट्टि) फर्काएर थापिएको छ । गरुडको आसन पनि धातुकै कमल छ । गरुड यौटा घुंडा मारेर बसेका छन् तर तिनको बस्ने ठाउँमा धातुकै यौटा अलंकृत गोलाकार बुट्टा पनि राखिएको छ जसले आफ्नो अभावमा त्यो ठाउँ खाली देखाई प्रभावमा केही कमी अवश्य आउने थियो । यो धातुको मूर्ति अत्यन्त प्रभावशाली बनेको छ ।

गरुडको पछाडिपट्टि नजीकै चिप्लाइएको ढुंगाको मोटो र निकै अग्लो खाँबो थापिएको छ जसको सिरानमा कमल बनेको छ । यही कमलमाथि ढलोटको सुनौलो जङ्गबहादुरको अग्लो र उभिएको मानिसजस्तै (आदमकद) सालिक थापिएको छ । जङ्गबहादुर यहाँ राजसी ठाँटमा हात-हतियार समेत लिई 'श्रीपेच' समेत लगाई हातजोडी उभिएका छन् । सालिक पछाडिपट्टिबाट यौटा डाँठ सालिकको टाउकोनेरसम्म पुऱ्याई धातुकै बनेको छाता पनि हालिएको छ । यो खाँबोमा जंगबहादुरका राजनीतिक सफलताका गुणगान नेपाली गद्यमा गरिएको छ र यो सालिक महाराजाधिराज सुरेन्द्रद्वारा थाप्न लगाएको कुरा पनि लेखिएको छ । यो सालिक अघि

---

१. यी सिंहासनका पछाडिपट्टि धातुले बनेका 'लतागुल्म' अझै देखिदै छन् यसैले यहाँका मूर्ति धातुकै होलान् भन्न पनि सकिने देखिन्छ ।

टुँडीखेलमा रहेको र यो मन्दिर बनेपछि यहाँ ल्याएर राखिएको थियो । यो खम्बा ढुंगाको ठूलो कछुवामाथि उभ्याइएको छ ।

यस मन्दिरको आँगनलाई घेरी अघि धर्मशाला बनेको देखिन्छ तर हाल त्यसमा धेरै फेरफार भएको र पूर्वोत्तर कुनाको त पाताल भैसकेको देखिन्छ । हाल पश्चिम र दक्षिणतर्फ रहेका धर्मशालाका लङमा बाहिर र भित्र दुवैपट्टि काष्ठकलाका विविध उदाहरणले सजिएका झ्याल र ढोका देखिन्छन् । यिनको कलात्मकता र विविधताको त बयान गरिसाध्ये छैन ।

गर्भगृहमा चाहिं ढुंगाको ठूलो सिंहासनमा लक्ष्मी र नारायणका ढलोटका राम्रा मूर्ति थापिएका छन् जुनको खास बयान पछि मूर्तिकलाको सन्दर्भमा गरिने छ । वास्तवमा भनौं भने शाहकालमा मन्दिरहरूमा ढलोटका मूर्ति थाप्ने यौटा नयाँ लहरै आएको देखिन्छ जसको एक आर्को उदाहरण त जंगवहादुरलेनै बनाएको विश्वरूपमा देखिन्छ जहाँ ढलोटका थुप्रै मूर्ति थापिएका छन् । शाहकालअघिका ढलोटका मूर्ति त पाइएका छन् तर मन्दिरमा पूजित अवस्थामा छँदै छैनन् भने हुन्छ । केही वौद्ध विहारहरूमा ढलोटका बुद्धका मूर्ति पूजिएका अवस्थामा त देखिन्छन् तर तिनको आर्कै किसिमको विशेषता छ । सनातनी हिन्दू मन्दिरहरूमा जङ्गबहादुरले थापेका यी सत्यनारायण र विश्वरूप मन्दिरको यस रूपमा कति ऐतिहासिक कलात्मक महत्त्व छ भन्ने कुरा शब्दमा बयानिरहनु परोइन ।

यस मन्दिरको यतिमात्रै विशेषता हैन । मन्दिरको यौटै योजनामा मुख्य मन्दिर एक किसिमको, अनि आँगनमा थापिएका ४ मन्दिर एक किसिमका र आँगनमा थापिएका अरू २ मन्दिर आर्कै किसिमका र पेटीमा थापिएका १२ 'मन्दिर' आर्कै किसिमका गरी ४ थरीका मन्दिर बन्नु भनेको कम महत्त्वको कुरा होइन । यसमा अझ आर्को शैलीमा बनेको धर्मशालालाई समेत जोड्यो भने त झन् यस योजनाको महत्त्व गम्किन थाल्दछ, विशाल मन्दिरको परिप्रेक्ष्यमा उक्त अरू कुरा र त्यसै गरी अरू कुराको परिप्रेक्ष्यमा विशाल मन्दिरको जुन लयात्मक सम्बन्ध बनेको छ त्यो शाहकालीन सांस्कृतिक उपलब्धिको यौटा महत्त्वपूर्ण उदाहरणको रूपमा चिरस्थायी हुन गएको छ । यस मन्दिरको योजनाको मोटामोटी रूपरेखाको लागि हेर्नुस् (चित्र २१) ।

राजपूत शैलीमा नयाँ प्रयोग गर्नुमा पनि यस सत्यनारायण मन्दिरको विशेष मौलिकता झल्केको छ । ढुंगाको जगती, जगतीमा पेटीमा ढुंगाकै साना-साना मन्दिर थापी राजपूत शैलीमा नयाँ स्वरूप जोडिएको छ । अनि गर्भ-गृहमाथि ढलोटका अजङ्का सिंह थाप्नुमा पनि यौटा आर्को तत्त्व थपिएको कुरा स्पष्ट छ । अनि जङ्गबहादुरले नै वनाएको विश्वरूप मन्दिरमा जस्तै यहाँ पनि राजपूत शैलीको मन्दिरमा ढलोटका मूर्ति थापी पूजा आजा गर्न थाल्नुमा पनि नयाँ तत्त्व आएको देखिन्छ । यसरी धेरै किसिमवाट हेर्दा निर्माताका रूपमा जङ्गवहादुरको अविस्मरणीय देन रहेको देखिन्छ । राजनीतिमा उनी जति सफल भएका देखिन्छन् उति नै सांस्कृतिक काम-कुरामा पनि ।

ई. १९३४ (संवत् १९९०) को महाभँचालोमा यो मन्दिर भत्केकोले त्यसको २ वर्ष पछि ई. १९३६ मा जीर्णोद्धार भएको देखिन्छ जुन कुरा मन्दिरको पूर्वपट्टिको ढोकामाथि भित्तामा लेखिएको छ ।[1]

६७. धीरनारायण

काठमाण्डूको प्रख्यात नारायणहिटी र तलाउ रहेका ठाउँको पश्चिमतर्फ प्लाष्टरले बनेको सानो मन्दिर रहेको छ । आकारमा सानै भए पनि शैलीको दृष्टिले यसको केही न केही महत्त्व रहेको देखिन्छ ।

मन्दिरको सामुने पश्चिमपट्टिको चोकोसमा झुण्ड्याइएको ठूलो घण्टमा लेखिएको लेखले यसको निर्माणको मिति र निर्माताको नाम सुरक्षित गरेको छ जसमा लेखिएको छः—

> "स्वस्ति श्री संम्वत् १९३१ साल मिति जेष्ठ सुदि ६ रोजका दिन श्रीमद्राजकुमारकुमारात्मज पूर्वतर्फका कम्यांडि जनरल श्रीधिरसम्सेरजङ्ग राणा बहादुरले श्रीधिरनारायण प्रिति गरी चढाइ वक्स्याको घण्ट हो शुभ्म् ।"

---

[1] यो अभिलेखमा '१९९० साल माघ २ गतेको ठूलो भूकम्पमा भत्की जीर्णोद्धार भएको १९९२ साल' लेखिएको छ । यही कुरा देवमाला वंशावलि, पृ. ८० मा यसरी लेखिएको छः—वि० सं० १९९० साल माघ वदी ३०।२ का दिन ठूलो भुकम्प हुँदा देवल ठाउँ-ठाउँ चर्की मर्की सतलहरू समेत भत्की गयो र पछि वि० सं० ९२ सालमा श्री महाराज जुद्धसम्सेरबाट बनाई दिए ।।

यो भन्दा अझ विस्तृत कुरा उक्त घण्टानजिकै पूर्वाभिमुख भई रहेको विशाल शिलालेख हो । ४ हात जति अग्लो र २।। हात जति चौडा यो शिलालेखमा शिरानमा बीचमा खोपामा गरुड र बछुवामा उभिएका लक्ष्मी-नारायणका मूर्ति चित्र कोरिएका छन् र त्यसका २ तिर बनेका खोपामा चाहिं गणेश र कार्तिकेयका मूर्ति-चित्र कोरिएका छन् । अनि सूर्य र चन्द्रका रेखांकन गरिएको छ दाहिने र देब्रे गरी । अभिलेख थालिनुअघि 'श्रीधिरनारायण' 'श्री लक्ष्मी' 'श्री सरस्वती' र 'श्री ५ सरकार' लेखिएको छ । त्यसपछि शुरुमा संस्कृत पदमा धीर शम्शेरको वंशावलि लेखिसकेपछि धीरद्वारा ई. १८७४ मा यो मन्दिर थापेको भनी लेखिएको छ । नेपाली भागमा मन्दिर सम्बन्धी लेखिएको उपयुक्त बयान यस किसिमको छः —

> "स्वस्ति श्री सम्वत् १९३१ साल ज्येष्ठ शुक्ल ५ का दिन हामिवाट नाराहिटिका पोषरिदेषि पश्चिम् स्थापना भयाका श्रीधिरनारायण, श्री लक्ष्मी श्री सरस्वतिका नित्य नैमित्य पुजा र वर्षवन्धन पर्व पर्वका पुजा सदावर्त पूजाहारि गुठीयार्कामदार कारिंदा र वाजा वजाउन्या कुसल्याहरूको वालिस्मेतके हाम्रा श्रीमाहिला रानी इन्द्रकुमारिवाट अघि स्थापना नहुदै १९३० सालका वालिदेषि संकल्प भयाको षेत १। र निज श्री माहिला रानिका वर्षिमा श्री जेठा छोरा नानिलेफ्टेन् जनरल विरसम्सेर जङ्गराणाबाट १९३१ सालका वालीदेषि संकल्प भयाको षेत ।२० हामीवाट संकल्प भयाको षेत १।७८ जमा तपसिल वमोजीम्का षेत २।९८ ·····।"

अभिलेखको उक्त विवरणवाट धीर शम्शेर, उनकी माहिली रानी र उनका जेठा छोरा भावी प्रधानमन्त्री वीर शम्शेरको संयुक्त देन यो मन्दिर हो भन्ने देखिन्छ । उनीहरूले यस मन्दिरको लागि 'षेत २।९८' गुठी पनि राखिदिएको देखिन्छ जसको आम्दानीबाट मन्दिरमा थापिएका देवी-देवताको बाजागाजासाथ नित्यपूजा आदि गर्ने नियम बनाइएको देखिन्छ ।

मन्दिर एकतले गर्भगृह र त्यसमाथि कमलपत्राकार २ छाना र त्यसमाथि यौटा चुच्चे तर अलकृत शिखरले बनेको छ । तल्लो तला अष्टकोणात्मक छ र हरेक कोणमा एक एक गोल. खम्बा बनाइएको छ र चार कुनामा चार ओटा साना काठका ढोका बनेका छन् । प्लाष्टर कलाको यौटा रमणीय उदाहरण यो आकृतिमा सानै भए पनि यस किसिमको यो

यौटा राम्रो उदाहरण हो भन्न सकिन्छ । यसको प्रत्यक्षतः देखिने यौटा अभावचाहिं ज्यादै सानो र भुइँमै मिसिएको पेटी हुनु—अग्लो पेटी नहुनु ।

गर्भगृहमा हाल धातुको केही ठूलै सिंहासन रहेको छ जो खाली छ । अभिलेखमा वताइएझैं यहाँ नारायण, लक्ष्मी र सरस्वतीका मूर्ति छैनन्—चोरिइसकेका छन् । सिंहासनको २ तिर गरुड र सिंहका धातुका मूर्ति भने अझै रहेका छन् । यसरी सिंहासन, गरुड र सिंहका मूर्ति ढलोटका देख्दा लक्ष्मी, नारायण र सरस्वतीका मूर्ति पनि ढलोटकै वनाउन लगाई थापिएको थियो भन्ने अन्टाजी राम्रैसँग गर्न सकिन्छ । ढलोटको मूर्ति थाप्नमा धीरशम्शेरले जङ्गवहादुरको सिको गरेको देखिन्छ ।

धीरशम्शेरले यस ठाउँमा यो मन्दिर वनाएको कारण उनको दरवार नारायणहिटीको राजदरवार रहेको ठाउँमा रहेकोले हो भन्न सकिन्छ ।

अहिलेसम्म हामीले जर्नेल धीरशम्शेर जङ्गवहादुर राणाले आफैंले वनाएका धीरभक्तेश्वर र यो धीरनारायण मन्दिर देख्यौं । उनका ४ पत्नीहरूले थापेका ४ मन्दिरहरूको चर्चा पनि हामीले गरिसकेका छौं । जुनको स्थापनामा पनि जर्नेल धीरकै हात रहेको देखिन्छ । यसैले 'आचार्यवंशावलि' मा धीरशम्शेरले लडाईंमा कमाएको पैसाले शिवजी र नारायणका असल असल मन्दिर वनाउनु भयो भनेर यसरी तारीफ गरिएको छः—

कनीयांस्ततो धीरसंसेरनामा
रणोपार्जितैर्वित्तपूरैश्चकार ।
अनेकानि दानानि विद्वत्सपर्यां
शिवश्रीसयोर्मन्दिराण्युत्तमानि ॥[1]

६८· जीतजङ्गप्रकाशेश्वर महादेव मन्दिर

पशुपति क्षेत्रमा अलि दक्षिणतर्फ राजराजेश्वरीको प्रख्यात मन्दिरको आँगनमा उत्तरतर्फ यो मन्दिर रहेको छ । नेपालमा वनेका 'राजपूत' शैलीमा वनेका मन्दिरहरूमध्ये अत्यन्त भव्य उदाहरणहरूमध्ये यौटाको रूपमा यसलाई लिनुपर्छ । यस मन्दिरमा सं० १९३१ को मिति लेखिएको घण्टा र विस्तृत शिलालेख छ जुनमा मन्दिरको उक्त नाम लेखिएको छ । उक्त

---

[1] अभिलेख संग्रह, १०. पृ. ३ मा उद्धृत ।

प्रमाणहरूअनुसार यो मन्दिर जङ्गबहादुर राणाका माहिला छोरा जीतजङ्गले थापेको देखिन्छ ई. १८७४ मा ।

यस मन्दिरको गर्भगृह गोलाकार बनेको छ जो यस मन्दिरको भव्यताको प्रमुख तत्त्व हो । यसमाथिको दोस्रो तलामा मूल गर्भगृहमास्तिर चौकोर स्वरूपको एक तला छ र यसको दुईतिर दक्षिण र उत्तर गरी एक एक अलि ठूलै आकारका उपमन्दिर छन् र यसैको दुईतिर फेरि खास राजपूत शैलीका घोप्टे छाना भएका र साना साना उपमन्दिर बनेका छन् । यी सबैमा सुनको जलप लगाएका गजूर थापिएका छन् ।

यस मन्दिरको गर्भगृहमा चार दिशामा बनेका ४ ढोकामा काष्ठकलाको राम्रो प्रयोग भएको छ । पश्चिमतर्फको सत्तलमा झ्यालहरूमा पनि काष्ठकलाको मनोरम उपयोग भएको छ ।

उक्त शिलालेखले बताए अनुसार यस मन्दिरभित्र जम्मा १५ शिवलिंग थापिएका छन् जुनको नाम यसरी लेखिएको छः—१. श्री जीतजङ्गप्रकाशेश्वर, २. श्री नरेन्द्रप्रकाशेश्वर ३. श्री रुद्रप्रकाशेश्वर, ४. श्री हरिप्रकाशेश्वर, ५. श्री रत्नप्रकाशेश्वर, ६. श्री चेतजङ्गप्रकाशेश्वर, ७. श्री वेदजङ्गप्रकाशेश्वर, ८. श्री वेदप्रकाशेश्वर, ९. श्री प्रेमप्रकाशेश्वर, १०. श्री डम्बरजङ्गप्रकाशेश्वर, ११. श्री लक्ष्मीप्रकाशेश्वर, १२. श्री चन्द्रप्रकाशेश्वर, १३. श्री धनप्रकाशेश्वर, १४. श्री दलविक्रमजङ्गप्रकाशेश्वर, १५. श्री गङ्गाप्रकाशेश्वर । शिवलिंगका यी सबै नाम विभिन्न व्यक्तिका नाममा राखिएका देखिन्छन् तर ती सबैको परिचय हाल प्रस्तुत गर्न सकिएन। यस मन्दिरको पूजा-आजा र सदावर्तको लागि जीतजङ्गले केही जग्गाको गुठी पनि राखेको कुरा अभिलेखमा लेखिएको छ ।

६९. ललित मुक्तेश्वर

पशुपति राजराजेश्वरी घाटमा जीतजङ्ग राणले थापेको जीतजङ्गप्रकाशेश्वर मन्दिरको अभिलेखमा 'आर्यघाटमा स्थापना भयाका श्री ललितमुक्तेश्वर' को मन्दिरको लागि पनि पूजा–आजाको बन्दोबस्त गरिएको कुरा लेखिएको छ । यो नामको आर्यघाटमा कतै थापिएको मन्दिर पनि जीतजङ्गद्वारा नै ई. १८७४ तिरै थापिएको हुनु धेरै सम्भव देखिन्छ। आर्यघाटमा रहेको कुनचाहिं मन्दिर ललितमुक्तेश्वर हो हाल किटान गर्न सकिएन ।

७०. शैलयोगिनीको मन्दिर

कान्तिपुर शहरको एक कोस जति उत्तरतर्फ रहेको प्रख्यात ठाउँ बालाजुमा हाल बनेको सरकारिया बगैंचा (पार्क) भित्र यौटा मन्दिर रहेको छ । नेपाली पगोडा शैलीको २ तले यो मन्दिर उक्त शैलीको यौटा राम्रो उदाहरणको रूपमा लिन सकिन्छ । यसको अर्को खास महत्त्वचाहिं ई. १८७६ मा बनेको हुनुमा रहेको छ ।

पश्चिम फर्केको उक्त मन्दिरको पश्चिमतर्फको पेटीमा मन्दिरको भित्तानेरै राखिएको यौटा शिलालेखले यो महत्त्वपूर्ण मन्दिरबारे धेरै उपयोगी कुराहरू सुरक्षित गरेको छ । उक्त २।। हात जति अग्लो शिलालेखमा शिरानमा बीचमा मालासहित चैत्य र २ तिर चन्द्र-सूर्यका चित्र अंकित गरी लेख थालिएको छ जसमा शुरुमा 'आदियोगिनीदेवी' लाई नमस्कार गरी मङ्गलाचरणको श्लोकमा चाहिं 'शैलयोगिनी'लाई स्तुति गरिएको छ । थालनीमा संस्कृतमा एकसरो बयान गरी सकेपछि नेपाली भाषामा पनि उही कुरो बयान गरिएको छ । नारायण भन्नेका छोरा राजमानसिंह रञ्जीतकार भन्ने मानिसले ई. १८७६ (नेपाल संवत् ९९६) मा उक्त देवीको काठ र ईंटले दुईतले मन्दिर बनाए भनी अभिलेखमा लेखिएको छ । (प्रासादं द्वितलं काष्ठ इष्टिकैः प्रकरोन्मुदा) । अनि मन्दिर बनाइसकेपछि राजमानले आफ्नो कुटुम्बसहित भई सुनको कलश त्यसमा चढाएको कुरा पनि लेखिएको छ (परिजनसहितोसौ राजमानृसिंहसंज: कन्करचितचूड ढौकयामास तस्मिन्) । त्यही अभिलेखमा थालनीमा शैलयोगिनीलाई पुरानी (प्राचीना जननी) भनिएको छ र राजमानले तिनको सुनको मूर्ति बनाएको (स चादियोगिनीदेव्याः स्वर्णमूर्त्ति चकारयत्) कुरा लेखिएको छ ।

हाल उक्त मन्दिरमा जुन मूर्तिको पूजा गरिन्छ त्यो यक्षिणीको पुरानो ढुंगाको मूर्ति देखिन्छ[१] र राजमानले जुन सुनको मूर्ति बनाएँ भनी अभिलेखमा लेखाएका छन् त्योचाहिं उक्त ढुंगाको मूर्तिलाई बाहिरबाट छोप्ने

---

[१] यो मूर्ति निश्चयनै लिच्छविकालीन हो र कुनै विद्वान्ले एक किसिमले मानदेव राजाको समयको मानेका छन् (स्टेला क्राम्रिसले दी आर्ट अाफ नेपालमा यस मूर्तिलाई ईस्वीको पाँचौं शताब्दीको रचना मान्नुभएको छ ।) यक्ष सम्प्रदायको निकै रोचक इतिहासमा यो मन्दिर र शिलालेखको थुप्रै महत्त्व देखिन्छ ।

गरी बनाएको देखिन्छ । हाल त्यो सुनको आवरणमूर्ति हराएको छ भन्ने स्थानीय बासिन्दाहरूको भनाइ छ । अनि हामीले माथि उद्धृत गरेको शिलालेखको पुछारको त्यो भागको पनि छोटकरी चर्चा गर्नुपर्दछ जसमा ३ खण्डमा गरी जम्मा २० जना लोग्नेमानिस र स्वास्नीमानिसका चित्र कोरिएका छन् । यी सबै राजमानको परिवारका सदस्य हुन् भन्ने अन्दाजी त सहजै गर्न सकिन्छ ।

हामीले माथि भनिसकेझैं नेपाली पगोडा शैलीको इतिहासमा ईस्वीको उन्नाइसौं शताब्दीको अन्तिम चरणतिर बनेको यो रमणीय मन्दिरको अप्रतिम देन रहेको स्पष्ट छ । सानो ढुंगाको पेटीमाथि बनेको यो मन्दिरको पहिलो भुइँ तलामा पूर्वपट्टि मात्र ईंटको भित्ता बनेको छ, पश्चिम, उत्तर र दक्षिणतिर काठका जालीदार खापा र आउनेजाने खुला ढोका बनेका छन् । यसमाथिको तलामा जुन पहिलो छाना छ त्यो धातुका पाताले मोरिएको छ र यसै गरी यो भन्दा पनि माथिको छाना पनि धातुकै पाताले मोरिएको छ । तल्लो छाना अड्याउन प्रयोग गरिएका चारैतिरका कलापूर्ण टुंडाल जम्मा २० ओटा छन् जुनमा लमाइमा देवी-देवताका मूर्ति, फूल, पाती, पशु-पंक्षी र काममा लीन मानिस र पशुहरूका चित्र बनाइएका छन् जुन रंगीचंगी पारिएका छन् । यस्तै विषयवस्तु माथिल्लो छानालाई अड्याउन प्रयोग गरिएका १२ टुंडालका पनि हो । दुवै घोप्टे छानाका किनारा-किनारामा धातुको झल्लरी हालिएको छ जसमा फूलपातीले भरिएको कलशै कलशको चित्रको अंकन गरिएको छ । मन्दिरलाई अझ झकिझकाउ पार्न माथि गजूरदेखि तल मूल ढोकामाथिसम्म आइपुग्ने धातुको पेटी (झल्लरी) समेत झुण्ड्याइएको छ । मूलढोकामाथिचाहिं काठको अर्ध गोलाकार-चेप्टो तोरण राखिएको छ । मन्दिरभित्र मूल मूर्तिको अलिकति सामुन्नेपट्टि दाहिने-देब्रे गरी ढुंगाका साना-साना सिहका दुईटा मूर्ति थापिएका छन्, यस्तै ढोका बाहिर पनि गरिएको छ ।

यसरी यो रमणीय मन्दिरको रूप बनेको छ । यसको वास्तुशैलीको महत्त्वको बारेमा त यौटै महत्त्वको कुरो भन्न सकिन्छ कि यसले नेपाली पगोडा शैलीको मन्दिर-कलाको लामो इतिहासलाई उन्नाइसौं शताब्दीमा ल्याएर उभ्याइदिएको छ । 'राजपूत' शैलीका दरबारिया' खालका मन्दिर बनाउने चलचली चलिरहेको जुगमा यो शैलीमा मन्दिर बनाई आफ्नो धार्मिक

महत्त्वाकाङ्क्षा मूर्त्त पार्ने दाता राजमानको नाउँ नेपालको सांस्कृतिक इतिहासमा अमर हुन गएको कुरा स्पष्ट छ ।

७१–७४. सनकर्सिहेश्वर आदि ४ मन्दिर

काठमाडौंमा देउपाटननेर बत्तीसपुतलीमा सनकर्सिह भन्ने प्रसिद्ध व्यक्तिले ई० १८७१ मा जुन रामचन्द्रको विशाल मन्दिर बनाएका थिए त्यसैको आँगनमा उनै सनकर्सिह र उनका पत्नीहरूले अलिपछि अरू ४ साना शिवमन्दिर बनाएका थिए । उक्त मन्दिरको आँगनमा रहेको यौटा शिलालेखमा यी ४ मन्दिरबारे लेखिएको छः—

> "येही समीपमा शीशाके १७९८ सम्वत् १९३२ आषाढकृश्न चतुर्दशीका दिन हाम्रा र हाम्रा पत्नीहरूका श्रीशनकसींहेश्वर श्रीसारदादेश्वर श्रीसन्तकुमारेश्वर श्रीबालकुमारेश्वर ··· स्थापना गर्‍यां ·····"[1]

अर्थात् रामचन्द्रको मन्दिर बनाएको ५ वर्षपछि ई० १८७६ मा यी अरू ४ शिवमन्दिर थापिएका देखिन्छन् । यी मध्ये सनकर्सिहेश्वर आफैं सनकर्सिहका नाउँमा र अरू ३ सारदादेश्वर, सन्तकुमारेश्वर र बालकुमारेश्वर चाहिं सनकर्सिहकै पत्नीहरूका नाममा थापिएका देखिन्छन् जुनको परिचय त्यसै शिलालेखमा पाइन्छ ।

उक्त ४ मन्दिर रामचन्द्रको मन्दिरको आँगनमा रहेका १० मन्दिर मध्ये कुनै ४ हुन सक्दछन् । आकृतिमा ससाना बनेका यी मन्दिरहरूमा साधारण गुम्बजाकृति छ र तिनमा शिवलिंग थापिएका छन् । मन्दिरका तोरणको रूपमा प्रस्तर कलाका केही राम्रा उदाहरण र 'गुम्बज' शैलीका मन्दिरका साना उदाहरणका रूपमा यिनको महत्त्व मान्नुपर्दछ ।

७५–७७. शिव मन्दिर

काठमाण्डूमा गौरीघाटबाट गुह्येश्वरीको मन्दिरतिर जाँदा मूलबाटो दक्षिण लङ्गमा ३ ओटा 'दर्बारिया' शैलीका मन्दिर लहरै रहेका छन् । ती तीन ओटै मन्दिर एकै शैलीमा झण्डै एक्कै आकृतिका र मझौला ठूलाअग्ला रूपमा बनेका छन् । यी तीन मध्ये सबभन्दा पश्चिमतर्फको मन्दिरको पश्चिमी पेटीमा रहेको ठूलो घण्टामा लेखिएको अभिलेखबाट यी मन्दिरहरू

---

[1] नयराजपन्त, सेतो बाघको ऐतिहासिक परीक्षा, रूपरेखा, १५७. पृ० ३६–३७.

वा यो सवभन्दा पछिल्लो मन्दिरको केही परिचय पाइन्छ । त्यसमा लेखिएको अभिलेख तल सारिएबमोजिमको छः—

> “गिरिराजचक्रचूडामणिनरनारायणेत्यादिमहितम् ।। विविधविरुदावलिविराजमानमानोन्नतं श्रियायुक्तम् ।। त्रैलक्यविरविक्रमसाहं देवं रगं गङ्गणे जयशीलं लोकान्तरपपत्ते जगदध्वेस्तू समुद्धत्यं । वैकुण्ठं प्रापयितुं प्रतिष्ठितस्य चन्द्रचूडस्य ।। पूजाक्त्तमे ये सततं वादयतु जनः शम्भू X X ष्टा X म् ।। इति हृदयेन विचार्य विधिना गणपं समभ्यर्च्यं ।। स्तंभान्तरे विधाय च घण्टां यथाविधि प्रतिष्ठाप्य ।। पञ्चेन्दुनन्दपृथिवीयातेव्दे वैक्रमे महाराज्ञी ।। त्रैलोक्यमोहनराज्यलक्ष्मी नेपालदेशनृपजननी अर्पितवती सुरम्यामेनामनयेश्वरः पसन्नोस्तु ।। 8 ।।

यो लेखका रचनाकारको भाषामा त्यत्तिं अधिकार नभएको र त्यहाँमाथि त्यसलाई घण्टामा ढाल्ने व्यक्तिको अज्ञान र झन् त्यसमाथि हालसम्म धेरै अक्षर फुटिसकेकाले अभिलेखको स्पष्ट अर्थ राम्ररी खुल्दैन । तर यो मन्दिर वनाएको मिति अभिलेखकै भनाइअनुसार स. १९३५ (ई० १८७८) देखिन्छ । त्यसै वर्ष महाराजाधिराज सुरेन्द्रका जेठा छोरा त्रैलोक्यवीरविक्रम भरिलो जवानीमै स्वर्गीय भएकाले उनकी विधवा रानी त्रैलोक्यमोहनराज्यलक्ष्मी—पृथिवीवीरविक्रमकी मुमाले आफ्ना स्वर्गीय पतिको वैकुण्ठवास होओस् भनी यो मन्दिर थापेको बुझिन्छ ।

प्लाष्टरले ‘दरवारिया’ शैलीमा वनेको यो मन्दिर सानो र होचो पेटीमाथि अग्लो एकतले रूपमा छ र माथि शिखर छ । गर्भगृह अष्टकोणात्मक बनेको छ र हरेक कोणमा एक एक गोल ग्रीक खालको खम्बा अनि ठूलाठूला पाटाभरिका मेहरावदार ढोका त्यहाँमाथि सादा तर खण्डे-खण्डे कार्निस र त्यसमाथि घण्टाको आकारको प्लाष्टरकै पत्र–पत्र परेको शिखर छ । कलश पनि प्लाष्टरकै गोलाकार छ ।

मन्दिरको बाहिरी भागमा चार कुनामा चार ओटा काठका सादा ढोका बनेका छन् । यसपछि भित्र गोलाकार भित्री प्रदक्षिणापथ बनेको छ । भित्री पूजाखण्डको कोठा पनि अष्टकोणात्मकनै बनेको छ जहाँ चार कुनामा ४ सादा ढोका वनेका छन् । पूजाकोठामा ठूलो ढुंगाको शिवलिंग थापिएको छ । भित्र पूजाकोठैमा ४ कुनामा भित्तामा पाश्चायनमध्येका ४ मूर्ति पनि थापिएका छन् । मन्दिरको आँगनमा पूर्वपट्टि छत्रचण्डेश्वर अनि पश्चिमपट्टि

साँढेका मूर्ति थापिएका छन् । मन्दिरको दक्षिणपट्टिबाट भित्र जाने प्लाष्टरको सीढी बनाइएको छ ।

यो मन्दिरको पूर्वतर्फ यस्तै आकार र शैलीका अरू २ मन्दिर, जुन देखिन्छन् तिनको निर्माण पनि सं० १९३५ मै त्रैलोक्यवीरविक्रमका अरू महारानीले वा त्रैलोक्यमोहनराज्यलक्ष्मीलेनै थापेको हुनु धेरै सम्भव छ । अनि बयानिएको मन्दिरको पश्चिमतर्फ ईंटले बनेका साना-साना जुन ५ घण्टाकृति मन्दिर देखिन्छन् तिनको निर्माण पनि त्रैलोक्यवीरविक्रमका नाउँमा अरू विभिन्न व्यक्तिहरूले बनाउन लगाएको कुरा मान्न सकिने धेरै सम्भावना छ । भरिलो जवानीमा राज्यका हकदारको अचानक स्वर्गवास भएको दुःखद घटनालाई धार्मिक कार्यले केही सच्चो पार्न भनी यसरी यौटा तीर्थस्थलमा एकैपल्ट भने जस्तै ठूला-साना आठ ओटा शिव-मन्दिर थापिनु कुनै आश्चर्यको कुरो देखिदैन ।

मूल सडक र उक्त मन्दिरहरूमध्ये केहीलाई बाहिरबाट छेकिने गरी यौटा विशाल र दरबारिया काइदाको सत्तल पनि उक्त मन्दिरहरूसँगै बनेको देखिन्छ । राजकीय निर्माण भएकोले यहाँ पनि सदावर्त्त आदिको बन्दोवस्त उहिले गरिएको थियो वा थिएन केही भन्न सकिदैन । किनभने यहाँ कुनै शिलालेख राखिएको देखिदैन ।

७८. ताराप्रकाशेश्वर महादेव मन्दिर

पशुपतिमा राजराजेश्वरीको मन्दिरभन्दा दक्षिणतर्फ पोखरीपारि चौरमा 'राजपूत' शैलीमा बनेको यौटा केही ठूलै मन्दिर 'रहेको छ । यहाँ रहेको घण्टामा यो 'श्री ताराप्रकाशेश्वर महादेव' को मन्दिर सं. १९३८ मा 'पूर्वतर्फका कम्यांडिङ जनरल जीतजङ्गकी कान्छा रानी समेत सपत्नी' ले थापेको कुरा लेखिएको छ ।

यो मन्दिरको विशेषता अष्टकोणात्मक गर्भगृह बन्नुमा छ । यसको शिखर पनि अष्टकोणात्मकै भई सुलुत्त परी बनेको छ ।

यो मन्दिर ई. १८८१ मा जङ्गबहादुरका माहिला छोरा जीतजङ्गकी पत्नीहरूले थापेको देखिन्छ ।

७९. गोपाल मन्दिर

काठमाडौं कालमोचन घाटमा 'राजपूत' वा 'दरबारिया' शैलीमा बनाई थापिएको यो मन्दिर मझौला ठूलो आकारको छ । चौकोर गर्भगृहमाथि

घण्टाकृतिशिखर यसको निर्माण शैली हो तर प्लाष्टरले छोपी त्यसमा थरीथरीका बेलबुट्टा बनाई यसलाई पनि 'राजपूत' शैलीमा बनेका अरू मन्दिरलाई झैं झकिझकाउ पार्न खोजिएको छ ।

यस मन्दिरमा भित्र पूजाकोठामा ढलोटको गोपाल-कृष्णको मूर्ति थापिएको छ । यहाँ आँगनमा रहेको घण्टामा लेखिएको लेखमा—"श्री ३ गोरखपुरवाला महारानीवाट चढाइवक्स्याको घण्टा शाके १८०५" लेखिए अनुसार यो ई० १८८३ मा थापिएको देखिन्छ । यस मन्दिरमा रहेको शिलालेखअनुसार घण्टाको लेखमा निर्मातृ भनिएकी 'गोरखपुरवाला' भनिएकी महारानी जङ्गबहादुरकी रानी भन्ने देखिन्छिन् ।[1] यो शिलालेखमा पनि ई० १८८३ (संवत् १९४०) कै मिति लेखिएको छ । तिनी महारानीले यो मन्दिर आफ्ना पति जङ्गवहाबुरको स्वर्गवास भएको ६ वर्षपछि मात्र थापेको देखिन्छ ।

८०. ....

यस मन्दिरको बाहिरपट्टि घाटमा पनि झण्डै-झण्डै यस्तै अर्को मन्दिर पनि रहेको छ जो शिवमन्दिरको रूपमा छ । यी दुवै समकालीन हुन सक्दछन् ।

८१. वीरमायाभक्तेश्वर मन्दिर

पशुपतिको पूर्व पारिपट्टि गुह्येश्वरीतिर जाने मूल बाटोको थालनीमै भनेजस्तो रामचन्द्रको प्रख्यात मन्दिर छ । यसैको सोझै उत्तरतर्फ मूलबाटोको पारिपट्टि ढुंगैढुंगाले वनेका घण्टाकृति स्वरूपका थुप्रै मन्दिर रहेका छन् । तिनैमध्ये एक मन्दिरको यो नाम रहेको देखिन्छ । यस मन्दिरको पेटीमा रहेको घण्टमा लेखिएको लेखअनुसार प्रधानमन्त्री वीरशम्शेरले सं. १९४४ (ई० १८८७) मा यो मन्दिरलाई यो घण्टा चढाएको देखिन्छ। मन्दिरको नाम पनि त्यसै लेखमा चर्चिएको छ ।

ढुंगैढुंगाले वनेको सानै र घण्टाकृति आकारको यो मन्दिर निकै राम्रो देखिन्छ ।

---

[1] अभिलेखको सम्बन्धित हरप यस प्रकारको छः—
"श्रीमन्नेपालदेशे नरपतिरभवज्जङ्गवाहादुराणयो तस्यैषा धर्मपत्नी सकलगुणयुता कृष्णभक्ता सदैव ।"

८२. वीरभद्र प्रकाशेश्वर मन्दिर

वीरशम्शेरले ई० १८८७ मा बनाएको वीरमायाभक्तेश्वरको नगीचै ढुंगैढुंगाले बनेको घण्टाकृति स्वरूपकै यो मन्दिर रहेको छ। यसको घण्टामा लेखिएको लेखअनुसार यो मन्दिर पनि सं० १९४४ (ई० १८८७) मै वीरशम्शेरले बनाएको देखिन्छ। यो पनि वीरमायाभक्तेश्वर जत्तिकै राम्रो देखिन्छ।

८३. रुद्रमानेश्वर

कान्तिपुर शहरमा टेंगलटोलका बाटैमा जुन गणेशथानको मन्दिर छ त्यसैको मूलबाटोपारि पूर्वतर्फ कुनामा ढुंगाको सानो शिव मन्दिर रहेको छ। यसको शिलालेखमा सं० १९४४ (ई० १८८७) मा एक जना जुजुनारायण भन्ने व्यक्तिले आफ्नी आमा सुन्दरलक्ष्मीको नाउँमा रुद्रमानेश्वर मन्दिर र सत्तल थापेको र त्यसको लागि १४ रोपनी जग्गाको गुठीसमेत राखेको कुरा लेखिएको छ। ढुगाले बनेको यो मन्दिर ज्यादै सानो आकरको छ र त्यस्तै स्थितिमा पनि प्रभावशाली छैन। तर यसका निर्माताले यसको बन्दोबस्तको लागि चौध रोपनी जग्गाको गुठीसमेत राखिदिएका हुनाले यसको सामाजिक महत्त्व रहेको छ।

८४. वीरनारायण

काठमाडौं तीनधारा पाकशालाभित्र नारायणको यौटा सानो मन्दिर रहेको छ। यस मन्दिरको सामुन्ने पूर्वपट्टि पेटीमा रहेको घण्टामा श्री ३ महाराज वीरशम्शेर राणाकी कान्छा महारानीले उक्त घण्टा ई० १८८७ (संवत् १९४४) मा चढाएको तर त्यो बिग्री ई० १९४० (संवत् १९९७) मा जीर्णोद्धार गरिएको कुरा लेखिएको छ। यद्यपि मन्दिर-निर्माणको मितिको लागि यो स्पष्ट प्रमाण त ह्वँन तर यो मन्दिरै पनि ई० १८८७ मै बनेको मान्न सकिएला जस्तो लाग्दछ। घण्टोको लेखमा मन्दिरलाई वीरनारायण भनिएको छ र यसबाट यो वीरशम्शेरले बनाएको भन्ने पनि बुझिन्छ।

वीरशम्शेरले ई० १८७४ मा आफ्ना पिता धीरशम्शेरले नारायणहिटीमा ‘धीरनारायण’को मन्दिर थाप्ता त्यसका लागि जग्गाको केही गुठी राखेको चर्चा माथि नै गरिसकिएको छ। यो वीरनारायण मन्दिर पनि उस्तै बनेको छ यद्यपि यसको जग वा पेटी निकै अग्लो बनेको छ, यी दुईमा फरक यत्ति हो।

मन्दिरभित्र धातुले बनेका अलि पातला (slim) लक्ष्मी, नारायण र सरस्वतीका ३ केही अग्लै मूर्ति थापिएका छन् । मन्दिरसामुन्ने ढुङ्गाको स्तम्भमाथि गरुडको जुङ्गे साधारण मूर्ति छ । यहाँ आगनमा आदिका मूर्ति पनि थापिएका छन् ।

८५–८८. हर्षकुमारेश्वर आदि ४ मन्दिर

काठमाडौंमा देउपाटननेर बत्तीसपुतलीका सनकसिंहले ई० १८७१ मा थापेको रामचन्द्रको विशाल मन्दिरमा ई० १८७६ मा अरू ४ साना शिवमन्दिर पनि बनाएका थिए । उक्त मन्दिरकै आँगनमा रहेको शिलालेखले बताएअनुसार सनकसिंहका पत्नीहरूले त्यसै ठाउँमा फेरि ई० १८९४ मा अरू ४ मन्दिर थापेको कुरा यसरी थाहा पाइन्छ:—

> "श्री शाके १८१६ सम्वत् १९५१ वैशाखशुक्ल षष्टीका दिन श्रीहर्षकुमारेश्वर श्री यशोधरादेश्वर श्रीलक्ष्मीकुमारेश्वर बाणलिङ्ग र श्रीनारायण स्थापना गर्‍यां ।"[1]

अभिलेखको उद्धृत विवरणअनुसार ई० १८९४ मा सनकसिंहका अरू तीन पत्नीहरूका नाममा ३ शिवमन्दिर र यौटा नारायणको मन्दिर समेत रामचन्द्र मन्दिरकै आँगनमा थापिएका देखिन्छन् । उक्त रामचन्द्र मन्दिरका आँगनमा रहेका मन्दिरहरूमध्ये ४ यिनै हुन् भन्ने देखिन्छ । गुम्बज शैलीका यो सानै आकारका मन्दिरले नेपाली मन्दिरकलाको र धार्मिक गतिविधिको क्रमिकताको इतिहास व्यक्ताएका छन् ।

८९. राधाकृष्ण मन्दिर

काठमाडौंमा पचली घाटमा पूर्वपट्टि यौटा प्लाष्टरको 'दर्बारिया' खालको सानो मन्दिर रहेको छ । यो मन्दिर रहेको ठाउँभन्दा अलिकति वर रहेको पाटीमा यौटा शिलालेख रहेको छ जसलाई स्थानीय बासिन्दाको भनाइअनुसार यसै मन्दिरसँग सम्बन्धित गरिएको छ । सं० २००८ को यो शिलालेखमा काजी भागवतभक्त माथेमाले 'श्रीवागमतीमा घाट सतल बनाई श्रीराधाकृष्ण स्थापना' गरेका थिए भन्ने उल्लेख उनका नातिको भाकाबाट लेखिएको छ । सं० १९५४ (ई० १८९७) मा थापिएको भन्ने उल्लेख परेको यस मन्दिरको नाउँमा उनै दाताले ९।।। रोपनी जग्गाको गुठीससेत राखिदिएको कुरा पनि त्यसै शिलालेखमा चर्चिएको छ ।

---

[1] नयराजपन्त, सेतोबाघको ऐतिहासिक परीक्षा, रूपरेखा, १५७ पृ० ३६ ।

आठकुने (Octagonal) शैलीमा वनेको यो मन्दिर सानै आकारको भएर पनि निकै राम्रो देखिन्छ। यसको शिखरचाहिँ तालका पत्र-पत्रले वनेको गुम्वजाकार रूपमा छ र यसले पनि मन्दिरको प्रभाव निकै बढाएको छ। यसमा झ्याल र ढोकाचाहिँ ढुंगाका वनेका छन्।

यस मन्दिरमा अघि राधाकृष्णका जुन मूर्ति थापिएका थिए ती मन्दिरमा देखिँदैनन्, स्थानीय भनाइअनुसार ती चोरिएर हराइसकेका छन्।

९०. जानकी मन्दिर

जनकपुरमा रहेको जानकी सीताको प्रख्यात र विशाल मन्दिरको निर्माण आधुनिक नेपालको धार्मिक वास्तुकलाको सन्दर्भमा उल्लेखनीय हुन आउँछ। यस मन्दिरको जुन रमणीय चित्र प्रकाशित भएको छ त्यसवाट यो 'राजपूत' खालको (तर अनेक तत्त्वहरूमा मुस्लिम वास्तुकलासमेत मिसिएको) देखिन्छ— प्लाष्टरले मोरिएका भित्ताहरू आदि र बुर्जाहरूको शैलीमा। अनि, यसको निर्माणको निश्चित मिति कतै प्रकाशित भएको पाइएको छैन तर ईस्वीको १९०० तिर यसको निर्माण भएको अडकल गर्न सकिन्छ। जनश्रुतिअनुसार यस मन्दिरको निर्माण भारतको कुनै टीकमगढ भन्ने 'रियासत' की महारानी वृषभानुकुमारीले वनाएकी हुन्। यसको निर्माण गर्दा ९ लाख रुपियाँ खर्च गरिएको कुरा मानिन्छ र जस कारणले गर्दा यस मन्दिरको नामै 'नौलखा मन्दिर' रहन गएको छ। हालको यो नौलो किसिमको मन्दिर वन्नु अघि यस मन्दिरको पुरानो रूपबारे केही जान्न सकिएको छैन।

९१-९२. यक्षनन्देश्वर र तार्क्षभक्तेश्वर मन्दिर

काठमाडौंको दक्षिणतर्फ पचलीमा बमबहादुर राणाले थापेको विशाल शिव मन्दिरको आँगनमा ई० १९५० सम्म केही मन्दिर बराबर वनेका कुरा त्यहाँ पाइएका शिलालेखहरूले बताएका छन्। यहाँ रहेको सं० १९७१ (ई० १९२२) को योटा शिलालेखमा वमवहादुरका नाति लण्टन तार्क्षविक्रमको भाका लेखिएको छ। त्यसमा उनका बाबु (वमवहादुरका छोरा) यक्षविक्रमले र आफू तार्क्षविक्रमले नै थापेको 'पाश्चायन' मन्दिर थापेको उल्लेख गरिएको छ। उक्त शिलालेख रहेकै ठाउँनेर रहेका २ ढुंगाका मन्दिरलाई अभिलेखको उक्त सन्दर्भले अर्थ्याएको बुझ्न सकिन्छ। उक्त मन्दिर

सम्पूर्ण रूपले ढुंगैमा बनेको छ र धार्मिक उपयोगिताबाहेक तिनमा कलात्मकता खास देखिदैन । तैपनि नेपाली मन्दिर-निर्माणको इतिहासमा तिनको यथोचित मानिता त मान्नै पर्दछ ।

९३. राम मन्दिर

पशुपतिमा भस्मेश्वर श्मशानको सोझै पूर्व पारिपट्टि यौटा विशाल आँगनमा दुईटा अलि ठूलै दुईटा उस्तै मन्दिर लहरै पश्चिमतर्फ फर्की खडा रहेका छन् । ती दुईमध्ये उत्तरतर्फको मन्दिरको संक्षिप्त परिचय त्यहीं रहेको घण्टामा लेखिएको लेखले दिएको छ । जसअनुसार यो मन्दिरमा भीमशम्शेर जंगबहादुर राणाले यो घण्टा स० १९८८ मा 'राम प्रीति गरी' चढाएको थाहापाइन्छ ।

ई० १९३१ मा तत्कालीन प्रधानमन्त्री भीमशम्शेरले थापेको यो मन्दिरमा कलात्मकताको कुनै विशेषता देखिदैन यद्यपि यो 'दर्बारिया' शैलीम बने पनि अलि नौलो खालको छ । 'राम-भक्त' भनी कहलिएका भीमशम्शेरले आफ्ना 'इष्टदेवता' रामको नाउँमा थापेको यो मन्दिर ढुंगाले बनेको २ हात जति अग्लो चौकोर पेटीमाथि बनेको छ । पेटीमाथि ढुंगैले बनेको चौकोर गर्भगृह छ । गर्भगृहको चारैतिर प्रदक्षिणापथ बनेको छ जसलाई टिनको छानाले छाइएको छ । यसमाथि बनेको शिखरभागमा मुन्तिर पगोडा शैली झल्किन खोज्ने ढुंगाका २ छाना बनी त्यसमाथि कमलपत्राकार थेप्चो गुम्बज छ प्लाष्टरले बनेको ।

मन्दिरभित्र ठूलो पूजाकोठामा पूर्वी भित्तापट्टि अग्लो संगमर्मरको खण्डे-खण्डे मण्डप बनाई रामपञ्चायतनका संगमर्मरकै मूर्ति थापिएका छन् । यसको पश्चिम फर्केको मूल ढोकामा टिनको 'पोर्च' बनाइएको छ र ढोकाको चौकोसभरि प्लाष्टरका बेलबुट्टा बनाइएका छन् ।

यस मन्दिरले एक किसिमका नीरस खालका मन्दिरका शैलीको प्रतिनिधित्व गरेको छ जसमा आधुनिक युगको यौटा देन टिनको समेत गरिएको छ । तैपनि यसको शिखरको शैलीमा केही आकर्षण रहेकै छ ।

९४. लक्ष्मीनारायण मन्दिर

पशुपतिमा भस्मेश्वर श्मशानको सोझै पूर्व पारिपट्टि यौटा विशाल आँगनमा उभिएका २ ठूल्ठूलै मन्दिरमध्ये दक्षिणतर्फको मन्दिरचाहि

लक्ष्मीनारायणको हो । यस मन्दिरको पेटीमा रहेको घण्टामा लेखिएको लेखअनुसार भीमशम्शेर राणाकी रानी दिलकुमारी देवीले लक्ष्मीनारायणको प्रीतिको निम्ति सं० १९९२ (ई० १९३५) मा यो घण्टा चढाएको कुरा थाहा पाइन्छ । सं० १९९२ मै दिलकुमारी देवीकी छोरी दिव्यलक्ष्मीले चढाएको अर्को सानो घण्टा पनि यहाँ रहेको छ ।

यस मन्दिरभित्र संगमर्मरका लक्ष्मीनारायणका उभिएका मझौला मूर्ति थापिएका छन् । मन्दिरको पश्चिमी ढोकाबाहिर ढुंगाको केही अग्लो वेदिकामाथि ढुंगाको गरुडको राम्रो तर सानै चरिचुच्चे मूर्ति पनि थापिएको छ ।

यो मन्दिरको उत्तरतर्फ रहेको अर्को मन्दिर ई० १९३१ मा भीमशम्शेरले थापेका हुन् र त्यसको बयान त माथिनै गरिसकिएको छ । त्यो बनेको ४ वर्षपछि ई० १९३५ मा उनै व्यक्तिकी पत्नीले बनाएको यो मन्दिर दुरुस्तै छ तर फ़रक चाहिँ यत्तिमा मात्रै छ कि यसको ढोकामा चाहिँ ढुंगाको तोरण राखिएको छ, अघिल्लोमा प्लाष्टरको प्रयोग गरिएको थियो ।

९५. धीरधाम

श्री ५ राजेन्द्रले जसरी काशीमा नेपाली मन्दिर बनाई विदेशमा नेपाली संस्कृतिको प्रचार गरेका थिए त्यस्तै काम झण्डै सय वर्षपछि फेरि गरिएको थाहापाइन्छ । यो काम श्री ३ जुद्धशम्शेरले दार्जीलिङमा 'धीरधाम' मन्दिर थाप्नुमा देखिन्छ । तर फरकचाहिँ यो पछिल्लो काममा निर्माताको उद्देश्य स्पष्ट हुनुमा देखिन्छ । यो 'धीरधाम' बनाउँदा जुद्धशम्शेरको उद्देश्य 'विदेसमा रहेका गोर्खालीहरूलाई नेपालको सनातन धर्म ज्ञान गराउनाका लागि' (दार्जलिङ्गमा धीरधाम स्थापना गरी बक्सियो)[1] भनिएको छ । दार्जीलिङमै गई यसको अध्ययन त गर्न सकिएको छैन र यसैले त्यहाँ केही अभिलेख राखिएको भए र पढ्न पाएको भए यसको निर्माण-काल निश्चित गर्न सकिने थियो । तर जुद्ध शम्शेरको प्रधानमन्त्रित्व काल ई० १९३२ देखि १९४५ सम्म १३ वर्षको रहेकोले यसको निर्माण पनि त्यसै अवधिको बीचमा

---

[1] जुद्ध शम्शेरको थापाथली पाठ्शालायनको शिलालेख, हरप—४५. अभिलेख संग्रह, भाग—८. पृ० २७.

भएको अन्दाजी सजिलैसँग गर्न सकिन्छ । तर यौटा स्रोतमा जनिएअनुसार[1] यो मन्दिर ई० १९३८ मा बनेको र यसको 'उद्घाटन' चाहिँ ई० १९३९ मा जुद्धशम्शेरकै छोरा कमाण्डिङ जनरल बहादुरशम्शेरले गरेका थिए । ए० जे० डचासले यस मन्दिरको निकै तारीफ गरेका छन् ।[2] यो नेपाली पगोडा शैलीमा बनेको छ (हेर्नु चित्र संख्या–२४) ।

यो मन्दिरको नाम हेर्दा जुद्धशम्शेरले आफ्ना बाबु धीर शम्शेरको नाउँमा यसको स्थापना गरेको बुझिन्छ, यसको प्रतिष्ठाको काम चाहिं नेपालका नामी विद्वान् पण्डितराज सोमनाथ सिग्देलले गर्नुभएको कुरा थाहापाइन्छ ।[3]

९६. प्रकाशमुक्तेश्वर मन्दिर

पशुपतिमा भस्मेश्वर श्मशानको सोझै पूर्व पारिपट्टि यौटा विशाल आँगनमा भीमशम्शेर र उनकी रानीले बनाएका दुई ठूला मन्दिरको पूर्वतर्फ लहरै साना-साना घण्टाकृति ढुंगाका मन्दिर खडा रहेका छन् । तिनीमध्ये सबभन्दा दक्षिणपट्टिको मन्दिरमा रहेको घण्टामा लेखिएको लेख यस प्रकारको छः—

> “श्रीसम्वत् १९९८ साल साल आषाढ ७ गते रोज ६ मा श्री ३ महाराज भीमसम्सेर जङ्गबहादुर राणाको पौत्र मे० ज० महावीर शम्शेर जङ्गबहादुर राणाले स्वर्गवासी आफ्नु वुवाज्यू श्रीप्रकास शम्शेर ज० बा० राणाको शिवसायुज्य प्राप्तिका निमित्त स्थापना गरिएको श्री प्रकाशमुक्तेश्वर महादेव प्रीति गरी यो घण्ट चढाइयो इति शुभम् ।”

---

1. Arthur Jules Dash, Bengal District Gazeteers, Darjeeling. Calcutta, 1947 P. 257.
2. It is the only shrine of its kind in India and is unique for the beauty of its architecture in the Nepali style.
   ऐजन.
३. २०२९ सालमा प्रकाशित उहाँको जीवनी (पृ० १०) मा लेखिएको छ— वि० सं० १९९६ सालको वसन्त ऋतुमा श्री ३ जुद्धशम्शेरको आज्ञानुसार दार्जिलिङमा गएर धर्मसंस्थापनका निमित्त वहाँले धीरेश्वर महादेवको स्थापना गरी सुन्दर धीरधामको प्रतिष्ठा गरिदिनु भयो ।”

अभिलेखको यो प्रमाणबाट भीमशम्शेरका नाति महावीर शम्शेरले आफ्ना पिता प्रकाश शम्शेरका नाउँमा ई० १९४१ मा यो सानो शिवमन्दिरको स्थापना गरेको देखिन्छ ।

जङ्गबहादुरको पालासम्म त्यतिखेरका शक्तिशाली राणाहरूले निकै ठूलठूला देवमन्दिर बनाउने गरेका र पछि क्रमश: त्यो चलन फेरिंन गई ढुङ्गाका सादा मन्दिर थाप्ने गरेको कुराको यौटा उदाहरणको रूपमा यस मन्दिरको महत्त्व मान्नुपर्ने देखिन्छ ।

यो मन्दिरको उत्तरतर्फ लहरै यस्तै शैलीका अरू २ मन्दिर पनि खडा रहेका छन् जुन समकालीन जस्तै देखिन्छन् । यी दुई मन्दिरचाहिं स्थानीय भनाइ अनुसार हिरण्य शम्शेरले यौटा र अर्कोचाहिं भीमशम्शेरको नाउँमा थापिएको हो ।

९७. भुवनभक्तेश्वर मन्दिर

पचलीमा बमबहादुर राणाले ई० १८५० मा जुन बमवीरविकटेश्वरको मन्दिर थापेका थिए त्यसैको आँगनमा ई० १९४२ (सं० १९९९) मा यौटा आर्को मन्दिर थापिएको देखिन्छ । उक्त मन्दिरको आँगनमा पूर्वोत्तर कुनामा रहेको सिमन्टीले बनेको सानो मन्दिर त्यसैको पश्चिमी भित्तामा जडिएको शिलालेख अनुसार ई० १९४२ मा थापिएको देखिन्छ । त्यस शिलालेखमा बमबहादुर राणाको छोरा यक्षविक्रम राणाका पनि माहिला छोरा 'मान्यवर नेपालतारा कर्णेल भुवनविक्रमबहादुर राणा सी. आई. ई. दीर्घसेवापदक' ले सं० १९९९ साल फाल्गुण कृष्ण चतुर्दशि शिवरात्रीका दिन 'श्रीभुवनभक्तेश्वर' महादेवको मन्दिर थापि त्यसको लागि थान्कोटको १० मुरी धान आउने जग्गाको गुठी राखेको कुरा लेखिएको छ ।

आधुनिकताले छोप्तै ल्याएकोले होला भुवनविक्रम राणाले सिमन्टीको सानै शिव मन्दिर थापेका भए पनि जग्गाको बन्दोवस्त गरिदिएकाले उनको देवताप्रति भक्तिभाव स्पष्ट हुन्छ । एक त सिमन्टीले बनेको त्यसमाथि निकै सानो यो मन्दिरको के महत्त्व मान्ने भन्ने कुरामा समीक्षकहरू आफैं पनि केही मत दिन सक्दछन् । तर नेपाली मन्दिर कलाको लामो इतिहासले वर्तमानतिर लम्बिदै आउँदा कुन-कुन रूप लियो भन्ने कुराको उदाहरणको लागि यो मन्दिरले आफूलाई यौटा उदाहरणकै रूपमा प्रस्तुत गरेको छ ।

९९-१००. सावित्रीमुक्तेश्वर, तुलाभक्तेश्वर र डम्बरभक्तेश्वर मन्दिर

काठमाडौं पचली घाटमा बमबीरविक्टेश्वर मन्दिरको आँगनमा वमबहादुर राणाका सन्तानहरूले ई० १९५० मा फेरि ३ शिवमन्दिरको स्थापना गरेका थिए भन्ने कुरा त्यहाँ रहेका अरू तीन मन्दिर र यौटा शिलालेखले प्रमाणित गरेको छ । उक्त वमबीरविकटेश्वर मन्दिरको पश्चिमोत्तर कुनामा रहेको यौटा मन्दिरनेर राखिएको राणाकी बुहारी यक्षविक्रमकी माहिली रानी सावित्रीदेवीपट्टिका छोरा कर्णेल तुलाविक्रम र उनकी पत्नी डम्बरकुमारीले हामीबाट २००० साल वैशाख सुक्र ३ रोज ५ का दिन ढुंगाको मन्दिर बनाई श्रीसावित्रीमुक्तेश्वर १ श्री तुलाभक्तेश्वर १ श्रीडम्वरभक्तेश्वर १ समेत स्थापना गरी' केही जगाको गुठी समेत राखेको वयान लेखाएकी छन् । यस प्रमाणबाट ई० १९५० मा पनि यस ठाउँमा सानै भए पनि ३ मन्दिर थापिएका देखिन्छन् ।

वर्णित शिलालेखको स्थितिले वताएअनुसार उक्त ३ शिव मन्दिर वमबीरविक्टेश्वरको आँगनमा उत्तरतर्फ ढुंगाको अग्लो वेदिकामाथि स-साना तीन 'मन्दिर' संयुक्त रूपमा वनेका देखिन्छन् । यो संयुक्त ३ 'मन्दिर' को कलात्मकता अत्यन्त साधारण देखिन्छ यद्यपि यो ढुंगैढुंगाले मिहिनेतै साथ वनेको छ ।

बमबहादुर राणाले ई० १८५० मा वमबीरविकटेश्वरको मन्दिर थापेदेखि यहीं उनका सन्तान-दरसन्तानले सानातिनै भने पनि मन्दिर थाप्ने जुन चलन चलाएका थिए त्यो क्रम एक शताब्दीसम्म चलेर ई० १९५० मा पाएर टुंगिएको देखिन्छ ।

१०१. भीमसेन मन्दिर

काठमाडौंमा बौद्धपट्टिबाट चावेलको प्रसिद्ध गणेश-मन्दिर पुगिने ठाउँनेर मूल वाटोको उत्तरतर्फ यौटा सानै पगोडा शैलीको २ तले मन्दिर रहेको छ । यसमा भीमसेनको अलि पुरानै मूर्ति रहेको छ । तर पुरानो यसै पडिरहेको मूर्तिलाई कुनै भक्तले हालसालै यो मन्दिर बनाइदिएको देखिन्छ । मन्दिरमै ठूलठूला अक्षरमा '२०११ सालमा चन्द्रकुमारीले' भनी लेखिएको पनि छ । यसको छाना चाहिं झिंगटीको नवनी तेलिया ईंटले छापी बनेको छ ।

ई० १९५४ मा पगोडा शैलीको मन्दिर निर्माणको यौटा रूप यसले प्रस्तुत गरेको छ ।

१०२. शिवालय

नेपालमा धार्मिक उद्देश्यले मात्रै भने पनि, सानो वा ठूलो जस्तो भने पनि मन्दिर थाप्ने चलन आजसम्म क्रमिक रूपले चलिआएको छ भन्ने कुराको समर्थनको लागि पाटन शंखमूल घाटमा अलिक पूर्वपट्टि बनेको ढुंगाको शिवालयलाई पनि लिन सकिन्छ । सं० २०२४ (ई० १९६७ मा बनाएको भन्ने शिलालेखै रहेको यो मन्दिर ढुंगै-ढुंगाले घण्टाकृति रूपमा बनेको छ ।

१०३. राधाकृष्ण मन्दिर

पाटन शहरमा मंगलबजारमै राजदरबारको सामुन्ने पश्चिमतर्फ सडकपारि यौटा हिजाजै परिबन्द मिलाइएको सानो बघैंचा छ जहाँ यौटा हालसालै बनाइएको सानो मन्दिर रहेको छ । यस बघैंचाका पाले र मन्दिरकै पूजारीका भनाइअनुसार मन्दिरभित्र राखिएको मूर्ति पुरानै हो तर मन्दिर चाहिं सं० २०३० सालमा बनेको हो । यसको अलिकति दक्षिणतर्फ त्यसै सालमा बनेको यौटा सानो बौद्ध मन्दिर पनि रहेकोले यो भनाइ सत्य नै प्रतीत हुन्छ ।

ज्यादै सानो चौकोर गर्भगृहमाथि साधारण किसिमको चेप्टो र मन्दिरको योजना हेरी निकै अग्लो शिखर बनेको छ ३ खण्डे । सम्पूर्ण मन्दिर सिमन्टीले बनेको छ । शिखरमा कता कता दक्षिणभारतीय मन्दिरका शिखरको झझल्को देखाउँछ । शिखरमै सिमन्टीले नै राधाकृष्णको शिवका र लहरै चारैतिर गरी विष्णुका दश अवतारका मूर्ति ढालिएका छन् ।

नेपालमा मन्दिरको निर्माणको इतिहासको क्रममा यसले यौटा तथ्य थप गरेको छ । अनि सुविधाको निम्ति सिमन्टीको प्रयोग गरिएको हुँदा उक्त क्रममा शालीनता र कलाकारिताको अभावको युग थालिएको कुरातिर पनि यसले संकेत गरेको छ । यद्यपि यो कुरो सर्वाङ्गीण र सर्वव्यापी मान्न सकिने होइन ।

ख. साना मन्दिरहरू

हामीले माथि 'क' खण्डमा प्राय: निर्माणको तिथिमिति थाहापाइने मन्दिरहरूको विवरण प्रस्तुत गरेका छौं । अब हामी यहाँ त्यस्ता

मन्दिरहरूको सामान्य विवरण प्रस्तुत गर्ने प्रयत्न गर्दछौं जुनको निर्माणको तिथिमिति पाउन सकिएको छैन तर शैली र स्वरूपको आधारमा तिनलाई प्रत्यक्षत: शाहकालीन मान्न सक्दछौं । यस्ता मन्दिरलाई शैलीको आधारमा हामी तीन भागमा बाँड्न सक्दछौं:—

१. 'राजपूत' वा 'दर्बारिया' खालका मन्दिरका मझौला र साना-साना मन्दिर जुनमा प्लाष्टरको प्रयोग गरिन्छ । यस्ता मन्दिर पशुपति, गुह्येश्वरी, कालमोचनघाट, पचलि र शोभा भगवती मन्दिर आदि भेकमा निकै देखिन्छन् । यसका उदाहरणको संख्या पनि शयौं पुग्न सक्दछ । यसका पनि शिखर र गर्भगृहका निर्माण-स्वरूपको आधारमा धेरै भेद गर्न सकिन्छ (चित्र संख्या—२५)

२. पगोडा शैलीमा विविध रूपमा बनेका ज्यादै साना-साना र मझौला आकारका मन्दिरहरू । यस किसिमका मन्दिर काठमाण्डू उपत्यकामा जताततै, उपत्यकाबाहिर नगीचै पूर्व-पश्चिमका ठाउँहरू र नेपालभित्र अरू ठाउँमा पनि देख्न सकिन्छ । यस किसिमका मन्दिरलाई पनि तल लेखिएबमोजिमका केही भागमा बाँड्न सकिन्छ—

क— अघिका पुराना मन्दिरका जीर्णोद्धार गरी बनेका ।

ख—अघि मन्दिर नभएका देवस्थलमा हाल बनेका जसको यौटा उदाहरण हाँडीगाउँमा रहेको नाट्येश्वरको यौटा सानो मन्दिरमा देख्न सकिन्छ (हेर्नू चित्र संख्या— २६) ।

ग—हाल मौलिक बनेका ।

३. ईंटले बनेका विविध शैली र आकृतिका मन्दिरहरू । यस्ता मन्दिरमा पनि शिखर र गर्भगृहको स्वरूप र आकृतिमा निकै भेद देखिन्छन् । पशुपतिमा आर्यघाटपारि राममन्दिरभन्दा अलिकति माथि रहेका केही मन्दिर यसका उदाहरण हुन् ।

४. ढुगै-ढुंगा र प्लाष्टरले बनेका 'घण्टाकृति' खालका एकसरो शिखर भएका मन्दिर । यस खालका मन्दिरहरूको निर्माण-योजना चित्र संख्या—२७ मा प्रस्तुत गरिएको छ । यसका विविध स्वरूप र आकृतिको उदाहरणका लागि चित्र संख्या—२८ र चित्र संख्या—२९ प्रस्तुत गरेका छौं । शाहकालमा यस शैलीका मन्दिर उपत्यकाभित्र मात्र हजारौं बनेका

देखिन्छन् । पशुपति, गुह्येश्वरी, पचली, कालमोचनघाट आदि ठाउँमा यस्ता मन्दिरै-मन्दिरका समूहका समूहैं रहेका देखिन्छन् । शाहकालमा अति लोकप्रिय भएको यो शैली सम्भवत: यसै कालमा पत्ता लागेको हो । यसको यौटा प्राचीनतम उदाहरण ई० १८५१ को मितिसमेतको पाउँछौं जुन भक्तवीरकी आमा शान्तकुमारी राणाले ई० १८५१ मा पशुपतिको दक्षिणतर्फ चौंसट्ठीलिंगको मुन्तिर थापेकी थिइन् ।

यौटै शैलीमा बनेका भए पनि यस किसिमका मन्दिरमा त्यत्ति नीरसता देखिदैंन किनभने यसकिसिमका जति पनि मन्दिर बनेका देखिन्छ तिनमा पनि:—

१. काठको प्रयोग
२. वेलवुट्टाको प्रयोग
३. मूर्तिकलाको प्रयोग
४. ढुङ्गाका मन्दिरमा काठका तोरणको प्रयोग
५. प्लाष्टरका मन्दिरमा काठ वा ढुंगाका तोरणको प्रयोग
६. १. २ वा ३ पेटीको प्रयोग
७. गर्भगृहमा १ वा चार ढोकाको प्रयोग
८. १ वा ३ आँखीझ्यालको प्रयोग
९. १, २ वा ३ छानाको प्रयोग

गरी धेरै भेद देख्न सकिन्छ । यस्ता मन्दिरमा प्राय: गरी मनुष्य स्वरूपमा देवी देवताका मूर्ति नथापी शिवलिङ्गनै थापिएको देखदा भने हामीलाई निकैनै निराशा लाग्दछ तैपनि तिनमा अर्थोक केही नभएर मन्दिरको कोखमा नाग-नागिनी ग्राहाका चित्रांकन गरिने गरेकोले हाम्रो त्यो निराशालाई अलिकति दबाउन मद्दत गरिरहेकै हुन्छ ।

५. सिमन्टीले बनेका विविध आकार-प्रकारका । सिमन्टीले बनेका नयाँ मन्दिर पनि प्रशस्त देखिन्छन् । तर पुराना मन्दिरको जीर्णोद्धार गर्दा सिमन्टीको खास प्रयोग गरिएको देखिन्छ ।

ग. शैलीगत अध्ययन

माथिका विवरणहरूमा हामीले शाहकालमा बनेका विभिन्न शैलीका मन्दिरहरूको छोटकरी चियोचर्चा गरिसकेका छौं । त्यसवाट मल्लकालमा

चलेका मन्दिरका शैलीहरूलाई शाहकालले थेगेको धानेकै देखिन्छ र साथै नयाँ-नयाँ शैलीहरू समेत उब्जाएको देखिन्छ । नेपाली प्राचीन शैलीका पगोडा खालको शैलीलाई शाहकालले भरिसक्क धानेकै देखिन्छ र त्यस शैलीका उत्कृष्ट उदाहरणहरूमा त्रिपुरेश्वर र लक्ष्मीश्वर जस्ता मन्दिरहरूको समावेश गर्ने ठूलो योगदान गरेको देखिन्छ । पगोडा शैलीले वर्तमान नेपालमा कति महत्त्व पाएको छ भन्ने कुरा सरकारी र सामाजिक भवनहरूको निर्माणमा विविध रूपमा त्यस शैलीको अनुकरण गरिएकोले स्पष्ट हुन्छ । वर्तमान नेपालमा पगोडा शैलीको विविध रूपको अनुकरणका राम्रा उदाहरणको लेखाजोखा गरी साद्धे छैन तर यहाँ यौटा उदाहरणको उल्लेख त नगरी नहुने देखिन्छ । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेकोत्सवको उपयोगको लागि टुँडिखेलको दक्षिणी भागमा बनेको पगोडा शैलीको मण्डप राजकीय संरक्षणमा निर्मित पगोडा शैलीको वास्तुको यौटा रमणीय र नवीनतम उदाहरणको रूपमा हाम्रो सामु उभिएको छ । यद्यपि प्रत्यक्षतः यसको निर्माण धार्मिक उपयोगिताको लागि गरिएको हैन तैपनि यसमा लगाइएका टुँडालहरूमा देवी-देवताका मूर्ति अलंकृत भएकाले यसलाई मन्दिर भनेमा कुनै अल्झो आइपर्ने छैन । ई० १९७४ वर्षको आखिरी भागदेखि निर्माण गर्न थाली ई० १९७५ वर्षको थालनीको महीनामा बनाइसकिएको यो मन्दिर वा मण्डपलाई नेपाली पगोडा शैलीको वास्तुशिल्पको लामो इतिहासको नवीनतम प्रतिनिधि रूपमा लिनुपर्दछ ।

शाहकालीन मन्दिर सम्बन्धी शिल्पका अरू अनेक भेदोपभेदको चर्चा हामीले माथि गरिसकेका छौं जुनको महत्त्वको बयान यहाँ गर्नु आवश्यक छैन । यहाँ हामीले 'राजपूत' वा 'दरबारिया' शैलीको शाहकालमा गरिएको व्यापक प्रयोगलाई ऐतिहासिक उपलब्धि मान्नै पर्ने देखिन्छ । यद्यपि मल्लकालमा प्लाष्टरको प्रयोग गरी मन्दिर बनाउने चलन चलेकै देखिन्छ जसले रंगिबिरंगी पगोडा मन्दिरले व्याप्त वातावरणमा श्वेत प्रकाश फैलाई दर्शक-भक्तका आँखामा विविधताको मधुरता दिइसकेको थियो तैपनि 'राजपूत' शैलीको विशालता र भव्यता पगोडा शैलीको रमणीयताको तुलनामा सराहनीय नै देखिन्छ । यी 'राजपूत' मन्दिरहरू आज दीन-हीन अवस्थामा हुनाले पनि यिनको वास्तविक महत्त्व बुझ्न नसकिएको हो । हिजार्जं 'राजपूत' शैलीमा निर्मित रणमुक्तेश्वर मन्दिरमा पुरानै थिति अनुसार जसरी रंगरोगन गर्न थालिएको छ त्यसबाट यो मन्दिर बनेको बेलाको भव्यताको केही झल्का

हामी अनुभव गर्न सक्दछौं । यसको रंगरोगनको काम पूरा भएपछि कति प्रभावशाली होला हामी आफैं अन्दाजी गर्न सक्दछौं । अझ यसका चारैतिर रहेका सत्तल साबुत रहेका भए वा जीर्णोद्धार गरे यस मन्दिरको सांगोपांग पुग्ने छ झन् त्यहांमाथि यस मन्दिरका निर्माताले बांधेको व्यवस्था बमोजिम दिनदिनै बिहानबेलुकै बाजागाजासाथ पूजा-आजा चले; सदावर्त्त चले 'मन्दिर'-को वास्तविक आदर्श हाम्रो सामुन्ने साक्षात् उभिने थियो होला ।

२. बौद्ध मन्दिर

बौद्ध धर्म पनि नेपालको समाजमा प्रभावशाली ठाउँ पाएको धर्म हो । किरातकालदेखिनै प्रवेश पाएको यस धर्मले नेपाली समाजलाई सनातन हिन्दू-धर्मले झैं अनुशासित गराई आएको छ । त्यति भए पनि नेपाली इतिहासका लामा जुगहरूमा बौद्धधर्मले पनि अनेकन् पल्ट काँचुली फेऱ्यो अन्तर्राष्ट्रिय कारणले र स्थानीय सामाजिक कारणले पनि लिच्छविकालमा ईस्वीको आठौं-नवौं शताब्दीसम्म बौद्धधर्म एशियाभरि फैलिएको विशाल साम्राज्य थियो । तर त्यसैताक भारतको आन्तरिक राजनीति दिनदिनै बिस्तारै–बिस्तारै विग्रिन गई ईस्वीको बाह्रौं शताब्दीसम्म त बौद्धधर्म त लुप्तै हुने क्रममा लाग्यो । चौधौं शताब्दीतिर त पुराना बौद्धधर्म सम्बन्धी मन्दिर, विहार र मूर्तिका अवशेष मात्रै भारतमा रहे । त्यस धर्मलाई मान्ने पुराना मानिसै रहन गएनन् । भारतमा पर्ने हिमाली भेकका लद्दाख, कुमाउँ र गढवालका भित्री पहाडी क्षेत्रमा बस्ने मंगोलपरिवारसँग सम्बन्धित केही समाजमा बाहेक बौद्धधर्मले भारतमा अरू ठाउँमा ठाउँ पाएको थिएन । उक्त ठाउँमा मानिने बौद्धधर्म पनि तिब्बती लामायान हो । शुद्ध भारतीय हीनयानी वा महायानी बौद्धधर्म होइन । भारतका पूर्वेली भेकमा रहेका सिक्किम र भूटानमा हिजाज बौद्धधर्मको जुन प्रभाव देखिन्छ त्यो पनि लामायाननै हो । त्यहांका लामायान मान्ने वासिन्दाहरू पनि धेरैपछि कि त नेपालबाटै गएका हुन् कि त तिब्बतबाट । तर त्यसको उल्टो नेपालमा बौद्धधर्म जुनसुकै रूपमा भए पनि जीवितनै रहिआएको छ । यहाँ मानिने बौद्धधर्म नेपालमै फुलेको महायान र तिब्बतको प्रभावबाट आएको लामायानको रूपमा प्रभावशाली रहिआएको छ । हालै अन्तर्राष्ट्रिय सम्पर्कले गर्दा हीनयानले पनि आफ्नै रूपमा प्रवेश पाई रहेको छ ।

माथिको संक्षिप्त विवरणबाट नेपालमा झण्डै किरातकालदेखि आजसम्म बौद्धधर्मको लामो इतिहास बनेको छ । यसको क्रम कहिल्यै नटुटेको

देखदा यससँग सम्बन्धित भएर कला र वास्तुकला पनि क्रमैले आजसम्म चलिआएकै देखिन्छ जसका उदाहरणका रूपमा हाम्रा प्रशस्त पुरातात्त्विक सामग्रीहरू नै रहेका छन् । तर यहाँ यौटा कुराको खास रूपले चर्चा गर्नुपर्दछ ई० १७६९ को वर्ष पृथ्वीनारायण शाहले काठमाण्डू उपत्यकाको विजय पूरा गरेदेखि नेपाली इतिहास आर्कै रूपमा बन्न थालेकोले त्यसको प्रभाव सांस्कृतिक गतिविधिहरूमा प्रशस्त परिआएकोले त्यस वेलादेखि नेपाली संस्कृतिको क्रम पनि भिन्नै रूपमा चलन थालेको देखिन्छ । यस कारणले गर्दा सांस्कृतिक क्षेत्रमा निकैनै फेरफार देखिन थाल्दछ । यहाँ हामी ई० १७६८-६९ देखि आजसम्मको बौद्ध वास्तुकला सम्बन्धी केही तथ्यहरूको विवरण प्रस्तुत गर्दछौं ।

अ· बौद्ध विहार

मध्यकालतिरदेखि नेपालमा बौद्धधर्ममा जुन परिवर्तन हुँदै आएको थियो त्यसको प्रभाव त्यस सम्वन्धी वास्तुकलाको निर्माणको क्रममा पनि परेको देखिन्छ । त्यतिवेलातिरदेखि ब्रह्मचारीका रूपमा बौद्ध भिक्षुहरूले जिन्दगीभरि तपस्या गरी वस्ने चलन लुप्तप्राय हुन गएकोले तिनैलाई वस्न भनी बनाइने विहारहरूको कुनै आवश्यकतानै रहन गएन । त्यसैले मध्यकालको हाराहारीदेखि बौद्धविहार थाप्ने चलन लुप्तप्रायनै हुन गएको थियो । तर काठमाण्डू उपत्यकाभित्र पृथ्वीनारायण शाहको विजय भएदेखि अघिका केही बौद्ध विहारहरूको जीर्णोद्धार वा पुनः संघटन गरिएका उदाहरण पाउन नसकिने होइन । तर ई० १९५० मा प्रजातन्त्र आएदेखि नेपालभरि धेरै ठाउँमा नयाँ शैलीका महायानी वा हीनयानी बौद्धविहार बनेका देखिएका पनि छन् र त्यस्ता सन्दर्भ प्रकाशित भएका पनि छन् । तर यस किसिमका विवरणको लागि विशेष मिहिनेत गर्नुपर्ने देखिन्छ । हामीले यहाँ यौटै सन्दर्भको उल्लेख गर्न सकेका छौं जो पूर्व १ नं वनेपामा रहेको छ । बनेपामा शहरबाट चण्डेश्वरीको प्रसिद्ध मन्दिर जाने मूलबाटोमा रहेको मिशनरी अस्पतालनेरै यौटा सानो बौद्ध चैत्य रहेको यौटा सानो घर छ जसको मूलढोकामा 'चन्द्रकीर्तिविहार २००८' लेखिएको छ । अर्थात् यो विहार ई० १९५१ मा थापिएको देखिन्छ । यस्तै यौटा विहार बलम्बुमा खडा रहेको देखिन्छ ।

यी नयाँ बनेका विहार नेपालमा अघि बन्ने गरेका विहारकै शैली र परम्परामा वनेका देखिदैनन् । तैपनि परिवर्तित रूपमा भए पनि विहार

बनाउने चलनको क्रमिक इतिहासमा यस्ता यस्ता विहारहरूको केही न केही महत्त्व त मान्नै पर्दछ ।

अब तलको खण्डमा हामी सम्प्रदाय र शैलीमा भिन्नै रूपमा बनेका लामाका गुम्बाहरूबारे संक्षिप्त विवरण प्रस्तुत गर्दछौं ।

आ. लामाका गुम्बा

नेपालमा मध्यकालतिरदेखि तिब्बतको प्रभावअनुसार लामायनको प्रवेश हुन थालेको थियो । नेपालका पहाडी क्षेत्रमा बसोबास गर्ने धेरै जातिहरू लामायानलै मान्दछन् । तिब्बतको स्वतन्त्र राजनीतिक अस्तित्व समाप्त हुनुअघिसम्म नेपालका लामायानीहरूको घनिष्ठ सम्बन्ध तिब्बतका प्रसिद्ध गुम्बा र त्यहाँका लामाहरूसँग रहेको थियो । तर त्यो कुरो त आज लुप्त भैसकेको छ । तर लामायानका अनुयायी नेपालमा लाखौं रहेकाले र तिनको ब्रह्मचारी-भिक्षु बन्ने चलन अझै जीवित रहेकोले आवश्यकताअनुसार ठाउँ-ठाउँमा नयाँ-नया गुम्बाहरू बनाउने चलन आजैसम्म चलिरहेको देखिन्छ । पूर्व, पश्चिम र उत्तरका भेकमा यस्ता शाहकालमा बनेका गुम्बाहरूको लेखाजोखा गर्ने काम गर्नु बाँकीनै छ तर काठमाण्डू उपत्यकाभित्रमा चाहिं स्वयम्भू स्तूपका इलाकामा यस्ता धेरै नयाँ गुम्बाहरू देखिन्छन् जुनको पनि विशेष अध्ययन हुन अति आवश्यक छ । शाह वंशका राजाहरूले लामायानका गुम्बाहरूको स्थापना र बन्दोबस्तको व्यवस्था गरिदिएका प्रशस्त सन्दर्भ पाउन सकिन्छ जसको यौटा उदाहरणको चर्चा यहाँ गरिन्छ ।

कगित गोन्पा (गुम्बा)

स्वयम्भूको प्रसिद्ध स्तूपको उत्तरतर्फ रहेको लामाहरूको गुम्बा नेपालको प्रसिद्ध गुम्बा हो जहाँ लामाहरूले नित्य पूजापाठमा लीन भई आफ्नो धार्मिक परम्परालाई जीवित पारी राखेका छन् । यस गुम्बामा ढलोटले बनेको रमणीय र विशाल बुद्धको मूर्तिको पनि आफ्नै महत्त्व छ । यस गुम्बाको स्थापना सम्भवतः श्री ५ रणबहादुर शाहले गराएका हुन् । जुन प्रमाणको आधारमा यो भन्न खोजिएको हो यो तल सारिन्छः—

> "यहाँपछि नेपालिसम्वत् ८८८ साल भाद्र शुदि १४ का दिन गोर्खेश श्री ५ पृथ्वीनारायण साहको नेपालमा राज्य भयापछि यिनैका नाति श्री ५ रणबहादुरका पालामा साके सम्बत् १७०८ सालमा ल्हासाको देवा

> धर्मका लामा नेपालमा आई हजुरका ज्युज्यू बाजे श्री महाराजा नरभुपालसाहालाई सन्तान नहुँदा हाम्रा पुर्खालाई झिकाई मेरा सन्तान भयो भने मेरा छोराले आर्य्य (?)[1] मुलुकमा जो माग्दछ सो देउ भन्ने मोहर दिई उपाद गर्दा हजुरका बाज्ये पृथ्वीनारायण साहा पैदा भएको हो भनी श्री राजा नरभुपालसाहले गरि दिएको लाल मोहर समेत देखाई विंति चढाउँदा श्रीराजा रणबहादुरसाह बहुतैं खुसिभै नेवाल २० खेत पहाडतर्फको १५।२० गाउ बकस बिर्ताको लालमोहर गरी बक्सदा सो जग्गा गाउ सबै स्वयंभु प्रीति गरी गुम्बा समेत बनाई गुठी राखी ल्हासा फर्कि गया ।"[2]

उद्धृत प्रमाणबाट अचम्मको कारणवाट रणबहादुर शाहले ई० १७८६ मा ल्हासाबाट आएका कुनै लामाद्वारा यो गुम्बा थाप्ने काम गराएको देखिन्छ। उक्त प्रमाणको खास खोजीनिति हुनु आवश्यक छ । रणवहादुरबाट पाएको १५।२० गाउँको गुठी समेत सम्बन्धित भएको कुरा उक्त प्रमाणबाट थाहापाउन सकिन्छ । जुनसुकै स्थितिमा भए पनि यो महत्त्वपूर्ण गुम्बाको स्थापनामा एक शाह वंशका महाराजाधिराजको देन रहेको कुरा त प्रत्यक्षै छ । हामीले माथि एकपलट भनिसके झैं नेपालभरिका गुम्बाहरूको ऐतिहासिक अध्ययन र विश्लेषण गरिएमा शाहकालमा यस क्षेत्रमा भएका देनहरूको यथोचित मूल्याङ्कन गर्न सकिने देखिन्छ ।

ई. बौद्ध चैत्य

नेपाली धार्मिक वास्तुकलामा सार्वकालिक उदाहरणको रूपमा विभिन्न स्वरूप र शैलीका बौद्ध चैत्यहरूको महत्त्वपूर्ण स्थान रहेको छ । यस किसिमका धार्मिक वास्तुकलाको अनवच्छिन्न परम्परा नेपालमा रहेको छ जसमा लिच्छविकाल, मध्यकाल, र शाहकालका बनेका यसका असंख्य उदाहरण यत्रतत्र सर्वत्र पाइन्छन् । यद्यपि यस्ता सबै चैत्यमा लेख लेखिएको देखिदैन तापनि तिनको आकृति र शैलीको आधारमा तिनलाई यो यो कालको रचना हो भन्न सकिन्छ । यस सन्दर्भमा यौटा महत्त्वपूर्ण कुरा यो छ कि शाहकालमा काठमाण्डू उपत्यकाभित्रमा मात्रै थापिएका शिलालेख-लेख र निर्माण मितिसमेत भएका कम्तीमा पनि एक हजार यस्ता चैत्य रहेका

---

[1] आर्जेको ?

[2] देवमाला वंशावलि, पृ० २०–२१.

देखिन्छन् । यस्ता चैत्य रहेका ठाउँ चाहिं स्वयम्भूको स्तूपको आँगन र पहाडैंभरि, चाबेलको चैत्यको वरिपरि, कान्तिपुरका गल्ली-गल्लीमा र यहाँका प्रख्यात बौद्ध मन्दिर मच्छेन्द्रबहाल मन्दिरको वरिपरि र काठे सिम्भूका वरिपरि कंकेश्वरीको वरिपरि पाटनमा पनि गल्ली-गल्लीमा र यहाँका प्रख्यात बौद्ध मन्दिर रातो मच्छेन्द्रनाथ र मीननाथका मन्दिरका भेकमा, भक्तपुरमा अनि उपत्यकाभित्रका र अलि नजिक बाहिरका ठूल्ठूला गाउँहरू आदि हुन् । यस्ता चैत्यहरूलाई र निर्माणशैलीको आधारमा तल लेखिए-बमोजिम विभाजित गर्न सकिन्छः—

१. ईंटले बनेका
२. ईंट र चून-सुर्कीले बनेका
३. ढुंगाले बनेका
४. ईंट, चून–सुर्की र ढुंगा सबै मिली बनेका मिस्कट शैलीका ।
५. सिमन्टीका बनेका ।

यस्ता विविध शैलीका चैत्य (जसका दुई समूहको चित्र चित्र-संख्या ३० र चित्रसंख्या ३१ मा देख्न सकिन्छ) ले बौद्ध चैत्य शाहकालमा कति बनेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ । हुन त माथि बयानिएका चारै शैलीका चैत्य लिच्छविकाल, मध्यकाल र मल्लकालमा बनाउने गरिन्थ्यो तर शाहकालमा आएर कति किसिमका चैत्य बनाउन छोडियो र नयाँ-नयाँ शैलीमा बनाउन थालिएको देखिन्छ । अघिदेखि बनाइने गरेको ढुंगामा अण्डाकार चैत्य बनाउने लिच्छविकालीन उदाहरण मल्लकालतिरै लोप भइसकेकोले शाहकालमा त्यस शैलीका चैत्य बन्दै नबनेको देखिन्छ यद्यपि यस कालमा त्यस किसिमका जीर्ण अवस्थामा रहेका अण्डाकार चैत्यहरूको विभिन्न रूपमा जीर्णोद्धार गरिएको त देखिएको छ । अब हामी माथि चर्चिएका ४ शैलीमा बनेका शाहकालमा बनेका चैत्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्दछौं ।

१. ईंटले बनेका चैत्य

ईंटै ईंटले मात्र बनेका चैत्यका उदाहरण अलि कमै देखिन्छन् । तैपनि यस्ता शाहकालीन उदाहरण ठाउँ-ठाउँमा भेटिएका छन् । यस किसिमको यौटा चैत्य शोभ भगवतीनेर इन्द्रायणीको मन्दिरभन्दा अलिक पूर्वतर्फ मूलबाटोको छेवैमा रहेको छ । यो चैत्य सानै भए पनि अत्यन्त राम्रो देखिन्छ ।

२. ईंट र चून-सुर्कीले बनेका चैत्य

पहिले ईंटै ईंटले चैत्य बनाई त्यसलाई चून र सुर्कीको लेप (प्लाष्टर) लगाई बनेका आर्को किसिमका चैत्य त धेरै प्राचीन कालदेखि वनाउने गरेको बुझिन्छ जसका प्रसिद्ध उदाहरण स्वयम्भूको स्तूप चाबेलको धनदो चैत्य र काठेसिम्भूका रूपमा लिन सकिन्छ । तर शाहकालमा त्यस्तै अघिका उदाहरणका अनुकृति बनाउने र नयाँ-नयाँ शैलीमा समेत यस शैलीका चैत्य बनाउने चलन चलेको देखिन्छ । यस किसिमका चैत्यका उदाहरण पनि धेरै पाइँदैनन् तैपनि जति पनि पाइन्छन् ती अत्यन्त रमणीय हुन्छन् । यसका २ उदाहरणका रूपमा भक्तपुर सिद्धपोखरीनेर रहेको बौद्धविहारको वाहिरपट्टि थापिएकालाई लिन सकिन्छ (हेर्नू चित्र संख्या–३२ र चित्रसख्या–३३) जुन् निश्चय नै उन्नाईसौं शताब्दीको आधाआधीतिरका रचना शिल्प देखिन्छन् । त्यस्तै यौटा आर्को उदाहरण चाबेल स्तूपको पूर्वोत्तर कुनामा रहेको चैत्यको रूपमा देखिन्छ जो मूलतः मध्य वा मल्लकालीन हुनु सम्भव देखिए पनि हालको यसको रूप उन्नाईसौं वा वीसौं शताब्दीमै वनाइएको हुनुपर्दछ (हेर्नू चित्रसंख्या– ३४) ।

३. ढुङ्गाले बनेका

शाहकालमा ढुंगाका चैत्य बेगन्ति बनेका देखिन्छन् । यस्ता धेरैजसो चैत्यको निर्माणकाल सम्बन्धी शिलालेख-प्रमाण पनि पाइन्छन् र त्यस्ता प्रमाण नपाइने अनेकन्लाई पनि शैलीको आधारमा निश्चित रूपले शाहकालीन मान्न सकिन्छ । यसरी ढुंगाले बनेका चैत्यहरू पनि साधारणतया साना आकारका तर विभिन्न रूपका देखिन्छन् जुनको सामान्य वर्गीकरण गरी संक्षिप्त विवरण तल प्रस्तुत गरिन्छ ।

क. शिवलिंगाकार चैत्य

ढुंगाले बनेका चैत्यहरूमा शिवलिंगाकार चैत्यहरूको महत्त्वपूर्ण स्थान छ । यस किसिमका चैत्यहरू प्रशस्त पाइएका छन् भन्न नसके पनि यस्ता उदाहरण निकै छन् भन्न सकिन्छ (हेर्नू चित्र संख्या—३५, चित्रसंख्या—३६, चित्र संख्या—३७, चित्र संख्या—३८, चित्र संख्या – ३९ र चित्रसंख्या ४० मा यस किसिमका चैत्यका केही उदाहरण प्रस्तुत गरिएका छन्) ।

यस किसिमका चैत्य बनाउने चलन पहिलोपल्ट अठार्हौं शताब्दीको अन्त्यतिर थालिएको मान्न सकिने देखिन्छ—अर्थात् शाहकालमै यस किसिमका अपूर्व र मौलिक खालका बौद्धचैत्य बनाउने चलन चलेको देखिन्छ जसको ऐतिहासिक महत्त्व छ । यस शैलीका चैत्यहरूको विशेष रूपले खोजीनीति गरी विस्तृत विवरण तयार पार्नुपर्ने देखिन्छ ।

ख. छत्रावलि शैलीका चैत्य

यस किसिमका शाहकालीन उदाहरण अलि कम्तीनै देखिन्छन् र कुन चाहिं मल्लकालीन र कुनचाहिं शाहकालीन हुन् भन्ने निधो गर्न र छ्यान गर्न पनि अप्ठेरो पर्ने हुन्छ शिलालेख–प्रमाणको अभावमा । यस शैलीको यौटा उदाहरणको लागि ठमेलमा विक्रमशिला विहारको दक्षिणतर्फ सानो चौरमा रहेको चैत्य (हेर्नू चित्र संख्या—४१) लाई औंल्याउन सकिन्छ । यस किसिमका अरू उदाहरण पनि ठाउँ-ठाउँमा पाउन सकिन्छ ।

ग. कमलपत्राकार चैत्य

ढुंगाका दुई पेटीमाथि कमलपत्राकार अण्ड (Dome) बनेका आर्को थरीका चैत्य देखिन्छन् । यस्ता चैत्य निकै राम्रा देखिन्छन् । शाहकालमा यस्ता चैत्य पनि बनेका देखिन्छन् (चित्र संख्या—४२) ।

घ. कमलासन प्रकारका चैत्य

चित्र संख्या—४३ मा प्रस्तुत कमलासन प्रकारका चैत्यचाहिं शाहकालमा अत्यन्त लोकप्रिय रहेको देखिन्छ । यसको लोकप्रियताको यौटा प्रमाण त यसै तथ्यबाट स्पष्ट हुन्छ यस किसिमका चैत्य हिजाजैसम्म पनि बनाई थापिइरहेकै देखिएको छ । यस्ता धेरैजसो चैत्यमा लेख पनि पाइने हुनाले यिनको स्थापनाको निश्चित तिथिमिति थाहापाउन सकिन्छ । यस्ता केही चैत्यको विवरण तल प्रस्तुत गरिन्छ ।

१. काठमाडौंमा विष्णुमतीको पूर्व किनारमा रहेको कंकेश्वरी थानको आँगनमा नेपाल संवत् ९६५ (ई० १८४५) को लेख लेखिएको राम्रो स्वरूपको चैत्य रहेको छ ।

२. कंकेश्वरीमै मन्दिरको पश्चिमोत्तर कुनातर्फ रहेको चैत्य नेपाली संवत् ९७९ (ई० १८५९) मा थापिएको देखिन्छ । यो चैत्य कान्तिपुर यटखा टोलका वासिन्दा सिन्धुराकार गोत्रका लक्ष्मीनारायणले

परिवारसहित भई थापेका थिए । चैत्यको लेखअनुसार चैत्यको वर्षबन्धन पूजाको लागि दाताले केही जग्गाको गुठी पनि राखेका थिए । लेखमा यसलाई 'श्री ३ वज्रधातु चैत्य' भनिएको छ ।

३. सिम्भूस्तूप जाने पूर्वपट्टिको उकालोको लामो सींढीको बीच भागमा रहेको चैत्य ई० १८४० तिर श्री ५ राजेन्द्रवीरविक्रम शाहदेवको पालामा थापिएको देखिन्छ । यस चैत्यनेर थापिएको सानो शिलालेखमा तल सारिएको मंगलाचरण:—

ॐ नमो रत्नत्रयाय ।।
आकाशो निर्म्मलो भूतो निष्प्रपद्य: गुणाश्रय:
पञ्चस्कन्धात्मके × × तं तस्मै रूपात्मने नम: ।।

गरी "स्वस्ति श्री गिरिराजेन्द्र चक्रचूडामनेत्यादि ।। श्री ५ महाराजाराजराजेन्द्रविक्रमसाहदेवस्य विजयराज्ये ।।" लेखी कान्तिपुरका निवासी धर्मनारायण तुलाधरले यो चैत्य थापेको बयान लेखिएको । यसको वर्षबन्धन पूजाको लागि दाता धर्म-नारायणले केही जग्गाको गुठी समेत राखिएको कुरा यस अभिलेखमा लेखिएको छ ।

४. कान्तिपुरमा काठेसिम्भूको प्रसिद्ध चैत्यको चोकमा पूर्वतर्फ नेपाल संवत् १०१० (ई० १८९०) मा थापिएको यस्तो यौटा चैत्य रहेको छ ।

५. कान्तिपुरमा ईटंबहालको चोकमा नेपाल संवत् १०१७ (ई० १८९७) मा "श्री ३ महाराजा पृथ्वीवीरविक्रमसाह" को पालामा शाक्यभिक्षु सजीवले थापेको चैत्य रहेको छ ।

६. कान्तिपुरमा मच्छेन्द्रबहालको प्रसिद्ध मन्दिरको आँगनमा नेपाल संवत् १०६६ (ई० १९४६) मा थापिएको चैत्य रहेको छ ।

७. बालाजुमा पुरानो गुह्येश्वरीको आँगनमा सं० २००४ (ई० १९४७) मा थापिएको चैत्य छ ।

८. सिम्भू थानको दक्षिणपट्टि चौरमा लहरै तीन ओटा चैत्य रहेका छन् तिनमध्ये पश्चिमपट्टिको चैत्य ई० १९४९ (नेपाल संवत् १०६९, संवत् २००६) मा श्री ५ त्रिभुवनको पालामा (अभिलेखको वाक्य-श्रीनेपालराज्यस श्रीम (न्) महाराजाधिरा (ज) श्री ५ त्रिभुवनवीर-विक्रमसाहदेवयापर्यायस) मा थापिएको देखिन्छ ।

९. काठमाडौं पचलीघाटमा ई० १९६० (सं० २०१७) थापिएको यौटा चैत्य छ जसका पाटामा विभिन्न बौद्ध कथानकका अर्द्धचित्रसमेत उत्कीर्ण गरिएका छन् ।

१०. काठमाडौं पचलीघाटमै यौटा चैत्य रहेको छ जो ई० १९६१ (नेपाल संवत् १०८१) मा थापिएको कुरा त्यसैनेर रहेको शिलालेखबाट थाहापाइन्छ । शिलालेखअनुसार यो चैत्य कान्तिपुर कोहितिटोलकी बखतमाया तण्डुकारहरूले मिली थापिएको देखिन्छ । यसै वर्ष थापिएको यौटा चैत्य पुरानो गुह्येश्वरीमा पनि छ ।

११. पचलीघाटमै ई० १९६६ (नेपाल संवत् १०८६) मा थापिएको यौटा चैत्य छ ।

१२. पुरानो गुह्येश्वरीमा ई० १९७० (संवत् २०२७) मा थापिएको यौटा चैत्य छ ।

१३. पाटन शंखमूलमा ई० १९७१ (संवत् २०२८) मा थापिएको यौटा चैत्य छ ।

१४. चावेलमा गणेशथानकै आँगनमा पूर्व-दक्षिणतर्फ थापिएको चैत्य ई० १९७३ (संवत् २०३०) को रचना देखिन्छ । यसमा लेखिएको लेख तल सारिएबमोजिमको छः—

१. श्रीस्वयम्भू घर्मधातुवागीश्वरीचैत्याय नम स्थापना वि० सं० २०३० साल फाल्गुण ३० गते रोज ४ मा श्रीवज्रघातु चैत्यरात्नन्यास जुल

२. दानपति चावहिल बजार भीमसेन स्थान अगादी वसने जोगमाया दाता चन्द्रकुमारी मानन्धर

३. थुगु पुन्य जगतप्राणि उधार जुयमाल शुभं ।।

यस्ता अरू बेगिन्ति उदाहरणहरूलाई पनि प्रस्तुत गर्न सकिन्छ जुनले नेपाली बौद्धधर्मको एक किसिमले क्रमिकता बताएका छन् ।

ङ. मन्दिराकार चैत्य

काठमाण्डू उपत्यकामा देखिने ढुंगाले बनेका चैत्यका समूहमा 'मन्दिराकार' खालका (चित्र संख्या—३०–३१ मा एकदम देब्रेतर्फ देखिने किसिमको) चैत्यको पनि महत्त्वपूर्ण स्थान छ । शाहकालमा यस किसिमका

चैत्य पनि वनाउने चलन चलिरहेकै देखिन्छ। यसको यौटा उदाहरणको रूपमा हामी सिम्भू स्तूपको आँगनमा दक्षिणतर्फ रहेको नेपाल संवत् ९३९ (ई० १८१९) मा थापिएको चैत्यलाई प्रस्तुत गर्दछौं। सिम्भूमै र अरू ठाउँहरूमा पनि शाहकालमा बनेका यस्ता मन्दिराकार चैत्य देखिन्छन्।

घ. 'चोर्टेन' खालका चैत्य

नेपालका पहाडी र हिमाली भेकतिर तिब्बततिर खास लोकप्रिय भएका स्वरूपका लाम्चा खालका चैत्य—जसलाई 'चोर्टेन' भनिन्छ-को निर्माण पनि यस कालमा खास लोकप्रिय भएको देखिन्छ। सिम्भू थानको डाँडामा पश्चिमतर्फ यस किसिमका थुप्रै चैत्य थापिएका देखिन्छन्। जुनमध्ये एउटामा लेखिएको लेखअनुसार त्यो ई० १९४५ (नेपाल संवत् १०६५)मा थापिएको देखिन्छ।

४ ईंट, चून-सुर्की र ढुंगा सबै मिली बनेका मिस्कट शैलीका चैत्य

काठमाण्डू उपत्यका भेकमा यस किसिमका चैत्यहरू पनि बनेका देखिन्छन् जुनको निर्माणमा चून-सुर्की, ईंट र ढुंगाको समेत प्रयोग गरिएको देखिन्छ। यस किसितका चैत्य निकै ठूलठूला हुन्छन् र शैलीमा यिनमा निकै विविधता देखिन्छ। सिम्भू स्तूपकै वरिपरि पनि यस्ता चैत्य देखिन्छन्।

५. सिमन्टीका चैत्य

आधुनिक युगको प्रभावअनुसार चैत्यमा निर्माण वा जीर्णोद्धारमा सिमन्टीको प्रशस्त प्रयोग गरिएको देखिन्छ। सिमन्टीले बनेका यस्ता चैत्य काठमाण्डू उपत्यकामा ठाउँ-ठाउँमा देखिन्छन्। खास गरी यस्ता चैत्य सिम्भूको र चाबेल आदि ठाउँमा देखिन्छन्। पूर्वपट्टिबाट सिम्भूको थान जाने मूल बाटैमा यौटा निकै ठूलो सिमन्टीको चैत्य छ जसको निर्माण अन्दाजी १०–१२ वर्ष अघि गरिएको हो। यस चैत्यको पूर्वतर्फ रहेको ठूलो घर (जसलाई त्यसका मालिकले 'जगत् उद्धार महाविहार' नामकरण गरेका छन्) मा चोकमा अन्दाजी १५ वर्ष जति अघि बनाई थापिएको यौटा सिमन्टीको चैत्य छ। यो चैत्य बनेकै ताक बनेको मात्र सकिने सिमन्टीको अर्को चैत्य पाटन पुल्चोकमा रहेको 'बालवाटिका' भित्र बीचमा रहेको छ। यस्ता अरू अनगन्ती उदाहरण पनि दिन सकिन्छ। जस्तो यौटा निकै महत्त्वपूर्ण मान्नुपर्ने चाहिं हो नरदेवीको मन्दिरबाट विष्णुमतीपट्टि जाने ओन्हालो

सिद्धिने ठाउँमा मूलबाटोको उत्तरनजीकै बनेको चैत्य जो निकै ठूलो पनि छ ।

सिमन्टीले बनेका यस्ता चैत्य स्वरूप, शैली र कलाकारितामा थरी थरी स्तरका देखिन्छन् । यिनमा पनि अलि-अलि ढुंगाको प्रयोग गरिएकै हुन्छ— यसमा थापिएका मूर्ति र चैत्यको शिखर प्रायः गरी ढुंगैका बनेका हुन्छन् तर कतै सप्पै थोक सिमन्टीकै बनेका पनि देखिन्छन् (चित्र संख्या ४४) ।

ई. बौद्ध मन्दिर

चैत्य र विहारमा बुद्धको मूर्ति थापी जसरी पूजास्थल बनाइन्छ त्यस्तै भिन्नै मन्दिरै बनाई बुद्धको मूर्ति थापेर अर्कौ थरीको पूजास्थल पनि बनाइन्छ । शाहकालमा पनि यस्ता मन्दिर ठाउँ-ठाउँमा बने तर स-साना आकारका । यस्ता मन्दिर पनि शाहकालमा निकै बनेका देखिन्छन् । तर यस्ता शाहकालीन रचना मात्र सकिने बौद्ध मन्दिरहरूलाई कालक्रमानुसार मिलाउन अलि गाहारो पर्दछ किनभने सबैका लेख लेखिएको पाइन्न । यहाँ हामी निश्चित तिथिमिति पाइने र अन्दाजी गर्नुपर्ने यस्ता बौद्ध मन्दिरहरूबारे छोटकरी विवरण प्रस्तुत गर्दछौं ।

१. मञ्जुश्रीको मन्दिर

काठमाडौंमा विष्णुमतीको पूर्व किनारमा रहेको कंकेश्वरीथानको पूर्वोत्तर कुनामा मञ्जुश्रीको निकै ठूलो मूर्ति थापिएको यौटा सानो मन्दिर छ । यो मन्दिर तल मूर्ति थापिएको भाग पूर्वपट्टिबाहेक अरू तीनतिर खुला बनेको छ—यो खुला भागमा सामुन्नेतिर ढुंगाका खाँबा राखिएका छन् । यस पूजाखण्डमाथि ढुंगैले बनेका २ तले छाना बनी त्यसमाथि घण्टाको आकारको प्लाष्टरको शिखर छ । त्यहाँ सुनको जलप लगाएको सानो गजूर समेत थापिएको छ । यहाँ थापिएको मञ्जुश्रीको मूर्तिको पादपीठमा नेपाल संवत् ९५७ को मिति (ई० १८३७) भएको लामो लेख लेखिएको छ र जसको आधार मानी यो मन्दिर पनि ई० १८३७ मै थापिएको बुझिन्छ ।

२. मञ्जुश्रीको मन्दिर

सिम्भूमा पश्चिमतर्फ रहेको मञ्जुश्रीको प्रसिद्ध थान जाने ढुंगाको लामो सीढीमै दाहिने–देब्रे गरी एकै किसिमका दुईटा साना प्लाष्टरका

मन्दिर थापिएका छन् । पूर्वपट्टि फर्केका यी दुवै मन्दिरमध्ये दक्षिणतर्फकोमा मञ्जुश्रीको ढुंगाको मूर्ति थापिएको छ । यो मूर्तिको पादपीठमा नेपाल संवत् १०२५ (ई० १९०५) को मिति भएको लेख लेखिएको छ । जसअनुसार यो मन्दिर पनि त्यसै बेला बनेको मान्न सकिने देखिन्छ । यो सानो मन्दिरमा ढुंगाको तोरण बनाइएको छ तर यसको खास विशेषताचाहिं यसको शिखर चैत्याकृतिको हुनु हो । बौद्ध मन्दिरहरूमा चैत्याकृति गजूरको प्रयोगका उदाहरण पुराना पुराना भेटिन्छन् खास गरी विहारका मन्दिरमा तर स्वतन्त्र बनेका मन्दिरहरूमा यस किसिमको शिखरै बनाउने चलन शाहकालमा निकै लोकप्रिय भएको देखिन्छ जसको यौटा उदाहरण त यही भयो र अरू उदाहरणहरूको विवरण तल आउने छ ।

३. सरस्वतीको मन्दिर

२ संख्यामा बयानिएको जोडा मन्दिरमध्ये यौटा मञ्जुश्रीको त बयान २ मै गरिसकियो । यो सरस्वतीको मन्दिरचाहिं त्यसैको उत्तरपट्टिको हो । सरस्वतीको यो मूर्तिमा पादपीठमा पनि नेपाल संवत् १०२५ (ई० १९०५) को मिति भएको लेख रहेकोले यी दुवै मन्दिर एकै समयमा थापिएका देखिन्छन् । सरस्वतीको यो प्लाष्टरको सानो मन्दिरमा पनि चैत्याकृति शिखर छ । बौद्धधर्मावलम्बीहरूले सरस्वती र मञ्जुश्रीलाई एकै स्तरका विद्या-ज्ञान सम्बन्धी देवता मानेको कुराको लागि यो यौटा प्रत्यक्ष प्रमाण हो ।

४. बुद्ध मन्दिर

माथि २–३ संख्यामा जुन शैलीका प्लाष्टरका मन्दिरको चर्चा गरिएको छ त्यस्तै शैलीका ढुंगै-ढुंगाले बनेका मन्दिरहरू पनि निकै बनेका देखिन्छन् । ई० १९२० तिर बनेका भनी अन्दाजी गरिएका र ई० १९४० तिर बनेको यस्ता चैत्याकृति शिखर भएका मन्दिरहरूको यहाँ छोटकरी विवरण दिइन्छ ।

४. क—कान्तिपुर शहरको पूर्वतर्फ नयाँ सडकको मूलढोकानेरबाट सुन्धारातर्फ जाने मूलबाटोमा ओरै (आर० एन० ए० सी० भवनको झण्डै पछाडिपट्टि)पूर्व लङमा ढुंगैढुंगाले बनेको यौटा सानो चैत्याकृति शिखर भएको बुद्ध मन्दिर रहेको छ (हेर्नू चित्र संख्या—४५) ।

यी मन्दिर निक्कै रमणीय देखिन्छ। कलात्मकतामा। यसको गर्भगृहको ढोकाला ढुंगाको राम्रो तोरणको प्रयोग अति राम्ररी भएको छ।

४. ख—ग – पाटन नागबहालभित्र दक्षिणी लङ्मा ४ क मा बयानिएकै शैलीका २ बुद्ध मन्दिर रहेका छन्। मन्दिरभित्र निकै राम्रा बुद्धका ढुंगाका मूर्ति थापिएका छन्। यी २ मन्दिर पनि आकृतिमा साना भएपनि निकै राम्रा छन्।

४. घ—पाटनमा लगनखेलबाट पाटन शहरतिर जाने दक्षिणतिरको मूलबाटामा पाटन शहरको लङ शुरु हुने वित्तिकै पश्चिमतर्फको लङमा पुलसचौवी रहेको पाटीपछाडि पश्चिममा यौटा सानै आकारको बौद्ध मन्दिर छ। प्लाष्टरले बनेको यो मन्दिर ४ क, ख र ग जस्तै शैलीमा बनेको छ। अर्थात् यसको पनि शिखर चैत्यको आकारको बनेको छ। गर्भगृहमा कालो ढुंगाको वैरोचनको मझौला मूर्ति छ। मन्दिरको सामुन्नेपट्टि राखिएको शिलालेखमा ई० १९४० (नेपाल संवत् १०६० संवत् १९९६)मा वैरोचनको स्थापना भएको कुरा लेखिएको छ। अर्थात् यो मन्दिर पनि ई० १९४० कै वर्ष थापिएको बुझिन्छ।

५. अमिताभ बुद्धको मन्दिर

पचलीपारिपट्टि राजघाटमा पूर्वपट्टिको पर्खालमा सँगै जोडिएर बनेको सिमन्टीको एकतले र एकतले छाना भएको सानो मन्दिर रहेको छ। सिमन्टीको यो मन्दिरमा थापिएको मूर्तिको पादपीठमा लेखिएको लेखअनुसार अमिताभ बुद्धको यो मूर्ति ई० १९४१ (नेपाल संवत् १०६१)मा थापिएको बुझिन्छ। अर्थात् सिमन्टीकै भए पनि यो मन्दिर ई० १९४१ मा थापिएको देखिन्छ। यस मन्दिरमा शिखरमा चैत्यको कलश थापिएको छ।

६. बुद्धमन्दिर

पचली घाटमै सिमन्टीको यौटा सानो मन्दिर रहेको छ जसमा बुद्धको निकै ठूलो मूर्ति थापिएको छ। यो मन्दिर ई० १९४५ तिर थापिएको हुनु सम्भव छ।

७. लोकेश्वर मन्दिर

पाटन शंखमूल घाटमा सिमन्टीको सानो तर केही लाम्चो मन्दिर रहेको छ जसमा अपूर्व किसिमका लोकेश्वरको अग्लो मूर्ति थापिएको छ। यस

मन्दिरको शिखरमा पनि चैत्यको कलश थापिएको छ। यो मन्दिर पनि ई० १९४५ तिर नै बनेको हुनु सम्भव छ।

८. अमोघपाशको मन्दिर

काठमाडौंको लगनटोलको दक्षिणी किनारामा (हिनाखा टोल?) यौटा पर्खालको उत्तर पाटामा सिमन्टीको मन्दिर बनाई संगमर्मरको अमोघपाश लोकेश्वरको मूर्ति थापिएको छ। मूर्तिको पादपीठमा 'श्री करुणामय अमोघपास स्थापना २०२७ साल रत्नमान ज्ञानीथकु अष्टमान…' लेखिएको छ। यसबाट यो 'मन्दिर' ई १९७० मा थापिएको बुझिन्छ।

९. विश्वमैत्रीमहाविहारको मन्दिर

मङ्गल बजार पाटनमा मल्ल-दरबारको पश्चिमतर्फ सडकपारि रहेको 'कृष्ण उद्यान'मा दक्षिणतर्फ ढुंगाले बनेको यौटा सानो चैत्य शिखर भएको बुद्ध मन्दिर छ। यस मन्दिरको पश्चिमपट्टिको भित्तामा लेखिएको 'विश्वमैत्रिमहारशिलापत्रम्'मा 'नेपाली संवत् १०९३ सं० २०३०'मा 'ल. पु. बुद्धजयन्ती कोष समिति पाटल नगरपञ्चायत र जनता सबैले' मिली यो मन्दिर बनाएको कुरा लेखिएको छ। यो मन्दिरभित्र बुद्धको ढलोटको निकै राम्रो मूर्ति पनि थापिएको छ जसको पादपीठमुन्तिरको संगमर्मरको लेखमा 'स्थापना नेपाल संवत् १०९३ आषाढपूर्णिमा बुद्धजयन्ती कोष समिति' लेखिएको माथि उद्धृत भैसकेको लेखअनुसार बुद्धको यो मूर्ति ३५ इञ्ची अग्लो छ अर्थात् यो मन्दिर ई० १९७३ मा थापिएको देखिन्छ जनता र अरु सस्थाहरूको सामूहिक प्रयत्नबाट।

ङ. बौद्ध मन्दिरहरूको शैलीगत अध्ययन

माथिका हरपहरूमा हामीले बौद्ध धर्म-सम्बन्धी धार्मिक वास्तु शैलीहरूको संक्षिप्त विवरण प्रस्तुत गरेका छौं। त्यसबाट यस शैलीका मन्दिरहरूको निर्माणमा हिन्दू धर्मका मन्दिरहरूभन्दा निकै भिन्नता देखिन्छ जसले गर्दा यस शैलीको केही खास महत्त्व देखिन्छ। हिन्दू धर्म सम्बन्धी मन्दिरहरूमा नयाँ-नयाँ शैलीहरूको प्रवेश शाहकालमा भएको देखिन्छ तर बौद्ध मन्दिरहरूमा त्यस्तो नभएको हुँदा यस शैलीले नेपाली मन्दिर शिल्पको प्राचीन परम्पराको शुद्ध रूपमा संरक्षण गरेको देखिन्छ। हिन्दू मन्दिरका निर्माणमा जहाँ क्रमशः विदेशी अनुकरणका विभिन्न तत्त्वहरूले प्रवेश पाएका

देखिन्छन् भने बौद्ध मन्दिरका सीपमा त्यस्तो नहुनु—त्यस्तो परिस्थिति पनि नहुनु–यौटा महत्त्वपूर्ण कुरा हो । यद्यपि हामीले माथि विभिन्न किसिमका अनेक चैत्यहरू शाहकालमै मौलिक रूपले बन्न थालेका कुराको ठाउँ-ठाउँमा चर्चा गरेका छौं तैपनि तिनको कुनै न कुनै किसिमको शिल्पगत सम्बन्ध अघिल्ला जुगहरूसँग रहेको कुरा त हामीले मान्नै पर्दछ । यति भएर पनि आधुनिककालीन वातावरणको जस्तो प्रभाव नयाँ बनेका हिन्दू-मन्दिरहरूमा देखिन्छ त्यस्तै बौद्ध मन्दिरहरूमा देखिन्छ । जस्तो सिमन्टीले मन्दिर बनाउने चलन हिन्दू मन्दिरहरूमा देखिन्छ भने बौद्ध चैत्यहरूमा पनि देखिन्छ । ती दुवैमा जस्तोसुकै शैलीगत भिन्नता देखिए पनि समयको प्रवाहमा त कुनैले पनि अड्डी लिएर बस्न सकेको देखिदैन । जस्तोसुकै रूपमा भए पनि बौद्ध मन्दिरहरूले नेपाली बौद्ध शिल्पको इतिहासलाई आजसम्म जीवित राख्ने कुराको महत्त्व त मान्नै पर्दछ ।

३. अन्य धार्मिक मन्दिर

अन्य धार्मिक मन्दिर शीर्षक अन्तर्गत हामीले बोन्पो, क्रिश्चियन, इस्लामी र सिखहरूको धार्मिक मन्दिरको छोटकरी चियोचर्चो गर्ने उद्देश्य राखेका छौं । उक्त ४ धर्मका अनुयायी पनि नेपालका वासिन्दा भएका छन् र आफ्नो कर्मकाण्ड पनि उनीहरूले चलाइआएका छन् । यी मध्ये सबभन्दा महत्त्वपूर्ण बोन्पो धर्म हो जसको मूल थलो तिब्बत हो । तिब्बती मूलका धेरै नेपाली जनतामा यो धर्म चलिआएको छ र यसको लामो इतिहास पनि छ । नेपालमा क्रिश्चियनहरूको संसर्ग हुनु अघिनै इस्लाम मतावलम्बीहरूको संसर्ग र सम्पर्क भैसकेको बुझिन्छ । अनि क्रिश्चियनहरू उत्तरमल्लकालमा नेपाल पसी आफ्नो धर्मको प्रचार गर्न थालेको थाहापाइन्छ यद्यपि त्यो क्रम त्यहीं टुंगिएको थियो । शाहकालमै भारतको यौटा महत्त्वपूर्ण 'सिख' धर्मले पनि प्रवेश पाएको देखिन्छ । तल उक्त चारै धर्मसम्बन्धी 'मन्दिर'हरूको नेपालमा रहेको स्थितिको संक्षिप्त कलात्मक विवेचना गरिन्छ ।

क. बोन्पो सम्बन्धी मन्दिर

तिब्बत मूलको बोन्पो धर्म तिब्बतमा बौद्ध धर्मको प्रवेश हुनु अघि निकै व्यापक थियो । त्यहाँ बौद्धधर्मको प्रभाव बढ्न थालेपछि त्यसको व्यापकता कम-कम हुँदै जान थाल्यो तर तिब्बती बौद्ध धर्मको स्वरूपमा यसको ठूलो प्रभाव परेको देखिन्छ । तिब्बतको स्वतन्त्र राजनीतिक अस्तित्व

समाप्त भएपछि त्यहाँ बोन्पो धर्मका अनुयायीहरूको के स्थिति छ हामीलाई स्पष्ट थाहा छैन । नेपालका उत्तरी भेकमा भने यस धर्मका अनुयायीहरू केही संख्यामा रहेकै छन् । तिनका मन्दिर पनि ठाउँ-ठाउँमा छन् भन्ने सुनिन्छ जुनको आकार-प्रकार र कर्मकाण्ड लामायानी बौद्धधर्मसँग निक्कै नै मिल्दछ तर आफ्नै शैलीमा । यस विषयमा विशेष खोजीनीति गरिएमा तिनको विकास या ह्रास के भएको छ र शाहकालमा तिनका नयाँ मन्दिर बने बनेनन् भन्ने कुरा निश्चित रूपले थाहापाउन सकिने छ ।

ख. इस्लामी मन्दिर (मस्जिद)

नेपालको इस्लाम धर्मसँगको सम्बन्धको इतिहास त्यति स्पष्टसँग तयार पारिसकिएको छैन । ई० १३७० मा आक्रमणकारीका रूपमा मुस्लिम फौज पूर्वतिरबाट काठमाण्डू उपत्यका भेकमा आइपुगेको थाहापाइन्छ। थाहापाइएको उक्त पहिलो सन्दर्भनै मैत्रीको स्वरूपको नदेखिएकोले त्यस आक्रमणपछि यहाँ इस्लाम धर्म मान्नेहरू वासिन्दाका रूपमा रहे कि रहेनन् केही भन्न सकिएको छैन । ईस्वीको सत्रौं शताब्दीतिर माझ नेपालमा काठमाण्डू उपत्यका भेकमा मल्ल राजदर्बारमा केही मुसल्मानहरूको प्रवेश भएको थाहापाइन्छ तर तिनले आफ्नो आराधना-स्थल मस्जिद बनाए नबनाएको कुरामा केही भन्न सकिएको छैन । झण्डै सत्रौं शताब्दीतिरै भारततिरबाट व्यापारीका रूपमा नेपालमा विभिन्न क्षेत्रका मुसल्मानहरूको आवत-जावत रहेको थाहापाइन्छ । हाल काठमाण्डूमा शहरबाहिर पूर्वपट्टि दुई ओटा भव्य मश्जिद खडा देखिन्छन् तिनको वास्तविक इतिहासको खोजी हुनु अति आवश्यक छ । नपालका अरू भागमा-पश्चिमी पहाडी भेकमा र तराई भेकमा पनि मन्जिदहरू रहेका होलान् किनभने ती भेकमा इस्लामका अनुयायीहरू ठूलै संख्यामा बसोबास गरिरहेका छन् तैपनि जसरी भारतमा इस्लामले व्याप्न थालेदेखि तत्सम्बन्धी उपयोगी र धार्मिक वास्तुकलाका बेगन्ती भव्य-भव्य उदाहरणहरू बनिआएका छन् । त्यसको तुलनामा नेपालका मुस्लिमहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति पाउन सक्ने कुनै वास्तुको सिर्जना गर्न नसकेको त स्पष्टै छ ।

ग. क्रिश्चियन मन्दिर (चर्च, गिर्जाघर)

एशियाका धेरै देशहरूमा क्रिश्चियन धर्मको गतिविधिको लामो इतिहास बनेको देखिन्छ । भारतमै पनि त्यसको सम्बन्धको लामो इतिहास

देखिन्छ तर नेपालमा भने सर्वप्रथम सत्रौं शताब्दीको अन्तिम चरणतिर मल्लकालमा यूरोपका केही पादरीहरूको प्रवेश भएको र तिनले यहाँका वासिन्दाहरूमा आफ्नो धर्मको प्रचार पनि गर्न थालेको थाहापाइन्छ। तत्कालीन शासकले ती पादरीहरूलाई केही जग्गाको दानसमेत गरेको थाहापाइन्छ जसमा तिनले आफ्नो साधारण आराधनास्थल बनाएको हुनु पनि सम्भव पनि देखिन्छ शास्त्रीय किसिमको गिर्जाघर ह्वैन। ई० १७६९ मा श्री ५ पृथ्वीनारायण शाहद्वारा काठमाण्डू उपत्यकाको विजय पूरा भएपछि राजनीतिक कारणहरूले गर्दा त्यस्ता पादरीहरू र तिनले आफ्नो धर्ममा दीक्षित गरिसकेका केही नेपालीहरूलाई विदेशिन वाध्य हुनुपरेको थियो। यस स्थितिमा नेपालभित्र क्रिश्चियन धर्मले जरो गाड्न पाएन तर ई० १९५० पछि नेपाली समाजमा कतै-कतै क्रिश्चियनहरू भेटिन्छन्–सम्भवत: वाहिरबाट आएका। हाल पुतलीसडकमा जुन साधारण खालको गिर्जाघर रहेको छ त्यसको पृष्टभूमि हाल जान्न सकिएको छैन र यसको निर्माण कहिले भएको हो भन्न पनि सकिँदैन। तर यो चर्च ई० १९५० पछिनै र धेरै यता थापिएको हुनुपर्दछ। उक्त चर्च-क्रिश्चियन गिर्जा-शैलीमा नबनेको र साधारण रूपमा बनेकोले त्यसको वास्तुकलात्मक महत्त्व छैन। तर नेपालका धेरै थरीका धर्मसम्बन्धी वास्तुहरूमा एक्लै भए पनि यसको जस्तै भए पनि आफ्नै महत्त्व रहेको मान्नै पर्दछ।

घ. सिख मन्दिर

झण्डै पाँच शय वर्ष पुरानो शिख धर्मको आफ्नै महत्त्व छ। हुन त यस धर्मले कला र वास्तुकलाको आफ्नै स्वरूपको निर्माणमा कुनै खास देन दिएको देखिँदैन तर यस धर्मका अनुयायीहरू आफ्ना गुरुको पूजा-आराधना गर्न जुन मन्दिर बनाउँछन् त्यसलाई उनीहरू 'गुरुद्वारा' भन्दछन्। नेपालमा सिख धर्मका अनुयायीहरूको प्रवेश पहिलोपल्ट भारतको ई० १८५७ को 'गदर' भएपछि भएको हो भन्ने जुन भनाइ छ त्यो निश्चित हो ह्वैन यसै भन्न सकिँदैन तर त्यतिखेर विद्रोही समूहहरू नेपालमा पस्दा धेरै संख्यामा सिखहरू पनि रहेको हुनुपर्दछ। सम्पूर्ण नेपालभरि यी सिखहरू छरिएका छन् तर उनीहरू आफ्नो धर्मअनुसारको पूजा-आराधना घर-घरमा व्यक्तिगत रूपले गर्दछन् वा सामूहिक रूपले सामाजिक मन्दिर—गुरुद्वारा धाउँछन् हामीले खोजवीन गर्न सकेका छैनौं। काठमाण्डू उपत्यकामा कोपुण्डोलमा यौटा 'गुरुद्वारा' रहेको

कुरा सुनिन्छ । तैपनि हामीले माथि एकपल्ट भनिसकिएँ सिख धर्मको खास धार्मिक वा सामाजिक वास्तुकलाको इतिहास नहुनाले यस्ता 'गुरुद्वारा' भए पनि हामीले जुन सन्दर्भमा धार्मिक वास्तुहरूको विचार गर्दछौं त्यसमा यस्ता 'मन्दिर' को अस्तित्वले कुनै किसिमको प्रभाव पारेको देखिदैन । तैपनि नेपालका बासिन्दाहरूमध्ये सानै भए पनि एक वर्गको आत्मीय सम्बन्ध रहेको जस्तोसुकै 'मन्दिर' को पनि आफ्नो महत्त्व मान्नैपर्दछ ।

४. मन्दिरका शैलीहरूको तुलनात्मक अध्ययन

माथिका सबै विवरणहरूबाट शाहकालीन धार्मिक वास्तु-शिल्प सम्बन्धी उपलब्धिका विभिन्न स्तर र क्रमको रूपरेखा थाहापाइन्छ। शाहवंशका गौरवशाली महाराजाधिराज श्री पृथ्वीनारायण शाहले आफ्नो जीवनको मुख्य उद्देश्य काठमाण्डू उपत्यकाको विजय राखेको र त्यो काम फत्ते भएपछि काठमाण्डू उपत्यकालाई नै राजधानी बनाएकामा राजनीतिक भन्दा सांस्कृतिक कारणलाई नै ध्यान दिइएको देखिन्छ । सांस्कृतिक उपादानहरूले झकिझकाउ परेको ठाउँ हुँदा पृथ्वीनारायण कान्तिपुर, भक्तपुर र ललितपुरमा **'शोखसयलको लागि'** मात्रै (दिव्य उपदेशको उद्धरण) कहिले काहीं आवतजावत गर्न चाहन्थे । एक वीर सैनिक र राजनीतिक नेताका रूपमा उनी त पहाडी भेक दहचोकमै दरबार बनाई बस्न चाहन्थे । तर विजय-यात्राको महत्त्वाकाङ्क्षी क्रम कहिल्यै नटुंगिने हुँदा र त्यसैमा अल्मलिदा उनले आफ्नै जीवनमा आफ्नै मनले विरोध गरेको धेरै कुरा सकार्न परिआएको थियो । हनूमान्ढोकालाई आफ्नो राजधानी बनाएकामा पृथ्वीनारायण शाहले नेपाली संस्कृतिको परिवर्तन र परिवर्द्धनमा केही महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । अर्थात् सूर्यवंशी मल्लहरूले परिष्कार गर्दै आएको नेपालको उपत्यकाभित्रको शास्त्रीय खालको संस्कृतिलाई चन्द्रवंशी राजपूत पृथ्वीनारायणशाहले आफ्नै कुलपरम्पराको सांस्कृतिक प्रतीकहरूसँग मिलाइदिने बाटो बनाइदिए । गोर्खामा लोकप्रिय भएको राजपूत शैलीको वास्तुशिल्पलाई उनले आफूले बनाएको वसन्तपुर दर्बारमा स्थान दिई उनले यस कुराको श्रीगणेश गरेका थिए । जसले विस्तारै-बिस्तारै यौटा कलात्मक आन्दोलननै चलाउन थाल्यो विकट राजनीतिक परिस्थितिमा पनि । यो आन्दोलनको तीव्रता र चरमावस्था ई० १७९० देखि ई० १९०० सम्म रहेको देखिन्छ जुन युगमा राजपूत शैलीका भव्य-भव्य मन्दिरहरू बेगन्ती बने । तर राजपूत

शैलीको यत्रो जगजगी रहेर पनि नेपालको पारम्परिक पगोडा शैलीको यस युगमा ह्रास नभई बरु उन्नति नै भएको देखिन्छ। यस युगमै अर्धनारीश्वर, लक्ष्मीश्वर, त्रिपुरेश्वर र शैलयोगिनीका मन्दिर पनि बने जुनमा नेपाली पगोडा शैलीको शास्त्रीय मर्यादा कायम भएको छ। जस्तो राजपूत शैलीका मन्दिरमा प्रयोग गरिने अनेक कलात्मक प्रतीकहरूको उपयोग गरिन्थ्यो त्यस्तै उपयोग राजपूत शैलीका मन्दिरमा प्रयोग गरिने कलात्मक प्रतीकहरूको केही उपयोग पगोडा शैलीका मन्दिरमा हुनु जानु शैलीहरूको आदान-प्रदान हो जो समयको माग हो।

पगोडा र राजपूत शैलीहरूले रमणीय पारेको सांस्कृतिक वातावरणमा पनि थोरै नै भए पनि, जुन खाली ठाउँ रहन गएको थियो त्यसलाई बौद्ध मन्दिरहरूले परिपूर्ण गर्ने योगदान गरे। यसरी वातावरणमा नेपाली संस्कृतिको व्यापकता र भव्यता झन् प्रभावशाली हुन गयो।

ई० १९०० देखि आजसम्म जति मन्दिर बनेका देखेका छौं ती पगोडा र राजपूत शैलीकै साना-साना रूप हुन् जुनमा पहिलेको इतिहासका विभिन्न पक्ष देखिन्छन्। ढुंगैले बनेका मन्दिरहरूमा पनि तिनै दुई शैलीका अनुकरणमै विविध रूप देखिन्छ। हिन्दू र बौद्धबाहेक अरू नयाँ प्रवेश पाएका वा त्यति प्रभाव जमाउन नसकेका बोन्पो, इस्लाम, क्रिश्चियन र सिख धर्म-हरूले ज्यादै सानो क्षेत्र ओगटेका छन् र त्यसै कारणले तिनको खास कलात्मक उल्लेखनीय देन रहेको देखिँदैन।

शाहकालमा यति देन भएको देखदा-देखदै पनि कलात्मक प्रगतिको एकरूपताको अभाव भने अवश्य देखिन्छ। यो दोष मल्लकालमै पनि नदेखिने होइन—जो लिच्छविकालमा निश्चयनै थिएन भन्न सकिन्छ (यद्यपि, यस किसिमले लिच्छविकालीन संस्कृतिको समीक्षा गरिसकिएको छैन) । यस्तो प्रगति दोष आउनाको कारण सम्पूर्ण समाजको एकै समयमा एकै किसिमको प्रगति नहुनु हो। यसको कारण पनि सामाजिक र आर्थिक तत्त्वहरूमा निहित देखिन्छ। भौगोलिक-राजनैतिक कारणचाहिँ उक्त तत्त्वका पृष्ठ भूमिमा रहने व्यापक कारण हुन सक्तछन्। ती सबैमा प्रभाव पार्ने व्यापक कारणचाहिँ समय हो। समयको मागअनुसार समाजमा व्यापारिक चेतनाले घेर्दै ल्याएकोले पनि सांस्कृतिक वातावरणमा उदासीनता बढ्दै जान्छ जसले गर्दा सामूहिक र सामाजिक भावना कमकम हुँदै गई व्यक्तिगत स्वार्थले सबै कुरालाई ओगट्न

थाल्दछ । झण्डै ई० १९०० तिरदेखि यो भावना व्यापक हुँदै आएको देखिन्छ–यद्यपि यस कुराका केही अपवाद पनि देखिन्छन्—जसको प्रभाव सांस्कृतिक उपलब्धिको भव्यता र प्रभावमा परेको देखिन्छ ।

मूर्तिकला र कला

द्रव्यशाहले गोर्खा राज्यको स्थापना गर्दा (ई० १५५९) प्राय: त्रिशूली नदीपारि पश्चिममा र पूर्वमा दूधकोशीपारि पूर्वी नेपालमा सांस्कृतिक स्थिति ज्यादै दीनहीन अवस्थामा थियो वा त्यसको कुनै उल्लेखनीय स्थितिनै थिएन भन्नुपर्ने देखिन्छ । काठमाण्डू-उपत्यका भेकका तीन मल्ल-राज्यहरूमा र खास गरी तिनका राजधानी र अरू केही उपनगरहरूमा भने सांस्कृतिक स्थिति राम्रो र उल्लेखनीय स्थितिमा रहेको थाहापाइन्छ । अर्थात् ईस्वीको सोह्रौं शताब्दीको आधाआधीतिर नेपाली संस्कृतिको खास र महत्त्वपूर्ण केन्द्र काठमाण्डू-उपत्यका थियो जसले लिच्छवि, मध्य र पूर्वमल्लकालका सांस्कृतिक उपलब्धिहरूलाई अलि होच्याएर भए पनि कायमै राखिराखेको थियो। हुन त पश्चिमी नेपालमा पनि मध्यकालमा त सांस्कृतिक जागरण भएको थियो खस-मल्लका साम्राज्य छँदा तर त्यो जागरण उक्त साम्राज्य सेलाउँदै जाँदा बिस्तारै बिस्तारै सेलाउँदै गएको र सोह्रौं शताब्दीतिर त नामशेष मात्र रहन गएको बुझिन्छ । अर्थात् काठमाण्डू-उपत्यकाका भेकमा जसरी अघिको सांस्कृतिक परम्परा कायम रहन सक्यो त्यस्तो पश्चिममा हुन नसकेको देखिन्छ । तर यहाँनेर अलिकति अरू कुराको पनि विचार गरिहाल्नु उचित देखिन्छ ।

काठमाण्डू उपत्यकाभेकमा विकसित सांस्कृतिक उपलब्धिको खास उल्लेखनीय युग निश्चित ऐतिहासिक सामग्रीहरूबाट थाहा भएअनुसार वास्तवमा लिच्छवि राजा वृषदेवदेखि मल्ल राजा यक्षमल्लसम्मको १०८२ वर्षका (ई० ४०० तिरदेखि यक्षमल्लको स्वर्गवास भएको मिति ई० १४८२ सम्म) रहेको देखिन्छ । पश्चिमी नेपालमा मध्यकालमा अचानक आएको जागरणको कारणबाट जुन सांस्कृतिक उपलब्धि गरिएको थियो त्यो पनि ईस्वी १४०० को होराहारीतिर झण्डै-झण्डै लुप्त हुन गएको थियो। यक्षमल्लपछि काठमाण्डू उपत्यकाभेकमा जुन किसिमको राजनीति चल्यो त्यसले गर्दा लिच्छविकालदेखि ई० १४८२ तिरसम्म पाइएका महान् सांस्कृतिक उपलब्धि पनि होचिन थाल्यो । यक्षमल्लका सन्तानहरूले

कान्तिपुर, भक्तपुर र ललितपुरमा भिन्नाभिन्नै राज्य थापेर बस्दा सांस्कृतिक उपलब्धिका समस्त वातावरण अनुकूल थिएनन् । तैपनि भक्तपुरमा ई० १४८२ पछि पनि गद्दीनशीन राजाको प्रभाव स्थायी रूपमा रहेको र आन्तरिक राजनीति सुचारु रूपले चलेको हुँदा त्यहाँ कलात्मक परम्परा अलि उदासीन परिस्थितिमै भए पनि त्यस राज्यको ई० १७६९ मा पतन नभएसम्म रहिरहेकै देखिन्छ । त्यसमा पनि भूपतीन्द्र मल्ल (यिनको अन्तिम ज्ञात मिति ई० १७२१ तिर पर्दछ) को शासनकाललाई निश्चयनै महत्त्वपूर्ण मान्नुपर्दछ । उता कान्तिपुरमा चाहिं ई० १४८२ पछि बीच-बीचमा गरी थोरै अवधिसम्म मात्र राजनीतिक शान्ति हुन सकेको थाहापाइन्छ, तैपनि त्यहाँका एकजना राजा प्रतापमल्ल (अन्तिम ज्ञात मिति ई० १६७५) को शासनकाललाई राजनीतिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मान्नुपर्दछ । तर ठिक्क उनै प्रतापमल्लको मृत्युपछि ई० १७६८ सम्म नै भने जस्तो कान्तिपुरको राजनीतिक स्थिति बिग्रिन गएको हुँदा यहाँ पनि कलात्मक उन्नतिको अवसर अनुकूल रहन गएको थिएन । अब उता ललितपुरमा त भिन्नै राज्य थापिएको (ई० १६०० तिर) वेलैदेखि राजनीतिक स्थिरता वहिल्यै हुन सकेको देखिदैन । बरु स्वतन्त्र पाटनका पहिला राजा सिद्धिनरसिंह मल्लकै शासनकालमा केही सांस्कृतिक उपलब्धि भएको मान्न सकिन्छ तैपनि उता ई० १७४३ मा गोर्खामा पृथ्वीनारायण शाहको उदय भई उनले राजनीतिक चकचकी चलाउन थालेपछि त यी तीनै राज्यहरु राजनीतिक संगठन (भनौं Alignment) का विभिन्न अस्थायी प्रक्रियाहरूमा लाग्न थाल्दा आन्तरिक र बाह्य दुवै परिस्थितिमा निकै शिथिल हुँदै जान लागेका थिए । यस्तो परिस्थितिमा ललितपुर र कान्तिपुरमा त निकैनै राजनीतिक फेरफार पनि भयो तर भक्तपुरमा भने त्यस्तो स्थिति एकैपल्ट ई० १७६९ मा आएको थियो । यस्तै स्थितिमा भने पनि उपत्यकाका यी तीन मल्ल राज्यमा पारम्परिक कलाको परम्परा जस्तै रूपमा भए पनि जीवित रहेको देखिन्छ जसलाई ई० १७६८–६९ देखि शाह वंशका नरेशहरूले एक किसिमले राजकीय संरक्षण दिएका थिए । यति भनाइबाट हामीले के अर्थ्याउन खोजेको हो भने पृथ्वीनारायण शाहले ई० १७६८ मा उपत्यकामा पसेको वेलामा त्यस भेकको झण्डै १४०० वर्षको लामो कलात्मक परम्परा उदासीन वा निभ्ने परिस्थितिमा पुगिसकेको थियो जसलाई पृथ्वीनारायण शाहद्वारा राजनीतिक बातावरण सम्हालिएपछि शाहवंशकै आश्रयमा त्यगले समयअनुरूप आपनो गति

चलाइराख्ने उपयुक्त वातावरण फेरि बन्न थालेको थियो । यही पृष्ठभूमिमा केही पछि आएर कलात्मक प्रगति निश्चय नै महत्त्वपूर्ण स्थितिमा पुगेको पनि थाहापाइन्छ । मूर्तिकला र कलाका सबै किसिमका उदाहरणहरूको एकसरो अध्ययन गरिसकेपछि निष्कर्षमा समीक्षात्मक अध्ययन गर्दा यस कुराको विशेष अध्ययन उदाहरणसाथ फेरि गरिने छ ।

यहाँ हामी मूर्तिकला र कलाको अध्ययनको योजना प्रस्तुत गरी त्यसै अनुसार यस कुराको समीक्षात्मक विवरण आगामी परिच्छेदमा प्रस्तुत गर्दछौं ।

□

शाहकालीन मूर्तिकला र कला

योजना

क–धार्मिक मूर्तिकला

१. ढुंगाका मूर्ति— अ. मूर्ति आ. अलंकार इ. धार्मिक वस्तु ई. मूर्तिका जीर्णोद्धार । उ. शैलीगत अध्ययन

२. धातुका मूर्ति—अ. मूर्ति आ. अलंकार इ. शैलीगत अध्ययन ।

३. काठका मूर्ति—अ. मूर्ति आ. अलंकार इ. शैलीगत अध्ययन ।

४. मृत्तिका कला ।

ख–धार्मिक-सामाजिक-राजनीतिक मूर्तिकला

अ. सालिक आ. शैलीगत अध्ययन ।

ग–आलङ्कारिक मूर्तिकला

अ. विवरण आ. शैलीगत अध्ययन

घ–सामाजिक–धार्मिक कला

अ. चित्र आ. पौवा इ. अरू ई. शैलीगत अध्ययन ।

ङ–धार्मिक–सामाजिक–साहित्यिक कला

अ. शिलालेख आ. धातुलेख इ. काठका लेख ई. पत्र लेख उ. शैलीगत अध्ययन ।

च–तुलनात्मक शैलीगत अध्ययन

मूर्तिकला र कलाका यी पक्षहरूको छोटकरी विवरण हामी तलका पानाहरूमा प्रस्तुत गर्नेछौं ।

छ-शाहकालीन कलात्मक उपलब्धि र त्यसको साहित्यिक उपलब्धिसँग तुलनात्मक अध्ययन।

क. धार्मिक मूर्तिकला

नेपाली परम्परामा मूर्तिकला र कला अधिकांश रूपमा धार्मिक उद्देश्यको लागि बनाउने चलन चलिआएको देखिन्छ । र यस्तै उद्देश्यका लागि बनेका मूर्तिहरूमा नेपाली सीपका प्रख्यात र महान् उपलब्धिहरू भएका देखिन्छन्—जस्तो मानदेवले थापेका त्रिविक्रम मूर्ति, बुढानीलकण्ठ र हरगोरीका मूर्तिहरू इत्यादि । शाहकालमा पनि विभिन्न समय वा युग अनुरूप धार्मिक मूर्तिकलाको स्थिति वनेको देखिन्छ जो सम्भवतः यसभन्दा अघिका कुनै जुगमा वन्न सकेको थिएन भन्न पर्ने जस्तो लागेर आउँछ । यति भनेर हामीले औंल्याउन खोजेका हौं राजनीतिक चेतनाको विस्तारका प्रभावहरूतिर । यो कुरा त एक किसिमले तथाकथित आधुनिक-वर्तमान युगको देन हो जसको पूर्वक्रम पनि निकै अघिदेखि देखिन थालेको छ । साधारणतया भन्दा ई० १९५० लाई यौटा सीमानाको रूपमा लिई विचार गर्दा यो कुरो स्पष्ट हुन्छ ।

वास्वतमा ई० १९५० र १९९१ को पनि निकै लामो पृष्ठभूमि छ— जसलाई हामी ई० १८७७ मा टुंग्याउन सक्दछौं । जंगबहादुरको स्वर्गवास भएको मितिदेखि नेपालमा आर्थिकोन्मुख हुने जुन व्यक्तिवादी 'फेशन' चलेर आएको थियो त्यही ई० १९५०–५१ (अर्थात् ७ साल)देखि झन्–झन् टड्कारो हुन गई नेपालको परम्परागत सीपको स्वरूपमा निक्कै प्रभाव परेको देखिन्छ जसको प्रभाव ती युगमा कि त धार्मिक कार्य गर्ने-मूर्ति मन्दिर थाप्ने चलनै लोप हुने क्रममा लाग्यो कि त उदासीन उद्देश्यले वनेका हुँदा प्रभावहीन वन्न थाले । यस कुराको विस्तृत अध्ययन गरी कार्य-कारणको तुलनात्मक विवरण प्रस्तुत गर्न अलिकति समय लाग्ने छ । यस कुराका केही तथ्यको चर्चा शैलीगत अध्ययनमा पनि अवश्यै गरिने छ ।

१. ढुङ्गाका मूर्ति

नेपालमा ढुंगा (प्रस्तर) का मूर्ति बनाउने चलन निकै पुरानो छो । सम्भवतः किरातकालमै (ईस्वी पूर्व पाँचौं शताब्दीतिरै ?) नेपालमा ढुंगाको कलात्मक उपयोग गर्ने चलन चलिसकेको मान्न सकिने धेरै सम्भावना

देखिन्छ । त्यो क्रम किरातकालपछि लिच्छवि, मध्य र मल्लकालहरूमा चलेर आई शाहकालमा एक किसिमको आजसम्म (अर्थात् २४०० वर्ष) पछि चलिरहेको छ । तर त्यति लामो अवधिमा धेरैपल्ट शैलीगत परिवर्तन, परिवर्द्धन र परिष्कार पनि भएको देखिन्छ । काठमाण्डू उपत्यका भेकमा पाइने पुरातात्त्विक सामग्रीहरूमा किरातकालदेखि शाहकाल—आजसम्म बनिआएका कलाकृतिहरू भेटिन्छन् । पृथ्वीनारायण शाहको काठमाण्डू उपत्यकामा ई० १७६८ मा प्रवेश गर्नुअघि पनि शाह राजाहरूले गोर्खामा ई० १५५९ देखि ई० १७६८ सम्म आफ्नै किसिमबाट कलात्मक गतिविधि केही न केही चलाइराखेकै पनि थिए । अब ई० १७६८ पछि नेपाली संस्कृतिको महत्त्वपूर्ण केन्द्र उपत्यकामा पनि शाह राजाहरूको संरक्षणमा कलात्मक गतिविधि राम्रैसँग चलन लागेको देखिन्छ जसलाई पनि केही कालहरूमा विभाजित गरी समीक्षा गर्नुपर्ने देखिन्छ । तलका हरफहरूमा हामी (ई० १९७४) सम्म ढुंगामा बनेका धार्मिक मूर्तिकलाको संक्षिप्त विवरण प्रस्तुत गर्नेछौं ।

१. बडामहाराजाधिराज पृथ्वीनारायण शाहले ई० १७६९ मा आफ्नो जुन वसन्तपुर दर्वार बनाइसिध्याइसकेको देखिन्छ त्यसैको संस्मरणमा लेखाइएको पहिलो शिलालेखसँग सम्बन्धित भएर योटा रमणीय कलाकृति रहेको छ । यो कलाकृति हो भगवतीको मूर्ति । उक्त लाम्चो आकारको शिलालेखकै बीचमा पारी शिलापत्रको बीच भागबाट शुरु भई अलिकति माथिसम्म पुगेको सानै आकारको भए पनि भगवतीको यो मूर्ति निकै प्रभावशाली बनेको छ । यथोचित अलंकारहरूको प्रयोग भएको यस मूर्तिमा शैलीको विशिष्टता पनि देखिन्छ । यस मूर्तिको मुहार मल्लकालीन देवीमूर्तिका मुहारभन्दा फरक पनि देखिन्छ । यसको अर्को विशेषताचाहिँ मूर्तिको पादपीठमा सामुन्नेपट्टि ओछ्याएको कपडा चित्र प्रस्तुत गर्नुमा छ जसमा पनि निकै स्वाभाविकता आएको छ । यसैसँगको उक्त शिलालेखमा ई० १७६९ को मिति लेखिएको देख्दा यस मूर्तिको निर्माणकाल पनि त्यही नै देखिन्छ । शाहवंशको उपत्यकामा प्रवेश भएपछि शाहवंशकै पृथ्वीका आदेशमा बनेको यस मूर्तिको ऐतिहासिक महत्त्व छ । यसको निर्माण मिति हेर्दा यसमा मल्लकलाको जति छाप देखिनुपर्ने हो त्यति देखिँदैन तैपनि यसले आफ्नो मौलिक स्वरूपमा मल्लपरम्परा कायम गरेका केही तथ्य यसैमा केही कुरामा देखिन्छ ।

२. काठमाडौंमा विष्णुमती पारि शोभा भगवती घाटको दक्षिण पुछारमा पुलनेरै भित्तामा पहेँलो-पहेँलो फुस्रो ढुंगाको बनेको मूर्तिफलक रहेको छ । निकै ठूलो यो फलेकमा बीचमा सुखावती लोकेश्वर र तिनको वरिपरि अरू बौद्ध देवी-देवताका ससाना मूर्ति बनेका छन् । यस फलकको मुन्तिर भागमा लेखिएको अभिलेखअनुसार यो ई० १७७९ मा बनाई थापिएको बुझिन्छ ।

३. कंकेश्वरी मन्दिरको उत्तरतर्फ रहेको पाटीमा १–१ हात जति अग्ला देवताका दुई मूर्ति रहेका छन् । तिनमध्ये पाटीको भित्तामा पश्चिमतर्फ खोपामा थापिएको उमा–महेश्वरको मूर्ति हो । सानो कमलासनमाथि एकातिर साँढे र अर्कोतिर सिंह बनेका छन् जुनलाई कलाकारले आफ्–आफ्ना पुच्छर जोल्टयाएका देखाएका छन् । अनि ती दुवै वाहनहरूले आफ्-आफ्ना मालिकतिर मुख फर्काएका छन् । यस अलंकारिक स्थितिमाथि उमा र महेश्वर सँगै बसेका छन् । मूर्ति बनेको ढुंगाको फलेकमा माथि तीनैतिर दोहोरो तेजोमण्डल वा आलंकारिक किनारा बनाई फलेकलाई रमणीय पारिएको छ । चिल्लो बनेको र देवताहरूमा उपयुक्त अलंकारको प्रयोग गरिएको यो मूर्ति अति राम्रो देखिन्छ । फेरि यो मूर्ति थाप्ने भक्तले मूर्ति थापिएको खोपालाई नै मन्दिरको रूप दिन खोपामा अलङ्कृत तोरणको प्रयोग गरिदिएका छन् जसले गर्दा सानो आकारको यो ‘मन्दिर’ पनि मन्दिर जत्तिकै प्रभावशाली बन्न पुगेको छ । उक्त मूर्तिको मुन्तिर राखिएको ढुंगाको अर्को ठयौकोमा हात जोडेर बसेका ७ जना भक्तका सालिकसमेत राखिएकोले यो ‘मन्दिर’ को प्रभाव वास्तवमै सराहनीय देखिन आएको छ । यो मूर्ति रहेकै भित्तामा अलिकति फरकमा ३ हात जति लामो यौटा शिलालेख छ जसमा महाराजाधिराज रणबहादुरको शासनकाल ज्ञापित गरी (अभिलेखकै भनाइ:— स्वस्तिश्रीगिरिराज-चक्रचूडामणिनरनारायणेत्यादिविविध विरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री रणबहादुर साहेव बहादुर सम्सेरजङ्देवानां सदा समरविजयीनाम् विजयराज्ये) कान्तिपुर ‘यंटखा’ (येट्खा ?) टोलका बासिन्दा धंजुभारोले परिवारसहित भई कंकेश्वरीको मन्दिरमा घाट र सत्तल बनाई सत्तलमा ‘श्री ३ उमामहेश्वर’ र ‘श्री ३ लक्ष्मीनारायण’को स्थापना गरेको चर्चा गरिएको छ जुनमध्ये उमामहेश्वरको परिचय त दिइसकियो । उक्त शिलालेखमा मितिचाहिँ

ई० १७८१ (नेपाल संवत् ९०१) को दिइएको छ अर्थात् यी दुवै मूर्ति ई० १७८१ मा थापिएका हुन् ।

माथि चर्चिएको पाटीमा भित्तामा पूर्वतर्फचाहिं बयान गरिसकिएको उमामहेश्वरकै जस्तो लक्ष्मी र नारायणको मूर्ति खोपामा थापिएको छ । एक हात जति अग्लो बनेको यो मूर्ति पनि कमलासनमाथि बनेका छन् । कमलको आसनमै चाहिं ३ मूर्ति पनि बनेका छन् सानै आकारका । यी तीन मूर्ति चाहिं—यौटा त नाग कुल्चेर आफ्नो प्वाँख र दुवै हात फैलाएर टुक्रुक्क बसेका गरुड, भक्तको हात जोडिरहेको सानो आकृति अनि कछुवा । कछुवा चाहिं लक्ष्मीको वाहनको रूपमा प्रयोग गरिएको देखिन्छ र गरुड चाहिं विष्णुको । कमलको यो आसन माथि बयानिसकिएको कछुवैमाथि यौटा पाउ अड्याएकी लक्ष्मी पलेंटी कसेर बसेका विष्णुको देब्रे काखमा बसेकी छन् । मूर्तिको पृष्ठ भागमा फलेकमा दोहोरो तेजोमण्डल अति आकर्षक रूपले बनाइएको छ । विष्णु आफ्ना स्वाभाविक ४ हातमा कमल, चक्र, शंख र गदा लिएका छन् । लक्ष्मी र नारायण दुवैले श्री पेच र गहना गुरिया झकिझकाउ हुने गरी लगाएका छन् । यो मूर्ति पनि उमामहेश्वरकै मूर्ति जस्तो चिल्लो बनेको छ र भाव र लयपूर्ण बनेको छ । यो मूर्ति थापिएको खोपामा पनि तोरणको प्रयोग गरी 'मन्दिर' को रूप दिन खोजिएको छ र यही तोरणमा प्रयोग गरिएको ढुंगामा ठूल्ठूला फूलका गुच्छा बनाई २ तिर मूलमा सिंहको पूरा जीउ बनाई निकै प्रभाव देखाइएको छ । मूर्ति-मुन्तिर राखिएको ढुंगाको आर्को ठ्यौकामा ३ जना आइमाई र ४ जना लोग्नेमानिस हात जोडी देवताको भक्ति गरी रहेका अवस्थामा अंकित गरिएका छन् जुनले यो मूर्तिलाई आर्कै किसिमबाट पनि प्रभावशाली पारिदिएको छ । माथि चर्चिसकिएको शिलालेखको आधारमा लक्ष्मीनारायणको यो मूर्ति पनि धंजु भारोको उत्कट धार्मिकताको कलात्मक अभिव्यक्ति हो भन्ने कुरा स्पष्ट भएको छ ।

४. कोटेश्वरको प्रख्यात तर सानो मन्दिरमा पनि शाहकालीन कलात्मक वस्तुहरू निकै नै रहेका छन् । तीमध्ये ई० १७८२ मा पाटन थंबहाल (वं बाहार) का निवासी गोविन्दसिंह भारोले उमामहेश्वर आदिको मूर्ति थापी मन्दिर बनाएको उल्लेख माथि मन्दिरहरूको बयान गर्दा गरिसकिएकै छ । यति सूचना दिने गोविन्दसिंहकै ई० १७८२

(नेपाल संवत् ६०२) शिलालेख उनले बनाएको मन्दिरमै टाँसिएको छ जसमा ती भक्तले सूर्य, उमामहेश्वर, गुह्येश्वरी, कीर्तिमुख गणेश, महाकाल र सरस्वतीका मूर्ति थापेको कुरा पनि लेखिएको छ ।

उक्त शिलालेख टाँसिएको मन्दिरकै कोटेश्वरको आँगनपट्टिको भागमा सानो दलान जस्तो बनाई गणेश र महाकालका २–२ हात जति अग्ला राम्रा मूर्ति थापिएका छन् । यही मन्दिरको दलानको भित्तामा कृत्तिमुखको मुखमूर्ति पनि टाँसिएको छ र त्यसमुन्तिर भुइँमा ढुंगाको कलमका ४ पत्र बनाई त्यसमाथि ढुंगाकै फूलपाती समेतको कलश थापी गुह्येश्वरी बनाइएको छ जसको आदर्श पशुपतिनेर रहेको गुह्येश्वरीकै सांकेतिक मूर्ति रहेको देखिन्छ ।

उक्त मूर्तिहरू सबै पालिशदार छन् र लयात्मक बनेका छन् गुह्येश्वरीलाई छोडी जुनचाहि प्रतीकात्मक बनेको छ । गणेशको मूर्ति आफ्नो स्वरूपमा राम्रो बनेको छ । कृत्तिमुख पनि पालिशदार ढुंगामा बनेको हुँदा र सिपालु कलाकारले बनाएको हुँदा निक्कै कलात्मक देखिन्छ । तर यीमध्ये आफ्नो भयानक रूपमा पनि महाकालको मूर्ति खास प्रभावशाली देखिन्छ। गणेश र महाकालका मूर्ति बनेका ढुंगाका फलेकमा मूर्तिको ओरिपरि तेजोमण्डलको रूपमा अति राम्रो फूलबुट्टाका दोहोरो लहर पनि बनेका छन्। माथि वर्णित सबै कलाकृति खैरो-खैरो तर नीलोसमेत किसिमको ढुंगामा बनेका छन् जसले पनि ती कलाकृतिहरूलाई प्रभावशाली पार्न मद्दत गरेका छन् । कलाकृतिको निर्माणमा यस किसिमको ढुंगाको प्रयोग लिच्छविकालमा गरिने गरेको पनि देखिन्छ ।

कोटेश्वरको आँगनलाई पूर्वतिरबाट थेक्न बनाएको पर्खालमै जोडिएर बनेको उक्त मन्दिरको आँगनपट्टि पर्न गएको दलानमा थापिएको मूर्तिहरूको विवरण त प्रस्तुत गरियो । अब ध्वजु भारोले थापेका अरु मूर्तिहरूको लागि हामी मन्दिरको बाहिर पूर्वपट्टि लागौं जहाँ उही मन्दिरको मुख्य गर्भगृहको ढोका रहेको छ । त्यहाँ ढुंगाको जलहरीमाथि कमलासनमा ४।। हात जति अग्लो सरस्वतीको उत्तम भन्न सकिने अति कलात्मक मूर्ति थापिएको छ । कमलको आसनको माथि दाहिनेतिर हाँस र देब्रेतिर ‘हजारपाते’ कमलका चित्र बनेका छन् । ‘हजारपाते’ कमलमाथि आफ्ना २ पाउ भंगिमासाथ लड्याएर उभिएकी सरस्वतीका ४ हात छन् ।

अगाडिका २ हातले वीणा बजाउन लागेको र अरू २ हातले माला र किताब लिएका छन् । देवीले सारी, गहना–गुरिया र श्रीपेच झकिझकाउ भएर लगाएकी छन् । सारी र चोलोलाई पनि कलाकारले बडो सीपसाथ बनाएको छ । यस मूर्तिको खास विशेषताचाहिं शिरको ओरिपरि बेलबुट्टाले भरिएको ४ तहको तेजोमण्डल हुनुमा छ । मूर्ति बनेको ढुंगाको फलेकमा पनि किनाराभरि राम्रो फूलबुट्टाको घेरा बनेको छ ।

ई० १७८२ मा बनेको भन्ने प्रमाणित भएका यी सबै र अब बयान गरिने अरू २ मूर्तिहरू कलात्मकतामा अति आश्चर्योत्पादक छन् ।

धंजुभारोले मन्दिर बनाई थापेका अरू २ मूर्ति माथि बयानिएको सरस्वतीको मूर्ति भएको मन्दिरदेखि ८–१० पाइला अघि उत्तरतर्फ रहेको अर्को सानो मन्दिरमा थापिएका छन् । दक्षिणतर्फ खुलेको यो सानो मन्दिरमा भित्र ढुंगाको जलहरीमाथि २। हात जति अग्लो र १। हात जति चौडा हर र गौरीको मूर्ति थापिएको छ । यो फलेकमा कमलासनमाथि रहेको अर्को सानो कमलको फूलमाथि दाहिने पाउ अडयाई महादेव बसेका छन् । उनको देब्रे घुंडा अलि ठूलो कमलपत्राकार ८ अंगुल जति चौडा आसनमा अडयाई त्यसमाथि अल्लि अगाडिपट्टिबाट महादेवतिर मुख फर्काएकी पार्वती वरद मुद्रामा बसेकी छन् । शिवजीले आफ्ना ४ हात मध्ये देब्रेपट्टिको तल्लो हातले पात्र समाई पार्वतीलाई अँगालो मारेका छन् । आफ्नो अर्को देब्रे हातले महादेवले अग्लो त्रिशूल समातेका छन् । दाहिनेपट्टिका २ हात मध्ये यौटामा वरद मुद्रा र अर्कोले महादेवले माला समातेका छन् । महादेवको मुण्डमाला र सर्पको जनै, जटाजूटमाथि गहना-गुरियाले ढकमक्क भएको खप्परको मालासमेत भएको मुकुट लगाएका छन् । मुखचाहिं प्रसन्न मुद्रामा छ र ओठमाथि जुङ्गा पनि बनाइएको छ । कलाकारले शिवजीको घाँटीका धर्सा समेत बनाई यथार्थता ल्याइदिएका छन् । शिवजीको शिरपछाडि देब्रेतिर अलिकति ढल्केको ४ तहको अति राम्रा भिन्नाभिन्नै बुट्टाले बनेको तेजोमण्डल बनेको छ । पार्वतीको शिरपछाडि पनि यस्तै भिन्नै तेजोमण्डल बनेको छ जुन महादेवको चाहिं भन्दा अलिकति सानो बनेको छ ।

मूर्तिको फलेकमा किनारामा पनि भित्रपट्टि फूलको गुच्छाका करीब एक इञ्ची जति मोटो फूलको गुच्छाको एक लहर बनी त्यसपछि बाहिर ज्वालाघुट्टेदार १ इञ्ची जतिनै मोटो अर्को एक लहर बनाई मूर्तिलाई अत्यन्त प्रभावशाली पारिएको छ ।

उक्त फलेकमा पार्वतीले आफ्नो दाहिने पाउ मोडी शिवजीको काखमा राखेकी छन् र अर्कोचाहिं मुनितिर झारी त्यहीं रहेको साना सिंहमाथि अड्याएकी छन् । शिवजीको शिरपछाडि बनेको तेजोमण्डलपछि झण्डै १ बित्ता जतिको भाग धातुका मूर्तिहरूमा झैं प्वाल पारिएको छ र त्यसपछि त्रिशूल बनेपछि अर्को सानो प्वाल फेरि बनेको छ । कमलासनका दुईतिर बनेका साँढे र सिंह ६–६ इन्ची जति अग्ला भए पनि अति राम्रा बनेका छन् । पार्वतीको पछाडि देब्रेतिर पात समेतको कमलको कोपिलासमेत थपी यस मूर्तिका रचनाकारले अघि बयानिसकिएका प्रभावहरूमा अर्को थप प्रभाव थपिदिएको छ ।

धंजु भारोले थापेको अन्तिम मूर्तिचाहिं हो सूर्यको जो शिव-पार्वती रहेकै उक्त मन्दिरमा पश्चिमतर्फको भित्तामा पूर्वाभिमुख पारी थापिएको छ । १ हात अग्लो यो मूर्तिमा पारम्परिक शैलीमै सूर्य देवतालाई प्रस्तुत गरिएको छ अर्थात् सप्याश्व, सारथि र सारथिका २ तिर अरू २ सेवक । सूर्य देवताको शिरपछाडि सादा तेजोमण्डल छ अनि फलेकको किनारामा फेरि मोतीको मालाको भित्री घेरापछि ज्वालाबुट्टेदार अर्को घेरा बनेको छ । यसरी धंजु भारोले थापेका ७ मूर्तिहरू नेपाली कलाको इतिहासमा महत्त्वपूर्ण ठाउँ ओगट्ने कृतिहरूमध्ये पर्ने कुरा स्पष्ट देखिन्छ ।

वास्तवमा धंजु भारोले थापेका उक्त ७ मूर्तिहरूको कलात्मक समीक्षा गर्न अलि अप्ठेरो छ । ई० १७८२ मा बनेका भन्ने निश्चित प्रमाण पाइएको हुँदा यिनलाई तलमाथिको कालक्रममा मिलाउने त कुरै मिल्दैन र यिनमा आधुनिक भन्न सकिने तत्त्व कमै देखिन्छन् । अर्थात् गुह्येश्वरीको प्रतीकात्मक मूर्तिमा बाहेक अरू ६ वटै मूर्तिहरूमा एकैपल्ट लिच्छवि, मध्य र मल्ल कालका कलात्मक विशेषताको सम्मेलन हुन आएको देखिन्छ जो यौटा अपूर्व कुरो हो । यसको यौटै कारण हुन सक्दछ कि यी मूर्ति पाटनका वासिन्दा धंजु भारोले थापेको हुँदा मूर्ति पनि पाटनकै कलाकारले बनाएका हुन् भन्ने कुरो स्पष्ट हुन्छ । यही स्थानीय कारणले गर्दा ई० १७८२ मै बनेका भएर पनि तिनमा विभिन्न युगका छाप देखिन आएको । यही उदाहरणबाट पनि ई० १७८२ सम्म (अहिलेसम्म हामीले दिएका उदाहरणहरूमध्ये) नेपाली कलाको परम्परा स्थानीय रूपमै भए पनि जीवित रहिरहेकै कुरो प्रमाणित हुन आउँछ । त्यसमध्ये पनि आलङ्कारिकतामा शाहकालीन यी

उदाहरणहरूमा जति तीव्रता देखिन्छ त्यो सम्भवतः शाहकालकै उपलब्धि हो । मूर्तिफलकहरूलाई माथि बयानिएका सरस्वती र उमामहेश्वरका मूर्तिहरूमा झैं गहना-गुरिया र बेलबुट्टाले झकिझकाउ पारिएका अघिल्ला युगका कुनै उदाहरण देखिदैनन् ।

४. बडामहाराजाधिराज पृथ्वीनारायण शाहका कान्छा छोरा महाराजकुमार बहादुर शाह राजनीतिक क्षेत्रमा प्रख्यात देखिए पनि उनी कलाको क्षेत्रमा पनि रुचि राख्दथे भन्ने कुरा उनले हनूमानढोकामा थापेको अर्द्धनारीश्वरको रमणीय मन्दिरबाट स्पष्ट हुन्छ । यस मन्दिरको कलात्मक महत्त्वको विवरण त माथिनै गरिसकिएको छ तर यहाँ त्यस मन्दिरमा थापिएका ढुंगाका देवीहरूका मूर्तिको कलात्मक समीक्षा गर्नुपरेको छ ।

यो मन्दिरको पहिलो अर्थात् तल्लो तलामा अरू मन्दिरमाझैं बीचमा यौटै देवताको स्थापना नगरी उत्तरपट्टिको भित्तामा पूरा लम्भरि केही अग्लो पेटी बनाई भित्तामा ठूला-ठूला खोपा बनाई तिनमा तोरणसमेत राखी देवीका ९ मूर्ति थापिएका छन् जुनलाई 'त्रिरत्नसौन्दर्यगाथा' का रचनाकार सुन्दरानन्द बाँडाले 'अष्टमातृका' भनिदिएका छन् ।[1] संख्या र ध्यानको दृष्टिले यी नौ मूर्तिहरूलाई नवदुर्गा भन्नुपर्ने जस्तो लाग्दछ यद्यपि यिनका ध्यान अलि अचम्भ लाग्दा छन् ।[2] ध्यानको दृष्टिले यी नौ देवीहरूको संक्षिप्त परिचय तल दिइन्छ ।

पश्चिमतर्फदेखि :-

१. २ हात जति अग्लो देवीको उभिएको मूर्ति । एक हातमा कमल र आर्कोमा बाण लिएको ।

२. १ जस्तै ध्यानकी देवीको उस्तै मूर्ति ।

३. कमलासनमा बसेकी देवी । देवीका ४ हातमध्ये दाहिनेतिरकामा माला र अभयमुद्रा । देब्रेतिरकामा कलश र पुस्तक ।

---

१. त्रिरत्नसौन्दर्यगाथा, पृ० १४६.

२. यस मन्दिरको निर्माण सम्बन्धी कुनै ऐतिहासिक लिखित सामग्री नपाएको हुँदा यो अन्योल पर्न आएको हो । गुठी संस्थान वा अरू सम्बन्धित कार्यालयहरूमा यस सम्बन्धी तामापत्र वा अरू सामग्री हुन सम्भव छ ।

४. १–२ जस्तै ध्यान भएकी देवी ।

५. १–२–४ जस्तै ध्यान भएकी देवी ।

६. अरू सबैभन्दा ठूलो खोपामा अरूभन्दा ठूलो देवीको मूर्ति, २। हात जति अग्लो। कमलको निकै अग्लो आसनमाथि दाहिनेतिरबाट हात जोडेर देवीतिर मुख फर्काएर अण्ठेरो स्थितिमा बसेका गरुड । देवीका ६ हात छन् तिनमध्ये दाहिनेतिरका ३ हातमा गदा, चक्र र खड्ग। देब्रेतिरका ३ हातमा कमल, शंख र चक्र ।

७. ३ संख्याकी देवीकै ध्यान भनेकी देवी ।

८. कमलासनमाथि देब्रेतिर कुनामा देवीतिर मुख फर्काएको जगल्टे सिंहमाथि देब्रे पाउ अडयाई उभिएकी दश हात भएकी देवी ।

९. ८ को जस्तै देवीको मूर्ति ।

उक्त सबै मूर्ति काला-काला ढुंगामा बनेका छन् र शरीररचनाको दृष्टिले सबै निकै मोटा-घाटा र झण्डै-झण्डै भकुल्ले गाला परेका छन्। गहना-गुरिया र श्रीपेच तथा मोटा-लालो मालाको उपयोग गरिएको छ अलंकारको रूपमा गहना-गुरियामा पनि देवीका कानमा मोटा-मोटा कुण्डल र श्रीपेचमा दुईतिर चौकोर साना झण्डाको प्रयोगमा यी मूर्तिको विशेषता छ । मूर्ति लयात्मक र साधारणतया निकै प्रभावशाली बनेका छन् ।

५. महाराजाधिराज रणबहादुर शाहले ई० १७९६ मा टुंडीखेलमा थापेको जगन्नाथको मन्दिरमा थापिएका कृष्ण, बलराम र सुभद्राका निकै अग्ला-अग्ला मूर्तिहरू थापिएका छन् । मूर्ति कालो ढुंगाका बनेका छन्। यिनमा निकै सादापन देखिन्छ । यति ठूल्ठूला धार्मिक मूर्तिहरू शाहकालमा कम्तीनै बनेको देखिन्छ जुन पृष्ठभूमिमा यी मूर्तिहरूको खास महत्त्व मान्नुपर्ने देखिन्छ ।

६. महाराजाधिराज रणबहादुर शाहकी कान्छी महारानी र महाराजधिराज गीर्वाणयुद्धविक्रम शाहकी कान्छी मुमा र संरक्षिका ललितत्रिपुरसुन्दरीले भीमसेन थापा प्रधानमन्त्रीको परिबन्दमा बनाएको त्रिपुरेश्वर मन्दिरको वास्तुकलाको जति महत्त्वको बयान गरियो त्यत्तिकै महत्त्व यससँग सम्बद्ध भएर बनेका अरू कलात्मक वस्तुहरूमा पनि देखिन्छ । ई० १८१७ मा सुगौली सन्धिको १ वर्षपछि बनेको यो अपूर्व भव्य सफिने मन्दिरमा

गर्भगृहमा मुख्य शिवलिंग बाहेक देवीदेवताका हुनाका जम्मा १९ मूर्ति थापिएका छन्। यी देवताहरूको स्थितिबारे माथि मन्दिरहरूको विवरण प्रस्तुत गर्दा विचार गरिसकिएकै छ। यिनको कलात्मक महत्त्वको बयान प्रस्तुत गर्नुअघि यी देवताको सूची प्रस्तुत गर्नु आवश्यक देखिन्छ जो यस प्रकार छः—१. कीर्तिमुख, २. विष्णु, ३. सूर्य, ४. गणेश ५. देवी, ६. महाकाल, ७. नन्दी, ८. भृङ्गी, ९. गणेश, १०. इन्द्र, ११. अग्नि, १२. यमराज, १३. निर्ऋति, १४. वरुण, १५. वायु, १६. कुबेर, १७. ब्रह्मा, १८. शेषनाग र १९. छत्रचण्डेश्वर।

एकै समयमा अर्थात् ई० १८१७ मा बनेका यी मूर्तिहरूमा कलात्मकताको विविधतापूर्ण प्रयोग भएको छ। खास गरी यी सबै मूर्तिहरूमा मोटोपन र अत्यन्त अलंकरणको विशेषता देखिन्छ खास गरी गहना–गुरिया र तेजोमण्डलको प्रयोगमा। खास गरी मन्दिरको आँगनमा पूर्वपट्टिको वेदिकामा थापिएको इन्द्रको मूर्ति (हेर्नू चित्र संख्या–४६,) अत्यन्त प्रभावशाली बनेको छ। यस मूर्तिमा देवराज इन्द्रको गम्भीर तर गर्विलो सानको भाव स्पष्टसँग व्यक्त भएको छ र तिनको स्वर्गीय पद अनुरूप ज्यादैनै राम्ररी मिहीन बुट्टा परेको श्रीपेच र शिरपछाडि ठूलो र गोलो तेजोमण्डल बनाइएको छ। यसै मन्दिरमा पेटीमा दक्षिणपूर्वकुनाको सानो मन्दिरमा पश्चिमाभिमुख पारी थापिएको निकै ठूलो फलेकमा सूर्यको प्रभावशाली मूर्तिको अंकन भएको छ। सात घोडे रथमा चढेका र एक दुई जना अरू सेवकहरूसमेत भएका सूर्यका मूर्ति त लिच्छवि, मध्य र मल्लकालका निकै पाइन्छन् तर सूर्यको लागि पूरा फलेकनै भरिने गरी प्रस्तुत गरिएका एक दुई ऐतिहासिक उदाहरणहरूमध्येमा यो पनि पर्न आएको छ। अर्थात् यसमा सूर्यको पछाडिपट्टि र दाहिने-देब्रे गरी उडिरहेका परीहरूले जुन किसिमले देवताको भक्तिभाव र अभिवादन गरेका छन् त्यसको तुलना लिच्छविकालीन हरगौरी फलकहरूसँग गर्न सकिन्छ– प्रस्तुतीकरणको दृष्टिले (हेर्नू चित्र संख्या—४७)।

७. सर्दार अमरसिंह थापाका छोरा रणध्वज थापाले ई० १८२० मा पाटन शंखमूलमा थापेका ५ मन्दिर थापेको विवरण त माथिनै दिइसकिएको छ। यद्यपि उक्त ५ मन्दिर कुन-कुन हुन् भनी छुट्याउन सकिएको छैन तर ती ५ मन्दिरमध्ये ४ मा शिवलिंग थापिएको र योटामा चाहिं

लक्ष्मीनारायणको मूर्ति थापिएको बुझिन्छ जो हराएजस्तो बुझिन्छ । तर निर्माता यौटै हुँदा लक्ष्मीनारायणको उक्त हराएको मूर्ति निकै राम्रो बनेको हुनुपर्ने अन्दाजी गर्न सकिन्छ किनभने रणध्वज थापाका त्यता कृतिहरूलाई कलगी लगाइदिने यौटा अपूर्व किसिमको सानै भए पनि मूर्ति जयेश्वर मन्दिरको दक्षिणतर्फ रहेको पाटीको बाहिरी भित्तामा थापिएको छ । यो मूर्ति हो मत्स्यनारायणको । अर्थात् पुच्छर दाहिनेतिर घुमाएको माथि उठेको माछाको मुखमा नारायणको मूर्ति बनाइएको छ । खैरो र नीलो मिसिएको ढुंगामा बनेको सानो भए पनि यो मूर्तिफलकमा निकै राम्रोसँग विष्णुको यो अवतारको रूप बनाइएको छ । यस किसिमका अरू कुनै जुगमा बनेका मूर्ति आजसम्म नदेखिएकोले पनि मौलिक अभिव्यक्तिमा ई० १८२० मा बनेको यस मूर्तिको ठूलो महत्त्व रहेको छ । यहीं जयेश्वरको मन्दिरको अङ्गको रूपमा आँगनमा थापिएको छत्रचण्डेश्वरको मूर्ति पनि निकै राम्रो देखिन्छ । कालो ढुंगामा बनेको छत्रचण्डेश्वरको सानो मूर्ति चिल्लो र निकै प्रभावशाली देखिन्छ ।

८. कंकेश्वरीमा रहेको ई० १८३७ मा बनेको मञ्जुश्रीको सानो मन्दिरको चर्चा माथि गरिसकिएको छ । त्यसमा थापिएको मञ्जुश्रीको निकै ठूलो ढुंगाको मूर्ति कालो-कालो ढुंगामा त्यत्ति चिल्लो नपारी बनेको हुँदा त्यति प्रभावशाली नदेखिए पनि लयात्मक देखिन्छ । यस मूर्तिको पादपीठमा ई० १८३७ (नेपाल संवत् ९५७) को मिति भएको लामो लेख पनि लेखिएको छ । मूर्ति साधारणतया राम्रैमा गन्न सकिन्छ र शाहकालमा बनेका बौद्ध मूर्तिहरूमा यसको खास गणना गर्न सकिन्छ ।

९. ई० १८४२ मा प्रधानमन्त्री र कम्याण्डरइनचीफ माथवरसिंह थापाले टेकुनेर थापेको भीममुक्तेश्वरको मन्दिरमा सम्बद्ध भएर केही राम्रा-राम्रा धार्मिक कलाकृतिहरू पनि थापिएका देखिन्छन् । यहाँको पहिलो रमणीय मूर्ति मन्दिरको सीँढीमै थापिएको कीर्तिमुखको मूर्ति हो जो निकै प्रभावशाली र अलंकृत रूपले बनेको छ । यस मन्दिरको गर्भगृहका ४ ढोकामा दुईतिर कुना-कुनामा देवी र गणेश आदिका साना-साना तर निकै राम्रा ४ मूर्ति पनि थापिएका छन् ।

यस मन्दिरको चार कुनामा पनि इन्द्र, गणेश, देवी, विष्णुका केही ठूलै र राम्रा मूर्ति थापिएका छन् । यी सबैमा तेजोमण्डल र अलंकारहरूको प्रयोगमा विशेषता देखिन्छ ।

१०. महाराजाधिराज रणबहादुरशाहको आकस्मिक किसिमबाट स्वर्गवास भएपछि उनका हितैषीहरूले अनेक धार्मिक कृत्य गरी दिवंगत आत्माको लागि शान्ति पुऱ्याउने अनेक काम गरेका थिए। त्यसै क्रममा आफू प्रधानमन्त्री भएपछि माथवरसिंह थापाले पोखलड्याङमा रणमुक्तेश्वरको मन्दिर बनाएका थिए। यस मन्दिरको आँगनमा स-साना वेदिकामा जम्मा १४ देवताका मूर्ति थापिएका छन् ती हुन्:—

१. वरुण २. शिव ३. शेषनाग (?) ४. नारायण ५. भैरव ६. महाकाल ७. शिवगण ८. गणेश ९. इन्द्र १०. ब्रह्मा ११. भृङ्गी १२. अग्नि १३. शिवगण (?) १४. शिवगण (?)। यी सबै मूर्तिहरूमा ई० १८५७ मा थापिएको त्रिपुरेश्वर मन्दिरमा थापिएका यस्तै मूर्तिहरूको धेरै नै समानता देखिन्छ। यी मूर्तिहरूमध्ये मन्दिरको आँगनमा उत्तरतर्फ सानो वेदिकामा थापिएको भृङ्गीको कंकालरूप मूर्ति निकै प्रभावशाली देखिन्छ (चित्रसंख्या—४८)।

११. विष्णुमतीपारि शोभा भगवती घाटमा अलि दक्षिणतर्फ पुलनेरै पर्खालमा पूर्वाभिमुख पारी यौटा ठूलो मूर्ति-फलक थापिएको छ यो मूर्ति फलकमा बीचमा लोकेश्वर शक्तिसहित बसेका छन् र तिनको तीनैतिर साना-साना खोपा जस्तामा विभिन्न देवीदेवताका मूर्तिहरू बनाइएका छन्। यस फलकको मुन्तिर लेखिएको लेखमा ई० १८५३ (नेपाल संवत् ९७३) को मिति लेखिएको छ। पहेंलो ढुङ्गामा बनेको यस मूर्ति-फलकको कलात्मकता साधारण छ र ढुङ्गाको पहेंलो रंगले गर्दा प्रभाव आउन सकेको छैन। तैपनि बौद्ध देवताहरूलाई कलात्मक माध्यमबाट प्रस्तुत गर्ने नेपालको पुरानो चलनलाई यस मूर्तिले ई० १८५३ सम्म ल्याइपुऱ्याएको हुनुमा खास महत्त्व रहेको देखिन्छ। यद्यपि सबै कलाकृतिमा कतै पनि सम्पूर्ण समानता देखिदैन र त्यसै गरी यस किसिमको अर्को मूर्ति कतै देखिएको छैन जसलाई ई० १८५३ मा नेपाली बौद्धकलाको अभिव्यक्तिमा नवीन उदाहरण थप्ने महत्त्व यस मूर्तिलाई दिन सकिन्छ।

१२. जगत्शम्शेर राणाले ई० १८५५ मा पाटन शंखमूलमा जगत्नारायण मन्दिर थापी यौटा अलौकिक कार्य गरेका थिए जसमा नेपाली कलाका विविधि रूपको सुरुचिपूर्ण सम्मेलन हुन गएको देखिन्छ। यहाँ ढुङ्गामा बनेका निकै कलाकृति रहेका छन्। यी कलाकृति हुन् मन्दिरको

शिखरमा चारै पाटामा थापिएका विष्णुका राम्रा-राम्रा मूर्ति, मन्दिर सामु आँगनमा थापिएका गणेश, गरुड र हनूमान्का विशाल मूर्तिहरू । शिखरमा थापिएका खैरो नीलो ढुङ्गामा बनेका विष्णुमूर्तिहरू निकै अग्लाइमा थापिएका हुँदा राम्ररी समीक्षा गर्न सकिदैन तर विशाल रूपका भएर पनि चिल्ला र प्रभावशाली गणेश, हनूमान् र गरुडका मूर्तिहरू लयात्मक र कलात्मक बनेका छन् । तीमध्ये पनि आफनो खास दास्य र भक्तिभावले भरिएर यौटा घुंडा टेकी हात जोरी आँखा चिम्लेर बसेका गरुड अत्यन्त प्रभावशाली देखिन्छ। (चित्र संख्या—४९) ।

१३. गोकर्णमा गोकर्णेश्वरको मन्दिर जाने मूलबाटोको ओह्रालोनेरैदेखि मन्दिरको आँगनमा चारैतिर समेत गरी—१. कामधेनु २. भैरव ३. लक्ष्मी ४. सरस्वती ५. बुद्ध ६. राम, लक्ष्मण र सीता ७. राधाकृष्ण ८. मञ्जुश्री ९ कुबेर १०. हनुमान ११. वरुण १२. विष्णु १३. ब्रह्मा १४. नन्दि १५. भृङ्गी १६. साँढे १७. शीतला (?), जसका दुईतिर रहेका साना मूर्तिलाई दादुरा र ठ्यौलाका मूर्ति भनिन्छ १८. भगवती १९. गौरी २०. दुर्गा २१. जलहरेश्वर २२. गंगा २३. वासुकि २४. कामदेव २५. धन्वंतरि २६ सूर्य २७. चन्द्र २८. नारद २९. अग्नि ३०. इन्द्र ३१. नृसिंह ३२. नारदका गरी जम्मा ३२. ठूलठूला ढुंगाका राम्रा-राम्रा मूर्ति अग्ला-अग्ला वेदिकामा थापिएका छन् । यी सबै मूर्तिका वेदिकामा हालसालै सिमन्टी लगाई तिनमा ती मूर्तिका नाम पनि लेखिएका छन् । यहीं आँगनमा यौटा अग्लो वेदिकामा बलभञ्जन पाँडे आफना २ पत्नीसहित भई सालिक रूपमा उभिएका छन् । उक्त ३२ मूर्तिहरूलाई (सम्भवत बुद्धको मूर्तिलाई छोडी) यिनै बलभञ्जन पाँडेले थापेका हुन् भनिन्छ र रचना शैलीमा केही मामुली किसिमको फरक देखिए पनि उक्त सबै मूर्ति बलभञ्जन पाँडेका सालिकका समकालीन मान्न सकिने देखिन्छ । यी पाँडेको संस्मरण गोकर्णेश्वर मन्दिरको भित्री गर्भगृहको पूर्वतर्फको ढोकामा रहेको धातुलेखले पनि गरेको छ जसमा तिनले मन्दिरमा उक्त भित्री ढोकामा धातुको तोरण चढाएको कुरा चर्चिएको छ। त्यस लेखमा ई० १८५५ (संवत् १९१२) को मिति देखिएकोले माथि चर्चिएका मूर्तिहरूलाई पनि यसै समयमा राखी विचार गर्न खोजिएको हो । उक्त सबै मूर्तिहरू निकै ठूलठूला, चिल्ला र यथा अनुकूल अत्यन्त अलङ्कृत बनेका छन् । तिनमा मुखमा ओज र अभिव्यक्ति स्पष्ट छ र शरीर-रचनामा लयात्मकता छ ।

मुगाहरूको यथार्थ अंकन र तेजोमण्डलको विविध प्रयोग यिनको विशेषता हो। यी मूर्तिहरूमध्ये सरस्वती (चित्र संख्या-५०), चन्द्रमा(चित्र संख्या-५१) र महांकाल भैरवका मूर्ति (चित्र संख्या-५२) खास उदाहरणीय हुन्। यीमध्ये पनि सरस्वतीको मूर्ति त बेजोड बनेको छ। ई० १८५५ मा पनि यत्तिको प्रभावशाली मूर्ति बन्नु यौटा उल्लेखनीय तथ्य हो।

१४. ई० १८६८ तिर बनेको भनी अन्दाजी गरिएको थापाथलीको पांचायन मन्दिरमा भिन्नाभिन्नै कोठामा जुन भीमसेन, भैरव, सूर्य, हनूमान् र नृसिहका मूर्ति थापिएका छन् तिनलाई पनि शाहकालीन कलाको अध्ययनमा समावेश गर्नुपर्दछ। जङ्गबहादुर राणाले बनाउन लगाई थापेका यी मूर्तिहरू अत्यन्त सादा किसिमका छन् खास गरी अलंकरण आदिको प्रयोग यिनमा आवश्यकताभन्दा कम्ती गरिएको देखिन्छ।

१५. पचली घाटमा पश्चिमी पुछारनेर कृष्णको मन्दिरको उत्तरतर्फ पर्खालको कुनामा खैरै-खैरो र नीलो रङ्ग मिसिएको ढुंगामा बनेको यौटा आकर्षक हरिहरको मूर्ति रहेको छ। आठ हात भएको हरिहरको यो मूर्तिमा किनारामा दोहोरो बुट्टा वा तेजोमण्डलको र अलंकारहरूको उपयुक्त प्रयोग भएको छ। यिनै कारणहरूले गर्दा यस मूर्तिमा निकै ओज देखिन्छ। यो मूर्ति रहेनेरै ई० १८७० (संवत् १९२७) को मिति भएको शिलालेख पाइएकोले मूर्तिलाई त्यसैसंग सम्बद्ध पारी मिति निर्धारण गरिएको हो। अर्थात् यो मूर्ति ई० १८७० मा बनेको हो। हरिहरको मूर्ति बनाउने पुरानो नेपाली चलन बीचमा केही टुट्न गई उक्त मितिमा त्यस्तो मूर्ति बन्न गएकोमा पनि यस मूर्तिको ऐतिहासिक महत्त्व मान्नुपर्ने देखिन्छ।

१६ सनर्कसिह लाहुरी टण्डन क्षत्रीले ई० १८७१ मा बत्तीसपुतली थुम्कोमा बनाउन लगाएको प्रख्यात राममन्दिरमा भित्रपट्टि गर्भगृहमा शालिग्रामको काला डुंगामा बनेका राम, सीता, लक्ष्मण र भरत आदिका मूर्ति थापिएका छन् जुनमा खास कलात्मकता देखिंदैन। तर मन्दिरको बाहिरी प्रदक्षिणापथमा चार कुनामा थापिएका गणेश, सूर्य, भगवती र शिवका ससाना भने पनि मूर्ति थापिएका छन्। मूर्ति साधारणै किसिमका छन्।

१७. यौटै युगमा केही अघि-पछि परेर बनेका कलाकृतिमा कलात्मकतामा फरक पर्नु शाहकालीन कलाको यौटा विशेषता देखिन्छ जसको

यौटा मुख्य कारण निर्माताको उत्कट अभिलाषा र व्यक्तित्वमा निर्भर गर्दछ भन्ने लाग्न आउँछ जसको यौटा उदाहरण त माथिल्लै हरपमा सोह्रौं संख्यामा देखिसक्यौं । त्यसपछि ई० १८७४ मा जंगबहादुर राणाले कालमोचनमा थापेको सत्यनारायणको मन्दिरमा पेटी-पेटीमा थापिएका स-साना मूर्तिहरूमा निकै कलात्मकता देख्न पाइन्छ । पेटीमा चारैतिर गरी बनेका जम्मा १२ ससाना 'मन्दिर' हरूमा उहिले विभिन्न देवी-देवताका १२ मूर्ति थापिएको बुझिन्छ जुनमध्ये केही हराइसकेका छन् र केही भग्न अवस्थामा भए पनि आफ्नो कलात्मकता व्यक्त गर्दछन् । उक्त सत्यनारायण मन्दिरको आँगनमा दक्षिणतर्फ बनेको सानो मन्दिरमा शिवलिंग बाहेक भैरवको निकै राम्रो र सानो मूर्ति थापिएको छ ।

१८. प्रधानमन्त्री श्री ३ महाराज जङ्गबहादुरका कान्छा भाइ धीरशम्शेर राणाले ई० १८७४ मा नारायणहिटीमा 'धीरनारायण' को जुन सानो मन्दिर बनाएका थिए त्यसमा मुख्य ठाममा त ढलौटे मूर्ति थापेका थिए तर मन्दिरसामु भने गरुडको निकै राम्रो मूर्ति मोटो ढुंगाको खांबा-माथि थापेका थिए । गाढा नीलो नीलो रंगको ढुंगाले बनेको गरुडको यो निकै ठूलो मूर्ति त्यत्तिबिधि कलापूर्ण नभए पनि निकै भावपूर्ण र प्रभावशाली बनेको छ (चित्र संख्या–५३, ५४) ।

१९. ई० १८७६ को वर्ष भक्तपुरमा मूर्तिकलाको क्षेत्रमा यौटा अचम्मको तर उल्लेखनीय काम भएको थियो । त्यस वर्ष भक्तपुरको प्रख्यात दत्तात्रेयको मन्दिरको सीँढीमा २ तिर दुइटा ढुंगाका विशाल-विशाल मूर्ति थापिएका थिए । ती मूर्तिकै मुन्तिरको भागमा लेखिएको लेखअनुसार कुनै महन्तले 'जयमल पत्ता' का यी दुई मूर्ति ई० १८७६ (संवत् १९३३) मा थापेका थिए । ऐतिहासिक वीर पुरुषका रूपमा राजपूत खलकका जयमल र पत्ताको नाउँ आजसम्मै पनि निकै प्रख्यात छ र तिनैमा यी मूर्ति हुन्। वास्तवमा यी मूर्ति त्यसै (ई० १८७६) वर्ष त्यहाँ मौलिक रूपले बनाई थापिएका ह्वैनन् । वास्तवमा यसभन्दा अघिनै भक्तपुरमा मल्ल राजा भूपतीन्द्र मल्लले जयमल र पत्ताका उत्तै र उस्तै विशाल मूर्ति न्यातपो मन्दिरको सीँढीमा थापिसकेका थिए । यी महन्तले त त्यसैको उस्तै अनुकृति बनाई यहाँ यस मन्दिरमा थापेका हुन् आफ्नो अपूर्व किसिमको इच्छा पूरा गर्न । अनुकृति नै भए पनि यी विशाल मूर्तिको आफ्नै महत्त्व रहेको छ ।

जहाँ मल्लकालमा अतिमानवीय रूपमा शक्तिशाली मानिने जयमल र पत्ताका मूर्ति न्यातपोमा थापिएकी देवीको शक्तिलाई स्पष्ट पार्ने एक वस्तुको रूपमा प्रयोग गरिएको देखिन्छ भने यहाँचाहिं यी एक किसिमले स्वतन्त्र रूपमा थापिएका छन्– वीरताको आफ्नो आफ्नै उदाहरणका निम्ति । यी दुवै मूर्तिमा रङ्गरोगन गरी ती वीरका मुठारिएका जुंगासमेत बनाई निकै प्रभावशाली पारिएको छ । शाहकालमा बनेका विशाल मूर्तिहरूमा यी दुईको पहिलो गन्ती गर्नु पर्ने देखिन्छ ।

२०. भक्तपुर तुलाच्छे टोलमा अघिको पाटीको अवशेषको उत्तरी भित्तामा यौटा २ हात लामो र २ हात चौडा यौटा राम्रो मूर्ति फलक टाँसेर राखिएको छ । नीलो-नीलो खैरो ढुंगाले बनेको यो चौकोर फलेक शाहकालीन कलाको यौटा अप्रतिम उदाहरणको रूपमा रहेको छ । यो मूर्ति फलकको रचना मुन्तिरदेखि सिंहासन जस्तोमाथि ६ जना भक्तहरूका साना मूर्ति बनेका छन् र त्यहाँमाथि एक हरप अभिलेख लेखिएको छ जसमा कास्यपगोत्री कुनै भक्तपरिवारले वैकुण्ठ पाउने इच्छाले ई० १८८२(नेपाल संवत् १००२) मा लक्ष्मीनारायणको मूर्तिफलक थापेको कुरा चर्चिएको छ । यो लेखमाथि गरुडको मूर्ति बनाई त्यसमाथि लक्ष्मी र नारायणका ४–४ हाते मूर्ति बनेका छन् । उक्त देवीदेवताका पृष्ठभागमा ७ टाउके नागका जीउ बनेको छ जसमा लक्ष्मी र नारायणले अडेस लागेको स्थिति देखाइएको छ । यस फलेकको मास्तिरको भागमा शिव र पार्वती तथा गणेशका ससाना मूर्ति पनि थापिएका छन् जुन यौटा अपूर्व योजनाको रूपमा प्रस्तुत गरिएको देखिन्छ । चर्चिएका सबै देवताका सादा तेजोमण्डल बनाइएको छ तर विष्णुको चाहिं खास प्रभावशाली पारिएको छ । बेलबुट्टाले पूरा फलेकभरि ठाउँ-ठाउँमा सादा फूलबुट्टाको प्रयोग भएको हुनु यस मूर्तिफलकको खास विशेषता हो । सम्पूर्ण मूर्तिफलकलाई झन् प्रभावशाली पारेका छन् फलकको मुन्तिरको भागमा दुई कुनामा बनाइएका सिंहका दुई मूर्तिले जुन क्रमशः पूर्व र पश्चिम फर्केका छन् ।

२१. स्वयम्भूमा पूर्वतर्फबाट स्तूपतिर उकालो लाग्दा झण्डै आधाआधीतिर मूलबाटोको दक्षिण तर्फ यौटा र उत्तरतर्फ दुईटा गरी ढुंगाले बनेका ३ विशाल बुद्ध मूर्ति थापिएका छन् । तीमध्ये दक्षिणतर्फको मूर्तिचाहिं त्यसैमा पादपीठमा लेखिएको अभिलेखअनुसार महाराजाधिराज पृथिवीवीर-

विक्रम शाहदेवको पालामा ई० १८९४ (नेपाल संवत् १०१४ संवत् १९५१) मा थापिएको बुझिन्छ । उक्त तीनै मूर्ति स्वयम्भूको त्यही उकालोमा अलि तल र स्वयम्भू स्तूपकै उत्तरतर्फ वनेका मल्लकालीन त्यस्तै शैलीका विशाल बुद्धमूर्तिका अनुकरणमा बनेका हुन् । ती तीनमध्ये जेठोचाहिँ चर्चिसकिएको दक्षिणतर्फको (चित्र संख्या ५५) हो र अरू दुईको पछि कालक्रमअनुसार बयान गरिने छ । मल्लकालीन मूर्तिहरूको अनुकरणमा बनेको बुद्धको यो विशाल मूर्ति त्यत्ति कलात्मक त देखिदैन । जहाँ मल्लकालका यस्ता मूर्तिमा भगवान् बुद्धको मुहारमा जुन ओज र हँसिलो भाव देखिन्छ त्यस्तो यसमा हुन सकेको छैन तैपनि यसमा उदासीनताको भाव पनि छैन तर कलाकारले यसमा जुन गम्भीर वा ध्यानको परम स्थिति व्यक्त्याउन खोजेका छन् त्यो काममा वरु उनी केही सफल भएका देखिन्छन् ।

२२. माथि २१ मा बयानिएको बुद्धको विशाल मूर्तिको मूलबाटापारि उत्तरमा त्यस्तै आकृति र शैलीका १ विशाल बुद्धमूर्ति थापिएका छन् । तीनमध्ये दाहिने तर्फको मूर्तिको पादपीठमुन्तिर लेखिएको लेखमा ई० १९०५ (नेपाल संवत् १०२५) को मिति लेखिएको छ । यो मूर्ति निर्माणकै मिति हो भन्ने कुरा त स्पष्ट छ । यसको देब्रेपट्टि रहेको मूर्ति पनि लिखित प्रमाणको अभाव भए पनि शैलीको आधारमा यसैको समकालीन भन्न सकिन्छ र स्थितिले पनि यही कुरातिर औंल्याएको छ । यी दुवै मूर्ति ई० १८९४ मा बनेको २१ मा बयानिएको मूर्तिझैं साधारण कलात्मक छ । यी तीनै मूर्तिहरू (चित्र संख्या ५५) विशालताका कारणले ढुंगाका टुक्रा-टुक्रा काटी ताछी जोडेर बनेका हुन् जुनले गर्दा जोड-जोड पनि छर्लङ्ग देखिन्छ तैपनि त्यसले गर्दा मूर्तिको प्रभावमा विशेष अन्तर पर्न आएको छैन । शाहकालीन मूर्तिकलाका समूहमा नौलो शैलीमा बनेका यी तीन विशाल मूर्तिहरूको आफ्नै किसिमको महत्त्वपूर्ण ठाउँ रहेको कुरा त स्पष्ट छ ।

२३. ई० १९०५ (नेपाल संवत् १०२५) मा सिम्भूको पश्चिमतर्फ मञ्जुश्रीथान जाने उकालोमा बनेका मञ्जुश्री र सरस्वतीका दुई साना मन्दिरहरूको साधारण चर्चा त माथि मन्दिरहरूको बयान गर्दा गरिसकिएकै छ । यहाँ हामी मञ्जुश्रीको मूर्तिबारे केही विचार प्रस्तुत गर्दछौं । पादपीठमा ई० १९०५ को मिति लेखिएको लेख भएको हुँदा त्यसै वर्ष थापिएको भन्न

जानिने मञ्जुश्रीको यो मूर्तिको ध्यान त परम्पराअनुसारको छ—४ हात भएका देव जुन हातमा धनु, वाण, खड्ग र किताब रहेका छन्। मूर्तिमा गहना-गुरिया, यथोचित लुगा र तेजोमण्डल आदिले मूर्तिलाई निकै राम्रो पारिदिएका छन्। मूर्तिमा मुहारमा पनि प्रभाव र ओज व्यक्त भएको छ।

२४. २३ मा बयानिएको मञ्जुश्रीको उत्तरतर्फ मूलबाटापारिपट्टि उस्तै मन्दिरमा उस्तै सरस्वतीको पारम्परिक शैलीको मूर्ति थापिएको छ जसमा ई० १९०५ (नेपाल संवत् १०२५) कै मिति परेको लेख पनि छ। मञ्जुश्री र सरस्वतीका यी दुई मूर्तिहरू एकै भक्तसमूहले एकै समयमा थापेको बुझिन्छ। मञ्जुश्रीको मूर्तिमुन्तिर पनि ५ जना भक्तका साना-साना हात जोडेका मूर्ति बनेका छन् र सरस्वतीको मूर्तिमुन्तिर पनि यस्तै गरी ५ जना भक्तका चित्र अंकित गरिएको छ।

मञ्जुश्रीको मूर्ति झैं सरस्वतीको यो मूर्ति पनि निकै मनोहारी छ। निकै कलात्मकता भएको यी २ मूर्ति बीसौं शताब्दीको थालनीको यौटा उल्लेखनीय कलात्मक रचनाको रूपमा हामी लिन सक्दछौं।

२५. पाटन शहरको दक्षिणी भागमा रहेको मीननाथको प्रख्यात मन्दिरको बाहिरी ढोकामा दुईतिर 'यमराजसेवक'का दुई वाउन्ने मूर्ति थापिएका छन्। तिनमध्ये उत्तरतर्फको मूर्तिको पादपीठमा ई० १९१३ (नेपाल संवत् १०३३) को मितिको अभिलेख लेखिएको छ जसले यस मूर्तिको रचना ई० १९१३ मै भएको कुरा प्रमाणित गरिदिएको छ। सानो आकृतिकै भए पनि यस मूर्ति (चित्र संख्या—५६) को आफ्नै किसिमको महत्त्व छ। यमराजका सेवकका रूपमा यिनको रूप विचित्र र मुख निकै भयानक पारिएको छ। अपूर्व शैलीमा बनेका हुँदा एकै कालमा बनेका देखिने ढोकाका यी दुई मूर्तिको अपूर्व महत्त्व छ जसमा डर पैदा गर्न सक्ने स्पष्ट प्रभाव पनि रहेको छ। यस किसिमका 'यमराजसेवक'का अरू मूर्ति नेपाली कलाको लामो इतिहासमा अरू कतै पाइएको जस्तो लाग्दैन।

२६. पाटनको प्रख्यात मीननाथ मन्दिरको पूजागृहमा उक्लने सीढीमै दुईतिर निकै ठूल्ठूला दुई मूर्ति थापिएका छन्। तिनका पादपीठमा लेखिएको लेखअनुसार 'यमकिंकर'का यी दुई शिलामूर्ति ई० १९२४ (नेपाल

संवत् १०४४) मा थापिएको भन्ने थाहापाइन्छ । सादा फूलबुट्टाको किनाराभित्र विशाल ढुंगाका फलेकमा बनेका यी दुई मूर्तिले उजाएको खड्ग र पाश (डोरी) लिएका छन् । भयंकर भाव मुखमा व्यक्त भएका यी दुई मूर्ति त्यत्ति लयात्मक बन्न सकेका छैनन् तैपनि निकै प्रभावशाली छन् । यिनको अर्को साधारण विशेषताचाहिं मूर्तिफलकका टुप्पा सोझै माथि नबनाई देब्रे तिर ढल्केको बनाउनुमा देखिन्छ । शाहकालीन कलाकृतिहरूमा माथि २५ संख्यामा बयानिएका मूर्तिका झैं यिनको पनि महत्त्व छ ।

२७ लगनखेलतिरबाट पाटन शहरभित्र पस्ने मूलबाटोको मुहानमै पश्चिमतर्फ रहेको सानो चोकमा ई० १९४० (नेपाल संवत् १०६०) मा बनेको यौटा सानो बौद्ध मन्दिर रहेको छ । यस मन्दिरमा कालो ढुंगाले बनेको वैरोचनको मझौला आकारको मूर्ति थापिएको छ । मूर्ति साधारणै किसिमको भएर पनि राम्रै देखिन्छ ।

२८. पचलीघाटपारिपट्टि राजघाटमा थापिएको अमिताभ बुद्धको मूर्ति हो जो त्यसैको पादपीठमा लेखिएको लेखअनुसार ई० १९४१ मा थापिएको हो । बौद्ध मूर्ति बनाउने चलनको परम्पराको निकै आधुनिक कालको यौटा उदाहरणको रूपमा यसको महत्त्व छ ।

२९. पचली घाटमा रहेको बुद्धको यौटा निकै मोटोघाटो र ठूलै मूर्ति रहेको छ जसमा कुनै लेख लेखिएको छैन । सम्भवत: यो मूर्ति ई० १९४५ तिर बनेको हुन सक्दछ ।

३०. पाटन शंखमूलमा सिमन्टीले बनेको सानो तर लाम्चो मन्दिरमा थापिएको निकै अग्लो सेत-सेतो खैरो ढुंगाको लोकेश्वरको मूर्ति थापिएको छ (चित्र संख्या ५७) । यो मूर्ति बनेकै फलेकमा लोकेश्वरका दाहिने देब्रे र माथि गरी जम्मा १५ देवी-देवताका साना-साना मूर्ति साना साना खोपामा बनेका छन् । ती साना मूर्तिको नजीकै तिनको नाम पनि (नेपाली लिपिमै) लेखिएको छ जो लोकेश्वर मूर्तिको दाहिनेपट्टिको मुन्तिरदेखिको क्रम यस प्रकार छ— १. पृथिमाता २. लछिमि ३. अग्नि ४. विष्णु ५. ब्रह्मा ६. सरस्वती ७. चन्द्रमा ८. शिव ९. सूर्ज्य १०. वायुदेव ११. आजाजु १२. कुबेर १३. पृतिदेव १४. वरुण १५ ? ।

यो मूर्तिमा कलात्मक भन्दा बढी धार्मिक महत्त्व रहेको छ। बौद्ध देवता लोकेश्वरसाथै उनैलाई खास महत्त्व दिई माथि चर्चिएका १५ महत्त्वपूर्ण देवी-देवतालाई समेत एकै फलेकमा प्रस्तुत गर्नु यौटा विचित्रको धार्मिक अभिव्यक्ति हो जसको आर्को उदाहरण एशियाका अरू बौद्ध देशहरूमा मात्रै हैन नेपाली कला र धर्मको लामो इतिहासमा पनि पाइँदैन। बौद्ध धर्मको प्राचीन केन्द्रको रूपमा पाटन शहरको जुन इतिहास रहेको छ त्यसैको परिप्रेक्ष्यमा यो मौलिक शैलीको मूर्ति बनेको देखिन्छ। धार्मिक अभिव्यक्तिको यो कारण र कलाको साधारण स्तरको आधारमा यस मूर्तिलाई ई० १९४५ तिर राखिएको छ।

३१. स्वयम्भू स्तूपको पश्चिम उत्तरतर्फ अलि मुन्तिर खोंचमा यौटा निकै ठूलो चैत्य रहेको छ जसको आँगनमा दक्षिणतर्फ भित्तामा १३ ठूल्ठूलै खोपा बनाई बौद्ध र हिन्दू धर्मसम्बन्धी १३ मूर्ति थापिएका छन्। यी सबैमा रंगरोगन पनि गरिएको छ विभिन्न रंगले। यो लहरमा सबभन्दा पश्चिमतर्फको खोपामा रहेको गणेश-मूर्तिको पादपीठमा 'श्री गणेसाय २००५ हिरावाहादुर' लेखिएको छ। उक्त संक्षिप्त लेखले ई० १९४८ मा हीराबहादुर नामका कुनै भक्तले ती सबै १३ मूर्ति थापेका हुन् भनी निश्चित भन्न नसकिए पनि यस्तो सम्भावना व्यक्त गर्न सकिन्छ। यी १३ रै मूर्तिहरू निकै कलात्मक छन्।

३२. पचली घाटमा संगमर्मर र अरू ढुंगाका बनेका विष्णुका २४ अवतार, बद्री, केदार, मुक्तिनाथ र 'हजारहात भएका' विष्णुका गरी एकै कालका बनेका देखिने मूर्तिहरूको भीड रहेको छ। यी सबै मूर्तिको कलात्मकता त साधारण छ तर यिनको धार्मिक महत्त्व छ। यी सबै मूर्ति सम्भवतः एकै भक्तले वा एकै भक्तसमूहले एकैपल्ट ई० १९४८ तिरै थापेको हुनु धेरै सम्भव लाग्दछ।

३३ मत्स्यनारायण जाने बाटामा टौखेल भन्ने गाउँमा बाटाको छेवैमा यौटा ठूलो शिवको निकै राम्रो मुखलिंग थापिएको छ। यसको वेदिकाको पूर्वपट्टिको लामो पाटामा ३ हरपको लेख लेखिएको छ जसअनुसार यो मुर्खलिंग टौखेलकै बासिन्दा भुवननाथ भन्ने व्यक्तिका नाति र सूर्यप्रसाद भन्नेका अज्ञातनामा पुत्रले ई० १९५१ (संवत् २००८) मा थापेको भन्ने देखिन्छ। सम्भवतः मल्लकालको अघिल्लो जुग (ईस्वीको सत्रौं शताब्दी) को

लामो अवधिपछि थापिएको पहिलो मुखलिंग यो हो। यस मुखलिंगको कलात्मक अभिव्यक्ति समय अनुसार निकै राम्रो हुन पुगेको देखिन्छ।

३४. जैसीदेवल टोल काठमाडौंमा कुइँयाविहारको आँगनमा ढुंगाको सानो सरस्वतीको मूर्ति थापिएको छ। यस मूर्तिको पादपीठमा ई० १९५५ को मितिको लेख पनि लेखिएको छ। अर्थात् यो मूर्ति त्यही मितिमा बनाई थापिएको बुझिन्छ। साधारणरूपमा सरस्वतीको यो मूर्ति राम्रो देखिन्छ जसको यौटा कारण यसको तेजोमण्डलमा केही नवीनता हुनु र फलेक मास्तिर तीनचुच्चे बनेको हुनुमा छ।

३५. कालीमाटीबाट कीर्तिपुर विश्वविद्यालय जाने हालसालै बनेको मूलबाटोको पूर्वतर्फका लङमा सडकसँग जोरिएको घरमा पेटीमा ढुंगाका केही मूर्तिफलक टाँसिएका छन्। तिनमध्ये यौटा फलकमा लक्ष्मी र नारायणका मूर्ति बनेका छन्। तिनको पादपीठमा श्री चेरुतनुर महालक्ष्मी जी' लेखिएको छ। यही भक्त र तिनकी धर्मपत्नीका साना मूर्ति पनि बनेका छन् जुनमा तिनको नाम लालदास र मानकुमारी लेखिएको छ।

यही फलकनजीकै संगमर्मरको फलकमा गरुड, गणेश, कुबेर, बद्रीनाथ, सूर्य, लक्ष्मी, नारायण र नर (यी नाम फलकमै लेखिएका छन्) का मूर्ति बनेका छन्। हिमालयको पृष्ठभूमिमा बनेको यस मूर्तिफलकमा मुन्तिर मैलपोस सुरुवाल र टोपी लगाई घुँडा मारेको यौटा भक्तको मूर्ति र त्यसैको पल्लापट्टि आइमाईको मूर्ति पनि छ जुनलाई त्यहाँ डिट्ठा लालदास र मानकुमारी लेखिएको छ। यहाँको लेखमा ई० १९५८ (संवत् २०१५) को मिति पनि दिइएको छ।

उक्त फलक नजीकै 'केदारनाथ' लेखिएको अर्को फलक छ जसमा बद्रीनाथ नारायण र पार्वतीका मूर्ति बनेका छन्। यसका निर्माता पनि लालदासै देखिन्छन्। रचना मिति ई० १९५८ नै हो।

३६. ३५ मा बयानिएका फलकसँगै विष्णुको उभिएको मूर्ति बनेको अर्को फलक छ जसको पादपीठमा वेन्कतेशोर नारायण' लेखी '२०१७ साल' र लालदास मानकुमारीका नाम र मूर्ति पनि बनेका छन्। ३५ संख्याका मूर्तिफलकका निर्माता लालदास र मानकुमारीलेनै १९६० मा

यो मूर्ति पनि थापेको देखिन्छ । भारतमा तीर्थ यात्रामा गएर प्रभावित भई फर्केर लालदास र मानकुमारीले यी मूर्तिफलक वनाउन लगाई पूजा-आजा गर्न थालेको कुरा स्पष्ट छ । विदेशी अनुकरणको आधुनिक युगीन शैलीका यी ज्वलन्त उदाहरण भए पनि यिनमा प्रस्तुतीकरणमा यदाकदा नेपालीपन अवश्य देखिन्छ । यो पछिल्लो तथ्य चाहिं नेपाली कलाकारको सार्वकालिक विशेषता हो ।

३७. नैकापमा वलषु र ठाडोखोलाको संगमस्थलमा चौरमा १ हात जति अग्लो गणेशको सानो मूर्ति थापिएको देखिन्छ । यस मूर्तिको पादपीठमा लेखिएको लेखअनुसार सुन्दर श्रेष्ठ र उनकी पत्नी पूर्णमायाले सपरिवार भई यो मूर्ति ई० १९६१ मा थापेको वुझिन्छ । मूर्ति साधारण कलात्मक छ ।

३८. पचलीघाटमा पुलदेखि सबभन्दा पूर्वतिर बाटैमा ई० १९६९ (नेपाल संवत् १०८९) मा बनेको चैत्यको उत्तरतर्फ जोडिएर रहेको १ हात १ वित्ता जति अग्लो मुडे हात जति चौडा ढुंगाको फलेकमा ८ हात भएका देवमूर्तिको अंकन गरिएको छ । देवताको मूर्तिको दुईतिर 'श्रीअमोघपास लोकेश्वर करुणामय' लेखिएको छ । मुकुटमा ध्यानी वुद्धको अंकन पनि गरिएको छ । देवताले ८ हातमा माला, कमल, अभयमुद्रा, किताव र पात्र लिएका छन् । कमलासनमा उभिएका देवताको वरिपरि सादा तेजोमण्डल रचिएको छ । मूर्ति निकै ओजपूर्ण बनेको छ । नीलो-नीलो रंगको राम्रो ढुंगामा ई० १९६९ मा बनेको यो मूर्ति निकै राम्रो छ भन्नुपर्दछ ।

३९. कान्तिपुरको दक्षिणी भेकमा लगनटोलमा दक्षिणी पुछारमा (हिनाखाटोल ?) रहेको सिमन्टीको सानो मन्दिरमा संगमर्मरको योटा सानो मूर्ति थापिएको छ । दुई हात जति अग्लो यो मूर्ति कमलासनमा उभिएको छ । देवताको शिरको वरिपरि सूर्यको तेजजस्तो चक्राकार तेजोमण्डल वनेको छ र फलेकमा पनि सादा तेजोमण्डल छ । ८ हात भएको यो मूर्ति अभयमुद्रामा खडा छ । मूर्तिको मुन्तिर रहेको कालो ढुंगामा श्री 'करुणामय अमोघपास स्थापना २००७ साल रत्नमान ज्ञानीथकु अष्टमान' इत्यादि लेखिएको छ । लेख लेखिएको यही ढुंगाका २ कुनामा लोग्नेमान्छे र स्वास्नीमान्छेका साना-साना एक एक मूर्ति पनि बनेका छन् । अर्थात् अमोघपासको यो मूर्ति ई० १९७० मा रत्नमान, ज्ञानी थकु र अष्टमानले मिली थापेको देखिन्छ ।

४०. पचलीको पारिपट्टि राजतीर्थमा यौटा सानो सिमन्टी लगाएको पेटीमाथि ईंटको मेहराब बनाई त्यसभित्र भित्तातर्फ ढुंगाका पादपीठमाथि लहरै गणेश, सरस्वती, विष्णु र शिवका साना-सानै मूर्ति थापिएका छन् । यी मूर्तिमध्ये विष्णुको पादपीठमा 'स्थापित २०२६ साल' र अरूमा 'स्थापित २०२८ साल' लेखिएको छ । यसरी यी चार मूर्ति ई० १९७१ र १९७२ मा थापिएको भन्ने देखिन्छ । एक एक हात अग्ला यी चार मूर्ति सेतोपन ज्यादा भएको नीलो फुस्रो खालका ढुंगामा बनेका हुँदा त्यत्ति प्रभावशाली हुन सकेका छैनन् र कलाकारले पनि यिनमा मिहीन काम प्रस्तुत गरेका छैनन् तैपनि तिनमा केही न केही कलाकारिता त अवश्य देखिन्छ । खास गरी सरस्वतीका मूर्तिमा । भकुल्ले मुख भएकी सरस्वतीले टल्ल आँखाले हेरी सितार बजाइरहेको स्थिति छ । गहनागुरियाको पनि उपयुक्त प्रयोग गरिएको छ ।

यसरी हामी माथिको छोटकरी विवरणबाट ई० १७६९ देखि लगभग ई० १९७४ मा (यद्यपि हामीले ई० १९७२ सम्मका मात्र उदाहरण प्रस्तुत गरेका छौं) २०५ वर्षको युगमा बनेका धार्मिक मूर्तिकलाका मुख्य-मुख्य उदाहरण प्रस्तुत गरेका छौं । उक्त मूर्तिहरूको शैलीगत अध्ययन अलि तल प्रस्तुत गरिने छ ।

आ. अलंकार

मूर्तिकलाको एक पक्ष त धार्मिक भयो जसको छोटकरी विवेचना माथि गरिसकियो । मूर्तिकलाको आर्को पक्ष छ आलंकारिक । नेपालमा प्रस्तर वा ढुंगाको धार्मिक मूर्ति बनाउने उपयोग बाहेक मूर्ति र मन्दिरसँग सम्बन्धित रूपमा अनेक किसिमका अलंकारहरू बनाउने समेत चलन छ जस्तो तोरण, बेलबुट्टाहरू र थरी-थरीका मानवीय र पशुहरूका मूर्ति । यीमध्ये सबै वस्तुका विविध रूप शाहकालमा विभिन्न रूप, स्तर र माध्यममा निर्मित भएका छन् । मूर्तिकलामा नजानिंदो किसिमले आएका नवीन शैलीमा झैं यस्ता आलंकारिक वस्तुहरूमा पनि नवीन तत्त्वहरूको समावेश भएको देखिन्छ । यस पक्षको विस्तृत विवरण प्रस्तुत गर्नु यहाँ सम्भव छैन । तर यहाँ यौटै महत्त्वपूर्ण उदाहरण दिई यस पक्षलाई यहीं टुंग्याइन्छ । ई० १७९० तिरसम्म बनिसकेको बहादुरशाहद्वारा निर्मित अर्द्धनारीश्वर मन्दिरको पश्चिम र पूर्वका पाखामा बनेका लामा र चौडा ढुंगाका आँखीझ्यालमा विविध रूप देखिन्छ । यहाँ अधार्मिक उद्देश्यले प्रस्तुत गरिएका लोग्नेमान्छे र स्वास्नीमान्छे, कुकुर, सेवकहरू र

यति थरी भनी छयान गर्न नसकिने बेलबुट्टा बनेका छन्। यी दुईतिरका आँखीझ्यालले अपूर्व शैलीमा कलाकारिताको यौटा परम स्थिति स्पष्ट पारेको छ जसको आर्को उस्तै उदाहरण नेपाली कलाको लामो इतिहासबाट उद्धृत गर्न सकिदैन । तर यही स्तरको स्थिति शाहकालभरि र आजसम्म छ भन्न सकिदैन तर २०५ वर्षको यो अवधिभरि विभिन्न स्तर र महत्त्वका आलंकारिक कलाको रचना क्रमिक रूपमै चलिरहेको कुरो त मान्नैपर्दछ ।

आलंकारिक पक्षको एक किसिमका अरू केही उदाहरण हामी ठाउँ-ठाउँका मन्दिरमा घण्टा चढाउन बनाइएका ढुंगाका चौकोसमा पनि देख्दछौं । यस्तो यौटा अत्युत्तम उदाहरण पाटनमा मीननाथ मन्दिरको पेटीमा उत्तरतर्फ रहेको घण्टा झुण्डिएको चौकोस हो । ई० १८७९ (नेपाल संवत् ९९९) को मिति भएको लेखसमेत भएको यो चौकोसमा माथिल्लो भागमा अष्टमंगल, सर्प (Dragon), झण्डा लिएका सिंह, धनुर्बाण लिएका आइमाईहरू आदि माथिल्लो तहमा पुगेका कलाकारले प्रस्तुत गरेका छन् । वास्तवमा ई० १८७९ को वर्ष बनाइएको भएर पनि यो रचना उत्कृष्ट हुन सकेको यौटै कारण हो कि यो रचना स्वयं दाताले नै बनाएको हो । उक्त लेखमा 'सिल्पकार' कृष्णवीर भारोले यो काम गरेको कुरा लेखिएको छ र कुनै शिल्पीले आफ्ना इष्टदेवता—भगवान्को प्रेममा समर्पण गर्ने वस्तु आफ्नै सीपैले बनाई चढाएको हुनु स्वाभाविक छ । यत्ति आलंकारिक रचना नेपाली कलाका विभिन्न युगका रचनाहरूमा कम्तीनै देखिन्छ । झण्डै यस्तै रमणीय आलंकारिक रचनाको उदाहरण पशुपति चौंसठ्ठीलिंगनेर रणोद्दीपले ई० १८५४ मा बनाएको रामभक्तेश्वर र जगत्‌शम्शेरले ई० १८५५ मा बनाएको जंगेश्वर मन्दिरका पेटीमा घण्टा झुण्ड्याउन बनाएका ढुंगाका चौकोसमा देखिन्छ ।

इ. धार्मिक वस्तु

धार्मिक वस्तुको शीर्षकमा हामी विभिन्न वस्तुलाई लिन सक्दछौं— खम्बा, देवी देवताका बाहनका रूपमा बनाई थापिएका पशुहरू इत्यादि । प्रस्तर वा ढुंगामा बनेका खाँबाहरू त शाहकालमा प्रशस्त बनेका देखिन्छन् जसका राम्रा-नराम्रा उदाहरण पशुपति, गुह्येश्वरी र मच्छेन्द्रबहाल आदि प्रख्यात मन्दिरहरूमा देख्न सक्दछौं जुनमा तिथिमितिसहितका अभिलेखहरू पनि लेखिएका छन् । यस्ता खम्बाहरूमध्ये सबभन्दा राम्रो र उल्लेखनीय

ठमेलमा विक्रमशिला विहारमा रहेको छ । निलो-निलो खैरो ढुंगाको बनेको एक मानिस जति अग्लो यो खाँबोमा टाउकामा चैत्य पनि बनेको छ । राम्ररी चिल्लो पारिएको यो विचित्रको खम्बामा ई० १९५३ (संवत् २०१०) को मिति भएको १९ हरफको लेख पनि छ । यस विचित्र, रमणीय र अत्याधुनिककालको यौटा रचनाका निर्माताको परिचयको लागि त्यसमा लेखिएको सम्पूर्ण लेख तल सारिन्छ जो सामाजिक र कलाको इतिहासको सन्दर्भमा समेत महत्त्वपूर्ण हुने खालको छः—

> शुभ सम्वत् २०१० साल माघ ···· कास्येप गोत्र कुतुवजु ललितकुमारीया धर्मचित्त उत्पत्तिजुगा विक्रमश्रीमताविहारे धर्मधातुचैत्य स्थापना याना जुल । थ्व पुन्यनं थ पुरुष दिवंगत श्री दिलिपनर्सिंह प्रधानया मोक्षगति प्राप्तजुय । सजीव जेष्ठ पुत्र प्रेमनर्सिंह तस्य भार्या गंगा द्वितीय पुत्र मेघनर्सिंह तस्य भार्या उजेली तृतीयपुत्र सागरनर्सिंह तस्य भार्या कान्छि चतुपुत्र भागीरथ नर्सिंह तस्य गंगा व पुत्रि नानिमैंया पौत्र पौत्र्यादि सकल परिवारयात शुखसम्पति प्राप्त जुय माल ।

देवी-देवताका वाहनका रूपमा खास लोकप्रिय हुन् साढे र सिंह । तिनका ढुंगाका मूर्ति प्रशस्त पाइन्छन् जताततै । तर अभिव्यक्तिमा सिंहका मूर्ति विशेष प्रभावशाली देखिन्छन् । सिंहका मूर्ति पनि १ हातदेखि ६-७ हातसम्म अग्ला पनि बनेका देखिन्छन् ढुंगामा र धातुमा पनि । ढुंगामा बनेका सिंहका राम्रा उल्लेखनीय उदाहरणहरूमा दुईटा त बहादुर शाहले बनाएको अर्द्धनारीश्वर मन्दिरको तल्लो पेटीमा दुईतिर थापिएका दुईटा विशाल सिंह हुन् । अनि आर्को महत्त्वपूर्ण उदाहरणचाहिं जगत्शम्शेरले शंखमूल पाटनमा ई० १८५५ मा थापेको जगत्नारायण मन्दिरको सींढीका दुईतिर थापिएका छन् जुन एकै ढुंगाले बनेका विशाल-विशाल रूपका छन् ।

धार्मिक वस्तुका अरू किसिमका उल्लेखनीय उदाहरणहरूमा बौद्ध चैत्यका सामु थापिने 'धर्मधातु' का माथिल्ला भागमा कोरिने चित्रांकन र बौद्ध चैत्यहरूमा ढुंगाका शिलापत्रमा चैत्यकै चित्र अंकित गरी चढाइने कलात्मक वस्तुमा देखिन्छ । अघिल्ला वस्तुका बेगन्ती उदाहरण पाइन्छन् । पछिल्लाका खास उदाहरण चाबेल स्तूपको घेरामा लहरै टाँसिएका छन् जुनमध्ये शाहकालीन उदाहरणनै अधिक छन् जस्तो लाग्दछ । त्यस्ता शिलापत्रमा चैत्यका साथै फूल-बुट्टाहरू पनि बनाउने गरिएको देखिन्छ ।

ई, मूर्तिको जीर्णोद्धार

बिग्रिएका वा बिग्रिन लागेका मूर्तिको जीर्णोद्धार गर्ने चलन पुरानो हो । शाहकालमा पनि यो चलन चलिरहेकै देखिन्छ तर आभिलेखिक प्रमाणले प्रमाणित गरेका यस्ता उदाहरण कम्तीनै देखिन्छन् । यस किसिमको यौटा महत्त्वपूर्ण उदाहरण सिम्भू स्तूपको उत्तरतर्फ शान्तिपुरनेर रहेको बुद्धको विशाल मूर्तिले प्रस्तुत गरेको छ (चित्र संख्या ५८) । मल्लकालको रचना भन्ने अन्दाजी गरिएको बुद्धको यो मूर्तिको जीर्णोद्धार ई० १६३३ (संवत् १६६०) सालमा गरिएको कुरा यही मूर्तिको पादपीठमा टाँसी राखिएको उक्त मिति लेखिएको सानो ताम्रपत्रबाट थाहापाइन्छ । यसरी अघिल्ला युगका कलात्मक उपलब्धिहरूको सामयिक रूपमा सम्मान गरिएका अरू प्रशस्त उदाहरण पाउन सकिन्छ जुन यौटा सभ्य समाजको सुरुचिको परिचायक पनि हो ।

उ. शैलीगत अध्ययन

हामीले माथि धार्मिक मूर्ति कलाको प्रस्तर पक्षको केही विवरण प्रस्तुत गरेका छौं । त्यहाँ पनि हामीले ठाउँ-ठाउँमा तुलनात्मक अध्ययन पनि छोटकरी रूपमा गरेका छौं । २०५ वर्षको अवधि व्याप्ने यो विवरणले लिच्छवि, मध्य र मल्लकलाको उत्तराधिकार पाएको शाहकालले प्रस्तरमा धार्मिक मूर्तिकलाको क्षेत्रमा कति उपलब्धि गऱ्यो भन्ने कुराको यौटा लेखा-जोखा प्रस्तुत गर्ने छोटकरी प्रयत्न गरेको छ । वास्तवमा राजनीतिक, सामाजिक र आर्थिक कुराहरूमा शाहकाल, लिच्छवि, मध्य र मल्लकालहरूभन्दा निकै परिवर्तित युग हो । अपेक्षाकृत यो काल अन्ताराष्ट्रिय राजनीतिको काल हो र साथै आर्थिक महत्त्व थाहापाइएको काल हो जसको प्रभाव कलात्मक उपलब्धिमा प्रत्यक्ष परेको देखिन्छ । सामाजिक, राजनीतिक र आर्थिक विविधता भएको यौटा विशाल राज्यमा रचिएका कलात्मक वस्तुहरूको स्तर पनि त्यस्तै किसिमले विभिन्न हुनु जानु यौटा स्वाभाविक परिणाम हो भन्ने देखिन्छ जसका अपवाद कम्तीनै होलान् । शैलीगत अध्ययनका तल आउने अरू खण्डहरूमा यो तथ्य बिस्तारै-बिस्तारै स्पष्ट हुँदै जाने छ ।

२. धातुका मूर्ति

ढलौटे वा धातुको अरू किसिमले उपयोग गरी मूर्ति र अलंकार बनाउने चलन नेपालमा निकै पुरानो हो । लिच्छविकालमा यस्ता मूर्ति

बनाइन्थ्यो भन्ने भैसकेको छ र त्यो चलन मध्य र मल्लकालमा झन्-झन् लोकप्रिय र अन्तारा‌ष्ट्रिय रूपमा समेत प्रख्यात हुँदै गएको तथ्यसमेत थाहा पाइन्छ । लिच्छविकालका ढलोटे मूर्ति त कम्ती देखिन्छन्, त्यो भन्दा अलि धेरै मध्य र मल्लकालका अनि, त्यही चलन शाहकालमा पनि चलिरहेको देखिन्छ । धातुका मूर्ति सम्भवत: सबभन्दा धेरै त शाहकालमै बनिसकेका छन् र बन्दै पनि छन् विभिन्न उपयोगका लागि । प्रत्येक युगमा बनेका ढलोटे मूर्तिको शैलीगत विशेषता र महत्त्व भिन्नाभिन्नै हुन्छ । अनेक कारणहरूले गर्दा । वास्तवमा कुरा त के हो भने नेपाली ढलोटे मूर्तिकलाको वास्तविक इतिहासको मूल्यांकन हुन सकेकै छैन र शाहकालीन धातुका मूर्तिका पहिलोपल्ट मूल्यांकन यहीं गर्न थालिएको जस्तो लाग्दछ ।

अ. मूर्ति

ई० १७६८–६९ देखि ई० १९७४ वा आजसम्मको ढलोटे मूर्ति शिल्पको साधारण ऐतिहासिक र कलात्मक रूपरेखा तयार गर्न सकिन्छ। मूर्ति शीर्षक अन्तर्गत हामी ढलोटका वा धातुले अरू किसिमले बनेका देवमूर्ति र तिनका वाहन इत्यादिको क्रमागत विवरण प्रस्तुत गर्दछौं ।

१. शाहकालीन ढलोटका मूर्तिको समूहमा हामीले खोज्न सकेको पहिलो सन्दर्भ सिम्भूमा रहेको कर्गित गोन्पामा कुनै तिब्बती लामाले ई० १७८६ मा थापेको बुद्धको विशाल धातुको मूर्तिको हो । मूर्ति निकै प्रभावशाली छ विशाल हुनाले पनि ।

२ ई० १७९५ मा महाराजाधिराज रणबहादुर शाहले हनूमान्-ढोकानेर थापेको श्वेतभैरवको मूर्तिलाई नेपाली धातुमूर्तिको इतिहासमा यौटा महत्त्वपूर्ण उदाहरणको रूपमा लिनुपर्दछ । यो विशाल मूर्ति (चित्र संख्या ५९) मल्लकालीन आदर्शमा बनेको भएर पनि महत्त्वपूर्ण र प्रभावशाली बनेको छ । यति विशाल धातुको भैरवको मुखमूर्ति सम्भवत: यही हो। इन्द्रजात्रा आदिका अवसरमा बाटा-बाटामा देखाउन राखिने यस्तै आकृतिका मल्लकालीन र शाहकालीन मूर्तिहरूभन्दा योचाहिं निकै विशाल बनेको छ । यसमा अलंकरण आदिको पनि उपयुक्त प्रयोग गरिएको छ ।

३. महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको शासनकालमा उनकी संरक्षिका महारानी ललितत्रिपुरसुन्दरी र प्रधानमन्त्री भीमसेन थापाको

आयोजनामा ई० १८११ मा थापाथलीको झुन पुल थापिएको थियो त्यसै अवसरको संस्मरणमा राखिएको स्तम्भाभिलेखमाथि खुट्टा उजाएको ढलोटको विशाल सिंहमूर्ति थापिएको छ। मूर्ति ज्यादै प्रभावशाली र आलंकारिक बनेको छ।

४. महाराजाधिराज प्रतापसिंहकी महारानी राजेन्द्रलक्ष्मीले गुह्येश्वरीमा सिंह चढाउने भाकल गरेकोमा पछि ई० १८२३ मा महारानी ललितत्रिपुरसुन्दरीले त्यहाँ ढुंगाको यौटा खम्बा थापी त्यसमाथि ढलोटे सिंहको प्रभावशाली मूर्ति थापेकी थिइन्।

५. बनेपा चण्डेश्वरीको प्रख्यात मन्दिरमा उत्तरतर्फ आँगनमा लहरै थापिएका ४ खाँबाहरूमाथि धातुका मुजुर, सिंह, मुजुर र झण्डा र सिंहका मूर्ति थापिएका छन्। यी चारै कीर्ति अलिकति अघिपछि गरेर थापिएका देखिन्छन् तर सबभन्दा पश्चिमतर्फको खाँबोमा ई० १८४१ (नेपाल संवत् ९६१) को मिति लेखिएको छ।

६. टुंडिखेलको पूर्वतर्फ रहेको भद्रकालीको प्रख्यात थानमा पूजास्थलैमाथि सुनौलो जलप लागेको ठूलो धातुको अत्यन्त अलंकृत तोरण रहेको छ। त्यसैमा लेखिएको लेखअनुसार यो तोरण ई० १८५१ मा जर्नेल बमबहादुर राणाले चढाएको थाहापाइन्छ। यस तोरणमा अलंकरणको साथसाथ देवीका ११ किसिमका मूर्ति पनि लहरै बनेका छन्।

७. भक्तपुरको दत्तात्रेयको प्रख्यात मन्दिर सामु यौटा ढुंगाको खांबो थापी त्यसमाथि सुनको जलप लगाएको गरुडको निकै ठूलो धातुको मूर्ति थापिएको छ। यो खम्बामा लेखिएको लेखअनुसार कुनै महन्तले ई० १८५२ (संवत् १९०९) मा यो काम गरेका हुन् भन्ने थाहापाइन्छ।

८. कान्तिपुरमा मच्छेन्द्रवहालको प्रख्यात मन्दिरमा मन्दिरको आँगनमा पूर्वतर्फ थापिएको खम्बामाथि सिंहनादलोकेश्वरको ज्यादै राम्रो र प्रभावशाली ढलोटे मूर्ति चढाइएको छ। यो खम्बामा लेखिएको लेखअनुसार वज्राचार्य समन्तभद्रले महाराजाधिराज सुरेन्द्रविक्रम शाहको पालामा ई० १८५५ (नेपाल संवत् ९७५) मा यो महत्त्वपूर्ण मूर्ति चढाएको कुरा थाहापाइन्छ।

९. कान्तिपुरमा मच्छेन्द्रबहालको प्रख्यात मन्दिरको दक्षिणी बन्द ढोकामा भैरवरूपका धातुका मूर्ति र आलंकारिक धातुका पाताले मोरिएको छ (चित्र संख्या—६०) । यो अत्यन्त रमणीय कार्य त्यहाँ लेखिएको लेखअनुसार ई० १८५५ (नेपाल संवत् ९७५) मा गरिएको देखिन्छ ।

१०. जगत्‌शम्शेर राणाले ई० १८५५ मा पाटन शंखमूलमा थापेको जगत्‌नारायण मन्दिरमा मन्दिरको सामुन्ने पूर्वतर्फ निकै अग्लो ढुङ्गाको खम्बा थापी त्यसमाथि धातुको गरुडको ज्यादै राम्रो र प्रभावशाली मूर्ति थापिएको छ । मन्दिरको मूल ढोकामा पनि धातुका अलंकृत पाताले मोरिएको छ । धातुको यो गरुडको मूर्ति (चित्र संख्या—६१) लाई ज्यादै अग्लो खम्बामा थापेर पनि तिनको आकाशचारी स्वरूप र स्वभावअनुसारको काम गरिएको देखिन्छ । ढुङ्गाका गरुड थापिसकेपछि पनि फेरि धातुको गरुड थाप्ने काम धातुको मूर्तिको महत्त्व जगत्‌शम्शेरले मानेको कुरा स्पष्ट हुन्छ ।

११. ई० १८६७ मा श्री ३ महाराज जंगबहादुर राणाले पशुपति मृगस्थलीमा जुन विश्वरूपको विशाल मन्दिर थापेका थिए त्यस अवसरमा धातुका मूर्ति बनाउने अपूर्व अवसर आइपुगेको थियो, नेपाली धातुमूर्तिको लामो इतिहासमा यो पहिलो अवसर हो जब एकैपल्ट विशालतम र अति राम्रा यतिका मूर्ति बने । मन्दिरभित्र विश्वरूपको झण्डै एक तलाभरि अग्लो र उत्तिकै चौडा मूर्ति ढालेर बनाई थापिएको देखिन्छ । यस मन्दिरको आँगनमा चार कुनामा बनेका मन्दिरमा पनि विष्णु (चित्र संख्या—६२) राम–सीता लक्ष्मण र हनूमान, शिव (चित्र संख्या ६३) र कृष्ण (चित्र संख्या—६४) का रमणीय मूर्ति थापिएका छन् ।

१२. श्री ३ जङ्गबहादुर राणाले ई० १८७४ मा कालमोचनमा थापेको सत्यनारायणको मन्दिरसँग पनि सम्बद्ध भएर ढलोटका महत्त्वपूर्ण मूर्तिहरू रचिएका थिए । मन्दिरभित्र गर्भगृहमा नारायण, लक्ष्मी र सरस्वतीका ढलोटका मूर्ति, आँगनमा चार कुनामा रहेका साना ४ मन्दिरमा पनि विष्णुकै (?) मूर्ति मन्दिर माथि शिखरमा सिंहका ४ विशाल मूर्ति र आँगनमै पूर्वतर्फ विष्णुका वाहन गरुडको विशाल र रमणीय मूर्ति गरी धातुका थुप्रै मूर्ति यस मन्दिरसँग सम्बद्ध भएर बनेका देखिन्छन् । आँगनमा चार कुनाका मन्दिरमा थापिएका विष्णुका (?) मूर्ति चोरिइसकेका छन् ।

यसरी जङ्गबहादुरले मात्रै भने पनि विश्वरूप र सत्यनारायणका मन्दिरका निर्माणका सन्दर्भमा ढलोटका प्रशस्त मूर्ति बनाई यौटा कलात्मक आन्दोलनजस्तै चलाएको देखिन्छ ।

१३. ई० १८७४ मैं जङ्गबहादुर राणाका भाइ धीरशम्शेर राणाले नारायणहिटीमा नारायणको मन्दिर बनाई त्यहाँ नारायण, लक्ष्मी र सरस्वतीका ढलोटका मूर्ति थापेका थिए जुन आज हराइसकेको छ ।

१४. पशुपति मन्दिरको सामुन्ने पश्चिमतर्फ श्री ३ महाराज जंगबहादुर राणाका जेठा छोरा जगत् जंग राणाले धातुका पाताहरू जोडी-जोडी बनाएको भयानक ठूलो साँढे ई० १८७९ मा थापेका थिए । यसमा सुनको जलप पनि लगाइएको छ साँढेको यो मूर्तिमा विशालताको महत्त्व देखिन्छ ।

१५. ई० १८८३ मा श्री ३ जंगबहादुर राणाका छोरा पद्मजंगले पाटनमा मच्छेन्द्रनाथको मन्दिरको आँगनमा १२ ढुंगाका मझौला खाँबा गाडी तिनमाथि ढलोटका साना साना–१. हात्ति २. घोडा ३ माछा ४. मुजुर ५. गरूड ६. नाग ७. साँढे ८. सिंह ९. विष्णु, गणेश, देवी, शिव र सूर्यका मूर्ति थापिएका छन् । बाँकी ३ खम्बा खाली छन् । नवौं संख्याको पाञ्चायन मूर्तिहरू थापिएकै मुन्तिरको भागमा ई० १८८३ (संवत् १९४०) को मिति लेखी दाता पद्मजंगको नाउँ लेखिएको छ । नीलो-नीलो देखिने धातुका यी स-साना मूर्ति खास गरी नवौं संख्याका मूर्ति अत्यन्त राम्रा बनेका छन् ।

१६. पूर्व १ नं० धुलिखेलमा दुटोलमा रहेको शिखरनारायणको प्रख्यात मन्दिरसामु पश्चिमतर्फ ठूलो ढुंगाको खम्बामाथि धातुले बनेको विशाल, रमणीय र अपूर्व किसिमको पक्षिरूप गरुडको मूर्ति थापिएको छ । गरुडनेर भक्त र भक्तिनीका अलि साना-साना धातुकै सालिक पनि थापिएका छन् जुन त्यहीं लेखिएको लेखअनुसार 'माता मायालक्ष्मी पुत्र हेरालाल' हुन् । त्यही खम्बामा लेखिएको लेखमा चर्चिएको मितिअनसार यो अपूर्व रचना ई० १८८७ (नेपाल संवत् १००७) को हो ।

१७. पूर्व १ नं. बनेपामा चण्डेश्वरीको प्रख्यात मन्दिरको मूल-ढोकाका दुईतिर थापिएका ढलोटका दुईटा मझौला र आकर्षक सिंहका मूर्ति

ई. १८९५ (संवत् १९५२) मा थापिएका देखिन्छन् । मूर्तिकै पादपीठमा उक्त मितिसमेतको लेख लेखिएको छ ।

१८. कान्तिपुरमा कंकेश्वरीको थानमा मूल ढोकाका दुईतिर थापिएका ठूलठूला ढलोटका सिंहका आकर्षक मूर्ति त्यसैको पादपीठमा लेखिएको लेखअनुसार ई. १८९७ (नेपाल संवत् १०१७) मा थापिएका देखिन्छन् । सिंहका यी दुई मूर्ति अत्यन्त प्रभावशाली देखिन्छन् ।

१९. पाटनमा मीननाथको मन्दिरको मूलढोकाका सीँढीका दुईतिर गरी धातुका दुईटा निकै ठूला मुख बाएर उभिएका सिंह छन् । ती सिंहमाथि सिंहनादलोकेश्वरका दुई अत्यन्त सुन्दर र प्रभावशाली ढलोटकै मूर्ति थापिएका छन् । यी मूर्तिमुन्तिर पादपीठमा लेखिएको लेखअनुसार 'नेपालमण्डलाधिपति महाराजाधिराज श्री ५ पृथ्वी वीरविक्रमसाहदेव' को शासनकालमा ई. १९०४ (नेपाल संवत् १०२४) मा पाटन सुवर्णविहारका शाक्यवंशोत्पन्न राजमानसिंहले अष्टमी, व्रत पूरा गरेको अवसरमा यी अपूर्व कृति मीननाथ (जसलाई लेखमा श्री ३ जटाधारीलोकेश्वर भनिएको छ) लाई चढाएको कुरा थाहापाइन्छ । ललितासनमा बसेका उक्त दुई मूर्तिलाई अझ कलात्मक र प्रभावशाली पार्न मूर्तिका वरिपरि धातुकै लतापुष्पले ढकमक्क पारिएको छ । नेपाली धातुको मूर्तिकलाका अनमोल उदाहरणका रूपमा यी मूर्तिको मूल्यांकन गर्न सकिन्छ ।

२०. भक्तपुरमा रहेको वाकुपति (वाक्पति) नारायणको मन्दिरमा धातुको कलात्मक कामको यौटा महत्त्वपूर्ण संग्रहालयकै रूपमा खडा रहेको छ जसका सबैजसो काम शाहकालमै विभिन्न युगमा गरिएका देखिन्छन् । तिनमध्ये उक्त मन्दिरको मूलढोकाको सामुन्ने सीँढीनेर थापिएका ढलोटका दुई प्रभावशाली सिंहमूर्ति त्यसैमा लेखिएको लेखअनुसार ई० १९०६ (नेपाल संवत् १०२६) मा बनाई चढाइएका देखिन्छन् ।

२१. ई. १९१० मा ढलोटका ४ महत्त्वपूर्ण बुद्धमूर्ति कान्तिपुर शहरको यौटा बौद्ध स्तूपमा चढाइएको महत्त्वपूर्ण सन्दर्भ पाइन्छ । कान्तिपुर शहरको पूर्वी किनारामा रहेको 'महाबौद्ध' को प्रख्यात स्तूपको गर्भका किनारा-किनारामा चारतिर साना-साना पूजाकोठा बनाई जुन ४ बौद्ध मूर्ति थापिएका छन् ती शाहकालीन रचना-शिल्पका उदाहरण हुन् भन्ने थाहा-

पाइन्छ । उक्त चारै मूर्तिका पादपीठमुन्तिर सानो भागमा लहरै जुन लेख लेखिएको छ त्यो शाहकालीन नेवारी लिपि हो भन्ने कुरा स्पष्ट छ । त्यसमाथि पनि उत्तर तर्फकोमा स्पष्टसँग नेपाल सवत् १०३० (ई० १९१०) को स्थिति पनि लेखिएको हुँदा यो कुरा त झन् स्पष्ट हुन्छ । शैलीमा एकै किसिमका अरू तीन मूर्तिहरूमा पनि त्यस्तै लेख लेखिएको छ जुन अप्ठ्यारो स्थितिमा रहेको हुँदा राम्ररी पढ्न सकिएन । तर उक्त चारै मूर्तिलाई ई. १९१० कै वा त्यसैको हाराहारीको रचना मान्न कुनै किसिमको अड्केसो आइपरेको देखिदैन ।

उक्त चारै मूर्ति मझौला आकारका टुमुक्क परेका र राम्रा बनेका छन् । तर ती मूर्तिको अर्को विशेषता तिनको सामाजिक सन्दर्भमा देखिन्छ जुन कुरो उक्त मूर्तिकै पादपीठमा लहरै पुरानो खालका लुगा लगाएका ४ लोग्ने मानिस र ५ जना स्वास्नीमानिसका निकै साना तर त्यसै कारणले राम्रा देखिन आएका हात जोरी भगवान्को भक्ति गरिरहेका मूर्तिमा प्रत्यक्ष हुन्छ । देवताका धातुका मूर्तिमै अभिन्न रूपमा दाता भक्तका मूर्ति पनि बनेका थोरै उदाहरणहरूमा यी चार मूर्तिहरूको महत्त्वपूर्ण ठाउँ रहेको देखिन्छ ।

२२. काठमाडौंमै इन्द्रचोक स्थित आकाशभैरवको मन्दिरको बार्दलीमा लहरै गरी थापिएका ढलोटका सिंह-मूर्ति तिनैको पादपीठमुनि लेखिएका लेख अनुसार ई. १९१० (संवत् १९६७) रचना हुन् । यी ४ सिंहका मूर्तिले मन्दिरको बाहिरी शोभा र प्रभावको ठूलो वृद्धि गरेका छन् ।

२३. कान्तिपुरको मच्छेन्द्रबहालको प्रख्यात मन्दिरको आँगनमा मन्दिरको सामुन्नेनै रहेका दुई खम्बामध्ये दाहिनेतर्फको खम्बामा लोकनाथको ढलोटको ज्यादै राम्रो मूर्ति थापिएको छ । उक्त मूर्तिकै पादपीठमा लहरै लेखिएको लेखमा 'महाराजाधिराज श्री ५ पृथिवीवीर विक्रम साहदेवया राज्ये' भनी ई० १९११ (नेपाल संवत् १०३१, शाके १८३२ र संवत् १९६७) मा यो मूर्ति थापिएको कुरा लेखिएको छ । मूर्ति थापिएको खम्बामा पनि लेख लेखिएको छ ।

२४. कान्तिपुरको मच्छेन्द्रबहाल मन्दिरकै आँगनमा १८ संख्याको कलाकृतिनेरै देब्रेतर्फ रहेको खम्बामाथि आर्यताराको ढलोटको रमणीय र

प्रभावशाली मूर्ति थापिएको छ । खम्बामा लेखिएको लेखअनुसार 'श्री ५ महाराजाधिराज श्री पृथ्वीवीरविक्रम-शाहदेवको राज्यमा मुसुंबहालका कुनै बज्राचार्यले ई. १९११ (शाके १८३२, संवत् १९६७, नेपाल संवत् १०३१) मा यो भव्य मूर्ति थापेको कुरा थाहपाइन्छ ।

२५. डिल्लीबजार मैतीदेवीको मन्दिरसामु धातुको राम्रो मुजुर थापिएको यौटा खम्बा रहेको छ । पुच्छर उडाएको स्थितिमा बनेको यो मूर्ति निकै राम्रो देखिन्छ । यो खम्बा र मूर्ति पाटन वलखु टोलका निवासी रामकृष्ण कार्जीत उनकी पत्नी भ्यानीथकु, तिनीहरूका छोरा रामगोपाल र पछिल्लाकी पत्नी आसामायाहरूले 'मैती पंचकुमारी' को प्रीति गरी ई. १९१२ (संवत् १९६९) मा चढाएको भन्ने लेख उक्त खम्बैमा लेखिएको छ ।

२६. डिल्लीबजार मैतीदेवीको मन्दिरको सामु मूल ढोकाका दुईतिर ढुंगाको मण्डप बनाई त्यसमाथि थापिएका ढलोटका निक्कै ठूला र प्रभावशाली सिंहका मूर्ति थापिएका छन् । यी दुईमध्ये पूर्वतर्फको चाहिंमा छातीमै लेखिएको लेखअनुसार डिल्लीबजारकै वासिन्दा पञ्चनारायण मानन्धर र उनकी पत्नी मोतीमाया आदिले मिली ई. १९१४ (संवत् १९७१) मा थापेको थाहापाइन्छ ।

२७. काठमाडौं इन्द्रचोकस्थित आकाशभैरवको मन्दिरको मूल ढोकामा दुईतिर गरी थापिएका ढलोटका २ ठूल्ठूला सिंह तिनकै पादपीठमा लेखिएको लेखअनुसार ई. १९३० का रचना हुन् भन्ने देखिन्छ । उक्त दुवै सिंहमूर्ति निकै प्रभावशाली देखिन्छन् ।

२८. डिल्लीवजार मैतीदेवीकै मन्दिरका चार कुनामा जोडी अलि अग्लै मण्डप वनाई चारैपट्टि ढलोटका अलि अलि फरक-फरक रूप भएका सिंहका निकै अग्ला-अग्ला मूर्ति थापिएका छन् । अगाडिका २ खुट्टा उजाई ह्वाम्म झम्टिन लागेको प्रभावकारी स्थितिमा बनेका यी चार मूर्ति 'श्री ५ माहाराज त्रिभुवनविरविक्रमसाहादेव' को पालामा ई. १९३९ (संवत् १९९६) मा डिल्लीवजारकै वासिन्दा रामनारायण मानन्धर र उनकी पत्नी बेतिमाया तथा परिवारका अरू सदस्यले मिली सिंह सादुर ऐलावत् अजरांपुरुष' का उक्त मूर्ति मैतीदेवीलाई चढाएको कुरा तिनैमध्ये पूर्वोत्तरमा रहेको मूर्तिको मण्डपमा लेखिएको लेखबाट थाहापाइन्छ ।

उक्त चारै मूर्तिका छाती-छातीमा पनि लेखको उद्धृत वाक्यांशमा झैं तिनको नाम पनि ढालिएको छ जस्तो पूर्वोत्तरको मूर्तिका 'अईलावत्' (ऐरावत), पश्चिमोत्तरकोमा 'साहाद्रूर' (शार्दूल), दक्षिण-पश्चिमकोमा 'अजरामरण' र दक्षिणपूर्वकोमा 'सिंघ' (सिंह) । यसरी परिचयसाथ बनाई चढाइएका यी मूर्तिहरूको कलात्मक महत्व जति छ त्यत्तिकै ऐतिहासिक महत्त्व पनि । यो विश्वासको आधारमा नेपालमा मन्दिर-मन्दिरमा देखिने विभिन्न रूपका 'सिंह' हरूको वास्तविक परिचयस्पष्ट पार्न सकिने देखिन्छ ।

२९. कान्तिपुरमा रहेको मच्छेन्द्रबहालको प्रख्यात मन्दिरको आँगनमा पूर्वतर्फ सबभन्दा उत्तरपट्टि रहेको खाँबोमाथि ताराको ढलोटको राम्रो मूर्ति थापिएको छ । यस खाँबोको पश्चिमपट्टिको पाखामा २२ हरप लामो लेख पनि लेखिएको छ । त्यस लेखमा 'संवत् १९९८' को मिति लेखी 'श्री ५ सर्कार त्रीभुवनवीक्रमसाहादेवराजे वीरेज' लेखी 'सुनको मुलम्बा गरी' ताराको मूर्ति कुलमान र मानकुमारीकी छोरी कौसल धोबिनीले थापी देवीको 'नित्यपूजा' र 'विचालपूजा' को निम्ति केही जग्गाको गुठीसमेत राखिदिएको कुरा उल्लेख गरिएको छ । धोबी जातकी कौशलको यो अमर कीर्ति यसै पनि संस्मरणीय छ र त्यसमाथि उनले थापेको ताराको मूर्ति पनि (चित्र संख्या ६५) निकै कलात्मक र प्रभावशाली बनेको छ । यस मूर्तिमा मूर्तिको पृष्ठ भागमा तीनकुने पर्न खोजेको तेजोमण्डल जस्तो पनि बनाइएको छ जसमा अत्यन्त राम्रा फूलबुट्टा र बुट्टा पनि बनेका छन् । ई. १९४१ को यो रचनामा उक्त तेजोमण्डलको मौलिक विशेषता हो जस्तो लाग्दछ ।

३०. भक्तपुरको दत्तात्रेय मन्दिरमा सामुन्नेपट्टि ढुंगाका दुई खम्बा थापी त्यसमाथि धातुले बनेका शंख-चक्र गदा-पद्म थापी ई. १९५१ (संवत् २००८) मा कुनै भक्तले चढाएको कुरा त्यहीं रहेको शिलालेखबाट ज्ञात हुन्छ । विष्णुका उक्त चिन्हहरू नेपाल र खास गरी उपत्यकाका प्रख्यात वैष्णव मन्दिरहरूमा धेरै नै चढाइने गरेको देखिन्छ ।

३१. भक्तपुरमा वाक्पतिनारायणको प्रख्यात मन्दिरको आँगनमा अलि पश्चिमतर्फ रहेको ढुंगाको निकै चिल्लो र राम्रो खाँबोमाथि ढलोटले बनेको गरुडको पक्षीरूप मूर्ति थापिएको छ । यही खाँबोमा लेखिएको लेख-अनुसार यो धार्मिक-कलात्मक कीर्ति भक्तपुरकै तचपाटोलका वासिन्दा

मोतीलाल र उनकी पत्नी रुक्मिणीले मिली ई १९५२ (संवत् २००९)को वर्ष राखेको कुरा थाहापाइन्छ ।

३१. हामीले माथि २५ संख्यासम्म शाहकालका विभिन्न समयमा बनेका धातुका विभिन्न किसिमका मूर्तिहरूको चर्चा गरेका छौं जुनचाहिं अभिलेख-प्रमाणका आधारमा तिथिमिति थाहापाइएका हुन् । वास्तवमा यो अध्ययनले त शाहकालमा बनेका धातुका मूर्तिका विभिन्न रूप र शैलीका उपलक्षण मात्र प्रस्तुत गरेको छ । माथि २५ सौं संख्यामा ई. १९५२ को यौटा रचनाको परिचय दिइएको छ । अब हामी आफ्नो विवरणको पुछारतिर आइपुगेका छौं । यहाँ हामी हाल-सालै जसो थापिएका केही धार्मिक वस्तु र मूर्तिको चर्चा गर्दछौं ।

स्वयम्भूको स्तूपको नजीकै पश्चिमतर्फ मानिसको कम्मर-कम्मर पुग्ने जति अग्लो यौटा पानस (जसलाई त्यसैको लेखमा देवा, दीयो ?) थापिएको छ जसमा बत्ती बाल्ने भाग गोलाकार कलश जस्तो बनेको छ । साधारण रूपले अलंकृत यो कृति त्यसैको मुन्तिरको घेरामा लेखिएको लेख-अनुसार ई. १९७० (नेपाल संवत् १०९०) मा असनको सुरथ श्रीमहाविहारकी वासिन्दा ज्ञ्यापुलानि बज्राचार्यले आफ्ना दिवंगत नातेदारहरूको नाममा यो कीर्ति राखेको कुरा चर्चिएको छ । यस लेखमा यस वास्तुका कलाकारहरूको नाम लेखकै शब्दमा 'डिजाइनेर चन्द्रमान मास्कि ल. पु. महाबौड' र 'मानजोतिदेव' हुन् ।

३२ नेपाली ढलोटे मूर्तिकलाको यौटा नवीनतम उदाहरण पाटन मंगलबजारमा रहेको छ । पाटन मंगलबजारमा मल्लदर्बारको मूलबाटोको सोझै पश्चिमतर्फ हालै बनाइएको 'कृष्ण उद्यान' मा ई. १९७३ मा थापिएको यौटा बौद्ध मन्दिरको चर्चा माथि मन्दिरहरूको बयानको सन्दर्भमा गरिसकिएको छ । त्यस सानो मन्दिरभित्र बुद्धको निकै राम्रो ढलोटको मूर्ति थापिएको छ । यसै मन्दिरको पछाडिपट्टि लेखिएको लेखमा 'विश्वमैत्रीमहाविहार' को नामकरण गरिएको यस बौद्ध मन्दिर र मूर्तिको निर्माण पाटनको बुद्धजयन्ती कोष समिति, पाटन नगरपञ्चायत र पाटनका 'सबै जनता' को संयुक्त प्रयासबाट गरिएको कुरा चर्चिएको छ । मूर्तिकै मुन्तिर रहेको लेखमा चाहिं 'स्थापना नेपाल संवत् १०९३ आषाढपूर्णिमा बुद्धजयन्ती कोष समिति' मात्र लेखिएको छ । पछिल्लो शिलालेखमा यो मूर्ति ३६ ईन्ची लामो छ भनेर पनि

चर्चा गरिएको छ । उक्त उद्धृत मितिबाट यो मूर्ति ई. १८७३ मा जनताको प्रयासबाट बनेको कुरा स्पष्ट हुन्छ । 'महाविहार' थाप्ने आकाङ्क्षा राखेका पाटन शहरका आधुनिक वासिन्दाहरूले यति राम्रो मूर्ति थापेको कुरा सानो उपलब्धि होइन भन्न सकिन्छ ।

मूर्ति ध्यानावस्थित र परम्परागत शैलीमा छ तर यसको मुन्तिर नवीनताको झल्को भने अवश्य पाइन्छ जसमा दुईतिर हात्ति र बीचमा धर्मचक्र बनेका छन् । यस मूर्तिमा तेजोमण्डलको प्रयोग पनि गरिएको छैन ।

उक्त चर्चिएबाहेक शाहकालीन महत्त्वपूर्ण ढलोटे मूर्तिका उदाहरण राष्ट्रिय संग्रहालयमा पनि संगृहित छन् जुनमध्ये केहीमा मितिसहित लेख पनि लेखिएका छन् । यीबाहेक तल सालिकहरूको चर्चा गर्दा धातुका अरू किसिमका केही मूर्तिहरूको पनि उल्लेख गरिने छ जसले यस शैलीको मूर्तिकलाको विस्तृत क्षेत्रतिर औंल्याउने छ ।

अ. अलंकार

नेपाली धातु–मूर्तिकलाको समग्र अध्ययन त्यतिखेरसम्म पूरा भएको मान्न सकिने छैन जबसम्म हामी नेपाली मन्दिरहरूमा आलंकारिक उपयोगको लागि प्रयोग गरिएका विभिन्न रूपका धातु–कलाको पनि चर्चा गर्दैनौं । यस विषयवस्तुको उदाहरणसहित छोटकरी विवरण तल प्रस्तुत गरिने छ तर यहाँ भूमिकामा हामीले मुख्य विषयहरूको उल्लेख गर्नु आवश्यक छ । नेपाली मन्दिरहरूमा मन्दिरका छाना वा ढोकामा पितलका पातामा देवी-देवता र विभिन्न रूपका बेलबुट्टा, मानवीय आकृति र पशु आकृतिहरू बनाई तिनमा सुनको जलप समेत् लगाई झकिझकाउ पारी चम्काई देउतालाई समर्पण गर्ने चलन लोकप्रिय देखिन्छ । काठमाण्डू उपत्यकाका प्रख्यात मन्दिरहरूको यो दृश्य हाम्रो आँखामा स्वाभाविक भँसकेको छ । कतैकतै पित्तलका पाताको साटो बहुमूल्य चाँदीका पाताको पनि प्रयोग गरिएको देखिन्छ जस्तो पशुपतिनाथको मन्दिरमा । उक्त मन्दिरमा चाँदीका ती आलंकारिक पाताहरू भीमसेन थापा र कुलानन्द झाहरूले चढाएका हुन् भन्ने कुराको प्रामाणिक चर्चा माथि एकपल्ट गरिसकिएको छ । यसै गरी ठूलासाना सबै किसिमका मन्दिरहरूमा ठूला र साना—विभिन्न आकार-प्रकारका ढलोटे घण्टा पनि चढाएएका अवश्य देख्दछौं । यस्ता घण्टामा

फूलबुट्टाको काम पनि भएको देखिन्छ जसले त्यस्ता उदाहरणलाई कलाकै एक पक्षको रूपमा लिनुपर्ने आवश्यकता देखाएको हुन्छ । शाहकालमा मन्दिरमा चढाइएका घण्टाहरूमा सबभन्दा विशाल त महाराजाधिराज रणबहादुर शाहले हनूमानढोकामा दिगुतलेजुको मन्दिरलाई भनी मन्दिरको वारिपट्टि चढाएको विशाल घण्टा हो जो ई. १७९७ मा बनाई चढाइएको हो । यी बाहेक मन्दिरहरूमा धातुका तोरण चढाउने जुन मौलिक नेपाली परम्परा छ त्यो पनि शाहकालीन धातुकलाको एक महत्त्वपूर्ण पक्ष हो । उक्त सबै थरीका र अरू केहीको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

१. कान्तिपुर मच्छेन्द्रबहाल मन्दिरको मुख्य ढोकामा खापा र तोरण गरी धातुका अमूल्य कलात्मक उदाहरण देखिन्छन् । (चित्र संख्य—६६) । यी सम्पूर्ण वास्तवमा शाहकालीन कलात्मक अभिव्यक्तिकै रूपमा रहेका देखिन्छन् । ढोकाका खाँबाका मूल भागमा ई. १७८५ (नेपाल संवत् ९०५) को लेखसमेत त्यहाँ रहेकोले हाम्रो यो भनाइ प्रामाणिक ठहर्दछ । हुन त यो प्रमाणले ढोकाका खापा र वरिपरिका कलात्मक वस्तुलाई मात्र बुझाई माथिल्ला भागका तोरणलाई समेत गाभेको मान्नै पर्ने निश्चितता त देखिँदैन तर ती सबै तोरण पनि उक्त मितिमै एकैपल्ट बनेको वा केही अघिपछि बनेको भन्ने आर्को सम्भावना मात्र व्यक्त गर्न सकिन्छ ।

२. कंकेश्वरीको मन्दिरको प्रवेशद्वारमाथि रहेको धातुले बनेको ठूलो र अति राम्रो तोरण त्यहीं लेखिएको लेखअनुसार महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवको पालामा ई. १८४१ (नेपाल संवत् ९६१) मा कुनै भक्तले चढाएका हुन् भन्ने थाहा पाइन्छ ।

३. नरदेवीको मन्दिरको प्रवेशद्वारमा धातुले मोरेको आलंकारिक पाता र तोरण त्यहीं लेखिएको लेखअनुसार ई. १८४१ मा भोटुपाँडेका नाति, गरुडध्वज पाँडेका छोरा कपर्दार दलबहादुर पाँडेले बनाउन लगाएका हुन् भन्ने थाहापाइन्छ । त्यही लेखअनुसार तामाको पाताले बनेका उक्त कलाकृतिमा सुनको लेप पनि लगाइएको छ ('ताम्रघटित सुवर्णलेपित') ।

४. ई. १८५५ मा जगत्शम्शेर राणाले पाटन शंखमूलमा थापेको जगत्नारायण मन्दिरको मूल ढोकाका खापामा धातुका खूब अलंकृत पाता लगाइएको छ । यहाँ वैष्णव सेवकका मूर्ति पनि बनेका छन् । यस मन्दिरमा चढाइएको १ घण्टा पनि विशाल छ ।

५. कंकेश्वरीको मन्दिरमा मूल पूजास्थलमाथि रहेको नागको फणा र जीउ भएंको ठूलो तोरण त्यहीं लेखिएको लेखअनुसार ई. १८६० (नेपाल संवत् ९८०) मा बनाई चढाइएको हो भन्ने थाहापाइन्छ ।

६. स्वयम्भू आदि स्तूपहरूमा धातु वा ढुंगाका 'धर्मधातु' बनाई चढाउने गरिएको देखिन्छ । त्यस्तै यौटा धातुको 'धर्मधातु' स्वयम्भू स्तूपको उत्तरतर्फ आंगनमै रहेको छ जसमा ई. १८६६ (नेपाल संवत् ९८६) को लेख पनि लेखिएको छ । यस धर्मधातुमा मिहीन बेलबुट्टासाथ धार्मिक 'यन्त्र' को चित्र बनाइएको छ जो निकै कलात्मक देखिन्छ । (चित्र संख्या—६७) ।

७. जंगबहादुर राणाले ई. १८७४ मा कालमोचनमा थापेको सत्यनारायण मन्दिरमा चढाइएको विशाल घण्टा त्यसैमा लेखिएको लेखअनुसार ३११ धार्नीभन्दा बढ्ता तौलको छ ।

८. गुह्येश्वरीको मन्दिरमा प्रवेशद्वारमै दुईतिर दण्ड लिएर उभिएकी आइमाईका धातुका राम्रा मूर्ति त्यहीं लेखिएको लेखअनुसार ई. १८७९ (संवत् १९३६) का रचना हुन् ।

९. कान्तिपुर ढोकाटोलमा रहेको गणेशको मन्दिरको दुवै छाना धातुका पाताले मोरिएका छन् । यसको माथिल्लो छानाको झल्लरीमा लेखिएको ठूल्ठूला अक्षरको लेखअनुसार जंगबहादुर राणाका भाइ कृष्णबहादुर राणाकी पत्नी 'श्री काहिला कम्याण्डर इन्चीफ जनरल्नी …' लीलादेवीले गणेश प्रीति गरी सुनका मोलम्वा छाना १ तावाका छाना १' चढाएको कुरा थाहापाइन्छ । उक्त लेखमा ई. १८८२ (संवत् १९३९) को मिति लेखिएको छ ।

२० गुह्येश्वरी मन्दिरको प्रवेश द्वारका दाहिनेदेब्रे रहेका ठूल्ठूला अक्षरका धातुले मोरिएका खम्बामा ई. १८९१ (संवत् १९४८) वंगल टोलका राजेन्द्र साहुका छोरा हरिनसिंह आदिले गुह्येश्वरीको पश्चिमपट्टिको 'वदामि थां' र मूलढोकाका ढलोट ('धलवत') का झ्याल ('पलुलु झ्या) र 'आस समेत' बनाई चढाएको कुरा लेखिएको छ । यस्तै भक्तहरूले गर्दा गुह्येश्वरीको मन्दिर निकै झकिझकाउ परेको देखिन्छ ।

११. काठमाडौं असन वहाल (अपन बहाल ?) को मुख्य बौद्ध मन्दिरको मूलढोकाको राम्रो धातुको तोरण ई. १९०० (नेपाल संवत् १०२०)

मा चन्द्रवीरसिंह तुलाधरले 'क्वाचपाल' देवता प्रीति गरी सुनको (?)[1] तोरण चढाएको कुरा त्यसैमा लेखिएको छ ।

१२. सिम्भू स्तूपको नजीकै पश्चिमतर्फ हारितीमाईको मन्दिरमा गर्भगृहमाथिका २ तलामा चम्किलो पित्तलको पाताले मोरिएको छ । सम्पूर्ण छाना र टुंडालसमेत मोरिएकोले यो मन्दिर ज्यादै आलंकारिक बन्न पुगेको छ । खास गरी यसको आलंकारिकता टुंडालहरूमा प्रयोग गरिएका बौद्ध देव-देवताका मूर्ति र फूलबुट्टा आदि हुन् जुनले उक्त सबै भाग ढकमक्क पारेका छन् । यो अप्रतिम काम त्यहीं लेखिएका लेखअनुसार ई. १९०२ र ई. १९०४ मा गरिएको बुझिन्छ (चित्रसंख्या–६८) ।

१३. नरदेवी टोलमा नरदेवीको मन्दिरदेखि केही पश्चिमतर्फ मूलवाटोको दक्षिण लङ्मा रहेको लोकेश्वरको सानो मन्दिरमा ढोकामा धातुको राम्रो सानो तोरण रहेको छ र संघारमा दुईतिर शाक्यभिक्षु वा बुद्ध–सेवकका दुई साना ढलोटे मूर्ति रहेका छन् । त्यहाँ संघारमै रहेको धातु-लेखमा ई. १९१२ (नेपाल संवत् १०३२) को मिति भएको लेख छ जसले उक्त कलाकृतिको रचनाकाल औंल्याए जस्तो लाग्दछ ।

१४. भक्तपुरको प्रख्यात वाक्पतिनारायणको मूलढोकाको तोरण ई. १९१२ (संवत् १९६९) मा चढाइएको कुरा त्यहीं लेखिएको छ । यो तोरण नेपाली धातु-शिल्पको उत्कृष्ट उदाहरणको रूपमा विद्यमान छ ।

१५. स्वयम्भू स्तूपको नजीकै पश्चिमतर्फ रहेको हारीतीको मन्दिरमा धातुका अलंकृत पाताले मोर्ने काम बीसौं शताब्दीको थालनीमा गरिएको कुरा त्यहीं लेखिएका लेखहरूले प्रमाणित गरेका छन् । पाटा-पाटा पारी धातुले मोरिएको छाना भएको यो मन्दिरको नेपाली पगोडा शैलीका मन्दिरहरूमा उल्लेखनीय स्थान रहेको छ (चित्रसंख्या–६८) ।

१६. गोकर्णेश्वरको मन्दिरको मूलढोकाका दुईतिरका धातुले मोरिएका 'द्वारस्तम्भ' ई १९१९ (संवत् १९७६) मा पाटन दौबहाल निवासी जितगोविन्द अमात्यकी पत्नी सन्तकुमारीले छोरा पूर्णगोविन्द, तेजगोविन्द र बद्रीगोविन्दसमेत भई चढाएको कुरा त्यहाँ दुवैतर्फ लेखिएको छ ।

---

[1] अभिलेखमा—'ताम्रनिर्मित सुवर्णखचित' भनिएको छ ।

१७ पाटन मच्छेन्द्रनाथको मन्दिरको दक्षिणतर्फ रहेको बौद्धविहारको ढोकामा खापामा र तोरणमा धातुका पत्र ई. १९३० मा कुनै भक्तले लगाएको कुरा लेखिएको छ ।[1]

१८. हरिसिद्धिको प्रख्यात मन्दिरको मुन्तिर रहेको घण्टा श्री ५ त्रिभुवनको पाला ('पर्याय') मा 'श्री ३ महाराज मोहनशम्शेर जङ्गबहादुर राणाले खुशी भएर जीर्णोद्धार गर्न लगाएको' देखिन्छ । घण्टामै लेखिएको ई १९४८ (संवत् २००५, नेपाल संवत् १०६८) को लेखमा यो कुरो व्यक्त गरिएको छ ।[2]

१९. भक्तपुरमा रहेको तिलमाधवको प्रख्यात मन्दिरको मूलढोकाका खापा र त्यसको अलिकति पछिका भागमा अलंकृत धातुका पाता ई. १९५१ (संवत् २००८) मा कुनै भक्तले चढाएको कुरा त्यसैमा लेखिएको लेखबाट थाहापाइन्छ । यो पातामा बेलबुट्टा, यक्ष, विद्याधर, ग्राहा, वामन-अवतार र नृसिंह अवतारहरू बनाई अति आकर्षक र कलात्मक पारिएको छ ।

इ. शैलीगत अध्ययन

अहिलेसम्म हामीले वास्तुकला, प्रस्तर मूर्तिकला र धातुमूर्तिकलाको साधारण विवरण प्रस्तुत गरेका छौं । त्यस्ता विवरणको समष्टिगत निष्कर्ष निकै महत्त्वपूर्ण हुन आएको कुरा स्पष्ट हुन्छ । प्रस्तर मूर्तिकलाको जुन किसिमको गतिविधि देखिन्छ झण्डै त्यस्तै गतिविधि धातुकलाको पनि देखिन्छ । जस्तो प्रस्तर मूर्तिकलाका पनि केही बेजोड उदाहरण यस कालमा बने भने त्यस्तै धातुकलाको पनि देखिन्छ । तर कताकता हामीलाई धातुकलाको मनोहारी-आकर्षक रूपले लहस्याउन थालेजस्तो लागेर आउँछ । मन्दिरहरूलाई आकर्षक तुल्याउने धातुको त्यस्तो उपयोग, मच्छेन्द्रबहाल, ककेश्वरी, मैतीदेवी, तिलमाधव, शिखरनारायण (धुलिखेल)

---

[1] तत्कालीन राजनीतिक परिस्थितिप्रति यी भक्तको अभिव्यक्ति त्यसै अभिलेखमा शुरूमा लेखिएको 'श्री ५ सरकारकि श्री ३ सरकारकि जय' बाट बुझ्न सकिन्छ ।

[2] तत्कालीन राजनीतिक सन्दर्भको निम्ति पनि यो लेखको एक किसिमको उपयोग देखिन्छ ।

र गुह्येश्वरी मन्दिरहरूलाई झकिझकाउ पार्ने धातुकलाको नेपाली कला-परम्परामा आफ्नै ठाउँ रहिआएको छ । त्यस बाहेक मच्छेन्द्रबहाल, विश्वरूप, सत्यनारायण, महाबौद्ध र मीननाथ मन्दिरका ढलौटे मूर्तिहरूले आफ्नो अमिट छाप हामी दर्शकको मनमा छोड्दछन् । कता-कता हामीलाई लाग्दछ धातुकलाको शाहकालमा धेरै नै विकास भएजस्तो लागेर आउँछ–विविध प्रकारका उदाहरणहरूले गर्दा पनि र अनेक राम्रा-राम्रा सराहनीय रचनाहरूले गर्दा पनि । धातुका मूर्तिमा आलंकारिकताको बढ्दो प्रयोगले गर्दा पनि शाहकालका यी रचनाहरू अघिल्ला युगका रचनाहरूभन्दा निकै मौलिक खालका देखिन थाल्दछन् ।

३. काठका मूर्ति

काष्ठकला नेपालको लामो कलात्मक परम्पराको यौटा महत्त्वपूर्ण अंग हो तर ढुंगा र धातु झैं यो चिरस्थायी कला ह्वैन । तैपनि निकै पुराना पुराना यस्ता उदाहरण भेटिन्छन् । मल्लकालीन काष्ठकलाका उदाहरण त निकैनै पाइन्छन् । वास्तवमा काष्ठकलाको कारणले नै गर्दा नेपाली पगोडा शैलीको भव्यता बढ्न गएको हुन्छ । शाहकालमा काष्ठकलाको पनि निकै उदाहरण बनेका देखिन्छन् जुनमा समयानुकूल परिवर्तन पनि भएको देखिन्छ । तल हामी काष्ठकलाका केही शाहकालीन उदाहरणहरूको संक्षिप्त विवरण प्रस्तुत गर्दछौं ।

अ. मूर्ति

काठमा भिन्नै वा स्वतन्त्र मूर्ति बनाई मन्दिरमा पूजा गर्ने थाप्ने चलन नेपालमा भए जस्तो लाग्दैन तर अरू किसिमका र कलात्मक–धार्मिक उपयोगको लागि काठका मूर्ति बनाउने चलन भने चलेकै देखिन्छ । पूजाको लागि काठको देवमूर्ति बनाएका थोरै उदाहरणहरू मध्ये बहादुर शाहले थापेको अर्द्धनारीश्वर मन्दिरको श्रीखण्डको शिव-पार्वतीको मूर्ति हो जुन ई. १७९० तिर बनेका हुन् ।

काठमा बनेका शाहकालीन मूर्तिहरू निकैनै देखिन्छन् तर मन्दिरहरूसँग सम्बद्ध गर्न बनेका । त्यस्ता उदाहरणमध्ये केहीको र मन्दिरहरूमा प्रवेशद्वारमा प्रयोग गरिने काठका तोरणहरूको केही उदाहरणको विवरण तल प्रस्तुत गरिन्छ ।

१. ई. १७६० तिर बहादुर शाहले बनाएको अर्द्धनारीश्वरको मन्दिरमा काष्ठकलाका प्रशस्त र विविध उदाहरण छन् । यसमा गंगा–जमुना आदिका मूर्ति, काठका ५ तोरण र माथि थापिएको श्रीखण्डको शिव-पार्वतीका राम्रा मूर्ति पनि हुन् । यहाँ बनेका उक्त ५ तोरणमा काष्ठकलाको आफ्नै मौलिक र मिहीन शैली छ ।

२. ई. १८१२ मा पचलीमा रानी लक्ष्मीदेवीले बनाएको लक्ष्मीश्वर मन्दिरका टुंडालहरू आदि शाहकालीन काष्ठकलाको महत्त्वपूर्ण उदाहरण हुन् (चित्र संख्या—६९) जुनमा नेपाली काष्ठकलाका महत्त्वपूर्ण उदाहरण देखिन्छन् ।

३. ई. १८१७ मा महारानी ललितत्रिपुरसुन्दरीले थापेको त्रिपुरेश्वरको मन्दिरमा काष्ठकलाका अनुपम र विविध उदाहरण देखिन्छन् । यस मन्दिरका चार विशाल–विशाल ढोकामा काष्ठकलाको समग्र उपयोग गरिएको छ साथै शिखरमा ६० टुंडालहरूको प्रयोग पनि गरिएको छ ।

४. काठेसिम्भूको प्रख्यात स्तूपको पश्चिमोत्तर कुनामा रहेको हारीतीको मन्दिरमा उत्तरपट्टि भित्तामा चढाइएको काठको रमणीय तोरण त्यहीं लेखिएको लेखअनुसार ई. १८६९ (नेपाल संवत् ९८९) मा बनाई चढाइएको हो ।

५. हनूमान्ढोकामा मूलबाटोको पश्चिमतर्फ रहेको 'लायकु विहार' को मूल ढोकामा चढाइएको काठको तोरण (चित्र संख्या—७०) त्यहीं लेखिएको लेखअनुसार 'श्री ५ पृथिवी—वीरविक्रम शाहदेव' को पालामा ई. १८९८ (नेपाल संवत् १०१८) मा बनाई चढाइएको देखिन्छ ।

काष्ठकलाका यस्ता बेगन्ती उदाहरण प्रस्तुत गर्न सकिन्छ जसको तात्पर्य यो हो कि शाहकालमा काष्ठकलाले पनि आफ्नो यथायोग्य ठाउँ बनाउन सकेको थियो ।

आ. अलंकार

माथि हामीले ई. १७६० मा बनेको अर्द्धनारीश्वर, ई. १८१२ मा बनेको लक्ष्मीश्वर र ई. १८१७ मा बनेको त्रिपुरेश्वरका—तीनै पगोडा शैलीमा बनेका छन्—मा काष्ठकलाको कस्तो ठाउँ छ भन्ने उल्लेख गरिसकेका

छौं । काष्ठकलाका त्यस्ता उदाहरणहरूमा अधिकांश त अलंकारकै रूपमा प्रयुक्त भएका छन् । त्यस्ता अलकारका विषयवस्तु पनि मानवीय, अतिमानवीय र पशुपंक्षीका मूर्ति, फूल र पात र अरू किसिमका बेलबुट्टा आदि हुन् जुनले सम्बद्ध वस्तुलाई झकिझकाउ नै पारिदिएको हुन्छ ।

शाहकालमा बन्ने गरेका राजपूत शैलीका मन्दिरहरूमा पनि खास गरी मूल ढोकाहरूमा काष्ठकलाको समुचित प्रयोग गरिएको देखिन्छ । वास्तवमा काष्ठकलामा अलंकारको प्रयोग त मन्दिरका वरिपरि वनाइने सत्तलहरूमा पनि प्रशस्त देखिन्छ जसमा विविधताको विशेषता पनि रहेको देखिन्छ ।

३. शैलीगत अध्ययन

कलाका अरु पक्ष झैं काष्ठकलाले पनि शाहकालमा उपयुक्त स्थान बनाएको कुरा माथिको संक्षिप्त टिपोटबाटै स्पष्ट हुन्छ । वास्तवमा शाहकालमा मल्लकालबाट पाएको कलाको यो पक्षको धरौटीलाई राम्ररी कायम गरेको मात्रै हुँन त्यसमा समयानुकूल नवीन तत्त्वहरूसमेत जोडिएको कुराचाहिं स्पष्ट हुन्छ ।

अनि अहिलेसम्म गरिएको अध्ययन र समष्टिगत निष्कर्षमा यौटा आर्को तथ्यको समेत थप हुन गएको छ - काष्ठकलाका महत्त्वपूर्ण पक्षको यद्यपि हामीले यस पक्षलाई त्यति विस्तार दिन सकेका छैनौं ।

४. मृत्तिका कला

लिच्छविकाल वा त्योभन्दा अघिदेखि माटोको कलात्मक उपयोग गरिआएको थाहापाइन्छ । मध्य र मल्लकालमा यो कला होचिंदै आई शाहकालसम्म आइपुग्दा त निकै होचिइसकेको देखिन्छ—एक पक्षमा । तर आर्को पक्षमा—ईंट बनाउने कलालाई यसै सन्दर्भमा हेर्ने हो भने यसको चलन क्रमशः बढ्दै गएको र त्यसलाई निकै रमणीय रूप दिने क्रम पनि चलेको देख्न सकिन्छ ।

काँचो माटोमा पहिले मूर्ति ढाली त्यसलाई पाको गराएर मूर्ति तयार पार्ने गरिएको पनि देखिन्छ, ठूलठूला मूर्ति बनाउँदा टुक्रा टुक्रा गरी त्यसरी पहिले बनाई पछिबाट मूर्ति तयार गरिने गरिएको पनि देखिन्छ । पशुपति आर्यघाटमा विष्णुका जुन माटाको विशाल मूर्ति देखिन्छ त्यो यसै

गरी बनाइएको देखिन्छ। तर यो अन्तिम मल्लकालको कृति हो कि शाहकालको कृति हो केही निधो गर्न सकिएको छैन। तर शाहकालमा ईंट बाहिर देखाउने गरी बनेका मन्दिरमा वा अरू किसिमका मन्दिरमा पेटीमा पनि अति राम्रा राता-राता र चिल्ला तेलिया ईंट' बनाउने सीप निकै राम्रो स्तरमा पुगेको देखिन्छ। यस्ता ईंटमा पनि विविध किसिमका बेलबुट्टाको प्रयोग गरिने आर्को नयाँ शैलीचाहिं शाहकालीन उपलब्धि हो भन्ने कुरा निश्चित जस्तो हामीलाई लाग्दछ। ई. १८१२ मा पचलीमा बनेको लक्ष्मीश्वर मन्दिरको पेटीमा र ई. १८५५ मा शंखमूल पाटनमा बनेको जगत्नारायण मन्दिरको पेटीमा र ई. १९५० मा बनेको पचलीको बंबीर-विकटेश्वर मन्दिरको पेटीमा यस्ता आलंकारिक ईंटको सुरम्य प्रयोग गरिएको छ। यस्ता अरू थुप्रै उदाहरण अरू पनि दिन सकिन्छ। अरू किसिमका र खास गरी 'घण्टाकृति' शिखर भएका स-साना वा केही ठूलै मन्दिरहरूमा पनि रातो-राम्रो ईंटको प्रयोगको साथ-साथ माटैले बनेका विविध मूर्ति, खास गरी नागका जीउ र तिनको मुखभागमा मानवीय ऊर्ध्वांग बनाउने जुन चलन लोकप्रिय भएको देखिन्छ त्यो मृत्तिका कलाका राम्रा उदाहरणका रूपमा देखिन्छन्। मृत्तिका कलाका अरू सामाजिक रूपको यहाँ चर्चा गरिरहनु आवश्यक परोइन।

ख. धार्मिक सामाजिक मूर्तिकला

कति यस्ता मूर्ति हुन्छन् जुनलाई यथोचित सन्दर्भमा राखी मूल्यांकन गर्न अप्ठेरो पर्न आउँछ जस्तो सालिक। सालिकहरू धार्मिक उद्देश्यले राखिए पनि ती स्पष्टतः पूजाका लागि थापिएका हैनन् बरु देवताका 'अमर सेवक' का रूपमा तिनलाई थापिएको भन्ने बुझिन्छ। यस्तै सालिकहरूको विवरण प्रस्तुत गर्नको लागि हामीले यो शीर्षक बनाएका हौं।

अ. सालिक

ऐतिहासिक कालदेखिनै विभिन्न र खास गरी धार्मिक उद्देश्यको लागि विभिन्न वस्तुमा सालिक थाप्ने चलिआएको देखिन्छ तर यस्ता लिच्छवि र मध्यकालका कम्ती-ज्यादै कम्ती उदाहरण पाइन्छन्। मल्लकालमा बनेका राजकीय र सामाजिक सालिकहरू-धातुका र ढुंगा दुवैका थुप्रै देखिन्छन्। त्यस्तै शाहकालमा पनि राजकीय र सामाजिक व्यक्तिका थुप्रै सालिक बनेका

देखिन्छन् । यस्ता सालिक पनि धातुका र ढुंगाका बनेका विविध समय र शैलीका हुन्छन् जुन ई० १८४६ सम्म त नेपाली कलाकारद्वारनै बनाउन लगाई थापिन्थ्यो तर त्यस मितिपछि तत्कालीन राजनीतिका महत्त्वपूर्ण वर्ग राणाहरूले आफ्ना र महाराजाधिराजका प्रभावशाली सालिकहरू सम्भवत: विदेशबाट बनाई ल्याई थाप्ने गर्न लागेको जस्तो लाग्दछ । उपत्यकामा, खास गरी काठमाण्डू शहर र हाराहारीमा घोडामा चढेका वेगवान् काला काला जति सालिक देखिन्छन् तिनीहरूलाई यहाँ हामीले औंल्याउन खोजेका हौं । यद्यपि यिनको गम्भीर अध्ययन गर्ने काम बाँकीनै छ तैपनि आपातत: हेर्दा यिनलाई विदेशमा बनाउन लगाइएको जस्तो लाग्दछ ।

सालिक अरू रूपमा पनि प्रस्तुत गरिएका देखिन्छन् । धातु वा ढुंगाका देवी-देवताका मूर्तिमुन्तिर ती मूर्ति चढाउने भक्तका मूर्ति पनि कतै-कतै बनेका देखिन्छन् । त्यस्तै शिलालेखहरूमा, शिलास्तम्भाभिलेखहरूमा लेखसँगै सम्बन्धित भक्त, भक्तपरिवार र भक्तसमूहका विभिन्न संख्याका मूर्ति पनि बनेका देखिन्छन् । यस किसिमको यौटा अपूर्व उदाहरण पचलीघाटमा हल्लिने पुलको पूर्वमा उत्तरपट्टिको भित्तामा टाँसिएको २।। हात जति अग्लो शिलापत्रमा देखिन्छ जसमा थोरै भागमा मात्र लेख लेखी त्यसपछि दस लहरभरि भक्त-भक्तिनी 'सालिक-मूर्ति' बनेका छन् जुनको जम्मा संख्या ६५ हुन आउँछ । यो शिलालेख श्री मन्महाराजाधिराज राजराजेन्द्र रणबहादूरदेव' को पालामा ई० १७९५ (नेपाल संवत् ९१५) मा थापिएको देखिन्छ ।

यति भूमिकापछि हामी तलका हरपहरूमा धातु वा ढुङ्गाका सालिकहरूको विवरण प्रस्तुत गर्दछौं ।

१. ई० १७६६ मा कीर्तिपुरको विजय गरेको ७ महिना जतिपछि बडामहाराजाधिराज पृथ्वीनारायण शाहले त्यहाँ आफ्नो सालिक थाप्न लगाएको कुरा इतिहासकारहरूले अन्दाजी गरेका छन् ।[1] उक्त मूर्ति हाल पैल्याउन सकिएको छैन तर उक्त सन्दर्भ साँचो हो भने त्यसको ऐतिहासिक महत्त्व प्रमाणित हुन्छ ।

---

१. बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी भाग–४ पृ० ७७९,

२. गोकर्णेश्वरको मन्दिरको उत्तरतर्फ रहेको यौटा जीर्ण पाटीको भित्तामा यौटा विशाल शिलापत्र र त्यसैसँग एक जना भक्त दुई पत्नी सहित सालिक रूपमा रहेका छन् (चित्र संख्या—७१)। शिलालेखमा यी भक्तको परिचय गर्भु बोगटी लेखिएको छ र उक्त सालिकमा पनि यही नाम लेखिएको छ। उक्त शिलालेखमा मिति अस्पष्ट लेखिएको छ (श्लोकैमा लेखिएको हुँदा र त्यो पनि अस्पष्ट हुँदा) यसैले यही शिलालेखको आधारमा गर्भु बोगटीको यो सालिकको रचनाकाल निश्चित गर्न सकिँदैन। तर संजोगले गर्भु बोगटीको अर्को सालिक गोकर्णेश्वरकै पश्चिमोत्तर कुनामा रहेको सानो मन्दिरभित्र यसै भाँचिई पडिरहेको देखिन्छ। यस सालिकको पादपीठमा यत गर्भु बोगटीको नामै उल्लेख गरी संवत् १८४२ (ई० १७८५) को मिति लेखिएको छ। अर्थात् गर्भु बोगटीको अघिल्लो सालिक पनि ई० १७८५ कै हाराहारीको मान्न सकिने कुरा स्पष्ट हुन आएको छ।

गर्भु बोगटीको यो सालिक वास्तवमा यौटा अपूर्व किसिमको कलात्मक रचनाको रूपमा पनि उल्लेखनीय छ। शारीरिक रचनाको सौष्ठव, मुखमा व्याप्त भाव र सालिकको पृष्ठभागमा बनेका फूलबुट्टाले गर्दा यो सालिकले वास्तवमा शाहकालीन मूर्तिकलामा विशिष्ट स्थान ओगटेको देखिन्छ।

३. गोकर्णेश्वरको मन्दिरको दक्षिणतर्फ रहेको पाटीको उत्तरी भित्तामा भक्तका एक जोडीको केही बिग्रिएको १।। हात जति अग्लो मूर्तिफलकमा सालिक बनेको छ। यही पाटीको पश्चिमी पाखामा रहेको शिलालेख यसै सालिकसँग सम्बन्धित देखिएकोले यो सालिक ई० १७८८ (नेपाल संवत् ९०८) को रचना हो भन्ने बुझिन्छ।

४ पकनाजोलका कपर्दार भोटुपाँडेले ई० १८०७ मा जुन शिवमन्दिर थापेका थिए त्यसैको सामुन्ने दक्षिणपट्टि यौटा सानो मण्डपमा सपत्नीक भोटु पाँडेको निकै विशाल, कलात्मक र प्रभावशाली ढुङ्गाको सालिक थापिएको छ। यो सालिक पनि ई० १८०७ तिरकै रचना हो भन्ने देखिन्छ।

५. पशुपति मन्दिरकै दक्षिणतर्फ नजीकै शाह वंशका महाराजाधिराजका ढलोटका जुन सालिक थापिएका छन् ती भोटुपाँडेले नै ई० १८१६ मा थापेका हुन् भन्ने कुरा त्यहीँ मुन्तिर लेखिएको लेखबाट थाहापाइन्छ।

त्यहाँ ई० १८१९ पछि पनि अरू सालिक थपिएका छन् तर ई० १८१९ सम्म अभिलेखकै निम्न उद्धृत वाक्यबाट तल लेखिएबमोजिमका सालिक थापिएक थिए भन्ने थाहापाइन्छः—

"सम्वत् १८७३ साल मिति फाल्गुन शु. दि. ३ रोज ४ श्री महाराजा पृथ्वीनारायणसाहदेव श्री महारानी नरेन्द्रलक्ष्मीदेवी श्री ५ महाराजा प्रतापसिंह साहदेव श्री महारानी राजेन्द्रलक्ष्मीदेवी श्री ५ महाराजा गीर्वाणयुद्धविक्रमसाहदेव श्रीमहारानी सिद्धिलक्ष्मीदेवी श्री महारानी गोरक्षराज्यलक्ष्मीदेवी श्री साहेब बहादुर साह श्री मैंजा श्रीलक्ष्मीदेवी श्री मैंडा माधवप्रियादेवी येति जान्याको सालीक श्री पशुपतिमा कपर्दार भोटुपांडेले आपना षुसीले राष्यी शुभम्"[1]

उक्त सालिकहरूको कलात्मक र ऐतिहासिक दुवै किसिमको महत्त्व रहेको कुरा त स्पष्टै छ।

६. शंखमूल पाटनमा रणध्वज थापाले ई० १८२० मां जयेश्वर आदि मन्दिर थापी मन्दिरसामु खम्बामाथि आफ्नो ढुङ्गाको सालिक पनि थापेका थिए। यो सालिक मनुष्याकार, निकै ठूलो र स्वाभाविक बनेको छ। सालिकमा टाउको चाहिं मुडुलै बनाइएको छ।

७. डिट्ठा लक्ष्मीनारायणले तीनधारामा ई० १७६३ मा जु बाणेश्वरको मन्दिर थापेका थिए त्यहीं मन्दिरसामु उनका छोरा डिट्ठ कालीदासले आफ्ना पिताको सालिक (चित्र संख्या-७२) ई० १८२७ म थापेका थिए। यो सालिक अत्यन्त भव्य बनेको छ।

८. उक्त बाणेश्वर मन्दिरमा डिट्ठा कालीदासले ई० १८२७ म आफ्ना पिता लक्ष्मीनारायणको सालिक थापेजस्तै उसँग आफ्नी आमा जोगलक्ष्मीको सालिक पनि पछि ई० १८३४ मा थापेका थिए। (चित्र संख्या-७२)। यो सालिक पनि ज्यादै प्रभावशाली बनेको छ।

९. ई० १८१७ मा महारानी ललितत्रिपुरसुन्दरीले बनाएको त्रिपुरेश्वरको मन्दिरमा उनी महारानीका नाति महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवले उनै बज्यैको धातुको निकै भव्य सालिक ई० १८३७ मा खम्बामाथि थापेका थिए (चित्र संख्या—७३) यौटा तामाको अति

---

[1] संस्कृत सन्देश, अंक–४. पृ० २७.

कलात्मक मनुष्याकार सालिक राष्ट्रिय संग्रहालयमा पनि राखिएको छ जसलाई त्यहाँ महारानी ललितत्रिपुरसुन्दरीको भनिएको छ।

१०. पशुपतिको मन्दिरमा धेरै किसिमका धार्मिक कीर्ति राख्ने सुब्बा कुलानन्द झा ई० १८४० मा स्वर्गीय भएपछि उनका छोरा सुब्बा हीरालाल झाले आमा विद्यालक्ष्मीसमेतको 'सुवर्णको सालिक' ई १८४३ मा पशुपतिमै थापेका थिए।[1]

११. साहेबज्यू उपेन्द्रविक्रमको गुह्येश्वरीमा खम्बामाथि थापिएको ढलौटे सालिक सम्भवतः ई० १८५० तिरको रचना हो जस्तो लाग्दछ।

१२. सम्भवतः ई० १८५६ मा श्री ३ जङ्गबहादुर राणाले आफ्नो सुनको सालिक बनाई टुँडीखेलको माझमा ढुङ्गाको ठूलो मण्डप बनाई थापेका थिए[2] तर त्यही सालिकलाई पछि उनैले ई० १८७४ मा आफूले बनाएको सत्यनारायणको मन्दिरको आँगनमा पूर्वतर्फ ढुङ्गाको खम्बामाथि थापेका थिए। सो सालिक मौलिक शैलीको छ र 'आदमकद' मूर्तिमा पूरा वेश-भूषा र अस्त्र-शस्त्रका साथ प्रभावशाली ढङ्गमा बनेको छ।

जीतजङ्ग राणाले ई० १८७४ मा राजराजेश्वरी घाटमा आफूले थापेको जीतजङ्गप्रकाशेश्वर मन्दिरको बन्दोबस्तको लागि लेखाई राखेको ई० १८८० को त्यहींको पाटीको विशाल शिलालेखको आधार भागमा दुई रानीसमेत आफ्नो पनि टुमुक्क परेका ससाना तीन सालिक थापेका छन्। शिलालेखको आधार भागमा ढुङ्गामा अलंकृत कार्पेटको पृष्ठभूमिमा बालिष्ठमा आफ्-आफ्ना शिर अडयाई हात जोडेर दुई घुंडा टेकी राजसी पोशाक र श्रीपेच समेत लगाएको जीतजङ्गको मूर्ति बीचमा छ। उनको दुईतिर दुई आइमाई पनि हात जोडी बसेका छन्। यी तीनै सालिकको पछाडि मास्तिरपट्टि (शिलालेखको पुछारमा) क्रमशः 'श्री जनरल जितजङ्ग बहादुर राणा', 'श्री मैंजा नरेन्द्रराजलक्ष्मी' र 'श्री रानि रुद्रकुमारीदेवी' लेखिएको छ। कलाकारितामा ई० १८८० का यी सालिक अत्युत्तम रचनाका रूपमा रहेका छन्।

---

[1] यो अभिलेख संस्कृत सन्देश, अंक ४ पृ० २८–२९ मा प्रकाशित गरिएको छ।

[2] प्राचीन नेपाल अंक ६. पृ. २६.

१३. राष्ट्रिय संग्रहालयमा जुद्धशम्शेर राणा र उनकी रानी गम्भीरकुमारी देवीका छातीसम्म मात्रका 'प्लाष्टर' (?) का सालिक रहेका छन् । यी सालिक ई० १६४२ मा बनेका हुन् । पाटन जाउलाखेलमा चिडियाघरभित्र पनि दुईटा आइमाईका कालो रंगका विशाल ढुङ्गाका (?) सालिक थापिएका छन् । यी दुवै सालिकमा अंकित आइमाईको सम्बन्ध जुद्धशम्शेरसँग थियो कि भन्ने अन्दाजीसम्म गर्न सकिन्छ र यसैले तिनलाई ई० १६४२ तिरका रचना हुन् भनी अन्दाजी गरिएको छ ।

१४. त्रिपुरेश्वरमा चौबाटोमा थापिएको महाराजाधिराज श्री ५ त्रिभुवनको भव्य सालिकको आफ्नै महत्त्वपूर्ण स्थान छ । ई० १६३६ तिर थापिएको यो संगमर्मरको सालिकमा श्री ५ त्रिभुवनको भव्य र आकर्षक स्वरूप देखिन्छ । सालिक सम्पूर्ण राजकीय स्वरूपमा रहेको हुनाले पनि यसको बढ्ता प्रभाव व्यक्त हुन गएको हो । सालिकको भव्यता अनुरूप सालिक थापिएको 'मन्दिर' पनि उत्तिकै भव्य र आकर्षक बनेको छ (चित्र संख्या ७४) ।

१५. कोटेश्वरको प्रख्यात मन्दिरको आँगनमा दक्षिणतर्फ भक्त पतिपत्नीका ढुंगाका राम्रा सालिक रहेका छन् । तिनको पादपीठमा लेखिएको लेखअनुसार ई० १६४७ मा पाटन सौगल कृष्णचोकमा बस्ने रत्नमायाले आफ्नो र आफ्ना पति देवीबहादुर खत्रीको यी दुई सालिक थापेकी थिइन् भन्ने थाहापाइन्छ । यी सालिक साधारण कलात्मक बनेका छन् । तर यिनमा स्वाभाविकताको केही गुण भने अवश्य देखिन्छ ।

१६. स्वयम्भूको स्तूपभन्दा पश्चिमतर्फ खोंचमा रहेको यौटा मझौला चैत्यको पश्चिमतर्फ पर्खालमाथि मैलपोस-सुरुवाल कोट-इष्टकोट र फूल घुसारेको र बिर्के टोपी लगाई यौटा घुंडा मारी नमस्कार गरी बसेको निकै ठूलो सालिक रहेको छ । सालिक निकै राम्ररी चिल्लो पारी बनाइएको छ । सालिकको पादपीठमा 'भक्ती दिवंगत हर्खवीर चित्रकारी कोहीती संवत् २००७ साल वैसाष' लेखिएको छ । अर्थात् यो सालिक ई० १६५० मा थापिएको देखिन्छ ।

१७. गुह्येश्वरीको मन्दिरमा यौटा गोलो खम्बामाथि स्वर्गीय श्री ५ महेन्द्र र हाल श्री ५ मुमा बडामहारानी रत्न-राज्यलक्ष्मीको सुनको पालिश लगाएको मझौला आकारका सालिक थापिएका छन् । खम्बामा ई० १६५६ (संवत् २०१५) को मिति लेखिएको छ ।

१८. स्वर्गीय श्री ५ महेन्द्रको सुनको निकै भव्य सालिक पशुपति मन्दिरमा पनि रहेको छ । यो चाहिं ई० १९६० मा थापिएको हो ।

१९. बनेपामा महाराजाधिराज श्री ५ त्रिभुवनको भव्य सालिक थापिएको छ । विशुद्ध नेपाली पहिरनमा श्री ५ लाई सालिक रूपमा प्रस्तुत गरिएको पहिलो यो सालिक निकै आकर्षक देखिन्छ यद्यपि यो साधारण (प्लाष्टर) वस्तुले बनाइएको हो । वेदिकामा 'सेवक शेरवहादुर दलवहादुरले २०२२ साल फागुन ७ गते' भनी लेखिएको छ जसबाट यो सालिक ई० १९६५ मा स्थानीय जनताले फागुन ७ गतेको ऐतिहासिक दिन पारी थापेको बुझिन्छ (चित्रसख्या—७५) ।

७ सालपछि आजसम्म श्री ५ त्रिभुवन, श्री ५ महेन्द्र, शहीदहरू र राजपरिवारका अन्य महत्त्वपूर्ण सदस्यहरूका धेरै सालिक नेपालमा जताततै थापिएका छन् । अनि ७ साल पछि लेखक—कविहरूको महत्त्व बढेको परिप्रेक्ष्यमा आदिकवि भानुभक्त, लक्ष्मीप्रसाद र लेखनाथहरूका सालिक पनि ठाउँ-ठाउँमा थापिएका छन् । शहीदहरूको सम्झनामा थापिएको 'शहीद द्वार' मा श्री ५ त्रिभुवन र अरू शहीदहरूका सालिक थापिएका छन् । हालै स्वर्गीय श्री ५ महेन्द्रको भव्य सालिक दरबार मार्गमा तीनधारा पाकशालानेर थापिएको छ । व्यक्तिगत धार्मिक उद्देश्यबाट थालिएको सालिक थाप्ने पुरानो नेपाली चलन आज सामाजिक र राष्ट्रिय परिप्रेक्ष्यमा आइपुगेको छ ।

सालिकको यो विवरण टुंग्याउनु अघि हामी यौटा ज्यादै कलात्मक सालिकको चर्चा पनि गरिहालौं ।

२०. टंकेश्वरको प्रसिद्ध मन्दिरको नजीकै पश्चिमतर्फ भुईंमा एक जना आइमाईको सानो, राम्रो र टुमुक्क परेको हात जोडेको सालिक थापिएको छ । यो सालिक यौटा सानो खाँबोमाथि यौटै ढुंगामा बनेको छ । उक्त खम्बामा लेखिएको लेखअनुसार आइमाईको यो सालिक पाटनको वासिन्दा चिनियाँ देवीको हो र ई० १९७१ (संवत् २०२८) मा थापिएको हो । निकै स्वाभाविक र आकर्षक कलात्मक यो अत्याधुनिक सालिकको आफ्नै महत्त्व देखिन्छ ।

आ. शैलीगत अध्ययन

कलाको इतिहासमा यथार्थवादी र सामाजिक सन्दर्भमा सालिकहरूको आफ्नै स्थान हुन्छ । यस्तो किसिमका मूर्तिहरूबाट तत्तत् समयको

सामाजिक स्थितिको पनि मूल्यांकन गर्न सकिन्छ । जहाँ धार्मिक मूर्तिहरू कृत्रिम अभिव्यक्तिका रूप हुने गर्दछन् भने त्यहीं यस्ता सालिक समाजको यथार्थ रूप हुन्छन् । कलाको आधुनिक सन्दर्भमा पनि यस्ता मूर्तिको निकै महत्त्व मानिने गरिन्छ ।

हामीले माथि धार्मिक मूर्तिहरूका जति उदाहरणहरूको विवरण प्रस्तुत गरेका छौं तिनमध्ये धेरैंजसो वा छनोट-छनोट केहीको ऐतिहासिक महत्त्व छ नेपाली कलाको इतिहासमा । त्यस्तै सालिकहरूमध्येबाट पनि पुरानामध्येमा गोकर्णमा रहेको गर्भु बोगटीको र तीनधारामा रहेको लक्ष्मीनारायण र जोगलक्ष्मीका सालिकहरूको वास्तवमा नेपाली कलाका बेजोड उदाहरणको रूपमा अत्यन्त महत्त्व छ । यतिबाहेक कलाकृतिका समूहमा सालिक शैलीका मूर्तिहरूले विविधताको आर्को गुण पनि समावेश गरिदिएका छन्—यो तिनीहरूको वास्तविक देन हो । माथि चर्चिएका राम्रा-राम्रा सालिकहरूको उल्लेख नगरे नेपाली कलाको समग्र रूप अवश्य नै स्पष्ट हुँदैन ।

ग. आलंकारिक मूर्तिकला-कला

अ. विवरण

'आलंकारिक मूर्तिकला-कला' शीर्षक अन्तर्गत हामी त्यस्ता कलाकृतिहरूको संक्षिप्त चर्चा गर्न चाहन्छौं जुनको खास अध्ययन माथिका पानामा हुन सकेको छैन । माथिका पानामा हामीले उपयोगी र धार्मिक वास्तु तथा धार्मिक मूर्तिकलाको विवरण प्रस्तुत गरेका छौं तर उपयोगी मूर्तिकला र कलाको उल्लेख गरेका छैनौं । यहाँ उपयोगी मूर्तिकला र कला भन्नाले स्वाभाविक रूपले तिनको उद्देश्य आलंकारिक उपयोग हुने कुरा पनि स्पष्ट हुन्छ । अर्थात् धार्मिक मन्दिरहरूसँग सम्बन्धित भएर बनेका मूर्ति र अरू किसिमका कलाका उदाहरण वास्तवमा अतिमानवीय उपयोगको लागि नै बनेका हुन्छन् । किनभने तिनको रचना र निर्माणको उद्देश्य व्यक्तिगत र दैनन्दिन उपयोगको लागि गरिएको हुँदैन । ती त दाता–निर्माता भक्तको आफ्ना इष्टदेवको अतिमानवीय स्वरूपलाई उपयुक्त हुने गरी 'महल' बनाउने हार्दिक भावनाको प्रतिफल र मूर्तिको सन्दर्भमा चाहिं इष्टदेव देवीलाई सर्वशक्तिमान्, प्रभावशाली र सम्राट् सरहको शानदार रूपमा भक्तिभाव गर्ने

भावनाको प्रत्यक्ष उदाहरण हुन् । यसैले त्यस्ता कलाकृतिहरूलाई तत्तत् समयका सांस्कृतिक उपलब्धिका एक अंगको रूपमा लिन सकिन्छ—जस्तो साहित्य हो । यो कुरो यस उदाहरणवाट पनि स्पष्ट हुन्छ कि श्री ३ महाराज जंगबहादुरले आफूले मानेका देवीदेवताको लागि त पारम्परिक शैलीकै मन्दिर र मूर्ति बनाए तर आफ्नो दरबारमा भने उनी यूरोपेली ठाँट अनुसारले रजगज गर्दथे[1] । जंगबहादुरकै वेलातिर वा केही पछिदेखि महलहरूमा यूरोपेली शैलीमा यूरोपमै बनेका चित्र, धातु र ढुंगाका तथा प्लाष्टरका अर्धनग्न, नग्न र अरू विभिन्न अवस्थाका मूर्तिहरू आदर-सम्मान साथ उपयुक्त ठाउँहरूमा सजाउने फेशन चलन थालेको देखिन्छ । यसका बेगन्ती उदाहरण प्रस्तुत गर्न सकिन्छन् । तर कतै कतै नेपाली कलाकारले नै बनाएका काठ, धातु र ढुंगाका मूर्ति वा मूर्तिफलक र चित्रहरू पनि रहेका उदाहरण पाउनु पनि असम्भव छैन ।

वास्तवमा प्रत्येक देश र समाजको माथिल्ला केही वर्गमा र निम्न वर्गमा पनि एकै समयमा स्वदेशी र विदेशी दुवै थरीका कलाकृतिहरूप्रति केही न केही मात्रामा मोह रहेको हुन्छ । यो कुरे शाहकालमा मात्र हुँन किरात, लिच्छवि, मध्य र मल्ल आदि सबै कालहरूमा थोर-घेर जुनसुकै रूपमा भए पनि लागू हुन्छ जस्तो लाग्दछ । यस दृष्टिकोणले नेपाली समाजमा कलाको स्थानबारे वास्तविक विवेचना गर्ने महत्त्वपूर्ण काम बाँकी नै रहेको देखिन्छ ।

---

१. ई० १८७७ मा क्याम्ब्रिजबाट प्रकाशित डेनियल राइटद्वारा सम्पादित हिस्ट्री अफ नेपालमा उक्त लेखकले भूमिका (रञ्जन गुप्ता कलकत्ताबाट ई० १९६६ मा प्रकाशित उक्त पुस्तकको तेस्रो संस्करणको पृ० ९) मा जंगबहादुरको बैठकमा तीस फीट अग्लो फटिकको कलापूर्ण 'झाडफानूस' (Chandelier) सजाएर राखिएको उल्लेख गरेका छन् । यो झाडफानूस जंगबहादुरले लण्डनमा ५०० पाउण्डमा किनेका थिए । यो त यौटा उदाहरण मात्र हो ।

२. जस्तो उदाहरणको लागि केशरमहलका कोठाहरूमा घेरथोर नेपाली पारम्परिक शैलीमा बनेका काठका तोरणको उपयोग गरिएको देखिन्छ जसको विषयवस्तु धार्मिक भए तापनि आलंकारिक उद्देश्य रहेको देखिन्छ । महलहरूको यस उद्देश्यबाट अध्ययन गरिएमा अरू यथातथ्य कुरा थाहापाउन सकिने देखिन्छ ।

माथिको संक्षिप्त भनाइबाट हामीले त्यो तथ्यतिर औंल्याउन खोजेका हौं कि आलंकारिक उपयोगको लागि समाजका विभिन्न वर्गहरूमा विभिन्न स्तरमा विदेशी कलाले सम्मान पाउने गर्दछ। तर त्यस्ता आलंकारिक कलाकृतिमा स्वदेशी सीपको कम्ती उपयोग पनि नगरिएको हुँदैन। नेवार-समाजको उदाहरणबाट मात्रै पनि हामीले यहाँ अर्थ्याउन खोजेको कुरा केही न केही अवश्य स्पष्ट हुन्छ। तिनका दैनन्दिन उपयोगका सामग्री, तिनका घरमा प्रयोग गरिएको काष्ठ र अरू किसिमका कलाकृति र तिनका गहना-गुरियामा समेत स्वदेशी शिल्पले महत्त्वपूर्ण ठाउँ पाएको हुन्छ। उक्त समाजका पनि केही उच्च वर्गहरूमा उक्त स्वदेशी किसिमका आलंकारिक कलाकृतिहरूबाहेक फेशनको माध्यमबाट आउन पुगेका विदेशी आलंकारिक कलाकृतिहरूले पनि केही न केही ठाउँ ओगटेकै हुन्छन् जो क्रमशः व्यापक हुँदै गैरहेको देखिन्छ।

यसै सन्दर्भमा हामीले नेपालमा मुख्यतः आधुनिक चित्रकला र मूर्तिकलाको प्रवेशबारे पनि छोटकरी चर्चा नगरिनहुने देखिन्छ। ई. १९५०-५१ भन्दा केही अघिदेखिनै नेपालमा विदेशीले रचेका आधुनिक शैलीका चित्र र मूर्तिहरू नेपाली समाजका केही वर्गहरूमा लोकप्रिय हुँदै जान थालेको देख्दछौं। तर बिस्तारै-बिस्तारै स्वय नेपालीहरूले उक्त आधुनिक चित्रकला र मूर्तिकलामा प्रवीण भई त्यस शैलीको केही अंशमा स्थानीयकरण पनि गरिसकेका छन्। त्यस्ता चित्र र मूर्तिहरू पनि आलंकारिक उद्देश्यले नै बैठक, पसल र होटेलहरूमा सजाइएका हुन्छन्। यस विषयको केही उल्लेख तल 'सामाजिक-धार्मिक कला' शीर्षक अन्तर्गत चित्रकलाको विवरणको सन्दर्भमा पनि गरिने छ।

घ. सामाजिक-धार्मिक कला

'सामाजिक-धार्मिक कला' शीर्षक अन्तर्गत हामी शाहकालमा चित्रकलाको क्षेत्रमा भएका उपलब्धिहरूबारे केही चर्चा गर्ने छौं। चित्रकलाका पनि केही भेदहरू देखिने हुनाले तिनको छुट्टाछुट्टै विवरण तल प्रस्तुत गरिने छ।

अ. क्षेत्र

नेपाली चित्रकलाको प्राचीनता लिच्छविकालसम्म पुगेको थाहा-पाइन्छ। त्यही परम्परा सामयिक परिवर्तनसाथ आजसम्म विभिन्न रूपमा

कायम भै रहेको देखिन्छ । तर यस सन्दर्भमा हामीले यो तथ्यको उल्लेख अवश्य नै गर्नुपर्दछ कि मध्यकालमा चित्रकलाको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि गरिएको थियो । त्यही शास्त्रीय र रमणीय स्तरमा हैन तर उल्लेखनीय स्तरमा मल्ल र शाहकालमा चित्रकलाले व्यापक क्षेत्र ओगट्दै गैरहेको देख्दछौं ।

कागत, कपडा वा काठका टुक्राहरूमा विभिन्न विषयवस्तु र खास गरी धार्मिक कथानक अंकित गरिएका रंग-विरंगको उपयोग गरिएका चित्रहरू शाहकालमा बेगन्ति बनेको हामी थाहापाउँदछौं । यस्ता चित्रको उपयोग विषयवस्तु हेरी पूजाकोठा, मन्दिर, कोठा वा बैठक कोठाहरूमा गरिन्थ्यो । यस किसिमका पुराना-पुराना चित्रहरू अधिकांश त नष्ट भैसकेको देखिन्छ र हाल पाउन सकिने उदाहरणहरूको सोदाहरण गम्भीर अध्ययन गर्ने काम बाँकी नै छ ।

आ. पौवा

मुख्यत: धार्मिक उद्देश्यको लागि बनाइने नेपाली पौवा शैलीको चित्रकलाको नेपाली कलाको इतिहासमा महत्त्वपूर्ण स्थान रहिआएको छ । नेपाली पौवा चित्रकलाको इतिहास पनि लिच्छविकालसम्म पुगेको अन्दाजी गरिन्छ यद्यपि तत्कालीन पौवा चित्रकलाका उदाहरण हाल प्राप्य छैनन् । मध्य र उत्तर--मध्यकालका पौवा–चित्रकलाका केही उदाहरण हामीले देख्न पाएका छौं जुन दुर्लभ पनि छन् । बौद्ध र हिन्दू दुवै धर्म सम्बन्धी विषयवस्तु यस्ता पौवामा चित्रित हुन्छन् तर यस्ता हिन्दू धर्म सम्बन्धी पौवा ज्यादै कम्ती देखिन्छ ।

शाहकालमा पौवा चित्र बनाउने पहिलेको परम्परा कायम मात्र गरिएन बरु त्यसको लोकप्रियताको क्षेत्र पनि व्यापक हुँदै गएको छ । केही अघिसम्म दान र पूजाको मात्र उपयोग गरिने यस्ता पौवा हिजाज आफ्नो रमणीय र प्रभावशाली स्वरूपले गर्दा- देश-विदेशमा संग्रहालय र बैठक कोठाहरूमा शोभा दिने कलाकृतिका रूपमा ठाउँ पाउन थालेका छन् । पौवा बनाउने काममा युगौंदेखि लागिआएका नेवार, तामांग, गुरुंग र शेर्पा आदि जातिका पुरोहित-कलाकार वर्गले मूल्यअनुसारका विभिन्न स्तरका रंगी-चंगी पौवा बनाउने काम आजसम्म पनि धानिआएका छन् । तर आज-भोलि यस्ता पौवा विदेशी पर्यटकहरूलाई बिक्री गर्ने भनी मुख्यत: आर्थिक दृष्टिले

बनाउने गरिएको हुँदा तिनमा शास्त्रीय र स्तरीय कलात्मकता कम्ती भए जस्तो लाग्दछ । यति भए पनि यो शैली (पौवा) चित्र नेपाली पारम्परिक चित्रकलाको विशुद्ध उदाहरणका रूपमा आजसम्म महत्त्वपूर्ण ठाउँ ओगट्दछन् ।

इ. अरू चित्र

नेपाली चित्रकलाका दुई किसिमका रूपको चर्चा माथि गरिसकिएको छ। अब हामी यहाँ उक्त दुई बाहेक अरू किसिमका चित्रहरूको छोटकरी विवरण यहाँ प्रस्तुत गर्ने मन्तव्य राखिएको छ । अरू किसिमका चित्रमध्ये पहिलो त हामी व्यक्ति-चित्रलाई लिन सक्दछौं ।

१. व्यक्ति चित्र

समाजका विभिन्न वर्गले शोखको लागि आफ्-आफ्नो व्यक्ति-चित्र (Portrait) बनाई आफ्नो बैठकमा राख्ने चलन चलिआएको देखिन्छ। लिच्छविकालतिर, मध्यकालतिर यस्ता चित्र बनाउने चलन अवश्य नै थियो होला तर तिनका उदाहरण पाउन मुश्किल छ । मल्लकालमा ई० १४०० तिरदेखिका यस्ता चित्रमध्ये राजकीय चित्रहरूको संख्या धेरै रहेको देखिन्छ जसका केही उदाहरण त राष्ट्रिय संग्रहालयमा सुरक्षित रहेका देखिन्छन्। शाहकालका पनि यस्ता राजकीय चित्रहरू थुप्रै पाइन्छन् र सामाजिक व्यक्ति-चित्रहरु पनि कम्ती नहोलान् । ई० १९५०–५१ अघि त राजदरबार, महल र अरू भारदारका आश्रयमा एक-एक वा त्योभन्दा बढी चित्रकारहरूले आश्रयनै पाएका थिए भन्ने थाहापाइएको छ । तर कहिलेकाहीं विदेशी चित्रकारहरूले पनि त्यस्ता ठाउँहरुमा प्रवेश पाई व्यक्ति-चित्र बनाएका उदाहरण पनि कम्ती नहोलान् यसैले व्यक्ति-चित्रको शैलीगत अध्ययनको सन्दर्भमा यस्तो तथ्यको विचार अवश्य राख्नुपर्ने देखिन्छ । हाल पनि यो चलन सीमित मात्रामा चलिरहेकै अन्दाजी गर्न सकिन्छ । तर झण्डै विगत शय भन्दा बढी वर्ष (ई० १८५० तिर) देखि 'फोटोग्राफी' को सरल यान्त्रिक प्रयोगले बिस्तारै-बिस्तारै महत्त्वपूर्ण ठाउँ पाउन लागेको र आज त निकै वर्षदेखि यो किसिमबाट व्यक्ति र पारिवारिक चित्र खिचाई राख्ने चलन अति व्यापक भएको छ र यो भविष्यमा अझ व्यापक हुने देखिन्छ ।

२. प्राकृतिक चित्र

पारम्परिक नेपाली चित्रकलामा प्राकृतिक विषयवस्तु (Landscape आदि) मुख्य रूपमा ठाउँ पाउँदैनथ्यो । बरु देवी-देवता र अरू सामाजिक खालका र पौवा चित्रहरूमा पृष्ठभूमिको रूपमा प्राकृतिक विषयवस्तुले ठाउँ पाइआएको देखिन्छ । यस्ता प्राकृतिक विषयवस्तुमा पहाड–पर्वत, नदीनाला, वन-जंगल, सूर्योदय-सुर्यास्त र फूलबारीहरू पर्दछन् । स्वतन्त्र रूपमा यिनको चित्रण नेपाली-चित्रकारले कहिलेदेखि गर्न थालेका हुन् भन्ने कुरा निश्चित रूपले भन्न अलि गाहारो छ । स्वतन्त्र रूपमा यस्ता चित्रका केही पारम्परिक शैलीका केही उदाहरण पाउन सकिने सम्भावना त व्यक्त गर्न सकिन्छ तर यस शैलीका चित्र बनाउने चलन खास गरी पश्चिमी देशहरूसँग सम्बन्ध बढेपछि मात्र चलेको बुझिन्छ र यो सम्भवतः ५० वर्षभन्दा धेरै अघि थालिएको बुझिन्न । पश्चिमी देशहरूमा खास विकसित यो स्वतन्त्र शैलीका चित्र बनाउने चलन नेपालको जस्तो प्राकृतिक रूपले रमणीय वातावरणमा निकै स्वाभाविक रूपले विकसित भएको बुझिन्छ जसमा केही मौलिकताको गुण पनि थपिएको देखिन्छ ।

३. भित्तिचित्र

साधारण गृहस्थका घरदेखि आर्थिक रूपले समृद्ध समाजका माथिल्ला वर्गका महल र राजामहाराजाका दरबारहरूसम्म र ठूला–साना सबै खालका मन्दिरहरूसम्म यो शैली (भित्तिचित्र) को चित्र अंकन गर्ने चलन नेपालमा लिच्छविकाल जत्तिकै पुरानो हो (राजा नरेन्द्रदेवको पालामा आएका चिनियाँ राजदूत वांगले यस कुरातिर संकेत गरेका छन्) । यो चलन मध्य र मल्लकालसम्म राम्ररी चलिरहेको र शाहकालमा आज पनि यो स्थिति धेर-थोर मात्रामा चलिरहेकै देखिन्छ तर सिमन्टीका घर बनाउने चलन व्यापक हुँदै आएको र अरू कारणले गर्दा यो चलन केही स्थितिमा टुंगिन लागेको देखिन्छ । यस किसिमका भित्तिचित्रलाई हामी तल लेखिएका दुई उपशीर्षकमा बाँडी हेर्नेछौं ।

क. फूलबुट्टाका चित्र

कोठा-कोठाका भित्ताना वा दलिनमा फूलबुट्टा र अरू किसिमका बेलबुट्टा बनाई तिनलाई थरी-थरीका रंगले रँगाई वातावरण राम्रो पार्न

चलन अघि निकै लोकप्रिय रहेको देखिन्छ । यसका राम्रा उदाहरण अघि बनेका दरबार (राणावर्गका र अरूका पनि) हरूमा देख्न सकिन्छ । यस्तै चित्रहरू मन्दिरहरूमा भित्री र बाहिरी भित्ताहरूमा पनि देख्न सकिन्छ । यस शैलीमा विदेशी छाप पनि देख्न सकिन्छ ।

ख. देवी-देवताका चित्र

गृहस्थ भक्तहरू आफ्ना घरका भित्र कोठामा वा बाहिरै पनि आफूले मानेका देवी-देवताका सादा रेखांकनमा वा रंगीन चित्रहरू बनाउने गरेका प्रशस्त उदाहरण दिन सकिन्छ । नेपालमा जताततै र खास गरी काठमाण्डू उपत्यकाका प्रमुख तीन शहरहरूमा रहेका घरहरूमा यस्ता चित्रहरू प्रशस्त देख्न सकिन्छ । यस्ता चित्रमा खास गरी नेवार समाजका विभिन्न वर्गका घरहरूमा बाहिरी भित्तामा विभिन्न आकारको प्लाष्टरका आकृतिमाथि बनेका विभिन्न स्वरूपका चित्रहरूको अत्यन्त महत्त्दपूर्ण स्थान रहेको देखिन्छ, यस्ता उदाहरणहरूमा बौद्ध देवी-देवताका अमूल्य चित्रहरूको अमूल्य स्थान रहेको छ । यी बाहेक नेवार समाजका घरका ढोकामा पाँच प्रमुख हिन्दू देवता (ब्रह्मा, विष्णु, महेश्वर, देवी र गणेश) र पाँच ध्यानी बुद्धका रंगीन चित्र बनाउने चलन पनि चलेका देखिन्छ । अनि ढोका-ढोकाका २ वा तीन आंखा बनाउने अर्को मनोहारी चलनलाई पनि यस सन्दर्भमा बिर्सिन सकिँदैन ।

मन्दिरहरूमा पनि विभिन्न रूपमा रेखा-चित्र वा रंगीन चित्र बनाउने आर्को चलनको यहाँ उल्लेख गर्नु आवश्यक छ । साना-ठूला सबै किसिमका अधिकांश मन्दिरहरूमा यस्ता चित्र बनाउने चलन आजसम्म चलिरहेकै देखिन्छ जो प्रायः पारम्परिक शैलीमै बनेका हुन्छन् । यस किसिमका चित्रकलाको महत्त्वपूर्ण उदाहरण नक्साल भगवती मन्दिरका बाहिरी भित्तामा रहेका रंगीन चित्रका रूपमा देखिन्छन् । हालको स्वरूपमा यो मन्दिरको मौलिक निर्माण ई० १७८२ मा टक्सारी भीम खवासले गरेको कुराको चर्चा माथि नै गरिसकिएको छ । यहाँ रहेका चित्रहरूमध्ये मन्दिरको पश्चिमी बाहिरी भित्तामा प्राकृतिक दृश्यको मनोरम पृष्ठभूमिसहित बनेको देवीको चित्र (चित्र संख्या—७६) निकै रमणीय छ । नक्सालको भगवती मन्दिरका बाहिरी भित्तामा बनेका यी चित्र कहिले बनेका हुन् निश्चित भन्न त सकिँदैन तर यी कममा पनि ५० वर्ष जति अघि बनेका देखिन्छन् ।

४. साहित्यसँग सम्बद्ध भएर बनेका चित्र

नेपालमा पाइएका पुराना-पुराना लेखोट पुस्तकसँग सम्बद्ध भएर चित्र-कलाको एक अर्को शैली पनि चलेको देखिन्छ । यस्ता लेखोट पुस्तकको सुरक्षाको लागि प्रयोग गरिने काठका दुई गाताका भित्र र बाहिर गरी बनेका देवी-देवता र भक्तका चित्र वा शुद्ध साहित्यका पुस्तक भए उस्तै किसिमका चित्र बनेका देखिन्छन् । पुस्तक लेखिएकै पानाहरूमा लेखकै बीच-बीचमा पारी रंगीन चित्रहरू पनि लेख्ने चलन पनि चलेको देखिन्छ । यस्ता चित्रहरू अधिकांश रूपमा धार्मिक नै हुन्छन् । तैपनि साहित्यिक र ऐतिहासिक विषयवस्तुका लेख भएका पुस्तकमा तत्सम्वन्धी चित्रहरू पनि बनाइएका देखिन्छन् । यस्ता धार्मिक र अन्य चित्रका शाहकालीन उदाहरण व्यक्तिगत संग्रहमा र राष्ट्रिय अभिलेखालय, राष्ट्रिय संग्रहालय र त्यसका अन्तर्गतका पाटन र भक्तपुर संग्रहालयहरूमा, त्रि० वि० पुस्तकालय, केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय र देशका र विदेशका अन्य पुस्तकालय तथा संग्रहालयहरूमा प्रशस्त संख्यामा रहेका देखिएका छन् तथा अन्दाजी पनि गरिएको छ । यस्ता चित्रहरूको उदाहरणसहित अध्ययन नगरी नहुने देखिन्छ तर सो हाल सम्भव भएन । तर शाहकालका यस्ता महत्त्वपूर्ण रचनामा किल्ला काँगडासम्म नेपालले विजय गरेको वेलामा तिनै घटनाहरू मिलाई त्यतैका स्थानीय कवि मौलारामले रचेको ऐतिहासिक काव्यमा प्रशस्त रंगीन चित्रहरू स्वयं उनै कविले वनाएको चित्रमय ऐतिहासिक काव्यलाई लिनुपर्दछ । यस्तै महत्त्वका रचना अरू पनि हुँदा हुन् जुनको अध्ययन हुनु बाँकी नै छ । यस्तै किसिमको अन्य रचना केशर पुस्तकालयमा सगृहित श्री ३ महाराज वीरशम्शेरको जीवनी हो जसमा लेखमय जीवनीसाथै रंगीन चित्रमय जीवनी पनि त्यसैमा पाना-पानामा प्रस्तुत गरिएको छ । यद्यपि यो रचना साधारण सोह्रपाने 'एक्सरसाइज' कापीमा गरिएकोले यसको प्रभावचाहिं सन्तुलित हुन पाएको छैन ।

सामूहिक रूपमा जुनसुकै वेलाको भए पनि जुनसुकै फाँटको होओस् नेपाली कलाका उदाहरहणको आफ्नै रमणीयता र महत्त्व हुन्छ । तर त्यसमा पनि अपेक्षाकृत लघु आकारमा रंग-बिरंगले भरिभराउ भएर बनेका चित्रकलाका विभिन्न उदाहरणहरूको त आफ्नै महत्त्व छ । पुस्तक प्रकाशनको युग पालिएपछि यही कलाले अर्को भेद पनि प्रस्तुत गरेको छ जसमा पनि

आफ्नो किसिमको महत्त्व रहेको देखिन्छ। प्रकाशित पुस्तकमा जोडिने चित्रहरू प्रयोग र शैलीका दृष्टिले त्यति विकसित भैसकेका छैनन् तैपनि प्रबुद्ध काव्यकारहरूले आफ्नै निर्देशनमा योग्य कलाकारद्वारा वा आफैंले बनाएका चित्रलाई पनि नेपाली चित्रकलाको इतिहासमा उपयुक्त महत्त्व दिनुपर्दछ। यस्ता उदाहरण त हामी प्रशस्त दिन सक्दछौं तर पाठकहरूमा अमिट प्रभाव पार्नेहरूमध्येचाहिं कविशिरोमणि स्व० पं० लेखनाथज्यूको **तरुणतपसी,** स्व० कवि भीमनिधि तिवारीज्यूका **नेपाली सामाजिक कहानी**का आठै भाग र श्री बालकृष्ण समको **'चिसो चूल्हो'** आदि हुन्। अघिल्ला दुई क्रमका साहित्यिक रचना (काव्य र गद्य) का चित्रकार श्री केशव दुवाडी हुनुहुन्छ भन्ने देखिन्छ। अनि **'चिसो चुल्हो'** मा स्वयं लेखक कवि श्री समज्यूले नै चित्रहरू बनाउनुभएको छ। उक्त चित्र र त्यस्तै अरू चित्रहरूको यौटा भिन्नै किसिमबाट गम्भीर अध्ययन अत्यन्त महत्त्वपूर्ण हुनेछ। तर प्रस्तुत सन्दर्भमा नेपालका दुई महान् लेखक र कवि पं० लेखनाथ र श्री भीमनिधिज्यूका उक्त नेपाली संस्कृतिका महत्त्वपूर्ण काव्य उदाहरणमा नेपाली संस्कृति चित्रहरूमा निकै छर्लङ्ग देख्न सकिन्छ। यस महत्त्वपूर्ण काममा उक्त दुवै लेखक-कविका भावनालाई राम्ररी चिनी त्यत्तिका सफल चित्रहरू बनाउनु हुने केशव दुवाडीज्यू स्वयं पनि नेपाली संस्कृतिलाई चित्रको माध्यमबाट प्रस्तुत गर्न कतिसम्म सफल हुनुभएको छ भन्ने कुरा स्वयं स्पष्ट भएको छ। **'चिसो चूल्हो'** मा श्री समज्यू जुन 'दार्शनिक स्तर' मा पुगेर उक्त काव्यको रचना गर्नुहुन्छ त्यही स्तरका उहाँका चित्र पनि छन् तर तिनमा सम्पूर्णतः नेपाली संस्कृति बोलिरहे जस्तो, स्पष्ट भै रहेजस्तो लाग्दैन, तैपनि त्यहाँका केही चित्र माथिल्ला स्तरका र सांस्कृतिक मूल्यमा आधारित अवश्य देखिन्छन्। काव्यकार र चित्रकारको रूपमा श्री समज्यू सम्पूर्णतः नेपाली संस्कृतिका अनुयायी पनि हुनुहुन्छ, उहाँमा पाश्चात्य संस्कृतिको प्रभाव प्रत्यक्ष छ भन्ने कुरा पनि हामीले यस सन्दर्भमा बिर्सिनुहुन्न। नेपाली साहित्यका आर्का मूर्धन्य महाकवि स्व० लक्ष्मीप्रसाद देवकोटाका बेगन्ती काव्यहरूमध्ये **'भिखारी'** कविता-संग्रहमा मात्र चित्रात्मक उदाहरण समावेश गरिएको देखिन्छ। यी उदाहरण पनि श्री केशव दुवाडीकै रचना देखिन्छन्। श्री दुवाडीका उक्त चित्र पनि लक्ष्मीप्रसादकै काव्यमय आत्माका छर्लङ्ग उदाहरण हुन पुगेका देखिन्छन्। हामीले माथि भनिसकेझैं यस्ता साहित्यिक चित्रहरूको पनि यौटा निकै लामो परम्परा रहेको छ जसका मुख्यतः दुई

विभाग छन्–एक त लेखोटका पुस्तकका आर्को प्रेसबाट प्रकाशित पुस्तकका । यस पक्षको गम्भीर अध्ययन कुनै कलाप्रिय समीक्षक र शोधार्थीले पछि अवश्य गर्नेछन् भन्ने विश्वास गर्न सकिन्छ ।

ई. शैलीगत अध्ययन

मूर्तिकला र वास्तुकला झैं चित्रकला पनि मुख्यतः एक-एक विषय हुन् जुनको उपयोगको आधारमा विभिन्न उप-शैलीहरू बन्न गएका हुन्छन् । यसैले तिनका विभिन्न भेद देखिन आउँछन् । कति उप-शैली अनेक कारणले पारम्परिक रूपमै चलिरहेका हुन्छन् र कति एकै समयमा आर्कै स्तरमा । यस्तैमा कतै विदेशी प्रभाव ज्यादा हुन जान्छ, कतै कम र कतै शून्य । अहिलेकै अनेक उदाहरणहरूको विवेचना गरिएमा कतै भारतीय, कतै पाश्चात्य, कतै चिनियाँ र कतै तिब्बती शैलीको प्रशस्त प्रभाव देखिन्छ अनि कतै विशुद्ध स्वदेशी पारम्परिक शैली नै रहेको देखिन्छ । यद्यपि यो कुरालाई आजको जस्तो यातायातको अन्ताराष्ट्रिय सुविधा र बढ्दो अन्ताराष्ट्रिय सम्पर्कको परिप्रेक्षमा हेर्नुपर्दछ । तर उक्त दुवै कुरा सामान्य रूपमा भए पनि किरात र लिच्छविकालदेखि नै चलिआएका हुन् त्यति नयाँ कुरा त हैनन् । तर वास्तविक तथ्य त यहाँ पो देखिन्छ कि उहिले-उहिले विदेशी प्रभावलाई रोक्न र थेग्न सक्ने धेरै किसिमका सामाजिक, आर्थिक, भौगोलिक र राजनैतिक तत्त्व र क्षमता थिए जुन आज 'आधुनिक युग' को नाममा बलिदान भैसकेको र हुँदै पनि छ । यस सन्दर्भमा हामी यौटा उदाहरण प्रस्तुत गर्न सक्दछौं लुगा-कपडामा प्रयोग गरिने बेलबुट्टा र रंगको कलात्मक स्थिति । चित्रकलाकै एक रूपमा 'छिपा' हरूले कपडाहरूमा स्थानीय परम्परा अनुसारका रंग र बेलबुट्टाको प्रयोग गरिआउँथे जो विदेशबाट मिलमा बनेर आएका कपडाका कलात्मक स्तरको तुलनामा टिक्न सक्ने अवस्थामा छैनन् । अधिकांश जनता मिलकै कपडाको प्रयोग गर्छन् र थरी-थरीका रंग र बेलबुट्टाको कलात्मक उपयोग पनि गर्दछन् जुन विदेशी छन् । तैपनि आर्कोतिर स्थानीय सीपले बनेका कपडाको मान्यता पनि निकै मानिन्छ । आर्थिक कारण पनि यस सन्दर्भमा प्रभावशाली देखिन आउँछ ।

माथि नै हामीले एकपल्ट चर्चिसके झैं नेपाली संस्कृतिमा विदेशी प्रभावका अनेक स्थिति र रूप छन् जुन हामी चित्रकलाको उदाहरणबाट

प्रत्यक्ष पार्न सक्दछौं। विदेशी प्रभावका यस्ता तत्त्वहरूलाई पनि अघि-अघिका जुगमाझैं हाल पनि आफ्नै रूपमा ढाल्न नेपाली समाज र नेपाली कलाकार र चित्रकार कुशल रहिआएका छन्। तर पाश्चात्य समाजमा विकसित 'आधुनिक चित्रकला' को शैली र आदर्शबारे हाल यो कुरो भनिहाल्नु सम्भव जस्तो लाग्दैन। यो शैली नेपालमा थोरै अवधिदेखि मात्र प्रचलित भएको हुनाले र यसको सोझो सम्बन्ध समाजका सर्वसाधारणसम्म हुन नसक्ने भएकोले पनि यो स्थिति रहेको देखिन्छ। स्पष्टै छ कि धार्मिक र संस्कृतिका अरू पक्षसँग सम्बद्ध भएकोले पारम्परिक शैलीको चित्रकलाको सम्बन्ध शिक्षित-अशिक्षित, धनी-गरीव, नागरिक-ग्रामीण र शासक-शासित सबैसँग उत्तिकै रहिरहेको देखिन्छ। 'आधुनिक चित्रकला' मुख्यतः कला मात्रै हो र यसको दार्शनिक सम्बन्ध मानव-जीवनका र प्रकृतिका यथार्थता र विविधतासँग रहेको हुन्छ। यसलाई सर्वसाधारणसम्म लोकप्रिय बनाउने न धार्मिक–कर्मकाण्डी पक्ष छ न स्पष्ट अभिव्यक्ति नै जुनलाई अशिक्षित जनताले पनि अर्थ्याएर केही उपलब्धि गर्न सकोस्। अधिकांश अशिक्षित जनता भएको हाम्रै देशमा मात्र होइन विकसित र शिक्षितको अधिक संख्या भएका देशहरूमा पनि यही कुरा धेर-थोर लागू हुन्छ। यही कुरो 'आधुनिक साहित्य' मा पनि लागू हुन्छ। तैपनि यी 'आधुनिकवाद' को यौटा दर्शन छ, यौटा अध्यात्म छ जुनको मुख्य कथ्य एउटै भए पनि त्यसको विभिन्न व्याख्या कलाकार, कवि र लेखकहरूले गरिरहेका हुन्छन् जसले गर्दा त्यसमा एकरूपता नहुँदा यस दर्शनले समाजमा जरो निकाल्न समेत सकेको देखिंदैन। नेपाली समाजको वर्तमान र सन्निकट पुस्तामा, त्यत्तिबिधि छेकाबार भएर पनि, 'आधुनिक' शैलीको चित्रकलाले महत्त्वपूर्ण ठाउँ ओगट्ने लक्षण छ। तैपनि त्यसैको साथ-साथ पारम्परिक चित्रकला पनि आफ्नै गतिविधि चलाइराख्ने छ। अर्थात् दुवै शैलीले सह-अस्तित्वको सिद्धान्त मान्नै पर्दछ र क्रमशः आपसमा कलात्मक लेनदेन पनि गर्नैपर्दछ र क्रमश जसका केही लक्षण देखिसकिएको पनि छ।

ङ. धार्मिक–सामाजिक–साहित्यक कला

माथिको लामो शीर्षक शिला, धातु, काष्ठ र पत्र आदि लेखहरूलाई अर्थ्याउन भनी प्रस्तुत गरिएको हो। यस विषयको संक्षिप्त विवरण तल लेखिएको योजनाअनुसार प्रस्तुत गरिंदै छ।

अ. शिलालेख

१. शिलापत्र-लेख २. स्तम्भ-लेख ३. मूर्ति र सालिकका लेख
४. मन्दिर र चैत्यमै लेखिएका लेख ५. शिलापट्टिका लेख

आ. धातु-लेख

१. तामा, सुन, पित्तल र फलामे पत्र-लेख २. धातु मूर्ति र
धार्मिक वस्तुका लेख ३ घण्टाका लेख

इ. काष्ठ लेख

१ काठपत्र लेख २. काठका मूर्तिकलाका लेख

ई. पत्र लेख

१ प्रशासनिक, सामाजिक र दान-धर्म सम्बन्धी पत्रलेख २.
साहित्यिक र धार्मिक ग्रन्थ-लेख

उ. शैलीगत अध्ययन

१. लिपि र सम्बन्धित कला
२. क. भाषा, ख. जाति र भाषाको सम्बन्ध र राष्ट्रभाषा
३. कवि, लेखक र लिपिकार वर्ग
४. साहित्यिक वक्तव्य
    क. देवी-देवताका स्तुति र धर्म सम्बन्धी
    ख. व्यक्तिगत वर्णन
        १. राजकीय २ भारदारी ३ साधारण भक्त—रैती
    ग. कलात्मक वर्णन
    घ. प्रशासनिक—राजनीतिक र सामाजिक सन्दर्भ
    ङ. राष्ट्रियताको झलक
    च. कलात्मक र साहित्यिक अध्यात्मवाद

ऊ. तुलनात्मक अध्ययन

अ. शिलालेख

नेपालमा अन्दाजी ई० ४०० देखि शिलालेख लेख्ने चलन चलि-
आएको हो जो क्रमश: आजैसम्म चलिरहेकै देखिन्छ । शिलालेख सम्बन्धी
कला-सीप एकातिर तत्कालीन शिल्पकारको सीपले देखाउँछ भने अर्कोतिर
तत्कालीन अन्याय महत्त्वपूर्ण पक्षहरू । यसैले इतिहासको पुनर्‌रचनाको

सम्बन्धमा शिलालेखको कति महत्त्व छ भन्ने कुरा स्पष्ट छ। अनि यस्ता शिलालेखसँगै सम्बद्ध भएर बनेका कलाका अरू पक्षहरूको पनि उत्तिकै महत्त्व रहेको हुन्छ। तलका हरफहरूमा यस विषयको संक्षिप्त विवरण प्रस्तुत गरिने छ।

शिलापत्र-लेख

नेपालमा पाइने अधिकांश शिलालेख शिलाका पत्रमा बाक्दी पारी लेखिएका हुन्छन्। दुई-चार अक्षर लेखिएका साना-साना शिलापत्रदेखि लिएर १० हात जति अग्लासम्मका शिलापत्र भेटिएका छन्। शाहकालका यस्ता केही महत्त्वपूर्ण उदाहरणको विवरण तल क्रमश: प्रस्तुत गरिन्छ।

१. शाहकालीन शिलापत्र-लेखको विवरणको[1] थालनी पृथ्वीनारायणशाहको नुवाकोट दरबारको ई० १७६२ को शिलालेखदेखि थाल्नु उचित हुने छ। देवनागरी लिपिमा यो लेख सवा दश इन्ची लामो र साढे तीन इन्ची भागमा लेखिएको छ। यो लेख पृथ्वीनारायण शाहले नुवाकोटमा साततले दरबार बनाई त्यसको सम्झनामा लेखाई दरबारको मूलढोकाको शिरानमा थाप्न लगाएका हुन्। यो लेखको साहित्यिक महत्त्व पनि छ। यस लाम्चो शिलापत्रमा कलात्मकता देखाइएको छैन।

२. कान्तिपुरमा वसन्तपुर दरबार बनाई पृथ्वीनारायण शाहले त्यसका दक्षिण र उत्तर ढोकामा १–१ ओटा शिलापत्र सम्झनाको रूपमा लेखाई टाँस्न लगाएका थिए जुनमा ई० १७६९ (शकसंवत् १६९१) को मिति लेखिएको छ। दक्षिणतर्फको शिलापत्रमाथि १८ हाते देवीको राम्रो र टुमुक्क परेको ढुंगाकै मूर्ति थापिनुबाहेक यी शिलापत्रको अरू कलात्मक उपयोग गरिएको देखिदैन।

३. पूर्व १ नम्बर काभ्रेपलाञ्चोक इलाकामा भमरकोटको महादेव मन्दिरसँग सम्बद्ध पृथ्वीनारायण शाहको ई० १७६७ को यौटा शिलालेख भमरकोटको मोढीपाटिको भित्तामा टाँसिएर रहेको छ। साढे १७ इन्ची लामो र ११ इन्ची चौडा यो शिलालेखको सिरानीमा बीचमा जलहरीसमेतको शिवलिंग र त्यसका दायाँबायाँ चन्द्र सूर्यका चित्र अंकित गरिएका छन्।

---

[1] यस विवरणमा परेका प्रकाशित भैसकेका अभिलेखहरूको प्रकाशनको विवरण परिशिष्टमा प्रस्तुत गरिएको छ।

४. काठमाडौंमा विष्णुमतीको पूर्वी किनारामा कंकेश्वर मन्दिरको आँगनमा उत्तरतर्फ रहेको पाटीमा भित्तामा टाँसिएको ई० १७८१ को शिलापत्र ज्यादै कलात्मक देखिन्छ। तीन हात जति अग्लो दुई बित्ता जति चौडा यो शिलापत्रमा सिरानमा बीचमा मालासहित खड्ग कमलमाथि बनेको छ र त्यसको दुईतिर चन्द्र र सूर्यका विम्ब बनेका छन्। त्यसपछि तीन तहका बेलबुट्टाका लहर बनाइसकेपछि २० हरपमा लेख लेखिएको छ जसका नायक धंजुभारो देखिन्छन्। लेखमुन्तिर शिलापत्रमै उभारेर लहरै ५ जना भक्त लोग्नेमान्छे र ५ जना भक्त आइमाईका सालिक बनाइएका छन्। सालिकमुन्तिर ती सबैका नाम लेखिसकेपछि फेरि माथिकै किसिमका ७ जना लोग्नेमानिस र ७ जना आइमाईका हातजोरेर भक्ति गरिरहेका ससाना सालिक बनाइएका छन् र मुन्तिर तिनका नाम पनि लेखिएका छन्। शिलापत्रको तीनतिर किनारामा बुट्टा पनि बनाइएको छ। यसरी २४ जनाले मिलेर राखेको यो स्मारक निकै कलात्मक हुँदा अविस्मरणीय छ।

५. गोकर्ण मन्दिरको उत्तरतर्फ भत्केको पाटीको भित्री भित्तामा २।। हात जति अग्लो १।। हात चौडा नीलो-नीलो खैरो रंगको शिलालेख टाँसिएको छ। यसको सिरानमा बीचमा शिवलिंग र त्रिशूलको रेखाचित्र बनाई त्यसको दुईतिर साँढेको चित्र पनि बनाइएको छ। त्यसपछि बेलबुट्टाको एक लङ बनाएपछि लेख शुरू हुन्छ। यो शिलापत्रको मुन्तिरको डेढ वित्ता जति भागमा मास्तिर ५ र तल ६ गरी मानिसका अहिल्यै बोलौंला जस्तो स्वाभाविक रूपका सालिक बनेका छन् जुनमध्ये ८ जना आइमाई र ३ जना लोग्नेमानिस छन्। शिलापत्रको किनारामा तीनतिर अति राम्रो ज्वालाबुट्टे किनारा बनाइएको पनि छ। यस अभिलेखको शुरूका १८ हरप संस्कृत पद्यमा लेखिएको छ र त्यसपछि नेपाली भाषामा विवरण लेखिएको छ जसअनुसार यस शिलालेखका नायक गर्भु बोगटी रहेका देखिन्छन्। यसमा संस्कृत भागमा श्लोकमै मिति लेखिएको छ तर त्यो अस्पष्ट हुँदा यसको निश्चित मिति जान्न अप्ठेरो छ तर अरू स्रोतअनुसार यो शिलालेखलाई ई० १७८५ तिरको भनी ठम्याइएको छ। अत्यन्त कलात्मक देखिने यस शिलालेखको ज्यादै महत्त्वपूर्ण किसिमको कलात्मक प्रभाव देखिन्छ।

६. शाहकालमा थापिएका विशाल-विशाल शिलालेखहरू पनि देखिन्छन् र ज्यादै साना पनि। सानाहरूमध्ये ज्यादै राम्रो देखिने यौटा सानो

शिलापत्र पचली भैरव स्थानको नजीकै पश्चिमतर्फ पाटीमा टाँसिएर रहेको छ । एकबित्ता भन्दा पनि कम लम्बाई र चार अंगुल जति चौडाई भएको यो शिलालेख ई० १८०४ को हो । रातो–रातो ढुंगाको यो शिलालेखमा दुईतिर स-साना दुई भक्तका सालिकसमेत बनाई त्यसलाई अरु कलात्मक पारिएको छ (चित्रसंख्या–७७) ।

७. पकनाजोलमा शिवमन्दिरको आँगनमा रहेको नीलो-नीलो खैरो रंगको २।। हात जति अग्लो १।। जति चौडा शिलालेख जो ई० १८०७ मा भोटु पाँडेले थापेका हुन् । सिरानको आधा हात जति भागमा बीचमा खोपामा मूसामाथि दाहिने पाउ अड्याएर उभिएका ४ हाते गणेशको उभारिएको मूर्ति र त्यसका दुईतिर चन्द्र र सूर्य बिम्बका चित्रांकन गरिएको छ । पूरा फलेकमा तीनतिर किनारामा फूलबुट्टा पनि बनाइएको छ ।

८. शाहकालीन शिलालेखकलाको यौटा राम्रो उदाहरण स्वयम्भू स्तूपको उत्तरतर्फ जाईको बोट भएको ठामनेर लहरै शिलालेखहरू राखिएको ठाउँमा रहेको छ । ३ हात जति अग्लो र १ हात जति चौडा यो शिलापत्रमा सिरानमा फूलबुट्टा र चैत्यको चित्र र त्यसमुनि खोपामा बुद्धको मूर्ति पनि बनाइएको छ । यो खोपामा तोरण पनि बनाइएको छ । किनारामा फूलबुट्टाको लहरा पनि बनाइएको छ । पहेंलो र खैरो रंगको यो अत्यन्त राम्ररी अलंकृत शिलालेख ई० १८२० को रचना हो ।

९' काठमाडौंमा लालदर्बारनेर तीनधारामा बानेश्वर मन्दिरको पूर्वतर्फ ई० १८२७ को विशाल शिलालेख रहेको छ जो नेपालका सम्पूर्ण शिलापत्राभिलेखहरूमध्ये विशिष्ट स्थान ओगट्दछ । ई० १७९३ मा डिट्ठा लक्ष्मीनारायणले गुठी आदिको बन्दोबस्त समेत गरी थापेको उक्त मन्दिरमा उनैका छोरा डिट्ठा कालीदासले मन्दिरसम्बन्धी कार्यक्रमको तपसील लेखाई यो शिलालेख लेख्न लगाई थापेका हुन् । नीलो-नीलो र खैरो रंगको यो शिलापत्र ३ हात जति अग्लो छ । सिरानमा निकै ठूलो भागमा बीचमा खोपामा कमलासनमाथि शिवलिंग र त्यसका दुईतिर त्रिशूल र साँढे, सूर्यचन्द्र र फूलबुट्टाका अत्यन्त मनोरम चित्र अंकित गरिएका छन् । त्यसपछि एक लहर बेलबुट्टा बनाएपछि लेख शुरु हुन्छ । शिलापत्रको किनारामा फूलबुट्टाको लहर बनाई त्यसबाहेक फेरि नागका जोल्टिएका जीउको अंकन गरी माथि सिरानमा पुगी नागका टाउकासमेत बनाइएको छ । यत्तिविधि अलंकरण

गरिएको आर्को कुनै शिलापत्र अरू कुनै युगको पनि देखिएको छैन । त्यतिले नपुगी यस शिलालेखमाथि ढुंगाको विशाल तोरणसमेत राखी यसलाई अझ महत्त्वपूर्ण पारिएको छ । डिट्ठा लक्ष्मीनारायणको भावनात्मक पृष्ठभूमिमा उनैका छोरा डिट्ठा कालीदासको पितृ-मातृ भक्ति र देवताप्रति भक्तिको यो महत्त्वपूर्ण स्मारकको रूपमा ररिरहेको छ (चित्र संख्य-७८) ।

१०. पाटन यम्पिवहिको ठूलो चैत्यको पूर्वपेटीमा रहेको ई० १८३१ को शिलापत्र पनि निकै महत्त्वपूर्ण कलाकृतिको रूपमा रहेको छ । यस शिलापत्रको सिरानमा बौद्ध चैत्यको आकृति चित्रित गरिएको छ (चित्र संख्या-७९) ।

११. पूर्व धुलिखेलमा व टोलमा गणेशको मन्दिरमा ई० १८३३ को बडो आलंकारिक शिलापत्र रहेको छ । यसको किनारमा गणेशको मूर्ति र फूलका झप्पा बनेका छन् ।

१२. चाबेल ओकुबहाल टोलमा वाटैमा रहेको पाटीमा ई १८३९ को यौटा शिलापत्र रहेको छ जसमा कलाको सुरुचिपूर्ण प्रयोग गरिएको छ । जोल्टिएका नागका जीउको किनारा भएको यस शिलापत्रमा मास्तिर नागका ७ टाउका छन् । सिरानमा गरुडमाथि चडेका विष्णु (गरुडनारायण) को मूर्ति बनेको छ । लेख भागमा पनि 'श्रीगरुडनारायण' को उल्लेख गरी मंगलाचरण गरिएको छ ।

१३. धरहराको नजीकै पश्चिमतर्फ मायबर्सिह थापाले बनाएको देवी मन्दिरको पाटीमा ई० १८४४ को शिलालेख रहेको छ जसको सिरानमा सिंहका २ मूर्तिको प्रभावशाली चित्रांकन गरिएको छ ।(चित्र संख्या-८०) ।

१४. मृगस्थलीमा रहेको ई० १८४६ (शकसवत् १७६८) को रक्षाकुमारी राणाको शिलापत्र सम्भवतः शिलापत्र-कलामा उत्तम भनेर गन्न सकिने केहीमध्येको ठहर्दछ । ३।। हात जति अग्लो र २ हात जति चौडा यो शिलापत्र नीलो-नीलो रंगको ढुंगाको बनेको छ । १ इन्ची जति मोटो अति राम्रो बुट्टाको किनारा भएको यस शिलापत्रको सिरानमा बीचमा वाहनसमेत शिव-पार्वतीका मूर्ति बनाई तिनका दुईतिर चन्द्रमा र सूर्यका मूर्ति नै बनाइएका छन् । शिलापत्रको सिरानमा सूर्य र चन्द्रबिम्ब त बनेकै देखिन्छन् तर यसरी मनुष्याकार मूर्ति नै बनको यो यौटै उदाहरण देखिन्छ । सिरानका बाँकी भागमा दाहिने, देब्रे र माथि दुईतिर गरी बादलका ४ गुच्छा (टुक्रा ?)

बनाई शिलापत्रको आलङ्कारिकताको चरमोत्कर्ष त त्यत्रो बिधिको पृष्ठभूमिमा सिरानको उक्त अलंकरणपछि लेख थाल्नुअघि फेरि मोटै बुट्टाको अर्को लहर थप्नुमा आएर हुन्छ ।

१५. टेकुनेर रहेको भीममुक्तेश्वर मन्दिरमा रहेको रणकुमारीको ई० १८५३ को शिलापत्र पनि निकै प्रभावशाली बनेको छ ।

१६. चाबेल चैत्यको पश्चिमतर्फ रहेको पाटीमा धोबीहरूले मिलेर केही धार्मिक समारोह गरी सम्झनाको रूपमा राखेको ई० १८५४ को शिलापत्र आकृतिमा सानै भए पनि निकै आलंकारिक बनेको छ । यसको सिरानमा बीचमा मालासहित चैत्य र त्यसको दुईतिर सूर्य र चन्द्रका बिम्ब अंकित गरिएका छन् ।

१७. काठमाडौं अटकनारायणको मन्दिरको आँगनमा दक्षिणतर्फ पेटीमा उत्तर फर्काई यौटा शिलालेख राखिएको छ । दुई हात जति अग्लो र १ हात जति चौडा यो शिलाफलक तोरणले घेरिएको छ र सिरानमा ठूलै आकारको खोपामा वाहनहरूमाथि बसेका शिव र पार्वतीका मूर्ति बनेका छन् । तिनका दुईतिर कमलासनमाथि बसेका ४-४ हात भएका २ शिवगण राखिएका छन् । त्यसपछि १८ हरप अभिलेख लेखी त्यसपछि पहिले १ लङमा २ र त्यसपछिको अर्को लङमा ४ र ३ गरी जम्मा ९ भक्तका सालिक बनेका छन् जुनमा नाम पनि लेखिएका छन् । यसरी अत्यन्त कलात्मक रूपले प्रस्तुत गरिएको यो शिलालेख-फलक आफ्नो किसिमको आफ्नै उदाहरणको रूपमा रहेको छ । अभिलेखमा लेखिएअनुसार यो ई० १८५७ को रचना हो ।

१८. काठमाडौं शहरमा काठेसिम्भूको जुन प्रख्यात चैत्य छ त्यसको पश्चिमी पेटीतर्फ भरेङमुन्तिर दक्षिणपट्टि टाँसेर राखिएको ई० १८७२ को शिलापत्र आफ्नो किसिमको यौटा अप्रतिम उदाहरणको रूपमा रहेको छ । तीन हात जति अग्लो नीलो-नीलो खैरो रंगको यो शिलापत्रको सिरानी भागमा झण्डै १ हात जतिको भागमा बीचमा पानबुट्टे आकारको खोपामा राम्रो र सानो बौद्ध देवताको मूर्ति बनाइएको छ । खोपाको किनारामा फूलपत्ती र मोतीको बुट्टाको घेरा बनाइएको छ । उक्त खोपाको दुईतिर अत्यन्त अलंकृत घेरामा सूर्य र चन्द्रका बिम्ब बनाई अनि बाँकी रहेको भागमा फूलबुट्टा झकिझकाउ पारिएको छ । यसपछि लेख शुरु हुनुअघि तीन किसिमका बुट्टाका लहरा बनाइएका छ । लेख ४३ हरपको छ । शिलापत्रको

मुन्तिरको १ वित्ता जति भागमा माथिल्लो लहरमा अलि ठूला आकारका ५ जना भक्त लोग्नेमानिसका र ४ जना आइमाई भक्तिनीका सालिकका अर्धचित्र बनाइएको छ र तिनको मुन्तिर पेटीमा तिनका नाम पनि लेखिएको छ । त्यसपछि आर्को लहरमा २ जना भक्त लोग्नेमानिस र ६ जना भक्तिनी आइमाईका हात जोडेर बसेका सालिकका अर्धचित्र र मुन्तिर पेटीमा तिनका नाम लेखिएका छन् । पूरा फलेकको तीनतिरको किनाराभरि बेलबुट्टाको मोटो लहर पनि बनाइएको छ । यसरी यौटा झकिझकाउ परेको कलाकृतिको रूपमा यो शिलापत्र रहेको छ ।

१९. धीरशम्शेर राणाको नारायणहिटि धीरनारायण थानको ई० १८७४ को शिलापत्र विशाल हुनुसाथै निकै आलंकारिक पनि छ । यसमा फलेकको किनारामा बेलबुट्टाको लहर बनाई सिरानमा गणेश र कार्त्तिकेयका उभिएका मूर्ति पनि बनेका छन् । सूर्य र चन्द्रमाका बिम्बको रेखांकन पनि गरिएको छ ।

२०. ईस्वीको उन्नाईसौं शताब्दीको आखिरी चरणतिर ई० १८७४ को वर्ष पशुपति राजराजेश्वरीमा श्री ३ महाराज जंगबहादुरका छोरा जीतजंग राणाले जस्तो भव्य मन्दिर बनाएको थिए त्योभन्दा पनि भव्य र अविस्मरणीय कलापूर्ण रचना त्यस मन्दिर-निर्माणको सम्झनामा लेखाई राखिएको त्यहींको विशाल शिलापत्राभिलेख रहेको छ ।

एक मानिस जति अग्लो यो शिलालेखको किनारामा त बेलबुट्टाको मनोहारी लहर बनाइएको छ । शिलालेखको आधारमा ढुंगाको लाम्चो ठचौकामा साना साना मझौला आकृतिका भक्तका सालिक र त्यसका दुईतिर मुख बाएका दुई सिंह बनेका छन् । शिलापत्रको सिरानमा बीचमा अलंकृत घेराभित्र बनेको खोपाभित्र ४ हात भएको हरि-हरको संयुक्त मूर्ति बनेको छ । यो मूर्तिको दाहिनेगोडाको मुन्तिर बसेको साँढे र देब्रेगोडामुन्तिर चराको शिर भएको पक्षिरूप गरुडको एक हात उजाई फरक्क फर्केको मुद्राको मूर्ति रहेको छ । यो खोपाको दुईतिर अलि कम गहिरो गोलो खोपामा चन्द्र र सूर्यका बिम्ब बनेका छन् । यी दुवै खोपालाई तीन तहका अलंकरणले घेरिएको छ । शिलालेखको यो शिरोभागको दुईतिरको अन्तिम कुनामा उभिएका दुई सिंहले झण्डा भएको लट्ठा लिएका छन् । तिनैमाथि चाहिं माला लिई आकाशमा उडिरहेको विद्याधर र विद्याधरीका मूर्ति बनेका छन् । यसरी यौटा कलात्मक ‘काव्य’को

मनोहारी रचना भएको छ जसलाई उस्तै रूप र कल्पनाले वर्सैले पनि जित्न सक्दैन जस्तो लाग्दछ । यसमा देखिएको कलात्मक भव्यतामा जंगबहादुरको शक्ति र सोझै प्रभावको झल्को हामीले हेर्न खोज्नु कुनै आश्चर्यको कुरा हुने छैन ।

२१. पाटन मीननाथ मन्दिरको घण्टाको चौकोसको शिल्पकार कृष्णवीर श्रारोको सानो अभिलेख एकातिर अत्यन्त सादा छ भने अर्कोतिर त्यसै चौकोसका अप्रतिम कलाकृतिहरूको अलौकिक पृष्ठभूमि पनि छ। १ बित्ता लामो र ६ अंगुल जति चौडा भएको यो अभिलेखको अक्षर लेख्ने स्पष्ट शैली नै पनि निकै प्रभावशाली छ । ई० १८७९ को यो रचना हो (चित्र संख्या—८१) ।

२२. राजराजेश्वरी घाटमा जर्नेल जीतजंग राणाले बनाएको जीतजंगप्रकाशेश्वर मन्दिरमा थापिएको ई० १८८० को शिलापत्र अत्यन्त सुरुचिपूर्ण ढंगले अलंकृत गरिएको छ जसको शब्दाचित्रण गर्नै पनि गाहारो छ (चित्र संख्या-८२) ।

२३. सिंहदर्बारको गोपुरको उत्तरी पाखामा भित्तामा टाँसिएको श्री ३ महाराज चन्द्रशम्शेर राणाको ३।। हात जति अग्लो र १। हात जति चौडा नीलो-नीलो खैरो रंगको शिलालेख निकै कलापूर्ण छ । शिलापत्रको किनारामा बेलबुट्टा बनेको छ । सिरानमा चाहिं बीचमा त्रिशूल र त्यसको दुईतिर चन्द्र र सूर्यबिम्ब अंकित भएका छन् । ई० १९१३ को यो शिलालेखमा ई० १९०९ देखि सिंहदर्बार ढोकामा आउने अतिथि–अभ्यागत र अरू गरीब-गुरुबाको सीधाको लागि प्रशस्त जग्गा राखी चन्द्रशशेरले 'सीधागुठी' राखेको बयान तपसीलसमेत गरिएको छ ।

२३. श्री ३ महाराज जुद्धशम्शेरका ई० १९३२ देखि ई० १९४४ सम्म धेरै किसिमका विस्तृत र विशाल शिलालेखहरू पाइन्छन् जुनमध्ये विशालतामा थापाथली पांचायनको बाहिरपट्टि भित्तामा टाँसिराखिएको छ। एकमान्छे जति अग्लो र निकै मोटो यस शिलापत्रमा विविध विषय लेखिएको छ तर मुख्यत: यसमा राणा-वंशावलि र श्री ३ जुद्धका महत्त्वपूर्ण कार्यहरूको बयान गरिएको छ ।

२४. स्व० श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको शासनकालमा लेखाई राखिएका विविध स्वरूप र किसिमका शिलालेख ई० १९५८ देखिएका

पाइन्छन् । यीमध्ये ई० १९६१ को टुंडीखेलको महाकालमन्दिर जाने सीँढीमुन्तिर टाँसी राखिएको संगमर्मरको निकै ठूलो शिलालेख हो । यो शिलालेख उक्त मन्दिरको जीर्णोद्धार आदि गरी त्यसको सम्झनामा लेखाई राखिएको हो । अधिकांश भागमा प्रौढ संस्कृत पद्यमा लेखिएको यो शिलालेखको ऐतिहासिक र साहित्यिक दुवै किसिमको महत्त्व छ ।

२५. पाटन शहरको उत्तरतर्फ पुछारमा 'बासाहिटि' नाउँले कहलिएको धाराको दक्षिणतर्फ भित्तामा टाँसिएको ई० १९६२ को तीन हात जति अग्लो शिलालेख रहेको छ । 'श्री ५ महेन्द्रवीरविक्रमशाहदेवका सुशासनमा ललितपुर जिल्ला विकास एवं स्थानीय सहयोग र चन्दाबाट (यो धाराको) पुन निर्माण' गरिएको सम्झनामा राखिएको यस शिलालेखको सिरानमा विष्णु र लक्ष्मीको मूर्ति र तिनको वरिपरि फूलबुट्टा चित्रित गरिएका छन् । पहेँलो-पहेँलो खैरो रंगको यो शिलालेख स्थानीय जागरणको आधुनिक स्वरूप स्पष्ट्याउँछ ।

२६. काठमाडौं शहरमा काठेसिम्भू चैत्यको पश्चिमी भागमा सीढीमुन्तिर उत्तरपट्टि टाँसिएको ई० १९६७ (नेपाल संवत् १०८७) को यो शिलालेख माथि १७ संख्यामा बयानिएको यसैनेरको ई० १८७२ को शिलालेखकै प्रतिरूप जस्तो देखिन्छ—आकृति र कलात्मक स्वरूप दुवैमा । यसमा अघि गरिएका केही धार्मिक विवरण मितिसहित लेखिएको छ तर अन्तिम मिति चाहिं ई० १९६७ को रहेको छ । अघिल्लो र यसमा कलात्मक समानता निकै देखिए पनि प्रस्तुतिमा केही फरक अवश्य देखिन्छ । यसको ४४ हरपको लेखपछि १ बित्ता जति भागमा लहरै ४ जना भक्त आइमाई र १ एकजना भक्त लोग्नेमान्छेका अलि फरक फरक गरी बनेका सालिक बनेका छन् जुन ज्यादै राम्ररी बनेका छन् । त्यही लहरमा दुईतिर कुनामा फुलबुट्टा पनि बनाइएको छ । यो शिलालेखमुन्तिर रहेको ढुंगाको ठ्यौकोमा सामुन्नेपट्टि 'आसन' जस्तो चित्रांकन गरिएको छ जसमा फूलबुट्टा पनि बनेको छ र कुना-कुनामा १–१ र बीचमा २ गरी ४ सिंहका साना मूर्ति पनि बनेका छन् । यसरी ई० १९६७ को यो रचना कलापूर्ण देखिन्छ ।

२६. पाटन मंगलबजार कृष्ण उद्यानमा रहेको ई० १९७१ मा बनेको ढुंगाको बुद्धमन्दिरको पश्चिमी भित्तामा बाहिरपट्टि ठूल्ठूला अक्षरको लामो शिलालेख लेखिएको छ । यसमा मन्दिरको निर्माणसम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

२. स्तम्भ लेख

धार्मिक मन्दिर र विभिन्न सामाजिक वर्गका गृहस्थका घरमा स्तम्भको प्रयोग गर्ने चलन नेपालमा पनि पुरानो हो। तर स्वतन्त्र रूपमा खास गरी देव-देवताका मन्दिर सामु केही धार्मिक मूर्ति थापी स्तम्भ चढाउने चलन पनि नेपालमा ज्यादै पुरानो हो। राजाको सन्दर्भमा यस्ता स्तम्भ 'विजय स्तम्भ' को रूपमा पनि लोकप्रिय भैआएको हो। एक स्वतन्त्र देशको रूपमा नेपालका मन्दिरहरूमा यत्रो विधि स्तम्भहरू गाड्ने चलन लोकप्रिय हुनाको घुमाउरो अर्थ 'विजय स्तम्भ' कै प्रतीक हुनामा पनि हुन सक्दछ। भारतका मन्दिरहरूमा स्तम्भहरूको गतिविधि भीड नदेखिनु र हामीकहाँ त्यस्तो हुनुमा केही न केही गहिरो अर्थ भए जस्तो लाग्दछ।

कलाकृतिको रूपमा नेपाली स्तम्भहरू यति किसिमका हुन्छन् भनेर साद्धे देखिदैन। साना, ठूला र विभिन्न आकार प्रकारका स्तम्भ देखिन्छन्। त्यस्तै कलात्मकतामा निकै भेद देखिन्छ-कुनै चिल्लो राम्ररी बेलबुट्टा आदिको प्रयोग गरिएको देखिन्छ कुनै ज्यादै साधारण। तलका हरपहरूमा शाहकालीन केही उल्लेखनीय स्तम्भलेखहरूको छोटकरी विवरण प्रस्तुत गरिन्छ।

१. महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको पालामा महाराजाधिराज रणबहादुर शाहको नाममा उनको कान्छी महारानी ललितत्रिपुरसुन्दरी देवीले १३५३ हात लामो वाग्दतीको पुल बनाएको सम्झनामा राखिएको वाग्वतीको ई० १८१० को स्तम्भ लेखको ऐतिहासिक महत्त्व रहेको छ। निकै मोटो चारपाटे यो खाँबाका चारैपाटामा ठूल्ठूला अक्षरले लेख लेखिएको छ। लेख चाहिँ पहिले ३७ श्लोकमा संस्कृतमा लेखिएको छ र त्यसपछि साहित्यिक नेपाली भाषा (लेखमा 'भापा' भनिएको छ) मा गद्यमा पनि विस्तृत बयान लेखिएको छ। यो लेखको अन्तिम संस्कृत श्लोक (श्लोक–३७) मा वाणीविलासले गाइएको 'कीर्ति' (वाणीविलासस्तुता कीर्तिः) भनिएको छ अर्थात् यो लेख लेखकै नेपाली भाग अनुसार 'सुवर्ण सिंहको ध्वज भयाका कीर्तिस्तम्भ' हो। अनि यो कीर्ति हो शाहवंशका राजाहरूको बयानको पनि। येसमा संस्कृत–नेपाली दुवै भागमा द्रव्यशाहदेखि गीर्वाणसम्मको शाह राजाहरूको बयान गरिएको छ। प्रासंगिक रूपमा देवताका स्तुति श्लोक र अरू बयान पनि यसमा गरिएको छ। उतिखेरका

हर्त्ताकर्त्ता प्रधानमन्त्री भीमसेन थापाको पनि जुन उदात्त वर्णन वाणीविलास कविले गरेका छन् त्यो पनि यहाँ उल्लेखनीय छ। यस स्तम्भ-लेखको साहित्यिक र ऐतिहासिक महत्त्वको संकेत त यसलाई एकजना इतिहासकारले नेपालका तीन प्रमुख लेखहरूमध्येको एक मानेका छन्।[1] यसको दाँजोमा पर्ने अरू दुई शिलालेखहरू— मानदेव प्रथमको ई० ४६४ को चाँगुनारायणको गरुड स्तम्भाभिलेख र जयदेव द्वितीयको ई० ७३६ को पशुपति अभिलेख हुन्। यस लेखको साहित्यिक र ऐतिहासिक पक्षको समीक्षा पछि उपयुक्त सन्दर्भमा गरिने छ। तर यहाँ यतिसम्म औंल्याइहाल्नु आवश्यक छ कि यो लेख ई० १८१० को हो अर्थात् सुगौली सन्धि हुनुभन्दा ६ वर्ष जति अघिको जब नेपाल टिष्टादेखि किल्ला-काँगडासम्म र हिमालदेखि तराईसम्मको विशाल क्षेत्रको मालिक थियो। अर्थात् उतिखेरको 'नेपाल साम्राज्य' को गौरव गाथाको यो प्रतीक हो यद्यपि यो कुरालाई अर्थ्याउने उचित मौका यसका रचयिता कवि वाणीविलासले पाएको देखिंदैन। यस स्तम्भमाथि ढलौटे सिंह थापिएको छ।

२. त्रिपुरेश्वर मन्दिरमा महाराजाधिराज राजेन्द्र वीरविक्रम शाहदेवको शासनकालमा संरक्षिका महारानी ललितत्रिपुरसुन्दरीदेवीले आफूले थापेको यस मन्दिरमा पश्चिमतर्फ योटा स्तम्भाभिलेख राख्न लगाएकी थिइन्। ई० १८२० को यो स्तम्भाभिलेख पनि चारपाटे मोटो खाँबामा ११ संस्कृत श्लोक र केही गद्य खण्डको रूपमा प्रस्तुत गरिएको छ। यस अभिलेखको पनि साहित्यिक र ऐतिहासिक महत्त्व छ। यसमाथि साँढे थापिएको छ।

३. पाटन शंखमूलमा रणध्वज थापाले आफूले थापेको जयेश्वरको मन्दिरसामु चारपाटे होचो स्तम्भमा ई० १८२० को मिति राखी लेख लेखाएका थिए। यस स्तम्भमाथि रणध्वजको ढुंगाको सालिक थापिएको छ।

४. महाराजाधिराज प्रतापसिंह शाहदेवकी महारानी राजेन्द्रलक्ष्मीदेवीले गुह्येश्वरीमा सिंहस्तम्भ चढाउने भाकल गरेको पूरा नभएकोमा उनकी बुहारी महारानी ललितत्रिपुरसुन्दरीदेवीले ई० १८२३ मा यो काम पूरा गरेकी थिइन्। गुह्येश्वरी मन्दिरको सामुन्नेपट्टि चारपाटे स्तम्भमा

---

[1] नयराज पन्त—गल्लीमा फ्याँकिएका कसिंगर, पृ० २।

लेखिएको यो लेख संस्कृतमै लेखिएको छ। स्तम्भमाथि ढलौटे ठूलो सिंह थापिएको छ।

५. त्रिपुरेश्वरको मन्दिरमा दक्षिणतर्फ आँगनमा अत्यन्त अलंकृत चारपाटे होचो स्तम्भमाथि महारानी ललितत्रिपुरसुन्दरीदेवीको ढलौटे सालिक थापिएको छ। यस स्तम्भको पश्चिमपाटामा लेखिएको लेखअनुसार यो सालिक महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवबाट ई० १८३७ मा थापिएको थियो भन्ने थाहापाइन्छ।

६. पाटन शंखमूलमा जगत् शम्शेर राणाले आफूले थालेको जगत्नारायणको मन्दिरसामु ई० १८५५ मा निकै अग्लो शिलास्तम्भ थापी त्यसमाथि गरुडको ढलौटे मूर्ति थापेका थिए। यस स्तम्भको पूर्वपाठामा नेपालीमा जगत् शम्शेरका महत्त्वपूर्ण कार्यहरूको विस्तृत बयान गरिएको छ।

७. काठमाडौं मच्छेन्द्रबहाल मन्दिरको आँगनमा पूर्वतर्फ सिंहनादलोकेश्वरको ढलोटको मूर्ति थापिएको स्तम्भमा लेखिएको लेख ई० १८५५ को मितिको हो।

८. काठमाण्डू कालमोचनमा थापिएको सत्यनारायण मन्दिरसामु यौटा निकै मोटो र अग्लो स्तम्भ थापी त्यसमाथि आफ्नो सालिक ई० १८७४ मा थापेका थिए। यस चारपाटे चिल्लो र कलात्मक स्तम्भको पश्चिमी पाटामा ठूल्ठूला अक्षरले नेपालीमा ३६ हरपको अभिलेख लेखिएको छ। यो प्रभावशाली स्तम्भाभिलेखलाई निक्कै ठूलो ढुंगाको कछुवामाथि थापिएको छ।

९ काठमाडौंमा मच्छेन्द्रबहालको आँगनमा पूर्वतर्फ आर्यताराको ढलौटे मूर्ति भएको ई० १९११ को अभिलेख लेखिएको स्तम्भ रहेको छ। सम्पूर्ण रचना निकै प्रभावशाली बनेको छ।

१०. श्री ३ महाराज जुद्धशम्शेरले ई० १९३६ देखि ई० १९४४ सम्म विविध किसिमका स्तम्भाभिलेख ठाउँ-ठाउँमा राख्न लगाएका थिए। यी रचनामा विविधताको गुण देखिन्छ र यिनका स्थापनकर्ताको व्यक्तित्व र तत्कालीन इतिहासका स्पष्ट स्रोतको दृष्टिले यिनको ठूलो महत्त्व देखिन्छ।

११ काठमाडौंमा मच्छेन्द्रबहालको आँगनमा ताराको ढलोटको मूर्ति रहेको ई० १९३१ का अभिलेख लेखिएको स्तम्भ रहेको छ। प्राचीन परम्परालाई कायम राख्ने यो उदाहरणको महत्त्व स्पष्टै छ।

१२. ई० १९५३ मा एक बौद्ध धर्मावलम्बी परिवारले यौटा अभूतपूर्व र रमणीय शैलीमा चैत्यशीर्ष स्तम्भ काठमाडौंको विक्रमशिला-महाविहारको आँगनमा थापेका थिए। नीलो-नीलो खैरो रंगको यो स्तम्भ सीप पुऱ्याएर बनेको हुँदा अतिनै राम्रो देखिन्छ। ई० १९५३ मा पनि यस्तो सुग्घरी कलाकृति बन्न सक्नु यौटा आश्चर्यको कुरा देखिएला जसको कारण पैल्याउन असम्भव पनि छैन जस्तो लाग्दछ। ई० १९५१ मा प्रजातन्त्रको नेपालमा उदय भएपछि नेपाली संस्कृतिको यौटा मोड आएको कुराकै विस्तीर्ण पृष्ठभूमिमा एक्लो-दोक्लै भएपनि यस्तै उदाहरण पाउनु आश्चर्यको कुरो होइन भन्ने हामीलाई लागेर आउँछ।

१३. ई० १९५९ को अभिलेख लेखिएको स्तम्भमाथि श्री ५ महाराजाधिराज महेन्द्र र मुमा बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहका सुनौला सालिक थापी गुह्येश्वरीको मन्दिरमा थापिएको छ। अनेक कलात्मक कारणहरूको अभावमा यो स्तम्भ त्यति कलात्मक हुन सकेको छैन तर यसमा लेखिएका संस्कृतका दुई श्लोक निकै ओजपूर्ण छन्।

१४. पशुपतिको मन्दिरमा दक्षिणतर्फ आँगनमा यौटा संगमर्मरको गोलाकार मोटो कमलशीर्ष शिलास्तम्भमाथि राजसी पोशाकमा घुंडा टेकी हात जोडेको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको भव्य सुनौलो सालिक थापिएको छ। यो स्तम्भमा दुईटा अभिलेख लेखिएका छन्। एकमा त १३ हरफको लेख छ जसको थालनीमा रामशाह, पृथिवीनारायण, त्रिभुवनको उल्लेख तथा श्री ५ महेन्द्रको व्यक्तित्वको यथोचित बयान गरिएको छ। बाँकीमा राजकीय प्रशस्तिसाथ श्री ५ महेन्द्रको नाम लेखिएको छ। अर्को लेखमा चाहिं 'म. वी. वि. शाह' को दश हरफमा नेपाली भक्ति-श्लोक प्रस्तुत गरिएका छन्। मल्लकालको ३ शताब्दी जतिपछि पशुपतिको मन्दिरमा भक्ति-श्लोक लेखी चढाउने पहिला नेपाली महाराजाधिराजका रूपमा यो कलाकृतिले श्री ५ महेन्द्रको महत्त्व व्यक्ताएको छ।

१५. हालै फेब्रुअरी २४ तारीखको दिन सुसम्पन्न भएको श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको शुभराज्याभिषेकको उपलक्षमा गोदावरी उद्यानमा 'शुभराज्याभिषेक स्मृति शिलास्तम्भ' थापिएको छ।

३. मूर्ति र सालिकका लेख

ढुंगाले बनेका देवी-देवताका मूर्ति र व्यक्तिगत सालिकहरूमा पनि परिचयको लागि त्यस्ता मूर्तिकै पादपीठमा लेख लेख्ने चलन पुरानो हो र यो चलन आजसम्म चलिआएकै छ । तर यस्ता लेख धेरै जसो संक्षिप्त र परिचयात्मक मात्र हुने गरेको देखिन्छ, थोरैमा मात्र अलि विस्तृत वक्तव्य पाइन्छ । व्यक्तिगत सालिकका सन्दर्भमा त कतै सालिकमा प्रस्तुत गरिएको व्यक्तिको नामै मात्र पनि हुन सक्दछ, विना मिति विना तिथिको उल्लेख । यस्ता किसिमका अनेक उदाहरणहरू हामीले माथि मूर्तिकलाको सन्दर्भमा गरिसकेका छौं ।

४. मन्दिर र चैत्यमै लेखिएका लेख

शिलालेख लेखाएर मन्दिर र चैत्यमै विभिन्न स्थितिमा टाँसिएको पनि देखिन्छ तर खास गरी चैत्यहरूमा । ढुंगाले बनेका चैत्यहरूको त कुनै अंगमा, खास गरी आधारका पाटामा लेख लेखिएको देखिन्छ । यस्ता सयौं शाहकालीन उदाहरण औंल्याउन सकिन्छन् जुनमध्ये केहीको उल्लेख माथि धार्मिक वास्तुको सन्दर्भमा गरिएकै छ ।

५. शिलापट्टिका-लेख

शिलापत्र-लेख एकातिर निकै ठूलठूला आकारका वा केही भिन्न-आकारका पाइन्छन् भनेर माथि नै भनिसकिएको छ । तर यस्ता पनि शिलापत्र-लेख पाइन्छन् जुन आकारमा ज्यादै साना, कलाहीन र परिचयात्मक मात्रै पनि देखिन्छन्, अधिकांश रूपमा यस्ता लेखमा कुरो स्पष्ट पनि हुँदैन र भए पनि साहित्यिक र सामाजिक सन्दर्भको निकै अभाव देखिन्छ । यस्ता 'शिलापट्टिकालेख' निकैनै देखिन्छन् ।

आ. धातुलेख

अभिलेख लेख्ने काममा धातुको प्रयोगको इतिहास पनि नेपालमा पुरानो देखिन्छ । लिच्छविकालका यस्ता उदाहरण एक-दुई थरीका पाइन्छन् । त्यसपछि मध्यकालतिरदेखि आजसम्मै भनेजस्तो धातुलेखको चलन चलेकै देखिन्छ । यस शीर्षकलाई हामी तल लेखिएका ३ उपशीर्षकहरू अन्तर्गत विचार गर्नेछौं ।

१. तामा, सुन, चाँदी, पित्तल र फलामका लेख

नेपालमा पाइने लेखहरू तामा, सुन, चाँदी, पित्तल र फलामका पाताका अग्रभागमा लेखिएका हुन्छन् तर तिनमध्ये सबभन्दा धेरै उपयोग कि तामाको भएको देखिन्छ कि पित्तलको यद्यपि सुन, चाँदी र फलामका लेखका केही उदाहरण दिन पनि सकिन्छ ।

सबभन्दा पहिले तामाकै कुरा गरौं । अनेक किसिमका उद्देश्यको प्रयोजनको लागि तामापत्र लेखाउने चलन ज्यादै पुरानो हो । तर कार्य-कारणवश अनुपयोगी हुन पुगेका तामापत्र गलाई भाँडा-कुँडा बनाई वा यसै पनि धातुको मोलमा बिक्री-वितरण गर्ने गरिएको हुँदा लिच्छवि र मध्यकाल-सम्मका तामापत्र लेख यौटै पाइएको छैन । बरु मध्यकालका यस्ता केही उदाहरण पश्चिमी नेपालका खस राजाहरूले प्रसारित गरेका पाइन्छन् । यता काठमाण्डू भेकमा स्थितिमल्लको पाला (चौधौं शताब्दी) देखिका भेटिन्छन् । मल्लकालीन तामापत्र लेखका निकै नै उदाहरण भेटिएका छन् तर सम्भवतः तामापत्र सबभन्दा धेरै ई० १७६८ पछि नै लेखिएका देखिन्छन् । यस्ता तामापत्र धेरै प्रकाशित भैसकेका छन् र अधिकांश अप्रकाशित रूपमै सर्कारी अड्डाखाना (गुठी संस्थान आदि लगायत) र व्यक्तिगत संग्रहमा पडिरहेका छन् ।

आकारको दृष्टिले तामापत्र एक बित्ता, आधा बित्तादेखि लिएर २-४ हात लम्बाई-चौडाई-सम्मका भेटिन्छन् । सर्कारिया अड्डाखानामा यस्ता विशाल-विशाल तामापत्र छन् भन्ने विश्वासिलो चर्चा सुनिन्छ । अनि यस्ता ताम्रपत्रमा मन्दिर र ब्राह्मणहरूलाई जग्गा-दान, अन्य विषयका स्थायी दान र केही अन्य विषय स्थायित्वको लागि लेखी राखिएका देखिन्छन् । तामापत्र लेखको कलात्मकता यौटै हुन्छ त्यो हो राम्ररी एकैनाससँग लहर मिलाई एकैनासका गरी अक्षर कुँद्ने कला, नत्र यसमा बेलबुट्टा भर्ने आदि कलात्मक रूप अत्यन्तै अभाव छ भने हुन्छ । तामापत्र लेखको शाहकालीन पहिलो उदाहरण सम्भवतः पृथ्वीनारायण शाहले ई० १७६३ मा मनकामनामा लेखाई राखेको चाहिं देखिन्छ । वक्तव्यको दृष्टिले यसमा नेपालीमा जग्गा दानका विवरण मात्रै प्रस्तुत गरिएका छन् जुन तामापत्र-लेखको सार्वकालिक वक्तव्य हो । यिनमा साहित्यिकताको अत्यन्त अभाव देखिन्छ तर यो कुरा नेपाली भाषामा लेखिएकाहरूको हो । अनि तामापत्र विशुद्ध संस्कृत भाषामा

लेखिएका हुन्छन् जुनको बरु साहित्यिक लालित्य केही झल्किन्छ जस्तो महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेवको ई० १७९९ को चाँगुको तामापत्र । नत्र दान गरिएको जग्गाका चार किल्ला, सँधियार र साक्षीका नामैनामले र अरू नियमहरूले भरिएको हुन्छ । राजकीय स्थायी बन्दोवस्त सम्बन्धी केही तामापत्र पनि पाइन्छन् जुनको व्यवस्था सम्बन्धी महत्त्व देखिन्छ । यसका अनेक उदाहरण पनि पाइन्छन् ।

तामापत्रमा सुनको जलप लगाई प्रभावशाली पारिएका अर्का थरी धातुलेख भेटिन्छन् जुन विरलै हुन्छन् यस्तै विरला कोटिमा पर्ने यौटा 'सुवर्णपत्र' पश्चिम १ नम्बर नुवाकोटमा भैरवीको मन्दिरमा टाँसिएर रहेको छ । ई० १७९२ मा भोटको कुराले गर्दा चीनसँग पनि लडाई गर्नु पर्दा महाराजाधिराज रणबहादुर शाहका त्यतिखेरका मुख्तियार बहादुर शाहले नुवाकोटकी भैरवीलाई केही चढाउने भाकल पूरा गरी चढाएको यो 'सुवर्णपत्र' मा ओजपूर्ण ८ संस्कृत श्लोक प्रस्तुत गरिएका छन् ।

तामापत्रकै जस्तै पित्तलको उपभोग गरिएको देखिँदैन तर मन्दिरका छाना-छानामा लहरै चारैतिर छेउमा झुण्ड्याई राखिएका यस्ता पित्तलका लेख भने निकै लेखिएका देखिन्छन् । यस्ता लेखमा ठूल्ठूला अक्षर लेखाइएको हुन्छ जसलाई तलबाट पनि बुझ्न सकिन्छ । यस्तामा पनि सुनको जलप लगाइएको हुन्छ । यस्ता लेखका शाहकालीन उदाहरण धेरै मन्दिरमा रहेको देखिन्छ । यस्ता लेख पनि स्थानाभाव आदिले गर्दा परिचयात्मक स्वरूपका मात्र हुन्छन् ।

स्थायित्वको उद्देश्यको लागि लेखिने लेखहरू चाँदीमा लेखिएको पाइँदैन । मन्दिर र व्यक्तिगत उपभोगका लागि बनेका बहुमूल्य धातु चाँदीले बनेका भाँडामा मन्दिरमा चढाइएकामा चढाउनेको नाम र मिति आदि लेखिएका देखिन्छन्, दर्वारहरूमा पनि थोरथोर यस्तै चलन चलेको देखिन्छ तर तिनलाई हाम्रो सन्दर्भमा लिन पर्ने देखिँदैन । चाँदीको अभिलेखको यौटै उदाहरण पशुपतिमा रहेको छ । पशुपति मन्दिरको दक्षिणी ढोकाभित्रको दलानको पश्चिमी भित्तामा श्री ५ महेन्द्रको चाँदीको अभिलेख टाँगिएको छ । यो लेखमा माथ्तिरबाट अक्षरहरूमा मात्र सुनको जलप लगाइएको छ । चाँदीको यौटै स्वतन्त्र अभिलेखको रूपमा ई० १९६८ मा श्री ५ महेन्द्रबाट चढाइएको यस अभिलेखको महत्त्व स्पष्ट छ ।

फलाम वा कीट ढालेर अभिलेख तयार पार्ने चलन नेपालमा सम्भवत: ई० १९०० पछि चलेको देखिन्छ । खास गरी श्री ३ महाराज चन्द्रशम्शेरले यस्ता अभिलेख तयार पारी ठाउँ-ठाउँमा थापेको देखिन्छ । पशुपतिमा उनले तुलादान गरी राखेको स्तम्भमा पनि यस्तै अभिलेख पनि टाँसिएको छ । यस्तो योटा आर्को दुर्लभ उदाहरण चन्द्रशम्शेरलेनै थापाथलीमा वाग्मतीको पुलनेर आटामा थापेको विस्तृत अभिलेख हो । एक-एक हात लमाई र १-१ बित्ता जति चौडा १८ फलामका फलेकमा लेखिएको ई० १९०४ (संवत् १९६१) को यो विस्तृत अभिलेख उक्त फलेकहरू तीनतिर पारी योटा चेप्टो खाँबो वा सानो घर जस्तो बनाई थापिएको छ ।

२. धातुका मूर्ति र धार्मिक वस्तुका लेख

हामीले माथि अनेक सन्दर्भहरू यस्ता धातुका मूर्ति र धार्मिक वस्तुको चर्चा गरिसकेका छौं जुनमा परिचयात्मक लेख पनि लेखिएको पाइन्छ । जस्तो महाराजाधिराज रणबहादुर शाहले हनूमानढोकानेर थापेको श्वेतभैरवको गलानेर ई० १७९५ को मिति भएको संक्षिप्त परिचयात्मक लेख लेखिएको देखिन्छ । यो लेख त अप्ठेरो ठाउँमा पारी लेखिएको देखिन्छ । साधारणतया धातुका मूर्तिमा पादपीठ भागमै लेख लेखिएको हुन्छ, अरू धार्मिक वस्तुहरूमा चाहिं तिनकै एक भागमा । यस्ता लेख पनि ज्यादै संक्षिप्त हुने हुँदा धेरै कुरा परेको हुँदैन तैपनि त्यस्ता मूर्ति र वस्तुहरू कहिले बनेका हुन् भन्ने कुरा ठोकुवा गरेर भन्न यस्तै लेखले मद्दत गरेका हुन्छन् ।

३. घण्टाको लेख

नेपाली धातुकलाको आर्को विशेषता घण्टा ढाल्ने सीपमा रहेको देखिन्छ । साना र ठूला हरेक किसिमका घण्टा नेपालका मन्दिरका अत्यावश्यक अंग भएर आएका छन् । योटै प्रख्यात मन्दिरमा कयौं यस्ता ठूला-साना घण्टा पनि चढाइएका छन् । यस्तरी घण्टाको लोकप्रियता संसारका अरू देशमा भएजस्तो लाग्दैन ।

यस्ता घण्टाहरूमा आधा जतिमा लेख लेखिएको पाइन्छ । यस्ता लेखमा पनि धेरैजसो घण्टा चढाउने व्यक्तिको संक्षिप्त परिचय र मिति मात्रै लेखिएको हुन्छ तर घण्टैमा पनि अनेक श्लोक लखी राखिएको पनि देखिन्छ । यस्ता केही विशिष्ट घण्टाको परिचय तल प्रस्तुत गरिन्छ ।

१. पश्चिम १ नम्बर नुवाकोटमा भैरवीको मन्दिरमा बडामहाराजाधिराज पृथ्वीनारायण शाहका भाइ महोद्दामकीर्ति शाहले ई० १७६८ मा चढाएको घण्टामा संस्कृतका २ राम्रा श्लोक लेखिएका छन् ।

२. हनूमान्ढोकानेर दिगुतलेजुलाई महाराजाधिराज रणबहादुर शाहले ई० १७९७ मा यौटा विशाल घण्टा चढाएका थिए । नेपालमा देखिएका सबभन्दा विशाल-विशाल घण्टा जम्मा ३ ओटा पाइएका छन् तिनमध्ये दुईटा भदगाउँ र पाटनमा छन् । भदगाउँको विशाल घण्टा त्यहाँका मल्ल राजा रणजित्मल्लले ई० १७३७ (नेपाल संवत् ८५७) मा चढाएका थिए । पाटनको विशाल घण्टा पनि ई० १७३७ (नेपाल संवत् ८५७) मा त्यहाँका मल्ल राजा विष्णुमल्लले थापेका थिए । तिनकै शैलीमा रणबहादुर शाहले उक्त घण्टा चढाएका हुन् । जस्तो मल्लकालीन उक्त दुई घण्टामा संस्कृत श्लोक लेखिएका छन् त्यस्तै यसमा पनि । यसमा संस्कृतका ५ सुललित श्लोक लेखिएका छन् ।

३. पश्चिम १ नम्बर नुवाकोटमा भैरवीको मन्दिरमा काजी दामोदर पाँडेले ई० १८०१ मा यौटा घण्टा चढाएका थिए । त्यो घण्टामा सस्कृतका तीन सुललित श्लोक लेखिएका छन् ।

४. महाराजाधिराज रणबहादुर शाहकी माहिली महारानी सुवर्णप्रभा देवीले ई० १८०१ मा नक्सालमा नन्दिकेश्वरको मन्दिर बनाई यौटा घण्टा पनि चढाएकी थिइन् । त्यो घण्टामा संस्कृतको एक श्लोक लेखी पछि नेपाली र नेवारीमा अरू केही कुरा पनि लेखिएको छ । यिनै महारानीले धेरै मन्दिरमा अरू घण्टा चढाएको देखिन्छ ।

५. त्रिपुरेश्वरको मन्दिरमा महारानी ललितत्रिपुरसुन्दरी देवीले ई० १८१८ मा यौटा घण्टा चढाएकी थिइन् जसमा सुललित संस्कृत गद्य लेखिएको छ ।

६. पशुपति पञ्चदेवलमा ई १८७१ मा ती मन्दिर बनाई महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेव महाराजाधिराज सुरेन्द्रवीरविक्रम शाहदेव, युवराज त्रैलोक्यवीरविक्रम शाहदेव र महारानीहरू सुरराज्यलक्ष्मी र देवराज्यलक्ष्मीले एक-एक मन्दिरमा एक-एक ओटा घण्टा चढाएका थिए जुनमा परिचयात्मक १–१ श्लोक लेखिएको छ ।

७. सनकसिंह लाहुरी टण्डन क्षेत्रीले ई० १८७१ मा वत्तीसपुतली थुम्कोमा रामचन्द्रको मन्दिर बनाई यौटा घण्टा पनि चढाएका थिए। यो घण्टाका सुललित दुई संस्कृत श्लोक प्रस्तुत गरिएका छन्।

८. श्री ३ महाराज जंगबहादुर राणाले ई० १८७४ मा कालमोचनमा सत्यनारायण मन्दिरमा अभिलेखसहितको ३११ धार्नीभन्दा बढी तौलको घण्टा चढाएका थिए।

९. श्री ३ महाराज वीर शम्शेर राणाले वराहक्षेत्रमा ई० १८९२ मा यौटा ठूलो घण्टा चढाएका थिए।[1]

नेपाली मन्दिरमा चढाइएका सबै घण्टाका लेखको मात्र संग्रह गरे पनि यौटा ठेली पुस्तक तयार हुन सक्दछ, यहाँ त यौटा छोटकरी चिनारी मात्र प्रस्तुत गरिएको हो।

इ. काष्ठ लेख

नेपालमा काठको कलात्मक उपयोगको लामो इतिहास हुँदा त्यसको विविध प्रयोग भएको देखिन्छ। बेला-बेलामा काठले बनका कलाकृतिहरूमा परिचयात्मक लेख लेखिएको हुनु पनि उत्तिकै सम्भव छ। यो 'सम्भव' शब्दको प्रयोग यस कारणले गर्नुपरेको हो कि मल्लकालका त अभिलेखसहितका काष्ठकलाका उदाहरण बिरलै भेटिन्छन् मध्य र लिच्छविकालका त कुरै छोडौं, शाहकालमै बनेका काठका सबै कलाकृति पहिलेकै हालतमा छन् भन्न सकिँदैन। स्थायी वस्तु हुँदा शिलालेख झैं काष्ठलेख लेख्ने चलन पनि चलन सकेन। तैपनि शाहकालका यस्ता एक-दुईटा यस्ता उदाहरण भेटिनाले यो शीर्षक खोल्नै परेको हो।

१ काष्ठपत्र लेख

सामाजिक वा प्रशासनिक विज्ञापनको लागि काष्ठ-लेख लेख्ने चलन नहुनु स्वाभाविक हो यसैले यस्ता लेख पाइँदैनन् भनेर यहाँ पहिले नै

---

[1] यसको प्रकाशित अभिलेखमा 'धार्नि ६७९२' छापिएको छ (पुरातत्त्व पत्रसंग्रह, भाग–३ पृ० ५०)। अभिलेखको यो भनाइबाट (अर्थात् 'लेखक' ले यो घण्टा रहेको ठाउँसम्म पुग्न सकेको छैन) त यो घण्टा छ हज्जार सात शय बयान्नब्बे धार्नीको बुझिन्छ। के यो वास्तविक कुरा हुन सक्दछ ? प्रेसको गल्ती भनौं भने पनि उक्त पुस्तकको शुद्धिपत्रमा यसको केही चर्चा गरिएको छैन।

भनिहाल्नुपर्दछ । तर एक किसिमका विज्ञापन लेखिएका काष्ठपत्रका दुई उदाहरण प्रकाशित भएका छन् । पहिलो त जनकपुरमा रहेको छ । श्री ३ जंगबहादुर राणाले ई० १८७६ (संवत् १९३३ माघ) मा 'जनकपुरको पोखरीको जीर्णोद्धार गरी पोखरीको व्यवस्था बाँधी राखेको' ६९ हरपको काष्ठपत्र-लेख प्रकाशित भएको छ । वत्सलाको मन्दिरतिरबाट पशुपतिको मन्दिर जाने सानो ढोकामाथि ई० १९२४ को मिति भएको यौटा 'कठपत्र' रहेको छ जसमा ७ हरपको लेख लेखिएको छ । यो 'पशुपतिनाथको स्थानमा सबै जातका मानिसले गर्नुपर्ने नियमविषयमा बनेको सनद सवालको' कठपत्र हो । अघि यस्ता कठपत्र पशुपतिको मन्दिरभित्र जाने सबैतिरका ढोकामा थिए भन्ने पुराना मानिसहरूको भनाइ छ ।

२. काष्ठमूर्तिकलाका लेख

हामीले माथि नै यस विषयको अलिकति चर्चा त गरिसकेका छौं । शाहकालीन काष्ठकलाका विभिन्न किसिमका उदाहरणहरूको चर्चा त हामीले माथि पनि गरिसकेका छौं तर तिनमा लेखिएका केही परिचयात्मक लेखबाहेक अरू केही पाइन्न । अर्थात् त्यस्ता लेख भेटिए पनि तिनमा साहित्यिकताको अभाव हुनु स्वाभाविक पनि हो किनभने त्यस्तो अभिव्यक्ति गर्ने ठाउँ नै रहँदैन । तैपनि यस्ता लेखको उपयोग सम्बन्धित कलाकृतिको निर्माण-मिति जान्नको लागि हुन्छ भन्ने कुरा त स्पष्ट नै छ ।

ई. पत्र लेख

पत्र लेख शीर्षक अन्तर्गत हामीले कागतमा लेखिएका फुटकर कागतपत्र र विविध किसिमका ग्रन्थ-लेख आदि लिनुपर्दछ । कागजका छुट्टाछुट्टै पानामा प्रशासकीय चिट्ठीपत्र, रुक्का, लालमोहर आदि लेखिन्छ जुनको विषयवस्तु हेरी साना-ठूला विभिन्न आकार-प्रकार हुन्छ । यसै सन्दर्भमा अड्डाअदालतका ढड्डा र अरू किसिमका ठेलीहरूलाई पनि राख्नुपर्दछ । सामाजिक व्यवहारका तमसुक र चिठी-पत्रहरूलाई पनि यसै फाँटमा गाभ्नुपर्ला । सर्कारी र सामाजिक दुवै क्षेत्रमा देखिने देवस्थल र धार्मिक गुठीहरूसँग सम्बन्धित कागजपत्रहरूलाई पनि यसै सन्दर्भमा राखी हेर्नुपर्ला ।

ग्रन्थ लेखलाई पनि यसै सन्दर्भमा आर्कै उपशीर्षक अन्तर्गत राखी हेर्नुपर्दछ । यस्ता ग्रन्थ पाको कागतमा विधि पुर्‍याएर लेखी बलियो, दिगो र

राम्रो पार्न भरसक योजना गरिएको हुन्छ । यी कुराको स्पष्ट व्याख्या तल भिन्नाभिन्नै गरिन्छ ।

१. प्रशासनिक, सामाजिक र दानधर्मसम्बन्धी पत्रलेख

यस शीर्षकले 'लेखन' सम्वन्धी विस्तृत क्षेत्रलाई ओगट्न खोजेको छ । यस्ता लेखको वास्तवमा लेखा-जोखा गरिसाद्धै छैन तर यो पक्ष पनि महत्त्वपूर्ण र उल्लेखनीय हुँदा हाम्रो अध्ययनलाई राम्रो पृष्ठभूमि दिन पनि यिनको संक्षिप्त अध्ययन गर्नु जरुरी छ । खास गरी तत्कालीन वा समकालीन संस्कृतिका निर्माताहरूको व्यक्तित्वको स्पष्ट र सोदाहरण मूल्यांकनको निमित्त ।

सबभन्दा पहिले प्रशासनिक लेखकै कुरो उठाऔं । लिच्छविकालसम्म त नेपालमा प्रशासनिक संगठन बलियो रहेको थियो भन्ने थाहापाइन्छ तर तत्कालीन यस्ता सामग्री शिलालेखकै रूपमा मात्र पाइन्छ, तामापत्र आदि गलिसके । मध्य र मल्लकालमा प्रशासनतन्त्र कि त मौखिक थियो कि त स्थानीय मात्र यसैले त्यस्ता प्रशासनिक लेख पाइँदैनन् । मल्लकालका बरु ताडपत्र र ताम्रपत्रका तमसुक र दानधर्म र धरौटी आदि लेख पाइन्छ । नेपाललाई बलियो प्रशासनिक संगठन दिने शाहवंश नै हो र रामशाहले यस सन्दर्भमा बनाएको ऐन स्मरणीय छ । रामशाहपछिका र पृथ्वीनारायण शाहअघिका केही प्रशासन सम्बन्धी सर्कारी कागतपत्र भेटिएका छन् तर सामग्री विधिसाथ पाउन थालिन्छ पृथ्वीनारायण शाहको शासनकालदेखिका । उनका पालाका राजनीतिक, प्रशासनिक र दान-धर्म सम्बन्धी प्रशस्त कागतपत्र र शिलालेख-तामापत्र प्रकाशित भैसकेका छन् । उनैको संस्मरण 'दिव्य उपदेश' त अहिले नेपालीको कण्ठहार बनेको छ । रणबहादुर शाहको पालादेखि नेपालले जुन विशाल क्षेत्रमा उभिन पाएको थियो त्यसको प्रभाव स्वरूप प्रशासन सम्बन्धी कागतपत्रको बढी उपयोग हुन थालेको देखिन्छ । आन्तरिक प्रशासन, आक्रमण सम्बन्धी योजना, उपयुक्त सन्धि गर्ने कामका प्रशस्त कागत पत्र प्रकाशित भएका छन् र अप्रकाशित पनि उत्तिकै होलान् । पछि आफ्ना छोरा गीर्वाणको पालामा आफू मुख्तियार भएको वेलामा उनले ई० १८०५ (संवत् १८६२) मा राज्यव्यवस्था सम्बन्धी ४० 'सवाल' भएको यौटा 'पत्र' प्रसारित गरेको पाइन्छ ।[१] राज्यव्यवस्था सम्बन्धी यस्ता

---

[१] पूर्णिमा, २४ पृ० २३८–२४५

कागतपत्र प्रशस्त पाइएका छन् जुनको ई० १८४६ सम्म एक शैली देखिन्छ। ई० १८४६ पछि ई० १९५०–५१ सम्म राणाहरूकै हातमा प्रशासन-यन्त्र गएको अवधिमा पनि यस्तै किसिमका कागज पत्र पाइन्छन्, समयानुकूल किसिमका वक्तव्य भएका। यो पछिल्लो अवधिका त्यस्ता प्रशासन सम्बन्धी कागतपत्रको प्रकाशन र सम्पादन कर्म भएको छ।

सामाजिक र दानधर्म सम्बन्धी कागतपत्रहरूमध्ये अघिल्लोको प्रकाशन ज्यादै सीमित भएको छ।[1] ब्राह्मण वा मन्दिरहरूमा गरिएका दान प्रायः गरी स्थायित्वको विचारले तामापत्रमा लेख्ने गरिएको देखिन्छ तर यस्ता वक्तव्य भएका कागजपत्र पनि कम पाइएका छैनन्। तर यहाँ दुईटा यस्ता अमूल्य उदाहरणको चर्चा गरिन्छ। यौटा उदाहरण हो महाराजाधिराज गीर्वाणयुद्ध शाहदेवबाट ई० १८०८ मा केदारनाथमा आफ्नो राज्य अन्तर्गतको गढबाल श्रीनगरमध्ये 'मैषण्डा गर्षा' भन्ने गाउँ (हरू ? 'सदावर्त्त गुटी' राखिएको विवरण सम्बन्धी पत्र।[2] अर्को उदाहरण पनि यिनै महाराजाधिराजबाट आफ्नी मुमा महारानी कान्तवतीदेवीको संकल्प पुऱ्याउन ई० १७९७ मा बदरीनाथको प्रख्यात मन्दिरमा जाने यात्रुहरूमध्ये २५ हज्जार ६ सयलाई वैशाखदेखि कार्त्तिक महिनासम्म गरी सदावर्त्त बाँड्न भनी आफ्नो राज्य अन्तर्गत कुमाउँमध्ये एक गाउँ गुठी राखिदिएको वक्तव्य लेखिएको पत्र हो।[3] यो कागत पहिले संस्कृत भाषामा लेखिएको छ अनि नेपालीमा र त्यसपछि दान गरिएको गाउँतिर बुझिने 'मधेशिया' भाषामा। शाहकालमा राजाहरूले गरेका यस्ता दानधर्म सम्बन्धी प्रशस्त कागत-पत्र र अभिलेखहरू पाइन्छन् जुनको विस्तृत अध्ययन हुनु अत्यन्त जरूरी देखिन्छ।

---

१. केहीका उदाहरणको लागि जस्तो दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे (सं० १८१५-८८ } (पूर्णिमा, ९, पृ० ३८–४७, पूर्णिमा, १९. पृ० १४२–१५० इत्यादि) र राजज्योतिषी लीलानाथ पाँडे (सं० १८४३-८९ इत्यादि) हरू सम्बन्धी सामाजिक लेखहरू प्रकाशित भएका छन् यस्ता अरू पनि फुटकर केही कागतपत्रको उल्लेख गर्न सकिन्छ।

२. पूर्णिमा, १९. पृ० २१९–२२०.

३. पूर्णिमा, १९. पृ० २२१-२२३, यस पत्रको पुछारमा चाहिं ई० १८०९ को मिति लेखिएको छ। यो मितिमा कुनै कारण आइपर्दा थमौतीको कागत फेरि गरिएको देखिन्छ।

२. साहित्यिक र धार्मिक ग्रन्थ-लेख

हामीले आपनो मुख्य विषयलाई संक्षिप्त रूपले प्रस्तुत गर्न खोजे पनि त्यसलाई उपयुक्त सन्दर्भसाथ स्पष्ट्याउने ध्येय राखिएको छ साथै विषयको गम्भीरता हेरी त्यसलाई विस्तृत पृष्ठभूमिमा राखी हेर्ने गरिएको छ । त्यसै सन्दर्भमा हामीले माथि विभिन्न किसिमका लेखहरूको चर्चा पनि गरेका छौं । वास्तवमा समकालीन साहित्यसँग नदाँजी कुनै पनि समाजले विकसित गरेको कलाको उपयुक्त र यथातथ्य मूल्यांकन गर्न सकिएला जस्तो लाग्दैन । जुन उद्देश्यले हामीले माथि 'पत्र लेख' हरूको संक्षिप्त चर्चा गर्‍यौं त्यसै अनुसार यहाँ साहित्यिक र धार्मिक आदि ग्रन्थ—लेखहरूको सामान्य र सान्दर्भिक अध्ययन प्रस्तुत गर्न लागेका छौं ।

प्रस्तुत शीर्षकको व्याख्या गर्दा हामीले विभिन्न दृष्टिकोण राख्नुपर्दछ । पहिलो त हो यस्ता ग्रन्थहरूको आपातत. देखिने वाहिरी रूप । यो बाहिरी रूपमा हामी जसरी योटा सानो वा ठूलो आकारको पाको कागत वा नयाँ खालको कागतको ठेली देख्दछौं त्यो र त्यसको लिपि शैली आदि त 'ग्रन्थ' का बाहिरी रूप हुन् जुनको सम्बन्ध व्यावसायिक वर्गहरूसँग रहेको हुन्छ । जस्तो पाको कागत बनाउने भोटे वा अरू जातिको सीप अनि त्यसलाई काटकुट पारेर शंखले घोटी चिल्लो पारी, हरिताल लगाई, धागोले अदृश्य धर्का दिई मूल लेख सार्ने लिपिकार वर्गको सीप । एकैनासका काला चम्किने अक्षर लेख्ने लिपिकारको त यस सन्दर्भमा ठूलै जिम्मेदारी भैहाल्यो तर अल्लि धनी-मानी र खाइहाल्दा मूल लेखकको र लेखको स्वरूप अनुसार यस्ता लेखोट ग्रन्थका दुवै गाता र ग्रन्थका पानाहरूमा पनि रंगीन वा सादा चित्र बनाउने चित्रकार वर्गको पनि उपयुक्त ठाउँ मान्नै पर्ला । या त भयो लेखोट कितावको युग जुन आंशिक रूपमा आजैसम्म चलेको छ भन्न सकिएला तर श्री ३ जंगबहादुरको पालामै ई० १८६२ (संवत् १९१९) तिर नेपालमा किताव छाप्ने प्रेस रहेको बुझ्दा ग्रन्थको यो मेशीननिर्मित स्वरूपको थालनी पनि त्यसै बेलातिरदेखि भएको मान्नुपर्ने भएको छ र त्यस सम्बन्धी आर्कै किसिमको सीप त बिस्तारै-बिस्तारै गरेर आजसम्म निकै विकसित भैसकेको छ । यी दुवै किसिमको ग्रन्थलेखन र प्रकाशनको आफ्-आपनै इतिहास रहेको देखिन्छ । प्रेसको थालनी ई० १८६२ तिरदेखि थालिएको भए पनि ई० १९५०-५१ देखि मात्रै यो सर्वव्यापक हुन थालेको हो नत्र

लेखोट रूपमै मौलिक ग्रन्थका प्रतिहरू लिपिकार वर्गलाई लेखाई त्यसका इच्छुक वर्गले उपयोग गर्दथे । अध्ययन-अध्यापनको लागि उपयुक्त पुराना ग्रन्थहरू पनि लिपिकार वर्गद्वारा नै लेखाउन (सार्न) लगाई उपयोग गरिन्थ्यो । पुगिसरि आउनेहरू त लिपिकार वर्गको खर्च सहन सक्दथे नत्र अरू त आफैंले घुंडा धसी त्यस्तो खर्च जोगाउने पनि गर्दथे । आफैंले आफैं-लाई सारिएका वा लेखिएका यस्ता लेखोट ग्रन्थहरू प्रायः त्यति कलापूर्ण हुँदैनन् तर धनी-मानीले लेखाउन लगाएका पुस्तकहरू भने काठका गातामा उपयुक्त बेलबुट्टा र रंगी-चंगी चित्र आदिले गर्दा निकै कलात्मक देखिन्छन् । यस्ता ग्रन्थमध्ये खासगरी धार्मिक विषयकामा झन् कलात्मकता देखिन्छ । तिनमा गातामा काठमा बेलबुट्टा, भित्रपट्टि रंगी-चंगी चित्र र पानाहरूमा पनि सन्दर्भ अनुसारका रंगीन वा सादा चित्रहरू पनि बनेका देखिन्छन् । लिपि नै पनि कम्ती कलात्मक हुँदैन । साधारण ग्रन्थमै पनि कालो चम्किने मसीले लेखिएका यस्ता लेखोट पुस्तक कम्ती प्रभावशाली हुँदैनन् त्यसमाथि अधिकांशत: बौद्धधर्मका मुख्य-मुख्य ग्रन्थहरू त १-१।। हात लामा पातामा नीलो वा कालो रंग लगाई त्यसको पृष्ठभूमिमा सुन वा चाँदीको मसीले मिहेनत गरी लेखिएका लेखोट पानाको कल्पना गरौं । त्यो पनि रञ्जना जस्तो लिपिमा ।[1] त्यसमाथि पनि ठाउँ-ठाउँमा चित्रांकन थपिएका त्यस्ता लेखोट ग्रन्थहरू देख्दा हामीलाई कस्तो लाग्ला—उत्तर स्पष्टै छ । विद्या र धर्मप्रति नेपाली जातिको आदर र भक्तिका यस्ता अमूल्य उदाहरण हुन् जुनको उस्तै प्रभावशाली उदाहरण संसारका अरू देशमा पाइँदैन भनेर किटिदिनु पनि यहाँ अप्रासंगिक नहोला । रञ्जनामा लेखिएका लेखोट पुस्तकका त कुरै छोडौं नागरी र नेवारी लिपिले लेखिएका ग्रन्थहरूको पनि कम्ती कलात्मकता हुँदैन ।

राज्यको प्रशासन आदि कार्यमा जति लेखपढ हुन्थ्यो त्यत्तिनै वा त्यसभन्दा केही बढी पनि साहित्यिक-शैक्षिक-धार्मिक ग्रन्थहरूको लेखन कार्य

---

१. मध्यकालतिर (ई० ११ औं शताब्दीतिर) देखि विकसित भएको रञ्जना लिपिको उपयोग शिलालेखहरूमा पनि भएको देखिन्छ तर यसको उपयोग खास गरी धार्मिक-त्यो पनि खास गरी बौद्धग्रन्थ-लेखनको काममा गरिने गर्दथ्यो । यो काम निरन्तर रूपले आजसम्म चलेको छ भन्न सकिन्छ । शाहकालीन यस्ता उदाहरण पनि प्रशस्तै हुन सक्दछन् ।

हुन्थ्यो । प्रेसबाट प्रकाशन कार्य थालिनुअघि त लिपिकार वर्गबाटै ग्रन्थहरूको प्रतिलिपि लेखाई–लेखाई काम चलाइन्थ्यो । हिजो आज छापिएका धार्मिक ग्रन्थको दान गरेझैं उस वेला हातले लेखेका धार्मिक ग्रन्थहरूको बहुमूल्य दान पनि गरिन्थ्यो, आफ्नो संग्रह बनाइन्थ्यो[1] र विद्वान् र विद्यार्थीहरूलाई पढ्नको लागि उपहार, विधिवत् दान वा उधारो पनि दिइन्थ्यो । उता मौलिक ग्रन्थ लेखनेहरू पनि विषय-ग्रन्थको रचना गरी महाराजाधिराज, राजपरिवारका अन्य सदस्य, भार्दार वा समाजका महत्त्वपूर्ण व्यक्तिहरूबाट यथोचित मान—समान र पुरस्कार पाउने गर्दथे । यस्तो गतिविधिले गर्दा विद्याको यथोचित स्थान समाजमा रहेको कुरा त स्पष्ट थाहापाइन्छ । उक्त कुराहरूमै केही थप-घट भई आजको प्रेसको युगमा पनि विद्या सम्बन्धी उपर्युक्त गतिविधि निकै राम्ररी चलेको देखिन्छ जसमा मुख्य फरकचाहिं ग्रन्थको बाह्य स्वरूपको कलात्मकतामा देखिन्छ । यस विषयको समग्र अध्ययन प्रकाशित भएपछि हामीले यहाँ औंल्याउन खोजेको कुरा अझ राम्ररी स्पष्ट हुने छ ।

उ. शैलीगत अध्ययन

यस शीर्षक अन्तर्गत हामी 'धार्मिक–सामाजिक–साहित्यिक कला' को हामीले माथि राखेको शीर्षक अन्तर्गत जति किसिमका 'लेख' हरूको बयान गरेका छौं तिनको विषयवस्तु वा कथ्यको यथोचित मूल्यांकन गर्ने प्रयत्न गर्नेछौं । यो मूल्यांकन तलका विभिन्न उपशीर्षक अन्तर्गत प्रस्तुत गर्नेछौं ।

१. लिपि र सम्बन्धित कला

'नेपालमा साहित्यिक अभिव्यक्तिको लागि लिपिको उपयोगको निकै लामो इतिहास छ । नेपालमा जुन पहिलो शिलालेख पाइएको छ त्यो

---

[1] यस सन्दर्भमा 'वीर पुस्तकालय' 'दरबार लाइब्रेरी' नामको हाल परिवर्तित 'राष्ट्रिय अभिलेखालय' को इतिहास उल्लेखनीय छ । यसको इतिहास निकै लामो रहेको देखिन्छ । जसमा ई० १८६० मा अघिदेखिका संगृहित विभिन्न विषयका ३९ लेखोट हराएकाले श्री ३ जंगबहादुरले खोजबीन गराई त्यति नै लेखोट पुस्तक उक्त पुस्तकालयमा जम्मा गराएको यौटा सन्दर्भको उल्लेख पाइन्छ (Padmajang Bahadur Rana, Life of Mahraja Sir Jung Bahadur of Nepal, Allahabad, 1909. P. 241-43) ।

ई० ४०० तिरको हो र त्यसमा ब्राह्मी लिपिको उपयोग गरिएको छ। तराईमा चाहिं लुम्बिनीमा सम्राट अशोकको जुन स्तम्भाभिलेख पाइएको छ त्यो ईस्वीपूवं तेस्रो शताब्दीतिरको हो र त्यसमा पनि उक्त ब्राह्मी लिपिको पुरानो रूप देखिन्छ । त्यही ब्राह्मी लिपि समयको साथसाथै फेरिंदा कुटिला, रञ्जना, भुजिमोल, नागरी र नेवारी लिपिका रूपमा आए। भारतका प्रान्तीय लिपि (बंगाली, गुजराती, आसामी, उडिया, गुरुमुखी, शारदा, तमिल, तेलुगु, मलयाली आदि) पनि यसरी नै बनेका हुन् । ईश्वीको चौथो शताब्दीतिर नेपालमा पश्चिमतर्फ नागरी लिपि र माझमा नेवारी लिपिको प्राचीन रूप चल्न थालेको देखिन्छ । बडामहाराजाधिराज पृथ्वीनारायण शाहका सबै चिट्ठीपत्र स्वाभाविक रूपले नागरीमा लेखिएका छन् र उनको काठमाण्डूको वसन्तपुर दर्बारका ई० १७६९ का दुवै शिलालेख यसैमा लेखिएका छन् । तर काठमाण्डू उपत्यका र पूर्वका केही नजीकका भेकमा नेवारहरूले थापेका शिलालेखहरू भने नेवारी लिपिमा लेखिएका छन् । यो क्रम केही अघिसम्म चलेको देखिन्छ । नेवारी लिपिमा लेखिएको अन्तिम महत्त्वपूर्ण— उल्लेखनीय शिलालेख ई० १९६७ को काठेसिम्भूमा रहेको छ जसको उल्लेख एकपल्ट माथि नै गरिसकिएको छ । हुन त कुनै लिपिमा पनि मिहिनेत गरी लेखिएको शिलालेख-अभिलेख राम्रै देखिन्छ तर नागरी भन्दा नेवारी लिपिका शिलालेख-अभिलेख अलि राम्रा देखिन्छन् । यस सन्दर्भमा ई० १८०४ को पचलिभैरवनेरको पाटीको सानो शिलापट्टलेख(चित्र संख्या-७७) उल्लेखनीय छ । यस्तै पाटन यंपिबहि चैत्यको पेटीमुन्तिर रहेको महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवको पालाको शिलालेख र त्यसको अलंकृत सिरान (चित्र संख्या - ७९) को पनि उल्लेख हुनु आवश्यक छ । यसमा फूलबुट्टाहरूसाथ चैत्यको चित्रण गरिएको छ र लेखअघि नेवारी लिपिमा बडो राम्रोसँग साहित्यिकता समेत ल्याई 'श्री ५ राजराजेन्द्रमहीपतीन्द्र' लेखिएको छ । प्रधानमन्त्री माथवरसिंह थापाको घरहरानेरको ई० १८४४ को शिलालेखमा पनि लिपि कुंद्ने कला निकै राम्रो भएको छ र साथै सिरानको चित्रांकन पनि निकै राम्रो देखिन्छ जसमा दुई सिंहको अंकन गरिएको छ (चित्र संख्या—८० मा यौटाचाहिंको चित्र प्रस्तुत गरिएको छ) । यस्तै पाटन गीननाथ मन्दिरको घण्टा झुण्ड्याएको ढुंगाको चौकोसको ई० १८७९ को अभिलेख अति राम्ररी कुंदी प्रस्तुत गरिएको छ (चित्र संख्या—८१) । यो अत्यन्त सुग्घरी अभिलेख शिल्पकार कृष्णवीर भारोले

कि त आफैंले लेखेका हुन् कि लेख्न लगाएका हुन्। चढाएको त उनैले हो तर आफैं उनी शिल्पकार देखिंदा आर्को वितर्क पनि निकाल्न खोजिएको छ। यस्तै सुग्घरी अभिलेख—कला जीतजंग राणाको पशुपति राजराजेश्वरीको विशाल शिलालेखमा पनि देखिन्छ (जसको एक अंश चित्र संख्या—८२ मा प्रस्तुत गरिएको छ) जो ई० १८८० को रचना हो। सुग्घरी र कलात्मकतामा हालसालका शिलालेखहरूमा टुंडीखेलको महांकाल मन्दिरको सींढीमुन्तिरको ई० १९६१ को श्री ५ महेन्द्रवीरविक्रम-शाहदेवको संगमर्मरको शिलालेख यौटा हो। आर्को चाहिं काठमाण्डू काठेसिम्भू चैत्यको पश्चिमतर्फ पेटी मुन्तिरको ई० १९६७ को शिलालेख हो। उदाहरणसहितको समीक्षाको लागि यहाँ यति मात्रै अध्ययन प्रस्तुत गरिएको छ अरूको त माथि पनि बयान गरिसकेका छौं।

उपयोगिताको दृष्टिले नेपालमा नागरी (जसलाई नेपाली पनि भन्न सकिन्छ) र नेवारीका अभिलेखहरू पाइए पनि कतैकतै अरू लिपिको प्रयोग भएको पनि देखिएको छ। ई १६५४ मा कान्तिपुरका राजा प्रतापमल्लले आफ्नो बौद्धिक प्रभाव देखाउन १५ थरी लिपि भएको विशाल शिलालेख हनूमान् ढोकाको बाहिरी आँगनमा राख्न लगाएका थिए। तर त्यो यौटा आकस्मिक घटना थियो। शाहकालमा पृथ्वीनारायण शाहको पालामा त हैन अलि पछिदेखि भार्दार र कर्मचारीहरूले फारसी र ऊर्दूको केही अभ्यास गर्न थालेको अन्दाजी गर्न सकिन्छ किनभने त्यतिखेर भारततिरका अनेक राजनीतिक शक्तिहरूसँग चिठीपत्रको आदान-प्रदान गर्न थालिएको थियो र त्यसको माध्यम फारसी वा ऊर्दूमात्रै हुन सक्दथ्यो। झण्डै यसै वेलातिर अंग्रेजीको पनि केही प्रभाव पर्न थालेको हुनुपर्दछ। अंग्रेजीको प्रभाव त बिस्तारै-बिस्तारै बढ्न थाली आजसम्म त्यसले व्यापक स्थान पाइसकेको छ तर शिलालेखको रूपमा यसको उपयोग कम नै भएको देखिन्छ। तर नागरी र नेवारी वाहेक अरू लिपिका अभिलेखहरूको चर्चा गर्दा सर्वप्रथम बमबहादुर राणाद्वारा गुह्येश्वरी मन्दिरमा चढाइएको स्तम्भको चर्चा गर्नु उचित देखिन्छ जसमा ८-८ हरफमा ठूल्ठूला अक्षरमा क्रमश: अंग्रेजी (लिपि रोमन), बंगाली, उर्दू, भोटे, नेवारी र नागरी लेख प्रस्तुत गरिएका छन्। यो अभिलेख ई० १८५० मा लेखाइएको हो। भोटे लिपिको प्रयोग त नेपालमा अरू ठाउँहरूमा पनि र खास गरी स्वयम्भू स्तूप र बौद्धको स्तूपमा भएका केही शिलाहरूमा गरिएको देखिन्छ। हाल लुमडीथानको

पूर्वतर्फ रहेको महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेवको ई० १९२९ मा थापिएको प्रभावशाली सालिकको वेदिकामा पनि नेपाली र अंग्रेजीको परिचय—लेख लेखिएको छ। हाल 'शहीदगेट' नेर टूंडीखेलको पश्चिमोत्तर कुनामा रहेको श्री ३ महाराज जङ्गबहादुर राणाको प्रभावशाली वेदिकामुन्तिर पनि जुन संगमर्मरको परिचय—लेख लेखिएको छ त्यसमा पनि नेपाली अंग्रेजी र ऊर्दूको प्रयोग गरिएको छ। यस्तै अरू अनेक उदाहरण पनि हुन सक्दछन् जस्तो यौटा त श्री ५ महेन्द्रवीरविक्रम शाहदेवको भक्तपुर न्यातपोल देवलको पेटीमै छ जुन अंग्रेजीमा लेखिएको छ।

उपयोग गरिते लेखोट पुस्तकहरूमा पुराना अरू लिपिबाहेक भोटे र मैथिल लिपिको पनि प्रशस्त प्रयोग गरिएको देखिन्छ। लामाहरू त आजैसम्म पनि पूजापाठमा भोटे लिपिका लेखोट पुस्तककै प्रयोग गर्दछन् र यो मातृ भाषा हुने नेपालीहरू लेखपढमा पनि यसैको प्रयोग गर्दछन्, नेपाली मैथिलहरूले चाहिं मैथिल लिपिको प्रयोग गर्न छोडेको देखिन्छ, भारतमै पनि यही चलन छ जस्तो लाग्दछ। नेपालमा प्रचलित आर्को लिपि—किराँती पनि हो र यसका पाण्डुलिपि पनि निकै पाइन्छन्। शिलालेखको रूपमा यस लिपिको यौटै उदाहरण आजसम्म पाइएको छ। यो उदाहरण पाटन लगनखेलमा तिकेदेबलको रूपमा प्रख्यात मन्दिरमा टाँसिएको छ। यो ई० १९५६ मा लेखाई राखिएको हो। सांस्कृतिक दृष्टिले यस शिलालेखका नायक प्रेमबहादुर लिम्बूले किराँती लिपिमा यो लेख थाप्न लगाएका थिए तर उनले त्यही कुरा नेपाली भाषामा पनि लेखाई थापी व्यावहारिकताको गुन पुऱ्याएका छन्। ई० १९५०-५१ पछि आएको जागरणको यौटा उदाहरणको रूपमा यसलाई लिन सकिन्छ। लिपिको भाषासँगको सम्बन्ध बारे तल भाषा शीर्षक अन्तर्गत अरू सन्दर्भ आउने छन्।

२. क. भाषा

नेपालका सबै भाषाहरूको यथोचित अध्ययन आजसम्म भएको छैन यसैले यस विषयमा धेरै भ्रमहरू पनि फैलिएका छन्। हाल नेपालमा नेपाली, हिन्दीको ग्रामीण रूप, तामाङ, नेवारी, थारू, मैथिली, मगर, राई-किराँती, गुरुङ, लिम्बू, हिन्दी, भोटे-सेर्पा, राजवंशी, ऊर्दू, सुनुवार, सतार, भोजपूरी, चेपाङ, थामी, बंगाली, दनुवार, माझी, धिमाल, झंगार, मजबारी, कुमकाले, थकाली, दराई, जिरेल, वियान्गी (?) राजी आदि भाषा बोल्ने

मानिस छन् जुनको नेपालभित्र मात्र जनसंख्या १ करोड १५ लाख जति पुगिसकेको छ । सबैभन्दा धेरै संख्यामा नेपाली बोलिन्छ । जातिको हिसाबले नेपाली, हिन्दीको ग्रामीण रूप, मैथिली, ऊर्दू, भोजपूरी र बंगाली भाषा बोल्ने मानिसहरू विभिन्न जातका छन् र माथि चर्चिएका अरू भाषा बोल्नेहरूको आफ्-आफ्नै जात छ । उक्त सबै जातिलाई १. आदिकालीन आर्येतर जाति २. आर्य र ३. आर्येतर अरू जाति र ४. मिश्रित जाति रूपमा ४ विभाग गर्न सकिन्छ । यो संक्षिप्त परिचयपछि हामीले यी भाषाको साधारण स्वरूपबारे पनि विचार गर्नु आवश्यक देखिन्छ । नेपाली, हिन्दी, नेवारी, ऊर्दू, बंगाली, राई–किरांती र भोटे भाषाको साहित्यिक इतिहास छ तर तिनमध्ये नेपाली, नेवारी र राई–किरांतीको साहित्यिक विकास नेपालमै भएको हो र अरूको नेपालभित्र साहित्यिक विकास भएको छैन— हिन्दी, ऊर्दू र बंगालीको साहित्यिक विकास भारतमा भएको र भोटेको तिब्बतमा भएको हो । अब बाँकी नेपाली, नेवारी र राई–किरांतीको साहित्यमा पनि अघिल्ला दुईको प्राचीनता देखिन्छ र पछिल्लोचाहिंको इतिहास अस्पष्ट छ र त्यसका प्राप्य पाण्डुलिपिहरू ज्यादै सीमित संख्या देखिन्छ । यसमा संस्कृत भाषाको प्रभाव पनि छँदै छैन भने पनि हुन्छ । संस्कृतकै आडमा नेपाली र नेवारी साहित्यको अभिवृद्धि भएको देखिन्छ र तिनको भाषात्मक स्वरूपमा पनि संस्कृत भाषाको विशेष स्थान रहेको देखिन्छ । यति भन्नाको कारण हो इतिहासको क्रमसँग उक्त दुई भाषाको सम्बन्ध देखाउनु । ई० ४०० तिर देखिका नेपाली शिलालेखहरूमा संस्कृत भाषाले जुन प्रभावशाली स्थान ओगटेको देखिन्छ त्यसकै पृष्ठभूमिमा नेपाली र नेवारीको भाषात्मक स्वरूप र साहित्यिक विकास भएको बुझिएको छ । नेवारी भाषा र साहित्यको विकास त काठमाण्डू-उपत्यका भेकमै भएको हो तर नेपाली भाषाको विकास चाहिं सुदूर पश्चिमाञ्चलमा जुम्लातिर भएको मानिन्छ । नेपाली भाषाको प्राचीनतम स्वरूप जुम्ला भेकमा राजधानी पारी शासन गर्ने खस–मल्ल वंशका एकजना राजा आदित्य–मल्लको ई० १३२१ (संवत् १३७८) को मितिको गोर्खा जिल्लामा पाइएको द्विभाषी (नेपाली–तिब्बती) तामापत्र हो ।[१] नेवारीको पनि ई० ११७० तिरको यौटा संक्षिप्त

---

[१] मोहन प्रसाद खनाल, "दुइ प्राचीनतम तामापत्र," समीक्षा, साप्ताहिक–वर्ष–१३. अंक २०. सोमवार जून ५. १९७२.

शिलालेख पाइएको छ । अर्थात् यी दुवै भाषा लिपिबद्ध हुन थालेको पूर्व-मध्यकालमा हो र यिनको गति पनि झण्डै एकै किसिमको रहेको देखिन्छ । अर्थात् लिच्छविकालमै अलि पछि यी दुई भाषाको स्वरूप-रचना भएको मान्न सकिने देखिन्छ । नेवारी भाषा आर्येतर वर्गमा तिब्बत-बर्मी खलकमा पर्दछ भनी सकारिएको छ तर यसमा जुन किसिमबाट संस्कृत शब्द लिइएको छ त्यसबाट यस भाषाको संस्कृतसँगको सम्पर्क ज्यादै पुरानो देखिन आउँछ । यस्तै कुरा नेपालीबारेमा पनि भन्न सकिन्छ । विद्वान् इतिहासकार—भाषाविद्ले विशेष रूपले सोध-खोज गरेपछि यसबारेमा स्पष्ट मूल्यांकन प्राप्त गर्न सकिने आशा तथा विश्वास संगाल्न सकिन्छ ।

एकातिर संस्कृत भाषा नेपालमा ई० ४०० भन्दा अघिदेखि आजसम्म प्रभावशाली स्थान पाइआएकै छ भने अर्कोतिर मध्यकालदेखि नेपाली र नेवारीको उपयोग बढ्दै आउन थालेको देखिन्छ । यही कुरा हामी ई० १५५९ देखि ई० १९७५ सम्मको अवधिमा पनि देख्दछौं ।

ई० १५५९ मा द्रव्यशाहद्वारा गोर्खा राज्यको स्थापना गर्दा त्यतातिरको भेक र धेरथोर नेपालका अरू-अरू भागमा पनि नेपाली भाषाको प्रभाव क्रमशः बढिरहेको थियो । तैपनि स्मारक-लेखहरूमा गोर्खा-राज्यमा संस्कृतले नै ठाउँ ओगटेको देखिन्छ, यद्यपि प्रशासन र बोलचालको प्रमुख भाषा नेपाली नै रहेको थियो । शाह राजाहरूले नेपाली भाषामा लेखाई राख्न लगाएको पहिलो स्मारक-लेख श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको ई० १७६३ को तामापत्र हो भन्ने देखिएको छ । मध्यकाल देखि संस्कृतसाथै नेवारीको पनि आंशिक उपयोग शिलालेख-अभिलेखहरूमा गरिने काठमाण्डू-उपत्यकामा पनि ई० १६४१ र ई० १६७० मा त्यहाँका मल्ल राजाका राजकीय शिलालेखहरूमा नेपाली भाषाले स्थान पाइसकेको र त्यसभन्दा केही पछिका अरू यस्ता ऐतिहासिक सामग्री पाइएका छन् । अर्थात् नेपाली भाषाको काठमाण्डू-उपत्यकामा निकै अघिदेखि प्रचार-प्रसार हुन थालेको देखिन्छ । ई० १७६८-६९ देखि त नेपाली भाषाभाषी अनेक वर्गहरूले बसाइँ सरेकोले अब नेपाली भाषाको नवीन स्वरूपको निर्माण यहींबाट हुन थालेको देखिन्छ । क्रमैसँग यस भाषालाई अरू भाषाभाषीले पनि सकारी त्यसलाई विभिन्न रूपमा प्रयुक्त गरेको पनि देखिन्छ ।

ई० १७६८–६९ देखि क्रमशः विस्तृत हुँदै गएको नेपालमा भाषागत स्थितिको विचार गरौं । यो विषयलाई हामी तलका उपशीर्षक अन्तर्गत स्पष्ट पार्नेछौं:—

१. संस्कृत–अभिलेख ।
२ नेपाली–अभिलेख ।
३ संस्कृत र नेपाली अभिलेख ।
४ नेवारी अभिलेख ।
५. संस्कृत–नेवारी अभिलेख ।
६. अन्य किसिमका भाषाका अभिलेख ।

उक्त ६ उपशीर्षकहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिन्छ ।

१. संस्कृत भाषाका अभिलेख

भारत र नेपालमा मात्र हैन एशियाका अरू देशहरूमा पनि विद्वान्हरूको र साहित्यिक अभिव्यक्तिको माध्यमको रूपमा संस्कृतको अत्यन्त महत्त्वपूर्ण स्थान धेरै अघिदेखि चलिआएको हो । भारत र नेपालमा त लामो जुगसम्म प्रशासन-व्यवस्थाको माध्यमको रूपमा पनि संस्कृतको उपयोग गरिन्थ्यो । मध्यकालतिरदेखि भने प्रशासनको भाषा स्थानीय भाषा हुन थाल्यो, नेपालमा नेपाली र नेवारी र भारतमा अरू स्थानीय भाषाहरू । तैपनि विभिन्न उद्देश्यको निम्ति लेखाई राखिने शिलालेख–अभिलेखहरू संस्कृतमै लेख्ने चलन त दिगै रहिरह्यो । त्यस्तै साहित्यिक अभिव्यक्तिको माध्यमको रूपमा पनि संस्कृतकै उपयोग भई नै रहेको देखिन्छ यद्यपि माथि हामीले औंल्याइसकेझैं यसमा पनि स्थानीय भाषाले बिस्तारै–बिस्तारै ठाउँ पाउन थालेको र हालसम्म त त्यसको गतिविधिले संस्कृतको महत्त्व र प्रभावलाई होच्याइसकेको पनि छ ।

शाहकालमा संस्कृत भाषाले महत्त्वपूर्ण उपलब्धि गरेको देखिन्छ जसका आभिलेखिक प्रमाण र साहित्यिक ग्रन्थका प्रशस्त उदाहरण पाइन्छन् । बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवका राजनीति र प्रशासन सम्बन्धी कागतपत्र सबै नेपालीभाषामा लेखिएका छन् उनका नुवाकोट र वसन्तपुर दर्बारका गरी ३ शिलालेख संस्कृत पद्यमा रचिएका छन् जुनमा साहित्यिक स्तर माथिल्लो देखिन्छ । यो क्रम नटुटीकन हालसम्म आएको छ[1] तर महत्त्वपूर्णहरूको केही उदाहरणको मात्र यहाँ परिचय दिइन्छ ।

---

[1] हेर्नू—परिशिष्टमा शिलालेख–अभिलेखहरूको सूची ।

ई० १७७६ देखि ई० १८०६ को अवधिको बीचमा लेखिएका संस्कृत अभिलेखहरूमा – काठमाडौं चिकँमुगलटोलको सरूपसिंह कार्कीको शिलालेख (ई० १७७६), चित्लाङ बस्न्यातपौवाको अभिमानसिंह बस्नेतकी पत्नी इच्छावतीको शिलालेख (अन्दाजी ई० १८७५), महाराजाधिराज रणबहादुर शाह र राजकुमार बहादुर शाहको नुवाकोटको सुवर्णपत्राभिलेख (ई० १७९२), पश्चिम मान्खुको पाटीको लक्ष्मीपति पाँडेको शिलालेख (ई० १७९५), महाराजाधिराज रणबहादुर शाहको हनूमान्ढोका ठूलो घण्टाको लेख (ई० १७९७), नुवाकोट भैरवी मन्दिरको घण्टाको काजी दामोदर पाँडेको अभिलेख (ई० १८०१), महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको चाँगुको ताम्रपत्राभिलेख (ई० १७९९) आदिको उल्लेखनीय महत्त्व देखिन्छ ।

ई० १८०७ देखि ई० १८४१ को बीचको अवधिका संस्कृतका महत्त्वपूर्ण अभिलेखहरूको महाराधिराज गीर्वाणयुद्धविक्रम शाहको वाग्वती अभिलेख (ई० १८१०) महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवको त्रिपुरेश्वर घण्टाका अभिलेख (ई० १८१८), महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवको त्रिपुरेश्वर मन्दिरको स्तम्भाभिलेख (ई० १८२०) आदि पर्दछन् ।

ई० १८४२ पछि ई० १९५७ को अवधिको बीचका संस्कृत अभिलेखहरूमा–थापाथली पाञ्चायनको श्री ३ महाराज जङ्गबहादुरको शिलालेख (अन्दाजी ई० १८६८ ?), पशुपति पञ्चदेवलका घण्टाको महाराजाधिराज राजेन्द्र, महाराजाधिराज सुरेन्द्र, युवराज त्रैलोक्य, महारानी त्रैलोक्यमोहन राज्यलक्ष्मीका लेख (ई० १८७१) खड्गबहादुर कुंवरको धनकुटाको शिलालेख (ई० १८५७) आदि हुन् ।

ई० १९५७ पछिका संस्कृतका शिलालेखहरूमा स्व० श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका पशुपति वंशावलिको लेख(ई० १९५९), गुह्येश्वरीमा रहेका सालिकको स्तम्भलेख (ई० १९६८) र लाजिम्पाट नीलसरस्वतीको पाटीको शिलालेख (ई० १९६१) उल्लेखनीय हुन् ।

२. नेपाली भाषाका अभिलेख

माथि १ अन्तर्गत हामीले जसरी खालि संस्कृत भाषामा लेखिएका अभिलेखहरूको चर्चा, मात्र लेखिएका अभिलेखहरूको चर्चा गर्दछौं । यहाँ

हामी प्रशासनिक कागतपत्र र साहित्यिक ग्रन्थहरूलाई खाली शिलालेख—अभिलेखहरूको मात्र विचार प्रस्तुत गर्दछौं ।

समग्र रूपमा नेपाली भाषामा लेखिएको पहिलो अभिलेख बडामहाराजाधिराज पृथ्वीनारायण शाहको मनकामनाको तामापत्र (ई० १७६३) हो । नेपालीमै लेखिएको उनको आर्को अभिलेख (ई० १७६७) पूर्व १ नं० भमरकोट मोढीपाटिमा रहेको छ । यसपछिका नेपाली अभिलेखहरूमा–रामाजित खँड्काको चाँगु कीलेश्वरको तामापत्र (ई० १७८०), महाराजाधिराज रणबहादुर शाह र उनकी संरक्षिका मुमामहारानी राजेन्द्रलक्ष्मीदेवीको पालाको विजयपुरका इष्टिका–अभिलेख (ई० १७८०), रुद्रवीर शाहको बैंतडी देवलहाटको अभिलेख (ई० १८१५), महाराजाधिराज राजेन्द्रको हनूमान्ढोकाको शिलालेख (ई० १८२५), महाराजाधिराज राजेन्द्रको भक्तपुर दर्बार सुनढोकाको तामापत्र (ई० १८२६), पाटन शंखमूल जगत्नारायण मन्दिरको जगत् शम्शेरको स्तम्भाभिलेख (ई० १८५५)कालमोचन सत्यनारायणथानको श्री ३ महाराज जंगबहादुरको स्तम्भाभिलेख (ई० १८७४), श्री ३ महाराज जंगबहादुरको जनकपुरको काष्ठपत्राभिलेख (ई० १८७६), सिंहदर्बार गोपुरको श्री ३ महाराज चन्द्रशम्शेर राणाको शिलालेख (ई० १९१३), मृगस्थली गोरक्षनाथको श्री ३ महाराज चन्द्रशम्शेर राणाको कविता-लेख (ई० १९२४), श्री ३ महाराज जुद्धशम्शेर राणाका ई० १९३२ देखि १९४४ सम्मका १२ अभिलेख[1], स्व० श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका ई० १९५८ तिरदेखि ई० १९७० सम्मका ११ अभिलेख आदि हुन् ।

३. संस्कृत र नेपाली अभिलेख

अभिलेखहरूमा नेपाली प्रयोग खास गरी संस्कृतसाथै गरिएको पनि पाइन्छ जस्तो मल्लकालतिरका अभिलेखहरूमा संस्कृतसाथै नेवारीको स्थान रहने गर्दथ्यो ।

माथिल्लो आधा भाग संस्कृतमा र त्यसमुनि अलिकति वा आधा जति भाग नेपालीमा अभिलेखहरूमा–जनकपुर राममन्दिरको सर्दार अमरसिंह थापाको शिलालेख (ई० १७८२), गोकर्णश्वरको गर्भु बोगटीको शिलालेख

---

[1] माथिदेखि चर्चिएका सबै अभिलेखहरूको क्रमागत तालिका र परिचय परिशिष्टमा प्रस्तुत गरिएको छ ।

(अन्दाजी ई० १७८५), भोटुपाँडेको नरदेवीको शिलालेख (ई० १७९२), भोटुपाँडेको पशुपतिको शिलालेख(ई० १८०६), भोटुपाँडेको पकनाजोलको शिलालेख (ई० १८०७), महारानी सुवर्णप्रभाको नन्दिकेश्वर बहाल नक्सालको शिलालेख (ई० १८०८), महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेव र संरक्षिका महारानी ललितत्रिपुरसुन्दरी देवीको वाग्मतीपुलको स्तम्भाभिलेख (ई० १८१०), रानी लक्ष्मीदेवीको पचली लक्ष्मीश्वर मन्दिरको शिलालेख (ई० १८१२), रणध्वज थापाको शंखमूल पाटन जयेश्वर मन्दिरको स्तम्भाभिलेख (ई० १८२०), तीनधाराको कालीदास डिट्ठाको शिलालेख (ई० १८२७), पशुपतिको सुब्बा कुलानन्दझाको शिलालेख (ई० १८३४), पाटनमा भएको सम्यक्को श्री ५ राजेन्द्रलाई आएको निम्ता-पत्र (ई० १८३४), राजबहादुर शाहका छोरा शत्रुभञ्जन शाहको पचलीको शिलालेख(ई० १८४१), माथबरसिंह थापाको धरहरानेर देवी मन्दिरको शिलालेख (ई० १८४४), जर्नेल जयबहादुर कुंवर राणाजीको मृगस्थलीको शिलालेख (ई० १८४८), धीरशम्शेर राणाको मृगस्थलीको शिलालेख (ई० १८६८), धीरशम्शेरको नारायणहिटी धीरनारायणको शिलालेख (ई० १८७४), जीतजंग राणाको पशुपति राजराजेश्वरीको शिलालेख (ई० १८८०) आदि हुन् । काठमाडौंमा विष्णुमती पुलपारी रहेको भोटुपाँडेको शिलालेख (ई० १९१०) मा भने पहिले नेपाली गद्य लेखी त्यसपछि संस्कृत पद्यमा लेख लेखिएको छ । यसरी नेपालीलाई माथि र संस्कृतलाई तल लेखाई राखिएको सम्भवत: यो यौटै उदाहरण होला जस्तो लाग्दछ ।

४. नेवारी अभिलेख

नेवारी भाषामा मात्रै लेखिएका शिलालेख पनि प्रशस्त पाइन्छन् तर प्राय: संक्षिप्त रूपमा । यस्ता उदाहरण काठमाण्डू उपत्यकाका तीनै शहरमा पाइन्छन् तर हामीले देखेका मध्ये सबभन्दा उल्लेखनीयचाहिं पाटन मीननाथ मन्दिरको घण्टाको चौकोसको छोटकरी लेख (ई० १८७९) हो। यस्तै अन्याय उदाहरण पनि प्रस्तुत गर्न सकिन्छ । यस सन्दर्भमा उल्लेखनीय आर्को उदाहरण नेपाल र भोट बीच गरिएको ई० १७७५ को सन्धिपत्रको हाल पाइने रूप हो जसमा राजकीय उपाधि बाहेक अरू सबै विवरण नेवारीमा लेखिएको छ ।

५. संस्कृत र नेवारी अभिलेख

संस्कृत र नेपालीको शिलालेखमा उपयोग गर्ने सुविधाजनक चलन चलेझैं संस्कृत र नेवारीको पनि निकै अघिदेखि प्रयोग गर्ने चलन चलेको देखिन्छ । यस्ता शाहकालीन उदाहरणहरूमा महत्त्वपूर्ण चाहिं—धंजु भारोको कंकेश्वरी मन्दिरको शिलालेख (ई० १७८१), शिम्भू मञ्जुश्री थानको शिलालेख (ई० १७८५), पाटन यंपिवहि चैत्यको शिलालेख (ई० १८३१) आदि आदि हुन् । यस किसिमका विविध उदाहरण पाइन्छन् जुनको लेखो-जोखो गर्न विशेष योजनानै बनाउनु पर्ने देखिन्छ ।

६ अन्य किसिमका भाषाका अभिलेख

यस शिर्षक अन्तर्गत हामी यस्ता अभिलेखहरूको चर्चा गर्दछौं जुनमा हिन्दी, संस्कृत, नेपाली र नेवारीको विभिन्न उपयोग गरिएको छ । यस किसिमका केही उदाहरणहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

१. अभिमान सिंह बस्नेतको काठमाडौं केलटोल मानमन्दिर (तिलंगा-भवन) को शिलालेख(ई० १७७६), को शिलालेखमा थालनीमा संस्कृतका ५ पद्य र त्यसपछि हिन्दीका ७ पद्य लेखिएका छन् ।

२ सर्दार अमरसिंह थापाको गुह्येश्वरी सिद्धेश्वरको सुवर्णपत्राभिलेख (अन्दाजी ई० १७९० को) मा थालनीमा संस्कृत भाषा र पछि पुछारमा हिन्दीको एक पद्य पनि लेखिएको छ ।

३. महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको बदरीनाथमा सदावर्त्त गुठी राखेको घटनासम्बन्धी ई० १८०९ को कागतमा पहिले संस्कृत, त्यसपछि नेपाली र त्यसपछि 'मधेशिया भाषा' मा विवरण लेखिएको छ ।[1]

४. महारानी सुवर्णप्रभाको नन्दिकेश्वर बहाल मन्दिरको घण्टाको लेखमा थालनीमा २ श्लोक संस्कृत, त्यसपछि नेपालीका केही हरफ र पुछारमा नेवारीमा केही संक्षिप्त विवरण पनि लेखिएको छ । यो ई० १८०१ को अभिलेख हो ।

५. धौकलसिंह बस्नेतको नारायणहिटी कीर्तिमन्दिरको शिलालेख (ई० १७९३) मा थालनीमा संस्कृतका १० पद्य र त्यसपछि हिन्दीका पन्ध्र पद्य लेखिएका छन् ।

---

[1] पूर्णिमा, १९ पृ० २२१–२२३.

६. तराईतिरका मठ सम्बन्धी शाहकालीन राजकीय तामापत्रहरू प्रायः गरी उतैतिर बुझिने हिन्दी जस्तो (विकृत र नेपाली समेत मिश्रित) भाषामा लेखिएका पाइन्छन् ।[१]

विविध किसिमको भौगोलिक अवस्थितिले गर्दा नेपालमा जुन जातीय विविधता देखिन्छ त्यसको उदाहरणस्वरूप यहाँको भाषात्मक स्थितिमा देखिन्छ यद्यपि सबै जातिमा बौद्धिक जागरण एकैनासको नभएको हुँदा सबै भाषाको प्रतिनिधित्व अभिलेखहरूमा भएको देखिदैन ।

ख. जाति र भाषाको सम्बन्ध र राष्ट्रभाषा

प्रस्तुत शीर्षकको स्पष्ट व्याख्या र मूल्यांकन गर्न यौटा स्वतन्त्र ग्रन्थकै रचना गर्नुपर्ने देखिन्छ किनभने यो विषयको स्पष्ट सम्बन्ध नेपाली इतिहासका सबै जुगहरूसँग रहेको छ । तर यहाँ संक्षेपमा यसको विवरण प्रस्तुत गरिन्छ ।

हामीले माथि एक ठाउँमा नेपाली जातिलाई—क. आदिकालीन आर्येतर ख. आर्य ग. तिब्बत-बर्मी खलकका आर्येतर र घ. मिश्रित रूपमा विभक्त गर्न सकिन्छ भनी चर्चिसकेका छौं । साधारणतया उक्त विभाजनलाई नै भाषात्मक विभाजनको रूपमा पनि लिन सकिन्छ तैपनि त्यसको स्पष्टीकरण आवश्यक छ ।

प्राचीन कालदेखि नेपालमा आर्य र आर्येतर जातिहरूको बसोबास भई आएको हो जसमा फेरि बेला-बेलामा आर्य र आर्य जातिका नयाँ-नयाँ समूह पनि निरन्तर आइरहेको बुझिन्छ । यस्ता जातिहरू नेपालका विभिन्न भागमा बसोबास गर्न थाल्दा आर्य र आर्येतर जातिकै पनि विभिन्न स्तरका संस्कृतिको अस्तित्व कुनै एकै युगमा पनि रहेको कुरा स्पष्ट देखिन आउँछ । आर्य जातिहरूले पहिले संस्कृत, त्यसपछि स्थानीय रूपमा विकसित अपभ्रंश वर्गका भाषाको उपयोग गर्न थाले तर त्यस्तो अपभ्रंश भाषामा पनि आर्येतर जातिहरूको संसर्गमा परेर तिनकै प्रभाव पनि निकै नै परेको बुझिन्छ ।

---

[१] पुरातत्त्व–पत्रसंग्रह भाग—३. पृ० २०–२२, २३–२४, २५–२७, २७–३०, ३०–३२, ३४–३५, ३५–३६, ३७ र ३८ मा महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेवका ६ यस्ता तामापत्र प्रकाशित भएका छन् ।

नेपाली भाषाको रचना र निर्माण यसै किसिमबाट भएको हो भन्ने कुरा स्पष्ट छ । उता आर्येतर वर्गका भाषाहरूबारे विचार गर्दा राई-लिम्बू र नेवारी भाषाको उदाहरण प्रस्तुत गरौं । स्पष्टतः राई–लिम्बू (किराँतकै एक भौगोलिक रूपले विभक्त एक जाति) र नेवार जातिको भाषाको मूल यौटै (तिब्बत-बर्मी) देखिन्छ । तर, नेवारहरू आर्य जाति र त्यसको संस्कृतिको मुख्य केन्द्र काठमाण्डू उपत्यकाका बासिन्दा हुँदा आर्य वर्गका विभिन्न युगानुरूप निर्मित भएका भाषाहरूको सन्निकट प्रभाव क्षेत्रको कारणले तिनको भाषामा विभिन्न युगमा ग्रहण गरिएका आर्य-वर्गका भाषाका शब्द र साहित्यको पनि प्रभाव स्पष्ट देखिन्छ । तर उक्त राई-लिम्बूहरू र त्यस्तै पूर्वतर्फका पुराना बासिन्दा जातिले बोल्ने भाषामा आर्य-भाषा र साहित्यको प्रभाव नगण्य देखिन्छ । यस्तै उदाहरण पश्चिमाञ्चल नेपालको केही क्षेत्रको दिन सकिन्छ । नेवारी भाषाको सन्दर्भमा हामीले यौटा अर्को महत्त्वपूर्ण तथ्यको पनि विचार गर्नुपर्दछ । त्यो के भने नेवारीलाई मातृभाषा पारेका सबै मानिसहरू खास नेवार हुँदैनन् किनभने उपत्यकाका बाहुन र क्षेत्रीहरूले पनि निकै अघिदेखि नेवारीलाई मातृभाषा सकारेको देखिन्छ । यस्तै उदाहरण नेपाली भाषाको सम्बन्धमा पनि प्रस्तुत गर्न सकिन्छ । नेपाली मातृभाषा भएका सबै मानिसहरू आर्य नै होइनन् । आर्य र आर्येतर जातिका मिश्रित उपवर्ग र आर्येतर कतिपय जातिहरूले पनि नेपालीलाई मातृभाषा मानेका थुप्रै उदाहरण दिन सकिन्छ । उन्नाईसौं शताब्दीतिरदेखि नेवारी मातृभाषा भएका मानिसहरूले पनि नेपाली भाषाको व्यावहारिक उपयोग गर्न थालेको पाइन्छ र कति त्यस्ता मानिसहरू र तिनका सन्तानहरू नेवारी मातृभाषा हुने घरकै भएर पनि नेवारी भाषा पटक्कै नबुझ्ने स्थितिमा पुगेका छन् । यस्तै अनेक कारणहरूले गर्दा नेपालमा जाति र भाषाको स्पष्ट सम्बन्ध व्यक्तिएको देखिदैन यद्यपि यस कुरालाई स्पष्ट पार्न विभिन्न शास्त्रीय दृष्टिकोणबाट विस्तृत अध्ययन हुनु जरूरी छ । जे भए पनि निष्कर्ष रूपमा यति भन्न सकिन्छ कि 'नेपाली भाषा' लाई राष्ट्रभाषाको स्तरमा पुऱ्याउन नेपालका सबै जातिहरूले आफ्-आफ्नो किसिमबाट गहकिला-गहकिला योगदान गरिआएको देखिन्छ ।

२. कवि, लेखक र लिपिकार वर्ग

प्राचीनकालदेखि आजसम्मका मितिका पाइने हजारौं नेपाली शिलालेख अभिलेखहरूको मुख्य विशेषता हो तिनमा तिनको लेखको रचना

गर्ने व्यक्तिको नाउँ नपाइनु र तिनलाई शिलालेख वा अभिलेखको रूपमा प्रस्तुत गर्ने लिपिकारको नाम समेत नपाइनु । अपवादका रूपमा अत्यन्त सीमित संख्याका शिलालेख-अभिलेखहरू कुनै-कुनै वेलाका पाइन्छन् । यस्तै स्थिति तत्तत्-कालीन कलाकृतिहरूमा पनि देखिन्छ । नेपाली कलाकृतिहरूको यो विशाल भण्डारमा २–४ ओटा मात्रै अपवाद हुनुमा कुनै उल्लेखनीय कुरा भन्नुभएन । यो स्थितिमा समग्र इतिहासको मूल्यांकन गर्ने ठूला अडकेसाहरू आइपर्दछन् र त्यस्ता महत्त्वपूर्ण देन दिने कलाकारका नाम समयको अँध्यारो पेटमा पुगी लुप्त हुनु हामीलाई राम्रो लाग्ने कुरा अवश्यै होइन । साहित्यको क्षेत्रमा पनि झण्डै-झण्डै यही स्थिति प्रेसको युग थालिनु-अघिसम्म रहेको थियो यद्यपि लेखक-कविको अत्यन्त सक्षिप्त चर्चा प्रायः पाइन्छ । तर फलानो लेखक-कविको घरद्वार कहाँ थियो, उनको आर्थिक स्थिति, उनका अरू गतिविधि र कुलको विस्तृत परिचय आदि पाउनु त असम्भवै कुरो देखिन्छ । साहित्यिक-सांस्कृतिक इतिहासका विद्यार्थीलाई कति दुःख लाग्दो कुरो पर्न आउँछ । प्रेस-युग थालिएपछि पनि कवि-लेखकहरूले आफ्नो परिचय र जीवनमा आफूले भोगेका सुख–दुःखका अनुभवहरू स्पष्ट रूपमा लेख्ने गरेका छैनन् । साधारणतया आफूलाई सकेसम्म लुकाउन खोज्ने आर्य लेखकहरूको भावना यद्यपि आत्महीनताकै प्रतीकको रूपमा लिन सकिन्छ तर त्यसलाई उनीहरूको विनम्रतानै मानेमा उनीहरूप्रति उचित न्याय होला जस्तो लाग्दछ । कलाकारहरू प्रति पनि यस्तै धारणा हामीले लिनु उचित हुनेछ । लिच्छविकालदेखि आजसम्मको लागि पनि थोर-धेर यही कुरा व्यापक रहिआएको छ ।

अब शाहकालकै कुरा लिएर विचार गर्दा के संस्कृत, के नेपाली, के नेवारी र के अन्यान्य शिलालेख–अभिलेख पनि कलात्मक वस्तुहरूका रचनाकारहरूले प्रायः राम्रै उदाहरण प्रस्तुत गरिआएका हुन् र कतिपय त उत्कृष्ट पनि रचिएका देखिएका छन् । यस वेलाका नाम जानिएका एक जना विद्वान् कवि—लेखकको नामोल्लेख भएको पाइन्छ । यी हुन्—वाणीविलास पाँडे । तत्कालीन पाँच अभिलेखका रचयिताको रूपमा यिनको नाउँ उल्लिखित

भएको पाइएको छ ।[१] यी अभिलेखहरू ई० १७९३, ई० १८०८, ई० १८१०, ई० १८१२ र ई० १८१३ का मितिका हुन् । यीमध्ये यौटामा संस्कृत र हिन्दीका पद्य, तीन थोटामा संस्कृत पद्य र नेपाली गद्य (तपसीलसमेत) र यौटामा खालि संस्कृत पद्य लेखिएको छ । नेपाली गद्य र हिन्दी पद्यमा पनि गति भएका संस्कृतका ठूला विद्वान्‌का रूपमा वाणीविलास पाँडेले संस्कृत भाषामा ९ विभिन्न रचनाहरू पनि बनाएको थाहापाइन्छ ।[२] यिनले रचेका

---

१. क. धौकलसिंह बस्नेतको नारायणहिटीको ई० १७९३ को अभिलेख (संस्कृत सन्देश, ५. पृ० ७–१०), जसमा उनको उल्लेख यसरी भएको छः—

मदगेहनिर्मितिसमाप्तिशकादि लेख्यं
वाणीविलास इति वर्णयति स्म सूरिः ।। इत्यादि ।

ख. महारानी सुवर्णप्रभाको ई० १८०८ को नन्दिकेश्वर अभिलेख (अभिलेख संग्रह, १२. पृ० ९–१२) मा पनिः—

वाणीविलासबुधकीर्तितकीर्तिमालां
राज्ञ्या इमां श्रवणसौख्यकरी निपीय ।। इत्यादि ।

ग. महाराजाधिराज गीर्वाणको ई० १८१० को वाग्वती स्तम्भलेख (त्रिरत्नसौन्दर्य गाथा, परिशिष्ट-पृ० २६१–२६८) मा पनिः—

प्रीत्यै कीर्त्तिरियं परा विजयतां वालीविलास स्तुता ।। इत्यादि ।

घ. रानी लक्ष्मीदेवीको पचली लक्ष्मीश्वर मन्दिरको ई० १८१२ को अभिलेख (अभिलेख संग्रह, १२ पृ० १३–१५) मा पनिः—

यावद्रामकथास्ति तावदनिशं वाणीविलासस्तुता । इत्यादि ।

ङ. पशुपति मन्दिरभित्र दक्षिणी ढोकाको धातुको पाताको राधावल्लभ अर्ज्याल सम्बन्धी ई० १८१३ (इतिहास प्रकाश २–३. पृ० ३१७) को अभिलेखमा पनिः—

एतत्तँ विनिवेपितं वितरितुं मत्पुण्यत. स्वस्थितिः
स्यादित्यर्थयते शिवं गुरुसुतो वाणीविलासो बुधः ।।

२. क. वाणीविलास–सिद्धान्त ख. दुर्गाकृत्यकौमुदि ग. पुरश्चरणप्रयोग घ. वेदान्तसारसंग्रह ङ. प्रशस्तिरत्नावलि च. नवरत्नदीपिका युगलस्तोत्र छ. दुर्गास्तोत्र ज. गंगास्तोत्र र झ भुजंगप्रयातस्तोत्र —यी नौ रचना थाहापाइएका छन् । (नयनाथ पौडेल, प्रशस्ति–रत्नावलि उपोद्‌घात, पृ० ३१) ।

संस्कृतका ग्रन्थ र पद्यहरूको महत्त्व हुनु त कुनै आश्चर्य भएन तर आश्चर्य त उनले ई० १८१० को वाग्मती स्तम्भलेखको लागि रचेको नेपाली गद्य हो जुनमा निकै साहित्यिकता पनि देखिन्छ ।

वास्तवमा नेपाल र भारत तथा संसारका अरू देशहरूमा पनि प्राचीनकालदेखिकै राजा, राजपरिवार, भारदार र समाजका धनी–मानी वर्गले साहित्यकार र कलाकारवर्गलाई मान-सम्मान र गाँस–बासको परिबन्द मिलाइदिई प्रेरणा र आत्मविश्वाससमेत दिई सांस्कृतिक गतिविधिमा महत्त्वपूर्ण देन दिइआएका हुन् । यो कुरो आज पनि उत्तिकै किसिमले लागू हुन्छ तैपनि आजको युगमा सर्कारलेनै यो जिम्मेवारी लिइरहेको हुन्छ । यद्यपि सामाजिक नीतिमा यसरी परिवर्तन आएकोमा सांस्कृतिक स्वरूपमा के के फरक आएको छ भन्ने कुराको विश्लेषण त भिन्नै किसिमले गर्नुपर्दछ । तर प्रेसयुग वा आधुनिक युग थालिनुअघिसम्म समाजका उच्चपदस्थ र अरू विभिन्न वर्गले लेखक–कविहरूलाई काव्य, भक्तिरस र अन्यान्य विषयका मौलिक ग्रन्थ लेखनलाई र पुराना–नयाँ ग्रन्थहरू सार्न लिपिकारवर्गलाई लगाई बौद्धिक–सांस्कृतिक गतिविधि चलाइआएको प्रशस्त उदाहरण दिन सकिन्छ । शिलालेख–अभिलेखकै उदाहरणमा पनि विभिन्न वर्गका व्यक्ति र परिवारहरूले लेखेका रचनाकार र तिनका लिपिकार वर्गलाई संरक्षण प्रदान गरेको कुरा स्पष्टत. देखिन्छ । यस विषयको पनि विस्तृत अध्ययन हुनु अत्यन्त जरूरी छ ।

४. साहित्यिक वक्तव्य

यस शीर्षक अन्तर्गत हामी शिलालेख-अभिलेखका साहित्यिक वक्तव्यको अध्ययन प्रस्तुत गर्दा हामीले ग्रन्थ-रूपमा पाइने तत्कालीन-समकालीन स्रोतहरूको पनि उचित उपयोग नगरिनहुने पनि ठानेका छौं । वास्तवमा शिलालेख-अभिलेखहरू सामाजिक स्थानहरूमा सबैलाई देखाउन-बुझाउन भनेरै राखिएका रचना हुन् यसैले तिनलाई भिन्नै दृष्टिले हेर्नुपर्ने कुरा त स्पष्ट छ । यसको विपरीत ग्रन्थहरू चाहिं व्यक्तिगत वा सीमित क्षेत्रमा मात्र बुझिने-पढिने साहित्यिका उदाहरण हुन् । प्रेस-युग शुरु भएपछि ग्रन्थहरू पनि विस्तृत क्षेत्रमा व्यापक हुन थाले र त्यसका वक्तव्य शिलालेख-अभिलेखहरूकै झैं व्यापक हुन थाले । स्वरूप, उद्देश्य र स्थितिमा यसरी फरक देखिए पनि तथ्यमा भने खास फरक नहुँदा उक्त सबै स्रोतको

समष्टिगत अध्ययन यस शीर्षक अन्तर्गत प्रस्तुत गर्न खोजिएको हो। अब हामी तलका हरपहरूमा माथि सिरानमा प्रस्तुत गरिएको योजनाअनुसार अध्ययन प्रस्तुत गर्दछौं।

क. देवी-देवताका स्तुति र धर्म सम्बन्धी

नेपाली शिलालेख-अभिलेख साहित्य प्राय. जसो मन्दिर, मूर्ति, पौवा आदि बनाई आफ्-आफ्नो धार्मिक उद्देश्य पूरा गरी राख्न लगाइने हुँदा तिनमा देवी-देवताका नाम-स्मरण गरी मंगलाचरण गर्ने वा श्लोकसमेत लेख्ने चलन व्यापक भएको देखिनु स्वाभाविक हो। मंगलाचरणको प्रयोग त ग्रन्थहरूमा पनि विभिन्न रूपमा गरिएको पाइन्छ, धार्मिक विषयवस्तु भएका ग्रन्थमा त झन् कुरै भएन। अहिले पनि साहित्यिक ग्रन्थहरूमा कसैकसैले मंगलाचरण गर्दछन् तर धेरैले यो चलन छोड्दै आएका पनि छन्।

ई० १५५९ देखि वा ई० १७६२ देखि आजसम्मको लामो युगभित्रका यस्ता सन्दर्भको समग्र अध्ययन गर्नको लागि यौटा भिन्नै ग्रन्थको रचना नै गर्नु आवश्यक हुन आउँछ यसैले यहाँ हामी यस पक्षको एकसरो विवरण मात्र प्रस्तुत गर्दछौं। हाम्रो अध्ययन खास गरी ई० १७६२ देखि थालिने भए तापनि ई० १५५९ पछिका गोर्खामा प्राप्य यस्ता सामग्रीहरूको पनि संक्षिप्त उल्लेख गर्नु उचित देखिन्छ।

यद्यपि गोर्खाबाट ई० १६०९ देखिका फाटफुट अभिलेख भेटिएका छन् तर धार्मिक विषयको बयानचाहिँ ई० १६८० को अभिलेखमा पाइन्छ। गोर्खा पोखरीथोकमा अघि ई० १६३६ मा महाराज रामशाहले थापेको रामेश्वरको मन्दिरसामु स्तम्भमाथि महाराज पृथ्वीपतिशाहले आफ्नो सालिक थापी स्तम्भमा लेखाएको लेखमा[1] निम्न रूपमा धार्मिक अभिव्यक्ति भएको छः—

उत्तराशासुनासीरो गोर्षाचलसुधानिधिः
पृथ्वीपतिर्विजयतां स्तंभारूढः शिवं भजन् ।। १ ।।
पृथ्वीपतिर्जयति भक्तिमदद्वितीयस्तंभं महांतमधिरुह्य निरातपत्रः ।
बद्धांजलिः सविनयो निभृतेन्द्रियात्मा यःसेवते प्रतिमयापि महेश्वरांघ्रि ।।२।।
… … … .. … … … … … … … .. … … … ..

---

[1] गोरखाको ऐतिहासिक सामग्री, पृ० १८.

श्रीपृथ्वीपतिभूभुजा पुरवरे गोर्षापुरे पुष्करे ।
भक्त्याधायि निजाकृतिः शिवपुरः सद्भोग मोक्षार्थिना ।।३।।

"उत्तर दिशाका इन्द्र जस्ता, गोरखाका चन्द्रमा जस्ता (गोरखाका महाराज) खम्बामा चढेर शिवजीको भजन गरिरहेका पृथ्वीपति शाहको जय होस् ।।१।।

भक्तहरूमध्ये अद्वितीय भएका, अग्लो खम्बामा चढेर छाता नओढी विनयपूर्वक हात जोडिरहेका, इन्द्रिय र मनलाई आफ्नो वशमा पारेका श्रीपृथ्वीपति शाह ठूला हुनुहुन्छ । जुन महाराज प्रतिमा (सालिक) द्वारा पनि श्रीमहादेवका दुई पाउको सेवा गर्नुहुन्छ ।।२।।

…… …… …… …… ……

असल गोरखा शहरको पोखरीथोकमा सुखभोग र मोक्षको इच्छा लिने भएका महाराज पृथ्वीपति शाहले भक्तिपूर्वक शिवजीको अगाडि आफ्नो सालिकको स्थापना गर्नुभयो ।।३।।[1]

अत्यन्त भक्त महाराजाको रूपमा पृथ्वीपति शाहको यो बयान उनैका आज्ञाले वीरेश्वर नाउँ गरेका विद्वान्ले गरेको कुरा त्यसै अभिलेखको अन्तिम भागबाट थाहापाइन्छ ।[2] गोर्खामा पाइने ई० १७२२ सम्मका अरु अभिलेखमा उस्ता उल्लेखनीय धार्मिक सन्दर्भ पाइँदैन ।

ई० १७६८–६९ पछिका अभिलेखहरूमा पनि ठाउँ-ठाउँमा भक्तिका श्लोक पाइन्छन् जुनको विस्तृत बयान गर्नु सम्भव छैन । मुख्य-मुख्यको मात्रको विचार गर्दा सर्दार अमरसिंह थापाको गुह्येश्वरी सिद्धेश्वरको धातुको पाताको अभिलेखमा सम्बद्ध गरेर लेखिएको अमरसिंह थापाकै भक्तिरचनाको एक हिन्दी पद्य लेखिएको देखिन्छ जो तल सारिएबमोजिम छ—

श्रीकामाक्षादेवी करूणा करै

---

[1] यो अनुवाद देवीप्रसाद भण्डारीको हो (पूर्णिमा, ३. पृ० ७४-७५) ।

[2] अभिलेखकै भनाइमा:—
गोर्षाधीशमहाराजपृथ्वीपतिनृपाज्ञया ।।
वीरेश्वरेण विदुपा प्रशस्ती रचिता शुभा ।।४।।
"गोरखाका महाराज पृथ्वीपति शाहका आज्ञाले विद्वान् वीरेश्वरले यो उत्तम प्रशस्ति बनाएका हुन् ।" (अनुवाद–ऐजन)

महिमा अपार जगत्कि जननी जलदि लव धरैं । दास अमर धर्मा कछु जानत नाहि उमा कि चरण परैं ।।[1]

महाराजाधिराज रणबहादुर शाहको बाल्यकालमा राजकुमार बहादुर शाहले मुख्तियारी चलाएको वेलामा ई० १७९२ को वर्ष तिब्बतसँगको कारणले नेपालले चीनसँग जोरी खोज्नुपरेको थियो तर सन्धि भएपछि यौटा ठूलो समस्या पन्छिएको खुशियालीमा[2] राजकुमार बहादुर शाहले नुवाकोटकी भैरवीको मन्दिरमा सुनको छाना चढाएको सम्झनामा लेखाई राखिएको सुवर्णपत्राभिलेखमा भैरवीको अति राम्रो शैलीमा स्तुति गरिएको छ जुन यस प्रकार छः—

श्री भैरवी विजयते ।।
निराधारो द्वारे सकलसुरसारे कृतजगत्—
त्रयापत्‌संहारे हृतभवविकारे जनिभृताम् ।।
दयोदारे दीनोद्धतिकृतिपरे भैरवि नमो
नवाकोटग्रामान्तरकृतविहारे कुरु कृपाम् ।।१।।
त्वया सर्वं विश्वं रचितमिदमाविर्भवति च
त्वयाप्नोत्याकृष्टं सदयि विलयं भैरवि शिवे ।।
तवैवालम्बात् संहरणपदमम्बाशु दुरितं
निरालम्बानां तद्‌जति जगदावासजनितम् ।।२।।
त्वमेव जननी जगज्जननि भैरवि त्वं पिता
त्वमेव च गुरुस्सुहृत्त्वमसि मे त्वमात्मासि च ।।
त्वमेव रमसे जगन्निखिलमेकिकाविश्य तन्—
नहि त्वदपरं परं किमपि भासते मे मतिः ।।३।।

× × ×

हेम्नैतद्‌घटितं छदी रणबहादूरेण भूमीभृता
भावाद्‌भैरवि भव्यभाविनिबहादूरेण पुण्यात्मना ।।
प्रीत्यै तेर्पितमस्तु सोपकरणं मातः कपाटं च किं
कृष्णश्चर्वयति स्म नाल्पपृथुक भक्त्या सुदामाहृतम् ।।७।।[3]
''श्री भैरवी विजय गर्नुहुन्छ ।।

---

[1] संस्कृत सन्देश, १०-११-१२. पृ० ३४-३५.

[2] वा अघि गरेको भाकल पुऱ्याउन ।

[3] इतिहास प्रकाश, १. पृ० ३६-३७.

सबै देवताहरूका सार (तेज) भएकी तीनै लोकका आपत्तिको संहार गर्ने प्राणीहरूका जन्म-मृत्यु आदि संसारका समस्त विकारको हरण गर्ने दयाले उदारचित्त भएकी दीन-दुःखीहरूको उद्धार गर्ने काममा तत्पर भएकी नुवाकोट गाउँमा बिहार गर्ने भएकी हे भैरवी ! निराधार भएर तिम्रा द्वारमा शरण पर्न आएको छु कृपा गर !! ।।१।।

यस समस्त विश्वको रचना तिमीले नै गरेर प्रकट गरेको हो हे भैरवि ! हे शिवे ! हे सदय ! तिमीले नै आकर्षण गर्दा प्रलय हुन्छ । हे आमा ! निराधार भएका प्राणीहरूको संसारका बसेरामा कमाएको त्यो पाप पनि तिम्रै शरण पर्नाले नाशिन्छ ।।२।।

हे जगज्जननि ! हे भैरवि ! तिमी नै मेरी आमा छौ तिमी नै पिता छौ तिमी नै गुरु छौ तिमी नै आत्मा छौ सकल जगत्मा प्रवेश गरेर व्यापक भावले यौटी तिमी नै रमण गर्दछौ, मेरा बुद्धिले त तिमीबाहेक अर्को ठूलो कसैलाई ठानेको छैन ।।३।।

× × ×

हे माता ! हे भैरवि ! हे मङ्गलकारिणि ! भक्तिभावले पुण्यात्मा राजा रणबहादुर शाह र (राजकुमार) बहादुरशाहले सुनले बनाएको यो छानु र सुनैले बनाएको ढोका अरू सामग्रीसमेत अर्पण गरेका छौं यो तिम्रा प्रीतिका निम्ति हवस् सुदामाले भक्तिसाथ ल्याएका अलिकति सिरौंला कृष्णले मीठो गरी चपाउनु भएन र ? ।।७।।[1]

स्तरपूर्ण संस्कृतमा प्रस्तुत उक्त पद्यहरू कसले रचेको हो यो त त्यहाँ नलेखिएकोले थाहापाउन सकिँदैन । यस्तै भए पनि तत्कालीन विद्वत्ताको स्थिति त यसले अवश्यनै देखाएको त छँदै छ । यसपछि हामी आपनो युगका नामी विद्वान् वाणी विलास पाँडेका रचनाहरू पाउन थाल्दछौं । यिनको केही परिचय त माथि नै गरिसकिएको छ तर हामीले यस सन्दर्भमा विचार गर्नुपर्ने तीन ओटा आभिलेखिक साहित्यका केही अंश मात्रै हुन् । यी तीनमध्ये मितिको हिसाबले जेठो चाहिँ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको पालाको ई० १८११(संवत् १८६८)को वाग्वती पुलनेरको स्तम्भाभिलेख हो।

---

[1] इतिहास प्रकाश, १ पृ० ३७ मा योगी नरहरिनाथले गर्नुभएको अनुवादमा शब्दहरूमा केही फेरफार गरी उद्धृत गरिएको ।

यसमा एकपाटामा त ललित शैलीमा संस्कृतमा १७ श्लोकमा वाग्वतीको स्तुति गरिएको छ ।[1] यस अभिलेखको महत्त्वपूर्ण ऐतिहासिक भागमा पनि थालनीमा एक श्लोकमा वाग्वतीको स्तुति गरिएको छ जुन तल सारिए बमोजिमको छः—

यदमलाम्बुनो नित्यसेवनं वृजिननाशनं दुःखदारणम् ।
भविकभावनं मुक्तिकारणं शरणमेमि तां वाग्वतीमहम् ।।

"जसको शुद्ध पानीको सधैं सेवनले पाप नाश गर्छ, दुःख हर्छ, कल्याण गर्छ, मुक्ति दिन्छ, ती वाग्वतीको म शरण पर्छु ।"[2]

यस श्लोकमा वा वाग्वतीको स्तुतिका सत्रै श्लोकमा मात्रै हैन यो सम्पूर्ण अभिलेखमा वाणीविलासले साहित्यिकताको चमत्कार देखाएका छन्, यसैले यस अभिलेखलाई विद्वान्हरूले नेपालका लिच्छविकालदेखि शाहकाल-सम्मका महत्त्वपूर्ण तीन अभिलेखहरूमध्ये यौटामा गनेका हुन् । यिनैको ई० १८१२ को रचना पचलीमा रानी लक्ष्मीदेवीले थापेको लक्ष्मीश्वर मन्दिरको शिलालेखमा[3] देखिन्छ जसमा थालनीमै शिवको स्तुति गरिएको श्लोक छ जो तल सारिएको छ—

यद्भ्रूभंगविजृम्भणाज्जगदिदं जन्मादिभाग्जयाते
यत्पादाम्बुजसेवनाद्भुवि चतुर्वर्गान्विताः प्राणिनः ।।
जायन्ते, तमजं विभुं त्रिनयनं श्रीपार्वतीवल्लभं
वंदे दैवतवृन्दवन्दितपदं लक्ष्मीश्वराख्यं शिवम् ।।१।।

"जसको आँखीभुइँको कर्काइ मात्रले यस संसारका सृष्टि स्थिति प्रलय हुन्छन् । जसको चरणकमलको सेवा गर्नाले प्राणीहरू धर्म अर्थ काम मोक्ष पाउँछन् । अनादि, तीन नेत्र भएका, पार्वतीका पति, देवताहरूले ढोगिएका ती परमेश्वर लक्ष्मीश्वर महादेवलाई नमस्कार गर्छु ।।"[4]

---

१. यह खण्डमा रचयिताको नाम दुईपल्ट यसरी उल्लेख भएको छ "वाणीविलास विदुषा रचितस्तवोयम्" र "वाणीविलासपण्डितकृतं वाग्वतीस्तोत्रम् ।" संस्कृत सन्देश, ७. पृ १-२.

२. अनुवाद—धनवज्र बज्राचार्य, त्रिरत्नसौन्दर्यगाथा, परिशिष्ट पृ० २६८.

३. अभिलेख संग्रह, भाग— १२. पृ० १३-१५.

४. अनुवाद—नयनाथ पौडेल, पूर्णिमा, ६. पृ० ५६.

वाणीविलासको अर्को रचना राजपुरोहित राधावल्लभको स्वर्गवास भएपछि उनले पशुपतिमा ढोकामा धातुका पाताले मोर्ने संकल्प गरेको अरूले पूरा गरी त्यसै पातामा लेखिएको अभिलेख हो। ई० १८१३ को लेखमा थालनीमा एक श्लोकमा पशुपतिको भव्य स्तुति गरिएको छ जो तल सारिए-बमोजिम छः—

सदमलमकरन्दे योगिचेतोमिलिन्दे
स्मरणकरमुकुन्दे सच्चिदानन्दकन्दे ।।
कृतजगदभिवन्दे यस्य पादारविन्दे
पशुपतिमभिवन्दे वत्सले भक्तवृन्दे ।।१।।[1]

"सदा निर्मल मकरन्द भएका योगीहरूका चित्तरूपी भमराहरू बसेका, विष्णुले स्मरण गरिएका, सर्वदा विद्यमान चेतनस्वरूप आनन्दका कन्द भएका, समस्त जगत्ले अभिवादन गरिएका, भक्तवृन्दमा वत्सलता भएका जसका चरणकमल छन् यस्ता पशुपतिनाथलाई अभिवादन गर्दछु।"[2]

माथि हामीले वाणीविलास पाँडेले ई० १८१३ सम्म रचेका भक्तिश्लोकहरूको चर्चा गर्‍यौं। त्यसैबीचको ई० १८१० को यौटा अर्को शिलालेख पनि पाइन्छ जसमा संस्कृतमा त एक भक्तिश्लोक छँदै छ नेपाली गद्यमा पनि भक्तिभाव प्रकट गरिएको छ। यो भोटुपाँडेको विष्णुमतीपुलको ई० १८१० को अभिलेख हो। यसका उक्त दुई सन्दर्भ तल सारिएका छन्[3] :—

श्रीविष्णुमत्यै नमः ।।

श्रीशिवपुरी पर्वत्मा विराजमान भयाका श्रीविष्णुका नाभिदेषी उत्पन्न भयाकी विष्णुमतीका जल पाप नाश गर्न्या निर्मल भयाका गंगाजीका जल झाइ पवित्र भयाका जलकन दिनदिनै प्रणाम गर्छु

X X X

श्रीविष्णुमत्याः सलिलं प्रभूतं मुञ्जाद्रिशृंगस्थमुरारिनाभेः ।
भामीरथीनीरमिवातिपूतं पापघ्नमच्छं प्रणमामि नित्यम् ।।

---

[1] इतिहास प्रकाश, २–३. पृ० ३१७.

[2] अनुवाद—योगी नरहरिनाथ, ऐजन ।

[3] संस्कृत सन्देश, २. ४–५–६. पृ० २८–३०.

संस्कृतमा लेखिएको उक्त भक्तिश्लोक त साधारणै छ यद्यपि विष्णुमती नदीको स्तुति गरिएको कमै पाइने हुँदा यसको पनि आर्कै किसिमको महत्त्व रहेको छ । यस शिलालेखको खास महत्त्व त एकै वाक्यखण्डमा भए पनि नेपाली गद्यमा विष्णुमतीको स्तुति गर्नुमा देखिएको छ । यो अपूर्व सन्दर्भ जस्तो लाग्दछ ।

ई० १८२२ मा प्रधानमन्त्री भीमसेन थापाले वरहरानेरको ठाउँमा 'भीमभक्तेश्वर' नाम राखी यौटा शिवमन्दिर बनाएका थिए । त्यसै घटनाको संस्मरणको लागि लेखाई राखिएको उनको शिलालेखमा थालनीमा एकै श्लोकमा शिवको तल सारिएबमोजिमको स्तुति लेखिएको छः–

किं भीम भव तापात्स्यां शोषं नयसि मानसम् ॥
भीमभक्तेशपादाब्जपूर्णेन्दुर्भासपेनिशम् ॥[1]

"अरे भयङ्कर संसार ! आध्यात्मिक आधिभौतिक आधिदैविक र जन्म मृत्युका सन्तापले मन रूपी मानस सरोवरलाई किन सुकाउँछस् ? भीमभक्तेश्वरका चरणकमलरूपी पूर्णचन्द्रमा सदा प्रकाशमान छन् ।"[2]

यस्तै एकै श्लोकमा भए पनि ललितशैलीमा लेखिएको सुब्बा कुलानन्दझाको ई० १८३४ को पशुपति-अभिलेखमा पनि पाइन्छ जो तल सारिएको छः—

गौरीस्तननखरेखा शिरसि प्रतिबिम्बितेव चन्द्रकला ।
यस्य चकास्ति स देवः सोमो भव्याय वो भूयात् ॥[3]

ई० १८३४ मा पटनाका भाजुनरसिंह बाँडाले सम्यक् गर्दा श्री ५ राजेन्द्रलाई चढाएको निमन्त्रणापत्रमा पनि शुरुमा एक श्लोकमा सूर्यको स्तुति गरिएको छ जो यस प्रकारको छः—

यस्य प्रसादकिरणैः स्फुरितात्मतत्त्व
रत्नप्रभापरिकरप्रहतान्धकाराः ।
पश्यन्त्यनाविलदृशः सविलासमुच्चैः
तस्मै नमस्कृतिरियं गुरुभास्कराय ॥[4]

---

१. संस्कृत सन्देश, ५ पृ० १४–१६
२. अनुवाद–श्यामबहादुर थापा, संस्कृत सन्देश, ५ पृ० १७
३. संस्कृत सन्देश, ३ पृ० १८
४. संस्कृत सन्देश, ८ पृ० ६

राजकुमार बहादुरशाहका छोरा शत्रुभञ्जन शाहको ई० १८४१ को पचलीघाटको अभिलेखमा पनि मंगलाचरणको रूपमा १ श्लोकमा शिवको स्तुति गरिएको छ जो तल सारिएको छ:–

देवं दिनेशाग्निशांकनेत्रं बृषध्वजं पञ्चशरान्तकं च ।
जगत्त्रयं रक्षक देवदेव गङ्गाधरं शूलधरं सुरेशम् ।।
सुरारिनाशं त्रिपुरान्तकं च पिनाकधारिडमरुप्रधारं ।
सर्वात्मकं विश्वपतिं महेशं भवं उमेशं सततं नमामि ।।[१]

विष्णुमतीको किनारमा रहेको इन्द्रायणी मन्दिरको महन्तरामहरूको ई० १८९० को अभिलेखमा थालनीमा ३ श्लोकमा इन्द्राणीको स्तुति गरिएको छ जुन तल सारिएका छन्:–

देवि ! प्रसीद महिषासुरचण्डशुम्भासुरप्रमुखदैत्यविनाशदक्षा
ब्रह्मेन्द्ररुद्रमुनिमोहनशीललोला ऐन्द्रसमस्तसुरमूर्तिमनेकरूपा ।।
मूर्द्धा नमामि जननींमभिलाषदात्रीं धात्रीं समस्तजगतां दुरितापहन्त्रीं
संसारश्रृष्टिस्थितिकारिणी देवि विश्वं सा चण्डिकाखिलगुणा परमार्थदात्रीं ।।
मुहुर्मुहुर्देविपदारविन्दे नत्वाथ वक्षे जनमुक्तिहेतवे
ये ये जना भक्तिविहाय देहे तेषां सदानन्द करोतु नित्यम् ।।[२]

पशुपतिको भित्री दक्षिण ढोकाको कोटालको चाँदीपाताको ई० १८९६ को अभिलेखमा पनि तल सारिएको एक श्लोकमा पशुपतिको मधुर स्तुति गरिएको छ –

आर्यातीर्थस्वामी पशुपतिरीश: सदाशिवश्शम्भु: ।
प्रीतो ददातु सिद्धिर्वाचस्पत्यै: क्रियायोगै: ।।[३]

ई० १८९६ को यौटा उल्लेखनीय स्तोत्र काठमाडौं अटकनारायण मन्दिरमा रहेको छ । उक्त मन्दिरसामु वेदिकामाथि थापिएको गरुडको विशाल मूर्तिको पादपीठमा ४ श्लोकमा 'श्रीगरुडद्वादशनामस्तोत्र' लेखिएको छ ।[४]

---

१. अभिलेख संग्रह, भाग–१२ पृ० १९
२. अप्रकाशित ।
३. इतिहास प्रकाश, २–३ पृ० ३१८
४. अप्रकाशित ।

मृगस्थलीमा गोरखनाथको मन्दिरनेर त्रिशूल ठड्याइएको ढुंगे वेदिकाका श्री ३ महाराज चन्द्रशम्शेरको भाकामा गोरखनाथको स्तुति गरिएको एक पद्य लेखिएको छ:—

नित्यानन्दनिमग्ननिस्पृहमहायोगीशचूडामणि
ह्वँ बस्छिन्छ प्रभु स्वयं अरू कुरा चाहिन्नथ्यो ता पनि ।
भक्तीले प्रभुका परी चरणमा प्रीत्यर्थं होस् दिन्दिन
भन्ने खातिर यो त्रिशूल प्रभुमा मैले गरे अर्पण ।।[1]
यो ई० १९२४ को स्तुति-अभिलेख हो ।

अलि पछिका उल्लेखनीय सन्दर्भहरूमा स्व० श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका शिलालेखहरूमा कतैं-कतैं भेटिने भक्तिश्लोक हुन् । तीमध्ये 'श्री म. वी. वि. शाह' को रूपमा श्री ५ महेन्द्रबाट रचिएको 'नाथविना' भन्ने पशुपतिको भक्तिमा लेखिएको नेपाली भाषाको पद्य हो जुन पशुपतिमा रहेको सालिकको खम्बामा लेखिएको छ ।[2] यो ई० १९६८ तिरको रचना हो । ई० १९६१ को एक भक्तिश्लोक स्व० श्री ५ महेन्द्रको टुंडीखेल महांकाल मन्दिरमा रहेको शिलालेखको शिरानमा लेखिएको छ । त्यो श्लोक तल सारिएको छ :

श्रीमहाकालदेवाय नमस्ते शंकरात्मने ।
रहस्यविद्यागुरवे लोककल्याणकारिणे ।।[3]

लाजिम्पाट-टुकुचाको नीलसरस्वतीको मन्दिरमा रहेको स्व० श्री ५ महेन्द्रको ई० १९६१ कै शिलालेखमा पनि थालनीमा संस्कृतको एक श्लोकमा सरस्वतीको तल सारिएबमोजिमको महत्त्वको बयान गरिएको छ:—

प्रत्ना लिच्छविकालकीर्तिविदिता पूर्वैः प्रतिष्ठापिता ।
वीणापुस्तक भालिकाङ्कितकरा पाषाणरम्याकृतिः ।।
श्रीमन्नीलसरस्वतीतिसकलैः संमानिता शारदा ।
विद्यादानपरायण विजयते नेपालभूमण्डले ।।[4]

---

[1] १. इतिहास प्रकाश ३–३ पृ० ५४५

[2] २. महेन्द्र-स्मृति-ग्रन्थ, पृ० ४१८–१९ माथि पनि हामीले यो सम्पूर्ण भक्ति-कविता उद्धृत गरेका छौं ।

[3] २. महेन्द्र-स्मृति-ग्रन्थ, ४२५

[4] ४. ऐजन, पृ० ४२७–२८

माथिका हरपहरूमा हामीले शिलालेखहरूमा पाइने भक्ति-श्लोकहरूको मात्र विवरण प्रस्तुत गरेका छौं। यो विषय वास्तवमा पूरा रूपले यति संक्षेपमा बयान गरेर सकिने पनि हैन किनभने ग्रन्थका रूपमा पाइने भक्ति-साहित्यका वेला-वेलाका उदाहरण पनि विशाल रूपमा छन्।

ख. व्यक्तिगत वर्णन

हामीले यस शीर्षकमुनि शिलालेख अभिलेखहरूमा जति पनि व्यक्ति सम्बन्धी साहित्यिक बयानहरू पाइन्छन् तिनबाट संकलित सन्दर्भहरूको तुलनात्मक अध्ययन गरी ऐतिहासिक व्यक्तिहरूको शब्दात्मक सालिक तयार पार्न खोजेका हौं। तर स्पष्टतः यो विषय पनि ज्यादै विस्तृत हुंदा संक्षेपमा मात्र यस शीर्षकको व्याखया गरिने छ। यस शीर्षकलाई बयान गर्ने सुविधाको निम्ति तलका तीन उपशीर्षकमा विभाजित गरी हेरिने छ।

१. राजकीय

परापूर्व कालदेखि नेपाल राजतन्त्रात्मक स्वतन्त्र देशको रूपमा रहिआएकोले यहाँ पाइने ऐतिहासिक सामग्रीहरूमा राजाका नामको स्पष्ट उल्लेख पाइनु स्वाभाविक कुरा हुने नै भयो। यो बाहेक समाजका विभिन्न वर्गसँग सम्बन्धित ऐतिहासिक सामग्रीहरूमा पनि राजाको नाम सम्मानसा उल्लेख भएको देखिन्छ। स्पष्ट रूपमा यस्ता ऐतिहासिक लिखित सामग्रीहरू लाई केही भागमा विभाजित गर्न सकिन्छ: — (क) राजकीय अभिलेखह (ख) प्रशासकीय अभिलेखहरू (ग) सर्वसाधारण सम्बन्धी अभिलेखह (घ) साहित्यिक ग्रन्थलेख र अरू चानचुन। स्रोतको स्वरूपको परिचयक लागि मात्र हामीले उक्त विभाजन गरेका हौं तर तल मुख्य विषयको बया गर्दा सबैको समष्टिगत अध्ययन गरिने छ।

राजकीय व्यक्तित्वको वर्णन अनेक थरीका सामग्रीहरूमा पाइन्छ राजकीय शिलालेख, अभिलेख र राजाद्वारा रचिएका ग्रन्थमा वंशावलि अरू छुट्टाछुट्टै वर्णनमा राजकीय व्यक्तित्व र महत्त्वको बयान गरिएक पाइन्छ। प्रशासकीय अभिलेखहरूमा उनीहरूको व्यक्तित्वको व्यावहारिक प छर्लङ्गिएको हुन्छ। अर्थात् उनीहरूको राजनीतिक, आर्थिक र सामाजि नीति र आकाङ्क्षाका विभिन्न रूप त्यस्ता प्रशासकीय अभिलेखहरू चर्चिएको हुन्छ। सामाजिक शिलालेख-अभिलेख र ग्रन्थहरूमा समाज

राजकीय व्यक्तित्वहरूलाई कुन रूपले हेरेको र मानेको भन्ने कुरा थाहापाइन्छ । राष्ट्रिय नेताका रूपमा राजकीय र राजपरिवारका अन्य महत्त्वपूर्ण सदस्यहरूको जुन महत्त्व रही आएको छ त्यस आधारमा उनीहरूको भिन्नाभिन्नै तर छोटकरी विवरण तल सांस्कृतिक निर्माताको शीर्षक अन्तर्गत प्रस्तुत गरिने छ ।

२. भारदारी

राज्यको प्रशासनतन्त्रका नियन्त्रकका रूपमा भारदारी वर्गलाई राजा र राजपरिवारको पहिलो वर्गपछि दोस्रो वर्गमा राख्नुपर्दछ । आफ्आफ्नो आर्थिक सम्पन्नता र सामाजिक मर्यादाको क्रमअनुसार राजा र राजपरिवारपछि यस वर्गले राष्ट्रको बनिबनाउ हुने हरेक काममा विभिन्न स्तरमा देन दिएको देखिन्छ । तर यस वर्गले खास देन दिन सकेको युग वास्तवमा ई० १९५०–५१ तिर टुंगिएको कुरो पनि हामीले मान्नुपरेको छ । यद्यपि त्यसपछि आजसम्म त्यस वर्गले अर्कै किसिमबाट देन दिन थालेको छ । यो चरित्रगत अन्तरका विभिन्न कारण पनि देखिन्छन् जुनको व्याख्या यहाँ गर्नु सम्भव देखिँदैन ।

भारदारहरू सम्बन्धी सबै शिलालेख-अभिलेख र अरू सामग्रीबाट थाहपाइने सबै व्यक्तिहरूको वयान गरेर पनि यहाँ साध्य छैन । तर यीमध्ये केही उल्लेखनीय चरित्रहरूको उल्लेख पछि सांस्कृतिक निर्माता शीर्षक अन्तर्गत गरिने नै छ । यहाँ हामी त्यस्तै उल्लेखनीय सन्दर्भहरूको चर्चा गर्नेछौं जुनमा भारदारहरूको वंशावलिसमेतको बयान गरिएको पाइन्छ ।

भारदार वर्गको प्राप्य पहिलो वंशावलि-प्रभिलेख वीर अभिमानसिंह बस्नेतको हो । ई० १७७६ को यो अभिलेख उनले केलटोलमा ठूलो घर बनाएको उपलक्ष्यमा लेखाई राखेका हुन् । यसमा उनको पारिवारिक परिचय बाहेक अरू कुरा पनि ललित शैलीमा बयानिएको यसको संस्कृत भाग तल सारिएको छः[१]—

> सञ्जातः शिवराम इति यः श्रीपालिवंशोत्तम-
> स्तस्यामी तनयाः प्रणीतविनयाः शौर्य्यार्य्यवीर्य्याश्रयाः ।
> जेष्ठो नाहरसिंह एव तदनु प्रोद्यद्यसाः केहरी-
> सिंहो मन्त्व्यभिमानसिंहसुमतिर्यस्यानुजो धौकलः ॥१॥

---

१. संस्कृत सन्देश, ५. पृ० ४-५.

शाकाब्दे वसुनन्दराजमिलिते मासे च पौषे सिते
विश्वेदेवतिथौ रवौ सुरभिभे योगे तथा ब्रह्मणि ।
सुश्रीमन्नभिमानसिंहकृतिना जेता किरातस्य त-
द्धर्म्यं रम्यतमं विनिर्मितमिदं सश्रीकमास्तां सदा ।।२।।

देवो यत्र विराजते गणपतिर्विघ्नं विनिघ्नन् मुदा
यत्रार्चाः प्रजया (पाः) भवन्ति सततं वेदध्वनिः श्रूयते ।
मत्तेभाश्वरिनादसङ्कुलतरं सन्नृत्यगीतोत्सवो-
ल्लासैः सम्प्रति मानमन्दिरमिति ख्यातं च नाम्नाऽभवत् ।।३।।

गजवक्त्रनिवाससमुल्लसितं जपहोमसमर्चितदेवयुतम् ।
श्रुतिशास्त्रपुराणरवप्रथितं नटनृत्यसुगीतगुणोल्ललितम् ।।४।।

गजवाजिविनोदकृतक्वणनं परितः सुभटालिकृतावरणम् ।
बहुमाननिकेतनमाप्रधनं भवनं प्रतिभाति मनोरमणम् ।।५।।

"श्रीशालिवंशमा उत्तम गोरखाली बडावीर शिवरामसिंह भनी प्रसिद्ध भए, तिनका छोरा यी शस्त्र-शास्त्र इत्यादि शिक्षा पाएर पनि नम्र भएका र शौर्य आर्य भाव तथा वीर्यका आश्रय भएका जेठा नाहरसिंह, माहिला यशस्वी केहरीसिंह, साहिला बुद्धिमान् मन्त्री अभिमानसिंह एवं कान्छा धोकलसिंह भए।

शक संवत् १६९८ (ई० १७७६) पौष शुक्ल १० रविवा रोहिणी नक्षत्र तथा ब्रह्मयोगमा किरातविजयी सत्कर्मकुशल श्रीमान् मन्त्री अभिमानसिंहले बनाएको यो रमणीय भवन सदा लक्ष्मीयुक्त रहोस्।

जहाँ गणेश देवता विघ्न नष्ट गर्दै आनन्दपूर्वक विराजमान छ जसको पूजा सबै गर्दछन्, निरन्तर वेदध्वनि सुनिन्छ, मदमत्त हात्ती घोडाका शब्दले गुञ्जायमान, धार्मिक नाच-गान तथा उत्सवहरूको उल्लासले आजकाल मानमन्दिरको नामले प्रख्यात भयो।

गणेशको निवासले मङ्गलमय, जप-होम देवपूजन सहित, श्रुति-स्मृति, पुराण आदि शास्त्रहरूका शब्दले प्रसिद्ध, नटुवाहरूको नाच-गान आदि गुणले सुन्दर, हात्तिघोडाहरूले विनोदले गरेका गर्जनाले रमाइलो, तिलङ्गाहरूका पङ्क्तिले घेरिएको, धेरै मान र धनले सम्पन्न भएको यो भवन प्र

मनोहर छ ।[1]"

यसपछि हिन्दीमा सात पद्य पनि रचिएको जसको वक्तव्य संस्कृतकै जस्तो छ । अभिमानसिंह बस्नेतका भाइ धौकलसिंहले पनि ई० १७९३ मा हाल नारायणहिटी राजदर्बार रहेको ठाउँमा भव्य घर बनाई त्यसको बयान लेखाई राख्न लगाएका थिए । यो अभिलेखमा पनि धौकलसिंहले आफ्नो र आफ्नो परिवारको परिचय र अरू कुरा पनि वाणीविलास पाँडेजस्ता विद्वान्लाई रच्न लगाई शिलालेखको रूपमा थाप्न लगाएका थिए । उतिखेरका भारदारको स्थिति र भावना आदि धेरै कुरा झल्काउने हुँदा उक्त अभिलेखको सम्पूर्ण वक्तव्य यहाँ उद्धृत गरिन्छ ।[2]

प्रख्यातः शिवराम इत्युदभवच्छ्रपालिवंशादिमे
चत्वारो ह्यभवँस्तदीयतनयाः प्रीत्यैकतामाश्रिताः ।।
ज्यायान्नहर्सिंह एष सुयशा वैरीन्द्रविध्वंसकः
शूरो धर्मपरो दयापर इति प्रोद्गीतमेतद्यशः ।।१।।

संसारे यश एव सारमिति सञ्चिन्त्यैव दानादिभि-
स्तत्संपादयिता भवत्तदनुजः श्रीकेहरीसिंहकः ।।
भूपस्याधिकयन्निजस्य घरणिं कृत्वा च भोगं परं
वारुण्यां दिशि यो रणे रिपुगणान् विध्वंसयन् स्वर्गतः ।।२।।

तत्पश्चाज्जनिरन्वितो गुणगणैः कारुण्यलावण्यभू- ।
र्मेधावी ह्यभिमानसिंहसचिवो दाता महाधार्मिकः ।।
यो भिल्लान् बहलान् हलाहलवलान् भल्लादिभिर्ध्वंसयन्
हालामापिबतः किरातमजयद्देशं समस्तं हठात् ।।३।।

आसीद्धौकलसिंह एतदनुजस्त्यागी यशस्वी बली
त्रटयत्कञ्चुकिबन्धना युवतयः स्रस्तांशुकाः प्रेमतः ।।
धावन्त्यन्यबधूपराङ मुखमपि क्षिप्रं यमोलोक्य तत्-
सौन्दर्यास्पदमत्र को विरचितस्तस्माद्विधात्रा परः ।।४।।

---

[1] बखतमान सिंह बस्नेतले गरेको अनुवाद (संस्कृत सन्देश, ५. पृ. ६) मा केही मात्र फेरफार गरी उद्धृत ।

[2] संस्कृत सन्देश, ५. पृ० ७–१० ।

पुत्र श्रीरणधीरसिंहसहितो वैरीभकण्ठीरवो
धौरयो धरणीपमन्त्रिषु धरादेवेषु देवेषु च ।।
सद्भक्तिर्धरणीपतेर्निजपतेः सर्वत्र युद्धांगणे
योऽसौ धौकलको हि दुर्धरधनुर्धन्वान आस्ते पुरः ।।५।।

दानं भूरि यतो वनीयककुलं लब्ध्वा निजं मन्दिरं
गच्छत्प्राप्य परेथिनः पथि ततो लब्ध्वा बहु स्वं पुन : ।।
दातॄन् सम्लपयन्ति किं च बहुना यद्दान भीते रमा
मूर्तापि स्वपतेर्वसत्युरसि सा दातेदृशो धौकलः ।।६।।

शाकेऽस्मिन् बाणभूमिधरणिधरधरासम्मिते ज्येष्ठमासे
शुक्ले पक्षे दशम्यां शशितनयदिने शस्तचित्राभिधर्क्षे ।
स्वस्वत्वोत्पत्तिपूर्वं नृपति रणवहादूरलब्धे स्थलेस्मिन्
रम्यं हर्म्यं सुकाम्यं शुभफलजनकं धौकलोसौ व्यधत्त ।।७।।

पुत्रपौत्रकुलतोपि कलत्रात् कर्मतोपि च हरेः करुणातः ।
कीर्तिरत्र भवितेति विचिन्त्य कीर्तिमन्दिरमिदं न्यगदत्सः ।।८।।

बाला बाल्यार्हलीलामनवरतमदोद्दाममाद्यन्मतंगा
श्चीत्कीरं सत्तुरङ्गा निजरुचिररवं भूततेर्मानिलक्ष्म्यः ।।
स्वावाक्षं सत्पुराणध्वनिमवनिसुरा गायका गानमुक्ति
कीर्तेर्देवप्रसादाद्विदधतु नितरां वन्दिनो मन्दिरेस्मिन् ।।९।।

कीर्तिं निजीय विततामहतामभीषां
तद्वर्णनेषु धूतधीरिति धौकलोक्त्या ।
मद्गेहनिर्मितिसमाप्ति शकादि लेख्यं
वाणीविलास इति वर्णयति स्म सूरिः ।।१०।।

"श्रीपालि वंशमा यादिया प्रख्यात शिवरामसिंह उत्पन्न भए। तिनका चार छोरा भए तर प्रीतिले गर्दा चारै मिलेर एक भएका थिए। जेठा यी नाहरसिंह इन्द्र जस्ता ठूल्ठूला वैरिहरूको विध्वंस गर्ने, शूर, वीर, धर्मपरायण, दयालु र ठूलो निष्कलङ्क जस पाएका छन् भनेर यिनको यश गाइयो।

संसारमा यश नै सार छ भनेर दान-धर्म, युद्ध इत्यादि सत्कर्मले यश कमाउनपट्टि लागेका नाहरसिंहका माहिला भाइ श्री केहरीसिंह भए. जो

आफ्ना राजाको राज्यसीमा बढाउँदै दिव्य भोग भोगेर पश्चिम दिशाका युद्धमा शत्रुगणहरूको विध्वंस पार्दै स्वर्ग गए ।

ती केहरीसिंहपछि जन्मेका साहिला भाइ अभिमानसिंह गुणगणहरूले युक्त भएका, कृपा र सुन्दरताका खानी, अति दाता, महाधार्मिक र मेधावी हुनाले मन्त्री भए । जसले बिखालु अस्त्र-शस्त्रले प्रहार गर्ने, धेरै फौज भएका, मद खाएर चूर भै रहेका भिल्लहरूलाई भाला आदि अस्त्र-शस्त्रले ध्वस्त पारेर समस्त किरातदेश जिते ।

उनीपछि जन्मेका कान्छा भाइ धौकलसिंह दानी, यशवन्त र बलिया थिए । परस्त्रीदेखि विमुख छन् ता पनि जसलाई देखेर प्रेमले चोलाका तना चुंडिएका, खास्टो खमाल्दै युवतीहरू छिटो दौडिन्छन्, तिनीजस्ता राम्रा यस लोकमा विधाताले कसलाई बनाएको छ र ?

छोरा श्रीरणजोरसिंहसमेत, वैरिरूपी हात्तिका निम्ति सिंह, पृथ्वीका मालिक महाराजाधिराजका मन्त्रीहरूमा धुरन्धर, देवता, बाहुन र आफ्ना अधिपति-राजामा निश्छल भक्ति भएका ती धौकलसिंह सर्वत्र रणभूमिमा अरूले उठाइनसक्नु धनु हातमा लिएर टंकार गर्दै शत्रुका सम्मुख छाती तानेर खडा रहन्छन् ।

जसबाट धेरै दान लिएर आफ्ना घर जान लागेका याचकहरूलाई बाटामा भेटी अरू याचकहरू फेरि तिनदेखि धेरै धन पाएर दाताहरूलाई लजाउँछन् । धेरै के भनौं जसको दानदेखि डराएर साक्षात् ती लक्ष्मी पनि आफ्ना पति (विष्णु) का छातीमा लुकेर बसेकी छन्, धौकलसिंह यस्ता दाता छन् ।

शाके १७१५ ज्येष्ठ शुक्ल दशमी बुधवार चित्रा नक्षत्रको दिन महाराजाधिराज रणबहादुर शाहबाट प्राप्त गरेर आफ्नो पूर्ण अधिकार भएको यस ठाउँमा उनी धौकलसिंहले शुभफल जन्माउने, सबैले कामना गरिएको राम्रो घर बनाए ।

छोरा, नाती, कुल-धर्मपत्नी, सत्कर्म र हरिका करुणाले यसमा कीर्ति हुने छ भनी ठानेर धौकलसिंहले यस घरलाई कीर्तिमन्दिर भने ।

इष्टदेवताका प्रसादले यस कीर्तिमन्दिरमा सदा-सर्वदा बालकहरू बालक्रीडा गरी रहुन्, निरन्तर मदजल झार्ने मत्ता हात्तीहरू गर्जंदै रहुन्, महाराजाधिराजबाट प्राप्त असल घोडाहरू आफ्नो मधुर शब्द गर्दै रहुन्,

भएकी लक्ष्मी (मन्त्रीको पद) ले आफ्नो रमाइलो बास गरी रहुन्, पण्डितहरू वेद-पुराण आदि धर्मशास्त्रहरूको पाठ-कथा गरी रहुन्, गवैयाहरू जस गाइरहुन् र भाट (वन्दिजन) हरू कीर्ति-गाथा सुनाउँदै रहुन् ।

शिवराम-धौकलसिंहहरूको चारै दिशामा फैलिएका अकुण्ठित, निष्कलङ्क र ठूलो कीर्ति सुनेर त्यसको वर्णन गर्ने निश्चय भएका विद्वान् वाणीविलासले, धौकलसिंहले मेरो घर बनिसकेको संवत् र तिथिमिति लेखिदिनुपर्‍यो भन्दा यस किसिमले ती सबै कुरा छोटकरीमा बयान गरे ।"[1]

यो संस्कृत भागपछि हिन्दी १५ पद्यमा पनि त्यस्तै बयान गरिएको, विस्तारको भयले त्यसलाई यहाँ सारिएन ।

चित्लाङ बस्नेतपौवाको (ई० १७८५ को ?) अभिलेखमा पनि बस्नेत परिवारको उदात्त वर्णन गरिएको छ ।[2] त्यो अभिलेखको वक्तव्य यस प्रकारको छः—

स्वस्ति श्रीशिवरामसिंह इति यः ख्यातो महाधैर्यवान्
राज्यं स्वस्य नृपस्य वर्द्धनपटुर्यत्तस्य खड्गादिभिः ।।
युद्धे शत्रुकरीद्रगण्डदलनव्यापारशौण्डोभवत्
धर्मज्ञोपि जनार्तिनाशनपरः श्रीपालिवंशोद्भवः ।।
(स) श्रीमानभिमानसिंह इति यः ख्यातो महाबुद्धिमान्
तस्मात्प्रादुरभूत्समस्तमनुजैर्द्वारे सदा वन्दितः ।।
मन्त्रित्वेपि पुरन्दरस्य गुरुवज्जातो नृपाणां कुले
भक्तिर्य्यस्य सदावसद्द्विजकुले देवे तथा ब्रह्मणि ।।
दृष्टवा तु तद्बुद्धिविकासवैभवं राजाप्यनन्दत्सुमतिर्भवेदयम्
मन्त्री भवेषुः सकलाश्च मन्त्रिणो येषां च मद्वृद्धिगतं मनो भवेत् ।।
संसेवनेमुख्य विशालबुद्धे राज्यस्य वृद्धिस्त्वरितं गथा स्यात्
आज्ञापयद् भूरिगुणाभिरामो भूपस्तथेप्स्यकथयन्त सतम् ।।
प्रासेविरे तेन रराज धीरो राज्यस्य वृद्धि च चकार सम्यक्
नीत्या प्रजापालनपूर्ण विद्यो भूयारिभेदेषु च यः प्रवीणः ।।

---

१. बखतमानसिंह बस्नेतद्वारा अनुवाद (संस्कृत सन्देश, ५. ११–१३) मा केही फेरफार गरी उद्धृत ।

२. इतिहास प्रकाश, २–३. पृ. ४४७–४४८ ।

सङ्ग्रामाङ्गण संस्थितो विजयते यो भीमसेनोपरो
दाने कर्णसमो महीव सततं क्षान्त्या समालक्षितः ।।
स्त्रीभिर्मन्मथ एव यश्च निपुणो दीनार्त्तिनाशे च यत्
माधुर्य्येण नृपार्थसाधनपटुर्गायन्ति लोका यशः ।।
श्रीच्छावती तस्य पतिव्रतासीत्पत्नी शुभा सद्‌गुणभूषणाढ्या
श्रीदिव्यरेखा च कनिष्टपत्नी साभूत्सुतैः सत्कुलमण्डयित्री ।।
किशोरसिंहं प्रथमं तु पुत्रं प्रासूत शौर्य्यादिगुणान्वितं सा
द्वितीयपुत्रं रणदीपसिंहं महाधुरीण नृपकार्यकर्त्यै ।।
तृतीयपुत्रं रणवीरसिंह यथार्थनामानमतिप्रवीणम्
एतान्सुपुत्रानुदयाय चास्या देवालयं सोभिजगाम वीरः ।।
सत्कीर्त्तिरभिमानसिंहकृतिनः स्वर्गे निवासाय सद्
रम्यं सुप्रवसं विनिर्मितमिदं श्रीच्छावतीभार्य्यया ।।

''बडा धैर्य्यवान्, आफ्ना राजाको राज्य बढाउनामा कुशल भएका, युद्धमा शत्रुरूपी मत्ता हात्तीहरूका गण्डस्थलको दलन गर्ने काममा सिपालु भएका, धर्मको मर्म जान्ने, दीन.दुखीहरूको दुःख हटाउने काममा तत्पर भएका, श्रीपालि वंशमा जन्मेका श्रीशिवरामसिंह भन्ने नामले विख्यात भए ।

तिनबाट ठूलो बुद्धि भएका, ढोकामा सधैं सबै मानिसहरूले बन्दना गरिएका श्रीमान् अभिमानसिंह भन्ने नामले प्रख्यात पुत्र भए । उनी मन्त्री थिए ता पनि अरू राजाहरूका कुलमा इन्द्रको सभामा बृहस्पति जस्ता गुरु भए, जसको देवता र बाहुन तथा ब्रह्ममा सधैं अटल भक्ति रहेको थियो ।

तिनको बुद्धिविलासको वैभव देखेर राजा पनि 'हाम्रो यो मन्त्री ठूलो बुद्धिमान् छ त्यस्तै अरू सबै मन्त्रीहरू पनि भैदिए हाम्रो राज्य असाध्य बढ्ने थियो' भनी खुशी भए ।

तुरुन्त राज्यको बढि-

यस्ता बुद्धिमान् तिनको सत्संग गरेर सबैले बढाउ गर्दा हुन् भन्ने आशा गरेर राजाले तिनलाई राजा राज्यवृद्धिको काममा सधैं लगाई राख्दथे । विद्वान्, बुद्धिमान् र धैर्यवान् तिनको मन् शोभा बढ्यो । राम्रैसँग राज्यको वृद्धि पनि गरे । धर्मनीतिपूर्वक प्रजापालन गर्नाले सफल भएको पूर्ण विद्या भएका, तिनी आफ्ना राजाका वैरिहरूको भेदन गर्नामा प्रवीण पनि थिए ।

जो सधैं युद्धभूमिमा डटेर साक्षात् आर्को भीमसेन झैं विजयी हुन्छन्, दान दिनामा जो कर्ण समान छन्, पृथ्वीझैं सधैं क्षमाले उपलक्षित छन् । आइमाईहरू जसलाई साक्षात् कामदेव सम्झन्छन्, जो सधैं दीन-दुःखीहरूको विपत्ति हटाउन निपुण छन्, र जो सधैं माधुकरी वृत्तिले मधुरता-पूर्वक राजाको ढुकुटी भर्नामा सिपालु छन्, यसैले सबै जना उनको यश गाउँछन् ।

तिनकी इच्छावती नाम भएकी, सबै असल गुणहरूका गहनाले सिंगारिएकी पतिव्रता धर्मपत्नी थिइन् । अनि दिव्यरेखा नाम भएकी तिनकी आर्की धर्मपत्नी थिइन् जो असल छोराहरूलाई जन्माएर आफ्नो असल कुल-लाई सिंगार्ने भइन् ।

तिनले शौर्य, वीर्य, धैर्य, गाम्भीर्य आदि गुणका थुप्राले युक्त भएका जेठा छोरा किशोरसिंहलाई जन्माइन् । अनि, राजाको राज्यवृद्धि कार्यको सिद्ध गर्ने महाधुरीण, कुलदीपक दोस्रा छोरा रणदीपसिंहलाई जन्माइन् ।

त्यस्तै आफना दाजुहरूजस्तै सबै सीपमा सिपालु भएका रणवीरसिंह भन्ने नाम अनुसारको काम गर्ने आर्को छोरालाई तिनले जन्माइन् ।

यी तीन वीर छोराहरूको उदय गरेर ती वीर (अभिमानसिंह) देवालय (स्वर्ग) गए ।

सत्कर्मशाली हुनाले सत्कीर्तिशाली अभिमानसिंहको स्वर्गमा वास होस् भन्ने इच्छाले उनकी पत्नी इच्छावतीले यो राम्रो धारो र धर्मशाला बनाइन् ।[1]

शाहवंशका पुरानो भारदार खलक पाँडेको प्राप्य अभिलेखहरूमा यौटैको पत्तो लाग्न सकेको छ । ई० १८०१ को नुवाकोट भैरवीको मन्दिरमा चढाइएको घण्टाको अभिलेख नै यो परिवारको पुरानो परिचय हो । यो अभिलेखमा तल सारिएका दुई परिचय–श्लोक लेखिएका छन् । :—

वर्षेटेन्द्रियनागभूपतिमिते १८५८ श्रीविक्रमीये रवौ
कर्कस्थे शुचि मासि भौमदिवसे शुक्ले चतुर्थ्यां तिथौ
पत्न्या साकमयोऽध्यया ससुतया श्रीभैरवीप्रीतये
घंटैषा सचिवेन रम्यनिनदा दामोदरेणार्पिता ।।१।।

---

[1] योगी नरहरिनाथको अनुवाद (इतिहास प्रकाश, २–३ पृ० ४४८–४५०) को आधारमा केही फेरफार गरी उद्धृत ।

ज्येष्ठः श्रीकरवीरसंज्ञक उमापादारविन्दार्चको
विख्यातो रणजङ्ग इत्यभिधया तस्यानुजो वीर्य्यवान्
युद्धे शूरस्सतो रणदलः श्रीकीर्तिवम्संज्ञकः
तस्माच्छ्रीललितादिवम्म इति तत्पुत्रारिपुत्रा सदा ॥२॥[1]

"ई १८०१ कर्कटमा सूर्य बसेको वेला असार शुक्ल चतुर्थी तिथिमा पत्नी अयोध्या र छोरासमेत भई श्रीभैरवी प्रीतिका निम्ति मन्त्री दामोदरले राम्रो आवाज आउने यो घण्टा चढाए। उनका छोरा जेठा पार्वतीको चरणकमलको पूजा गर्ने श्री करवीर, उनका भाइ पराक्रमी र प्रख्यात रणजङ्ग, युद्धमा शूरा र सज्जन रणदल, श्रीकीर्तिवम र श्रीललितवम छन्।"[2]

गोर्खाका निवासी जैराज राना मन्त्रीको परिवारको परिचायक ई० १८०२ को अभिलेख मनकामनाको मन्दिरमा रहेको छ जसको वक्तव्य तल सारिएको छ–

गोर्खाख्ये नगरे नृपस्य सविधे जैराजरानाभवत्
तत्पुत्रो नृवरो नृपेन्द्रसचिवः श्रीबन्धुरानाह्यभूत्।
तत्पुत्रः समरे प्रखंडितपरः संग्रामशूर (:) सदा
दाता भ्रातृकलत्रपुत्रसहितः श्रीशूरवीरोऽजनि ॥१॥

भ्रातृभिष्कृष्णवीराद्यैः सहितः सांप्रतं युवा।
सुवर्णनिर्मितं द्वारं स्थापितं देवताग्रतः ॥२॥

वेदनेत्रमुनिभूयुतशाके चैत्रकृष्णशुभषष्ठियुतेव्दे।
चन्द्रवार सहिते शुभकाले स्थापितं कनकद्वारमद्भुतम् ॥३॥

माता श्रीजैकुवरिसहितोभूत्। भार्य्या श्रीगुलाफदेवि पुत्र सरवर्सि पुत्र रनमेर्रसि ॥[3]

मनकामना मन्दिरमै रहेको उही मितिको आर्को अभिलेखमा शूरवीर राना र उनका करवीर, कृष्णवीर, फोर्दसिंह, खड्गसिंह र बलवीर नाउँ गरेका भाइहरूको पनि नाम लेखिएको छ।[4]

---

१. प्राचीन नेपाल, १० पृ० ४२:

२. ऐजन.

३. गोरखाको ऐतिहासिक सामग्री, पृ० २६–२७.

४. ऐजन, पृ० २७.

गोर्खाका बासिन्दा भार्दार खलक सम्सेर राणाको परिवारको परिचायक यौटा शिलालेख गोर्खामै पोखरीथोक भन्ने ठाउँमा पाइएको छ। ई० १८१७ को शिलालेखको वक्तव्य तल सारिएको छ:—

स्रीशाके नववन्हिमेघसमिते मामेऽसिते माधवे
सप्तम्यां बुधवासरे श्र (व) णभे रानीजलाधारिकाम्
गोरक्षाधिपतेररींश्च हतवान् सम्मेरराणाकरोत्
तत्पुण्योपचयाद् भवन्तु सुखिनः पित्रादयः सर्वदा ।।१।।

गोरक्षपुर्यां प्रकटो हि म   राणाभवद्वीररणेषु धीरः ।
तस्यात्मजो भास्कर नाम राणा कांभोजवीरान् विनिहत्य स्वर्गतः ।।२।।
सम्सेरो भास्करसुतः कृष्णायां ह्यभवत्कृती
हरिप्रियायां सम्सेरात् अभिमान्यभवत्सुतः ।।३।।

तस्यानुजौ घनश्यामतारकेशौ महाबली ।
शश्वद्वाणद्वितीयेन सम्सेरेण सुबुद्धिना
ढिनु'वेशधनाढ्येन निःशेषो रंजितो जनः ।।४।।

बन्धुसिं स च गोर्षायां त्रिधारा दृशतः कृता
वेदसप्ताष्टैकसंवन्मिते काले शुभम्भवेत् ।।५।।[२]

हामीले माथिका पानाहरूमा थुप्रै पल्ट भोटुपाँडेको चर्चा गरेका छौं। तिनको वंशको परिचयात्मक शिलालेख विष्णुमतीको पुलपारी रहेको छ। ई० १८१० को त्यो शिलालेखको संस्कृत र नेपाली दुवै भागको उद्धरण तल गरिएको छ[३]:—

हिमालय पर्वतका नजिकमा रह्याका गोर्षा पर्वतमा सुवुद्धि भयाका गणेश पाडे भैगया तन्को पुत्र उत्तम यश भयाका विष्णुपाडे भया तन्को पुत्र विरूपाडे भया तन्को पुत्र कुलको मणिझाइ भयाका वलीपाडे भया तन्को पुत्र विष्णुदाश पाडे भया तन्को पुत्र धर्मात्मा भयाका लडाइमा ठूला पराक्रम भयाका तुलाराम पाडे भया तन्को पुत्रहरू सरस्वतीका गर्भबाट जन्म्याका चार जना भया तिनिहरूको जेठा शत्रुहरूकन सदै जित्न्या

---

१. ?
२. गोरखाको ऐतिहासिक सामग्री, पृ० २९–२०.
३. संस्कृत सन्देश, २ वर्ष, ४–५–६ अंक, पृ. २९–३०.

स्वभाउ भयाका जगजित्पाडे माहिला बुद्धिमान् नीति जान्या स्वधर्ममा लाग्याका रणजित् पाडे काहिला व्रजवासी पाडे तिनिहरूको कांछा उदार स्वभाउ भयाका सज्जनहरूका अघिबाट वपान गर्ण योग्य भयाका आफुले गऱ्याका दिशाका अंतसंम पुक्याका कीर्तिले पृथ्वीमण्डल व्याप्त गरिरह्याका ब्राह्मणहरूका पाउका धुलाले अति पवित्र आङ भयाका ठूला-ठूला तीर्थ स्नान गर्णु ठूला-ठूला यज्ञ गर्नु ठूला ठूला दान गर्णु विषये लाग्याका वावा महतारीका सेवाले पवित्र भयाका श्री भोटु पाडे थिया तन्का पुत्रहरू अन्नपुर्णाका गर्भबाट जन्म्याका वलभंजन पाडे गजदल पाडे यशोदाका गर्भबाट जन्म्याका गरूरध्वज पाडे इ तीन जना पुत्रले सहित भयाका श्री भोटु पाडेले संवत् १८६७ सालका वैशाष महीनाका शुक्लपक्षका पूर्णिमाका दिन बाटो हिंन्या गाइ मानिस किमिलाहरू सुखसित हिड्नुभनि नदि वारि पारिका पाटिले सहित विष्णुमतीका पुराणु विगऱ्याका सागु राम्रो गरि नवा बनाञौ ।।

गोर्षानामनगे नगेन्द्रनिकटे आसीद् गणेशः सुधी-
स्तस्याजायत विष्णुरुतमयशास्तष्यापि पुत्रो विरुः ।।
तस्याभूद् वलिसंज्ञकः कुलमणिः श्रीविष्णुदासो वले-
स्तस्माद्भीमपराक्रमो युधि तुलारामोऽभवद्धार्मिकः ।।
चत्वारस्तनयास्ततः समभवन्सारस्वतेया वरा
तेष्वाद्यो जगजित्सपत्नविजयी तस्यानुजो बुद्धिमान् ।।
नीतिज्ञो रणजित्स्वधर्मनिरतो मान्यो ह्यमात्याग्रणी-
स्तस्यान्यो व्रजवासिसंज्ञकः इति ख्यातो जगन्मण्डले ।।
एतेषामनुजोऽप्युदारचरितो ह्यासीत् सतामग्रणीः
सत्कीर्त्या निजया दिवंगततया चाकीर्णदिङ्मण्डलः ।।
पूतात्मा द्विजपादपद्मरजसा पित्रोस्तथा सेवया
सत्तीर्थाटनदानयज्ञनिरतः श्री भोटुपाडेऽभिधः ।।
यस्ताभूद् बलभंजनो गजदलो द्वावन्नपूर्णाजनी
सत्कीर्तिर्गरुडध्वजः समभवत्पुत्र यशोदोदरात् ।।
राधे मासि नगाङ्गनागकुमिते वर्षे हि राकातिथौ
जीर्णः सेतुरकारि तेन सुभगो नूत्नोऽध्वगानां मुदे ।।

पकनाजोलमा भोटुपाँडेले थापेको शिवालयको ई० १८०७ को शिलालेखमा पनि यो परिवारको परिचायक केही हरप लेखिएको छ जसमा भनिएको छ–

''श्रीगोर्षाका पदसुथरि पाडे श्री विष्णुपाडे श्री चन्द्रप्रभा यो दुईका छोरा श्री तुलाराम पाडे श्रीसरस्वती यो दुईका छोरा श्रीकपर्दार भोटु पाडे श्रीअन्नपूर्ना श्रीजशोदा योतिनीको पुत्र श्रीवलभंजन पाडे श्रीगरुडध्वज पाडे श्रीगजदल पाडे सहितले ·········।''[1]

शाहवंशका पुराना भार्दारहरूमा थापा खलकको पनि उल्लेखनीय ठाउँ रहेको छ । यस खलकको एक हाँगोपट्टिका सर्दार अमरसिंह थापा थिए। तिनका र तिनका छोराका केही अभिलेखमा यी सर्दारको परिवारको केही परिचय पाइन्छ । तीनै सर्दारको ई० १७८२ को जनकपुर राममन्दिरको अभिलेखमा संस्कृत भागमा छोटकरीमा उनको संक्षिप्त परिचय दिई त्यसपछि नेपालीमा '·····आत्रेय गोत्रोत्पल भीमसेन थापात्मज सर्दार श्री अम्वरसिंह थापाले श्री (सीता) (रा) मचन्द्र मन्दिर वनवाया'' भनी लेखिएको छ ।[2] उनैको गुह्येश्वरी सिद्धेश्वरको वाहिरी धातुपाताको लेखमा पुछारको (वा तेस्रो) संस्कृत श्लोकमा चाहिं उनका बाजेसम्मको परिचय यसरी दिइएको छः—

आत्रेये गोत्रवर्ये समुदितवपुषा ख्यातशौर्यस्य भूमौ
रंजैसिंहस्य नप्त्राधिकलि मतिमता भीमसिंहात्मजेन ।
भार्यापुत्रान्वितश्रीविलसदमरसिंहेन थापोपनाम्ना
प्रीत्यर्थं गुह्यकाल्याः कनकमयगृहं ताम्रगर्भं न्यवेदि ।।[1]

उनै सरदारको ई० १८१४ को पशुपतिको भित्री उत्तर ढोकाको तोरणमा लेखिएको अभिलेखमा उनका पत्नी र छोराहरूको परिचय प्रस्तुत गरिएको छ—

आत्रेयगोत्रोत्पन्न श्रीअमरसिंहथापाभिधेयेन श्रीधर्मदेवीति विख्यातया धर्मपत्न्या श्रीरणध्वजनामधेयेनैततत्सत्कर्मकरणाग्रसरेण प्रख्यातपुत्रेण सह एतद्रौप्यकपाट सतोरण निर्माय श्रीसाम्बशिवपशुपतिप्रितये श्रीरणध्वजसंज्ञक-पुत्रद्वारा समर्पितम् ।। अथैतत्पत्नीपुत्रपौत्राणां नामान्यभिधीयन्ते ।

धर्मावती ज्येष्टपत्नी शूरवीरो हि यत्सुतः
रुद्रावती मध्यमा च जगद्वी (र) स्तु..... तत्सुतः ।।१।।

---

१. अप्रकाशित ।

२. पुरातत्त्व पत्र संग्रह, भाग—३. पृ० १२.

श्रे (ज्ये) ष्ठा सुर्वगुणोपेता पार्वतीय महेशितुः ।।२।।
यस्यां जाता महात्मानः शौर्य्योदार्यदयान्विताः
पुत्रास्तेषु गुणैर्ज्येष्ठो नामतः श्रीरणध्वजः ।।
रणभीमस्ततोनु श्रीरणजोर इति स्मृतः ।।३।।
भक्तवीरो रामदासो नरसिंह इति क्रमात्
कनिष्ठा लालवत्यस्यामर्जुनः प्रथमः सुतः ।।४।।
कनीयानथ भूपाल (:) दशैते वीरवत्तराः
आख्यायन्ते तथा पौत्रा रिपुमर्दनपूर्वकाः ।।५।।
गम्भीरो बदलश्चैव तथा मातबरः स्मृतः
गर्जसिंहस्तथा चोक्तो रणसिंहः सुदर्शनः ।।६।।
उजीरसिंहस्तदनु रणदीपस्तथापरः
रणगंज इति ख्यातो दश चैते यथाक्रमात् ।।७।।[2]

''आत्रेय गोत्रमा उत्पन्न भएका श्रीअमरसिंह थापाले श्री धर्मदेवी नामले प्रख्यात भएकी धर्मपत्नी तथा श्री रणध्वजसिंह थापा नामले प्रख्यात भएका यस्तो सत्कर्म गर्नामा अग्रसर भएका पुत्रका साथमा यो चाँदीको ढोका र तोरण बनाएर गौरीसमेत सदाशिव पशुपति प्रीति गरी श्री रणध्वज नामका पुत्र मार्फत चढाएँ । अब तिन (अमरसिंह) का पत्नी, छोरा र नातीहरूका नाम भनिन्छन्---

जेठी धर्मपत्नी धर्मावती तिनका पुत्र शूरवीर छन्, माहिली धर्मपत्नी रुद्रावती, तिनका पुत्र जगत्मा वीर छन् । साहिली धर्मपत्नी पतिपरायणा धर्मदेवी नामले विख्यात छन् । महेश्वरकी पार्वती जस्ती सबै गुण भएकी जेठी छन् । जसका कोशमा शौर्य, औदार्य र दया आदि गुण भएका महान् आत्मा भएका छोरा जन्मे । तिनमध्ये गुणगणले जेठा श्री रणध्वज छन् । तिनपछिका रणभीम, तिनपछिका रणजोरसिंह छन् । तिनपछि पालैसँग भक्तवीर, रामदास र नरसिंह छन् । कान्छी धर्मपत्नी लालवती, तिनका कोशमा जेठा अर्जुन सिंह र कान्छा भूपालसिंह जन्मे । यी दशै साई ठूला वीर छन् । अब अमरसिंहका नातीहरूका नाम क्रमैले भनिन्छ---

---

१. संस्कृत सन्देश, १०-११-१२. पृ. ३५.

[2] इतिहास प्रकाश, २-३. पृ. ३१४-३१५.

रिपुमर्दनसिंह, गंभीरसिंह, बदलसिंह, माथवरसिंह, गजसिंह, रणवीरसिंह, सुदर्शनसिंह, उजीरसिंह, र रणगञ्जसिंह यति दश (नाती) छन् ।"[1]

सर्दार अमरसिंह थापाका जेठा छोरा रणध्वज थापाले पाटन शंखमूलमा जयेश्वर मन्दिर थापी त्यसको सामु खम्बा थापी त्यसमाथि आफ्नो सालिक पनि थापेको कुराको चर्चा हामीले माथि गरिसकेका छौं। उक्त खम्बाको पूर्व पाटाको ई० १८२० को अभिलेखमा पनि उनले आफ्नो परिवारको केही परिचय लेखाएका छन् ।

उक्त थापा खलकै नातागोता पर्ने अर्को थापाको भार्दारी खलकले आफ्नो वेलामा निकै चकचकी मच्चाएको थियो। यो जर्नेल अमरसिंह थापाको खलकमा तत्कालीन राजनीतिमा महत्त्वपूर्ण भाग लिने वीरभद्र थापा, अमरसिंह थापा, भीमसेन थापा, नयनसिंह थापा, रणवीरसिंह थापा र माथवरसिंह थापा जस्ता व्यक्ति अघि र पछि भएका थिए । यस खलकको परिचायक अभिलेख पालपामा अमरनारायण मन्दिरमा रहेको छ । जर्नेल अमरसिंह थापाले लेखाउन लगाएको ई० १८०६ को यो अभिलेखको सम्बन्धित भाग तल सारिएको छ—

गीर्वाणयुद्धादिकविक्रमश्रीराजाधिराजोत्तममन्त्रिगोत्रे
जाग्रज्जयश्रीवसुकीर्तिचन्द्रः शौर्याब्धिरासीद् भुवि वीरभद्रः ।।
तदीय तनयो नयोदयजमन्त्रिलक्ष्म्यालयो
लयोखिलविरोधिनां सदनुरोधिनां यो जयः ।।
रणे प्रहरतां वरो विजयवत्स पृथ्वीतले
तुले विजयतेतरासमरसिंहमन्त्री चिरम् ।
सुराणां गुरुर्दानवानां कविश्च
रघूणां सुमन्त्रः कुरुणां हि सूतः ।।
यदूनां यथा चोद्धवो मुख्यमन्त्री
तथैषोस्य सप्ताङ्गजा जज्ञिरे ते ।।
तत्र ज्येष्ठो हार्यकार्ये यविष्ठो राज्ञः प्रेष्ठो मन्त्रिषु श्रेष्ठ एव ।
युद्धे स्थेष्ठो मान्यमर्त्ये ह्रसिष्ठो धीर्वषिष्ठो भीमसेनो वरिष्ठः ।।

---

[1] इतिहास प्रकाश, २–३ पृ० ३१५–१६ मा प्रस्तुत अनुवादलाई केही फेरफारसाथ उद्धृत गरिएको ।

श्रीभीमसेनोमरसिंहपुत्रो भूदेव भूदेवसुरद्रुमः सः ।
यद्दानमानश्रवणाद्बभूवुः कर्णादयो वर्णनिवर्णवक्त्राः ।।
अभूद्रणे वैरणि कालदण्डः श्रुते नये चापरिखिन्नपण्ड ।
गुणेन सिंहो नयनः प्रकाण्डः स मध्यमो जन्मनि दानशौण्डः ।।
यशोऽत्र निक्रम्य विकीर्य युद्धेऽभिमन्युरेवं नयनस्तु सिंहः ।
युधिष्ठिरक्ष्मापति भीमसेन स्वतातकीर्तिः कलयन्गतः स्व ।।
जज्ञे वषत्वार इतोनुसिंहः शौर्येण रोद्धा योधि रंहः ।
अन्वर्थ नामाऽमृतसिंह उक्त श्रीमान्कनिष्ठो रणवीरसिंहः ।।
पंचापि ते पंचजनीनयत्ना जेष्ठात्मजाः सेवितराजरत्नाः ।
जेष्ठाः कनिष्ठा रणवम्सुतेन वीरप्रसूनां च रणध्वजेन ।।
द्वीपेषु सप्तस्वपि शासनं किं प्राघोषयन्त पृथिवीमघोनः ।
सप्तांगराज्येमित कर्मसप्त प्राज्ये पृथक्कारिण एव रेजुः ।।[1]

ई० १८११ को वाग्वतीपुलको स्तम्भाभिलेखमा पनि अमरसिंह थापा, भीमसेन थापा, नयनसिंह थापा, बखतवारसिंह थापा र रणवीरसिंह थापाको ओजस्वी वर्णन ठाउँ-ठाउँमा पारी गरिएको छ ।[2] यस थापा परिवारको परिचायक अरू सन्दर्भहरूमा उल्लेखनीय चाहिं भीमसेन थापाले धरहरानेर भीमभक्तेश्वरको मन्दिर बनाई लेखाएको शिलालेखमा लेखिएको अंश हो । त्यस अभिलेखको सम्बन्धित अंश तल सारिएको छः[3]—

प्रासूतामरसिंहनामसचिवाच्छ्रीवरभद्रात्मजाद्
गोरक्षाचलराजराज्यकमलास्थैर्यर्द्धिमत्कारणात् ।।
ज्येष्ठं पञ्चसु सोदरेषु समये यं सत्यरूपा सती
सोयं मन्त्रिशिरोमणिर्जनरलः श्रीभीमसेनः कृती ।।
पत्न्या भक्तकुमारिकेत्यभिधया सद्भक्तिभाजा समम् । इत्यादि

"श्रीवीरभद्रका पुत्र मन्त्री अमरसिंहबाट गोर्खा पर्वतका राजाका राज्यकी लक्ष्मीको स्थिरता र वृद्धिका निमित्त सती सत्यरूपले सहोदर पाँच भाईहरूमध्ये जेठा जसलाई शुभ मुहूर्तमा जन्माइन् ती मन्त्रीहरूका शिरोमणि जनरल श्री भीमसेन सत्कर्ममा कुशल छन् । तिनले अत्यन्त

---

१. सन्धिपत्र संग्रह, पृ० ५५१.

२. त्रिरत्नसौन्दर्यगाथा, परिशिष्ट पृ० २६१–२६८.

३. संस्कृत सन्देश, ५. पृ० १४.

भक्तिमती धर्मपत्नी भक्तकुमारीका साथमा………।[१]

पाँच जना महत्त्वशाली छोराका पिताको रूपमा जर्नेल अमरसिंह थापा (साना) को इतिहासमा कति महत्त्व छ स्पष्टै छ । अनि झण्डै ३१ वर्षसम्म नेपालको प्रशासनको बागडोर सँभाल्ने व्यक्तिको रूपमा अमरसिंहका जेठा छोरा भीमसेन थापाको के महत्त्व छ यो पनि स्पष्टै छ । किल्ला-काँगडाको युद्धमा शहीद हुने नयनसिंह थापाको चरित्र सऱ्हनी लायक छँदै छ । प्रशासक र वीरका रूपमा बखतवारसिंह थापा, अमृतसिंह थापा र रणवीरसिंह थापाहरूको पनि इतिहासमा उल्लेखनीय ठाउँ छ । नयनसिंह थापाका छोरा माथबरसिंह थापा पनि आफ्नो वीर र राष्ट्रिय विचारधाराका प्रबल समर्थकका रूपमा उल्लेखनीय छन् जुनलाई तत्कालीन परिस्थितिमा प्रधानमन्त्री र कम्याण्डर-इन-चीफको जस्तो महत्त्वपूर्ण पदको उपयुक्त सम्झेर विदेशबाट आदर र सम्मानपूर्वक बोलाइएको थियो । यो थापा खलकको महत्त्व सानो भए पनि यौटा आर्को उल्लेखनीय तत्त्व पछिको जुगका सूत्रधार जंगबहादुरको जस्तो चरित्रमा रगतको नाताबाटै भए पनि राजनीतिक आकांक्षा र आत्मसम्मानको भावनाको थापा खलकका महत्त्वपूर्ण गुण सारिदिनुमा छ । किनभने जंगबहादुर नयनसिंह थापाकी छोरी रक्षाकुमारी र बालनरसिंह कुंवरको दाम्पत्यसूत्रका देन हुन् । यो थापा खलकमा जस्तोसुकै कारणले भए पनि परम अध्यात्मवादी हुन पुगेका रणवीरसिंह थापा=स्वामी अभयानन्दले बौद्धिक र अध्यात्मको प्रचारमा आफ्नो किसिमको उल्लेखबाट देन दिएकै छन् । सामग्री र समयको अभावले गर्दा हामीले सबै पुराना भार्दार खलकका सन्तानहरूले पछि-पछिका युग अनुकूल विभिन्न क्षेत्रमा रही दिएका देनहरू यहाँ जोड्न सकिएको छैन ।

कुंवर-राणाको भार्दारी खलकको पनि पुरानै इतिहास छ तर त्यसको खास उपलब्धि ई० १८४६ देखि ई० १९५ सम्मको अवधिमानै भयो । जुन स्तर र तरीकाबाट अघिका भार्दारले राजा र राज्यको सेवा गरिआएका थिए त्यस्तै किसिमबाट त ह्वैन आर्कै किसिमबाट ई० १८४६ देखि शक्तिको एकीकरण कुंवरराणा खलकमा भएकोले वातावरण जसरी उदासीन भयो त्यो स्थितिमा सांस्कृतिक गतिविधि थोर-धेर राम्रैसँग चलेको

---

१. श्यामबहादुर थापाद्वारा गरिएको अनुवाद (संस्कृत सन्देश, ५. पृ० १७–१८) बाट उद्धृत ।

देखिन्छ । तैपनि सामूहिक प्रयत्नबाट हुने सांस्कृतिक उपलब्धिको तुलनामा यो स्थितिलाई उल्लेखनीय त अवश्यं भन्न सकिँदैन । यसको प्रत्यक्ष प्रभाव स्वयं राणा परिवारमै पनि परेको देखिन्छ । जस्तो हामीले, पाँडे र थापा भार्दार खलकको उदात्त र ललित शैलीमा रचिएका वंशावलिको चर्चा गरेका छौं त्यस्तो वंशावलि-अभिलेख राणा-परिवारको पाइँदैन । पाइएका वंशावलि-अभिलेखमा पनि त्यस्तो शालीनता देखिँदैन यद्यपि जंगबहादुरका पुर्खाहरू त जंगबहादुरको राजनीतिक आकाङ्क्षा र उपलब्धिबाट कुनै किसिमबाट पनि प्रभावित हुने कुरो होइन । तैपनि मृगस्थलीमा रहेको जंगबहादुर राणाकी आमा रक्षाकुमारीको ई० १८४६ को अभिलेखमा संस्कृत श्लोकहरूमा राणा परिवारको राम्रो र ललितशैलीमा परिचय प्रस्तुत गरिएको छ । यिनै रक्षाकुमारीको गोकर्णमा रहेको अभिलेखमा पनि राणा परिवारको राम्रै शैलीमा परिचय प्रस्तुत गरिएको छ । धीरशम्शेर राणाको मृगस्थलीमा रहेको ई० १८६८ को शिलालेखमा पनि राणा परिवारको बयान गरिएको छ । धीरशम्शेरको नारायणहिटी धीरनारायण मन्दिरको ई० १८७४ को अभिलेखमा राणा-परिवारको राम्रो परिचय प्रस्तुत गरिएको छ । वास्तवमा भनौं भने स्वयं जंगबहादुर राणा र उनका सबै भाइ धीर-वीर र महत्त्वपूर्ण व्यक्तिका रूपमा उल्लेखनीय छन् । यही क्रम थोर-धेर धीरशम्शेरका जेठा छोरा वीर शम्शेरसम्म पनि देखिन्छ तर त्यसपछिको यो भार्दारी खलकको व्यक्तिगत दा राष्ट्रिय दुवै किसिमको इतिहास त्यति रुचिकर छैन । तैपनि इतिहास भनेको इतिहास हो र त्यसैले देशको जस्तोसुकै युगको पनि कार्यकलापको पुन-मूल्यांकन गर्नैपर्दछ ।

राणावंशमा आफ्नो परिचय, आफ्नो शासन-समयमा भएका कामको प्रचार गराउने सोख त्यस वंशका सातौं प्रधानमन्त्री श्री ३ महाराज जुद्धशम्शेरको रहेको देखिन्छ । उनका प्रकाशित अभिलेखहरूमा उनी प्रधान-मन्त्री हुनुअघिको यौटा अभिलेखमा उनले आफ्ना पिता जनरल धीरशम्शेर जंगबहादुर राणा र आमा रानी जुहारकुमारीदेवीको नाउँको चर्चा गरेका छन् ।[1] अर्को अभिलेखमा उनले आफ्ना मातापिताका नाम, आफ्नो जीवनी र आफ्ना पुत्रहरूको समेत नाम लेखाउन लगाएका छन् — "वहा

---

[1] संवत् १९८२ (ई० १९२५) को जाउलाखेलको नारायणको देवलको घण्टाको अभिलेख, अभिलेख संग्रह, भाग–८ पृ० ७.

(श्री ३ जुद्ध शम्शेर) को वीवाहिता रानी श्रीपद्मकुमारीदेवीबाट छोरा ६ पैदा भए मध्ये हाल जीवित माहिला श्रीबहादुर सम्शेर साहिला श्री अग्निसम्शेर काहिला श्रीहरिसम्शेर ठाहिला श्रीसु (सू) र्य्यसम्शेर र कान्छा श्रीनारायणसम्शेर स्मेत् ५ छोरा छन्···।"[1] थापाथली पांचायन मन्दिरको बाहिरपट्टि भित्तामा टाँसिएको श्री ३ महाराज जुद्धशम्शेरको विशाल शिलालेखको एक अंशमा राणावंशको आदिकालदेखिको वंशावलि प्रस्तुत गरिएको छ। यो वंशावलि रोचक र उपयोग हुँदा यहाँ उद्धृत गरिन्छ:—

> "रामसिं गणेशसिं अजितसिंस्मेत ३ भाई उत्तराषंड पाहाडतर्फ आएमा रामसिं पश्चीं पाहाड भिर्कोटअन्तरगत कारसङ्का राजा भएमा आइ ताहाका फौजलाई खडगविद्या सिकाई बसेका थीए १२।१३ वर्षपछी निज्को देहान्त भयो रामसिंका छोरा रत्नजीत इ भिर्कोट्का राजाको फौजको मोष्य मालिक थीए पाहाडी राजा र सतङ्कोट्का राजासंग लडाञी गर्दा खड्गकुवर पदविको खिताव पाये भीर्कोटैमा कालगति देहान्त भयो रत्नजीतका छोरा अहिराम कुवर भीर्कोट्वाट कास्कि आई सर्दारि दर्जा र फौजको मोष्य अविसर भै वसेमा छोरि श्रीताराको कारण राजैसङ्ग विरोध परि श्रीपृथ्वीनारायण साहको बुवा श्रीनरभुपालसाहको पालामा गोरखा आई वसे पाहाडि राजाहरूसङ्ग ४।५ लडाञी जीति कालगति ५६ वर्षको उमेरमा गोर्षैमा देहान्त भयो. अहिरामका छोरा रामकृष्ण कुवर इनिले पनि पाहाडि राजाहरूसङ्ग ३।४ लडाञीमा जितबाजि गर्दा जेठा–वुढा भन्ने पदवि र काजी दर्जा पाए १८२५ सालमा श्रीपृथ्वीनारायण साहको साथ नेपाल आई पूर्व मेचि पश्चिम जुमलासम्मको मुलुक जीति रिजबापत्मा श्रीपशुपति श्रीगुह्येश्वरिको बाटो बनाउन मागि तेसपछि प्यूठानामा मेकचन् खडा गर्न गएमा ५९ वर्षको उमेरमा कालगति देहान्त भयो सेकुवाडाडामा राममुक्तेश्वर जयमुक्तेश्वर भन्ने शिवालय खडा छ रामकृष्णका छोरा रणजीत कुवर डीगर्चा र चिनसङ्गको लडाञी गरे जुंलाको विद्रोह सान्त गरे किल्ला काङ्डाको लडाञी जीति ५८ वर्षको उमेरमा कुमाउ झापाको लडाञीमा गोलि लागि देहान्त भयो रणजितका छोरा बालनरसिंह कुवर इ पूरा देविभक्त थीए. सेरबहादुरले श्री ५ माहाराजाधीराज रणबाहादूर

---

[1] १. ललितपुर भूकम्पस्मारक स्तम्भको अभिलेख, ऐजन, पृ० १२–१३.

साहाको ज्यान लिन लाग्दा इनिले सेरबाहादुरलाई काटि मारि धीराजको ज्यान तेस घडि बचाई ५८ वर्षको उमेरमा कालगतिले नेपालैमा देहान्त भयो बालनरसिंहका छोरा जङ्गबहादूर राणा पैले सुबेदारिमा भर्ना भै ताहावाट रिसल्लामा लेफटें भै ताहापछि तोपखानामा कप्तान भएका अक्काल बुद्धिको जोरले गर्दा १ सालमा जनरल भै ३ सालमा प्राइम्मिनिष्टर भै ७ सालमा वेलायेत गै फर्कि नेपाल आई ११।१४ सालको भोट् लखनौको लडाञी जिति भोट्सर्कारबाट सालिन्दा १०००० रुपैयाँ आउने बन्दोवस्त गरि अंग्रेज सर्कारबाट नञा मुलुक फिर्ता लिए मुलुकमा सबै कुराको निश्वार्थ स्थिति रोल वाधि औं कानुन खडा गरि ३० वर्ष राज गरि ३३ सालको फागुण मैह्नामा देहान्त भयो वालनरसिंहका पञ्चम पुत्र रणउदीपसिं राणा ई ३३ सालमा प्राइम्मिनिष्टर भै ४६ सालमा देहान्त भयो बालनरसिंहका कनिष्ट पुत्र धीरशम्सेर जङ्गबहादुर राणा इ वडा वीर योद्धा र बुद्धिमान थीए ११ साल्मा भोट्को ठाउ जस्तोमा परेको कठिन्को लडाईमा इनिले जस्तो नाम उस्तै काम गरि बहादुरि गरि नाम राखि १४ सालको लखनौका लडाञीमा ठूलो काम गरि महाराज जङ्गबहादुरको दाहिने हात भै अरू आफनु मुलुकमा परेमा दाजि प्राइम्मिनिष्टरहरूलाई ठुलो मद्दत दिनुहुन्थ्यो नेपालमा महाराज रणउदीपसिं बक्साई पैल्हे दर्बार इस्कुल बाहीबाट खडा गरि ३ धारामा पाकसाला र पाठसाला स्मेत् खडा गरि मुखत्यारि रोलमै ४१ सालमा ५७ वर्षको उमेरमा देहान्त भयो धीरशम्सेरका जेष्ठ पुत्र विरशम्सेर जङ्गबहादूर राणा ई ४२ सालमा प्राइम्मिनिष्टर भै सडक ढल लाईबेरी धारा नेपालमा र अरू ठाउ-ठाउमा अस्पताल्स्मेत् खडा गरि ५७ सालमा ४६ वर्षको उमेरमा देहान्त भयो धीरशम्सेरका चतुर्थ पुत्र देवशम्सेर जङ्गबहादुर राणा मुखत्यार छदैमा ४ कोसको झाडि र भीमफेदिमा धारा राखि ई ५७ सालमा प्राइम्मिनिष्टर भै ४ मैन्हासम्म राज्य गरि नेपाल टोलटालमा र पाहाडमा पाठसालाहरू षोलि कार्जे कारणले इस्तफा गरि धनकुटा सवारि भै केहि दीन राज गरि देसतर्फ सवारी भै देसैमा ७० सालमा ५२ वर्षको उमेरमा देहान्त भयो धीरसम्सेरका पञ्चम पुत्र चन्द्रशम्सेर जङ्गबहादूर राणा ५८ सालमा प्राइम्मिनिष्टर भै ६१ सालमा बेलायेतमा सवारी भै जिल्ला जिल्लामा अस्पताल र नेपाल पाहाड ठाउठाउमा पुल सप्तरिमा चन्द्रनहर बनाई सन् १९१४ सम्वत् १९७१ सालको युरोपको ठुलो लडाञीमा सायता दि मुलुकको गौरव बढाई १९७६ सालदेखि सालियाना १० लाख कम्पनि रुपैया आउने भयो पाटन

भाद्गाउमा अंग्रेजि इस्कुल नेपाल सहरमा बिजुली टेलिफोन विरगञ्जदेखि अमलेखगञ्जसम्म रेल धुशुङदेखि नेपालसम्म रोपरोड चूरेको टनेल् नेपालमा मिलेटरि अस्पताल सैनिकसंस्था बारुदखाना स्वास्थ्यगृह खडा गरि ८१ सालमा करिया अमलेख गराई र ८६ सालमा ६७ वर्षको उमेरमा प्राइम्मिनिष्टर भै देहान्त भयो धीरशम्शेरका षष्टम पुत्र भीमशम्शेर जङ्गबहादुर राणा ई० ८६ सालमा प्राइम्मिनिष्टर भै त्रि-भिम धारा खोलि नुन कपास गौचरि रकम् माफ बक्सी ८९ सालमा ६८ वर्षको उमेरमा देहान्त भयो धीरशम्सेर दसम पुत्र जुद्धशम्सेर जङ्गबहादुर राणा ८९ सालमा प्राइम्मिनिष्टर भै ९० साल माघ २ गतेको भयंकर भुकम्पमा ठुलो नोक्सान भएका सहर गाउँहरूको उठाए आफना कुलका हागाबिगा धेरै फाटि अभ्यागत भएका बिरादरहरूलाई खान लाउनाको बन्दोबस्त निमित्त जगा जमिन दि कुलधर्मलाई उज्ज्वल गराई धरान् जुद्धनगरमा जुद्धधारा वीरगञ्जमा धीरधारा सुन्दरि जलमा विजुलि र राईफल बनाउने कारखाना सहरभित्र बाहिर ठुलो सडक बनाई हाम्रा इस्कुलको मेट्रीक्यूलेसन् परिक्षा हाम्रो स्वतन्त्र राज्यमा हामिले नै बन्दोबस्त प्रथा चलाईबक्सी हाम्रा देसमा विश्वविद्यालयको जग पनि बसालिबक्सीयो देस विदेशबाट पनि ठुलो प्रससा भई अंग्रेज फ्रान्स चीन इट्यालि र पैले नआएका देस बेल-जोयेम्बाट पनि खिताब आयो आपना मुलुकका दुनिआहरूले झापासम्मको खबर पनि तुरुन्त पाउन् व्यापारको उन्नति पनि बढ्दै जावोस भन्नाका लागी प्रशस्त खर्च गरी नेपालदेखि महोत्तरी सप्तरी झापासम्म टेलिफोन खडा गरीबक्सियो जङ्गिमा इञ्च फुट् नपुगि भर्ना हुन नसकेका कदरहरुलाई पनि आफनै वंश हुन् भन्ने संझि आफना र भाई भतिजाहरूका ढोका ढोकामा सर्कारिया खर्चबाट राखि आफना टाडाका वंशको समेत प्रवासित मिलाई उद्धार गरिबक्सियो देस विदेशका दुःख पाई रहेका आफना भैयादका छोरिहरू पनि दुःख पुकारा गर्न आएका नेपाल अहद मै बशन मञ्जुर गर्ने जतिलाई भत्ता र घर जग्गाको बन्दोबस्त गरी निज अबलाहरूको पनि उद्धार गरीबक्सियो आफना मुलुकमा व्याङ्क नभयेबाट दुनिआहरूलाई असुविधा भयेकोले देशको उन्नति बढ्दै जावस भनी नेपालमा व्याङ्क खोलिबक्सियो भक्तपुरमा बिजुलि नहुँदा उन्नतिको काम गर्न पायेनौं भन्ने ताहाका दुनिआहरूको पुकारा सुनी भक्तपुरमा ।। त्रीजुद्धज्योति खोली बक्सीयो आफना हिन्दुराज्य नेपालको दुत स्वतन्त्र मुलुकहरूमा कहीं नरहेकाले हाल बेलायेतमा नेपाल लिगेसन स्थापित गरी आफना प्यारा

मातृभूमिको शोभा बढाईबक्सीयो यस्तै देशको भलाई र उपकारका धेरै कामहरू गरीबक्सेको हुनाले गुनका बोझले झुकेका र नी दुनिया ·· ···भाई भारादारहरूले ·· ''इत्यादि ।[1]

अघि-अघिका भार्दारहरूले झैं लालित्यपूर्ण संस्कृत पद्यमा वंशावलि लेखन नलगाई श्री ३ जुद्धले लोकभाषामा लेखाउन लगाउनु योटा नौलो कुरो हो । नेपाली भाषालाई यस किसिमको महत्त्व दिनु उल्लेखनीय कुरा हो तर नेपाली भाषाको तत्कालीन स्थिति हेर्दा यस वंशावलिलाई स्तरपूर्ण अभिव्यक्ति दिलाउने प्रयत्न गरिएको देखिदैन । तैपनि यस वंशावलिको आफ्नै किसिमको महत्त्व छ । नेपालको अघिदेखिको पुरानो भार्दारीप्रथा पनि ई० १९५० तिर टुंगिन गयो र यसैले गर्दा उक्त ई० १९४० तिरको रचना मान्नुपर्ने वंशावलिलाई आफ्नो किसिमको अन्तिम उदाहरण मान्नुपर्ने देखिन्छ ।

३. साधारण भक्त-रैती

इतिहासको प्रत्येक युगका साधारण भक्त-रैतीले छोडिगएका आफ्ना आभिलेखिक परिचयहरू पाइन्छन् । यद्यपि आर्थिक र सामाजिक अनेक कारणका आधारमा सबै किसिमका यस्ता मानिसहरूलाई योटै शीर्षकले ओगट्न सकिदैन तैपनि साधारण अध्ययनको लागि प्रशासनमा अलि तल्लो तहमा रहेका मानिसहरूदेखि लिएर विद्वान्, व्यापारी, सम्पन्न खेतीवाल र अरू व्यावसायिक वर्गहरूलाई यस शीर्षकमुनि राखी विचार गरिन्छ । समाजका यी वर्गहरूले नेपाली इतिहासका अघिल्ला युगहरूमाझैं यस युगमा पनि महत्त्वपूर्ण योगदान दिई आएका छन् भन्ने कुराका प्रासंगिक उदाहरणहरू माथिका पानामा प्रशस्त आइसकेका छन् । हाम्रो अध्ययनको यस स्थितिमा हामी उल्लेखनीय केही सन्दर्भहरूको चर्चा यहाँ गर्दछौं । यस सन्दर्भमा आर्को उल्लेखनीय कुरा पनि छ त्यो के भने यस समूहमा पर्ने वर्गहरूले आफ्नो लामो वंशावलि प्रस्तुत गर्नुभन्दा आफ्नो परिवारको साधारण परिचय दिने मात्र गरेको देखिन्छ र कति वर्गमा त, खास गरी नेवारहरूमा आफ्नो टोल-गाउँका छिमेकीहरूसमेतको नामोल्लेख र फुकीहरूको सामूहिक उल्लेख पाइन्छ किनभने उनीहरूले प्रायः सामूहिक रूपले सांस्कृतिक कार्यकलाप गर्नमा जुगान्जुगदेखि नाउँ कमाई आएका हुन् ।

---

[1] अभिलेख संग्रह, भाग–८, पृ० २४-२७.

यस किसिमको पहिलो सन्दर्भको रूपमा हामी ई० १७८० को यौटा अभिलेखलाई अघिसार्दछौं। चाँगु कीलेश्वर मन्दिरको उक्त मितिको तामापत्रमा यौटा खँड्का परिवारको परिचय यसरी पाइन्छ---"श्री श्री श्रीकीलेश्वर सदाशिव प्रीतये ताम्रपात्र जलहरि शिवप्रिति गरि चढाञ्यू भारद्वाज गोत्रोत्पन्न धनराज षड्का सुबेडिका ज्येष्ठ पुत्र रामाजित षड्का महालक्ष्मीदेवीवामाङ्गिसहित शिवलोक प्राप्तिकामनार्थे सर्वोपद्रवशान्त्यर्थे ……।[१]"

कंकेश्वरी मन्दिर पाटीको ई० १७८१ को शिलालेखमा[२] कान्तिपुर यटखाटोलका बासिन्दा धंजुभारो र उनको परिवारको परिचय पाइन्छ। यस शिलापत्रमा १६ जना भक्तका स-साना सालिक पनि बनेका छन् जुनका नाम पनि त्यहीं लेखिएका छन् ।

विष्णुमतीवारी रहेको इन्द्रायणीको प्रख्यात मन्दिरमा रहेको ई० १७८२ को शिलालेखमा मुक्तिमाधव भन्ने एक जना भक्त र उनकी पत्नीको उल्लेख गरिएको छ। यसै शिलापत्रमा जम्मा २३ जना भक्तका स-साना सालिक बनाइएका छन् जुनको नाम पनि त्यहीं लेखिएको छ। सबै मुक्तिमाधवकै फुकी र इष्टजनहरू हुन् भन्ने कुरा स्पष्ट छ।

साहित्यिक सन्दर्भहरूबाट थाहापाइएको प्रख्यात ज्योतिषी परिवारका लक्ष्मीपति पाँडेको ई० १७६५ को यौटा शिलालेख पश्चिम १ नम्बर मान्खुमा पाइएको छ। यस शिलालेखबाट उनी विद्वान् पाँडेको पारिवारिक परिचय पाइन्छ। उक्त शिलालेखको वक्तव्य तल सारिएको छः---

> श्रीनित्याक्षरसच्चिदद्वयपरानन्दार्पितात्मा कृतिः (ती)
> कृष्णानन्द इलासुरोऽखिलगुणस्तज्जस्तदादेशतः ।
> शैलेलाब्दमिते शके क्षयकृदि (करे) ० वर्षेऽनुमत्या तपो-
> मास्यर्के (ऽ) हनि पुण्यपस्त्यमकरोद् दैवज्ञलक्ष्मीपतिः ।।
> भरद्वाजगोत्र-भारद्वाजांगिरसवार्हस्पत्येतित्रिप्रवरान्वित-
> माध्यन्दिनी (न) शाखि-पाण्डेयोपनामक-दैवज्ञवर्य्यं-
> श्रीमत्कृष्णानन्दशर्मात्मज-दैवज्ञशिरोमणि-श्रीमल्ल-
> क्ष्मीपतिशर्मा श्रमापन्नाध्वगनां विश्रामाय स्वपित्रा-
> ज्ञया सा (ध) त्रपुण्यपस्त्यमकरोदिति ।।[३]

---

१. संस्कृत सन्देश, ६. पृ० ३८.

२. अप्रकाशित ।

३. पूर्णिमा, १८. पृ. १४७.

''नित्य अविकारी सत् चित् अद्वितीय आनन्दरूप परब्रह्ममा मन लाउनुभएका, विद्वान्, गुणी ब्राह्मण कृष्णानन्द हुनुहुन्छ । उहाँका छोरा ज्योतिषी लक्ष्मीपतिले उहाँको आज्ञाले शाके १७१७ (ई० १७९५) मा, क्षय नाम भएको संवत्सरमा, माघ महीनामा, सूर्यको वार तथा तिथिमा पौवा बनाए । भारद्वाज गोत्रमा जन्मेका, भारद्वाज आङ्गिरस बार्हस्पत्य तीन प्रवर भएका, माध्यन्दिनी शाखाका, पाँडे थर भएका, असल ज्योतिषी श्रीकृष्णानन्द शर्माका छोरा दैवज्ञ-शिरोमणि श्रीलक्ष्मीपति शर्माले थाकेका बटुवाहरूको विश्रामको लागि आफ्ना बाबुको आज्ञाले पौवा बनाए ।'[1]

उक्त घाटी रहेकै ठाउँनेर उनै लक्ष्मीपतिले बनाएको शिवमन्दिर रहेको छ । त्यसको घण्टामा लेखिएको ई० १८६१ को अभिलेखबाट[2] लक्ष्मीपतिकै चार नातिहरूले मिलेर त्यस घण्टाको जीर्णोद्धार कार्य गरेको कुरा थाहापाइन्छ । तिनका नाम हुन्—श्रीप्रसाद, विश्वनाथ, लक्ष्मीचन्द्र र काशीदत्त ।

अर्ज्याल थरका बाहुनहरूले पनि इतिहासका पानामा आफ्ना नाम टिपाइराखेको पाइन्छ । अहिलेसम्म थाहापाइएको यस्तो पहिलो सन्दर्भ ई० १७९२ को पशुपतिको घण्टाको लेख हो[3] जसमा 'श्रीमहाराजपुरोहित शक्तिवल्लभ भट्टाचार्य'को उल्लेख गरिएको छ । भट्टाचार्य शक्तिवल्लभले लिएको उपनाम हो । यसपछि ई० १८१२ र १८१३ का मितिका दुई अभिलेख पाइन्छन् जुनमा उनै शक्तिवल्लभका भाइको परिचय पाइन्छ । गोर्खा पोखरीथोकमा 'राधावल्लभेश्वर' नाम राखी (शक्तिवल्लभका भाइ) राधावल्लभ अर्ज्यालले शिवको मन्दिर बनाई त्यसमा चढाएको घण्टाको ई० १८१२ को लेखमा उनको र उनका पत्नीहरूको यसरी परिचय दिइएको छ—

श्रीराधावल्लभोऽर्ज्याल्कुलजनिरभवद् यस्य चासीदयोध्या
पत्न्यग्रा सत्यरूपा तदनु वसुमती वल्लभाऽतीव भर्त्तुः ।।
तार्त्तीयीकी ततोऽन्या जगति कुलवतीति प्रसिद्धेन्दुमत्या
ख्याता भूमौ कनिष्ठा कृतसहगमनाः पत्न्य एता अभूवन् ।।

X X X

---

[1] अनुवाद–दिनेशराज पन्त (ऐजन) ।

[2] पूर्णिमा, १८. पृ० १४५.

[3] जयरत्नाकरनाटक, भूमिका पृ० ४, पादटिप्पणी

× × सिद्धो राजपुरोहितेन गिरिजाजानेः परप्रीतये
राधावल्लभशर्मणा सुकृतिना घण्टार्पितेयं शुभा ।।[१]

यिनै राधावल्लभले पशुपतिको भित्री दक्षिण ढोकामा धातुका पाता चढाउने भनी रुपियाँको संकल्पसमेत गरेकामा त्यो काम पूरा गर्न नपाउँदै उनी स्वर्ग भएकाले उनका चेला र अरू बन्धुले मिलेर त्यो काम पुऱ्याई त्यसै धातुको पातामा अभिलेख लेखाएर राखेका थिए। ई० १८१३ को त्यो अभिलेखमा शक्तिवल्लभ, राधावल्लभ दुई दाजुभाइ, पछिल्लाका पाँच पत्नीहरू (जो पतिसाथै सती भएका थिए। र चेला र अरू बन्धुको परिचय पनि दिइएको छ। अभिलेखको सम्बन्धित वक्तव्य यस प्रकारको छ—

× × हेमसमन्वितं पशुपतिप्रीत्यै कपाटादिकं
निर्मातुं रजतेन दक्षिणगतं मुद्रासहस्राणि षट्
राधावल्लभ उत्ससर्ज मतिमानर्ज्यालवंशोद्भवः ।।
भ्राता (पण्डित) शक्तिवल्लभधरादेवस्य युक्तो वरै-
र्दारैः पंचभिरेषु सद्गुणयुताऽयोध्याभिधाऽऽद्या ततः
रूपा सत्यपुरोक्षरद्वययुता तन्मध्यमा प्रेयसी
भर्त्तुः श्रीवसुमत्यथो कुलवती चान्येन्द्रमत्याह्वया ।।
आर्याक्षेत्रगतं पुरोहितमणिं गोर्षेशभूमीपते
राधावल्लभभूसुरः सुकृतिनां श्रेयान् शिवार्चापरः
पत्नीभिः सहगामिनीभिरनिशं विभ्राजितः पञ्चमी
राधे विश्वतिथौ सिते गुरुदिने गीर्वाणलोकं गतः ।।
श्रीप्रद्युम्नबुधस्तथा बखतसिवस्न्याद् गुरौ भक्तिमान्
सेनानीः शिवपूर्ववर्णसहितो नारायणाचार्यकः ।।
कर्मण्यत्र नियोजितास्त्रय इमें संकल्पितेनामुना
(द्रव्येणैव कपाटकाद्यनुपमं सिद्धं यथोक्तं व्यधुः) ।।

X X X

एतत्तैर्विनिवेदितं वितरितुं मत्पुण्यतः स्वस्थितिः
स्यादित्यर्थयते शिवं गुरुसुतो वाणीविलासो बुधः ।।[२]

---

१. गोरखाको ऐतिहासिक सामग्री, पृ० २८.

२. इतिहास प्रकाश, २-३, पृ० ३१७

" .... पशुपतिनाथ प्रीति गरी सुन समेत चाँदीले दक्षिणतिर ढोका आदि बनाउन निम्ति राधावल्लभ अर्ज्यालुले ६ हजार रूपैंयाँ संकल्प गरे। पण्डित शक्तिवल्लभ अर्ज्यालका भाई ती राधावल्लभ अर्ज्यालका पाँच पत्नी थिए। तिनमा सद्‌गुणयुक्त जेठी अयोध्या माहिली सत्यरूपा साँहिली वसुमती काँहिली कुलवती र कान्छी ईन्द्रमती नाम गरेका थिए । गोर्खाका महाराजाधिराजका पुरोहित शिरोमणि, पुण्यात्माहरूमा श्रेष्ठ, शिवपूजामा तत्पर राधावल्लभ आर्याक्षेत्रमा गएर पाँचै पत्नीहरूसमेत भएर वैशाख शुक्ल दशमी गुरुवारमा स्वर्ग गए। प्रद्युम्न पण्डित, बखतसिंह बस्नेत, शिवनारायण अचार्ज यी ३ जना गुरुभक्तहरूले यस काममा खटिएर संकल्प गरिएको त्यस धनले ढोका आदि संकल्प अनुसार बनाई चढाए। × × मेरा पुण्यले स्वर्गवास होस् भनेर शिवसित गुरुपुत्र विद्वान् वाणीविलास प्रार्थना गर्दछु।"[१]

कान्तिपुर ङटटोल (नरदेवीटोल) का वासिन्दा डिट्ठा लक्ष्मीनारायणले ई० १७९३ मा तीनधारामा 'बाणेश्वर मन्दिर' थापेका थिए। त्यसमा ती डिट्ठाका छोरा कालीदासले ई० १८२७ मा योटा शिलालेख थापेका थिए। त्यस शिलालेखमा लक्ष्मीनारायणको परिचय यसरी दिइएको छः—

गोर्षाभूपतिपादभक्तक्षभडी धर्मादिवर्गप्रियः
जायापुत्रदुहितृनप्तृसहित श्रीलक्ष्मिनारायणे—
नात्मोद्धारणकामयापरमया श्रीविष्णुमूर्त्यन्वितो
भक्तानामभिपालकोतिसुभगो वाणेश्वरः स्थापितः ॥

X X X

ङटटोल घरका दिट्ठा लक्ष्मीनारायणले श्री ३ वान्येश्वर माहादेव स्थापना गरि..... ।[२]

यसै अभिलेखमा लक्ष्मीनारायणका छोरा कालीदासको पनि उल्लेख गरिएको छ जसले पछि मन्दिरसामु आफ्ना आमाबाबुका सालिक पनि थापेका थिए। उनी डिट्ठा लक्ष्मी तत्कालीन परिस्थितिमा निकै कहलिएका पनि देखिन्छन् किनभने ई० १८११ मा वाग्वतीको पुल बनाउँदा उनले पनि काम गरेको कुरा त्यहींको अभिलेखको निम्न वक्तव्यहरूबाट थाहापाइन्छः—

---

१. ऐजन, पृ० ३१८.
२. अप्रकाशित ।

गीर्वाणोत्तर युद्धविक्रममहाराजाधिराजाज्ञया
कर्मण्यत्र स भीमसेनसचिवो लक्ष्म्यादिनारायणम् ।
डिट्ठेति प्रथितं सुकर्मनिपुणं प्राज्ञं नृपाज्ञाकरं
प्राचीनानुचरं न्ययुङ्क्त मतिमान् श्रद्धाभरेण द्रुतम् ।।[1]

"महाराजाधिराज गीर्वाणयुद्धविक्रमको आज्ञानुसार बुद्धिमान् मन्त्रीभीमसेन थापाले काम गर्न जान्ने राजाको हुकूम तामिल गर्ने अघिदेखिका सेवक बुद्धिमान् डिट्ठा लक्ष्मीनारायणलाई मनलाईकन यस काममा खटाए ।"[2]

X X X

बडा बुद्धिमान् भीमसेन थापा काजीले एस काममा बहुत चित्त लगाई लक्ष्मीनारायण डिट्ठा मुख्य गरी ...।[3]

दानी र धर्मात्मा लक्ष्मीनारायणको कीर्ति तीन धारामा मन्दिरको रूपमा छँदैछ । उनका पितृ-मातृभक्त छोरा कालीदासले पनि बाबुले मन्दिरलाई भनी राखेको गुठीको बन्दोबस्त मिलाई शिलालेख राखेको उनको कीर्तिको रूपमा त्यहीं छ । उनले थापेको आमाबाबुको कलात्मक सालिक पनि मन्दिरनेर छन् जुनका पादपीठमा स्वयं उनको पनि सानो आकृतिका सालिक-चित्त अमर भई रहिरहेको छ ।

ईस्वीको उन्नाइसौं शताब्दीको आधाआधीतिर एक जना अपूर्व दानी र भक्त नेपालमा भएका थिए । ती हुन् सुब्बा कुलानन्दा झा जसले पशुपति मन्दिरको ढोकामा चाँदीका पाता मोरेका थिए र सदावर्त बाँड्नको लागि धर्मशाला पनि पशुपतिमै बनाएका थिए । उनको उक्त धर्मकार्य सम्बन्धी विवरण लेखिएको पशुपतिमै रहेको ई० १८३४ को शिलालेखमा उनको पारिवारिक परिचय पनि निकै लालित्यपूर्ण भाकामा लेखिएको छ जसका सम्बन्धित भाग तल उद्धृत गरिन्छः—

श्रीपशुपतिप्रीतये कुलानन्दशर्मणान्नशालाद्यर्पितमस्ति ।

X X X

---

[1] त्रिरत्न सौन्दर्यगाथा, परिशिष्ट पृ० २९५.

[2] अनुवाद-धनवज्र बज्राचार्य, ऐजन, पृ० ३०२.

[3] उही शिलालेखको नेपाली भाग, ऐजन पृ० २९८.

श्रीमन्नेपालदेशं पशुपतिनगरे शैलराजाधिराज—
श्रीमद्राजेन्द्रवर्म्मप्रभुचरणदयामाप्य विप्रान्तमोऽसौ ।
विप्रानभ्यर्च्य देवानपि मखविधिना दक्षिणादीन्ददत्स
प्रीत्यर्थं प्रार्प्पयन्तं निजकृतयजनं शम्भवे मुक्तिहेतोः ॥
आसीद् भारद्वाजगोत्रे शिवाङ्घ्रिध्यानासक्तो धार्मिकस्तैरभुक्तः
विद्वद्वर्य्यः श्रीमहादेवशर्मा जीवानन्दस्तत्सुतस्तद्विधोऽभूत् ॥
तदात्मज उदारधी रणवहादुरक्ष्मापतेः
प्रियोऽति विमलाशयः समुपलब्धसुब्वापदः ।
उमेशचरणार्चनाधिगतकोटिवित्ताधिपो
दिगन्तविलसद्यशोध्वनिरभूत्कुलानन्दज्ञाः ॥
विद्यालक्ष्मीर्गुह्यलक्ष्मीश्च नाम्ना विख्याते द्वे धर्मपत्न्यौ हितस्य
आस्तां रूपौदार्ये दाक्षिण्यकान्ते वाणीलक्ष्म्यावेकवासावतीर्णे ॥
विद्यालक्ष्म्यां श्रीकुलानन्दशर्मा हीरालालं पुत्रमात्मानुरूपम्
नीत्यामर्थं साधु संयोजितायामुत्पाद्योच्चैः प्राप राजेव मोदम् ॥
पृथ्वीलालं भैरवादिं च लालं भैयालालं चापरं गुह्यलक्ष्म्याम्
पुत्रानुत्पाद्यानृणोसौ पितृणामिष्टापूर्तैं प्रीणयामास देवान् ॥
रूपे माधवनन्दनो वितरणे संकर्तनः केवलं
नीतौ वाक्पतिरार्तरक्षणविधौ राजा शिविर्धार्मिकः ।
गाम्भीर्ये सरितां पतिः सुजनतानन्दे च तारापति-
र्वंशाम्भोजदिवाकरो विजयते हीरादिलालः कृती ॥
स पत्न्यां सत्यभामायां सत्यं लालं सुतोत्तमम्
विवेकमिव विद्यायां चन्द्रकान्तमजीजनत् ॥
एतैर्विनीतैः स्वजनैः समेतो दानेष्टपूर्वादिबहुप्रकारम्
धर्मं चरन्नप्यनिशं न लेभे तोषं पदं पाशुपतं स लिप्सुः ॥
विभाव्य तत्साधनमीशतोषं तत्कारणं वै विनियुज्य लक्षम्
पतेः पशूनामिह मन्दिरस्य द्वारत्रयं राजतपट्टचित्रम् ॥
निर्माय चन्द्रग्रहनागभूतिर्मिते १८६१ शराब्दे नृपविक्रमस्य
न्यवेदयन्माघसिते दशम्यां ब्रह्मान्वितायां स महेश्वराय ॥
असावसाधारणमेकमेव शम्भोर्विभोस्तोषकरं समीक्ष्य
धर्मं कलावन्नमयं प्रदानं क्षुत्पीडितेभ्योऽनुदिनं जनेभ्यः ॥

विधाय शालामतुलामदीनः शतार्द्धदीनेषु भवभ्दिरन्नम्
सोपस्करं नित्यमिह प्रदेयमित्यन्वशात्तत्र नियुक्तभृत्यान् ।।
अस्य नित्यान्नदानस्य निरवच्छिन्नतार्थिना
कुलानन्देन विदुषा निम्नगामातृका मही ।।
रोपणीभिर्गजेभर्षि ७८८ संमिताभिर्मितार्पिता
मध्येदेशे चतुर्ग्रामी चोत्कृष्टा शिवतुष्टये ।
यावच्चन्द्रदिवाकरौ च सकरीमर्यादया यन्त्रितौ
यावच्चाब्धिधरित्रिराघवयशो यावद्धरामण्डलम् ।
तावन्मैथिलवर्यसत्कृतिरियं लोकोपकारास्पदं
स्थेयादस्य च वाञ्छितं दिशतु सुप्रीतो मृडानीपतिः ।।[1]

X X X

श्रीसंवत् १८९१ साल माघ शुक्ल १० रोज १ का दिन काठमाडौं इन्द्रचोक किलागल टोल वस्न्या श्री सुव्बा कुलानन्दझा पत्नी विद्यालक्ष्मी सहित जेष्ठ पुत्र श्रीसुव्बा हिरालालझा तत्पत्नी सत्यभामा माहिला पुत्र श्री पृथ्वीलालझा तत्पत्नी श्याममाया साहिला पुत्र श्री भैरवलालझा कान्छा पुत्र श्री भैयालालझा पौत्र श्री सत्यलालझा तथा मणिलालझा पौत्री श्रीमाहेन्द्रलक्ष्मी सहितका मनमा धर्म्मबुद्धि भै .... ।[2]

हीरालालका अरू दान सम्बन्धी केही अरू चर्चा माथि पनि भैसकेको छ । उनको आर्को उल्लेखनीय काम चाहिं ई० १८४३ मा आफ्ना आमा-बाबुका सुनौला सालिक पशुपतिमा थाप्नु हो जसमा सानो परिचय-लेख पनि लेखिएको छ ।[3] पशुपतिमा अरू धार्मिक कीर्ति बाहेक उक्त झा परिवारले दिनदिनै ५० जनालाई भोजन दान (सदावर्त्त) गर्ने गुठी राखेका थिए त्यो यौटा महान् र अनुकरणीय कार्य हो भन्ने कुरामा कसैलाई कुनै किसिमको शंका लागोइन ।

विष्णुमतीवारी इन्द्रायणीको मन्दिरमा ई० १८९० को मितिको यौटा उल्लेखनीय शिलालेखको ऐतिहासिक महत्त्व छ किनभने त्यसमा यौटा भक्त परिवारको ई० १६५८ भन्दा पनि अघिदेखिको वंशावलि लेखिएको छ ।

---

१. संस्कृत सन्देश, ३. पृ० १८–१९
२. ऐजनको नेपाली भाग, ऐजन पृ० २०
३. संस्कृत सन्देश, ४. पृ० २८–२९

अभिलेखको वक्तव्य त्यत्ति स्पष्ट छैन तैपनि ई० १६५८ तिर भएका सहश्रराम मन्त्रीका सन्तान हूँ भनेर यस शिलालेखका स्थापनाकर्ता महन्तरामले लेखाएको कुरा अनपत्यारिलो पनि हुन सक्दैन । यसमा त्यसै कुलका थुप्रै मानिसहरूको नामोल्लेख वंशावलिको रूपमा प्रस्तुत गरिएको छ । उनी महन्तरामले इन्द्रायणीको मन्दिरमा सुनौलो कलश चढाएको अवसरमा यो लेख लेखाइएको थियो ।

ई० १९४१ मा कान्तिपुर मच्छेन्द्रवहालको प्रख्यात मन्दिरको आँगनमा एक जना भक्तिनीले खम्बा राखी त्यसमाथि तारादेवीको ढलौटको मूर्ति समेत थापेकी थिइन् जसको पूजा-आजाको लागि उनले केही जग्गा-समेतको बन्दोबस्त गरेकी थिइन् । त्यस खम्बामा लेखिएको अभिलेखमा यति काम कौशल नामकी धोबिनीले गरेको भनी लेखिएको छ र त्यहाँ तिनका आमा-बाबुको पनि उल्लेख गरिएको छ ।

यस खण्डको शीर्षकमुनि प्रस्तुत गर्न सकिने वेगिन्ती सन्दर्भ हामी हाम्रा पुरातात्त्विक सामग्रीको भँडारमा पाउन सक्दछौं । तर तिनको आधार-मा अहिलेको हाम्रो नेपाली समाजको विस्तृत पुर्ख्यौंली लेख्ने महत्त्वपूर्ण काम बाँकी नै छ । हाम्रो संस्कृतिका यी अविस्मरणीय निर्माता, समर्थक र संरक्षकहरूको इतिहासको पुनररचना गर्ने रोचक कामले इतिहासकारहरूलाई एक दिन अवश्य नै आफूतिर खिच्ने छ ।

ग. कलात्मक वर्णन

ई० १७६२ पछिको अभिलेखिक साहित्यमा प्रसंगनुसार विविध वस्तु र घटनाहरूको कलात्मक वर्णन थुप्रै पाइन्छ जसको विस्तृत उद्धरण प्रस्तुत गर्नु सम्भव देखिदैन । तैपनि केही उल्लेखनीय सन्दर्भहरूको विवरण प्रस्तुत गरी हामीले यस ग्रन्थको रूपमा तयार गर्न लागेको रमणीय चित्रलाई एकसरो किसिमले मात्रै भए पनि तयार पार्नैपर्ने देखिन्छ ।

बडामहाराजाधिराज पृथ्वीनारायण शाहका ई० १७६२ र ई० १७६९ का गरी ३ शिलालेखहरूमा क्रमशः नुवाकोटको साततले दर्बार र बसन्तपुर दर्बारको संक्षिप्त कलात्मक वर्णन गरिएको पाइन्छ जुनमा निकै साहित्यिकता झलिकएको छ । काजी सरूपसिंह कार्कीले चिकंमुगलटोलमा घर बनाएपछि राखेको संक्षिप्त शिलालेखमा पनि एक श्लोकमा आफ्नो घरको व्यस्त वातावरणको कलात्मक वर्णन लेखाउन लगाएका छन्—

वल्गन्तां ह्यकुञ्जराः प्रतिदिशं नृत्यन्तु वाराङ्गनाः
पठ्यन्तां स्तुतिगाथकाः प्रतिदिनं गर्ज्जन्तु पौराणिकाः
बर्द्धन्तां निजबालकाः स्वपुरुष सोमन्तिनी स्पर्द्धतां
नि शङ्कुञ्जयमन्दिरे निवसतां संशन्तु कीर्त्तिंगजनाः ।[१]

आफ्नो घरको यस्तै व्यस्तताको वर्णन काजी अभिमानसिंह बस्नेतले पनि आफूले ई० १७७६ मा बनाउन लगाएको 'तिलंगा भवन' को लेखाउन लगाएका छन् जसको प्रासंगिक उल्लेख माथि भैसकेको छ। त्यसैमा यिनलाई एकपटक अति दानी भनेर पनि लेखिएको छ तर यस रूपमा उनको खास बयान चित्लाङको अघि नै उल्लिखित भैसकेको अभिलेखमा पनि गरिएको छ जसमा उनलाई कर्णसमान दानी भनी तारीफ गरिएको छ। तर धनी र दानीको रूपमा उनै अभिमानका भाइ धौकल सिंहको गरिएको पाइन्छ। ई० १७९३ को नारायणहिटीको अभिलेखमा छैटौं श्लोकमा उनको दानशीलताको चामत्कारिक वर्णन यसरी गरिएको छ—

दानं भूरि यतो वनयकुलं लब्ध्वा निजं मन्दिरं
गच्छत्प्राप्य परेर्थिनः पथि ततो लब्ध्व बहु स्वं पुनः ॥
दातृन् सग्लपयन्ति किं च बहुना यद्दानभीते रमा
मूर्तापि स्वपतवंसत्युरसि सा दातेदृशो धौकलः ॥[२]

यस श्लोकमा पहिलो आधा भागमा त धौकलसिंहबाट दान पाएर आफ्ना घर जान लागेका मानिसहरूले बाटामा फेरि अरूलाई दान गर्दा ती पछिल्लाहरू पनि दाताहरूलाई लज्जित पार्दछन् भन्ने चमत्कारी बयान गरिएको छ। अनि यस्तो दानको परम्परागत तर्सेर (आफैंलाई समेत यस्ता दानीहरूले दान गरिदिने हुन् कि भनेर, स्वयं लक्ष्मी आफ्ना पति विष्णुको छातीमा लुकिन् भनी त्यो श्लोकको मुन्तिरको आधा भागमा उत्प्रेक्षा गरिएको छ। उक्त अभिलेखको हिन्दी भागमा पनि धौकलसिंहलाई दोस्रा कुबेर भनी उनको दानी व्यक्तित्वको फेरि तारीफ गरिएको छ।

महारानी सुवर्णप्रभाको ई० १८०८ को नक्साल नन्दिकेश्वरको शिलालेखमा[३] १६ लालित्यपूर्ण श्लोक प्रस्तुत गरिएका छन् जुनमध्ये केहीलाई

---

१. अभिलेख संग्रह, १२ पृ० ७।
२. संस्कृत सन्देश, ५ पृ० ८।
३. अभिलेख संग्रह, १२ पृ० ९-१२।

कलात्मक वर्णनको श्रेणीमा राख्न सकिन्छ । यसमा पाँचौं र छैटौं श्लोकमा उनी महारानीका २ छोरा राजकुमार रणोद्योत र समरसेरको वयान निम्न रूपमा निकै वाग्वैचित्र्यसाथ वाणीविलास पाँडेले गरेका छन्:—

अभूतां यत्पुत्रौ सुकृतफलरूपौ निरूपमौ
सदा धर्मासक्तौ नयविनययुक्तौ जनमतौ ।
रणोद्योतः साहोऽग्रजनुररिवर्गाग्रमहिमा
गुणग्रामोदग्रोऽजनि समरसेरस्तदनुजः ।।
एतौ प्रेमणि रामलक्ष्मणसमौ नारायणाराधने
प्रल्हादध्रुवसच्चरित्रलसितौ कन्दर्पदेवोपमौ ।
सौन्दर्य्येऽत्र विलोक्य यौ रिपुगणा भ्रष्टास्त्रशस्त्रा ह्रिया
संनम्रा अपि मुक्तनीविवसनास्तारुण्यघूर्णाङ्गनाः ।।

अनि महारानीले वनाएको मन्दिरको वयानमा पनि वाणीविलासले निकै अलङ्कारिकता देखाएका छन्:—

श्रीनन्दीश्वरदेवमन्दिरमिदं नानेन्दिरासुन्दरं
श्रीमन्नेत्रचकोरचन्दिरमुपयुद्धेमकुम्भान्वितम् ।
निर्मायात्र च संस्कृतस्त्रिजगतीनाथः शिवऽभ्यर्ण्यते
द्वारा विप्रजनस्य सोत्सवमहो राज्ञ्याऽनयाऽहर्निशम् ।।
यस्या देवालयस्याभित उपरचिता धर्मशाला विशाला
वासायानाश्रयाणां विलसति नितरामन्नसत्रं च यत्र ।
दीनानाथान्धखञ्जातिथिवधिरबुभुक्षातुराभ्यागतादि-
प्रीत्यै कैनात्र वर्ण्या नृपवरमहिला श्रीसुवर्णप्रभेयम् ।।
निर्मायात्र समर्पिता भगवते राज्ञ्याऽनया शम्भवे
सत्पुष्पा सुफलस्तनाऽलिकुलसत्केशा नवीना वरा ।
उत्कृष्टावरणा समीक्षकजनानन्दप्रदा राधिका
देवस्य प्रमदेव भाति निकटे वाटी मनोहारिणी ।।
राज्ञ्या निर्माय भूरिं द्रविणवितरणैः स्नानपानावगावा-
द्यर्थं भूतव्रजेभ्यो जयति भुवि समुत्सृष्ट एषोऽतिरम्यः ।।
नानाशिल्पैस्तडागो नृपतिरिव नयी जीवनाधारभूतो
गंभीरोऽच्छः सुशीतो गुणगणलसितः पात्रदस्तापहर्ता ।

X X X

यदवधि स्थिरतां भवति क्षितिर्दिनकरो रचयत्यपि वासरान्
तदवधि क्षितिपालमृगीदृशः स्फुरतु कीर्तिरियं वसुधातले ।।

उनी महारानीका महत्त्वपूर्ण कामको उत्तिकै कलात्मक वर्णन माथिका उद्धृत श्लोकहरूमा देखिन्छ ।

ई० १८११ मा बागमतीको पुल बनाएको उपलक्षमा उभ्याइएको खम्बाको विस्तृत लेखमा नेपाली गद्य भाग बाहेक वाग्वती स्तुति र प्रशस्ति श्लोक गरी जम्मा ५४ संस्कृत श्लोक लेखिएका छन् । तिनमध्ये चमत्कारी र आलंकारिक श्लोकहरू तल सारिएका छन् ।

महारानी कान्तिमतीको सौन्दर्यको बयानमा—
सौन्दर्यातिशयादमुष्य नृपतेः प्राणाधिकप्रेयसी
श्रीमत्कान्तिमती त्रिलोकविदिता धायाऽभवद् वीक्ष्ययाम् ।
एषा कापि सुराङ्गनासु किमियं किं नागकन्यासु वा
कामस्येति रतिः प्रिया किमथवा लोकोऽयमाशङ्कत ।।[1]

उहाँ राजाका अति सुन्दरी हुनाले प्राणभन्दा पनि प्यारी भएकी, सर्वत्र नाउँ चलेकी रानी कान्तिमती हुनुभयो । जसलाई देखेर कुनै अप्सरा हुन् कि वा कुनै नागकन्या हुन् कि अथवा कामदेवकी प्यारी रति नै हुन् कि भनीकन मानिसहरू अड्कल गर्दथे ।”[2]

भीमसेन थापाको राजभक्तिको बयानमा—
लोका जानीत यूयं प्रभुहितकृतये नाभवन्नास्ति भावी
नो मन्त्री भीमसेनादपर इह लसद्बुद्धिचातुर्ययुक्तः ।
तस्माद्भीमो गरुत्मानयमुत हनुमान् सेवितोऽनेन भूपः
कृष्णो वा राघवोऽवातरदिति कथयत्यत्र वाणीविलासः ।।[3]

“हे लोक हो, बुद्धि तथा चतुऱ्याइँ भएका भीमसेन थापाभन्दा अर्को आपना राजाको हित गर्ने मन्त्री पहिले भएका पनि थिएनन्, अहिले पनि छैनन्, पछि पनि हुनेछैनन् भन्ने कुरा सबैले बुझ्नुपर्दछ । त्यसकारण यी मन्त्रीले सेवा गरिएका राजा (गीर्वाणयुद्धविक्रम) रामजीका अवतार

---

१. त्रिरत्नसौन्दर्यगाथा, परिशिष्ट पृ० २६२.

२. ऐजन, पृ० २६६.

३. ऐजन, पृ० २६४.

हुनुभएको भए मन्त्री (भीमसेन थापा) हनूमान्का अवतार हुन् । राजा (गीर्वाणयुद्धविक्रम) कृष्णजीका अवतार हुनुभएको भए मन्त्री (भीमसेन थापा) गरुडका अवतार हुन् भनी वाणीविलास भन्दछन् ।''[१]

पुलको बयानमा—

यस्मिन् सुन्दरसेतुवर्यरचनं श्रीभीमसेनान्वयात्
ताराधीशरु (चा वि) भाति हितकृच्छ्रीलक्ष्मणोपेतता ।
वैदेहीति वचो जनो धरणिभृद्रामा (नु भा) वात्सदा
लङ्कायादरमेति तत्सुचरितं रामायण मन्महे ॥[२]

''भीमसेनको (भीमसेन थापाको, अर्को पक्षमा ठूलो सेनाको) प्रबन्धबाट बनाइएको श्रीलक्ष्मण (असल चिह्न, अर्को पक्षमा लक्ष्मण = रामका भाई) भएको पुलमा ताराधीशको (चन्द्रमाको, अर्को पक्षमा सुग्रीवको) चहकले शोभा हुन्छ । वैदेहीति (देऊ, अर्को पक्षमा सीता भन्ने) वचन सुनिन्छ । राम (राम्रो, अर्को पक्षमा रामचन्द्र) राजाको प्रभावबाट दुनियाँले सुबिस्ता पाउँछ अर्को पक्षमा लङ्कामा पुग्छ । यस कारण यो कीर्ति (पुल) रामायण जस्तै भएको छ भनी हामी सम्झन्छौं ।''[३]

वाणीविलासले गरेका यी आलंकारिक उत्प्रेक्षा वास्तवमा त्यो महान् युगको सांस्कृतिक प्रतीकका रूपमा हामीसम्म आइपुगेको छ । यस्ता आलंकारिक वर्णनहरूमध्ये महत्त्वपूर्ण र उल्लेखनीयहरूको साधारण चर्चा माथि गरियो । विस्तार भयले यो विवरण यहीं टुंग्याउनुपरेको छ ।

घ. प्रशासनिक-राजनीतिक र सामाजिक सन्दर्भ

ई० १७६२ देखि आजसम्मको अवधिमा नेपाल राज्यको राजनीतिक क्षेत्र यौटै रूपको रहिआएको हैन । ई० १७६२ सम्म गोर्खा राज्य नुवाकोट लगायत अरू क्षेत्र समेत गाभिएको केही ठूलै राज्य भैसकेको थियो तर ई० १७६८–६९ मा उपत्यकासमेत गाभिन गयो र ई० १७७९ सम्म गोर्खा राज्य पूर्वमा सिक्किमको पश्चिमी सीमानासम्म फैलिइसकेको थियो ।

---

१. ऐजन, पृ. ३०१.
२. त्रिरत्नसौन्दर्यगाथा, परिशिष्ट पृ० २९४.
१. ऐजन, पृ० ३०१.

त्यसपछि पश्चिमतर्फ पनि क्रमशः ई० १७९० सम्म गरी गढवालसम्म र भोटको केही दक्षिणी क्षेत्रसम्म पुगिसकेको थियो । ई० १७९२ मा भोटसँग चीनको माध्यमबाट सन्धि गरेपछि पश्चिमतर्फ बढ्दै जाँदा किल्ला–काँगडा-सम्म नेपाल–राज्यको सीमा पुग्यो । उता दक्षिणतर्फ तराई क्षेत्रमा पनि निकै विस्तृत क्षेत्र जोरिएको थियो । ई० १७९० देखि ई० १८१६ सम्मको अन्दाजी २६ वर्षको अवधिभरि यसरी नेपाल यौटा चक्रवर्तीको साम्राज्यकै रूपमा थियो जसको दबदबा चारै दिशामा फैलिएको थियो । ई० १८१६ को सुगौली सन्धिपछि पनि नेपालको महत्त्वाकाङ्क्षा कायमै थियो तर आन्तरिक राजनीतिक स्थिति राम्रो नहुनु र भारतमा अंग्रेज अघिभन्दा धेरै नै बलियो भैसकेकोले पनि त्यो भावना त्यसै सेलाउँदै गयो । तैपनि ई० १८५७ मा भारतका अंग्रेज–शक्तिलाई सैनिक सहायता दिएको फलस्वरूप सुगौली सन्धिअनुसार छोडिएका विस्तृत क्षेत्रमध्ये एक सानो क्षेत्र हाल 'नयाँ मुलुक' कहलिने (बाँके र बर्दिया आदि तराई) क्षेत्र फेरि फर्काउन श्री ३ महाराज जंगबहादुर सफल भएका थिए ।

अब उक्त परिप्रेक्ष्यमा समय-समयमा प्रशासनिक-राजनीतिक र सामाजिक स्थिति बराबर फेरिएको हुनु स्वाभाविक कुरा हो । नेपाल राज्य विशाल रहेको बेलामा यसको प्रशासनिक र राजनीतिक स्थिति त्यस्तै खालको हुनु स्वाभाविक हो जसको यौटा पक्ष यो हो कि भारदारी वर्गमा अनेक क्षेत्रका व्यक्तिहरू शामिल गरिएको हुनु । यस कुराको विशेष व्याख्या यस सन्दर्भमा गर्न सकिँदैन किनभने यो यौटा भिन्नै विषय पनि हो । तर सांस्कृतिक विकास र स्वरूपको सन्दर्भमा यस तथ्यको प्रभाव परेको हुनु त स्पष्ट कुरा हो । यहाँ अर्को तथ्यको पनि उल्लेख गर्नु आवश्यक छ कि यस्ता भारदारहरूले प्रशासनका अलि मुन्तिरका तहमा निकै प्रभाव पारेको देखिन्छ तर तिनले राज्यका मुख्य मुख्य केन्द्रीय पदहरू भने पाउन सकेनन् जसमा गोर्खा–राज्यदेखिका पुरानियाँ भारदारहरूले नै क्रमशः प्रभाव जमाइरहेका थिए । राजधानी बाहिरका बासिन्दाहरूले बिना भेदभाव प्रशासनका उच्च पदहरूमा ठाउँ पाउन थालेका त खास गरी ई० १९५० पछि मात्र हो । राजनीतिक स्थितिमा पनि यही कुरा रहेको देखिन्छ । हाम्रा ऐतिहासिक सामग्रीहरूले यही कुरा बताएका छन् ।

माथिको वक्तव्यकै परिप्रेक्ष्यमा नेपालको सामाजिक स्वरूप पनि स्पष्ट हुन्छ । ई० १८१६ अघि नेपालको अंगको रूपमा रहेका विशाल

भूभागमा थरी-थरीका भाषा बोल्ने जाति-जातिको बसोबास थियो र तत्कालीन नेपाल आजभन्दा पनि विविध जातिहरूको फूलबारीको रूपमा थियो जुनमध्ये कुमाउँ र गढवालका नेपाली भाषाकै वर्गका भाषा बोल्ने सुसंस्कृत समाजहरू पनि थिए। त्यतिखेर उक्त दुई वा अरू पछि तोडिएका क्षेत्रहरूमा शाह महाराजाधिराजहरूका शासनकालमा के कस्तो स्थानीय सांस्कृतिक गतिविधिहरू भए भन्ने कुराको अत्यावश्यक अध्ययन पनि हामीले गर्नुपर्दछ। मेचीदेखि महाकालीसम्म, हिमालदेखि तराईको उत्तरी भागसम्म त थोर-धेर लिच्छविकालदेखिनै एकै किसिमको 'नेपाली संस्कृति' को धारा प्रवाहित भएरै आएको हो जसमा शाहकालमा युगानुरूप केही परिवर्तन पनि भएको देखिन्छ। यस शीर्षकमुन्तिर आउनुपर्ने थुप्रै सन्दर्भहरूको चर्चा माथिका पानाहरूमा भैसकेको पनि छ जसलाई फेरि यहाँ उद्धृत गरिरहनु त्यति आवश्यक देखिँदैन।

ङ. राष्ट्रियताको झलक

नेपालको इतिहासको यौटा महत्त्वपूर्ण र उल्लेखनीय सन्दर्भ छ। त्यो हो लिच्छविकालमा नेपाल जति ठूलो रहेको थाहा पाइन्छ धेर-थोर त्यही सीमानाभित्र आजको नेपाल रहेको देखिन्छ। लिच्छविहरूको राज्य टुक्रिन थालेदेखि बडामहाराजाधिराज पृथ्वीनारायणशाह र महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको पालासम्म नेपाल-राज्यको स्वरूप निर्माणका सबै ऐतिहासिक उपक्रमहरू आश्चर्यजनक संयोगको रूपमा लिच्छविकालीन नेपाल राज्यकै रूपमा बनाउनेतिर लागेका देखिन्छन्। यसलाई ऐतिहासिक संजोग नै मान्नुपर्दछ। यसै कारणले गर्दा आजको नेपाल-राज्य बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा साना-साना टुक्रालाई जोडेर बनाएको यौटा कृत्रिम, अस्वाभाविक र यौटै आत्मा नभएको राज्य मात्र होइन भन्ने कुरा हाम्रा ऐतिहासिक सामग्रीहरूले स्पष्ट पारेका छन्।

नेपालको पुरानो राष्ट्रियतालाई पुनः प्रतिष्ठापित गर्ने काममा पृथ्वीनारायण शाह र उनका उत्तराधिकारी प्रतापसिंह शाहको पालामा प्रशस्त काम भएको थियो र रणबहादुर शाहको पालामा ई० १७९२ पछि त यो कामको यौटा रूप बनिसकेको थियो। यसैले त्यतिखेर, त्यसको धेरै पछिसम्म र केही अंशमा आजसम्म पनि वीर गोर्खालीको रूपमा प्रखर राष्ट्रवाद र राष्ट्रियताले चारैतिर व्याप्त गरेको थियो। यो राष्ट्रवादले

राजनीतिक महत्त्वाकाङ्क्षा पनि तयार पारेको थियो जसले गर्दा गोर्खाली वीरका लागि आफ्नो वीरता देखाउने नयाँ नयाँ क्षेत्र चाहिएको पनि थियो र कूटनीति तथा वीरताको बलले केही अंशमा यो काममा सफलता पनि उनीहरूले पाएका थिए ।

ई० १७९२ तिरदेखि ई० १८१६ सम्मको अवधिमा नेपालको जुन राजनीतिक महत्त्वकाङ्क्षा थियो त्यसलाई आजको हाम्रो नेपाली राष्ट्रियताको पृष्ठभूमिको रूपमा लिनुपर्दछ जसमा नेपाललाई यौटा ठूलो क्षेत्रमा फैलिएको देख्ने आतुरता छ । यसैले ई० १७९२ मा राजपुरोहित शक्तिबल्लभ अर्ज्यालले लेखेको **जयरत्नाकर नाटकमा** 'राजकुमार' (बहादुर शाह) को मुखबाट यस्तो ललकार निकाल्न लगाएका छन्:—

दील्लीं सन्दारयामि प्रखरमकसुदाबादमालुण्ठयामि
वैदर्भीयान् नयामि द्रविडमगधजान् चीनजान् बन्धयामि ।
तैलङ्गान् खण्डयामि क्षितिपतिपटलव्यूहमास्फोटयामि
बाल्हीकान् धर्षयामि क्षितिपकुलमणे त्वत्प्रतापाश्रयेण ।।
पञ्चालान् दण्डयामि प्रहरणनिवहैरौत्कलनान् त्रोटयामि
कार्णाटान् घोटयामि प्रहृतपरधनैरीश्वरीं पूजयामि ।
कोषं सम्पूरयामि स्वजितवसुमतीसज्जनान् भूषयामि
दारिद्र्यायुद्धरामि स्वजनजनपदान् ब्राह्मणांस्तोषयामि ।।
दीनानाथान्धभिक्षून् कृपणकृशजनान् पोषयामि स्मरामि
देवान् संतर्पयामि क्षितिपकुलशतं पण्डितानुद्धरामि ।
दुर्गाण्युत्पाटयामि स्वभिमतफलदानध्वरान् कारयामि
भूदेवानां विदेशात् शरणमुपगतान् भूपतीन् पालयामि ।।
अङ्गान् बङ्गान् कलिङ्गांस्तदनु खसखुरासानजान् कामरूपान्
काश्मीरानान्ध्रजानान् कुयवनपटलान् मालवान् केरलांश्च ।
कंबोजान् मद्रजातान् खलु तुरगशतैर्दर्पितान्म्लेच्छहट्टान्
सौराष्ट्रान् वीकटान् वा समरहरकृपया स्वर्गलोकं नयामि ।।[1]

"राजसमूहका शिरोमणि हे महाराज हजूरको प्रतापले म दिल्लीलाई फोर्दछु । घोडसवार प्रशस्त भएको मुक्सुदाबाद (मुर्शिदाबाद)

---

[1] जयरत्नाकरनाटक, संपादक—धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल, पृ० ७१.

लुट्तछु । वैदर्भहरूलाई (यमपुरी) लैजान्छु । द्राविड, मागध, चिनियाँहरूलाई पनि बाँद्धछु । तैलङ्गहरूलाई टुक्रा-टुक्रा पार्छु ! राजसमूहको व्यूहलाई फोड्छु । बाल्हीकहरूलाई दबाउँछु । पाञ्चालहरूलाई दण्ड दिन्छु । हतियारहरूले औत्कलहरूलाई छिनाल्छु । कर्णाटकहरूलाई घोट्तछु । शत्रुको हरेको धनले दुर्गाको पूजा गर्छु, ढुकुटी भर्छु । आफूले जितेका भूमिमा बस्ने सज्जनहरूलाई सिगार्छु । आफ्ना रैतीका मुलुकहरूलाई दारिद्र्यबाट उद्धार गर्छु । ब्राह्मणहरूलाई सन्तुष्ट पार्छु । दुःखी, अनाथ, मगन्ते, गरीब, दुब्ला जनहरूको पालनपोषण गर्छु । देवताको स्मरण गर्छु । सयौं राजाको कुललाई तृप्त पार्छु । पण्डितहरूको उद्धार गर्छु । (शत्रुका) किल्लाहरु भत्काउँछु । ब्राह्मणहरूको वचनले चिताएको फल दिने यज्ञयागादि गर्छु । शरण पर्न आएका राजाहरूको रक्षा गर्छु । अङ्ग, वङ्ग, कलिङ्ग, खस, खुरासान, कामरूप, काश्मीर, आन्ध्रदेशका बासिन्दाहरूलाई; कुयवन (दुष्ट मुसलमान) को समूहलाई, मालव, केरल, कम्बोज र मद्रदेशमा बस्नेहरूलाई; सयौं घोडाहरूले मात्तिएका शैलहट्टहरूलाई; सौराष्ट्र र कीकट-देशका बासिन्दाहरूलाई पनि पशुपतिनाथका कृपाले यमपुरीमा पठाईदिन्छु ।"[1]

यस्तै भावना लक्ष्मीपति पांडेले पनि एक ठाउँमा[2] यसरी व्यक्त गरेका छन्—

जीर्णं चीनं विचिन्वन् जनपदविषयं कामरूपं विधुन्वन्
अंगान्वङ्गान्कलिङ्गान्कुरुमरुयवनांस्त्रासयन् स्वप्रतापैः ।
स्वर्देवान् भूमिदेवान् स्वकुसजनपदांस्तोषयन् यज्ञदानैः
श्री मद्गोर्षाचलेशो जयति रणबहादूरसाहक्षितीन्द्रः ।।

''चीनलाई थोत्याउँदै, आसामलाई हल्लाउँदै, अङ्ग, वङ्ग, कलिङ्ग, कुरु, मरु, यवनहरूलाई आफ्नो प्रतापले तर्साउँदै, देवताहरूलाई यज्ञले, ब्राह्मणहरू, आफ्ना कुलका र देशका मानिसलाई दानले खुशी पार्दै गोर्खाका राजा रणबहादुर शाह विजयी भइरहनुभएको छ ।'[3]

यसरी महत्त्वाकाङ्क्षा बनाइएको युगका महाराजाधिराज रणबहादुर शाहलाई ई० १८२० को त्रिपुरेश्वरको अभिलेखमा 'निखिलमहीपाल-

---

१. जयरत्नाकर नाटक, ऐजन पृ० १७८ ।

२. ई० १७९३ मा लेखिएको दुर्गार्चनकल्पतरु, पूर्णिमा, ९ पृ० ४६ ।

३. ऐजन, पृ० ४६ ।

मौलिमालालालितपादपीठः श्री मन्महाराजाधिराज श्रीरणबहादूरशाहदेवः शतरुद्रास्वर्णवतीतरङ्गिणीपर्यन्तवारणेन्द्रदिग्भागसाम्राज्यविख्यातमूरिभूतपूर्वः'[१] ('सारा राजाहरूका श्रीपेजका मालाले पाउदानी सिंगारिएका, पश्चिमतिर शतरुद्रा (सतलज) र पूर्वतिर स्वर्णवती (टिस्टा) सम्म राज्य फैलिएका बेजोड महाराजाधिराज श्रीरणबहादुरशाहदेव') लेखिएको छ जो यथार्थ हो। आफ्नो जीवनभरिनै यौटा विशाल साम्राज्यको मालिक रहेका उनलाई कसैले अत्यन्त भक्तिभावपूर्वक 'श्रीमत्-महामञ्जुश्रीचरनकमलधूलिधूसरितशिरोरुह श्रीमत्-मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नत श्रीरघुवंशावतार रविकुलतिलक हनूमंध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्रसकलराजचक्राधिश्वर तिवयेष्टदेवदेघेश्वरी-कृपाकटाक्षवलितविक्रमोपार्जिजतवारनाक समुद्रभूत गजेन्द्रपतिनरनारायण श्री श्री श्री श्री श्री रणवहादूरसाहादेव परमभट्टारकदेवानां सदासमरविजयिनां प्रभुथाकूल…'[३] लेखी आफ्नो राष्ट्रियताका नेताको तारीफ गरेकोमा स्वाभाविकै कुरा हुन आउँछ । वास्तवमा राष्ट्रियता सम्बन्धी भावनाको एक अंग राज्य, राज्यको पालन गर्ने राजा र वातावरण आदिसंग सम्बन्ध रहेको हुन्छ । यसैले ई० १७९२ मा राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले त्यस युगको 'संसार' का ४ बलियाहरूमध्ये नेपाल र यहाँका महाराजाधिराज रणबहादुर शाहदेवलाई यौटा भन्नु अत्युक्तिपूर्ण हो जस्तो लाग्दैनः —

फिरङ्गी पूर्वस्यां दिशि गलिमनाथो यमदिशि
मुनस्तस्यां सैन्यैर्वसुभिरजयष्टिप्युयवनः ।
धनाधीशाशायां प्रभुरणबहादूरनृपति-
रिदानीं लोकेस्मिन् खलु बलिन इत्येव पुरुषाः ।।[४]

"पूर्व दिशामा फिरङ्गी (अङ्ग्रेज), दक्षिण दिशामा गलिमनाथ (गुलाम कादिर), फेरी त्यही दिशामा फौज र धनले गर्दा जित्न नसकिने टीपू मुसलमान र उत्तर दिशामा राजा रणबहादुर शाह हुनुहुन्छ । अहिले-संसारमा बलिया पुरुष यत्ति नै हुन् ।[५]

---

१. त्रिरत्नसौन्दर्यगाथा, परिशिष्ट पृ० ३०३ ।
२. ऐजन, पृ० ३०५
३. शाक्यभिक्षु जयपातिदेवको ई० १७८५ को सिम्भू मञ्जु-श्री थानको अप्रकाशित शिलालेख ।
४. जयरत्नाकरनाटक, पृ० ११३.
५. जयरत्नाटकर नाटक, पृ० २१०.

महाराजाधिराजहरूका व्यक्तित्वको बयान सम्बन्धी यस्ता सन्दर्भ हाम्रा ऐतिहासिक सामग्रीहरूमा प्रशस्त पाइन्छ जुनमा स्वतन्त्र नेपाल राज्यका नेताका रूपमा तारीफ गरिएको ध्वनि टड्कारै सुनिन्छ। अनि राज्यको तारीफ पनि उत्तिकै गरिएको पाइन्छ जुनमा यस देशलाई पुण्यतीर्थ, रमणीय र अरू अनेक बिशेषणहरूको उपयोग गरी तारीफ गरिएको पाइन्छ। मध्यकालतिरदेखि नेपाललाई नै मुनिसँग सम्बन्ध जोर्ने जुन चलन चलेको थियो त्यही तथ्य पनि शाहकालमा राष्ट्रियता टड्कारो पार्ने सन्दर्भको रूपमा लिइएको देखिन्छ। यसैले सनकसिंह लाहुरी-टण्डन क्षत्रीको बत्तीस पुतली मन्दिरको घण्टामा लेखिएको लेख (ई० १८७१) मा 'पुण्येतिरम्ये शुभे देशे नेमुनिपालिते' भनिएको छ।[1]

ई० १९५० अघिका ऐतिहासिक सामग्रीहरूमा पनि अझ स्पष्टसँग 'हाम्रो प्यारो जन्मभूमि नेपाल' (ई० १९३८)[2] र 'हाम्रै स्वतन्त्र राज्य' (ई० १९४० ?)[3] भनिएको पाइन्छ। उक्त मितिपछि नेपालमा युगै फेरिंदा राष्ट्रियताको भावना निकै बढेर आएको छ र व्यापक पनि भएको छ।

नेपाली राष्ट्रियताको भावनालाई खँदिलो रूप दिने काम प्रशासन-व्यवस्थाको माध्यमबाट पनि हुँदै आएको छ जसको एक पक्ष प्रधानमन्त्री भीमसेन थापाले थालेका हुन् भन्न सकिन्छ। ई० १८१६ मा सुगौली सन्धि गर्नु परेपछि पनि भीमसेन थापाले अझ हरेस नखाई नेपालले त्यो सन्धिको कारणबाट छोड्नुपरेको क्षेत्र फिर्ता गर्ने मात्र हैन भारत (र एशियाभरि) बाटै अंग्रेजहरूलाई धपाई एशियाको यो भागलाई स्वतन्त्र बनाउने विशाल योजना बनाई केही काम पनि गर्न थालेका थिए। त्यसै सन्दर्भमा उनले भारतका सबै हिन्दू राजा र अरू शक्तिहरू र वर्मासम्म पनि आफ्नो योजनाबारे सूचना पठाई आफूतर्फ मिलाउने प्रयत्न गर्न थालेका थिए। यसै सन्दर्भमा ई १८२० मा उनले कुनै विद्वान् पण्डितद्वारा संस्कृतका ५१

---

१. अप्रकाशित।

२. श्री ३ जुद्धको नयाँ सडक भूगोलको अभिलेख, अभिलेख संग्रह, भाग-८. पृ० १५.

३. श्री ३ जुद्धको थापाथली पाश्चायनको अभिलेख, ऐजन. पृ० २६.

श्लोकमा यौटा जोशिलो सन्देश रचाएका थिए[1]. जसलाई देश–विदेशमा पठाउने विचार गरिएको बुझिन्छ ।

उता बडामहाराजाधिराज पृथ्वीनारायण शाहको पालैदेखि नेपाली भाषामा पनि राष्ट्रियताको अभिव्यक्ति व्यक्तिन थालिसकेको थियो यसैले उनैका पालाका[2] सुवानन्ददासले वीररसको माध्यमबाट तत्कालीन राष्ट्रिय भावनालाई जगाउने खालको प्रभावशाली कविता लेखेका थिए । यस कवितामा हिजाजको नेपाल राज्यभित्र पर्ने प्रसिद्ध ठाउँका नाम र त्यहाँका उल्लेखनीय चीज-बीजको समेत बयान गरेको चाहिं झन् प्रभावशाली भएको छ । उनको यस कवितामा महाराजाधिराज पृथ्वीनारायण शाहदेव (वा प्रतापसिंह शाहदेव) को 'दिव्य' 'जिउनार' को प्रतीकात्मक अंश अत्यन्त प्रभावशाली र मार्मिक लाग्दछः —

नेपालको[3] सिन्कि लुटि मंरातको घिले भुटि
पालपाको ल्याउ हिंग जिरो रिसिंगको ल्याउ पिरो
तनहुँको भातसित भीर्कोटको दालसित
कञ्चन कटोरा भरि स्ववर्णका थलिया भरि
अष्टदल चौकि वसि गंगाजल झारी भरि
पुरुव मुहुडा गरि
महाराजाको जिउनार बनाउ हैं[4]

एक जना अज्ञात नेपाली कविले ई० १७९३ मा धौकलसिंह वस्नेतको निम्ति लेखिदिएको पद्य-रचनामा हिन्दी भाषामा यौटा अपूर्व सन्दर्भ जोडिदिएका छन् त्यसमा ती कविले कल्पना उडाई मानसरोवरमा जलविहार गर्न लागेका हंस र हसीको वार्तालापद्वारा नेपाल सहर(कान्तिपुर) लाई स्वर्गसमान र त्यसका मालिक रणवहादुर शाहलाई चक्रवर्त्ती भनेर बडाइं गरिएको छः—

---

[1] 'गोरण्डाख्यो मलिम्लुचः'—संस्कृत सन्देश, अंक—९. पृ० १—५ ।

[2] के सुवानन्द महाराजाधिराज प्रतापसिंह शाहदेवको पालाका त हैनन् ? अर्थात् उनको त्यो रचना ई० १७७५ पछिको त हैन ?

[3] उपत्यकाको ।

[4] बुइँगल, पृ० ३.

मानसरोवर मो करत, हंसी हंस विलास ।
कह्यो नाम सब देशकी, करत सुरत परिहास ।।
कहे हस हसी सुनो, देषो दस दिगपाल ।
अमर नगर तै आगरो, सोहत सहर नेपाल ।।
चक्रवर्ती भूपाल है, रणबहादुर साह ।

अलि पछि प्रधानमन्त्री भीमसेन थापाले नेपाली राष्ट्रियताको आन्दोलन चलाइरहेको समयमा ई० १८२० तिर यदुनाथ पोख्रेलले यौटा कविता रचेका थिए । त्यस कवितामा राष्ट्रियताको प्रखर भावना जगाउन लागिपसेको उनै भीमसेन थापाको 'स्तुति पद्य' लेखेका थिए। त्यसमा उनी थापाको तारीफ बाहेक नेपाली जातित्वको तारीफ र राष्ट्रिय अपमान (ई० १८१६ को सुगौली सन्धि) को बदला लिने ललकार पनि भरिएको छः—

फिरङ्गी हराई लुटी पीटि चांडो
पुगी आज गंगा पखाल्न् छ खांडो ।।

X X X

गोरा त शूरा दुइ एक हुन्छन्[1]
गोर्खामह्रीं कातर आज कुन् छन् ?
गारन्[2] डराई पनि चिट्ठि लेख्यो
नेपालका वीर सिपाहि देख्यो ।।[3]

यिनै यदुनाथले अघि शक्तिवल्लभ र लक्ष्मीपतिलेझैं भीमसेन थापाको सन्दर्भमा पनि :—

श्रीनेपाल नृपालका तखतमा कम्पू जम्याको सुनी ।
काबिल् कांपिगयो पऱ्यो थरहरी षोर्सान् बिलाइत् पनी ।
षन्दार् षाक भयो बलष् गलिगयो लेषा अरूको कती ।
लङ्कामा पनि यो षवर् सुनि कहर् शङ्का मनैमा अती ।।

---

[1] अर्थात् डेभिड अक्टरलोनी जस्ता, जसले सुगौली सन्धिको तीक्ष्ण वातावरण तयार पारेका थिए ।

[2] सुगौलीको सन्धिपछि काठमाण्डूमा रेसिडेन्ट भई आएका एडवर्ड गार्डनर ।

[3] बुइंगल, पृ० २१

अंग्रेज्को मनसुब् पनी गइगयो गारन् गल्यो मोफ्तमा
दिन् दिन् चिन् पनि बश् भयो यस घरी सिष्ले सुनी सोष्तमा ।
आसाम् आफु सेलाइको घर फुटी डिल्ली तखत् गैंगयो
मन्त्री भीम बली भया भनि सुनी सब्लाई त्रासँ भयो ।।
मोगल् मासिदियो नवाफ् गलिगयो आफैं फरासिस् हट्यो
बाजीराव त पाजि भो भरतगढ् घेरा दिंदैमा टुट्यो
दिल्ली धानिलियो नसब बलले उस्तो फिरंगी पनि
नेपाल् आई पिछा पऱ्यो त डरले कम्पू बषानैं सुनी ।।
घर्-कल् लाइदियो मुलुक् पनि अती बल्ले लियाको कती
बम्गोलाकि तयारिले त अरूको राज्यैं भयाको षती ।।
चिन् बात्साह बडो डराउँछ उही उस्तो फिरंगी पनी
नेपाल् आइ पिछा पऱ्यो त डरले कम्पू बषानैं सुनी ।।[1]

यसपछि भानुभक्तको ‘अमरावती कान्तिपुरी नगरी’ कवितामा राष्ट्रिय भावनाको जुन झलक देखिन्छ त्यसले सामाजिकताको रमाइलो परिप्रेक्ष्य पनि ओगटेको देखिन्छ किनभने ‘कान्तिपुरी नगरी’ लाई ‘अमरावती’ को स्वरूप दिन यहाँका ‘चपला अबलाहरू’ बाहेक ‘धनियाँ’ हरूको पनि देन छ; उनीहरू यहाँका गहना झैं छन्, भन्ने कविको भाव स्पष्ट छ ।

चक्रपाणि चालिसेले पनि ‘हाम्रो नेपाल’[2] को रूपमा नेपाली भाषामा अर्को ‘नेपाल-माहात्म्य’ नेपाली जातिलाई दिनु भएको हो । उहाँको उक्त कविताका १५ श्लोकमध्ये ज्यादै घत लाग्दा हुन् ।—

उद्यत् हेममरीचिरत्न-किरण-स्पर्धी प्रभासंकुल
विद्या बुद्धि विवेक शील नयवित् युद्धप्रतापोज्ज्वल ।
त्यो स्वाधीन पवित्र आर्यगणको सानन्द शान्तिस्थल
कोही देश छ ता जगब्भरमहाँ नेपालनै केवल ।।

X X

ताँती ताँती हरेक गाउँ नगरी डाँडा र काँडाभरि
छन् दिव्याकृति देवमन्दिर जहाँ मेला हुने घर्घरी ।
जात्रा चाड र पर्वले विनु जहाँ बित्तैन कोही दिन
त्यस्तो देश विशेष खोज्नु छ भने नेपालभन्दा कुन ।।

X X

---

१. साझा कविता, पृ० १०
२. ऐजन, पृ० २६–२८

शूरा हक्कि र वीर धीर तगडा हट्टा र कट्टा बडा
योद्धा सैनिकको विशाल अखडा देखिन्छ जाहाँ खडा ।
शाही ब्याण्ड विगूलको घनघटा घन्कन्छ भारी जहाँ
त्यस्तो कोहि छ वीर-भूमि त भने नेपालभन्दा कहाँ ॥

X X X

विद्याको धनको कला र कलको कालीगडीको घर
खोज्छौ ता किन जानुपर्दछ अहो ! नेपालभन्दा पर ॥

X X X

तस्मात् नित्य प्रमाण गर्नु छ भने नेपाललाई गर
सेवामा मरिमेट्तछौ यदि भने नेपालमाथी गर ।
गर्छौं ता यदि कीर्तिगान दिनहूँ नेपालको नै गर
बस्छौ शान्ति लिई बनाउ खुशिले नेपालमा नै घर ॥

नेपाली संस्कृतिको मनोहारी शब्दचित्रका भावुक चित्रकार चालिसेज्यूले उक्त कवितामा (वा माथि उद्धृत श्लोक र श्लोकांशहरूमा) पाठकहरूलाई नेपालीपनको करीब-करीब सम्पूर्ण चित्र प्रस्तुत गर्नु भएको छ । उहाँको शैलीको यो खास विशेषता हो ।

कविशिरोमणि लेखनाथ पनि आफना रचनाहरूमा विविध रूपमा नेपाली राष्ट्रियताका भावुक गायकका रूपमा देखापर्नु भएको हो र खास गरी उहाँको 'नेपाल र नेपाली' कवितामा त उद्‌देश्यै त्यही राखिएको छ । ५० छरिता श्लोकको त्यस कवितामा[1] उहाँले नेपाली राष्ट्रियताका विविध पक्षहरूको शब्द चित्र प्रस्तुत गर्नु भएको छ । उहाँ भन्नुहुन्छ:—

शिरको शोभा त्यसमा बेस
मृदुल पैतला तुल्य मधेश ।
मेरुदण्ड झैं बिचको खण्ड
दिन्छ दुवैतिर जोड अखण्ड

X X

राष्ट्र छ तर यो एक अपार

X X

---

[1] हिमवत्संस्कृति (त्रैमासिकी पत्रिका), वर्ष–अंक–२. पौष, २०१९. पृ० १–५

यै हो हाम्रो प्रिय नेपाल
प्रमुख पहाडी राष्ट्र विशाल ।
यसमा रहने भुजबल शाली
कोटि उपर छौं सब नेपाली ।

X X

जन्म जहाँको जाति उहाँको
वास जहाँको भास उहाँको ।
ठाम मात्रको भेद छ खाली
राष्ट्र दृष्टिमा सब नेपाली ।।

X X

खोंच, धाँच वा टार कछाड
थूम तराई लेक पहाड
सबतिर रहने गौरव माली
वीर यशस्वी सत्र नेपाली ।।

X X

म छू मधेशे तिनी लेकाली
तिमी छौ जुम्ली उनी पाल्पाली।
प्रान्त विनिर्मित भेद निकाली
हेर्दा हामी सब नेपाली ।।

X X

उस बेलाको राष्ट्र–विधाता
गोर्खाऽधिपको जुट्दा नाता ।
पायेका छौं पद गोर्खाली
वास्तव हामी सब नेपाली ।।
लड्दा उनको ध्वजा लियेर
दूर काँगडासम्म गयेर
बोल्थ्यौं जय जय गोरख-फाली! ! !
थियौं यशस्वी सब नेपाली ।।

X X

रवि-शशिभूषित राष्ट्र–पताका
फरफर गर्दो राष्ट्र चनाखा

यसको रेखा रूप सम्हाली
रहने हामी सब नेपाली ॥

X X

अनि,

आसाम, मलया, वर्मा, श्याम
सिक्किम सबतिर भाषा नाम ।
थामी रहने धैर्य अंगाली
कोटि अधिक छौं सब नेपाली ॥

यथार्थ र आदर्श मिश्रित कविशिरोमणिज्यूको यो राष्ट्रिय अभिव्यक्तिमा एक करोडभन्दा बढी नेपाली जातिको हृदय-स्पन्दन टङ्कारै सुनिन्छ । कविज्यूमा नेपाली जातिको विगत यशस्वी इतिहास जो त्यत्तिकै टुंगियो-प्रति वेदना र समवेदनाको, यथार्थतामा आदर्शको सन्देश दिनुहुन्छ तर उहाँ भविष्यमा यो राष्ट्र विशाल हुन्छ भन्ने आत्मविश्वास पनि जगाइदिनु हुन्छ—

यो नेपाली पदको माने
व्यापक छ भनी मर्म नजाने ।
रहला कसरी राष्ट्र विशाल
(गर्नै पर्दछ यसको ख्याल ॥)[1]

यशस्वी कवि लक्ष्मीप्रसाद देवकोटाका रचनाहरूमा राष्ट्रियताको कस्तो सन्देश छ भनेर खोज्नै पर्दैन किनभने उहाँले त 'नेपाल ! सुन्दर, शान्त, विशाल !!' को अमर थँगोनै हामीलाई दिनुभएको छ ।

कविताको माध्यमबाट राष्ट्रियताको उद्‌बोधन गराउनेहरूमा केहीले अब युगानुकूल परिस्थितिको मागअनुसार खुकुरीलाई भन्दा कलमलाई महत्त्व दिनुपर्दछ भन्ने यथार्थ तथ्य पनि प्रकट गरेका छन् । धरणीधर कोइरालाले ई० १९१७ तिर 'धर्मशास्त्र' पढी उन्नतितिर लाग्ने सन्देश दिइसक्नुभएको हो:—

धर्मशास्त्र पढ चित्त सघार
सभ्य चाल चल देश सुधार
जाग जाग अब जागन जाग
लाग उन्नतितिर्फ अब लाग ॥[2]

---

[1] १. कोष्टको प्रयोग प्रस्तुत 'लेखक' ले गरेको ।

[2] २. हिमालचुली, पृ० ५१ ।

माधवप्रसाद घिमिरेले त अझ स्पष्टसँग खुकुरी-वीरको सट्टा अब कलमवीर हुनुपर्दछ भनेर सल्लाह दिनुभएको छः—

छौं गोर्खाली प्रखर खुकुरी-वीर हामी छँदै छौं
तड्की फड्की रिपुदल दली जंगमा गर्जंदैछौं
नेपाली ह्वौं अब कलमको वीर बन्ने छ पालो
बोलोस् हाम्रो हृदय सुरिलो एक सानो निगालो ।[1]

गोपालप्रसाद रिमाल चाहिं उच्च दार्शनिक स्तरमा पुगेर प्रतीकात्मक रूपमा प्रत्येक नेपालीलाई 'तिमी नै हुन सक्छौं यौटा औतारी महापुरुष' भन्ने आत्मविश्वास जगाउनु हुन्छ 'आमाको सपना' माः—

"आमा, त्यो आउँछ र ?"
"हो बा, त्यो आउँछ ?"[2]

वास्तवमा नेपाली जातित्व र राष्ट्रियताको झलक लिपिबद्ध साहित्यमा मात्रै हैन कलाकारको छिनोले बनाएका कलात्मक रचनामा पनि देखिन्छ जसमा उही भाव अर्कै माध्यमबाट व्यक्ताइएको हुन्छ । अनि साहित्य र कलामा मात्रै हैन पारम्परिक भावनाका प्रत्येक अंशमा पनि यो कुरो देखिन्छ। अझ स्पष्टसँग भन्ने हो भने स्वयं यहाँको एक-एक कण माटो नै नेपाली राष्ट्रवादको प्रतीक हो जसमा आधारित भएर सम्पूर्ण मानवीय संस्कृति र सभ्यता झल्झलाउन थाल्दछ ।

च. कलात्मक र साहित्यिक अध्यात्मवाद

कुनै देशको संस्कृतिको यथार्थ मूल्यांकन गर्ने हो भने संस्कृतिको अभिव्यक्तिका प्रमुख दुई शैली—कला र साहित्यको तुलनात्मक अध्ययन र समीक्षा नगरी हुँदैन ।

विस्तृत अर्थमा कला भन्नाले कला र साहित्य दुवैलाई बुझाउँछ तैपनि स्पष्टताको लागि यी दुईलाई भिन्नाभिन्नै रूपमा हेर्नुपर्दछ। फेरि यहाँ कला भन्नाले मूर्ति र चित्रकला मात्र आउँछन्, मोटामोटी रूपमा सम्पूर्ण भेदोपभेद सहित वास्तुकला आउँदैन-खास गरी गृहस्थ वा उपयोगी वास्तुकला किनभने त्यो व्यावसायिक वर्ग डकर्मी-सिकर्मीहरूको स्थूल रचना हो।

---

१. हिमालचुली, पृ० १८६ ।
२. ऐजन, पृ० १७० ।

तर त्यस्ता वास्तुकलामा पनि काष्ठ, मूर्ति र चित्रकला पनि जोरिएर पनि बरु ती-ती तत्त्व भिन्नै रूपमा अलगिएर माथि बताइएको वर्गमा आइपुग्दछन् । बरु वास्तुकलामध्ये धार्मिक वास्तुकला अधिकांशतः कलामै पर्न आउँछ किनकि त्यसको रचनाको स्वरूप, आदर्श र प्रतीक नै भिन्न हुन्छ । जस्तो अक्षर वा शब्दहरूको सबै समूह साहित्य कहलिदैन । अड्डा-अदालतका लेखोटहरू स्वयं साहित्यका उदाहरण हुँनन् बरु तिनमा केही स्थिति र शर्तमा साहित्यको तत्त्व निहित हुन सक्दछ भने भिन्नै कुरा हो र त्यस शैलीलाई 'साहित्य' को यौटा उपभेद मात्रै मान्न सकिन्छ ।

अब यहाँनिर आइपुगेर हामीले सामाजिक–सांस्कृतिक सन्दर्भमा कला र साहित्यको आपसमा समानता र असमानताका के के स्थिति छन् भनेर विचार गर्नुपर्ने पनि हुन आउँछ । कला र साहित्यको रचना-निर्माणमा समानता परिस्थितिमा त स्पष्ट देखिन्छ । दुवैको सम्बन्ध समकालीन समाजसँग हुन्छ । यसरी रचना-निर्माण गराउने पनि समाजै हो । कलाकारलाई कुनै मानिस आउँछ र मैले यस्तो काम गर्न लागेको छु यस्तो यस्तो मूर्ति वा चित्र बनाउनु पर्‍यो भन्दछ र यसरी समाजको आदेशमा कुनै कलाकृतिको रचना हुन्छ । साहित्यमा पनि थोरे-थोर यही कुरा हुन्छ । उहिले राजा महाराजा, भारदार, धनी र भक्तहरू वा सोखीन मध्यवर्गीय कुनै मानिस लेखक–कविकहाँ गई आफूले चाहेको किसिमको रचना फुर्माउँछ र यसरी साहित्यको रचना हुन्थ्यो र आज पनि एक किसिमको साहित्य यसै गरी रचिएको हुन्छ ।

तर, कलाकार र साहित्यकारको रचना सम्बन्धमा आर्थिक पक्षको केही फरक भने अवश्य देखिन्छ । कलाकार र साहित्यकार दुवैलाई उहिले साधारण अर्थमा पूरा समाजले र अनि खास गरी केही धनी-मानी बडाद्मीहरूले संरक्षण दिने गर्दथे । यसैले यस पक्षबाट विचार गर्दा कलाकार र साहित्यकारको आर्थिक परिस्थिति एकै किसिमको देखिन आउँछ । तर सबै कलाकार र साहित्यकारले त्यसरी विशेष संरक्षण पाएको हुनु असम्भव कुरो हो । त्यस स्थितिको कलाकार स्वतन्त्र रूपमा पसल वा कार्यशाला (workshop) खोली बस्दछ र आएका उस्तै ग्राहकहरूसँग पेश्की लिई काम थाल्दछ र काम पूरा भए पछि आफ्नो पूरा ज्याला लिई कलाकृति दिन्छ । तर ठिक्क यही स्थिति अ-सरक्षित साहित्यकारको बारेमा भन्न सकिदैन । एक त साहित्य वा विद्यासम्बन्धी कामलाई लेनदेनको व्यापारको स्थितिमा राख्न

पनि सकिँदैन र यो आदर्श धेर-थोर संसारका सबै देशमा रहेको पनि देखिन्छ । यस्तो स्थितिमा उता कलाकार त सोझै अरूको फुर्माइसी अनुसार कलाकृति बनाउँछ भने यता साहित्यकार आफ्नो लेख्ने बानीअनुसार त लेखी रहन्छ । कलाकार वर्ग आफूखुशी कलाकृति बनाउने गर्दछन् तर त्यस्ता कलाकृतिको पनि समाजमा माग भैनै रहने गर्दछ ।

अब उक्त परिस्थितिमा कलाकार र साहित्यकारका रचनाका आदर्शमा स्पष्टः केही भेद देखिनु स्वाभाविक हो । त्यही भेदअनुसार तिनको खास मूल्य आध्यात्मिक स्वरूप वा अन्तिम निष्कर्षमा पनि फरक हुनु र देखिनु स्वाभाविक कुरा हो । स्वतन्त्र रूपले रचिएका कलाकृति वा साहित्यमा रचनाकारको व्यक्तिगत आदर्शले खास ठाउँ पाउनु स्वाभाविक छ तर अरूको फुर्माइसीमा रचिएका कृतिहरूमा सामाजिक आदर्शवादको प्रतिष्ठापना हुने गर्दछ ।

स्पष्ट उदाहरणसाथ हामी उक्त तथ्यको विश्लेषण गरी हेरौं । कलाकृतिको सन्दर्भमा—अधिकांश कलाकृति ग्राहक भक्त वा धनी-मानी व्यक्तिहरूको फुर्माइस अनुसार बनेका हुन् भन्ने हामीलाई लाग्दछ । यसैले यसरी फुर्माइस गरी बनेका कलाकृतिहरूमा कलाकारले आफूले पाएको पारिश्रमिकको अंक हेरी तथा आफ्नो इच्छानुकूल कलाकृति बनाउन लगाउने भावनाको तीव्रता अनुरूप खर्च गर्न सक्ने क्षमताअनुसार फुर्माइस गर्ने व्यक्तिको इच्छा हेरी आफ्नो सीपको विभिन्न स्तरको उपयोग गरेको हुनु यौटा स्वाभाविक कुरा हो । यौटै युगमा बनेका कलाकृतिहरूमा विभिन्न स्तर देखिने कारण यही हो जो तत्कालीन समाजमा एकरूपताको अभावको परिस्थिति दर्शाउँछ । शाहकालीन कलाकृतिको यो यौटा विशेषता हो । एकरूपताको यो अभाव नेपालमा ईश्वीको सोन्हौं शताब्दीतिरदेखिका कलाकृतिमा देखिन थाल्दछ । लिच्छवि र मध्यकालसम्म यो स्थिति त्यति टड्कारो देखिँदैन (यद्यपि यस किसिमको गम्भीर अध्ययन गरिएको छैन) । साहित्यिक रचनाहरूमा यस्तो टड्कारो फरक वा एकरूपताको त्यत्तिको अभाव देखिँदैन तैपनि यस्ता उदाहरण खोजेमा निकैनै पाउन सकिन्छ ।

यदि कलाकार वा कवि आफ्नै लागि वा आफ्नै बानी बमोजिम रचना गर्दछ भने त्यत्तिको राम्रो रचना हुँदैन जस्तो लाग्दछ । कलाकृतिको सन्दर्भमा यस्ता निश्चित उदाहरण भेट्टाउन त कठिन छ । शाहकालीन यस्तो

यौटै उदाहरण पाइन्छ—त्यो हो ई० १८७६ मा बनेको पाटन मीननाथ मन्दिरमा रहेको घण्टा झुण्ड्याउने चौकोस जसको विशेष चर्चा हामीले माथि गरिसकेका छौं । कलाकृति अत्यन्त सुग्घर र राम्रो हुन सकेको कारण यौटै हो कि यो स्वयं शिल्पकार कृष्णवीर भारोले बनाई मन्दिरमा चढाएको हो । यस्ता साहित्यिक उदाहरण पनि प्रशस्त प्रस्तुत गर्न सकिन्छ ।

तर यति भनाइको अर्थ यही हैन कि अरूको फुर्माइसीमा बनेका कलाकृति र साहित्यिक रचना स्तरका हुँदैनन्, सुग्घरी हुँदैनन् । प्रायः गरी शक्तिशाली भारदार, राजपरिवार र महाराजाधिराजका आज्ञाले बनेका कलाकृति प्रभावशाली नै बनेका हुन्छन् र साधारण भक्तले बनाउन लगाएकामा पनि त्यस्तै रमणीयता देख्न सकिन्छ तर यो कुरा व्यापक र एकनासको कुरो हैन ।

यसैले कला र साहित्यको अन्तिम भनाइ वा संकेत सामाजिक अध्यात्मवादतिर रहेको देखिन्छ जसमा कला र शब्दसमूहको माध्यमबाट सांस्कृतिक मूल्य सर्वोपरि रूपले रहने गर्दछ । तर सामाजिक, राजनीतिक र आर्थिक परिस्थितिको र भौगोलिक भिन्नताले गर्दा यौटै देशको एकै समयमा रचिएका कलाकृति र साहित्यिक रचनामा अभिव्यक्तिको माध्यम कतै ज्यादै रमणीय देखिन्छ भने कतै ठिक्क राम्रो, अनि कतै साधारण देखिन्छ भने कतै फेरि फर्केर हेर्ने इच्छा नहुने पनि हुन सक्दछ ।

४. तुलनात्मक अध्ययन

माथिका पानाहरूमा हामीले कला र वास्तुकला तथा तिनका विभिन्न शैलीहरूको विवरण प्रस्तुत गरिसकेका छौं । अब यो शीर्षकमुन्तिर हामी कला र वास्तुकलाका क्षेत्रमा यो युगमा भएका उपलब्धिलाई नेपालले अरू क्षेत्रमा गरेका उपलब्धिहरूसँग तुलना गरी हेर्दछौं ।

नेपाल राज्यको इतिहास ईस्वी पूर्वका केही शताब्दीहरूदेखि थालिएको हो भन्ने थाहापाइएको छ र कला र वास्तुकलाको इतिहास पनि त्यसै बेलादेखि थालिएको पनि थाहापाइन्छ । यद्यपि नेपाली इतिहासको गम्भीर र समुचित अध्ययन एकसरो रूपमा पनि गरिसकिएको छैन तैपनि मोटामोटी रूपमा यति कुरा त स्पष्ट छ । प्राचीनकालमा त यहाँ लिच्छविवंशी राजाहरूले निकै प्रभाव साथ यस राज्यको शासन चलाए र उनीहरूले

सांस्कृतिक क्षेत्रमा पनि महत्त्वपूर्ण उपलब्धिहरू गरे । त्यस बेलामा पनि सांस्कृतिक गतिविधिको मुख्य केन्द्र काठमाण्डू उपत्यका रहेको थियो । ईस्वीको नवौं शताब्दीतिर लिच्छविहरूको शक्ति क्षीण हुन थाली नेपाल-राज्यको राजनीतिक स्वरूप पनि घरिकन थालेको थियो र अन्दाजी त्यसै वेलातिरदेखि स्थानीय र आगन्तुक नयाँ-नयाँ जातिहरूले नेपालका विभिन्न ठाउँहरूमा स्वतन्त्र राज्य कायम गरे । नयाँ-नयाँ राज्य खडा गर्ने क्रम सोह्रौं र सत्रौं शताब्दीसम्म पनि विभिन्न परिस्थितिहरूमा चलिरहेकै देखिन्छ । यता लिच्छविहरूको गौरवशाली नेतृत्वले गर्दा नेपालले सांस्कृतिक र राजनीतिक क्षेत्रमा जुन महत्त्व पाएको थियो त्यो अब सानै रूपमा भए पनि काठमाण्डू उपत्यका र त्यसका आसपासका क्षेत्रमा केन्द्रित हुन गयो र त्यसै पृष्ठभूमिमा क्रमशः एकथरि सूर्यवंशी र मल्लवंशी राजाहरूले उक्त क्षेत्रमा राम्रैसँग राज्य चलाइरहेका थिए । लिच्छविकालको जत्तिकै गौरवपूर्ण रूपमा त हैन तैपनि निकै राम्रोसँग मल्लवंशले ईस्वीको सत्रौं शताब्दीसम्म काठमाण्डू उपत्यकाको भेकमा सांस्कृतिक गतिविधि चलाइरहेका थिए । तर आफ्नै खलकमा अनेकताको भावना बढ्न जाँदा सत्रौं शताब्दीकै हाराहारीदेखि उक्त भेकमा सांस्कृतिक र राजनीतिक स्थिति धर्मराउन थालिसकेको थियो ।

लिच्छविहरूको प्रभावशाली शासन क्रमशः टुंगिदै आई नेपालमा विभिन्न स्थानीय शक्तिहरूको अभ्युदय भए पनि तिनमा आपस्तमा आर्कै रूपमा भए पनि सांस्कृतिक र राजनीतिक सम्पर्क आदान-प्रदान थोरै रूपमा भए पनि चलिरहेकै थियो र कुनै कुनै महत्त्वाकाङ्क्षी राजा-महाराजा काठमाण्डू उपत्यकामा पुगी राजकाज चलाउन पनि चाहने गर्दथे । जुम्ला भेकका मध्यकालीन खस-मल्ल राजाहरूले बेला-बेलामा यो इच्छा पूरा गरेर पनि यहीं आफ्नो राजधानी बनाई बस्ने इच्छा नगर्दा र पछि कार्यकारणवश यस भेकलाई छोड्नुपरेको थियो । यस्तै परिस्थितिमा ई० १५५९ मा लम्जुङको सानो राज्यका शाहवंशी राजकुमारले गोर्खामा यौटा सानो राज्य थापेका थिए । यो राज्यको सीमाना उपत्यकाका मल्लराज्यसँग जोरिएको हुँदा राजनीतिक र सांस्कृतिक सम्बन्ध पनि जोडिन पुगेको थियो । यता मल्ल राज्यमा आन्तरिक राजनीति र सांस्कृतिक गतिविधिमा अन्योलको स्थिति आएको वेला पारी उक्त शाहवंशका महाराजाधिराज पृथ्वीनारायण शाहले बिस्तारै बिस्तारैसित आफ्नो राज्य बढाई ई० १७६८ र ६९ मा गरी पूरा

उपत्यका जिती आफ्नो राजधानी यहीं बनाएका थिए। यो घटनापछि पृथ्वीनारायण शाहको निर्देशनमा पूर्वमा सिक्किमसम्मको भूभाग पनि जितिएको थियो। उनका उत्तराधिकारीहरूले पश्चिमतिर पनि अभियान गरी बिस्तारै बिस्तारै गढवालसम्म विजय गरेका थिए। ई० १८१६ सम्म यसरी बनेको नेपाल राज्य पश्चिममा सतलज र पूर्वमा टिस्टा नदीसम्म र दक्षिणतर्फ तराईका निकै फराकिलो भेकसम्म फैलिएको थियो। ई० १८१६ को सुगौली सन्धिपछि मेची र महाकालीभित्रै यो नेपाल राज्य सीमित भएर आएको छ जसमा 'नयाँ मुलुक' को अलिकति भाग पछि फिर्ता पाइएकोले थपिन गएको पनि थियो।

उक्त सन्दर्भमा पृथ्वीनारायण शाहद्वारा लिच्छविकालदेखि सांस्कृतिक गतिविधिको महत्त्वपूर्ण केन्द्र रहिआएको काठमाण्डू उपत्यकालाई नै राजधानी बनाउनुमा ऐतिहासिक महत्त्व देखिन्छ। यसकारणले गर्दा पूर्व र पश्चिम, दक्षिण र उत्तर चारैतर्फका पछि-पछि मिलाइएका सबै किसिमका आञ्चलिक संस्कृतिहरूको पनि काठमाण्डू उपत्यका केन्द्र हुन गयो र यहाँको अघिदेखिको स्थानीय संस्कृतिका मुख्य र राम्रा पक्षहरूले फैलिने विस्तृत क्षेत्र पायो र संस्कृतिका राम्रा केही पक्ष अरू जातिले पनि सकार्न पाए।

यसरी नयाँ परिवेशमा नयाँ उत्साह र उमंगमा पुनरुज्जीवित प्राचीन नेपाल राज्यमा प्राचीन संस्कृतिका अवशेषहरूको संरक्षण, संवर्द्धन र विस्तार हुने राम्रो परिस्थितिको निर्माण हुन गयो। संस्कृतिका अरू पक्षको कुरामा त नेपालका अनेक क्षेत्रमा आफ्-आफ्नो किसिमको विशेषता छँदै थियो तर परिष्कृत कला र वास्तुकलाको परम्परा भने काठमाण्डू उपत्यकामै जीवित रहेको थियो। पहिलेको अपेक्षा अब 'नेपाल' निकै ठूलो राज्य बनेकोले कला र वास्तुकलाका निर्माण सम्बन्धी यौटा लहर पनि चल्न थाल्यो जसमा यहाँको पुरानो सीप अँगालियो। त्यसमा सामयिक र शैलीगत केही फेरफार हुनु पनि स्वाभाविक हो र त्यसै भयो पनि। यसैले ई० १७६८ पछि यहाँ बनेका कला र वास्तुकलाका उदाहरणहरूमा केही फरक देखिनु स्वाभाविक हो। मूर्तिकलामा त्यत्तिको फरक देखिँदैन जत्तिको वास्तुकलामा देखिन्छ। धार्मिक वास्तुकलामा चाहिँ प्रशस्त नयाँ-नयाँ शैलीहरूको प्रयोग गरिएको देखिन्छ जसका उदाहरणहरूको चर्चा माथि नै गरिसकेका छौं। नेपालको पुरानो पगोडा शैलीमा पनि यस युगमा केही फेरफार गरिएको

अन्दाजी गर्न सकिन्छ र त्यस शैलीलाई अझ आलंकारिक र भव्य पार्ने काम यो युगमा निश्चय नै भएको हो भन्न सकिन्छ । राजपूत शैलीको धार्मिक र उपयोगी वास्तुकलाको नयाँ प्रवेश यसै युगमा भयो जुन यहाँ निकै लोकप्रिय पनि भयो र यहाँको कलात्मक वातावरणमा यस शैलीको विविधताको अर्को गुण पनि थप्ने काम गऱ्यो । यस कालमा बेगिन्ती बनेका साना-साना घण्टाकृति शिखरको मन्दिर बनाउने शैलीका केही मल्लकालीन उदाहरण पाइन्छन् तर त्यसलाई अत्यन्त लोकप्रिय बनाउने काम यस युगमा गरिएको देखिन्छ । बौद्ध मन्दिरहरूको निर्माणमा पनि केही मौलिक परिवर्तन यो युगमा गरिएको कुराको व्याख्या त माथि गरिसकिएकै छ ।

कलाको क्षेत्रमा यो युगमा कति र कस्ता किसिमका उदाहरण बने भन्ने कुराको विस्तृत व्याख्या माथि गरिसकिएकै छ । शाहकालीन कला मल्लकालीन कलाको वाजिब उत्तराधिकारी हो र यसैले अघिल्लोमा पछिल्लोको प्रभाव देखिनु कुनै आश्चर्यको कुरो हैन तर शाह राजाहरूको शासन उपत्यकामा थालिंदा स्वयं मल्ल-कला आदर्शरूपमा रहेको थिएन र यसैले त्यसपछि बनेका मूर्तिकला र कलाका उदाहरण मल्लकलाका अन्धानुकरणमा बनेका देखिंदैनन् । बरु यस युगमा मूर्तिकला र कलालाई फेरि प्रतिष्ठापित गर्ने काम पनि गर्नुपऱ्यो र त्यसको परम्परालाई जगाउने काम पनि तुरुन्तै नै थालिएको थियो । यसरी वातावरण बनेपछि त्यस क्षेत्रमा नयाँ-नयाँ शैलीको प्रयोग पनि हुन थाल्यो र यस्तो नयाँ प्रयोग राम्ररी नै सफल पनि भएको देखिन्छ । गभूँ बोगटीको गोकर्णमा रहेको जस्तो अत्यन्त आलंकारिक र हँसिलो सालिकको अर्को उस्तै उदाहरण अवश्य नै पाइंदैन । झन् त्यो सालिक बनेको पृष्ठभूमिको फलेकमा जुन मोटो-मोटो फूलबुट्टाको घेरा बनेको छ त्यो त आफ्नो उदाहरण आफैं छ, अर्थात् यस्तो प्रयोगका अघिका उदाहरण देखिएको छैन । यसै गरी कृष्णवीर मारोले पाटन मीननाथ मन्दिरमा घण्टा झुण्ड्याउन बनाएको ढुङ्गाको अत्यन्त आलंकारिक चौकोसको बारेमा पनि भन्न सकिन्छ जुन ई० १८७९ को रचना हो । यस्ता अरु उदाहरणहरूको विशेष विवरण प्रस्तुत गरिसकिएकै छ ।

धातु र काष्ठकलाको क्षेत्रमा पनि यो युगमा विशेष उन्नति भएको नै देखिन्छ । यस युगमा यो दुई क्षेत्रमा जति नयाँ उदाहरण बने त्यति उदाहरण अघि कुनै युगमा बनेकै थिएन भनेर ठोकुवा गरेर भन्न सकिन्छ ।

यद्यपि ज्यादा उदाहरण बनेकामा अघि बनेका ढलोटका मूर्तिका झैं स्वर्गीय प्रभाव त आउन सकेन तर केही त विशिष्ट किसिमका छन् भनेर भन्न सकिन्छ जुनमध्ये श्री ३ महाराज जङ्गबहादुरले विश्वरूप मन्दिरमा थापेको विशाल मूर्ति, जसको आदर्श उदाहरण नेपालमा मात्र हैन विदेशमा पनि पाउन सकिएला जस्तो लाग्दैन । उनैले आफ्नो समयमा आफूले बनाएको मन्दिरमा ढलोटे मूर्ति थाप्ने चलन चलाएर यौटा नयाँ शैली नै बनाएको देखिन्छ । उनले आफूले बनाएको सत्यनारायण मन्दिरमा र त्यसका चार कुनामा बनेका मन्दिरमा समेत धातुकै मूर्ति थाप्न लगाए । हिन्दू मन्दिरमा ढलोटे (हिन्दू) मूर्ति थापिएको यो यौटा उल्लेखनीय उदाहरण हो । विश्वरूप मन्दिरमा चार कुनामा रहेका सानामन्दिरमा हिन्दू देवी-देवताकै मूर्ति उनले थापेका थिए । माथिका पानामा ढलोटका बनेका मूर्तिका उदाहरण दिँदा मच्छेन्द्रबहाल र पाटन मीननाथमा चढाइएका त्यस्ता उल्लेखनीय उदाहरणहरूको चर्चा गरिसकेका छौं जुनले पनि ढलोटका मूर्ति बनाई थाप्ने यौटा आन्दोलन नै थालिएको कुरा स्पष्ट हुन्छ । भीमसेन थापा, कुलानन्द झाहरूले पशुपति मन्दिरमा चढाएका चाँदीका अत्यन्त अलंकृत तोरणहरू त आजै पनि त्यहाँ झल्झलायमान छन् र मन्दिरको प्रभाव बढाउनामा योगदान गरिरहेका छन् ।

काष्ठकलाको क्षेत्रमा पनि यो युगमा उल्लेखनीय उपलब्धि भएको कुरा उदाहरणसाथ माथि विचार गरिसकिएकै छ । मन्दिरका अंगका रूपमा र सत्तल, पाटी-पौवा र गृहस्थ घरका अंगका रूपमा यस्ता बेगिन्ती उदाहरण जतातत्तै देखिन्छन् । यस युगमा बनेका लक्ष्मीश्वर र त्रिपुरेश्वर जस्ता पगोडा शैलीका मन्दिरमा काष्ठकलाको प्रचुर र रमणीय उदाहरण रहेका छन् । मन्दिरसंग बनेका पाटी पौवा वसन्तपुर दर्बार त यसको खानी नै भंहाल्यो । मन्दिरसंग बनेका पाटी पौवा धर्मशालामा जुन उत्साहसाथ काष्ठकलाको उपयोग गरिएको छ त्यो अत्यन्त रमणीय, सुग्घरी र अतुलनीय देखिन्छन्—यसै कारणले हामीले यसको विशिष्ट स्थान झोल्याउन यौटा भिन्नै शीर्षक (धर्म सम्बन्धी उपयोगी वांस्तुकला) को प्रयोग गर्नुपरेको हो ।

मन्दिरहरूको क्षेत्रमा पनि यो युगमा कम काम गरिएको छैन । उदाहरण बाहेक यस घण्टाकृति शैलीका अनगन्ती मन्दिर र चीबहाका सयौं उदाहरण बाहेक यस युगमा उल्लेखनीय मात्र शयभन्दा धेरै मन्दिर बनेका छन् । (हेर्नू मन्दिरको सूची) भनी हामीले माथि लेखिसकेका छौं । राजपूत शैलीका नयाँ मन्दिर

बाहेक पगोडा शैलीका उल्लेखनीय मन्दिरहरूमा त्रिपुरेश्वर, लक्ष्मीश्वर, जयेश्वर र बालाजु पार्कको शैलयोगिनीको मन्दिरको ठाउँ रहेको छ भनी माथि लेखिसकेका छौं। तिनमध्ये पनि त्रिपुरेश्वर र लक्ष्मीश्वरका मन्दिर जुन विधि-विधानसाथ थापिएका देखिन्छन् त्यसले गर्दा यी दुईलाई शाहकालका मात्र हैन लिच्छविकालदेखि बनेका पगोडा मन्दिरका श्रेष्ठ उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

यस युगमा नयाँ मन्दिर बनाउनु बाहेक अघि बनेका मन्दिरहरूको जीर्णोद्धार, तिनमा नयाँ धार्मिक वस्तुहरूको थप, तिनको समृद्धिको वृद्धि र सुव्यवस्थासमेत गरिएको पनि देखिन्छ र यो युगमा पुरानो संस्कृतिलाई यथोचित मान-मर्यादा र कदर पनि गरिएको छ भन्ने स्पष्ट छ। यसरी संस्कृतिका प्राचीन उदाहरणहरूको यथोचित मान गर्नु र नयाँ नयाँ उदाहरणहरूसमेत थप्दै जानाले सांस्कृतिक उपलब्धि निकै खँदिलो पनि भएको स्पष्ट छ।

यस युगको खास उपलब्धि सांस्कृतिक उपलब्धिको मूल्यांकन, प्रचार र प्रसारको क्षेत्रमा पनि भएको देखिन्छ। लिच्छविकालदेखि नेपालमा कसरी सांस्कृतिक विकास हुँदै आयो र नेपाली संस्कृतिको स्वरूप र विशेषता के के हुन् भन्ने कुराको प्रशस्त अध्ययन हालसम्म भैसकेको छ। अनि, यसै युगमा नेपाली मन्दिर शैलीको विदेशमा पनि प्रसार गरिएको देखिन्छ जसका उदाहरण श्री ५ महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवद्वारा काशीमा निर्मित साम्राज्येश्वर र श्री ३ महाराज जुद्धशम्सेरद्वारा दार्जीलिङमा निर्मित धीर धाम हुन्। नेपाली संस्कृतिको स्वरूपको मूल्यांकन स्वदेशी र विदेशीहरूद्वारा गरिंदा थाहापाइएका शालीन प्रवृत्तिहरूको तारीफ हिजाज संसारभरि गरिन्छ र त्यसका उदाहरणहरू आफ्नै आँखाले हेर्न हजारौंको संख्यामा संसारका विभिन्न ठाउँहरूबाट मानिसहरू आउँछन् र छक्क परेर पर्किन्छन्।

कलात्मक गतिविधिको उक्त उपलब्धिमाथि साहित्यिक र शैक्षिक उपलब्धि समेत थपिंदा ई० १७६८ पछिको नेपाली संस्कृतिको स्तरमा पनि क्रमशः बढोत्तरी हुँदै आउन थालेको हामीलाई अनुभव हुन्छ। उक्त मितिपछि संस्कृत, नेपाली र नेवारी साहित्यको जुन किसिमको विकास हुँदै गएको छ त्यो उल्लेखनीय कुरा हो। यस्तो साहित्यिक विकासले गर्दा नेपाली संस्कृतिको

र आर्को रूपमा राष्ट्रियताको समेत प्रभावशाली रूप बन्दै आएको छ। उक्त तीन भाषाबाहेक नेपालका अरू आञ्चलिक भाषा र अंग्रेजी भाषाको अध्ययन र तिनमा समेत साहित्यिक रचना हुँदै गैंरहेको छ जसले नेपालमा साहित्यिक गतिविधिलाई सघोट पुऱ्याएको पनि देखिन्छ।[1]

संस्कृतिको विशाल क्षेत्रको चियोचर्चा गर्दा हामीले त्यसैको आर्को रूप वा समर्थक पक्ष राजनीति र सामाजिक परिस्थितिको व्यापक पृष्ठभूमिको उल्लेख अवश्य गर्नुपर्दछ। राजनीतिको क्षेत्रमा नेपालमा ई० १७६८ देखि ई० १८१६ सम्म एक रूप, ई० १८१६ देखि ई० १८४६ सम्म एक रूप, ई० १८४६ देखि ई० १९५१ सम्म एक रूप र ई० १९५१ देखि ई० १९७४ सम्म एक रूप देखिन्छ जब नेपालको राजनीतिक स्थिति र प्रभावमा केही परिवर्तन भैं रहेको देख्दछौं। तर ई० १९५१ पछि नेपाली जातिले प्रजातन्त्र पाउनु महत्त्वपूर्ण घटना हो। प्रजातन्त्रको अर्थ राजनीतिक पद्धतिको मात्रै नभै यसैसाथ सामाजिक र आर्थिक रूपले सबै नेपालीले समान अवसर भेट्टाएको तथ्य उल्लेखनीय हो जसको प्रभाव सांस्कृतिक गतिविधिमा स्पष्ट पर्दछ।

ई० १९५१ मा प्रजातन्त्र आएपछि अन्ताराष्ट्रिय राजनीतिमा पनि नेपालको महत्त्व मान्न थालिएको र ई० १९५६ मा यसले राष्ट्रसंघको सदस्यता पाउनाले नेपाली जाति र तिनको संस्कृतिको मान पनि प्रशस्त बढेको छ र त्यसले गर्दा आत्मविश्वासको भावनामा पनि अभिवृद्धि भएको छ।

अब हामी अन्ताराष्ट्रिय परिप्रेक्ष्यमा नेपाली संस्कृतिको स्थानबारे चर्चा गरौं। लिच्छविकालमा एक राष्ट्रको रूपमा नेपाल राज्यको महत्त्व अन्ताराष्ट्रिय क्षेत्रमा मानिन्थ्यो जसका स्पष्ट प्रमाणहरू पाइन्छन्। त्यसपछि नेपालमा यौटै राजनीतिक शक्ति नभएकोले त्यसको यथोचित स्थिति नहुनु स्वाभाविक थियो। तर ई० १७६८ पछि ई० १८१६ सम्म त नेपालले यौटा शक्तिशाली राष्ट्रको रूपमा महत्त्व पाएको देखिन्छ र त्यसको एशियामा उल्लेखनीय स्थान रहेको थियो। ई० १८१६ पछि पनि ई० १९५१ सम्म सार्वभौम सत्ता सम्पन्न राष्ट्रको रूपमा रहिआएको भएर पनि यसको

---

[1] परिशिष्टमा यस युगमा लेखिएका र प्रकाशित भएका महत्त्वपूर्ण साहित्यिक ग्रन्थहरूको विवरण सूची प्रस्तुत गरिएको छ।

अन्ताराष्ट्रिय प्रभाव र महत्त्व त्यति रहेको थिएन । ई० १९५१ पछि राष्ट्रसंघको यसको सदस्यता आदिले गर्दा हाल ई० १९७४ सम्म यसलाई संसारका ५५ जति ठूलासाना राष्ट्रहरूसँग समानताको आधारमा दौत्य सम्बन्ध रहेको छ र 'असंलग्न' राष्ट्रको रूपमा पनि यसको अन्ताराष्ट्रिय राजनीतिमा महत्त्व बन्न आएको छ । यो राजनीतिक पृष्ठभूमिले गर्दा नेपालले जुन महत्त्व पाएको छ त्यसमा यसको विशेष किसिमको र प्राचीन संस्कृति पनि यौटा कारण रहेको छ भन्ने कुरा हामीलाई स्पष्ट लाग्दछ । नेपाली संस्कृति संसारका अरू राष्ट्रहरूको जस्तै यौटा राष्ट्रिय संस्कृति हो र यसमा भौगोलिक स्थितिले केही प्रभाव पारेको भएर पनि (जस्तो संसारका सबै देशहरूमा स्वाभाविक रूपले हुन्छ) यसको मौलिकतामा कुनै किसिमको अभाव देखिदैन । यसैले यौटा स्पष्ट संस्कृतिशाली राष्ट्रको रूपमा नेपालको अन्ताराष्ट्रिय क्षेत्रमा यथोचित स्थान छ भन्ने पनि स्पष्ट छ । संस्कृतिका कतिपय पक्षमा त यसको विशिष्टता पनि रहेको देखिन्छ जसलाई स्पष्टयाउन यौटै सूत्र पर्याप्त छ—'नेपाल संसारभरिमा एकमात्र स्वतन्त्र राजतन्त्रात्मक हिन्दू राष्ट्र हो' जसको स्पष्ट उल्लेख नेपालको संविधानमा भएको छ । तर, यौटा हिन्दू राष्ट्रको संस्कृतिको रूपमा नेपाली संस्कृति 'मध्यकालीन कट्टरता' अँगालेको र प्रगतिविरोधी संस्कृति हैन भन्ने कुरा त यहाँ औंल्याइरहनु पर्ने छैन ।

निष्कर्ष

माथिका पानाहरूमा हामीले ई० १५५९ देखि ई० १७६८ सम्म नेपालको एक क्षेत्रको र ई० १७६८ देखि ई० १९७४ (वा १९७५)सम्मको सांस्कृतिक गतिविधि र खास गरी कला र वास्तुकलाको स्थितिबारे सक्षिप्त र एकसरो अध्ययन प्रस्तुत गरेका छौं । त्यसबाट ईस्वी पूर्वका केही शताब्दीदेखि चलिआएको सांस्कृतिक गतिविधिलाई उक्त युगले पनि आफ्नो स्थिति र गच्छेअनुसार चलाइरहेको थाहापाइने हुनाले नेपाली संस्कृति उहिल्यैदेखि आजसम्म क्रमिक रूपले श्रृङ्खला टुटेको छैन भन्ने कुरा पनि स्पष्ट हुन्छ । यसरी लामो परम्परालाई सुरक्षित गर्ने कुरामा अरू केही महत्त्वपूर्ण कुरा पनि जोडिन आउँछन् । त्यो हो उत्तरी एशियाको केही भागको र दक्षिणी एशियाको केही भागको प्राचीन संस्कृतिलाई आफ्नै वातावरणमा आफ्नो तर्फबाट अरू केही मौलिकता थपी सुगन्धित पार्नु । हिन्दू देवीदेवता तथा

बौद्ध धर्मका मूर्ति र मन्दिर बनाई पूजा-आजा र जात्रा-चाड मनाउने चलन भारतको पञ्जाबमा विकसित भई सारा भारत, हालको पाकिस्तानी क्षेत्र, अफगानिस्तान बर्मा, श्रीलंका, श्याम, इण्डो-चाइना, जापान र तिब्बतसमेत चीन, मंगोलिया, मध्य-एशिया र इण्डोनेशियासम्म क्रमशः फैलिएको हो। नेपालको क्षेत्रमा त उक्त पञ्जाब र त्यसको केही पूर्वी क्षेत्रका निवासी विशुद्ध आर्य र ऋषिहरूले उक्त संस्कृति फैलाएका हुन् जुन काममा नेपालका आर्येतर जातिहरूले पनि योग दिएका हुन्। यसरी फैलिएको संस्कृति स्वयं भारतमै मध्यकालदेखि दीनहीन अवस्थामा पुगी समयानुरूप मौलिक देन दिने स्थितिमा रहन गएन। त्यहाँ पछि अठारौं शताब्दीको पुछारतिर त सांस्कृतिक गतिविधिको रूप मूर्ति र मन्दिर बनाउने आदि-लुप्तप्राय: हुन गएको थियो। भारत बाहेक इण्डोनेशियालाई छोडी माथि चर्चिएका अरू देशहरूमा बौद्ध धर्मको जुन स्थान थियो त्यो पनि पहिले मुसलमान र पछि यूरोपियनहरूको अतिक्रमणले गर्दा लुप्त नै हुन गयो, जुनमध्ये बर्मा, श्रीलंका, श्याम, इण्डोचाइना र जापानमा बौद्ध धर्म आंशिक रूपमा जीवित छ तैपनि त्यहाँ अघिकै संस्कृति क्रमिक रूपले जीवित रहेको छैन। तिब्बतमा यो क्रम जीवित थियो तर ई० १९५९ मा चीनी साम्यवादको प्रवेश भएपछि त्यहाँको उक्त खालको संस्कृतिको के स्थिति होला स्पष्ट छ। यस परिप्रेक्ष्यमा नेपालले त्यस परम्परालाई जीवित राखिराख्नुमा उसले एशियाकै प्रतिनिधित्व गरेको छ भन्ने तथ्य स्पष्ट हुन आउँछ।

उक्त महत्त्व नेपालले पाएकोमा बडामहाराजाधिराज पृथ्वीनारायण शाहको देन पनि स्पष्ट छ। उनको नीतिले गर्दा सम्पूर्ण भारत र एशियाका अरू अनेक क्षेत्रमा प्रभाव जमाउन सक्ने अंग्रेजहरूलाई नेपालले आफ्नो क्षेत्रभित्र पस्न रोकेको थियो र आफ्नो स्वतन्त्रता कायम राखिराख्न सकेको थियो। ई० १७६८ देखि ई० १८१६ सम्म नेपालीहरूले देखाएका अलौकिक वीरता र सफल कूटनीतिले गर्दा जुन प्रभाव बनेको थियो त्यसले गर्दा ई० १८१६ देखि इ० १९५१ सम्म अलिकति होचिनु परे पनि आन्तरिक मामिलामा प्रत्यक्ष वा कतिपय रूपमा परोक्ष पनि अंग्रेज शक्तिको वाहन नेपालले बन्नु परेको थिएन। स्वातन्त्र्यको यो स्थितिले गर्दा पनि नेपालले उक्त किसिमको महत्त्व पाउन सकेको हो।

यस परिप्रेक्ष्यमा माथिका पानाहरूमा हामीले गरेका संस्कृतिका उदाहरणहरूको विवरणको कति महत्त्व छ भन्ने कुरा स्पष्ट हुन्छ।

आर्को शब्दावलिमा भन्ने हो भने कला र वास्तुकलाका शाहकालीन वा त्यसअघिका उदाहरणहरूमा पनि स्वातन्त्र्य र सार्वभौमिकता तथा नेपाली जातिको कलाप्रियता—परम्पराप्रति प्रेमको मगमगाउँदो सुगन्धि आउँछ ।

तर, आज-भोलिको संसारको गतिविधि विचित्रको छ र यसले गर्दा नेपालको त्यो कला र वास्तुकलाको परम्परालाई जीवित राख्नु र त्यसमा नयाँ-नयाँ उदाहरणहरू थप्ने र त्यसलाई सामयिक पार्ने आदि समस्याहरू यो हरेक दिनको सन्धि-कालको स्थितिमा देखापरेको छ । यस स्थितिप्रति सम्पूर्ण नेपाली जातिको ध्याउन्न हुनु पर्ने देखिन्छ ।

संस्कृतिको निर्माताका व्यक्तित्व

कुनै देशको संस्कृतिको निर्माणमा यौटै युगको मात्रै देन रहेको हुँदैन र त्यस्तै यौटै वा केही मानिसहरूको मात्रै देन रहेको हुँदैन । त्यसको निर्माण र परिष्कारमा युगौं लागेको हुन्छ र अनेक युगका विभिन्न स्तरका मानिसहरूको प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमको देन रहेको हुन्छ । ईस्वी पूर्वका केही शताब्दीदेखि आजसम्म नेपाली संस्कृतिको प्रवाह वनाउने, सामयिक परिवर्द्धन र परिवर्तन गर्ने काम अनवरत रूपले चलिरहेको तथ्यमा केही नाम प्रस्तुत गरी हाम्रो संस्कृतिका निर्माता यिनै हुन् भनेर तोक्न नसक्नु स्वाभाविक कुरा हो । हलीदेखि लिएर विद्वान्सम्म, साधारण नागरिकदेखि लिएर शक्तिको सर्वोच्च शिखरमा आसीन हुने प्रशासकसम्म, र कामीदमाई देखि लिएर कलाको उच्च स्थिति र स्तरमा पुगेको कलाकारसम्म सबैको योगदानले सांस्कृतिक गतिविधि चलेको हुन्छ । तैपनि राजनीतिक शक्ति र विद्वत्ताले संस्कृतिको निर्माण, संवर्द्धन र परिवर्तन गर्ने प्रत्यक्ष वा परोक्ष काम गरिरहेको हुन्छ । यसैले हाल नेपालले राष्ट्रिय विभूतिको रूपमा—जनक, सीता, वुद्ध, अंशुवर्मा, अरनिको, राम शाह, पृथ्वीनारायण शाह, वीर वलभद्र, अमरसिंह थापा, भीमसेन थापा, भानुभक्त, मोतीराम र श्री ५ त्रिभुवन जस्ता १३ ऐतिहासिक व्यक्तिको गणना गर्ने गरेको छ ।[1] इतिहासकारको आँखामा उक्त नामावलिमा आदिकालीन र व्यक्तित्व

---

१. श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको गाउँ फर्क राष्ट्रिय अभियान २०२४, श्री ५ को सरकार प्रचार प्रसार मन्त्रालय, प्रचार विभाग, काठमाण्डू २०२४, पृ० ६-७.

(जनक, सिता), प्राचीनकालीन व्यक्तित्व २ (बुद्ध, अंशुवर्मा), मध्यकालीन व्यक्तित्व १ (अरनिको); उत्तर-मध्यकालीन व्यक्तित्व १ (रामशाह) र आधुनिककालीन व्यक्तित्व ७ (पृथ्वी, बलभद्र, अमरसिंह, भीमसेन, भानुभक्त, मोतीराम र श्री ५ त्रिभुवन) को समावेश गरिएको देखिन्छ । त्यस नामावलिमा १ जना दार्शनिक, एक जना आदर्श सती, एक जना मानवतावादी दार्शनिक–धर्मप्रचारक (बुद्ध), २ जना न्यायी र प्रतापी राजा(अंशुवर्मा, रामशाह, एक जना अन्ताराष्ट्रिय रूपमा ख्यातिप्राप्त कलाकार (अरनिको), २ जना वीर-योद्धा र राष्ट्रभक्त (वीर बलभद्र र अमरसिंह थापा), विशृङ्खलित नेपालको एकीकरण अभियानका वीर, कूटनैतिक र प्रतापी महाराजाधिराज एक (पृथ्वी), नेपालमा प्रजातन्त्र-प्रवर्तक महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव र २ जना कवि-लेखक (भानुभक्त, मोतीराम) र राष्ट्रवादी योग्य प्रशासक एक (भीमसेन थापा) व्यक्तित्व शामिल गरिएका छन् । यस नामावलिबाटै पनि नेपाली इतिहास र संस्कृतिको रूपरेखा तयार पार्न सकिन्छ । अनि यिनै व्यक्तिहरूलाई हाम्रो संस्कृतिका निर्माताको रूपमा लिन सकिन्छ । तर उक्त नामावलिमा सांस्कृतिक निर्माणका सहयोगी पक्षहरूको प्रतिनिधित्व मात्र गर्ने गरी व्यक्तित्वहरूको नामको प्रयोग गरिएको हो र ती बाहेक नाउँ चलेका अरू व्यक्तित्त्वहरूको उपेक्षा गरिएको चाहिं हैन । यसै सन्दर्भमा योटा आर्को तथ्यको पनि उल्लेख गरे वस्तुस्थितिको स्पष्टीकरण हुन्छ र त्यो के त भने उक्त १३ व्यक्तित्त्वहरूमध्ये ८ जना शाहकालीन नै छन् ।[1] यसबाट पनि नेपाली इतिहासमा शाहकालको महत्त्व स्पष्ट हुन्छ ।

कलाकार सामाजिक वर्गहरू

नेपाल '४ जात छत्तिस वर्णको फूलबारी' को रूपमा प्रख्यातै छ । अर्थात् यहाँ थरी-थरीका जातिहरूको वसोबास छ । त्यस्ता हरेक जातिमा त्यस्ता कलाकारका केही वर्गको स्थिति पारम्परिक रूपमा रही आएको छ ।

---

[1] हामीले माथि रामशाहलाई उत्तर-मध्यकालीन क्रममा राखेका छौं र एक किसिमले उनलाई 'शाहकालीन' (ई० १७६८–१९७४) मान्न सकिंदैन तर जुन सन्दर्भमा हामीले ८ जनालाई यो अन्तिम वर्गमा राखेका छौं त्यसैमा यिनको व्यक्तित्त्व मिल्ने हुँदा र हामीले आफ्नो अध्ययनलाई आंशिक रूपमा ई० १५५९ देखि थालेको पनि ८ को यो गणना उचितै देखिन्छ ।

जातिहरूमा 'नेवार' को स्थिति प्रमुख रहेको छ। त्यस जाति अन्तर्गत लोहकर्मी, चित्रकार, ताम्रकार, सुवर्णकार, कास्यकार, कुम्भकार, शिल्पकार, डकर्मी, सिकर्मी-तक्षकार आदि कलाकार वर्ग रहेका छन्। यसै समाजमा बौद्धमार्गी 'बाँडा' र 'लामा'हरूको पनि स्थान छ जुनले विभिन्न रूपमा कलासम्बन्धी काम पनि पारम्परिक रूपले गरिआएका छन्। बाँडाहरू 'लिपिकार' वा 'लेखक' का रूपमा पनि प्रख्यात छन् र तिनमध्ये केहीले धार्मिक चित्रकलाको क्षेत्रमा पनि राम्रो देन दिई आएका छन्। यसै गरी तामांग, भोटे र शेर्पाहरूका 'लामा'हरूले चित्रकला र केही अंशमा काष्ठकला सम्बन्धी सीपमा पनि विशेषता पाएका हुन्छन्। उक्त तीन जातिहरूमा अरूहरूले काष्टकलाको काम पनि गरेको देखिन्छ।

नेपालका अनेक जातिहरूमा विभिन्न युगमा कलाकारहरूको विदेश यात्रा गरी आफ्नो सीप देखाउने चलन पनि चलेको देखिन्छ। मध्यकालतिर भएका अरनिकोको उदाहरण त प्रख्यातै छ। नेवारहरूले पनि जुगौंदेखि तिब्बत गई स्थायी वा अस्थायी रूपमा त्यहीं बसी कलासम्बन्धी काम गरी प्रशस्त नाम कमाएका हुन्। हिजैसम्म पनि यो स्थिति थियो र यसैले सिल्वाँ लेवीले ल्हासालाई 'नेपालको (कलात्मक) उपनिवेश'को रूपमा लिएका थिए।

नेपालका अनेक जातिहरूमा विदेशबाट कलाकार आई मिसिएका विभिन्न जुगका उदाहरण पनि पाइन्छन्। उत्तरमध्यकाल अधिक युगहरूमा यस तथ्यको स्पष्ट उदाहरण औंल्याउन कठिन छ। तर मध्यकालतिरदेखिका यस्ता फुटकर सन्दर्भ पाइन्छन्। सिद्धिनरसिंह मल्लले पाटनमा कृष्णको मन्दिर बनाउँदा बोलाई ल्याइएका मथुराका केही शिल्पकारहरू उक्त काम सिद्धिएपछि पनि स्थायी रूपले यहीं बस्न थालेपछि नेवार-समाजमा मिसिएको यौटा सन्दर्भ पाउन सकिएको छ। पश्चिममा जुम्ला भेकमा मध्यकालमा जुन कलात्मक गतिविधि चलेको थियो त्यसमा स्थानीय कलाकार वर्गबाहेक विदेशबाट आएका केही कलाकार वर्गको पनि देन रहेको अन्दाजी गर्न सकिन्छ। गोर्खा राज्यमा महाराज रामशाहले ई० १६१४ र ई० १६३६ मा जुन दुइ मन्दिर बनाएका थिए त्यस कामका लागि उत्तर भारतका शिल्पकार बोलाइएको होला भनी एक जना इतिहासकारले अन्दाजी गर्नुभएको छ।[1]

---

[1] बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग-१ पृ० ६३.

एकथरी कलाकार वर्ग यस्ता पनि हुन्छन् जुन आपना कामका कुरामा देश-विदेश डुलिरहने पनि हुन्छन् । भारतका यस्ता कलाकारहरूले नेपालमा के, कति र कसरी प्रभाव पारेका छन् भन्न सकिएको छैन । तिब्बततिरका यस्ता कलाकारहरूले भने नेपालका केही क्षेत्रमा केही प्रभाव पारेका थिए ।

'कलाकार सामाजिक वर्ग' अन्तर्गत हामीले संगीतका पारम्परिक जीविकामा लागेका सामाजिक वर्गहरूलाई पनि समाविष्ट गर्नुपर्दछ । पश्चिमाहरूमा गाइने, वाजी, दमाई र भाटहरू यस्तै संगीतज्ञ वर्ग हुन् जुनले जुगौंदेखि सामाजिक वातावरणलाई संगीतमय पारी आल्हाद दिई आएका छन् । नेवारहरूमा यस्तो विशिष्ट श्रेणी कुस्लेको छ । यस्तो त नेवारहरूमा नाच्न, गाउन र बाजा वजाउन नजान्ने मानिस कमै होलान्–यसको उदाहरण हामी उपत्यकामा हुने जात्राहरूमा देख्दछौं । यस्तै उदाहरण नेपालका अरू सबै जातिमा देख्न सकिन्छ जुनले लोकनृत्य र लोकगीत नाच्न र गाउन जानी आएकै हुन्छन् ।

अब आगामी पृष्ठहरूमा हामी शाहकालमा भएका संस्कृतिका निर्माता केही व्यक्तित्वहरूको चारित्रिक चित्रण प्रस्तुत गर्दछौं । यसो गर्दा हामीले उक्त ८ व्यक्तिहरूमा मात्र सीमित नभई अरू केही व्यक्तित्वहरूलाई —उनीहरूको देनको आधारमा—समावेश गरेका छौं ।

□

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायणशाह

विविध सन्दर्भमा हामीले माथि बडामहाराजाधिराज पृथ्वीनारायण शाहका गतिविधि र देनबारे धेरैपल्ट उल्लेख गरिसकेका छौं । उनको महत्त्व र देनको कति महत्त्व छ भन्ने कुरा उनको बारेमा हालैमात्र लेखिएका गवेषणात्मक २ पुस्तकका ४-४ भाग गरी ८ भाग पुस्तक र अरू दुई साधारण गरी जम्मा १० पुस्तक प्रकाशित भैसकेका छन् । इतिहासका पुस्तकमा क्रमअनुसार लेखिएका उनीसँग सम्बन्धित सन्दर्भहरूको र फुटकर लेखहरूको त लेखो छैन ।

पृथ्वीनारायण शाहबारे जान्ने ऐतिहासिक सामग्रीहरूमध्ये उनैका पालाका शिलालेख, पचासौं चिठीपत्र, केही स्मारक, केही साहित्यिक ग्रन्थ र वंशावलिहरू हुन् । उनीपछिका प्रशासकीय कागतपत्र र शिलालेखहरूमा पनि त्यस्ता केही सन्दर्भ पाइन्छ । उनको जीवन खास गरी राजनीतिक-कूटनीतिक र सैनिक अभियानमा बितेको हो तैपनि उनी सांस्कृतिक गतिविधिपट्टि पनि ध्यान दिन्थे भन्ने उनले वसन्तपुर दर्बार बनाएको तथ्यबाट प्रमाणित हुन्छ र यसको निर्माण उनको खास निर्देशनमा भएको कुराको चर्चा माथि गरिसकिएको छ । यहाँ हामी ऐतिहासिक सामग्रीहरूमा उनको व्यक्तित्त्व कस्तो झल्किन्छ भन्ने उद्देश्यका लागि त्यस्ता केही चुनिएका सामग्रीको सम्बन्धित अंशहरूको उद्धरण प्रस्तुत गर्दछौं ।

१. नुवाकोट दर्बारको ई० १७६२ को अभिलेखमा:—

"श्री गणेशलाई नमस्कार । शक संवत् १६८४ वैशाख महीनामा बृहस्पति मेषराशिमा बसेका वेलामा पृथ्वीनारायण शाह राजाले नेपाल (खाल्डा) का राजाहरूका घमण्ड तोडी (यो) असल किल्ला (किल्लारूपको दर्बार) बनाउनु भयो ।। १ ।। जसले राजाहरूमा सिह जस्ता तनहुंका

राजा त्रिविक्रम (सेन) लाई कैद गरी फलामको पिंजरामा हाल्नुभयो तथा (पछि) दया गरी छोडिदिनुभयो ।। २ ।। जसले काशी जाँदा (काशी गएर फर्केर आउँदा) बाटोमा भन्सारचौकीका अधिकारीहरूको मेख मार्ने इच्छाले मुसलमानी अधिकारहरूलाई सिद्धयाउनु भयो, त्यस्ता (पृथ्वीनारायण शाह) का गुणको वर्णन कसले गर्न सक्ला ।। ३ ।। कल्याण होस् ।"[1]

२. वसन्तपुर दर्बारको दक्षिणपट्टि ढोकाको ई० १७६९ को अभिलेखमाः–

"श्रीगणेशलाई नमस्कार । शक संवत् १९६१ वैशाख शुक्लपञ्चमी रोहिणी नक्षत्र शनिवारका दिन राजामा सिंह जस्ता (पृथ्वीनारायण शाह) ले फागुको उत्सव गरीकन किसिम किसिमका झ्यालले सिंगारिएको (यो) विलासमन्दिर खुशीसाथ बनाउनु भयो ।। १ ।। श्रीदुर्गाका चरणरूपी राता कमलको मीठो रस लिनामा भमरा जस्ता (दुर्गाको उपासना गर्ने), ती दुर्गाको कटाक्ष पर्नु रूपी ठूलो कृपाले नेपालराज्य पाएका, दान (हात्तीको मदजल) मा झुम्मिएका भमराहरू झैं प्रशस्त दान पाएका धेरै विद्वान्हरूले तारीफ गरिएका, राजाहरूका श्रीपेचका रत्नले पाउ झलमल्ल भएका (सामन्त राजाहरूले ढोगिएका) महाराज पृथ्वीनारायण शाह हुनुहुन्छ ।। २ ।। कल्याण होस् । जुवामा लहसिएका, सुती सुती दिन काट्ने आइमाईहरूमा भुलेका, दान नगर्ने, लडाई-भिडाइदेखि हटेका अनेक राजकुलमा जन्मेका राजाहरू त कै जताततै पाइँदैनन् र ? यहाँ पृथ्वीनारायण शाह ता डँढेलोले वन डढाएझैं, शत्रुहरूलाई सखाप पार्नुहुन्छ, मेघले पानी बर्साएझैं दान गर्नुहुन्छ तथा उहाँले आफ्नो राज्यभर जुवा बन्द गरिसक्नुभएको छ ।। ३ ।। सारा राजकुलरूपी समुद्रबाट लक्ष्मी (शोभा) लिई ब्रह्माजीले पृथ्वीमा पैदा गरिएकी, साक्षात् लक्ष्मीजस्तै राम्री, पतिलाई विष्णु सम्झने नरेन्द्रलक्ष्मी उहाँ महाराजका महारानी हुनुहुन्छ ।। ३ ।। उहाँ (महारानी नरेन्द्रलक्ष्मी) ले राजाहरूमा सिंह जस्ता (पृथ्वीनारायण शाह) बाट स्वामिकार्तिक जस्ता दुइ पुत्र जन्माउनु भयो जेठा प्रतापसिंह र कान्छा वहादुर भनी लोकमा प्रख्यात हुनुहुन्छ ।। ५ ।। कल्याण होस् । यो दर्बार स्थिर भई रहोस् ।"[2]

---

[1] संस्कृत श्लोकको अनुवाद– त्रिरत्न-सौन्दर्य-गाथा, परिशिष्ट, पृ० २६८–६९ ।

[2] संस्कृत श्लोकहरूको अनुवाद–त्रिरत्न सौन्दर्य-गाथा, परिशिष्ट पृ० २७०.

३. वसन्तपुर दर्बारका उत्तरपट्टिको ढोकाको ई० १७६९ को अभिलेखमा–

"श्री गणेशलाई नमस्कार छ। गोर्खाको राजवंशमा श्रेष्ठ भएका राजा पृथ्वीपतिबाट राजारूपी हात्तीहरूमा अंकुश जस्ता भएका श्रीवीरभद्र राजा पृथ्वीमा पैदा हुनुभयो। उहाँका छोरा धर्मात्मा पृथ्वीका कल्पवृक्ष जस्ता भएका (दानी) नरभूपाल राजा हुनुभयो। जसबाट इच्छा पूर्ण नभई (रित्तै हात) कुन चाहि दिशामा वस्ने मानिस फर्केर गयो र? ।। १ ।। उहाँबाट दुष्टलाई दण्ड दिने, रक्षानिमित्त अवतार लिनुभएका कृष्ण जस्ता यहाँ पृथ्वीनारायण राजा हुनुभयो ।। २ ।। शक संवत् १६९१ चैत्र शुक्ल पञ्चमी शनिवार रोहिणी नक्षत्र मिथुनलग्नमा ।। ३ ।। राजारूपी हात्तीमा सिंह जस्ता भएका उहाँ महाराजाले किसिम-किसिमका झ्याल भएको, धेरै तला भएको, सुन्दरीहरूको दृढ मान तोडिदिने वसन्तपुर दर्बार बनाउनुभयो ।। ४ ।। × × × राजाका श्रीपेज सिगार्ने हीराका लहरका तेजले सुहाएका (आफ्ना) दुइ चरणकमलले पृथ्वीतल उज्यालो पार्ने, वीर उहाँ महाराजले नेपाल (नेपाल खाल्डा) का राजाका आइमाईहरूका सिन्दूरका टीकालाई बलजफतले पुछेर बाहुबलले नेपाललाई आफ्नो वशमा पार्नुभयो ।। १ ।। जसका भालाका चोटले घाइते भएको कासमल्लीखाँ (मीरकासिम) हारेर पश्चिमतिर भागेर गयो। केही काल माद चढेको फिरङ्गी (अंग्रेज लडाईमा एक छिन पनि टिक्न सकेन। घरका बाघ ती बिचरा पश्चिमाहरू (बाईसी-चौबीसीहरू जसका बढिया सिपाहीहरूले लडाईंको मैदानमा जितिए। शत्रुरूपी जङ्गलमा डढेलो भएका नेपालकेसरी महाराज पृथ्वीनारायण शाह सुहाइरहनुभएको छ।। २ ।। जबसम्म पर्वतले युक्त पृथ्वी, चन्द्र, सूर्य र सात समुद्र रहन्छन्; जबसम्म आकाशमा ताराहरू आकाशमा चम्किरहन्छन् तबसम्म राजाहरूका श्रीपेजमा जडेको हीरा समान भएका महाराज पृथ्वीनारायणको वंश गुह्येश्वरी र पशुपतिका दुई पाउका धूलाका निगाहाले नेपालमा स्थिर भई रहोस् ।। शुभ ।। श्री ३ पशुपतिनाथलाई नमस्कार ।।"[१]

४. महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेवको ई० १८११ को वाग्मती स्तम्भाभिलेखमाः—

---

[१] संस्कृत श्लोकहरूको नेपाली अनुवाद, त्रिरत्न-सौन्दर्य-गाथा, परिशिष्ट पृ० २७२-७३.

क. "पृथ्वीमा ठूलो कीर्ति फैलिएका नेपाल (खाल्डो) का बलिया शत्रु राजाहरूका लागि प्रलयकालको आगो जस्ता भएका पृथ्वीनारायण हुनुभयो । जुन राजा कच्चै उमेरमा ठूलो भक्तिले काशी पाउलाग्नुभयो । जसले यात्रा गरी फर्कंदा बाटो छेक्न आउने शत्रुहरूलाई आफ्नो पराक्रमले कत्तल गरी आफ्नो शहर (गोर्खा) मा प्रवेश गर्नुभयो, बलले नुवाकोट किल्ला जित्नुभयो । करोडौं शत्रुहरूलाई सिध्याई काठमाडौंमा प्रवेश गर्नुभयो ।"[1]

ख. "बाल्यावस्थैमा श्रीकाशी यात्रा गरि फिर्दामा छेक्न आउन्या चौकीदार प्रभृति शत्रुसैन्यकन कत्तल गरि गोर्खा सहरमा प्रवेश गर्‍यापछि नुवाकोट नेपाल प्रभृति देश मारि **श्री महाराज बहादूर सन्सेर जङ् पदवी पाउन्या**[2] श्री पृथ्वीनारायण साह महाराजा हुनुभयो ।।"[3]

५. काठमाडौं त्रिपुरेश्वर मन्दिरको महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवको पालाको ई० १८२० को अभिलेखमा:—

> स्वस्ति मद्गिरिराजचक्रचूडामणिमरीचिनीराजितचरणतलतुहिनगिरिवरासन्नमहाचीन सीमपर्यन्तनेपालादिदेशजयजनितयशोराशिविशदिताशामण्डलस्य गोरक्षाचलाधीशश्रीमन्महाराजाधिराजश्रीपृथ्वीनारायणशाहदेव…[4]
>
> "पहाडी राजाहरूका श्रीपेचका मणिका चहकले पाउ मलमल्ल भएका हिमालयका आसपासका महाचीनको सीमासम्म नेपाल (खाल्डो) आदि देश जित्नाले दिशा-दिशासम्म ठूलो कीर्ति फैलिएका गोर्खाली महाराजाधिराज श्री पृथ्वीनारायण शाहदेव ।"[5]

६. पाटनका वासिन्दा सुन्दरानन्द बाँडाले ई० १८३१ तिर लेखिसिध्याएको त्रिरत्न-सौन्दर्य-गाथा' नामको पुस्तकमा बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवबारे निकै कुरा लेखिएका छन् । त्यस्ता सन्दर्भमध्ये केही यहाँ उद्धृत गरिन्छन्:—

---

[1] संस्कृत श्लोकहरूको नेपाली अनुवाद, ऐजन, पृ० २९६.

[2] डिल्लीका अन्तिम मुगल बादशाह शाहआलम द्वितीयले यो पदवी पृथ्वीलाई ई० १७७१ मा दिएका थिए ।

[3] उही अभिलेखको नेपाली भाग, ऐजन, पृ० २९३.

[4] ऐजन, पृ० ३०३.

[5] ऐजन, पृ० ३०५.

क. लोकेश्वरं हयग्रीवं भैरवं पीठयोगिनीः
आनन्दादि लोकनाथं कर्कोटमुरगाधिपन् ।।
यथाविधि पूजयित्वा गणेशानमपूपुजत्
पृथ्वीनारायणनृपः सस्नौ प्रभातीजले ।।

ताहाँपछि वुग्मतीमा मछिन्द्रनाथ रुद्रकुण्ड हयग्रीव भैरव लेलेमा त्याङभैरव मंजुश्री गाउँ गाउँका शिवालय नारायण चावहिका शाक्यसिंह चैत्यभरार चम्पागाउँमा व्रजवाराही पीठयोगिनी मातृगण चोभालका आनन्द-लोकेश्वर चोभालका श्रीगणेश टौदहका कर्कोटक नागराजा ग्रैह्लकन विधि पूर्वक राजोपचार पूजा गरि प्रभाती तीर्थसंगम ङखु दोभानमा स्नान सन्ध्यातर्पणादि गर्दा भया ।।[1]

ख. श्रीकौमारिययात्रादिवस अतिमहोत्साह धूपोपवासैः
स्वस्ति श्रीपृथ्विनारायण अतुललसत्कीर्तिपुण्योदितश्रीः ।।

दुनिञाले महा उत्सव सिंदूरजात्रा धूप वाति पूर्णकलश अष्टमंगलका सुवर्णको नागमुख आदि भयाका सुवर्णछत्र ध्वज चामर आदि गीत वादित्र मंगल उत्साह गरि अतुल पुण्य सत्कीर्तिका जोरले उदित भयाका श्री ५ पृथ्वीनारायण साहदेव जो छन् सो कांतिपुर राजधानीविषे प्रवेश गर्दा भया ।।[2]

ग. पश्चिम दिशाबाट श्रीसूर्य उदायाञैं अकस्मात् गोर्षाचलदेषिन् श्री ५ पृथ्वीनारायण साहरूपी श्रीसूर्य उदय हुँदा आपस्मा पोलापोल गर्नाले द्वेषभाव गरिरह्याका नेपालका मल्ल राजारूपी ताराहरू जो छन्. तत्क्षणैमा निपात भै जांदा नेपालवासीहरू हर्ष बिस्मात गरिरह्या. अर्थात् अघिदेषीन्का मल्ल राजाहरू विनाशकन प्राप्त भया नि. अब प्रान्त क्या क्या दु.ख सुख परिआउछन् भन्या केहि बिस्मात् पनि हो. तिन् सहरका राजाहरू विग्रह कलहरूपी अग्निका ज्वालादेखिन् डढ्याका भोट्या चोर गैन्हका झिल्कादेषिन् आतुरी र दुर्भिक्षको नाश भया ।।

अनाढकेऽष्टाढव मन्नमासीददोहने द्रोणदुघाविरासीत्
शुभाम्बराण्याशुरनश्वरेऽस्मिन्नेपालदेशे सति गोरषेशे ।।

---

[1] ऐजन, पृ० ११८.

[2] ऐजन, पृ० १३१.

आढक भन्नु ४ पाथिको प्रमाण हो. तेस्ता आठ आढकै चावल आठ आढक किराउ उपर अनाज प्रशस्त भावले मिल्दा र गाई आदि भयाका पशुहरूको द्रोणप्रमाण पाथीका क्षीर. बढाउँदा र चारो तरफ रस्ता षुली ज्यादा कपास आउँदा जात जातका पोसाक गैन्हको फर्मासीले तृप्ति हुँदा हर्षकन पनि गर्दा भया ॥[1]

घ. जौना श्री ५ महाराजाबाट ललितापुरीका श्रावणमासका चैत्यसेवा आउन्या लोककन महाखुशी मान्दछन्. एस्तो गर्न्या हो एस्तो नगर्न्या हो भनि भन्दैनन्. तस्ता रूपका मुख मंडो लायेर आउँछन् त्यो नजर गर्दा हासतै सन्तोष मात्रै हुन्छन्, रुपैंना खसालिदिन्छन् ॥[2]

ङ पृथ्वीनारायण शाहले आफना भार्दारहरूसंग नेपाल खाल्डोको लोकव्यवहारबारे चर्चा गर्दा भनेको भनी सुन्दरानन्दले लेखेका[3]:—

> रम्ये नेपालदेशे निजनिजभवनद्वारदेशे निषण्णा
> जूटीं बंध्वा कचानां सुललितवदना भालसिन्दूररम्याः ॥
> सीमन्तिन्यो नवीनाः परिवृतकुसुमाः कुञ्चियापाङ्गभागा
> भाषन्ते बद्धहस्ता सुललितवचसा भाय् मसीया मसीया ॥
>
> बस्नु लायक भयाका नेपालदेशका नायिकाहरू आपना-आपना घरका दहिलामा बसीकन कपासका केश जूटी पारि निधारमा सिंदूर लगाई महाचमत्कारसँग बसिरह्याका नेवार्नीहरूसित तिमि हामिले केही कुरा सुध्याउँदा हंसाइदो मुख गरि भाय् मसिया, भाय् मसिया भनिकन मात्रै भंछन्. सेवा जुजु महाराज भनी बोल्दी हाथ जोरि तमासा हेर्दा रह्याका छन् ॥

७. काठमाडौं सानो गौचरको दक्षिण-पूर्व कुनामा रहेको सानो मन्दिरको सामुन्नेपट्टि पर्खालमा दक्षिण-पूर्व कुनामा ई० १८३९ को मितिको यौटा शिलालेख रहेको छ। यसमा अभिलेख लेखाई राख्ने मानिसको नाम पनि लेखिएको छैन। यसमा सत्ययुगदेखिका यशस्वी-प्रतापी राजाहरूको बयान गरी कलियुगमा त्यस्ता राजाहरूमध्ये परीक्षित, जनमेजय, विक्रमा-

---

[1] ऐजन, पृ० १३४.

[2] ऐजन, पृ० १३५.

[3] ऐजन, पृ० १२७-१२८.

दित्य, पृथ्वीनारायण शाह र पञ्जाबका सिख राजा रणजीतसिंहको तारीफ गरिएको छ तर ग्वालियरका राजा 'जनक' लाई चाहिं गाली गरिएको छ। यस अभिलेखको वास्तविक अर्थ के हो भन्न सकिदैंन तर अन्ताराष्ट्रिय राजनीतिको तत्कालीन स्थितिबारे यसमा व्यङ्ग्य गरिएजस्तो बुझिन्छ। जे भए पनि यसमा जुन पृष्ठभूमिसाथ पृथ्वीनारायण शाहको उल्लेख भएको छ त्यो हाम्रो अध्ययनमा उल्लेखनीय छ। सानै अभिलेख हुंदा र अभिलेखको आफ्नै ध्वनि प्रस्तुत गर्न यहाँ त्यो सम्पूर्ण मूल अभिलेख उद्धृत गरिन्छ[1]:—

ततः कृतयुगे प्राप्ते धर्मशीला महायशाः
संवभूवुश्च राजानो सत्यव्रततपस्विन : ।।
प्रथमं स्थितिकर्त्तारः स्वायंभुवमनुः पुरा
ततः पराक्रमी राजा प्रियव्रतमहायशः ।।
पृथूराजा महावाहुर्नरसिंहे समो युधि
ततस्त्रेतायुगे प्राप्ते महावीर्या महोत्कटाः ।।
कार्त्तवीर्यो महावाहुर्मुचुकुन्दो रणोत्कटः
ततो दशरथो राजा संवभूवुर्यशस्कराः ।।
ततस्तु द्वापरान्ते च धर्मराजो युधिष्ठिरः
भूरश्रवाश्च द्रुपदो महावीरा महावला ।।
ततः कलियुगे प्राप्तेजनिरासीत्परीक्षितः
ततः पराक्रमी राजा जनमेजयसंज्ञक ।।
ततो महावीर्यमहाधनुर्द्धरो महावलो विक्रमराजसिंह
महानुभावो नृहरिश्च **पृथ्वीनारायणो** भूद्भुविराजसिंहः ।।
पाञ्चालदेशाधिपतिर्महायशा महानुभावो रणजीतसिंहः
एते महावीर्यमहानुभावा महाविधाना नरसिंहतुल्याः ।।
ग्वालीयरावन्तिव देशराज कामी मनार्थी जनकाभिधानः
विनाशकर्त्ता शरणागतानां पराक्रमे वानरतुल्यसारः ।।
शाके १७६१ सम्वत् १८९६ आश्विन शुक्ल १० गुरुवासरे शुभम्।

ई० १९३५ तिर बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवले आफ्नो अन्तिम अवस्था (ई० १७७५) मा आफ्ना भाइ-भार्दारलाई दिएको

---

[1] संस्कृत सन्देश ९. पृ० ८ मा अपूर्ण प्रकाशित।

उपदेशको नक्कल प्रति भेट्टाइएपछि[1] उनका चारित्रिक विशेषताहरू झन् स्पष्ट थाहापाइँदा वर्तमान नेपालीहरूका आँखामा उनको महत्त्व झन् राम्ररी थाहापाइएको हो । ई० १९५१ पछि त उनलाई राष्ट्रिय एकताका प्रतीकका रूपमा मान्न थालिएको छ र पूस २७ गतेको दिन उनको जन्मजयन्ती भव्यताका साथ मनाउने परम्परा बसालिएको छ (उनको चित्र हेर्नू चित्र संख्या–८३) ।[2] यसै क्रममा उनको महत्त्वअनुसार सालिक थाप्ने चलन पनि चलेको हो । राष्ट्रिय एकताका प्रतीकका रूपमा महत्त्व मानी उनको भव्य सालिक सिंहदर्बारसामु ई० १९६४ मा थापिएको छ । (हेर्नू चित्र संख्या-८४) । यसो त कपर्दार भोटुपाँडेले ई० १८१६ मा पशुपतिमा महाराजाधिराजका सालिक थाप्दा पृथ्वीनारायण शाहको समेत ढलौटे सालिक थापेका थिए ।

माथिका उद्धृत विवरण र सम्बन्धित अरू सामग्रीहरूले बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवलाई वीर, कूटनीतिज्ञ, परमधार्मिक र युगप्रवर्तक महान् व्यक्तित्वका रूपमा व्यक्त गरेका छन् । त्यसै रूपमा उनीले नेपालको इतिहास र संस्कृतिको आफ्नै किसिमको निर्माण गरेका छन् भन्ने कुरा पनि स्पष्ट हुन्छ ।

□

---

[1] श्री सूर्यविक्रम ज्ञवालीले ई० १९३५ मा दार्जिलिङबाट प्रकाशित 'पृथ्वीनारायण शाहको जीवनी' मा दिव्य उपदेशको पहिलो चर्चा गरिएको हो । भिन्नै रूपमा त्यसको प्रकाशन धेरैपल्ट भैसकेको छ जुनमध्ये एक संस्करण कर्मवीर महामण्डल केलटोल काठमाण्डूबाट सं० २०१६ मा प्रकाशित भएको छ । यसैको विशेष अध्ययन पनि एक जनाले गरेका छन् (Stiller, L. F., S. J.—Prithvi Narayan Shah In the Light of Dibya Upadesh, Kathmandu, 1968) ।

[2] यो दिन अधिराज्यभरि अवकाश पनि मनाइन्छ ।

२. श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव

पृथ्वीनारायण शाह र आफूपछिको युगको व्यस्त राजनीतिक गतिविधिको बीचमा पुगनपुग ३ वर्षको संक्षिप्त शासनकाल भएका प्रतापसिंह शाहको व्यक्तित्व इतिहासको पानामा छेकिन पुगेको छ । यिनको पालामा थोरै क्षेत्र मात्र जितिएको थियो तर यौटा उल्लेखनीय काम तिब्बतसित सन्धि गर्ने काममा सफलता पाउनु थियो । तर, शाहवंशका महाराजाधिराज-हरूमध्ये विद्वान् र अति धार्मिक व्यक्तित्वको रूपमा यिनको महत्त्वपूर्ण ठाउँ रहेको देखिन्छ । उनले बनाएको तान्त्रिक व्यवहार सम्बन्धी शास्त्रीय ग्रन्थ 'बृहत् पुरश्चर्यार्णव' प्रख्यात छ ।[1] देवीका परम भक्तका रूपमा उनले आफ्नो टकमा 'गुह्येश्वरी' को नाउँ छाप्न लगाएका थिए । साहित्यप्रिय व्यक्तिको ई० १७६८ मा कवि लक्ष्मणले लेखेको 'कवितानिकषोपल' नामको ग्रन्थमा युवराज प्रतापसिंह शाहले कविसम्मेलनमा साहित्यचर्चा र काव्यश्रवण गरेको बयान गरिएको छ ।[2]

पाटनका बासिन्दा लेखक-कवि सुन्दरानन्द, बाँडाले ई० १८३१ तिर लेखिसिध्याएको 'त्रिरत्न-सौन्दर्य-गाथा' नामको ग्रन्थमा प्रतापसिंहको शासनकालका महत्त्वपूर्ण घटनाको विवरण यसरी प्रस्तुत गरिएको छः—

" दुनिआविषे अत्यन्त करुणा राख्न्या श्री ५ सिंहप्रताप शाह जो छन्. ३ तिन सहर नेपालका लोकक्न सौंख विस्तार दिनानिमित्त बालिका

---

१. निकै अघि काशीबाट यो पुस्तक प्रकाशित भएको हो । काठमाण्डूबाट ले ज. श्री धनशम्शेर ज. ब. रा. बाट सम्पादित भई ४ भागमा ई० १९६८ मा प्रकाशित भएको छ ।

२. महाकवि लक्ष्मण—कवितानिकषोपल, संपादक—योगी नरहरिनाथ, काशी, ई० १९५६.

चौथाई कर ली सत्रका बिर्त्ता. अधिआपेत थामिदक्सदा भया. जस्तै श्री सूर्यले षैंची लीयाका अन्न पानी गैह्र पृथ्वीका रसाकन १००० गुण बढाई वर्षा गरिदिछन्. तस्तै स्वच्छ राषि लियाका चौथाई करका बालिको धन अतिथि अभ्यागत ब्राह्मण गरिप् प्रजा गैह्रकन कद्र राषि दान मानले गरि उड़ाई दिदा संपूर्ण दुनिया घनी भै ६० पाथि धानको भावले सुभिक्षा हुँदा घरहि सलागि पनि चह्लायो ।।

× × ×

दुवै वर्षका बीचमा संपूर्ण दुनिआका घरहि धनद्रव्यले पोषत् भयाको जानि अब त अन्न गैह्रको कर लिनाचाहिँ रुपैंआ कर लिया. दुनिआ सुखी होला भन्ना निमित्त ओल्नामा १. दोयम्नामा २ सिमनामा ३ चाहारनामा ४ ई चार प्रकारका नामले पोता दरिदिदा भया. धर्मार्थले गर्‍याका हुनाले दुनिआले पनि पोता तिरि सब बाली पक्क गरि षाई रह्याछन्. धर्मार्थले गर्‍याको पोतनामका कीर्ति अद्यावधि स्थिर भै सूर्यले गर्‍या झै आपना षेतिपातीका अनाज पक्क गरि षांदछन्. पातक पनि केही लाग्दैनन् ।।

× × ×

स एवं श्री ५ सिंहप्रताप महाराजाले कांबोज देशका[1] लामा गुरुसंग हित चित्त भैकन स्वभावैले साधु चर्याका श्री ५ राजाले रोप्य मुद्रा मोहोर पारनुकन श्रीरजणितमल्ली आपना वश पारी तत्कारी हात ली मोहोर चलन गर्‍या ति महाराजा धन्य रह्या छन् ।।[2]

□

३. महारानी राजेन्द्रलक्ष्मी

महाराजाधिराज प्रतापसिंह शाहदेवको ई० १७७८ को वर्ष भरिलो जवानीमै २ वर्षका छोरा युवराजाधिराज रणबहादुर शाहलाई छोडी स्वर्गवास भयो । दूधे बालकलाई सिंहासनमा राखियो र उनैको संरक्षणको लागि उनकी आमा महारानी राजेन्द्रलक्ष्मी पतिसँग सती नगै बसिन् । स्वयं राजा बालक हुँदा उनको मुख्तियार भई शासनसूत्र हत्याउने कुरामा महारानी

---

[1] तिब्बतलाई यहाँ कांबोज भनिएको छ ।

[2] त्रिरत्न-सौन्दर्य-गाथा, पृ० १४३–१४४,

राजेन्द्रलक्ष्मी र उनका देवर महाराजकुमार बहादुर शाह (पृथ्वीका कान्छा छोरा, प्रतापसिंहका भाइ) मा मनोमालिन्य हुँदा भारदारहरूले पनि पक्ष-विपक्षतर्फ लाग्नुपर्दा नेपालको राजनीतिमा अन्योलको स्थिति आइलाग्यो जसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव १७३ वर्षपछि ई० १९५० सम्म लगातार पर्न गयो । तर यो कुरामा महारानीको जीत भयो र उनी राजकाज चलाउन थालिन् । देवर चाहिं निर्वासित भएर गए । यिनी महारानीले ई० १७८५ सम्म मुख्तियारी चलाएकी हुन् । यस अवधिका केही अभिलेखहरूमा यी महारानी र रणबहादुर शाहको नाम लेखिएको देखिएको छ । पूर्व विजयपुर दन्तकालीको इष्टिकाभिलेखमा 'श्री ३ माहारानी राजेन्द्रलक्ष्मी × × श्री श्री श्री राजधिराज रनबहादुरका प्रताप भयाका……' लेखिएको छ। त्यसमा ई० १७८० को मिति लेखिएको छ ।[1] मुक्तिमाधव नामका एक जना दाता भक्तको विष्णुमतीवारी इन्द्रयणीथानको ई० १७८२ को अभिलेखमा पनिः—

> राजेन्द्रलक्ष्मीतनयः प्रतापी नृपेन्द्रचूडामणि शौर्य्यवीरः
> तदा नृपः श्रीरणशाहदूर ·· लेखिएको छ ।[2]

ई० १७७८ देखि ई० १७८५ सम्म महारानी राजेन्द्रलक्ष्मीको निर्देशनमा पश्चिमतर्फ केही क्षेत्रमा विस्तार गरिएको थियो तर विस्तारको कार्य उनको स्वर्गवासपछि निर्वासित महाराजकुमार बहादुर शाह फर्केर आई मुख्तियार भएपछि ई० १७८५ देखि ई० १७९४ सम्म लगातार बढाई गढवालसम्म पुऱ्याइएको थियो । साथै उक्त अवधिको बीचमा तिब्बततर्फ बढ्दा चीनसँग पनि लडी पछि सन्धि गर्नुपरेको थियो । अनि यिनै बहादुर शाहको मुख्तियारीमा पहिलोपल्ट ईष्टइन्डिया कम्पनीसँग सन्धि पनि गरिएको थियो ।

एक महिलाको रूपमा महारानी राजेन्द्रलक्ष्मीका सबै गुण र क्षमता नभएको हुनु स्वाभाविक हो तर त्यस्तो विकट परिस्थितिमा ठूलठूला वीर र बुद्धिमान् सगोत्री र भारदारहरूसँग नदबी उनले जसरी मुख्तियारी लिई छोडिन् त्यो उनको शक्ति र आत्मबलको प्रतीक हो । साथै उनले पश्चिममा केही क्षेत्र आफ्नो राज्यमा गाभ्ने सफल सैनिक अभियानको

---

[1] पुरातत्त्व पत्र संग्रह, भाग—३ पृ० ११.

[2] अप्रकाशित ।

सञ्चालन पनि गरी आफूलाई नेपाली इतिहासमा सम्मानजनक ठाउँ बनाएकी थिइन् । हाल इतिहासकारहरूले उनलाई प्रगतिशील विचारधाराको व्यक्तित्व भनेर औंल्याएका पनि छन् ।[1] ई० १७८४ तिर वाणीविलास पाँडेले लेखेको 'प्रशस्तिरत्नावलि' मा उनी महारानीको एक-श्लोकमा तारीफ पनि गरिएको छ, जो यद्यपि उनको पूर्ण व्यक्तित्वको परिचायक त छैन, जो तल सारिन्छः –

> श्रीमत्सिंहप्रतापक्षितिपतिरमणी कान्तिपुर्यां समासी—
> च्छ्रीमद्राजेन्द्रलक्ष्मीरिति भुवि विदिता कोटिनागादिदात्री ।।
> दानाम्भोऽम्भोधिभूतोद्गितरणशशभृद् घृष्णिभिर्द्योतितास्ता :
> सर्वा आशास्ततो ये धनरहितजनाः श्री कुवेरीकृतास्ते ।[2]

> "राजा प्रतापसिंहकी महारानी करोडौं हात्ती आदि दान दिने, नाउँ चलेकी श्रीराजेन्द्रलक्ष्मी कान्तिपुरमा हुनुहुन्छ । उहाँका दानरूपी पानीले बनेको समुद्रबाट उदाएका चन्द्रमाका किरणले सारा दिशाहरू झलमल्ल भए । जो गरीब थिए, ती कुवेर जस्तै धनी भए ।[3]

□

४. बहादुर शाह

एक योग्य मुख्तियारका रूपमा महाराजकुमार बहादुर शाहको व्यक्तित्व र देन संस्मरणीय छन् । उनको मुख्तियारी कालका केही अभिलेखहरूमा महाराजाधिराज रणबहादुरशाहसाथै उनको नाम पनि सम्मानित रूपले उल्लेख गरिएको पाइन्छ । सर्दार अमरसिंह थापाको गुह्येश्वरी सिद्धेश्वरको अभिलेखमा लेखिएको छः—

---

[1] बाबुराम आचार्य, नेपालको संक्षिप्त वृत्तान्त, खण्ड—१. काठमाण्डू २०२२ पृ० १५८.

[2] प्रशस्ति रत्नावलि, सम्पादक-नयनाथ पौडेल, श्री ५ को सरकार शि० मं० पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, काठमाण्डू २०२२ पृ० ६.

[3] ऐजन, पृ० ४०–४१.

विद्वद्वृन्दस्तुतश्रीलसितरणवहादूरसाहो नृपेन्द्रो
यत्रास्ते प्राप्तवांस्तत्प्रतिनिधिपदवीं श्रीवहादूरसाहः ।।[१]

ई० १७६२ मा चीनसँग भएको युद्धमा एक किसिमको जीत भएपछि बहादुर शाहले नुवाकोटको भैरवीको मन्दिरमा सुनौला छाना र ढोका चढाएका थिए र त्यसको संस्मरणमा लेखाई राखिएको त्यसै मन्दिरको सुवर्णपत्राभिलेखमा यस युगका केही उल्लेखनीय पक्षहरूको सुमधुर चर्चा यसरी गरिएको छः—

तस्य[२] प्रास्तां तनूजौ द्युतिजितमदनौ राजपुत्राग्रगण्यौ
ज्कायान्सिंहप्रतापस्तदनुजनिरयं श्रीवहादूरसाहः ।।
ज्यायः पुत्रः प्रतापी स्वजनिरणवहादूरराजाजिराजो
वाल्येनेकारिनारीकुचकलशयुगव्यर्थताकारि येन ।।
गङ्गासीमासमासींत्तदवसरसमायातचीनाधियोपि
नेपालध्वंसनोद्यन्मतिरतिबहलाग्ध्वंसितान्स्वान्विलोक्य ।।
अङ्के तं स्थापयित्वा शिशुमवनिपतिं श्रीवहादूर साहे
भैरव्युद्दामभावप्रकटितसुमता शासति प्रवृतोस्मिन् ।।
हेम्नैतद्घटितं छदी रणवहादूरेण भूमीभृता
भावाद्भैरवि भव्यभाविनिवहादूरेण पुण्यात्मना ।।

X X X

X X X X नृपतिरणवहादूरसाहेन भावात्
भैरव्यै देवदेव्यै पटलमभिनव श्रीवहादूरसाहे—
नायाते चीनचक्रेररमपि मनसोद्दिष्टमेतन्न्यवेदि ।।[३]

"तिनका कान्तिले कामदेवलाई जितेका राजपुत्रहरूमा अग्रगण्य दुइ छोरा भए । (तिनमध्ये) जेठा सिंहप्रताप[४] हुनुहुन्थ्यो । वाहाँका कान्छा भाई यही श्रीवहादुरसाह हुनुहुन्छ । जेठा सिंहप्रतापका सुपुत्र प्रतापी रणबहादुर साह हुनुहुन्छ जसले बाल्यावस्थैमा अनेक शत्रुहरूका नारीका

---

[१] संस्कृत सन्देश, १०-११-१२, पृ० ३४.
[२] यस अघिको श्लोकमा पृथ्वीनारायण शाहको बयान गरिएको छ ।
[३] इतिहास प्रकाश, १. पृ० ३६-३७
[४] यस अभिलेखमा प्रतापसिंहको नाउँ सिंहप्रतापको रूपमा लेखिएको छ ।

कुचकलशयुगललाई व्यर्थ पारिदिनु भयो (शत्रुहरूलाई मारेर विधवा गरिदिनु भयो) । भैरवीको उत्कट भावले प्रकट भएकी सुमति असल बुद्धि) भएका राजकुमार बहायुर शाहले ती वालक राजा रणबहादुर शाहलाई काखमा राखेर शासन गरिरहनुभएको वेलामा गङ्गाको साँध थियो । त्यसै अवसरमा नेपालको विध्वंस पार्ने विचार लिएर आएको चीनको बादशाह (बादशाहको प्रतिनिधि) ले आफ्नै ठूलो फौजको विध्वंस भएको देखेर कुलेलम ठोक्यो । भक्तिभावले पुण्यात्मा राजा रणबहादुर शाह र राजकुमार बहादुर शाहले यो सुनले बनाएको छानु र ढोका अरू सामग्रीसमेत अर्पण गरेका छौं । X X X राजा रणबहादुर शाह र राजकुमार बहादुर शाहले चीनचक्रले चढाई गरी आएको वेलामा संकल्प गरेको यो नयाँ सुनको छानु र ढोका देवदेवी श्रीभैरवीलाई भक्तिभावले अर्पण गर्‍यौं ।''[1]

ई० १७९२ तिर राजदर्बारका पण्डित शक्तिवल्लभ अर्ज्याल 'भट्टाचार्य' ले लेखेको संस्कृतको 'जयरत्नाकर नाटक' मा पनि महाराजकुमार बहादुरशाहको निकै रूपमा बयान गरिएको छ जुनमध्ये दुई अंशको अनुवाद यहाँ उद्धृत गरिन्छः—

> ''चन्द्रवंशमा यहाँ धन्य हुनुहुन्छ किनकि जसले आफ्ना बाबुवराज्यूले लाएको ऋणलाई आफ्ना बाहुबलले कमाएको धनले चाँडै चुकाउनुभयो । जसले अरू राजाहरूको राज्यलाई ल्हासा (भोट) का राजाको राज्यलाई पनि आफैंले तरवारको बलले हर्नुभयो यस्ता वीर श्रीमान् बहादुर शाह हुनुहुन्छ ।।''[2]
>
> ''बालक राजा रणबहादुरलाई काखमा राखेर उहाँ (प्रतापसिंह) का भाई बहादुर शाह साम-दाम-दण्ड-भेदद्वारा आफ्ना बन्धुवर्गको, किल्लाको, राष्ट्रको र राजसमूहको पनि बन्दोबस्त गर्दै हुनुहुन्छ । अरू पनि उहाँको कीर्ति सुन । सबै राजाहरूले मान गरिएका यहाँ बहादुर शाहदेवले आफ्ना स्वामीको राज्य चलाउँदा मुलुकमा परचक्रीको भय पनि छैन, कसैको छोरा-स्वास्नीसँग वियोग पनि हुँदैन, सारा मुलुकमा सधैं खुशियालीकै बढिबढाउ मात्र छ ।''[3]

---

१. इतिहास प्रकाश–१. पृ० ३७.

२. जयरत्नाकरनाटक, संपादक–धनवज्र बज्राचार्य, ज्ञानमणि नेपाल, पृ० १६९.

३. ऐजन, पृ० १७६.

वाणीविलास पाँडेले ई० १७८४ मा लेखिसिध्याएको 'प्रशस्तिरत्नावलि' नामको लघुग्रन्थमा शाहवंशका अनेक महत्त्वपूर्ण व्यक्तित्वको बयान गर्दा एक श्लोकमा बहादुरशाहको पनि तारीफ गरिएको छः—

श्रीमद्दोर्द्वन्द्वदण्डदृटदृढप्रवृतोद्दण्डकोदण्डचण्डो-
द्दण्डोत्काण्डज्वलाग्नावरिपुनिकरध्वान्तकीटाः पतन्तः ।।
यस्याशेषा म्रियन्ते रविरपि च बलप्रोद्धतैर्धूलिसंधै-
र्यात्रायां छाद्यतेसौ जयति भुवितले श्रीबहादुरसाहः ।।[1]

"जसका हातले फूर्तिसाथ रोजेर उठाएको ठूलो धनुबाट छुटेका कडा वाणहरूले ठूला-ठूला शत्रुहरू सखाप हुन्छन् । जसको विजय यात्रामा फौजले उडाएका धूलोको थुप्रोले सूर्य पनि ढाकिन्छन् । त्यस्ता उहाँ श्री बहादुरशाह पृथ्वीमा बिजयी भएर रहनु भएको छ ।।"[2]

दुर्गाका परम भक्तका रूपमा बहादुर शाहले हनुमानृढोकामा जुन मन्दिर बनाएका थिए त्यसको विशेष कलात्मक चर्चा माथि यथास्थान गरिसकिएकै छ । उनले विधिपूर्वक दुर्गाको पूजा गर्ने उद्देश्य लिई वाणीविलास पाँडेलाई 'दुर्गाकृत्यकौमुदी' नामको कर्मकाण्डको ग्रन्थ लेखाउन लगाएका थिए । ई० १६८६ मा लेखिसिध्याइएको उक्त ग्रन्थको १० उल्लासका पुछारमा यो ग्रन्थ बहादुरशाहले बनाउन लगाएको भनी यसरी लेखिएको छः—

"इति श्रीमन्नेपालमण्डलाधीश्वरपृथ्वीनारायणमहाराजकुमारश्रीमद्बहादुरसाहकारिते श्रीमद्रामहृदयपण्डितसूनुवाणीविलासविरचिते दुर्गाकृत्यकौमुद्याख्ये धर्मशास्त्रे··· ।"[3]

"नेपालमण्डलका महाराजाधिराज पृथ्वीनारायण शाहका महाराजकुमार बहादुरशाहले बनाउन लाउनुभएको, श्रीरामहृदय पण्डितका छोरा वाणीविलासले बनाएको दुर्गाकृत्यकौमुदि नाम गरेको धर्मशास्त्रमा···।"[4]

यसमा केही मधुर संस्कृत श्लोकमा बहादुरशाहको प्रभावशाली बयान गरिनु स्वाभाविक कुरा हो, जुनको नेपाली अनुवाद तल उद्धृत गरिन्छः—

---

[1] प्रशस्तिरत्नावलि, संपादक-नबनाथ पौडेल, पृ० ५.

[2] ऐजन, पृ० ४०.

[3] पूर्णिमा, ३. पृ० ५२.

[4] ऐजन.

''जुन नेपाल देशमा भक्तहरूलाई उद्धार गर्नाको निमित्त पशुपति र गुह्यकाली रहनुभएको छ, अमरावती जस्तो त्यो कान्तिपुरमा राजा रणबहादुर शाहले राज्य गरिरहनुभएको वेलामा महाराज पृथ्वीनारायण शाहका छोरा बहादुर शाह रहनुभएको छ।

उहाँ बहादुरशाह विद्वान्हरूका लेखा कल्पवृक्ष (धन दिने), शत्रु राजाहरूका लेखा प्रलयकालका अग्नि (नाश गर्ने), सभासद्हरूका लेखा शरत्ऋतुका चन्द्रमा (आनन्द दिने), सुन्दरीहरूका लेखा राम्रा हुनुभएका हुँदा कामदेव (मन हर्ने) हुनुहुन्छ। यसरी उहाँ बहादुरशाह एउटै भए पनि पृथ्वीमण्डलमा अनेकजैं भएर रहनुभएको छ।

विद्वान्हरूले मान गरिएको म वाणीविलास पण्डितलाई, दयालु राजकाजमा सिपालु उहाँ बहादुरशाहले 'दसै विषयको ग्रन्थ बनाउनू' भनी दयापूर्वका अन्हाउनुभयो। यसै कारण धेरै थरीका ग्रन्थहरू हेरेर मैले यो ग्रन्थ बनाएको हुँ।''[1]

ई० १७९२ मा चीनसँग सन्धि भएपछि चीनका सम्राट्ले महाराजाधिराज रणवहादुर शाहलाई 'वाङ' र वहादुर शाहलाई 'घुङ' को उपाधि दिएर मान गरेका थिए।[2]

'सुन्दरानन्द बाँडाले 'बहादुरशाहवर्णनम्' नामको योटा पद्यात्मक बिन्तीपत्रमा पनि १३ संस्कृत श्लोक, २ नेपाली श्लोक र २ हिन्दी जस्तो भाषा श्लोकमा बहादुर शाहको बयान गरिएको छ[3] जुनमध्ये दोस्रो चाहिं संस्कृत श्लोक निकै मधुर छः —

बहादूरसाहो विभाति प्रकाशं वरायां सुदेवैः सदा कांतिपूर्य्यां
प्रावालैर्मणोनां गणोर्द्दीप्तिमत्यां स्वपूर्यां यथा देवराजः प्रभाते ॥[4]

राजभक्त कपर्दार भोटु पाँडेले शाह राजखलकका महाराजाधिराज र महारानीहरूको सालिक पशुपतिमा थाप्दा सँगै 'श्री साहेब बहादुर साह

---

१. पूर्णिमा ३ पृ० ५०.

२. श्री ५ रणबहादुर शाह–चित्तरञ्जन नेपाली, पृ० १०.

३. पूर्णिमा, १४. पृ० २०४–२०८.

४. ऐजन, पृ० २०७. सुन्दरानन्दले त्रिरत्न-सौन्दर्य-गाथामा बहादुरशाहले अर्द्धनारीश्वर मन्दिर भनेर मात्र लेखेका छन्। (पृ० १४६) अरू विशेष केही लेखेका छैनन्।

श्रीमैंजा श्रीलक्ष्मीदेवी श्रीमैंजा माधवप्रिया' हरूको समेत सालिक ई० १८१६ मा थापी उनीप्रतिको भक्ति अर्पण गरेका छन् ।[1] ई० १७९४–९५ तिर २० वर्षको भएपछि रणबहादुर शाहले आफ्ना बालककालदेखिका संरक्षक काका बहादुरशाहलाई मान्न छोडे । ई० १७९६ तिर उनी कैद परे र ई० १७९७ मा झ्यालखानामै ४० वर्ष जतिको उमेरमा उनको सम्भवत: अकालमृत्यु भयो । धेरैपछि ई० १८४१ मा उनका छोरा शत्रुभञ्जन शाहले पचलीघाटमा शिवमन्दिर बनाएको सम्झनामा लेखाएको अभिलेखमा वीरको रूपमा आफ्ना बाबाको संक्षिप्त उल्लेख गरेका छन् ।[2]

माथिको विवरणमा परोक्ष रूपमा रणबहादुर शाहको जीवनीको २० सौंदेखि २४ सौं वर्षसम्मको स्थिति पनि थाहापाइन्छ । उनले आफूले होश सम्हालेदेखि आफूलाई टिष्टादेखि सतलजसम्म फैलिएको विशाल साम्राज्यका सम्राट्का रूपमा पाए र यसैले पनि उनलाई अतिमानवीय चरित्र र व्यक्तित्व दिएको हामीलाई लाग्दछ । आफू मुख्तियारको अधीनबाट फुत्केको पहिल्यै वर्ष ई० १७९५ मा उनले हनूमान्ढोकामा श्वेतभैरवको विशाल मूर्ति थापे अनि ई० १७९६ मा त्यतिवेलासम्म बनेका मन्दिरहरूभन्दा विशेष अग्लो जगन्नाथको मन्दिर बनाए र ई० १७९७ मा उस्तै विशाल घण्टा पनि बनाई थापेका थिए ।[3] त्यसै वेलातिर उनीले कान्तिमतीसँग प्रेम-विवाह गरे । कान्तिमतीसँग उनको यति अलौकिक प्रेम थियो कि उनको अनुरोधमा ई० १७९८ मा उनीपट्टिबाट जन्मेका डेढ वर्षका छोरा गीर्वाणयुद्धविक्रम शाहलाई राज्याभिषेक गरी आफू वानप्रस्थी भए । यस वेला उनी २३ वर्षका थिए । यसपछिका उनको जीवनका बाँकी ८ वर्ष विचित्रसँग वित्यो । ई० १८०० देखि ई० १८०३ सम्म उनी काशीमा रहे । त्यसपछि नेपाल आई आफ्ना छोराका मुख्तियार भई रहे र ई० १८०६ मा साधारण कुरामै परिस्थिति बिग्री उनको आफ्नै सौतिने भाई शेरबहादुरद्वारा हत्या भयो । यस वेला उनी ३१ वर्षका थिए ।

□

---

[1] संस्कृत संदेश, ४ पृ० १७.

[2] अभिलेख संग्रह, भाग—१२ पृ० १९.

[3] यी तीनै वस्तुहरूको बयान माथि यथास्थानमा गरिसकिएको छ ।

५. श्री ५ महाराजाधिराज रणबहादुर शाहदेव

रणबहादुर शाहको ३१ वर्षको छोटकरी जीवन अवधि पनि उनको व्यक्तित्वका विशिष्टता र विचित्रताले भरिएको छ । उनले गरेका धार्मिक कार्यहरूको उल्लेख माथिका पानाहरूमा यथास्थान गरिएको छ जसबाट उनको परमधार्मिकताको ज्ञान हुन्छ ।[1] उनका महारानीहरूमध्ये सुवर्णप्रभा र ललितत्रिपुरसुन्दरीले बनाएका नन्दिकेश्वर र त्रिपुरेश्वर मन्दिरको कलात्मक महत्त्व छ भन्ने कुराको चर्चा माथि गरिसकिएकै छ, खास गरी त्रिपुरेश्वरको। उनैकी अर्की रानी लक्ष्मीदेवीले पचलीमा थापेको लक्ष्मीश्वर मन्दिरको महत्त्वबारे पनि माथि विचार गरिसकिएकै छ। बयानिएका महारानीहरू सुवर्णप्रभा र ललितत्रिपुरसुन्दरी तथा जेठी महारानी राजराजेश्वरी राजनीतिक क्षेत्रमा पनि कति व्यस्त भए भन्ने कुरा तत्कालीन घटनाहरूले स्पष्ट बताएका छन् । खास गरी महारानी ललितत्रिपुरसुन्दरीले त ई० १८०६ देखि ई० १८३१ सम्म गीर्वाणयुद्धविक्रम शाह र राजेन्द्रवीरविक्रम शाहदेवसम्मको संरक्षिकाको रूपमा राजकाज चलाएकी थिइन् । भीमसेन थापाजस्ता राष्ट्रिय चरित्रलाई राजनीतिमा प्रवेश गराउने काममा पनि रणबहादुर शाहको ठूलो हात छ यद्यपि उनैले बहादुर शाहजस्ता योग्य व्यक्तिलाई वास्ता नगरी उनलाई अलपत्र पारेका हुन् ।

रणबहादुर यद्यपि विचित्र पारिवारिक तथा राजनीतिक स्थितिमा हुर्केका थिए तर उनको राजनीतिक विचारधारा निकै सुल्झिएको बुझिन्छ। उनको पालाका बेगन्ती राजकीय र अरू किसिमका प्रशासकीय अभिलेखहरूबाट तत्कालीन परिस्थितिमा उनको नीति र प्रभावको विवेचना गर्न

---

[1] उनको संग्रहमा २३५ थान तान्त्रिक र धार्मिक विषयका ग्रन्थ र स्तोत्र आदि रहेको थाहापाइएको छ (श्री ५ रणबहादुर शाह, चित्तरञ्जन नेपाली परिशिष्ट पृ० १४६-१५०.

सकिन्छ । तर उनको व्यक्तित्वलाई स्पष्ट पार्ने यौटा महत्त्वपूर्ण सन्दर्भको उल्लेख यहाँ गरिन्छ । यो सन्दर्भ हो त्यही कालरात्रिको जब रणबहादुरको आफ्ना सौतेला भाई शेरबहादुरसँग वादविवाद परिरहेको थियो जसमा रणबहादुरले भनेका थिए—"मेरा जीयको भन्या माफ भयो ढुंगाका[1] सम्बंधिका कुरामा ता मुषियाबाट[2] माफ भया पो हुन्छ र मैले माफ दियेर काहां हुन्छ ····· ।"[3] यस भनाइबाट राज्यनीति सम्बन्धी उनको सुल्झिएको विचार स्पष्ट हुन्छ । यस्तै व्यक्तित्वले गर्दा पछि राजभक्त कपर्दार भोटुपाँडेले पशुपतिमा उनको सालिक थापेका थिए । निकै पछि पनि माथबरसिंह थापाले उनैका नाउँमा रणमुक्तेश्वरको मन्दिर पनि थापेका थिए । उनको व्यक्तित्वको आर्को पक्ष अलि अस्थिरचित्त हुनु र सोखी हुनु पनि हो तर यी दुवै कुरा उनको जस्तो वातावरणमा अस्वाभाविक कुरो देखिदैन ।

□

६. श्री ५ महाराजाधिराज गीर्वाणयुद्धवीरविक्रमशाहदेव

डेढ वर्षको उमेरमा (ई० १७९८) सिंहासनमा बसेका महाराजाधिराज गीर्वाणयुद्धले २० वर्षको मात्र आयु पाएका थिए (ई० १७९७–१८१६) । आफ्नो जीवन अवधिभरि बाबा रणबहादुर, आमा सुर्वर्णप्रभा, राजराजेश्वरी र ललितत्रिपुरसुन्दरी र भीमसेन थापाहरूको क्रमिक प्रभावमा रहनु पर्दा उनको स्वतन्त्र व्यक्तित्वको केही पत्तै पाउन सकिदैन । तर एक अत्यन्त धार्मिक महाराजाधिराजको रूपमा संस्मरणीय छन् र उनका यस्ता कामको चर्चा माथि धेरैपल्ट गरिसकिएको छ । उनी विद्याप्रेमी पनि थिए भन्ने कुराको प्रमाण चाहिं उनको नामसँग सम्बद्ध भएको कर्मकाण्डको विशाल ग्रन्थ 'सत्कर्मरत्नावलि' हो ।[4] उनको अकालमा स्वर्गवास हुनाले पनि उनीपछि राजनीतिक अन्योल चल्न सकेको हो । (उनको चित्र हेर्नू चित्र संख्या–८५ ।)

---

[1] ढुंगा = राज्य ।

[2] मुषिया = महाराजाधिराज गीर्वाण ।

[3] बालनरसिंह कुंवरले रणबहादुर शाहको हत्याको दिनको विवरण प्रस्तुत गरेको कागत, श्री ५ रणबहादुर शाह, परिशिष्ट, पृ० १४३.

[4] सत्कर्मरत्नावलि, सम्पादक–रामनाथ आचार्य, दामोदर कोइराला, पूर्वार्ध, काठमाण्डू २०२६, उत्तरार्ध, काठमाण्डू, २०२९.

७. श्री ५ महाराजाधिराज राजेन्द्रवीरविक्रमशाहदेव

आफ्ना बाबा गीर्वाणयुद्धको अकालमै स्वर्गवास भएपछि ३ वर्षको उमेरमा राजेन्द्र सिंहासनमा आसीन भए ।[1] ई० १८३१ सम्म त वज्यै ललितत्रिपुरसुन्दरीको मुख्तियारीमा उनको वाल्यकाल बित्यो त्यसपछि ई० १८३७ सम्म भीमसेन थापाकै छायाँमा उनको जीवनकाल बित्यो । ई० १८३७ देखि उनले आफ्नै हातमा राज्यसूत्र राखे पनि आफ्ना महारानीहरूको प्रत्यक्ष हस्तक्षेप चल्न थाल्यो जसको परिणामस्वरूप भीमसेन थापाको अवसान हुन गयो र अस्थिर राजनीतिको सूत्रपात हुन गयो र जङ्गबहादुरको पक्षमा परिस्थिति पुग्न गयो । ई० १८४७ मा उनको पदच्युति भयो र उनका युवराजाधिराज सुरेन्द्रवीरविक्रम शाहदेव सिंहासनासीन गरिए ।[2] यसपछिको बाँकी जीवनमा पनि उनले ई० १८७८ मा नाति युवराजाधिराज त्रैलोक्यवीरविक्रमशाहको स्वर्गवास र ई० १८८१ मा आफ्ना छोरा महाराजाधिराज सुरेन्द्रवीरविक्रमशाहदेवको स्वर्गवास देख्नुपर्‍यो । त्यसै वर्ष ६७ वर्षको उमेरमा उनको पनि स्वर्गवास भयो ।

उपर्युक्त विवरणबाट महाराजाधिराज राजेन्द्रको जीवनीका विचित्रताहरू स्पष्ट हुन्छन् जुनका जिम्मेदारी स्वयं उनमा ज्यादै कम रहेको देखिन्छ किनभने अघिका उदाहरणले नै स्वतः प्रभाव पारेको कुरा स्पष्ट छ ।

सांस्कृतिक गतिविधिका कुरामा महाराजाधिराज राजेन्द्रको प्रत्यक्ष शासनकाल पनि कम महत्त्वपूर्ण देखिँदैन । राज्यशक्तिका मुख्य स्रोतको रूपमा उनले कतिलाई कति सांस्कृतिक उद्देश्यले जग्गा दान गरे त्यसको लेखाजोखा गर्नै छ । ई० १८३४ मा सुब्बा कुलानन्दझाले पशुपतिमा प्रतिदिन ५०

---

[1] उनको चित्र चित्र संख्या—८६ मा प्रस्तुत छ ।

[2] उनको चित्र संख्या—८७ मा प्रस्तुत छ ।

जनालाई सीधा बाँड्ने कामको गुठी राखेकामा राजेन्द्रबाट जग्गाको प्रबन्ध गरिएको कुरा त्यसैको प्रमाणमा स्पष्ट लेखिएको छ । यस्ता उदाहरणहरू बेगन्ती पाइन्छन् जुनबाट सिंहासनासीन महाराजाधिराजबाट सांस्कृतिक गतिविधिका निम्ति गरिने पुनीत कर्त्तव्यताको स्पष्ट बोध हुन्छ ।

राजकीय रूपमा देवालय थाप्ने चलन, हामीले संग्रह गर्न सकेका प्रमाणका आधारमा, ई० १८७८ मा टुंगिएको देखिन्छ । अर्थात् महाराजाधिराज राजेन्द्रको सेखपछि मन्दिर थाप्ने चलन राजपरिवारमा रहेको देखिँदैन । ई० १८४४ मा स्वय राजेन्द्रले काशीमा साम्राज्येश्वर मन्दिर थापेका थिए । त्यसपछि ई० १८७१ मा राजेन्द्र, सुरेन्द्र र त्रैलोक्यका तीन पुस्ता र सुरराज्यलक्ष्मी र देवराज्यलक्ष्मीले पशुपतिमा पञ्चदेवलको विशाल मन्दिर बनाए, अनि ई० १८७८ मा युवराजाधिराज त्रैलोक्यवीरविक्रम शाहदेवको सम्झनामा महारानी त्रैलोक्यमोहन राज्यलक्ष्मीले गुह्येश्वरीमा ३ शिव मन्दिर थापेकी थिइन् ।

प्रजाका दृष्टिमा महाराजाधिराजको व्यक्तित्वको प्रभाव र आपसी सद्भावना र प्रेम त नेपालको इतिहासको अविरल धाराको रूपमा प्रवाहित भैरहेको कुरा त स्पष्टै भएको हो । महाराजाधिराज शक्तिशाली भएका समयमा पनि जनताले आफूले व्यक्तिगत क्षमताले भ्याएका सांस्कृतिक गतिविधिका कार्यक्रममा महाराजाधिराजको प्रभावको अनुभव गरी भक्ति गरी आएका हुन् जुन कुराका प्रमाण तत्तत्कालीन शिलालेख-अभिलेखहरू हुन् । यहाँसम्म कि धार्मिक उपलब्धिको लागि रचिएको नाटक समेत आफैंले बनाई त्यसको रचनाकारको रूपमा महाराजाधिराजलाई देखाएको योटा उदाहरण पाइएको छ । ई० १८३१ मा चाबहिलका बासिन्दा शाक्यभिक्षु रत्नमुनिले (?) आफूले बौद्ध कथानकको नाटक 'महासत्वोपाख्यान' नाटक (वा नृत्यनाटिका ?) का रचनाकारको रूपमा महाराजाधिराज राजेन्द्रलाई प्रस्तुत गरेका छन् ।[1] यो नाटक नेवारी भाषामा लेखिएको छ ।

---

[1] इति श्रीनेपालेश्वर महाराजाधिराज श्री ३ राजेन्द्रविक्रमसाहदेवविरचिते नमोवुद्धभगवानया (प्रा) दुर्भाव महासत्वोपाख्याननाटकं तृतीयोङ्कं समाप्तं । सम्वत् ९५१ ····चावहिदेश ····शाक्यभिक्षुक रत्नमुनि ····· नेपालभाषा साहित्यमा जातः, चित्तधर 'हृदय', काठमाण्डू, ई० १९७१ पृ० १६५.

ई० १८४६ पछि जंगबहादुर राणाको हुकम महाराजाधिराजले समेत खप्नु परेको वेलामा पनि जनताले भाव-भक्तिमा कम गरेको देखिंदैन। यसैले ई० १८५२ मा सारिएको एक बौद्ध ग्रन्थको पुष्पिकामा लेखिएको छ—स्वस्ति श्री गिरिराजचक्रचूणामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत महीमण्डलनेपालेश्वरनरपतिसहस्रसंसेव्यमानचरणकमलविविध्यन्दनीरमणीहेमपद्मरागवज्रवैडूर्यमुक्तारत्नसमूहसभोकृतयक्षाधिपविभवविद्याधरसहस्रोद्भिद्यमानकीर्त्ति (:) सर्वाङ्गसुन्दरश्रीमहाराजाधिराज श्री ३ सुरेन्द्रविक्रमसाहसमरजङ मासमरविजयीविजयराज्ये।[1] ई० १८४६ पछि ई० १९५० सम्मका सामाजिक शिलालेखहरूमा श्री ५ महाराजाधिराजको नाम मात्र सम्मानसाथ लेखिएको पाइन्छ, श्री ३ हरूको पाइँदै पाइँदैन, पाइए पनि अपवादका रूपमा १–२ सामान्य उल्लेख मात्र।

८. सर्दार अमरसिंह थापा

महाराजाधिराज पृथ्वीनारायण शाहको विजय अभियानमा भाग लिने भारदार-वर्गमा थापा खलकको पनि ठाउँ रहेको देखिन्छ। त्यसै थापा कुलको एक खलकको प्रतिनिधित्व इतिहासको पानामा सर्दार अमरसिंह थापाले गरेका छन्। ई० १७५१ मा जन्मेका यिनी पृथ्वीनारायण शाहले काठमाण्डू उपत्यका जित्ने ताक जवान भैसकेका हुँदा केही सैनिक कार्य गरेको हुनुपर्दछ।[2] अलि पछिदेखि त यिनले सैनिक अभियानमा ठूलै ओहदा सम्हाली नेपालको क्षेत्रफल विस्तार गर्ने काम सफलतापूर्वक चलाउन थालेका थिए। महाकालीवारका अनेक युद्धमा र महाकालीपारका युद्धहरूमा र खास गरी

---

१. दशभूमीश्वरमहायानसूत्रम् र लङ्कावतार, नेपालराष्ट्रियपुस्तकालयस्थहस्तलिखितपुस्तकानां सूचीपत्रम्, प्रथमो भाग, काठमाण्डू, २०२१ पृ० ४७–७३.

२. पन्ध्र वर्ष नाघेपछि फौजमा काम गर्न लायक मानिने गरिन्थ्यो भन्ने अन्दाजी गरिएको।

कांगडाको युद्धमा यिनले नेपाली फौजको नेतृत्व गरेका थिए। अत्यन्त शूरा, राष्ट्राभिमानी र देशभक्तको रूपमा यिनको व्यक्तित्व ज्यादै प्रभावशाली रहेको देखिन्छ (चित्र संख्या-८८)।

सांस्कृतिक कार्य गरी सर्दार अमरसिंह थापाले राखेका ३ अभिलेखहरूबाट उनको परिचय पाइन्छ। जनकपुर राममन्दिरमा रहेको शिलालेखबाट उनले ई० १७८२ मा यो मन्दिर उनैले बनाएको कुरा थाहा-पाइन्छ।[1] गुह्येश्वरीमा सिद्धेश्वरको सानो देवतालाई धातुको पाताले मोर्ने काम पनि उनले गरेका थिए।[2] ई० १८१४ मा उनले पशुपतिको भित्री उत्तर ढोकाको धातुको तोरण चढाएका थिए। त्यसमा लेखिएको लेखमा उनका ४ पत्नी, १० छोरा र १० नातिहरूको नाम लेखिएको छ।[3] आफू त आफू भैहाले उनका छोरा नाति गरी बीसै जनाले विभिन्न क्षेत्रमा पुरुषार्थ देखाएको कुरा तत्कालीन अरू सामग्रीहरूबाट थाहापाइन्छ। प्रशासनमा चाहिं जेठा रणध्वज थापाले आफ्ना सगोत्र पर्ने प्रधानमन्त्री भीमसेन थापाको दाहिने हातजस्तै भई केही काल प्रभाव जमाएको देखिन्छ।[4] यिनले ई० १८२० तिर शंखमूलमा जयेश्वर आदि ५ मन्दिर थापेको कुराको बयान माथि यथास्थान गरिसकिएको छ। ई० १८१६ को अंग्रेजसँगको युद्धमा आफ्नो हौसला छँदाछँदै, अनेक मुहुडामा जीत हुँदा हुँदै पनि अपमानजनक सन्धि गरी कैयन् वर्ष लगाई जितेका इलाका छोड्नुपरेको पीर र केन्द्रीय शासनतर्फबाट त्यसमाथि थप अपमानको आशंका समेत भएकोले ६५ वर्षका वृद्ध अमरसिंह थापाले गोसाईंकुण्डतिर एक्लै गई एकलासमा कठ्याङ्ग्रिएर इहलीला समाप्त गर्नु नै उचित ठाने। जुन वीरको नाम सुन्दा सतलज भेकका दर्जनौं राजा-रजौटा त्राहि त्राहि भएर हात जोड्न आउँथे, जुन राष्ट्राभिमानी वीर सेनापतिले कुमाउँ गढवाल भेकका स्वतन्त्र राजा हुन अंग्रेजहरूले गरेको प्रस्तावलाई तृण बराबर तुच्छ माने तिनले एकलासमा गएर इहलीला छोडेर पनि इतिहासको पानामा आफूलाई अजर-अमर पारेर छोडे। यस्तै अमर-चरित्रहरूको सुवर्ण-लेख भएर नेपाली इतिहास संसारका अरू देशका तुलनामा विशिष्ट हुन पुगेको पनि हो।

---

१. पुरातत्त्वपत्र-संग्रह, भाग-३. पृ० १२

२. संस्कृत सन्देश, १०-११-१२. पृ० ३४-३५

३. इतिहास प्रकाश, २-३. पृ० ३१४-१५

४. पूर्णिमा, २. पृ० ७०

उनै सर्दार अमरसिंह थापाका दसाह्रा भैयादमा पर्ने अमरसिंह थापा थिए। पछिल्ला अघिल्लाभन्दा ८ वर्ष कान्छा हुँदा अघिल्लालाई बूढा अमरसिंह थापा र पछिल्लालाई साना अमरसिंह थापा भनी छुट्टयाइने गरिएको थियो। बूढा अमरसिंहले सेनापतिको रूपमा नाम कमाए भने साना चाहिँले आफैले पनि प्रशासकका रूपमा केही नाम पनि कमाए र भीमसेन थापा, नयनसिंह थापा, बखतवारसिंह थापा, अमृतसिंह थापा र रणवीरसिंह थापा जस्ता यशस्वी ५ छोरा पनि जन्माएका थिए। भीमसेनबाहेक अरू ४ भाइले युद्ध र प्रशासनमा राम्रा काम गरेका थिए, खास गरी नयनसिंह थापाले, जसले काँगडाको युद्धमा वीरगति प्राप्त गरेका थिए। रणवीरसिंहले अन्तिम अवस्थातिर 'अभयानन्द स्वामी' को रूपमा पनि नाम कमाए।[2]

□

९. भीमसेन थापा

ई० १७७५ मा भीमसेन थापा जन्मेका थिए, जुन वर्ष रणवहादुर शाह पनि जन्मेका हुन्।[3] संजोगले रणवहादुरले काशीवास गर्न जाँदा भीमसेन पनि साथै गए। भीमसेन थापाले नै भरोसा दिई रणवहादुर शाहलाई नेपाल फर्काई मुख्तियार हुन पनि मदत गरेका थिए। इत्यादि कारणले गर्दा भीमसेन थापाले आफ्नो दबदबा बढाउन थाले र ई० १८०६ मा रणवहादुर शाहको कारुणिक हत्या भएपछि उनी प्रधानमन्त्री बने। ई० १८११ मा उनले 'जर्नेल' पदवी पनि पाए। ई० १८३१ मा उनको पक्ष लिने महारानी ललितत्रिपुरसुन्दरीको स्वर्गवास भएपछि आफ्नो जत्तिसुकै प्रभाव भए पनि राजदर्बारमा आफ्नो पक्षबारे विचार गरिदिने स्थिति नहुँदा उनको स्थिति

---

१. यिनी ई० १७५१ मा जन्मेका हुन्।

२. यिनको जीवनी पनि प्रकाशित भैसकेको छ—रणवीरसिंह थापा—शमशेरवहादुर थापा, जगदम्बा प्रकाशन, २०२३.

३. यिनको जीवनी पनि प्रकाशित भैसकेको छ—जनरल भीमसेन थापा र तत्कालीन नेपाल—चित्तरञ्जन नेपाली; नेपाल सांस्कृतिक परिषद्; २०१३. उनको चित्र चित्रसंख्या—८६ मा प्रस्तुत गरिएको छ।

केही कमजोर हुन गयो जसको परिणाम अचानक ई० १८३७ मा आइपुग्यो जब उनी खोसिए र त्यसमाथि नराम्रो मुद्दा पनि आइलाग्यो । उनी ढाके भएर पनि जीवित त रहन सक्दथे तर त्यही मुद्दा फेरि ई० १८३९ मा पल्टिन गयो र उनी झ्यालखानमा परे । त्यहीं उनले अपहत्ते गरी मरे ।

३१ वर्षको लामो अवधिसम्म बालक अवस्थाका २ महाराजाधिराज र तिनकी संरक्षिका महारानी ललितत्रिपुरसुन्दरी रहेको स्थितिमा भीमसेन थापाजस्ता चलाख व्यक्तिले ढपक्क छोपी राज्यको प्रत्येक गतिविधिलाई आफ्नो र आफ्नो खलकको प्रभावमा राख्नु स्वाभाविक थियो । खास गरी राष्ट्रिय स्वातंत्र्यको भावनाले प्रेरित भएर उनले आफ्नो प्रशासन तन्त्रलाई चलाएका भीमसेन थापाले नेपाललाई अनेक कुरामा महत्त्वपूर्ण पनि पारेका हुन् । खास गरी उनको प्रशासनकालमा सांस्कृतिक क्षेत्रमा नेपालले अनेकन् उपलब्धि पनि गरेको थियो, जसका स्पष्ट उदाहरणको चर्चा माथिका पानाहरूमा धेरै ठाउँमा भैसकेको छ जुनको पुनर्विचार यहाँ गरिरहनु आवश्यक देखिँदैन ।

शक्तिशाली प्रशासकका रूपमा उनको तारीफ उनैको जीवितावस्थामा अन्ताराष्ट्रिय क्षेत्रमा पनि गरिन्थ्यो, आफ्नो देशमा त्यसो हुनु त झन् स्वाभाविकै थियो । यसैले तत्कालीन अनेक किसिमका लिखित साहित्यमा उनको व्यक्तित्व निकै प्रभावशाली रूपमा बयानिएको पाइन्छ । त्यस्तो यौटा उदाहरण वाग्मतीको अभिलेख हो जसबाट ई० १८११ मा भीमसेन थापाको प्रभाव व्यक्त हुन्छ । त्यस अभिलेखको सम्बन्धित अंशहरूको नेपाली अनुवाद तल उद्धृत गरिन्छ:—

> "जुन महाराजका[1] मुख्यमन्त्री श्रीभीमसेन थापा छन् । दैववशले कुनै ठूलो विघ्न आइपर्दा जुन मन्त्रीले धैय र गंभीर बुद्धिले राजाको रक्षा गरे,[2] आफ्नो बुद्धिले उपद्रवलाई शान्त पारे । जसले राजाको आयु बढोस् कीर्ति फैलियोस् भनी किसिम किसिमका यश फैलिने कामहरू गरे ॥

---

[1] श्री ५ गीर्वाणयुद्धवीरविक्रमशाहदेवका ।

[2] श्री ५ रणबहादुर शाहदेवको हत्यासम्बन्धी घटनाको संकेत यहाँ गरिएको हो ।

जुन मन्त्री भीमसेन थापाले बिग्रिराखेको भंडारखाललाई नयाँ र राम्रो बनाए, बाटोघाटो बनाए, शहरका ढोका र ढोकानिर वर्षा घामले पिरिएका दुनियालाई वस्नाका लागि पाटी-पौवाहरू बनाए, बारूदखाना मजागदेवल बनाए तथा गोर्खामा राजदर्बार बनाए। यो कुरा सबैलाई थाहँ छ ।।

जसले आफ्ना राजालाई बालककालदेखि तारो हान्न सिपालु तुल्याए, रसिला हरिका कथा सुन्नामा मन लाउने बनाए, रिङ्ने अरलो घोडालाई काबूमा ल्याउन सक्ने पारे, राम्ररी पौडी खेल्न सिकाए, इत्यादि अनेक असल गुणले युक्त तुल्याए। त्यस्ता मुख्यमन्त्री भीमसेन थापालाई राजाले ठूलो भाग्यले पाउनुभएको छ ।।

जो रिसाएको सुन्दाखेरि शत्रुका आइमाईहरूका आँखाबाट बगेका आँसुका धारालाई देखेर वर्षा भएको हो कि भन्ने ठानी झटपट मुजुरहरू नाच्न थाल्दछन् । जो आफ्ना मालिकमा आमा जस्तै, बाबु जस्तै, दाजु-भाई जस्तै पतिव्रता स्वास्नी जस्तै र नोकर जस्तै छन् । त्यस्ता मन्त्री भीमसेन थापामा राज्यभार सुम्पी राजा निस्फिक्रीसँग रहनुहुन्छ ।।

जसको सल्लाहाले चीनका बादशाहसँगको सन्धि दिनदिनै बलियो हुँदै गएको छ । बढ्दै आइरहेको शत्रु अंग्रेज पनि जसका बाबु, अमरसिंह थापा सीमानामा रहेका हुनाले डराईकन आक्रमण गर्न मनले पनि आँट्न सक्दैन । त्यस्ता हित गर्ने मुख्यमन्त्री उहाँ राजाका छन् ।।

हामीले जिउनु मालिककै लागि हो, हे भाई तिमी लडाईंमा जाऊ भनी आऱ्हाइएका जसका भाई नयनसिंह थापाले जान गाऱ्हो किल्ला कांगडामा शत्रुहरूलाई बलले जान मिच्तै पस्ताखेरि त्यहीं लडाईंमा प्राण दिए। त्यस्ता मन्त्री यहाँ राजाका छन् ।।

यो नेपाल भनेको अनेक उपद्रवहरूको घर हो, राजा भने बालक हुनुहुन्छ, मैले (आफ्नो) घरको सुख छोडीकन पनि राजाको रक्षा गर्नुपर्दछ भनी राजदर्बारमै बसी भित्र बाहिर सबै ठाउँमा दृष्टि पुऱ्याई बुद्धिमान् जुन मन्त्री हरबखत जागा रहन्छन् । यस्ता भक्त मन्त्री भीमसेन थापा उहाँ राजाका छन् ।

जसले राम्ररी खटाइएका भाई बखतवारसिंह होशियार भईकन हरबखत आफ्ना राजाको रक्षा गरिरहन्छन् । भाई अमृतसिंह र रणवीरसिंह

भक्तिपूर्वक जसको साथमा रहिरहन्छन् । त्यस्ता भीमसेन थापा उही राजाका छन् ।।

हे लोक हो ! बुद्धि तथा चतुऱ्याईं भएका भीमसेन थापाभन्दा अर्को आफ्नो राजाको हित गर्ने मन्त्री पहिले भएका पनि थिएनन्, अहिले पनि छैनन्, पछि पनि हुने छैनन् भन्ने कुरा सबैले बुझ्नुपर्दछ । त्यस कारण यी मन्त्रीले सेवा गरिएका राजा (गीर्वाणयुद्ध विक्रम) रामजीका अवतार हुनुभएको भए मन्त्री (भीमसेन थापा) हनुमानका अवतार हुन् । राजा (गीर्वाणयुद्ध विक्रम) कृष्णजीका अवतार हुनुभएको भए मन्त्री (भीमसेन थापा) गरुडका अवतार हुन् भनी वाणीविलास भन्दछन् ।।

जुन मन्त्रीको अद्‌भुत कार्य सुनेर ज्यादा आश्चर्य मानेका शेषनाग आफ्ना फण फिजाएर तथा हल्लाएर ठूलठूला काम गर्ने निहुँले काय व्यूह (अर्को अर्को रूप लिनु) गरीकन पातालबाट यहाँ हेर्न आएर रहेका हुन् कि भनी ठान्दछ । होइन भने भुइँचालो किन हुन्थ्यो ? पृथ्वी किन फाट्थ्यो ? यी मन्त्रीका काम पनि त असलै छन् ।।

जुन मन्त्री भीमसेन थापासँग सल्लाहा गरीकन सुकीर्ति फैलियोस् भनी श्रीललितत्रिपुरसुन्दरी देवीले वाग्वतीको किनारमा पुल बनाउन लाउनुभयो ।।

X X X

महाराजाधिराज गीर्वाणयुद्ध विक्रम शाहको हुकुमबाट भएको, महारानी ललितत्रिपुरसुन्दरी देवीबाट परमेश्वरलाई प्रसन्न पार्न गरिएको, मन्त्री भीमसेन थापाको बल्दो प्रतापले युक्त भएको, वाणीविलासले स्तुति गरिएको यो ठूलो कीर्ति (वागमतीको पुल र त्यसको खम्बाको प्रशस्ति कल्पान्तसम्म रहिरहोस् ।।"[१]

सुन्दरानन्द बाँडाले ई० १८३१ तिर लेखिसिध्याएको 'त्रिरत्न-सौन्दर्य गाथा' मा भीमसेन थापा सम्बन्धी धेरै घटना र उनको स्तुति पनि निकै गरिएको छ । त्यस्ता केही सन्दर्भको उद्धरण तल प्रस्तुत गरिएका छन्:—

---

१. त्रिरत्न-सौन्दर्य-गाथा, परिशिष्ट पृ० ३००-३०२.

"...'अखण्ड राज्यभरमा जांचदा सकल राजकाजमा धुरन्धर कुशल ठहरियाका श्री ५ महाराजाका हित गर्न्या एस्ता हे भीमसेन थापा आजदेषिन् सत्पद भयाका मंत्रिवर्गमा शिरोमणि भयाका एस्ता मूल कजाई मानकन कैल्हे नषोसिन्या तलाई बक्स्यौं भनि श्रीयोगेश्वर स्वामिज्यूबाट[1] हुकुं गर्दा भया ।।"[2]

" हर्षपूर्वक तत्कालैमा अक्षोहिणी सेनाका उपमा भयाका अघिनै नाना कवाइत व्यूह रचना गैन्ह गुणले युक्त भयाका कंपूनामा सेनाको अधिपति सोही भीमसेन थापालाई बक्सदा भया ।।"[3]

"श्री ५ मन्महाराजाको अर्द्ध देहको तेज पायाका श्रीजनरल काजी भीमसेन थापाका जयजयकार रहोस्, कस्ता छन् भन्या श्रीपदले युक्त भयाका आत्रेय गोत्रका थापाकुलमा जन्म लि कुलरत्न भयाका वैरिस्त्रीसमुदायको विधवा गर्नरूप दीक्षाकर्ममा आचार्य्य भयाका... ।"[4]

"क्षत्रीधर्म्मविषे प्रतापि जनरल् काजी विराजमान् भया
जन्ले यो जिमि वैरिनिर्जितगरि श्रीस्वामिजीका बडा ।
राज्यैश्वर्य थमीदिया चहुदिगैं मुलुक् खुसी भै दिया
कोटी लक्ष बिती गया नृपहरू क्या कीर्ति उन्का थिया ।।"[5]
"चित्रै चित्र बडा महल् बनिगयो श्री विश्वकर्मा पनि
चित्रैदेषि त चित्तविभ्रम भयो धन्यैं छ जन्रल् भन्यो ।
दिक्पाल्हेरु दशै पनी षुसि भया दीया भया जश अधिक्
श्री जन्रैल खसम् प्रभू विजयते नेपालभूमण्डले ।।"[6]

यसै बेलातिर यदुनाथ पोखऱ्यालले पनि भीमसेन थापाको स्तुतिपद्य लेखेका थिए । एकथरीमा राष्ट्रिय भावनासाथ उनको स्तुति गरिएको छ । त्यसमा अंग्रेजहरूलाई हराउने भीमसेन थापाको भावनालाई पद्यमय रूप दिइएको छ र उनको व्यक्तिगत बयानमाः–

---

[1] श्री ५ रणबहादुर शाह ।

[2] त्रिरत्न-सौन्दर्य-गाथा, पृ० १८८.

[3] ऐजन, पृ० १८८.

[4] ऐजन, पृ० २५३.

[5] ऐजन, पृ० २५५.

[6] ऐजन, पृ० २५६.

अघी पन्थ पाँडे थिया ढेर मन्त्री
भएनन् त यस्ता अकिल्‌का तन्त्री ।।
अमरसिंह थापा बडा बीर्‌कि घर्‌मा
भयो भीम औतार् सुघर् बान्ह थर्मा ।।

लेखिएको छ ।[1] आर्को थरीमा चाहिँ भीमसेन थापाले आफ्नो 'बागदर्बार' मा जमाएको बगैंचाको पद्यमय शब्दचित्र प्रस्तुत गरिएको छ ।[2]

ई० १८१६ को अंग्रेजसँगको युद्ध एक त टार्नै सकिने र उति नभए पनि नेपालकै जीत हुन सक्नेमा भीमसेन थापाको पुराना भार्दारहरूप्रति राम्रो नीति नरहेकाले यो हार भई त्यत्रो भूभाग चित्तै कुंडिने गरी अंग्रेजलाई खुरुक्क सुम्पनु पर्‍यो भनेर भीमसेन थापाका आलोचकहरू भन्ने गर्दछन् । आंशिक रूपमा यो भनाइ उचितै देखिन्छ । तर, स्वयं पुरानिया भार्दारहरू भीमसेन थापाको सफलतादेखि वाउँडिन्थे । सहयोगको के कुरा त्यसैले सहयोगको वातावरण त्यस समयका शक्तिशाली वर्गमा नहुनुनै त्यस स्थितिको मूल हो । माथबर्सिंह थापाको जितापत्रमा त—'श्रीजनरल कम्यान्डर इन चिफ भीमसेन थापाका अकल बुद्धि मंत्रणाका जोरले अंग्रेजहरूसंग दोस्त बाँधी गयाको तरि थामि अघिका सिमाना भीत्र केही जग्गा बढाइ दोसाँधमा लट्ठा गराया छन्'[3] भनिएको छ । आफ्नो प्रशासनकालमा उनले जत्तिसुकै सफलता पाएको भए पनि आफ्नो स्वार्थको सुरक्षाप्रति सचेष्ट नभई भयानक असफलता पाउनाले उनको स्वरूप र व्यक्तित्त्व इतिहासको पानामा विचित्रको हुन गएको छ ।

भीमसेन थापाले जसरी अपमानित भएर इहलीला समाप्त गर्नुपरेको थियो त्यसको बदला लिने उनैका भतीजा माथवर्सिंह थापा भए। नयनसिंह थापाका छोरा यिनको जन्म ई० १७९८ मा भएको थियो । आफ्ना जेठा बाबा भीमसेन थापाको पतन हुनेताक यिनी पञ्जाबतिर गई बसेका थिए । भीमसेन थापाको पतन भएपछि राजनीतिमा जुन अन्योलको स्थिति आयो त्यसैमा राजा रानीवाट बोलाहट भै यिनी नेपाल फर्के । भीमसेन थापा र सम्पूर्ण थापा खलकलाई लागेको बातको मुद्दाको उनले फेरि पुर्पक्ष गराउन

---

१. बुईंगल, सम्पादक-कमल दीक्षित, पृ० २१.
२. ऐन, पृ० २२-२३.
३. इतिहास प्रकाश, १. पृ० ४३.

लगाए, सफाई पाएर त्यस काण्डमा मुछिने जति सिद्ध भएकालाई दण्ड-सजायँ गराई सकेपछि राजा-रानीको आदेशबाट उनी ई० १८४३ मा प्रधानमन्त्री र कम्याण्डर इन-चीफ भए। त्यसै वर्ष उनले अकालमा परेका महाराजाधिराज रणबहादुर शाहको नाममा रणमुक्तेश्वर र भीमसेन थापाका नाउँमा भीममुक्तेश्वर दुई मन्दिर थापे। अघि ई० १८३७ मा आफूले थापेको देवीको मन्दिरमा पनि उनले ई० १८४४ मा गुठी आदिको बन्दोबस्त गरे जसको लागि जग्गा महाराजाधिराज राजेन्द्रबाट बक्स भएको थियो।

□

१०. माथबरसिंह थापा

माथबर राम्रै पृष्ठभूमिमा त्यत्रो पदमा राखिएका भएर पनि परिस्थिति उपयुक्त थिएन। दुई महारानीहरूको आपासमा टक्कर थियो र त्यस अन्योलमा राजेन्द्रको स्थिति विचित्रको थियो। दुवै महारानी आफ्-आफ्ना छोरालाई राज्य छोडी दिन महाराजाधिराजलाई आग्रह गरिरहन्थे। त्यसै उद्देश्यमा आफ्-आफ्नो पक्षको समर्थन माथबरबाट खोजिन्थ्यो। महाराजाधिराजले राज्य छोडेकै स्थितिमा पनि जेठा युवराज सुरेन्द्र नै वास्तविक हकवाला हुँदा माथबर उतैतिर लागेका थिए। यही समस्यामा ई० १८४५ मा माथबरको हत्या गरियो (चित्र संख्या ६०)।

वास्तवमा भन्ने हो भने माथबरसिंहको जन्म भीमसेन थापाको इतिहास सुधार्ने भनेर भएको देखिन्छ र उनको व्यक्तित्व इतिहासको पानामा त्यति महत्त्वपूर्ण छैन। तर उनैले गर्दा नेपालको ३१ वर्ष (ई० १८०६–१८३७) को इतिहासको प्रस्तुतीकरणमा सुधार हुन सकेको हो। अपमृत्यु-पछिनै भए पनि, भीमसेन थापाले सफाइ पाउनु उनले प्रशासन चलाएको उक्त ३१ वर्षको अवधिको इतिहासको राजकीय स्वीकृतिको रूपमा लिन सकिन्छ।

□

११. श्री ३ जङ्गबहादुर राणा

(चित्र संख्या — ६१)

सर्दार रामकृष्ण कुंवर बडामहाराजाधिराज पृथ्वीनारायण शाहका महत्त्वपूर्ण भार्दार थिए । रामकृष्णका भाई जयकृष्ण थिए । रामकृष्णका नाति बालनर्सिहले २२ वर्षको उमेरमा महाराजाधिराज रणबहादुर शाहका हत्यारा शेरबहादुरको हत्या गरेका थिए। यी बालनर्सिहले भीमसेन थापाका भाइ नयनसिंहकी छोरी अथवा माथबर्सिह थापाकी दिदीसँग बिहे गरेका थिए । यसै सम्बन्धबाट जङ्गबहादुर, बमबहादुर, वद्रीनर्सिह, कृष्णबहादुर, रणोद्दीप, जगत्शम्शेर र धीरशम्शेर गरी ७ भाइ छोरा भएका थिए। ई० १८४६ को कोतपर्वपछि जङ्गबहादुरले नेपालको प्रधानमन्त्रित्त्व पाए, पछि यो पद राणापरिवारमै सीमित रहने बन्दोबस्त पनि उनले गरे र 'श्री ३ महाराज' को पद पनि पाए । जङ्गले बनाएको यो बाटोमा ई० १९५१ सम्म दश जना राणा-प्रधानमन्त्री भए । (जङ्ग, बम, रणोद्दीप, वीर, देव, चन्द्र, भीम, जुद्ध, पद्म र मोहन) । यस रूपमा राणाकुलको ऐतिहासिक महत्त्व देखिन्छ । १०४ वर्षको अवधिमा १० जना प्रधानमन्त्री एकै कुलबाट हुनुमा पनि केही उल्लेखनीय कुरा हैन जति यो काइदाले यौटा कुलीनतन्त्र (aristocracy) नै स्थापित हुन गयो जुन नेपालको इतिहासमा यौटा नौलो प्रयोगकै रूपमा लिन सकिन्छ । यसै कुंवर-राणा खलकमा जयकृष्ण कुंवरका नाति बलभद्र कुंवरले ई १८१६ को नालापानीको युद्धमा अभूतपूर्व वीरता देखाएका थिए । बालनर्सिहका भाई बलरामका छोरा जयबहादुर कुंवरको पनि उल्लेखनीय व्यक्तित्व रहेको छ । यस कुंवर राणा खलकमा विभिन्न पुस्तामा जन्मेका व्यक्तिहरूले अनेक किसिमबाट इतिहासको पानामा नाम लेखाएका छन् जुनमध्ये मुख्य त १० जना प्रधानमन्त्री नै भैहाले, अरूको बयान यस संक्षिप्त परिचर्चामा गर्नु सम्भव देखिदैन ।

जङ्गबहादुरका सातै भाइ शूर-वीर, बुद्धिमान्का रूपमा इतिहासका पानामा उल्लिखित छन् । उनीहरूले बनाएका मन्दिर, पाटी-पौवा र गुठीहरू-को चर्चा हामीले माथि विभिन्न सन्दर्भमा गरिसकेका छौं । तिनमध्ये पनि सांस्कृतिक वस्तुका अप्रतिम निर्माताका रूपमा जङ्गबहादुर उल्लेखनीय छन् भनेर माथि हामीले लेखिसकेका छौं । जङ्गका कान्छा भाइ धीरशम्शेरले केही मन्दिर, ५४ जना ब्राह्मण-विद्यार्थीलाई खानपानको बन्दोवस्त गर्ने पाठशाला+पाकशाला र अंग्रेजी शिक्षाको लागि 'दर्वार स्कूल' समेत थापी उल्लेखनीय काम गरेका हुन् । उनका १७ भाइ छोराहरूले पनि विभिन्न उल्लेखनीय काम गरेका हुन् । तर तिनमध्ये पनि प्रधानमन्त्री वीर शम्शेरले ५४ जनाको पाठशाला+पाकशालालाई १०८ क्षमताको पारे, अनि केही मन्दिरहरूको पनि स्थापना गरे । वीरशम्शेरका अर्का भाइ 'श्री ३ महाराज' जुद्ध शम्शेरले पनि दार्जिलिङमा धीरधाम थापेका र नब्बे सालको भूकम्पमा ध्वस्त भएका मन्दिरहरूको जीर्णोद्धार गर्ने उल्लेखनीय काम गरेका थिए । (चित्र संख्या-९२)

◆

१२. श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव

ई० १८७६ मा पृथ्वीवीरविक्रम शाहदेवको जन्म हुंदा उनका जिजुबाजे (बराजु) राजेन्द्र, बाजे सुरेन्द्र र बाबा त्रैलोक्यको ३ पुस्ताको अवस्थिति थियो । तर विधिको बिडम्बनाले पहिले ई० १८७८ मा बाबा त्रैलोक्य र ई० १८८१ मा बाजे र बराजु दुवैको स्वर्गवास हुन गयो र ६ वर्षका पृथिवीवीर विक्रम शाहदेवले सिहासनमा आसीन हुनुपऱ्यो ।

ई० १८४६ देखिनै जंगबहादु राणाले श्री ३ महाराजका रूपमा आफ्नै कुललाई कै राजनीतिक र के सांस्कृतिक दुवै किसिमका गतिविधिमा, अधिसरा पारिआएकाले अरू सबै नेपालीले त्याम्म परेर दिनकटनी गर्नु बाहेक अरू काम गर्न सक्ने परिस्थिति थिएन । यसैले जहाँ ई० १८४६ अघि समाजका प्रत्येक वर्गले आफ्-आफ्नो क्षमताअनुसार सामाजिक-सांस्कृतिक गतिविधिमा जसरी भाग लिन्थे त्यो स्थिति नरहेको वेलामा पृथिवीवीर-विक्रमले पनि उकुसमुकुसमा परेर जीवन बिताउनुपरेको थियो र त्यसै स्थितिमा ३५ सैं वर्षको उमेरमा ई० १९११ मा उनको स्वर्गवास भयो ।

त्यस स्थितिमा ई० १९०५ मा जन्मेका उनैमा एकमात्र सन्तान त्रिभुवनवीरविक्रम शाहदेवले पुगनपुग ७ वर्षको उमेरमा ई० १९११ मा सिंहासनारोहण गरे ।

बाल्यावस्थादेखि नै अत्यन्त प्रतिभाशाली व्यक्तित्वका धनी[1] महाराजाधिराज त्रिभुवनबाट राणाकुलको एकीकृत शासन-पद्धतिको विनाश गर्ने आफ्ना ४ पुस्ता (राजेन्द्र, सुरेन्द्र, त्रैलोक्य र पृथिवीवीर) को आकाङ्क्षालाई मूर्त रूप दिने उपयुक्त परिस्थितिको खोजी हुन थाल्यो। संसारको जागरूक वातावरणले उक्साएका जनताको सद्भावपूर्ण सहयोगबाट श्री ५ त्रिभुवनबाट त्यस काममा ई० १९५१ मा सफलता-प्राप्ति भयो र प्रजातन्त्रको प्रवेश नेपालमा भयो । ई० १९५१ मा श्री ५ त्रिभुवनको प्रयत्न र प्रभावबाट नेपालमा प्रजातन्त्रको आगमन नेपाली जातिको सम्पूर्ण जीवन पद्धतिमै प्रभावशाली परिवर्तन ल्याउने घटना भयो । जुन शासन-पद्धतिमा नेपाली जातिलाई आर्थिक, सामाजिक, नैतिक र भौगोलिक आदि सबै किसिमका समानता र सम्मानसाथ जीवनयापन गर्ने अधिकार प्राप्त हुन गयो । श्री ५ त्रिभुवनको ई० १९५१ देखि ई० १९५५ सम्मको शासनकाललाई हामी वर्तमान नेपालको शास्त्रीय युग (Classical Age) भन्न सक्दछौं जुन अवधिमा नेपालले धेरैजसो कुरामा मध्यकालीन चरित्र छोडी आधुनिककालीन आदर्श अनुसारका समाजवादी चरित्र ग्रहण गर्न पायो (चित्र संख्या–९३) ।

---

[1] श्री ५ त्रिभुवनबाट ई० १९१४ मा अंग्रेजी पढ्न थाल्दा तेह्रँ दिनमा रोमन अक्षर राम्ररी चिनी पाठसमेत पढ्न थालिएको तत्कालीन संस्मरण पाइन्छ । (राममणि आ. दी—पुराना संझना, काठमाण्डू २०२६, पृ० १२३) ।

१३. श्री ५ महेन्द्रवीरविक्रम शाहदेव

४४ वर्षको शासनपछि श्री ५ त्रिभुवनको स्वर्गवास ई० १९५५ मा भयो । यसपछि युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको ३५ वर्षको उमेरमा (जन्मः जून ११, १९२०) श्री ५ महाराजाधिराजको रूपमा राज्यारोहण भयो ।

श्री ५ त्रिभुवनको शासनको अन्तिम अवस्थामा (ई० १९५१-५५) नेपालले प्रजातन्त्र-पद्धति त पायो जसले प्रत्येक नेपालीलाई जागरूक पार्‍यो र चेतना दियो । राजनीतिक रूप र महत्त्व पनि नेपालले पायो तर त्यति सानो अवधिमा 'नयाँ राज्य' को रूपमा यसको स्पष्टीकृत सार्वभौमिकताको रूप अस्पष्ट स्थितिमै रहेको हुनु अस्वाभाविक कुरो हैन । प्रजातन्त्र-पद्धतिलाई प्रत्येक सम्भव परीक्षण गरी त्यसलाई सफल पार्ने र नेपाललाई एक सार्वभौम राज्यको रूपमा अन्ताराष्ट्रिय परिप्रेक्ष्यमा उभ्याउने काम श्री ५ महेन्द्रबाट हुन गयो । ई० १९५५ मा नेपालले संयुक्त राष्ट्रसंघमा सदस्यता पाउनु, ई० १९५६ मा 'योजना आयोग' को गठन र ई० १९५९ मा प्रथम आमचुनाव जस्ता कार्य त्यस्तै अभावपूर्तिका क्रमका विभिन्न रूप हुन् । साथै ई० १९५५ देखि लगातार संसारका समान विचारधाराका राज्यहरूसित समानता र भ्रातृत्वको आधारमा दौत्य-सम्बन्ध गर्दै लग्नु पनि नेपालको प्रभाववृद्धिकै क्रममा पर्न आउँछ । ई० १९५५ देखि ई० १७९२ को वर्ष (जेनवरी महिना) सम्म नेपालको चारित्रिक निर्माणको क्रममा यतिबिधि फेरबदल र प्रयोग गरिए त्यसका एक कर्ताका रूपमा श्री ५ महेन्द्रको नाम स्मरणीय छ । इतिहासका पानामा उहाँको व्यक्तित्वको मूल्यांकनमा सैद्धान्तिक अन्तर पाइन्छ । सत्र सालमा संसदीय र बहुदलीय व्यवस्था खतम पार्ने कुराबाट श्री ५ महेन्द्रलाई आधुनिक धारणाले सामान्यतया क्षमा नगरी ठूलो अबगाल लाउने गर्दछ । आंशिक रूपमा यो कुरो सत्य देखिए पनि सत्र सालको घटनालाई 'ऐतिहासिक मजबूरी' पनि भन्न सकिन्छ । उहांले स्थापित गरेको 'निर्दलीय पञ्चायती व्यवस्था' आधुनिक युग अनुकूलको राजनीतिक व्यवस्थाको पर्याय हुन सम्भव थिएन तैपनि त्यो व्यवस्थाका आफनै सिद्धान्तमा उहांको शासनकालमा त्यति विकृतिहरू आएका थिएनन् ।

आजको बहुदलीय व्यवस्था अनुसार संसद सफलतापूर्वक संचालित भई राजतन्त्रले पनि 'संवैधानिक' घेराभित्र बस्नु परेको स्थितिमा निरंकुश

राजतन्त्रको उपभोग गर्ने श्री ५ महेन्द्रलाई सात सालपछिको परिप्रेक्ष्यमा एक अनुदार शासकको रूपमा लिनु पर्ने देखिन्छ । तैंपनि उहाँको शासनावधिमा पनि नेपालभित्र भएका कतिपय निर्माण र व्यवस्थाका घटनाहरूको अवमूल्यन भने गर्न सकिदैंन ।

ई० १९७२ जनवरी महीनामा श्री ५ महेन्द्रवीरविक्रम शाहदेव (चित्र संख्या–९४) को स्वर्गवास भएपछि उहाँका सुयोग्य ज्येष्ठ पुत्र श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव (चित्र संख्या–९५, ९६) को राज्यारोहण भएको हो । सरकारको ई० १९७५ फेब्रुअरी १२ तारीखको दिन शुभराज्याभिषेक सम्पन्न भएको छ । श्री ५ वीरेन्द्रको अहिलेसम्मको २२ वर्षको शासनकालमा धेरै राजनीतिक उतार चढाव भएका छन् । तिनको छोटकरी चर्चा माथि भूमिकामा भएको छ । तर खास महत्त्वको तथ्य श्री ५ वीरेन्द्रबाट २०४६ को सफल जन आन्दोलनपछिको बहुदलीय व्यवस्थाको युगमा संवैधानिक राजाको रूपमा रहन सहर्ष स्वीकार गर्नुमा रहेको छ ।

□

१४. .... ?

आजको दुई करोड जति विशाल नेपाली जातित्त्वको महान् इतिहासको एक पक्षको रूपमा यस ग्रन्थको रचना गरिएको हो । आर्को शब्दावलिमा भन्ने हो भने दुई करोड नेपालीका पुर्खाहरूले बनाएको इतिहास नेपालको इतिहास हो । व्यावसायिक वर्ग, किसान-मजदूर, कर्मचारी-प्रशासक र विद्वान्–कवि–लेखक–कलाकारका रूपमा विभाजित यो विशाल नेपाली जाति (चित्र संख्या–९७, ९८, ९९) ले आज पनि संस्कृतिको युगानुकूल रचना गरिरहेका छन् जसलाई सुयोग्य राजनीतिक नेताहरूले महत्त्वपूर्ण मोड दिइरहेका छन् र दिई नै रहेछन् ।

□

परिशिष्ट

परिशिष्ट-क

शाहकालमा बनेका मन्दिरहरूको तालिका सूची*

(ई० १७४६–ई० १९७३)

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्नाता	निर्माण मिति
१.	शिवालय	दरौंदीको तीर	महाराजाधिराज पृथ्वीनारायण शाह	ई० १७४६
२.	राममुक्तेश्वर	सेकुवाडाँडा	रामकृष्ण कुंवर	ई० १७७०(?)
३.	जयमुक्तेश्वर	सेकुवाडाँडा	जयकृष्ण कुंवर	ई० १७७०(?)
४.	रामेश्वर	मृगस्थली	रामकृष्ण कुंवर	ई० १७७०
५.	सूर्य, उमामहेश्वर आदि	कोटेश्वर	अनन्तभारो	ई० १७८२
६.	राममन्दिर	जनकपुरधाम	सर्दार अमरसिंह थापा	ई० १७८२
७.	कर्गित्त गोन्पा	सिम्भू	तिब्बती लामा	ई० १७८६
८.	अर्द्धनारीश्वर	गद्दीबैठक सामु	राजकुमार बहादुर शाह	ई० १७९०(?)
९.	बाणेश्वर	तीनधारा	डिट्ठा लक्ष्मीनारायण	ई० १७९३

---

* यो सूची तालिकामा निर्माणको मितिको क्रमअनुसार मन्दिरहरूको विवरण प्रस्तुत गरिएको छ, यो सूचीमा बौद्ध चैत्य (चींवहा) हरूको समावेश गरिएको छैन ।

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
१०.	श्वेतभैरव	हनूमानढोका	महाराजाधिराज रणबहादुर शाह	ई० १७९५
११.	जगन्नाथ	टुंडीखेल	महाराजाधिराज रणबहादुर शाह	ई० १७९६
१२.	ठूलो घण्टा	हनूमान ढोका	महाराजाधिराज रणबहादुर शाह	ई० १७९७
१३.	अमरनारायण	पाल्पा	जर्नेल अमरसिंह थापा	ई० १८०६
१४.	शिवमन्दिर	पकनाजोल	कपर्दार भोटुपांडे	ई० १८०७
१५.	लक्ष्मीश्वर	पचलीघाट	रानी लक्ष्मीदेवी	ई० १८१२
१५ क.	राधावल्लभेश्वर	गोर्खा पोखरीथोक	राधाबल्लभ अर्जेल	ई० १८१२
१६.	त्रिपुरेश्वर	कालमोचन	महारानी ललितत्रिपुरसुन्दरी देवी	ई० १८१७
१७.	जयेश्वर	शंखमूल	काजी रणध्वज थापा	ई० १८२०
१८.	नर्मदेश्वर	शंखमूख	काजी रणध्वज थापा	ई० १८२०
१९.	लक्ष्मीनारायण	शंखमूल	काजी रणध्वज थापा	ई० १८२०
२०.	बलेश्वर	शंखमूल	काजी रणध्वज थापा	ई० १८२०
२१.	रिपुमर्दनेश्वर	शंखमूल	काजी रणध्वज थापा	ई० १८२०
२२.	भीमभक्तेश्वर	गणबहाल	प्रधानमन्त्री भीमसेन थापा	ई० १८२२
२३.	रणभुवनेश्वर	नुवाकोट देवीघाट	चौतरिया रणोद्यत शाह	ई० १८२५
२४.	सत्येश्वर महादेव	रीढी	महारानी ललितत्रिपुरसुन्दरी देवी	ई० १८२६(?)
२५.	देवीमन्दिर	गणबहाल पंचपोखरी	माथवरसिंह थापा	ई० १८३७

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
२६.	मञ्जुश्री मन्दिर	कंकेश्वरी	माथवरसिंह थापा	ई० १८३७
२७.	भीममुक्तेश्वर	टेकु	प्रधानमन्त्री माथबरसिंह थापा	ई० १८४३
२८.	रणमुक्तेश्वर	पोखल्ड्याङ	प्रधानमन्त्री माथबरसिंह थापा	ई० १८४२
२९.	साम्राज्येश्वर	काशी	महाराजाधिराज राजेन्द्रवीरविक्रमशाह	ई० १८४४
३०.	जंगनन्दप्रकाशेश्वर	थापाथली	जंगबहादुर राणा	ई० १८४५
३० क.	मालिकेश्वर	मृगस्थली	मालिकादेवी	ई० १८४६
३० ख.	कपिलेश्वर	मृगस्थली	मालिकादेवी	ई० १८४६
३० ग.	वाणेश्वर	मृगस्थली	रक्षाकुमारी राणा	ई० १८४६
३१.	जयभक्तेश्वर	मृगस्थली	जर्नेल जयबहादुर कुंवर राणा	ई० १८४७
३२.	इन्द्रेश्वर	मृगस्थली	कर्नेल जयबहादुर कुंवर राणा	ई० १८४७
३३.	जगदीश्वर	गोकर्ण	जर्नेल जयबहादुर कुंवर राणा	ई० १८४७
३४.	राममन्दिर	जैशीदेवल	डिट्ठा धर्मसिंह	ई० १८४९
३५.	बम्वीरविकटेश्वर	पचली	प्रधानमन्त्री बमबहादुर राणा	ई० १८५०
३६.	हेमभक्तेश्वर	गोवर्ण	जम्दार हेमकर्न थापा गोदार	ई० १८५०
३७.	शिवमन्दिर	पशुपति चौसठ्ठिलिंग	शान्तकुमारी राणा	ई० १८५४
३७ क	रक्षगदाधर	गोकर्ण	रक्षाकुमारी राणा	ई० १८५४
३७ ख.	धीरभक्तेश्वर	मृगस्थली	जर्नेल धीरशम्शेर राणा	ई० १८५४

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
३८.	रामभक्तेश्वर	पशुपति चौसट्ठिलिंग	जर्नेल रणोद्दीपसिंह राणा	ई० १८५४
३९.	जंगेश्वर	पशुपति चौंसट्ठिलिंग	जर्नेल जगत्शम्शेर राणा	ई० १८५५
४०.	जगत्नारायण	पाटनशंखमूल	जर्नेल जगत्शम्शेर राणा	ई० १८५५
४१.	सुरेशकान्तेश्वर	पशुपति भस्मेश्वर	राजकुमारी अमरकान्तेश्वरी	ई० १८५६
४२.	शिवमेहरवालभक्तेश्वर	गोकर्ण	मेजर कर्नेल मेहरमानसिंह राजभण्डारी	ई० १८५६
४२ क.	वाणेश्वर	पशुपति भस्मेश्वर	चौतार्नी दीपकुमारी	ई० १८५९
४३.	शिवमन्दिर	पशुपति भस्मेश्वर	कर्णेल डिट्ठासिंह बस्नेत	ई० १८५९*
४४.	शिवमन्दिर	पशुपति भस्मेश्वर	"	ई० १८५९
४५.	शिवमन्दिर	पशुपति भस्मेश्वर	"	ई० १८५९
४६.	शिवमन्दिर	पशुपति भस्मेश्वर	"	ई० १८५९
४७.	शिवमन्दिर	पशुपति भस्मेश्वर	"	ई० १८५९
४८.	शिवमन्दिर	पशुपति भस्मेश्वर	"	ई० १८५९
४८क. ४८ख.	दीरभक्तेश्वर, चन्द्रभक्तेश्वर	मृगस्थली	दीरकुमारी, चन्द्रकु., इन्द्रकु , नन्दकु. राणा	ई० १८६५
४८ग. ४८घ.	इन्द्रभक्तेश्वर, नन्दभक्तेश्वर			
४९.	विश्वरूप	मृगस्थली	श्री ३ जंगबहादुर राणा	ई० १८६७

---

* ४४ देखि ४८ संख्याका मन्दिरलाई निर्माण शैलीको आधारमा यो मिति अन्दाजी गरी दिइएको हो ।

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
५०.	पांचायन मन्दिर	थापाथली घाट	श्री ३ जंगबहादुर राणा	ई० १८६८ ✕
५१.	पंचदेवल—१	पशुपति	महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेव	ई० १८७०
५२.	पंचदेवल—२	पशुपति	महाराजाधिराज सुरेन्द्रवीरविक्रम शाहदेव	ई० १८७०
५३.	पंचदेवल—३	पशुपति	युवराजधिराज त्रैलोक्यवीरविक्रम शाहदेव	ई० १८७०
५४.	पंचदेवल—४	पशुपति	महारानी सुरराज्यलक्ष्मी देवी	ई० १८७०
५५.	पंचदेवल—५	पशुपति	महारानी देवराज्यलक्ष्मीदेवी	ई० १८७०
५६.	रामचन्द्रमन्दिर	बत्तिसपुतली थुम्को	सनकसिंह लाहुरीटंडन क्षत्री	ई० १८७१
५७.	सत्यनारायण	कालमोचन	श्री ३ जंगबहादुर राणा	ई० १७७४
५८.	धीरनारायण	नारायणहिटी	जर्नेल धीरशम्शेर राणा	ई० १८७४
५९.	जीतजंगप्रकाशेश्वर	राजराजेश्वरीघाट पशुपति	जर्नेल जीतजंग राणा	ई० १८७४
६०.	ललितमुक्तेश्वर	आर्यघाट	जर्नेल जीतजंग राणा	ई० १८७४
६१.	शैलयोगिनीमन्दिर	बालाजु पार्क	राजमान	ई० १८७६
६२.	सनकसिंहेश्वर	बत्तिसपुतली थुम्को	सनकसिंह लाहुरीटण्डन क्षत्री	ई० १८७६
६३.	शारदादेश्वर	बत्तिसपुतली थुम्को	शारदादेवी	ई० १८७६
६४.	सन्तकुमारेश्वर	बत्तिसपुतली थुम्को	सन्तकुमारी	ई० १८७६

✕ मिति अन्दाजी गरिएको ।

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
६५.	बालकुमारेश्वर	बत्तिसपुतली थुम्को	बालकुमारी	ई० १८७६
६६.	शिवमन्दिर	गुह्येश्वरी	महारानी त्रैलोक्यमोहन राज्यलक्ष्मीदेवी	ई० १८७८
६७.	शिवमन्दिर	गुह्येश्वरी	महारानी त्रैलोक्यमोहन राज्यलक्ष्मीदेवी	ई० १८७८
६८.	शिवमन्दिर	गुह्येश्वरी	महारानी त्रैलोक्यमोहन राज्यलक्ष्मीदेवी	ई० १८७८
६९.	ताराप्रकाशेश्वर	राजराजश्वरीघाटनेर	जर्नेल जीतजंग राणाका रानीहरू	ई० १८८१
७०.	गोपालमन्दिर	कालमोचन	श्री ३ जंगबहादुरराणाकी 'गोरखपुरवाला' महारानी	ई० १८८३
७१.	शिवमन्दिर	कालमोचन	?	ई० १८८३(?)
७२.	वीरमाया भक्तेश्वर	मृगस्थली पश्चिमतर्फ (राममन्दिर उत्तर)	श्री ३ महाराज वीरशम्शेर जंगबहादुर राणा	ई० १८८७
७३.	वीरभद्र प्रकाशेश्वर	मृगस्थली पश्चिमतर्फ (राममन्दिर उत्तर)	श्री ३ महाराज वीरशम्शेर जंगबहादुर राणा	ई० १८८७
७४.	वीरनारायण	तीनधारा पाशाला	श्री ३ महाराज वीरशम्शेर जंगबहादुर राणा	ई० १८८७
७५.	रुद्रमानेश्वर	टेंगल, काठमाण्डू	जुजुनारायण	ई० १८८७
७६.	हर्षकुमारेश्वर	बत्तिसपुतली थुम्को	हर्ष कुमारी	ई० १८९४
७७.	यशोधरादेश्वर	बत्तिसपुतली थुम्को	यशोधरा देवी	ई० १८९४
७८.	लक्ष्मीकुमारेश्वर	बत्तिसपुतली थुम्को	लक्ष्मीकुमारी	ई० १८९४

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
७९.	नारायण	बत्तिसपुतली थुम्को	सनकसिंह लाहुरीटण्डन क्षत्री	ई० १८९४
८०.	राधाकृष्ण मन्दिर	पचली	काजी भगवतभक्त माथेमा	ई० १८९७(?)
८१.	जानकी मन्दिर	जनकपुरधाम	महारानी वृषभानकुमारी	ई० १९००
८२.	मञ्जुश्रीमन्दिर	सिम्भू मञ्जुश्रीथान उकालो	×	ई० १९०५
८३.	सरस्वती मन्दिर	सिम्भू मञ्जुश्रीथान उकालो	×	ई० १९०५
८४.	बुद्धमन्दिर	नयाँसडक ढोकादक्षिण	×	ई० १९२०(?)
८५.	बुद्धमन्दिर	पाटन नागबहाल आँगन	×	ई० १९२०(?)
८६.	बुद्धमन्दिर	पाटन नागबहाल	×	ई० १९२०(?)
८७.	यक्षनन्देश्वर	पचली	यक्षविक्रम राणा	ई० १९२२
८८.	तार्क्षभक्तेश्वर	पचली	तार्क्षविक्रम राणा	ई० १९२२
८९.	राममन्दिर	पशुपति राममन्दिरको दक्षिण	श्री ३ महाराज भीमशम्शेर राणा	ई० १९३१
९०.	लक्ष्मीनारायणमन्दिर	पशुपति राममन्दिरको दक्षिण	रानी दिलकुमारी राणा	ई० १९३५
९१.	धीरधाम	दार्जीलिङ	श्री ३ महाराज जुद्धशम्शेर राणा	ई० १९३८
९२.	बुद्धमन्दिर	पाटनलगनखेल उत्तर	X	ई० १९४०
९३.	प्रकाशमुक्तेश्वर	पशुपतिराममन्दिरको दक्षिण	मेजर जर्नेल महावीरशम्शेर राणा	ई० १९४१
९४.	अमिताभ बुद्धमन्दिर	पचलीपारी राजघाट	X	ई० १९४१
९५.	भुवनभक्तेश्वर	पचली	कर्णेल भुवनविक्रम राणा	ई० १९४२

क्रमसंख्या	मन्दिरको नाम	मन्दिर रहेको स्थान	मन्दिरको निर्माता	निर्माण मिति
९६.	बुद्धमन्दिर	पचली	X	ई० १९४५(?)
९७.	लोकेश्वर मन्दिर	पाटन शंखमूल	X	ई० १९४५(?)
९८.	सादिल्लीमुक्तेश्वर	पचली	कर्णेल तुलाविक्रम राणा	ई० १९५०
९९.	तुेलाभक्तेश्वर	पचली	कर्णेल तुलाविक्रम राणा	ई० १९५०
१००.	डम्बरभक्तेश्वर	पचली	डम्बरकुमारी राणा	ई० १९५०
१०१.	चन्द्रकीर्तिविहार	बनेपा	X	ई० १९५१
१०२.	भीमसेन मन्दिर	चाबेल	चन्द्रकुमारी	ई० १९५४
१०३.	शिवालय	पाटन शंखमूल	X	ई० १९६७
१०४.	अमोघपास मन्दिर	लगनटोल	रत्नमान	ई० १९७०
१०५.	बुद्धमन्दिर	पाटन मंगलबजार कृष्णउद्यान	सार्वजनिक निर्माण	ई० १९७३
१०६.	राधाकृष्णमन्दिर	पाटन मंगलबजार कृष्णउद्यान	सार्वजनिक निर्माण	ई० १९७३

□

परिशिष्ट-ख

शाहकालीन महत्त्वपूर्ण अभिलेखहरुको सूची

क. गोर्खा राज्यका महत्त्वपूर्ण अभिलेखहरुको सूची

(ई० १६०९-१७२२)

१. ई० १६०९ को गोर्खा दर्बारको नगराको महाराज छत्रशाहको संक्षिप्त अभिलेख, गोरखाको ऐतिहासिक सामग्री, पृ० १४.

२. ई० १६१४ की गोर्खा पोखरीथोक मुरलीधर नारायणथानको महाराज रामशाहको अभिलेख, ऐजन, पृ० १४-१५.

३. ई० १६३६ को गोर्खा पोखरीथोक रामेश्वर मन्दिरको महाराज रामशाहको अभिलेख, ऐजन, पृ० १५.

४. ई० १६६६ को गोर्खा दर्बारको महाराज रुद्रशाहको अभिलेख, ऐजन, पृ० १६.

५. ई० १६७९ को गोर्खा रानीवनको महारानी रत्नावतीको अभिलेख. ऐजन, पृ० १७.

६. ई० १६८० को गोर्खा पोखरीथोक रामेश्वर मन्दिरको महाराज पृथ्वीपतिशाहको सालिक रहेको खम्बाको अभिलेख, ऐजन, पृ० १८.

७ ई० १७१२ को गोर्खा हनूमानभन्ज्याङ राजकुमार चन्द्ररूपशाहको अभिलेख, ऐजन, पृ० १९.

८. ई० १७१४ को गोर्खा दर्बार तोपको राजकुमार चन्द्ररूपशाहको संक्षिप्त अभिलेख, ऐजन. पृ० १९.

९. ई० १७२२ को गोर्खा सिद्धिगणेश थानको राजकुमार उद्योतशाहको अभिलेख, ऐजन, पृ० २०.

ख. ई० १७६२ देखि ई० १८७४ सम्मका अभिलेखहरूको सूची

१. ई० १७६२ को नुवाकोट दर्बारको महाराजधिराज पृथ्वीनारायणशाहको अभिलेख, त्रिरत्न-सौन्दर्य-गाथा, पृ० २६८; इतिहास प्रकाश-१. पृ० ३६; पुरातत्त्व पत्र संग्रह, भाग–३ पृ० १०.

२. ई० १७६३ को मनकामनाको महाराजाधिराज पृथ्वीनारायणशाहको ताम्रपत्र, इतिहास प्रकाश–१ पृ० ४८.

३. ई० १७६७ को पूर्व १ नं० भमरकोट मोढीपाटिको महाराजाधिराज पृथ्वीनारायण शाहको अभिलेख, अभिलेख संकलन, पृ० ७५–७६.

४. ई० १७६८ को नुवाकोट भैरवी मन्दिरको घण्टाको महाराजकुमार महोद्दामकीर्ति शाहको अभिलेख, पुरातत्त्व पत्र संग्रह भाग–३. पृ० ११; प्राचीन नेपाल, १०. पृ० ३७.

५. ई० १७६८ को पलाञ्चोक भगवती मन्दिरको महाराजाधिराज पृथ्वीनारायण शाहको पालाको अभिलेख, भक्तपुर–शिलालेख–सूची, पृ० ६१.

६. ई० १७६९ को कान्तिपुर बसन्तपुर दर्बारको दक्षिणी ढोकाको महाराजाधिराज पृथ्वीनारायण शाहको अभिलेख, त्रिरत्न-सौन्दर्य-गाथा, पृ० २६९.

७. ई० १७६९ को कान्तिपुर वसन्तपुर दर्बारको उत्तरी ढोकाको महाराजाधिराज पृथ्वीनारायण शाहको अभिलेख, ऐजन, पृ० २७१–७२. संस्कृत सन्देश १०-११-१२ पृ० ५०–५१.

८. ई० १७७१ को धनेश्वर मन्दिरको महाराजाधिराज पृथ्वीनारायण शाहको पालाको अभिलेख, भक्तपुर-शिलालेख-सूची, पृ० ६१.

९. ई० १७७६ को काठमाडौं चिकँमुगलटोलको काजी सरूपसिंह कार्कीको अभिलेख, अभिलेख संग्रह, १२. पृ० ७.

१०. ई० १७७६ को काठमाडौं कैलटोल तिलंगाभवनको काजी अभिमानसिंहबस्नेतको अभिलेख, संस्कृत सन्देश, पृ० ४–५.

११. ई० १७७८ को चाँगुनेरको महाराजाधिराज रणबहादुर शाहको पालाको अभिलेख, भक्तपुर-शिलालेख-सूची, पृ० ६२.

१२. ई० १७८० को चाँगु कीलेश्वर मन्दिरको धनराज खड्का र रामाजित खड्काको ताम्रपत्र, संस्कृत सन्देश, ६. पृ० ३८–३९.

१३. ई० १७८० को विजयपुर दन्तकाली थानको पाटीको महाराजाधिरांज रणबहादुर शाहको पालाको इष्टिका-अभिलेख, पुरातत्त्व पत्त-संग्रह, ३. पृ० ११–१२.

१४. ई० १७८१ को काठमाडौं कंकेश्वरी मन्दिरको पाटीको धंजु भारोको अभिलेख, (अप्र.) ।

१५. ई० १७८२ को जनकपुर राममन्दिरको सर्दार अमरसिंह थापाको अभिलेख, पुरातत्त्व पत्रसंग्रह, ३. पृ० १२.

१६. ई० १७८२ को नक्साल भगवती मन्दिरको टक्सारी भीम खवासको अभिलेख, पूर्णिमा २१,. पृ० ५०–५१.

१७. ई० १७८२ को विष्णुमतीवारी इन्द्राणी मन्दिरको अभिलेख (अप्र.) ।

१८. ई० १७८३ को गोर्खा गोरखनाथ गुफाको घण्टाको महारानी राजेन्द्रलक्ष्मीदेवीको अभिलेख, गोरखाको ऐतिहासिक सामग्री, पृ० २१.

१९. ई १७८५ को वज्रजोगिनीको महाराजाधिराज रणबहादुर शाहको पालाको अभिलेख, भक्तपुर-शिलालेख सूची, पृ० ९२.

२०. ई० १७८५ तिरको चित्लाङ बस्नेतपौवाको काजी अभिमानसिंह बस्नेतकी पत्नी इच्छावतीको अभिलेख, इतिहास प्रकाश, २–३ पृ० ४४६–४८.

२१. ई० १७८५ को पिण्डेश्वरस्थित गणेश मन्दिरको गजूरको महाराजाधिराज रणबहादुर शाह र सुब्बा रामकृष्ण कवरको पालामा महन्त तेतार शैवले थापेको अभिलेख, पुरातत्त्व पत्र संग्रह ३. पृ० १३.

२२. ई० १७८५ को गोकर्णेश्वरको पाटीको गर्भु बोगटीको अभिलेख (अप्र.) ।

२३. ई० १७८५ को सिम्भू मञ्जुश्री थानको महाराजाधिराज रणबहादुर शाहको पालाको अभिलेख (अप्र.) ।

२४. ई० १७९० को काष्ठमण्डपको ठाकुरसिंहको ताम्रपत्र, संस्कृत सन्देश, ६. पृ० ९.

२५. ई० १७९० तिरको गुह्येश्वरी थान सिद्धेश्वरको सुनौला पाताको सर्दार अमरसिंह थापाको अभिलेख, संस्कृत सन्देश, १०–११–१२. पृ० ३४-३५.

२६. ई० १७९२ को नुवाकोट भैरवी थानको महाराजाधिराज रणबहादुर शाह र महाराजकुमार बहादुर शाहको सुवर्णपत्राभिलेख, इतिहास प्रकाश, १ पृ० ३६–३७.

२७. ई० १७९२ को पशुपति घण्टाको राजपुरोहित शक्तिवल्लभ भट्टाचार्य (अर्जेल) को अभिलेख, जयरत्नाकर नाटक, पृ० ४.

२८. ई० १७९२ को पिण्डेश्वरस्थित अष्टभुजादेवीको गजूरको महाराजाधिराज रणबहादुर शाहको अभिलेख, पुरातत्त्व पत्र संग्रह ३. पृ० १४.

२९. ई०. १७९२ को काठमाडौं नरदेवी मन्दिरको कपर्दार भोटु पाँडेको अभिलेख इतिहास प्रकाश, १. पृ० १३१–३२.

३०. ई० १७९३ को नारायणहिटीको धौकलसिंह बस्नेतको अभिलेख, संस्कृत सन्देश, ५. पृ० ७–१०.

३१. ई० १७९५ को नक्साल भगवती थानको टकसारी भीम खवासको लेख, पूर्णिमा, २४. पृ० २६१.

३२. ई० १७९५ को पश्चिमी १ नं. मान्खु पाटीको राजज्योतिषी लक्ष्मीपति पाँडेको अभिलेख, पूर्णिमा, १८. पृ० १४७.

३३. ई० १७९५ को हनूमानढोकाको श्वेतभैरवको गलाको महाराजाधिराज रणबहादुर शाहको अभिलेख, त्रिरत्न-सौन्दर्य-गाथा, पृ० १४८.

३४. ई० १७९७ को हनूमानढोकाको ठूलो घण्टाको महाराजाधिराज रणबहादुर शाहको अभिलेख, त्रिरत्न-सौन्दर्य-गाथा, पृ० २८१–८२.

३५. ई० १७९७ को महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहबाट बदरीनाथमा सदावर्त गुठी राखेको सन्दर्भ, पूर्णिमा, १९. पृ० २२१-२२३.

३६. ई० १७९९ को गोर्खा कालिकास्थानको महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको तामापत्र, गोरखाको ऐतिहासिक सामग्री, पृ० २३-२६.

३७. ई० १७९९ को चाँगुको महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको ताम्रपत्र, संस्कृत सन्देश, २-४, ५. ६, पृ० ३०-३१.

३८. ई० १८०० को नुवाकोट भैरवीको घण्टाको काजी त्रिभुवनकी पत्नी देवकन्याको अभिलेख, प्राचीन नेपाल, १०. पृ० ४१.

३९. ई० १८०१ की नुवाकोट भैरवी थानको घण्टाको काजी दामोदर पाँडेको अभिलेख, प्राचीन नेपाल, १०. पृ० ४२.

४०. ई० १८०१ को नक्साल नन्दिकेश्वर मन्दिरको घण्टाको महारानी सुवर्णप्रभाको अभिलेख, अभिलेख संग्रह, १२. पृ० ७.

४१. ई० १८०१ को साँखु सुन्दरीघाटको महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको पालाको अभिलेख, भक्तपुर शिलालेख सूची, पृ० ९३.

४२. ई० १८०२ को महारानी सुवर्णप्रभा र महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहद्वारा धँबुङमा सदावर्त गुठी थामेको तामापत्रको नकल, पूर्णिमा, २०. पृ० ३३३-३५.

४३. ई० १८०२ को गोर्खा मनकामना थानको शूरवीर रानाहरूका २ अभिलेख, गोरखाको ऐतिहासिक सामग्री, पृ० २६-२७.

४४. ई० १८०३ को बालाजु पुरानो गुह्येश्वरीको काजी नरसिंह गुरुङको अभिलेख, अभिलेख संग्रह, १२. पृ० ८.

४५. ई० १८०४ को पचलीभैरवको पाटीको अभिलेख (अप्र.) ।

४६. ई० १८०६ को बोडे लाछिटोल महालक्ष्मीदेवताको घरको महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको पालाको अभिलेख, भक्तपुर–शिलालेखसूची, ९३-९४.

४७. ई० १८०६ को पशुपतिको सपत्नीक महाराजधिराज रणबहादुर शाहको ढलौटे सालिकको कपर्दार भोटुपाँडेको अभिलेख, संस्कृत सन्देश, ६. पृ० १८.

४८. ई० १८०६ को पशुपति धर्मशिला भोगपात्रको कपर्दार भोटुपाँडेको अभिलेख, संस्कृत सन्देश, ४. पृ० २७-२८.

४९. ई० १८०६ को पशुपतिको कपर्दार भोटुपाँडेको अभिलेख, (अप्र.) ।

५०. ई० १८०६ को पाल्पा अमरनारायण मन्दिरको जर्नेल अमरसिंह थापाको अभिलेख, सन्धिपत्र संग्रह, पृ० ५५१.

५१. ई० १८०७ को पकनाजोल शिवमन्दरको कपर्दार भोटुपाँडेको अभिलेख, (अप्र.)

५२. ई० १८०८ को नक्साल नन्दिकेश्वर मन्दिरको महारानी सुवर्णप्रभाको अभिलेख, अभिलेख संग्रह, १२. पृ० ८–१२.

५३. ई० १८०८ को महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहद्वारा केदारनाथमा सदावर्त गुठी राखेको कागत, पूर्णिमा, १९. पृ० २१९-२२१.

५४. ई० १८०८ को काठमाडौं अटकनारायण मन्दिरको पाटीको अभिलेख (अप्र०) ।

५५. ई० १८०९ को महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहद्वारा बदरीनाथमा सदावर्त गुठीको पुनः बन्दोबस्त गरेको तामापत्रको नकल, पूर्णिमा, १९. पृ० २२१-२-३.

५६. ई० १८१० को विष्णुमती पुलको कपर्दार भोटुपाँडेको अभिलेख, संस्कृत सन्देश, २, ४-५-६. पृ. २९-३० ।

५७. ई० १८११ को थापाथली वाग्वतीपुलको महाराजाधिराज गीर्वाणयुद्ध विक्रमशाहको स्तम्भलेख– संस्कृत सन्देश, ७. पृ० १-१४; त्रिरत्न-सौन्दर्यगाथा, पृ० २९१-९८ ।

५८. ई० १८१२ को गोर्खा पोखरा थोक राधवल्लभेश्वर थानको राजपुरोहित राधावल्लभ अर्ज्यालको अभिलेख, गोरखाको ऐतिहासिक सामग्री, पृ० २८ ।

५९. ई० १८१२ को पचली लक्ष्मीश्वर मन्दिरको रानीलक्ष्मीदेवीको अभिलेख, अभिलेख संग्रह, १२. पृ० १२-१५.

६०. ई० १८१३ को पशुपतिको दक्षिणी ढोकाको धातुपाताको राजपुरोहित राधावल्लभ अर्ज्यालको नामको मरणोपरान्त अभिलेख, इतिहास प्रकाश, २-३ पृ० ३१७ ।

६१. ई० १८१४ को नुवाकोट भैरवी थानको धातुको छानाको जर्नेल भीमसेन थापाको अभिलेख, प्राचीन नेपाल, १३. पृ० ३८ ।

६२. ई० १८१४ को पशुपतिको भित्री ढोकाको तोरणको सर्दार अमरसिंह थापाको अभिलेख, इतिहास प्रकाश, पृ० ३१४-१५ ।

६३. ई० १८१४ को पशुपतिको भित्री पूर्व ढोकाको चाँदीको तोरणको श्री ५ रणबहादुर शाहकी राजकुमारी विलासवतीको अभिलेख, इतिहास प्रकाश, २-३ पृ० ३१३ ।

६४. ई० १८१६ को पशुपतिको शाहवंशीय महाराजाधिराजका सालिकहरूको कपर्दार भोटु पांडेको सुवर्णपत्राभिलेख, संस्कृत सन्देश, ४. पृ० २७।

६५. ई० १८१७ को गोर्खा पोखरीथोक तीनधारेको बन्धुसिंह राणाको अभिलेख गोरखाको ऐतिहासिक सामग्री, पृ० २९-३०।

६६. ई० १८१७ को ठमेल भगवती मन्दिरको धनवीरसिंह खत्रीहरूको अभिलेख, (अप्र०)।

६७. ई० १८१८ को त्रिपुरेश्वर मन्दिरको घण्टाको महारानी ललितत्रिपुरसुन्दरी र महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहको अभिलेख, अभिलेख संग्रह, १२. पृ० १६

६८. ई० १८२० को त्रिपुरेश्वर मन्दिरको महारानी ललितत्रिपुरसुन्दरी र महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहको स्तम्भाभिलेख, त्रिरत्न-सौन्दर्य-गाथा, पृ० ३०३-३०५.

६९. ई० १८२० को सिम्भूको उत्तरतर्फको अभिलेख, (अप्र.)।

७०. ई० १८२० को शंखमूल पाटनको जयेश्वर मन्दिरको काजी रणध्वज थापाको स्तम्भाभिलेख, (अप्र०)।

७१. ई० १८२२ को सुन्धाराको प्रधानमन्त्री भीमसेन थापाको अभिलेख, संस्कृत सन्देश, ५. पृ० १४-१६.

७२. ई० १८२२ को धनकुटा निशानथालको जसपाउ थापाको अभिलेख, पुरातत्त्व पत्रसंग्रह, ३. पृ० ३९-४०.

७३. ई० १८२३ को धमकुटा निशानथानको जसपाउ थापाकी पत्नी चित्ररेखादेवीको अभिलेख, पुरातत्त्व पत्र संग्रह, ३. पृ. ४०-४१.

७४. ई० १८२३ को गुह्येश्वरीको सिंहस्तम्भको महारानी ललितत्रिपुरसुन्दरीको स्तम्भाभिलेख, अभिलेख संग्रह, १२. पृ. १६-१७.

७५. ई० १८२४ को गोर्खा दर्बार रंगमहलको महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहको अभिलेख, गोरखाको ऐतिहासिक सामग्री पृ० ३०-३१.

७६. ई० १८२४ को धरहराको प्रधानमन्त्री भीमसेन थापाको संक्षिप्त अभिलेख, अभिलेख संग्रह, १२. पृ० १७.

७७. ई० १८२४ को धनकुटा भीमसेन थानको बहादुर भण्डारीको अभिलेख, पुरातत्त्व पत्रसंग्रह, ३. पृ० ४१.

७८. ई० १८२५ को धरहराको महारानी ललितत्रिपुरसुन्दरीको संक्षिप्त अभिलेख, इतिहास प्रकाश, १. पृ० ८६.

७९. ई० १८२५ को हनूमानढोकाको महाराजाधिराज राजेन्द्रवीरविक्रम शाह को अभिलेख, त्रि रत्न-सौन्दर्य-गाथा पृ० ३०८

८०. ई० १८२५ को नुवाकोट देवीघाट मन्दिरको राजकुमार रणोद्योतशाहको अभिलेख, प्राचीन नेपाल, १३ पृ. ३९-४०.

८१. ई० १८२६ को भक्तपुर सुनढोकाको माहारजाधिराज राजेन्द्रवीरविक्रम शाहको ताम्रपत्र, अभिलेख संग्रह, १२. पृ० १७.

८२. ई० १८२७ को काठमाडौं तीनधारा बानेश्वर मन्दिरको डिठ्ठा कालीदासको अभिलेख, (अप्र०) ।

८३. ई० १८२८ को सुन्धाराको डूँडको महारानी ललितत्रिपुरसुन्दरीको सुवर्णपत्राभिलेख, इतिहास प्रकाश, १. पृ. ६८. संस्कृत सन्देश, ६. पृ० १८.

८४. ई० १८३१ को पाटन यंपिविहि चैत्यको पूर्वपेटीको अभिलेख, (अप्र०)।

८५. ई० १८३३ को धुलिखेल वटोलको गणेश मन्दिरको अभिलेख(अप्र०) ।

८६. ई० १८३४ को पशुपतिको सुब्बा कुलानन्दझाको अभिलेख, संस्कृत सन्देश, ३. पृ० १७-२५.

८७. ई० १८३४ मा पाटनमा भएको सम्यक्मा महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहमा चढाएको निमन्त्रणापत्र, संस्कृत सन्देश, ८. पृ० ९-१५.

८८. ई० १८३५ को गोर्खा गोरखनाथ गुफाको ध्वजाको महारानी साम्राज्यलक्ष्मीको अभिलेख, गोरखाको ऐतिहासिक सामग्री, पृ. ३२.

८९. ई० १८३७ को बनेपा वकुटोल बहालको शाक्यभिक्षु ज्येष्ठभाजुको अभिलेख, भक्तपुर-शिलालेख सूची, पृ० ९४.

९०. ई० १८३७ को भक्तपुर नीलवाराही थानको महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, भक्तपुर-शिलालेख सूची, पृ० ९५.

९१. ई० १८३७ को त्रिपुरेश्वर मन्दिरको महारानी ललितत्रिपुरसुन्दरीको सालिकको महाराजाधिराज राजेन्द्रवीरविक्रमशाहदेवको स्तम्भ लेख, अभिलेख संग्रह, १२. पृ० १९

९२. ई० १८३७ को कंकेश्वरी मन्दिरको पादपीठ अभिलेख
९३. ई० १८३८ को गोर्खा गोरखनाथ गुफाको घण्टाको महारानी साम्राज्यलक्ष्मीको अभिलेख, गोरखाको ऐतिहासिक सामग्री, पृ० ३२. (अप्र.)।
९४. ई० १८३९ को काठमाडौं सानो गौचर कुनाको मन्दिरमा रहेको अभिलेख; संस्कृत सन्देश, ९. पृ० ८.
९५. ई० १८३९ को चाबेल ओकुबाहाल पाटीको शिलालेख (अप्र०) ।
९६. ई० १९४१ को पचलीघाटको पाटीको सर्दार शत्रुभञ्जन शाहको अभिलेख, अभिलेख संग्रह, १२. पृ० १९–२०
९७. ई० १८४३ को पशुपतिको सुब्बा कुलानन्द झा र विद्यालक्ष्मीका सुनौला सालिकको सुब्बा हीरालालझाको अभिलेख, संस्कृत सन्देश, ४. पृ० २८-२९
९८. ई० १८४३ को टेकु भीममुक्तेश्वरको घण्टाको प्रधानमन्त्री माथबरसिंह थापाको अभिलेख (अप्र०) ।
९९. ई० १८४४ को धरहरानेर देवीमन्दिरको प्रधानमन्त्री माथबरसिंह थापाको अभिलेख, पूर्णिमा, २२. पृ० १३३-१३४.
१०० ई० १८४५ को थापाथली जङ्गनन्दप्रकाशेश्वरको घण्टाको जङ्गबहादुर राणाको अभिलेख, (अप्र०) ।
१०१. ई० १८४६ को मृगस्थलीको रक्षाकुमारी राणाको अभिलेख (अप्र.)।
१०२. ई० १८४८ को मृगस्थलीको पाटीको जर्नेल जयबहादुर कुंवर राणाको अभिलेख, (अप्र०) ।
१०३. ई० १८५२ को भक्तपुर दत्तात्रेयको गरुड रहेको स्तम्भको लेख (अप्र०) ।
१०४. ई० १८५३ को मृगस्थलीको काजी दलकेश पाँडेको अभिलेख (अप्र०)।
१०५. ई० १८५३ को टेकु भीममुक्तेश्वर मन्दिरको माथबरसिंह थापाकी आमा रणकुमारीको अभिलेख (अप्र०) ।
१०६. ई० १८५४ को चाबेल चैत्यको पश्चिम पाटीमा रहेको धोबीहरूको अभिलेख (अप्र०) ।
१०७. ई० १८५४ को गोकर्णेश्वरको पाटीको रक्षाकुमारी राणाको अभिलेख (अप्र०) ।

१०८. ई० १८५५ को मच्छिन्द्रबहाल आँगनको सिंहनाद लोकेश्वर रहेको खम्बाको अभिलेख (अप्र०) ।

१०९. ई० १८५५ को पाटन शंखमूल जगत्नारायण मन्दिरको जगत्शम्शेर राणाको अभिलेख (अप्र०) ।

११०. ई० १८५५ को पाटन शंखमूल जगत्नारायण मन्दिरको गरुडस्तम्भको जगत्शम्शेर राणाको अभिलेख (अप्र०) ।

१११. ई० १८५६ को धनकुटा बारूदखानाको खड्गबहादुर कुंवरको अभिलेख, पुरातत्त्व पत्रसंग्रह, ३. पृ० ४५–४६.

११२. ई० १८५७ को धनकुटाको खड्गबहादुर कुंवरको अभिलेख, पुरातत्त्व पत्रसंग्रह, ३. पृ० ४६.

११३. ई० १८५९ को कंकेश्वरी मन्दिरको पश्चिमतर्फ रहेको चैत्यको अभिलेख (अप्र०) ।

११४. ई० १८६१ को पश्चिम १ नं० मान्खु शिवालय घण्टाको काशीदत्त पाँडेहरूको अभिलेख, पूर्णिमा, १८. पृ० १४५.

११५. ई० १८६७ को मृगस्थली विश्वरूपको घण्टाको श्री ३ महाराज जङ्गबहादुर राणाको अभिलेख (अप्र०) ।

११६. ई० १८६७ को बनेपा भोलाखा टोल लोकेश्वरको घरको धनाराम सिंह मानन्धरको अभिलेख, भक्तपुर-शिलालेख-सूची, पृ० ६६.

११७. ई० १८६८ को मृगस्थलीको जर्नेल धीरशम्शेर राणाको अभिलेख. (अप्र.) ।

११८. ई० १८७१ को पशुपति पञ्चदेवल मन्दिरका ५ घण्टाका श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र, युवराज त्रैलोक्य, सुरराज्यलक्ष्मी र देवराज्य लक्ष्मीका अभिलेख (अप्र) ।

११९. ई० १८७१ को वत्तिसपुतली थुम्को रामचन्द्रमन्दिरको घण्टाको सनकसिंह लाहुरीटण्डन क्षत्रीको अभिलेख (अप्र०) ।

१२०. ई० १८७२ को काठेसिम्भूको सीढीमुन्तिरको अभिलेख (अप्र०) ।

१२१. ई० १८७४ को कालमोचन सत्यनारायण मन्दिरको खम्बाको श्री ३ महाराज जङ्गबहादुर राणाको अभिलेख (अप्र०) ।

१२२. ई० १८७४ को नारायणहिटि धीरनारायण मन्दिरको जर्नेल धीरशम्शेर राणाको अभिलेख (अप्र०) ।

१२३. ई० १८७६ को बालाजु पार्कभित्र शैलयोगिनीको राजमानको अभिलेख (अप्र०) ।

१२४. ई० १८७६ को जनकपुरको श्री ३ महाराज जङ्गबहादुर राणाको काष्ठपत्राभिलेख, पुरातत्त्व पत्र संग्रह, ३ पृ० ४६-४६.

१२५. ई० १८७९ को पाटन मीननाथ मन्दिरको घण्टाको चौकोसको शिल्पकार कृष्णवीरको अभिलेख (अप्र०) ।

१२६. ई० १८८० को पशुपति राजराजेश्वरी जीतजंगप्रकाशेश्वर मन्दिरको जीतजङ्ग राणाको अभिलेख (अप्र०) ।

१२७. ई० १८९० को विष्णुमती इन्द्राणी मन्दिरको अभिलेख (अप्र०) ।

१२८. ई० १८९२ को वराहक्षेत्रको घण्टाको श्री ३ महाराज वीरशम्शेर जङ्गबहादुर राणाको अभिलेख, पुरातत्त्व पत्र संग्रह, ३. पृ० ५०.

१२९. ई० १८९४ को बत्तिसपुतली थुम्को रामचन्द्र मन्दिरको अभिलेख, रूपरेखा, १५७. पृ० ३६–३७ (आंशिक प्रकाशन) ।

१३०. ई० १८९६ को पशुपतिको भित्री दक्षिण ढोकाको कोटालको पं० जयदेव र पं० दिव्यदेवको अभिलेख, इतिहास प्रकाश, २–३. पृ० ३१४.

१३१. ई० १८९६ को काठमाडौं अटकनारायण मन्दिरसामु गरुडमूर्तिको पादपीठको कृष्णवीर श्रेष्ठहरूको अभिलेख (अप्र०) ।

१३२. ई० १८९७ को काठमाडौं अटकनारायण मन्दिरको आँगनमा दक्षिणतर्फ रहेको अभिलेख (अप्र०) ।

१३३. ई० १९०५ को सिम्भू मञ्जुश्रीथानको उकालोको मञ्जुश्री मूर्तिको पादपीठ अभिलेख (अप्र०) ।

१३४. ई० १९०५ को सिम्भू मञ्जुश्रीथानको उकालो सरस्वती मूर्तिको पादपीठ अभिलेख (अप्र०) ।

१३५. ई० १९११ को मच्छेन्द्रबहाल मन्दिरसामु आर्यताराको ढलौटे मूर्ति रहेको खम्बाको अभिलेख, (अप्र०) ।

१३६. ई० १९१३ को सिंहदर्बार गोपुरको दाहिनेतर्फ भित्ताको श्री ३ महाराज चन्द्रशम्शेर राणाको अभिलेख (अप्र०) ।

१३७. ई० १९२४ को मृगस्थली गोरक्षनाथनेर त्रिशूलवेदिकाको श्री ३ महाराज चन्द्रशम्शेर राणाको अभिलेख, इतिहास प्रकाश, २-३. पृ० ५४५.

१३८. ई० १९२४ को भदगाउँ वाकुपतिनारायण मन्दिरको पूर्व र उत्तर भित्ताका संक्षिप्त अभिलेख (अप्र०) ।

१३९. ई० १९२५ को तीनधारा पाकशाला कार्यालय-कक्षको भित्तामा टाँसिएको जर्नेल धर्मशम्शेर राणाको विशाल ताम्रपत्र (अप्र०)। यसमा ई० १८८४ मा जर्नेल धीरशम्शेर राणाले ५४ जना ब्राह्मणहरूलाई भोजन गराउने क्षेत्र थापी भोजन-गुठी राखेको उल्लेख गरिएको छ तथा त्यस गुठीमा ई० १८८८ मा श्री ३ महाराज वीरशम्शेर राणाले ५४ जना अरू ब्राह्मणलाई भोजन गराउने गुठी थप गरेको कुरा पनि चर्चिएको छ ।

१४०. ई० १९७२ को जनकपुर राममन्दिरको छानाको श्री ३ महाराज चन्द्रशम्शेर राणाको अभिलेख, पुरातत्त्व पत्र संग्रह, ३. पृ० ५२.

१४१. ई० १९३२ को भक्तपुर सुनढोकाको श्री ३ महाराज जुद्धशम्शेर राणाको ताम्रपत्र, अभिलेख संग्रह, ८ पृ० ७-८.

१४२. ई० १९३४ को वराहक्षेत्रको ढोकाको श्री ३ महाराज जुद्धशम्शेर राणाको अभिलेख पुरातत्त्व पत्र संग्रह, ३. पृ० ५२.

१४३. ई० १९३५ को धरहराको श्री ३ महाराज जुद्धशम्शेर राणाको ताम्रपत्र अभिलेख संग्रह, ८ पृ० ८–९ इतिहास प्रकाश, १. पृ० ८६.

१४४. ई० १९३६ को टेंगल रक्तकालीको छानाको धर्माधिकार हेरम्बराज पण्डितको अभिलेख (अप्र०) ।

१४५. ई० १९३६ तिरको नयाँ सडकको श्री ३ महाराज जुद्धशम्शेर राणाको सालिकको संगमर्मरको अभिलेख, अभिलेख संग्रह, ८ पृ० ९–११.

१४६. ई० १९३९ को पचलीको हल्लने पुलको श्री ३ महाराज जुद्धशम्शेर राणाको अभिलेख, ऐजन, पृ ११–१२.

१४७. ई० १९३९ को त्रिपुरेश्वर मूलत्राटोको श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको सालिकको श्री ३ महाराज जुद्धशम्शेर राणाको अभिलेख, इतिहास प्रकाश, २–३. पृ० ४६७–४६८.

१४८. ई० १९४० को ललितपुर मंगलबजार भूकम्प स्मारक स्तम्भको श्री ३ महाराज जुद्धशम्शेर राणाको अभिलेख, अभिलेख संग्रह, ८. पृ० १२–१४.

१४९. (ई० १९४० को ?) नयाँसडक भूगोलको वेदीको ६ पाटामा लेखिएको श्री ३ महाराज जुद्धशम्शेर राणाको अभिलेख, अभिलेख संग्रह, ८. पृ० १५-२३ ।

१५०. ई० १९४१ को मच्छेन्द्रबहाल आँगनको ताराको ढलौटे मूर्ति थापिएको खम्बाको कौशल धोबिनीको अभिलेख (अप्र०) ।

१५१. (ई० १९४१ को ?) थापाथली पाश्चायनको श्री ३ महाराज जुद्धशम्शेर राणाको अभिलेख, अभिलेख संग्रह, ८. पृ० २४-२८.

१५२. ई० १९४३ को राष्ट्रिय संग्रहालयको श्री ३ महाराज जुद्धशम्शेर राणाको सालिकसँगको तामापत्र, अभिलेख संग्रह, ८. पृ० २८ ।

१५३. (ई० १९४३ को ?) राष्ट्रिय संग्रहालयको श्री ३ महाराज जुद्धशम्शेर राणाको सालिकको पीठमा रहेको अभिलेख, अभिलेख संग्रह, ८. पृ० २८–२९ ।

१५४. ई० १९४४ को पशुपतिको श्री ३ महाराज जुद्धशम्शेर राणाको तुलादान, स्तम्भ-लेख, अभिलेख संग्रह, ८. पृ० २९-३० ।

१५५. ई० १९४५ को काठमाडौं भीमसेनस्थानपारि घाटनेर चक्रसम्बर मन्दिरको अभिलेख (अप्र०) ।

१५६. ई० १९४६ को सिम्भूथानको पश्चिम होचाका चौरमा रहेको चैत्यको अभिलेख (अप्र०) ।

१५७. ई० १९४६ को श्री ३ महाराज जुद्धशम्शेर राणाको हाल टुंडीखेलमा लुमडीतर्फ रहेको घोडचढी सालिक (अघि यो जाउलाखेलमा थियो रे) को पादपीठका ४ पाटाका अभिलेख, अभिलेख-संग्रह, ८. पृ० ३०-३३ ।

१५८. ई० १९५३ को विक्रमशिलामहाविहार ठमेलको चैत्यशीर्ष स्तम्भको प्रेमनरसिंह प्रधानहरूको अभिलेख (अप्र०) ।

१५९. ई० १९५६ को लगन तिबे मन्दिरको सुब्बा प्रेमबहादुर मावहाङको किराती र नेपाली अभिलेख, (अप्र०)

१६०. ई० १९५८ को भक्तपुर सिद्धपोखरीको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२५ ।

१६१. ई० १९५८ को चोभार जलविनायक सत्तलको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ पृ० ४३१–४३२ ।

१६२. ई० १९५९ को पशुपति उन्मत्त भैरव मन्दिरको बाहिरी भित्ताको श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४३२–४३३.

१६३ ई० १९५० को गुह्येश्वरीको श्री ५ महेन्द्रवीरविक्रम शाहदेव तथा श्री ५ बडामहारानी रत्नराज्य लक्ष्मीदेवीका सुनौला सालिक रहेको स्तम्भाभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४३०–४३१.

१६४. ई० १९६० को फर्पिङ दक्षिणकाली घाट धर्मशालाको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२९.

१६५. ई० १९६१ को टुंडीखेल महाकाल मन्दिरको सीढी मुन्तिरको संगमर्मरको श्री ५ महाराजधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२५–४२७.

१६६. ई० १९६१ को लाजिम्पाट टकुचा सरस्वतीथानको पाटीको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२७–४२९.

१६७. ई० १९६२ को भक्तपुर न्यातपोको पेटीका अंग्रेजी र नेपालीका श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवका अभिलेख, नेपाली भाग महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२४-२५ मा प्रकाशित ।

१६८. ई० १९६२ को पाटन वासाहिटीको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको पालाको सामाजिक अभिलेख (अप्र०) ।

१६९. ई० १९६३ को लुम्बिनीको 'महेन्द्र-स्तम्भ' को श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको स्तम्भाभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४३० ।

१७०. ई० १९६४ को सिंहदर्बारसामु श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सालिकको पादपीठको परिचय लेख (अप्र०) ।

१७१. ई० १९६५ को बनेपाको श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेवको सालिकको पादपीठको अभिलेख (अप्र०) ।

१७२. ई० १९६६ को काष्ठमण्डपको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२४ ।

१७३. ई० १९६७ को काठमाण्डू काठेसिम्भू चैत्यको पश्चिमी भागमा सीढीमुन्तिर उत्तरतर्फ रहेको अभिलेख (अप्र०) ।

१७४. ई० १९६७ को पाटन कुम्भेश्वर मन्दिरको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२३.

१७५. ई० १९६८ को पशुपतिको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको सालिक रहेको स्तम्भको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४१८–४१९.

१७६. ई० १९६८ को पशुपतिको दक्षिणी ढोकाभित्र भित्तामा टाँगिएको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको रजतपत्रको सुवर्णाक्षर अभिलेख; महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२०.

१७७. ई० १९६८ को पाटन मत्स्येन्द्रनाथ मन्दिरको तल्लो तलाको 'ह्यु मुदल' को पित्तलको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२२.

१७८. ई० १९६८ को बालाजु पुरानो गुह्येश्वरीको भक्तलाल हाडाश्रेष्ठको अभिलेख (अप्र०) ।

१७९. ई० १९७० को गुह्येश्वरी मन्दिरभित्रको श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रमशाहदेवको अभिलेख, महेन्द्र स्मृति ग्रन्थ, पृ० ४२१–४२२.

१८०. ई० १९७३ को पाटन मंगलबजार कृष्ण उद्यानको बुद्धमन्दिरको पश्चिमी भित्ताको सामाजिक अभिलेख (अप्र०) ।

१८१. ई० १९७४ को दर्बारमार्ग तीनधाराको श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको सालिकको परिचय लेख (अप्र०)।

१८२. ई० १९७५ फेब्रुअरी २४ तारीखको दिन श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको शुभराज्याभिषेकको संस्मरणमा गोदावरी वीरेन्द्रपार्कमा स्थापित स्तम्भ ।

□

परिशिष्ट–ग

महत्त्वपूर्ण ग्रन्थहरूको सामान्य विवरण

ई० १७६८–१९७५ सम्म रचिएका

शाहकालमा विभिन्न युगमा नेपालीले नेपाली, नेवारी, संस्कृत र अंग्रेजीमा लेखेका नेपाली साहित्य र अरू विषयका पुस्तकहरू यो सूचीमा छनोट गरी प्रस्तुत गरिएका छन् । यो सूचीमा लेखन क्रमअनुसार[1] पुस्तकहरूको विवरण प्रस्तुत गरिएको छ । यो सूचीबाट पनि शाहकालीन संस्कृतिको एक पक्ष–बौद्धिक पक्षको मोटामोटी रूप प्रत्यक्ष हुन्छ । खास गरी यस सूचीको अध्ययनः—

क. लेखकका नाम
ख. लेखकका जात र थर (तथा थलो)
ग. लेखकको समय
घ. प्रेस-युगका पुस्तकमध्येको प्रकाशन स्थल, समय र प्रकाशक संस्था[2]

---

[1] लेखोट किताबका सन्दर्भमा तिनमा लेखिएका अन्तिम मितिलाई यहाँ सकारिएको छ, त्यस्ता किताबमा मिति नलेखिएको भए अन्दाजी गरी मिति हालिएको छ । प्रेस-युगका अधिकांश पुस्तकहरूमा (यदि ती अधिक लेखोट पुस्तकका प्रकाशित रूप नभए) दिने गरिने प्रकाशन मितिलाई कुनै पुस्तकको रचनाकाल मानिएको छ, यदि त्यो पुराना संस्मरण आदि भए तिनमा रचनाकाल पनि हामीले जोडेका छौं ।

[2] प्रेस-युगअघि, केही अघिको प्रेस-युग र हालको प्रेस-युगमा पनि लेखकलाई विभिन्न रूपबाट संरक्षण वा प्रोत्साहन दिने व्यक्ति वा संस्थाको परिचय यहाँ समावेश गर्न भ्याइएको छैन, यद्यपि ६० प्रतिशतभन्दा बढी पुस्तकहरू यस्तै किसिमबाट रचिएका देखिन्छन् । यो तथ्यलाई यहाँ स्पष्ट गर्न सकिएको छैन तर साहित्यिक-बौद्धिक मूल्यांकन गर्दा यस पक्षको गम्भीर अध्ययन पनि गरिनु जरूरी देखिन्छ ।

ङ साहित्यिक-बौद्धिक गतिविधिको क्रमिकताको एक-पक्षको रूप
च. समकालीन परिस्थितिको मूल्यांकन गर्ने बौद्धिक क्षमता
छ. विभिन्न भाषाहरूको स्थिति र गतिविधि
ज. आफूअघिका युगका देन र स्थितिका मूल्यांकन गर्ने विभिन्न रूपका प्रयास—

इत्यादि र अरू बेगन्ती कुराको लागि गर्न सकिन्छ ।

१. लक्ष्मण कवि	कवितानिकषोपलः (संस्कृत चम्पू), रचनाकाल ई० १७६८ । संपा. योगी नरहरिनाथ, गोरक्ष ग्रन्थमाला काशी ई० १९५६.
२. ललितावल्लभ	भक्तविजयकाव्यम्, रचनाकाल–ई० १७६९ संपादक–योगी नरहरिनाथ, गोरक्ष ग्रन्थमाला-२७. ई० १९५२.
३. "	पृथ्वीन्द्रवर्णोदय, उद्धरणहरू मात्र प्रकाशित, रचनाकाल ई० १७७०; १०२ श्लोकको स्तुति-काव्य ।
४. शाहदेव, महाराजाधिराज प्रतापसिंह	वृहत् पुरश्चर्यार्णवः, रचनाकाल–अ० ई० १७७६; प्रथम संस्करण काशीबाट प्रकाशित; काठमाण्डूबाट ले० जे० श्री धनशम्शेर ज० ब० रा० बाट सम्पादित भई ४ भागमा ई० १९६८–१९७४ मा प्रकाशित ।
५. भानुदत्त	हितोपदेश मित्रलाभ, रचनाकाल ई० १७७६; पाँचशय वर्ष, पृ० २८९–३०६.
६. पाँडे, वाणीविलास	प्रशस्तिरत्नावली, रचनाकाल ई० १७८४; संपा. नयनाथ पौडेल, श्री ५ को सरकार शि० मं० पुरातत्त्व-विभाग, नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौं ई० १९६५.
७. "	दुर्गाकृत्यकौमुदी, रचनाकाल ई० १७८६, ग्रन्थ परिचय, पूर्णिमा ३. पृ० ५२–५८ मा प्रकाशित ।

८.	आचार्य, श्रीहर्ष	ओखती सम्बन्धी ग्रन्थ, रचनाकाल ई० १७९१, पाँचशय वर्ष पृ० ३२६–३२९ मा उद्धृत ।
९.	अर्ज्याल, शक्तिवल्लभ	जयरत्नाकरनाटक, रचनाकाल ई० १७९२; नेपाली अनुवादसहित सम्पादक-धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल, नेपाल सांस्कृतिक परिषद्, १९५७.
१०.	पाँडे लक्ष्मीपति	दुर्गार्चनकल्पतरु, रचनाकाल ई० १७९३; ग्रन्थपरिचय पूर्णिमा ९. पृ० ४५–४७ मा प्रकाशित ।
११.	पाध्या, रामभद्र	लक्ष्मीधर्मसंवाद, रचनाकाल ई० १७९४; पाँचशय वर्ष, पृ० ३३४–४८ मा उद्धृत ।
१२.	अर्ज्याल, शक्तिवल्लभ	हास्यकदम्ब, रचनाकाल ई० १७९८; पाँचसय वर्ष, पृ० ३५१–८४ मा उद्धृत ।
१३.	पाँडे, वाणीविलास	वाणीविलास-सिद्धान्त, धर्मशास्त्र; रचनाकाल अ० ई० १८०० । ग्रन्थ परिचय पूर्णिमा २. पृ० ३८–४२ मा प्रकाशित ।
१४.	शर्मा, कुलनिधि	नित्यकर्मप्रकाशिका, रचनाकाल अ० ई० १८०५; प्राभाकरी कम्पनी काशी, ई० १९०२.
१५.	शिवनृसिंह	वाजहोत्र, ई० १८०७ को रचना; पाँचशय वर्ष पृ० ३८९-९२ मा उद्धृत ।
१६.	दैवज्ञ ज्योतिनरसिंह	तुलसी-स्तव, रचनाकाल ई० १८०९; पाँचशय वर्ष, पृ० ३९५-९९ मा उद्धृत ।
१७.	पाँडे, वाणीविलास	वाग्वती स्तम्भाभिलेख, रचनाकाल ई० १८११; संस्कृत सन्देश, ७ पृ० १-१४ मा प्रकाशित ।
१८.	शाहदेव, महाराजाधिराज गीर्वाण युद्धविक्रम	सत्कर्मरत्नावली, रचनाकाल अ० ई० १८१५; सम्पादक-रामनाथ आचार्य र दामोदर कोइराला, पूर्वार्ध काठमाण्डू ई० १९६९; उत्तरार्ध, काठमाण्डू ई० १९७२.
१९.	?	दशकुमारचरित, रचनाकाल ई० १८१८; पाँचशय वर्ष पृ० ४०७-११ मा उद्धृत ।

२०.	अर्ज्याल, दैवज्ञ केशरी	गोरक्षयोगशास्त्र, रचनाकाल ई० १८२०; पाँचशय वर्ष पृ० ४२६-२८ मा उद्धृत ।
२१.	?	महाभारत गदापर्व रचनाकाल ई० १८२९, पाँचशय वर्ष पृ० ४४०-४४ मा उद्धृत ।
२२.	?	गोरक्षाधीशचम्पू, रचनाकाल अ० ई० १८२९ इतिहास प्रकाश २-३. पृ० ५९८-६११ मा प्रकाशित ।
२३.	विद्यापति, हीनव्याकरणी	गीतगोविन्द, रचनाकाल ई० १८३१; पाँचशय वर्ष पृ० ४४५-५२ मा उद्धृत ।
२४.	देवी, महारानी ललितत्रिपुरसुन्दरी	राजधर्म, रचनाकाल अ० ई० १८३१; पाँचशय वर्ष पृ० ४५३-५५ मा उद्धृत ।
२५.	बाँडा सुन्दरानन्द	त्रिरत्न-सौन्दर्य-गाथा, रचनाकाल अ० ई० १८३१-३२. संपादक-धनवज्र वज्राचार्य, नेपाल-सांस्कृतिक परिषद्, ई० १९६२.
२६.	पाँडे, भवानीदत्त	मुद्राराक्षस, रचनाकाल—ई० १८३५; पाँचशय वर्ष पृ० ४५६-६२ मा उद्धृत, गल्लीमा पर्याकिएका कसिगर, काठमाण्डू-मा चर्चित ।
२७.	,,	आत्मबोध, रचनाकाल-ई० १८३५; पाँचशय वर्ष, पृ० ४६२-६५ मा उद्धृत गल्लीमा पर्याकिएका कसिगरमा चर्चित ।
२८.	,,	महाभारत उद्योगपर्व, रचनाकाल अ० ई० १८३५; पाँचशय वर्ष, पृ० ४६६-७ मा उद्धृत, गल्लीमा पर्याकिएका कसिगरमा चर्चित ।
२९.	,,	मार्कण्डेय पुराण, रचनाकाल अ० ई० १८३५. पाँचशय वर्ष पृ० ४७५-७८ मा उद्धृत । गल्लीमा पर्याकिएका कसिगरमा चर्चित ।
३०.	,,	हितोपदेश, रचनाकाल अ० ई० १८३५ पाँचशय वर्ष पृ० ४७८-८३ मा उद्धृत । गल्लीमा पर्याकिएका कसिगरमा चर्चित ।

३१.	?	''जंगबहादुरको बेलाइत यात्रा'', रचनाकाल १८५०; सम्पादक कमल दीक्षित, मदन-पुरस्कार पुस्तकालय, पाटन ई० १९५७.
३२.	पोखर्‍याल, रघुनाथ	सुन्दरकाण्ड, रचनाकाल प्र० ई० १८६० क० सम्पादक—दीनानाथ सापकोटा, नेपाली साहित्य सम्मेलन दार्जीलिङ्ग ई० १९३१ ख० तुलनात्मक सुन्दरकाण्ड-बाबुराम आचार्य, नेपाली भाषा प्रकाशिनी समिति, ई० १९४५.
३३.	?	'बत्तीस सालको रोजनामचा', रचनाकाल ई० १८७५, सम्पादक कमल दीक्षित, जगदम्बा प्रकाशन, पाटन ई० १९६६.
३४.	पाँडे, गोपालदत्त	व्यक्तचन्द्रिका, काठमाण्डू, ई० १८८३, दोस्रो संस्करण निर्णयसागर प्रेस वम्बई, ई० १८९५.
३५.	दीक्षित-आचार्य, सदाशिव	आचार्य-वंशावली, काठमाण्डू ई० १९०२.
३६.	चालिसे, चक्रपाणि	मछिन्द्रनाथको कथा, प्राभाकरी कम्पनी काशी, ई० १९०५. (ई० १९०७ ?)
३७.	थापाक्षत्री, डिल्लीशम्शेर	यूरोपयात्रा, काठमाण्डू ई० १९१०.
३८.	पण्डित, हेमराज	चन्द्रिका, गोरखाभाषा व्याकरण, ४ प्रकाश काठमाण्डू ई० १९१२ र पछि ।
३९.	सेढाञी, जगन्नाथ-बैजनाथ	चन्द्रमयूख र भूचन्द्रचन्द्रिका: चित्रकाव्य काठमाण्डू ई० १९१३.
४०.	चालिसे, चक्रपाणि	नेपाली संक्षिप्त रामायण, गोरखा भाषा प्रकाशिनी समिति, ई० १९१५.
४१.	दासगुप्त, सुरेशचन्द्र	होमियोप्याथी कीताब, 'नेपाली भाषामा पँले छापीयेको'; काठमाण्डू. ई० १९१६.
४२.	पौड्याल, लेखनाथ	ऋतुविचार, निर्णयसागर प्रेस ई० १९१६.
४३.	"	बुद्धिविनोद, निर्णयसागर प्रेस, ई० १९१६.

४४.	पौड्याल, शर्मा चिरञ्जीवी	आफ्नु कथा, ई० १८७० देखि १९१७ सम्मको सम्मको व्यक्तिगत-सामाजिक संस्मरण, रचनाकाल ई० १९१७ तिर। सम्पादक प्रेमराज शर्मा, काठमाण्डू ई० १९५७.
४५.	गोरखा भाषा प्रकाशिनी समिति–(नेपाल, गोरखा राजधानी ''गोरखा-शिक्षा-प्रचारक-विभाग)''	संक्षिप्त भारत, संपादक राममणि आचार्य दीक्षित काठमाण्डू ई० १९१८.
४६.	राणा, शम्शेरविक्रम, राणा योग विक्रम जङ्ग	वजिरिस्थानको यात्रा, काठमाण्डू ई० १९१८.
४७.	शर्म्मा, सोमनाथ	मध्यचन्द्रिका, काठमाण्डू, ई० १९१९.
४८.	पौड्याल, लेखनाथ	सत्य-कलि-संवाद, काशी, ई० १९१९.
४९.	वज्राचार्य, ज्ञानरत्न	प्रज्ञापारमितादेवीयागु एकविंशति श्लोकया भाषासहितं, काठमाण्डू, ई० १९१९.
५०.	कोइराला, धरणीधर	नैवेद्य, काशी, ई० १९२०
५१.	गौतम, कुलचन्द्र	अलंकारचन्द्रोदय, काठमाण्डू, ई० १९२१.
५२.	उपाध्याय, अम्बिकाप्रसाद	नेपालको इतिहास, पटना, ई० १९२२.
५३.	आचार्य दीक्षित, लक्ष्मीमणि	हितोपदेश· रचनाकाल-ई० १९२३, जगदम्बा प्रकाशन, ई० १९६०.
५४.	राणा, केसरशम्शेर	विक्रमोर्वशी, काठमाण्डू, ई० १९२५.
५५.	मरासिनि शर्मा, दधिराम	श्रीरामचरितामृतम् नाम रामायणसारः, सगणेशवैभवाऽपरोक्षानुभूतिकः खिदिम गुल्मी, ई० १९२८.
५६.	मलण, सुब्बा ऋद्धिबहादुर	शर्मिष्ठा ('शिक्षाप्रद पौराणिक उपाख्यान'), काठमाण्डू ई० १९२८.
५७.	शास्त्री, शुक्रराज	स्वर्गको दरबार, हिन्दू समाजको उद्धार सम्बन्धी विचारपूर्ण, कलकत्ता, ई० १९२९.
५८.	राणा, सम्शेर जंगबहादुर बालकृष्ण	मुटुको व्यथा, काठमाण्डू, ई० १९२९.

५९. अर्ज्याल, उमानाथ	वामननामकौमुदी, काशी, ई० १९३०.
६०. आचार्यदीक्षित, काशीनाथ	'भएका कुरा', रचनाकाल-ई० १९३०–३१ ई० १८६० देखि ई० १९३१ सम्मका विवरण र व्यक्तिगत संस्मरण । सम्पादक— नरेन्द्रमणि आचार्य दीक्षित, काठमाण्डू, ई० १९७४.
६१. ज्ञवाली, सूर्यविक्रम	रामशाहको जीवनचरित्र, दार्जीलिङ, ई० १९३१.
६२. राणा जंगबहादुर, ले. ज. धनशम्शेर	रौद्रीय व्याकरण, कौमुदी, काठमाण्डू, ई० १९३३.
६३. पाण्डे, रुद्रराज	रूपमती, काठमाण्डू, ई० १९३४.
६४. राणा जंगबहादुर, मे. ज ब्रह्मशम्शेर	नेपालको महाभूकम्प, काठमाण्डू, ई० १९३४.
६५. ज्ञवाली, सूर्यविक्रम	पृथ्वीनारायण शाह, दार्जीलिङ, ई० १९३५.
६६. वज्राचार्य विद्याहर्ष	श्रीदेवदेवतास्तोत्रसंग्रह, काठमाण्डू, ई० १९३५
६७ ढुंगाना उपाध्याय, गोपालचन्द्र	ब्राह्मण-सर्वस्व, नेपाल राजधानी नेपाली शिक्षाप्रचारक विभाग, नेपाली भाषाप्रकाशिनी समिति, ई० १९३६.
६८. राणा, सम्शेर जंगबहादुर बालकृष्ण	मुकुन्द इन्दिरा, काठमाण्डू, ई० १९३७.
६९. पौड्याल, लेखनाथ	लक्ष्मीपूजा काठमाण्डू, ई० १९३७.
७०. देवकोटा, लक्ष्मीप्रसाद	मुनामदन, नेपाली भाषा प्रकाशिनी समिति, ई० १९३९.
७१. शास्त्री, शुक्रराज	श्रीमहर्षि माधवराज जोशीका जीवन चरित्र, नेपाल भारतादि विश्व इतिहासको रूपरेखा सहित, रचनाकाल अ० ई० १९३७; बाक्पतिराज जोशी र चन्द्रकान्ताबाट प्रकाशित, काठमाण्डू, ई० १९५८.
७२. ज्ञवाली, सूर्यविक्रम (संपादक)	भानुभक्त स्मारक ग्रन्थ, नेपाली साहित्य-सम्मेलन दार्जीलिङ ई० १९४०.

७३.	गौतम, कुलचन्द्र	**महिम्न स्तोत्र**, (नेपाली पद्यानुवाद र टीका सहित), नेपाली साहित्यसम्मेलन दार्जिलिङ, ई० १९४०.
७४.	शमशेर, पुष्कर	**नेपाली उखान टुक्का**, वाक्यांश वाक्पद्धति, इत्यादिको कोष, पहिलो र दोस्रो खण्ड, काठमाण्डू ई० १९४१.
७५.	मिश्र टुकराज, मिश्र, पद्मराज	**रामकृष्ण कुंवर राणा**, (एउटा ऐतिहासिक उपन्यास) । नेपाली भाषाप्रकाशिनी समिति, ई १९४२.
७६.	ज्ञवाली, सूर्यविक्रम	**नेपाली वीरहरू**; दार्जीलिङ, ई० १९४३.
७७.	राणा, सम्शेर जंगवहादुर बालकृष्ण	**भक्त भानुभक्त**, नेपाली भाषा प्रकाशिनी समिति, ई० १९४३.
७८.	तिवारी, भीमनिधि	**नैनीका राम**, (मौलिक सामाजिक नाटक); काठमाण्डू, ई १९४३.
७९.	गौतम, ज्योतिप्रसाद	**भागवत कुञ्ज**, काठमाण्डू, ई० १९४४; २१ सौं संस्करण, काठमाण्डू इ० १९६९.
८०.	देवकोटा, लक्ष्मीप्रसाद	**नेपाली शाकुन्तल महाकाव्य**, नेपाली भाषानुवाद परिषद्—नेपाली भाषाप्रकाशिनी समिति, ई० १९४५.
	”	**सुलोचना**, महाकाव्य, नेपाली भाषानुवाद परिषद्, ई० १९४५.
८१.	”	**लक्ष्मीनिबन्ध संग्रह**, नेपाली भाषा प्रकाशिनी समिति, ई १९४५.
८२.	सवदर्शनाचार्य, चूडानाथ	**परिवर्तन**, रचनाकाल ई० १९४५ नेपाली भाषा प्रकाशिनी समिति, ई० १९४८.
८३.	खनाल, यदुनाथ	**समालोचनाका सिद्धान्त**, नेपाली भाषा प्रकाशिनी समिति, ई० १९४६.
८४.	आचार्य, बाबुराम	**पुराना कवि र कविता** नेपाली भाषा प्रकाशिनी समिति, ई० १९४६.

८५.	राणा, सम्शेर जङ्गबहादुर बालकृष्ण	म (गद्यकविता नाटक) काठमाण्डू, ई. १९४६.
८६.	बराल, ईश्वर	झ्यालबाट (नेपाली कथाहरूको सम्पादन), दार्जीलिङ्ग ई० १९४७ (?)
८७.	पौड्याल, लेखनाथ	पञ्चतन्त्र, नेपाली भाषानुवाद, काठमाण्डू, ई० १९४७.
८८.	तिवारी, भीमनिधि	पन्ध्रप्रबन्ध, नेपाली भाषानुवाद परिषद् ई० १९४७.
८९.	शर्म्मा, सोमनाथ	आदर्श राघव, संस्कृतका २० स्तोत्रहरूको संकलन), काठमाण्डू, ई० १९४८.
९०.	”	आदर्श-राघव (नेपाली भापा महाकाव्य) काठमाण्डू, ई० १९४८.
९१.	‘हृदय’, चित्तधर	सुगत सौरभ(नेवारी, महाकाव्य), काठमाण्डू, ई० १९४९.
९२.	तिवारी, भीमनिधि	कविता-‘नन्द’ काठमाण्डू, ई० १९४९.
९३.	राणा, सम्शेर जङ्गबहादुर बालकृष्ण	प्रह्लाद, द्वितीय संस्करण, काठमाण्डू ई० १९४९.
९४.	थापा-क्षत्री, नेत्रबहादुर	सामान्य ज्ञान, काठमाण्डू, ई० १९४९.
९५.	पौड्याल, लेखनाथ	अमरज्योतिको सत्यस्मृति, काठमाण्डू ई० १९५१.
९६.	भट्टराई, बदरीनाथ	(संपा.)नेपाली गद्य संग्रह भाग २. नेपाली भाषा प्रकाशिनी समिति, ई० १९५२.
९७.	Regmi, D. R.	Whither Nepal, Kathmandu, A.D. १९५२.
९८.	देवकोटा, लक्ष्मीप्रसाद	वसन्ती (नेपाली झ्याउरे गीतिकाव्य), काशी, ई० १९५२.
९९.	देवकोटा, माधवप्रसाद	भारती-वैभवम्, काशी, ई० १९५३.
१००.	देवकोटा, लक्ष्मीप्रसाद	भिखारी (कविता संग्रह), नेपाली, भाषा प्रकाशिनी समिति, ई० १९५३.

१०१.	बराल, ईश्वर	(संपा.)—हिमालचुली (नेपाली कविताहरूको संकलन); सप्तरी, ई० १९५५.
१०२.	जोशी, सत्यमोहन	सिद्धिदास (नेवारी, नाटक,) पाटन, ई० १९५५.
१०३.	Shah, Rishikesh	Nepal and the World, Kathmandu A. D. 1955.
१०४.	योगी नरहरिनाथ	(संपा) श्रीमत्पशुपतिपुराणम् (ईस्वीको पन्ध्रौं शताब्दीतिरको पौराणिक रचना), काठमाण्डू ई० १९५५.
१०५.	"	(संपा.) — इतिहासप्रकाश, ४ भाग, इतिहास प्रकाश मण्डल, काठमाण्डू, ई० १९५५–५६.
१०६.	नेपाली, चित्तरञ्जन	जनरल भीमसेन थापा र तत्कालीन नेपाल, नेपाल सांस्कृतिक परिषद्, काठमाण्डू, ई० १९५६.
१०७.	धिताल, विनोदप्रसाद	राधा-मिलन, (खण्डकाव्य), काठमाण्डू, ई० १९५६.
१०८.	तिवारी, भीमनिधि	यशस्वी शव, काठमाण्डू, ई० १९५६.
१०९.	Rajbhandary, Adya charan	The Coronation Book of their Majesties King Mahendra Bir Bikram Shaha Deva and Queen Ratnarajya Laksmi Devi Shah of Nepal Profusely illustrated. No date C. A. D. 1956 (?)
११०.	पाठक, मंत्रदेव	श्री ५ महेन्द्रको भारत भ्रमण, नेपाली र अंग्रेजी; काठमाण्डू, ई० १९५६.
१११.	नेपाल दार्शनिक संघ	दर्शन-प्रवेशिका (पूर्वीय पाश्चात्य दर्शनको दिग्दर्शनको); काठमाण्डू, ई० १९५६.
११२.	तिवारी, भीमनिधि	सिद्धार्थ गौतम, काठमाण्डू ई० १९५६.
११३.	ज्ञवाली, सूर्यविक्रम	अमरसिंह थापा, दार्जीलिङ ई० १९५७.

११४.	दीक्षित, कमल	यस्तो पनि, मदन पुरस्कार पुस्तकालय, पाटन, ई० १९५७.
११५.	भट्टराई, बदरीनाथ	(संपा०)—नेपाली पद्यसंग्रह, दोस्रो भाग, नेपाली भाषा प्रकाशिनी समिति, ई० १९५७.
११६.	बज्राचार्य, धनवज्र	(संपा०)–ऐतिहासिक पत्रसंग्रह, २ भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाण्डू, ई० १९५७–६३.
११७.	Regmi, D. R.	A Century of Family Autocracy of Nepal, Kathmandu, A. D. 1958.
११८.	भट्टराई, बदरीनाथ	नेपाली ऐतिहासिक कहानी, नेपाली भाषा प्रकाशिनी समिति, ई० १९५८.
११९.	पौड्याल, लेखनाथ	तरुण-तपसी (नव्यकाव्य) काठमाण्डू, ई० १९५८.
१२०.	सिंह, कृष्णचन्द्र	कवि व्यथित र काव्यसाधना, काठमाण्डू, ई० १९५८.
१२१.	देवकोटा, लक्ष्मीप्रसाद	म्हेन्दु (काव्य), नेपाली भाषा प्रकाशिनी समिति ई० १९५८.
१२२.	'व्यथित', केदारमान	संचयिता (कविता), काठमाण्डू, ई० १९५८.
१२३	मल्ल, मोहनबहादुर	समयको हुरी, (उपन्यास); काठमाण्डू ई० १९५८.
१२४.	काजी, पुष्पराज	श्रीभगवच्चन्द्रिका, (पुराण, उपनिषद् र तन्त्रशास्त्रको सारसंग्रह) । काठमाण्डू, ई० १९५८.
१२५.	देवकोटा, लक्ष्मीप्रसाद	छहरा (कविता संग्रह), द्वितीय खण्ड काठमाण्डू, ई० १९५९.
१२६.	सिग्देल, सोमनाथ	साहित्य-प्रदीप, नेपाल एकेडेमी, ई० १९५९.

१२७. " सनातनधर्म सन्देश, श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट गराईबक्सेको कोटिहोम महायज्ञको विवरण', काठमाण्डू, ई० १९५९.

१२८. थापा, धर्मराज मेरो नेपाल-भ्रमण, पोखरा, ई० १९५९.

१२९. घिमिरे, कृष्णप्रसाद रुक्मिणी-विवाह (खण्डकाव्य) काठमाण्डू, ई० १९५९.

१३०. कर्मवीर महामण्डल, प्रचार विभाग श्री ५ पृथ्वीनारायणशाहको दिव्य उपदेश काठमाण्डू, ई० १९५९.

१३१. श्रेष्ठ, भगवतीप्रसाद नेपालभाषा सामान्यज्ञान, काठमाण्डू ई० १९५९.

१३२. Tuladhar, Tirtharaj (44 poems) (Trans.) A choice of songs by M. B B. Shah. Translated from Nepalese by, The Mercantile Corporation, Kathmandu, A.D. 1960.

१३३. भिक्षु, भवानी छायाँ, नेपाल एकडेमी० ई० १०६०.

१३४. पाण्डे, नित्यराज महाकवि देवकोटा, मदन पुरस्कार गुठी, पाटन, ई० १९६०.

१३५. घिमिरे शर्मा, कृष्णप्रसाद राष्ट्रिय-चरित्र, ऐतिहासिक महाकाव्य, काठमाण्डू ई० १९६०.

१३६. दीक्षित, कमल कालो अक्षर, जगदम्बा प्रकाशन, पाटन, ई० १९६०.

१३७. शर्मा भरतराज महेन्द्रदोयम्, ऐतिहासिक महाकाव्यम्, मंथली, ई० १९६०.

१३८. अधिकारी, डी० पी० यथार्थवादी समालोचना, धरान, ई० १९६०.

१३९. श्रेष्ठ, सिद्धिचरण उर्वशी, (काव्य); नेपाल एकेडमी, ई० १९६०.

१४०, राजवंशी, शंकरमान (संपा.) — पुरातत्त्वपत्रसंग्रह, २ भाग, पुरातत्त्व विभाग, ई० १९६०–६३.

१४१. मुकुन्दशरण	श्री ५ महेन्द्रालंकार, काठमाण्डू, ई० १९६१.
१४२. तुलाधर, ज्ञानरत्न	श्री ५ महेन्द्र चीनमा, काशी ई० १९६१.
१४३. पौडेल, भोलानाथ; वज्राचार्य धनवज्र	गल्लीमा फ्यांकिएका कसिंगर, जगदम्बा प्रकाशन, पाटन ई० १९६१.
१४४. भट्ट, आनन्ददेव	साहिली मैयाँ (खण्ड काव्य), काठमाण्डू, ई० १९३१.
१४५. ,,	समालोचनाको बाटोतिर, काठमाण्डू ई. १९६२
१४६. भट्टराय चूडानाथ	कवि, कविता र कविताको सिद्धान्त, (अनुशीलन); काठमाण्डू, ई० १९६२.
१४७. जोशी सत्यमोहन	नेपाली राष्ट्रिय मुद्रा, जगदम्बा प्रकाशन, पाटन ई० १९६२.
१४८. नेपाली चित्तरञ्जन	श्री ५ रणबहादुर शाह (व्यक्तित्व र शासन-काल); काठमाण्डू ई० १९६३.
१४९. कन्दङ्वा, काजीमान	नेपाली जन साहित्य, रायल नेपाल एकेडेमी, ई० १९६३.
१४०. शर्मा, जनकलाल	जोसमनी सन्त-परम्परा र साहित्य, रायल नेपाल एकेडेमी, ई० १९६३.
१५१ Regmi, Mahesh C.	Land Tenure and Taxation in Nepal, vol 1. The State as Land Lord. Raikar Tenure, University of California, Berkeley, A. D 1963.
१५२. 'प्यासी', नीरविक्रम	प्यासीका केही कविता, अंग्रेजी अनुवाद सहित, काठमाण्डू ई० १९६३.
१५३. तिवारी, भीमनिधि	कविता-कुञ्ज, काठमाण्डू ई० १९६३.
१५४. आचार्य रामनाथ	सत्संग-सुधा, काठमाण्डू ई० १९६३.
१५५. राणा-जङ्गवहादुर ले० ज० धनशम्शेर	प्रबुद्धसनातनरहस्यम्, काठमाण्डू, ई० १९६३.
१५६. जोशी, सत्यमोहन	(संपा.)—श्री ५महेन्द्र अभिनन्दन ग्रन्थ, नेपाली साहित्य संस्थान, काठमाण्डू ई० १९६४.

१५७. पन्थी, टीकाराम रुरुवृत्तम, गुल्मी, ई० १९६४.

१५८. चेम्जोङ, ईमानसिंह किरात इतिहास, गांग्तोक, ई० १९६४.

१५९. योगी नरहरिनाथ (संपा०)—गोर्खा वंशावलि, आर्यवीर संघ, काशी, ई० १९६४.

१६०. देवकोटा, लक्ष्मीप्रसाद कृषि-बाला, (गीति नाट्य); नेपाल सांस्कृतिक संघ, ई० १९६४.

१६१. आचार्य शर्मा, हरिप्रसाद गोरक्ष-साहवंशः, (ऐतिहासिक महाकाव्यम्) गोरक्ष-ग्रन्थमाला काशी, ई० १९६५.

१६२. Shrestha, Mangal K. A Handbook of Public Administration in Nepal. The Dept. of Publicity, Ministry of Panchayat Affiairs H. M. G. (Nepal, March 1965.

१६३. आचार्य, बाबुराम नेपालको संक्षिप्त वृत्तान्त, (खण्ड–१), काठमाण्डू, ई० १९६५.

१६४. सुवेदी शर्मा, बद्रीनाथ रुद्राध्यायसारः, लम्जुङ, ई० १९६५.

१६५. श्री ५ को सर्कार० श्री ५ सुरेन्द्रविक्रमशाहदेवका शासनकालमा बनेको मुलुकी ऐन, कानून तथा न्याय मन्त्रालय, ई० १९६५.

१६६. पण्डित शर्मा, जुननाथ भानुका लघु कृतिहरू, भानु पुस्तकालय सहायक समिति, काठमाण्डू, ई० १९६६.

१६७. बन्धु, चूडामणि (संपा.) साझा कविता, साझा प्रकाशन, ई० १९६६.

१६८. योगी, नरहरिनाथ (संपा०)—इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग–१. काठमाण्डू ई० १९६६.

१६९. के. सी., यदुनन्दन श्री ५ बडामहाराजपृथ्वीनारायण शाहको जीवनी, श्री ५ को सरकार प्रचार प्रसार मन्त्रालय प्रचार विभाग, ई० १९६६.

१७०. थापा, शमशेरबहादुर रणवीरसिंह थापा, जगदम्बा प्रकाशन, पाटन ई० १९६६.

१७१. देवकोटा, कुलमणि तस्या एव कृते, श्री म. वी. वि. शाहको 'उसैको लागि' को संस्कृत अनुवाद, काठमाण्डू, ई० १९६६.

१७२. तिवारी, भीमनिधि चौतारा लक्ष्मीनारायण, (मौलिक ऐतिहासिक नाटक, काठमाण्डू ई० १९६६.

१७३. घिमिरे, माधव राष्ट्र-निर्माता, काठमाण्डू ई० १९६६.

१७४. सम, बालकृष्ण मेरो कविताको आराधना, पहिलो खण्ड, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, ई० १९६६.

१७५. राजवंशी, शंकरमान (संपा)—शाहकालीन ऐतिहासिक चिठी-पत्र संग्रह, २ भाग; पुरातत्त्व विभाग, ई० १९६६.

१७६. भिक्षु भवानी आवर्त (कथा संग्रह), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, ई० १९६७.

१७७. देवकोटा, ग्रीष्मबहादुर नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, काठमाण्डू, ई० १९६७.

१७८. देवकोटा, लक्ष्मीप्रसाद मायाविनी सर्सी (खण्डकाव्य), संपा. मोहनराज शर्मा, काशी ई० १९६७.

१७९. भट्टराई, हेमन्तराम, आदर्श-महेन्द्र-चम्पूः, काठमाण्डू ई० १९६७.

१८०. थापा, धर्मराज मंगली कुसुम, (लोक काव्य), पोखरा, ई० १९६८.

१८१. तिवारी, भीमनिधि सिंहदरबार, (६३ कविताको संग्रह); काठमाण्डू ई० १९६८.

१८२. प्रधान, कृष्णचन्द्रसिंह (संपा०)–साझा समालोचना, साझा प्रकाशन ई० १९६८:

१८३. Stiller, L.F., S.J. Prithivi Narayan Shah In the Light of Dibya Upadesh; Kathmandu, 1968.

१८४. Gurung, Harka Annapurna to Dhaulagiri; (A Decade of Mountaineering in Nepal Himalaya (1950–60), Deptt. of Information and Broadcasting, H. M. G. of Nepal, 1968.

१८५. तिवारी, भीमनिधि	तितौरा र मस्यौरा, (हास्यनिधि); काठमाण्डू, १९६९.
१८६. प्रधान, पारसमणि	टिपन-टापन, खण्ड–१ (सन् १९१७ देखिका रचनाको संकलन), कालिम्पोङ, ई० १९६९.
१८७. दीक्षित, कमल	कागतीको सिरप, जगदम्बा प्रकाशन ई० १९६९.
१८८. कोइराला, विश्वेश्वरप्रसाद	सुम्निमा, किरात देशको एउटा कथा; काठमाण्डू ई० १९७०.
१८९. वैद्य, तुलसीराम	पृथ्वीनारायण शाह-रणजित्मल्लकालिक कागतपत्र, त्रिभुवन विश्वविद्यालय, ई० १९७०.
१९०. पन्त, नयराज र अरू	(संपा०)— श्री ५ पृथ्वीनारायण शाहको उपदेश, ४ भाग; जगदम्बा प्रकाशन, बेमिति ।
१९१. तिवारी, भीमनिधि	महाराज भूपतीन्द्र, काठमाण्डू ई० १९७१.
१९२. पौडेल, भोलानाथ	पृथ्वीपत्र-संग्रह, ठूलाघर ललितपुर ई० १९७१.
१९३. खनाल, मोहनप्रसाद	अभिलेख-संकलन, साझा प्रकाशन, ई० १९७१.
१९४. घिमिरे, शर्मा कृष्णप्रसाद	श्रीकृष्णचरितामृतम्, हिन्दी भाषानुवादसहितम् महाकाव्यम्, काठमाण्डू ई० १९७१.
१९५. प्रधान, कुमार	वार्ताहरू, वार्ताहरूको संग्रह, नेपाली साहित्य परिषद्, दार्जीलिङ, ई० १९७१.
१९६. मैनाली, गुरुप्रसाद	नासो, एघार कथाहरूको संग्रह, सातौं संस्करण काठमाण्डू, ई० १९७१.
१९७. वैद्य, तुलसीराम– धनवज्र बज्राचार्य	गोरखाको ऐतिहासिक सामग्री, त्रिभुवन विश्वविद्यालय, ई० १९७१.
१९८. मरासिनि शर्मा, दधिराम	नेपालीय भाषा श्लोक संग्रह, गुल्मी ई० १९७२.
१९९. लामा पाख्रीन,	तम्बा कइतेन् ह्वाई रिमठिम (तामांगको पुर्ख्यौंली रीतिथिति र गीत), द्वितीय संस्करण, काठमाण्डू ई० १९७२.

२००. बज्राचार्य धनबज्र लिच्छविकालीन अभिलेख, त्रिभुवन विश्वविद्यालय, ई० १९७३.

२०१. अर्याल, भैरव (संपा०) साझा निवन्ध, साझा प्रकाशन, द्वितीय संस्करण, काठमाण्डू, ई० १९७३.

२०२. थापा, धर्मराज गण्डकीका सुसेली, राजकीय प्रज्ञा-प्रतिष्ठान, १९७३.

२०३. Deptt, of Inform H. M. G. Narayanhity Royal Palace, Home of the King of Nepal, 2nd ed. Feb. 1975.

[illegible] [illegible] [illegible] [illegible]
[illegible] [illegible]

[illegible] [illegible] [illegible] [illegible]
[illegible] [illegible]

[illegible] [illegible] [illegible]
[illegible]

[illegible] Hugh of Lincoln [illegible] [illegible] [illegible]
[illegible] [illegible] Feb.
1904.

चित्रहरू



चित्र संख्या १—रामशाहको पालामा बनेको (?) गोर्खा दर्बारको काष्ठकला



चित्र संख्या २—गोर्खा दर्बारको काष्ठकला



चित्र संख्या ३—पृथ्वीनारायण शाहद्वारा निर्मित नुवाकोटको साततले दर्बार



चित्र संख्या ४—वसन्तपुर 'कैलास बुर्जा' नासलचोकबाट हेर्दा ।



चित्र संख्या ५—वसन्तपुर दर्बारका दुई बुर्जा । देब्रेतिर कैलास बुर्जाको दच्छिणी पाखो र दाहिनेतिर 'विलास मन्दिर बुर्जा' देखिन्छ ।



चित्र संख्या ६—वसन्तपुर दर्बारका चार बुर्जामध्ये दुई; देब्रेतिर 'बंगला' र दाहिनेतिर राजपूत शैलीको 'लक्ष्मीविलास बुर्जा' ।



चित्र संख्या ७—वसन्तपुर दर्बारको काष्ठकला ।



चित्र संख्या ८—ई० १८२५ मा महारानी ललित त्रिपुरसुन्दीदेवीको आज्ञाअनुसार प्रधानमन्त्री भीमसेन थापाले बनाएको यो धरहरा ई० १८५६ मा बज्र परी भत्की ई० १८६९ मा जीर्णोद्धार गरिएको थियो । ई० १९३३ को महाभूकम्पमा भत्केकोमा यसको जीर्णोद्धार श्री ३ महाराज जुद्धशम्शेर राणाद्वारा ई० १९३५ मा गरियो । यो २५० फीट जति अग्लो छ भनिन्छ ।



चित्र संख्या ९—सिंहदर्बारको प्रसिद्ध ग्यालरी बैठक ।



चित्र संख्या १०—सिंहदर्बारको सामुन्नेको दृश्य-चित्र ।



चित्र संख्या ११—श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट ई० १९७० मा वनाइएको नारायणहिटीको नयाँ राजदर्बार ।



चित्र संख्या १२—शाहकालका चार युगका प्रतीक चार कलाकृति गुह्येश्वरी मन्दिर

१. सबभन्दा सामुन्नेपट्टि बूढ़ा अमरसिंह थापाले ई० १७९० तिर सिद्धेश्वरलाई वनाइदिएको धातुका पाताको मन्दिर ।
२. महारानी ललितत्रिपुरसुन्दरदेवीले ई० १८२३ मा चढ़ाएको सिंह ।
३. राजकुमार उपेन्द्रविक्रम शाहको बसेको सालिक ।
४. ई० १९५९ मा थापिएको श्री ५ महेन्द्र तथा श्री ५ रत्नराज्यलक्ष्मीदेवीको सालिक ।



चित्र संख्या १३—महाराजकुमार वहादुर शाहले ई० १७८५-९४ को बीचमा काठमाडौं गद्दीबैठक अगाडिपट्टि बनाएको अर्द्धनारीश्वर मन्दिर ।

चित्र संख्या १३ (क)—डिटठा लक्ष्मीनारायणले तीनधारामा ई० १७९३ मा बनाएको वाणेश्वर मन्दिर ।


सत्तर
ढोका
अग्नि
भृंगी
त्रिशूल
कछुवा
सत्तर
ढोका
भैरव
?
शिव
विष्णु
चण्डेश्वर
ब्रह्मा
इन्द्र
गणेश
सूर्य
घन्टा
वरुण ?
भैरव
सालिक
सत्तल
ढोका
देवी
शेषनाग
यम ?
सांढे(सुनौला)
सांढे
कुबेर ?
गणेश
सत्तर
ढोका
पू
प
उ
द

चित्र संख्या १४—त्रिपुरेश्वर मन्दिरको योजना; जसबाट यो मन्दिर 'सांगोपांग' ब
बुझिन्छ ।

चित्र संख्या १५—त्रिपुरेश्वर मन्दिरको स्वरूप ।



चित्र संख्या १६—ई० १८१७ मा महारानी ललितत्रिपुरसुन्दरी देवीले प्रधानमन्त्री भीमसेन थापाको परिबन्दमा बनाएको त्रिपुरेश्वरको कलात्मक स्वरूप ।



चित्र संख्या १७—रणमुक्तेश्वर मन्दिर पोखल्ड्याङ्, काठमाडौं ।
प्रधानमन्त्री माथवरसिह थापाले ई० १८४३ मा बनाएको ।



चित्र संख्या २२—श्री ३ महाराज जंगबहादुरले ई० १८७४ मा कालमोचनमा थापेको सत्यनारायण मन्दिर ।



चित्र संख्या २३—जर्नेल धीरशम्शेर राणाले ई० १८७४ मा नारायणहिटिमा बनाएको धीरनारायण मन्दिर ।



चित्र संख्या २४—श्री ३ महाराज जुद्धशम्शेर जंगबहादुर राणाले ई० १९३८ मा दार्जिलिङ्मा बनाएको धीरधाम मन्दिर ।



चित्र संख्या २५—गोकर्ण मन्दिरको उत्तर तर्फ रहेका 'राजपूत' शैलीमा बनेका साना मन्दि
हरूको समूह (जीर्णअवस्थामा)।



चित्र संख्या २६—हाँडीगाउँको नाट्येश्वरको
साधारण मन्दिर ।

चित्र संख्या २७—घण्टाकृति शिखर भएका
मन्दिरको स्वरूपाकृति ।





चित्र संख्या २८—पशुपति आर्यघाटमा रहेका घण्टाकृति शिखर भएका साना मन्दिर ।



चित्र संख्या २९—पशुपति आर्यघाटपारि बनेका घण्टाकृति शैलीका विविध रूपका मन्दिर ।



चित्र संख्या ३०—स्वयम्भु चैत्यको आँगनमा रहेका विभिन्न शैली र स्वरूपका चैत्यहरू, जुन अधिकांश शाहकालीन हुन् ।



चित्र संख्या ३१—काठमाडौं मच्छेन्द्रवहालको आँगनमा मन्दिरसामु बनेका विभिन्न शैली र स्वरूपका चैत्यहरू, जुन अधिकांश शाहकालीन हुन् ।



चित्र संख्या ३२—भक्तपुर सिद्धपोखरीनेर ईंट र प्लाष्टरले बनेको विचित्रको चैत्य ।



चित्र संख्या ३३—भक्तपुर सिद्धपोखरीनेर ईंट र प्लाष्टरले बनेको विचित्रको चैत्य ।



चित्र संख्या ३४—चाबेल स्तूपको आँगनमा पूर्वोत्तरतर्फ रहेको प्लाष्टर गरिएको चैत्य । जसको यो स्वरूप हाले बनेको हुन सक्दछ ।

चित्र संख्या ३५—कान्तिपुर शहरी इलाकामा रहेको शिवलिंगाकार चैत्य ।



चित्र संख्या ३६—कान्तिपुर शहरी इलाकाको शिवलिंगाकार आर्को चैत्यको कलात्मक रूप ।



चित्र संख्या ३७—चित्र संख्या ३५ मा प्रस्तुत चैत्यको टाढा-बाट देखिने दृश्य ।



चित्र संख्या ३८—शिवलिंगाकार चैत्यको रेखात्मक रूपरेखा ।



चित्र संख्या ३९—स्वयम्भूमा रहेको शिवलिंगाकार चैत्यको एक उदाहरण ।

चित्र संख्या ४०—शिवलिंगाकार चैत्यको आर्को उदाहरण ।



चित्र संख्या ४१—ठमेल स्थित छत्रावली प्रकारको चैत्य ।



चित्र संख्या ४२—कमलपत्राकार चैत्यको रेखांकन स्वरूप ।



चित्र संख्या ४३—कान्तिपुर शहरी इलाकामा बनेको कमलासन प्रकारको एक चैत्य ।



चित्र संख्या ४४—कपिलवस्तुमा हालसालै बनेको सिमन्टीको चैत्य ।



चित्र संख्या ४५—नयाँ सड़क ढोकाको दक्षिण तर्फ रहेको चैत्यशीर्ष मन्दिर ।



चित्र संख्या ४६—ई० १८१७ मा बनेको त्रिपुरेश्वर मन्दिर पूर्वतर्फ थापिएको इन्द्रको मूर्ति ।

चित्र संख्या ४८—ई० १८४३ मा माथबरसिंह थापाले बनाएको रणमुक्तेश्वरमा उत्तरतर्फ थापिएको एक शिवगण—भृङ्गी ।



चित्र संख्या ४७—ई० १८१७ मा थापिएको त्रिपुरेश्वर मन्दिर पेटीमै बनेको सानो द० पू० को मन्दिर थापिएको सूर्य ।

चित्र संख्या ४९—पाटन शंखमूलमा ई० १८५५ मा जगत्‌शमशेर राणाले बनाएको जगत्‌-नारायण मन्दिरमा थापिएको गरुडको प्रभावशाली मूर्ति ।



चित्र संख्या ५०—गोकर्णेश्वरमा वलभञ्जन पाँडेले ई० १८५५ मा थापेको सरस्वतीको मूर्ति ।



चित्र संख्या· ५२—गोकर्णमा वलभञ्जन पाँडेले ई० १८५५ मा थापेको महांकाल मूर्ति ।



चित्र संख्या ५१—गोकर्णेश्वरमा वलभञ्जन पाँड़ेले ई० १८५५ मा थापेको चन्द्रमाको मूर्ति ।

चित्र संख्या ४९—पाटन शंखमूलमा ई० १८५५ मा जगत्शमशेर राणाले बनाएको जगत्नारायण मन्दिरमा थापिएको गरुडको प्रभावशाली मूर्ति ।



चित्र संख्या ५०—गोकर्णेश्वरमा वलभञ्जन पाँडेले ई० १८५५ मा थापेको सरस्वतीको मूर्ति ।



चित्र संख्या• ५२—गोकर्णमा वलभजन पाँडेले ई० १८५५ मा थापेको महांकाल मूर्ति ।



चित्र संख्या ५१—गोकर्णेश्वरमा वलभन्जन पाँड़ेले ई० १८५५ मा थापेको चन्द्रमाको मूर्ति ।



चित्र संख्या ५३—जर्नैल धीरशमशेर राणाले नारायणहिटी धीरनारायणमा ई० १८७४ मा थापेको गरुड--मूर्ति ।



चित्र सख्या ५४—चित्र संख्या ५३ कै खम्बासमेत ।



चित्र संख्या ५५—ई० १८९४–१९०५ मा स्वयम्भूको पूर्वी उकालोमा थापिएका बुद्धका तीन विशाल मूर्ति ।



चित्र संख्या ५६—ई० १९१३ मा बनेको 'यमराजसेवक' को पाटन मीननाथ मन्दिरको बाहिरी ढोकामा थापिएको उत्तरतर्फको मूर्ति ।



चित्र संख्या ५७—ई० १९४५ तिर बनेको लोकेश्वरको अपूर्वमूर्ति । पाटन शंखमूल ।



चित्र संख्या ५८—मल्लकालीन रचना भन्ने अन्दाजी गरिएको शान्तिपुर सिम्भूको बुद्धको यो मूर्तिको जीर्णोद्धार ई० १९३३ मा गरिएको कुरा यही मूर्तिको पादपीठमा टाँसी राखिएको सानो ताम्रपत्रबाट बुझिन्छ ।



चित्र संख्या ५९—महाराजाधिराज रणबहादुर शाहद्वारा ई० १७९५ मा थापिएको हनूमान ढोकानेरको श्वेतभैरवको धातुको मुख मूर्ति ।



चित्र संख्या ६०—ई० १८५५ मा वनेका यी आलंकारिक दैव मूर्ति मच्छेन्द्रवहाल्को दक्षिणी वन्द ढोकामा थापिएका छन् ।



चित्र-संख्या ६१—ई० १८५५ मा पाटन शंखमूलमा थापिएको जगत्नारायणको मन्दिरसामू अग्लो खम्बामाथि थापिएको गरुडको मूर्ति ।



चित्र संख्या ६२—ई० १८६७ मा पशुपति मृगस्थलीमा श्री ३ जंगबहादुर राणाले थापेको विश्वरूप मन्दिरको आँगनमा थापिएको आर्को सानो मन्दिरमा थापिएको विष्णुको ढलोटको मूर्ति ।



चित्र संख्या ६३—ई० १८६७ मा पशुपति मृगस्थली विश्वरूपमा जंगबहादुर राणाले थापेको शिवमूर्ति ।



चित्र संख्या ६४—ई० १८६७ मा पशुपति मृगस्थली विश्वरूपमा जंगबहादुर राणाले थापेको राधिका आदिले सहित कृष्णजीको मूर्ति ।



चित्र संख्या ६५–कान्तिपुरको मच्छेन्द्रवहाल मन्दिरमा पूर्वोत्तार कुनामा ई० १९४१ मा कौसल धोविनीले थापेकी ताराको ढलोटे मूर्ति।

चित्र संख्या ६६—कान्तिपुर मच्छेन्द्रबहाल मन्दिरको ई० १७८५ मा बनेका धातुका चित्र-विचित्र तोरण।



चित्र संख्या ६७--स्वयम्भू स्तूपको उत्तरतर्फ आँगनमा थापिएको पित्तलको 'धर्मधातु'को आकर्षक चित्रांकन । रचनाकाल ई० १८६६ ।



चित्र संख्या ६८—ई० १९०२ र १९०४ मा धातुका पाताले पाटा-पाटा पारी मोरिएको स्वयम्भूको रमणीय हारीतीको मन्दिर ।



चित्र संख्या ६९—महाराजाधिराज रणवहादुर शाहकी रानी लक्ष्मीदेवीले ई० १८१२ मा वनाउन लगाएको पचलीको लक्ष्मीश्वर मन्दिरको काष्ठकला ।

चित्र संख्या ७०–ई० १८९८ मा हनूमान-ढोका लायकुविहारमा चढ़ाइएको तोरण ।



चित्र संख्या ७१—गोकर्णेश्वरको उत्तरतर्फ पाटीभित्र रहेको गभुँ वोगटीको ई० १७८५ तिर वनेको सालिक । सालिकको शिरमाथि उनको नाम पनि लेखिएको देखिन्छ ।



चित्र संख्या ७२—तीनधारा स्थित नागेश्वरको मन्दिरसामु रहेका डिट्ठा लक्ष्मीनारायण र उनकी पत्नी जोगलक्ष्मीका क्रमशः ई० १८२७ र ई० १८३४ मा तिनका छोरा डिट्ठा कालीदासले थापेका सालिक ।



चित्र संख्या ७३—महाराजाधिराज राजेन्द्र-वीरविक्रम शाहदेवद्वारा ई० १८३७ मा त्रिपुरेश्वर मन्दिरमा थापेको महारानी ललितत्रिपुरसुन्दरीको ढलौटे सालिक ।



चित्र संख्या ७४—त्रिपुरेश्वरमा थापिएको महाराजाधिराज श्री ५ त्रिभुवनको संगमर्मरको भव्य सालिक (ई० १९३६ तिर)।

चित्र संख्या ७५—पूर्व बनेपामा ई० १९६५ मा थापिएको महाराजाधिराज श्री ५ त्रिभुवनको प्लाष्टरले बनेको प्रभावशाली सालिक ।



चित्र संख्या ७६—नक्साल भगवती मन्दिरको बाहिरी भित्तामा बनेको देवीको चित्र ।



चित्र संख्या ७७—ई० १८०४ को पचलीभैरवनेरको पाटीको शिलापट्टिकाभिलेख ।

चित्र संख्या ७८—ई० १७९३ मा डिट्ठा लक्ष्मीनारायणले तीनधारामा वनाएको बाणेश्वर मन्दिरमा उनका छोरा डिट्ठा कालीदासले ई० १८२७ मा राखेको अत्यन्त अलंकृत शिलालेखको माथिल्लो भाग ।



चित्र संख्या ७९—पाटन यंपिबही चैत्यको पेटीमुन्तिरको ई० १८३१ को शिलालेखको अलंकृत सिरान । यसमा 'श्री ५ राजराजेन्द्रमहीपतीन्द्रे' पनि लेखिएको छ ।



चित्र संख्या ८०—प्रधानमन्त्री माथवरसिंह थापाको धरहरानेर देवी मन्दिरको पाटीको ई० १८४४ को शिलालेखको सिरानमा चित्रित सिंह । माथि 'श्री भगवती १' लेखिएको छ ।



चित्र संख्या ८१—पाटन मीननाथ मन्दिरको शिल्पकार कृष्णवीर भारोले ई० १८७९ मा चढ़ाएको घण्टा झुण्डिएको दुङ्गाको चौकोसको नेवारी लिपिको अभिलेख ।



चित्र संख्या ८२—पशुपति राजराजेश्वरीको जीतजंग राणाको ई० १८८० को शिलालेख-कलाको परिचायक सिरानको एक अंश ।



चित्र संख्या ८३—श्री ५ बड़ामहाराजाधिराज पृथ्वीनारायण शाहदेव (ई० १७२३-१७७५)

चित्र संख्या ८४—श्री ५ बड़ामहाराजाधिराज पृथ्वीनारायण शाहको ई० १९६४ मा सिंहदर्बार-सामु थापिएको भव्य सालिक ।



चित्र संख्या ८५—श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेव (ई० १७९७–१८१६)



चित्र संख्या ८६—श्री ५ महाराजाधिराज राजेन्द्रवीरविक्रम शाहदेव (ई० १८१३-१८८१)



चित्र संख्या ८७—श्री ५ महाराजाधिराज सुरेन्द्रवीरविक्रम शाहदेव (जन्म ई० १८२९, स्वर्गवास १८८१ं) राज्यकाल ई० १८४७–१८८१



चित्र संख्या ८८—सरदार अमरसिह थापा (ई० १७५१-१८१६)



चित्र संख्या ८९—प्रधानमन्त्री भीमसेन थापा (ई० १७७५-१८३९)



चित्र संख्या ९०—प्रधानमन्त्री माथवरसिंह थापा (ई० १७९८-१८४५)



चित्र संख्या ९१—श्री ३ महाराज जङ्गबहादुर राणा (ई० ८१७१-१८७७)

चित्र संख्या ९२--जर्नेल धीरशमशेर राणा

चित्र संख्या १३—श्री ५ त्रिभुवनवीरविक्रम शाहदेव (ई० १९०५–१९५५)

चित्र संख्या ९४—श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव (ई० १९२०–१९७२)



चित्र संख्या ९५—श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

चित्र संख्या ९६—श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी ।



चित्र संख्या ९७—जनता

चित्र संख्या १८—जनता

चित्र संख्या ९९—जनता

हाम्रा प्रकाशनका कला, सङ्गीत र इतिहासका कृतिहरू

कला : एक अनुभूति एक चिन्तन	नारायणबहादुर सिंह
चलचित्रकला	लक्ष्मीनाथ शर्मा
नेपाली चित्रकार	नारायणबहादुर सिंह
नृत्यकला	मृगेन्द्रमान, सप्तमुनि सुवि र बेटी
मादल	सुवि शाह
सङ्गीत परिक्रमा	रामशरण दर्नाल
अभिलेख सङ्कलन	मोहनप्रसाद खनाल
आधुनिक भारतवर्षको इतिहास	ईश्वरराज अर्याल
इङ्गल्याण्डको नयाँ इतिहास	ईश्वरराज र तुलसीप्रसाद
उत्तर प्राचीनकालीन मुद्रा	हरिराम जोशी
त्यस बखतको नेपाल	सं. भीमबहादुर पाण्डे
नेपाली राष्ट्रिय मुद्रा	सत्यमोहन जोशी
नेपालको इतिहासका केही पाना	दिनेशराज पन्त
नेपालमा पुरातत्त्व	साफल्य अमात्य
पाँच सय वर्ष	बालकृष्ण पोखरेल
बुद्धदेखि पहलमानसम्म	दिनेशराज पन्त

साझाप्रकाशन

आवरण मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर फोन ५-२१०२३